CC-0. In Public Domain. Digitization by eGangotri

ओ३म्

मनुस्मृति



अनुवादक:

पं. चेतनाथ अधिकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१६ माघ २०६८
पिता सुमनलाल बाजपेयी
स्मृति-२ पुस्तक मेला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुस्मृति

अनुवादकः
पं. चेतनाथ अधिकारी

प्रकाशक
नारायण अधिकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुस्मृति

अनुवादक : पं. चेतनाथ अधिकारी

सम्पादक : पं. रोहिणीप्रसाद ढकाल

प्रथम संस्करण : मिति उल्लेख नभएको

पाण्डुलिपी पुनर्लेखन : २०५१

पुनः प्रकाशन : २०७८

प्रकाशक : नारायण अधिकारी

सम्पर्क : ९८४७०१६४४८

प्रकाशन प्रति : १५०००

मूल्य : १,०००।-

आवरण : रञ्जित त्रिपाठी

नेपालमा मुद्रीत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

परापूर्व कालमा हाम्रा पुर्खाले लेखेर राखेका हस्तलिखित मनुस्मृतिलाई
मेरा पुजनीय पिताश्री स्वर्गीय पं. चेतनाथ अधिकारीद्वारा
वि.सं. २०५१ सालमा पुनर्लेखन भएको उक्त लेखनीलाई
पितृप्रसादको रुपमा जस्ताको तस्तै समाज र
संस्कृतिलाई व्यवस्थित र मर्यादित बनाउने
महामनाहरुप्रति समर्पण गर्दछु ।

– नारायण अधिकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

अध्याय	-	१	सृष्टि उत्पत्ति र धर्म उत्पत्ति	१
अध्याय	-	२	संस्कार एवम् ब्रह्मचार्य आश्रम	३०
अध्याय	-	३	समवर्तन, विवाह, पञ्चयज्ञ विधि विधान	७७
अध्याय	-	४	गृहस्थी कर्म, व्रत, यज्ञको विविध विधान	१३८
अध्याय	-	५	मनुष्यको लागि भक्ष, अभक्ष, देहशुद्धी, द्रव्यशुद्धी र स्त्रीधर्म	१९९
अध्याय	-	६	आश्रमधर्म	२३७
अध्याय	-	७	राजधर्म	२५८
अध्याय	-	८	राजधर्म अन्तर्गत राज नियम	३१९
अध्याय	-	९	राजा, राजधर्म र राजाको व्यवहार	४३८
अध्याय	-	१०	चारवर्णको आफ्नो धर्म अन्तर्गत वैश्यवर्ण र शुद्र वर्णको आफ्नो धर्मको उपसंहार	५०१
अध्याय	-	११	कर्म, कर्मफल र कर्मफलको प्रायश्चित विधान	५४०
अध्याय	-	१२	कर्मफलको विधान एवम् निःश्रेयस कर्म	६१०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

।। अथ प्रथमोऽध्यायः ।।

मनुस्मृति अध्याय १

सृष्टि उत्पत्ति र धर्म उत्पत्ति

मनुं एकाग्रं आसीनं अभिगम्य महर्षयः ।
प्रतिपूज्य यथान्यायं इदं वचनं अब्रुवन् ॥ १/१ ॥

अर्थात्:- एकाग्रचित्त भएर ध्यानमा बस्नु भएका मनु महाराजको नजिक गएर ऋषिमुनिहरूले विधि र संस्कार पूर्वक प्रणाम गरेर यो वचन बोल्नुभयो ।

भगवन्सर्ववर्णानां यथावदनुपूर्वशः ।
अन्तरप्रभवानां च धर्मान्नो वक्तु अर्हसि ॥ १/२ ॥

अर्थात्:- हे महाराज ! हामीलाई सृष्टि विधान, कर्म विधान, जन्मविधान र वर्ण विधानको बारेमा ज्ञान प्रदान गर्नुहोस् ।

त्वं एको ह्यस्य सर्वस्य विधानस्य स्वयंभुवः ।
अचिन्त्यस्याप्रमेयस्य कार्यतत्वार्थवित्प्रभो ॥ १/३ ॥

अर्थात्:- हे राजन् ! एक हजुर नै हो जसले यस (स्वयंभू) सनातन वेदको, जो चिन्त्यता र असत्यतादेखि रहीत रहेको छ र जसमा अनन्त अथवा सबै सत्यविद्याको ज्ञान र ब्रह्मविधानको ज्ञान पनि रहेको छ जुन ज्ञानमा कर्मयोगको बारेमा पूर्ण जानकारी रहेको छ त्यस ज्ञानको पूर्ण जानकार पनि हजुर नै हुनुहुन्छ ।

स तैः पृष्टस्तथा सम्यगमितौजा महात्मभिः ।
प्रत्युवाचार्चयं तान्सर्वान्महर्षीन् शरूयतां इति ॥ १/४ ॥

अर्थात्:- ऋषिहरूले ज्ञानको लागि सृष्टि विधानको बारेमा सोधेको हुनाले परम तेजस्वी मनु महाराजले ती सबै ऋषिलाई आफ्नो कुटीमा सम्यक्तया सत्कार गर्दै भन्नुभयो ।

आसीदिदं तमोभूतं अप्रज्ञातं अलक्षणम् ।
अप्रतर्क्य अविज्ञेयं प्रसुप्तं इव सर्वतः ॥ १/५ ॥

अर्थात्:- यो जगत् अनादि हो र अनादि जगत् शाश्वत् जगत्को आफ्नो शक्तिविग्रहको एक अंश हो, जुन स्थिर सत्ता मात्र हो, त्यही स्थिर सत्ता अर्थात् अनादि जगत् सृष्टिको पहिलो प्रलयकालको अवस्थामा विद्यमान थियो तर अन्धकारले आच्छादित भएको थियो । त्यस समय अनादि सृष्टि न कसैले जानेको छ, न कसैद्वारा जान्न योग्य, न प्रसिद्ध चिह्नद्वारा, न शब्दद्वारा युक्त, न तर्कमा बयान गर्न योग्य र न इन्द्रियद्वारा जान्न योग्य नै थियो एवं यही सर्वत्र गाढा र निद्रित अवस्थामा विद्यमान थियो किनकि यो अनादि सत्ता हो । अनादि सत्ताको यो अवस्थापछि मात्र अहिलेको यो सृष्टि संरचनाको अवयव बनेको हुनाले त्यस अघिको आदिकालको अवस्थाको ज्ञान केवल अनादि अवस्था मात्र थियो भन्न सकिन्छ शब्दमा वर्णन गर्न सकिंदैन यो अवस्था शब्दातीत अर्थात् शब्दभन्दामाथिको अव्यक्त अवस्था रहेको थियो ।

ततः स्वयंभूर्भगवानव्यक्तो व्यञ्जयन्निदम् ।
महाभूतादि वृत्तौजाः प्रादुरासीत्तमोनुदः ॥ १/६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- त्यही शब्दातीत अवस्थामा स्वयम्भू अर्थात् सबै स्वयं धारण, पोषण र संरक्षण गर्ने ईश्वरले ब्रह्मविधान अर्थात् प्रकृति संरचनाको सम्पूर्ण विधान र सृष्टि संरचनाको सम्पूर्ण अवयवको नियम जुन नियम सधैँ साश्वतमा नै निहित रहने विधान छ त्यही विधान नै ब्रह्मविधान हो त्यही ब्रह्मविधानद्वारा आफ्नो दुई अनादि शक्तिलाई शक्तिविग्रह गरी सृस्टि संरचना, सृष्टि विन्यास, सृष्टि संरचना, सृष्टिलय सृस्टि विधान हुने र अनादि सत्तामा विद्यमान हुने तर अलग अलग अवस्थामा आफ्नो मर्यादा मा सधैँ विद्यमान हुने तर क्रियाको धुरीमा सधैँ क्रियाशील हुने पञ्चमहाभूतलाई एक धुरी र मर्यादामा सङ्ग्रहीभूत गर्दै सृष्टिलाई आदिकालमा प्रकट गर्न र कल्पको अन्त्यमा विन्यास तथा लय हुने विधानको नियमलाई निर्माण गर्दै सृष्टिको सम्पूर्ण शक्ति आफूमा नै विद्यमान र निहित हुने तर केही मात्र आफ्नो कर्म र त्यही कर्ममार्गमा विद्यमान हुने र ती कर्मलाई पनि शक्तिसम्पन्न बनाएर त्रिगुणले सम्पन्न प्रकृतीलाई आफ्नो मर्यादा तथा धुरीमा विद्यमान राखेर आफ्नो चक्रमा विद्यमान भएर सञ्चालित गर्ने शक्तिको केन्द्र समयलाई निश्चित गरेर जगदीश्वरले सृष्टिको अर्थात् जगत्को निर्माण, जगत्को विन्यास र जगत्को लयको विधान पनि आफूमा नै निहित र केन्द्रित गर्दै आफ्नो शक्तिलाई विग्रह गर्दै र शक्तिलाई नै विस्तार गर्दै सृष्टि अवयवको केन्द्र जगत्को संरचनाको केन्द्रविन्दु स्थापित भयो त्यो पनि ब्रह्मविधानअनुसार नै भयो ।

(समयको कलमः- सृष्टिको ब्रह्मविधानको केन्द्रविन्दु लाई त्रिपिविस्टप नामले पुकार गरिएको थियो अहिले त्यही त्रिपिविस्टपको क्षेत्रलाई अहिले कैलाशकूटपर्वत र तिब्बतीय क्षेत्र पनि भनिन्छ पहिले यो भूमि आर्यभूमि, ऋषिभूमि, देवभूमि र शिल्पभूमि थियो कालान्तरमा यहाको बासिन्दा धर्मच्यूत हुनाले अन्य समुदायको आक्रमणबाट पीडित भए अहिले यहाँकोही पनि स्वतन्त्र भएर रहन नसक्ने अवस्था रहेको छ । भनिन्छ यहाँको जो देव पुत्र थिए यी सबैले आफ्नो धर्म त्याग गरेको हुनाले यो समस्या प्रकोपको रुपमा स्थापित भएर आएको हो ।)

योसावतीन्द्रियग्राह्यः सूक्ष्मोऽन्यक्तः सनातनः ।
सर्वभूतमयोऽचिन्त्यः स एव स्वयं उद्बभौ ॥ १/७ ॥

अर्थात्:- जो मुक्तजीव हुनेछ त्यो इन्द्रियबाट अलग, सूक्ष्म र सधैँ निश्चिन्त हुनेछ, त्यही अवस्थालाई परमपद भनिन्छ यही सबै सृष्टि संरचनाको विधान हो, त्यो नै अंशको अवस्थामा आफ्नो विग्रहद्वारा स्वयंको अंश साङकल्पिक शरीरमा प्रविष्ट हुने विधान निर्माण भयो जसरी पानीले सधैँ समुद्रलाई खोजी गर्दै तलतिर प्रवाहित हुने गर्छ त्यसरी नै जीवात्मा आफ्नो शरीर धारणको लागि कर्मको आवरणमा आफै प्रवाहित हुने विधानको निर्माण भयो ।

(समयको कलमः-सृष्टि ईश्वरको आफ्नो अनादिशक्तिद्वारा ब्रह्मविधानअनुसार आफ्नो शक्तिलाई शक्तिविग्रह गरेर आफ्नो अनादि शक्तिबाट ब्रह्मविधान भएको हुनाले सृष्टि पनि सधैँ ब्रह्मविधानअनुसार नै सञ्चालन हुन्छ तर यहाँ सङ्कल्पिक शरीरमा प्रविष्ट भयो भन्नाले यो वचन, ज्ञान र क्रमशः भन्ने वचन विरुद्ध छ किनकि यो श्लोकसम्म केवल ब्रह्मविधानको नियमअनुसार मात्र बन्न लागेको छ ब्रह्मविधान अझै लागु भएको छैन तर ब्रह्मविधानको नियम भने बनेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मविधान लागु नभएको हुनाले यो श्लोक केवल बन्ने अवस्थाको नियम बनेको विधानलाई बुझाउँछ । धारण गरेको शरीर भन्ने विधानमा यो नियम लागु हुँदैन)

सोऽभिध्याय शरीरात्स्वात्सिसृक्षुर्विविधाः प्रजाः ।
अप एव ससर्जादौ तासु वीर्य अवासृजत् ॥ १/८ ॥

अर्थात्:- शक्तिकेन्द्रले आफ्नो शक्तिलाई विग्रह गर्दै त्यही शक्तिद्वारा नै सृष्टि सञ्चालन हुने अवस्थाको सृजना गर्दै र आफ्नो शक्तिद्वारा नै अमैथुनिक प्रक्रियाबाट सञ्चालन हुने सृष्टिलाई मैथुनिक प्रक्रियामा सञ्चालन हुने विधानलाई पनि ब्रह्मविधान गर्दै अमैथुनिक विधिबाट मैथुनिक सृष्टि निर्माण हुने, त्यही विधि अनुसार अर्को एक अवस्थाको निर्माण भयो त्यो अवस्थालाई वीर्य अर्थात् बीज र रज अवस्था भनिन्छ, त्यही रजमा बीजलाई स्थापित गर्दै ब्रह्मविधानको प्रथम अवस्था रज र सृष्टिको बीजको मिलन हुने अवस्थाको विधान स्थपित भयो ।

तदण्डं अभवद्धैमं सहस्रांशुसमप्रभम् ।
तस्मिञ्जज्ञे स्वयं ब्रह्मा सर्वलोकपितामहः ॥ १/९ ॥

अर्थात्:- त्यहि सृष्टिको रज र वीर्य अर्थात् बीजको मिलनको अवस्था स्थापित हुँदै, रज र बीजको मिलनपछि त्यही बीज स्वर्ण जस्तै रङ्गीन र सूर्य जस्तै चम्किलो हुँदै अण्डाकारमा परिणत भयो, त्यही अण्डाकार भएको अण्डजमा आफ्नो सृष्टिको विधानको शक्तिलाई स्थपित गर्दै एक निर्माण शक्ति उत्पन्न भयो त्यही निर्माण शक्तिलाई ब्रह्म भनियो अर्थात् वेदज्ञान अनुसार सृष्टिलाई सञ्चालन गर्नको लागि ब्रह्मविधानअनुसार नै अमैथुनिक विधिबाट र अयोनीज प्रक्रियाबाट उत्पन्न भएको शक्तिले पछि बन्ने सृष्टिको सम्पूर्ण विधान मैथुनिक विधिबाट सृष्टि सञ्चालन हुने नियमको सञ्चालन गर्नको लागि एकशक्ति विद्यमान भयो त्यही शक्तिलाई नै ब्रह्म भनिन्छ ।

आपो नरा इति प्रोक्ता आपो वै नरसूनवः ।
ता यदस्यायनं पूर्व तेन नारायणः स्मृतः ॥ १/१० ॥

अर्थात्:- जीवलाई 'नारा' भनिन्छ किनकि जीवमा नर प्रति प्रेरित हुने भएको हुनाले जीव ईश्वरको सूनु अर्थात् पुत्र हो, यतः यो 'नारा' नामको जीव यस नरको प्रथम अयन अर्थात् विद्यमान स्थान हो, यसकारण सबै जीवमा चेतानसत्ताको अवस्थामा व्यापक हुने हुनाले ईश्वरको कार्य अनुसार गुणवाचक नाम नारायण हो ।

यत्तत्कारणं अव्यक्तं नित्यं सदसदात्मकम् ।
तद्विसृष्टः स पुरुषो लोके ब्रह्मेति कीर्तयते ॥ १/११ ॥

अर्थात्:- ईश्वरको उपादान संरचना स्थूल जगत् हो, जुन स्थूल जगत् हो त्यसलाई जड संरचना अर्थात् प्रकृतिक शक्ति भनिन्छ यो अनादि शक्ति हो तथा प्रकृतिको सञ्चालनको कार्य भने स्थूलजगत् भन्दापनि पर र अव्यक्त अवस्थामा रहेको छ, यही जड्सत्ता अर्थात् प्रकृति नै नित्य-सत्-असत्को कर्ता पनि हेतु प्रत्यय पनि हो ।

तस्मिन्नण्डे स भगवानुषित्वा परिवत्सरम् ।
स्वयं एवात्मनो ध्यानात्तदण्डं अकरोद्द्विधा ॥ १/१२ ॥

अर्थात्:- ब्रह्मद्वारा आफ्नो शक्तिलाई दुई शक्ति अवस्थामा विग्रह गरी गोलाकार अण्डज, तथा विराटशक्ति चेतनाशक्तिलाई गोलाकार तथा अण्डज अवस्थामा र रस्मी अवस्थामा स्थापित गर्दै जुन रस्मी सीधा चेतनसत्ताको शक्तिसँग सम्बन्धित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको र त्यस निराकार चेतनसत्ताले ब्रह्मविधानअनुसार नै आफ्नो शक्तिलाई दुई भागमा विग्रह गरी अण्डजको अवस्थामा नै रहेर त्यस अण्डज शक्ति अवस्थालाई दुई भागमा विभाजन गर्यो, अर्थात् चेतनसत्ताले आफ्नो शक्तिलाई स्थिरसत्तामा विद्यमान हुनेगरी विराट अवस्थालाई दुई भागमा विभक्त गर्यो । एक शून्य र अर्को स्थूल, ब्रह्मविधानको नियमअनुसार स्थूल जगत् शुन्यमा विद्यमान रहने र आफ्नो मर्यादा तथा धुरीमा विद्यमान रहने तथा क्रियाशील रहने विधान स्थपित भयो स्थूल जगत्लाई अहिले अखिल ब्रह्माण्ड भनियो भने जुन अखिल ब्रह्माण्ड शुन्य अवस्था थियो त्यही शून्य अवस्था निर्माण भएको थियो त्यो एक प्रतीक अवस्था थियो त्यस प्रतीक अवस्थालाई शब्दमा लिङ्ग अर्थात् सृष्टिको प्रतीक भनियो जुन शक्तिले सृष्टिको प्रतीकलाई निर्माण गरेको हो त्यस शक्तिलाई ब्रह्मा भनिन्छ ।

ताभ्यां स शकलाभ्यां च दिवं भूमिं च निर्ममे ।
मध्ये व्योम दिशश्चाष्टावपां स्थानं च शाश्वतम् ॥ १/१३ ॥

अर्थात्:- ब्रह्मा शक्तिद्वारा नै शून्य अवस्थामा रहेको प्रतीक अर्थात् लिङ्गलाई दुई भागमा विभाजन गरी दुई अवस्थाको शक्तिलाई ऊर्जाको अवस्थामा तरङ्गित हुने आफ्नो शक्तिलाई दुई भागमा विभाजन गरी स्त्री र पुरुष हुने संरचना निर्माण भयो, त्यही दुवै ऊर्जा सधैँ रहने स्त्री र पुरुषको अवस्थामा विद्यमान हुने साङ्केतिक अवस्थालाई शब्दमा वर्णन गर्नुपर्दा शिवलिङ्ग भनिन्छ । चेतनसत्ताको आफ्नो शक्तिविग्रहको नियमअनुसार आफ्नो शक्तिलाई विग्रह गर्दै त्यस शिवलिङ्गमा पनि दुई गुणलाई स्थापित हुने गरी शिवलिङ्ग पनि अरु दुई अवस्था शक्तिविग्रह भै अन्य दुई अवस्था तथा दुईलिङ्ग अर्थात् दुई प्रतीकमा विभाजन भयो, ती दुई प्रतीक अर्थात् लिङ्ग अवस्थामा एक स्त्री लिङ्ग अर्थात् रज र अर्को वीर्य अर्थात् पुलिङ्गको अवस्था बन्यो । शक्तिविग्रहको शक्ति विन्यासःबाट पुलिङ्गमा विद्यमान हुने बीज अर्थात् वीर्यमा धनात्मक ऊर्जा र स्त्रीलिङ्ग अर्थात् रजमा ऋणात्मक ऊर्जा अर्थात् शक्ति, यी दुवै शक्ति दुई अवस्थामा नै सधैँ विद्यमान रहने ब्रह्मविधान स्थापित भयो जबसम्म यी दुवै ऊर्जा ब्रह्मविधानअनुसारको अवस्थामा स्थापित हुँदैन तबसम्म रज र वीर्य निष्क्रिय हुने ब्रह्मविधान रज र वीर्यमा स्थपित भयो तर प्रकृति भने अनादि सत्ता हुनाले प्रकृतिमा तीन गुण ब्रह्मविधानअनुसार विद्यमान रहेकों हुन्छ, पहिलो गुण सत्वगुण जसलाई ब्रह्मा र दोश्रो तमोगुण अर्थात् पृथ्वी स्थिरशक्तिको रुपमा स्थापित भयो, जसलाई शिवपार्वती भनिन्छ र यी दुवै सत्ता शिवपार्वतीको बीचबाट तेस्रो गुण रजोगुण सम्पन्न अर्थात् आकाश विद्यमान भयो र शिवपार्वती र शून्यको बीचको अवस्था ब्रह्मविधानअनुसार विभाजित भएर आठ दिशा र शिवपार्वती र शून्यको बीचबाट सृष्टि अवयवको चक्रको धुरी आफ्नो मर्यादामा विद्यमान हुने बिन्दुको स्थान निर्माण भयो ।

उद्ववर्हात्मनश्चैव मनः सदसदात्मकम् ।
मनसश्चाप्यहंकारं अभिमन्तारं ईश्वरम् ॥
(मनुस्मृति १/१४)

अर्थात्:(ईश्वरले आफ्नो स्थिरसत्ता अर्थात् स्वाश्रय स्थित प्रकृतिमा नै कारणरुपमा विद्यमान रहने र विकारी अंशद्वारा कार्य रुपमा जो अविद्यमान हुने विधानलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मविधानअनुसार स्थापित गर्नुभयो, आचरण र स्वभाव अनुसार 'महत्' नामक तत्वको र महत्वद्वारा 'मै नै हूँ' भन्ने अहङ्कार तथा अभिमान गर्ने 'अहङ्कार' नामक तत्वलाई निर्माण भयो र फेरि त्यही अहङ्कार नामको तत्ववाट सबै त्रिगुणात्मक अवस्थामा विद्यमान हुने पाँच तन्मात्राहरू- शब्द, स्पर्श, रुप, रस, गन्धको तथा जीवात्माको उपकार अथवा निरन्तरगमनशील 'मन' इन्द्रिय र विषयलाई ग्रहण गर्ने पाँच इन्द्रियका दुवै वर्ग, पाँच ज्ञानेन्द्रिय आँखा, नाक, कान, जिब्रो र छाला एवं पाँच कर्मेन्द्रियमाः- हात, खुट्टा, लिङ्ग, गुदा र मुखलाई यथाक्रमले ब्रह्मविधानअनुसार व्यवस्थित भएर स्थापित हुने ब्रह्मविधान लागुभयो ।

महान्तं एव चात्मानं सर्वाणि त्रिगुणानि च ।
विषयाणां ग्रहीतकर्माणि शनैः पञ्चेन्द्रियाणि च ॥ १/१५ ॥

अर्थात्:- अहङ्कार भन्दा पहिले जीवात्माको उपकार गर्ने गुण भएको अवस्था महत्व अर्थात् ज्ञान र बुद्धि स्थापित भयो, ज्ञान, बुद्धि र विवेकको अनुपस्थिति नै अहङ्कारको उपस्थित अवस्था हुने ब्रह्मविधान लागु भयो तथा शरीर, व्यवहार र संसारको विषय तथा वास्नालाई, भोगगर्ने पाँच ईन्द्रिय, पाँच कर्मेन्द्रिय एवं तन्मात्रा ब्रह्मविधानअनुसार प्रकृतिमा स्थापित भयो ।

तेषां त्ववयवान्सूक्ष्मान्षण्णां अप्यमितौजसाम् ।
संनिवेश्यात्ममात्रासु सर्वभूतानि निर्ममे ॥ १/१६ ॥

अर्थात्:- शक्तिविग्रहको स्थिर शक्तिलाई सूक्ष्म अवयवमा विद्यमान राखेर प्रवाहित हुने तर तरङ्ग रुपमा विद्यमान हुने प्रकाशमा पनि अन्धकारलाई विकारको अवस्थामा विद्यमान हुने अवस्थालाई सम्मिश्रण गरेर आफ्नो भाग आफैमा सधैं विद्यमान हुने गुणलाई स्थापित गरी समस्त सृष्टिको संरचनामा हेतुप्रत्यय हुनेछ जस्तै प्रकाशसँग अन्धकार, विवेकसँग अहङ्कार, सुखसँग दुःख, निर्माणसँग लय, जन्मसँग मरण आदि ब्रह्मविधानको नियम ब्रह्म विधानअनुसार नै लागुभयो । प्रकृतिमा पञ्चतत्व विद्यमान रहने हुनाले र प्रकृति अनादिसत्ता हुनाले प्रकृति र ईश्वरको बीचमा एक आफ्नो शक्ति रुपमा एक अवस्था रहेको हुन्छ त्यस अवस्थालाई ब्रह्मगाँठो भनिन्छ त्यही ब्रह्मगाँठोको बीचको सम्बन्धको बिन्दुबाट सबै तन्मात्रा, अहङ्कार तथा इन्द्रिय विद्यमान भयो अर्थात् परमात्मा र प्रकृतिको योगद्वारा नै सृष्टि अवयव अमैथुनिक प्रक्रियाद्वारा सम्पन्न हुने ब्रह्मविधान लागुभयो ।

यन्मूर्त्यवयवाः सूक्ष्मास्तानीमान्याश्रयन्ति षट् ।
तस्माच्छरीरं इत्याहुस्तस्य मूर्ति मनीषिणः ॥ १/१७ ॥

अर्थात्:- प्रकृति र महत्ब्रह्मको शरीरलाई ६ सूक्ष्म अवयव अर्थात् तन्मात्रा, अहङ्कार र इन्द्रिय उत्पन्न र क्रियाशील हुने र त्यही क्रियाशील अवस्थालाई पनि संचालन गर्नेछ भन्ने ब्रह्मविधान लागुभयो ।

तदाविशन्ति भूतानि महान्ति सह कर्मभिः ।
मनश्चावयवैः सूक्ष्मैः सर्वभूतकृदव्ययम् ॥ १/१८ ॥

अर्थात्:- चेतनसत्ताले अविनाशी र नाशवान जगत्लाई संरचना गर्ने र दुवै जगत् आफ्नो आफ्नो अवस्थामा, आफ्नो मर्यादामा, आफ्नो आफ्नो धुरीमा, आफ्नो क्षेत्रमा, सधैं क्रियाशील र विद्यमान हुने र यी दुवै अलग अलग अवस्थामा आफ्नो मर्यादा र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो धुरीमा सधैँ क्रियाशील हुने तर सधैँ एक सत्ताले अर्को सत्ताको अस्तित्वलाई पूर्ण स्वीकार गर्ने विधिलाई स्थापित गर्दै आकाश आदि सृष्टि तथा सूक्ष्म अवयवको संरचनाको साथ साथ मनलाई पनि आफ्नो धुरीमा क्रियाशील रहने विधानको अवस्थामा ब्रह्मविधानअनुसार स्थपित गर्नुभयो ।

तेषां इदं तु सप्तानां पुरुषाणां महौजसाम् ।
सूक्ष्माभ्यो मूर्तिमात्राभ्यः संभवत्यव्ययाद्वयम् ॥ १/१९ ॥

अर्थात्:- अविनाशी ईश्वरले महाशक्तिशाली सात- महत्, अहङ्कार तथा पाँच तन्मात्राको सूक्ष्मजगत् र पदार्थको निर्माण सूक्ष्मविकारी अंशद्वारा र दृश्यमान विनाशशील समस्त जगत् उत्पन्न हुने ब्रह्मविधानलाई स्थपित गर्नुभयो ।

आद्याद्यस्य गुणं त्वेषां अवाप्नोति परः परः ।
यो यो यावतिथश्चैषां स स तावद्गुणः स्मृतः ॥ १/२० ॥

अर्थात्:- सृष्टिका सम्पूर्ण महाभूतमा शुरूदेखि रहेका र पूर्व-पूर्व अवस्थाका गुणलाई अलगअलग विधान सहित अलगअलग अवस्थामा ग्रहण हुने विधानअनुसार जसको जस्तो आचरण तथा योग्यता हुनेछ त्यही अनुसार नै आफ्नो कर्मगर्ने छ र कर्म अनुसारको गुण हुनेछ । पछि गुणअनुसार कर्मको आचरण गर्नेछ भन्ने विधान स्थापित गर्नुभयो ।

सर्वेषां तु स नामानि कर्माणि च पृथक्पृथक् ।
वेदशब्देभ्य एवादौ पृथक्संस्थाश्च निर्ममे ॥ १/२१ ॥

अर्थात्:- ब्रह्मविधानको नियमअनुसार नै सबै वस्तु तथा चीजको नाम र कर्म पृथक पृथक् अवस्थामा आफ्नो स्थानमा रहने कसैले पनि अर्को वस्तुलाई अवरोध नगर्ने सबैले सबैको अस्तित्वलाई स्वीकार गर्ने विधानलाई लागु तथा स्थापित गर्नुभयो जुन विधान पहिले नै ब्रह्मविधान अर्थात् वेदमा निश्चित गरिएको छ ।

कर्मात्मनां च देवानां सोऽसृजत्प्राणीनां प्रभुः ।
साध्यानां च गणं सूक्ष्मं यज्ञं चैव सनातनम् ॥ १/२२ ॥

अर्थात्:- ब्रह्मविधानअनुसार परमात्माले स्वभाव नै कर्म र कर्म अनुसार नै स्वभाव हुने विधानलाई स्थापित गर्दै सूर्य, अग्नि, वायु आदि शक्ति तथा ऊर्जा प्रदायक देवता, मनुष्य, पशु, पंक्षी आदि प्राणी र साध्यानाम् साधककोटिका विशेष विद्वान्को समुदाय तथा सनातन सूक्ष्म यज्ञ एव सृष्टि-उत्पत्ति कालदेखि सृष्टि प्रलयकालसम्म निरन्तर प्रवाहगमन हुने सूक्ष्म् संसार अर्थात् महत् अहङ्कार पञ्चचतन्मात्रा आदि सूक्ष्म रुपमा र सूक्ष्मशक्तिद्वारा युक्त हुँदै क्रमशः सूक्ष्म अविनाशी तन्मात्राको साथ साथ ब्रह्मपुर र यस सम्पूर्ण सृष्टिको सम्पूर्ण अवयव भएको गुणलाई धारण गरेका कयौँ ब्रह्मपुर र ती गुणले सम्पन्न ब्रह्मपुरको आफ्नो कार्य अनुसार आफ्नो संसारलाई प्राप्त गर्नेगर्ने छ भन्ने ब्रह्मविधानअनुसार ब्रह्मपुरको संरचना गर्नुभयो ।

अग्निवायुरविभ्यस्तु त्रयं ब्रह्म सनातनम् ।
दुदोह यज्ञसिद्ध्यर्थं ऋग्यजुःसामलक्षणम् ॥ १/२३ ॥

अर्थात्:- सृष्टिलाई सञ्चालन र सृष्टि सन्तुलित गर्ने विधान यज्ञलाई सम्पन्न गर्नको लागि र सृष्टि विधानको नियम ब्रह्मविधान के हो ? भन्ने ज्ञान पछि आउने सम्पूर्ण मनुष्यलाई प्रदान गर्नको लागि अग्नि, वायु, आदित्य र अङ्गिरा देवऋषिको हृदयमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मविधानको ज्ञान वेदज्ञान अर्थात् ऋग्वेद, अथर्ववेद, यजुर्वेद र सामवेद प्रकाशित गर्नुभयो । जुन ब्रह्मविधान वेद अर्थात् ज्ञान भनिन्छ ।

कालं कालविभक्तिश्च नक्षत्राणि ग्रहांस्तथा ।
सरितःसँगरा शैलान्समानि विषमानि च ॥ १/२४ ॥

अर्थात्:- सबै वस्तु सबै विधानमा आफ्नो चक्रमा आफ्नो मर्यादामा विद्यमान हुने नियम रेखाको चक्र, कालचक्रको विधानमा स्थापित गरेर त्यही काल अर्थात् समय पनि चक्र अनुसार तीन अवस्थामा विभाजन भयो ती तीन काल अर्थात् समय भूतकाल, भविष्यत्काल र वर्तमानकाल हुने ब्रह्मविधानको विधान स्थापित भयो तर सबै काल अर्थात् समय भने वर्तमानकाल भएर नै आफ्नो धुरीमा क्रियाशील हुने र भूतकाल र भविष्यत् काललाई पनि दुई अवस्थामा विभाजन गरी, पछि चल्ने र अघि चलेको अवस्थालाई पनि विभाजन गरी संज्ञा अवस्थामा गणनाको विधान स्थापित भयो, अर्थात् क्रति, पल, लवण, क्षण, घडी, पला, दिन, अहोरात्री, हप्ता, पाक्षिक, महिना, अयन, वर्ष, तारा, नक्षत्र, सूर्य आदि नवग्रह र आकशगङ्गा, नदी, समुद्र, सम(विषम स्थल अवस्थालाई ब्रह्मविधानअनुसार स्थापित गर्नुभयो ।

तपो वाचं रतिं चैव कामं च क्रोधं एव च ।
सृष्टिं ससर्ज चैवेमां स्रष्टुं इच्छन्निमाः प्रजाः ॥ १/२५ ॥

अर्थात्:- सृष्टिको अवयव बन्ने क्षणमा तप अर्थात् यज्ञको विधान प्रजापति लगायतका देवता वाणी, रति अर्थात् चित्तको सन्तोष, इच्छा, काम, क्रोध आदि सबैको विधान स्थापित भयो ।

कर्मणां च विवेकार्थं धर्माधर्मौ व्यवेचयत् ।
द्वन्द्वैरयोजयच्चेमाः सुखदुःखादिभिः प्रजाः ॥ १/२६ ॥

अर्थात्:- कर्मको लागि कर्मफलको ज्ञान, विवेक र सृष्टि सञ्चालनको लागि यज्ञ इत्यादि धर्म र ब्रह्महत्या गौहत्या लगायत आदि अधर्मको लागि कर्मफलको अलग अलग विधान र कर्म अनुसार फल प्राप्तगर्ने सुख-दुःख प्राप्तगर्ने विधान, वेदज्ञान प्रदान गरेपछि मात्र लागुहुने विधानलाई क्रियाशील गर्दै अकाट्य रुपमा रहने विधानलाई स्थापित गर्दै र यही विधान सधैं लागुहुने भन्ने ब्रह्मविधानलाई स्थापित गर्नुभयो ।

(समयको कलमः- यहाँसम्म केवल ब्रह्मविधानको नियम स्थापित भएको मात्र हो ब्रह्मविधान लागु भएको छैन अर्थात् सृष्टि मा यस्तो हुनेछ भनेर विधानको नियम स्थापित भयो मात्र लागु भएको छैन पछि आउने श्लोक १/२७ बाट ब्रह्मविधानको नियम लागु हुनेछ)

अण्व्यो मात्रा विनाशिन्यो दशार्धानां तु याः स्मृताः ।
ताभिः सार्ध इदं सर्वसंभवत्यनुपूर्वशः ॥ १/२७ ॥

अर्थात्:- शब्दातीत, अक्षरतीत, अव्यक्त, अकथनीय अवस्थामा रहेको सधैं नियम र ब्रह्मविधानबाट क्रमशः हुने अवस्थामा सूक्ष्मतीत, सूक्ष्म, परमाणु, अणु, तत्व, पञ्चतत्व र अविनाशी तन्मात्रा सङ्ग्रहीभूत हुँदै अनादी जगत्मा नाशवान जगत् विद्यमान हुनपुग्यो, जसलाई जीवनको रेखा भनिन्छ यही शब्दतीतबाट अविनाशी तन्मात्राको विधानलाई स्थपित गर्दै सम्पूर्ण सृष्टिको अवयव दृश्यवान भएर उत्पन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुने विधान ब्रह्मविधानको नियम लागु गर्नुभयो ।

यं तु कर्मणि यस्मिन्स न्ययुङ्क्त प्रथमं प्रभुः ।
स तदेव स्वयं भेजे सृज्यमानः पुनः पुनः ॥ १/२८ ॥

अर्थात्:- सृष्टिको आदिमा नै कर्मविधान, कर्म अनुसार नै कर्मको फल प्राप्त हुने, कर्म अनुसार नै कर्मको कर्म फलको विधान ब्रह्मविधानअनुसार दुःख सुख जन्ममरण हुने र कुन कर्मको कर्मफल के हुने भन्ने र कुन कुन कर्म अनुसार कुन योनी प्राप्त गर्ने भन्ने विधान, सृष्टिको आदिमा नै भनिएको जुन जुन योनी प्राप्त प्राणीलाई कर्मको क्षेत्र र कर्म निर्धारण आदि गरेर भोगयोनी र कर्मयोनीको विधानलाई लागु गर्नुभयो जुन विधानमा कर्मगर्ने कर्मयोनी हो भने अन्य सम्पूर्ण योनी भोगयोनी हो । सृष्टिका सम्पूर्ण जीवात्मा अर्थात् प्राणीले आफ्नो योनीको विधानअनुसार कर्मगर्ने विधान लागु गर्नुभयो ।

हिंस्राहिंस्रे मृदुक्रूरे धर्माधर्मावृतानृते ।
यच्चस्य सोऽदधात्सर्गे तत्तस्य स्वयं आविशत् ॥ १/२९ ॥

अर्थात्:- हिंस्र र अहिंस्र, मृदु र कठोर आदि प्राकृतिको गुणले सम्पन्न भएको भोगयोनीको विधानलाई लागु गर्नुभयो, भोगयोनी प्राप्त प्राणीले प्राकृतिक गुण अनुसार केवल आफ्नो कर्मको कर्मफल मात्र भोग गर्ने तर भोगयोनीमा रहेर गरेको कर्मको कर्मफल भने प्राप्तगर्न नसक्ने किनकि भोगयोनीमा केवल कर्मको कर्मफल अनुसार नै कर्मगर्ने छ भन्ने नियम अनादि कालदेखि निर्मित ब्रह्मविधान हो, तर कर्मयोनीलाई सृष्टिको सम्पूर्ण ज्ञान सत्य असत्यको ज्ञान प्रदान गरेको हुनाले कर्मयोनीलाई भने कर्मविधानमा भनिएको कर्मको कर्मफलको विधानअनुसार नै फल प्रदान गरिनेछ त्यो योनीलाई कर्मयोनी भनिन्छ त्यसैले कर्मलाई धारण तथा कर्मलाई परिवर्तन गर्ने आधार केवल कर्मयोनीलाई मात्र छ त्यही कर्मधारण गर्ने र कर्म परिवर्तन गर्ने विधान केवल कर्मयोनीलाई मात्र छ त्यही कर्मलाई वारण र धारण गर्ने गुणलाई नै वर्ष भनिन्छ, भन्ने विधान लागु गर्नुभयो ।

यथा तुर्लिङ्गान्यृतवः स्वयं एवतुपर्यये ।
स्वानि स्वान्यभिपद्यन्ते तथा कर्माणि देहिनः ॥ १/३० ॥

अर्थात्:- सृष्टि परिवर्तन हुने विधानलाई प्रकृतिमा पनि परिवर्तन हुने विधान लागु भयो, समयलाई मौसममा बाँड्यो । मौसमलाई ऋतुमा विभक्त गरियो । ऋतुलाई महिनामा, महिनालाई दिनमा र दिनमा पनि त्यसको अवस्था अनुसार परिवर्तन हुने गुणको विधानम लागु भयो, त्यही विधानअनुसार वसन्त लगायतका अन्य सवै ऋतु आफ्नो आफ्नो समयमा आफ्नो रेखामा आफ्नो आफ्नो गुण लिएर प्रकट हुने विधान लागु भयो । ठीक त्यस्तै सम्पूर्ण योनीमा पनि आफ्नो योनीको गुण अनुसार नै आफ्नो कर्मलाई धारण तथा वरण गर्ने तर भोगयोनीलाई भने आफ्नो योनीको गुण अनुसार आफ्नो कर्मको भोग गर्ने विधान लागु भयो त्यही लागु भएको नियमअनुसार सवै प्रकारका प्राणीहरू आफ्नो आफ्नो योनीको गुण अनुसार आफ्नो आफ्नो कर्ममा प्रवृत्त हुने नियम लागु भयो ।

लोकानां तु विवृद्ध्यर्थं मुखवाहूरुपादतः ।
ब्राह्मणं क्षत्रीयं वैश्यं शुद्रं च निरवर्तयत् ॥ १/३१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- कर्मयोनीलाई उनको शरीरको अङ्गको भाग अनुसार त्यसको गुण र कर्म अनुसार चार भागमा विभाजन गरियो । ठीक त्यही विधानअनुसारले कर्मयोनीलाई पनि त्यसको कर्मको गुण र कर्मको आधारमा चार वर्णमा विभाजन हुने विधान बन्यो, त्यही ब्रह्मविधानअनुसार ब्रह्मपुर बन्यो त्यही ब्रह्मपुरलाई मनुष्य भनिने ब्रह्मविधान लागु भयो, त्यही ब्रह्मपुरमा ब्रह्मविधानअनुसार मुखसँग पाँच इन्द्रिय र उपदेशको लागि वाणी कर्मेन्द्रिय रहने नियम र ठीक त्यही नियमअनुसार अन्य भागको कर्म विभाजन भयो त्यही कर्म विभाजनको नियममा ज्ञान तथा उपदेश प्रदान गर्ने ब्राह्मण हुने, बाहु अर्थात् रक्षाको कार्य गर्ने क्षत्रीय हुने, उरु अर्थात् व्यापार गर्ने वैश्य हुने एवं पाद अर्थात् समाजसेवी, सहयोग, सारथीको कार्यको साथ साथ मिहिनेतको काम गर्ने शुद्र हुनेछ यसलाई वर्ण भनिने छ भन्ने विधान लागु भयो ।

द्विधा कृत्वात्मनो देहं अर्धेन पुरुषोऽभवत् ।
अर्धेन नारी तस्यां स विराजं असृजत्प्रभुः ॥ १/३२ ॥

अर्थात्:- परमात्माले ब्रह्मपुरलाई पनि दुई भागमा विभाजन गरी ब्रह्मविधानअनुसार लिङ्ग अर्थात् प्रतीक स्थापित गर्नुभयो । लिङ्गलाई पनि दुई अवस्थामा विभाजन गरी स्त्रीलिङ्ग र पुलिङ्ग हुने विधान लागु हुने विधानलाई विभक्त गर्नुभयो । यी दुवैको मिलाएर विराट् संरचना अर्थात् मनुष्यको निर्माण हुने विधान लागु भयो जुन विधानअनुसार बनेको संरचना छ त्यसलाई ब्रह्मपुर भनिन्छ ।

तपस्तप्त्वासृजद्यं तु स स्वयं पुरुषो विराट् ।
तं मां वित्तास्य सर्वस्य स्रष्टारं द्विजसत्तमाः ॥ १/३३ ॥

अर्थात्:- हे ऋषि हो ! त्यस विराट र शक्ति सम्पन्न चेतनसत्ता अर्थात् साश्वत शक्तिले आफ्नो शक्तिलाई पनि बिन्यासः गरेर जुन सृष्टिको ब्रह्मविधानलाई स्थापित गरेर ब्रह्मविधानको नियमलाई लागु गर्नुभयो त्यो शक्तिको चेतनासत्ता आत्मा पहिलो अंश म नै हुँ अर्थात् त्यस विराट शक्तिले आफ्नो शक्तिद्वारा जुन संरचना बन्ने विधानलाई निर्माण गरेर त्यही विधानलाई लागु गरेर जुन संरचनाको निर्माण गर्यो त्यस संरचना ब्रह्मपुर भनियो त्यही ब्रह्मपुरमा जुन साश्वत् सत्ताले चेतनासत्ता ब्रह्मविधानअनुसारलाई स्थापित तथा लागु गर्यो त्यो ब्रह्मविधानअनुसार निर्माण भएको र नियम लागु भएको ब्रह्मविधानको नियमअनुसार नै लागु भएर बनेको पहिलो संरचना ब्रह्मपुर म नै हुँ ।

अहं प्रजाः सिसृक्षुस्तु तपस्तप्त्वा सुदुश्चरम् ।
पतिन्प्रजानां असृजं महर्षीनादितो दश ॥ १/३४ ॥

अर्थात्:- तत्क्षण नै फेरि त्यही विराटशक्तिले आफ्नो शाक्तिलाई फेरि बिन्यासः गरेर सृष्टि संरचनाको विधानअनुसार नै आफ्नो अव्यक्त तथा अकथनीय शक्तिलाई अनेक शक्तिमा बिन्यास गरेर दस ऋषिको साथ साथ अनेक ब्रह्मपुरको निर्माण गर्यो जसलाई लिङ्ग भनिन्छ ।

(समयको कलमः-परमात्मालाई प्रजापति अर्थात् आफ्नो शक्तिलाई बिन्यासः गरेर प्रजाको निर्माण गर्ने हुनाले ईश्वरलाई प्रजापति अर्थात् प्रजाको मालिक भनिन्छ यो सृष्टिको अमैथुनिक विधि हो अमैथुनिक विधिद्वारा सृष्टि संरचना गरेको हुनाले ईश्वरलाई स्वामी तथा मलिक पनि भनिन्छ) ।

९ । मनुस्मृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मरीचिं अत्र्यङ्गिरसौ पुलस्त्यं पुलहं क्रतुम् ।
प्रचेतसं वसिष्ठं च भृगुं नारदं एव च ॥ १/३५ ॥

अर्थात्:- विराट शक्तिले आफ्नो शक्तिको शक्तिविग्रहद्वारा अमैथुनिक प्रक्रियाद्वारा दश ऋषि ब्रह्मविधानको नियमअनुसार बन्यो । ब्रह्मविधानको नियम स्थापित भई दश ऋषिको ब्रह्मपुर बन्यो ती दश ऋषिमा मरीचि, अत्रि, अंगिरा, पुलत्य, पुलह, कृतु, प्रचेता, वशिष्ठ, भृगु र नारद हुनुहुन्छ ।

एते मनूंस्तु सप्तान्यानसृजन्भूरितेजसः ।
देवान्देवनिकायांश्च महर्षींश्चामितौजसः ॥ १/३६ ॥

अर्थात्:- तत्क्षण फेरि त्यही विराटशक्तिले आफ्नो शक्तिलाई विन्यास अर्थात् विग्रह गरेर सात महान् तेजस्वी मनुलाई आआफ्नो जोडिको साथ साथ, देवता र देवताको स्थान अर्थात् स्वर्ग र महाप्रतापी ऋषि तथा मुनिलाई ब्रह्मविधानअनुसार नै संरचना गर्नुभयो । (समयको ज्ञानः- मनुको तात्पर्य मन्वन्तर अर्थात् जगत्को कलाको चौधौं भाग हो यो जगत्मा जो महान् ज्ञानी र बुद्धिमान् हुनेछन् ती सबै मनुष्यलाई नै मनु भनिन्छ) ।

यक्षरक्षःपिशाचांश्च गन्धर्वाप्सरसोऽसुरान् ।
नागान्सर्पान्सुपर्णांश्च पितककणांश्च पृथग्गणम् ॥ १/३७ ॥

अर्थात्:- मनुको निर्माण पछि अर्थात् कर्मयोनी निर्माण पछि कर्मविधानअनुसारको फल प्राप्त हुने कर्म विधानको नियम भोगयोनी अन्तर्गत यक्ष, राक्षस, पिशाच, गन्धर्व, अप्सरा, असुर, जल र थलका प्राणी, सर्प, गरूड र पितृ वर्गको हुने ब्रह्मविधानको नियम क्रियाशील हुनाको साथ साथ पूर्ण लागु भयो ।

विद्युतोऽशनिमेघांश्च रोहितेन्द्रधनूंषि च ।
उल्कानिर्घातकेतूंश्च ज्योतींष्युच्चावचानि च ॥ १/३८ ॥

अर्थात्:- तत्पश्चात् प्रकृतिको संरचनालाई सृष्टिचक्रको एक रेखा तथा एक विधानमा रहेर आफ्नो धुरीलाई सञ्चालन गरेर कसैले कसैको अस्तित्वलाई अबरोध नगर्ने एक अर्कोमा आफै परिपूरक हुने सबै आफ्नो कार्यमा क्रियाशील हुने ब्रह्मविधान लागुहुने अकाट्य विधानलाई लागुगर्दै आफ्नो शक्तिद्वारा नै नक्षत्र, तारा, ग्रह, उपग्रह, प्रकाश, तरङ्ग, विद्युत्, मेघ, रोहित, धनुष, गुप्त र क्रियाशील हुने, सम र विषम स्थितिको अवस्थालाई धारण गर्ने र परिभ्रमण गर्ने, केतु र ध्रुव अर्थात् दाहिने चक्रमा घुम्ने विधिलाई लागु गर्दै सम्पूर्ण सृष्टि संरचना आफूमा निहित हुने विधानलाई लागु गर्दै सृष्टिलाई शून्य चक्रमा क्रियाशील हुने नियमलाई लागु गर्नुभयो सृस्टिचक्र ब्रह्मविधानअनुसार क्रियाशील भयो यो ब्रह्मविधानको नियमअनुसार नै लागु भयो ।

किन्नरान्वानरान्मत्स्यान्विविधांश्च विहङ्गमान् ।
पशून्मृगान्मनुष्यांश्च व्यालांश्चोभयतोदतः ॥ १/३९ ॥

अर्थात्:- भोगयोनी अन्तर्गतको कर्मको कर्मफलको भोगयोनीको विधान ब्रह्मविधान अन्तर्गत किन्नर, वानर, मत्स्य, अनेक पशु, पंक्षी, हंस, मृग, मनुष्य र दुई दाँत भएका अनेक प्राणीमा उसको जन्म अनुसार कर्म र कर्म अनुसार नै कर्मफललाई प्राप्त गर्नेछन् भन्ने ब्रह्मविधानको नियम क्रियाशीलको साथ साथ र लागुभयो ।

कृमिकीटपतङ्गांश्च यूकामक्षिकमत्कुणम् ।
सर्वं च दंशमशकं स्थावरं च पृथग्विधम् ॥ १/४० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- सूक्ष्म किटाणुदेखि, विशाल जानवरसम्म, पुतलीदेखि उडुस, झींगादेखि लामखुट्टे, स्यालदेखि हात्ती लगायतका अनेक प्राणी र स्थावर अर्थात् सधैं एक ठाउँमा स्थिर हुने अचल जीवात्मा अर्थात् वृक्षहुने संरचनाको ब्रह्मविधानको नियम क्रियाशील र लागु भयो ।

एवं एतैरिदं सर्व मन्नियोगान्महात्मभिः ।
यथाकर्म तपोयोगात्सृष्टं स्थावरजङ्गमम् ॥ १/४१ ॥

अर्थात्:- त्यस विराटशक्तिले आफ्नो शक्ति विन्यासःको तप र योगद्वारा आफ्नो शक्तिले कर्म अनुसार कर्मयोनीले भोगयोनी प्राप्त गर्नको लागि स्थावर (अचर) र जङ्गम (चर) वन्ने विधानलाई लागुगर्दै ब्रह्मविधानको नियम क्रियाशील र लागु भयो ।

येषां तु यादृषं कर्म भूतानां इह कीर्तितम् ।
तत्तथा वोऽभिधास्यामि क्रमयोगं च जन्मनि ॥ १/४२ ॥

अर्थात्:- ब्रह्मविधानको नियमअनुसार जुन कर्मयोनीले जस्तो कर्मगर्छ त्यसको फल त्यही कर्म अनुसार नै त्यही जीवले प्राप्त गर्ने छ । एकले गरेको कर्मको कर्मफल अन्यले प्राप्त गर्ने छैन भन्ने विधानलाई अकाट्य गर्दै सृष्टि संरचनमा जीवको आफ्नो कर्म नै उसको कर्मफल हुने र उसको आफ्नो कर्मअनुसार उसले नै कर्मफल प्राप्त हुने र कर्मको कर्मफल अनुसार नै जन्म-मरण हुने ब्रह्मविधानको नियम क्रियाशील र लागु भयो ।

पशवश्च मृगाश्चैव व्यालाश्चोभयतोदतः ।
रक्षांसि च पिशाचाश्च मनुष्याश्च जरायुजाः ॥ १/४३ ॥

अर्थात्:- अधन्या, ग्राम्यपशु अर्थात् गाई आदि, अहिंसक वृत्ति भएका वन्य पशु हिरण आदि र तलमाथि दुवैतिर दाँतभएका समतल र आरी जस्तो दाँत भएका हिंसक वृत्ति भएका पशु, सिहं, वाघ, आदि तथा राक्षस, पिशाच तथा मनुष्य यी सवै प्राणीको जन्म 'जरायुज'बाट हुने अर्थात् यी सवै प्राणीको झिल्लीबाट जन्म हुनेछ । यो प्राणीलाई जरायुज प्राणी भनिनेछ भन्ने ब्रह्मविधानको नियम क्रियाशील र लागु भयो ।

(समयको कलमः- यहाँसम्म अमैथुनिक विधिद्वारा संरचना वनेको थियो अमैथुनिक विधिको नियम लागु भएर संरचना वनेको हो यहाँवाट पछि आउने अवस्थामा सवै मैथुनिक विधान लागु मात्र भएन ब्रह्मविधानअनुसार मैथुनिक विधानको नियम क्रियाशील भयो र लागु पनि भयो । यहाँवाट अब कर्मको कर्मफलको नियम पूर्णरुपले लागु भयो)

अण्डाजाः पक्षिणः सर्पा नक्रा मत्स्याश्च कच्छपाः ।
योनी चैवः प्रकाराणि स्थलजान्यौदकानि च ॥ १/४४ ॥

अर्थात्:- पक्षी, सर्प, गोही, केही माछा तथा कछुवा र अन्य जो यस प्रकारले भूमिमा रहने तथा जलमा रहने सवै किसिमका जीव छन् ती सवैलाई 'अण्डज' अर्थात् अण्डाद्वारा उत्पन्न हुनेछन् । अण्डा वाट उत्पन्न हुने सम्पूर्ण प्राणीलाई अण्डज प्राणी भनिन्छ अर्थात् अण्डज भनिनेछ भन्ने ब्रह्मविधानको मैथुनिक विधान क्रियाशील र लागु भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वेदजं दंशमशकं यूकामक्षिकमत्कुणम् ।
ऊष्मणश्चोपजायन्ते यच्चान्यत्किं चिदीदृषम् ॥ १/४५ ॥

अर्थात्:- आफ्नो शक्तिद्वारा नै भोगयोनी डङ्कले टोक्ने लामखुट्टे जुका आदि, झिँगा, उडूस, उपियाँ, जुम्रा जो यस प्रकारका अन्य कयौँ जीव छन्, ती सबै जीवलाई ऊष्मा अर्थात् सीलन र गर्मीद्वारा उत्पन्न हुनेछन् यस्तो जीवलाई 'स्वेदज' अर्थात् पसिनाले उत्पन्न हुने प्राणीलाई 'स्वेदज' भनिन्छ भन्ने ब्रह्मविधान मैथुनिक विधि क्रियाशील र लागु भयो ।

उद्भिज्जाः स्थावराः सर्वे बीजकाण्डप्ररोहिणः ।
ओषध्यः फलपाकान्ता बहुपुष्पफलोपगाः ॥ १/४६ ॥

अर्थात्:- बीज र शाखाबाट उत्पन्न हुने सबै स्थावर अर्थात् एक स्थानमा सधैँ रहने जीव लगाएका वृक्ष आदि र जमिन तथा भूमिलाई फोरेर उम्रिने सबै प्रकारको जीवलाई 'उद्भिज' भनिन्छ । यी उद्भिजमा फल लागेर, फल पाकेर सुक्ने छ र उद्भिजमा धेरै फूल-फल लागेको हुन्छ त्यस्तो फल र फूललाई औषधी' भनिनेछ भन्ने ब्रह्मविधानको नियम क्रियाशील र लागु भयो ।

अपुष्पाः फलवन्तो ये ते वनस्पतयः स्मृताः ।
पुष्पिणः फलिनश्चैव वृक्षास्तूभयतः स्मृताः ॥ १/४७ ॥

अर्थात्:- जुन उद्भिज निस्केपछि फूल नै नलागी फल लागेको हुन्छ त्यस्तो उद्भिजको संरचनालाई अर्थात् जीवलाई 'वनस्पति' भनिन्छ, जस्तै पीपल, गुलर, खनायो इत्यादि, त्यस्तै जुन उद्भिजमा फूल फुलेर फल लाग्ने गरेको हुन्छ यस्तो उद्भिज दुवै गुणले सम्पन्न भएको हुनाले त्यस्तो उद्भिजलाई स्थावर जीवलाई नै 'वृक्ष' भनिनेछ भन्ने ब्रह्मविधानको अकाट्य नियम वृक्षमा पूर्ण क्रियाशील र लागु भयो ।

गुच्छगुल्मं तु विविधं तथैव तृणजातयः ।
बीजकाण्डरुहाण्येव प्रताना वल्ल्य एव च ॥ १/४८ ॥

अर्थात्:- विभिन्न प्रकारको झुप्पा तथा गुच्छ बनेर जरादेखि नै गुच्छ तथा झुप्पाको रुपमा बनेको 'झार' आदि र एक जराबाट अनेक भाग बनेर र फुटेर फैलिने अनेक घाँस आदि, त्यसै प्रकारले सबै प्रकारको घाँसका प्रकारहरू बीज र शाखाबाट उत्पन्न हुने र उत्पन्न भएर फैलिने घाँस जस्तै 'दुबो' आदि र उम्रिएर कुनै वस्तुको सहारा लिएरमाथि बढ्ने सम्पूर्ण जीवलाई स्थावर भनिन्छ यही स्थावर जीव 'उद्भिज्ज' बाट उत्पन्न हुनेछन् भन्ने ब्रह्मविधानको नियम क्रियाशील र लागु भयो ।

तमसा बहुरुपेण वेष्टिताः कर्महेतुना ।
अन्तःसंज्ञा भवन्त्येते सुखदुःखसमन्विताः ॥ १/४९ ॥

अर्थात्:- सञ्चित कर्म अनुसार नै जन्म हुने त्यही जन्ममा सञ्चित कर्मको कर्मफल प्राप्त हुने र त्यो जन्ममा प्राप्त हुने गुण नै पूर्वजन्मको कर्मको कर्मफलको कारण धेरै प्रकारका तमोगुणद्वारा या अन्य गुणद्वारा संयुक्त रुपमा वशीभूत भएको यी स्थावर जीव, आन्तरिक चेतना भएको जीव (जसको भित्र चेतना हुन्छ तर बाहरी क्रियामा प्रकट हुँदैन) हुन्छन् त्यस्तो जीव सुख-दुःखको भावद्वारा युक्त भएको हुनेछ भन्ने ब्रह्मविधानको नियम क्रियाशील र लागु भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एतदन्तास्तु गतयो ब्रह्माद्याः समुदाहृताः ।
घोरेऽस्मिन्भूतसंसारे नित्यं सततयायिनि ॥ १/५० ॥

अर्थात्:- हे ऋषिमुनि ! यस सृष्टि संरचनाको विधान ब्रह्मविधानदेखि नाशवान जगत्को सृष्टि संरचनाको विधानका बारेमा मैले सूक्ष्म ज्ञानदेखि जो देखें जो देखेको थिएँ त्यही ज्ञान शब्दमा भन्न जानेको छु त्यो ज्ञान मैले शब्द मार्फत् हजुरहरूको लागि वर्णन गरेको छु ।

एवं सर्व स सृष्ट्वेदं मां चाचिन्त्यपराक्रमः ।
आत्मन्यन्तर्दधे भूयः कालं कालेन पीडयन् ॥ १/५१ ॥

अर्थात्:- अचिन्त्य ब्रह्मले आफ्नो शक्तिलाई विग्रह गरेर सृष्टिलाई ब्रह्मविधानअनुसार सङ्ग्रहीभूत गरेर सृष्टि संरचना र सृष्टिको लय आफूमा नै निहित हुने समयलाई निश्चित हुने नियमलाई अकाट्य बनाएर सृष्टिलाई अमैथुनिक प्रक्रियाबाट मैथुनिक प्रक्रियाको नियमलाई क्रियाशील र लागु गरेर सृष्टि संरचनालाई ब्रह्मविधानअनुसार क्रियाशील गर्नुभयो सृष्टि सञ्चालन पनि ब्रह्मदेखि शुरू हुन्छ र सृष्टिलय पनि ब्रह्ममा पुगेर नै हुन्छ । त्यसभन्दा पहिलेको अनादि अवस्था शब्दमा अव्यक्त रहेकोछ ।

यदा स देवो जागर्ति तदेवं चेष्टते जगत् ।
यदा स्वपिति शान्तात्मा तदा सर्वं निमीलति ॥ १/५२ ॥

अर्थात्:- जवसम्म जीवात्मा आफ्नो अहम्को अवस्थामा जाग्रत रहेको हुन्छ तवसम्म त्यस जीवात्मालाई यो नाशवान जगत् दृष्टिगोचरमा शाश्वत् नै भएको भ्रम हुन्छ भने जब जीवात्मा शान्त अर्थात् सम अवस्थालाई प्राप्त गर्नपुग्छ तब उसलाई यो नाशवान जगत् स्वप्ना भएको अनुभूति हुन्छ अर्थात् जीवात्मा जवसम्म सम अवस्थामा रहेर निद्रामा वशीभूत हुनपुग्छ तब उस जीवात्माको लागि यो सृष्टि प्रलय हुनपुग्छ ।

तस्मिन्स्वपिति तु स्वस्थे कर्मात्मानः शरीरिणः ।
स्वकर्मभ्यो निवर्तन्ते मनश्च ग्लानिं ऋच्छति ॥ १/५३ ॥

अर्थात्:- जीवात्मा जवसम्म सम अवस्थामा रहेर प्रगाढ निद्रामा अचिन्त्य दशालाई प्राप्त गरेको हुन्छ तब इन्द्रिय, मन र आफ्नो कर्मबाट मुक्त हुनुको साथ साथ जीवात्मा आफ्नो कर्मको आवरणबाट पनि मुक्त हुनपुग्छ ।

युगपत्तु प्रलीयन्ते यदा तस्मिन्महात्मनि ।
तदायं सर्वभूतात्मा सुखं स्वपिति निर्वृतः ॥ १/५४ ॥

अर्थात्:- जब जीवात्मा आफ्नो आवरणबाट मुक्त हुन्छ तर उसले सर्वव्यापक परमात्माको आश्रयलाई प्राप्त गरेर परमात्माको सानिध्य प्राप्त गरेर परमपदलाई प्राप्त गरेर सृष्टिको सम्पूर्ण प्रणालीको बास्नाबाट चेष्टाहीन हुन् पुग्छ तब परमात्मामा निर्वृतः हुन्छ र सृष्टि-सञ्चालनको कार्यबाट निवृत्त भएर सुखपूर्वक आफ्नो कर्मफल मुक्तिको अवस्था परम पदको अवस्थालाई भोग गरिरहेको हुन्छ ।

तमोऽयं तु समाश्रित्य चिरं तिष्ठति सेन्द्रियः ।
न च स्वं कुरुते कर्म तदोत्क्रामति मूर्तितः ॥ १/५५ ॥

अर्थात्:- जीवात्मा जवसम्म प्रकृतिको अधीनमा रहन्छ तवसम्म जीवात्मा मायाको प्रभावमा रहि रहन्छ । प्रकृति नै माया हो जसको कारण जीवात्मा चिरकाल आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मको आवरण अनुसार प्राप्त इन्द्रियको संसर्ग मा नै रहेर मूढ अवस्थामा नै विद्यमान रहेको हुन्छ जब जीवात्माले धारण गरेको कर्मको आवरणको एक चक्रको अवस्था पुरा हुन्छ तब जीवात्मको कर्मको आवरण पतन हुन्छ र जीवात्माको शरीरबाट प्राण बहिर्गमन हुन्छ र कर्मको कर्मफलअनुसार जीवात्माले एक शरीरलाई त्याग गरेर अर्को शरीरलाई धारण गरेको हुन्छ जीवात्माले शरीर धारण गर्नु शरीर त्याग गर्नु फेरि शरीर धारण गर्नु पनि कर्मको कर्मफल नै हो ।

यदाणुमात्रिको भूत्वा बीजं स्थास्नु चरिष्णु च ।
समाविशति संसृष्टस्तदा मूर्ति विमुञ्चति ॥ १/५६ ॥

अर्थात्:- जब जीवात्मा पञ्चमहाभूत (पंचतत्व), इन्द्रिय, हृदय, बुद्धि, इच्छा, कर्म र मूढता यी आठ वस्तुको संसर्गबाट अचल बीजमा स्थापित हुनपुग्छ, तब वृक्ष वनस्पतिको भोगयोनीलाई प्राप्त गर्छ र जब चल बीजमा स्थापित हुनपुग्छ तब प्राणी तथा मनुष्ययोनी अर्थात् कर्मयोनी र भोगयोनीलाई प्राप्तगर्छ अर्थात् प्राणीमा पशु तथा मनुष्यको जन्मलाई प्राप्त गरेको हुन्छ यहाँ कर्मको विधानको सम्पूर्ण नियम लागु हुनेछ ।

एवं स जाग्रत्स्वप्नाभ्यां इदं सर्व चराचरम् ।
संजीवयति चाजस्रं प्रमापयति चाव्ययः ॥ १/५७ ॥

अर्थात्:- ब्रह्मविधानअनुसार नै ब्रह्मा अर्थात् निर्माताको एक शक्ति जाग्रत् र निद्रित दशामा रहने ब्रह्मविधानअनुसार सृष्टिको सबै चर र अचर शरीरधारी जीवलाई भोगयोनी र कर्मयोनी गरी दुई योनीमा उसको गुण, भाव र कर्म अनुसार नै कर्मफललाई प्रदान गर्नुहुन्छ कर्मफल पूरापछि त्यस संरचनालाई लय पनि गर्नुहुन्छ । सृष्टि संरचना बन्नू, सृष्टि सञ्चालन हुनु सृष्टि लय हुनु र सृष्टि बन्नू यी विधान नै ब्रह्मविधानको नियम हो ।

इदं शास्त्रं तु कृत्वासौ मां एव स्वयं आदितः ।
विधिवद्ग्राहयां आस मरीच्यादींस्त्वहं मुनीन् ॥ १/५८ ॥

अर्थात्:- ब्रह्म अर्थात् ब्रह्मविधानको निर्माता अर्थात् सृष्टिको निर्माताले आफ्नो शक्तिलाई कसरी विग्रह गर्यो र त्यही शक्तिले यो सृष्टिलाई कसरी संरचना गर्यो भन्ने बारेमा ब्रह्मले अर्थात् ईश्वरले मलाई ध्यानद्वारा ज्ञानलाई प्रदान गर्नुभयो मैले जो देखे, जाने र अनुभूति गरे त्यही ज्ञानलाई सृष्टिको नियम ब्रह्मविधानको ज्ञानको बारेमा मैले नै मरीचि र भृगु लगायतका अन्य कयौं ऋषिलाई ज्ञान प्रदान गरें ।

एतद्वोऽयं भृगुः शास्त्रं श्रावयिष्यत्यशेसतः ।
एतद्धि मत्तोऽधिजगे सर्व एषोऽखिलं मुनिः ॥ १/५९ ॥

अर्थात्:- मलाई जो ज्ञान ईश्वरले ध्यानमा प्रदान गर्नुभयो मलाई जुन ज्ञान अनुभूति भयो जुन ज्ञान ईश्वरद्वारा मलाई प्राप्त भयो त्यही ज्ञान नै मैले यहाँहरूको ज्ञानको लागि प्रदान गर्दै छु त्यसैले हे ऋषि भृगु ! लगायत अन्य ऋषि हो हजुरहरूले पनि यस ज्ञानलाई आफ्नो शिष्यलाई प्रदान गर्नुहोस् किनकि सृष्टिको ब्रह्मविधान सम्पूर्ण मनुष्यले जान्नु पर्ने ज्ञान हो ।

ततस्तथा स तेनोक्तो महर्षिमनुना भृगुः ।
तानब्रवीदृषीन्सर्वान्प्रीतात्मा रूश्यतां इति ॥ १/६० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- यस प्रकारले महर्षि मनुजीले सृष्टिको विधान ब्रह्मविधानको ज्ञानलाई म (भृगु) लगायत अन्य कयौँ ऋषिसँग भन्नुभएको थियो त्यही ज्ञान मैले (भृगुऋषिले) मलाई प्रसन्न मुद्रामा म (समय) लाई प्रदान गर्नुभयो मैले त्यही भृगु ऋषिले दिनु भएको ज्ञान यहाँहरूलाई प्रदान गर्दै छु ।

(समयको कलमः- म समयलाई भृगु ऋषिले महर्षि मनु महाराज ले भन्नु भएको मनुस्मृतिको मनु विधानको बारेमा भनिरहनु भएको छ मैले यो मनुस्मृतिको मनुविधान महर्षि मनु महाराजको मुखबाट सुनेको हैन भृगुऋषिको मुखबाट सुनिरहेको छु किनकि भृगु ऋषिले महर्षि मनु महाराजको मुखबाट पुरा मनुस्मृतिको मनुविधान सुन्नु भएको हो त्यसैले ऋषि भृगुले मलाई महर्षि मनुको व्यक्तिगत वंशको बारेमा थोरै ज्ञान दिनुभएको छ त्यो ज्ञान भृगु ऋषिले म समयलाई भन्नु भएको हो । पछि आउने वचन महर्षि मनुको होइन भृगु ऋषिले म समयलाई भन्नु भएको हो मैले त्यही भनाईलाई यहाँहरूको जानकारीको लागि दिएको छु जुन वचन भृगु ऋषिले मलाई दिनु भएको ज्ञान थियो)

स्वायंभुवस्यास्य मनोः षड्वंश्या मनवोऽपरे ।
सृष्टवन्तः प्रजाः स्वाः स्वा महात्मानो महौजसः॥ १/६१ ॥

अर्थात्:- सृष्टिको अमैथुनिक विधि पछि मैथुनिक विधान लागु भए पश्चात् स्वयम्भू मनुका सन्तानका रुपमा अन्य ६ मनु उत्पन्न भएका हुन् । ती महातेजस्वी महात्माले पनि अनेक सन्तानको जन्म दिएका थिए ।

स्वारोचिषश्चोत्तमश्च तामसो रैवतस्तथा ।
चाक्षुषश्च महातेजा विवस्वत्सुत एव च ॥ १/६२ ॥

अर्थात्:-ब्रह्मा अर्थात् ईश्वरको सृष्टि संरचनाको विधि अनुसार पहिले जो जो जोडीका ऋषिमुनिहरू उत्पन्न भए ती सबै जोडी ऋषि मुनिहरूको वंशबाट नै अरु ६ मुनि र त्यसको सन्तानको जन्म भयो, उहाँका ती वंशको महातेजस्वी पराक्रमी ६ मुनिले आफ्नो मैथुनिक तपोबलको क्रियाद्वार आफ्नो आफ्नो अनेक सन्तानलाई जन्म दिनुभयो । ती महातेजस्वी ६ मुनिको नाम यस प्रकार रहेकोछ ।

१) स्वारोचिप २) उत्तम ३) तामस
४) रैवत ५) चाक्षुप ६) विवस्वत्सु

स्वायंभुवाद्याः सप्तैते मनवो भूरितेजसः ।
स्वे स्वेऽन्तरे सर्व इदं उत्पाद्यापुश्चराचरम् ॥ १/६३ ॥

अर्थात्:- स्वायम्भू आदि लगायतका अन्य सात मुनि जो महान् ज्ञानवान्, तेजवान्, तेजस्वी र शाक्तिशाली थिए उहाँले आफ्नो मैथुनिक तेजद्वारा आफ्नो सन्तानको रुपमा कयौँ सन्तानलाई जन्मदिनु भयो र ती मुनिहरूको सम्पूर्ण सन्तान तथा सन्ततीले सृष्टिका चर, अचर तथा अन्य प्राणी (जीवधारी)को संरक्षण गर्न शुरूगरेँ । जुन गुण ब्रह्मविधानअनुसार नै थियो त्यही कार्य अहिलेसम्म चलेको छ पछि पनि चल्ने छ त्यही संरक्षणलाई प्राकृतिक सन्तुलन भनिन्छ ।

निमेषा दश चाष्टौ च काष्ठा त्रिंशत्तु ताः कला ।
त्रिंशत्कला मुहूर्तः स्यादहोरात्रं तु तावतः ॥ १/६४ ॥

अर्थात्:- अठार पलको एक काष्ठा, तीस काष्ठाको एक कला, तीस कलाको एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुहूर्त र तीस मुहूर्तको एक दिन-रात अर्थात् एक अहोरात्र हुन्छ ।
(समयको कलमः- दश र आठ मिलेर अर्थात् अठार निमेष हुन्छ अर्थात्:- एक निमेष अर्थात् पलक झपकाउने समयलाई १ काष्ठा भनिन्छ, तीन काष्ठाको १ कला हुन्छ, तीस कलाको एक मुहूत हुन्छ, एक मुहूतमा ४८ मिनेट हुन्छ र अर्थात् ठीक त्यही नै समय अर्थात् ३० मुहूतको एक अहोरात्र अर्थात् एक दिन-रात हुन्छ ।

अहोरात्रे विभजते सूर्यो मानुषदैविके ।
रात्रीः स्वप्नाय भूतानां चेष्टायै कर्मणां अहः ॥ १/६५ ॥

अर्थात्:- सूर्य, मनुष्य र देवहरूले नै अहोरात्र अर्थात् दिन-रातलाई विभाजन गर्ने विधान रहेको छ यो विधान गुणन विभागको विधान हो । त्यस विभागको विधानको नियमअनुसार जुन प्राणी जुन समयमा आराम तथा सुत्ने गर्छन् र कुनै कार्य गर्दैनन् त्यस समयलाई रात भनिन्छ र जुन प्राणी जुन समयमा कार्य गर्छन र जागा रहने गर्छन त्यस समयलाई 'दिन' हो भन्ने विभाजन गरेको हुन्छ यी एक अवस्था हो कुनै एक प्राणीको रात अन्य कुनै प्राणीको दिन हुनेछ भने कुनै प्राणीको दिन अन्य कुनै प्राणीको रात हुन् सक्छ ।

पित्र्ये रात्र्यहनी मासः प्रविभागस्तु पक्षयोः ।
कर्मचेष्टास्वहः कृष्णः शुक्लः स्वप्नाय शर्वरी ॥ १/६६ ॥

अर्थात्:- मनुष्यको एक महिना बरावरको गणनालाई पितृको गणनामा एक अहोरात्र हुन्छ यो अहोरात्रमा पनि दुई पक्ष हुन्छन् जुन दुई पक्ष चन्द्रमाको अवस्था हो जुन दुई पक्षको गणनालाई कृष्णपक्ष र शुक्लपक्ष भनिन्छ कृष्णपक्षलाई पितृदिन र शुक्लपक्षलाई पितृरात्री भनिन्छ यो गणना चन्द्रमाको उदय अस्तको गणना हो ।

दैवे रात्र्यहनी वर्ष प्रविभागस्तयोः पुनः ।
अहस्तत्रोदगयनं रात्रीः स्याद्दक्षिणायनम् ॥ १/६७ ॥

अर्थात्:- मनुष्यको एक वर्षको समयलाई देवताको एक दिन र एक रात हुन्छ अर्थात् एक अहोरात्र हुन्छ । मनुष्यको एक बर्षलाई देव गणनामा एक अहोरात्र हुन्छ । यो एक अहोरात्र अर्थात् एक दिन र एक रातमा पनि दुई विभाग रहेको छ त्यस विभागलाई अयन भनिन्छ । अयनलाई 'उत्तरायण' र 'दक्षिणायन' भनिन्छ । उत्तरायण देवताको एक देवदिन हो भने 'दक्षिणायन' देवको एक देवरात्री हो । जुन गणना सूर्यको उदय र अस्तको विधानअनुसार निर्धारण हुन्छ मनुष्यको लागि मात्र ।
(समयको कलम :- माघ महिनाको सङ्क्रान्तिदेखि श्रावण महिनाको सङ्क्रान्तिसम्म सूर्य दक्षिण दिशाबाट उत्तर दिशातिर आफ्नो अन्तिम धुरीसम्म जाने भएको हुनाले ती ६ महिनाको समयलाई उत्तरायण भनिन्छ भने श्रावण महिनाको सङ्क्रान्तिदेखि माघ महिनाको सङ्क्रान्तिसम्म सूर्य उत्तर दिशाबाट दक्षिण दिशातिर आफ्नो अन्तिम धुरीसम्म जाने हुनाले यो ६ महिनाको अवधिलाई दक्षिणायन भन्ने गरिन्छ)

ब्राह्मस्य तु क्षपाहस्य यत्प्रमाणं समासतः ।
एकैकशो युगानां तु क्रमशस्तन्निबोधत ॥ १/६८ ॥

अर्थात्:- त्यस्तै सृष्टिचक्रको मुख्यबिन्दु अर्थात् ब्रह्मारात्री र ब्रह्मादिनको गणना, सङ्ख्या र प्रत्येक युगको सङ्ख्या क्रमसँग स्पष्ट रुपले पछिको श्लोकमा बताउनेछु त्यो पनि विस्तारपूर्वक सुन्नुहोस्:

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चत्वार्याहुः सहस्राणि वर्षाणां तत्कृतं युगम् ।
तस्य तावच्छती संध्या संध्यांशश्च तथाविधः ॥ १/६९ ॥

अर्थात्:- देवताको चार सहस्र दिव्य (हजार) वर्षको सतयुग हुन्छ, युगको प्रथम चारसय वर्षलाई देवताको सन्ध्याको समय भनिन्छ भने युगको अन्त्यमा पनि त्यति नै चार सयको समय अर्थात् चारसय वर्षलाई नै सन्ध्यांशको समय भनिन्छ ।

(समयको कलमः- ४,००० देवता वर्षलाई कृतयुग अर्थात् सत्ययुग भनिन्छ र ठीक त्यति समयको अघिको नै ४०० वर्षको समयलाई सन्ध्या अन्तिमको ४०० वर्षको समयलाई सन्ध्यांश भनिन्छ ।

इतरेषु ससंध्येषु ससंध्यांशेषु च त्रिषु ।
एकापायेन वर्तन्ते सहस्राणि शतानि च ॥ १/७० ॥

अर्थात्:- तीन युग अर्थात् त्रेतायुग, द्वापरयुग, कलियुगको संध्या र सन्ध्यांशको सङ्ख्या एक सहस्र (हजार) र एकसय वर्षलाई घटाउले आउने समय बराबर हुन्छ ।

(समयको कलमः- ३,००० वर्षको त्रेतायुग र ३०० वर्षको सन्ध्या र ३०० वर्षको नै सन्ध्यांश, २,००० वर्षको द्वापरयुग २०० वर्षको नै सन्ध्या र २०० वर्षको नै सन्ध्यांश, १,००० वर्षको कलियुग, १०० वर्षको सन्ध्या र १०० वर्षको नै सन्ध्यांश हुन्छ तीनयुग त्रेतायुग, द्वापरयुग, कलियुगमा ससंध्येषु संसध्यांशेषु 'संध्या' नामको कालमा तथा 'संध्यांश' नामक कालमा एक हजारमा एक(एक सय घटाउनाले सबै युगको आफ्नो आफ्नो गणनाको कालपरिमाण निस्किनछ अर्थात् ४,८०० दिव्यवर्षको सत्ययुग हुन्छ त्यही सङ्ख्यामा एक सहस्त्र अर्थात् एक हजार र सन्ध्या व संध्यांशमा एक(एकसय घटाउनले ३,००० दिव्यवर्ष + ३०० संध्यावर्ष + ३०० संध्यांशवर्ष (३,६०० दिव्यवर्षको त्रेतायुग रहेको हुन्छ । ठीक यही प्रकारले २,०००+२००+२००+२,४०० दिव्यवर्षको द्वापरयुग र १,०००+१००+१००+१,२०० दिव्यवर्षको कलियुगको अवधि रहेको हुन्छ यो देव गणनाको अवधि हो ।

यदेतत्परिसङ्ख्यातं आदावेव चतुर्युगम् ।
एतद्द्वादशसाहस्रं देवानां युगं उच्यते ॥ १/७१ ॥

अर्थात्:-माथि भनिएको जुन चारयुगको सङ्ख्या भनिएको छ त्यसको पनि १२ हजार (सहस्र) गुणा धेरै देवताको एक युगको गणना रहेको छ ।

(समयको कलमः-माथि श्लोक ६९-७० मा भनिएको चतुर्युग अर्थात् चारयुगको परिसङ्ख्यातम् कालपरिमाणको रुपमा गणना गरिएको छः १२ हजार दिव्यवर्षको समय मनुष्यको एक चतुर्युगको समय हो जुन समय बराबर देवताको एक युगलाई भनिन्छ)

(समयको कलमः- स्पष्टीकरणः- १२,००० दिव्य वर्षको एक चतुर्युग हुन्छ । त्यसलाई मनुष्य वर्षमा बदल्नको लागि १२,००० लाई ३६० ले गुणान गर्ने हो भने १२,००० × ३६०. ४३,२०,००० मनुष्य वर्षको एक चतुर्युगी हुन्छ ।माथिको श्लोक ६९ र ७०को कालपरिमाणको तालिकाको रुपमा यस्तो हुनेगर्छ । दिव्यवर्ष संध्यावर्ष संध्यांशवर्ष कूल दिव्यवर्षको गुणान गर्नाले मनुष्य वर्षको युगनाममा जम्मा

४,०००+ ४००+ ४००+ ४,८००= ३६०+ १७,२८,००० सत्युग
३,०००+ ३००+ ३००+ ३,६००= ३६०+ १२,९६,००० त्रेतायुग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२,०००+ २००+ २००+ २,४००= ३६०+ ८,६४,००० द्वापरयुग
१,०००+ १००+ १००+ १,२००= ३६०+ ४,३२,००० कलियुग
१०,०००+ १,०००+ १,०००+ १२,०००= ३६०+ ४३,२०,००० बर्षको एकचतुर्युग हुन्छ)

दैविकानां युगानां तु सहस्रं परिसंख्यया ।
ब्राह्मं एकं अहर्ज्ञेयं तावतीं रात्रीं एव च ॥ १/७२ ॥

अर्थात्:- देवताको सहस्र (हजार) युग बरावर ब्रह्मा गणना अनुसार एकदिन हुन्छ त्यस एक दिनलाई ब्रह्मदिन भनिन्छ भने त्यति नै समय ब्रह्मको एक रात्री हुन्छ त्यस समयलाई ब्रह्मरात्री भनिन्छ । यो गणनाको विधान हो ।

तद्वै युगसहस्रान्तं ब्राह्मं पुण्यं अहर्विदुः ।
रात्रीं च तावतीं एव तेऽहोरात्रविदो जनाः ॥ १/७३ ॥

अर्थात्:- त्यस्तै ज्ञानीले एक हजार दिव्ययुगको ब्रह्मको सहस्र बर्षको विधानको दिनलाई बुझेका छन् त्यो समय सृष्टि संरचना र सृष्टि सञ्चालनको समय हो भने जुन समयलाई ब्रह्मको सहस्र रात्रीको समय हो भनेर बुझेका छन् त्यो समय सृष्टि लयको समय हो अर्थात् ब्रह्मको सहस्र वर्षको दिन भन्नु सृष्टि संरचना, सृष्टि सञ्चालनको विधि हो र ब्रह्मको सहस्र रात्री भन्नु नै सृष्टि-लयको अवधि हो । यो एक समयको गणनाको विधान हो ।

(समयको कलमः- महर्षिदयानन्दले ऋग्वेदादिभाष्य भूमिकामा १/६८देखि ७३सम्मको श्लोकलाई उद्धृत गर्दै भन्नुभएको भावः यस प्रकार रहेको छ ।

प्रश्नः-वेदको उत्पत्ति भएको कति वर्ष भयो ?

उत्तरः- वेद उत्पत्ति भएको एक अरब छ्यानब्बे करोड, आठलाख, त्रिपन्न हजार, एक सय, बीस अर्थात् १,९६,०८,५३, १२० वर्ष वेदको र प्राणी जगत्को उत्पत्ति भएको भयो आजको मितिसम्म २०७७/७/७सम्मको गणना हो ।

प्रश्नः- यो कसरी निश्चय भयो कि यति वर्ष पहिले वेद र प्राणी जगत् उत्पत्ति भयो भनेर ?

उत्तरः- जो वर्तमान सृष्टि छ यो सातौँ (७) वैवस्वत मनुको वर्तमान समय हो । यो समयभन्दा पूर्व ६ मन्वन्तर वितीसकेको छः-

१) स्वायम्भुव २) स्वारोचिष ३) उत्तम
४) तामस ५) चाक्षुष ६) विवस्वत्सु

यी ६ मन्वन्तर पहिले वितिसकेको छ र अहिले वर्तमान समय सातौँ वैवस्वत मन्वन्तर चलेको छ र भने आउने समयमा सावर्णि आदि नामका अरु सात (७) मन्वन्तर प्राप्त हुनेछ । यी सबै मन्वन्तर मिलेर चौधौँ (१४औ) मन्वन्तर रहेको हुन्छन् र एकहत्तर चतुर्युग पुरा भएमा त्यस चतुर्युगलाई एक मन्वन्तर भनिन्छ, त्यसको गणना यस प्रकार छ मनुष्यको वर्षको गणना अनुसारः-

सत्ययुगः(१७,२८,००० (सत्र लाख अट्ठाईस हजार वर्ष)
त्रेतायुगः(१२,९६,००० (बाह्र लाख, छ्यानब्बे हजार वर्ष)
द्वापरयुगः(८,६४,००० (आठ लाख चौसट्टि हजार वर्ष)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कलियुगः(४,३२,००० (चार लाख, बत्तीस हजार वर्ष)

तथा आर्यले एक क्षण र निमेषदेखि लिएर एक वर्ष पर्यन्त पनि कालको सूक्ष्म र स्थूल संज्ञाको पनि ज्ञानलाई सञ्चित गरेका छन् र यी चार युगको अवधि जम्मा त्रिचालिस लाख, बीस हजार वर्ष (४३,२०,०००) हुन्छ, जुन समयको गणनालाई एक चतुर्युगको हो भनेर नाम दिइएको छ । एकहत्तर (७१) चतुर्युगको अर्थात् तीस करोड, सट्सट्ठी लाख, बीस हजार (३०,६७,२०,०००) मनुष्य वर्षलाई एक मन्वन्तर भनिन्छ भनेर गणनाको नाम आर्य ऋषिले दिनुभयो र अरु यस्तै ६ मन्वन्तर मिलेर बनेको मन्वन्तर अर्थात् एक अरब, चैरासी करोड, तीन लाख, बीस हजार (१,८४,०३,२०,०००) वर्ष पहिले नै बितिसकेको छ र अहिले सातौँ मन्वन्तरको भोगमा यो अट्ठाइस (२८) औ चतुर्युगको चौथो युग कलियुग हो । यस चतुर्युगको अन्तिम युग कलियुगको जम्मा पाँचहजार, एकसय बीस (५,१२०) वर्ष पूराभईसकेको छ र अरु बाकी चारलाख, छब्बीसहजार आठसय असी (४,२६,८८०) वर्ष भोग गर्नको लागि बाँकी रहेकोछ । यहाँ यो बुझ्न आवश्यक छ कि वैवस्वत मनुको बाह्रकरोड, पाँचलाख, बत्तीसहजार, नौ सय छ्याहत्तर (१२,०५,३२,९७६) मनुष्य वर्ष पुरा बितिसकेको छ र अझै अघि अठार करोड, एकसट्ठी लाख, सतासी हजार, चौबीस (१८,६१,८७,०२४) वर्ष भोग गर्न बाकी रहेको छ । यसमा पनि वर्तमान वर्ष दुईसय बिस (२२०) हो जुन समयलाई आर्यले विक्रम सम्वत दुईहजर सतहत्तर (२०७७) साल भन्छन् ।

जो पूर्व चतुर्युग लेखिएको छ त्यस एक हजार चतुर्युगलाई ब्राह्मदिनको संज्ञा दिइएको छ यो ब्रह्मदिन पनि गणनाको विधान हो र त्यति नै चतुर्युगलाई ब्रह्मरात्रीको संज्ञा दिइएको छ यो पनि गणनाको विधान नै हो जसलाई मनुष्यले सजिलोसँग जनोस् भनेर राखिएको हो भन्ने बुझ्नुपर्छ । त्यसैले सृष्टिको उत्पत्ति गरेर हजार चतुर्युग पर्यन्त ईश्वरले यसलाई सञ्चालन गर्नुभएको छ । यसलाई नै ब्राह्मदिन भनिएको छ र हजार चतुर्युगी पर्यन्त सृष्टिलाई लय गर्नुहुन्छ अर्थात् कारणमा लीन राख्नुहुन्छ त्यसलाई नै ब्राह्मरात्री भनिन्छ अर्थात् सृष्टिको वर्तमान अवस्था हुनुलाई नै दिन र भूतकालको अवस्था हुनुलाई लय भनिन्छ अर्थात् सृष्टि लय हुनुलाई नै रात्री भनिन्छ यो गणनाको विधान हो

अहिले जो वर्तमान ब्राह्मदिन हो यसको गणना जम्मा एक अर्ब, छ्यानब्बे करोड, आठलाख, त्रिपन्न हजार, एकसयबिस वर्ष (१,९६,०८,५३,१२१ यो गणना यो लेख तैयार गर्दाको दिनसम्मको गणना हो) भयो । यस जगत्को सृष्टि तथा वेदको उत्पत्ति भएको पुरा भएको छ र दुई अर्ब, तेत्तीस करोड, बत्तीस लाख, सत्ताईस हजार चौबीस (२,३३,३२,२७,०२४) वर्ष यस सृष्टिलाई भोग गर्नको लागि अझै बाँकी छः । यसबाट अन्त्यको चौबीसौ वर्षलाई भोग गरिरहेका छौं । अघि आउने भोगको वर्षबाट एक(एक घटाउदै जानुपार्छ र गत वर्षमा क्रमशः एक-एक जोड्नु पर्छ जसरी आजपर्यन्त घटाउदै र बढाउदै आएकाछौं ।

मनुष्य वर्षमा उपर्युक्त सृष्टि संरचना वा प्रलयको कालको परिवर्तन यस प्रकारले हुन्छः- ४३,२०,००० = १,००० + ४,३२,००,००,००० अर्थात् चार अरब बत्तीस करोड वर्षको सृष्टिको आयु हो र त्यति नै आयु लयको पनि हो । किनकि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'सर्वेषाँ तु स नामानि' आदि श्लोकमा वेदोत्पत्ति सृष्टि आदिमा वर्णन गरिएको छ, अतः वेदोत्पत्तिको कालपनि सृष्टिकाल जति नै अवधि हो भन्ने बुझ्नुपर्छ। ईश्वरकृत ज्ञान अथर्ववेद मण्डल ८ काण्ड, २ सूक्त २१ औं मन्त्रमा सृष्टि संरचना वा प्रलय कालको बारेमा यसरी भनिएको छ।

शंत तेऽयुतं हायनान् द्वे युगे त्रीणि चत्वारि कृण्मः।
इन्द्राग्नी विश्वेदेवास्ते न मन्यन्तामहृणीयमानाः ॥ ८/२/२१ ॥

अर्थात्:-हे मनुष्य ! अहोरात्र अर्थात् सृष्टि र लयको १० हजार वर्ष गुणा १०० अर्थात् १० लाखसम्म शून्यभन्दा पहिले क्रमशः २, ३, ४ हुनुभन्दा पहिले ४,३२,००,००,००० वर्षको आयुलाई निश्चित गरिएको छ, ब्राह्मण, क्षत्रीय तथा वैश्य यी द्विजले शान्तचित्त भएर सृष्टिलय रुपी अहोरात्रको बारेमा जान्नु।

त्यस्तै प्रकारले यजुर्वेद अध्याय १५ मन्त्र ६५ मा यसरी भनिएको छः-

'सहस्रस्य प्रमा असि'। १५/६५ ॥

अर्थात्:- हे मनुष्य ! तिमीले यो जान कि सहस्र महायुग (१,००० चतुर्युग) परिमित सर्ग र प्रलयको प्रमाता तथा विधि र विधानको निर्माता म नै हु)

तस्य सोऽहर्निशस्यान्ते प्रसुप्तः प्रतिबुध्यते।
प्रतिबुद्धश्च सृजति मनः सदसदात्मकम् ॥ १/७४ ॥

अर्थात्:- ब्रह्मसमय अर्थात् ब्रह्मदिनलाई सृष्टि संरचना र सञ्चालन भनिन्छ जुन समयमा सृष्टि सञ्चालन क्रियाशीलमा रहेको हुन्छ भने ब्रह्मरात्रीलाई सृष्टिलयमा क्रियाशील हुन्छ अर्थात् सृष्टिविश्राम गरेको हो भन्ने बुझनुपर्छ हुन्छ जब ब्रह्मदिन हुन्छ सृष्टि जाग्रत र सृष्टि संरचना हुन्छ, संकल्प-विकल्प रुपमा सृष्टिको सञ्चालन हुन्छ जब ब्रह्मरात्री हुन्छ सृष्टि सुसुप्त हुन्छ तब सृष्टिविधानअनुसार सुसुप्त हुनुलाई नै ब्रह्मरात्री भनिन्छ त्यही ब्रह्मरात्रीमा सृष्टिलय हुन्छ।

मनः सृष्टिं विकुरुते चोद्यमानं सिसृक्षया।
आकाशं जायते तस्मात्तस्य शब्दं गुणं विदुः ॥ १/७५ ॥

अर्थात्:- मन नै आकाश हो, आकाश पञ्चतत्व एक अंश हो, मनद्वारा नै विकार उत्पन्न हुन्छ त्यही विकारमा आकाशतत्वको निर्माण हुन्छ, आकाशको गुण केवल शब्द मात्र हो। अर्थात् सृष्टिको संरचना महत्तत्त्वको सृष्टिको विकारी भाव हुनाले अहङ्कारको रुपमा विकृत गरेको हुन्छ त्यस विकारी अंशद्वारा प्रेरित भएको 'आकाश' सङ्ग्रहीभूत भएर रहेको छ त्यही विकारी अंशको सङ्ग्रहीभूत अवस्थालाई आकाश भनिन्छ, आकाशको गुण केवल 'शब्द' हो।

(समयको कलमः-आकाश उत्पत्तिको विषयमा महर्षिदयानन्दले सत्यार्थ प्रकाशमा भन्नुभएकोछः-

'ईश्वर र प्रकृतिद्वारा आकाश अर्थात् जो कारणरुप द्रव्य सर्वत्र फैलिएको छ त्यसलाई जम्मा गर्नाले आकाश दृश्यवान हुन्छ। वास्तवमा आकाशको उत्पत्ति हुँदैन, किनकि आकाशविना कुनै पनि संरचनाको अस्तित्व प्रकृति र परमाणु कही विद्यमान हुन् सक्दैन'।

(सत्यार्थ प्रकाश अष्टमसमुल्लास)

आकाशात्तु विकुर्वाणात्सर्वगन्धवहः शुचिः।
बलवान् जायते वायुः स वै स्पर्शगुणो मतः ॥ १/७६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- आकाशको विकारोत्पादक अंश पश्चात् सबै गन्धको वहन गर्नको लागि पवित्र र बलवान वायु प्रवाहित रहेको हुन्छ त्यो वायुको गुण भने स्पर्श हो ।

वायोरपि विकुर्वाणाद्विरोचिष्णु तमोनुदम् ।
ज्योतिरुत्पद्यते भास्वत्तद्रूपगुणं उच्यते ॥ १/७७ ॥

अर्थात्:- त्यही वायु पश्चात् तमको अर्थात् अन्धकारलाई नाश गर्ने र प्रकाश फैलिन ज्योति अर्थात् अग्निको उत्पन्न भयो हुन्छ अग्निको आफ्नो गुण भने रुप हो ।

ज्योतिषश्च विकुर्वाणादापो रसगुणाः स्मृताः ।
अद्भ्यो गन्धगुणा भूमिरित्येषा सृष्टिरादितः ॥ १/७८ ॥

अर्थात्:- अग्निको विकारोत्पादक अंशबाट रसगुण सम्पन्न जल उत्पन्न भएको हो, जलको गुण रस हो र जलबाट पृथ्वीको संरचना भएको हो, जसका गुण गन्ध हो । संसारको प्रारम्भकालदेखि नै जलको गुण रस हो भने पृथ्वीको गुण गन्ध नै हुने यही स्वभाव पृथ्वीको रहेको छ । यसरी सृस्टिको संरचना बनेको छ । यो संरचना पनि ब्रह्मविधानअनुसार नै बनेको हो ।

(समयको कलमः- यस प्रकारले प्रारम्भको श्लोक १देखि श्लोक १४सम्म र १४देखि र ४३देखिसम्म सृष्टि उत्पन्न हुने ज्ञानको बारेमा वर्णन गरिएको छ किनकि ज्ञानको वर्णन प्रक्रिया अनुसार नै हुनुपर्छ त्यसैले बीचमा भनिएको केही श्लोक थपघट भएको हुनुपर्छ किनकि मनु महाराजले मैले जानेको अनुभूति गरेको ज्ञानलाई क्रमशः भन्नेछु भन्नुभएको छ)

यद्प्राग्द्वादशसाहस्रं उदितं दैविकं युगम् ।
तदेकसप्ततिगुणं मन्वन्तरं इहोच्यते ॥ १/७९ ॥

अर्थात्:- बाह्रसहस्र वर्षलाई एक देवयुग भनिन्छ र देवयुगको एकहत्तर गुणा एक मन्वन्तर रहेको हुन्छ, बाह्र सहस्रवर्ष देववर्ष नै हो मनुष्यको एक बर्ष मात्र हैन । यो गणनाको विधि हो ।

(समयको कलमः-माथिको श्लोक (१/७९) मा जो बाह्र हजार दिव्य वर्षको एक 'देवयुग' भनिएको छ त्यही बाह्र हजार बर्षको एकहत्तर गुणा समय अर्थात् १२,००० = ७१ - ८,५२, ००० दिव्यवर्षको अथवा ८,५२,००० दिव्यवर्ष = ३६० + ३०,६७,२०,००० मनुष्यवर्षको हिसावले एक 'मन्वन्तर'को कालपरिमाणको गणना मानिएको छ। जो पहिले १२,००० वर्षलाई देवयुग भनिएको छ, त्यसको ७१ गुणा यस मन्वन्तर-काल-गणनामा एक मन्वन्तर हुन्छ भनिएको छ । यो विधान गणनाको विधान हो ।

पहिले चतुर्युगको प्रमाणको आधारमा भनिएको छ कि सत्युगको गणनामा ८,५०० देववर्षको सन्ध्याकाल हुन्छ, ठीक त्यस्तै गरेर यस मन्वन्तर-गणनामा पनि प्रत्येक मन्वन्तरको पछि ८,५०० देवबर्षको सन्ध्याकाल हुन्छ तथा आदिमा मन्वन्तर स्वायम्भुवको प्रारम्भमा ८,५०० देवबर्षको प्रारम्भिक सन्ध्याकाल अरु अधिक हुनेगर्छ । सृष्टिमा जम्मा चौध (१४) मन्वन्तर रहेको हुन्छ भनिएको छ । अतः स्वायम्भुवको आदि सन्ध्याकाल मिलाएर कूल १५ सन्ध्याकालमा ८,५०० देववर्षको प्रत्येक मन्वन्तर भयो । अब बुझ्नको लागि निम्न तरिकाले स्पष्टसँग युग वा मन्वन्तर, यी दुई प्रकारको गणनाले देववर्षमा सृष्टिकाल लाई बिस्तृत तरिकाले बुझाउन सकिन्छ । १२,०००=१,०००+१,२०,००,००० युग गणनाद्वारा १२,०००

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

=७१=१४+ (८५००=१५)+ १,२०,००,००० मन्वन्तर गणनावाट ।

सृष्टि, प्रलय र वेदोत्पत्तिको कालको मनुष्यद्वारा सजिलोसँग गणना गर्न सकियोस भनेर ब्रह्मादिन र ब्राह्मरात्रीको संज्ञा दिइयो।

(ऋषि दयानन्द सरस्वती ऋ० भू० वेदोत्पत्तिबाट)

मन्वन्तराण्यसङ्ख्यानि सर्गः संहार एव च ।
क्रीडन्निवैतत्कुरुते परमेष्ठी पुनः पुनः ॥ १/८० ॥

अर्थात्:- मन्वन्तरको विधान पनि असंख्य रहेको छ र सृष्टिको संरचना र लयको विधान पनि अनन्त छन् सर्वाधिष्ठा परमात्माले यस सृष्टि संरचना र सृष्टि लयको कार्यलाई पनि आफ्नो ब्रह्मविधानअनुसार नै गर्नु हुन्छ ब्रह्मविधानअनुसार सृष्टि संरचना र सृष्टि लय गर्नुहुन्छ । परमात्माले सृष्टिको उत्पत्ति, लय र मन्वन्तर आदि असङ्ख्य पटक आफ्नो स्वभाविक शक्तिद्वारा गर्नुहुन्छ तर ब्रह्मविधानअनुसार नै हुनेगर्छ ।

चतुष्पात्सकलो धर्मः सत्यं चैव कृते युगे ।
नाधर्मेणागमः कश्चिन्मनुष्यान्प्रति वर्तते ॥ १/८१ ॥

अर्थात्:- सत्ययुगमा मनुष्यमा धर्म चार चरणमा स्थित रहेको हुन्छ । जव मनुष्य सत्य बोल्ने छन् सात्विक हुनेछन् त्यो अवस्थालाई सत्ययुग भनिन्छ मनुष्य सत्य बोल्ने हुनाले र मनुष्य पूर्ण सात्विक रकोहि कसैले पनि अधर्मको कार्य नगर्ने समय लाई सत्ययुग भनिन्छ ।

इतरेष्वागमाद्धर्मः पादशस्त्ववरोपितः ।
चौरिकानृतमायाभिर्धर्मश्चापैति पादशः ॥ १/८२ ॥

अर्थात्:- जब मनुष्यले अधर्म अर्थात् चोरी, झूठ र छलकपटको कार्य शुरू गर्ने छन् युगको अवस्था पनि वदलिन्छ मनुष्यको कर्म अनुसार त्रेतायुग, द्वापरयुग र कलियुग यी तीनयुगमा परिणत हुन्छ अतएव मनुष्यको कर्म अनुसार एक युगमा धर्मको एक-एक चरण कमी हुनेछ अर्थात् त्रेतायुगमा एक चौथाई, द्वापरयुगमा दुई चौथाई (आधा) र कलियुगमा तीन चौथाई (पौने) धर्म क्रमशः न्यून हुँदै जानेछ । अर्थात् जतिजति धर्मको आचरण पतन हुँदै जानेछ त्यती त्यति नै मनुष्यको आयुमा परिवर्तन हुँदै जानेछ यो मनुष्यको कर्मले निश्चित गर्ने नियम हो ।

अरोगाः सर्वसिद्धार्थाश्चतुर्वर्षशतायुषः ।
कृते त्रेतादिषु ह्येषां आयुर्ह्रसति पादशः ॥ १/८३ ॥

अर्थात्:- सत्ययुगमा सबै सात्विक ज्ञानी रहने हुनालेकोहि बीरामी हुँदैनन् र सबै सात्विक हुनाले जसको जे इच्छा इच्छा थियो, ती सबै इच्छा पूर्ण हुन्छ, मनुष्यको आयु ४०० वर्षको हुन्छ । त्रेतायुग, द्वापरयुग र कलियुग यी तीन युगमा मनुष्यमा आफ्नो धर्मको आचार त्याग गरेको कारण मनुष्यको आयुको एक एक चरण गरेर क्रमशः घटने छ, अर्थात् त्रेतायुगमा मनुष्यको आयु जम्मा ३०० वर्षको हुनेछ, द्वापरयुगमा मनुष्यको आयु जम्मा २०० वर्षको हुनेछ, कलियुगमा मनुष्यको आयु जम्मा १०० भन्दा पनि कम हुँदै जानेछ ।

वेदोक्तं आयुर्मर्त्यानां आशिषश्चैव कर्मणाम् ।
फलन्त्यनुयुगं लोके प्रभावश्च शरीरिणाम् ॥ १/८४ ॥

अर्थात्:- वेदमा मनुष्यको जो आयु निर्धारित गरिएको छ र इच्छा पूर्तिको लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जो कामना रहेको छ त्यो सधैं साश्वत् रहेको छ तर जति मनुष्यले आफ्नो धर्मको आचरण त्याग गर्नेछन् त्यति त्यति आफ्नो आयुलाई त्याग गर्नेछन् धर्मको आचरण त्याग गरेको कारणले नै प्रकृति (स्वभाव) अनुसार सबै कुरा युग अनुसार नै जस्तो आफ्नो कर्म छ त्यही कर्मको आधारमा त्यस मनुष्यले आफ्नो कर्मको कर्मफललाई प्राप्त गर्नेछ ।

अन्ये कृतयुगे धर्मास्त्रेतायां द्वापरेऽपरे ।
अन्ये कलियुगे नककणां युगह्रासानुरुपतः ॥ १/८५ ॥

अर्थात्:- युग अनुसार मनुष्यको धर्मको आचरण र उसको आफ्नो प्राकृतिक गुणको विधान पनि सबै युगमा पृथक् पृथक हुनेछ अर्थात् सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलियुगमा धर्मको अलग अलग विधान हुन् पुग्नेछ ।

तपः परं कृतयुगे त्रेतायां ज्ञानं उच्यते ।
द्वापरे यज्ञं एवाहुर्दानं एकं कलौ युगे ॥ १/८६ ॥

अर्थात्:- सत्ययुगमा केवल तपलाई धर्म मानिने छ, त्रेतामा ज्ञानलाई धर्म मानिनेछ, द्वापरयुगमा यज्ञलाई धर्म मानिने छ, र कलियुगमा दान अर्थात् धन तथा सम्पत्तिलाई नै मुख्य धर्म मानिने छ । यो विधान गुण धारकको विधान हो ।

सर्वस्यास्य तु सर्गस्य गुप्त्यर्थं स महाद्युतिः ।
मुखबाहूरुपज्जानां पृथक्कर्माण्यकल्पयत् ॥ १/८७ ॥

अर्थात्:- सृष्टिको कार्यलाई सञ्चालन गर्नको लागि मनुष्य शरीरलाई चार भाग ब्राह्मण, क्षत्रीय, वैश्य र शुद्र र सृष्टि सञ्चालनको लागि नै समाजलाई चारवर्णमा विभाजन गरिएको छ, शरीरको चार भाग मुख, बाहु, उरु र पाउ हुन् भने समाजको चार वर्ण ब्राह्मण, क्षत्रीय, वैश्य र शुद्र हुन् यी चारवर्ण सृष्टि सञ्चालनको विधान हो र चारवर्णको काम सृष्टि सञ्चालनमा पृथक पृथक कर्म निर्धारित गरिएको छ अर्थात् महातेजस्वी परमेष्ठीले सृष्टिलाई सञ्चालन संरक्षण र रक्षाको लागि मुख, बाहु, उरु र पाउ सबैको गुणधर्मबाट उत्पन्न वर्णको पृथक पृथक कर्म आदिष्ट गर्नुभएको थियो तर धर्मको आचरण पतन हुनाले प्रत्येक युगमा एकपछि अर्कोले आफ्नो गुणलाई पनि परिवर्तन गर्नेगरेका हुनेछन् तर मनुष्यको शरीरको संरचना भने त्यही नै रहेको हुनेछ ।

अध्यापनं अध्ययनं यजनं याजनं तथा ।
दानं प्रतिग्रहं चैव ब्राह्मणानां अकल्पयत् ॥ १/८८ ॥

अर्थात्:- वेद पढ्नु, वेद पढाउनु, यज्ञ गर्नु, यज्ञ गराउनु, दान दिनु र दान लिनु, यी ६ कर्म ब्राह्मण वर्णको लागि निश्चित गरिएको छ अर्थात् यी कर्म गर्नेलाई नै ब्राह्मण भनिन्छ ।

प्रजानां रक्षणं दानं इज्याध्ययनं एव च ।
विषयेष्वप्रसक्तिश्च क्षत्रीयस्य समासतः ॥ १/८९ ॥

अर्थात्:- वेद पढ्नु, यज्ञ गर्नु, प्रजाको रक्षा गर्नु, दान दिनु, विषय वास्नाबाट मुक्त हुनु क्षत्रीयको धर्म हो अर्थात् यो कार्य गर्नेलाई क्षत्रीय भनिन्छ ।

पशूनां रक्षणं दानं इज्याध्ययनं एव च ।
वणिक्पथं कुसीदं च वैश्यस्य कृषिं एव च ॥ १/९० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- वेद पढ्नु, चौपायाको रक्षा गर्नु, दान दिनु, यज्ञ गर्नु, व्यापार व्यवसाय गर्नु, व्याज लिनु र व्याज दिनु, खेतीपाति (कृषि) गर्नु यी सात कर्म वैश्यको लागि निश्चित गरिएको छ अर्थात् यी कर्म गर्नेलाई वैश्य वर्ण भनिन्छ ।

एकं एव तु शुद्रस्य प्रभुः कर्म समादिशत् ।
एतेषां एव वर्णानां शुश्रूषां अनसूयया ॥ १/९१ ॥

अर्थात्:- समाजसेवा, सारथीको कार्य गर्नु र तन मनले अन्य वर्णको द्विज वर्णको मनुष्यलाई (ब्राह्मण, क्षत्रीय, वैश्य) सहयोग गर्नु यही तीन कार्य शुद्रको लागि निश्चित गरिएको कर्म हो अर्थात् यी कार्य गर्ने मनुष्यको वर्ण शुद्र हो ।

ऊर्ध्व नाभेर्मेध्यतरः पुरुषः परिकीर्तितः ।
तस्मान्मेध्यतमं त्वस्य मुखं उक्तं स्वयंभुवा ॥ १/९२ ॥

अर्थात्:- मनुष्यको सबै अङ्ग पवित्र हुन् तर पवित्रतामा विशेष अङ्ग नाभीदेखि शिखासम्म अति पवित्र रहेको छ । विशेष गरेर मुखलाई अधिक पवित्र मानिएको छ किनकि मुखद्वारा सबैको कल्याण हुने ज्ञानको प्रवाह हुन्छ । जसले अरुको कल्याणको लागि ज्ञान दिन्छ र कार्य त्यही नै पवित्र हुन्छ त्यही ज्ञान दिएर पवित्र कार्य गर्नेलाई ब्राह्मण भनिन्छ ।

उत्तमाङ्गोद्भवाज्ज्येष्ठ्याद्ब्रह्मणश्चैव धारणात् ।
सर्वस्यैवास्य सर्गस्य धर्मतो ब्राह्मणः प्रभुः ॥ १/९३ ॥

अर्थात्:- संसारमा जुन मनुष्यले धर्मको पुरा आचरणलाई धारण गर्छ त्यस मनुष्यलाई ब्राह्मण भनिन्छ, ब्राह्मण धर्मको आचरणलाई धारण गरेको कारण सर्वश्रेष्ठ हो, ज्ञानको प्रवाहको कार्य मनुष्य ले आफ्नो मुख बाट गर्ने हुनाले मनुष्यको मुख नै ब्राह्मण हो । जो मनुष्यले ज्ञान प्रदान गर्छ जुन ज्ञान वेद अनुसार हुन्छ त्यही ज्ञान प्रदान गर्ने ब्राह्मण हो ज्ञान प्रदानको कार्य शरीरको पवित्र अङ्ग अर्थात् मुखबाट ज्ञान प्रदान गर्ने कार्य गरेको हुन्छ र वेद अनुसार कर्म गरेको हुन्छ त्यही मनुष्य ब्राह्मण हो ।

तं हि स्वयंभूः स्वादास्यात्तपस्तप्त्वादितोऽसृजत् ।
हव्यकव्याभिवाह्याय सर्वस्यास्य च गुप्तये ॥ १/९४ ॥

अर्थात्:- ब्रह्म अर्थात् शक्तिले आफ्नो शक्तिलाई विन्यासः गरी त्यही शक्तिद्वारा मनुष्यलाई आफ्नो ज्ञान दिएर आफ्नो कार्य सम्पन्न गराउनु भयो, जुन ज्ञान वेद हो त्यही वेदज्ञानलाई प्रदान गर्ने मनुष्य ब्राह्मण हो र ब्राह्मणद्वारा सम्पूर्ण जगत्मा ज्ञान प्रदान गरेर सबैको रक्षा होस् र मन्त्रबलद्वारा प्राणीको कल्याण देवताको लागि द्रव्य र पितृको लागि कव्य प्राप्त होस् भनेर कामना गर्ने मनुष्यलाई नै ब्राह्मण भनिन्छ ।

यस्यास्येन सदाश्नन्ति हव्यानि त्रिदिवौकसः ।
कव्यानि चैव पितरः किं भूतं अधिकं ततः ॥ १/९५ ॥

अर्थात्:- धर्मको गुणलाई धारण गरेको कारण मनुष्य ब्राह्मण हुन्छ धर्मलाई धारण गरेको कारणले नै ब्राह्मण आफ्नो कर्म मार्गमा महान् हुन्छ, ब्राह्मणको कर्मद्वारा नै सम्पूर्ण प्राणीको कल्याणको कामना, देवताले हव्य र पितृले कव्यलाई प्राप्त गरेका हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूतानां प्राणीनः श्रेष्ठाः प्राणीनां बुद्धिजीविनः ।
बुद्धिमत्सु नराः श्रेष्ठा नरेषु ब्राह्मणाः स्मृताः ॥ १/९६ ॥

अर्थात्:- चर-अचर प्राणीमा प्रकृति सन्तुलन र सञ्चालनमा भागी हुनाले सानो कीटाणुहरू श्रेष्ठ हुन्छन्, कीटाणुहरूमा चौपाया प्राणी श्रेष्ठ हो, चौपाया प्राणीहरू भन्दा दोपाया प्राणी श्रेष्ठ हो दोपाया प्राणीहरूमा पनि मनुष्य सर्वश्रेष्ठ हो र मनुष्यमा पनि वेदज्ञानी ब्राह्मण नै सर्वश्रेष्ठ हो ।

ब्राह्मणेषु च विद्वांसो विद्वत्सु कृतबुद्धयः ।
कृतबुद्धिषु कर्तारः कर्तृषु ब्रह्मवेदिनः ॥ १/९७ ॥

अर्थात्:- ब्राह्मणमा पनि वेदज्ञानलाई पढ्ने महान् र सर्वश्रेष्ठ हो, वेदज्ञान पढ्नेभन्दा पनि महान् र श्रेष्ठ वेदज्ञान अनुसार कार्म गर्नमा इच्छा राख्ने र वेदज्ञान अनुसार कर्मगर्ने मनुष्य श्रेष्ठ हो, वेदज्ञान अनुसार कर्म गर्नमा इच्छा राख्ने मनुष्य भन्दा पनि वेदज्ञान अनुसार नै कर्म गर्ने मनुष्य महान् र श्रेस्ठ मनुष्य हो, वेदज्ञान अनुसार कर्म गर्ने भन्दा पनि ज्ञानद्वारा नै ब्रह्मालाई जानेको ब्रह्मज्ञानी ब्राह्मण महान् र मनुष्यमा सर्वश्रेष्ठ मनुष्य हो ।

उत्पत्तिरेव विप्रस्य मूर्तिर्धर्मस्य शाश्वती ।
स हि धर्मार्थ उत्पन्नो ब्रह्मभूयाय कल्पते ॥ १/९८ ॥

अर्थात्:- वेदले निर्देशन गरे अनुसार नै आफ्नो सम्पूर्ण कर्म गर्ने र वेदले निर्देशन गरे अनुसार आचरण भएको मनुष्य नै ब्राह्मण हो त्यस्तो ब्राह्मण नै धर्मको मूर्ति हो र ब्राह्मण वर्ण नै धर्म र ज्ञान प्रदान गर्नको लागि बनाइएको विधान हो जसले वेद अनुसार आचरण र कर्म गर्छ त्यसले नै मुक्तिलाई प्राप्त गर्न योग्य रहेको हुन्छ ।

ब्राह्मणो जायमानो हि पृथिव्यां अधिजायते ।
ईश्वरः सर्वभूतानां धर्मकोशस्य गुप्तये ॥ १/९९ ॥

अर्थात्:- धर्मको नियमलाई धारण गर्नुलाई नै ब्राह्मण वर्ण भनिन्छ त्यसैले जसले धर्मको नियमलाई धारण गर्यो त्यही नै ब्राह्मण हो त्यसैले ब्राह्मण धर्मको मूर्ति हो र धर्म गर्नको लागि बनाइएको विधान ब्राह्मण वर्ण हो, अतएव मनुष्यले आफ्नो कर्म गरेर त्यही कर्म र आचरणलाई धारण गरेर ब्राह्मण बन्छ र त्यही ब्राह्मणले नै सम्पूर्ण प्राणीको कल्याण गर्दै आफ्नो धर्मद्वारा नै आफ्नो मुक्तिलाई प्राप्त गर्छ ।

सर्व स्वं ब्राह्मणस्येदं यत्किं चिज्जगतीगतम् ।
श्रैष्ठ्येनाभीजनेनेदं सर्वं वै ब्राह्मणोऽर्हति ॥ १/१०० ॥

अर्थात्:- यस सृष्टिमा जे जे विधान छ त्यो सबै मनुष्यको लागि हो त्यो विधानलाई जसले जानेको छ त्यही ज्ञानी हो किनकि ज्ञानीले नै आफ्नो ज्ञानको बलद्वारा नै त्यस वस्तुको ठीक ठीक तरिकाले उपभोग गरेर आफूलाई लाभ प्राप्त गर्नसक्छ र अन्य दोश्रोलाई ज्ञान दिएर कल्याण या भोग गर्नको लागि सहयोग गर्छ किनकि अज्ञानी आफ्नो न्यून अज्ञानको कारण कुनै पनि वस्तुको लाभ लिन सक्दैन । त्यसैले यो सृष्टिको सम्पूर्ण ज्ञान हुने मनुष्यलाई ब्राह्मण भनिन्छ त्यसैले सृष्टिको सबै ज्ञानीको लागि निर्देशन गरिएको छ किनकि ज्ञानीले ब्रह्माको उपदेशलाई सम्पूर्ण मनुष्यको कल्याणको लागि ज्ञान प्रदान गरेको हुन्छ तब ज्ञानी नै सर्वश्रेष्ठ हो अतएव मनुष्यमा ज्ञानी हुनाले ब्राह्मण वर्ण हो, ज्ञानी हुनाले नै ब्राह्मण वर्ण उत्तम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र सर्वश्रेष्ठ ज्ञानी हो ।

स्वं एव ब्राह्मणो भुङ्क्ते स्वं वस्ते स्वं ददाति च ।
आनृशंस्याद्ब्राह्मणस्य भुञ्जते ही तरे जनाः॥ १/१०१ ॥

अर्थात्:- ब्राह्मण वर्णले पहिले ज्ञानलाई आफूमा आफूले नै ग्रहण तथा आफूमा नै धारण गर्छ र त्यसपछि अन्य मनुष्यलाई त्यही ज्ञानअनुसार कर्म गर्नको लागि निर्देशन दिन्छ र सिकाउने कर्म गर्छ ब्राह्मणको त्यही ज्ञानलाई धारण गर्ने अन्य मनुष्यले पनि शाश्वत आनन्दको परम पद सजिलोसँग प्राप्त गर्न सक्छन् ।

तस्य कर्मविवेकार्थं शेषाणां अनुपूर्वशः ।
स्वायंभुवो मनुर्धीमानिदं शास्त्रं अकल्पयत् ॥ १/१०२ ॥

अर्थात्:- ब्राह्मणको विधान र ब्राह्मणको कर्मको बारेमा, क्षत्रीयको विधान क्षत्रीय कर्मको विधानको बारेमा र अन्य वर्णको विधान र कर्मको बारेमा र अन्य वर्णको कर्मको बारेमा मैले ब्रह्माबाट ज्ञान प्राप्त गरेर नै यस ज्ञानलाई मैले हजुरहरूलाई सुनाएको हूँ ।

विदुषां ब्राह्मणेनेदं अध्येतव्यं प्रयत्नतः ।
शिश्येभ्यश्च प्रवक्तव्यं सम्यङ्नान्येन केन चित्॥ १/१०३ ॥

अर्थात्:- जुन मनुष्यले वेदको ज्ञानलाई पढेको र त्यही ज्ञानलाई आफूमा धारण गरेको हुन्छ र त्यही वेदज्ञान अन्य मनुष्यलाई प्रदान गरेको हुन्छ त्यस मनुष्यलाई नै ब्राह्मण भनिन्छ जुन ब्राह्मण हो त्यसलाई वेदज्ञान प्राप्त हुनाले नै पण्डित भनिन्छ, पण्डित कर्मगर्ने पण्डितले वेदज्ञानलाई मिहिनेत पूर्वक पढ्ने गर्नु आफ्नो शिष्य (चेला विद्यार्थी) लाई पनि पढाउनु र वेदज्ञान पढेको तर क्षत्रीय कर्मगर्ने क्षत्रीय वर्णको मनुष्यले पनि वेदज्ञानलाई पढ्ने गर्नु पर्छ र वेदले निर्देशन गरेको कर्म गर्नुपर्छ किन्तु क्षत्रीय वर्णको कर्म गर्ने मनुष्यले वेदज्ञान अन्यलाई पढाउने कर्म भने गर्नु हुँदैन ।

इदं शास्त्रं अधीयानो ब्राह्मणः शंसितव्रतः ।
मनोवाग्गेहजैर्नित्यं कर्मदोषैर्न लिप्यते ॥ १/१०४ ॥

अर्थात्:- जुन मनुष्यले वेदलाई पढेको हुन्छ, वेदज्ञान अनुसार नै व्रत गरेको हुन्छ त्यस्तो मनुष्य मन, वाणी र शरीरबाट उत्पन्न हुने सम्पूर्ण कर्मको दोषमा लिप्त हुँदैन । कर्मको दोषमा लिप्त नहुने मनुष्यलाई नै ब्राह्मण भनिन्छ भन्ने जान्नुपर्छ र बुझ्नुपर्छ ।

पुनाति पङ्क्तिं वंश्यांश्च सप्तसप्त परावरान् ।
पृथिवीं अपि चैवेमां कृत्स्नां एकोऽपि सोऽर्हति ॥ १/१०५ ॥

अर्थात्:- वेदको ज्ञानलाई धारण गरी वेदज्ञान अनुसार कर्मगर्ने मनुष्य पापकर्म गर्नबाट मुक्त भई मुक्तिको अवस्थालाई प्राप्त गर्छ, जसले पाप कर्म गर्दैन त्यही ब्राह्मण हो, जुन मनुष्यले वेद अनुसार कर्म गरेको हुन्छ त्यस मनुष्यले पहिलेको आफ्नो सातपुस्ता र पछिको सात पुस्तालाई समेत पवित्र गर्छ । जो मनुष्य वेदको ज्ञाता रहेको हुन्छ त्यस ज्ञानी मनुष्य अर्थात् ब्राह्मणले सृष्टिको सम्पूर्ण अवयवको संरचनाको ज्ञानलाई समेत आफूमा नै धारण गरेको हुन्छ ।

इदं स्वस्त्ययनं श्रेष्ठं इदं बुद्धिविवर्धनम्
इदं यशस्यं आयुष्यं इदं निःश्रेयसं परम् ॥ १/१०६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- वेदज्ञान नै सम्पूर्ण मनुष्यको कल्याण, बुद्धि, यश, सृष्टिको ज्ञान र आयुको ज्ञानदाता हो ।

अस्मिन्धर्मोऽखिलेनोक्तो गुणदोषौ च कर्मणाम् ।
चतुर्णा अपि वर्णानां आचारश्चैव शाश्वतः ॥ १/१०७ ॥

अर्थात्:- वेदमा नै सम्पूर्ण ज्ञानको विधान रहेको छ, सबै धर्म-कर्मको गुण-दोष र चार वर्णको आचरणको बारेमा भनिएको सम्पूर्ण विधानको पूर्णज्ञान केवल वेदमा नै दिइएको छ ।

आचारः परमो धर्मः श्रुत्युक्तः स्मार्त एव च ।
तस्मादस्मिन्सदा युक्तो नित्यं स्यादात्मवान्द्विजः ॥ १/१०८ ॥

अर्थात्:- जुन ज्ञानको विधान र आचरणलाई वेदज्ञानमा भनिएको छ त्यो विधानअनुसार आफ्नो आचरण र कर्म गर्नु नै परमधर्म हो त्यसैले चारवर्णले शुद्र, वैश्य, क्षत्रीय र ब्राह्मणले यदि आफ्नो कल्याण चाहाने हो भने वेदमा निर्देशन गरिएको ज्ञान अनुसार नै आफूले आफ्नो गुणलाई, कर्मलाई, आचरणलाई, धारण र वरण गरेर आफ्नो कर्मलाई सम्पन्न गर्नु पर्दछ ।

(समयको कलमः- उपरोक्त श्लोकलाई ऋषि दयानन्द सरस्वतीले आफ्नो अमरकृति "सत्यार्थ प्रकाश"मा निम्न अर्थ दिनुभएको छः ('भन्ने र सुन्ने, सुन्ने र सुनाउने, पढ्ने-पढाउने भन्नुको अर्थ यो हो कि "मनुष्यले वेद र वेद अनुकूल स्मृतिमा प्रतिपादित भएको धर्मको विधानलाई नै आफ्नो आचरणमा लागु गर्नुपर्छ । त्यसैले आफ्नो कल्याण चाहने मनुष्यले सधैं आफ्नो धर्माचारमा युक्त रहनुपर्छ" सत्यार्थ प्रकाश तृतीय समुल्लास)

("जो सत्य वचन बोल्छ, मधुर वचन बोल्ने गर्छ, वेद अनुसार कर्मको आचरण गर्छ यही वेदमा र अन्य स्मृतिमा भनिएको जुन भनाई वेद सङ्गत हो त्यही भनाई नै सत्य आचरण हो" सत्यार्थ प्रकाश दशौं समुल्लास)

"वेदमा भनिएको र वेदको विधानअनुसार नै रहेको तर अन्य स्मृतिमा पनि भनिएको जो नियम तथा आचरण रहेका छन् त्यही विधान नै परमधर्म र सर्वश्रेष्ठ धर्म हो, त्यसैले आफ्नो कल्याण चाहाने द्विज मनुष्यले श्रेष्ठाचरण गर्नमा निरन्तर प्रयत्नशील रहनुपर्छ"समयको कलम)

आचाराद्विच्युतो विप्रो न वेदफलं अश्नुते ।
आचारेण तु संयुक्तः सम्पूर्णफलभाज्भवेत् ॥ १/१०९ ॥

अर्थात्:- आचरणरहित मनुष्य चाहे त्यो ब्राह्मण होस् या अन्य वर्ण नै किन नहोस् उसले वेदको ज्ञानलाई ग्रहण गर्न सक्दैन र आचारसहितको मनुष्य ब्राह्मण होस् या अन्य वर्णको होस् त्यस मनुष्यले नै वेदको ज्ञानलाई ग्रहण गर्नसक्छ अर्थात् आचार रहित भएको कसैले पनि वेदले भनेको ज्ञानलाई आफूमा ग्रहण गर्न सक्दैन भने आचारसहित रहेको जोसुकै मनुष्यले पनि वेदले निर्देशन गरेको ज्ञानलाई ग्रहण गर्नसक्छ ।

एवं आचारतो दृष्ट्वा धर्मस्य मुनयो गतिम् ।
सर्वस्य तपसो मूलं आचारं जगृहुः परम् ॥ १/११० ॥

अर्थात्:- वेदमा भनिएको आचरणलाई जब मैले (मनु) आफूमा धारण गरे त्यसको नतिजा उत्तम प्राप्त भयो तब मैले वेदमा भनिएको आचरणलाई नै आफूमा धारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर आफ्नो धर्मलाई प्राप्त गरेँ, तब ज्ञान भयो र सबै तपको मूल नै आचरण हो, आचरणको ज्ञानको विधानको मूल नै वेद हो । त्यही आचारणको विधान वेदले भने अनुसार नै मैले आचरण अपनाए त्यही आचरण अनुसार नै मैले सृष्टि विधान र ब्रह्मविधानको बारेमा ज्ञान प्राप्त गरे त्यो ज्ञानको मूल वेद हो त्यही वेदले निर्देशन गरेको ज्ञानको विधान नै मैले हजुरहरूलाई प्रदान गर्दैछु पछिपनि आउने श्लोकमा वेद निर्देशित ज्ञान सुन्नुहोस्:

जगत्श्च समुत्पत्तिं संस्कारविधिं एव च ।
व्रतचर्योपचारं च स्नानस्य च परं विधिम् ॥ १/१११ ॥

अर्थात्:- जुन संस्कार तथा आचारलाई शास्त्रमा भनिएको छ त्यो पनि अघि सुन्नुहोस् सृष्टि उत्पत्तिको विधान पुरा भयो अब अघि संस्कार विधि, व्रतको आवश्यकता, स्नानको विधि लगायत अन्य विविध विधिलाई पनि सुन्नुहोस्:

(समयको कलम:(संस्कार १६ छन् ती हुन:

१) गर्भाधान,	२) पुंसवन,	३) सीमन्तोन्नयन,
४) जातकर्म,	५) नामकरण,	६) निष्क्रमण,
७) अन्नप्राशन,	८) चूडाकर्म,	९) कर्णवेध,
१०) उपनयन,	११) वेदारम्भ,	१२) समावर्तन,
१३) विवाह,	१४) सन्यास,	१५) वानप्रस्थ,
१६) अन्त्येष्टि,		

दाराधिगमनं चैव विवाहानां च लक्षणम् ।
महायज्ञविधानं च श्राद्धकल्पं च शाश्वतम् ॥ १/११२ ॥

अर्थात्:- स्त्री (श्रीमती) प्रसङ्ग, विवाहको लक्षण, महायज्ञ विधान, श्राद्धको विधि आदिको बारेमा तथा ।

वृत्तीनां लक्षणं चैव स्नातकस्य व्रतानि च ।
भक्ष्याभक्ष्यं च शौचं च द्रव्याणां शुद्धिं एव च ॥ १/११३ ॥

अर्थात्:- जीवनवृत्ति अर्थात् जीवन जीविकाको लक्षण, स्नातक अर्थात् ब्रह्मचारीको व्रत, भक्ष्य र अभक्ष्य अर्थात् खान हुने र खान नहुने पदार्थ, शौच अर्थात् पवित्रता, द्रव्यको शुद्ध गर्ने विधिको बारेमा तथा ।

स्त्रीधर्मयोगं तापस्यं मोक्षं संन्यासं एव च ।
राज्ञश्च धर्म अखिलं कार्याणां च विनिर्णयम् ॥ १/११४ ॥

अर्थात्:- स्त्रीको धर्म-योग, तप, मोक्ष र सन्यासको धर्म, राजाको धर्म र सबै कर्मको विचारको विधानको बारेमा ।

साक्षीप्रश्नविधानं च धर्म स्त्रीपुंसयोरपि ।
विभागधर्म द्यूतं च कण्टकानां च शोधनम् ॥ १/११५ ॥

अर्थात्:(साक्षीको प्रश्नको विधान अर्थात् गवाहको गवाही दिने विधि, पुरुष र स्त्रीको धर्म, धर्मको विभाग, द्युत (जुवा) विषयमा अपराधीको लागि राजाद्वारा दिइने दण्डको विधानको बारेमा ।

वैश्यशुद्रोपचारं च संकीर्णानां च संभवम् ।
आपद्धर्म च वर्णानां प्रायश्चित्तविधिं तथा ॥ १/११६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- वैश्य र शुद्रको धर्म, वर्णसङ्करको उत्पत्ति, संकटको समयमा वर्णको धर्म, प्रायश्चित अर्थात् पापबाट मुक्त हुने विधिको नियम र विधानको बारेमा।

संसारगमनं चैव त्रिविधं कर्मसंभवम्।
निःश्रेयसं कर्मणां च गुणदोषपरीक्षणम्॥ १/११७॥

अर्थात्:- शुभ र अशुभ कर्मबाट उत्तम, मध्यम व अधम शरीरलाई कसरी प्राप्त हुन्छ, जन्मलाई अर्थात् योनीप्राप्त गर्ने विधान, उत्तम ज्ञान अर्थात् आत्मज्ञानद्वारा शुभाशुभ कर्मको फलको बारेमा।

देशधर्मान् जातिधर्मान्कुलधर्माश्च शाश्वतान्।
पाखण्डगणधर्माश्च शास्त्रेऽस्मिन्नुक्तवान्मनुः॥ १/११८॥

अर्थात्:- देशधर्म, जातिधर्म, कुलधर्म र पाखण्डीधर्म अर्थात् देश, जाति, कूल र पाखण्डी यी सबैको धर्मको बारेमा मैले जुन ज्ञान प्राप्त गरे त्यही ज्ञान मैले हजुरलाई प्रदान गर्नेछु।

यथेदं उक्तवान् शास्त्रं पुरा पृष्टो मनुर्मया।
तथेदं यूयं अप्यद्य मत्सकाशान्निबोधत॥ १/११९॥

अर्थात्:- यसरी मनुमहाराजलाई सृष्टि विधानको बारेमा जान्नको लागि हामीले सोधेका थियौं त्यही प्रकारले क्रमशः मनु महाराजको मुखबाट हामीले यो ज्ञान सुनेका थियौं, जुन प्रकारले हामीले क्रमशः सोधेका थियौं त्यही प्रकारले उहाँले हामीलाई ज्ञान क्रमशः सुनाउनु भयो भनेर ऋषि भृगुजीले भन्नु भएकोछ। अब अघिमाथि भनिएको जस्तै क्रमशः भनिएको ज्ञानलाई हजुरले पनि सुन्नुहोस्:

ॐ तत्सदिति महर्षि मनुमहाराजस्य कृत मनुस्मृति विधानां विद्यायां नियमशास्त्रे भृगु-समय संवादे मनुस्मृति अन्तर्गते सृस्टि उत्पत्ति एवं धर्म उत्पत्ति विषय नामक विविध ज्ञानां प्रथमोऽध्यायः।

अर्थात्:- महर्षि मनुमहाराजद्वारा निर्देशित मनुस्मृतिको नियम र विधान अन्तर्गतको भृगु र समय बीचमा भएको र संवादमा रुपमा रहेको मनुस्मृतिको सृस्टि उत्पत्ति, धर्म उत्पत्ति विषयको विभिन्न विधानमा रहेको पहिलो अध्याय समाप्त भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

।। अथ द्वितीयोऽध्यायः ।।

मनुस्मृति अध्याय २

संस्कार एवम् ब्रह्मचार्य आश्रम

विद्वद्भिः सेवितः सद्भिर्नित्यं अद्वेषरागिभिः ।
हृदयेनाभ्यनुज्ञातो यो धर्मस्तं निबोधत ॥ २/१ ॥

अर्थात्:- रागद्वेष रहित भएर, सत्यज्ञान वेदज्ञनलाई धारण गरेको विद्वान्हरू ले जुन धर्मको नित्य आचरण गरेका हुन्छन् र जुन कार्यालाई हृदयदेखि नै सत्कर्तव्य हो भन्ने भावना आउँछ त्यो कर्म नै मानवीय कार्य हो भनेर सधैं बुझ्नुपर्छ ।

कामात्मता न प्रशस्ता न चैवेहास्त्यकामता ।
काम्यो हि वेदाधिगमः कर्मयोगश्च वैदिकः ॥ २/२ ॥

अर्थात्:- फलको ईच्छाको कामना गरेर कुनै पनि कर्म गर्नु राम्रो विधान हैन किनकि फलको इच्छाले गरिएको कर्मको कर्मफल प्राप्त गर्न र त्यो कर्मको कर्मफल भोग गर्नको लागि निरन्तर जन्म लिनुपर्छ र जो नित्यकर्म र नैमिक्तिक कर्म छ, त्यहि कर्मले मात्र आत्मज्ञान प्राप्त गर्नमा सहायक हुन्छ त्यही नित्यकर्म र नैमित्तिक कर्मले मात्र मुक्तिलाई प्रदान गर्छ, परन्तु यस वर्णनको अर्थ यो हैन कि साधारण इच्छा पनि गर्नको लागि नै वीर्जत गरिएको भने हो भन्ने, किनकि गरिएको कर्मको भावना के हो त्यो महत्वपूर्ण कुरा हो भनेर वेदज्ञानमा विस्तृत रुपले भनिएको छ ।

संकल्पमूलः कामो वै यज्ञाः संकल्पसंभवाः ।
व्रतानि यमधर्माश्च सर्वे संकल्पजाः स्मृताः ॥ २/३ ॥

अर्थात्:- जुन सत्पुरुष रिस, राग, द्वेष घमण्ड, अहङ्कार ईर्ष्या रहित भएर मनुष्यले आफ्नो गुणलाई धारण गरेर र श्रेष्ठ विद्वान्को गुणलाई आफूमा धारण गरी सम्पूर्ण प्राणी र सृष्टिको विधानको नियमअनुसार कर्म गर्छन त्यही उत्तम कर्मलाई नै धर्म भनिन्छ भन्ने जान, ती सत्पुरुषले दिएको धर्मको र आफ्नो कल्याणको ज्ञानलाई सुन, गुन, मनन गर र धारण गर त्यही तिम्रो वर्ण हो ।

अकामस्य क्रिया का चिन्दृश्यते नेह कर्हि चित् ।
यद्यद्धि कुरुते किं चित्ततत्कामस्य चेष्टितम् ॥ २/४ ॥

अर्थात्:- इच्छाविना कुनै कर्म हुँदैन, यहाँ जे जे जो जो हुन्छ त्यो सबै मनुष्यको आफ्नो इच्छाद्वारा नै हुन्छ किनकि हात, खुट्टा, आँखा, मन सबै मनुष्यको शरीरबाट नै चलेको हुन्छ यी सबै अङ्ग मनको कमानाद्वारा नै सञ्चालन भएका हुन्छन् । यी सबै जुन कर्म या अन्य विधान मा इच्छा छैन त्यहाँ एक आँखा खोल्न या आँखा बन्द गर्नको लागि पनि सम्भव हुँदैन ।

(समयको कलमः- मनुष्यले यो निश्चय गर्नुपर्छ कि निष्काम पुरूषमा नेत्रको सङ्कोचको विकास हुनु सर्वथा असम्भव रहेको हुन्छ, यसबाट यो सिद्ध हुन्छ कि मनुष्यले जे पनि कर्म गरेको हुन्छ त्यो कर्म चेष्टा या कामना बिना गरेको हुँदैन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेषु सम्यग्वर्तमानो गच्छत्यमरलोकताम् ।
यथा संकल्पितांश्चेह सर्वान्कामान्समश्नुते ।। २/५ ॥

अर्थात्:- यदिकोही मनुष्यले इच्छा रहित भएर आफ्नो कर्म गर्छ भने त्यस मनुष्यले मुक्तिपदलाई प्राप्त गरेको हुन्छ नै र साथ साथ त्यस मनुष्यलाई संसारको सांसारिक इच्छाको पूर्तिपनि त्यही कर्मद्वारा नै प्राप्त हुन्छ ।

वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम् ।
आचारश्चैव साधूनां आत्मनस्तुष्टिरेव च ॥ २/६ ॥

अर्थात्:- वेदको ज्ञान, वेदको वचन, वेदज्ञाताको आफ्नो अनुभूति र अनुभवको वचन, कर्म र मनुष्यको कर्म र त्यस कर्म जुन कर्म गरेमा आफ्नो मन शान्त हुन्छ । कर्म र त्यस कर्मको कर्मफलको विधान लगायत सृष्टिको सम्पूर्ण विधानको र सबै धर्म र ज्ञानको मूल नै वेद हो ।

यः कश्चित्कस्य चिद्धर्मो मनुना परिकीर्तितः ।
स सर्वोऽभिहितो वेदे सर्वज्ञानमयो हि सः ॥ २/७ ॥

अर्थात्:- मैलेमाथि भनेका सबै ज्ञान, सबै वर्णको धर्मको ज्ञानको विषय रहेको जुन विधान हो त्यो सबै विधान वेदमा भनिएको विधान हो ।

(समयको कलमः- ऋषिहरूको जिज्ञासामा मनु महाराजले भन्नु भयो मैले दिएको यो ज्ञान (मनुस्मृति)को विधान वेदअनुसार नै हो भन्नुभएको छ अतः मनुप्रोक्त प्रवचन नै थियो जब मनुमहाराजले यो ज्ञान दिनुभएको थियो त्यतिवेलासम्म मनुस्मृति ग्रन्थ विधान रुपमा निबद्ध भएको थिएन धेरैपछि मनुस्मृतीलाई ग्रन्थको रुपमा निबद्ध गरियो र यसलाई 'मनु विधानको' रुपमा मान्यता प्राप्त भयो । किन्तु यस श्लोकमा "मनुना" शब्द प्रयोग भएको छ र भनिएको पनि छ त्यस शब्दको अर्थ सन्दर्भअनुसार मनु नाम नै भनिएको हो भन्ने हुँदैन मनमा नै स्वीकार गर्नु या मनद्वारा नै मान्नु भन्नेहुन्छ जो मनमा स्वीकार गर्ने ज्ञान हो त्यो ज्ञान वेदमा छ भनेर महर्षि मनुमहाराजले भन्नुभएको हो मैले भनेको यी सबै ज्ञानको विधान सबै वेदमा छ भनेर । वेदको यस्तो प्रशंसा मनु सदृश आप्त पुरूषले स्वयं भन्नुभएको छ अतः 'मनुना परिकीर्तिताः' यस श्लोकको शब्दबाट नै यस श्लोक मिलावट गरिएको परवर्ती र प्रक्षिप्त हो सिद्ध हुँदैन, मनुस्मृतिको विधानलाई पूर्ण वेदसङ्गत छ भन्ने यो श्लोकले प्रामाणित गर्छ यदि मनुस्मृतिमा कुनै भएको श्लोक वेद विरुद्ध भएमा त्यो श्लोक प्रक्षिप्त श्लोक हो भन्ने बुझिन्छ त्यही श्लोकको सफाइ अभियानमा समयले आफ्नो कर्म गरिरहेको छ ।

सर्व तु समवेक्ष्येदं निखिलं ज्ञानचक्षुषा ।
श्रुतिप्रामाण्यतो विद्वान्स्वधर्मे निविशेत वै ।। २/८ ॥

अर्थात्:- विद्वान् मनुष्य ज्ञानदृष्टिद्वारा ज्ञान र धर्ममूल वेदअनुसार साधुजनको आचरण र मनको सन्तुष्टि लाई पूर्णतया मानेर उत्तमसँग वेद ज्ञानको प्रमाणलाई मुख्य आधार मानेर मनुष्यले आफ्नो प्रकृति र आफ्नो गुण, कर्म, स्वभाव र क्षमतालाई वेद अनुकूलको नियमलाई धारण अर्थात् वेद ले निर्देशन गरेको धर्मलाई मनुष्यले सधैं धारण गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुतिस्मृत्युदितं धर्म अनुतिष्ठन्हि मानवः ।
इह कीर्ति अवाप्नोति प्रेत्य चानुत्तमं सुखम् ॥ २/९ ॥

अर्थात्:- श्रुति र स्मृति यी दुवै विधानमा भनिएको धर्मको विधानलाई धारण गरेर त्यही विधानअनुसार आफ्नो कर्म, आफ्नो अनुष्ठान गर्ने मनुष्यले यस संसारमा कीर्तिलाई प्राप्त गरेको हुन्छ र मृत्युपछि पनि अपूर्व सुखलाई प्राप्त गर्छ, जुन यस्तो सुख उत्तम सुख हो त्यो नै मोक्षको सुख हो अर्थात् जो मनुष्यले वेदोक्त तथा स्मृत्युक्त (पूर्व प्रतिपादित आर्ष स्मृति, अनार्ष हैन) कर्म-धर्मको आचरण र अनुष्ठान गरेको हुन्छ त्यस मनुष्यले यस लोकमा कीर्ति र मृत्युपछि सर्वोत्तम सुखलाई प्राप्त गरेको हुन्छ ।

(समयको कलमः- यहा स्मृति भनेको कुनै पुस्तक हैन आफूले गरेको कर्मको परिणामलाई पनि ध्यान राखेर कर्म गर्नु जुन कर्म पहिले गरेको हो तर परिणाम आफू अनुकूल होस् या प्रतिकूल होस् त्यो परिणामको ज्ञानलाई ध्यान राख्नु भनिएको हो त्यही ज्ञानलाई स्मृति भनिएको हो, त्यही स्मृतिअनुसार नै पछि गरिने कर्मलाई ध्यान दिनु भन्ने अर्थमा यो स्मृति शब्द आएको हो)

श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः ।
ते सर्वार्थेष्वमीमांस्ये ताभ्यां धर्मो हि निर्बभौ ।। २/१० ॥

अर्थात्:- श्रुति भनेर वेदलाई र स्मृति भनेर धर्मशास्त्रलाई भनिन्छ यी दुवै विधान धर्म र कर्तव्यको विषयमा निर्विवाद छन्, किनकि यी दुवै धर्म र कर्तव्य कर्मको ज्ञान श्रुति र स्मृतिबाट नै प्राप्त भएको हो ।

योऽवमन्येत ते मूले हेतुशास्त्राश्रयाद्द्विजः ।
स साधुभिर्बहिष्कार्यो नास्तिको वेदनिन्दकः॥ २/११ ॥

अर्थात्:- जुन मनुष्यले झुटो र अनुचित तर्कद्वारा श्रुति वेदज्ञान र आफ्नो अनुभूतिको स्मृति शास्त्रको ज्ञानलाई अनादर गर्छ, त्यही मनुष्यलाई नास्तिक भनिन्छ, त्यस्तो नास्तिक व्यक्ति समाजको लागि घातक हुन्छ, त्यस्तो व्यक्तिलाई आफ्नो समूहबाट बाहिर निकाल्नु पर्छ किनकि यस्तो व्यक्तिले समाजलाई गलत बाटोमा लैजाने गर्छन ।

वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियं आत्मनः ।
एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम् ॥ २/१२ ॥

अर्थात्:- अतः वेदको ज्ञान, आफ्नो सात्विक कर्मको स्मृतिज्ञान, सत्पुरुषको आचरण र आफ्नो अन्तरमनको प्रियाचरण, यी चार प्रकारको लक्षण नै धर्मको सुस्पष्ट लक्षण हुन्, यही चार नियमद्वारा नै धर्मको स्वरुप लक्षित रहेको हुन्छ ।

अर्थकामेष्वसक्तानां धर्मज्ञानं विधीयते ।
धर्म जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः ॥ २/१३ ॥

अर्थात्:- जो मनुष्य लोभ र कामनामा लिप्त हुँदैन त्यस्तो मनुष्यलाई ज्ञानी भनिन्छ, यस्तो ज्ञानी मनुष्यलाई धर्मज्ञानको बोध हुन्छ धर्मज्ञानको परम ज्ञान तथा सम्पूर्ण ज्ञानको विधान वेद नै हो ।

श्रुतिद्वैधं तु यत्र स्यात्तत्र धर्मावुभौ स्मृतौ ।
उभावपि हि तौ धर्मौ सम्यगुक्तौ मनीषिभिः ॥ २/१४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- श्रुति ज्ञानमा अर्थात् वेदमा कहीँ पनि विरोधाभाष ज्ञान छैन यदि कुनै पनि ज्ञानीलाई त्यस्तो श्रुतिमा अलग अलग विधानको ज्ञान प्राप्तभयो भने ती दुवै विधानलाई नै धर्म हो भनेर मान्नू किनकि वेदको ज्ञान र विधान नै धर्म र ज्ञानको विधानको पूर्ण विधान हो ।

उदितेऽनुदिते चैव समयाध्युषिते तथा ।
सर्वथा वर्तते यज्ञ इतीयं वैदिकी श्रुतिः ॥ २/१५ ॥

अर्थात्:- सूर्यको उदयसँग यज्ञ गर्नु र सूर्यको अस्तसँग नै यज्ञ गर्नु यी दुवै भनाई विरोधीदेखिन्छ तर दुवै नियम मनुष्यको कर्मअनुसार उत्तम विधान हो ।

निषेकादिश्मशानान्तो मन्त्रैर्यस्योदितो विधिः ।
तस्य शास्त्रेऽधिकारोऽस्मिन् ज्ञेयो नान्यस्य कस्य चित् ॥ २/१६ ॥

अर्थात्:- गर्भाधान संस्कारदेखि लिएर अन्त्येष्टिसम्मको संस्कार-विधि जुन द्विजको लागि वेदमन्त्रमा वर्णित गरिएको छ, त्यही ज्ञानअनुसार संस्कार गर्नु र त्यही संस्कार आफ्नो सन्तानलाई सिकाउनु, संस्कारको ज्ञान आफ्नो सन्तानलाई वेदबाट नै सिकाउनु अन्य कुनै असंस्कृत अपवित्र भनाईबाट हैंन र अपवित्र र असंस्कृत कार्यको लागि वेद मन्त्र हैंन । अतः अर्थकाममा आसक्त नभई धर्मज्ञानको प्राप्तिको लागि गर्भधान आदि संस्कारद्वारा आफ्नो सन्तानलाई पवित्रात्मा वनाउनु पनि नितान्तः आवश्यक छ किनकि यो पनि एक धर्मको नियम हो ।

सरस्वतीदृशद्वत्योर्देवनद्योर्यदन्तरम् ।
तं देवनिर्मितं देशं ब्रह्मावर्त प्रचक्षते ॥ २/१७ ॥

अर्थात्:- सिन्धु र ब्रह्मपुत्र यी दुवै नदीलाई देवनदी भनिन्छ यही देवनदिको बीचको जुन भूभाग अर्थात् अन्तर्वर्ती स्थान रहेको छ, जहाँ ज्ञानी महात्मा अर्थात् आर्य बसेको स्थान रहेको छ त्यस स्थानलाई ब्रह्मावर्त भनिन्छ अर्थात् ज्ञानी बसोवास गर्ने स्थनलाई ब्रह्मवर्त भनिन्छ ।

तस्मिन्देशे य आचारः पारम्पर्यक्रमागतः ।
वर्णानां सान्तरालानां स सदाचार उच्यते ॥ २/१८ ॥

अर्थात्:- ब्रह्मवर्त देशमा चार वर्णको आश्रम आफ्नो आचारमा निपूर्ण रहेको छ जुन आचरण परम्परादेखि क्रमअनुसार चलिरहेको छ र ब्रह्मावर्तमा वर्णशङ्करको कार्य र आचार निषेध छ ब्रह्मावर्तमा सदाचार नै सदाचार भएर पूर्ण सदाचार भएको ज्ञानी बस्ने भएको क्षेत्र हुनाले यसलाई ब्रह्मबर्त भनिन्छ ।

कुरुक्षेत्रं च मत्स्याश्च पञ्चालाः शूरसेनकाः ।
एष ब्रह्मर्षिदेशो वै ब्रह्मावर्तादनन्तरः ।। २/१९ ॥

अर्थात्:- ब्रह्मवर्तभित्र कुरुक्षेत्र, मत्स्य, पाञ्चाल, शूरसेन यो सबै क्षेत्र पर्छ, यी क्षेत्र ब्रह्मऋषिको क्षेत्र हो, त्यसैले यो क्षेत्रलाई ब्रह्मर्षिको देश ब्रह्मदेश पनि भनिन्छ ।

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन्पृथिव्यां सर्वमानवाः ॥ २/२० ॥

अर्थात्:- पृथ्वीको सम्पूर्ण मनुष्यको आफ्नो उत्पत्ति विस्तार तथा आचार तथा धर्मको ज्ञानको वारेमा जान्न चाहेमा यही ब्रह्मर्षि देशमा जानुपर्छ र त्यही ब्रह्मर्षि देशमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वस्ने वेदज्ञानी ब्राह्मणको मुखबाट मनुष्यले आफ्नो इतिहासको सत्यता सुन्नू, ती सबै ऋषिले सत्य ज्ञान प्रदान गर्नुहुनेछ । सबै मनुष्यको आफ्नो आफ्नो पुर्खा तथा ऋषिको बारेमा ।

हिमवद्विन्ध्ययोर्मध्यं यत्प्राग्विनशनादपि ।
प्रत्यगेव प्रयागाच्च मध्यदेशः प्रकीर्तितः ॥ २/२१ ॥

अर्थात्:- ब्रह्मावर्त देशमा हिमालय र विन्ध्याचपर्वतको मध्यवर्ती क्षेत्रको रहेको छ, जुन मध्यवर्ती स्थान सिन्धुदेखि पूर्वतिर र प्रयागक्षेत्रदेखि पश्चिमतिर विस्तृत रुपमा फैलिएर रहेको जुन क्षेत्र छ त्यो पुरा भू-खण्डको क्षेत्रलाई मध्यदेश भनिन्छ ।

आ समुद्रात्तु वै पूर्वादा समुद्राच्च पश्चिमात् ।
तयोरेवान्तरं गिर्योरार्यावर्त विदुर्बुधाः ॥ २/२२ ॥

अर्थात्:- आर्यावर्तको क्षेत्रमा उत्तरमा हिमालय, दक्षिणमा विन्ध्याचल, पूर्वदेखि पश्चिमको समुद्रसम्म तथा पश्चिममा बहने सरस्वती, अटक नदी (सिन्धु) जो उत्तरको पहाडबाट निस्किएर पश्चिम समुद्रको खाडीसम्मको भू-भाग हो र पूर्वमा अश्ववद्ती, जो नेपालको पूर्वभाग पहाड हुँदै बंगाल र आसामको पूर्व र ब्रह्मादेशको पश्चिमतिर भएर दक्षिणको समुद्रसम्मको पुरा भू-खण्डको पुरा क्षेत्रलाई ब्रह्मपुत्रको क्षेत्र भनिन्छ ।

(समयको कलमः-हिमालयको मध्यरेखाबाट दक्षिणतिर र पहाडको भित्रको भाग र रामेश्वर पर्यन्त विन्ध्याचलभित्र जति पनि देश रहेका छन् यो पुरा क्षेत्रलाई आर्यावर्त भनिन्छ किनकि यो क्षेत्र आर्यावर्त देवताले बसाउनु भएको क्षेत्र हो यही क्षेत्रमा ज्ञानले पूर्ण देवऋषिहरू र ज्ञानले पूर्ण विद्वान् बस्नु भएको क्षेत्र हो त्यही देवऋषि र ज्ञानले पूर्ण विद्वान् अर्थात् आर्य यो क्षेत्रमा निवास गर्ने हुनाले यो क्षेत्रको भू-खण्डलाई 'आर्यावर्त' भनिएको हो

आर्या आवर्तन्ते पुनः पुनः वर्तन्तेऽत्रेति आर्यावर्त्तः ।

अर्थात्:- हिमालय, विन्ध्याचल, सिन्धुनदी र ब्रह्मपुत्र नदी यी चार नदीको बीच, र जहाँसम्म यो क्षेत्रको विस्तार भएको छ यो क्षेत्रको मध्य क्षेत्रमा जुन देश रहेका छन् त्यही क्षेत्रको नाम आर्यावर्त हो । ऋषि दयानन्द सरस्वती आर्योदेश्यरत्नमाला)

कृष्णसारस्तु चरति मृगो यत्र स्वभावतः ।
स ज्ञेयो यज्ञियो देशो म्लेच्छदेशस्त्वतः परः ॥ २/२३ ॥

अर्थात्:- जुन देश जुन क्षेत्रमा कालो मृग या कुनै पनि शाकाहारी प्राणी बिना कुनै डर त्रासले स्वतन्त्रपूर्वक विचरण गरेर विहार अर्थात् घुम्ने गर्छ त्यो क्षेत्र आर्यावर्त हो । आर्यावर्त यज्ञगर्ने विद्वान्को निवास स्थान हो र दैनिक यज्ञहुने हुनाले यो ठाउँ प्रकृति सन्तुलनको उत्कृष्ट स्थान हो दैनिक यज्ञ हुने हुनाले यो पवित्र देशपनि हो । आर्यावर्त भन्दा बाहिरका जति भिन्न देश रहेका छन् ती सबै देशलाई म्लेच्छ देश भनिन्छ ।

एताण् द्विजातयो देशान्संश्रयेरन्प्रयत्नतः ।
शुद्रस्तु यस्मिन्कस्मिन्वा निवसेद्वृत्तिकर्शितः ॥ २/२४ ॥

अर्थात्:- द्विज अर्थात् ब्राह्मण, क्षत्रीय, वैश्यवर्णले सधैं आर्यावर्तको क्षेत्रमा नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहनेकोसिस गर्नु तर शुद्रवर्ण धारण गरेको शुद्रले आफ्नो जीविका पालन गर्नको लागि कुनै कमी हुने छैन तर यदि शुद्र वर्णलाई आर्यावर्तमा कुनै पनि कर्मस्थान अभाव भएको अनुभाव भएमा संसारको कुनै पनि स्थानमा कुनै पनि देशमा रहन र आफ्नो कर्मगर्न सक्नेछन् । शुद्रवर्णको कर्म समाजसेवा र सारथी हुनाले शुद्रवर्ण आफ्नो कर्मको लागि कुनै पनि स्थान तथा देशमा जान स्वतन्त्र रहेको छ यो कार्यको लागि राजाले व्यवस्था मिलाउनु पर्छ यो राजाको राज धर्मको विधान हो।

एषा धर्मस्य वो योनीः समासेन प्रकीर्तिता ।
संभवश्चास्य सर्वस्य वर्णधर्मान्निबोधत ।। २/२५ ॥

अर्थात्:- हे ऋषि हो ! अहिलेसम्म सृष्टिको अवयव र मनुष्यको आफ्नो धर्मको बारेमा र पृथ्वीको ठाउँको बारेमा वर्णन गरे अब वर्णको आफ्नो धर्मको बारेमा विस्तृत रुपले सुन्नुहोस् ।

वैदिकैः कर्मभिः पुण्यैर्निषेकादिर्द्विवजन्मनाम् ।
कार्यः शरीरसंस्कारः पावनः प्रेत्य चेह च ॥ २/२६ ॥

अर्थात्:- वेदोक्त ऋचाले र वेदअनुसारको पुण्यकर्मले ब्राह्मण, क्षत्रीय, वैश्यवर्ण धारण गरेको पिताले नै आफ्नो सन्तानको संस्कार आफ्नो वर्णअनुसार नै गर्नु, संस्कारले नै मनुष्यको शरीरलाई संस्कृत गरेको हुन्छ, सँस्कारद्वारा नै मनुष्यलाई यो जन्म र परजन्मको अवस्थाबाट पवित्र गरेको हुन्छ ।

गार्भैर्होमैर्जातकर्म चौडमौञ्जीनिबन्धनैः ।
वैजिकं गार्भिकं चैनो द्विजानां अपमृज्यते ॥ २/२७ ॥

अर्थात्:- गर्भसंस्कार, जातकर्म, मुण्डन, उपनयन यी संस्कारद्वारा नै ब्राह्मण, क्षत्रीय तथा वैश्यको शरीरको बीजको दोष र गर्भको दोष पतन हुन्छ ।

स्वाध्यायेन व्रतैर्होमैस्त्रैविद्येनेज्यया सुतैः ।
महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः ॥ २/२२८ ॥

अर्थात्:- वेद पढ्नु, व्रत, हवन, नैविध, प्रकृति सन्तुलनको कार्य, देवर्षि, पितृयज्ञ, पुत्रोत्पत्ति, महायज्ञ, वज्रज्ञान यी सबै कर्मद्वारा नै जीवात्माले आफ्नो पञ्चतत्वको शरीरबाट मुक्त भएर मोक्ष पदलाई प्राप्त गरेको हुन्छ ।

(समयको कलमः- 'स्वाध्यायमा वेद पढ्ने पढाउने, विचार गर्ने र गराउने प्रकृति सन्तुलनको लागि यज्ञ तथा होमको अनुष्ठान गर्ने र गराउने, सम्पूर्ण वेदको ऋचाको शब्दको सही अर्थ, सम्बन्ध, स्वरोच्चारण सहित पढ्ने पढाउने, पूर्वोक्त विधिपूर्वक धर्मलाई धारण गरेर सन्तान उत्पत्ति महायज्ञ र पूर्वोक्त ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, वैश्वदेवयज्ञ र अतिथियज्ञ अग्निष्टोमादि यज्ञ, बज्रयज्ञ अर्थात् सुरक्षाको विधान, विद्वान्को सत्कार, सत्य वचन परोपकार आदि सत्कर्म र सम्पूर्ण शिल्पविद्यादि पढ्नु, दुराचार नगर्नु र श्रेष्ठ आचार धारण गर्नु जुन आचरण वेद निर्देशित विधान तथा नियम रहेको हुन्छ यहि नियमको उत्तम कार्यगर्न सक्ने हुनाले मनुष्य शरीरलाई ब्राह्मी भनिन्छ । मनुष्यले आफ्नो धर्मपूर्वक वेदज्ञानको पठन-पठन, गायत्री-प्रणवादिको अर्थ विचार, ध्यान, अग्निहोत्र आदि होम, कर्म-उपासना(ज्ञानविद्या, पञ्च महायज्ञ, अग्निष्ट होम आदि न्यायद्वारा राज्यपालन, सत्य उपदेश र योग अभ्यास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदि उत्तम कर्मद्वारा नै यस शरीरलाई ब्राह्मीः अर्थात् ब्रह्मको सम्बन्धित बनाउनु पर्छ)।

प्राङ्नाभीवर्धनात्पुंसो जातकर्म विधीयते ।
मन्त्रवत्प्राशनं चास्य हिरण्यमधुसर्पिषाम् ॥ २/२९ ॥

अर्थात्:- नाकच्छेदन गर्नुभन्दा पहिले पुत्रीको 'जातकर्म' संस्कार गर्नुपर्छ, सुवर्णशलाको मह या पञ्चामृतलाई खुवाउँदै नानीको कानमा ॐ मन्त्रलाई विस्तारै उच्चारण गर्नुपर्छ ।

नामधेयं दशम्यां तु द्वादश्यां वास्य कारयेत् ।
पुण्ये तिथौ मुहूर्ते वा नक्षत्रे वा गुणान्विते ॥ २/३० ॥

अर्थात्:- कुनै पनि वर्णले आफ्नो घरमा जन्मेको सन्तानको नामकरण संस्कार जन्मको दिनदेखि एघारौ या बाह्रौ दिनसम्ममा आफ्नो सन्तानको नामकरण संस्कार गर्नुपर्छ । यदि कुनै कारणवश यी दिनमा नामकरण संस्कार हुन् सकेन भने कुनै उत्तम तिथि, नक्षत्र तथा दिनमा नामकरण संस्कार गर्नुपर्छ नामकरण संस्कारद्वारा नै मनुष्यको आफ्नो परिचय संसारको सवै मनुष्यसँग रहेको हुन्छ ।

मङ्गल्यं ब्राह्मणस्य स्यात्क्षत्रीयस्य बलान्वितम् ।
वैश्यस्य धनसंयुक्तं शुद्रस्य तु जुगुप्सितम् ॥ २/३१ ॥

अर्थात्:- ब्राह्मण वर्णको घरमा जन्मेको सन्तानको नाममा मङ्गलसँग सम्वन्धित शब्द अर्थात् प्रसन्नता, आनन्द जस्तो शब्द प्रयोग गर्नुपर्छ, क्षत्रीय वर्णको घरमा जन्मेको सन्तानको नाममा वल र वीरतासँग सम्वन्धित शब्द अर्थात् शक्ति शब्दको प्रयोग गर्नुपर्छ र वैश्य वर्णको घरमा जन्मेको सान्तानको नाममा धनसँग सम्वन्धित शब्द अर्थात् सम्पत्ति शब्दको प्रयोग गर्नुपर्छ र शुद्र वर्णको घरमा जन्मेको सन्तानको नाममा नन्द शब्द अर्थात् सेवक या सारथी शब्दलाई संयुक्त गरेर जोडेर नाम राख्नु अति उत्तम हुनेछ ।

(समयको कलम :(ब्राह्मण वर्ण घरमा जन्मेको सन्तानको नामकरण गर्दा शुभत्व, श्रेष्ठत्व, भाववोधक शब्द नाममा संयुक्त गर्नु जस्तै ब्रह्मा, विष्णु, मनु, शिव, अग्नि, वायु, रवि, आदि नाम राख्नु ।

क्षत्रीय वर्णको घरमा जन्मेको सन्तानको लागि नामकरण गर्दा वल, पराक्रम र भाववोधक शब्दमा नाम संयुक्त गर्नु जस्तै(इन्द्र, भीष्म, सुयोधन, नरेश, जयेन्द्र, युधिष्ठिर आदि राख्नु ।

वैश्य वर्णको घरमा जन्मेको सन्तानको लागि नामकरण गर्दा धन, ऐश्वर्यभाव वोधक शब्दमा नाम संयुक्त गर्नु जस्तैः- वसुमान्, वित्तेश, विश्वम्भर, धनेश आदि ।

शुद्रवर्णको घरमा जन्मेको सन्तानको लागि नामकरण गर्दा लागि रक्षणीय, पालनीय र सारथी तथा सहयोगी भाववोधक शब्दलाई संयुक्त गर्नु जस्तै सुदास अकिञ्चन प्रवर आदि, राख्नु अर्थात् पिताको वर्णअनुसार जन्मेको सन्तानको नामकरण गर्नु किनकि नामकरण संस्कार गर्दा जन्मिएको सन्तानको आफ्नो वर्ण निर्धारण हुँदैन त्यसैले पिताको वर्ण सापेक्ष र पिताको वर्ण र गुणको आधारमा सन्तानको नामकरण गर्नुपर्छ, किनकि तत्काल जन्मिएको बच्चालाई नवजात शिशु भनिन्छ कुनै वर्ण कुनै गुणले उसको वर्णलाई निश्चित गरिएको हुँदैन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शर्मवद्ब्राह्मणस्य स्याद्राज्ञो रक्षासमन्वितम् ।
वैश्यस्य पुष्टिसंयुक्तं शुद्रस्य प्रेष्यसंयुतम् ॥ २/३२ ॥

अर्थात्:- ब्राह्मण, क्षत्रीय, वैश्य र शुद्र वर्णको सन्तानको नामको अन्त्यमा शर्मा, रक्षा, पुष्ठि र प्रेममय शब्दलाई जनाउने तरिकाले क्रमअनुसार नामसँग संयुक्त गर्नु अतिनै उपयुक्त हुन्छ ।

(समयको कलमः- जब नवजात शिशुको जन्म हुन्छ तब उसको वर्ण निश्चित हुँदैन त्यसैले त्यस सन्तानको नाम पिताको वर्णअनुसार नै राख्नुपर्छ, किनकि जन्मेको नवजात शिशुले आफ्नो वर्णलाई धारण गरेको हुँदैन त्यसैले नवजात शिशुको नाम पिताको वर्णअनुसार राख्नुपर्छ जस्तैः(ब्राह्मण कर्मगर्ने ब्राह्मण वर्णको सन्तानमा पुत्र भए त्यसको नाम विष्णु शर्मा, क्षत्रीयको सन्तानमा पुत्र भए विष्णु वर्मा, वैश्यको सन्तानमा पुत्र भए विष्णुगुप्त र शुद्रवर्णको सन्तानमा पुत्र भए विष्णुदास, यस प्रकारले जन्मेको बच्चाको नाम राख्नु किनकि जोकोही द्विजले आफ्नो वर्ण परिवर्तन गरेर शुद्रवर्ण धारण गर्न चाहेमा आफ्नो नामसँग दास शब्दान्तलाई धारण गर्नुपर्छ)

स्त्रीणां सुखोद्यं अक्रूरं विस्पष्टार्थ मनोहरम् ।
मङ्गल्यं दीर्घवर्णान्तं आशीर्वादाभिधानवत् ॥ २/३३ ॥

अर्थात्:- सबै वर्णको पुत्रीको नाम कर्णप्रिय राख्नुपर्छ जो नाम सुन्दा मन नै मनोहर होस् रकोमल, सरल, प्रिय, मङ्गल, आनन्द र आर्शीवाद आदि शब्दको अर्थ लाग्ने र उत्तम भावको नाम होस् र पुत्रीको नामको अन्त्यको वर्णको अक्षर दीर्घ होस् ।

(समयको कलम :- जुन वर्णको घरमा सन्तानको रुपमा पुत्री जन्मेको त्यस पुत्रीको नाम एक, तीन वा पाँच अक्षरको नाम राख्नु जस्तै श्री, कल्यानी, यशोदा, सुखदा, बिन्दु, सौभाग्य, जयन्ती इत्यादि)

चतुर्थे मासि कर्तव्यं शिशोर्निष्क्रमणं गृहात् ।
षष्ठेऽन्नप्राशनं मासि यद्वेष्टं मङ्गलं कुले ॥ २/३४ ॥

अर्थात्:- जन्मेको दिनदेखि चौथो महिनामा पुत्र या पुत्रीलाई घरबाट बाहिर निकालेर सूर्यको दर्शन गराउनुपर्छ र पाँचदेखि सात महिनाको बीचमा आफ्नो कुलको रीति र आफ्नो परम्पराअनुसार सन्तानलाई अन्नप्राशन गराउनु पर्छ ।

(समयको कलमः- चौथो महिनामा बच्चालाई, जन्म-गृहदेखि बाहिर निकालेर, निष्क्रमण संस्कार गर्नुपर्छ र पाँच, छ या सात महिनामा 'अन्नप्राशन' संस्कार गर्नुपर्छ अथवा पाँचौ महिनादेखि सातौं महिनासम्म जुन दिनमा कूलमा इष्टमङ्गल भएको दिन होस् त्यही दिनमा आफ्नो सन्तानको अन्नप्राशन गराउनु पर्छ ।

जन्मेको बच्चाको शरीरको पाचन प्रक्रिया चार महिनापछि मात्र बिस्तारै क्रियाशील हुने र पाँच महिना पछिमात्र प्रकृतिमा बनेको वस्तुलाई केही मात्रमा सहन गर्न सक्ने र पाँच महिनापछि पाचन प्रक्रिया केही सक्रिय हुने हुनाले र पाँच महिनाभन्दा पहिलेको अवस्थामा नवजात शिशुको पाचन प्रक्रियाले खानालाई पचाउन सक्दैन त्यसैले जन्मेको दिनदेखि पाँच महिनाको विधान निश्चित गरिएको छ)

चूडाकर्म द्विजातीनां सर्वेषां एव धर्मतः ।
प्रथमेऽब्दे तृतीये वा कर्तव्यं श्रुतिचोदनात् ।। २/३५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- ब्राह्मण, क्षत्रीय, वैश्य यी तीन वर्णको चूडाकर्म अर्थात् मुण्डनको कर्म जन्मेको दिनदेखि पहिलो या तेस्रो वर्षमा गर्नुपर्छ कुलमा इष्टमङ्गल भएको दिनमा गर्नुपर्छ यही संस्कारको विधान हो र यही वेदको नियम हो ।

(समयको कलमः- चूडाकर्म अर्थात् मुण्डन बालकको जन्मेको दिनदेखि एक वर्ष या तीन वर्षमा गर्नुपर्छ जुन समयमा सूर्य उत्तरायणकालको शुक्लपक्षमा जुनदिन कूल र परिवारको लागि उत्तम, आनन्द र मङ्गलमय भएको दिन होस् त्यही दिनमा आफ्नो सन्तानको चूडाकर्म संस्कार गर्नुपर्छ)

गर्भाष्टमेऽब्दे कुर्वीत ब्राह्मणस्योपनायनम् ।
गर्भादेकादशे राज्ञो गर्भात्तु द्वादशे विशः ॥ २/३६ ॥

अर्थात्:- गर्भाधान-तिथि, अथवा जन्मेको दिनको तिथिबाट आठौं, एघारौं, बाह्रौं बर्षमा वर्ण क्रमानुसार ब्राह्मण, क्षत्रीय, वैश्यको उपनयन अर्थात् यज्ञपवित संस्कार गर्नुपर्छ र जसको यज्ञपवित अर्थात् उपनयन संस्कार भएको हुँदैन त्यही नै शुद्र हो किनकि मनुष्य द्विज बन्ने संस्कार नै यज्ञपवित संस्कार हो भने मनुष्य जन्मसँगै शुद्रवर्णलाई नै आफै धारण गरेको हुन्छ ।

ब्रह्मवर्चसकामस्य कार्यो विप्रस्य पञ्चमे ।
राज्ञो बलार्थिनः षष्ठे वैश्यस्येहार्थिनोऽष्टमे ॥ २/३७ ॥

अर्थात्:- बच्चामा शीघ्र विद्या, बल र व्यवहार गर्ने गुण र क्षमतालाई धारण गरेको छ भने त्यसको बच्चाको आफ्नो इच्छा भएको होस् र जुन बालक पढ्नमा पनि सामर्थ्यवान छ भने ब्राह्मण वर्णको घरमा जन्मेको सन्तानको जन्मदिनदेखि ५ वर्ष, क्षेत्री वर्णको सन्तानको जन्मेको दिनदेखि ६ बर्ष र वैश्य वर्णको सन्तानको जन्मदिनदेखि ८ वर्ष भित्रमा यज्ञोपवीत संस्कार गर्नुपर्छ ।

आ षोदशाद्ब्राह्मणस्य सावित्री नातिवर्तते ।
आद्वाविंशात्क्षत्रबन्धोरा चतुर्विंशतेर्विशः॥ २/३८ ॥

अर्थात्:- गर्भमा रहेको महिनादेखि १६ वर्ष पुरा हुनुभन्दा पहिले नै ब्राह्मण वर्णको घरमा जन्मेको सन्तानको, गर्भमा रहेको महिनादेखि २२ वर्ष पुरा हुनुभन्दा पहिले नै क्षत्रीय वर्णको घरमा जन्मेको सन्तानको र गर्भमा रहेको महिनादेखि २४ वर्ष पुरा हुनुभन्दा पहिले नै वैश्यवर्णको घरमा जन्मेको सन्तानको यज्ञोपवीत गर्नुपर्छ र यज्ञपवित गर्दा कालको अतिक्रमण भने कहिल्यै गर्नुहुँदैन किनकि यो संस्कार विधान र विधि हो, कालको चक्रको आधारमा नै संस्कार हुनुपर्छ नै अर्थात्, योमाथि भनिएको समय अधिकभन्दा अधिक समय हो र यो समय भित्रमा नै उपनयन संस्कार अवश्य गर्नुपर्छ ।

अत ऊर्ध्व त्रयोऽप्येते यथाकालं असंस्कृताः ।
सावित्रीपतिता व्रात्या भवन्त्यार्यविगर्हिताः ॥ २/३९ ॥

अर्थात्:- यदि कुनै पनि वर्णमा कसैको पनि उपनयन संस्कार भएन भने ती सन्तान आफ्नो माता, पिताको उत्तराधिकारी हुँदैन, तीन वर्णमा जसको उपनयन संस्कार हुँदैन तवसम्म ती सबै व्रार्त्य हुन् त्यसको वर्णको नाम व्रात्य हुनपुग्छ र आर्य विधानमा यस्तो उपनयन संस्कार नभएको मनुष्यलाई विगर्हित अर्थात् संस्कार विहीन र असभ्य मनुष्य पनि भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नैतैरपूतैर्विधिवदापद्यपि हि कर्हि चित् ।
ब्राह्मान्यौनांश्च संवन्धान्नाचरेद्ब्राह्मणः सह ।। २/४० ॥

अर्थात्:- जो मनुष्य ब्रात्य भएको छ त्यो अपवित्र भएको हुनाले त्यस ब्रात्यको शुद्र र अन्य तीन वर्णको साथमा कुनै पनि अवस्थामा कुनै पनि आपतकालमा पनि द्विज र ब्रात्यको बीचमा द्विज(खानादाको नाता र विवाहको सम्वन्धको कार्य गर्नुहुँदैन किनकि जसको सँस्कार हुँदैन त्यो शरीरबाट मनुष्य भए पनि संस्कार पतित हुनाले द्विज हुँदैन ।

कार्ष्णरौरववास्तानि चर्माणि ब्रह्मचारीणः ।
वसीरन्नानुपूर्व्येण शाणक्षौमाविकानि च ॥ २/४१ ॥

अर्थात्:- यज्ञपवित गर्दा ब्राह्मण, क्षत्रीय र वैश्य वर्णको ब्रह्मचारीले क्रमशः कृष्णमृग, रुरुमृग र अजमृग (बाखो)को छाला बस्नको लागि प्रयोग गर्नुपर्छ र सन, अलसी, तथा ऊनबाट बनेको वस्त्रलाई धारण गर्नुपर्छ ।

(समयको कलमः- यहाँ मृगलाई हत्या गरेर उसको छाला लिनु भनिएको हैन मृगको आफै मृत्यु भएको भए त्यसको छाला प्रयोग गर्नु भन्ने अर्थमा यो भनाइ आएको हो)

मौञ्जी त्रिवृत्समा श्लक्ष्णा कार्या विप्रस्य मेखला ।
क्षत्रीयस्य तु मौर्वी ज्या वैश्यस्य शणतान्तवी ॥ २/४२ ॥

अर्थात्:- ब्राह्मण वर्णको पिता भएको खानदानको तीन लडको मेखला, क्षत्रीय वर्णको सन्तानको लागि मूर्वाको तीन लडको मेखला, र वैश्य वर्णको सन्तानको लागि सनको तीन लडको मेखलालाई धारण गर्नुपर्छ ।

(समयको कलमः- ब्राह्मण वर्णको सन्तानको लागि मेखला बनाउँदा बलियो मौंज्जी 'मूंज' नामको घाँसबाट बनेको हुनुपर्छ, क्षत्रीय पिताको सन्तानको 'मौर्वी मुरा' नामको घाँसबाट बनेको मेखला र वैश्यवर्णको पिताको सन्तानको लागि शणतान्तवी सनको सूतबाट बनेको मेखला हुनुपर्छ मेखला जुन घाँसको बने पनि नरम र मुलायम भने अवश्य हुनुपर्छ)

मुञ्जालाभे तु कर्तव्याः कुशाश्मन्तकबल्वजैः ।
त्रिवृता ग्रन्थिनैकेन त्रिभिः पञ्चभिरेव वा ॥ २/४३ ॥

अर्थात्:- यदि मूंज घाँस उपलब्ध नभएमा उपर्युक्त ब्रह्मचारीको मेखला बनाउँदा क्रमशः कुश, वल्कल र ऊनबाट बनाउनु पर्छ तीन-तीन लडि भएको र एक तीन वा पाँच गाँठो भएको हुनुपर्छ त्यो पनि कुलको रीतिअनुसार हुनुपर्छ । ब्राह्मण, क्षत्रीय, वैश्य सबैको पुत्रको लागि पाँच गाँठोको नै हुनुपर्छ भन्ने छैन ।

कार्पासं उपवीतं स्याद्विप्रस्योर्ध्ववृतं त्रिवृत् ।
शणसूत्रमयं राज्ञो वैश्यस्याविकसौत्रिकम् ॥ २/४४ ॥

अर्थात्:- ब्राह्मण वर्णको सन्तानको लागि कपासको यज्ञपवित (जनै) उपवीत, क्षत्रीय वर्णको सन्तानको लागि सनबाट बनेको यज्ञपवित उपवीत (जनै) र वैश्य वर्णको लागि उनबाट बनेको यज्ञपवित उपवीत (जनै) लगाउनु अति उत्तम हुन्छ । तर यो कुरामा ध्यान राख्नुपर्छ कि यज्ञपवित सधैं दाहिनेतर्फ बाटीएको हुनुपर्छ र तीन तीन रेसा मिलेर बनेको हुनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणो बैल्वपालाशौ क्षत्रीयो वाटखादिरौ ।
पैलवाउदुम्बरौ वैश्यो दण्डानर्हन्ति धर्मतः ॥ २/४५ ॥

अर्थात्:- यज्ञपवित गर्दा ब्राह्मण वर्णको पुत्रले बेल या पलाश (डाक)को दण्डलाई धारण गर्नुपर्छ, क्षत्रीयवर्णको सन्तानले बर (वरगद) या खयरको दण्डलाई धारण गर्नुपर्छ र भने वैश्य वर्णको सन्तानले उदुम्बर (डुम्री) या पैयुँको दण्डलाई धारण गर्नुपर्छ ।

केशान्तिको ब्राह्मणस्य दण्डः कार्यः प्रमाणतः ।
ललाटसम्मितो राज्ञः स्यात्तु नासान्तिको विशः ॥ २/४६ ॥

अर्थात्:- तीनै वर्णको सन्तानमा ब्रह्मण वर्णको पुत्र भए टाउकोसम्म, क्षत्रीय वर्णको पुत्र भए निधार (ललाट)सम्म र वैश्य वर्णको पुत्र भए नाकसम्म दण्डलाई धारण गर्नुपर्छ दण्ड बनाउँदा यो ध्यान राख्नु दण्ड सीधा, मसिनो, अग्निमा नपरेको र किरा नलागेको हुनुपर्छ ।

ऋजवस्ते तु सर्वे स्युरव्रणाः सौम्यदर्शनाः ।
अनुद्वेगकरा नककणां सत्वचोऽनग्निदूषिताः ॥ २/४७ ॥

अर्थात्:- ब्रह्मचारीले धारण गर्ने सबै दण्डकोमल, शुद्ध, छिद्र(रहित (विना प्वाल) र सौम्य दर्शन (देख्नमा सुन्दर) होस्, भद्दा, कुरुप र अग्निले जलेको र दाग लागेको भने हुनुहुँदैन ।

प्रतिगृह्येप्सितं दण्डं उपस्थाय च भास्करम् ।
प्रदक्षिणं परीत्याग्निं चरेद्भैक्षं यथाविधि ॥ २/४८ ॥

अर्थात्:- ब्रह्मचारीले दण्ड धारण गरेर सूर्यतिर मुख फर्काएर अग्निको प्रदक्षिणा (परिक्रमा) गरेर निम्नलिखित शास्त्रको विधिद्वारा आफन्त तथा मान्यजनसँग भिक्षा माग्नुपर्छ ।

भवत्पूर्व चरेद्भैक्षं उपनितो द्विजोत्तमः ।
भवन्मध्यं तु राजन्यो वैश्यस्तु भवदुत्तरम् ॥ २/४९ ॥

अर्थात्:- ब्राह्मण, क्षत्रीय, वैश्य तीनवर्णको ब्रह्मचारीले भिक्षा माग्ने विधानको वाक्यमा क्रमअनुसार आदि, मध्य र अन्त्यमा भवत् शब्दलाई भन्नुपर्छ ।

(समयको कलमः- ब्राह्मण वर्णको पुत्रले यदि पुरूषससँग भिक्षामा माग्दा 'भवान् भिक्षां ददातु' भन्नु र स्त्रीसँग भिक्षा मांगेम 'भवती भिक्षां ददातु' र क्षत्रीय वर्णको पुत्रले पुरुषसँग भिक्षा माग्दा 'भिक्षां भवान् ददातु र स्त्रीसँग भिक्षा माग्दा 'भिक्षां भवती ददातु', वैश्य वर्णको पुत्रले पुरुषसँग भिक्षा माग्दा 'भिक्षां ददातु भवान' र स्त्रीसँग भिक्षा माग्दा 'भिक्षां ददातु भवती' भन्ने वाक्यलाई मधुर वचनमा बोल्नुपर्छ)

मातरं वा स्वसारं वा मातुर्वा भगिनीं निजाम् ।
भिक्षेत भिक्षां प्रथमं या चैनं नावमानयेत् । २/५० ॥

अर्थात्:- तीन वर्णको सबै पुत्रले भिक्षा माग्दा पहिले आफ्नो आमा, दिदी या बहिनी, सानीआमा या काकीसँग क्रमशः भिक्षा माग्नुपर्छ, र भिक्षा त्यस्तोसँग माग्नुपर्छ जसले ब्रह्मचारीको अपमान नगरोस त्यहीसँग मात्र भिक्षा माग्नुपर्छ ।

समाहृत्य तु तद्भैक्षं यावदन्नं अमायया ।
निवेद्य गुरवेऽश्नीयादाचम्य प्राङ्मुखः शुचिः ॥ २/५१ ॥

अर्थात्:- निश्चय भएर आफन्त तथा मान्यजनसँग भिक्षा मागी सकेर भिक्षालाई आफ्नो गुरुजीकोसम्मुख राख्नुपर्छ। तत्पश्चात् गुरुको आज्ञा लियर आचमन गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पवित्र भएर पूर्वाभिमुख (पूर्वतिर मुख गरेर) पलेटी कसेर सात्विक भोजन गर्नुपर्छ ।

आयुष्यं प्राङ्मुखो भुङ्क्ते यशस्यं दक्षिणामुखः ।
श्रियं प्रत्यङ्मुखो भुङ्क्ते ऋतं भुङ्क्ते ह्युदङ्मुखः॥ २/५२ ॥

अर्थात्:- पूर्व, दक्षिण, पश्चिम, उत्तरतिर मुख गरेर भोजन गर्नाले क्रमानुसार मनुष्यको शरीरमा आयु, यज्ञ, लक्ष्मी, सत्यताको वृद्धि हुन्छ तर भोजन गर्दा नैऋत्य, आग्नेय, वायव्य र ईसान यी मध्य भागको दिशामा मुख गरेर खाना खानु हुँदैन ।

उपस्पृश्य द्विजो नित्यं अन्नं अद्यात्समाहितः ।
भुक्त्वा चोपस्पृशेत्सम्यगद्भिः खानि च संस्पृशेत् ॥ २/५३ ॥

अर्थात्:- नित्यचित्त भएर एकाग्र मनले हात सफाइ गरेर आचमन गरे पश्चात् ईश्वरलाई धन्यवाद गर्दै भोजन गर्नुपर्छ । भोजन उपरान्त फेरि (भोजन पश्चात्) आचमन र आफ्नो इन्द्रियलाई पानीद्वारा नै धुनुपर्छ ।

पूजयेदशनं नित्यं अद्याच्चैतदकुत्सयन् ।
दृष्ट्वा हृष्येत्प्रसीदेच्च प्रतिनन्देच्च सर्वशः॥ २/५४ ॥

अर्थात्:- नित्य अन्नकोसम्मान गर्नुपर्छ अन्नको कहिल्यै अपमान गर्नुहुँदैन बिनाकरण अन्नलाई नष्ट गर्नुहुँदैन र अन्नलाई देखेर चित्तलाई प्रसन्न गराउनुपर्छ र ईश्वरलाई धन्यवाद दिंदै भन्नुपर्छ हे ईश्वर ! हजुरलाई धन्यवाद हामीमाथि हजुरको सधैं कृपा होस् सधैं सबै मनुष्यलाई भोजनमा अन्न मिलोस् हामीमाथि हजुरको कृपा र अन्नमाथि पनि हजुरको कृपा होस् र हजुरद्वारा कृपा भएको अन्नको कृपा हामीमाथि होस् ।

पूजितं ह्यशनं नित्यं बलं ऊर्जं च यच्छति ।
अपूजितं तु तद्भुक्तं उभयं नाशयेदिदम् ॥ २/५५ ॥

अर्थात्:- सबैले अन्नकोसम्मान गर्नु अन्नकोसम्मान गर्नाले शरीरपुष्ट हुन्छ, अन्नद्वारा यज्ञ गर्नाले शरीरमा कान्ति, तेज र इन्द्रियको शक्तिमा वृद्धि हुन्छ र अन्नको अपमान गर्नाले मनुष्यको शरीरको कान्ति नै नाश हुनपुग्छ ।

नोच्छिष्टं कस्य चिद्दद्यान्नाद्यादेतत्तथान्तरा ।
न चैवात्यशनं कुर्यान्न चोच्छिष्टः क्व चिद्व्रजेत् ॥ २/५६ ॥

अर्थात्:- आफ्नो जुठो खान कसैलाई दिनुहुँदैन र कसैको झुटो आफूले खानु पनि हुँदैन, सन्धि समयमा (दिन र रातको मध्यको समय) भोजन गर्नुहुँदैन, पूर्ण पेट भरिने गरी धेरै भोजन गर्नुहुँदैन पेटमा हावा र पानीको लागि ठाउँ राखेर खाना खानुपर्छ र जुठो हात मुख लिएर बाहिर कहिपनि जानुहुँदैन ।

अनारोग्यं अनायुष्यं अस्वर्ग्य चातिभोजनम् ।
अपुण्यं लोकविद्विष्टं तस्मात्तत्परिवर्जयेत् ॥ २/५७ ॥

अर्थात्:- धेरै भोजन सेवन गर्नाले शरीरको लागि हानिकार हुन्छ, धेरै भोजन गर्नाले आयु, आरोग्यता, सुख र शरीरको पुण्य नष्ट हुन्छ धेरै भोजन सेवन गर्नाले संसारमा अपयश प्राप्त हुन्छ ।

ब्राह्मेण विप्रस्तीर्थेन नित्यकालं उपस्पृशेत् ।
कायत्रैदशिकाभ्यां वा न पित्र्येण कदा चन ॥ २/५८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- मनुष्यले प्रतिदिन आचमन गर्ने समयमा ब्राह्मतीर्थ हाताको बूढी औलाको मूलभागको स्थान हुन्छ त्यही मुलभागको कलाईको भागवाट आचमन ग्रहण गर्नुपर्छ, कायतीर्थ(प्रजापत्य कनिष्ठ औलाको मूलभागको नजिकको स्थानबाट या वैदशिक देवतीर्थ औलाको अग्रभागको स्थानबाट आचमन गर्नुपर्छ पितृतीर्थ औंला तथा तर्जनीको मध्य स्थानबाट कहिल्यै पनि आचमन गर्नुहुँदैन ।

अङ्गुष्ठमूलस्य तले ब्राह्मं तीर्थ प्रचक्षते ।
कायं अङ्गुलिमूलेऽग्रे देवं पित्र्यं तयोरधः ॥ २/५९ ॥

अर्थात्:- १ अङ्गुष्ठ २- तर्जनी, ३- कनिष्ठा यी तीन औलाको मूल भागलाई क्रमशः ब्रह्म देवता, पितृ, र प्रजापति तीर्थ भनिन्छ ।

त्रिराचामेदपः पूर्व द्विः प्रमृज्यात्ततो मुखम् ।
खानि चैव स्पृशेदद्भिरात्मानं शिर एव च ॥ २/६० ॥

अर्थात्:- भोजन गर्नुभन्दा पहिले तीनपटक हात धुनुपर्छ, भने दुई पटक आचमन गर्नुपर्छ त्यस पश्चात् एकपटक मुख धुनुपर्छ र नाक, कान, आँखा, मुँख, छाती, टाउकोमा पानीले भीजेको हातले छुनुपर्छ ।

अनुष्णाभिरफेनाभीरद्भिस्तीर्थेन धर्मवित् ।
शौचेप्सुः सर्वदाचामेदेकान्ते प्रागुदङ्मुखः॥ २/६१ ॥

अर्थात्:- पूर्वतिर मुख या उत्तरतिर मुख गरेर शुद्ध जललाई हातमा लिएर जलशून्य स्थानमा जललाई जमिनमा घुमाउनु पर्छ अर्थात् छर्किनु पर्छ जुन क्रियाले जमिनवाट मनमा र मनवाट शरीरमा पवित्रता र शुद्धता प्राप्त हुन्छ फेरि एक पटक शुद्ध पानीले आचमन गर्नुपर्छ ।

हृद्गाभिः पूयते विप्रः कण्ठगाभिस्तु भूमिपः ।
वैश्योऽद्भिः प्राशिताभिस्तु शुद्रः स्पृष्टाभिरन्ततः ॥ २/६२ ॥

अर्थात्:- आचमन गर्दा सकेसम्म आचमनको जल पेटसम्म पुगोस्, यदि त्यो सम्भव नभएमा घाँटीसम्म, त्यो पनि नभएमा मुख भित्र जिब्रोसम्म पुगोस् यदि त्यो पनि नभएमा ओष्ठसम्म पुग्नु पर्छ, आचमनको जल पेटसम्म पुगेमा ब्राह्मण आचमन, घाँटिसम्म पुगेमा क्षत्रीय आचमन, मुखसम्म पुरा भीजेमा वैश्य आचमन र ओष्ठ मात्र भिजाएमा त्यस आचमन विधिलाई शुद्र आचमन भनिन्छ । पानीले आचमन गर्दा सकेसम्म हृदयसम्म नै गर्नुपर्छ ।

उद्धृते दक्षिने पाणावुपवीत्युच्यते द्विजः ।
सव्ये प्राचीनावीती निवीती कण्ठसज्जने ॥ २/६३ ॥

अर्थात्:- संस्कारअनुसार यज्ञ गरेर वाम (देब्रे) काँधमा यज्ञपवित धारण गर्नाले उपवीती अर्थात् आफू सत्य भएको वेद निर्देशित कर्म गर्ने वेद विरुद्धको कुनै पनि कर्म कहिल्यै नगर्ने भन्ने प्रण हो र दक्षिण (दाहिने) काँधमा यज्ञपवित रहेमा प्राचीन आवीती अर्थात् अपसत्य भनिन्छ र कण्ठ (घाँटी) मा यज्ञपवित रहनाले निवीती अन्योलको अवस्था भनिन्छ ।

मेखलां अजिनं दण्डं उपवीतं कमण्डलुम् ।
अप्सु प्रास्य विनष्टानि गृह्णीतान्यानि मन्त्रवत् ॥ २/६४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- मेखला, अजचर्म, दण्ड, यज्ञपवित, कुण्डल यी सबै फाटेमा या चूडिएमा यी सबैलाई जलमा समाहित गर्नुपर्छ र मन्त्रद्वारा नयाँलाई धारण गर्नुपर्छ।

केशान्तः षोडशे वर्षे ब्राह्मणस्य विधीयते ।
राजन्यवन्धोर्द्वाविंशे वैश्यस्य द्व्यधिके मतः ॥ २/६५ ॥

अर्थात्:- गर्भको महिना दिनदेखि लिएर ब्राह्मण वर्णको पुत्रको सोह्र वर्ष, क्षत्रीय वर्णको पुत्र भएमा बाईस र वैश्य वर्णको पुत्र भएमा चौवीस वर्षमा केशान्तकर्म अर्थात् क्षौर (मुण्डन) हुनुपर्छ।

(समयको कलमः- अर्थात् केशान्तकर्म विधिमा केवल शिखालाई राखेर अनुहारको दारी जुँगा र टाउकाको कपाल तीन तीन महिनामा क्षौरकर्म गर्नु उत्तम हुन्छ तर कपाल नै राख्न नचाहाने व्यक्तिले आफ्नो खुशीले आफ्नो कपाल क्षौर गर्न भने सक्छन्, कपाल क्षौर गर्नको लागि शनिवार उत्तम दिन हो हप्तामा, जुन मनुष्य शीतप्रधान क्षेत्रमा रहेको हुन्छ त्यहाँ मनुष्यले आफ्नो खुशीले कपाल राख्नसक्छन् र आफ्नो कपाल क्षौर गर्नपनि सक्छ भने जो मनुष्य उष्ण क्षेत्रको वासिन्दा हो उसले शिखा राखेर सबै कपाल क्षौर गर्नसक्छ। उष्ण क्षेत्रमा रहने मनुष्यको शिरमा कपाल भएको खण्डमा टाउकोमा अत्यधिक उष्णता प्राप्त हुन्छ र अत्यधिक उष्णताको कारण मनुष्यमा स्मरण क्षमता ह्रास हुने हुनाले बुद्धिमा पनि ह्रास हुन्छ, बुद्धि ह्रास तथा नाश भएमा मनुष्यको आफ्नो कर्मको सबै प्रणाली नै परिवर्तन हुन्छ। दारी जुँगा लामो राख्नाले भोजनपछि राम्रो प्रकारले सफाइ हुन् सक्दैन र जुठो अर्थात् उच्छिष्ट पनि दारीको रौँमा रहेको हुन्छ)

अमन्त्रीका तु कार्येयं स्त्रीणां आवृदशेषतः ।
संस्कारार्थ शरीरस्य यथाकालं यथाक्रमम् ॥ २/६६ ॥

अर्थात्:- शरीर शुद्धिको लागि नारीले कुनै पनि समयमा अवस्थाअनुसार मन्त्र बिना नै स्नान गर्न सक्ने छ।

(समयको कलमः- उपर्युक्त समय भन्नाले रजस्वला भएकी नारी र सन्तानको जन्म दिएको समयमा नारीलाई आफ्नो शुद्धिको आवश्यक परेको खण्डमा जुनसुकै समयमा पनि स्नान गर्न सकिने छ। यो अवस्थामा हो या अन्य अवस्थामा स्नान गर्दा नारीलाई कुनै मन्त्रको आवश्यकता नै पर्दैन

वैवाहिको विधिः स्त्रीणां संस्कारो वैदिकः स्मृतः ।
पतिसेवा गुरौ वासो गृहार्थोऽग्निपरिक्रिया ॥ २/६७ ॥

अर्थात्:- नारीको लागि मुख्य संस्कार विवाह संस्कारमा भने वेद ऋचाको पाठद्वारा नै विवाह सम्पन्न गराउनु पर्छ। विवाह संस्कारमा नारी आफै पूर्ण हो तर वर त्यहाँ अपूर्ण हुनाले वेद ऋचाद्वारा दुवैको ऊर्जा समान होस् भनेर नै वेदऋचा पाठद्वारा संस्कार गराउनु पर्छ।

एष प्रोक्तो द्विजातीनां औपनायनिको विधिः ।
उत्पत्तिव्यञ्जकः पुण्यः कर्मयोगं निबोधत॥ २/६८ ॥

अर्थात्:- यहाँसम्म द्विजको उपनयन(सम्वन्धी)को विधि र विधानलाई बिस्तार पूर्वक भनियो जुन विधिद्वारा ब्रह्मचारीको द्विजत्व (द्वितीय जन्म)को प्रकाशक हुनपुग्छ र पावन पनि हुन्छ। अब पछि ब्रह्मचारीको कर्तव्य के हो ? त्यो विधान पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विस्तारपूर्वक सुन्नुहोस् :

उपनिय गुरुः शिष्यं शिक्षयेच्छौचं आदितः ।
आचारं अग्निकाय च संध्योपासन एव च ॥ २/६९ ॥

अर्थात्:- गुरुद्वारा शिष्यको उपनयन संस्कारमा गुरुले आफ्नो शिष्यलाई आफैमा शुद्ध हुने तरिकाको ज्ञान प्रदान गरेर संस्कारको विविध विधिअनुसार, मनको शुद्धि, शिष्टाचार, सांझ बिहान अग्निहोत्र र सन्ध्योपासनको शिक्षा दिनुपर्छ अर्थात् ब्रह्मचारीको आफ्नो पहिलो कर्तव्य उपर्युक्त चार कुराले पूरा गर्छ ।

(समयको कलम :- संन्ध्यायन्ति सन्ध्यायते वा परब्रह्म यस्यां सा सन्ध्या

अर्थात्:- आफ्नो तथा जगत्को भलोको लागि जसले परमेश्वरको ध्यान गरेको हुन्छ अथवा जहाँ परमेश्वरको ध्यान गरिएको हुन्छ त्यही कार्य नै 'सन्ध्या' हो ।'' यस प्रकारले गायत्री मन्त्रको बारेमा उपदेश दिएर सन्ध्या उपासनको लागि स्नान, आचमन, प्राणायाम आदि विभिन्न क्रिया रहेको हुन्छ ती सबै क्रियालाई सिकाउनुपर्छ । प्रथम स्नान जुन कार्यद्वारा नै शरीरको बाह्य अवयवको शुद्धि र आरोग्य आदि प्राप्त हुन्छ)

अध्येष्यमाणस्त्वाचान्तो यथाशास्त्रं उदङ्मुखः ।
ब्रह्माञ्जलिकृतोऽध्याप्यो लघुवासा जितेन्द्रियः॥ २/७० ॥

अर्थात्:- ज्ञान आर्जन गर्न चाहने शिष्यले शुद्ध आफ्नो मन तथा आचारण शुद्ध गरेर, श्वेत वस्त्रलाई धारण गरेर, संस्कार विधिको संस्कारका विभिन्न विधिलाई पूर्ण पालन गर्दै संस्कार र आचरण ले सम्पन्न भएर विधि स्नान गरेर उत्तर मुख गरेर आचमन गरेर जितेन्द्रिय बद्धाञ्जली गरेर गुरुको शरणमा गएर बस्नु पर्छ । शिष्टाचार भएको शिष्यलाई गुरुले सम्पूर्ण ज्ञान प्रदान गर्नुपर्छ ।

ब्रह्मारम्भेऽवसाने च पादौ ग्राह्यौ गुरोः सदा ।
संहत्य हस्तावध्येयं स हि बद्धाञ्जलीः स्मृतः ॥ २/७१ ॥

अर्थात्:- ब्रह्मचारीले आफ्नो अध्ययन शुरू गर्नुभन्दा पहिले र अध्ययन सकिए पछि सधैं गुरुलाई आदर पूर्वक प्रणाम गर्नुपर्छ । ब्रह्मचारीले गुरुको अघि आफ्नो दुवै हात जोडेर पढ्ने गर्नुपर्छ हात जोडेर पढ्ने गर्नाले दुवै ध्रुवको आफ्नो चक्र पूरा गर्छ दुवै हात जोडिएको अवस्थाको हातलाई अञ्जलि भनिन्छ र अञ्जलि ज्ञानलाई प्राप्त गर्नको लागि जोडिएको हुनाले त्यो जोडिएको हातको अञ्जलिलाई बद्धाञ्जली भनिन्छ ।

व्यत्यस्तपाणिना कार्य उपसङ्ग्रहणं गुरोः ।
सव्येन सव्यः स्प्रष्टव्यो दक्षिणेन च दक्षिणः ॥ २/७२ ॥

अर्थात्:- गुरुलाई प्रणाम गर्दा गुरुकोसम्मुख भएर निहुरिएर दाहिने हातले दाहिने खुट्टा र देब्रे हातले देब्रे खुट्टा छुनुपर्छ ।

अध्येष्यमाणं तु गुरुर्नित्यकालं अतन्द्रितः ।
अधीष्व भो इति ब्रूयाद्विरामोऽस्त्विति चारमेत् ॥ २/७३ ॥

अर्थात्:- नित्यकालमा गुरुले आफ्नो शिष्यलाई ज्ञान प्रदान गर्नुभन्दा पहिले सबै शिष्यलाई आदरपूर्वक प्रणाम भन्नुपर्छ र शिष्यले भने गुरुलाई प्रणाम गर्नुपर्छ र ज्ञान दिने समयमा सधैं शिष्य आलस्य रहित हुनुपर्छ र गुरुले शिक्षा दिनुभन्दा पहिले शिष्यलाई 'भो अधीष्वं' इति 'हे शिष्यहरू हो अब पढ' यस प्रकारले आग्रह गर्दै भन्नु र अन्त्यमा 'विरामः अस्तु' इति आरमेत् 'आजलाई यति नै' भनेर पढाउनको लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाप्त गर्नुपर्छ ।

ब्रह्मनः प्रणवं कुर्यादादावन्ते च सर्वदा ।
स्रवत्यनोंकृतं पूर्व परस्ताच्च विशीर्यति ॥ २/७४ ॥

अर्थात्:- ब्रह्मचारीले वेदाध्ययन गर्नु पूर्व र वेद अध्ययनको पश्चात् अन्त्यमा सधैं 'ॐ'को उच्चारण गर्नुपर्छ किनकि वेद अध्ययन गर्नुभन्दा पहिले र वेदको अध्ययन सकेपछि अन्त्यमा 'ॐ'को उच्चारण नगरेमा पढेको ज्ञान सञ्चित अर्थात् स्मरण केन्द्रमा सुरक्षित रहँदैन । किनकि ॐ शब्दले ज्ञानको सबै अवस्थालाई सञ्चित गर्ने कार्य गरेको हुन्छ ।

प्राक्कूलान्पर्युपासीनः पवित्रैश्चैव पावितः ।
प्राणायामैस्त्रीभिः पूतस्तत ओंकारं अर्हति ॥ २/७५ ॥

अर्थात्:- वेद अध्ययन गर्दा आफ्नो शिष्यको मुख जहिले पनि पूर्वाभिमुख हुनुपर्छ, मुख पूर्वाभिमुख भएर कुशबाट बनेको कुशको असनमा बसेर पवित्र मन्त्र 'ॐ' लाई उच्चारण गराएर शरीरलाई आन्तरिक रुपमा पवित्र बनाएर तीन पटक प्राणायाम गरेर फेरि तीन पटक 'ॐ' मन्त्र जप गरेर वेद अध्ययन शुरू गर्नु र गराउनु पर्छ । यो विधि सिकाउने र ज्ञान दिने कार्य गुरुको कर्तव्य पनि हो ।

अकारं चाप्युकारं च मकारं च प्रजापतिः ।
वेदत्रयान्निरदुहद्भूर्भुवः स्वरितीति च ॥ २/७६ ॥

अर्थात्:- अकार, उकार, मकार, तीन अक्षर र भूर्भुवःस्वः यी ऋचालाई ईश्वरले वेदमा दिनु भएको ऋचा हो । त्यसैले आफ्नो कल्याण चाहाने मनुष्यले यो मन्त्रको सधैं जप गर्नुपर्छ ।

(समयको कलमः- ईश्वरले "अकारम् उकारं च मकारं इति ॐ" शब्दको 'अ' 'उ' र 'म्' अक्षरको (अ+ उ + म् = ॐ) तथा 'भूः' 'भुवः' 'स्वः' गायत्री मन्त्रका यी ऋचाद्वारा नै सृष्टिमा तीन सत्ता सधैं विद्यमान रहेको छ भनेर ज्ञान दिनुभएको छ ॐ भन्नाले अद्वैत शाश्वत् र दुई अनादि सत्ता सधैं विधान रहेका छन् भन्ने साररुप पनि यहि शब्दद्वारा बताउनु भएको छ)

त्रिभ्य एव तु वेदेभ्यः पादं पादं अदूदुहत् ।
तदित्यृचोऽस्याः सावित्र्याः परमेष्ठी प्रजापतिः॥ २/७७ ॥

अर्थात्:- ऋग्वेदको अर्थ सतवती अर्थात् पदार्थको बारेमा पूर्ण ज्ञानको वर्णन रहेको छ, यजुर्वेदमा यज्ञ अर्थात् पदार्थलाई संयुक्त गर्ने विधि र सामवेदमा यज्ञको बारेमा र विज्ञानको बारेमा ज्ञान दिने गायत्री ज्ञान रहेका छन् ।

एतदक्षरं एतां च जपन्व्याहृतिपूर्विकाम् ।
संध्ययोर्वेदविद्विप्रो वेदपुण्येन युज्यते ॥ २/७८ ॥

अर्थात्:- ॐ भूर्भुवःस्वः यो ऋचा तीन चरणमा दुवै समयमा सन्ध्या गर्दा उच्चारण गर्ने र सधैं वेद पढ्ने व्यक्ति नै ब्राह्मण हो जसले वेद पढ्यो जसले वेदज्ञान लाई बुझ्यो, जसले वेदज्ञानलाई ग्रहण गर्यो त्यसले नै त्यसको फल प्राप्त गरेको हुन्छ ।

(समयको कलमः(गायत्री मन्त्रको अर्थ निम्न प्रकार रहेकोछः(ॐ भूर्भुवः स्वः ।

तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् । ३६/३ ३/६२/१० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्: - हे ईश्वर ! ॐ् (ॐ) यो हजुरको मुख्य नाम हो, जुन नामको साथमा अन्य नाम लागेको हुन्छन्, जुन नामबाट नै कार्यको ग्रहण हुन्छ ॐ नामबाट नै सृष्टिको ब्रह्मविधानको निर्माता हजुर हो (भूः) जो प्राणको पनि प्राण अर्थात् प्राणको मालिक हजुर हो, (भुवः) सबै दुःखबाट मुक्तिदिने विधानको मालिक पनि हजुर हो, (स्वः) स्वयं सुखस्वरुप र आफ्नो उपासकलाई सबै किसिमको सुखलाई प्रदान गर्ने विधानको निर्माता र प्रदायक पनि हजुर नै हो (सवितुः) सबै जगत्को संरचना र सञ्चालन गर्ने हजुर नै हो, सूर्य लगायतका नक्षत्र तारा आदिमा प्रकाशलाई प्रदान गर्ने प्रकाशक सृष्टिलाई शेष शक्तिमा अफ्नो धुरीमा क्रियाशील गर्ने पनि हजुर नै हो, समग्र ऐश्वर्यको दाता, हाम्रो सम्पूर्ण कामना तथा चाहान हजुरको अनुभूति गर्नको लागि हो, सम्पूर्ण विधानको योग्य, सर्वत्र विजय नै विजय दिने हजुर नै हो। हे ईश्वर ! हामीले हजुरको नै भक्ति उपासना गरेका छौँ, हजुर नै अतिश्रेष्ठ, ग्रहण र ध्यान गर्नको योग्य हजुर नै हुनुहुन्छ, सम्पूर्ण मनुष्यको सबै किसिमको कर्मको कर्मफल दिने हजुर नै हो, त्यसैले सबै मनुष्यको क्लेश तथा अज्ञानलाई भस्म गर्नुहोस्, हजुर नै पवित्र, शुद्ध हुनुहुन्छ हामीलाई पनि शुद्धता प्रदान गर्नुहोस् हे ईश्वर ! हामीलाई बुद्धिमा उत्तम ज्ञान, ग्राहणमा उत्तम गुण, मेहनतमा श्रेष्ठकर्म, संस्कारमा उत्तम स्वभाव धारण गर्ने गुण क्षमता दिनुहोस् र सबै प्राणीको कल्याण हुने कार्यमा अग्रसर हुने प्रेरणा हामीलाई प्रदान गर्नुहोस्):

सहस्रकृत्वस्त्वभ्यस्य वहिरेतत्त्रिकं द्विजः ।
महतोऽप्येनसो मासात्त्वचेवाहिर्विमुच्यते॥ २/७९ ॥

अर्थात्:- जुन मनुष्य सात्विक भएर जहाँ र जुनसुकै अवस्थामा होस् उसले ॐ शब्दको अर्थसहित दैनिक निराशक्त भावले जप गर्छ भने त्यो मनुष्यले अज्ञानको अन्धाकारलाई पार गरेर मनलाई परमशान्ति लागि अग्रसर गरेको हुन्छ । मनको अशान्तिबाट छुटकरा प्राप्त गरेको हुन्छ। जसरी सर्पले आफ्नो काँचुलीबाट आफैलाई नै मुक्त राखेको हुन्छ ।

एतया चा विसंयुक्तः काले च क्रियया स्वया ।
ब्रह्मक्षत्रीयविश्योनीर्गर्हणां याति साधुषु ॥ २/८० ॥

अर्थात्:- ज्ञानीजनहरू ब्राह्मण, क्षत्रीय, वैश्यले वर्णअनुसार कर्म गर्ने वर्णका जो जो मनुष्य रहेका छन् यी सबै तीन वर्णले आफ्नो कर्ममा निरन्तर लागिरहँदा होस् या अन्य समयमा होस् निराशक्त भएर ॐ लाई जप गरेको हुँदैन भने त्यो मनुष्यले अन्धकारलाई प्राप्त गरेको हुन्छ । जुन मनुष्यले ॐ शब्द जप गर्दैन त्यो मनुष्य अज्ञानी मनुष्य हो त्यसैले त्यस्तो मनुष्यको नजिक पनि जानुहुँदैन तर अज्ञानको कारणले ॐ जप नगरेको भए त्यसलाई सत्यज्ञान भने दिनुपर्छ यही ब्राह्मणको कर्म हो । ज्ञानप्राप्त गरेर पनि त्यो ज्ञानलाई आफूमा लागु नगर्ने व्यक्ति अज्ञानी हो । किनकि जो मनुष्य यो ज्ञानदेखि शून्य भएकोछ त्यो नै अज्ञानी हो किनकि ॐको पुरा अर्थसहित बुझ्नु नै ज्ञान प्राप्त गर्नु हो । यही मनुष्यको धर्म नै हो ।

ओंकारपूर्विकास्तिस्रो महाव्याहृतयोऽव्ययाः ।
त्रिपदा चैव सावित्री विज्ञेयं ब्रह्मणो मुखम् ॥ २/८१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- 'ॐ भूर्भुव स्व' गायत्रीमन्त्रको जप नै निराशक्त कर्म हो निराशक्त कर्मगर्ने कर्मयोगी ज्ञानीले नै ईश्वरको अनुभूति गर्ने मुख्य विधान हो जुन ज्ञान वेद निर्देशित रहेको छ र ईश्वरको अनुभूति गर्ने सरल बाटो तथा द्वार ॐ नै हो । किनकि शुद्धबुद्धिबिना ज्ञान प्राप्त हुँदैन तर गायत्री मन्त्रद्वारा भने ज्ञान प्राप्त हुन्छ ।

योऽधीतेऽहन्यहन्येतां त्रीणि वर्षाण्यतन्द्रितः ।
स ब्रह्म परं अभ्येति वायुभूतः खमूर्तिमान् ॥ २/८२ ॥

अर्थात्:- जो मनुष्यले आलस्यलाई त्याग गरेर निरन्तर तीन गुणलाई एक पटकमा एक समान एक बिन्दुमा नै धारण गरेको नै किन नहोस् त्यही तीन गुण धारण गरेको अवस्थामा पनि गायत्री मन्त्रलाई जप गर्ने गरेको मनुष्यले देवर्षिको विधानको यज्ञ गरे बरावको कर्म गरेको हुन्छ र देवर्षिको ज्ञानलाई समेत प्राप्त गरेको हुन्छ ।

एकाक्षरं परं ब्रह्म प्राणायामः परं तपः ।
सावित्र्यास्तु परं नास्ति मौनात्सत्यं विशिष्यते ॥ २/८३ ॥

अर्थात्:- जो मनुष्यले आलस्यलाई त्याग गरेर यी तीन शब्द 'ॐ भूर्भुव स्व' यी तीन परम अक्षरलाई निरन्तर जप गरेको हुन्छ त्यो मनुष्य नै देवर्षि हो भन्ने जान्नु :

क्षरेन्ति सर्वा वैदिक्यो जुहोतियजतिक्रियाः ।
अक्षरं दुष्करं ज्ञेयं ब्रह्म चैव प्रजापतिः ॥ २/८४ ॥

अर्थात्:- वेदमा मनुष्यको लागि निर्देश गरेर भनिएको सम्पूर्ण संस्कारका विधानका सबै क्रिया मृत्युसँगै त्यस मनुष्यको लागि नाशवान् भएको हुन्छ । किनकि जबसम्म मनुष्यको शरीर रहेको हुन्छ तबसम्म क्रिया र त्यस क्रियाको फल यो शरीरलाई प्राप्त भैरहेको हुन्छ तर मृत्युपछि क्रिया हुँदैन तर फलमात्र प्राप्त हुन्छ, ॐद्वारा उत्पन्न ज्ञानको क्रिया भने सधैं स्थिर रहेको हुन्छ ।

विधियज्ञाज्जपयज्ञो विशिष्टो दशभिर्गुणैः ।
उपांशुः स्याच्छतगुणः साहस्रो मानसः स्मृतः॥ २/८५ ॥

अर्थात्:- यज्ञभन्दा दशगुणा धेरै फल शब्द जप गर्नाले प्राप्त हुन्छ, र शब्द जपको फलभन्दा दशगुणा धेरै फल न्यून शब्द जो वेद निर्देशित रहेको हुन्छ ती शब्द जप गर्नाले प्राप्त हुन्छ, जुन शब्द कसैले सुन्न सक्दैन यस किसिमको जपबाट प्राप्त हुने फलभन्दा हजारौं अर्थात् सहस्र गुण फल मौनसँग रहेर सात्विक बनेर मनमैं गायत्री मन्त्र जप गर्नाले प्राप्त हुन्छ ।

ये पाकयज्ञास्चत्वारो विधियज्ञसमन्विताः ।
सर्वे ते जपयज्ञस्य कलां नार्हन्ति षोडशीम ॥ २/८६ ॥

अर्थात्:- मनुष्यको लागि निर्देशन गरिएका जुन पाकयज्ञ र अन्य विधिका यज्ञहरू रहेका छन् ती विविध यज्ञ र सबै यज्ञको फलभन्दा पनि उत्तम गायत्री जपयज्ञ हो, पाकयज्ञ र विधियज्ञ गायत्री मन्त्रको मौन जपको एक अंशको सोह्र भाग बरावर पनि हुँदैन ।

जप्येनैव तु संसिध्येद्ब्राह्मणो नात्र संशयः ।
कुर्यादन्यन्न वा कुर्यान्मैत्रो ब्राह्मण उच्यते॥ २/८७ ॥

अर्थात्:- सृस्टिका सम्पूर्ण जीवसँग प्रेमगर्नु सबै प्राणीलाई आफ्नो सहयोगी मान्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै ब्राह्मणको गुण हो, कसैलाई दुःख नदिई सबै जीवसँग समभाव राखेर आफ्नो कार्यमा लीन हुँदा पनि गायत्री मन्त्र जप गर्नुपर्छ, मन्त्र जपको कारण परमसिद्धि प्राप्त हुन्छ यदि कुनै मनुष्यमा अणु बरावको समभाव मनमा नहुने हो भने त्यस मनुष्यको मन सन्तुलित हुनसक्दैन जबसम्म मन सन्तुलन र समभाव हुँदैन तबसम्म सत्यज्ञान प्राप्त हुँदैन जबसम्म सत्यज्ञान प्राप्त हुँदैन तबसम्म परमसिद्धि प्राप्त हुँदैन किनकि सबै सिद्धिको मूल मनको एकाग्रता र ज्ञान नै हो ।

इन्द्रियाणां विचरतां विषयेष्वपहारिषु ।
संयमे यत्नं आतिष्ठेद्विद्वान्यन्तेव वाजिनाम् ॥ २/८८ ॥

अर्थात्:- एक कुशल सारथीले आफ्नो रथको घोडालाई आफ्नो नियन्त्रणमा राखेर आफ्नो अधिकार प्रयोग गरेर आफ्नो इच्छाअनुसार नै रथलाई आफ्नो नियन्त्रणमा राखेर चलाएको हुन्छ ठीक त्यही प्रकार संसारको सबै मनुष्यले परिश्रम र प्रयत्न गरेर विषयभोग तथा विषयवासनाबाट आफ्नो इन्द्रियलाई संयम राख्नुपर्छ । आँखालाई रुपमा लिप्त हुनदेखि, कानलाई गलत सुन्नमा लिप्त हुन्देखि, नाकलाई सुगन्धमा लिप्त हुन्देखि । यसै प्रकारले अन्य इन्द्रियलाई कुनै पनि विषयको वासना, विषय वस्तु र कुनै गुणमा लिप्त हुनबाट नियन्त्रण गर्नुपर्छ ।

(समयको कलमबाटः- 'मनुष्यको इन्द्रियको मुख्य आचार नै विषयवासनामा लिप्तहुनेकोसिस गर्छ जसलाई मनले नियन्त्रण गरेको हुन्छ, इन्द्रियले मनलाई हरण गरेर विषयवासनामा लिप्त गर्नेकोसिस गरेको हुन्छ तर मनुष्यले आफ्नो ज्ञानको आचारद्वारा आफ्नो मनलाई नियन्त्रण गरी मनलाई समभाव गरेर इन्द्रियलाई आफ्नो नियन्त्रणमा राखेर मनलाई हरण गर्ने विषयवास्नामा मन तथा इन्द्रियलाई प्रवृत्त हुनबाट आफ्नो नियन्त्रण राख्नुपर्छ, जसरी रथको घोडाको सारथिले घोडालाई आफ्नो नियन्त्रणमा राखेर आफ्नो रथलाई आफ्नो शुद्ध मार्गमा रथलाई चलाएको हुन्छ यस प्रकारकले मनुष्यले आफ्नो इन्द्रियलाई आफ्नो बसमा गरेर धर्मको गुणलाई धारण गरेर अधर्मको मार्गबाट हटेर धर्मको मार्गमा सधैँ चल्ने गर्नुपर्छ यही नै मनुष्यको जन्मको मुख्य उद्देश्य हो, जसरी रथको सारथिले घोडालाई कुपथमा जान दिदैन ठीक त्यही तरिकाले विद्वान् ब्रह्मचारीलाई आकर्षण गर्ने विषयवासनामा लिप्त हुनमा सधैँ प्रयत्नरत हुने इन्द्रियलाई सधैँ आफ्नो नियन्त्रणमा राख्नुपर्दछ) ।

एकादशेन्द्रियाण्याहुर्यानि पूर्वे मनीषिणः ।
तानि सम्यक्प्रवक्ष्यामि यथावदनुपूर्वशः ॥ २/८९ ॥

अर्थात्:- सृष्टि विधानअनुसार मनुष्यको शरीर अर्थात् ब्रह्मपुरमा एघारौ इन्द्रिय छन् त्यही इन्द्रियद्वारा नै ब्रह्मपुर सञ्चालन भएको हुन्छ यही नै सृष्टिविधान हो ती एघारौँ इन्द्रियको बारेमा अब विस्तारपूर्वक सुन्नुहोस् :

श्रोत्रं त्वक्चक्षुषी जिह्वा नासिका चैव पञ्चमी ।
पायूपस्थं हस्तपादं वाक्चैव दशमी स्मृता ॥ २/९० ॥

अर्थात्:-

१) कान (श्रौत्र) २) छाला(त्वक), ३) आँखा (चक्षु, नेत्र),
४) जिब्रो (जिह्वा), ५) नाक (नासिका), ६) हात (हस्त),

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७) खुट्टा (पाद), ८) मुत्रेन्द्रिय (लिङ्ग) ९) मलेन्द्रिय (गुदाद्वार)
१०) वाणी (वाक, वचन) यी दस इन्द्रिय रहेका छन् ।

बुद्धीन्द्रियाणि पञ्चैषां श्रोत्रादीन्यनुपूर्वशः ।
कर्मेन्द्रियाणि पञ्चैषां पाय्वादीनि प्रचक्षते ॥ २/९१ ॥

अर्थात्:- यी दस इन्द्रियमा प्रथमको पाँच कान, छाला, आँखा, जिब्रो र नाक यी पाँच अङ्गलाई ज्ञानेन्द्रिय भनिन्छ भने अन्त्यका पाँच हात, खुट्टा, लिङ्ग, गुदाद्वार र वाणीलाई कर्मेन्द्रिय भनिन्छ ।

एकादशं मनो ज्ञेयं स्वगुणेनोभयात्मकम् ।
यस्मिन्जिते जितावेतौ भवतः पञ्चकौ गणौ ॥ २/९२ ॥

अर्थात्:- एघारौं इन्द्रिय मन हो जो आफूले आफैँलाई धारण गर्ने गुणको कारणद्वारा ज्ञानेन्द्रिय र कर्मेन्द्रिय यी नामले जानिन्छ । मनुष्यले मनलाई आफ्नो नियन्त्रण गर्नसक्यो भने बाँकी सबै शेष दस इन्द्रियलाई नै आफ्नो नियन्त्रणमा राख्न सकिन्छ ।

इन्द्रियाणां प्रसँगेन दोषं ऋच्छत्यसंशयम् ।
संनियम्य तु तान्येव ततः सिद्धिं निगच्छति ॥ २/९३ ॥

अर्थात्:- इन्द्रियको विषयवासनाको संसर्गमा जो मनुष्य लिप्त हुन्छ त्यस मनुष्यले जीवनमा दुःखलाई प्राप्त त गर्छ नै अघिपनि अँध्यारो बाटोमा प्रवेश गर्छ भने इन्द्रियको विषयवासनामा लिप्त नहुने मनुष्यले आफ्नो जीवनको लक्ष्य परमसिद्धिलाई प्राप्त गरेको हुन्छ ।

(समयको कलमः- जब मनुष्य अर्थात् जीवात्मा इन्द्रियको अधीनामा हुन्छ तब मनुष्य पतित पथमा अग्रसर हुन्छ । पतित पथमा अग्रसर हुनाले मनुष्यले कयौं दुष्कर्म गर्नपुग्छ तर मनुष्यले आफ्नो इन्द्रियलाई आफ्नो नियन्त्रणमा राखेको हुन्छ तबमात्र मनुष्यलाई सरल सिद्धिको मार्ग प्राप्त हुन्छ । जो मनुष्य इन्द्रियको अधीनामा परेर इन्द्रियको विषयवासनामा लिप्त भएर धर्मको आचरण छोडेर अधर्म बाटोमा लागेको हुन्छ त्यस्तो अज्ञानी मनुष्य उसको आफ्नो कर्मफल अति भयङ्कर हुन्छ । इन्द्रियको विषयासक्ति र अधर्ममा लीन हुने मनुष्य निश्चित दोषलाई धारण गर्न पुग्छ तर मनुष्यले इन्द्रियको विषयलाई आफैले नियन्त्रण गरेर धर्मको गुणलाई अफूमा धारण गरेको हुन्छ भने त्यो मनुष्यले आफ्नो सिद्धिलाई प्राप्त गर्छ)

न जातु कामः कामानां उपभोगेन शाम्यति ।
हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्धते ॥ २/९४ ॥

अर्थात्:- मनुष्यको मन कहिल्यै सन्तुष्ट हुँदैन, मनुष्यको मनले जुन विषयलाई चाहेको हुन्छ त्यो वस्तु प्राप्त गरेको खण्डमा पनि मन तृप्त तथा तटस्थ, स्थिर र स्थीर हुँदैन तर उसको इच्छामा भने अरु वृद्धि हुन्छ । जस्तो अग्निमा घिउ राख्यो भने अग्नि उत्तरोत्तर प्रदीप्त हुन्छ ठीक त्यस्तै हो मनको आचरण पनि, त्यसैले मनुष्यले आफ्नो मनलाई सधैं आफ्नो नियन्त्रणमा राख्नुपर्छ ।

यश्चैतान्प्राप्नुयात्सर्वान्यश्चैतान्केवलांस्त्यजेत् ।
प्रापणात्सर्वकामानां परित्यागो विशिष्यते ॥ २/९५ ॥

अर्थात्:- जुन वस्तु समीप रहेको इच्छित वस्तु हो तर आवश्यकताको वस्तु हैन जुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समीम उपस्थित रहेको हुन्छ तर प्राप्त गरेको हुँदैन र जो मनुष्यको आवश्यकताको वस्तु हैंन तर इच्छित वस्तु हो जसलाई उसले प्राप्त नै गरेको छ यस्तो जुन आफूलाई पतित गराउने वस्तु छन् ती दुवै अवस्थाको वस्तुलाई परित्याग गर्ने व्यक्ति नै महान् ज्ञानी तथा धार्मिक व्यक्ति हो ।

(समयको कलमः- यसको मतलब यो हैंन जीवन सञ्चालनको लागि आवश्यक पर्ने वस्तुलाई प्राप्त गर्नको लागि प्रयत्न नै नगर्नु र आवश्यकताअनुसार मेहनत गरेर आवश्यकताको वस्तुलाई प्राप्त गरेपछि त्याग नै गर्नुपर्छ भन्ने हैन जुन इच्छित वस्तु प्राप्त भयो तर त्यो इच्छित वस्तु अहिले कुनै कामको छैन र पहिले इच्छित वस्तु थियो आवश्यकताको वस्तु थिएन, त्यस्तो इच्छित वस्तुलाई त्याग गर्नुपर्छ भन्ने अवस्थामा यो श्लोकको भनाइ आएको हो)

न तथैतानि शक्यन्ते संनियन्तुं असेवया ।
विषयेषु प्रजुष्टानि यथा ज्ञानेन नित्यशः ॥ २/९६ ॥

अर्थात्:- इच्छित वस्तुको भोग नगरी परित्याग गर्न अति नै कठिन कार्य हो तर इच्छित वस्तु भोग गरिसकेपछि मात्र त्यसको दोष र अवगुण के हो भन्ने ज्ञानलाई प्राप्त हुन्छ जब दोषप्राप्त भएपछि त्याग गर्नुको कुनै अर्थ रहदैन तर आवश्यक वस्तुमा दोष लागु हुँदैन इच्छित वस्तुमा दोष लागु हुन्छ तर धर्मको नियम भने दुवै वस्तुमा लागु हुन्छ ।

वेदास्त्यागश्च यज्ञाश्च नियमाश्च तपांसि च ।
न विप्रदुष्टभावस्य सिद्धिं गच्छति कर्हि चित् ॥ २/९७ ॥

अर्थात्:- इच्छित वस्तु प्राप्त गरेर त्यस इच्छित वस्तु भोग गर्दा प्राप्त भएको दोषलाई व्यक्तिले कुनै पनि कर्म गरेर आफ्नो त्यस दोषलाई मेटाउन सक्दैन तर त्यस दोषको कर्मफल प्राप्त गरेपछि मात्र त्यस दोषको दोष आफै पतन हुन्छ ।

श्रुत्वा स्पृष्ट्वा च दृष्ट्वा च भुक्त्वा घ्रात्वा च यो नरः ।
न हृष्यति ग्लायति वा स विज्ञेयो जितेन्द्रियः ॥ २/९८ ॥

अर्थात्:- जो मनुष्यले भोग तथा आवश्यकताको कुनै पनि वस्तु सुन्ने, छुने, देख्ने, भोग गर्ने, सुँघ्नाले न खुशी तथा प्रसन्न प्राप्त हुन्छ न त यी सबैबिना अप्रसन्न नै प्राप्त गरेको हुन्छ त्यस्तो समभाव भएको मनुष्यलाई जितेन्द्रिय भनिन्छ ।

(समयको कलमः- जसको स्तुति सुनेर हर्ष र निन्दा सुनेर शोक, स्पर्श गरेर सुख र स्पर्श नगरेर दुःख सुन्दर देखेर प्रसन्नता, कुरुप देखेर मनमा खिन्नता, भोजन प्राप्त गरेर खुशी, भोजन प्राप्त नगरेमा ग्लानि, सुगन्धित पदार्थ सुँघेर त्यस वस्तुप्रति प्रीति र सुगन्धित वस्तु प्राप्त नभएमा दुःखी हुँदैन यी सबै अवस्थामा सधैं समभाव राख्नेलाई जितेन्द्रिय भनिन्छ)

इन्द्रियाणां तु सर्वेषां यद्येकं क्षरतीन्द्रियम् ।
तेनास्य क्षरति प्रज्ञा दृतेः पादादिवोदकम् ॥ २/९९ ॥

अर्थात्:- यदि इन्द्रियमा एक मात्र इन्द्रिय आफ्नो विषयवासनामा वास्नामा लिप्त भयो भने त्यस मनुष्यको वुद्धि यति द्रुतगतिमा नाश हुन्छ कि जसरी डोकोवाट पानी द्रुतगतिमा जमिनमा प्रवहित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- सम्पूर्ण इन्द्रियमा यदि एकमात्र इन्द्रिय आफ्नो विषयको वासनामा प्रवाहित भएको खण्डमा त्यस एक इन्द्रियको दोषको कारण अन्य सबै ज्ञानेन्द्रियको आफ्नो कार्यबाट नै स्वतः निष्क्रिय हुनपुग्छ)

वशे कृत्वेन्द्रियग्रामं संयम्य च मनस्तथा ।
सर्वान्संसाधयेदर्थानक्षिण्वन्योगतस्तनुम् ॥ २/१०० ॥

अर्थात्:- उत्तम रीतीले प्रयत्न गरेर मन आदि इन्द्रियलाई आफ्नो नियन्त्रण गरेर निराशक्त भक्ति तथा कर्म गर्दै जन्ममरणको कर्म वन्धनबाट मुक्त हुनेकोसिसमा सम्पूर्ण मनुष्य लाग्नुपर्छ । यही कर्म नै मनुष्यको आफ्नो अधीनामा रहेको हुन्छ । त्यसैले अति दुर्लभ मनुष्यको शरीरलाई विषयवासनामा लीन गरेर दुर्लभ जन्म र कर्मयोनी प्राप्त यो अवस्थालाई मनुष्यले कहिल्यै पनि नष्ट हुन् दिनुहुँदैन ।

पूर्वा संध्यां जपांस्तिष्ठेत्सावित्रीं आर्कदर्शनात् ।
पश्चिमां तु समासीनः सम्यगृक्षविभावनात् ॥ २/१०१ ॥

अर्थात्:- पूर्वासंध्याको दुई घडी रात्रीकालदेखि लिएर सूर्योदय पर्यन्त प्रातः संध्या पश्चिम सूर्यास्तदेखि पूर्ण ताराको दर्शन पर्यन्त सायंकालमा राम्रो तरिकाले स्थित भएर सविता अर्थात् सबै जगत्को उत्पत्ति गर्ने परमेश्वरको भक्ति उपासना गायत्री मन्त्रको जप आदि नियम सङ्गत नित्य कर्म गर्नुपर्छ ।

पूर्वा संध्यां जपंस्तिष्ठन्नैशं एनो व्यपोहति ।
पश्चिमां तु समासीनो मलं हन्ति दिवाकृतम् ॥ २/१०२ ॥

अर्थात्:- उपासकले गायत्री मन्त्रको जप प्रातःकालमा गरेमा उसको शरीरमा धनात्मक ऊर्जा उत्पन्न हुन्छ र उसको शरीरमा प्रकृतिबाट उत्पन्न हुने सम्पूर्ण दोष पतन हुन्छ भने सन्ध्यकालमा दैनिक गायत्री मन्त्रको जप गर्ने मनुष्यको शरीरको रात्रीको ऊर्जा असन्तुलन हुने दोष पतन हुन्छ अर्थात् दैनिक बिहान तथा बेलूकी गायत्री मन्त्रको जप गर्ने मनुष्यको शरीरमा उत्पन्न हुने विकार आफैमा पतन हुन्छ ।

न तिष्ठति तु यः पूर्वां नोपास्ते यश्च पश्चिमाम्
स शुद्रवद्बहिष्कार्यः सर्वस्माद्द्विजकर्मणः ॥ २/१०३ ॥

अर्थात्:- जो द्विज अर्थात् ब्रह्मचारीले प्रातः कालमा र सन्ध्या कालमा आफ्नो सन्ध्याको अनुष्ठान गर्दैनन् र जो सन्ध्याको उपासना गर्दैन त्यस्तो मनुष्यलाई द्विज तथा शुद्र वर्णले बहिष्कृत गर्नुपर्छ ।

अपां समीपे नियतो नैत्यकं विधिं आस्थितः ।
सावित्रीं अप्यधीयीत गत्वारण्यं समाहितः ॥ २/१०४ ॥

अर्थात्:- ब्रह्मचारीले एकान्त नदी, तलाउमा, सावधान भएर जलको समीप स्थित भएर, नित्यकर्म (सन्ध्योपासन) गर्दै गायत्री मन्त्रको जप गर्नुपर्छ ।

वेदोपकरणे चैव स्वाध्याये चैव नैत्यके ।
नानुरोधोऽस्त्यनध्याये होममन्त्रेषु चैव हि ॥ २/१०५ ॥

अर्थात्:- वेदमा जम्मा ६ अङ्ग रहेका छन् (शिक्षा, काव्य, व्याकरण, निरुक्त, छन्द र ज्योतिष) नित्यकर्म गर्नको लागि कहिल्यै पनि अनध्याय, अल्छी, त्रुटि गर्नुहुँदैन ।

नैत्यके नास्त्यनध्यायो ब्रह्मसत्त्रं हि तत्स्मृतम् ।
ब्रह्माहुतिहुतं पुण्यं अनध्यायवषट्कृतम् ॥ २/१०६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- नित्यकर्ममा कहिल्यै पनि अनध्याय हुँदैन नित्यकर्म ब्रह्मलाई प्राप्त या अनुभूति गर्ने सतत विधान हुनेहुनाले नित्यकर्मलाई 'ब्रह्मसत्र' भनिन्छ ।
(समयको कलमः- जसरी मनुष्यले श्वासप्रश्वासको कार्य दैनिक गरिएको हुन्छ, त्यसरी नै मनुष्यले आफ्नो श्वास प्रश्वास लिए जस्तै नित्यकर्म सधैँ गर्नुपर्छ । यो विधान ब्रह्मविधान हुनाले कहिल्यै परिवर्तन हुँदैन । मनुष्यले यो नित्यकर्म कहिल्यै बन्द गर्नुहुँदैन । नित्यकर्म पनि ब्रह्मविधानअनुसारको सतत कर्म हुनाले प्रतिदिन गर्नुपर्छ । नित्यसकर्मलाई कहिल्यै पनि छोडनुहुँदैन, अनध्यायमा पनि स्वाहाः भनेर पुकार पूर्वक गरिएको तथा वेदमन्त्रको उच्चारण पूर्वक गरिएको आहुतिबाट आहुत अग्निहोत्र आदि उत्तमकर्मको पुण्यरुप हो)

यः स्वाध्यायं अधीतेऽब्दं विधिना नियतः शुचिः ।
तस्य नित्यं क्षरत्येष पयो दधि घृतं मधु ॥ २/१०७ ॥

अर्थात्:- जो मनुष्यले स्वाध्यायपूर्वक र निरन्तर वेदको अध्ययन एवम् गायत्री मन्त्रको जप गर्दै, वेद निर्देशित यज्ञ, उपासना आदि बाह्य तथा आन्तरिक स्वच्छ र पवित्र तथा एकाग्रचित्त भएर विधि र विधानअनुसार आफ्नो कर्तव्य गरेको हुन्छ त्यस्तो मनुष्यको गृहस्थजीवन धनधान्यले पूर्ण हुन्छ । त्यस्तो कर्मयोगीको घरमा पञ्च अमृतको वर्षा हुन्छ ।

अग्नीन्धनं भैक्षचर्या अधःशय्यां गुरोर्हितम् ।
आसमावर्तनात्कुर्यात्कृतोपनयनो द्विजः॥ २/१०८ ॥

अर्थात्:- यज्ञोपवीत संस्कारमा दीक्षित द्विजले दैनिक अग्निहोत्र गर्नु, भिक्षावृत्ति गर्नु, भूमिमा सुत्नु, गुरुको सेवागर्नु, आफूलाई पूर्ण प्रकृतिमा समर्पण गर्नुपर्छ । समावर्तन संस्कार वेदाध्ययन समाप्त गरेर घर फर्कने दिनको अन्तिम क्षणसम्म यो कार्य गर्नुपर्छ ।

आचार्यपुत्रः शुश्रूषुर्ज्ञानदो धार्मिकः शुचिः ।
आप्तः शक्तोऽर्थदः साधुः स्वोऽध्याप्या दश धर्मतः ॥ २/१०९ ॥

अर्थात्:- ज्ञानीजन यी दस आफन्तको लागि सधैँ पढ्ने व्यवस्था मिलाउनु पर्छ र ज्ञानीजनले यी सबैलाई आफ्नो गुरुकुल मैं पढ्ने व्यवस्था मिलाउनु पर्छ ।

१) आचार्यपुत्र, २) सेवक, ३) ज्ञानदाता,
४) धार्मिक व्यक्ति, ५) आफ्नो धर्मलाई धारण गरेको,
६) मन वचन कर्मले पवित्र रहने, ७) आप्त,
८) सामर्थ्यवान (समर्थ), ९) साधु,
१०) धनदाता यी सबैलाई ज्ञान प्रदान गर्नुपर्छ,

(समयको कलमः-अर्थात्

आचार्यपुत्रः- आफ्नो आचार्य तथा गुरुको पुत्र,
सुश्रुषुः- सेवा गर्ने,
ज्ञानदः- कुनै पनि विषयको बारेमा ज्ञान दिने,
धार्मिकः- धर्मनिष्ठव्यक्ति,
शुचिः- छलकपट रहित, स्वच्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आप्तः घनिष्ठ व्यक्ति,
शक्तः- विद्याग्रहण गर्नमा समर्थवान अर्थात् बुद्धिमान् पात्र,
अर्थदः- आर्थिक सहयोग गर्ने,
साधुः- आफ्नो हितैषी मित्र,
स्वः- आफ्नो परिवार या सम्वन्धित
नापृष्टः- कस्य चिद्ब्रूयान्न चान्यायेन पृच्छतः ।
जानन्नपि हि मेधावी जडवल्लोक आचरेत् ॥ २/११० ॥

अर्थात्:- कुनै पनि व्यक्तिले कुनै प्रश्न नसोधेको खण्डमा, अन्यायसँग सोधेको भए या कपट विचार मनमा लिएर क्रोधपूर्वक, विरोध गर्नको लागि सोधेको हुन्छ भने त्यस्तो व्यक्तिको प्रश्न या जिज्ञासाको उत्तर दिनुहुँदैन । त्यस्ता व्यक्तिको अघि बुद्धिमान् र ज्ञानी तर जड वस्तु जस्तै समान भएर मौन, तटस्थ र निष्क्रिय रहनुपर्छ, तर जो मनुष्य निष्कपट र जिज्ञासु रहेको हुन्छ त्यस्तो व्यक्तिले यदि आफूलाई नसोधेको तर अरुलाई सोधेको भए पनि उसले खोजेको प्रश्नको उत्तर दिनुपर्छ । अतः प्रत्येक अवस्थामा शिष्य जिज्ञासु र निष्कपट हुनुपर्छ ।

अधर्मेण च यः प्राह यश्चाधर्मेण पृच्छति ।
तयोरन्यतरः प्रैति विद्वेषं वाधिगच्छति ॥ २/१११ ॥

अर्थात्:- जो मनुष्यले मनमा द्वेष भावना दुराग्रह मनमा राखेर सोधेको हुन्छ र अर्कोले अधर्म सोचेर सोधेको हुन्छ भने यी दुवैमा जसले सोधेको भए पनि दुवैको प्रश्नको उत्तर नदिनु किनकि द्वेष भावना र अधर्मको विधानद्वारा नै शत्रुता उत्पन्न हुन्छ किनकि जो अधर्म अर्थात् पक्षपात, असत्यको ग्रहण र असत्यको परित्याग, तथा हठ दुराग्रह आदि छल-कपटसँग सोधेको हुन्छ यी दुवैमाकोही एक जो मर्यादालाई छोडेको हुन्छ त्यसले मनुष्यले दुःखलाई प्राप्त गरेको हुन्छ ।

धर्मार्थौ यत्र न स्यातां शुश्रूषा वापि तद्विधा ।
तत्र विद्या न वप्तव्या शुभं बीजं इवोषरे ॥ २/११२ ॥

अर्थात्:- जहाँ धर्म, अर्थ र सेवा कर्म शास्त्रअनुसार भएको हुँदैन र शास्त्रविपरीत गरिएको कर्मले कहिल्यै पनि सत्यज्ञानलाई प्राप्त हुँदैन, किनकि उत्तम र उब्जाऊ बीज सुख्खा भूमिमा लगाए भने त्यस बीजको परिणाम शून्य नै हुन्छ ।

(समयको कलमः- जुन शिष्यमा धर्मको गुण र पुरुषार्थ छैन तथा शास्त्रमा भनिएको विधानअनुसार गुरुको सेवा पनि गरेको हुँदैन, त्यस्तो शिष्यलाई ज्ञान दिएर सम्झाउनु पर्छ । यदि सम्झाउँदा पनि आफ्नो आचरण परिवर्तन नगरेँ त्यस्तो शिष्यलाई वेदज्ञान दिनुको कुनै अर्थ हुँदैन किनकि यस्तो अयोग्य शिष्यलाई वेदज्ञान दिनु भनेको सुख्खा भूमिमा बीज लगाउनु जस्तै हो, अतः शिष्य निष्कपट, पुरुषार्थी तथा गुरुभक्त हुन् आवश्यक छ)

विद्ययैव समं कामं मर्तव्यं ब्रह्मवादिना ।
आपद्यपि हि घोरायां न त्वेनां इरिणे वपेत् ॥ २/११३ ॥

अर्थात्:- विद्वान् मनुष्यले सधैँ यो कुरामा ध्यान राख्नुपर्छ कि आफ्नो ज्ञान र विद्या गलत उद्देश्य लिएको मनुष्यलाई प्रदान गर्नु हुँदैन चाहे त्यो मनुष्य आफ्नो पुत्र नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किन नहोस् चाहे त्यो ज्ञान आफूमा नै बिलिन किन नहोस् तर कुपात्र, गलत उद्देश्य र दुराचारी मनुष्यलाई कहिल्यै ज्ञान दिनुहुँदैन ।

विद्या ब्राह्मणं एत्याह शेवधिस्तेऽस्मि रक्ष माम् ।
असूयकाय मां मादास्तथा स्यां वीर्यवत्तमा ॥ २/११४ ॥

अर्थात्:- ब्राह्मणसँग हुने ज्ञान र विदा नै त्यस ब्रह्मणको आफ्नो सुरक्षा कवज हो ब्रह्मणको सम्पत्ति भन्नु नै उसको आफ्नो ज्ञान हो त्यसैले यदि ब्राह्मणले आफ्नो विदा, आफ्नो ज्ञान सबै सुपात्र मनुष्यलाई प्रदान गर्ने हो भने त्यस ज्ञानको प्रचार र ज्ञानको रक्षा हुने हुनाले त्यही ज्ञान र विदाले नै त्यस ब्राह्मणको रक्षा गर्नेछ । (समयको कलमः- जुन मनुष्यले वेद ज्ञानलाई ग्रहण गर्ने इच्छा राखेको हुँदैन त्यस्तो व्यक्तिलाई वेदज्ञान कहिल्यै दिनुहुँदैन यदि यस्तो कसैले गर्छ भने वेदज्ञान गलत व्यक्तिलाई दिएमा त्यसको कर्मको कर्मफल त्यही कर्मले नै दिनेछ किनकि कर्मको कर्मफल कर्म गर्नेलाई नै मिलेको हुन्छ)

यं एव तु शुचिं विद्यान्नियतब्रह्मचारीणम् ।
तस्मै मां व्रूहि विप्राय निधिपायाप्रमादिने ॥ २/११५ ॥

अर्थात्:- ब्रह्मणले आफ्नो ज्ञान जहिले पनि निष्कपट, पवित्र, ब्रह्मचारीलाई, ज्ञानलाई ग्रहण गर्ने क्षमता भएको र त्यही ज्ञानलाई नै आफ्नो सम्पत्ति बुझेर त्यही ज्ञानलाई आचारणमा लागु गर्ने र आफ्नो आचारणको रक्षा गर्ने बुद्धिमान् शिष्यलाई प्रदान गर्नुपर्छ ।

ब्रह्म यस्त्वननुज्ञातं अधीयानादवाप्नुयात् ।
स ब्रह्मस्तेयसंयुक्तो नरकं प्रतिपद्यते ॥ २/११६ ॥

अर्थात्:- जो मनुष्यले अरूले प्राप्त गरेको ज्ञानलाई त्यस ज्ञानीको अनुमती विना नै लुकेर सुनेर या त्यसको विधानलाई चोरेर त्यो ज्ञानलाई आफूमा धारण गरेर त्यही ज्ञानअनुसार नै कार्य गरेको हुन्छ त्यस्तो व्यक्तिलाई चोर भनिन्छ । किनकि आफूले प्राप्त गरेको ज्ञानको सत्यता त्यही मनुष्यलाई मात्र थाहा हुन्छ जसले ज्ञान प्राप्त गरेको हुन्छ किनकि ज्ञानको विधान त्यही ज्ञान प्राप्त गर्ने ज्ञानीलाई मात्र थाहा हुन्छ । त्यसैले ज्ञान चोरी गर्नु पनि पाप गर्नु नै हो ।

लौकिकं वैदिकं वापि तथाध्यात्मिकं एव वा ।
आददीत यतो ज्ञानं तं पूर्व अभिवादयेत् ॥ २/११७ ॥

अर्थात्:- जुन मनुष्यले मनुष्यको जीवनमा सधैं लागु हुने ज्ञान शास्त्रविदा, शस्त्रविद्या, ज्योतिष ज्ञान, अर्थशास्त्र, इतिहास, राजनीति, भौतिक तथा रासायनिक ज्ञान, विज्ञान तथा आध्यात्मिक एवम् आत्मा र ईश्वर सम्वन्धीको ज्ञानलाई प्राप्त गरेर त्यही ज्ञानलाई अरुलाई प्रदान गरेको हुन्छ त्यस्तो ज्ञानी मनुष्यलाई सधैं अभिवादन गर्नुपर्छ ।

सावित्रीमात्रसारोऽपि वरं विप्रः सुयन्त्रितः ।
नायन्त्रितस्त्रीवेदोऽपि सर्वाशी सर्वविक्रयी ॥ २/११८ ॥

अर्थात्:- जो मनुष्यले वेदमा निर्देशित कर्म गरेको हुन्छ तर उसले वेद पढेको छैन तर उसले विधिपूर्वक वेद निर्देशित विधिले कर्म र वेदको नीतिअनुसार नै गायत्री

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रको मात्र जप गरेको हुन्छ भने त्यस्तो व्यक्ति सधैं मनुष्यको लागि मान्य र आदरणीय हो, पुरा शास्त्र पढेको तर कर्म भने वेद विरुद्ध गर्छ भने त्यस्तो व्यक्ति कहिल्यै पनि आदरणीय हुँदैन ।

शय्यासनेऽध्याचरिते श्रेयसा न समाविशेत् ।
शय्यासनस्थश्चैवैनं प्रत्युत्थायाभिवादयेत् ॥ २/११९ ॥

अर्थात्:- ब्रह्मचारी शिष्यले कहिल्यै पनि ज्ञानदिने गुरु, आदरणीय, पूजनीय तथा वृद्धपुरुषको आसन (गद्दी) मा बस्नुहुँदैन यदि बसेको भए गुरु आएमा या आदरणीय तथा पूजनीय र वृद्धपुरुष आएमा आसनबाट उठेर गुरु तथा आदरणीय तथा पूजनीय र वृद्धपुरुषलाई प्रणाम गरेर माफी माग्नुपर्छ ।

ऊर्ध्व प्राणा ह्युत्क्रामन्ति यूनः स्थविर आयति ।
प्रत्युत्थानाभीवादाभ्यां पुनस्तान्प्रतिपद्यते ॥ २/१२० ॥

अर्थात्:- यदि गुरु, आदरणीय, पूजनीय तथा वृद्धपुरुष जब नजिक उपस्थित हुन्छन् त्यस अवस्थामा उमेरले सानो मनुष्यको आफ्नो शरीरको प्राण आकाशतिर प्रवाहित हुनेकोसिस गर्छ त्यसैले जब गुरु, आदरणीय, पूजनीयलाई उठेर निहुरिएर प्रणाम गर्छन् तब ती सबैको प्राण स्थिर तथा सम हुनपुग्छ ।

अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः ।
चत्वारि तस्य वर्धन्ते आयुर्धर्मो यशो बलम् ॥ २/१२१ ॥

अर्थात्:- जो मनुष्यले आफूभन्दा ठुलोलाई आदरसम्मान र सदैव प्रणाम गरेको हुन्छ त्यस्तो मनुष्यको आयु, यश, विद्या र बल यी चार गुणमा सधैं वृद्धि हुन्छ ।

अभिवादात्परं विप्रो ज्यायांसं अभिवादयन् ।
असौ नामाहं अस्मीति स्वं नाम परिकीर्तयेत् ॥ २/१२२ ॥

अर्थात्:- मान्यजन तथा आदरणीयलाई प्रणाम गरेपछि म आमुक अर्थात् मेरो नाम यो हो म यो नामको मनुष्य हुँ मलाई यो नामद्वारा पुकार गरिन्छ भनेर भन्नुपर्छ ।

नामधेयस्य ये के चिदभिवादं न जानते ।
तान्प्राज्ञोऽहं इति ब्रूयात्स्त्रियः सर्वास्तथैव च ॥ २/१२३ ॥

अर्थात्:- आदरणीयलाई प्रणाम गरेपछि कुन शब्द प्रयोग गर्ने हो भन्ने ज्ञान जुन मनुष्यलाई हुँदैन त्यस मनुष्यले प्रणाम गरेपछि केवल म यो नामको व्यक्ति हुँ भन्नुपर्छ यो नियम पुरुष र स्त्री दुवैको लागि हो ।

भोःशब्दं कीर्तयेदन्ते स्वस्य नाम्नोऽभिवादने ।
नाम्नां स्वरुपभावो हि भोभाव ऋषिभिः स्मृतः ॥ २/१२४ ॥

अर्थात्:- मान्यजनलाई प्रणाम गरेपछि आफ्नो नामको अन्त्यमा 'हुँ' शब्दको प्रयोग गर्नुपर्छ 'हुँ' भन्नाले त्यो नाम त्यसैले धारण गरेको हो भन्ने बुझिन्छ ।

आयुष्मान्भव सौम्येति वाच्यो विप्रोऽभिवादने ।
अकारश्चास्य नाम्नोऽन्ते वाच्यः पूर्वाक्षरः प्लुतः ॥ २/१२५ ॥

अर्थात्:- मान्यजनले पनि आशीर्वाद दिँदा 'आयुष्मान भव' 'चिरञ्जीवी भव' 'यशश्वी भव' भन्नुपर्छ । नामको अन्तमा अकारादि स्वरको स्वर प्लुत अर्थात् त्रिमात्रात्मक हुने तरिकाले भन्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- अभिवादनको उत्तरदिने समय द्विजले 'आयुष्मान् भव' अर्थात् 'हे सौम्य ! आयुष्मान् हुनु' भन्नूपर्छ र प्रणाम गर्ने व्यक्तले नामको अन्तिम अकार आदि स्वरको पहिलो अक्षर सहित प्लुतको ध्वनि (तीन मात्राको समयमा) म उच्चारण गर्नु। जस्तो- 'नारायण' नाममा अन्तिम स्वर अकार रहेको छ, जो 'ण' मा मिलेको हुन्छ। यस प्रकार 'ण' सहित अकारको अर्थात् अन्तिम 'ण' लाई नै प्लुत गरेर बोल्नु। उदाहरण हो - "आयुष्मान् भव सौम्य नारायणः भन्नुपर्छ)।

यो न वेत्त्यभिवादस्य विप्रः प्रत्यभिवादनम्।
नाभीवाद्यः स विदुषा यथा शुद्रस्तथैव सः॥ २/१२६ ॥

अर्थात्:- जो मनुष्यले कसैले प्रणाम गर्दा आर्शीवाद प्रदान गर्नको लागि कुनै वाक्यलाई जानेको नै हुँदैन त्यसले आशीर्वाद मात्र भन्नु यदि, यति आशीर्वाद मात्र पनि भन्न सक्दैन भने त्यो आदरणीय पक्का हो आदर गर्नु तर अर्को पटक प्रणाम गर्नुपर्दैन किनकि त्यो मनुष्य आदरणीय भएरपनि अज्ञानी हो।

ब्राह्मणं कुशलं पृच्छेत्क्षत्रवन्धुं अनामयम्।
वैश्यं क्षेमं समागम्य शुद्रं आरोग्यं एव च ॥ २/१२७ ॥

अर्थात्:- प्रणाम गरेपछि मान्यजन ब्राह्मण वर्णको भए कुशल मङ्गल हुनुहुन्छ ? क्षत्रीय वर्णको भए सबल हुनुहुन्छ ? वैश्यवर्णको भए सक्षम हुनुहुन्छ ? र शुद्र वर्णको भए आरोग्य हुनुहुन्छ भनेर सोध्नुपर्छ।

अवाच्यो दीक्षितो नाम्ना यवीयानपि यो भवेत्।
भोभवत्पूर्वकं त्वेनं अभिभाषेत धर्मवित् ॥ २/१२८ ॥

अर्थात्:- जो मनुष्यले आफ्नो उमेरभन्दा सानो तर ज्ञानी मनुष्यसँग यज्ञ लगायत कुनै पनि सात्विक कर्म गराएको हुन्छ त्यस ज्ञानीलाई यज्ञको अन्तिम समयसम्म भवत् शब्दद्वारा पुकार्नुपर्छ नाम लिनु अनुचित हो।

परपत्नी तु या स्त्री स्यादसंवन्धा च योनीतः।
तां ब्रुयाद्भवतीत्येवं सुभगे भगिनीति च ॥ २/१२९ ॥

अर्थात्:- यज्ञ या अन्य कार्यको लागि आएकी स्त्री होस् जोसँग आफ्नो कुनै नाता तथा कुनै सम्वन्ध छैन भने त्यस्ती स्त्रीलाई सुभगे, भवती, भगिनी, भाग्यवान भनेर आदि शब्दलेसम्मान दिएर पुकार गर्नुपर्छ।

मातुलांश्च पितृव्यांश्च श्वशुरानृत्विजो गुरुन्।
असावहं इति ब्रुयात्प्रत्युत्थाय यवीयसः ॥ २/१३० ॥

अर्थात्:- यज्ञको समय होस् या अघिपछिको समयमा होस् मामा, काका, ससुर यज्ञ गराउने गुरु यी सबै आफ्नो आयुभन्दा पनि सानो आयुका भए पनि उनको सत्कार गर्दा म अमुक अर्थात् आफ्नो नाम (नारायण) हुँ भन्दै उठेर प्रणाम गर्नुपर्छ।

मातृश्वसा मातुलानी श्वश्रूरथ पितृश्वसा।
संपूज्या गुरुपत्नीवत्समास्ता गुरुभाइया ॥ २/१३१ ॥

अर्थात्:- काकी, माइजू, सासू, फूपु, गुरुपत्नी यी सबै आदरणीय हुन्, तर यज्ञगर्दै गरेको अवस्थामा भएमा यज्ञ छोडेर यज्ञवाट उठेर नै प्रणाम गर्नुपर्दैन। यज्ञको कार्य सकिएपछि उहाँलाई प्रणाम गर्नु पर्छ तर सत्कार भने यज्ञवाट नै गर्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भ्रातुर्भार्योपसंग्राह्या सवर्णाहन्यहन्यपि ।
विप्रोष्य तूपसंग्राह्या ज्ञातिसंबन्धियोषितः ॥ २/१३२ ॥

अर्थात्:- भ्राताको भार्या अर्थात् भाउजू, र स्वजाति दाइको स्त्री हो यी सबैलाई नम्रतापूर्वक प्रणाम गर्नुपर्छ र स्वजातिको सम्बन्धिनी (नातेदार, रिश्तेदार) स्त्रीको खुट्टा छोएर प्रणाम गर्नुपर्छ, परन्तु यी सबै आफ्नो देशमा बसेका छन् भने मात्र यदि विदेशका बासिन्दा हुन् कर्मच्यूत भएका हुन् तर आफन्त भए पनि खुट्टा भने छुनु हुँदैन ।

पितुर्भगिन्यां मातुश्च ज्यायस्यां च स्वसर्यपि ।
मातृवद्वृत्तिं आतिष्ठेन्माता ताभ्यो गरीयसी ॥ २/१३३ ॥

अर्थात्:- फूपू, काकी, दिदी यी सबै माता तुल्य हुन् भन्ने जान्नू, तर सृष्टिमा माताजस्तोकोही हुँदैन सृष्टिमा पहिलो माता नै मान्य आदरणीय हुनुहुन्छ ।

दशाब्दाख्यं पौरसख्यं पञ्चाब्दाख्यं कलाभृताम् ।
त्र्यब्दपूर्व श्रोत्रियाणां स्वल्पेनापि स्वयोनीषु ॥ २/१३४ ॥

अर्थात्:- एक गाँउ अथवा एक शहरको निवासी होस् तर गुणरहित होस् र दशवर्ष ठुलो नै किन नहोस् त्यस्तो मनुष्यसँग केवल मित्रवतको व्यवहार गर्नुपर्छ र गुणी होस् धार्मिक होस् त्यो पाँचवर्ष ठुलो भए पनि त्यस मनुष्यसँग पनि मित्रवतको नै व्यवहार गर्नुपर्छ र वेदज्ञानी होस् र त्यो तीन वर्ष ठुलो भए पनि उससँगपनि मित्रताको व्यवहार नै गर्नुपर्छ । अल्प समयमा नै मित्रता हुन्छ ।माथि लेखिएको विधानको नियम आयुभन्दा धेरै अवस्थामा लागुहुने विधान हो ।

ब्राह्मणं दशवर्ष तु शतवर्ष तु भूमिपम् ।
पितापुत्रौ विजानीयाद्ब्राह्मणस्तु तयोः पिता ॥ २/१३५ ॥

अर्थात्:- दस वर्षको बच्चाले ज्ञान दिइरहेको छ र सय वर्षको मनुष्यले यही ज्ञानलाई सुनिरहेको छ त्यस बालकको ज्ञानलाई ग्रहण गरेको छ भने यहाँ ज्ञान दिने बालक ज्ञान दिँदै गर्दा पिता जस्तै हुन्छ भने सुनेर ज्ञानलाई धारण गर्ने मनुष्य पुत्र जस्तै हुन्छ । ज्ञान दिइरहेको बालक अहिले ब्राह्मण हो सुनि रहेको क्षत्रीय या अन्य होस् सय बर्षको किन नहोस् अहिले त्यो अवस्थामा बालक पिता जस्तै र ज्ञान ग्रहण गर्ने पुत्र जस्तै हुन् ।

वित्तं बन्धुर्वयः कर्म विद्या भवति पञ्चमी ।
एतानि मान्यस्थानानि गरीयो यद्यदुत्तरम् ॥ २/१३६ ॥

अर्थात्:- यी सबै साधान र नियम सधैं मान्य तथा आदरणीय रहेका हुन्छन्, यी पाँचमा पहिलो भन्दा दोश्रो, दोश्रो भन्दा तेस्रो, तेस्रो भन्दा चौथो, चौथो भन्दा पाँचौ एक अर्कोभन्दा पूरक अर्थात् उत्तम हो ।

१) वन, २) बन्धु (नातेदार), ३) आयु,
४) कर्म, ५) विद्या

पञ्चानां त्रिषु वर्णेषु भूयांसि गुणवन्ति च ।
यत्र स्युः सोऽत्र मानार्हः शुद्रोऽपि दशमीं गतः ॥ २/१३७ ॥

अर्थात्:- ब्राह्मण, क्षत्रीय, वैश्य यी वर्णमा जोसँग यी पाँच वस्तुमा कुनै पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकवस्तु धेरै रहेको हुन्छ त्यो आफैमा महान् हो तर केही पनि नभएको शुद्रवर्ण पनि ९० बर्षपछि यी सबैभन्दा महान् हो भन्ने जान्नू किनकि यी पाँच साधनको महान् भन्दा ९० वर्षसम्मको अनुभव नै महान् हो ।

चक्रिणो दशमीस्थस्य रोगिणो भारिणः स्त्रीयाः ।
स्नातकस्य च राज्ञश्च पन्था देयो वरस्य च ॥ २/१३८ ॥

अर्थात्:- सवारी साधन अर्थात् रथ, गाडी, आदिमा क्रमशः आमा, बुवा, दशमी अवस्था भएमा तथा वृद्ध, रोगी, भरिया अर्थात् बोझ उठाउँको, गर्भवती नारी, स्नातक आचार्य तथा गुरु, राजा तथा विवाहको लागि हिँडेका जन्ती, बच्चा र अन्य स्त्रीलाई पहिले बाटो दिनुपर्छ ।

तेषां तु समावेतानां मान्यौ स्नातकपार्थिवौ ।
राजस्नातकयोश्चैव स्नातको नृपमानभाक् ॥ २/१३९ ॥

अर्थात्:- अन्य अवस्थामा भने राजा र ब्रह्मचारीलाई पहिले नै बाटो दिनुपर्छ ।

उपनिय तु यः शिष्यं वेदं अध्यापयेद्द्विजः ।
सकल्पं सरहस्यं च तं आचार्य प्रचक्षते ॥ २/१४० ॥

अर्थात्:- यज्ञोपवीत गरेर वेदज्ञानलाई विधिपूर्वक पढेको छ र वेदको ज्ञानलाई ग्रहण गरेको र वेदाङ्गको विधानलाई सत्योचित रीतीले पढाउँछ त्यस्तो ज्ञानीलाई नै आचार्य भनिन्छ ।

(समयको कलमः- जो ब्राह्मण, क्षत्रीय अथवा वैश्य वर्णका सन्तान रहेका छन् गुरुले आफ्नो शिष्यलाई यज्ञोपवित आदि धर्मक्रिया गरेपछि वेदको अर्थ र कलासहित पढाउनु पर्छ त्यही पढाउने नियमलाई नै आचार्य भनिन्छ, जो ब्राह्मणले आफ्नो शिष्यको उपनयन संस्कार गरेर शिष्यको लागि कर्मकाण्ड र ज्ञानकाण्डसहित वेद पढाउने गर्छन त्यही ज्ञानीलाई नै 'आचार्य' भनिन्छ

एकदेशं तु वेदस्य वेदाङ्गान्यपि वा पुनः ।
योऽध्यापयति वृत्त्यर्थ उपाध्यायः स उच्यते ॥ २/१४१ ॥

अर्थात्:- वेदको ज्ञान र वेदको ज्ञानको ६ अङ्गसहित जुन मनुष्यले आफ्नो जीविकाको लागि वेदज्ञानलाई प्रदान गर्छ त्यस्तो ज्ञानीलाई नै 'उपाध्याय' भनिन्छ अर्थात् जो मनुष्यले वेदको कुनै पनि एक भाग या वेदाङ्गलाई आफ्नो वृत्ति अर्थात् आफ्नो जीविकोपार्जनको लागि पढाउने गर्छ त्यही व्यक्ति नै 'उपाध्याय' हो ।

निषेकादीनि कर्माणि यः करोति यथाविधि ।
संभावयति चान्नेन स विप्रो गुरुरुच्यते ॥ २/१४२ ॥

अर्थात्:- जो मनुष्यले गर्भाधान संस्कारदेखि लिएर अन्त्येष्टिसम्मको सम्पूर्ण संस्कार पुरा ज्ञान र मोक्षको यथा विधिको ज्ञानलाई प्रदान गरेको हुन्छ त्यही ब्राह्मण हो त्यही मनुष्यलाई नै गुरु भनिन्छ ।

(समयको कलमः- वीर्यदान गर्नेदेखि लिएर भोजन आदि गराएर पालन गरेको हुनाले पितालाई नै पहिलो 'गुरु' भनिन्छ' । निषेक अर्थात् ऋतु(प्रदान यो प्रथम संस्कार हो। पिताले निषेक गरेको हुन्छ तर माताले केवल ग्रहण र धारण गरेको हुनाले पिता नै गुरु हो)

अग्न्याधेयं पाकयज्ञानग्निष्टोमादिकान्मखान् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यः करोति वृतो यस्य स तस्य तद्विवगिहोच्यते ॥ २/१४३ ॥

अर्थात्:- जो ज्ञानी अग्निहोत्र आदि होम (जुन अग्निमा अग्न्याधान गरिन्छ) अष्ट आदि पाकयज्ञ र अग्निष्टोम आदि महायज्ञको विधिको कार्यालाई वरण गरेको हुन्छ त्यस यजमानलाई 'ऋत्विक' भनिन्छ ।

य आवृणोत्यवितथं ब्रह्मणा श्रवणावुभौ ।
स माता स पिता ज्ञेयस्तं न द्रुह्येत्कदा चन ॥ २/१४४ ॥

अर्थात्:- जुन मनुष्यले पहिले ज्ञान प्रदान गरेको हुन्छ त्यो ज्ञातालाई माता, पिता भनिन्छ त्यसैले माता, पिता नै 'व्रत' हुन् 'व्रत'सँग कहिल्यैपनि कठोर वचन, क्रोध, गलत व्यावहार र शत्रुता गर्नुहुँदैन ।

उपाध्यायान्दशाचार्य आचार्याणां शतं पिता ।
सहस्रं तु पितकक्न्माता गौरवेणातिरिच्यते ॥ २/१४५ ॥

अर्थात्:- ज्ञानीको विधानमा उपाध्यायभन्दा दशगुणा आचार्य मान्य हुन्छ, आचार्यभन्दा सयगुणा पितामान्य हुन्छ र पिताभन्दा सहस्रगुणा अधिक माता मान्य हुन्छ यही ज्ञानको विधान हो ।

उत्पादकब्रह्मदात्रोर्गरीयान्ब्रह्मदः पिता ।
ब्रह्मजन्म हि विप्रस्य प्रेत्य चेह च शाश्वतम् ॥ २/१४६ ॥

अर्थात्:- जन्मदिने माता, पिता र वेद पढाउने गुरु यी दुवैमा अधिको विधानको लागि ज्ञानदिने अर्थात् वेद पढाउने गुरु महान् हुन्छ किनकि यस जन्मको माता, पिता नाशवान् हो भने वेदको ज्ञानप्राप्त गरेपछि जुन जन्म हुन्छ त्यो जन्म अविनाशी हुन्छ ।

कामान्माता, पिता चैनं यदुत्पादयतो मिथः ।
संभूतिं तस्य तां विद्याद्योनावभिजायते ॥ २/१४७ ॥

अर्थात्:- सन्तानको इच्छाको कारण नै माता, पिता एक आपसमा परस्पर मिलेर जुन बालकलाई जन्मदिएका हुन्छन् त्यो जन्म त्यस बालकको सामान्य जन्म हो जुन जन्ममा बच्चाको शरीर माताको गर्भाशयमा नै अङ्ग प्रत्यङ्गलाई प्राप्त गरेको हुन्छ ।

आचार्यस्त्वस्य यां जातिं विधिवद्वेदपारगः ।
उत्पादयति सावित्र्या सा सत्या साजरामरा ॥ २/१४८ ॥

अर्थात्:- जुन मनुष्यले यज्ञपोवित गरेर गायत्री मन्त्रको जपद्वारा जुन जन्म प्राप्त गरेको हुन्छ त्यही जन्म नै सत्यको जन्म हुन्छ । परन्तु वेदज्ञ आचार्यद्वारा ब्रह्मचारीको जुन वर्णलाई विधिपूर्वक सावित्री अर्थात् गायत्री वेदमाताद्वारा नयाँ जन्मप्रदान गरेको हुन्छ त्यही जन्मद्वारा नै सत्यतालाई प्राप्त गरेर मुक्ति प्राप्त हुन्छ ।

अल्पं वा बहु वा यस्य श्रुतस्योपकरोति यः ।
तं अपीह गुरुं विद्याच्छ्रुतोपक्रियया तया ॥ २/१४९)

अर्थात्:(जुन मनुष्यले अल्प या जसले जीवनसँग सम्बन्धित पूर्ण ज्ञान दिन्छ या वेदको सबै विधानलाई ज्ञान दिएर जीवनको सत्यतालाई बुझाएर जुन उपकार गरेको हुन्छ त्यसलाई नै गुरु मान्नुपर्छ ।

ब्राह्मस्य जन्मनः कर्ता स्वधर्मस्य च शासिता ।
बालोऽपि विप्रो वृद्धस्य पिता भवति धर्मतः ॥ २/१५० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- वेद पढाउने मनुष्यलाई ब्राह्मण भनिन्छ, ब्राह्मण आयुमा सानो नै किन नहोस् त्यो गुरु नै हो, किनकि ज्ञानद्वारा जीवात्माको वृद्धत्व अर्थात् महान्ता प्राप्त हुन्छ आयुद्वारा हुँदैन ।

अध्यापयां आस पितककन्शिशुराङ्गिरसः कविः ।
पुत्रका इति होवाच ज्ञानेन परिगृह्य तान् ॥ २/१५१ ॥

अर्थात्:- ऋषि अङ्गिराको छोराले आफ्नो काकालाई वेदज्ञान प्रदान गर्नुभएको थियो, काकालाई पनि पुत्र भन्नुभएको थियो किनकि ज्ञानमा अङ्गिराको पुत्र आफ्नो काका भन्दा ज्ञानी हुनुहुन्थ्यो ।

ते तं अर्थाअपृच्छन्त देवानागतमन्यवः ।
देवाश्चैतान्समेत्योचुर्न्याय्यं वः शिशुरुक्तवान् ॥ २/१५२ ॥

अर्थात्:- जब ऋषि अङ्गिरा पुत्रले आफ्नो काकालाई पुत्र भन्नुभयो तब काका क्रुद्ध भएर अन्य ऋषिसँग सोध्नु भयो तब अन्य वेद ऋषिले उत्तर दिनुभयो कि त्यस बालकले (शिशु) सही भन्नुभयो ।

अज्ञो भवति वै बालः पिता भवति मन्त्रदः ।
अज्ञं हि बालं इत्याहुः पितेत्येव तु मन्त्रदम् ॥ २/१५३ ॥

अर्थात्:- जो ज्ञान हामीलाई थाहा छैन या अहिले हामीले सिकेका छैनौं तर ज्ञानको विधानमा रहेको छ त्यस ज्ञानलाई नसिकेसम्म त्यो व्यक्ति बालक नै हुन्छ उमेर धेरै होस् र जो मन्त्र अर्थात् अन्यको कल्याणको लागि विद्या पढाएर विद्याविचारमा निपुण गराएको हुन्छ । त्यही व्यक्ति नै पिता हुन्छ भकर्कै उमेरमा सानो नै किन नहोस् किनकि जुन कारण सत्पुरूषले अज्ञानीलाई बालक भनेर र ज्ञान दिएका हुन्छ त्यो अवस्थामा ज्ञानदिने पिता र ज्ञान ग्रहण गर्ने पुत्र नै हुन्छ त्यही पिताद्वारा ज्ञानलाई ग्रहण गरेर ब्रह्मचर्याश्रम सम्पन्न भएर ज्ञानवान् (विद्यावान भएर गृहस्थ आश्रमलाई प्राप्त गर्नसक्छ ।

न हायनैर्न पलितैर्न वित्तेन न बन्धुभिः ।
ऋषयश्चक्रिरे धर्मं योऽनूचानः स नो महान् ॥ २/१५४ ॥

अर्थात्:- वयोवृद्धि, धनवान् र धेरै नातेदार हुँदैमाकोही ज्ञानी तथा महान् हुँदैन तर साङ्गोपाङ्ग जसले वेद पढेको र वेदज्ञानलाई आफूमा ग्रहण गरेको हुन्छ र वेदज्ञानअनुसार आफ्नो कर्म गर्छ त्यही मनुष्य नै महान् र उत्तम मनुष्य हो । यही नै वेदको वचन हो ।

(समयको कलमः- धर्मवेत्ता ऋषिले न वर्षलाई, न कपाल पाकेको व्यक्तिलाई, न चाउरी परेको अनुहारलाई, न धनलाई, न धेरै नातेदार हुनेलाई महान् मानेका । जुन मनुष्यले वेद सङ्गत ज्ञानलाई धारण गरेको हुन्छ त्यही नै महान् मनुष्य हो भनेर भन्नु भएको छ'

विप्राणां ज्ञानतो ज्यैष्ठ्यं क्षत्रीयाणां तु वीर्यतः ।
वैश्यानां धान्यधनतः शुद्राणां एव जन्मतः ॥ २/१५५ ॥

अर्थात्:- ज्ञानको कारण ब्राह्मण वर्ण ज्येष्ठ हो, बलको कारण क्षत्रीय वर्ण ज्येष्ठ हो, धन सम्पतिको कारण वैश्य वर्ण जेष्ठ हो भने आफ्नो उमेर र सारथीको कारण शुद्र वर्ण जेष्ठ हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न तेन वृद्धो भवति येनास्य पलितं शिरः ।
यो वै युवाप्यधीयानस्तं देवाः स्थविरं विदुः॥ २/१५६ ॥

अर्थात्:- केश श्वेत हुनालेकोही महान् हुँदैन तर जोकोही युवा छ वेदज्ञानी तथा विद्वान् छ त्यही नै आदरणीय तथा महान् हुन्छ।

(समयको कलमः- शरीरको कपाल फुल्दैमाकोही बूढो हुँदैन तर जुन युवा छ तर वेदज्ञाता रहेको हुन्छ त्यही नै महान् हो भन्ने विद्वान्को मत रहेकोछ)

यथा काष्ठमयो हस्ती यथा चर्ममयो मृगः ।
यश्च विप्रोऽनधीयानस्त्रयस्ते नाम बिभ्रति ॥ २/२५७ ॥

अर्थात्:- काठको हात्ती, छालाको मृग ज्ञान नभएको मनुष्य यी तीन नाम मात्रको हुन्, कुनै कार्य गर्नसक्दैन, अर्थात् जुन मनुष्यले ज्ञानलाई धारण गरेको हुँदैन त्यस्तो मनुष्य काठबाट बनेको हात्ती र छालाबाट बनेको मृग जस्तै हुन्छन् यस्तो अविद्वान् मनुष्य जगत्मा नाम मात्रको मनुष्य हुन् ।

यथा षण्ढोऽफलः स्त्रीषु यथा गौर्गवि चाफला ।
यथा चाज्ञेऽफलं दानं तथा विप्रोऽनृचोऽफलः॥ २/१५८ ॥

अर्थात्:- जसरी नपुंसक पुरुषकी पत्नी सधैं बांझ नै रहेकी हुन्छिन् । स्त्री स्त्रीले आपसमा कहिल्यै सन्तानको जन्मदिन सक्दैन, ठीक त्यही प्रकारले मूर्ख मनुष्यलाई ज्ञान दिनु पनि निष्फल हुन्छ ठीक त्यस्तै वेद ज्ञान नभएको अज्ञानी मनुष्यलाई दिइएको दानपनि निष्फल नै हुन्छ ।

अहिंसयैव भूतानां कार्यं श्रेयोऽनुशासनम् ।
वाक्चैव मधुरा श्लक्ष्णा प्रयोज्या धर्म इच्छता ॥ २/१५९ ॥

अर्थात्:- ज्ञानीजनले आफ्नो शिष्यलाई यस्तो ज्ञान तथा आज्ञा दिनुपर्छ जुन कर्म आफूलाई मन पर्दैन त्यस्तो कर्म आफूले पनि अरुलाई नगर्नू भन्नुपर्छ र धर्मात्मा पुरुषको बाणी सधैं मधु र मिठो हुनुपर्छ ।

यस्य वाङ्मनसी शुद्धे सम्यग्गुप्ते च सर्वदा ।
स वै सर्व अवाप्नोति वेदान्तोपगतं फलम् ॥ २/१६० ॥

अर्थात्:- जुन ब्रह्मचारी मनुष्यको वाणी र मन शुद्ध रहेको हुन्छ त्यस्तो ज्ञानी व्यक्ति सधैं सुरक्षित रहेको हुन्छ र त्यस्तो ब्रह्मचारीले वेदान्त अर्थात् वेदज्ञानको सिद्धान्त अनुरुप नै फललाई प्राप्त गरेको हुन्छ ।

नारुंतुदः स्यादार्तोऽपि न परद्रोहकर्मधीः ।
ययास्योद्विजते वाचा नालोक्यां तां उदीरयेत्॥ २/१६१ ॥

अर्थात्:- ब्रह्मचारी ब्राह्मण मनुष्य कुनै पनि अवस्थामा दुःखी हुनुहुँदैन जस्तोसुकै दुःख आइपरेको खण्डमा पनि कसैको मनलाई दुखाउने कार्य गर्नुहुँदैन कसैको डाहा गर्नुहुँदैन, ब्रह्मचारी ब्राह्मणले आफूमा जस्तोसुकै पीडा भए पनि कसैको मनलाई दुखाउनु हुँदैन कसैको कुभलो तथा अपकारको बारेमा हुँदैन र यस्तो अहितकर वचन कहिल्यै बोल्नु हुँदैन जुन वचनद्वारा अन्यको मनमा उद्वेग प्राप्त होस् :

सम्मानाद्ब्राह्मणो नित्यं उद्विजेत विषादिव ।
अमृतस्येव चाकाङ्क्षेदवमानस्य सर्वदा ॥ २/१६२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- ब्रह्मचारी ब्राह्मणले जहिले पनि विषयलाई विषजस्तै मानेका हुन्छन् तथा जगत्को सम्मानलाई बिष जस्तै मानेका हुन्छन् भने अपमानलाई पनि कुनै महत्व नै दिदैनन् । ब्रह्मचर्य आदि आश्रमको लागि भिक्षा मात्र मागेका हुन्छन् तर कहिल्यै पनि आफ्नो मनको इच्छाअनुसार भिक्षा मागेको हुँदैनन् ।

(समयको कलमः- सन्यासी जगत्ले सम्मानलाई विषतुल्य मानेको हुन्छ र अपमानलाई अमृत जस्तै मानेको हुन्छ किनकि जो सन्यासी अपमानसँग डराएको हुन्छ र मानको इच्छा गरेको हुन्छ, त्यस्तो सन्यासी प्रशंसाको लालचमा मिथ्यावादी भएर आफ्नो कर्मद्वारा नै पतित हुनपुग्छ । त्यसैले चाहे त्यो निन्दा होस् चाहे त्यो प्रशंसा होस्, चाहे त्यो मान, चाहे त्यो अपमान, चाहे त्यो जीवन, चाहे त्यो मृत्यु, चाहे त्यो हानि, चाहे त्यो लाभ होस्, चाहे कसैले प्रेम गरोस चाहे कसैले वैर नै गरोस्, चाहे उसलाई अन्न, पान, वस्त्र, उत्तम स्थान मिलोस् या नमिलोस्, चाहे शीत चाहे उष्ण जति नै किन नहोस् यी सबैको सहन गर्नुपर्छ र अधर्मको खण्डन र त्याग तथा धर्मलाई सधैँ धारण गर्नुपर्छ यो भन्दा उत्तम धर्म अरु केहि छैन । त्यो ब्राह्मणले समग्र वेद र ईश्वरको जानेको हुन्छ जसले प्रतिष्ठालाई विष तुल्य मानेको हुन्छ र अपमानको इच्छा अमृत जस्तैसम्मान गरेको हुन्छ' ।

सुखं ह्यवमतः शेते सुखं च प्रतिबुध्यते ।
सुखं चरति लोकेऽस्मिन्नवमन्ता विनश्यति ॥ २/१६३ ॥

अर्थात्:- अपमानलाई सहन गर्न सक्ने अभ्यासी मनुष्य सुखपूर्वक सुतेको हुन्छ र सुखपूर्वक नै जागेको हुन्छ अर्थात् जागृत अवस्थामा पनि सुखपूर्वक रहेको हुन्छ ।

(समयको कलमः- यो भनाइको अभिप्राय यो हो कि मनुष्यको सर्वाधिक रुपमा व्यथित गर्ने मान (अपमान र अपमानबाट उत्पन्न हुने भावनाले त्यस व्यक्तिलाई सुत्ने अवस्थामा पनि जागै भएको अवस्थामा पनि व्यथित गर्दैन त्यस्तो मनुष्य निश्चिन्त एवं शान्तिपूर्वक रहेको हुन्छ । शरीर, व्यवहार र संसार सुखपूर्वक विचरण गरेको हुन्छ, तथा अपमानबाट व्यथित व्यक्ति चिन्ता र शोकको कारण आफूलाई विनाशको मार्गमा लागेको हुन्छ)

अनेन क्रमयोगेन संस्कृतात्मा द्विजः शनैः ।
गुरौ वसन्सञ्चिनुयाद्ब्रह्माधिगमिकं तपः ॥ २/१६४ ॥

अर्थात्:- यस प्रकारले उपर्युक्त निर्देशकोअनुसार द्विज कुमार र ब्रह्मचारीणी कन्या बिस्तारै बिस्तारै वेदज्ञानको बोधार्थ ज्ञानरुपको उत्तम विधान तपको विधानमा प्रवेश गर्नुपर्छ ।

तपोविशेषैर्विविधैर्व्रतैश्च विधिचोदितैः ।
वेदः कृत्स्नोऽधिगन्तव्यः सरहस्यो द्विजन्मना ॥ २/१६५ ॥

अर्थात्:- उत्तम ब्रह्मचारीले सधैँ तप गर्दै वेद निर्देशित कर्म गर्ने अभ्यास गर्नुपर्छ किनकि बुद्धिमान् मनुष्यले वेदाभ्यास गर्नु नै परमतप हो ।

वेदं एव सदाभ्यस्येत्तपस्तप्स्यन्द्विजोत्तमः ।
वेदाभ्यासो हि विप्रस्य तपः परं इहोच्यते ॥ २/१६६ ॥

अर्थात्:- उत्तम ब्रह्मचारी बन्नको लागि आफ्नो तप पुरा गर्नको लागि ब्राह्मचारीले निरन्तर अध्ययन गर्नेकोसिस गर्नुपर्छ । किनेको बुद्धिमान् मनुष्यले वेदाभ्यास गर्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि परम तप नै हो ।

आ हैव स नखाग्रेभ्यः परमं तप्यते तपः ।

यः स्रग्व्यपि द्विजोऽधीते स्वाध्यायं शक्तितोऽन्वहम् । २/१६७ ॥

अर्थात्:- शिक्षा प्रयन्तको गुरुले दिएको त्यही शिक्षाको ज्ञानलाई आफूमा लागु गर्नु पनि तप नै हो, जसले माला लगाएको हुन्छ नित्य वेद निर्देशित कर्म गरेको हुन्छ त्यो पनि तप नै हो, अर्थात् ब्रह्मचारीलाई माला लगाउन निशेष गरिएको छ अतः बीर्जत कार्य गरेको भए पनि यदि वेदको निर्देशनअनुसार नै कर्म गरेको हुन्छ भने पनि त्यो तप नै हो ।

योऽनधीत्य द्विजो वेदं अन्यत्र कुरुते श्रमम् ।

स जीवन्नेव शुद्रत्वं आशु गच्छति सान्वयः ॥ २/१६८ ॥

अर्थात्:- जुन मनुष्यले आफ्नो वर्ण परिवर्तन गर्ने ज्ञान वेदलाई पढ्न छोडेर मनमानी तरिकाले लेखिएको काल्पनिक कथाको शास्त्रलाई अध्ययन गर्नमा आफ्नो परिश्रम गरेको हुन्छ त्यस्तो मनुष्य यही जीवनमा अज्ञानी वन्न पुग्छ त्यसको वर्ण परिवर्तन हुँदैन शुद्र नै रहेको हुन्छ, आगामी उसको वर्ण पनि शुद्र हो भन्ने बुझ्नुपर्छ । (समयको कलमः- जुन मनुष्य ब्राह्मण वर्णको कुलमा जन्मेको हो तर उसले वेद अध्ययन छोडेर अन्य शास्त्रको अध्ययन गर्नमा परिश्रम गरेको हुन्छ त्यस्तो मनुष्य त्यही समयमा नै आफ्नो सन्ततिसहित शुद्रवर्णलाई धारण गरेको हुन्छ) ।

मातुरग्रेऽधिजननं द्वितीयं मौञ्जिबन्धने ।

तृतीयं यज्ञदीक्षायां द्विजस्य श्रुतिचोदनात् ॥ २/१६९ ॥

अर्थात्:- शुद्र वर्णमा जन्मेको मनुष्य ब्राह्मण वर्ण हुनको लागि तीन जन्मलाई पुरा गर्नुपर्छ, पहिलो जन्म माताकोकोखबाट, दोश्रो जन्म यज्ञपवित बाट र तेस्रो जन्म वेद अध्ययन वेद निर्देशित कर्म तथा यज्ञ गर्नाले मात्र त्यो मनुष्यले ब्राह्मण वर्णलाई धारण गरेको हुन्छ, किनकि जन्मिदै मनुष्यको वर्ण शुद्र हो ।

तत्र यद्ब्रह्मजन्मास्य मौञ्जीबन्धनचिह्नितम् ।

तत्रास्य माता सावित्री पिता त्वाचार्य उच्यते ॥ २/१७० ॥

अर्थात्:- जुन मनुष्यको यज्ञपवित हुन्छ त्यो समयमा एक जन्म हुन्छ त्यो अवस्थामा गायत्री मन्त्र माता र आचार्य पिता बनेको हुन्छन् ।

वेदप्रदानादाचार्य पितरं परिचक्षते ।

न ह्यस्मिन्युज्यते कर्म किञ् चिदा मौञ्जिबन्धनात्॥ २/२७१ ॥

अर्थात्:- वेद पढाउने हुनाले आचार्यलाई पिता जस्तै भनिएको हो । जबसम्म यज्ञपवित हुँदैन, तबसम्म मनुष्यको उद्धार कुनै द्विज कर्ममा हुँदैन किनकि यज्ञपवित नभएको मनुष्यको वर्ण नै शुद्र वर्ण हो ।

नाभीव्याहारयेद्ब्रह्म स्वधानिनयनादृते ।

शुद्रेण हि समस्तावद्यावद्वेदे न जायते ॥ २/१७२ ॥

अर्थात्:- यज्ञपवित नभएको सन्तति कुनै पनि श्रद्धा तथा व्रतको अधिकारी हुँदैन किनकि त्यो जुन कुलमा जन्मेपनि यज्ञपवित नभएको कारण शुद्र वर्णलाई प्राप्त गरेको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृतोपनयनस्यास्य व्रतादेशनं इष्यते ।
ब्रह्मणो ग्रहणं चैव क्रमेण विधिपूर्वकम् ॥ २/१७३ ॥

अर्थात्:- यज्ञपवित पछि मात्र व्रत गर्नुपर्छ र यज्ञपवित पछि यथा विधिले वेद पढ्नुपर्छ यही मनुष्यको मुख्य कर्म हो र जीवनको फल यही कर्मद्वारा नै प्राप्त हुन्छ।

यद्यस्य विहितं चर्म यत्सूत्रं या च मेखला ।
यो दण्डो यच्च वसनं तत्तदस्य व्रतेष्वपि ॥ २/१७४ ॥

अर्थात्:- व्रत गर्ने मनुष्यले व्रत गर्दा पनि सम्भव भएसम्म पूर्ण रुपले यज्ञपवितको नियम मेखला, सूत, दण्डको साथ साथै यज्ञपवितको सधैँ विधानलाई धारण गर्न सकेमा अति नै उत्तम कर्म हुनेछ ।

सेवेतेमांस्तु नियमान्ब्रह्मचारी गुरौ वसन् ।
सन्नियम्येन्द्रियग्रामं तपोवृद्ध्यर्थ आत्मनः ॥ २/१७५ ॥

अर्थात्:- गुरुको समीप अर्थात् गुरुकुल रहेको ब्रह्मचारी आत्मनले आफ्नो तपको वृद्धिको लागि इन्द्रियको समूहलाई आफ्नो नियन्त्रणमा राख्नुपर्छ तर वेद निर्देशित विधानलाई भने अफुमा सधैँ धारण गर्नुपर्छ ।

नित्यं स्नात्वा शुचिः कुर्याद्देवर्षिपितृतर्पणम् ।
देवताभ्यर्चनं चैव समिदाधानं एव च ॥ २/१७६ ॥

अर्थात्:- ब्रह्मचारीले तप गर्ने इच्छा गर्दै सधैँ वेदको नियमअनुसार नै तप अभ्यास गर्ने गर्नुपर्छ बुद्धिमान् तथा ज्ञानीले वेदाभ्यास गर्नु नै परमतप हो ।

वर्जयेन्मधु मांसं च गन्धं माल्यं रसान्स्त्रियः ।
शुक्तानि यानि सर्वाणि प्राणीनां चैव हिंसनम् ॥ २/१७७ ॥

अर्थात्:- मदिरा, मास, गन्ध, माला, रस, स्त्रीरस र जीवहत्या ब्रह्मचारीको लागि सधैँ वर्जित रहेको छ ।

अभ्यङ्गं अञ्जनं चाक्ष्णोरुपानच्छत्रधारणम् ।
कामं क्रोधं च लोभं च नर्तनं गीतवादनम् ॥ २/१७८ ॥

अर्थात्:- ब्रह्मचारीले अङ्गको मर्दन गर्नुहुँदैन, आँखामा गाजल लगाउनु हुँदैन, खुट्टामा छालाको जुता लगाउनु हुँदैन छाता प्रयोग गर्नुहुँदैन, काम, क्रोध, लोभ, मोह, गीत तथा वाद्यवादन लगाएका विलासी जीवनलाई त्याग गर्नुपर्छ ।

द्यूतं च जनवादं च परिवादं तथानृतम् ।
स्त्रीणां च प्रेक्षणालम्भं उपघातं परस्य च ॥ २/१७९ ॥

अर्थात्:- ब्रह्मचारीले द्यूत (जुवा), कसैको बारेमा व्यार्थ दोषको वर्णन गर्नु, परस्त्री दर्शन, स्त्री सम्मारण, स्त्री गमनको कुचेष्ठा यी सबै विकृतिको आश्रय लिनबाट टाढा हुनुपर्छ।

एकः शयीत सर्वत्र न रेतः स्कन्दयेत्क्व चित् ।
कामाद्धि स्कन्दयन्रेतो हिनस्ति व्रतं आत्मनः ॥ २/१८० ॥

अर्थात्:- ब्रह्मचारी सधैँ एक्लै सुत्नुपर्छ, वीर्यलाई संरक्षण गर्नुपर्छ यदि ब्रह्मचारीले यो व्रत गरेको व्यक्तिले वीर्यलाई नष्ट गर्छ भने त्यस ब्रह्मचारीको ब्रह्मचारी नियम पालन र व्रतको व्रतफल आफै स्वतः निष्फल हुन्छ ।

स्वप्ने सिक्त्वा ब्रह्मचारी द्विजः शुक्रं अकामतः ।
स्नात्वार्क अर्चयित्वा त्रिः पुनर्मा इत्यृचं जपेत् ॥ २/१८१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- यदि स्वप्नमा बिना इच्छा शुक्र (वीर्य) पतन भएमा तुरुन्तै स्नान गर्नुपर्छ, बिहान सूर्यमुख भएर सूर्यको प्रकाश आफ्नो सम्पूर्ण शरीरमा प्रवेश गर्ने अवस्था प्रदान गर्दै घुम्नुपर्छ हातलाई जोडेर सूर्यमुख भएर उभिनुपर्छ यसो गर्नाले सूर्यबाट प्राप्त शक्तिबाट वीर्यको सञ्चित हुन्छ र मन मनै 'पुनर्माम्' यस मन्त्रलाई जप गर्नुपर्छ । यसो गर्नाले शरीरमा कम भएको वीर्यशसक्ति तुरुन्तै पूर्ति हुन्छ र शरीरमा वीर्यशक्ति सन्तुलन पनि पुरा हुन्छ ।

उदकुम्भं सुमनसो गोशकृन्मृत्तिकाकुशान् ।
आहरेद्यावदर्थानि भैक्षं चाहरहश्चरेत् ॥ २/१८२ ॥

अर्थात्:- ब्रह्मचारीको नियम पालन गरेको ब्रह्मचारीले कुनै पनि वस्तु कसैसँग आवश्यकता भन्दा धेरैलिनु हुँदैन र कुनै पनि वस्तुलाई सञ्चित गर्नु पनि हुँदैन ।

वेदयज्ञैरहीनानां प्रशस्तानां स्वकर्मसु ।
ब्रह्मचार्याहरेद्भैक्षं गृहेभ्यः प्रयतोऽन्वहम् ॥ २/१८३ ॥

अर्थात्:- ब्रह्मचारीले त्यस्तो गृहस्थ मनुष्यको घरमा भिक्षा माग्नु पर्छ जुन मनुष्यले वेदको आज्ञाअनुसार यज्ञ गर्ने होस्, वेद निर्देशित शुभ कर्मयुक्त भएको होस्, त्यस्तो गृहस्थको घरमा मात्र ब्रह्मचारीले भिक्षा माग्नुपर्छ ।

गुरोः कुले न भिक्षेत न ज्ञातिकुलबन्धुषु ।
अलाभे त्वन्यगेहानां पूर्व पूर्व विवर्जयेत् । २/१८४ ॥

अर्थात्:- आफूलाई ज्ञान दिने गुरुको कुलमा, आफ्नो सहपाठीको कुलमा, भाइको कुलमा पनि भिक्षा माग्नु हुँदैन यदि कहीपनि भिक्षा प्राप्त नभएको अवस्थामामाथिको (प्रथम) विधानलाई त्याग गरेर दोश्रो विधानअनुसार क्रमशः भिक्षा माग्नुपर्छ ।

सर्व वापि चरेद्ग्रामं पूर्वोक्तानां असंभवे ।
नियम्य प्रयतो वाचं अभिशस्तांस्तु वर्जयेत् ॥ २/१८५ ॥

अर्थात्:- ब्रह्मचारीले भिक्षा माग्दा जहाँ वेद निर्देशित कर्म र वेदको आदेशअनुसार यज्ञगर्ने घर रमाथिको नियम रहेर भिक्षा माग्नुपर्छमाथि भनिएको नियमअनुसारको घर पुरा गाउँमा नभएमा मौन धारण गर्नु र इन्द्रियलाई आफ्नो नियन्त्रणमा राखेर भिक्षा माँग्नू तर पाप कर्म गर्ने अर्थात् वेद विरुद्धको कार्य गर्ने मनुष्यको घरमा भिक्षा माग्नु भने त्याग गर्नुपर्छ ।

(समयको कलमः(पापकर्म भन्नाले वेद विरुद्धको सम्पूर्ण कर्मलाई पापकर्म भनिन्छ चाहे त्यो कर्म भावनात्मक होस् या शारीरिक रुपले गरिएको कर्म होस् वेद विरुद्धको कर्मलाई नै पाप कर्म भनिन्छ)

दूरादाहृत्य समिधः सन्निदध्याद्विहायसि ।
सायंः प्रातश्च जुहुयात्ताभिरग्निं अतन्द्रितः ॥ २/१८६ ॥

अर्थात्:- यज्ञको लागि वनबाट समिधा लिएर पृथ्वीको तहभन्दामाथि कुनै साधनको प्रयोग गरेर आकाश अर्थात् जमिनभन्दा उचाइमा तर हावा लाग्ने स्थानमा राख्नुपर्छ त्यही समिधाद्वारा नै प्रातः सायं हवन गर्नुपर्छ, हवनको कार्यमा कहिल्यै आलस्य गर्नुहुँदैन । अग्निहोत्र सायं, प्रातः दुई कालमा नै गर्नुपर्छ । रात र दिनको सन्धिको समयमा अग्निहोत्र गर्नुपर्छ अन्य समयमा हैंन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकृत्वा भैक्षचरणं असमिध्य च पावकम् ।
अनातुरः सप्तरात्रं अवकीर्णिव्रतं चरेत् ॥ २/१८७ ॥

अर्थात्:- बिरामी भएको अवस्थामा ब्रह्मचारीले दैनिक नित्यकर्म गर्न सकेनन् भने स्वास्थ्यको अवस्था पूर्ण ठीक भएपछि सात दिनसम्म अपकीर्णि नामको व्रत गरेर छुटको सम्पूर्ण नित्यकर्म लाई निरन्तर गरेर पुरा गर्नुपर्छ ।

भैक्षेण वर्तयेन्नित्यं नैकान्नादी भवेद्व्रती ।
भैक्षेण व्रतिनो वृत्तिरुपवाससमा स्मृता ॥ २/१८८ ॥

(अर्थात्:- ब्रह्मचारीले नित्य भिक्षा मागेर भोजन गर्नु तर एकमात्र गृहको अन्नलाई मात्र भिक्षा मागेर खानु भने हुँदैन भिक्षा मागेर भोजन गर्नु पनि एक व्रत नै हो र एक गृहको मात्र अन्न खानाले भने व्रत खण्डित हुन्छ ।

व्रतवद्देवदैवत्ये पित्र्ये कर्मण्यथर्षिवत् ।
कामं अभ्यर्थितोऽश्नीयाद्व्रतं अस्य न लुप्यते ॥ २/१८९ ॥

अर्थात्:- माता, पिता नभएको गृहस्थीले यदि विश्वदेवको र पितृकर्मको निमित्त ब्राह्मचारीलाई निमन्त्रण गर्यो भने ब्राह्मचारीले सात्विक भोजन गर्न सक्नेछन् तर ब्राह्मचारीको नियमअनुसार नै ब्राह्मचारीले श्राद्धमा भोजन गर्नुहुन्छ परन्तु दुवै कर्ममा गृहस्थीले व्रती र ऋषिको लागि भने नयाँ मुनि अन्नको भोजन गर्नुपर्छ यसो गर्नाले व्रतीको व्रत खण्डित हुँदैन ।

ब्राह्मणस्यैव कर्मैतदुपदिष्टं मनीषिभिः ।
राजन्यवैश्ययोस्त्वेवं नैतत्कर्म विधीयते ॥ २/१९० ॥

अर्थात्:- गृहस्थीको निमन्त्रण तथा माता, पिता नभएको ग्रहस्थीले पितृयज्ञमा बोलाएको खण्डमा वेदज्ञानी ब्राह्मण तथा ब्राह्मण ब्राह्मचारीले भोजन गर्न सकिने छ यो वेदज्ञानी ब्राह्मणको आफ्नो कर्म पनि हो तर क्षत्रीय, वैश्य, शुद्र र ब्रह्मचारीले भने गृहस्थीको घरमा पितृयज्ञमा भोजन गर्नु भने राम्रो हैन ।

(समयको कलमः- देव कार्य तथा पितृ कार्यको लागि गृहस्थीले निमन्त्रण गर्दा केवल वेदज्ञानी ब्राह्मणलाई नै निमन्त्रण गर्नुपर्छ जन्म ब्राह्मण कुलको भएको तर कर्म क्षेत्रीय, वैश्य, र शुद्र वर्णको कर्म गर्ने व्यक्तिलाई ब्राह्मण मानेर यो कार्य गर्नु हुँदैन वेद ज्ञानी ब्राह्मण बाहेक अन्यकोहिपनि ब्राह्मणलाई निमन्त्रणा गर्नुहुँदैन)

चोदितो गुरुणा नित्यं अप्रचोदित एव वा ।
कुर्यादध्ययने यत्नं आचार्यस्य हितेषु च ॥ २/१९१ ॥

अर्थात्:- ब्राह्मचारी शिष्यको लागि गुरु आज्ञा होस् या नहोस् परन्तु वेद पढ्नको लागि र गुरुको भलाइको कार्य गर्नको लागि सधैं प्रयत्न गर्नुपर्छ ।

शरीरं चैव वाचं च बुद्धीन्द्रियमनांसि च ।
नियम्य प्राञ्जलिस्तिष्ठेद्वीक्षमाणो गुरोर्मुखम् ॥ २/१९२ ॥

अर्थात्:- ब्राह्मचारीले यदि गुरुको घरमा गएको खण्डमा र गुरुलाई देखेको अवस्थामा शरीर, वाणी, बुद्धि, इन्द्रिय, मन सबैलाई आफ्नो नियन्त्रण गरेर हात जोडेर गुरुको सामने स्थिर हुनुपर्छ ।

नित्यं उद्धृतपाणिः स्यात्साध्वाचारः सुसंवृतः ।
आस्यतां इति चोक्तः सन्नासीताभिमुखं गुरोः । २/१९३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- गुरुको वस्त्र च्यादरलाई गुरु सुत्ने दिशाको दक्षिणतर्फ राख्नुपर्छ आफूले सधैं साधु जस्तै संयमताको गुणलाई धारण गर्नुपर्छ साधुको आचरणलाई धारण गर्नुपर्छ, चञ्चलता-विहीन रहनुपर्छ यदि गुरुकोसम्मुख उभिएको भए जबसम्म गुरुको बस्ने आदेश मिल्दैन तबसम्म बस्नु हुँदैन, गुरुको आदेश पछि भने गुरुको सम्मुख बस्नुपर्छ र गुरुले पनि आफ्नो गुरुको नियमलाई पूर्ण पालन गर्नुपर्छ ।

हीनान्नवस्त्रवेषः स्यात्सर्वदा गुरुसन्निधौ ।
उत्तिष्ठेत्प्रथमं चास्य चरमं चैव संविशेत् ॥ २/१९४ ॥

अर्थात्:- आज्ञाकारी शिष्यले आफ्नो गुरुको समीपमा आफूलाई गुरुभन्दा भोजन, वस्त्र र अन्य साधनमा उच्च तथा महान् बनाउनेकोसिस गर्नुहुँदैन गुरु सुतेपछि सुत्नु पर्छ र गुरु उठ्नुभन्दा पहिले नै उठ्नु पर्छ ।

प्रतिश्रावणसंभाषे शयानो न समाचरेत् ।
नासीनो न च भुञ्जानो न तिष्ठन्न पराङ्मुखः ॥ २/१९५ ॥

अर्थात्:- सुतेको अवस्थामा आसनमा बसेको अवस्थामा, भोजन गर्दै गरेको अवस्थामा र आफ्नो विपरीत दिशामा मुख फर्काएको समयमा गुरुसँग कुनै कुरा गर्नुहुँदैन ।

आसीनस्य स्थितः कुर्यादभिगच्छंस्तु तिष्ठतः ।
प्रत्युद्गम्य त्वाव्रजतः पश्चाद्धावंस्तु धावतः ॥ २/१९६ ॥

अर्थात्:- गुरु बसेको भए उठेर, गुरु उभिएको भए उभिएर, गुरु हिँडिरहेको भए गुरुको पछि हिँडेर कुरा गर्नु र कुरा सुन्नू यही शिष्यको आचरण हुनुपर्छ ।

पराङ्मुखस्याभिमुखो दूरस्थस्यैत्य चान्तिकम् ।
प्रणम्य तु शयानस्य निदेशे चैव तिष्ठतः ॥ २/१९७ ॥

अर्थात्:- गुरुको मुख आफ्नो विपरीत भए गुरुको सम्मुख भएर, दृश्यमा गुरु भए समीप भएर र गुरु सुतेको भए गुरुलाई पहिले प्रणाम गरेर गुरुको आदेश (आज्ञा) लाई सुन्नुपर्छ ।

नीचं शय्यासनं चास्य नित्यं स्याद्गुरुसन्निधौ ।
गुरोस्तु चक्षुर्विषये न यथेष्टासनो भवेत् ॥ २/१९८ ॥

अर्थात्:- आज्ञाकारी शिष्यले गुरुको समीप आफ्नो शय्यासन राख्नु पर्छ तर गुरुको शय्यासन भन्दा निचो राख्नुपर्छ यदि कसैले आफ्नो शय्यासन आफ्नो इच्छानुसार राखेको खण्डमा गुरुको अपमान हुनपुग्छ, जसले गुरुको अपमान गर्छ त्यसले ज्ञानलाई ग्रहण गर्न सक्दैन ।

नोदाहरेदस्य नाम परोक्षं अपि केवलम् ।
न चैवास्यानुकुर्वीत गतिभाषितचेष्टितम् ॥ २/१९९ ॥

अर्थात्:- गुरुको अनुस्पथित अवस्थामा पनि विनाकारण गुरुको नाम लिनु हुँदैन गुरुको कुनै पनि किसिमको आचरण तथा रीतिको नक्कल गर्नुहुँदैन आज्ञाकारी शिष्यले गुरुको आज्ञालाई पालन गर्नुपर्छ गुरुको चालको (रीतिको) नक्कल गर्नुहुँदैन ।

गुरोर्यत्र परिवादो निन्दा वापि प्रवर्तते ।
कर्णौ तत्र पिधातव्यौ गन्तव्यं वा ततोऽन्यतः ॥ २/२०० ॥

अर्थात्:- आज्ञाकारी शिष्यको अघि जहाँ उसको गुरुको सत्व या अनन्त दोषारोपण भएको वा निन्दा भएको हुन्छ त्यो ठाउँमा स्थिर रहनु उचित हुँदैन तुरन्त त्यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँबाट निस्किनु उत्तम हुन्छ यदि बस्नु नै पर्ने अवस्था भएमा कान बन्द गर्नु उत्तम हुन्छ ।

परीवादात्खरो भवति श्वा वै भवति निन्दकः ।
परिभोक्ता कृमिर्भवति कीटो भवति मत्सरी ॥ २/२०१ ॥

अर्थातः- कुनै पनि मनुष्यले आफूलाई ज्ञान दिने गुरुको अपहेलना गर्छ भने त्यस मनुष्यको जन्म कुकुर तथा गधाको जीवनभन्दा पतित जन्म हो भन्ने बुझ्ने गर्नु गुरुको अपहेलना गर्ने मनुष्यले कहिल्यै सत्यलाई प्राप्त गर्नसक्दैन । गुरुको सम्पत्तिमा कुदृष्टि लगाउने मनुष्य पनि आफै पतित हुन पुग्छ ।

दूरस्थो नार्चयेदेनं न क्रुद्धो नान्तिके स्त्रीयाः ।
यानासनस्थश्चैवैनं अवरुह्याभिवादयेत् ॥ २/२०२ ॥

अर्थतः- गुरुको सेवा सत्कार टाढाबाट गर्नुहुँदैन गुरुको सेवा हो भन्दै कुनै सामग्री दिनुहुँदैन गुरुसँग क्रोध कहिल्यै गर्नुहुँदैन । यदि आफ्नो पत्नीसँग बसेको भए पनि या यात्रामा हो या कुनै अवस्थामा रहेको होस् तर गुरुलाई देखेको खण्डमा परिस्थितिअनुसार गुरुलाई आदरपूर्वक प्रणाम गर्नुपर्छ ।

प्रतिवातेऽनुवाते च नासीत गुरुणा सह ।
असंश्रवे चैव गुरोर्न किं चिदपि कीर्तयेत् ॥ २/२०३ ॥

अर्थातः- पुरानो शिष्य गुरुको गुरुकुलमा शिष्य बनेर आएको होस् या पुरानो शिष्यको घरमा गुरु अतिथि बनेर आएको होस् यो दुवै अवस्थामा शिष्यले गुरुकोसम्मान एक जस्तै गर्नुपर्छ र गुरुको आज्ञा बिपरीत कुनै पनि व्यक्तिसँग अनावश्यक कुरा गर्नुहुँदैन ।

गोऽश्वोष्ट्रयानप्रासाद प्रस्तरेषु कटेषु च ।
आसीत गुरुणा सार्ध शिलाफलकनौषु च ॥ २/२०४ ॥

अर्थात्:- बयल तथा राँगोको लाडिया, घोडाको रथ, उँटको रथ, गाडीमा यात्रा गर्दा गुरुसँग नै बस्नुपर्छ अथवा सङ्चित ठाउँ भएको तर गुरु साथमा भएमा जस्तै सुकुल, पत्थर, काठ र डुङ्गामा पनि गुरुको साथमैं बस्नुपर्छ ।

गुरोर्गुरौ सन्निहिते गुरुवद्वृत्तिं आचरेत् ।
न चानिसृष्टो गुरुणा स्वान्गुरुनभिवादयेत् ॥ २/२०५ ॥

अर्थात्:- आफ्नो गुरुको गुरुलाई पनि आफ्नो गुरु जस्तै आदर गर्नु, गुरुको आज्ञा बिना गुरुकुलमा आएको आफ्नो नातेदार नै किन नहोस् त्यसलाई प्रणाम गर्नुपर्दैन जबसम्म गुरुको अनुमति मिल्दैन तबसम्म प्रतीक्षा गर्नुपर्छ ।

विद्यागुरुष्वेवं एव नित्या वृत्तिः स्वयोनीषु ।
प्रतिषेधत्सु चाधर्माद्धितं चोपदिशत्स्वपि ॥ २/२०६ ॥

अर्थात्:- गुरुपछि आचार्यको अतिरिक्त उपाध्याय र त्यस सम्बन्धी कार्यमा दक्ष, अधर्मबाट रक्षा गर्ने राजा र उत्तम-शिक्षा-दाता जो पनि होस् ती सबै गुरु समान आदरणीय हुन् ।

श्रेयःसु गुरुवद्वृत्तिं नित्यं एव समाचरेत् ।
गुरुपुत्रेषु चार्येषु गुरोश्चैव स्ववन्धुषु ॥ २/२०७ ॥

अर्थात्:- जो गुरुको अवस्थाको वृद्ध छन् ती सबैलाई आदर गर्नुपर्छ र गुरुको पुत्र तथा गुरुको परिवारलाई पनि आदरसम्मान गर्नु यदि यी सबै आफ्नो नियमको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पालक छन् भने ।

बालः समानजन्मा वा शिष्यो वा यज्ञकर्मणि ।
अध्यापयन्गुरुसुतो गुरुवन्मानं अर्हति ॥ २/२०८ ॥

अर्थात्:- गुरुपुत्र आफ्नो आयुभन्दा सानो होस् या ठुलो होस् यदि ज्ञानमार्गमा गुरुमा भएको ज्ञानको जस्तै ज्ञानको सामर्थ्य त्यसले राख्छ भने त्यसलाई पनि आदर तथासम्मान गर्नुपर्छ ।

उत्सादनं च गात्राणां स्नापनोच्छिष्टभोजने ।
न कुर्याद्गुरुपुत्रस्य पादयोश्चावनेजनम् ॥ २/२०९ ॥

अर्थात्:- गुरु बराबरको ज्ञानको सामर्थ्य भएको भए पनि गुरुपुत्रलाई केवलसम्मान गर्नुपर्छ तर गुरुपुत्रलाई नुहाईदिने, उसको खाना खाएको भाडा माझ्ने, लुगा धोइदिने, खुट्टा धोईदिने यस्तो कार्य भने कहिल्यै गर्नुहुँदैन ।

गुरुवत्प्रतिपूज्याः स्युः सवर्णा गुरुयोषितः ।
असवर्णास्तु सम्पूज्याः प्रत्युत्थानाभीवादनैः ॥ २/२१० ॥

अर्थात्:- गुरुको आफन्तलाईसम्मान गर्नु, गुरुकोकोही आफन्त देखेमा आफूभन्दा आयुमा ठुलो भएमा रकोही पनि भेटेको अवस्थामा उठेर केवल हातलाई जोडेर प्रणाम मात्र भन्नुपर्छ ।

अभ्यञ्जनं स्नापनं च गात्रोत्सादनं एव च ।
गुरुपत्न्या न कार्याणि केशानां च प्रसाधनम् ॥ २/२११ ॥

अर्थात्:- शिष्यले गुरुकी पत्नीको व्यक्तिगत कार्य कहिल्यै गर्नुहुँदैन जस्तै शरीरमा तेल लगाउने, स्नान गराउने र कपाल सुकाउने कार्य निषेधित गरिएको छ ।

गुरुपत्नी तु युवतिर्नाभिवाद्येह पादयोः ।
पूर्णविंशतिवर्षेण गुणदोषौ विजानता ॥ २/२१२ ॥

अर्थात्:- जो शिष्य पूर्ण २० वर्षको भयो गुरुकुलमा सत्य र असत्य, गुण र अवगुणको बारेमा पुरा ज्ञाता भएको भएमा र गुरुले पुरा प्रमाणपत्र दिएको भएमा त्यस्तो ज्ञानी शिष्यले गुरुको पत्नीको खुट्टा छोएर प्रणाम गर्नुहुँदैन ।

स्वभाव एष नारीणां नराणां इह दूषणम् ।
अतोऽर्थान्न प्रमाद्यन्ति प्रमदासु विपश्चितः ॥ २/२१३ ॥

अर्थात्:- मनुष्यको आफ्नो इन्द्रिय नियन्त्रणमा नहुने हो भने त्यो मनुष्य दोषी बन्नपुग्छ दोषको मुख्य अवस्था विषयको वासनामा आकर्षित हुनु नै हो त्यसैले ज्ञानी मनुष्य विषयवासना प्रति कहिल्यै आकर्षित हुनुहुँदैन त्यसैले ज्ञानी तथा पण्डित विषयवासना प्रति सधैँ चैतन्य रहनुपर्छ ।

अविद्वांसं अलं लोके विद्वांसं अपि वा पुनः ।
प्रमदा ह्युत्पथं नेतुं कामक्रोधवशानुगम् ॥ २/२१४ ॥

अर्थात्:- काम क्रोधलाई पनि नियन्त्रण गर्ने मनुष्य ज्ञानी नै किन नहोस् या जति नै पण्डित होस् वा मूर्ख नै किन नहोस् विषय वासना तथा स्त्रीमोह मनुष्यलाई पतित गराउँछ ।

मात्रा स्वस्रा दुहित्रा वा न विविक्तासनो भवेत् ।
बलवानिन्द्रियग्रामो विद्वांसं अपि कर्षति ॥ २/२१५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- इन्द्रियलाई नियन्त्रण गर्न नसक्ने अज्ञानी व्यक्ति माता, भान्जी, वहिनी, आदि कन्याको साथमा जनशून्य घर (स्थान) मा नरहनु उत्तम हो किनकि इन्द्रिय अतिनै शक्तिशाली र बलवान् रहेको हुन्छ यही इन्द्रिय नै हो जसले ज्ञानी पण्डितलाई पनि कुमार्गमा सजिलोसँग प्रवेश गराएको हुन्छ ।

(समयको कलमः- यो श्लोकको अर्थ यो हो कि मनुष्यको इन्द्रिय यति शक्तिशाली र प्रवल हुन्छ कि माता, भान्जी तथा वहिनीको साथामा रहँदा पनि सावधानपूर्वक रहनुपर्छ)

कामं तु गुरुपत्नीनां युवतीनां युवा भुवि ।
विधिवद्वन्दनं कुर्यादसावहं इति व्रुवन् ॥ २/२१६ ॥

अर्थात्:- युवा गुरुपत्नीलाई शिष्यले विधिवत तरिकाले प्रणाम गर्दा म अमुके हूँ अर्थात् मेरो नाम यो (नारायण) हो हजुरलाई प्रणाम गर्दछु भनेर टाढावाट नै प्रणाम गर्नुपर्छ ।

विप्रोष्य पादग्रहणं अन्वहं चाभिवादनम् ।
गुरुदारेषु कुर्वीत सतां धर्म अनुस्मरन् ॥ २/२१७ ॥

अर्थात्:- शिष्य यात्रावाट आएको भए पनि संस्कारी शिष्य या मनुष्यले आफ्नो धर्मलाई स्मरण गर्दै गुरुपत्नीलाई प्रणाम गर्नुपर्छ यो नित्य नियम हो ।

यथा खनन्खनित्रेण नरो वार्यधिगच्छति ।त
था गुरुगतां विद्यां शुश्रूषुरधिगच्छति ॥ २/२१८ ॥

अर्थात्:- जसरीकोदालोले खनेर नै मनुष्यले जमिन मुनिको जललाई प्राप्त गरेको हुन्छ त्यसरी नै गुरुको सेवा(सुश्रुषा) गर्नाले नै गुरुको सम्पूर्ण ज्ञानलाई शिष्यले प्राप्त गर्नलाई सक्छ ।

मुण्डो वा जटिलो वा स्यादथ वा स्याच्छिखाजटः ।
नैनं ग्रामेऽभिनिम्लोचेत्सूर्यो नाभ्युदियात्क्व चित् ॥ २/२१९ ॥

अर्थात्:- ब्रह्मचारी मनुष्य चाहे मुण्ड होस्, चाहे त्यो जटाधारी होस्, र चाहे त्यो शिखाको जटालाई नै धारण गरेको होस्, यस्तो ब्राह्मचारी मनुष्य कहिल्यै पनि सूर्यास्तदेखि लिएर सूर्योदयसम्म अपरिचित कुनै पनि गाउँमा वस्नुहुँदैन ।

तं चेदभ्युदियात्सूर्यः शयानं कामचारतः ।
निम्लोचेद्वाप्यविज्ञानाज्जपन्नुपवसेद्दिनम् ॥ २/२२० ॥

अर्थात्:- ब्राह्मचारी सूर्योदय र सूर्यास्त समयमा आफ्नो घरमा उपस्थित हुँदैन भने त्यस ब्रह्मचारी समयमा घर नभएको कारण प्रायश्चित गर्नको लागि एकदिन ईश्वरको नाम जप गर्दै आफू सक्दो उपवास गर्नुपर्छ ।

सूर्येण ह्यभिनिर्मुक्तः शयानोऽभ्युदितश्च यः ।
प्रायश्चित्तं अकुर्वाणो युक्तः स्यान्महतैनसा ॥ २/२२१ ॥

अर्थात्:- जो मनुष्य प्रमादको कारणले सूर्य अस्त भएको र सन्ध्याको समयसम्म पनि सुतिरहेको हुन्छ भने त्यो पाप गरेको हुन्छ यस्तो पापको प्रायश्चित सूर्योदय हुनुभन्दा पहिले नै गर्नुपर्छ यदि सूर्योदय हुनुभन्दा वहिले प्रायश्चित गर्दैन त्यस्तो मनुष्यले आफ्नो कर्तव्य नगरेको हुनाले एक अपराध अर्थात् पाप कर्मको भागी वनेको हुन्छ किनकि सन्ध्याकालमा ब्रह्मचारीको लागि सवैभन्दा महत्वपूर्ण तथा परमावश्यक कर्म संध्योपासनको विधान रहेको छ यही संध्योपासन गर्नमा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाद गर्ने ब्रह्मचारी आफ्नो कर्मको कारण पतित हुनपुग्छ ।

आचम्य प्रयतो नित्यं उभे संध्ये समाहितः ।
शुचौ देशे जपन् जप्यं उपासीत यथाविधि ॥ २/२२२ ॥

अर्थात्:- प्रायश्चित आचमन गरेर नित्य दुवै सन्ध्यामा एकाग्र चित्तले सम र उत्तम भएर पवित्र (सफा) स्थानमा यथाविधि गायत्री मन्त्रको जप गर्नुपर्छ

यदि स्त्री यद्यवरजः श्रेयः किं चित्समाचरेत् ।
तत्सर्व आचरेद्युक्तो यत्र चास्य रमेन्मनः ॥ २/२२३ ॥

अर्थात्:- स्त्री वा अन्यकोही पुरुषले कुनै पनि सत्यज्ञानलाई प्रदान गर्छ भने त्यस सत्यतालाई सधैं ग्रहण गर्नुपर्छ अर्थात् शास्त्रमा भएको र आफ्नो जीवनमा लागु हुने कुरा आफ्नो मनमा पूर्ण विश्वास छ भने त्यो कार्य गर्नु अतिनै उत्तम हुन्छ ।

धर्मार्थावुच्यते श्रेयः कामार्थौ धर्म एव च ।
अर्थ एवेह वा श्रेयस्त्रीवर्ग इति तु स्थितिः ॥ २/२२४ ॥

अर्थात्:- सबै मनुष्यको आफ्नो आफ्नो विचार रहेको हुन्छ कुनै मनुष्यको विचार तथा मतमा आफ्नो धर्म र अर्थ उत्तम हो, अरु कसैको मतमा अर्थ र काम उत्तम हो, अरु कुनै मनुष्यको आफ्नो मत तथा विचारमा केवल धर्म कल्याणकारी र उत्तम हो तर सत्यमार्गमा धर्म, अर्थ र काम तीन एकत्र हुन् र यही तीन विधानवाट नै जीवनको सबै सत्यतालाई प्राप्त हुन्छ । जीवन पूर्ण हुन्छ जब जीवनको सत्यतालाई प्राप्त हुन्छ तब मनुष्य आफैमा पूर्ण बन्न पुग्छ तर एक विधानविना अर्को विधान कहिल्यै पुरा हुँदैन ।

आचार्यश्च पिता चैव माता भ्राता च पूर्वजः ।
नार्तेनाप्यवमन्तव्या ब्राह्मणेन विशेषतः ॥ २/२२५ ॥

अर्थात्:- आचार्य शब्द ज्ञानको प्रत्तिमा हो अर्थात् आचार्य पद तथा गुण ज्ञानको ब्रह्ममूर्ति हो, माता शब्द पृथ्वीको प्रतीक तथा स्वरुप हो अर्थात् सहनशीलको मूर्ति हो, पिता शब्द ब्रह्माको प्रतीक स्वरुप अर्थात् मूर्ति हो र आफ्नो दाइ भने गुरुको स्वरुप हो ।

आचार्यो ब्रह्मणो मूर्तिः पिता मूर्तिः प्रजापतेः ।
माता पृथिव्या मूर्तिस्तु भ्राता स्वो मूर्तिरात्मनः ॥ २/२२६ ॥

अर्थात्:- आचार्य, माता, पिता, दाइ यी सबैलाई कुनै पनि अवस्थामा कुनै पनि समयमा अपमान दुःखी गराउनु हुँदैन, आफ्नो मन जतिसुकै दुःखित होस् तर यी सबै आदरणीय र पूजनीय हुनाले कहिल्यै यी सबैको चित्त दुखाउनु हुँदैन, यस्तो ज्ञानलाई आफूमा धारण गर्ने र अरुलाई पनि यही ज्ञान प्रदान गर्ने कार्य गर्ने मनुष्य नै ब्राह्मण हो । किनकि आचार्य वेदको ज्ञान दिने हुनाले ज्ञान अर्थात् वेदको प्रतीक, आफ्नो सम्पूर्ण सन्तानलाई भरण पोषण गर्नाले पिता प्रजापतिको प्रतीक हुन् भने माता आफ्नो सन्तानलाई भरण पोषण र संरक्षण गर्ने हुनाले पृथ्वीको प्रतीक हो भने आफ्नो सम्पूर्ण विषयलाई बताउने सकिने हुनाले दाइ आफ्नै प्रतिमूर्ति हो ।

यं मातापितरौ क्लेशं सहेते संभवे नृणाम् ।
न तस्य निष्कृतिः शक्या कर्तुं वर्षशतैरपि॥ २/२२७ ॥

अर्थात्:- मनुष्यको जन्मदेखि संरक्षणको कार्य गर्नको लागि माता, पिताले जुन दुःख पीडालाई सहन गरेका हुन्छन्, त्यो दुःख पीडाको प्रतिफल सय वर्षसम्म माता,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिताको सेवा तथा उपकार गरेर पनि पुरा हुँदैन । माता, पिता नै सत्य हो, देवताको प्रतिरुप हो, प्रतीक हो र देवताको स्वरुप हो, त्यसैले माता, पिताको कहिल्यै र कुनै पनि अवस्थामा अपमान गर्नुहुँदैन चाहे संसार नै त्याग गर्न नै किन नपरोस् ।

तयोर्नीत्यं प्रियं कुर्यादाचार्यस्य च सर्वदा ।
तेष्वेव त्रिषु तुष्टेषु तपः सर्व समाप्यते ॥ २/२२८ ॥

अर्थात्:- माता, पिता र आचार्य यी तीनको सेवा शुश्रुषा सधैँ गर्नुपर्छ यी तीनलाई खुशी राख्नसक्ने मनुष्यले सम्पूर्ण तपलाई पुरा गरेको फल प्राप्त हुन्छ । माता, पिताको सेवाभन्दा ठुलो तप हो यो भन्दा ठुलो तप कुनै पनि छैन ।

तेषां त्रयाणां शुश्रूषा परमं तप उच्यते ।
न तैरनभ्यनुज्ञातो धर्म अन्यं समाचरेत् ॥ २/२२९ ॥

अर्थात्:- माता, पिता, आचार्य यी तीनको सेवा गर्नुलाई नै परमतप भनिन्छ। यी तीनको अनुमति लिएर गरेको कुनै पनि कार्य कहिल्यै पनि असफल हुँदैन यी तीनको आज्ञा पालन गर्नु नै परम धर्म हो अन्य कुनै जप र तपको धर्म छैन ।

त एव हि त्रयो लोकास्त एव त्रय आश्रमाः ।
त एव हि त्रयो वेदास्त एवोक्तास्त्रयोऽग्नयः ॥ २/२३० ॥

अर्थात्:- जीवात्माको लागि माता, पिता र गुरु नै सृष्टिविधान हो, तीन आश्रम, तीन वेद र तीन अग्निको प्रतीक नै माता, पिता र गुरु हुन् ।

१) माताः- तीनलोक र अग्नि हो ।
२) पिताः- तीन आश्रम हो ।
३) गुरुः- तीन वेद (कर्म, उपासना र ज्ञान) हो ।

(समयको कलमः- यी तीनको सेवा गर्नु नै परमतप हुनाले लोकको विधान यहीँबाट बनेको हुन्छ)

पिता वै गार्हपत्योऽग्निर्माताग्निर्दक्षिणः स्मृतः ।
गुरुराहवनीयस्तु साग्नित्रेता गरीयसी ॥ २/२३१ ॥

अर्थात्:- तीन आदरलाई अग्नि भनिएको छ जुन अग्निमा माता, पिता र आचार्य हो गर्भको लागि पिता अग्नि हो संरक्षणको लागि अग्नि माता हो आहवनीय वचन र ज्ञान प्रदान गर्दा अग्नि गुरु हो यी तीन अग्नि सर्वमान्य हुन् ।

त्रिष्वप्रमाद्यन्नेतेषु त्रीन्लोकान्विजयेद्गृही ।
दीप्यमानः स्ववपुषा देववद्दिवि मोदते ॥ २/२३२ ॥

अर्थात्:- माता, पिता र आचार्य यी तीनको शुश्रुषा तथा सेवामा लीन रहने मनुष्यले आफ्नो जन्म मरणको चक्रवाट मुक्त हुन्छ र अनादि आनन्दलाई प्राप्त गर्छ ।

इमं लोकं मातृभक्त्या पितृभक्त्या तु मध्यमम् ।
गुरुशुश्रूषया त्वेवं ब्रह्मलोकं समश्नुते ॥ २/२३३ ॥

अर्थात्:- माताको सेवा तथा भक्ति गर्नाले भूलोकको सम्पूर्ण खुशी र सुख, पिताको सेवा तथा भक्ति गर्नाले मध्यमलोक अर्थात् अन्तरिक्ष लोक र गुरुको सेवा तथा भक्ति गर्नाले ब्रह्मलोकको आनन्दलाई प्राप्त गरेको हुन्छ ।

सर्वे तस्यादृता धर्मा यस्यैते त्रय आदृताः ।
अनादृतास्तु यस्यैते सर्वास्तस्याफलाः क्रियाः ॥ २/२३४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- जुन मनुष्यले माता, पिता र गुरुको सेवा सत्कार तथा आदर गर्यो, त्यस मनुष्यले सबै धर्मको विधानलाई आफूमा धारण गर्यो भन्ने जान्नू यदि कुनै पनि मनुष्यले माता, पिता र गुरुको अपहेलाना गर्यो त्यस मनुष्यको जीवनको सम्पूर्ण क्रिया नै निष्फल हुनेछन् भन्ने बुझ्नू ।

यावत्त्रयस्ते जीवेयुस्तावन्नान्यं समाचरेत् ।
तेष्वेव नित्यं शुश्रूषां कुर्यात्प्रियहिते रतः ॥ २/२३५ ॥

अर्थात्:- जवसम्म तीन माता, पिता गुरुको सेवा गरेर उनीहरूका आशीर्वाद जुन मनुष्यको साथमा रहेको हुन्छ त्यस मनुष्यले स्वतन्त्र भएर धर्मको नामको अन्य कुनै कार्य गर्नुपर्दैन । जीवनभर माता, पिता र गुरुको सेवा गर्नुभन्दा ठुलो भलाईको कुनै धर्मकार्य छैन, त्यसैले ब्राह्मचारी तथा गृहस्थी सधैँ माता, पिता गुरुको सेवामा तल्लिन रहनुपर्छ ।

तेषां अनुपरोधेन पारत्र्यं यद्यदाचरेत् ।
तत्तन्निवेदयेत्तेभ्यो मनोवचनकर्मभिः ॥ २/२३६ ॥

अर्थात्:- माता, पिता तथा गुरुको सेवा गर्दै उहाँको अनुमति लिएर आफ्नो जीविका सञ्चालनको लागि अन्य धर्मको कार्य पनि गर्नुपर्छ ।

त्रिष्वेतेष्वितिकृत्यं हि पुरुषस्य समाप्यते ।
एष धर्मः परः साक्षादुपधर्मोऽन्य उच्यते ॥ २/२३७ ॥

अर्थात्:- माता, पिता र गुरु यी तीनको आदेश र निर्देशनअनुसार जो मनुष्यले कार्य गरेको हुन्छ त्यो मनुष्य सधैँ सफल हुन्छ माता, पिता गुरुको आदेश बिना नै गर्नुपर्ने कयौँ कार्य रहेका हुन्छन् ती सबै कार्यलाई उपधर्मको कार्य भनिन्छ ।

श्रद्दधानः शुभां विद्यां आददीतावरादपि ।
अन्यादपि परं धर्मं स्त्रीरत्नं दुष्कुलादपि ॥ २/२३८ ॥

अर्थात्:- उत्तम विद्या तथा ज्ञानलाई श्रद्धासहित कुनै अज्ञानी तथा मूर्ख मनुष्यसँगपनि लिनु, परमधर्मको विधानको ज्ञानी चाण्डालसँग भए पनि लिनू । यदि स्त्री संस्कारी, अनुसाशीत, कार्यमा कुशलता र वचन मधुर र सुन्दर छ भने कुनै पतित कुलको स्त्री भए पनि स्त्रीलाई आफ्नो कुलमा लिनु अर्थात् बिहे गर्नुहुन्छ ।

विषादप्यमृतं ग्राह्यं बालादपि सुभाषितम् ।
अमित्रादपि सद्वृत्तं अमेध्यादपि काञ्चनम् ॥ (मनुस्मृति २/२३९)

अर्थात्:- मनुष्यले विषयबाट पनि अमृतलाई ग्रहण गर्नु, बालकसँग पनि उत्तम वचनलाई सिक्नु, शत्रुबाट पनि सदाचारलाई सिक्नुपर्छ र अपवित्र स्थानमा भएको भए पनि सुवर्णलाई लिनुपर्छ ।

स्त्रीयो रत्नान्यथो विद्या धर्मः शौचं सुभाषितम् ।
विविधानि च शील्पानी समादेयानि सर्वतः ॥ (मनुस्मृति २/२४०)

अर्थात्:- चरित्रवान् तथा संस्कारी स्त्री, अमूल्य रत्न, सत्यविद्या, धर्म, शौच (पवित्रता व उज्ज्वलता) सुभाषण, यी सबै विविध र शिष्य यी सबै जहाँ र जसरी मिलेमा या प्राप्त भएमा पनि धर्मको नियममा रहेर लिनुपर्छ ।

अब्राह्मणादध्यायनं आपत्काले विधीयते ।
अनुव्रज्या च शुश्रूषा यावदध्यायनं गुरोः ॥ (मनुस्मृति २/२४१)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- ब्राह्मचारी शिष्यमा यदि कुनै विपत्तिमा रहेको छ भने मात्र अब्राह्मण वर्णको गुरुबाट ज्ञानलाई ग्रहण गर्नुहुन्छ, ब्राह्मचारीले जबसम्म पढिरहेको हुन्छ तबसम्म त्यस गुरुको अनुगामी भने रहनुपर्छ र गुरुको सेवा गरिरहनु पर्छ ।

(समयको कलमः- आपतकालमा मात्र अब्रह्मण वर्ण अर्थात् अन्य वर्णलाई गुरु मानेर ती गुरुसँग ज्ञान तथा विदालाई ग्रहण गर्नलाई सकिनेछ तर जबसम्म विदा र ज्ञानीको लागि गुरु समीप रहनेछौँ तबसम्म त्यस गुरुको पनि सेवा शुश्रुषा तथा आज्ञालाई भने पूर्णपालन गर्नुपर्छ तर ज्ञान सबै वर्णसँग लीन सकिन्छ । लिएको ज्ञानलाई अफुमा ग्रहण भने आफ्नो व्यवहारिक रुपमा लागु हुने ज्ञानलाई ग्रहण गर्नुपर्छ ।

नाब्राह्मणे गुरौ शिष्यो वासं आत्यन्तिकं वसेत् ।
ब्राह्मणे वाननूचाने काङ्क्षन्गतिं अनुत्तमाम् ॥ (मनुस्मृति २/२४२)

अर्थात्:-ब्रह्मपदको उत्तमज्ञान प्राप्त गर्नेलाई चाहाने इच्छुक शिष्यले अब्राह्मण गुरु र मूर्ख व्यक्तिको अघि अनावश्यक तथा विनाकरण ज्ञानको लागि भनेर बस्नु र बोल्नुपनि हुँदैन ।

(समयको कलमः- आफ्नो ज्ञानमार्ग उत्तम गति चाहने र ब्रह्मपदलाई प्राप्त गर्नको लागि चाहने शिष्यले अब्राह्मण गुरु अर्थात् साङ्गोपांगसँग वेदज्ञानलाई नजानेको तर गुरु बनेको व्यक्तिसँग कुनै वेदको ज्ञान लिनु हुँदैन यस्तो अब्राह्मण गुरुको नजिक आजीवन निवास गर्नु पनि हुँदैन किनकि यस्तो व्यक्तिको नजिक रहनाले शिष्यको आफ्नो उन्नति रोकिन्छ अर्थात् वेदलाई जुन ज्ञानीले साङ्गोपाङ्ग बुझेको हुन्छ त्यस्तो ज्ञाता तथा विद्वान्को समीप रहेर नै शिष्यको ज्ञानको उन्नति हुन्छ र शिष्यले उत्तम गति अर्थात् ब्रह्मपदलाई प्राप्त गरेको हुन्छ ।

यदि त्वात्यन्तिकं वासं रोचयेत गुरोः कुले ।
युक्तः परिचरेदेनं आ शरीरविमोक्षणात् ॥ २/२४३ ॥

अर्थात्:- यदि कुनै पनि शिष्य गुरुको समीप धेरै समय रहेर गुरुको सेवा गर्न चाहन्छ भने चतुरता र धीरसँग गुरुको तथा आफ्नो जीवन रहेसम्म गुरुको सेवामा रहनुपर्छ तर गुरु भने ब्राह्मण नै हुनुपर्छ अब्राह्मण हुनु हुँदैन किनकि अब्राह्मण गुरुमा ज्ञान र शक्ति दुवै सन्तुलनको विधानमा सम हुँदैन ।

आ समाप्तेः शरीरस्य यस्तु शुश्रूषते गुरुम् ।
स गच्छत्यञ्जसा विप्रो ब्रह्मणः सद्म शाश्वतम् ॥ २/२४४ ॥

अर्थात्:- जुन ब्रह्मचारी शिष्यले आफ्नो शरीर रहेसम्म निरन्तर निरासक्त भएर आफूलाई ज्ञान दिने गुरुको सेवा गरेको हुन्छ त्यस शिष्यले सत्यको अन्तिम बिन्दु ब्रह्मविन्दुलाई प्राप्त गरेको हुन्छ ।

न पूर्वं गुरवे किं चिदुपकुर्वीत धर्मवित् ।
स्नास्यंस्तु गुरुणाज्ञप्तः शक्त्या गुर्वर्थ आहरेत् ॥ २/२४५ ॥

अर्थात्:- धर्मज्ञाता ब्रह्मचारी शिष्यले विद्याअध्ययनको समयमा गुरुको सेवा गर्नुपर्छ, गुरुको सेवाको अतिरिक्त गुरुलाई अन्य कुनै उपकारको कार्य गर्नुहुँदैन, जस्तै कपडा दिने पैसा दिन आदि कार्य गर्नु हुँदैन विदा अध्ययन गरिसकेपछि गुरुको आज्ञा लिएर मात्र समावर्तन संस्कारको निमित्त स्नान गरेर आफ्नो क्षमता भएअनुसार यथा-शक्ति दक्षिणा भने (गुरुदक्षिणा) दिनुपर्छ तर घमण्ड देखाएर अहङ्कारपूर्वक दिनु हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- शिष्टाचार-धर्मको बारेमा जानेको ब्रह्मचारी शिष्यले समावर्तन संस्कार हुनुभन्दा पहिले गुरुसँग कुनै पनि दक्षिणाको कुरा नै गर्नुहुँदैन र गुरुले पनि आफ्नो चेला स्नातक नभएसम्म आफ्नो गुरुकुलमा रहेको ब्राह्मचारी शिष्यसँग कुनै दक्षिणा लिएको खण्डमा त्यो दक्षिणा नभएर घुस हुन्छ जसले घुस लिन्छ त्यो गुरु हुँदैन यस्तो घुस लिने व्यक्तिलाई राजाले कारावासको सजाय दिनुपर्छ । तर गुरुकुलमा गुरुकुलको नियमअनुसार जुन नियम वेदनिर्देशित छन् त्यो सबै कार्य गुरुले आफ्नो शिष्यसँग गराउन भने सकिनेछ । शिष्य स्नातक बनेपछि र गुरुको आज्ञा लिएर गुरुको आज्ञाअनुसार नै आफ्नो क्षमता भएमा मात्र शिष्यले आफ्नो शक्ति र क्षमताअनुसार गुरुदक्षिणा प्रदान गर्न सकिने छ किनकि गुरुकुलको लागि केही सहयोग गर्नु उत्तम कार्य हो त्यसैले सकेसम्म सहयोग गर्नु यो शिष्यको आफ्नो अधिकार र कर्तव्य हो । गुरुले भने आफ्नो शिष्यसँग गुरुदक्षिणा भनेर कहिल्यै पनि माग्नुहुँदैन जबसम्म शिष्यले गुरुदक्षिणा लिनको लागि आफ्नो गुरुसँग विनम्रता पूर्वक अनुरोध गर्दैन, यदि गुरुले आफूले ज्ञान दिएको शिष्यसँग शिष्यको अनुरोध बिना नै गुरु दक्षिणा माँगेको खण्डमा ज्ञानको खरिद बिक्री भएको हुन्छ जहां ज्ञानको क्रय, विक्रय हुन्छ त्यसलाई व्यापार भनिन्छ जहाँ ज्ञान खरिद बिक्री गर्ने कार्य गुरुले नै गर्यो भने त्यो गुरु हुँदैन । जसले आफ्नो ज्ञानलाई बिक्री गरेको हुन्छ त्यो गुरु झुटो गुरु हो र उसको ज्ञान पनि पक्का झुटो हो भन्ने बुझ्नुपर्छ, ज्ञानलाई नै खरिद बिक्री गर्ने मनुष्य कहिल्यै गुरु हुँदैन, जुन मनुष्यले आफ्नो ज्ञान दिए बापत आफ्नो शिष्यसँग शिष्यको अनुरोध बिना नै पारितोषिक मागेको हुन्छ त्यहाँ ज्ञानको लेनदेन भएको ज्ञान खरिद बिक्री भएको हुन्छ जसले ज्ञानको खरिद बिक्री गरेको हुन्छ त्यो मनुष्य गुरु हैंन व्यापारी हुन्छ त्यसैले व्यापारीलाई सम्मान गर्नु तर गुरु भन्नु र शिष्यले गुरुको आचरण त्यस व्यापारीसँग गर्नुपर्दैन) ।

क्षेत्रं हिरण्यं गां अश्वं छत्रोपानहं आसनम् ।
धान्यं शाकं च वासांसि गुरवे प्रीतिं आवहेत् ॥ २/२४६ ॥

अर्थात्:- स्नातक बनेपछि शिष्यको आफ्नो क्षमता भएमा मात्र गुरुको अनुमति लिएर गुरुलाई गुरुदक्षिणाको रुपमा गुरुकुल सञ्चालनको लागि आवश्यकता पर्ने जमिन, गुरुकुल सञ्चालनको लागि भवन, भोजनको समान, वस्त्रहरू, जुत्ता, कुर्सी, सयनको लागि साधनलाई प्रीतिपूर्वक गुरुलाई दिनु उत्तम हुन्छ किनभने पछि आउने ब्राह्मचारी शिष्यले गुरुकुलमा सजिलोसँग अध्ययन गरेर ज्ञान प्राप्त गर्न सकून् ।

आचार्ये तु खलु प्रेते गुरुपुत्रे गुणान्विते ।
गुरुदारे सपिण्डे वा गुरुवद्वृत्तिं आचरेत् ॥ २/२४७ ॥

(अर्थात्:- शिष्यको आफ्नो गुरुको मृत्यु भएमा गुरुपत्नीलाई सबैं गुरुआमा भनेर आदर सम्मान गर्नुपर्छ यदि गुरुपुत्र पनि विद्वान् र गुणवान् रहेको छ भने पनि सम्मान गर्नु, यदि गुरुको मृत्यु भएमा गुरुको परिवार कुनै समस्यामा भएमा आफ्नो क्षमता भएमा आफ्नो क्षमताअनुसार गुरुको परिवारलाई सहयोग गर्नु शिष्यको कर्तव्य पनि हो ।

एतेष्वविद्यमानेषु स्थानासनविहारवान् ।
प्रयुञ्जानोऽग्निशुश्रूषां साधयेद्देहं आत्मनः॥ २/२४८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- जो मनुष्यले ब्रह्मलीन हुन् चाहन्छ त्यस्तो मनुष्यले ब्रह्मचारीको हवनेष्टिकको नियमलाई पूर्णपालन गर्दै अग्निहोत्रको यज्ञ कार्य गर्नुपर्छ मनमा कुनै आशा निराशा हुनुहुँदैन तब मात्र त्यस्तो मनुष्य ब्रह्मलीन हुन् योग्य बनेको हुन्छ।

एवं चरति यो विप्रो ब्रह्मचर्य अविप्लुतः ।
स गच्छत्युत्तमस्थानं न चेह जायते पुनः ॥ २/२४९ ॥

अर्थात्:- ब्रह्मचारीले अखण्ड ब्रह्मचर्यलाई पालन गर्दै सम भएर आफ्नो कर्मद्वारा उत्तम अवस्थालाई प्राप्त गरेको हुन्छ त्यही अवस्था प्राप्त गरेको ब्राह्मचारीले सृष्टिचक्रमा रहने संसारको आवागमनको विधानबाट पनि मुक्त हुन्छ ।

(समयको कलमः- जो द्विज विद्वान्ले अखण्डित रुपले ब्रह्मचर्यको नियमलाई पालन गरेको हुन्छ त्यस्तो विद्वान् मनुष्यले यो जन्मको नियमलाई पालन गर्दै उत्तम स्थानलाई प्राप्त गरेको हुन्छ त्यो उत्तम स्थानलाई ब्रह्मलोक पनि भनिन्छ यो एक पद हो अर्थात् त्यो पदलाई ब्रह्मपद भनिन्छ, ब्रह्मपद एक अवस्था हो जुन अवस्थाको पदलाई प्राप्त गर्नको लागि मनुष्यले अखण्ड ब्राह्मचारी व्रतको नियमलाई पूर्णपालन गर्नुपर्छ यदि अखण्ड ब्राह्मचारीको व्रत पुरा गरेमा मात्र मनुष्यले त्यस ब्रह्मपदलाई प्राप्त गरेको हुन्छ, जुन मनुष्यले अखण्ड ब्राह्मचारीको नियमलाई पालन गर्दै ब्रह्मपदलाई प्राप्त गरेको हुन्छ त्यही मनुष्यलाई नै ब्राह्मण भनिन्छ, ब्राह्मण पनि पद हो त्यही पदलाई वर्ण भनिन्छ जसले ब्राह्मण पदलाई प्राप्त गर्यो त्यस मनुष्यले यस संसारमा अहिले चलेको र चलिरहेको सृष्टि संरचनाको अहिले चलेको विधान पुनर्जन्मलाई प्राप्त गर्दैन अर्थात् अखण्ड ब्राह्मचारी आफ्नो अखण्ड ब्राह्मचारी नियमलाई पालन गरेको खण्डमा त्यो मनुष्य प्रवाहद्वारा सञ्चालन हुने जन्ममरणको आगमनको चक्रबाटमाथि हुन्छ । किनकि मोक्षको आनन्द पनि कर्मको कर्मफल नै हो । अतः यो सृष्टिविधानमा रहेको सृष्टिचक्रको विधान जन्ममरणको चक्रबाट अनन्त फल मिल्छ तर सृष्टिविधान र सृष्टिको चक्र कहिल्यै स्थिर हुँदैन । अतः जब मोक्षको सुख समाप्त हुन्छ ठीक त्यही समयमा नै सृष्टिमा नयाँ सृस्टिविधान लागु हुँदै नयाँ सृष्टि संरचना शुरू हुन्छ किनकि कालचक्र कहिल्यै स्थिर हुँदैन । कालचक्र सधैँ क्रियाशील रहेको हुन्छ। यही सृष्टिको विधान तथा सृष्टिनियम ब्रह्मविधान हो ।

यति भनेर ऋषि भृगुले म (समय)लाई दिनुभएको महर्षि मनुमहाराजको मनुविधान मनुस्मृतिको अध्याय दुई पुरा गर्नुभयो ।

ॐ तत्सदिति महर्षि मनुमहाराजस्य कृत मनुस्मृति विधानां विद्यायां नियमशास्त्रे भृगु समय संवादे मनुस्मृति अन्तर्गते संस्कार एवं ब्रह्मचर्य आश्रम विविध ज्ञानां नामक द्वितीयोऽध्यायः।

अर्थात्:- महर्षि मनुमहाराजद्वारा निर्देशित मनुस्मृतिको नियम र विधान अन्तर्गतको भृगु र समय बीच भएको र संबादका रुपमा रहेको मनुस्मृतिको मनुविधानअनुसार संस्कार एवम् ब्रह्मचर्य आश्रमको विधान विषयको बारेमा रहेको विभिन्न विधानको ज्ञानमा रहेको दोस्रो अध्याय समाप्त भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

।। अथ तृतीयोऽध्यायः ।।

मनुस्मृति अध्यायः-३

समवर्तन, विवाह, पञ्चयज्ञ विधि विधान

षट्त्रिंशदाब्दिकं चर्यं गुरौ त्रैवेदिकं व्रतम् ।
तदर्धिकं पादिकं वा ग्रहणान्तिकं एव वा ॥ ३/१ ॥

अर्थात्:- छत्तीस, अट्ठार र नौ वर्ष पर्यन्त तीन वेदको अध्ययनार्थ व्रत (इच्छा)सँग कार्य गर्नुपर्छ। यहाँ भनिएको तीन वेदको अर्थ कर्म, उपासना र ज्ञानको विधान हो। (समयको कलमः- गुरुको समीप रहँदै ब्रह्मचारीले ज्ञान, कर्म, उपासनाको रुपमा रहेको त्रिविधि ज्ञान भएको वेद अध्ययन सम्बन्धी ब्रह्मचर्य व्रतलाई छत्तीस वर्ष पर्यन्त पनि उसमा हुनुपर्छ यसको अर्थ यो हो जबसम्म शिष्यले तीन विधानको ज्ञानमा पूर्ण हुँदैन तबसम्म ब्रह्मचर्यको नियमलाई अनवरत रुपले पालन गर्नु पर्छ)

वेदानधीत्य वेदौ वा वेदं वापि यथाक्रमम् ।
अविप्लुतब्रह्मचर्यो गृहस्थाश्रमं आवसेत् ॥ ३/२ ॥

अर्थात्:- वेद ज्ञानको तीन विद्यालाई क्रमसँग पढेर सकेपछि, अखण्डव्रतीको नियम पालन गरेर सकिएपछि मात्र मनुष्य गृहस्थाश्रम आउनुपर्छ । किनकि वेदाध्ययन नगरी र ब्रह्मचर्याश्रममा रहेको ब्राह्मचारीले गृहस्थाश्रम चलाउन सक्दैन ।

तं प्रतीतं स्वधर्मेण ब्रह्मदायहरं पितुः ।
स्रग्विणं तल्प आसीनं अर्हयेत्प्रथमं गवा ॥ ३/३ ॥

अर्थात्:- जुन शिष्य आफ्नो आचरणद्वारा आचार्य प्रति व अन्य सबैप्रति आफ्नो धर्मयुक्त कार्य गरीरहेको छन् र जुन शिष्यले आचार्यसँग वेदरुपि ह्याभाव ग्रहण गरेका छन्, आफ्नो ब्राह्मचारीको नियम पुरा पालन गरेर आफ्नो वेद अध्ययन सकेको त्यस मालाधारी ज्ञानीलाईसम्मान स्वरुप माला लगाएर पलङमा वसाएर कुलको आचार्य या पिताले पहिले काखानद्वारा सत्कृत गर्नुपर्छ ।

गुरुणानुमतः स्नात्वा समावृत्तो यथाविधि ।
उद्वहेत द्विजो भार्यां सवर्णां लक्षणान्विताम् ॥ ३/४ ॥

अर्थात्:- गुरुको आज्ञा लिएर यथाविधि (स्नान आदि) समावर्तन संस्कार गर्नुपर्छ त्यस पश्चात् आफ्नो वर्णको समान लक्षणले युक्त सुकन्यासँग विवाह गर्नुपर्छ। (समयको कलमः- गुरुको आज्ञा लिएर स्नान गरेर विधिपूर्वक गुरुकुलदेखि फर्केर (गुरुकुलबाट फर्केर समावर्तन संस्कार गरेपछि मात्र) आफ्नो कर्मलाई निश्चित गरेर त्यही कर्म अनुसार वर्णको निर्धारण हुन्छ त्यही वर्ण अनुसार नै ब्राह्मण, क्षत्रीय, वैश्य वर्णको ज्ञानीले आफ्नो वर्णानुकूल नै रहेको सुन्दर लक्षणयुक्त कन्यासँग विवाह गर्नुपर्छ किनकि एक वर्णका पति पत्नी भएमा ज्ञान, समझदारी, जावेफदारी र जिम्मेदारी पुरा गर्नको लागि सजिलो हुन्छ र आफ्नो सन्ततीलाई पनि ज्ञानी र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कारी बनाउन सजिलो हुन्छ)

असपिण्डा च या मातुरसगोत्रा च या पितुः ।
सा प्रशस्ता द्विजातीनां दारकर्मणि मैथुने ॥ ३/५ ॥

अर्थात्:- विवाहको लागि आफ्नो वर्णको कन्या होस् तर आफ्नो माताको पिताको सपिण्डमा नहोस् र पिताको गोत्रमा पनि नहोस् अर्थात् एक गोत्रको नहोस् र पिताको नाताको सात पुस्तासम्म कुनै सम्वन्ध नहोस् यस्तो कन्या नै विवाहको लागि उत्तम कन्या हुन् । यो नियम तीन वर्णको लागि नै हो ।

(समयको कलमः- जो विवाह गर्ने कन्या छ त्यो आफ्नो वर्णको भएमा अति नै उत्तम हुन्छ किनकि वर्ण कर्मको विधान हुनाले विवाह गरेर आएको नारीलाई गृहस्थ जीवनमा आफ्नो गृहस्थ जीवनको कार्य गर्नलाई र आउने पुस्तालाई आफ्नो कार्यको बारेमा सिकाउन पनि सजिलो हुने हुनाले आफ्नो वर्णको कन्यासँग विवाह गर्नु भनिएको हो । विवाहको लागि कन्या माताको छ पीढीसम्म र पिताको गोत्रको नभएको र पिताको सात पुस्तासम्म कुनै नाता नपर्ने द्विजकन्या नै विवाहको लागि उत्तम हो)

महान्त्यपि समृद्धानि गोऽजाविधनधान्यतः ।
स्त्रीसंबन्धे दशैतानि कुलानि परिवर्जयेत् ॥ ३/६ ॥

अर्थात्:- जुन कन्यासँग विवाह हुने हो त्यस परिवार गाई, बाखा, धनधान्या आदिले सम्पन्न होस्, तर जुन अघि भनिने ती दश कूल जमा समस्या भएको भए त्यस कुलमा भने द्विजको लागि विवाह बीर्जत गरिएको छ । त्यो कूल जतिसुकै संमृद्ध र सम्पन्न नै किन नहोस् त्यस कुलको कन्यासँग विवाह नगर्नु ।

हीनक्रियं निष्पुरुषं निश्छन्दो रोमशार्शसम् ।
क्षयामयाव्यपस्मारि श्वित्रिकुष्ठिकुलानि च ॥ ३/७ ॥

अर्थात्:- जुन कुलमा वेदोक्त विधिले संस्कार तथा नित्यकर्म हुँदैन, जुन कुलमा केवल स्त्री नै स्त्री रहन्छ, वेद ज्ञान भएको पुरुष नै छैन, जुन कुलमा कन्याको पिता पत्ता लागेको छैन, जुन कुलको पुरुष आफ्नो शरीरको मात्र मोहं भएको होस्, कार्यमा पनि लोभ र मोहमा लीन रहेको हुन्छ, जुन कुलमा वेदपाठ हुँदैन, जुन कुलमा अङ्गक्षयी हुने रोगरहेको हुन्छ र वंशाणुगतमा प्रवेश गर्ने रोग लागेको छ र अहिले पनि त्यस कन्याको शारीरिक दूषित रोग रहेको हुन्छ, यदि यस्तो कूल भएको परिवारको कन्या भएमा विवाह नगर्नु अति उत्तम हो ।

(समयको कलमः- यी दश कूल र ती कुलको कन्या हो जो सँग द्विजले विवाह गर्नु घातक हुन्छ ।

१) जुन कूल र कन्याको सत्क्रिया अर्थात् संस्कार भएको हुँदैन,
२) जुन कुलमा सत्पुरुष रहित भएको होस्,
३) जुन कूल र कन्या अध्ययनबाट विमुख भएको होस्,
४) जुन कूल र त्यस कुलमा जन्मेको कन्याको शरीरको अङ्गमा लोम भएको होस्,
५) जुन कुलमा र कन्यामा बवासीर भएको होस्,
६) जुन कूल र कन्यामा क्षयरोग (तपेदिक) भएको होस्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७) जुन कूल र कन्यामा अग्निमन्दताको कारण दम र लामो खोकी अर्थात् फोक्सोको रोगी आदि र आमाशय सम्बन्धी रोग भएको होस्,

८) जुन कूल र कन्यामा मृगीरोग लागेको छ,

९) जुन कूल र कन्यामा श्वेतकुष्ठ रोगलागेको छ,

१०) जुन कूल र कन्यामा गलित कुष्ठ रोग लागेको छ,

अतः यस्तो कुलको कन्या र यस्तो कुलसँग द्विज पुरुषले कहिल्यै विवाह गर्नुहुँदैन यदि विवाह गरेको खण्डमा जीवन अतिनै कष्टकरमा परिणत हुनेछ)

नोद्वहेत्कपिलां कन्यां नाधिकाङ्गीं न रोगिणीम् ।
नालोमिकां नातीलोमां न वाचाटां न पिङ्गलाम् ॥ ३/८ ॥

अर्थात्:- कपिल रङ्ग, अधिक सोम भएको, रोगिणी, लोभ-रहिता, अधिक लोभ भएकी, बिनाकरण अधिक बोल्ने वाली, पिङ्गला रङ्गको, पहँलो वर्ण भएको, धेरै अङ्गभाग भएको, रोगद्वारा थालिएको कन्यासँग विहे नगर्नू ।

(समयको कलमः- शरीरकोदेखिने भागमा ठुलो ठुलो दाग भएको, व्यर्थ तथा बिनाकरण बोल्ने, बिरालोले जस्तो आँखा देखाउने तथा बिरालोको जस्तो देखिने आँखा भएको, तथा नाम पनि मधुर किसिमको हुनुपर्छ । नाम कर्कश किसिमको नहोस्, नक्षत्र अनुसारको नाम (रेवती रोहिणी अश्लेषा इत्यादि) नहोस्, प्रकृतिक साधनको नाम नहोस् नदी (गंगा, यमुना, किनारा) स्थिर साधनको नाम नहोस् (पर्वत विंध्याचला), कुनै पंक्षी आदिको नाम नहोस् (कोकिला, हंसा, मैना, सरस), कुनै बिलासी नाम नहोस् (भोगिनी प्यासी) दासी किसिमको नाम नहोस् (माधोदासी, मीरादासी उर्वशी, रम्भा, मोहिनी) र कन्याको नाम कन्याको गुण विरुद्धको नहोस् (कालिका, चंडिका) बृक्षको नाम नहोस् (तुलसिया, हजारी, गुलाबा, चम्पा, चमेली) प्रकृति सन्तुलनको नाम (ज्वाला, लाभा) नाममा उसलाई पुकार गरिएको छ भने त्यस कन्यासँग वरको र वरसँग कन्याको विवाह नगर्नू । यी नियम केवल कन्यामाथि मात्र लागु हुँदैन दुवैतर्फ लागु हुने नियम हो किनकि यहाँ द्विजले भनिएको हुनालेमाथिको नियम वर र कन्या दुवैमा लागु हुन्छ । वर कुनै न कुनै किसिमको बिकलाङ्क भए कन्यामा सम्पूर्ण गुणले सम्पन्न खोज्नु संस्कार विरुद्धको कार्य हो किनकि यी सबै नाम कुत्सित पदार्थका नाम हुन)

न र्क्षवृक्षनदीनाम्नीं नान्त्यपर्वतनामिकाम् ।
न पक्ष्यहिप्रेष्यनाम्नीं न च भीषननामिकाम् ॥ ३/९ ॥

अर्थात्:- नक्षत्र, वृक्ष, नदी, पक्षी, सर्प, म्लेच्छ, पर्वत, दासको नाममा जसको नाम रहेको र भीषण बर्वादको सङ्केत जनाउने शब्दको नाम भएको कन्यासँग बिहे नगर्नु ।

अव्यङ्गाङ्गीं सौम्यनाम्नीं हंसवारणगामिनीम् ।
तनुलोमकेशदशनां मृद्वङ्गीं उद्वहेत्स्त्रियम् ॥ ३/१० ॥

अर्थात्:- सर्वाङ्ग भएको, सुन्दर नाम भएको, हंसगामिनी तथा हात्तीको जस्तो चाल भएको र शरीर सुडौल भएको, शरीरमा गाँठो गूँठी नभएको, केश सीधा भएको र दाँत मिलेको होस्, अङ्ग बिकलाङ्क नहोस् यस्तो कन्यालाई द्विजले पाणिग्रहण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्छ ।

यस्यास्तु न भवेद्भ्राता न विज्ञायेत वा पिता ।
नोपयच्छेत तां प्राज्ञः पुत्रीकाधर्मशङ्कया ॥ ३/११ ॥

अर्थात्:- जुन कन्याको भ्राता छैन पिताको नाम पनि अज्ञात छ, यस्तो कन्यालाई द्विजले वरण गर्नुहुँदैन, किनकि माताको आफ्नो धर्मको पनि ज्ञात छैन भने त्यस कन्यालाई पुत्रीका धर्मको बारेमा के ज्ञान हुन्छ ? जुन पिताको पुत्र छैन र पुत्री मात्र भएमा त्यस पिताले आफ्नो पुत्रीको विवाह संस्कार गराएर आफ्नो पुत्रीको पुत्र मेरो पुत्रीकाकरण होस् यस्तो अभिलाषा पिताको रहेको हुन्छ ।

(समयको कलमः- पुत्रीका धर्म भन्नाले यदि कुनै मनुष्यको पुत्र नै छैन केवल पुत्री नै पुत्री जन्मेको खण्डमा समय भएपछि पिताले आफ्नो पुत्रीको विवाह गराएर आफ्नो पुत्रीको कोखबाट जन्मेको पुत्रीको छोरा अर्थात् नातीलाई आफ्नो काख लिन मिल्छ अर्थात् धेवतालाई काख लीन सकिन्छ । पुत्रीको पुत्र आफ्नो मावली हजुरबाको सम्पत्तिको मालिक हुन्छ । यदि पिताको कोही पुत्र छैन भने पुत्रीले आफ्नो पिताको लागि एक पुत्र जन्माएर आफ्नो पिताले सधैँको लागि दिनुपर्छ, विवाहपछि पुत्रले आफ्नो पिताको लागि एक सन्तान पुत्र जन्माएर दिने कार्यलाई पुत्रीका धर्म भनिन्छ, तर जुन कन्याको घरमा भाइ नै छैन भने हुन्नसक्छ त्यो कुलमा कुनै वंशाणुगतको समस्या या कुनै शारीरिक रुपमा रहने समस्या भएको हुनसक्छ यस्तो वंशाणुगत समस्या भएको घरमा द्विजले विवाह गर्नुहुँदैन। यस्तो कन्यासँग विवाह गर्नाले कन्यामा पिताको या मातामा भएको यस्तो कुनै न कुनै वंशणुगत समस्या या रोग आफ्नो कुलमा आउने भय सधैँ रहेको हुन्छ र पहिले जन्मेको पुत्र सीधा आफ्नो मावालीको हुनपुग्छ र त्यो मवालीको सम्पत्तिको अधिकारी हुन्छ त्यसैले यो वरण गरेको द्विजको लागि हो त्यसैले यस्तो घरमा बिहे नगर्नू भनिएको हो)

सवर्णाग्रे द्विजातीनां प्रशस्ता दारकर्मणि ।
कामतस्तु प्रवृत्तानां इमाः स्युः क्रमशोऽवराः॥ ३/१२ ॥

अर्थात्:- तीन वर्णले आफ्नो आफ्नो वर्णको स्ववर्णको कन्यासँग नै विवाह गर्नु सर्वोत्तम कार्य हुन्छ तर यदि अन्य कुनै कारण, कुनै समस्या भएमा तथा कामवश अन्य वर्णको कन्यासँग बिहेगर्नु परेमा निम्न तरिकाले निम्न रीतीले अन्य वर्णको कन्यासँग पाणिग्रहण गर्नु पनि उत्तम हुन्छ, तर यस्तो विवाह भएमा परिवारको व्यवहारको सञ्चालनमा समस्या भनेदेखिन सक्छ ।

शुद्रैव भार्या शुद्रस्य सा च स्वा च विशः स्मृते ।
ते च स्वा चैव राज्ञश्च ताश्च स्वा चाग्रजन्मनः ॥ ३/१३ ॥

अर्थात्:- सकेसम्म सबै वर्णले आफ्नो कन्याको विवाह आफ्नो वर्णमा नै बिहे गराउनु उत्तम हुन्छ यदि विविध कारणले यो नभएमा शुद्र वर्णले वैश्य वर्णसँग, क्षत्रीय वर्णले वैश्य वर्णसँग र शुद्र वर्णको कन्या ब्राह्मण वर्णसँग बिहे गर्नहुन्छ यदि ब्राह्मण वर्णले वरण गर्न चाहेमा चार वर्णको कन्यासँग पाणिग्रहण गर्नसक्छ तर संस्कारको नियमलाई भने पालन गर्नुपर्छ ।

(समयको कलमः- यहाँ केवल वर्णले कन्यालाई ग्रहण गर्नलाई सक्नेछ भनिएको छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ण भनेको वरण अर्थात् धारण गर्नुहुन्छ जस्तो ज्ञान दिने व्यक्तिले रक्षाको कार्य गर्ने व्यक्तिको पुत्रीलाई बिहे गर्नसक्छ, रक्षाको कार्य गर्ने व्यक्तिले व्यापार गर्ने व्यक्तिको पुत्रीलाई वरण गर्न सक्छ भने यो तीन वर्णकाको व्यक्तिले शुद्र वर्णको कन्यासँग विहे गर्नेसक्छ तर सबै वर्णको हकमा भनेमाथि भनिएको र अघि भनिने कुलको नियम भने लागु हुन्छ)

न ब्राह्मणक्षत्रीययोरापद्यपि हि तिष्ठतोः ।
कस्मिंश्चिदपि वृत्तान्ते शुद्रा भार्योपदिश्यते ॥ ३/१४ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता नमिलेको खण्डमा जुनसुकै विपत्तिको समय भए पनि ब्राह्मण, क्षत्रीय वैश्य, शुद्रवर्णको कन्यालाई वरण गर्न र नगर्न पनि सक्छ तर समयको चक्रमा, समयको कालखण्डको इतिहासमामाथि भनिएका सबै नियम कुनै पनि वर्णमा लागु नहुन पनि सक्छ, शरीर, परिवार र समाजको विविध कारणलेमाथिको यो नियम लागु नहुन पनि सक्छ त्यो सबै परिस्थितिमा भरपर्ने कुरा हो ।

हीनजातिस्त्रीयं मोहादुद्वहन्तो द्विजातयः ।
कुलान्येव नयन्त्याशु ससन्तानानि शुद्रताम् ॥ ३/१५ ॥

अर्थात्:- ब्राह्मण, क्षत्रीय, वैश्य तीन वर्णले यदि मोहवश वर्ण विरुद्धको कार्य गर्दैमाथि निषेध गरिएका कन्यासँग विवाह गरेको खण्डमा त्यस वर्णको व्यक्तिको कर्मको कारण त्यसको आफ्नो सन्तान संस्कार विहीन बन्न पुग्छ र विस्तारै त्यसको आफ्नो वंशा नै पतनको बाटोमा जानबाट कसैले रोक्न सक्दैन ।

शुद्रावेदी पतत्यत्रेरुतथ्यतनयस्य च ।
शौनकस्य सुतोत्पत्त्या तदपत्यतया भृगोः ॥ ३/१६ ॥

अर्थात्:- संस्कारविहीन कन्या जुनसुकै वर्णको कुलमा जन्मेको होस् चाहे त्यो ब्राह्मण वर्णको कुलमा होस् या शुद्र वर्णको कुलमा होस् त्यस्तो सस्कारच्युत कन्यालाई वरण गर्नाले द्विज वर्णको वर आफ्नो वर्णबाट नै पतित हुन्छ र आफ्नो वरण गरेको गुणलाई त्याग गरेको हुनाले सीधा वर्णच्यूत बनेको हुन्छ । आफ्नो संस्कारको विधानमा रहेको वर्णको विधानमा रहेको नियमलाई पालन नगरेको खण्डमा त्यो व्यक्ति वर्णपतित, धर्म र संस्कार पतित भएर बेधर्म हुन्छ यो मत अत्रि र उतथ्य ऋषिको मत हो ।

(समयको कलमः- यो श्लोकमा उतथ्य ऋषिको नाम कसरी आयो ? भन्ने प्रश्न मैले भृगु ऋषिलाई सोधेको थिएँ किनकि यी एक ऋषि मनुमहाराज भन्दापछि आउनु भएको ऋषि हो भनेर यी ऋषिको नाम मनुमहाराजको मुखबाट कसरी आयो ? मेरो प्रश्न ऋषि भृगुलाई थियो उहाँले 'म समय'लाई भन्नुभयोः- हामीले महर्षि मनुमहाराजको मुखबाट वर्णले धारण गर्ने र वरण गर्ने विधान तथा बिहे गर्ने विधानलाई श्रवण गरिरहेको अवस्थामा मनुमहाराजले भन्नु भएकोमाथिको श्लोकलाई श्रवण गरिरहनु भएका ऋषि उतथ्यले मनुमहाराजको भनाइलाई पूर्ण समर्थन गर्दै यो श्लोकको सत्यता यस्तो हुन्छ यो गर्नेलाई यो वर्ण मिल्छ भन्नुभएको हो र मनुमहाराजले पनि उहालाई बोल्न दिनुभएको थियो त्यसको साथ साथ अघिपनि उतथ्य ऋषिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नुभयो 'यदि तीन वर्णको मनुष्यले संस्कारबिहीन कन्यालाई वरण गर्नाले त्यस्तो वर्णको मनुष्यले धारण गरेको वर्ण नै खण्डित हुन्छ र त्यसको वर्णच्यूत हुन्छ र धारण गरेको वर्ण र धारण गरेको धर्मको गुणलाई छोडेको हुनाले त्यो मनुष्य वेधर्म हुन्छ' त्यही समयमा अर्को ऋषि शौनकले त यो पनि भन्नुभएको थियो कि 'संस्कार विहीन कन्यालाई बिहे गरेर जन्माएको सन्तानमा वंशाणुगतमा समस्यादेखिन्छ त्यही समस्याको कारण त्यसको सन्तानले आफ्नो गुणलाई धारण गर्नपनि सक्दैन जसकारण आफै पतित हुन्छ र निचगुणले सम्पन्न नै हुन्छ किनकि यस्तो बच्चामा संस्कारको विधान माता तथा पितावाट प्राप्त हुँदैन जसको कारण त्यस्तो सन्तान संस्कार बिहीन भएर वर्णहीन भएर कर्मच्यूत बन्नपुग्छ कर्मच्यूत व्यक्ति पतित हुन् समय लाग्दैन। 'म समय'लाई भृगु ऋषिले आफ्नो व्यक्तिगत ज्ञानमार्गबाट यो पनि भन्नुभयको थियो 'कर्मच्यूत व्यक्तिलाई पतन हुन् केवल दुईपुस्ता नै प्रयाप्त हुन्छ अर्थात् कर्मच्यूत व्यक्तिको सन्तान नातिसम्म नपुग्दै पुरा पतन हुन्छ तर 'म समय' ले भन्छु 'आफ्नो वर्णलाई छोडेको व्यक्ति आफ्नो कर्म गर्नमा सक्षम हुँदैन किनकि वर्ण अनुसार सिकेर आएकोले वरण एक गुणको गरेको हुन्छ तर कार्य अर्को गुण र अर्को विधानको गरेको हुनाले त्यसको बुझाइमा र गराईमा धेरै फरक परेको हुनाले त्यस्तो वर्णच्यूत व्यक्ति आफ्नो जीवनमा नै आफै पतन हुन्छ छोरा नातिसम्म पुग्नु नै पर्दैन किनकि सडकमा सफाइको कार्य गर्ने व्यक्तिलाई सीधा कुनै ज्ञान नै नदिई खजान्चीको अधिकारी बनाएमा के हुन्छ होला ? काठको काम गर्ने व्यक्तिलाई सीधा भण्डारी अर्थात् सञ्चयकोषको निरीक्षक बनाएमा के हुन्छ ? ठीक यही नियमको लागु हुन्छ वर्ण व्यवस्थामा र संस्कारको पनि जसले जुन काम जानेको हुन्छ त्यसलाई त्यही कार्यलाई वरण गर्न दिनुलाई नै वर्ण व्यवस्था भनिन्छ)

शुद्रां शयनं आरोप्य ब्राह्मणो यात्यधोगतिम् ।
जनयित्वा सुतं तस्यां ब्राह्मण्यादेव हीयते ॥ ३/१७ ॥

अर्थात्:- संस्कारबिहीन कन्यासँग शयन गरेमा चाहे त्यो ब्राह्मण होस् चाहे त्यो शुद्र नै किन नहोस् त्यसले अधोगतीलाई प्राप्त गरेको हुन्छ नै। यस्तो पतित काय गर्ने व्यक्ति आफै पतित हुन्छ, धर्मच्यूत हुन्छ र संस्कारबिहीन कन्याबाट र पुत्रोत्पत्ति भएमा त्यो सन्तान धर्म कर्मरहित हुनपुग्छ। अर्थात् संस्कारबिहीन कन्यालाई बिहे गर्ने पुत्रले आफ्नो पिता माताको धर्म कर्म गुणलाई नै धारण गर्ने अधिकार रहेको हुँदैन।

दैवपित्र्यातिथेयानि तत्प्रधानानि यस्य तु ।
नाश्नन्ति पितृदेवास्तन्न च स्वर्ग स गच्छति ॥ ३/१८ ॥

मनुस्मृतिः- जुन ब्राह्मण वर्णको गृहमा संस्कार बिहीन स्त्रीले शुभ कर्म अर्थात् देवकर्म र पितृकर्म गरेको हुन्छ जसको लागि गरिएको कर्म हो त्यो कर्म निष्फल हुन्छ त्यस कर्मको कर्मफल घातक हुन्छ।

वृषलीफेनपीतस्य निःश्वासोपहतस्य च ।
तस्यां चैव प्रसूतस्य निष्कृतिर्न विधीयते ॥ ३/१९ ॥

अर्थात्:- संस्कारच्यूत स्त्रीसँग कुनै ब्राह्मण वर्णले त्यस स्त्रीको संस्कार गरेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफूले पनि संस्कार धारण गरेर सन्तान जन्माउन सकिने छ तर संस्कार हुन भने आवश्यक रहेको हुन्छ ।

चतुर्णा अपि वर्णानं प्रेत्य चेह हिताहितान् ।
अष्टाविमान्समासेन स्त्रीविवाहान्निबोधत ॥ ३/२० ॥

अर्थात्:- यस लोक र परलोकलाई सुमार्गमा लैजानको लागि र चारवर्णद्वारा सृष्टिको सञ्चालनको लागि र अघिको सन्ततिको हिताहित गर्नको लागि आठ प्रकारको विवाह संस्कारको विधिको विधान रहेको छ ।

ब्राह्मो दैवस्तथैवार्षः प्रजापत्यस्तथासुरः ।
गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः ॥ ३/२१ ॥

अर्थात्:- विवाह ८ किसिमका हुन्छन्,

१) ब्राह्म विवाह, २) देव विवाह, ३) आर्ष विवाह,
४) प्रजापत्य विवाह, ५) आसुर विवाह, ६) गांधर्व विवाह,
७) राक्षस विवाह, ८) पिशाच विवाह,

(समयको कलमः-माथिका भनिएका विवाह हुने तरिका हुन् विवाह एक संस्कार पनि हो त्यही एक संस्कारको एक विधान विवाह आठ किसिमले हुन्छ त्यही आठ प्रकारको विवाहमा अन्तिम विवाह पिशाच विवाह अधम विवाह हो अर्थात् पिशाच विवाह निषेध गरिएको छ)

यो यस्य धर्म्यो वर्णस्य गुणदोषौ च यस्य यौ ।
तद्वः सर्व प्रवक्ष्यामि प्रसवे च गुणागुणान् ॥ ३/२२ ॥

अर्थात्:- विवाह वर्णको आफ्नो संस्कार हो, आफ्नो धर्म हो, जुन विवाहको जुन गुणदोष रहेको हुन्छ, कुन किसिमको विवाह गरेमा कस्तो सन्तति अर्थात् पुत्रत्पत्ति हुन्छ, सबै विवाहको आफ्नो गुण र आफ्नो दोष रहेको हुन्छ र जुन गुणागुण हो त्यही विधानको बारेमा अघि सुन्नुहोस्:

षडानुपूर्व्या विप्रस्य क्षत्रस्य चतुरोऽवरान् ।
विट्शुद्रयोस्तु तानेव विद्याद्धर्म्यानराक्षसान् ॥ ३/२३ ॥

अर्थात्:-माथि भनिएको ६ किसिमको विवाहको विधानमा १ देखि ६ सम्मको विवाहको संस्कारको नियमअनुसार नै सबै वर्णले विवाह संस्कारको नियम लागु गर्नुपर्छ यदि यी नियम लागु गर्नलाई सम्भवना नभएमा क्षेत्रिय, वैश्य, शुद्रले त्यही चार विधानअनुसार विवाह गर्नुपर्छ । राक्षस विवाह भने कुनै पनि वर्णले गर्नुहुँदैन ।

चतुरो ब्राह्मणस्याद्यान्प्रशस्तान्कवयो विदुः ।
राक्षसं क्षत्रीयस्यैकं आसुरं वैश्यशुद्रयोः ॥ ३/२४ ॥

अर्थात्:-माथि भनिएको विवाह संस्कारमा १ देखि ४ सम्मको विवाहको विधानको नियम ब्राह्मणले पालन गर्नुपर्छ, क्षत्रीय, वैश्य शुद्रको लागि भने विवाह संस्कारको लागि १ देखि ६ सम्मको नियम लागु गर्न सकिनेछ, राक्षस र आसुर विवाह ब्राह्मण वर्णलाई निषेध गरिएको छ । क्षत्रीयवर्ण, वैश्यवर्ण र शुद्रवर्णको लागि केवल ६ किसिमको विधानलाई मानेर विवाह संस्कार गर्न भने सकिन्छ ब्राह्मण वर्णको मनुष्यले राक्षस विवाह गरेमा वर्णच्यूत हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चानां तु त्रयो धर्म्या द्वावधर्म्यौ स्मृताविह ।
पैशाचश्चासुरश्चैव न कर्तव्यौ कदा चन ॥ ३/२५ ॥

अर्थात्:-माथि भनिएको विवाह संस्कारको तरिकामा अन्तिमको पाँच किसिमको विवाहलाई धर्म विवाह भनिन्छ यी विवाहको तरिका उत्तम तरिका हो भने त्यस अघिको दुई किसिमको विवाह अधर्म किसिमको विवाह भनिन्छ र अन्त्यको दुई किसिमको विवाहलाई आसुर र पिशाच विवाह भनिन्छ अन्तिमको दुई किसिमले विवाह गर्नको लागि सबै वर्णलाई निषेध गरिएकोछ पिशाच र आसुरी विवाह गर्ने व्यक्ति वर्णच्यूत भएर नीच पतित हुन्छ ।

पृथक्पृथग्वा मिश्रौ वा विवाहौ पूर्वचोदितौ ।
गान्धर्वो राक्षसश्चैव धर्म्यौ क्षत्रस्य तौ स्मृतौ ॥ ३/२६ ॥

अर्थात्:- गान्धर्व र राक्षस विवाहको विधान अलग अलग छन् तर यी दुई विवाहको तरिका पृथक हो यी दुवै विधान अलग अलग होस् या एकत्र होस् यो विधान केवल क्षत्रीय वर्णको लागि मात्र योग्य हुन्छ अन्य वर्णलाई यो किसिमको विवाह गर्ने अनुमति छैन ।

आच्छाद्य चार्चयित्वा च श्रुतशीलवते स्वयम् ।
आहूय दानं कन्याया ब्राह्मो धर्मः प्रकीर्तितः ॥ ३/२७ ॥

अर्थात्:- कन्याको अनुमति लिएर कन्याले मन पनि पराएको होस् र कन्याको लागि सुयोग्य सुशील, विद्वान् पुरूषलाई बोलाएर त्यस पुरुषलाई संस्कारपूर्वक सत्कार गरेर कन्यालाई आभूषण तथा वस्त्र आदिद्वारा अलङ्कृत गरेर आफ्नो वर्णको उत्तम पुरूषलाई निमन्त्रणा गरेर संस्कार विधान सहित कन्यालाई कन्यादान गर्ने विवाहको विधानलाई 'ब्राह्म विवाह' भनिन्छ ।

यज्ञे तु विततते सम्यगृत्विजे कर्म कुर्वते ।
अलङ्कृत्य सुतादानं दैवं धर्मं प्रचक्षते ॥ ३/२८ ॥

अर्थात्:- कुनै शुभ कार्य गर्दा यज्ञ स्थलमै ऋत्विकलाई अलङ्कारसहित अभिभावद्वारा आफ्नो कन्यालाई कन्यादान गर्नुलाई 'देव विवाह' भनिन्छ ।

एकं गोमिथुनं द्वे वा वरादादाय धर्मतः ।
कन्याप्रदानं विधिवदार्षो धर्मः स उच्यते ॥ ३/२९ ॥

अर्थात्:- एक गाई र एक गोरु या दुई गाई या दुई गोरुको जोडीलाई वरसँग लिएर धर्म र संस्कार अनुकूल विधिपूर्वक र विधानअनुसार कार्य गरी आफ्नो कन्याको विवाह गराउनुलाई या कन्यादान गर्नुलाई आर्षधर्म विवाह अर्थात् आर्ष विवाह भनिन्छ ।

सहोभौ चरतां धर्म इति वाचानुभाष्य च ।
कन्याप्रदानं अभ्यर्च्य प्रजापत्यो विधिः स्मृतः ॥ ३/३० ॥

अर्थात्:- वर र कन्या दुवैले संस्कार र परम्परा अनुसार "आफ्नो धर्मको विधान निभाउने छु" भनेर स्वीकार गरेपछि अभिभावकले वर र कन्याको पूजा गरेर वरलाई आफ्नो कन्या दिनुलाई प्रजापत्य विवाह भनिन्छ ।

ज्ञातिभ्यो द्रविणं दत्त्वा कन्यायै चैव शक्तितः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कन्याप्रदानं स्वाच्छन्द्यादासुरो धर्म उच्यते ॥ ३/३१ ॥

अर्थात्:- कन्यालाई अथवा कन्याको परिवारको अभिभावलाई धन सम्पत्ति दिएर या लालच कन्यालाई लिनु या वरण गर्नु यस्तो किसिमको विवाहलाई आसुर विवाह भनिन्छ ।

इच्छयान्योन्यसंयोगः कन्यायाश्च वरस्य च ।
गान्धर्वः स तु विज्ञेयो मैथुन्यः कामसंभवः ॥ ३/३२ ॥

अर्थात्:- वर र कन्याले परस्पर आफ्नो स्वेच्छापूर्वक खुशीले जो संयोग गरेका हुन्छन् तर मनमा मानेका हुन्छन् हामीले विवाह गरेका छौं तर विवाह भएको हुँदैन यस्तो किसिमको विवाहलाई गान्धर्व विवाह भनिन्छ । यस्तो विवाहको अर्थ कामवासना पूरा गर्नु वा भोग पूरा गर्नु हो, वासना हो, यो संस्कार हैन यस्तो विवाह गर्नको लागि निषेध गरिएको छ ।

हत्वा छित्त्वा च भित्त्वा च क्रोशन्तीं रुदन्तीं गृहात् ।
प्रसह्य कन्याहरणं राक्षसो विधिरुच्यते ॥ ३/३३ ॥

अर्थात्:- अस्विकार गरेको कन्याको अनुमतिविना अपहरण गरेर पिटेर या डर दिएर वलात् गृहवाट नै जवरजस्ती हरण गरेर विवाह गर्नुलाई राक्षस विवाह भनिन्छ ।

सुप्तां मत्तां प्रमत्तां वा रहो यत्रोपगच्छति ।
स पापीष्ठो विवाहानां पैशाचश्चाष्टमोऽधमः ॥ ३/३४ ॥

अर्थात्:- निदाएकी स्त्री, मानसिक सन्तुलन गुमाएकी, नशाद्वारा वेहोस् वनाएर, धन वा भोग मदमा प्रमत्त (रोगिणी वा अज्ञान होस्) भएको यस्तो स्त्रीसँग एकान्तमा सहवास गर्नुलाई नै पिशाच विवाह भनिन्छ । यो आठौं विवाह सवै विवाहभन्दा अधम विवाह हो । यस्तो किसिमको विवाह कुनै पनि वर्णले गर्नुहुँदैन ।

अद्भिरेव द्विजाग्र्याणां कन्यादानं विशिष्यते ।
इतरेषां तु वर्णानां इतरेतरकाम्यया ॥ ३/३५ ॥

अर्थात्:- कन्याको विवाह गराउँदा ब्राह्मण वर्णको कन्याको लागि वेदोक्त ऋचा जप गर्दै जलले कन्यादान गर्नु उत्तम हो र क्षत्रीय लगायत अन्य वर्णले जलविना नै तर विधानअनुसार वेदोक्त ऋचालाई जप गर्दै पारस्परिक इच्छामात्रले केवल वाणीद्वारा भन्नाले वा स्वीकार गर्नाले मात्र पनि विवाह गर्न सकिनेछ ।

यो यस्यैषां विवाहानां मनुना कीर्तितो गुणः ।
सर्व शृणुत तं विप्राः सर्व कीर्तयतो मम ॥ ३/३६ ॥

अर्थात्:- जुन विवाहको जुन गुण महर्षि मनु महाराजले मलाई भन्नुभएको छ हे समय ! मैले तिमीलाई त्यो गुणको वारेमा राम्रोसँग भन्नेछु पछिको श्लोक सुन्नू :
(समयको कलमः- मनुस्मृति ३/३६ नम्बर श्लोक मनु महाराजको आफ्नो भनाई हैंन, यो श्लोक मनुस्मृति ३/३६को श्लोक पनि हैंन यो श्लोक ऋषि भृगुले 'म समय'लाई भन्नुभएको श्लोक हो यो श्लोक मनुमहाराजले आफै भन्नुभएको थियो या थिएन मलाई थाहा छैन किनकि मनुमहाराजले भन्नुभएको 'मनुस्मृति' सुन्ने व्यक्ति म हैंन तर महर्षि मनुमहाराजले भन्नुभएको मनु विधान ऋषि भृगुले मलाई भन्नुभएको भने हो ऋषि भृगुले यो श्लोक म (समय) लाई भन्नुभएको हो ऋषि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भृगुले मनुस्मृति भन्दै गर्दा मलाई भन्नुभयो 'हे समय' ! मनुमहाराजले विवाहको गुणको बारेमा के के भन्नु भएको छ त्यो सबै नियमको बारेमा पछि आउने श्लोकमा भन्ने छु त्यो श्लोक सुन' भन्नुभयो मैले त्यही श्लोकलाई यहाँ लेखेको हुँ । सायद महर्षि मनु महाराजले पनि मनुस्मृतिको ज्ञान अन्य भृग ऋषिलगायत अन्य ऋषिलाई भन्दा यो श्लोकलाई यसरी भन्नुभएको थियो होला 'ऋषि हो ! जुन विवाहको तरिकाको बारेमा मैले हजुरहरूलाई भनिरहेको छु, त्यस विवाहको गुण तथा दोषको बारेमा अघि पनि राम्रोसँग भन्नेछु अघिको श्लोक सुन्नू': भनेर सायद महर्षि मनु महाराजले पनि यसरी नै भन्नुभएको थियो होला । त्यही श्लोकलाई ऋषि भृगुले मलाई भन्नुभयो यो भनाई म समयको हो)

दश पूर्वान्परान्वंश्यानात्मानं चैकविंशकम् ।
ब्राह्मीपुत्रः सुकृतकृन्मोचयत्येनसः पितककन् । ३/३७ ॥

अर्थात्:- वर र कन्याको विवाह ब्राह्मविवाहको विधानअनुसार भएपछि गर्भदान संस्कार भएर यदि पुत्रको जन्म हुन्छ भने त्यो पुत्र महान् हुनेछ र आफ्नो पितृको सेवा गर्ने र अन्य शुभकर्म गरेको कारण उसको सन्ततिको आफ्नो आउने पुस्ता राम्रो र उच्च ज्ञानी भएर रहने छन् ।

दैवोढाजः सुतश्चैव सप्त सप्त परावरान् ।
आर्षोढाजः सुतस्त्रींस्त्रीन्षट्षट्कायोढजः सुतः ॥ ३/३८ ॥

अर्थात् :- देव विवाहको नियमअनुसारको विवाह भएर जन्मेको पुत्रको सन्तान शुभगुणले युक्त हुन्छन् र शुभ कर्म गर्न ताल्लीन हुनेछन् देवविवाहअनुसार विवाह गरेर जन्मेको सन्तानको सन्तानले सात पुस्तासम्म अतीनै बिशिष्ट ज्ञानको दर्जा प्राप्त गर्नेछन् यदि अघिको पुस्ताले कुनै निच कर्म गरेन भने किनकि कर्मगर्ने अधिकार सबैलाई छ । आर्षविवाहअनुसार विवाहको भएर जन्मेको सन्तानले तीन पिढीसम्म सात्विक रहने छन् यदि आउने पुस्ताले आफ्नो गुण र कर्मलाई त्याग गरेन गरेन भने, प्रजापत्य विवाहको नियमअनुसार विवाह गरेर जन्मेको सन्तान ६ पिढीसम्म सात्विक रहने छन् तर अघिको पुस्तालाई कर्मलाई वरण गर्ने र वर्णलाई परिवर्तन गर्ने अधिकार भने मनुष्यलाई रहेको हुन्छ ।

ब्राह्मादिषु विवाहेषु चतुर्ष्वेवानुपूर्वशः ।
ब्रह्मवर्चस्विनः पुत्रा जायन्ते शिष्टसम्मताः ॥ ३/३९ ॥

अर्थवतः- ब्राह्म, दैव, आर्ष र प्रजापत्य यी चार विवाहमा पाणिग्रहण गरिएको स्त्री र पुरुषबाट जुन सन्तान उत्पन्न हुन्छन् ती सबै सन्तानले वेदज्ञानलाई ग्रहण गर्ने, वेदविद्याद्वार ती सबै सन्तान तेजस्वी र आप्तपुरुष भएर सम्पूर्ण मनुष्यको कल्याणको लागि ज्ञान प्रदान गर्ने र सम्पूर्ण मनुष्यको कल्याणको लागि कार्य गर्नेछन् ।

रुपसत्त्वगुणोपेता धनवन्तो यशस्विनः ।
पर्याप्तभोगा धर्मिष्ठा जीवन्ति च शतं समाः ॥ ३/४० ॥

अर्थात्:- ब्राह्म, दैव, आर्ष र प्रजापत्य यी चार विवाहमा पाणिग्रहण गरिएको स्त्री र पुरुषबाट जुन सन्तान उत्पन्न हुन्छन् ती सबै शारीरिक रुपमा र गुणमा उत्तम, यश, भाग्य, धन र धर्ममा सर्वश्रेष्ठ ज्ञानले सम्पन्न भएको हुनेछ यस्तो सन्तान आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मको कारण लामो समयसम्म अर्थात् सयवर्ष पर्यन्त जीवित रहनेछन् ।

इतरेषु तु शिष्टेषु नृशंसानृतवादिनः ।
जायन्ते दुर्विवाहेषु ब्रह्मधर्मद्विषः सुताः ॥ ३/४१ ॥

अर्थात्:- ब्राह्म, दैव, आर्ष र प्रजापत्य यी चार विवाह बाहेकका शेष चार किसिमले विवाह गरेर जन्मेको सन्तान घर र कुलको लागि अति नै घातक हुन्छन्, आचारणमा तामसिक मिथ्याचारी र मिथ्याभाषी, र ब्रह्मचर्या धर्मको आचरण विरुद्धको कर्मगर्नमा तल्लीन हुनेछन् कर्मच्यूत हुनेछन् ।

अनिन्दितैः स्त्रीविवाहैरनिन्द्या भवति प्रजा ।
निन्दितैर्निन्दिता नककणां तस्मान्निन्द्यान्विवर्जयेत् ॥ ३/४२ ॥

अर्थात्:- श्रेष्ठ विवाह गरेर संस्कारअनुसार नै जन्मेको सन्तान श्रेष्ठगुणले सम्पन्न भएको हुनेछन् भने निषेध र निन्दित गरिएको विवाह गरेर त्यसबाट जन्मेको सन्तानले पनि निन्दनीय कर्म गर्नमा तल्लीन हुनेछन् त्यसैले मनुष्यले निषेध गरेको विवाह गर्नुहुँदैन निन्दित विवाहलाई आफ्नो आचरण लागु गर्नुहुँदैन । त्यसैले मनुष्यको लागि यो योग्य छ कि निन्दित विवाहलाई त्याग गर्नुपर्छ किनकि निन्दित विवाहद्वारा विवाह भएमा त्यस पति पत्नीकोकोखबाट निच आचरण भएको सन्तानको जन्म हुन्छ त्यस्तो नीच किसिमको विवाहलाई त्याग र उत्तम किसिमको विवाह संस्कार गरेर संस्कारी र ज्ञानी सन्तानलाई जन्मदिनुपर्छ ।

पाणिग्रहणसंस्कारः सवर्णासूपदिश्यते ।
असवर्णास्वयं ज्ञेयो विधिरुद्वाहकर्मणि ॥ ३/४३ ॥

अर्थात्:- स्ववर्णले सवर्ण कन्यासँग पाणिग्रहण संस्कारको विधि र अन्य एक वर्णले अर्को वर्णको कन्यासँग विवाह गर्ने विधि पनि अलगअलग रहेको छ त्यस विधिलाई पनि विस्तारपूर्वक अघि सुन्नूहोस् :

शरः क्षत्रीयया ग्राह्यः प्रतोदो वैश्यकन्यया ।
वसनस्य दशा ग्राह्या शुद्रयोत्कृष्टवेदने ॥ ३/४४ ॥

अर्थात्:- यदि 'क्षत्रीय वर्णकि कन्यालाई अन्य वर्णको वरले पाणिग्रहण गर्दा तीरलाई धारण गर्नू, वैश्यकी वर्णको कन्यालाई पाणिग्रहण गर्दा चैपाया (घोडा गोरु आदि) लाई हाँकने अस्त्रलाई धारण गर्नू र शुद्र वर्णको कन्यालाई पाणिग्रहण गर्दा कपडाको कुनालाई काटेर ग्रहण गर्नुपर्छ । यो विधान केवल अन्य वर्णको वरसँग पाणिग्रहण गर्नको लागि हो स्ववर्णको लागि हैंन ।

ऋतुकालाभिगामी स्यात्स्वदारनिरतः सदा ।
पर्ववर्ज व्रजेच्चैनां तद्वतो रतिकाम्यया ॥ ३/४५ ॥

अर्थात्:- गृहस्थ मनुष्य सधैं आफ्नो पत्नीसँग प्रसन्न रहँदै ऋतुकालगामी हुनुपर्छ । आफ्नी स्त्रीसँग भोग गर्नुपर्छ किन्तु परस्त्रीलाई भोग गर्नुहुँदैन पत्नीले परपुरुषलाई आफ्नो मनमा पनि आउन दिनुहुँदैन, गृहस्थ मनुष्यले आफ्नो पत्नीसँगपनि ऋतुकालपर्वको समय ऋतुकालको रात्रीमा नै भोग गर्नुपर्छ यदि स्त्रीको इच्छा भएमा पनि ऋतुकालको दिनमा भोग गर्न सकिने तर त्यो उत्तम कार्य भने हैंन, तर पत्नीको इच्छा भएमा भोग गर्नभने सकिने छ । पत्नीले ऋतुगामीव्रतलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त गरेको अवस्था र सन्तानको चाहना हुने दम्पत्तीले ऋतुकालको अवस्थामा र रतिकामना पर्वको रात्रीको (अमावस्या, पूर्णिमा, चतुर्दशी, अष्टमी, ग्रहणको) यी समय छोडेर शेष प्रशस्त(रात्रीमा आफ्नो स्त्रीसँग रातीक्रिया गर्नुपर्छ। तर रजोदर्शन भएको समयमा भने भोगको लागि पूर्ण निषेध छ।

ऋतुः स्वाभाविकः स्त्रीणां रात्रयः षोडश स्मृताः।
चतुर्भिरितरैः सार्धं अहोभिः सद्विगर्हितैः ॥ ३/४६ ॥

मनुस्मृतिः- स्त्रीको स्वाभाविक ऋतुकालको पर्व सोह्र रात्रीको हुन्छ, अर्थात् रजोदर्शन भएको दिनदेखि लिएर सोह्र दिनसम्मको समय ऋतुकालको समय हो। ती सोह्र दिनमा पहिले चार रात्री अर्थात् जुन दिन रजोदर्शन अर्थात् रजस्वला भएको छ त्यस समयदेखि लिएर चार दिनको अन्तिमसम्मको समय निन्दित समय हो। यो समयमा नारीको ख्याल राख्नुपर्छ तर भोग गर्नको लागि भने निषेध छ।

(समयको कलमः- ऋतुकाल अर्थात् गर्भधारण गर्नको लागि स्त्रीको स्वाभाविक सोह्र रात्री हुन, यो पूर्ण प्रकृतिक विधान हो। यी रात्रीमा बाह्रौ दिनदेखि सोह्र दिनसम्मको समय सन्तानको चाहना हुने दम्पत्तिको लागि महत्वपूर्ण समय हो यही समयमा रहेको गर्भको सन्तान नै ज्ञानी र पूर्ण धर्मको गुणलाई धारण सन्तान जन्मिने छ ऋतुकालको प्रथम चार दिन भने दूषित वा वर्जित समय हो, बाँकी शेष रहेको बाह्ररात्री उत्तम सन्तानको जन्म दिने समय हो तर साह्रौदिनमा एक पूर्णिमा वा अमावस्या पर्छ र एक अष्टमी पर्ने नै हुन्छ या दुवै पर्नसक्ने छन्। अतः ऋतुकालको समयमा पनि कूल आठरात्री निन्दित रात्री हुन्। रात्री(गणना यसैले गरिएको हो कि दिनमा ऋतु(दानको लागि निषेध छ)

तासां आद्याश्चतस्रस्तु निन्दितैकादशी च या।
त्रयोदशी च शेषास्तु प्रशस्ता दशरात्रयः ॥ ३/४७ ॥

अर्थात्:- ऋतुकालको प्रथम चार अहोरात्री, एघारौँ र तेह्रौँ रात्री दूषित रात्री हो भने बाँकी शेष रात्री उत्तम रात्री हो।

(समयको कलमः- ऋतुकालको प्रथम चार अहोरात्री, एघारौ र तेह्रौरात्री दूषित रात्री हो भने बाँकी शेष रात्री उत्तम रात्री हो, परन्तु यो कुरा स्मरण राख्नुपर्छ कि यी दसरात्रीमा पनि पर्वको रात्री परेको खण्डमा ती रात्री त्याज्य रहेको छ सोह्रौ दिनमा एक पूर्णिमा वा अमावस्या या एक अष्टमी पर्ने नै छ या दुवै पर्नसक्छ। अतः रजोदर्शनको कूल आठ रात्री निन्दित रात्री हुन्। रात्रीगणना यसैले गरिएको हो कि दिनमा ऋतु-दान निषेध छ)

युग्मासु पुत्रा जायन्ते स्त्रीयोऽयुग्मासु रात्रीषु।
तस्माद्युग्मासु पुत्रार्थी संविशेदार्तवे स्त्रीयम् ॥ ३/४८ ॥

अर्थात्:- युग्म रात्रीको ऋतुदानबाट गर्भ रहेमा पुत्र उत्पन्न हुन्छ भने अयुग्म रात्रीमा गर्भरहेमा कन्याको जन्म हुन्छ त्यसैले पुत्र चाहाने दम्पत्तिले आठौँ, दशौँ, बाह्रौँ, चौधौँ र सोह्रौँ आदि युग्म रात्रीमा र पुत्रीको चाहने हुनेले आयुग्म ऋतुकालको रात्रीमा स्त्रीगमन गर्नुपर्छ।

(समयको कलमः- सम + रात्रीमा स्त्रीभोग गर्नाले पुत्र र विषम-रात्रीमा स्त्रीभोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नाले कन्या उत्पन्न हुन्छ यस हेतु पुत्रार्थी (पुत्रोत्पत्तिको इच्छा राख्ने) दम्पत्तीले समरात्रीमा भोग गर्नुपर्छ। युग्म अर्थात् सम सङ्ख्याको रात्री छ, आठ, दश, द्वादशी, चतुर्दशी, षोडशीमा समागम गर्नाले पुत्र उत्पन्न हुन्छ विषम सङ्ख्या अर्थात् पाँच, सात, नौ, पन्ध्र रात्रीमा पुत्रीको जन्म हुन्छ, त्यसैले पुत्रको इच्छा भए समरात्री र पुत्रीको इच्छा भए विषमरात्रीमा स्त्रीसँग समागम गर्नुपर्छ। युग्म जोडा र आयुग्म विजोडालाई भनिन्छ)

पुमान्पुंसोऽधिके शुक्रे स्त्री भवत्यधिके स्त्रीयाः।
समेऽपुमान्पुं स्त्रीयौ वा क्षीणेऽल्पे च विपर्ययः ॥ ३/४९ ॥

अर्थात्:- पुरुषको शुक्रकिटको गति र गुण दुवै ऊर्ध्वगमनको अन्तिम विन्दुमा रहेको र स्त्रीको रजको गति ऊर्ध्वगमनको शुरुको विन्दुमा रहेको र गुण भने तटस्थ भएको र रजको गति ऊर्ध्वगमन हुन् ठीक तैयार भएको अवस्था रजको मिलन वीर्यसँग मिलन भएको खण्डमा पुत्रको जन्म हुन्छ राजोकाल पछिको रात्री सम होस् या विषम होस् त्यो समयमा गर्भ रहेमा पुत्रको नै जन्म हुन्छ। पुरुषको शुक्रकिट गति र गुण दुवै अधोगमन भएको र स्त्रीको रजको गति ऊर्ध्वगमनमा प्रवाहित भएर ऊर्ध्वगमनको अन्तिम विन्दुमा रहेको र गुण तटस्थ भएको अवस्थामा र रज ऊर्ध्वगमनको अन्तिम विन्दुमा पुगेको र पूर्ण भएर अधोगमन गर्नको लागि तयार भएको समयमा रजको मिलन वीर्यसँग भएर गर्भ रहेमा कन्याको जन्म हुन्छ। रजोकालकाल पछिको रात्री सम होस् या विषम जुन रात्री भए पनि कन्याको जन्म हुन्छ। स्त्रीको रजको गति अधोगमनको अन्तिम विन्दुमा भएर ऊर्ध्वगमनको मध्य अवस्थामा भएको तर ऊर्ध्वगमनको अन्तिम विन्दुमा नपुगेको र रजको गुण तटस्थ भएको र पुरुषको वीर्यको गति अधोगमनको अन्तिम विन्दुबाट फर्केर ऊर्ध्वगमनको मध्य अवस्थामा भएको र वीर्यको गुण सम तथा तटस्थ भएको समयमा रज र वीर्यको मिलन भएमा नपुंसक पुत्र र वीर्यको गति अधोगमन भएको गुण सम भएको र रजको गति पनि अधोगमन भएको गुण पनि सम भएको दुवैको गति अधोगमन भएको अन्तिम अवस्थामा गर्भ रहेमा नपुंसक पुत्रीको जन्म हुन्छ।

निन्द्यास्वष्टासु चान्यासु स्त्रीयो रात्रीषु वर्जयन्।
ब्रह्मचार्येव भवति यत्र तत्राश्रमे वसन् ॥ ३/५० ॥

अर्थात्:- निषेध गरिएको र बीर्जत गरिएको आठ रात्रीमा आफ्नो पत्नीसँग भोग नगर्ने या परिव्यक्त गर्ने प्रत्येक गृहस्थ आश्रमको मनुष्यले ब्रह्मचारीको नियम पालन गरेको ब्राह्मचारी नै रहेको हुन्छ। अर्थात् निश्चित गरिएको रात्रीमा मात्र आफ्नी पत्नीसँग भोग गर्ने गृहस्थ गृहाश्रममा रहेको भए पनि त्यो ब्राह्मचारी नै हो।

न कन्यायाः पिता विद्वान्गृह्णीयाच्छुल्कं अण्वपि।
गृह्णन्र् शुल्कं हि लोभेन स्यान्नरोऽपत्यविक्रयी ॥ ३/५१ ॥

अर्थात्:- विवाहको समय या अन्य कुनै पनि समयमा कन्याको पिताले वरसँग र वरको पिताले कन्याको आफन्त या पितासँग एक अंश मात्रको भए पनि कुनै शुल्क लिनुहुँदैन यदि लोभ र लालचमा कुनै पनि साधन या शुल्क कसैले पनि ग्रहण गरेको खण्डमा त्यस्तो परिवारको सदस्यालाई कन्यालाई खरिदबिक्री गरेको दोष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुवै परिवारलाई लाग्नेछ ।

स्त्रीधनानि तु ये मोहादुपजीवन्ति वान्धवाः ।
नारी यानानि वस्त्रं वा ते पापा यान्त्यधोगतिम् ॥ ३/५२ ॥

अर्थात्:- पति या उसको आफन्तले वधूको घरवाट कुनै पनि धन वस्त्र या पशु घोडा आदि र अन्य कुनै सवारी साधन लिनको लागि कहिल्यै पनि प्रयत्न गर्नुहुँदैन ।

आर्षे गोमिथुनं शुल्कं के चिदाहुर्मृषैव तत् ।
अल्पोऽप्येवं महान्वापि विक्रयस्तावदेव सः ॥ ३/५३ ॥

अर्थात्:- विवाहमा गाई लिनुदिनु ठीक हो तर दुई अर्थात् एक जोडीसम्म मात्र गाई दिन र लीन नियत योग्य हो तर कन्याको कन्यादान गर्दा या पछि अन्य कुनै पनि साधन वस्तु थोरै या धेरै लेनदेन गर्नु कन्याको खरिद विक्री नै हो ।

(समयको कलमः- आर्ष विवाह संस्कारमा गाई र गोरुको जोडा शुल्क पर्छ भनेर कयौँ ऋषिले मनुमहाराजको यो भनाइ पछि भन्नु भएको छ तर ती सबै भनाइ मिथ्या र गलत हो किनकि यसरी चहे त्यो थोरै होस् या धेरै नै किन नहोस् त्यो कन्याको खरिद(विक्री नै हो त्यसैले विवाह या कुनै पनि अवसरमा कुनै समान लेनदेन गर्नु व्यापार गर्नु नै हो)

यासां नाददते शुल्कं ज्ञातयो न स विक्रयः ।
अर्हणं तत्कुमारीणां आनृशंस्यं च केवलम् ॥ ३/५४ ॥

अर्थात्:- जुन कन्याको घरका र वरको घरका सदस्य तथा आफन्तले एक आपसमा धन, सम्पत्ति वस्तु र साधन लिएको हुँदैन, त्यो विक्रय हैन, यसै संस्कार, परम्परा र रीतिरिवाज र धर्म अनुसार कन्यादान गर्नु नै कन्यापूजन हो अर्थात् कन्याको विवाहमा कुनै पनि धन सम्पत्ति साधन लिनु हुँदैन त्यस नियमलाई नै कन्यापूजन भनिन्छ ।

पितृभिर्भ्रातृभिश्चैताः पतिभिर्देवरैस्तथा ।
पूज्या भूषयितव्याश्च वहुकल्याणं ईप्सुभिः ॥ ३/५५ ॥

अर्थात्:- घरको सबै सदस्य पिता, भ्राता, पति र देवरले आफ्नो घरको आमा, कन्या दिदी, वहिनी, वुहारी, भाउजू आदि स्त्रीको सधैँ पूजा गर्नुपर्छ । अर्थात् यथायोग्य मधुरभाषण, भोजन, वस्त्र, आभूषण आदिद्वारा सधैँ प्रसन्न राख्नुपर्छ । जुन मनुष्यलाई आफ्नो परिवारको कल्याणको इच्छा छ भने घरका सबै स्त्रीलाई कहिल्यै दुःख क्लेश दिनुहुँदैन अर्थात् जो पिता, दाइ या भाइ, पति या देवर आफ्नो र आफ्नो कुलको भलाई चाहन्छ भने ती सबैले आफ्ना घरका स्त्रीलाई सेवा सत्कार गर्नुपर्छ, स्त्रीलाई आवश्यकताको सम्पूर्ण साधन दिएर खुशी राख्नुपर्छ क्षमता भएमा गहना र नयाँ वस्त्रहरूले सधैँ सम्पन्न राख्नुपर्छ ।

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः ।
यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राफलाः क्रियाः ॥ ३/५६ ॥

अर्थात्:- जुन कुलमा स्त्रीको पूजा हुन्छ त्यस कुलमा देवताले नै विहार गरेका हुन्छन् र जहाँ जुन घर, जुन कुल, जुन समाजमा नारीको आदर सत्कार हुँदैन त्यो घर, त्यो कूल र त्यो समाजमा शीघ्र पतन हुन्छ । नारीकोसम्मान नहुने घर त के

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसको पुरा समाजको सम्पूर्ण क्रिया निष्फल हुन्छ अर्थात् जुन कुलमा नारीको पूजा अर्थात् सत्कार हुने गर्छ त्यस कुलमा नै दिव्य गुण, दिव्य ज्ञान भएको उत्तम सन्तानको जन्म हुन्छ र जुन कुलमा स्त्रीको आदरसम्मान र पूजा हुँदैन त्यहाँ यी सबै क्रिया क्रिया निष्फल हुन्छन् ।

शोचन्ति जामयो यत्र विनश्यत्याशु तत्कुलम् ।
न शोचन्ति तु यत्रैता वर्धते तद्धि सर्वदा ॥ ३/५७ ॥

अर्थात्:- जुन कुलमा स्त्रीलाई बिनाकारण कष्ट मिल्ने गरेको हुन्छ जहाँ र जुन कुलमा स्त्रीकोसम्मान भएको हुँदैन त्यो कूल शीघ्र पतन हुन्छ किनकि घर, कूल र समाजको खुशीको संरक्षण नारीको खुशीमा नै रहेको हुन्छ, जहां र जुन कुलमा नारीलाई खुशी र सुख मिलेको हुन्छ त्यो कुलको सधैं उन्नति र बिकाश सर्वदा वढेको हुन्छ ।

जामयो यानि गेहानि शपन्त्यप्रतिपूजिताः ।
तानि कृत्याहतानीव विनश्यन्ति समन्ततः ॥ ३/५८ ॥

अर्थात्:- आफ्नो आवश्यकीय सुख र मान नपाएर जुन कुलमा स्त्री दुःखित भएकी हुन्छन्, दुःखको कारण स्त्रीले जुन कुललाई श्राप दिएको हुन्छ त्यस्तो कूल धनधान्यले पूर्ण नै किन नहोस् त्यो कूल शीघ्र गतिमा पतन हुनेछ किनकि नारी दुःखी भएको कारण नै कूल निर्वल भएको हुन्छ निर्वल कूल नाश हुन् समय लाग्दैन ।

(समयको कलमः- जुन कुलमा विवाहित स्त्री आफ्ना पति, सासू, ससुरा, बन्धु र देवर आदिवाट विभिन्न वहानामा दिइने दुःख जस्तै दाइजो मागेर या अन्य कुनै वहानामा दुःख दिएको हुन्छ भने त्यस्ता घर व्यवहारका कारण स्त्री दुःखी भएर त्यस घरलाई श्राप दिएको हुन्छ त्यस्तो श्रापित घर तथा पुरा कूल नै नष्ट(भ्रष्ट हुन्छ)

तस्मादेताः सदा पूज्या भूषणाच्छादनाशनैः ।
भूतिकामैर्नरैर्नित्यं सत्करेषूत्सवेषु च ॥ ३/५९ ॥

अर्थात्:- आफ्नो घर, आफ्नो कुल, आफ्नो परिवार र आफ्नो सन्ततिको ऐश्वर्यको कामना गर्ने र चाहना राख्ने मनुष्यले आफ्नो घरकी स्त्रीको सधैं सम्मान र सत्कार गर्नुपर्छ आफ्नो क्षमताअनुसार खुशीको अवसरमा र उत्सवको समयमा भूषण, वस्त्र र भोजन आदिद्वारा स्त्रीप्रति सदैव नित्य सत्कार गर्नुपर्छ ।

संतुष्टो भाइया भर्ता भर्त्रा भार्या तथैव च ।
यस्मिन्नेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम् ॥ ३/६० ॥

अर्थात्:- हे गृहस्थ ! जुन कुलमा पति आफ्नी पत्नीसँग र पत्नी आफ्नो पतिसँग खुशी रहेका हुन्छन् त्यस्ता कुलको सर्वदा उन्नति हुनेछ । कुलमा स्त्री खुशी हुनुलाई नै कुलको खुशी हो कुलको पूजा हो कूल भन्नु नै स्त्रीको खुशी हो पतिबाट पत्नी र पत्नीबाट पति खुशी भएको कुलको कल्याण तथा उन्नति निश्चित हुन्छ यदि पति र पत्नी दुवै परस्पर अप्रसन्न रहेमा भने कुलमा नै नित्य कलहले वास गरेको हुन्छ ।

यदि हि स्त्री न रोचेत पुमांसं न प्रमोदयेत् ।
अप्रमोदात्पुनः पुंसः प्रजनं न प्रवर्तते ॥ ३/६१ ॥

अर्थात्:- जुन कुलमा स्त्री दुःखित रहेकी हुन्छ पत्नी दुःखी भएको कारण पत्नीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो पतिप्रति माया र रुचि नराख्ने हो र पत्नी आफ्नो पतिप्रति अप्रसन्न भएको भएमा र पत्नीले आफ्नो पतीलाई आफूतिर आकर्षित गर्दैन र पति पनि आफ्नो पत्नी प्रति आकर्षित नभएमा पतिको अप्रसन्नता र पत्नीको दुःखित भावनको कारण पति र पत्नीको शरीर कामोत्पत्ति नै तटस्थ हुन्छ कामोत्पत्ति न भएमा पति र पत्नीको सबै ऊर्जा सम अवस्थामा रहने भएको कारण सन्तानको जन्म हुँदैन यदि कारणवश यी पति पत्नीबाट सन्तानको जन्म भएमा आफ्नो लिङ्गीप्रति नै मन पराउने किसिमको दुष्ट आचरण भएको सन्तानको जन्म हुनेछ ।

(समयको कलमः- जो स्त्रीले आफ्नो पतीलाई माया, आदर, सत्कार, प्रीति र पतीलाई प्रसन्न गरेको हुँदैन भने पति अप्रशान्न भएको कारण पतिमा सन्तानको लागि उत्पन्न हुने ऊर्जा कामवासना नै उत्पन्न हुँदैन ।' ऋषि दयानन्द सरस्वती स० प्र० चतुर्थ समु०)

स्त्रीयां तु रोचमानायां सर्व तद्रोचते कुलम् ।
तस्यां त्वरोचमानायां सर्व एव न रोचते ॥ ३/६२ ॥

अर्थात्:- जुन कुलको पतीले आफ्नो पत्नीलाई प्रसन्न राखेको हुँदैन पत्नी अप्रसन्न भएको कारण कुलमा नै अप्रसन्न प्राप्त हुन्छ, कूल नै शोकाकुल हुन्छ र जव पतिदेखि पत्नी खुशी र प्रसन्न रहेको हुन्छ पूरा कूल नै आनन्दमय हुन्छ ।

(समयको कलमः- पत्नीको खुशी तथा प्रसन्नतामा नै सबै कूल प्रसन्न तथा सम्पन्न हुन्छ पत्नीको अप्रसन्नतामा सवै कूल नै अप्रसन्न अर्थात् दुःखदायक हुन् पुग्छ' ऋषि दयानन्द सरस्वती स० प्र० चतुर्थ समु०)

कुविवाहैः क्रियालोपैर्वेदानध्ययनेन च ।
कुलान्यकुलतां यान्ति ब्राह्मणातिक्रमेण चः ॥ ३/६३ ॥

अर्थात्:- त्यस्तै बीर्जत विवाह गरेको, धर्मको गुण र धर्मको कार्य लाई धारण नगर्ने, वेदाध्ययन नगर्ने, ज्ञानीको अपमान गर्ने, मधुरवचन नभएको, निन्दित शब्दद्वारा नारीलाई प्रयोग गरेर नारीको अपमान गर्ने मनुष्यको कूल स्वतः नाश हुन्छ चाहे त्यो कूल ब्राह्मणको नै किन नहोस् ।

शिल्पेन व्यवहारेण शुद्रापत्यैश्च केवलैः ।
गोभिरश्वैश्च यानैश्च कृष्या राजोपसेवया । ३/६४ ॥

अर्थात्:- गृहस्थ मनुष्यले प्रतिदिन जसरी विवाहको अग्निमा हवन गरिन्छ ठीक त्यस्तै प्रतिदिन गृहस्थ मनुष्यले पनि गृहस्थको नियमलाई पूर्णरुपले पालन गर्दै र नियमसङ्गत रहेर वेदले निर्देशन गरेअनुसार सन्ध्या, उपासना, यज्ञ तथा हवन लगायतका सम्पूर्ण नित्यकर्म गर्नुपर्छ ।

अयाज्ययाजनैश्चैव नास्तिक्येन च कर्मणाम् ।
कुलान्याशु विनश्यन्ति यानि हीनानि मन्त्रतः ॥ ३/६५ ॥

अर्थात्:- गृहस्थले यज्ञ गराउँदा वेदको पुरा ज्ञानलाई जानेको ज्ञानी अर्थात् ब्राह्मण हुनपर्छ अर्थात् बेदोक्त ऋचाद्वारा नै यज्ञ गराउनु पर्छ जो मनुष्यले बेदोक्त ऋचाद्वारा यज्ञ गराउँदैन त्यस्तो व्यक्तिसँग कहिल्यै पनि गृहस्थले यज्ञ गराउनु हुँदैन यदि कुनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि मनुष्यले वेदोक्त विधिविरुद्ध यज्ञ गरेको खण्डामा यज्ञ गर्ने र यज्ञ गराउने दुवैको कुल नै पतन हुँदै जानेछ ।

मन्त्रतस्तु समृद्धानि कुलान्यल्पधनान्यपि ।
कुलसङ्ख्यां च गच्छन्ति कर्षन्ति च महद्यशः ॥ ३/६६ ॥

अर्थात्:- जुन कुलको मनुष्य धनवान् छैन तर आफ्नो क्षमताअनुसार वेदोक्त ऋचाले र वेदले निर्देशन गरेको विधिले सधैं यज्ञ गरेको हुन्छ त्यो परिवार र त्यसको कूल सम्पन्न भएर धनवान र यशलाई प्राप्त गरेको हुन्छ ।

वैवाहिकेऽग्नौ कुर्वीत गृह्यं कर्म यथाविधि ।
पञ्चयज्ञविधानं च पक्तिं चान्वाहिकीं गृही ॥ ३/६७ ॥

अर्थात्:- गृहस्थ मनुष्यले विवाहपछि प्रज्वलित गरिने अग्नि अर्थात् गृहस्थले आफ्नो गृहस्थ जीवन सञ्चालन गर्नको लागि पकाउने भोजनलाई गृहस्थले पालन गर्नुपर्ने कर्तव्यलाई पालन गर्दै वेदको ऋचाद्वारा नै उचित विधि अनुसार नै पाँच यज्ञ गर्नुपर्छ यो यज्ञ प्रतिदिनको भोजन पकाएपछि गर्नुपर्छ ।

पञ्च सूना गृहस्थस्य चुल्ली पेषण्युपस्करः ।
कण्डनी चोदकुम्भश्च बध्यते यास्तु वाहयन् ॥ ३/६८ ॥

अर्थात्:- गृहस्थमा रहने ब्राह्मचारीले आफ्नो भोजन बनाउँदा प्रयोग हुने रहने साधनद्वारा या अन्य कुनै कार्यगर्दा जीवको हत्या हुन्छ जसमा छुरी, चूल्हो, सिलौटो, जाँतो, कुचो, ओखल, मूसल, पानीको घडा आदिको प्रयोग गर्दा अन्जान होस् या जानेर होस् जीवलाई दुःख प्राप्त हुन्छ या जीवको हत्या हुन्छ जीव मर्छ किन्तु जीवहत्या गर्नु इच्छा नभएको तर भवितव्यमा जीव मारिएको या जीवले दुःखलाई प्राप्त गरेको कारण यसलाई जीवहिंसा भनिंदैन । परन्तु जीवको हानी भने अवश्य हुन्छ त्यसको लागि प्रायश्चित गर्नु भने आवश्यक रहेको हुन्छ

तासां क्रमेण सर्वासां निष्कृत्यर्थं महर्षिभिः ।
पञ्च क्लृप्ता महायज्ञाः प्रत्यहं गृहमेधिनाम् ॥ ३/६९ ॥

(अर्थात्:- गृहस्थ ब्राह्मचारीले आफ्नो जीविकोपार्जन गर्दा अन्जानमा गरेको पापकर्मको प्रायश्चितको लागि दैनिक नित्य पञ्चयज्ञ गर्नुपर्छ, जुन यज्ञद्वारा जीवलाई प्राप्त भएको दुःख र हानीको क्षतिपूर्ति भएर जीवलाई पनि लाभ प्राप्त होस् :

अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञस्तु तर्पणम् ।
होमो दैवो बलिर्भौतो नृयज्ञोऽतिथिपूजनम् ॥ ३/७० ॥

अर्थात्:- गृहस्थ ब्राह्मचारीले जीविकोपार्जन गर्दा भएको जीवहिंसाको प्रायश्चित गर्नको लागि यी पाँच महायज्ञ दैनिक गर्नुपर्छ ती पाँच महायज्ञ यी हुनः-

१) वेदको स्वाध्याय गर्नु र संध्या गर्नु,
२) पितृतर्पण गर्नु,
३) हवन गर्नु,
४) बलि दिनु,
५) अतिथिको पूजा गर्नु,

यी सबै महायज्ञलाई क्रमानुसार ब्रह्मयज्ञ, जपयज्ञ, पितृयज्ञ, भूतयज्ञ, र मनुष-यज्ञ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(नरमेध) भनिन्छ ।

पञ्चैतान्यो महाअयज्ञान्न हापयति शक्तितः ।
स गृहेऽपि वसन्नित्यं सूनादोषैर्न लिप्यते ॥ ३/७१ ॥

अर्थात्:- जुन गृहस्थ ब्राह्मचारीले दैनिक पाँच महायज्ञको नियमलाई यथाशक्ति पालन गरेको हुन्छ र गृहस्थ जीवनमा पालन गर्नुपर्ने नियमलाई पालन गर्नको लागि छोडेको हुँदैन भने त्यस्तो गृहस्थ ब्राह्मचारीलाई आफ्नो गृहमा रहेर प्रतिदिन भान्छा लगायत अन्य कार्य आदिमा हुने हिंसाको दोष लाग्दैन ।

(समयको कलमः- पाँच यज्ञको पुण्यको करण त्यस गृहस्थ ब्राह्मचारीको पापको पुण्यसँग शमन भइरहेको हुन्छ)

देवतातिथिभृत्यानां पितककणां आत्मनश्च यः ।
न निर्वपति पञ्चानां उच्छ्वसन्न स जीवति ॥ ३/७२ ॥

अर्थात्:- जो गृहस्थ मनुष्यले देवता, अतिथि, भृत्य र पितृ (वृद्ध)लाई भोजन दिदैन त्यस्तो गृहस्थ जीवित दशामा रहेको भए पनि मरे जस्तै हो भन्ने बुझ्नुपर्छ ।

(समयको कलमः- गृहस्थी ब्राह्मचारी व्यक्तिले अग्नि आदि देवताको लागि हवनको रुपमा, अतिथिको लागि भरण(पोषणको रुपमा अतिथि यज्ञको रुपमा, अरुबाट आफ्नो भोजनको अपेक्षा राख्ने या दोश्रोको सहायतामा आश्रित कुष्ठीको लागि भृत्य अर्थात् भूतयज्ञ आदिको रुपमा, माता, पिता, पितामह आदिको लागि पितृयज्ञको रुपमा, आफ्नो मनको खुशी र सन्तुष्टिको लागि ब्रह्मयज्ञको रुपमा, यी पाँच किसिमको यज्ञको भाग उनीहरूलाई दिँदैन अर्थात् जुन गृहस्थ ब्राह्मचारीले दैनिक यी पाँच महायज्ञलाई गर्दैन यस्तो मनुष्यले भलै श्वाप्रश्वास गरेको होस् र जीवित होस् तर जिउँदो लास जस्तै हो भनेर जान्नू । गृहस्थी ब्रह्मचारीका लागि यी पाँचयज्ञ आफ्नो कर्तव्य नै हो)

(यो श्लोक ३/५२को व्याख्या रुप हो)

(समयको कलमः- वलिको अर्थ भोजन गर्नु या भोजन दिनु हो, वलिको अर्थ पशुहत्या हैन, भूतयज्ञको अर्थ यस श्लोकमा स्पष्ट गरिएको छ भूत (सृष्टि अवयव) प्राणी अर्थात् भृत्यलाई खाना दिनु हो। यस प्रकारले पितृयज्ञको अर्थ हुन्छ माता, पितालाई सेवा गर्नु भोजन वस्त्र र आवश्यकताको समान तथा वस्तु उपलब्ध गराउनु हो । मृत्यु भएपछि गरिने कार्यको लागि भनिएको हैंन । ब्रह्मयज्ञको अर्थ भयो मनलाई सन्तुष्ट राख्नु अर्थात् ज्ञानलाई प्राप्त गर्नु र ईश्वरको भक्ति तथा उपासना गर्नु, मनको सन्तुष्टिको लागि भोजन ज्ञान भक्ति तथा उपासना हो । भोजन शरीरको खाना हो मनको खाना भोजन हैन । ईश्वरको भक्ति उपासना मनको भोजन हो । 'नृयज्ञ'को अर्थ भयो अतिथिको सेवा सत्कार र भोजनको व्यवस्था गर्नु, अतिथि यज्ञ भनेको मनुष्यको आहुति दिनु भन्ने हैन । देवयज्ञ भनेको होम हो स्पष्ट छ । वेदमा भनिएको यज्ञको अर्थ हिंसारहित यज्ञ हो अर्थात् मन, वचन र कर्मले पनि हिंसा नगर्नु नै यज्ञ हो, वेदले भनेको यज्ञको अर्थ हिंसा निवारणार्थ हो हिंसा गर्नको लागि हैन जो मनुष्यले यज्ञको अर्थ हत्या भन्ने बुझेका छन् ती सबै अज्ञानी र म्लेच्छ हुन्)

अहुतं च हुतं चैव तथा प्रहुतं एव च ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्म्यं हुतं प्राशितं च पञ्चयज्ञान्प्रचक्षते । ३/७३ ॥

अर्थात्:-माथि भनिएका यी पाँच यज्ञलाई अर्को शब्दमा 'अहुत', 'हुत', 'प्रहुत', 'ब्रह्मयहुत' र प्राशित पनि भनिन्छ ।

(समयको कलमः- गुरु तथा आचार्यले आफ्नो चेलालाईमाथि भनिएको पाँच यज्ञलाई अहुत, हुत, प्रहुत, ब्राह्महुत र प्राशित नामले पनि पुकार गरेका हुन्छन् यी सबै यज्ञहिंसा रहित यज्ञ हुन् भनेर सिकाउनु पर्छ ।

जपोऽहुतो हुतो होमः प्रहुतो भौतिको बलिः ।
ब्राह्म्यं हुतं द्विजाग्र्यार्चा प्राशितं पितृतर्पणम् ॥ ३/७४ ॥

अर्थात्:- यही पञ्च हिंसारहित यज्ञलाई क्रमशः

१) जप, २) यज्ञ (हवन), ३) भूतबलि,
४) अतिथि(पूजा र, ५) पितृतर्पण पनि भनिन्छ,

(समयको कलमः- 'अहुत' 'जपयज्ञ' अर्थात् 'ब्रह्मयज्ञ'लाई भनिन्छ, 'हुतः' होम अर्थात् 'देवयज्ञ' लाई भनिन्छ 'प्रहुत' भूत अर्थात् पशु प्राणीहरूको लागि भोजनको भाग राख्नु अर्थात् 'भूतयज्ञ' वा 'बलिवैश्वदेवयज्ञ' पनि भनिन्छ 'ब्रह्मयहुत' अर्थात् विद्वान्को सेवा गर्नु नै अतिथिको सेवा गर्नुनै 'अतिथियज्ञ' हो 'प्राशित' अर्थात् माता, पितालाई भोजनवस्त्र आदिद्वारा तृप्ति गर्नु नै 'पितृयज्ञ' हो, समयको मतअनुसार ब्रह्मयज्ञ संज्ञक ईश्वर या वेदको उप अहुत हो, देवपज्ञ संज्ञक अग्निहोत्र हुत हो, भूतयज्ञ संज्ञक भूतबलि प्रहुत हो, अतिथियज्ञ संज्ञक श्रेष्ठ द्विजको सत्कार नै ब्राह्महुत हो र पितृयज्ञ संज्ञक माता, पिता आदिको तर्पण नै प्राशित हो

स्वाध्याये नित्ययुक्तः स्याद्दैवे चैवेह कर्मणि ।
दैवकर्मणि युक्तो हि बिभर्तीदं चराचरम् ॥ ३/७५ ॥

अर्थात्:- मनुष्यले सधैं वेद पढ्ने पढाउने र सन्ध्योपासन गर्ने र गराउने अर्थात् ब्रह्मयज्ञमा नित्य र नियम पूर्वक रहनुपर्छ अर्थात् प्रतिदिन ब्रह्मयज्ञ गर्नुपर्छ । देवकर्म अर्थात् अग्निहोत्र पनि नित्य नियमपूर्वक अनिवार्य गर्नुपर्छ किनकि यस शरीर-व्यवहार र संसारमा रहेका जो मनुष्यले अग्निहोत्र गरेका हुन्छ । त्यस मनुष्यले समस्त चेतन जगत् र जड जगत्को पालन, पोषण र भलोको र कार्य गरेका हुन्छन्, किनकि यही नै मनुष्यको धर्म हो ।

(समयको कलमः- अनध्याय अर्थात् अल्छी नगरी वेदको अध्ययन अर्थात् स्वाध्यायी र अग्निहोत्री मनुष्यको आफ्नो उपदेश र कार्यको सदाचारको कारण सम्पूर्ण जगत्को भूत अवयवलाई आफ्नो वशमा गर्न सक्छन् जस्तै मर्यादा पुरूषोत्तम भगवान श्रीराम, भगवान् योगेश्वर श्रीकृष्ण, आदि गुरु शङ्कराचार्य र ऋषि दयानन्द सरस्वती नै उदाहरण हुन् अर्थात् गृहस्थ ब्रह्मचारी गृहाश्रममा रहेर पनि ब्रह्मयज्ञ र वेदयज्ञद्वारा नित्य युक्त रहनुपर्छ । देवयज्ञद्वारा युक्तरहने ब्राह्मचारीले नै सम्पूर्ण चराचर जगत्को पोषण गरेको हुन्छ)

अग्नौ प्रास्ताहुतिः सम्यगादित्यं उपतिष्ठते ।
आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः ॥ ३/७६ ॥

अर्थात्:- अग्निमा सात्विक मनले खुशीपूर्वक र राम्रो प्रकारले राखिएको घृत आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पदार्थको आहुतीले अन्तरिक्षलाई प्राप्त हुन्छ आहूतीले सूर्यको ताप र किरणसँग मिलेर त्यही अहुतीले वातावरणमा आफ्नो कार्यको प्रभाव सम्पन्न गर्छ त्यही प्रभावद्वारा अन्तरिक्षमा सूर्यको प्रकाशको तापशक्ति र अहुतिको शतिल शक्तिको संयोजन भएर प्रकृतिमा बर्षा अर्थात् वृष्टि हुन्छ। बर्षाद्वारा नै अन्न तथा भोजनको वस्तु उत्पन्न हुन्छ। त्यही अन्न तथा भोजनद्वारा प्रजाको पालन-पोषण हुन्छ।

(समयको कलमः- अग्निमा जो आहुति परेको हुन्छ त्यही आहुति सूर्यको समीप अन्तरिक्षमा जान्छ त्यही अन्तरिक्षमै त्यही आहुति सूर्यको प्रकाश र तापसँग मिश्रित हुन्छ। प्रकाश र तापसँग मिश्रित भएर सूक्ष्मरुपले बाष्प रुपमा अन्तरिक्षलाई सन्तुलित राखेको हुन्छ, अन्तरिक्ष सन्तुलन भएपछि र त्यही आहुतीले फेरि सूर्यको प्रकाश र तापसँग मिलेर आन्तरिक्षमा उष्णता र शतिलता दुवै अवस्थालाई एकपटक दुई अलगअलग अवस्थालाई उत्पन्न गर्छन्। त्यही उष्णता र शतिलताको मिश्रण भएर एक आवरण बन्छ त्यही आवरण भित्र शीत र बाहिर उष्णता बन्नपुग्छ बाहिरि आवरण उष्णता भएको भित्री आवरण शीत भएका कारण शतिलता र उष्णताको दवाबमा अहुतिको बाहिरी आवरण तरल पदार्थको अवस्थामा परिणत हुन्छ, त्यही तरल पदार्थलाई फेरि अहुतिको आफ्नो आवरणमा रहेको दवावको माध्यमद्वारा तरल पदार्थलाई अधोगमन भई प्रवाहित गरेर तलतिर पठाइदिन्छ त्यही अवस्थामा पृथ्वीमा बर्षा हुन्छ, त्यही बर्षाले नै प्रकृति शतिलता हुन्छ। प्रकृति शतिल हुनाले सन्तुलन हुन्छ प्रकृति सन्तुलन हुनाले प्रकृतिको सन्तुलनद्वारा नै प्रकृतिमा सन्तुलित बर्षा हुन्छ र सन्तुलित बर्षाद्वारा नै अन्न उत्पन्न हुन्छ, अन्नद्वारा नै प्रजाको पालन पोषण हुन्छ त्यही पालन पोषण गर्ने चक्रको निर्माता हुनाले ईश्वरलाई प्रजापति भनिन्छ।

(आहुतिद्वारा नै प्रकृति सन्तुलनकोको विधानमा वायु र वृष्टि - जलको शुद्धि हुने हुनाले जगत्को कल्याण तथा उपकार हुन्छ, जगत्को कल्याण तथा उपकार अर्थात् प्रजालाई सुख प्राप्त हुनु हो' ऋग्वेदादिभाष्यभूमिका वेदविषयविचारवाट ऋषि दयानन्द सरस्वती)

यथा वायुं समाश्रित्य वर्तन्ते सर्वजन्तवः।
तथा गृहस्थं आश्रित्य वर्तन्ते सर्व आश्रमाः॥ ३/७७॥

अर्थात्:- जसरी प्राण वायुद्वारा नै सबै प्राणी जीवित रहेका हुन्छन् सृष्टिको सम्पूर्ण प्राणी वायुको आश्रयद्वारा नै आफ्नो जीवको वर्तमान सिद्धमा आश्रित रहेका हुन्छन् ठीक त्यस्तै गृहस्थको आश्रयद्वारा नै ब्रह्मचारी, वानप्रस्थ र संन्यासी जीवनको वर्तमान सिद्धिमा आश्रित रहेका हुन्छन् अर्थात् सबै आश्रमको निर्वाह गृहस्थ आश्रमद्वारा नै हुन्छ।

यस्मात्त्रयोऽप्याश्रमिणो ज्ञानेनान्नेन चान्वहम्।
गृहस्थेनैव धार्यन्ते तस्माज्ज्येष्ठाश्रमो गृही॥ ३/७८॥

अर्थात्:- वेदलाई स्वाध्याय गर्ने र अन्य आश्रमको आश्रमीलाई अन्नदान वस्त्र आदिलाई प्रदान गर्ने हुनाले चार आश्रममा गृहस्थ आश्रम महान् र उत्तम आश्रम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो ।
(समयको कलमः- ब्रह्मचारी, वानप्रस्थ र संन्यासी यी तीन आश्रमको आश्रमीलाई आवश्यकताको साधन, भोजन तथा वस्तुहरू आदि दानद्वारा दिएर गृहस्थ आश्रमले नै अन्य तीन आश्रमको आश्रमीलाई भरण, पोषण गरेर गृहस्थीले आफ्नो नित्यप्रति गृहस्थ धर्मलाई धारण गरेको हुन्छ त्यसैले व्यवहारमा गृहाश्रम महान् र उत्तम आश्रम हो)

'जुन गृहस्थ आश्रमद्वारा ब्रह्मचारी, वानप्रस्थ र संन्यासी यी तीन आश्रमको लागि आवश्यकता पर्ने साधन तथा वस्तुहरू जस्तै भोजन तथा वस्त्र आदिलाई उपलब्ध गराएर प्रतिदिन गृहस्थ आश्रमको गृहस्थी ले अन्य तीन आश्रमको संरक्षण गरेको हुन्छ त्यसैले गृहस्थ आश्रम नै ज्येष्ठ आश्रम हो अर्थात् तीन आश्रमलाई पालन पोषण गरेको हुनाले गृहस्थी नै शरीर (व्यवहार) संसारमा धुर्रधर र महान् हो')

स संधार्यः प्रयत्नेन स्वर्ग अक्षयं इच्छता ।
सुखं चेहेच्छतात्यन्तं योऽधार्यो दुर्बलेन्द्रियैः ॥ ३/७९ ॥

अर्थात्:- हे स्त्री तथा पुरूष हो ! यदि तिमीले अक्षय मुक्तिको सुख यही संसारमा नै प्राप्त गर्ने चाहना छ भने नित्य नियम पालन गर्दै र धर्मको सम्पूर्ण गुणलाई आफूमा धारण गर्दै गृहस्थ आश्रमलाई धारण गर, यो कुरा ध्यान राख्नुको धर्म र नियमसँगत रहेर, दुर्बलेन्द्रिय र निर्बुद्धि मनुष्यले धारण गर्न सक्दैन गृहाश्रमलाई ।
(यही मायावद्ध जीवन शरीर-संसार-व्यवहारमा नै रहेर जो मनुष्यले मोक्ष र संसारको सुखको इच्छा राखेका हुन्छन् त्यस्तो मनुष्यले गृहस्थ आश्रम र धर्मको सम्पूर्ण नियमलाई पूर्णपालन गर्दै प्रयत्नपूर्वक गृहाश्रमलाई धारण गर्नुपर्छ'।
(सत्यार्थ प्रकाश चतुर्थ समु ऋषि दयानन्द सरस्वती)
(समयको कलमः- गृहस्थ आश्रम सबै आश्रममा महान् आश्रम हो । दुर्बल मन भएको, इन्द्रियनिग्रय गर्न नसक्ने धर्मको गुणलाई धारण गर्न नसक्ने, आफ्नो कर्तव्यको ज्ञानलाई धारण गर्न नसक्ने मनुष्यले गृहस्थ आश्रम धारणगर्न सक्दैन गृहस्थ आश्रममा शरीर- व्यवहार-संसार मै रहेर यस लोक र परलोकको सुखको अनुभूति गर्न सकिने विधान रहेको छ त्यसैले मोक्षलाई प्राप्त गर्नको लागि गृहस्थ आश्रम मुख्य आश्रम हो)

ऋषयः पितरो देवा भूतान्यतिथयस्तथा ।
आशासते कुटुम्बिभ्यस्तेभ्यः कार्यं विजानता ॥ ३/८० ॥

अर्थात्:- ऋषि, पितर, देवता, अतिथि यी सबैले गृहस्थ आश्रम धारण गरेर गृहस्थीसँग नै भोजनको आश गरेका हुन्छन् त्यसैले यी सबैलाई गृहस्थीले यथा सक्दो अन्न-जल दिनुपर्छ किनकि वानप्रस्थी र सन्यासी, विद्यादाता, विद्वान् यी सबैको जीविकाको लागि केवल गृहस्थ आश्रम धारण गरेको गृहस्थीद्वार हुन्छ अन्य कुनै आश्रमबाट हुँदैन गृहस्थको विना कुनै पनि अन्य आश्रमको जीविका चल्दैन ।
(समयको कलमः- ऋषि, माता, पिता देव, कुटुम्ब, अतिथि, जीवजन्तु आदिले गृहस्थीसँग जीविकाको लागि केही पाउने आशा राखेका हुन्छन् त्यसैले गृहस्थी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान्ले यी सबैको कल्याणको लागि गृहस्थ आश्रम धर्मको गुण अर्थात् पञ्चयज्ञ कर्म गर्नुपर्छ ।

स्वाध्यायेनार्चयेत र्षीन्होमैर्देवान्यथाविधि ।
पितकक्ञ् श्राद्धैश्च नककनन्नैर्भूतानि बलिकर्मणा ॥ ३/८१ ॥

अर्थात्:- गृहस्थीले विधिपूर्वक वेदको स्वाध्यानद्वारा ऋषिको सत्कार गर्नुपर्छ, अग्निहोत्र गरेर वायु, जल, वनस्पति आदि दिव्यगुणयुक्त देवको शुद्धि गर्नुपर्छ, श्रद्धापूर्वक सेवा-सुश्रुषा गरेर माता, पितादिको सत्कार गर्नुपर्छ र बलि (भोजन) प्रदान गरेर जीव-जन्तुको रक्षा गर्नुपर्छ ।

कुर्यादहरहः श्राद्धं अन्नाद्येनोदकेन वा ।
पयोमूलफलैर्वापि पितृभ्यः प्रीतिं आवहन् ॥ ३/८२ ॥

अर्थात्:- गृहस्थ आश्रम धारण गरेको गृहस्थीले अन्न आदि भोज्य पदार्थ, जल तथा दुध, कन्दमूल, फलफूल आदि दिएर माता, पिता तथा वृद्धलाई अत्यन्त्य प्रेम गरेर प्रतिदिन श्राद्ध-श्रद्धा पूर्वक सेवा-सुश्रुषा गर्नुपर्छ ।

एकं अप्याशयेद्विप्रं पित्रर्थे पाञ्चयज्ञिके ।
न चैवात्राशयेत्किं चिद्वैश्वदेवं प्रति द्विजम् ॥ ३/८३ ॥

अर्थात्:- पाँच महायज्ञमा माता, पिताको निमित्त जो बलि अर्थात् भोजन गराउने कर्म भनिएको छ यदि माता, पिता या कुनै वृद्ध नभएमा ज्ञानी ब्राह्मणलाई गराउन सकिनेछ तर वलिवैश्व यज्ञ भने जसको हो त्यसलाई नै दिनुपर्छ ।

वैश्वदेवस्य सिद्धस्य गृह्येऽग्नौ विधिपूर्वकम् ।
आभ्यः कुर्याद्देवताभ्यो ब्राह्मणो होमं अन्वहम् ॥ ३/८४ ॥

अर्थात्:- गार्हपत्याग्नि अर्थात् गृहस्थीको भान्छामा आफ्नो समस्त परिवारको लागि जो भोजन तयार भएको हुन्छ, त्यस भोजनमा द्विज गृहस्थले प्रतिदिन दिव्यगुणको प्राप्त गर्नको लागि निम्नलिखित १० मन्त्रद्वारा त्यस पाकाग्निमा विधिपूर्वक होम गर्नुपर्छ ।

(समयको कलमः- वैश्वदेवको लागि जब सबै प्रकारको भोजन तैयार भएर सिद्ध भएको हुन्छ तब ती भोजनमा बनेको अमिलो र नुनीलो र क्षार प्रकारको भोजनलाई छोडेर घृत र मिष्टयुक्त अन्न लिएर ईश्वरलाई धन्यवाद भन्दै चूल्होको अग्निमा निम्न लिखित मन्त्रको उच्चारण गर्दै विनयपूर्वक होमको नित्यकर्म गर्नुपर्छ ।

अग्नेः सोमस्य चैवादौ तयोश्चैव समस्तयोः ।
विश्वेभ्यश्चैव देवेभ्यो धन्वन्तरय एव च ॥ ३/८५ ॥

अर्थात्:- निम्न दश मन्त्रकोद्वारा अग्निमा होम गर्नुपर्छ,

१) अग्नेय स्वाहा, २) सोमाय स्वाहा,
३) अग्नीसोमाभ्यां स्वाहा, ४) विश्वेभ्यो देवेभ्यः स्वाहा,
५) धन्वन्तरये स्वाहा, ६) कुह्वै स्वाहा,
७) अनुमतये स्वाहा, ८) प्रजापतये स्वाहा,
९) द्यावापृथिवै स्वाहा, १०) स्विष्टकृते स्वाहा,

(समयको कलमः- आहुतिमा अमिलो, नुनिलो, टर्रो र पिरो किसिमको भोजन हुँदैन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम अग्नि पूज्य परमेश्वर, सोम-सबै पदार्थलाई उत्पन्न र पुष्ट गरेर सुख दिने, सोमरुप परमात्मदेवको लागि अर्थात् ईश्वरको कार्यको नाम गुणवाचक नाममा भन्ने मन्त्र हुन् 'ॐ अग्नये स्वाहा' 'ॐ सोमाय स्वाहा' यी मन्त्रद्वारा र त्यही देव(ईश्वर)लाई सर्वत्र व्याप्त भएको र सर्वत्र रुपमा भएको हुनाले संयुक्त रुपमा 'ॐ अग्नीसोमाभ्यां स्वाहा' यो मन्त्रद्वारा, अग्नि जो प्राण अर्थात् सब प्राणीलाई जीवनको सञ्चालन गरेको हुनाले, सोम जो सम्पूर्ण प्राणीको अर्थात् दुःखको नाश गर्नको लागि शक्ति प्रदान गर्नुहुन्छ र विश्वदेव संसारलाई प्रकाशित र सञ्चालित गर्ने ईश्वरीय गुणको लागि 'ॐ विश्वेभ्यः देवभ्यः स्वाहाः' यो मन्त्रद्वारा तथा धन्वन्तरि-जन्म-मरण आदिको अवसरमा आउने रोगको नियन्त्रण तथा नाशगर्ने ईश्वरको गुणको लागि 'ॐ धन्वन्तरये स्वाहा' यस मन्त्रद्वारा बलिवैश्वदेव यज्ञमा आहुति दिनु। 'होम गर्दा भनिने मन्त्रः-

१) ॐ अग्नेय स्वाहाः । २) ॐ सोमाय स्वाहाः ।
३) ॐ अग्नीषोमाभ्यां स्वाहाः । ४) ॐ विश्वेभ्यो देवेभ्यः स्वाहाः ।
५) ॐ धन्वन्तरये स्वाहाः।)

कुह्वै चैवानुमत्यै च प्रजापतय एव च ।
सह द्यावापृथिव्योश्च तथा स्विष्टकृतेऽन्ततः ॥ ३/८६ ॥

अर्थात्:- गृहस्थीले होम गर्दा भनिने मन्त्र हुनः-

१) अग्नये स्वाहाः, २) सोमाय स्वाहाः,
३) अग्नीसोमाभ्यां स्वाहाः, ४) विश्वेभ्यो देवेभ्यः स्वाहाः,
५) धन्वन्तरये स्वाहाः, ६) कुह्वै स्वाहाः,
७) अनुमतये स्वाहाः, ८) प्रजापतये स्वाहाः,
९) द्यावापृथिवीभ्यां स्वाहाः, १०) स्विष्टकृते स्वाहाः,

(समयको कलमः- अमावस्याको अधिष्ठात्री ईश्वरीय शक्ति अर्थात् कृष्णपक्षको संरचना गर्ने परमेश्वरको आफ्नो शक्तिको लागि होम गर्दा 'ॐ कुह्वै स्वाहा' मन्त्रद्वारा तथा पूर्णिमाको अधिष्ठात्री ईश्वरीय शक्ति अर्थात् शुक्लपक्षको संरचना गर्ने ईश्वरको आफ्नो चित शक्तिको लागि 'ॐ अनुमत्यै स्वाहा' मन्त्रद्वारा सम्पूर्ण जगत्को संरचना र उत्पन्न गर्ने परमेश्वरको आफ्नो शक्ति र सामर्थ्यको गुणको लागि 'ॐ प्रजापतये स्वाहा' मन्त्रद्वारा ईश्वरद्वारा नै आफ्नो शक्तिद्वारा उत्पादित द्युलोक र पृथ्वीलोकको पुष्टिको लागि 'ॐ सहद्यावापृथिवीभ्यां स्वाहा' मन्त्रद्वारा तथा अन्ततः र अन्त्यमा कर्मको कर्मफल र अभीष्ट सुख प्रदान गर्ने ईश्वरको आफ्नो शक्तिको कार्यको गुणको लागि 'ॐ स्विष्टकृते स्वाहा' मन्त्रद्वारा आहुति दिनुपर्छ ।

एवं सम्यग्घविर्हुत्वा सर्वदिक्षु प्रदक्षिणम् ।
इन्द्रान्तकाप्पतिन्दुभ्यः सानुगेभ्यो बलिं हरेत् ॥ ३/८७ ॥

अर्थात्:- गृहस्थीले उत्तम विधिले अग्निहोत्रमा इन्द्र, यम, वरुण र सोम नाम लिएर आहुति दिनु पर्छ । आहुति दिएर सबै दिशामा घुमेर परमेश्वरलाई सहचारी गुणको नामद्वारा पुकार गर्नुपर्छ ।

(समयको कलमः- ईश्वरको सहचारी नाम हुन् इन्द्र, यम, बरुण सोम इत्यादि,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै प्रकारको ऐश्वर्यले युक्त हुनाले अनन्त, न्यायकारी र नियमकारी तथा क्षीर भएर सबै प्राणीको जन्म मरणको विधान आफ्नो नियन्त्रण राख्ने हुनाले यम, सबै विधानलाई वरण र सबैद्वारा वरण गर्नको लायक हुनाले बरुण, सबद्वारा वरणीय, इन्द्र सोम अर्थात् आनन्ददायक भएको हुनाले इन्द्र आदि नामद्वारा पुकार गर्दै निम्न मन्त्रद्वारा क्रमशः 'ॐ सानुगायेन्द्राय नमः' मन्त्रद्वारा पूर्व दिशामा, 'ॐ सानुगाय यमाय नमः' भनेर दक्षिण दिशामा, 'ॐ सानगाय वरूणाय नमः' भनेर पश्चिम दिशामा, 'ॐ सानुगाय सोमाय नमः' भनेर उत्तर दिशामा भोजनको भाग अर्थात् बलिलाई राख्नुपर्छ ।

('पक्वान्न तैयार भए पश्चात् थाली अथवा भूमिमा पत्ता रखेर पूर्वदिशा आदि क्रमानुसार यथा क्रमशः यो मन्त्रको उच्चारण गर्दै यी भाग राख्नुपर्छ, ॐ सानुगायेन्द्राय नमः सानुगाय यमाय नमः सानुगाय वरूणाय नमः सानुगाय सोमाय नमः ।'

मरुद्भ्य इति तु द्वारि क्षिपेदप्स्वद्भ्य इत्यपि ।
वनस्पतिभ्य इत्येवं वरणोलूखले हरेत् ॥ ३/८८ ॥

अर्थात्:- द्वारदेशको मारुतको लागि द्वारको नजिकै, जलस्थानको लागि जलको नाजिकै, वनस्पति लागि मूसल ओखलको नजिकै बलि राख्नुपर्छ ।

(समयको कलमः- 'ॐ मरुद्भ्यो नमः' मन्त्र उच्चारण गर्दै भवनको मुख्यद्वारको नजिकमा, ॐ अद्भ्यो नमः' भनेर जलस्थानको नजिकमा, र 'वनस्पतिभ्यो नमः' भनेर ओखल-वरणको नजिकमा बलि राख्नुपर्छ । मरूतः- जीवनको संचालक प्राणरुप परमात्मालाई पुकार हुने नाम हो यो नामको मन्त्रद्वारा वायुमा रहने जीवित प्राणी तथा घरको नजिक बस्ने प्राणीको लागि यो मन्त्रद्वारा 'ॐ मरूद्भ्यो नमः' मन्त्रद्वाराको द्वारको नजिक राख्नुपर्छ ताकि कुनै पनि हावाको प्राणी तथा घर नजिकै रहने कुकुर बिरालो आदिलाई खाना मिलोस, अद्भ्याः- सर्वत्र व्याप्त र सम्पूर्ण जगत्लाई आश्रय रुपमा प्रदानगर्ने परमात्माको पुकार हुने नामको मन्त्रद्वारा जलमा रहने जीवको लागि 'ॐ अद्भ्यो नमः' भन्ने मन्त्रद्वारा जलको नजिकै रहने जीवको लागि बलि राख्नु पर्छ ताकि पानीमा रहने प्राणीलाई खाना मिलोस्, बनस्पतिबाट नै मनुष्यले भोजन प्राप्त गर्ने हुनाले वनस्पतीलाई पनि धन्यवाद गर्दै निम्न मन्त्र 'ॐ वनस्पतिभ्यो नमः' भनेर पुकार गर्दै ईश्वरलाई धन्यवाद दिंदै मूसल र उखलको नजिक बलि राख्नुपर्छ ताकि सानो किराहरूलाई पनि खाना मिलोस्"

उच्छीर्षके श्रियै कुर्याद्भद्रकाल्यै च पादतः ।
ब्रह्मवास्तोष्पतिभ्यां तु वास्तुमध्ये बलिं हरेत् ॥ ३/८९ ॥

अर्थात्:- चार सहायक दिशाको लागि निम्न मन्त्रको पुकार गर्नु 'श्रियै नमः' भनेर भवनको शिर अर्थात् उत्तर-पूर्वको ईशानकोण मा, 'भद्रकाल्यै नमः' भनेर भवनको आधारमा अर्थात् दक्षिण पश्चिमको नैर्ऋत्यकोणमा, ब्रह्मपतये नमः' भनेर मध्यभाग अर्थात् वायव्यकोणमा तथा 'वास्तुपतये नमः' भनेर भवनको अन्तिम भाग इशान कोणमा बलिभाग राख्नुपर्छ ।)

(समयको कलमः- सबैलाई संरक्षण गर्ने परमात्माको नामलाई आदर गर्दै आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मद्वारा राज्यश्री अथवा लक्ष्मीको प्राप्तगर्न चाहाने गृहस्थीका लागि यो मन्त्र 'ॐ श्रियै नमः' लाई पुकार गर्दै ईशानकोणतिर र परमात्मा कल्याणकारी हुनाले आफूमा पनि कल्याणकारी शक्तिप्राप्त होस् भन्ने चाहाना हुने व्यक्तिले 'ॐ भद्रकाल्यै नमः' भन्ने मन्त्रद्वारा पृष्ठभाग अर्थात् नैर्ऋत्यकोणमा बलिभाग राख्नुपर्छ र ब्रह्म-वेदविद्या आदिको ज्ञान प्राप्तगर्न चाहाने व्यक्तिले वास्तु गृहसम्बन्धी पदार्थको दाता ईश्वरलाई निम्न मन्त्र 'ॐ ब्रह्मपतये नमः' र 'ओ३ वास्तुपतये नमः' भनेर पुकार गर्दै यी मन्त्रद्वारा घरको मध्यभागमा बलि भाग राख्नुपर्छ

विश्वेभ्यश्चैव देवेभ्यो बलिं आकाश उत्क्षिपेत् ।
दिवाचरेभ्यो भूतेभ्यो नक्तंचारिभ्य एव च ॥ ३/९० ॥

अर्थात्:- विश्वदेवको निमित्त कुनै खुला तथा सुनसान ठाउँमा बलि भाग राख्नुपर्छ । (समयको कलमः- संसारको साधकको गुण आफूमा प्राप्त गर्न र अन्य विद्वान्को गुणलाई आफूमा धारण गर्ने चाहाना भएको मनुष्यले संसारको सञ्चालक परमात्माको नामलाई निम्न मन्त्रद्वारा पुकार गर्दै 'ॐ विश्वेभ्यः देवेभ्यः नमः' भनेर बलिलाई शून्य तथा सुनसान ठाउँमा राख्नुपर्छ, सम्पूर्ण प्राणीको कल्याणको लागि चाहना राख्ने मनुष्यले दिनमा विचरण गर्ने प्राणीको सुख प्राप्तिको कामनाको लागि 'ॐ दिवाचरेभ्यो भूतेभ्यः नमः' भनेर तथा रात्रीमा विचरण गर्ने प्राणीयको सुखप्राप्तिको लागि कामना गर्नेको लागि 'ॐ नक्तंचारिभ्यो भूतेभ्यो नमः' मन्त्र लाई पुकार गर्दै कुनै जङ्गलमा बलि राख्नुपर्छ । यदी सबै प्राणीको कल्याण चाहने मनुष्यले एक पटकमै यी सबै मन्त्रलाई पुकार गर्दै बलि राख्न सक्नेछन् 'विश्वेभ्यो देवेभ्यो नमः, दिवाचरेभ्यो भूतभ्यो नमः, नक्तंचारिभ्यो भूतेभ्यो नमः')

पृष्ठवास्तुनि कुर्वीत बलिं सर्वात्मभूतये ।
पितृभ्यो बलिशेषं तु सर्व दक्षिणतो हरेत् ॥ ३/९१ ॥

अर्थात्:- 'सर्वात्मभूतये नमः' भनेर भवनको पछि बलि स्थापित गर्नु र 'पितृभ्यः (स्वधायिभ्यः स्वधा) नमः' भनेर बाँकी रहेको बलि शेष दक्षिण दिशातिर राख्नुपर्छ । (समयको कलमः- सबै प्राणीमा व्याप्त या आश्रयरुप परमात्माको सत्ताको स्मरण गर्नको लागि 'ॐ सर्वात्मभूतये नमः' भनेर घरको पृष्ठभागमा बलि भाग राख्नुपर्छ शेषबलि भाग माता, पिता, आचार्य, भूत्य आदिलाई सम्मानपूर्वक भोजन गराउने भावना प्राप्त होस् भन्ने स्मरण गर्नको लागि 'ॐ पितृभ्यः स्वधायिभ्यः स्वधा नमः' भन्ने यस मन्त्रलाई पुकार गर्दै घरको दक्षिण दिशामा बलि भाग राख्नुपर्छ, आथितिको सेवा निश्वार्थ पूर्वक गर्ने चाहना राख्ने मनुष्यके निम्न मन्त्र 'सर्वात्मभूतये नमः' भनेर अतिथिलाई बलि दिनु यदि अतिथि नभए त्यस बलिलाई अग्निमा समाहित गर्नुपर्छ')

शूनां च पतितानां च श्वपचां पापरोगिणाम् ।
वयसानां कृमीणां च शनकैर्निर्वपेद्भुवि ॥ ३/९२ ॥

अर्थात्:- त्यस्तै गरी बिभिन्न प्रकारले निम्न मन्त्र 'श्वभ्योनमः, पतितेभ्यो नमः, श्वपभ्यो नमः, पापरोगिभ्यो नमः, वायसेभ्यो नमः, कृमिभ्यो नमः', भनेर बलिलाई लिएर कुनै दुःखी, बुभुक्षित प्राणी अथवा कुकुर, काग रोगी र सरसफाइ गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदिलाई दिनुपर्छ ।

(समयको कलमः- नमः शब्दको अर्थ हात जोड्नु भन्ने हैन नमःको अर्थ अन्न दिनु भन्ने हो अर्थात् कुकुर, पापी, चाण्डाल, सरसफाइ गर्ने, पापरोगी, काग र कृमि अर्थात् कमीला आदिलाई अन्नदिनु मनुस्मृतिको विधान हो)

एवं यः सर्वभूतानि ब्राह्मणो नित्यं अर्चति ।
स गच्छति परं स्थानं तेजोमूर्तिः पथार्जुना ॥ ३/९३ ॥

अर्थात्:- जो मनुष्यले सधैं यस विधिले सृष्टि अवयवको सम्पूर्ण भूतलाई लाभ पुर्याएको हुन्छ त्यही ज्ञानी ब्राह्मण हो, त्यही ब्राह्मणले नै मुक्तिलाई प्राप्त गर्छ ।

कृत्वैतद्बलिकर्मैवं अतिथिं पूर्वं आशयेत् ।
भिक्षां च भिक्षवे दद्याद्विधिवद्ब्रह्मचारीणे ॥ ३/९४ ॥

अर्थात्:- बलि-वैश्व-कर्म पश्चात् घरमा रहको प्रथम अतिथि र ब्रह्मचारीलाई भोजन गराएर अतिथि-यज्ञको विधानलाई पूर्ण गर्नुपर्छ ।

(समयको कलमः- बलिवैश्वदेव यज्ञ गरेरसकेपछि पहिले अतिथिलाई भोजन गराउनुपर्छ त्यसपछि भिक्षाको लागि आएको ब्रह्मचारीको लागि विधिपूर्वक भिक्षा दिनुपर्छ)

यत्पुण्यफलं आप्नोति गां दत्त्वा विधिवद्गुरोः ।
तत्पुण्यफलं आप्नोति भिक्षां दत्त्वा द्विजो गृही ॥ ३/९५ ॥

अर्थात्:- आफ्नो गुरुलाई आफू सक्दो यथाविधि काखान दिनाले जो फल प्राप्त हुन्छ त्यही फल गृहस्थले भिक्षुलाई भिक्षा दिनाले प्राप्त हुन्छ । यी ६ लाई मात्र भिक्षुक भनिन्छ:-

१) सन्यासी, २) ब्रह्मचारी, ३) विद्यार्थी,
४) गुरुपालक, ५) अतिथि,
६) जसको प्राकृति प्रकोपमा धन नाश भएको छ ।

(समयको कलमः- यी सबैको अतिरिक्त जसले मागेको हुन्छ त्यो भिक्षाको अधिकारी हुँदैन त्यो भिक्षु हैन)

भिक्षां अप्युदपात्रं वा सत्कृत्य विधिपूर्वकम् ।
वेदतत्वार्थविदुषे ब्राह्मणायोपपादयेत् ॥ ३/९६ ॥

अर्थात्:- गृहस्थीले जो मनुष्य वेदको सिद्धान्त तथा तत्वार्थको ज्ञानको ज्ञाता रहेको र वेदको नियमअनुसार चलेको हुन्छ त्यस्तो ज्ञानी ब्राह्मणलाई आफूसक्दो यथाविधिले प्रीतिपूर्वक भोजन र जलको व्यवस्था गर्नुपर्छ ।

नश्यन्ति हव्यकव्यानि नराणां अविजानताम् ।
भस्मीभूतेषु विप्रेषु मोहाद्दत्तानि दातृभिः ॥ ३/९७ ॥

अर्थात्:- जो मनुष्यमा घमण्ड र मूर्खता रहको हुन्छ र त्यही मूर्खता र घमण्डको कारण आथिति, माता, पिता र ब्राह्मणलाई भोजन आदि दिन्छ त्यो सबै फल निष्फल हुन्छन् ।

विद्यातपःसमृद्धेषु हुतं विप्रमुखाग्निषु ।
निस्तारयति दुर्गाच्च महतश्चैव किल्बिषात् ॥ ३/९८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- जुन गृहस्थी मनुष्यले विद्वान् तपस्वी वेदज्ञता रहेको ज्ञानी ब्राह्मणलाई भोजन गराउँछ त्यो कार्य अति नै उत्तम कार्य हो ।

(समयको कलमः- महर्षि मनुमहाराजको भनाइ अनुसार नै जो विद्वान्, तपाश्वि, तथा वेदको ज्ञाता रहेको हुन्छ त्यही नै ब्राह्मण हो)

संप्राप्ताय त्वतिथये प्रदद्यादासनोदके ।
अन्नं चैव यथाशक्ति सत्कृत्य विधिपूर्वकम् ॥ ३/९९ ॥

अर्थात्:- कुनै पनि मनुष्य अतिथि वनेर जो स्वयम् अचानक आएमा त्यस अतिथिलाई सत्कार गर्दै पहिले पानी सोध्नुपर्छ र भोजन नगरेको भए आफ्नो सामर्थ्य अनुसार विश्राम हेतु आसन र भोजन गराउनुपर्छ ।

(समयको कलमः- अतिथि त्यो हो जुनकुनै निश्चत तिथि र मितिको निर्धारण नगरी अर्थात् अकस्मात् धार्मिक सत्योपदेशकको लागि र सबैको कल्याण तथा उपकारार्थ सर्वत्र घुम्ने, वेदको पूर्णविद्वान्, परमयोगी, संन्यासी यदि गृहस्थीको गृहमा आएमा त्यस ज्ञानी ब्राह्मणलाई नै अतिथि भनिन्छ त्यस्तो अतिथिलाई पहिले सत्कार गर्दै सम्मानपूर्वक आसन दिएर मही, दही, दुध पानी आदि दिएपश्चात् आफू सक्दो खान, पान आदि उत्तमोत्तम पदार्थद्वारा सेवा सुश्रुषा गरे पश्चात् सत्सँग गर्नू : त्यस्तो ज्ञानीसँग ज्ञान, विज्ञान आदिको बारेमा, धर्म, अर्थ, काम र मोक्षको प्राप्तिको विधान बारेमा भनिएको उपदेशलाई श्रवण गर्नु र ती ज्ञानीको आदेशअनुसार नै आफ्नो चालचलन गर्नुपर्छ' संस्कार विधिमा गृहाश्रमको अतिथियज्ञ प्रकरणमा निम्न प्रकारले लेखिएको छ । 'जो गृहस्थ मनुष्यले धार्मिक, परोपकारी, सत्योपदेशक पक्षपात रहित, शान्त, सर्वहितकारक विद्वान्लाई अन्न तथा भोजन आदि दिएर र गराएर सेवा गर्छ र सत्य ज्ञानको लागि उहाँसँग प्रश्नोत्तर आदि गरेर विद्या प्राप्त गर्छ र उहाँले भनेको ज्ञानलाई आफूमा नै धारण गरेको हुन्छ त्यस विधिलाई नै 'अतिथियज्ञ' भनिन्छ, त्यस्तो ज्ञानी पण्डितको नित्य सत्कार गर्नुपर्छ' ऋग्वेदादि भाष्यभूमिकामा पञ्चमहायज्ञान्तर्गतको अतिथियज्ञको विधानको बारेमा र कुन अतिथि हो भनेर निम्न प्रकारले लेखिएको छ 'जो मनुष्य वेदको पूर्ण विद्वान् परोपकारी, जितेन्द्रिय, धर्मात्मा, सत्यवादी, छल कपट रहित र नित्य भ्रमण गरेर ज्ञान विज्ञानको विद्या र धर्मको प्रचार गरेर सधैं अविद्या अधर्ममा सधैं निवृत्ति रहको हुन्छ त्यही नै अतिथि हो ।)

शिलानप्युञ्छतो नित्यं पञ्चाग्नीनपि जुह्वतः ।
सर्व सुकृतं आदत्ते ब्राह्मणोऽनर्चितो वसन् ॥ ३/१०० ॥

अर्थात्:- जुन गृहस्थी मनुष्यले अतिथिको सत्कार गर्दैन त्यसले गृहमा जतिसुकै पाँच महायज्ञ नै किन नगरोस या जप तप ध्यान जेसुकै गरेको होस् यदि त्यस्तो गृहस्थीले अतिथि तथा ज्ञानीको सेवा गर्दैन भने त्यस गृहस्थ मनुष्यले धारण गरेको धर्म स्वतः पतन हुन्छ त्यस गृहस्थीले सत्य ज्ञानलाई प्राप्त गर्न सक्दैन ।

(समयको कलमः- गृहस्थीमा रहेको आचार्यगण यस प्रकारले आफ्नो अतिथि यज्ञको व्यसनी थिए कि यदि एक पटक पनि आफ्नो घरमा आएको ज्ञानी, पण्डित, ब्राह्मण वर्णको अतिथिलाई कष्ट भएको खण्डमा आफ्नो सम्पूर्ण धर्म नै नाश भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झिनुहुन्थ्यो त्यसैले मनुष्यले अतिथिसत्कार आर्यको विधानअनुसार नै गर्नुपर्छ ।

तृणानि भूमिरुदकं वाक्चतुर्थी च सूनृता ।
एतान्यपि सतां गेहे नोच्छिद्यन्ते कदा चन ॥ ३/१०१ ॥

अर्थात्:- घाँस, पृथ्वी, जल, वाकचातुर्य (मिष्ठ, सत्य र मधुर भाषण) ले सम्पन्न भएको र अतिथिको लागि आफू सक्दो सत्कार गर्ने उत्तम पुरुषको घरमा आवश्यकताको साधनको कहिल्यै शून्य हुँदैन ।

(समयको कलमः- अतिथिलाई वस्नको लागि आसन (भूमिः) सुत्नको लागि स्थान, पिउनको लागि पानी-दही दुध महि) र सत्कारयुक्त मीठो वाणी सत्कार गर्ने तरिका हो यी सबै वस्तु श्रेष्ठ सभ्य व्यक्तिको घरमा कहिल्यै पनि नष्ट हुँदैन)

एकरात्रं तु निवसन्नतिथिर्ब्राह्मणः स्मृतः ।
अनित्यं हि स्थितो यस्मात्तस्मादतिथिरुच्यते ॥ ३/१०२ ॥

अर्थात्:- एक रात्रीसम्म रहनेलाई अतिथि (पाहुना) भनिन्छ, अतः अतिथि एक रात्रीभन्दा धेरै कुनै गृहस्थीको घरमा रहनुहुँदैन ।

(समयको कलमः- विद्वान् व्यक्ति जो एकरात्रीमात्र पराइ घरमा रहन्छ भने त्यसलाई अतिथि भनिन्छ किनकि जुन कारण अतिथि त्यहाँ आएर रोकिएको हुन्छ त्यसको नित्य तिथि निश्चित गरेअनुसार रोकिएको हुँदैन, परिस्थिति अनुसार रोकिएको मात्र हुन्छ अथवा जसको आऊनु अनिश्चित हुन्छ त्यही अनिश्चित समय भएको कारणले नै त्यो ज्ञानीलाई अतिथि भनिन्छ त्यस्तो अतिथिको सेवा गर्नु पनि अर्थात् अतिथि यज्ञ गर्नु पनि श्रेष्ठ कर्म हो, एकरात निवास गर्ने र वेदको ज्ञान दिने ज्ञानी ब्राह्मणलाई नै अतिथि भनिन्छ यस्तो ज्ञानी वस्नु नित्यको पनि हैंन र प्रत्युत अनित्य हो अतः यस्तो वेदज्ञानी ब्राह्मणलाई नै अतिथि भनिन्छ)

नैकग्रामीणं अतिथिं विप्रं साङ्गतिकं तथा ।
उपस्थितं गृहे विद्याद्भार्या यत्राग्नयोऽपि वा ॥ ३/१०३ ॥

अर्थात्:- जुन गृहस्थको गृहमा स्त्रीले अग्निमा भोजन तैयार गरेको होस् त्यस गृहस्थीको गृहमा विश्वदेवको समय अतिथि आएको भएमा त्यस्तोलाई मात्र अतिथि भनिन्छ । परन्तु एक गाउँवासी, विचित्र हसाउने कार्यलाई गर्ने र विविध कथा कहानी सुनाउने व्यक्तिलाई अतिथि भनिँदैन ।

उपासते ये गृहस्थाः परपाकं अवुद्धयः ।
तेन ते प्रेत्य पशुतां व्रजन्त्यन्नादिदायिनः ॥ ३/१०४ ॥

अर्थात्:- जो गृहस्थ मनुष्यले मूर्खतावश बिना कुनै उद्यम नै नगरी अन्य कुनै दोश्रोको भोजन खाएको हुन्छ त्यस्तो मनुष्यको जन्म पशु जस्तै हो । गृहस्थ मनुष्यले आफ्नो परिश्रम गरेर नै खाना खानुपर्छ ।

(समयको कलमः- ब्राह्मणको काम अध्यापन तथा वेदज्ञान प्रदान गर्नुहो, ठीक त्यस्तै गृहस्थीको काम अन्य तीन आश्रमको भरण, पोषण गर्नु पनि हो त्यस्तै ब्राह्मणले अध्यापन नै नगराई, कुनै योजनको कार्य नै नगरी पारितोषिक लिनु पनि गलत हो)

अप्रणोद्योऽतिथिः सायं सूर्योढो गृहमेधिना ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काले प्राप्तस्त्वकाले वा नास्यानश्नन्गृहे वसेत् ॥ ३/१०५ ॥

अर्थात्:- सायंकाल भएको भए पनि जब अतिथि घरमा आएको खण्डमा त्यस अतिथिलाई भोजन आदि अवश्य दिनुपर्छ अथवा समय या असमय जब अतिथि गृहस्थीको गृहमा आएको खण्डमा भोजन गराउनु पर्छ अतिथिलाई भोकै रहन दिनुहुँदैन ।

(समयको कलमः- गृहस्थीले सूर्यअस्त हुनुभन्दा पहिले भोजन गर्नुपर्छ यदि अतिथि गृहस्थीले भोजन गरिसकेपछि आएको भए पनि गृहस्थीले त्यस अतिथिको सेवा सत्कार र भोजनको व्यवस्था गर्नु पर्छ ।अतिथि चाहे समयमा नै आएको होस् अथवा असमयमा आएको नहोस् । गृहस्थीको घरमा कोहि अतिथि भोजन विना रहनुहुँदैन ।

न वै स्वयं तदश्नीयादतिथिं यन्न भोजयेत् ।
धन्यं यशस्यं आयुष्यं स्वर्ग्य वातिथिपूजनम् ॥ ३/१०६ ॥

अर्थात्:- त्यस्तो वस्तु अतिथिको भोजनको लागि दिनुहुँदैन जो वस्तु भोजनमा आफूले प्रयोग गर्दैन या आफूले पनि खादैन, अतिथिलाई भोजन गराउनले गृहस्थीको घरमा धन, यश, आनन्द र स्वर्गलाई प्राप्त हुनेछ ।

आसनावसथौ शय्यां अनुव्रज्यां उपासनाम् ।
उत्तमेषूत्तमं कुर्याद्धीने हीनं समेसम्म् ॥ ३/१०७ ॥

अर्थात्:- गृहस्थको गृहमा अतिथि आएको खण्डमा अतिथिको लागि आसन, निवास शय्या, समीप वस्नु, पश्चात्गमनको व्यवस्थासहित अतिथिको सत्कार गर्नुपर्छ । अथितिको आचरण जस्तो छ त्यस्तै आचरण गर्नुपर्छ, गृहस्थीले अतिथिको सेवा गर्नुलाई निकृष्ट कार्य भनेर बुझ्नु हुँदैन ।

वैश्वदेवे तु निर्वृत्ते यद्यन्योऽतिथिराव्रजेत् ।
तस्याप्यन्नं यथाशक्ति प्रदद्यान्न बलिं हरेत् ॥ ३/१०८ ॥

अर्थात्:- वैश्वदेव यज्ञ समाप्त भएपछि अर्थात् भोजन तैयार भएर त्यस भोजनलाई यज्ञमा आहुति दिएपछि यदि अतिथि या अन्य मनुष्य आएको खण्डामा त्यस मनुष्य तथा अतिथिलाई पनि यथाशक्ति भोजन गराउनु पर्छ, फेरि भोजन तैयार गर्नुपरेमा भोजन तैयार भएपछि बलिभाग भने राख्नुपर्दैन ।

न भोजनार्थ स्वे विप्रः कुलगोत्रे निवेदयेत् ।
भोजनार्थ हि ते शंसन्वान्ताशीत्युच्यते बुधैः ॥ ३/१०९ ॥

अर्थात्:- कुनै ज्ञानी मनुष्य कसैको घरमा भोजनार्थ गएको खण्डमा आफ्नो कूल र गोत्रलाई भन्नु हुँदैन यदि यस्तो गरेमा त्यस ज्ञानीले उल्टी गरेर खाएको जस्तै मानिनेछ ।

न ब्राह्मणस्य त्वतिथिर्गृहे राजन्य उच्यते ।
वैश्यशुद्रौ सखा चैव ज्ञातयो गुरुरेव च ॥ ३/११० ॥

अर्थात्:- ज्ञानी ब्राह्मणको गृहमा यदि क्षत्रीय, वैश्य, शुद्र, भाइ बन्धु, गुरु यी सबै आएमा यी सबैलाई अतिथि भनिँदैन अर्थात् जो आफूभन्दा ठूलो, ज्ञानी र विद्वान् हो र सम्बन्ध र प्रभुताभन्दा अलग हो यस्तो गुणले सम्पन्न भएको मनुष्य नै सबै वर्णको लागि अतिथि हो भन्ने बुझ्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदि त्वतिथिधर्मेण क्षत्रीयो गृहं आव्रजेत् ।
भुक्तवत्सु च विप्रेषु कामं तं अपि भोजयेत् ॥ ३/१११ ॥

अर्थात्:- यदि ब्राह्मण गृहस्थीको घरमा ज्ञानी ब्राह्मण र क्षत्रीय अतिथि एक पटक आएमा पहिले ज्ञानी ब्राह्मण अतिथि र त्यसपछि क्षत्रीय अतिथिलाई भोजन गराउनु पर्छ ।

वैश्यशुद्रावपि प्राप्तौ कुटुम्बेऽतिथिधर्मिणौ ।
भोजयेत्सह भृत्यैस्तावानृशंस्यं प्रयोजयन् ॥ ३/११२ ॥

अर्थात्:- गृहस्थीको घरमा वैश्यवर्ण र शुद्रवर्णको मित्र आएमा आफ्नो भाइ बन्धुको साथ भोजन दिनुपर्छ ।

इतरानपि सख्यादीन्सम्प्रीत्या गृहं आगतान् ।
प्रकृत्यान्नं यथाशक्ति भोजयेत्सह भाइया ॥ ३/११३ ॥

अर्थात्:- गृहस्थी हुन् र प्रीतिको कारणले मित्र आदि प्रियजन बनेर अन्य गृहस्थीको गृहमा आएको खण्डमा गृहस्थीले आफ्नो यथाशक्ति घरको सदस्य स्त्रीले भोजन गर्ने समयमा नै भोजन गराउनु पर्छ ।

सुवासिनीः कुमारीश्च रोगिणो गर्भिणीः स्त्रीयः ।
अतिथिभ्योऽग्र एवैतान्भोजयेदविचारयन् ॥ ३/११४ ॥

अर्थात्:- पुत्रवधू (छोराकी पत्नी) विवाहिता पुत्री, सानो बालक, रोगी, गर्भिणी स्त्री, यी सबैलाई अतिथिले भोजन गर्नुभन्दा पहिले नै भोजनको व्यवस्था गर्नुपर्छ, कुनै सोच विचार गर्नु नै पर्दैन ।

(समयको कलमः- नव विवाहिता दम्पत्ति र अल्पवयस्क, सानो बालकहरू, कन्याहरू, रोगीहरू गर्भवती स्त्रीहरूलाई अतिथि भन्दा पहिले कुनै सन्देहबिना नै भोजन खुवाउन सकिन्छ यो गृहस्थको कर्तव्य पनि हो

अदत्त्वा तु य एतेभ्यः पूर्व भुङ्क्तेऽविचक्षणः ।
स भुञ्जानो न जानाति श्वगृध्रैर्जग्धिं आत्मनः ॥ ३/११५ ॥

अर्थात्:- गृहस्थीले विना कुनै कारण आफ्नो अतिथिभन्दा पहिले आफ्नो मान्यजनभन्दा पहिले रमाथि भनिएको विधान विरुद्ध पहिले नै आफै नै भोजन गर्छ भने त्यो मनुष्य पतित हो भन्ने बुझ्नुपर्छ ।

भुक्तवत्स्वथ विप्रेषु स्वेषु भृत्येषु चैव हि ।
भुञ्जीयातां ततः पश्चादवशिष्टं तु दम्पति ॥ ३/११६ ॥

अर्थात्:- गृहस्थीले पहिले अतिथि, ज्ञानी ब्राह्मण, आफ्नो नाता सम्बन्धी र सेवक (भृत्य) सबैलाई भोजनबाट तृप्त गराएर शेष बचेको भोजनलाई गृहस्वामीले आफ्नो पत्नीको साथमा बसेर प्रसन्न मुद्रमा ईश्वरलाई धन्यवाद दिंदै भोजन गर्नुपर्छ ।

देवानृषीन्मनुष्यांश्च पितककन्गृह्याश्च देवताः ।
पूजयित्वा ततः पश्चाद्गृहस्थः शेषभुग्भवेत् ॥ ३/११७ ॥

अर्थात्:- देवता, ऋषि, पितर, मनुष्य र भूत यी सबैको यज्ञ गरेर सकिएपछि र गृहको सबै सदस्यको भोजन उपरान्त जो शेष भोजन बचेको छ त्यही भोजन नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थीको भोजन हो ।

(समयको कलमः- विद्वान् मन्त्राद्रष्टा ऋषि तथा ब्रह्मयज्ञ वेदको स्वाध्याय तथा सन्ध्योपासनाद्वारा देवयज्ञद्वारा, अतिथिको सेवा गरेर अतिथि यज्ञद्वारा आफ्नो जीवित माता, पिता आदिलाई आवश्यकताको वस्तु उपलब्ध गराएर पितृयज्ञद्वारा र गृहस्थवाट भरण पोषणको अपेक्षा राख्ने असहाय, अनाथ, मानसिक तथा शारीरिक कुष्ठी भृत्यादिलाई भोजन दिएर बलिवैश्वदेवयज्ञ यी पञ्चमहायज्ञ गरेर बचेको भोजन नै गृहस्थ मनुष्य भोजन हो ।

अघं स केवलं भुङ्क्ते यः पचत्यात्मकारणात् ।
यज्ञशिष्टाशनं ह्येतत्सतां अन्नं विधीयते ॥ ३/११८ ॥

अर्थात्:- जुन गृहस्थीले केवल आफ्नो पेटको लागि मात्र भोजन गरेको हुन्छ त्यो मनुष्य स्वार्थी र निच हो स्वार्थी मनुष्यको कल्याण कहिल्यै हुँदैन । स्वार्थी मनुष्यले अन्न भोजन हैंन पाप भोजन गरेको हुन्छ । त्यसैले ज्ञानी गृहस्थीले पञ्चमहायज्ञ यज्ञबाट बचेको भोजन तथा अन्नलाई नै भोजन गर्नुपर्छ ।

राजर्त्विवक्स्नातकगुरुन्प्रियश्वशुरमातुलान् ।
अर्हयेन्मधुपर्केण परिसंवत्सरात्पुनः ॥ ३/११९ ॥

अर्थात्:- गृहस्थीले कुनै सुभ अवसरमा या बर्षको एक पटक भए पनि राजा, ऋत्विक्, (यज्ञ अर्थात् प्राकृतिक सन्तुलन गर्ने) स्नातक (विद्या व व्रतमा पूर्ण ब्रह्मचारी) गुरु, मामा, ससुरा, आदि लगायतका सबै मान्यजनलाई निमन्त्रण गरेर आफूसक्दो भोजन आसनको व्यवस्था गरेर उहाँको अनुभवको ज्ञानलाई आफूमा ग्रहण गर्नुपर्छ ।

राजा च श्रोत्रियश्चैव यज्ञकर्मण्युपस्थितौ ।
मधुपर्केण संपूज्यौ न त्वयज्ञ इति स्थितिः ॥ ३/१२० ॥

अर्थात्:- गृहस्थीले राजा र श्रोत्रिय (वेद पढ्ने) यी दुवैको सत्कार सकेसम्म मधुपर्कले नै गर्नुपर्छ यो केवल यज्ञकर्म गर्ने समयमा मात्र हो । अन्य समयमा निषेध गरिएको छ । यहि शास्त्रको सत्कार विधि हो

सायं त्वन्नस्य सिद्धस्य पत्न्यमन्त्रं बलिं हरेत् ।
वैश्वदेवं हि नामैतत्सायं प्रातर्विधीयते ॥ ३/१२१ ॥

अर्थात्:- बेलुकीको भोजनको लागि पकाएको अन्नलाई मन्त्रबिना नै ईश्वरलाई धन्यवाद भन्दै स्त्री, बलिवैश्य कर्म गर्नुपर्छ, गृहस्थीले दैनिक नित्य पञ्चमहायज्ञ यथाविधि तरिकाले गर्नुपर्छ ।

पितृयज्ञं तु निर्वर्त्य विप्रश्चन्द्रक्षयेऽग्निमान् ।
पिण्डान्वाहार्यकं श्राद्धं कुर्यान्मासानुमासिकम् ॥ ३/१२२ ॥

अर्थात्:- 'प्रत्येक महिनाको अमावस्यामा पितृयज्ञ अर्थात् माता, पिताको लागि वस्त्र लगायत आवश्यकताको सामान उपलब्ध गराउनु पर्छ । यदि सम्भव छ भने दैनिक र यदि सम्भव नभए प्रत्येक महिना वेदज्ञानी ब्राह्मणद्वारा घरमा अग्निहोत्र गराउनु पर्छ ।

पितककणां मासिकं श्राद्धं अन्वाहार्य विदुर्बुधाः ।
तच्चामिषेणा कर्तव्यं प्रशस्तेन प्रयत्नतः ॥ ३/१२३ ॥

अर्थात्:- मौसमअनुसार तैयार भएको तर घाममा सुकाएर राखिएको अन्नलाई फेरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पानीमा भिजाएर राखेर टुसा उमारिएको अन्न जस्तै केराउ, चना, सिमी आदिलाई मिलाएर बनाएको परिकार माता, पितालाई खुवाऊनु पर्छ यसरी मिलाएर पानीमा भिजाए पछि टुसा उम्रिएको बीज लाई मंसा भनिन्छ यी सबै मंसाको परिकार माता, पितालाई प्रत्येक महिनामा खुवाऊने गर्नुपर्छ यस्तो भोजन बृद्ध माता, पितालाई गराउनाले माता, पिताको शरीरमा कुनै ऊर्जाको कमी हुँदैन र स्वास्थ्य उत्तम हुन्छ।

तत्र ये भोजनीयाः स्युर्ये च वर्ज्या द्विजोत्तमाः ।
यावन्तश्चैव यैश्चान्नैस्तान्प्रवक्ष्याम्यशेषतः ॥ ३/१२४ ॥

अर्थात्:- माता, पिता नभएको गृहस्थीले पितृकार्यको लागि भनेर गरिने पितृ कार्यमा कुन किसिमको मनुष्यलाई र कुन किसिमको ब्राह्मणलाई बोलाउनु पर्छ त्यस बारेमा सुन्नु होस् ।

द्वौ दैवे पितृकार्ये त्रीनेकैकं उभयत्र वा ।
भोजयेत्सुसमृद्धोऽपि न प्रसज्जेत विस्तरे ॥ ३/१२५ ॥

अर्थात्:- श्राद्ध तथा भक्तिमा दुई कर्म रहेका छन् ।

१) पितृकर्म, २) देवकर्म,

अर्थात्:- पितृ कर्म भन्नाले माता, पिताको सेवा सुश्रुष हुन्छ, देवकर्म भन्नाले प्रकृति सन्तुलन कार्य र ज्ञानीजनको सम्मान गर्नु हुन्छ वेदज्ञानीबाट ज्ञानलाई ग्रहण गर्नु र त्यही ज्ञानलाई धारण गर्नु र ज्ञानीको लागि आवश्यक पर्ने भोजनको व्यवस्था गर्नु र वेदज्ञानीद्वारा प्राप्त ज्ञान प्रकृति सन्तुलन लागि लगाउनुलाई नै देवकर्म भनिन्छ ।

सत्क्रियां देशकालौ च शौचं ब्राह्मणसंपदः ।
पञ्चैतान्विस्तरो हन्ति तस्मान्नेहेत विस्तरम् ॥ ३/१२६ ॥

अर्थात्:- गृहस्थीले अतिथि तथा अन्यलाई आफूले गरेको सत्कार,सम्मान, पवित्रता आदिको बारेमा कसैसँग भन्नुहुँदैन यदि प्रचार गरेमा त्यसको सेवा सेवा नभएर व्यापार हुन्छ चाहे त्यो ज्ञानी व्यक्तिले नै किन नगरोस् ।

प्रथिता प्रेतकृत्यैषा पित्र्यं नाम विधूक्षये ।
तस्मिन्युक्तस्यैति नित्यं प्रेतकृत्यैव लौकिकी ॥ ३/१२७ ॥

अर्थात्:- प्रत्येक समय, माता, पिताको श्रद्धा गर्नुपर्छ तर अमावस्यामा माता, पिताको श्राद्ध अर्थात् सेवा सुश्रुषा गर्नाले माता, पिताको मनमा अलग किसिमको खुसी उत्पन्न हुन्छ किनकि माता, पिताको शरीरको ऊर्जा ऋणात्मक बाट धनात्मक हुनको लागि ऊर्ध्वगमन हुन् लागेको हुन्छ । माता, पिताको सेवा गर्नाले कुलमा गुणवान् पुत्र पुत्री र धनधान्यले पूर्ण हुन्छ ।

श्रोत्रियायैव देयानि हव्यकव्यानि दातृभिः ।
अर्हत्तमाय विप्राय तस्मै दत्तं महाफलम् ॥ ३/१२८ ॥

अर्थात्:- गृहस्थीले गर्ने कर्ममा पितृकर्म र देवकर्मको निमित्त माता, पितालाई जो वस्तु दिने योजना रहको हुन्छ छ तर मातापिता नभएमा आफ्नो नजिकैको ज्ञानी जसले वेदमन्त्र जानेको छ त्यो ब्राह्मण, वेदपाठी ब्राह्मण तथा आफ्नो गुरुकुलको गुरुलाई दिनुपर्छ तर वेद विरुद्धको कार्य गर्ने कसैलाई पनि पितृकर्म र देवकर्मको लागि तैयार गरेको वस्तु दिनुहुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकैकं अपि विद्वांसं दैवे पित्र्ये च भोजयेत् ।
पुष्कलं फलं आप्नोति नामन्त्रज्ञान्बहूनपि ॥ ३/१२९ ॥

अर्थात्:- देवकार्य तथा पितृकर्ममा आफ्नो माता, पिता नभएको गृहस्थीले केवल वेदज्ञता ब्राह्मणलाई मात्र भोजन गराउनु पर्छ वेदज्ञाता ब्राह्मणलाई भोजन गराउनु उत्तम कर्म हो तर देव कार्य होस् या पितृ कर्ममा कुनै पनि अज्ञानी अर्थात् वेद विरुद्धको कार्य गर्ने तर ब्राह्मण कुलमा जन्मेको मूर्ख ब्राह्मणलाई भने कहिल्यै पनि भोजन गराउनु हुँदैन तर यसै मनावताको आधार भने अलग कुरा हो त्यसको फल त्यही अनुसार मिल्ने छ ।

दूरादेव परीक्षेत ब्राह्मणं वेदपारगम् ।
तीर्थं तद्धव्यकव्यानां प्रदाने सोऽतिथिः स्मृतः ॥ ३/१३० ॥

अर्थात्:- वेदपाठी ब्राह्मणको ज्ञान सत्य छ या छैन भनेर परीक्षण गर्नको लागि आफ्नो व्यवहारिक प्रश्न पहिले नै सोध्नुपर्छ यदि त्यो व्यवहारिक प्रश्नको उत्तर सरल मधुर भाषामा व्यवहारिक तरिकाले नै दियो र त्यही ज्ञानअनुसार नै आफ्नो आचारणको कार्य गर्छ भने त्यो सत्यमा वेदज्ञानी ब्राह्मण हो भन्ने बुझनुपर्छ ।

सहस्रं हि सहस्राणां अनृचां यत्र भुञ्जते ।
एकस्तान्मन्त्रवित्प्रीतः सर्वानर्हति धर्मतः ॥ ३/१३१ ॥

अर्थात्:- दश लाख मूर्ख तथा दश लाख अज्ञानी व्यक्तिलाई भोजन गराउनाले जुन कर्मको कर्मफल मिलेको हुन्छ त्यो कर्मफल भन्दा धेरै फल वेदको मन्त्रज्ञाता एक ज्ञानी तथा वेदज्ञान भएको एक ब्राह्मणलाई भोजन गराउनाले र त्यस वेदज्ञानी ब्राह्मणबाट ज्ञानलाई श्रवण गर्नाले प्राप्त हुन्छ ।

ज्ञानोत्कृष्टाय देयानि कव्यानि च हवींषि च ।
न हि हस्तावसृग्दिग्धौ रुधिरेणैव शुध्यतः ॥ ३/१३२ ॥

अर्थात्:- माता, पिता नभएको गृहस्थीले माता, पितालाई दिने वस्तु वेदज्ञानी ब्राह्मणलाई दिनु उत्तम हुन्छ । जसरी रगतले भिजेको हातलाई रगतले नै धुनाले शुद्ध हुँदैन ठीक त्यस्तै वेदज्ञान जानेको तर वेदज्ञान अनुसार कर्म नगर्ने र वेदज्ञानलाई त्याग गरेको मूर्ख ब्राह्मणको सत्कार गर्नाले मूर्खता हुन्छ ।

यावतो ग्रसते ग्रासान्हव्यकव्येष्वमन्त्रवित् ।
तावतो ग्रसते प्रेतो दीप्तशूलर्ष्ट्ययोगुडान् ॥ ३/१३३ ॥

अर्थात्:- देवता या पितृको नाम लिएर दिइने भोजन, वस्त्र या अन्य वस्तुमा मूर्ख ब्राह्मण जो वेदज्ञान जानेको तर आचरण भने वेदले निर्देशन गरेअनुसार गर्दैन भने त्यस्तो मूर्ख ब्राह्मणले जति ग्रास भोजन गरेको हुन्छ त्यति नै त्यस मूर्ख ब्राह्मणले अग्निमा तृप्त भएको फलामको पिण्ड र दुईतिर नै धार भएको तातो शस्त्रको भोजन गरेको हुन्छ भन्ने बुझनुपर्छ ।

ज्ञाननिष्ठा द्विजाः के चित्तपोनिष्ठास्तथापरे ।
तपःस्वाध्यायनिष्ठाश्च कर्मनिष्ठास्तथापरे ॥ ३/१३४ ॥

अर्थात्:- ब्राह्मण जम्मा चार प्रकारको हुन्छन्,

१) वेदज्ञानी, २) तपस्वी, ३) वेदपाठी, ४) कर्मकाण्डी,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञाननिष्ठेषु कव्यानि प्रतिष्ठाप्यानि यत्नतः ।
हव्यानि तु यथान्यायं सर्वेष्वेव चतुर्ष्वपि ॥ ३/१३५ ॥

अर्थात्:- माता, पिता नभएको गृहस्थीले माता, पिताको नाममा अरुलाई दिने तथा सहयोग गर्ने वस्तु वेदज्ञानी ब्राह्मणलाई नै दिनु उत्तम हुन्छ जसको गुरुकुल होस् । देवताको नाममा दिने वस्तु भने यी चार ब्राह्मणमा अन्य तीन ब्राह्मण या जो पहिले पायक परेको हुन्छ त्यसलाई दिनुपर्छ ।

अश्रोत्रियः पिता यस्य पुत्रः स्याद्वेदपारगः ।
अश्रोत्रियो वा पुत्रः स्यात्पिता स्याद्वेदपारगः ॥ ३/१३६ ॥

अर्थात्:- पिता वेदपाठी हो र पुत्र मूर्ख हो अथवा पुत्र वेदपाठी हो र पिता मूर्ख छ भने ।

ज्यायांसं अनयोर्विद्याद्यस्य स्याच्छ्रोत्रियः पिता ।
मन्त्रसंपूजनार्थं तु सत्कारं इतरोऽर्हति ॥ ३/१३७ ॥

अर्थात्:- यी दुवैमा जसको पिता वेदपाठी हो त्यही ठुलो हो र दोश्रो पनि वेदपाठी भएको कारण सत्कार गर्न योग्य हुन्छ किनकि वेदपाठी पिताद्वारा नै पुत्रको संस्कार विधिपूर्वक भएको हुन्छ ।

न श्राद्धे भोजयेन्मित्रं धनैः कार्योऽस्य सङ्ग्रहः ।
नारी न मित्रं यं विद्यात्तं श्राद्धे भोजयेद्द्विजम् ॥ ३/१३८ ॥

अर्थात्:- माता, पिता नभएको तर माता, पिताको नाममा गरिने सहयोग तथा श्राद्धमा मित्र ब्राह्मणलाई भोजन तथा सहयोग गर्नु र गराउनु भने हुँदैन, परन्तु जो वेदज्ञानी हो या गुरुकुल भएको या वेदपाठी ब्राह्मण आफ्नो मित्रपनि हैन शत्रु पनि हैन त्यस्तो ब्राह्मणलाई मात्र श्राद्धमा भोजन र अन्य वस्तुको सहयोग गर्नुपर्छ ।

यस्य मित्रप्रधानानि श्राद्धानि च हवींषि च ।
तस्य प्रेत्य फलं नास्ति श्राद्धेषु च हविःषु च ॥ ३/१३९ ॥

अर्थात्:- जुन गृहस्थीले देव वा पितृकर्मको काममा आफ्नो गृहस्थ मित्रलाई नै भोजन गराउँछ त्यो गलत हो त्यसैले देवकार्य तथा पितृकार्य गर्दा गृहस्थीले वेदपाठी गुरुकुलमा गएर गुरुकुलको गुरुको अनुमति लिएर गुरुकुलको शिष्यको लागि भोजन गराउनुपर्छ ।

यः सङ्गतानि कुरुते मोहाच्छ्राद्धेन मानवः ।
स स्वर्गाच्च्यवते लोकाच्छ्राद्धमित्रो द्विजाधमः ॥ ३/१४० ॥

अर्थात्:- जो व्यक्ति ब्राह्मण कुलमा जन्मेको हो तर वेदज्ञता ब्राह्मण हैन तर श्राद्धमा भोजन गर्नको लागि मात्र म ब्राह्मण हुँ भनेर गृहस्थीसँग झुटो मित्रता गरेको हुन्छ त्यस्तो व्यक्ति ब्राह्मण नभएर पाखण्डी हो, त्यस्तो मनुष्य ब्राह्मण कुलको र ब्राह्मणमा भएको अधर्मको बीज हो ।

संभोजानि साभिहिता पैशाची दक्षिणा द्विजैः ।
इहैवास्ते तु सा लोके गौरन्धेवैकवेश्मनि ॥ ३/१४१ ॥

अर्थात्:- भोजनको लागि ब्राह्मण हुँ भनेर भोजन गर्ने व्यक्तिलाई पिशाच भनिन्छ यस्तो पिशाचलाई दिएको देवकर्म र पितृकर्मको कर्मफल निष्फल हुन्छ । जसरी अन्धो मनुष्य एक नै गृहमा रहेको हुन्छ त्यस्तै पिशाचलाई खुवाएको खानाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मफल पनि निष्फल नै हुन्छ ।

यथेरिणे बीजं उप्त्वा न वप्ता लभते फलम् ।
तथानृचे हविर्दत्त्वा न दाता लभते फलम् ॥ ३/१४२ ॥

अर्थात्:- जसरी सुख्खा जमिनमा बीज लगाउनाले बीज उम्रिँदैन बीजको सदुपयोग हुँदैन र बीजको कुनै फल प्राप्त हुँदैन ठीक त्यस्तै गृहस्थीले गर्ने देवकर्म र पितृकर्मको वस्तु कुनै मूर्ख तथा अज्ञानी ब्राह्मणलाई दिनाले कुनै फल प्राप्त हुँदैन ।

दातककन्प्रतिग्रहीतककंश्च कुरुते फलभागिनः ।
विदुषे दक्षिणां दत्त्वा विधिवत्प्रेत्य चेह च ॥ ३/१४३ ॥

अर्थात्:- आफ्नो माता, पिता नभएको गृहस्थीले वेदज्ञानी पण्डित तथा वेदज्ञानी ब्राह्मणको लागि गुरुकुल सञ्चालनको लागि यथाविधिले देवकर्म र पितृकर्मको वस्तुलाई दिनाले गुरुकुलमा अध्ययन गर्ने शिष्यको कल्याण हुन्छ यो यस्तो महान् कर्मको कर्मफल मृत्युपश्चात् पनि उत्तम फल मिल्छ ।

कामं श्राद्धेऽर्चयेन्मित्रं नाभीरुपं अपि त्वरिम् ।
द्विषता हि हविर्भुक्तं भवति प्रेत्य निष्फलम् ॥ ३/१४४ ॥

अर्थात्:- पितृश्राद्ध गर्दा यदि मातापिता नभएको गृहस्थीले पिताको तथा माताको अति नै मिलनसार सहयोगी मित्रलाई सेवा तथा भोजन गराउन सकिन्छ, परन्तु माता, पिताको शत्रु यदि पण्डित पनि होस् वेदज्ञानी पनि होस् या आफ्नो मित्र नै किन नहोस् त्यस्तो व्यक्तिलाई भने भोजन गराउनु हुँदैन किनकि यसो गर्नाले माता, पिताको आदर्शमा विश्वासघात हुनपुग्छ । त्यसैले यस्तो व्यक्तिलाई भोजन गराउँदा पुत्रले गरेको पितृश्रद्धाको कार्य गलत ठाउँमा हुनपुग्छ ।

यत्नेन भोजयेच्छ्राद्धे वह्वृचं वेदपारगम् ।
शाखान्तगं अथाध्वर्यु छन्दोगं तु समाप्तिकम् ॥ ३/१४५ ॥

अर्थात्:- माता, पिता नभएको गृहस्थीले आफ्नो पितृश्राद्धमा श्रद्धापूर्वक प्रयत्न गरेर आदरसम्मान गर्दै गुरुकुललाई र गुरुकुल सञ्चालन गर्ने र ज्ञानमार्गमा चार वेदज्ञान सम्पन्न भएको ज्ञानी व्यक्तिलाई भोजन गराउनु अति उत्तम हुन्छ, यदि यो सम्भव नभएमा जसले वेद र वेदको व्याख्यान (उपशाखा)को यथाविधि लाई जानेर अन्य आफ्नो शिष्यलाई सिकाऊने कार्य गरेको हुन्छ त्यस्तो ज्ञानी तथा पण्डितलाई भोजन गराउन सकिन्छ ।

एषां अन्यतमो यस्य भुञ्जीत श्राद्धं अर्चितः ।
पितककणां तस्य तृप्तिः स्याच्छाश्वती साप्तपौरुषी ॥ ३/१४६ ॥

अर्थात्:- माता, पिता नभएको गृहस्थीले माता, पिताको पितृश्रद्धा मा वेद जानेको वेदज्ञानी, वेदपाठी र वेदज्ञान प्रदान गर्ने गुरु तथा गुरुकुलको लागि चाहिने आवश्यकता भएको समान तथा वस्तु आदि तथा गुरुकुलको लागि भोजनको व्यवस्था गरेको हुन्छ भने त्यस त्यस्तो गृहस्थीको सन्तान राम्रो गुणले सम्पन्न भएको गुणी र ज्ञानी सन्तान हुनेछन् ।

एष वै प्रथमः कल्पः प्रदाने हव्यकव्ययोः ।
अनुकल्पस्त्वयं ज्ञेयः सदा सद्भिरनुष्ठितः ॥ ३/१४७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- गृहस्थीको लागि दानको लागि हव्य र कव्य यी दुई किसिमको दान नै मुख्य दान मानिएको छ। यी दुई दान कसैलाई सधैं गराउनको लागि कुनै अवसर हेर्नुपर्दैन त्यसको दानको बारेमा पछिको श्लोकबाट सुन्नूहोस् :

मातामहं मातुलं च स्वस्रीयं श्वशुरं गुरुम्।
दौहित्रं विट्पतिं बन्धुं ऋत्विग्याज्यौ च भोजयेत् ॥ ३/१४८ ॥

अर्थात्:- निम्न व्यक्तिलाई भोजन गराउनको लागि कुनै देवकार्य र पितृश्रद्धाको अवसर हेर्नुपर्दैन र कुनै वेद ज्ञानी पण्डित नभएको खण्डमा यी सबैलाई पण्डित जस्तै मानेरसम्मान पनि गर्न सकिने छ र पण्डितको ठाउँमा यी सबैलाई राख्न पनि सकिने छ।

१) मवाली हजुरबुबा,
२) मामा,
३) भान्जा,
४) ससुरा,
५) विद्यागुरु,
६) दोहित्री (नाति तथा छोरीको छोरो तथा अन्य),
७) ज्वाइँ (छोरीको पति),
८) काकीको पुत्र (आमाको वहिनी तथा दिदी),
९) यज्ञ गर्ने (प्रकृतीलाई सन्तुलनको कार्य गर्ने),
१०) वेदज्ञानी पण्डित,

यी दश गृहस्थीको अलग धार हुनाले भोजन गराउनको लागि कुनै देवकार्य र पितृकार्यको अवसर पर्खिनु पर्दैन।

न ब्राह्मणं परीक्षेत दैवे कर्मणि धर्मवित्।
पित्र्ये कर्मणि तु प्राप्ते परीक्षेत प्रयत्नतः ॥ ३/१४९ ॥

अर्थात्:- गृहस्थीले देवकर्म गर्दा कसैको परीक्षा लिनुहुँदैन सबैको लागि समान व्यावहार गर्नुपर्छ चाहे त्यो ज्ञानी ब्राह्मण होस् चाहे त्यो अज्ञानी नै मनुष्य नै किन नहोस् देवकार्य सबैको लागि समान गर्नुपर्छ परन्तु पितृश्रद्धा कर्मगर्दा यदि माता, पिता नभएको गृहस्थीले दिने दान भने केवल वेदज्ञानी ब्राह्मण नै हुनुपर्छ अन्य कुनै पनि मनुष्य हुनुहुँदैन। पितृश्राद्ध गर्दा गृहस्थीले दिने दान वेदज्ञानी ब्राह्मण हो या हैंन भनेर शङ्का लागेमा जान्नको लागि गृहस्थीले पुरुषार्थपूर्वक ज्ञानीको परीक्षा पनि लिन सक्नेछन्।

ये स्तेनपतितक्लीबा ये च नास्तिकवृत्तयः।
तान्हव्यकव्ययोर्विप्राननर्हान्मनुरब्रवीत् ॥ ३/१५० ॥

अर्थात्:- माता, पिता नभएको गृहस्थीले पितृश्रद्धाको कर्मगर्दा चोर, कसाई, नास्तिक, नपुंसक यस्तो कलङ्कित भएको र कलङ्क प्रमाणित भएको व्यक्तिलाई कहिल्यै पनि भोजन गराउनु हुँदैन चाहे त्यो अहिले जतिसुकै ज्ञानी नै बनेको किन नहोस्।

जटिलं चानधीयानं दुर्बालं कितवं तथा।
याजयन्ति च ये पूगांस्तांश्च श्राद्धे न भोजयेत् ॥ ३/१५१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- माता, पिता नभएको गृहस्थीले पितृश्राद्ध गर्दा अज्ञात जटाधारी, अनपढ, दुर्बल, कितब (सरुवा रोग भएको, आचरण दूषित भएको), स्वार्थको कारण निषेध गरिएको कार्यगर्ने कुनै पनि मनुष्यलाई भोजन पनि गराउनु हुँदैन यो कार्य गर्ने त्यो चाहे त्यो जतिसुकै ज्ञानी नै किन नहोस् ।

चिकित्सकान्देवलकान्मांसविक्रयिणस्तथा ।
विपणेन च जीवन्तो वर्ज्याः स्युर्हव्यकव्ययोः ॥ ३/१५२ ॥

अर्थात्:- पैसा लिने वैद्य (चिकित्सक), सेवाशुल्क लिएर तीन वर्ष पर्यन्त देवपूजाको कार्य गर्ने, कसाइ, वैश्य कर्म गर्ने तर असन्तुलन व्याजलाई लिएर आफ्नो जीविका पालन गर्ने ।

प्रेष्यो ग्रामस्य राज्ञश्च कुनखी श्यावदन्तकः ।
प्रतिरोद्धा गुरोश्चैव त्यक्ताग्निर्वार्धुषिस्तथा ॥ ३/१५३ ॥

अर्थात्:- राजा अथवा प्रजाको वेतनभोगी सेवक, कुलस्त्री वरण गरेको मनुष्य, जन्मेपछि आएको दाँतलाई एकपटक पनि नवदलेको अर्थात् कालो दाँत भएको, गुरुले दिएको ज्ञान विरुद्धको कार्य गर्ने, ज्ञान र शक्ति भएर पनि दैनिक अग्निहोत्र नगर्ने, सूदव्याजद्वारा कालक्षेप गर्ने, शुल्क लिएर पढाउने अध्यापक ।

यक्ष्मी च पशुपालश्च परिवेत्ता निराकृतिः ।
ब्रह्मद्विट्परिवित्तिश्च गणाभ्यन्तर एव च ॥ ३/१५४ ॥

अर्थात्:- यक्ष्मा (क्षयरोग) ले ग्रषित, पशुपालन गरेर दुध दिने पशुलाई बिक्री गरेर निर्वाह गर्ने, परिवेत्ता, पञ्च महायज्ञ नगर्ने, वेद ज्ञानी ब्राह्मणसँग शत्रुता गर्ने, अन्यको सम्पत्तिलाई कुदृष्टि राख्ने, लुटेरा, कुलको विद्रोही,

कुशीलवोऽवकीर्णी च वृषलीपतिरेव च ।
पौनर्भवश्च काणश्च यस्य चोपपतिर्गृहे ॥ ३/१५५ ॥

अर्थात्:- आफ्नो घमण्ड देखाउने, स्त्रीलम्पट अर्थात् अपवित्र (पतित) ब्रह्मचारी, शुद्र स्त्रीलाई कुदृष्टिको कारण ग्रहण गरेको पति, अन्य पतिबाट जन्मेको तर अहिले अन्य पतिसँग बसेकी स्त्रीको पुत्र, जुन स्त्रीले उपपतीलाई ग्रहण गरेको छ भने त्यस्तो स्त्रीको सन्तान ।

भृतकाध्यापको यश्च भृतकाध्यापितस्तथा ।
शुद्रशिष्यो गुरुश्चैव वाग्दुष्टः कुण्डगोलकौ ॥ ३/१५६ ॥

अर्थात्:- वेतनभोगी अध्यापक, शुल्क लिएर पढाउने, शुल्क दिएर विद्यालाई खरिद, बिक्री गर्ने तथा गराउने, यज्ञपवित नभएको तर गुरु बनेको, यज्ञपवित नभएको शुद्र कर्म गर्नेको पनि शिष्य, कठोर तथा अपशब्द बोल्ने, पतित ज्ञानलाई प्रदान गर्ने, ज्ञान मै अस्पष्टत भएको, प्रकृति विरुद्धको कार्यगर्ने ।

अकारणे परित्यक्ता मातापित्रोर्गुरोस्तथा ।
ब्राह्मैर्यौनैश्च संबन्धैः संयोगं पतितैर्गतः ॥ ३/१५७ ॥

अर्थात्:- अकारण माता, पिता र गुरुलाई परित्याग गरेर बिनाकरण आरोप लगाएर माता, पिता तथा गुरुकोसम्मान नगर्ने, मनुष्य ज्ञानी त हो तर इन्द्रियको बासनाको कारण संयोग वश धर्मपतित भएको छ त्यस्तो धर्मपतित भएको व्यक्ति र त्यस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मपतित व्यक्तिसँग पढ्ने शिष्य, यस्तो धर्मपतित व्यक्तिसँग विवाह आदि नाता सम्बन्ध गर्ने व्यक्ति तथा त्यसको परिवार ।

अगारदाही गरदः कुण्डाशी सोमविक्रयी ।
समुद्रयायी बन्दी च तैलिकः कूटकारकः ॥ ३/१५८ ॥

अर्थात्:- आफ्नो घरमा अग्नि लगाएको मनुष्य, विषदाता, कुण्डको अन्न भक्षी गर्ने, फलफूल तथा फलफूलको रस बेच्ने, तेलको विक्रेता, तेल आउने वस्तुबाट तेल निकालेर तेल तथा त्यसको पदार्थलाई बेच्ने, कुटील किसिमले कुटील वचन बोल्ने जुन बचन संस्कार विरुद्धको होस् ।

पित्रा विवदमानश्च कितवो मद्यपस्तथा ।
पापरोग्यभिशस्तश्च दाम्भिको रसविक्रयी ॥ ३/१५९ ॥

अर्थात्:- अनावश्यक रुपले पितासँग कलह विवाद गर्ने, पासा खेल्ने र खेलाउने, मदिरामा लिप्त, नशालु पदार्थ पिउने,कोढी, कसैलाई गलत सिकाएर मेरो धर्म हो भन्ने, पौष्टिक पदार्थ बेच्ने व्यापारी, ज्ञान बेच्ने व्यापारी मांसभक्षण गर्ने व्यक्ति जतिसुकै ज्ञानी भए पनि लगायतका माथि भनिएको कार्य गर्ने कुनै पनि मनुष्य ज्ञानी तथा ब्राह्मण हुँदैन र हैन, त्यस्तै ।

धनुःशराणां कर्ता च यश्चाग्रेदिधिषूपतिः ।
मित्रध्रुग्द्यूतवृत्तिश्च पुत्राचार्यस्तथैव च ॥ ३/१६० ॥

अर्थात्:- धनुषबाणधारी, जेठि छोरीको विवाह नै नगरी सानो छोरीको पाणिग्रहण गराउने, मित्रता ननिभाऊने र मित्रद्रोह गर्ने बिनाकरण अरुसँग शत्रुता गर्ने, द्युतको (जुआ) वृत्ति भएको, पुत्रबाट विद्याध्ययन गर्ने ।

भ्रामरी गन्डमाली च श्वित्र्यथो पिशुनस्तथा ।
उन्मत्तोऽन्धश्च वर्ज्याः स्युर्वेदनिन्दक एव च ॥ ३/१६१ ॥

अर्थात्:- मृगी रोगी, गण्डमाला भएको, श्वेतकुष्ट(दुवी) भएको, यी सबै रोगमा पनि एक रोग भएको, दुष्ट विचार भएको मनुष्य, काम बासनामा उन्मत्त (पागल), अन्धो, वेदनिन्दक, हिंस्रक किसिमको ।

हस्तिगोऽश्वोष्ट्रदमको नक्षत्रैर्यश्च जीवति ।
पक्षिणां पोषको यश्च युद्धाचार्यस्तथैव च ॥ ३/१६२ ॥

अर्थात्:- हात्ती, गोरु, ऊँट, घोडा, आदि सबै प्राणीलाई बधिवा अर्थात् खसी बनाउने, खराब ज्योतिषी (ज्योतिष विद्याको गलत प्रयोग गरेर कालक्षेप गरेर मनुष्यलाई डर देखाउने र कालक्षेप गर्ने मनुष्य), पिंजडामा पक्षी पाल्ने, बिना कारण युद्धको डर देखाएर युद्धार्थ अस्त्र शस्त्र विद्यालाई सिकाएर शुल्क लिने ।

स्रोतसां भेदको यश्च तेषां चावरणे रतः ।
गृहसंवेशको दूतो वृक्षारोपक एव च ॥ ३/१६३ ॥

अर्थात्:- जङ्गलको लागि बनेको बाँधको पानीलाई अन्य स्थानमा लैजाने, बगिरहेको पानीलाई अवरुद्ध गर्ने, बगिरहेको पानीमा चर्पीको पानी मिलाउने, सर्वदा आफ्नो घरको लागि मात्र कार्य गर्ने आचरण भएको, शुल्क लिएर दूतको कार्य गर्ने, शुल्क लिएर वृक्षरोपण गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्वक्रीडी श्येनजीवी च कन्यादूषक एव च ।
हिंस्रो वृषलवृत्तिश्च गणानां चैव याजकः ॥ ३/१६४ ॥

अर्थात्:- कुकुर लगायत अन्य प्राणीलाई पीडा दिएर ती प्राणीसँग खेल खेलाऊने, बाज आदि पंक्षीलाई देखाएर जीवननिर्वाह गर्ने, बिना विवाह डर धम्की दिएर कुमारी कन्यालाई भोग गर्ने, प्राणी तथा जीवहिंसा गर्ने, शुद्र वर्णको घरमा रहेर पनि कर्म नगरी शुद्रको कर्ममा आश्रित रहेर जीवन(निर्वाह गर्ने, पैसाको लालचले विधि बिनानै धेरै घरमा धेरै पुरुषको यज्ञ कार्य गराउने ।

आचारहीनः क्लीवश्च नित्यं याचनकस्तथा ।
कृषिजीवी श्लीपदी च सद्भिर्निन्दित एव च ॥ ३/१६५ ॥

अर्थात्:- आचारहीन, नपुंषक, नित्य भिक्षावृत्ति गर्ने, कृषिवाट आफ्नो मात्र उदर पोषण गर्ने, मोटो खुट्टा भएको अर्थात् हात्ती पाइले रोग भएको, तथा रोगी, वेदज्ञानी तथा आदर्श पुरुषद्वारा निन्दा भएको, राजद्रोहको आरोप लागेको ।

औरभ्रिको माहिषिकः परपूर्वापतिस्तथा ।
प्रेतनिर्यापकश्चैव वर्जनीयाः प्रयत्नतः ॥ ३/१६६ ॥

अर्थात्:- थूमा, बोका, बहर तथा राँगो पालेर ती जनावरको यौनसम्पर्क गराएर त्यसबाट आउने पैसाबाट आफ्नो जीवन निर्वाह गर्ने, बिनाकारण आफ्नो पतीलाई त्याग गरेर अर्को पतीलाई ग्रहण गरेकी स्त्रीको दोश्रो पति, पैसा तथा धन लिएर शवदाह गर्ने ।

एतान्विगर्हिताचारानपाङ्क्तेयान्द्विजाधमान् ।
द्विजातिप्रवरो विद्वानुभयत्र विवर्जयेत् ॥ ३/१६७ ॥

अर्थात्:- यी सबै कार्य गर्ने मनुष्य जातिसुकै ज्ञानी होस् त्यो मनुष्य अकारण निन्दित चरणी मनुष्य हुन्, यस्तो मनुष्य ब्राह्मणमा हुने अधम गतिको हो, यीमाथिको कार्य गर्ने कुनै पनि मनुष्य ब्राह्मण हुन् सक्दैन । यस्तो कार्य गर्ने मनुष्य ज्ञानीको पंक्तिमा राख्न तथा बस्न योग्य पनि हुँदैन, यस्तो व्यक्तिलाई कुनै पनि यज्ञमा चाहे त्यो देवयज्ञमा होस् या पितृयज्ञ नै होस् भोजन गराउनु हुँदैन तर एक गृहस्थीको नाताले अन्य समयमा भोजन गराउन भने अनुमति रहेको हुन्छ ।

ब्राह्मणो त्वनधीयानस्तृणाग्निरिव शाम्यति ।
तस्मै हव्यं न दातव्यं न हि भस्मनि हूयते ॥ ३/१६८ ॥

अर्थात्:- जसरी भुसमा लागेको आगो तुरन्त निभ्छ त्यस्तैमाथि भनिएको कुनै पनि कार्य गर्ने मनुष्य ब्राह्मणको श्रेणीमा पनि आउँदैन यस्तो कार्य गर्ने मनुष्यलाई ब्राह्मण भन्नु मूर्खता हो अतएव गृहस्थीले देवयज्ञ र पितृयज्ञको लागि दिइने हव्य र कव्य यस्तो व्यक्तिलाई दिनुहुँदैन किनकि खरानीमा हवन यज्ञ हुँदैन ।

अपाङ्क्तदाने यो दातुर्भवत्यूर्ध्व फलोदयः ।
दैवे हविषि पित्र्ये वा तं प्रवक्स्याम्यशेषतः ॥ ३/१६९ ॥

अर्थात्:- आफ्नो माता, पिता नभएको तर देवकर्म वा पितृकर्मको लागि सहयोग गर्न चाहने गृहस्थीलेमाथि भनिएको र निषेध गरिएको कर्म गर्ने व्यक्ति जो निन्दक हो त्यस्तो व्यक्तिलाई ज्ञानी तथा ब्राह्मण मानेर देवकर्म तथा पितृकर्मको कार्य गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र गराएको खण्डामा त्यसको फल अति नै घातक हुन्छ ।

अव्रतैर्यद्द्विजैर्भुक्तं परिवेत्रादिभिस्तथा ।
अपाङ्क्तेयैर्यदन्यैश्च तद्वै रक्षांसि भुञ्जते ॥ ३/१७० ॥

अर्थात्:- उपरोक्त निन्दित कार्य गर्ने व्यक्ति जतिसुकै ज्ञानी भए पनि निन्दक ब्राह्मण नै हो । निन्दक हुनाले त्यसलाई पितृकर्म र देवकर्मको कार्यमा भोजन या अन्य सेवा गरेको खण्डमा त्यो सेवालाई राक्षस सेवा भनिन्छ, अर्थात् निन्दक ब्राह्मणलाई सेवा गर्नाले गृहस्थीको आफ्नो कर्मको कर्मफल पनि निष्फल हुनपुग्छ ।

(समयको कलमः- महर्षि मनुमहाराजलेमाथिको श्लोकमा शुल्क तोकेर पूजा गर्ने पुजारी र प्राणीहत्या गर्ने कसाइ दुवैलाई एक जस्तै हो भन्नुभएको छ । आफू ज्ञानी हुँ भन्ने व्यक्तिले तलब या शुल्क लिएर पढाएका हुन्छन् तर आफू के हुँ भन्ने ज्ञान नै नभई आफू गुरु भएको भ्रम फैलाएका हुन्छन् । तलब लिएर पढाउने व्यक्ति जो आफूलाई गुरु तथा ब्राह्मण हुँ भन्ने भ्रममा रहेको हुन्छ त्यसले मनुस्मृतिकोमाथिको श्लोकलाई देखाउदैन किनकि व्यापारी पूर्णसत्य बोल्न जानेको हुँदैन यदि व्यापारी पूर्ण सत्यतालाई बोलेको खण्डामा त्यसको अवस्था पतन हुन्छ । त्यस्तै अघि महर्षि मनुमहाराजले भन्नुभएको छ जो काल्पनिक ज्योतिषी रहेको छ र ज्योतिषको डर देखाउने र ज्योतिषको नाममा गलत कर्म गराउने व्यक्ति पनि ब्राह्मण नहुने महर्षि मनुमहाराजको भनाइ रहेको छ किनकि लालचको कारण ज्योतिषीले स्वार्थ परतावश अनृत (झूटो) भाषण गरेका हुन्छन् महर्षि मनुमहाराज भिक्षावृत्ति भएको जतिसुकै ज्ञानी भए पनि त्यो ब्राह्मण हुन् योग्य छैन भन्नुभएको छ जसको ज्ञान भिक्षा बृत्तिमा लिप्त रहेको हुन्छ त्यो पनि जीवहिंसा तुल्य हो भन्नु भएको छ)

दाराग्निहोत्रसंयोगं कुरुते योऽग्रजे स्थिते ।
परिवेत्ता स विज्ञेयः परिवित्तिस्तु पूर्वजः ॥ ३/१७१ ॥

अर्थात्:- अविवाहित आफ्नो ठुलोदाइ हुँदाहुँदै आफ्नै सहोदर सानो भाइले विवाह गरेको र अग्निहोत्र गरेमा अविवाहित दाइलाई परिवित भनिन्छ भने विवाहित भाइलाई परिवेत्ता भनिन्छ ।

परिवित्तिः परिवेत्ता यया च परिविद्यते ।
सर्वे ते नरकं यान्ति दातृयाजकपञ्चमाः ॥ ३/१७२ ॥

अर्थात्:- परिवित, परिवेता, परिविता अर्थात् जुन नारीको विवाह भईसकेको छ फेरि त्यसलाई कन्या नै हो भनेर झुटो विवाह संस्कार गर्ने पिता र कन्यादानको कार्य गराइदिने ब्राह्मण यी पाँच सबै जना नरकगामी हुन्छन् त्यो जतिसुकै ज्ञानीब्राह्मण र आफ्नो जिम्मेदारी पूरा गर्ने पिता नै किन नहोस् ।

भ्रातुर्मृतस्य भार्यायां योऽनुरज्येत कामतः ।
धर्मेणापि नियुक्तायां स ज्ञेयो दिधिषूपतिः ॥ ३/१७३ ॥

अर्थात्:- आफ्नो भाइकी पत्नी बहिनी जस्तै हो तर भाइको मृत्यु भएमा भाइको कुनै सन्तान नभएमा भाइकी पत्नीले पुनः पर पुरुषलाई स्वीकार गर्न नचाहेको खण्डमा, विविध अवस्थामा जीवनको अन्तिम बिकल्पको अवस्थामा आफ्नो माता, पिता, भाइको सासू, ससुरा र मृत भाइकी पत्नीसँग अनुमति लिएर अनुमति मिलेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खण्डमा ऋतुकालको समयमा केवल एक पटकमात्र सम्भोग गरेर र सन्तानलाई जन्मदिन सकिने एक विधान रहेको छ त्यस विधि तथा विधानलाई दिधिषूपति भनिन्छ त्यस दिधिषूपतिको बारेमा अघि भन्नेछु सुन्नूहोस् :

परदारेषु जायेते द्वौ सुतौ कुण्डगोलकौ ।
पत्यौ जीवति कुण्डः स्यान्मृते भर्तरि गोलकः ॥ ३/१७४ ॥

अर्थात्:- पति मरेको परस्त्रीबाट दुई किसिमको पुत्रको जन्म हुने गर्छ एक कुण्डपुत्र र अर्को गोलक पुत्र । यी दुई पुत्रमा जीवित पतिको पुत्रलाई कुण्डपुत्र भनिन्छ भने मृतपतिको पुत्रलाई गोलकपुत्र भनिन्छ ।

तौ तु जातौ परक्षेत्रे प्राणीनौ प्रेत्य चेह च ।
दत्तानि हव्यकव्यानि नाशयन्ति प्रदायिनाम् ॥ ३/१७५ ॥

अर्थात्:- यी दुवै पुत्र धर्मपुत्र हैंन त्यस्तै यी दुवै (अर्थात् कुण्ड वा गोलक) ले देवकर्म या पितृकर्ममा कुनै पनि कर्म गरेमा त्यस कर्मको कर्मफल त्यस पुत्रले आफैले प्राप्त त गरेको हुन्छ तर त्यो कार्य शुभकार्य अन्तर्गत भने पर्दैन त्यसैले त्यस कर्मको कर्मफल कुनै पनि अवस्थामा आफ्नो वंशमा जाँदैन ।

अपाङ्क्त्यो यावतः पङ्क्त्यान्भुञ्जानाननुपश्यति ।
तावतां न फलं तत्र दाता प्राप्नोति बालिशः ॥ ३/१७६ ॥

अर्थात्:- माता, पिता नभएको गृहस्थीले कर्मच्यूत भएको ब्राह्मण हो भन्ने जानेर पनि त्यस कर्मच्यूत ब्रह्मणलाई पितृयज्ञको नाममा र कुनै शुभ अवसरमा भोजन गराएको हुन्छ त्यसको कर्मच्यूत ब्राह्मण र त्यस कर्मच्यूत ब्राह्मणको मण्डलीमा यदि वेदज्ञाता ब्राह्मणले पनि भोजन गरेको हुन्छ भने पनि त्यो भोजनको फल भोजन गराउने गृहस्थीको लागि त्यस पितृयज्ञको कर्मफल अतिनै कष्टकर हुन्छ किनकि गृहस्थीलाई ज्ञान छ त्यो ब्राह्मण कर्मच्यूत मनुष्य हो भन्ने । त्यसैले भोजन गराउने गृहस्थी र भोजन गर्ने कर्मच्यूत ब्राह्मण दुवै बुद्धिहीन मनुष्य हुन् ।

वीक्ष्यान्धो नवतेः काणः षष्टेः श्वित्री शतस्य तु ।
पापरोगी सहस्रस्य दातुर्नाशयते फलम् ॥ ३/१७७ ॥

अर्थात्:- माता, पिता नभएको गृहस्थीले पितृश्रद्धाको नाम लिएर कुनै अन्धा, बहिरो, श्वेतकुष्ट, राजरोगी आदिलाई भोजन गराउनु हुँदैन, किनकि यी सबै पितृ श्रेणीमा पर्दैनन् । त्यसैले पितृश्राद्धमा यी सबैलाई गराएको भोजनको कर्मको कर्मफल घातक हुन्छ तर मनुष्यको लागि गरिने गराईने कार्य अलग यज्ञ हो ।

यावतः संस्पृशेदङ्गैर्ब्राह्मणाञ् शुद्रयाजकः ।
तावतां न भवेद्दातुः फलं दानस्य पौर्तिकम् ॥ ३/१७८ ॥

अर्थात्:- पुरा सिलाएको कपडा लगाएको वस्त्रलाई शुद्रवस्त्र भनिन्छ, यज्ञगर्दा तथा पितृयज्ञमा वेदज्ञानी ब्राह्मणले यस्तो पुरा सिलाएको वस्त्र लगाउनु हुँदैन यदि यस्तो वस्त्र लगाएर यज्ञ तथा पितृयज्ञ गरेको खण्डमा त्यसको यज्ञको फल गृहस्थीले प्राप्त गर्दैन किनकि यज्ञ तथा पितृयज्ञमा यस्तो सिलाएको कपडा लगाउनु मनुष्यको शरीर र प्रकृति विरुद्ध हुनाले त्यसको फल घातक हुन्छ त्यसैले यज्ञ गराउने ब्राह्मणले र पितृयज्ञ गर्ने गृहस्थीले पुरा सिलाएको कपडा लगाउनु हुँदैन किनकि यज्ञ प्रकृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तुलनको विधान हो ।

वेदविच्चापि विप्रोऽस्य लोभात्कृत्वा प्रतिग्रहम् ।
विनाशं व्रजति क्षिप्रं आमपात्रं इवाम्भसि ॥ ३/१७९ ॥

अर्थात्:- जसको यज्ञपवित भएको छैन, त्यसको घरमा यज्ञ गराउने ब्राह्मण, केही पाउने लालचमा या कुनै लोभको कारणले, कसैलाई देखाउनको लागि वेद ज्ञानलाई पढ्ने गर्नु गलत कार्य हो यदि यस्तो पतित उद्देश्य लिएर वेदज्ञान पढ्ने मात्र गरेको हो भने त्यस्तो व्यक्तिको ज्ञान काँचो माटोको भाँडो पानीमा परेर पतन भएजस्तै त्यसको वेदज्ञान त्यस मुर्खको दिमागबाट आफै पतन हुन्छ किनकि वेदज्ञानलाई वरण गरेर मात्र आफ्नो वर्ण परिवर्तन हुन्छ । त्यसैले लोभ र देखाउन भनेर वेदज्ञान पढ्नु महापाप हो ।

सोमविक्रयिणे विष्ठा भिषजे पूयशोणितम् ।
नष्टं देवलके दत्तं अप्रतिष्ठं तु वार्धुषौ ॥ ३/१८० ॥

अर्थात्:- गृहस्थीले औषधी बेच्ने, फलफूको रस बेच्ने, शक्तिवर्धक वस्तु बेच्ने कार्य गर्ने व्यक्ति चाहे त्यो वेदज्ञानलाई जानेको ब्राह्मण नै किन नहोस् त्यो व्यक्ति पतित ब्राह्मण हो यस्तो पतित ब्राह्मणलाई जानेर पनि दान दिनु भनेको आफ्नो कर्मपतन हुनु हो भनेर बुझ्नुपर्छ । यस्तो कर्मच्यूत ब्राह्मणलाई दान प्रदान गर्नाले दान दिनेको आउने समय अतिनै कष्टकर हुनेछ त्यस्तै पैसा लिएर जीविकार्थ चिकित्साको कार्य गर्ने ब्राह्मणलाई दान दिनाले, तीनवर्ष पर्यन्त वेतन लिएर मूर्ति-पूजन गर्ने ब्राह्मण र पैसा सहयोग गरेर व्याज लिने ब्राह्मणलाई दान दिनाले उत्तम फल प्राप्त हुँदैन । यस्तो गरेमा घातक फल प्राप्त हुनेछ ।

यत्तु वाणिजके दत्तं नेह नामुत्र तद्भवेत् ।
भस्मनीव हुतं द्रव्यं तथा पौनर्भवे द्विजे ॥ ३/१८१ ॥

अर्थात्:- गृहस्थीले दान दिँदा वेदज्ञान जानेको तर वैश्यकर्म गरेर निर्वाह गर्ने जीविकोपार्जन गर्ने जन्मको ब्राह्मणलाई कुनै पनि दान दिनु हुँदैन तर व्यक्तिगत सहयोग गर्न भने सकिने छ तर ब्राह्मण मानेर दान दिनु हुँदैन वेद जानेको तर वैश्य कर्म गर्ने यस्तो व्यक्तिलाई दान दिनाले वेदज्ञानी ब्राह्मणलाई दान दिएर जुन फल गृहस्थीको लागि मिल्ने गरेको हुन्छ त्यो वैश्यलाई दान दिनाले कहिल्यै मिल्दैन र आफ्नो कर्तव्य पनि आफै पतन हुनपुग्छ त्यो वैश्य कर्म गर्ने व्यक्तिलाई दान दिनाले यस लोक र परलोकमा कुनै फल मिल्दैन । वैश्य कर्मगर्ने मनुष्यलाई दान दिनु भनेको प्रथम पतीलाई त्याग गरेको र पुनर्पति गराएर दोश्रो पतिबाट उत्पन्न पुत्रलाई पहिलेको पतीले आफ्नो पुत्र मार्ने जस्तै हो ।

इतरेषु त्वपाङ्क्त्येषु यथोद्दिष्टेष्वसाधुषु ।
मेदोऽसृङ्मांसमज्जास्थि वदन्त्यन्नं मनीषिणः ॥ ३/१८२ ॥

अर्थात्:- गृहस्थीले दान दिदा जुन मनुष्यले ब्राह्मणमा हुनुपर्ने गुण, क्षमता, विधानको सम्पूर्ण नियमलाई पालन गरेको छैन, वचन र कर्ममा ब्राह्मण वर्णको योग्य छैन त्यस्तो व्यक्तिलाई दान दिनाले मनुष्यको भविष्य अतिनै घातक हुन्छ ।

अपाङ्क्त्योपहता पङ्क्तिः पाव्यते यैर्द्विजोत्तमैः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तान्निबोधत कार्त्स्न्येन द्विजाग्र्यान्पङ्क्तिपावनान् ॥ ३/१८३ ॥

अर्थात्:- कुन कुन पंक्तिमा रहको ब्राह्मण सम्मानयोग्य हुन्छ र कुन पंक्तिमा रहको मनुष्य सम्मानयोग्य हुन्छ ? आरोप लागेर दूषित भएको ब्राह्मण भए कुन विधान गरे त्यो ब्राह्मण पवित्र हुन्छ र कुनकुन अवस्थाको ब्राह्मण मात्र ब्राह्मण हो अब त्यस बारेमा सुन्नुहोस् :

अग्र्याः सर्वेषु वेदेषु सर्वप्रवचनेषु च ।
श्रोत्रियान्वयजाश्चैव विज्ञेयाः पङ्क्तिपावनाः ॥ ३/१८४ ॥

अर्थात्:- जुनकुलमा दश पीढीदेखि नै वेद पढेको छ वेद निर्देशित कर्म गरेको हुन्छ वेदअनुसारको ज्ञान नै अरुलाई दिएको हुन्छ यस्तो कुलमा जन्मेको होस् र आफूले पनि चार वेदको अध्ययन गरेको होस् र वेद निर्देशित कर्म गर्ने नै होस् चार वेद अङ्गसहित जसले पढ्न र अन्यलाई पढाउन सक्छ त्यस्तो पंक्तिको मनुष्य ब्राह्मण हो यस्तो किसिमको ब्राह्मण नै पवित्र ब्राह्मण हो ।

त्रिणाचिकेतः पञ्चाग्निस्त्रीसुपर्णः षडङ्गवित् ।
ब्रह्मदेयात्मसन्तानो ज्येष्ठसामग एव च ॥ ३/१८५ ॥

१) विणचिकेत, २) अग्निहोत्री,
३) त्रिसुपर्ण, ४) व्याकरणादि षडंगज्ञाता,
५) ब्राह्म विवाहबाट उत्पन्न,
६) सामवेदको सम्पूर्ण भागको ज्ञाता र जुन मनुष्यमा ब्राह्मचारी रहेको हुन्छ यस्तो पंक्तिको सबै मनुष्य पवित्र हुन्छ र यही गुण र विधान पालन भएको मनुष्यलाई नै ब्राह्मण भनिन्छ ।

वेदार्थवित्प्रवक्ता च ब्रह्मचारी सहस्रदः ।
शतायुश्चैव विज्ञेया ब्राह्मणाः पङ्क्तिपावनाः ॥ ३/१८६ ॥

अर्थात्:- वेदको अर्थ सहितको ज्ञाता, वेदको अर्थ सहितको वक्ता, वेद अनुसारको ब्रह्मचारी नै ब्राह्मण हो भने सहस्र गाईको सेवा गरेको र सहस्र काखान दाता, सय वर्षको आयु पुरा भएको सबै मनुष्य आदरणीय र पवित्र हुन्छ ।

पूर्वेद्युरपरेद्युर्वा श्राद्धकर्मण्युपस्थिते ।
निमन्त्रयेत त्र्यवरान्सम्यग्विप्रान्यथोदितान् ॥ ३/१८७ ॥

अर्थात्:- माता, पिता नभएको गृहस्थीले पिता तथा माताको श्राद्धको तथा पितृयज्ञको ठाउँमा कुनै ब्राह्मणको सेवा गर्न चाहेमा सेवा गर्नुभन्दा एक दिन पहिले या त्यही दिन या अर्को दिनसम्म सेवा गर्न सकिने छ । निमन्त्रणा दिएको तीन दिनसम्म वेदज्ञानी ब्राह्मण कुनै कारणवश आउन नसकेमा त्यो सेवाको वस्तु कुनै अनाथको लागि दिन सकिने छ सेवामा बोलाउने ब्राह्मणलाई गृहस्थीले सकेसम्म तीन दिन भन्दा पहिले नै निमन्त्रणा पठाउँनु पर्छ ।

निमन्त्रीतो द्विजः पित्र्ये नियतात्मा भवेत्सदा ।
न च छन्दांस्यधीयीत यस्य श्राद्धं च तद्भवेत् ॥ ३/१८८ ॥

अर्थात्:- माता, पिता नभएको वेदज्ञानी ब्राह्मणको सेवा गर्नको लागि निमन्त्रणा गरेको र निमन्त्रणा पाएको ब्राह्मण वर्णले र गृहस्थीले त्यस रात्रीमा आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्नीसँग सम्भोग गर्नुहुँदैन र स्त्रीसँग सम्भोग गरेपछि तुरन्त वेद पाठ गर्नुहुँदैन र जुन गृहस्थीले वेदज्ञानी ब्राह्मणलाई निमन्त्रणा गरेको हुन्छ त्यसले पनि आफ्नो स्त्री-सम्भोग लगायतका मदहोश हुने वस्तु प्रयोग गर्नुहुँदैन ।

निमन्त्रीतान्हि पितर उपतिष्ठन्ति तान्द्विजान् ।
वायुवच्चानुगच्छन्ति तथासीनानुपासते ॥ ३/१८९ ॥

अर्थात्:- देवयज्ञमा या पितृयज्ञमा निमन्त्रण गरिएको वेदज्ञता ब्राह्मणको समीपमा माता, पिता नभएको गृहस्थीले आफ्नो माता, पिता जस्तै आदर सत्कार गर्नुपर्छ। हुनसक्छ त्यस गृहस्थीको माता, पिता जीवात्मा रुपबाट वायुवेशमा त्यस वेदज्ञता ब्राह्मणको अनुगामी भएको हो ?

केतितस्तु यथान्यायं हव्ये कव्ये द्विजोत्तमः ।
कथं चिदप्यतिक्रामन्पापः सूकरतां व्रजेत् ॥ ३/१९० ॥

अर्थात्:- गृहस्थले गर्ने देवयज्ञ वा पितृयज्ञ पश्चात् गरिने भोजन गर्नको लागि निमन्त्रणा पाएर आउँछु भनेर स्वीकार गरेको वेदज्ञानी ब्राह्मण विनाकारण यदि आएन भने वनेको भोजन नष्ट भएको मानिने छ त्यही भोजन नष्ट भएको कारण त्यस ब्राह्मणको कार्यलाई अति नै निच कार्य भनिन्छ यस्तो कार्य गर्ने व्यक्ति जतिसुकै ब्रह्मज्ञानी भए पनि पतित हो भनेर बुझनुपर्छ।

आमन्त्रीतस्तु यः श्राद्धे वृशल्या सह मोदते ।
दातुर्यद्दुष्कृतं किं चित्तत्सर्व प्रतिपद्यते ॥ ३/१९१ ॥

अर्थात्:- गृहस्थीको निमन्त्रणामा पितृयज्ञ होस् या देवयज्ञ होस् जुनसुकै यज्ञमा होस् वेदज्ञानी ब्राह्मण श्राद्धपूर्वक नियमलाई पालन गरेर मात्र जानुपर्छ यदि निमन्त्रणा पाएको ब्राह्मणले आफ्नो नियमलाई नै पालन नगरी मदहोश हुने गर्यो र कामवासनालाई पूरा गर्नको लागि स्त्रीगमन गरेको खण्डमा त्यो व्यक्ति ब्राह्मण वर्णबाट पतित हुन्छ यस्तो व्यक्ति ब्राह्मण वर्ण हुँदैन, नियमपालन नगरेको हुनाले वर्ण नै पतित हुन्छ, यो ज्ञान त्यही कार्य गर्नेको अन्तरमनलाई थाहा हुन्छ र आफूलाई नै थाहा हुनेछ आफू पतित हुँ भन्ने :

अक्रोधनाः शौचपराः सततं ब्रह्मचारीणः ।
न्यस्तशस्त्रा महाभागाः पितरः पूर्वदेवताः ॥ ३/१९२ ॥

अर्थात्:- आफ्नो माता, पिता नभएको गृहस्थीले पितृयज्ञ तथा देवयज्ञको कार्य गर्दा अन्तरमनको सोच र आफ्नो कार्यको आचरण एक हुनुपर्छ। त्यस्तै गृहस्थीको घरमा जाने ब्राह्मण पनि समःभाव भएको, कुनै लालच नभएको, रागद्वेष तथा क्रोधरहित, स्त्रीभोगबाट रहित, कलहरहित, विदाको आठ गुणबाट पूर्ण, महाभागी यस्तो गुणले सम्पन्न भएको मनुष्य नै ब्राह्मण हो यस्तो ब्राह्मणलाई मात्र आफ्नो माता, पिता नभएको गृहस्थीले पितृयज्ञ तथा देवयज्ञमा भोजन गराउनु अति नै उत्तम हुन्छ ।

यस्मादुत्पत्तिरेतेषां सर्वेषां अप्यशेषतः ।
ये च यैरुपचर्याः स्युर्नियमैस्तान्निबोधत ॥ ३/१९३ ॥

अर्थात्:- सृष्टिको सृष्टिविधानअनुसार जुन वर्ण त्यसबाट सबैको उत्पत्ति भएको हो र सृष्टिविधानअनुसार जुन वर्ण सत्कार तथा सेवा हुन्छ त्यस सेवा बारेमा अघि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्नूहोस् :

मनोर्हैरण्यगर्भस्य ये मरीच्यादयः सुताः ।
तेषां ऋषीणां सर्वेषां पुत्राः पितृगणाः स्मृताः ॥ ३/१९४ ॥

अर्थात्:- हिरण्यगर्भबाट अनेक ऋषि आफ्नो जोडीसँग उत्पन्न भए मैलेमाथि भनिसकेको छु । मेरा अर्थात् (मनुजी) पनि कयौं पुत्र छन्, इक्ष्वाकु, सोसाद, अग्निष्वात, मरीचि र बहिर्षद लगायतका कयौं अन्य पुत्र छन् ती सबैको सबै पुत्रहरू नै पछि गएर पितृगण तथा देवगण भनिने छ ।

विराट्सुताः सोमसदः साध्यानां पितरः स्मृताः ।
अग्निष्वात्ताश्च देवानां मारीचा लोकविश्रुताः ॥ ३/१९५ ॥

अर्थात्:- मरीचिका पुत्र विराट र विराटको पुत्र सोमसद हुन् जो साधुगणको पितृ हुनेछन् भने मरिचिको नै पुत्र अग्निष्वत हुन् जो देवतको पनि पितृ हुनेछन्, यी सबै मरीचिका पुत्रहरू ज्ञानी हुन्छन् र ज्ञानको कारण यी सबै सम्पूर्ण लोकमा प्रसिद्ध रहनेछन् ।

दैत्यदानवयक्षाणां गन्धर्वोरगरक्षसाम् ।
सुपर्णकिन्नराणां च स्मृता बर्हिषदोऽत्रिजाः ॥ ३/१९६ ॥

अर्थात्:- अत्रिको पुत्र बहिर्षद हो, बहिर्षद नै पछि गएर दैत्य, दानव, यक्ष, गन्धर्व, उरग, राक्षस, सुपर्ण, किन्नर आदि यी सबैको पितृ हुनेछन् ।

सोमपा नाम विप्राणां क्षत्रीयाणां हविर्भुजः ।
वैश्यानां आज्यपा नाम शुद्राणां तु सुकालिनः ॥ ३/१९७ ॥

अर्थात्:-

१) ब्राह्मण (ज्ञान) २) क्षत्रीय (रक्षा)
३) वैश्य (व्यापार) ४) शुद्र (सारथी),

जहिले पनिमाथिको चार वर्णको लागि आफ्नो आफ्नो पितृ हुन्छ जसले अहिले यी वर्णलाई स्वीकार गरेको हुन्छ त्यस मनुष्यको शुरुमा जसले चार वर्णको कर्मलाई धारण गरेको हुन्छ त्यही नै त्यस वर्णको आफ्नो पितृ हुन्छ शुरुमा आफ्नो वर्णलाई धारण गर्ने यी चार ऋषि यी हुन् ।

१) सोमरा, २) हविभुंज, ३) आज्यप, र ४) सुकाली हुन,

ब्राह्मण वर्णको गुण धारण गर्ने ब्राह्मणहरूको पितृलाई सोमरा भनिन्छ, क्षत्रीय वर्णको गुण धारण गर्ने क्षत्रीयको पितृलाई हविर्भुज भनिन्छ । वैश्यवर्णको गुणधारण वैश्यवर्णको पितृलाई आज्यप भनिन्छ । त्यस्तै शुद्र वर्णको गुणधारण गर्ने शुद्रवर्णको पितृलाई सुकाली भनिन्छ, अर्थात् ब्राह्मणको लागि सोमरा क्षेत्रियको लागि हविर्भुज वैश्यको लागि आज्यप र शुद्र वर्णको लागु सुकाली पितृ हुन् जुन कर्मको पनि पितृ हुन्छ ।

सोमपास्तु कवेः पुत्रा हविष्मन्तोऽङ्गिरःसुताः ।
पुलस्त्यस्याज्यपाः पुत्रा वसिष्ठस्य सुकालिनः ॥ ३/१९८ ॥

अर्थात्:-

१) कवि २) अङगिरा, ३) पुलस्त्य, ४) वसिष्ठ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी चार ऋषिको पुत्र क्रमानुसार

१) कविको पुत्र सोमरा, २) अङ्गिराको पुत्र हविर्भुज,

३) पुलत्स्यको पुत्र आज्यप, ४) वशिष्ठको पुत्र सुकाली हो,

अग्निदग्धानग्निदग्धान्काव्यान्बर्हिषदस्तथा ।

अग्निष्वात्तांश्च सौम्यांश्च विप्राणां एव निर्दिशेत् ॥ ३/१९९ ॥

अर्थात्:- अग्निदध्य अर्थात् वानप्रस्थ र गृहस्थी, अनाग्निदग्ध सन्यासी, काव्य, वहिर्षद, अग्नि, प्वात्, सोमपा यी सबै ब्राह्मण वर्णको पितृ हुन् भन्ने जान्नू ।

य एते तु गणा मुख्याः पितककणां परिकीर्तिताः ।

तेषां अपीह विज्ञेयं पुत्रपौत्रं अनन्तकम् ॥ ३/२०० ॥

अर्थात्:- यी अहिले भनिएका नाम मुख्य हुन् यी सबै मुख्य हो जुन पितृगण र देवताहरूको जरो पनि हो, यही जरोबाट अनेक शाखा बन्ने छन् यीमाथि भनिएका ऋषिबाट अनेक सन्तति अर्थात् पुत्र, नाति र पनाति अनन्त शाखा भएको हुनेछन् ।

ऋषिभ्यः पितरो जाताः पितृभ्यो देवमानवाः ।

देवेभ्यस्तु जगत्सर्व चरं स्थाण्वनुपूर्वशः ॥ ३/२०१ ॥

अर्थात्:- ऋषिद्वारा नै पितृको उत्पत्ति भयो, पितृद्वारा देवता र मनुष्यको उत्पत्ति भयो, देवताद्वारा नै चर-अचर सबै जगत् सञ्चालन भयो जुन जगत् ब्रह्मविधानअनुसार उत्पन्न हुन्छ र लय हुन्छ ।

राजतैर्भाजनैरेषां अथो वा रजतान्वितैः ।

वार्यपि श्रद्धया दत्तं अक्षयायोपकल्पते ॥ ३/२०२ ॥

अर्थात्:- गृहस्थीको शुरु पितृ नै भएको हुनाले, गृहस्थीको लागि पितृसेवा अति नै महत्वपूर्ण कर्म हो । पितृद्वारा नै गृहस्थीको शुरू भएको हुनाले कुनै पनि पितृयज्ञको कार्य गर्दा प्रयोग गरिने प्रकृति र मनुष्यको बीचको कडी हुने चाँदीको भाँडा प्रयोग गरेमा अति नै उत्तम हुन्छ, अर्थात् यदि सम्भाव्य भएमा माता, पिता भएको गृहस्थीले माता, पितालाई सेवा गर्दा पिउनको लागि पानी दिँदा या खाना खुवाऊदा चाँदीको भाँडोमा दिन सकेमा अति नै उत्तम हुन्छ ।

दैवकार्यादिद्विजातीनां पितृकार्य विशिष्यते ।

दैवं हि पितृकार्यस्य पूर्व आप्यायनं स्मृतम् ॥ ३/२०३ ।

अर्थात्:- ब्राह्मण, क्षत्रीय तथा वैश्यको लागि अन्य बिभिन्न द्विज-कार्य अर्थात् देवकार्य भन्दा पितृ-कार्य महान् कार्य हो, पितृयज्ञ अर्थात् पितृकर्म गर्ने वर्णको लागि पितृकार्य गरेको कारणले देवकार्य आफै पूर्ण हुन्छ ।

तेषां आरक्षभूतं तु पूर्व दैवं नियोजयेत् ।

रक्षांसि विप्रलुम्पन्ति श्राद्धं आरक्षवीर्जतम् ॥ ३/२०४ ॥

अर्थात्:- पितृकार्य गर्ने मनुष्यको मनमा कुनै लालच हुनुहुँदैन, लालच बिना पितृकर्म गर्ने मनुष्यले आफै देवकार्यलाई पनि सम्पन्न गरेको हुन्छ यदि लालचमा पितृको सेवा गरेको हो भने त्यो सेवा माता, पिताले प्राप्त त गरेका हुन्छन् तर उसको कर्म भने राक्षस कर्म हो भनेर बुझ्नुपर्छ ।

दैवाद्यन्तं तदीहेत पित्राद्यन्तं न तद्भवेत् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पित्राद्यन्तं त्वीहमानः क्षिप्रं नश्यति सान्वयः ॥ ३/२०५ ॥

अर्थात्:- पितृकार्य गर्नुभन्दा पहिले र अन्त्यमा देवकार्य गर्नु पनि उत्तम कर्म नै हो। तर पितृकार्य उत्तम र महान् यज्ञ पनि हो। पितृयज्ञ अर्थात् माता, पिताको सेवा महान् यज्ञ कर्म हुनाले पितृयज्ञको कार्य सम्पन्न गरेको कारण देवकार्य पूर्ण हुन्छ तैपनि देवकार्यको समयमा देवकार्य गर्नुपर्छ पितृकर्मको समयमा पितृकर्म गर्नुपर्छ तर पितृकार्यको समयमा पितृयज्ञ छोडेर देवकार्य गर्नको लागि शुरू गरेको हुन्छ त्यो कार्य भने गलत हो त्यस्तो गलत कार्य गर्नाले त्यसको अघि आउने वंशलाई नै प्रभाव पर्ने हुन्छ।

शुचिं देशं विविक्तं च गोमयेनोपलेपयेत्।
दक्षिनाप्रवणं चैव प्रयत्नेनोपपादयेत् ॥ २/२०६ ॥

अर्थात्:- (पितृयज्ञ) माता, पिताको लागि विश्राम गर्ने ठाउँ सधैँ सुख्खा, प्रकाश आउने र हावा लाग्ने किसिमको दैनिक सफा गर्नुपर्छ, सम्भव भएसम्म माता, पिताकोकोठा दैनिक गाईको गोवरले लिपपोत गर्नुपर्छ।

अवकाशेषु चोक्षेषु जलतीरेषु चैव हि।
विविक्तेषु च तुष्यन्ति दत्तेन पितरः सदा ॥ ३/२०७ ॥

अर्थात्:- माता, पिताकोकोठाको भ्याल वगैँचादेखिने, रुख नजिक भएको तुलसी लगाएको ठाउँ भएको हुनुपर्छ यस्तो ठाउँमा माता, पिताको सेवा गर्नाले माता, पिता खुशी रहने छन् जुन घरमा आफ्नो सन्तानको कार्यको कारण माता, पिता खुशी हुन्छन् त्यही घर नै स्वर्गको द्वार हो।

आसनेषूपक्लृप्तेषु बर्हिष्मत्सु पृथक्पृथक्।
उपस्पृष्टोदकान्सम्यग्विप्रांस्तानुपवेशयेत् ॥ ३/२०८ ॥

अर्थात्:- (पितृयज्ञ)माता, पिताको सेवा गर्दा पुत्रले सधैँ सफा, प्रसन्न र खुशी मनले गरेको हुनुपर्छ।

उपवेश्य तु तान्विप्रानासनेष्वजुगुप्सितान्।
गन्धमाल्यैः सुरभिभिरर्चयेद्दैवपूर्वकम् ॥ ३/२०९ ॥

अर्थात्:- पितृयज्ञ अर्थात् माता, पिताको सेवा गर्दा माता, पिताको लागि आवश्यकता पर्ने सम्पूर्ण व्यवस्था मिलाउनु पर्छ। यदि माता, पिता स्नान तथा भोजन गर्नमा असक्षम भएमा माता, पिताको लागि स्नान भोजन आदिलाई आफैले नै गराउनुपर्छ तर त्यसको लागि माता, पिताको आज्ञा भने लिनुपर्छ।

तेषां उदकं आनीय सपवित्रांस्तिलानपि।
अग्नौ कुर्यादनुज्ञातो ब्राह्मणो ब्राह्मणैः सह ॥ ३/२१० ॥

अर्थात्:- पितृयज्ञ अर्थात् माता, पिताको सेवामा माता, पिताको आज्ञा बिना कुनै जबरजस्ती गर्नुहुँदैन, माता, पिताको आज्ञा लिएर पितृयज्ञ नै नगरी प्रकृति सन्तुलनको विधानको कार्य भने गर्न सकिने छ। यदि माता, पिता नभएमा वेदज्ञता ब्राह्मणको ज्ञानअनुसार वेदज्ञानी ब्राह्मणको अनुमति लिएर होम आदि प्रकृति सन्तुलनको कार्य गर्न भने सकिने छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अग्नेः सोमयमाभ्यां च कृत्वाप्यायनं आदितः ।
हविर्दानेन विधिवत्पश्चात्संतर्पयेत्पितककन् ॥ ३/२११ ॥

अर्थात्:- माता, पिताकोकोठा तातो तथा नयाँनो तथा माता, पिताको भोजन मौसम अनुकूल पच्या हुने किसिमको र शक्तिवर्धक हुनुपर्छ । माता, पिताको लागि तैयार हुने भोजन सधैँ यम अर्थात् समय सपेक्षा हुनुपर्छ बेमौसमको भोजन माता, पिताको लागि दिनुहुँदैन ।

अग्न्यभावे तु विप्रस्य पाणावेवोपपादयेत् ।
यो ह्यग्निः स द्विजो विप्रैर्मन्त्रदर्शिभिरुच्यते ॥ ३/२१२ ॥

अर्थात्:- माता, पिता जति जति उमेर बढेको हुन्छ त्यति त्यति नै शरीरमा जलको प्रभाव बढेको हुन्छ अग्नि तत्वकम हुन्छ अग्नि तत्वको कमी भएमा शरीरमा बिभिन्न समस्या आउँछन् यसबारेमा ख्याल राख्नुपर्छ यदि यस बारेमा जानकारी नभएमा कुनै वेदज्ञानी ब्राह्मणलाई सोध्नु अति नै उचित हुन्छ ।

अक्रोधनान्सुप्रसादान्वदन्त्येतान्पुरातनान् ।
लोकस्याप्यायने युक्तान्श्राद्धदेवान्द्विजोत्तमान् ॥ ३/२१३ ॥

अर्थात्:- क्रोधरहित, सधैँ प्रसन्न, वेदज्ञानी, लोक तथा समाजको कल्याणको लागि कार्य गर्ने, मनुष्य तथा प्राणीको सेवा गर्नुलाई आफ्नो धर्म बुझ्ने ज्ञानी विद्वान् मनुष्यलाई सधैँ श्रद्धा गर्नू: यस्तो गुण भएको मनुष्यलाई नै देवता भनिन्छ ।

अपसव्यं अग्नौ कृत्वा सर्व आवृत्य विक्रमम् ।
अपसव्येन हस्तेन निर्वपेदुदकं भुवि ॥ ३/२१४ ॥

अर्थात्:- यज्ञोपवित भएको गृहस्थी मनुष्यले कहिल्यै पनि आफ्नो यज्ञोपवित हटाउनु हुँदैन । पितृयज्ञको कार्यमा सधैँ सक्रिय हुनुपर्छ र पितृयज्ञमा माता, पिताको सेवा गर्दा या अन्य कार्यमा र अन्यको सेवाको कार्य भोजन गराउँदा या भोजन दिँदा सधैँ दाहिने हात नै प्रयोग गर्नुपर्छ । यदि दाहिने हात अपसव्य भएको खण्डमा मात्र देब्रे हात प्रयोग गर्नुपर्छ ।

त्रींस्तु तस्माद्धविःशेषात्पिण्डान्कृत्वा समाहितः ।
औदकेनैव विधिना निर्वपेद्दक्षिणामुखः ॥ ३/२१५ ॥

अर्थात्:- बनेको पक्वान्नमा पहिले थोरै पक्वान्नको हवन अग्निको लागि दिनुपर्छ त्यसपछि शेष पक्वान्न (हव्य) लाई तीन भाग लगाउनु पर्छ, पहिले भाग पितृयज्ञको लागि अर्थात् माता, पिताको लागि, दोश्रो भाग अतिथिको लागि अर्थात् पाहुनाको लागि, तेस्रो भाग आफ्नो लागि राख्नुपर्छ, अतिथि भए पहिले अतिथिको सत्कार पछि भोजन गर्नुपर्छ यदि अतिथि नै नभएको खण्डमा त्यस भोजनलाई आफ्नो दाहिने तिर राख्नुपर्छ ताकि बीचमाकोही आएमा दिन सजिलो होस् । त्यसपछि खुशीको साथमा एकाग्र चित्त भएर आरामसँग बिस्तारै आफ्नो परिवारसँग मिलेर दाहिने हातले भोजन गर्नुपर्छ ।

न्युप्य पिण्डांस्ततस्तांस्तु प्रयतो विधिपूर्वकम् ।
तेषु दर्भेषु तं हस्तं निर्मृज्याल्लेपभागिनाम् ॥ ३/२१६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- पितृयज्ञको विधि अर्थात् माता, पिताको सेवा कर्मको विधान माता, पिताको आज्ञासार गर्नुपर्छ । माता, पिताको लागि कुनै पनि जबरजस्ती गर्नु, जबरजस्ती भोजन गराउने कोसिस पनि गर्नुहुँदैन । माता, पिताको जस्तै आफ्नो हजुरबुबाको हजुरआमाको पनि सेवा गर्नुपर्छ । माता, पिताको पनि माता, पिता र उनको पनि माता, पितालाई सेवागर्ने अवसर जुन व्यक्तिलाई प्राप्त हुन्छ त्यो मनुष्य महान् योगी हो भन्ने बुझनू :

आचम्योदक्परावृत्य त्रिरायम्य शनैरसून् ।
षड्तूंश्च नमस्कुर्यात्पितकक्नेव च मन्त्रवत् ॥ ३/२१७ ॥

अर्थात्:- माता, पिता, हजुरबुवा, हजुरआमा र उहाँको पनि माता, पितालाई भोजन गराउनु भन्दा पहिले पानीद्वारा आचमन गराउनु पर्छ, आचमनपछि ईश्वरलाई धन्यवाद भन्ने मन्त्रलाई जप गराउनु पर्छ । यदि सम्भव भएमा बसेको स्थानबाट उत्तरमुख भएर आचमन गर्नुपर्छ र तीन पटक प्राणायाम गराउनु । पर्छ मातपितालाई प्रत्येक मौसम तथा ऋतुमा ऋतु अनुसारको फलफूल तथा भोजन गराउनु पर्छ ।

उदकं निनयेच्छेषं शनैः पिण्डान्तिके पुनः ।
अवीजघ्रेच्च तान्पिण्डान्यथान्युप्तान्समाहितः ॥ ३/२१८ ॥

अर्थात्:- माता, पिता तथा प्रपितामह या मातालाई भोजन गराउँदा भोजन गराउने स्थान सफा हुनुपर्छ र भोजन राख्ने स्थानको वरिपरि पानीलाई जमिनमा गोल घुमायेर त्यही गोलो घेराको बीचमा भोजन दिनुपर्छ र बचेको पानी भोजन गर्नेको समीप राख्नुपर्छ । ताकि भोजन गर्दा पानीको जरुरत परेमा प्रयोग गर्नको लागि सकियोस तर भोजनसँग धेरै पानी पिउन भने हुँदैन यदि यस्तो गरेमा पाचन प्रक्रियामा प्रभाव पर्छ ।

पिण्डेभ्यस्त्वल्पिकां मात्रां समादायानुपूर्वशः ।
तानेव विप्रानासीनान्विधिवत्पूर्वं आशयेत् ॥ ३/२१९ ॥

अर्थात्:- परपितामह, पितामह, माता र पिताले भोजन गरेपछि मात्र आमन्त्रीत गरिएको ब्राह्मण या कुनै तिथिबिना नै आएको अतिथिलाई विधिपूर्वक भोजन गराउनु पर्छ ।

ध्रियमाणे तु पितिर पूर्वेषां एव निर्वपेत् ।
विप्रवद्वापि तं श्राद्धे स्वकं पितरं आशयेत् ॥ ३/२२० ॥

अर्थात्:- यदि सम्भाव भएमा र माता, पिता हजुरबुवा, हजुरआमा वानप्रस्थी, सन्यासी र वेदज्ञानी ब्राह्मण सबैलाई एक पटकमा भोजन गराउन पनि सकिनेछ यदि सम्भव भएमा सबैलाई एक पटकमा नै भोजन गराउन सकिनेछ । भोजन गराउँदा गृहस्थीको मनमा सबैको लागिसम्मान हुनुपर्छ खुशी र प्रसन्न भएर सबैलाई भोजन गराउनु पर्छ । यदि माता, पिता नभएको खण्डमा मात्र सन्यासी, वेदज्ञानी ब्राह्मण र वानप्रस्थीलाई पहिले भोजन गराउनु पर्छ ।

पिता यस्य निवृत्तः स्याज्जीवेच्चापि पितामहः ।
पितुः स नाम सङ्कीर्त्य कीर्तयेत्प्रपितामहम् ॥ ३/२२१ ॥

अर्थात्:- जुन गृहस्थीको माता, पिताको मृत्यु भएको र हजुरबुवा पितामह जीवित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएमा कसैले परिचय सोधेमा मृत्यु भएको पिता या माताको नाम लिनु उचित हुँदैन त्यसैले पहिले जीवित हजुरवुवा या हजुरआमाको नाम लिनुपर्छ ।

पितामहो वा तच्छ्राद्धं भुञ्जीतेत्यब्रवीन्मनुः ।
कामं वा समनुज्ञातः स्वयं एव समाचरेत् ॥ ३/२२२ ॥

अर्थात्:- गृहस्थीको आफ्नो माता, पिताको मृत्यु भएको तर हजुर वुवा तथा माता जीवित भएमा आफ्नो पिताको माता तथा पितालाई पनि आफ्नो पिता जस्तै सेवा गर्नुपर्छ यदि माता, पिता जीवित भएमा पिताको पिता तथा पिताको मातालाई पहिले भोजन गराउन सकिनेछ यदि आफ्नो पिताले आफूले नै आफ्नो माता, पिताको सेवा गर्नको लागि असक्षम भएको खण्डमा मात्र यदि माता, पिताको पनि माता, पिता जीवित भएमा आफ्नो पिताको आफू आफूले नै सेवा गर्नुपर्छ ।

(समयको कलम :- आफू, आफ्नो माता, पिता आफ्नो पिताको पनि माता र पिता, र माता, पिताको पनि हजुरवुवा हजुरआमा यी चार पुस्ता जीवित भएको र साथमा भोजन गर्ने अवसर मिलेको भएमा त्यस्तो भोजनलाई प्रेमपूर्वक गराइने भोजनलाई पिण्ड अर्थात् अमृत भोजन भनिन्छ । पिण्ड भनेको अमृत स्वादिष्ट भोजन हो भनेर महर्षि मनु महाराजले भन्नुभएको छ)

तेषां दत्त्वा तु हस्तेषु सपवित्रं तीलोदकम् ।
तत्पिण्डाग्रं प्रयच्छेत स्वधैषां अस्त्विति ब्रुवन् ॥ ३/२२३ ॥

अर्थात्:- माता, पितालाई भोजन गराएर सकेपछि सकेसम्म भोजन गरेर सकेको लगात्तै माता, पिता, पितामह लगायत जस जसले भोजन गरी सक्नुभएको छ सबैलाई खाना पछि तील खान दिनुपर्छ, भोजनकर्ताले तीललाई आफ्नो हातले निकाल्नु पर्छ तर भोजन गर्ने ब्राह्मणलाई भने गृहस्थीले आफ्नो हातले आफै दिनुपर्छ तर हात भने सफा हुनुपर्छ ।

पाणिभ्यां तूपसंगृह्य स्वयं अन्नस्य वर्धितम् ।
विप्रान्तिके पितकक्न्ध्यायन्शनकैरुपनिक्षिपेत् ॥ ३/२२४ ॥

अर्थात्:- माता, पिता, पितामह, ब्राह्मण लगायत सम्पूर्ण मान्यजनलाई भोजन पस्कँदा या स्थापित गर्दा भोजनको भाँडोलाई दुवै हातले समातेर विस्तारै दिनुपर्छ ।

उभयोर्हस्तयोर्मुक्तं यदन्नं उपनियते ।
तद्विप्रलुम्पन्त्यसुराः सहसा दुष्टचेतसः ॥ ३/२२५ ॥

अर्थात्:- मान्यजनलाई भोजन गराउँदा कहिल्यै पनि एक हातले भोजन दिनु या थप्नु हुँदैन एक हातले भोजन दिनु या थप्ने गर्नाले संस्कार पतित हुन्छ त्यसैले भोजन दिँदा दुवै हातले समातेर दिनु पर्छ ।

गुणांश्च सूपशाकाद्यान्पयो दधि घृतं मधु ।
विन्यसेत्प्रयतः पूर्व भूमावेव समाहितः ॥ ३/२२६ ॥

अर्थात्:- महद्वारा, दुधद्वारा, घिउद्वार र दही आदि वस्तुवाट बनेको भोजनलाई सावधान र उत्तमता तरिकाले जमिन मै राख्नुपर्छ यस्तो भोजनलाई पिर्का या जमिन भन्दा अग्लो ठाउँमा राख्नु हुँदैन तर जमिनमा भोजन पक्वान्न पोखिनु पनि हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ष्यं भोज्यं च विविधं मूलानि च फलानि च ।
हृद्यानि चैव मांसानि पानानि सुरभीणि च ॥ २/२२७ ॥

अर्थात्:- भोजनलाई तैयार गर्दा आफ्नो स्वास्थ्यको लागि ठीक हुने मौसम अनुकूल फलफूल लगायत सात्विक पेय पदार्थ लिएर मनलाई प्रसन्न बनाएर उत्तम भोज्य पदार्थ र उत्तम फलफूललाई प्रयोग गरेर स्वादिष्ट र सुगन्धित भोजन तैयार गर्नुपर्छ ।

उपनिय तु तत्सर्व शनकैः सुसमाहितः ।
परिवेषयेत प्रयतो गुणान्सर्वान्प्रचोदयन् ॥ ३/२२८ ॥

अर्थात्:- आफ्नो कार्यमा एकाग्र चित्त भएर बनाएको भोजन माता, पिता लगायत सबै भोज्य वस्तु जसलाई जे मन पर्छ त्यही भोजनको व्यवस्था गर्नुपर्छ, यदि गुलियो र अमिले वस्तु भोजनमा भएको भए र भोजन गर्नेमा "अमिलो र गुलियो भोजन छ है" भनेर वेदज्ञानी ब्राह्मणलाई भने सोधेर स्वीकार गरेमा मात्र भोजन दिनुपर्छ, यदि खाने भए यो अमिलो हो यो गुलियो हो भनेर चिनाएर मात्र दिनुपर्छ ।

नास्रं आपातयेज्जातु न कुप्येन्नानृतं वदेत् ।
न पादेन स्पृशेदन्नं न चैतदवधूनयेत् ॥ ३/२२९ ॥

अर्थात्:- भोजन गर्नुभन्दा पहिले रुनु कराउनु, नाटक गर्नु क्रोध गर्नु, असत्यभाषण (अनृत) यी विचारलाई सोचदेखि नै त्याग गर्नुपर्छ, पक्वान्नलाई खुट्टाले स्पर्श गर्नुहुँदैन, पक्वान्नलाई पस्किँदा बिस्तारै पस्किनु पर्छ भोजन पस्किँदा कुनै पनि भाँडोको आवाज आउनुहुँदैन ।

अस्रं गमयति प्रेतान्कोपोऽरीननृतं शुनः ।
पादस्पर्शस्तु रक्षांसि दुष्कृतीनवधूननम् ॥ ३/२३० ॥

अर्थात्:- भोजन गर्नुभन्दा पहिले रोएको खण्डमा भोजनको ऊर्जा क्षय हुन्छ, क्रोध गरेर भोजन गर्दा अपाच्य बन्छ, अनृत वचन बोलेमा भोजनको सात्विक गुण पतन हुन्छ भने खुट्टाले स्पर्श गर्नाले भोजन बिषालु हुन्छ भने भाँडाबाट आवाज निकालेर पस्किएको भोजनको शक्ति घर्षणको कारण ह्रास हुन्छ ।

यद्यद्रोचेत विप्रेभ्यस्तत्तद्दद्यादमत्सरः ।
ब्रह्मोद्याश्च कथाः कुर्यात्पितककणां एतदीप्सितम् ॥ ३/२३१ ॥

अर्थात्:- बासी र सडेगालेको तामसिक प्रकारको खानालाई त्याग गर्नुपर्छ, यदि आफ्नो माता, पितालाई मनपर्ने खाना आफूलाई या अन्यलाई मन नपर्ने पनि हुनसक्छ त्यस्तो भएमा माता, पितालाई मन पर्ने भोजन पहिले तैयार गर्नु त्यसपछि आफूलाई मन पर्ने भोजन तैयार गर्नुपर्छ ।

स्वाध्यायं श्रावयेत्पित्र्ये धर्मशास्त्राणि चैव हि ।
आख्यानानीतिहासांश्च पुराणानि खिलानि च ॥ ३/२३२ ॥

अर्थात्:- ज्ञानी पण्डित मार्फत् ईश्वरकृत ज्ञान वेदको ज्ञानको बारेमा, धर्मशास्त्रका भनाईको बारेमा पुरातन ज्ञान विधानको बारेमा, इतिहासको सत्यतको घटनाको बारेमा र ज्ञान, विज्ञानको विधानको बारेमा परिवारको सबै सदस्य एकिकृत भएर ज्ञानीको मुखबाट सुन्ने गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- यहाँ पुराणानि भन्ने शब्द आएको हुनाले पुरातन ज्ञानलाई भन्ने बुझ्नुपर्छ मेरो पिता पितामहलाई भएको आफ्नो अनुभवको आधारमा लेख्नु भएको अनुभूति भएको सम्पूर्ण पुरातन ज्ञानलाई पुराण भनिन्छ। यहाँ भनिएको पुराण शब्द पुरातन अनुभूतिको ज्ञान हो भन्ने बुझ्नु पर्छ किनकि जब मनुस्मृति भनिएको थियो त्यस समयमा केवल वेद बाहेक अन्य कुनै पनि ग्रन्थ लेखिएको थिएन। मनुस्मृति भनिएको समयमा अहिले भनिएको अठार पुराणको रचना भएको नै थिएन।

हर्षयेद्ब्राह्मणांस्तुष्टो भोजयेच्च शनैःशनैः।
अन्नाद्येनासकृच्चैतान्गुणैश्च परिचोदयेत्॥ ३/२३३॥

अर्थात्:- आदर्श गृहस्थीले गृहस्थीको गुणलाई धारण गर्दै परिवारसँग हर्षित भएर ज्ञानी ब्राह्मणको मुखबाट मधुर वचनबाट ईश्वरले दिनुभएको ज्ञान वेदको ज्ञानलाई ग्रहण गर्नुपर्छ, क्षमताअनुसार ज्ञानदिने ज्ञानी ब्राह्मणलाई आफूसक्दो सहयोग गर्नुपर्छ यदि सहयोग गर्ने क्षमता नभएमा मधुर वचन बोल्नु र भन्नु हे ज्ञानी महात्मा ! म हजुरुलाई केही सहयोग गर्नको लागि असक्षम छु मलाई माफ गर्नू भनेर वचनद्वारा ब्राह्मणलाईसम्मान तथा प्रसन्न गर्नुपर्छ।

व्रतस्थं अपि दौहित्रं श्राद्धे यत्नेन भोजयेत्।
कुतपं चासनं दद्यात्तिलैश्च विकिरेन्महीम्॥ ३/२३४॥

अर्थात्:- कुनै पनि शुभ कार्य केवल वेदज्ञानी ब्राह्मणबाट नै गराउनु पर्छ दौहित्र (नाति) यदि व्रतमा भएको भएमा या घरमा कुनै शुभकार्य भएमा कुनै न कुनै किसिमले वेदज्ञानी ब्राह्मणलाई कुनै न कुनै तरिकाले यत्नपूर्वक र श्राद्धापूर्वक भोजन गराउन सकिन्छ, कुनै वेदज्ञानी ब्राह्मण या अतिथि घरमा आएमा बस्नको लागि नरम कपडा (नेपाली कम्बल) बाट बनेको आसन दिनुपर्छ, आदरपूर्वक अघि उभिएर के सेवा गरुँ भनेर सोध्नु पर्छ।

त्रीणि श्राद्धे पवित्राणि दौहित्रः कुतपस्तिलाः।
त्रीणि चात्र प्रशंसन्ति शौचं अक्रोधं अत्वराम्॥ ३/३३५॥

अर्थात्:- कुनै पनि अवस्थामा हुने श्राद्धको कार्यमा तीनलाई सधैँ पवित्र मान्नु,

१) दौहित्र (नाति), २) नेपाली कम्बल, ३) तील,

त्यस्तै यी तीन गुणलाई धारण गर्ने जो सुकै होस् त्यो सधैँ सम्मानित, आदरणीय तथा प्रशंसनीय रहेको हुन्छ,

१) पवित्रता, २) शान्ति, ३) धैर्य,

अत्युष्णं सर्व अन्नं स्याद्भुञ्जीरंस्ते च वाग्यताः।
न च द्विजातयो ब्रूयुर्दात्रा पृष्टा हविर्गुणान्॥ ३/२३६॥

अर्थात्:-भोजन गर्दा मौन रहेर, ज्ञानी बनेर भोजन गर्नुपर्छ भोजन सधैँ माध्यम उष्ण हुनुपर्छ। आफूले गर्दै गरेको भोजनको गुणको बारेमा भोजनदाताले कस्तो छ भनेर सोधेमा भोजनको बारेमा कुनै पनि गलत शब्द बोल्नु हुँदैन भोजन मौन रहेर गर्ने विधानको गुणलाई नै ब्राह्मण भनिन्छ।

यावदुष्मा भवत्यन्नं यावदश्नन्ति वाग्यताः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पितरस्तावदश्नन्ति यावन्नोक्ता हविर्गुणाः ॥ ३/२३७ ॥

अर्थात्:- आफ्नो माता, पिता लगायत सबै अतिथि तथा आफ्नो परिवारलाई उष्ण भोजन गराउनुपर्छ । कुनै पनि अवस्थामा माता, पिताको भोजन चिसो हुनुहुँदैन भोजन सधैँ उष्ण हुनुपर्छ ।

यद्वेष्टितशिरा भुङ्क्ते यद्भुङ्क्ते दक्षिणामुखः ।
सोपानत्कश्च यद्भुङ्क्ते तद्वै रक्षांसि भुञ्जते ॥ ३/२३८ ॥

अर्थात्:- भोजन गर्दा दक्षिण दिशातिर मुख गर्नुहुँदैन र टाउको बाँधेर, जुत्ता मोजा लगाएर, पेटी बाँधेर, उभिएर भोजन गर्नुहुँदैन दक्षिण मुख गरेर, टाउको बाँधेर, पटुकी बाँधेर, उभिएर भोजन गर्नाले शरीरको ऊर्जा र भोजनको ऊर्जामा हुने शक्तिमा असन्तुलन उत्पन्न हुन्छ ।

चाण्डालश्च वराहश्च कुक्कुटः श्वा तथैव च ।
रजस्वला च षण्ढश्च नेक्षेरन्नश्नतो द्विजान् ॥ ३/२३९ ॥

अर्थात्:- भोजन बनाउने र भोजन गर्नेकोठा सुरक्षित सुख्खा नयाँनो र हावा लाग्ने किसिमको हुनुपर्छ । भोजन तैयार गर्दा या भोजन गर्दा कुनै पनि प्राणीले बाह्य आक्रमण नगरोस् र बाहिरको कुनै पनि चाण्डाल आचरण भएको मनुष्यले नदेखोस, भोजन गर्ने ठाउँको कारण राजश्वला स्त्रीको आवत जावतको लागि कुनै पनि अवरोध नहुने होस् भोजन कक्ष अन्य जानवरदेखि पनि सुरक्षित क्षेत्रमा हुनुपर्छ । जस्तै बराह (सूँगुर) कुक्कुट (कुखुरा), स्वान (कुकुर) यी सबै जनावरबाट आक्रमण नहुने ठाउँमा भोजन कक्ष हुनुपर्छ ।

होमे प्रदाने भोज्ये च यदेभिरभिवीक्ष्यते ।
दैवे हविषि पित्र्ये वा तद्गच्छत्यययथातथम् ॥ ३/२४० ॥

अर्थात्:- देवयज्ञ वा पितृयज्ञको लागि तैयार गरिएको भोजनलाई निम्नलिखित शरीरधारी जीवहरूको स्पर्श भएमा त्यो भोजनलाई अशुद्ध भएको मान्नू ।

घ्राणेन सूकरो हन्ति पक्षवातेन कुक्कुटः ।
श्वा तु दृष्टिनिपातेन स्पर्शेणावरवर्णजः ॥ ३/२४१ ॥

अर्थात्:- सुँगुरले सुघेमा पनि, कुखुराको पाखेटाको हावा लागेमा पनि, कुकुरले मुख हालेमा या घर बहिरको कुनै पनि जानवरले छोएमा, आचरण र कर्मच्यूत भएको व्यक्ति र यज्ञपवित नभएको व्यक्ति जो प्रौढ़ छ त्यस्तोले स्पर्श मात्र गरेमा भोजनको ऊर्जा नष्ट हुन्छ र त्यास्कारण भोजन अशुद्ध हुन्छ ।

खञ्जो वा यदि वा काणो दातुः प्रेष्योऽपि वा भवेत् ।
हीनातिरिक्तगात्रो वा तं अप्यपनयेत्पुनः ॥ ३/२४२ ॥

अर्थात्:- माता, पिताको सेवा आफैले नै गर्नुपर्छ तर विविध कारणले माता, पिताको सेवाको लागि कुनै सेवक राख्नु परेमा आपांग या धेरै अङ्ग भएको, कर्मच्यूत व्यक्तिलाई राख्नुहुँदैन जस्तै कानो, मानसिक विक्षिप्त, एक अङ्गहीन वा एक अधिक अङ्ग भएको यस्तो व्यक्तिलाई माता, पिताको सेवा अर्थात् माता, पिताको श्राद्धको लागि नियुक्त गर्नुहुँदैन ।

ब्राह्मणं भिक्षुकं वापि भोजनार्थं उपस्थितम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणैरभ्यनुज्ञातः शक्तितः प्रतिपूजयेत् ॥ ३/२४३ ॥

अर्थात्:- माता, पिताको लागि पितृयज्ञ गरिरहेको या कुनै ब्राह्मणको सेवा गरिरहेको अवस्थामा यदि ब्राह्मण वा भिक्षुक जो भोजनार्थ आएको खण्डमा माता, पिता तथा निमन्त्रीत ब्राह्मणको आज्ञा लिएर ती ब्राह्मण तथा भिक्षुको यथाशक्ति आफ्नो क्षमताले भ्याएसम्म प्रत्येककोसम्मान तथा भोजनको व्यवस्था गर्नुपर्छ ।

सार्ववर्णिकं अन्नाद्यं संनीयाप्लाव्य वारिणा ।
समुत्सृजेद्भुक्तवतां अग्रतो विकिरन्भुवि ॥ ३/२४४ ॥

अर्थात्:- माता, पिता तथा घरको सबै सबै सदस्यको लागि सबै सात्विक भोजन, मौसम अनुसारको अन्नको भोजन, अनेक प्रकारको मिश्रित अन्नको भोजनलाई मिलाएर तैयार गरिएको व्यन्जन आदिको हुनुपर्छ । भोजन गर्दा बस्नको लागि सफा ठाउँमा सुकुलको व्यवस्था हुनुपर्छ । भोजन गर्नुभन्दा पहिले पानी दिएर माता, पितालाई हात धुन भन्नुपर्छ । यदि मातापिता हात धुन असक्षम भएमा आफैले हात धोईदिने गर्नुपर्छ । यदि घरमाकोही अतिथि तथा ज्ञानी ब्राह्मण आएको भएमा ती सबैलाई आफ्नो हात सफाइ गरेपछि सात्विक अन्नबाट तैयार गरिएको भोजनलाई मातापिता तथा ज्ञानी ब्राह्मणकोसम्मुख आफैले हजुरको भोजन भनेर पृथ्वीमा राखिदिनुपर्छ ।

असंस्कृतप्रमीतानां त्यागिनां कुलयोषिताम् ।
उच्छिष्टं भागधेयं स्याद्दर्भेषु विकिरश्च यः ॥ ३/२४५ ॥

अर्थात्:- सानो बालक, यज्ञपवित नभएको बालकलाई भोजन तैयार गर्ने स्थानदेखि टाढा राख्नुपर्छ अर्थात् सानो बालकलाई भोजन तैयार गर्ने या कुनै पनि अग्निको नाजिक जान दिनुहुँदैन र भोजन तैयार गर्ने ठाउँमा एक पटक विवाह गरेको र बिनाकरण त्यस पतीलाई त्याग गरेर परपुरुषसँग फेरि भागेर त्यस पतिसँग बस्ने गरेको नारी र त्यसको सन्तानलाई पनि भोजन तैयार गर्ने र भोजन गर्ने स्थानमा जानु हुँदैन । यस्तो व्यक्तिलाई तथा नारीलाई भोजन कक्षदेखि दूर राखेर भोजन गराउनु पर्छ ।

उच्छेषणां भूमिगतं अजिह्मस्याशठस्य च ।
दासवर्गस्य तत्पित्र्ये भागधेयं प्रचक्षते ॥ ३/२४६ ॥

अर्थात्:- संस्कार पतित भएको नारी तथा पुरुषलाई भोजन गराउँदा बस्नको लागि व्यवस्था गरेर भोजनलाई दिँदा पृथ्वीमा नै आफ्नो हातले राखिदिनुपर्छ, भोजनलाई ती संस्कार पतित व्यक्तिको हातमा दिनुहुँदैन । किनकि यस्तो मनुष्य संस्कार च्यूत हुनाले आचरण च्यूत भएको हुनाले यस्तो व्यक्ति दास हो भन्ने बुझ्नुपर्छ तर मानवतालाई भने सधैं ध्यान राख्नुपर्छ ।

आसपिण्डक्रियाकर्म द्विजातेः संस्थितस्य तु ।
अदैवं भोजयेच्छ्राद्धं पिण्डं एकं च निर्वपेत् ॥ ३/२४७ ॥

अर्थात्:- ब्राह्मण, क्षत्रीय, वैश्य वर्णको घरमा कुनै पनि मनुष्यको मृत्यु भएको भए त्यही दिनको त्यही समयदेखि नै सपिण्डीले आफ्नो दैनिक क्रिया भने गर्नुपर्छ तर विश्वदेवको निमित्त जो कार्य गरिन्छ त्यो कार्यलाई भने सपिण्डीले गर्नुहुँदैन । घरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएको भोको र प्यासा जो सुकै होस् त्यसलाई भोजन तथा पानीको व्यवस्था गर्न भने सकिने छ। प्रकृति सन्तुलनको प्रत्येक कार्य गर्न भने कहिल्यै छोड्नुहुँदैन।

सहपिण्डक्रियायां तु कृतायां अस्य धर्मतः।
अनयैवावृता कार्य पिण्डनिर्वपनं सुतैः ॥ ३/२४८ ॥

अर्थात्:- त्यस समाजमा भएको अन्य वर्ण र सपिण्डी मिलेर त्यस मृत्यु भएको घरको लागि आवश्यकता पर्ने सबै सहयोग गर्नुपर्छ।

श्राद्धं भुक्त्वा य उच्छिष्टं वृषलाई प्रयच्छति।
स मूढो नरकं याति कालसूत्रं अवाक्शिराः। ३/२४९ ॥

अर्थात्:- घरमा आएको अतिथि तथा निमन्त्रणा गरिएको ज्ञानीलाई बिना श्रद्धा भोजन गराउँछ या भोजनलाई जुठो गरेर भोजन गराउने गरेको हुन्छ त्यस्तो मनुष्यको जीवन र मृत्यु अति नै भयङ्कर कष्टकर पूर्ण हुन्छ, मृत्युपछि पनि टाउको तल र खुट्टामाथि गरेर झुन्डीउनु पर्ने योनीलाई प्राप्त गरेको हुन्छ। यस्तो जन्मलाई कालपूत्र नामको नरकको भोगयोनी हो

श्राद्धभुग्वृषलतिलपं तदहर्योऽधिगच्छति।
तस्याः पुरीषे तं मासं पितरस्तस्य शेरते ॥ ३/२५० ॥

अर्थात्:- माता, पिता नभएको गृहस्थीले बोलाएर गराएको ज्ञानीले श्राद्धान्नको भोजन गरेपछि त्यस रात्रीमा कुनै पनि ज्ञानीले यदि परस्त्री गमन गर्छ भने त्यस्तो ब्राह्मण आफ्नो गुणबाट पतन हुनेछ भने मृत्युपछि पिसाब र मैलाबाट उत्पन्न हुने विषाणुको योनीलाई प्राप्त गर्नेछ।

पृष्ट्वा स्वदितं इत्येवं तृप्तानाचामयेत्ततः।
आचान्तांश्चानुजानीयादभितो रम्यतां इति ॥ ३/२५१ ॥

अर्थात्:- गृहस्थीले घरमा आएको वेदज्ञानी ब्राह्मणलाई आफू सक्दो भोजन तथा पक्वान्न बनाएर राम्रोसँग भोजन गराउनु पर्छ र अन्त्यमा तृप्त भएको नभएको सोधेर यदि तृप्त नभएको खण्डमा भोजन र तृप्त नभएमा पानी दिएर ब्राह्मणलाई धन्यवाद भन्नुपर्छ।

स्वधास्त्वित्येव तं ब्रूयुर्ब्राह्मणास्तदनन्तरम्।
स्वधाकारः परा ह्याषीः सर्वेषु पितृकर्मसु ॥ ३/२५२ ॥

अर्थात्:- गृहस्थीले धन्यवाद भनेपछि प्रत्युत्तरमा वेदज्ञानी ब्राह्मणले स्वधः स्तु भन्नुपर्छ। माता, पिता नभएको गृहस्थीले गर्ने पितृकर्ममा वेदज्ञानी ब्राह्मणलाई भोजन गराएपछि ज्ञानी खुशी भएर स्वधाः भन्नुलाई महान् आशीर्वाद हो भन्ने बुझ्नु पर्छ।

ततो भुक्तवतां तेषां अन्नशेषं निवेदयेत्।
यथा ब्रूयुस्तथा कुर्यादनुज्ञातस्ततो द्विजैः ॥ ३/२५३ ॥

अर्थात्:- पितृकर्ममा आएको ब्राह्मणको भोजन तत्पश्चात् बचेको अन्नलाई ब्राह्मणले ज्ञानको विधानअनुसार बचेको अन्न के गर्ने ? भनेर सोधेर त्यही अनुसार गर्नुपर्छ तर अन्न भने कुनै पनि अवस्थामा नष्ट गर्नुहुँदैन अन्न नष्ट गर्नु भनेको महापातकको कार्य हो। त्यसैले अन्नलाई नष्ट गर्नाले महापातक रोग लाग्छ त्यसैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदज्ञानी ब्राह्मणले के गर्नु भनेको हुन्छ त्यहीअनुसार नै गृहस्थीले आफ्नो कार्य गर्नुपर्छ ।

पित्र्ये स्वदितं इत्येव वाच्यं गोष्ठे तु सुशृतम् ।
संपन्नं इत्यभ्युदये दैवे रुचितं इत्यपि ॥ ३/२५४ ॥

अर्थात्:- माता, पिता नभएको गृहस्थीले पितृकर्म गर्ने इच्छा भएमा र यदि कुनै ज्ञानीलाई भोजन गराउन चाहेमा एकोदिष्ट श्राद्धमा भोजन गराउनु उत्तम समय हुन्छ यो समयमा मनुष्य शरीर प्रकृति रुपमा तृप्त, प्रसन्न हुन्छ, पाचन प्रक्रिया उत्तम हुनाले भोजन स्वादिष्ट हुन्छ । गोष्ठी, श्राद्ध, सुश्रुतम र अभ्युदयिक समयमा यो कार्य गर्नुलाई श्राद्ध भन्ने गरिन्छ भने देवकार्यको लागि भने कुनै निश्चित समय निर्धारण हुँदैन त्यसैले देवकार्यमा गृहस्थीले सधैँ रुचि राख्नुपर्छ ।

अपराह्णस्तथा दर्भा वास्तुसंपादनं तीलाः ।
सृष्टिर्मृष्टिर्द्विवजाश्चार्घ्याः श्राद्धकर्मसु संपदः ॥ ३/२५५ ॥

अर्थात्:- गृहस्थीले सबैलाई भोजन गराएर आफूले भोजन गरेपछि अपराह्न कालमा कुश तथा गोबर आदिले भूमिलाई शोधना गर्नुपर्छ र सबैले भोजन गरेको लगत्तै तीललाई खान सकिन्छ भने भोजन गरे लगत्तै पानीको साथ साथ अन्य कुनै पनि अन्न तत्काल खानु हुँदैन । खानको लगत्तै पानी पिउनु भनेको बिष बराबर हो ।

दर्भाः पवित्रं पूर्वाह्णो हविष्याणि च सर्वशः ।
पवित्रं यच्च पूर्वोक्तं विज्ञेया हव्यसंपदः ॥ ३/२५६ ॥

अर्थात्:- मनुष्यले पहिले विहानको शुरू ॐ मन्त्रद्वारा गर्नुपर्छ मन्त्र पछि पानी, प्राणायाम, पूर्वाह्न काल हविष्य अर्थात् भोजन र भोजन गर्दा उपरोक्त विधिले समान भूमिका शोधन गरेर आफ्नो भोजनलाई बनाउनु पर्छ । सफाइ पनि एक देवकार्य हो । यही मनुष्यको स्वास्थ्य रहने र सृस्टिको सम्पदा संरक्षण गर्ने विधि नै देवकर्म नै हो । देवकर्म नै मनुष्यको आफ्नो संरक्षण गर्ने आफ्नो सम्पदा नै (धन) हो ।

मुन्यन्नानि पयः सोमो मांसं यच्चानुपस्कृतम् ।
अक्सारलवणं चैव प्रकृत्या हविरुच्यते ॥ ३/२५७ ॥

अर्थात्:- गृहस्थीले भोजन तैयार गर्दा मुनिहरूको लागि अन्न, दुध, सोमलता (हरियो तरकारी तथा ताजा फलफूलको) रस, त्यो पनि मौसम र महिना अनुसार बन्ने बनस्पतिको, नुन यी सबै प्रयोग गरेर मुनिको लागि भोजन तैयार गर्नुपर्छ मुनिको लागि यही भोजन स्वाभाविक भोजन हो ।

विसृज्य ब्राह्मणांस्तांस्तु नियतो वाग्यतः शुचिः ।
दक्षिणां दिशं आकाङ्क्षन्याचेतेमान्वरान्पितककन् ॥ ३/२५८ ॥

अर्थात्:- गृहस्थीको पुरा परिवार जमघट हुने आपसमा विचार गोष्ठी गर्नुपर्ने हुन्छ त्यो अवस्थामा आएको सबैलाई श्रद्धाले आदर सत्कार गर्नुपर्छ र आदर सत्कार र श्रद्धामा एक अर्काप्रति गरिने कार्य श्राद्धको अन्त्यमा 'सुश्रुतम' भन्नुपर्छ। सबै सदस्यलाई भोजन गराई सकेपछि ब्राह्मणलाई विदा गरेपछि श्राद्धकर्ताले मनलाई पवित्र राख्नुपर्छ। कुनै अपाच्य शब्द सोच्नु हुँदैन र मौन धारण गरेर दक्षिण दिशातिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुख गरेर ईश्वरसँग यो भनेर प्रार्थना गर्नु पर्छ ।
(समयको कलमः-माथि भनिएको केही शब्दको मुख्य अर्थ गृहस्थीले प्रतिदिन 'सात्विक' भोजन गर्ने हुनुपर्छ अथवा 'अमृत' भोजन गर्ने हुनुपर्छ । माता, पिता, अतिथि, मित्र आदि सबैले भोजन गरेर सकेपछि अन्त्यमा गरिने भोजनलाई 'विघस' पनि भनिन्छ तथा यज्ञमा आहुति दिएपछि वचेको भोजनलाई 'अमृत' भनिन्छ)

दातारो नोऽभिवर्धन्तां वेदाः संततिरेव च ।
श्रद्धा च नो मा व्यगमद्वहुदेयं च नोऽस्त्विति ॥ ३/२५९ ॥

अर्थात्:- भोजन गर्नु भन्दा पहिले र कुनै पनि कर्म गर्नुभन्दा ईश्वरलाई यसरी धन्यवाद भन्दै प्रार्थना गर्नुपर्छ । हे ईश्वर ! हाम्रो कुलमा उत्तम ज्ञान धारण गर्ने सन्ततिको जन्म होस्, वेदज्ञानअनुसार कर्मगर्ने, सात्विक यज्ञगर्ने, वेदको ज्ञानलाई पालन तथा वेदको नियमलाई धारण गर्ने सन्ततिको जन्महोस्, ज्ञानी, ध्यानी, विद्वान् ब्राह्मणकोसम्मान गर्ने सन्तति होस्, दुःखी दरिद्रकोही नहोस् सबैको कल्याणको कार्यगर्न सक्ने सन्तति हाम्रो कुलमा जन्म होस् हजुरलाई धेरै धेरै धन्यवाद ।

एवं निर्वपणं कृत्वा पिण्डांस्तांस्तदनन्तरम् ।
गां विप्रं अजं अग्निं वा प्राशयेदप्सु वा क्षिपेत् ॥ ३/२६० ॥

अर्थात्:- प्रार्थनामा आफ्नो कुलको उन्नतिको लागि मागिएको विधान सकिएपछि पहिले वचेको भोजन कुनै पनि भोको या अन्य जमिनको कुनै पनि प्राणी या कसैलाई पनि दिन सकिन्छ यदि जमिनको कुनै प्राणी नभएमा पानीको प्राणीलाई दिनु पर्छ यदि त्यो पनि सम्भाव नभएमा अग्निमा नै राख्नुपर्छ ।

पिण्डनिर्वपणं के चित्परस्तादेव कुर्वते ।
वयोभिः खादयन्त्यन्ये प्रक्षिपन्त्यनलेऽप्सु वा ॥ ३/२६१ ॥

अर्थात्:- गृहस्थीले कुनै पनि भोजन नष्ट गर्नुहुँदैन । सम्भव भएसम्म जो जे भोजन गर्छ त्यही जनावरलाई दिन सकिने छ यदि त्यो सम्भाव नभएमा मात्र आगो या पानीमा हाल्नु पर्छ ।

पतिव्रता धर्मपत्नी पितृपूजनतत्परा ।
मध्यमं तु ततः पिण्डं अद्यात्सम्यक्सुतार्थिनी ॥ ३/२६२ ॥

अर्थात्:- पतिव्रत धर्मपत्नीले आफ्नो पतिको माता, पितालाई अर्थात् सासू तथा ससुराको हिसावले हैंन माता, पिताको हिसावले सेवा मन वचन कर्मले गर्नुपर्छ यदि यस्तो सेवा गर्ने स्त्रीकोकोखबाट सधैं ज्ञानी विद्वान्, विदुषी पुत्र पुत्रीको जन्म हुन्छ । माता, पिताको आशीर्वादले ।

आयुष्मन्तं सुतं सूते यशोमेधासमन्वितम् ।
धनवन्तं प्रजावन्तं सात्त्विकं धार्मिकं तथा ॥ ३/२६३ ॥

अर्थात्:- यस्तो पतिव्रता र माता, पिताको सेवा गर्ने पत्नीकोकोखबाट दीर्घायु, यशस्वी, बुद्धिमान्, धनवान, ज्ञानवान्, प्रजावान्, सत्वगुणी, धार्मिक र वंशलाई ज्ञानी बनाउने वंशको जन्म हुनेछ ।

प्रक्साल्य हस्तावाचाम्य ज्ञातिप्रायं प्रकल्पयेत् ।
ज्ञातिभ्यः सत्कृतं दत्त्वा बान्धवानपि भोजयेत् ॥ ३/२६४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- माता, पिताको सेवा गरिसकेपछि पछि हात सफा गरेर सकेपछि यदिकोही अतिथि या नाता-गोता जो सुकै आएको होस् त्यसलाई भोजन गराउनु पर्छ ।

उच्छेषणं तु तत्तिष्ठेद्यावद्विप्रा विसर्जिताः ।
ततो गृहबलिं कुर्यादिति धर्मो व्यवस्थितः ॥ ३/२६५ ॥

अर्थात्:- गृहस्थीको निमन्त्रणामा आएको कुनै पनि अतिथि तथा ज्ञानीजन विदा भएर गएपछि घरको सफाइ गर्नुपर्छ । त्यस पछिको दैनिक कार्य सुचारू राख्नुपर्छ जस्तैः ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, बलिवैश्य यज्ञ र दैनिक गरिने गराइने कार्य सुचारू राख्नुपर्छ ।

हविर्यच्चिररात्राय यच्चानन्त्याय कल्पते ।
पितृभ्यो विधिवद्दत्तं तत्प्रवक्ष्याम्यशेषतः ॥ ३/२६६ ॥

अर्थात्:- आफ्नो मृत्युलाई प्राप्त गरेको पिता, माताको नाममा गरिने तथा गराइने कुनै पनि कार्यलाई महान् कार्य हो भन्नु गलत हो त्यसैले यदि जीवित माता, पिताको सेवा गरेर माता, पितालाई खुशी राख्न सक्ने हो भने त्यस कर्मको कर्मफल अति नै चिरकालसम्म रहने छ । यदि माता, पिता आफ्नो सन्ततिको सेवावाट खुशी भएर आशीष दिएमा त्यसको कुलमा उत्पन्न हुने र त्यस कुलको अघिको पुस्ता नै अति उत्तम ज्ञानी हुनेछन् ।

तीलैर्व्रीहियवैर्माषैरद्भिर्मूलफलेन वा ।
दत्तेन मासं तृप्यन्ति विधिवत्पितरो नृनाम् ॥ ३/२६७ ॥

अर्थात्:- गृहस्थीले आफ्नो माता, पितालाई सधैँ सात्विक भोजन गराउनु पर्छ । जस्तै तील, धान, गहुँ, मास लगायतको अन्न दाल, मौसम अनुसारको फलफूल आदिद्वारा नै सेवा गरेर माता, पितालाई खुशी राख्ने कार्य सधैँ गर्नुपर्छ ।

(समयको कलमः- मनुस्मृतिको मनुविधान महर्षि मनुमहाराजद्वारा निर्माण गरिएको मनुष्यको लागि विधानको हो किनकि मनुस्मृतिको विधान सबै प्राकृतिक नियमसँग सम्बन्धित ज्ञान रहेको छ यी नियम सबै मनुष्यमा लागु हुन्छ किनकि मनुस्मृतिका सम्पूर्ण श्लोक पूर्ण व्यवहारिक ज्ञानका लागि बनाइएको नियम हुन् । मनुस्मृतिका सबै श्लोकहरू वेदसंगत छन् । जहाँ श्लोकहरूले शाकाहारी जीवनपद्धतीमा रहेर कर्तव्यनिष्ठ, नैतिकवान, सदाचारी, परोपकारी र मानवतावादी बन्न सिकाउँछ ।

यत्किं चिन्मधुना मिश्रं प्रदद्यात्तु त्रयोदशीम् ।
तदप्यक्षयं एव स्याद्वर्षासु च मघाँसु च ॥ ३/२६८ ॥

अर्थात्:- वर्षा ऋतुमा त्रयोदशी तिथिमा मेघा नक्षत्र परेको हुन्छ समयमा घरमा बनाइएको मह, गुड़ सख्खर लगायतका अन्य गुलियो वस्तु मिलाएर बनाएको परिकार माता, पिता तथा आफू र आफ्नो परिवार मिलेर खाएको खण्डमा शरीरमा अतिनै ऊर्जा उत्पन्न हुन्छ ।

अपि नः स कुले भूयाद्यो नो दद्यात्त्रयोदशीम् ।
पायसं मधुसर्पिर्भ्या प्राक्छाये कुञ्जरस्य च ॥ ३/२६९ ॥

अर्थात्:- माता, पिताले आफ्नो पुत्रको विवाह पश्चात् सधैँ अन्तर्मनमा यो अभिलाषा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राखेका हुन्छन् कि आफ्नो कुलमा अति नै ज्ञानी विद्वान् सन्तानको जन्म होस्, घरमा सधैं आफ्नो कर्मद्वारा उज्ज्वल बनाओस, अँध्यारो संसारमा पनि आफ्नो ज्ञानद्वारा सधैं सबैमा ज्ञानको प्रकाश प्रदान गरोस भन्ने अपेक्षा राखेका हुन्छन् ।

यद्यद्ददाति विधिवत्सम्यक्श्रद्धासमन्वितः ।
तत्तत्पितककणां भवति परत्रानन्तं अक्षयम् ॥ ३/२७० ॥

अर्थात्:- जुन गृहस्थीले आफ्नो माता, पिताको सेवा जसरी गरेको हुन्छ जुन रीतिले आफ्नो माता, पिताको सेवा गरेको हुन्छ त्यस सेवाको फल त्यस गृहस्थीलाई यो जन्ममा मिल्छ नै र अघि पनि अनन्त फल मिल्नेछ । त्यसैले गृहस्थीले आफ्नो माता, पिताको सेवा उत्तम प्रकारले नियमपूर्वक गर्नुपर्छ ।

कृष्णपक्षे दशम्यादौ वर्जयित्वा चतुर्दशीम् ।
श्राद्धे प्रशस्तास्तिथयो यथैता न तथेतराः ॥ ३/२७१ ॥

अर्थात्:- गृहस्थीले भाद्रमासको कृष्णपक्षको दशमी तिथिदेखि लिएर चतुर्दशीको अतिरिक्त अमावस्या तिथिको समयमा विभिन्न किसिमका हल्का गुलियो परिकार बनाएर आफ्नो माता, पिताको सेवा गर्नुपर्छ यो समयमा सधैं हल्का भोजन माता, पिताको लागि र आफ्नो परिवारको लागि बनाउनु पर्छ ।

युक्षु कुर्वन्दिनर्क्षेषु सर्वान्कामान्समश्नुते ।
अयुक्षु तु पितककन्सर्वान्प्रजां प्राप्नोति पुष्कलाम् ॥ ३/२७२ ॥

अर्थात्:- गृहस्थीले सम तिथि तथा सम नक्षत्रमा मनुष्यको शरीरमा अलग अलग ऊर्जा उत्पन्न हुन्छ त्यस्तो समयको जानकारी राखेर त्यही जानकारी अनुसार माध्यम मिठो तथा गुलियो भोजन तैयार गरेर माता, पिताको सेवा गर्नुपर्छ र विषम तिथि तथा विषम नक्षत्रमा त्यही अनुसारको भोजन तैयार गर्नुपर्छ ।

यथा चैवापरः पक्षः पूर्वपक्षाद्विशिष्यते ।
तथा श्राद्धस्य पूर्वाह्णादपराह्णो विशिष्यते ॥ ३/२७३ ॥

अर्थात्:- पूर्ण गुलियो भोजनको लागि शुक्लपक्षदेखि कृष्णपक्षसम्मको उत्तम समय हो भने पूर्ण गुलियो भोजन दिनको पूर्वाह्न कालदेखि अपराह्न कालसम्म गर्नु अति नै उत्तम हो सायं कालमा धेरै गुलियो तथा अमिलो किसिमको भोजन गर्नु हुँदैन ।

प्राचीनावीतिना सम्यगपसव्यं अतन्द्रिणा ।
पित्र्यं आ निधनात्कार्य विधिवद्दर्भपाणिना ॥ ३/२७४ ॥

अर्थात्:- गृहस्थीले माता, पिताको सेवा गर्दा पूर्वमुख भएर उभिएर गर्नु पर्छ यदि माता, पिताको सेवा गर्दा यज्ञपवित दक्षिण काँधमा राख्नु परेमा पनि राख्न सकिने छ तर यज्ञपवितलाई कहिल्यै पनि शरीरबाट हटाउनु भने हुँदैन माता, पिताको सेवा नै महान् तप र पूजा हो यही वेदको ज्ञान हो ।

रात्रौ श्राद्धं न कुर्वीत राक्षसी कीर्तिता हि सा ।
संध्ययोरुभयोश्चैव सूर्ये चैवाचिरोदिते ॥ ३/२७५ ॥

अर्थात्:- पुरा अँध्यारो भएमा माता, पिताको सेवा गर्नु उचित हैंन तर बिरामी भएमा औषधी भने खुवाउनु पर्छ र सुतेको भएमा जगाउने गर्नु पनि हुँदैन । दुवै सन्ध्याको समयमा तथा प्रातःकाल तीन घड़ी पर्यन्त माता, पिताको सेवालाई केही क्षण रोक्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्छ । किनकि यो समय गृहस्थीको आफ्नो व्यक्तिगत कार्य गर्ने समय हो ।

अनेन विधिना श्राद्धं त्रिरब्दस्येह निर्वपेत् ।
लहेमन्तग्रीष्मवर्षासु पाञ्चयज्ञिकं अन्वहम् ॥ ३/२७६ ॥

अर्थात्:- गृहस्थीले विधिपूर्वक माता, पिताको सेवा गर्दै प्रत्येक ऋतुमा ऋतु अनुसारको भोजन तैयार गराएर माता, पिताको सेवा गर्नुपर्छ हेमन्त ऋतु (जाडो मौसम) मा शरीरलाई गरम गर्ने भोजन, ग्रीष्म ऋतु (गर्मी मौसम) मा मध्यम किसिमको र शरीरलाई सम राख्ने किसिमको भोजन, वर्षा ऋतुमा (बर्षाको मौसम) सुख्खा किसिमको भोजन बनाएर माता, पिताको सेवा गर्नुपर्छ । प्रत्येक ऋतुमा पञ्चमहायज्ञ भने गर्न सकिनेछ ।

न पैतृयज्ञियो होमो लौकिकेऽग्नौ विधीयते ।
न दर्शेन विना श्राद्धं आहिताग्नेर्द्विवजन्मनः ॥ ३/२७७ ॥

अर्थात्:- गृहस्थीको पितृ(यज्ञ सम्वन्धी कार्यको हवन लौकिक अग्निमा हुँदैन माता, पिताको सेवा गर्नु नै पितृ यज्ञ हो तथा पितृयज्ञको लागि गरिने अन्य विभिन्न कार्य भने केवल अमावस्या अतिरिक्त अन्य तिथिमा भने हुँदैन ।

यदेव तर्पयत्यद्भिः पितककन्स्नात्वा द्विजोत्तमः ।
तेनैव कृत्स्नं आप्नोति पितृयज्ञक्रियाफलम् ॥ ३/२७८ ॥

अर्थात्:- गृहस्थी यदि यात्रामा रहेमा पञ्चमहायज्ञ गर्न नसकेको खण्डमा केवल स्नान मात्र भए पनि गर्नुपर्छ ज्ञानीले स्नान गरेको खण्डमा शरीर निवृत्त हुन्छ र जलद्वारा नै शरीरको शुद्ध हुन्छ शरीर शुद्ध राख्नु पनि पञ्चयज्ञ विधान हो यो विधान केवल यात्राको समयको लागि मात्र निश्चित गरिएको हो ।

वसून्वदन्ति तु पितककन्रुद्रांश्चैव पितामहान् ।
प्रपितामहांस्तथादित्यान्श्रुतिरेषा सनातनी ॥ ३/२७९ ॥

अर्थात्:- गृहस्थीले माता, पिता, घरमा आएको अतिथि, ज्ञानी र आफ्नो सबैले भोजन गरे पश्चात् भोजन गर्नुपर्छ यस्तो अन्तिममा रहेको शेष भोजन गर्नुपर्छ, यो पनि एक किसिमको यज्ञ हो यो भोजनले गृहस्थीलाई आफ्नो धर्मको विधानलाई धारण गरेको मानिनेछ ।

विघसाशी भवेन्नित्यं नित्यं वामृतभोजनः ।
विघसो भुक्तशेषं तु यज्ञशेषं तथामृतम् ॥ ३/२८० ॥

अर्थात्:- गृहस्थी सधैं विघसाशी या अमृतभोजी हुनुपर्छ भुक्तशेष अन्नलाई विघस र यज्ञशेष अन्नलाई अमृत भनिन्छ । अतः ज्ञानीलाई अतिथि र घरको सबै सदस्य आदिलाई भोजन गराएर सकिएपछि अवशिष्ट अन्नलाई भोजनको रुपमा प्रयोग गर्नेलाई विघसाशी तथा अतिथियज्ञ आदि यज्ञवाट बचेको अवशिष्ट अन्नलाई भोजनको रुपमा प्रयोग गरेर खाने गृहस्थीलाई अमृतभोजी भनिन्छ ।

एतद्वोऽभिहितं सर्व विधानं पाञ्चयज्ञिकम् ।
बद्विजातिमुख्यवृत्तीनां विधानं श्रूयतां इति ॥ ३/२८१ ॥

अर्थात्:- यहाँसम्म मैले हजुरहरूलाई सत्य र सम्पूर्ण पञ्च महायज्ञको विधानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बारेमा भनेको छु। अब अघिको अंशमा द्विजातिको मुख्य आजीविका र जीवनचर्याको विधानको बारेमा भन्ने छु।

व्यवहारिक, नैतिक, सामाजिक, वैज्ञानिक र आध्यात्मिक

५ विधानको मनुष्यको जीवनमा यी पाँच नियम कही न कहिं सधैँ लागु हुन्छ, त्यसैले महर्षि मनुमहाराजले भन्नु भएको कुनै पनि श्लोकमाथिको पाँच नियममा रहेर भन्नु भएको हो। महर्षि मनुमहाराजको विधान 'मनुविधान' हो। मनुस्मृतिको श्लोक जुन महर्षि मनु महाराज कृति 'मनुविधान' हो त्यो माथिको कुनै न कुनै एक नियममा आउँछ तर भविष्यमा कलियुगको तिव्र प्रभावसँगै यी पाँच विधानका कुनै पनि विधान हटाउने छन्, उक्त समयमा त्यस्तो विकृत र प्रक्षिप्त मनुस्मृतिको सम्पूर्ण श्लोक विकृत हुनवाट वचाउने र बच्ने अकाट्य वेदल भनेका सत्य वचनलाई समयसापेक्ष 'मनुस्मृति' मा वेदाधिकार नभएका ब्राह्मणेतरलाई पनि बुझाउन मांसादि वर्णनलाई तिरस्कार गर्नेछन्।

ॐ तत्सदिति महर्षि मनुमहाराजस्य कृत मनुस्मृति विधानां विद्यायां नियमशास्त्रे भृगु-समय संवादे मनुस्मृति अन्तर्गते समबर्तन विवाह एवं पञ्चयज्ञ विधि विधानं विविध ज्ञानां नामक तृतीयोऽध्यायः।

अर्थात्:- महर्षि मनुमहाराजद्वारा निर्देशित मनुस्मृतिको नियम र विधान अन्तर्गतको भृगु र समय बीचमा भएको र संवादका रुपमा रहेको मनुस्मृतिको ज्ञान अन्तर्गतको समबर्तन विवाह, पञ्च महायज्ञको विषयमा पूर्णतः शाकहारी रही वर्णन गरिएको तेस्रो अध्याय समाप्त भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

।। अथ चतुर्थोऽध्यायः ।।

मनुस्मृति अध्यायः- ४

गृहस्थी कर्म, व्रत, यज्ञको विविध विधान

चतुर्थ आयुषो भागं उषित्वाद्यं गुरौ द्विजाः ।
द्वितीयं आयुषो भागं कृतदारो गृहे वसेत् ॥ ४/१ ॥

अर्थात्:- मनुष्यले आफ्नो जीवनको १०० बर्षको अवधिलाई चार भागमा गरेर आयुमा प्रथम भाग वेदाध्ययनको लागि गुरुकुलमा व्यतित गर्नुपर्छ । त्यसपछि आयुको द्वितीय भागको उमेरमा आफूले जानेको कर्मलाई स्वीकार गरेर त्यही कर्म गर्नको लागि विवाह गरेर गृहस्थाश्रमलाई वरण गर्नुपर्छ ।

अद्रोहेणैव भूतानां अल्पद्रोहेण वा पुनः ।
या वृत्तिस्तां समास्थाय विप्रो जीवेदनापदि ॥ ४/२ ॥

अर्थात्:- ब्राह्मण वर्णले आफ्नो वृत्ति अर्थात् आफ्नो चित्तलाई सधैं यस्तो शुद्धि राख्नुपर्छ कि आफ्नो कर्मद्वारा र आफ्नो आचारण र सोचद्वारा स्वप्नामा भए पनि कुनै पनि जीवलाई हानी नोक्सान तथा कष्ट हुनुहुँदैन । यदि कुनै पनि कार्य गर्नमा वाध्य हो र त्यो कार्य परिस्थितिको कारण गर्न नै पर्ने हो या असाध्य हो भने जुन कार्यको कारण कुनै पनि जीवलाई अल्प कष्ट हुन्छ त्यही विधिद्वारा आफ्नो कार्य सम्पन्न गर्नुपर्छ तर ब्राह्मण वर्णलाई कुनै पनि प्राणीको विनाकरण प्राणीलाई दुःख दिने या हत्या गर्ने अधिकार नै छैन ।

यात्रामात्रप्रसिद्ध्यर्थं स्वैः कर्मभिरगर्हितैः ।
अक्लेशेन शरीरस्य कुर्वीत धनसञ्चयम् ॥ ४/३ ॥

अर्थात्:- गृहस्थीले सधैं आफ्नो र अन्य सबै प्राणीको लागि कल्याण हुने र शास्त्र निर्देशित कर्म गर्नुपर्छ, गृहस्थीले शास्त्र निर्देशित आ-आफ्नो अनिन्दित कर्मद्वारा कुनै पनि प्राणीको हानी र आफ्नो शरीरलाई पनि हानी नहुने कर्म गरेर केवल प्राणको रक्षा गर्दै र त्यही प्राण रक्षाको लागि मात्र निमित्त धन-सञ्चय गर्नुपर्छ ।

ऋतामृताभ्यां जीवेत्तु मृतेन प्रमृतेन वा ।
सत्यानृताभ्यां अपि वा न श्ववृत्त्या कदा चन ॥ ४/४ ॥

अर्थात्:- मनुष्यले सधैं ऋत, अमृत, मृत, प्रमृत तथा सत्यलाई ग्रहण र अनृत (असत्यभाषण) लाई परित्यागद्वारा नै आफ्नो र सम्पूर्ण जीवको रक्षाको कार्य गर्नुपर्छ ।

ऋतं उञ्छशिलं ज्ञेयं अमृतं स्यादयाचितम् ।
मृतं तु याचितं भैक्षं प्रमृतं कर्षणं स्मृतम् ॥ ४/५ ॥

अर्थात्:- मनुष्यले सधैं आफ्नो कर्म गरिरहेको हुन्छ त्यही कर्ममा उद्यमशील अर्थात् कसैसँग नमाग्नु आफैले कर्म गरेर त्यही कर्मबाट प्राप्त अन्न खानुलाई ऋतु भनिन्छ, आफूले कर्मगर्ने तर कुनै अन्न कमी भएमा मागेर या साटेर खाने कर्मलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अयाचन कर्म भनिन्छ यस्तो अयाचन कर्मद्वारा प्राप्त अन्नलाई अमृत भनिन्छ । त्यस्तै केवल मागेर मात्र खाने याचना कर्म हो अर्थात् केवल मागेर मात्र प्राप्त हुने त्यही माँगेको अन्नलाई मृत अन्न भनिन्छ । आफैले आफ्नो र अन्यको सहयोगको लागि पनि उत्पादन गर्ने कार्यलाई कृषि भनिन्छ । कृषि कार्यवाट उत्पन्न अन्नलाई प्रमृत भनिन्छ ।

सत्यानृतं तु वाणिज्यं तेन चैवापि जीव्यते ।
सेवा श्ववृत्तिराख्याता तस्मात्तां परिवर्जयेत् ॥ ४/६ ॥

अर्थात्:- व्यापारलाई अर्को शब्दमा सत्यानृत अर्थात् सत्य तथा झुटोको मिलावट भएको भन्ने बुझिन्छ, व्यापार गरेर कमाएको सम्पत्तिलाई सत्यानृत भनिन्छ । नोकरी गरेर कमाएको सम्पत्ति अर्थात् कसैको सेवावाट कमाएको सम्पत्तिलाई कुत्तावृत्ति भनिन्छ । अतःएव महान् विपत्तिको समयमा मात्र ब्राह्मण वर्णले वाणिज्यको कार्य गर्नुपर्छ तर कुनै पनि अवस्थामा ब्राह्मणले सेवाको कार्य अर्थात् नोकरी भने गर्नहुँदैन ।

कुसूलधान्यको वा स्यात्कुम्भीधान्यक एव वा ।
त्र्यहैहिको वापि भवेदश्वस्तनिक एव वा ॥ ४/७ ॥

अर्थात्:- गृहस्थीले नित्य, नैमित्तिक र धर्म आदि कर्मको लागि अन्नको सञ्चय गर्नुपर्छ यो उचित कार्य हो तर त्यो पनि आवश्यकता अनुसार त्यही आवश्यकतामा कसैले यदि तीन वर्षसम्मको लागि यथेष्ठ अन्न सञ्चय गर्छ भने त्यस नियमलाई कुसुलधान्य गृहस्थी भनिन्छ, एक वर्षसम्मको लागि कमाएर अन्नलाई सञ्चय गर्ने गृहस्थीको नियमलाई स्यातकुम्भीधान्यक गृहस्थी भनिन्छ, तीन दिनको लागि अन्नलाई सञ्चय गर्ने नियमलाई त्रयहैहिक गृहस्थी भनिन्छ र केवल एक दिनको लागि मात्र अन्न सञ्चय गर्ने नियसलाई अर्थात् भोलिपल्टसम्मको लागि मात्र अन्नको सञ्चय गर्नेलाई विधिलाई आश्वस्तनिक गृहस्थी भनिन्छ ।

चतुर्णा अपि चैतेषां द्विजानां गृहमेधिनाम् ।
ज्यायान्परः परो ज्ञेयो धर्मतो लोकजित्तमः ॥ ४/८ ॥

अर्थात्:- कर्मको आधारमा गृहस्थी चार प्रकारको रहेका हुन्छन् । यी चार किसिमका कर्ममा प्रथम कर्मभन्दा द्वितीय कर्म, द्वितीय कर्मभन्दा तृतीय कर्म तथा तृतीय कर्मभन्दा चतुर्थ कर्मलाई उत्तम हो भनेर जान्नुपर्छ यही कर्मविधानको धर्मलाई धारण गरेमा त्यही धर्मद्वारा नै लोकलाई जित्न सकिन्छ ।

षट्कर्मैको भवत्येषां त्रिभिरन्यः प्रवर्तते ।
द्वाभ्यां एकश्चतुर्थस्तु ब्रह्मसत्रेण जीवति ॥ ४/९ ॥

अर्थात्:- गृहस्थी पनि चार प्रकारका हुनेछन् । पहिलो ऋतु अनुसारको अन्न उत्पन्न गरेर आफ्नो जीवन निर्वाह गर्ने, दोश्रो ऋतु अनुसारको निश्चित मूल्यमा आफ्नो अन्न विक्री गरेर आफ्नो जीवननिर्वाह गर्ने, तेस्रो आवश्यकताको अन्न तथा सामान खरिद अर्थात् अयातित गर्ने, चौथो समानलाई विनिमय गर्ने, पाँचौं वाणिज्यको कार्य गर्ने, छैठौं पैसालाई निश्चित व्याज लगाएर व्याजद्वारा नै आफ्नो जीवनको निर्वाह गर्ने, यस्तो गृहस्थीलाई षट्कर्मी भनिन्छ । यी षट्कर्ममा पहिलो र दोश्रो उत्तम कर्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो त्यसपछिको सबै कर्म भने मध्यम कर्म हुन् ।

वर्तयंश्च शिलोञ्छाभ्यां अग्निहोत्रपरायणः ।
इष्टीः पार्वायणान्तीयाः केवला निर्वपेत्सदा ॥ ४/१० ॥

अर्थात्:- गृहस्थीले सधैँ अन्नको शीलावाट अग्निहोत्र गर्नुपर्छ र त्यस शिलावाट अन्नवाट नै आफ्नो जीविकोपार्जन गर्नुगर्छ । गृहस्थीले अमावस्या, पूर्णिमा, नवीन अन्न उत्पत्ति भएपछि जुन तिथि पहिले पर्छ त्यही तिथिको समयमा सधैँ यज्ञ गर्नुपर्छ ।

न लोकवृत्तं वर्तेत वृत्तिहेतोः कथं चन ।
अजिह्मां अशथां शुद्धां जीवेद्ब्राह्मणजीविकाम् ॥ ४/११ ॥

अर्थात्:- गृहस्थीले आफ्नो जीविकाको चलाउनको लागि कहिल्यै पनि कलाकारिता अर्थात् अभिनय गर्नुहुँदैन, कसैलाई प्रसन्न गर्नको लागि नाटक चुक्ली आदिको पेशा गर्नुहुँदैन, गृहस्थी सधैँ आफ्नो कर्म वेदनिर्देशित, पाप रहित, कसैलाई पनि धोखा नदिने, शरीर सधैँ शुद्ध रहनुपर्छ यही आचरण तथा गुणलाई वरण गरेको गृहस्थीलाई नै उत्तम हो भन्ने बुझ्नुपर्छ त्यसैले गृहस्थीले ब्राह्मण योग्य भएर आफ्नो जीविका चलाउनु पर्छ ।

संतोषं परं आस्थाय सुखार्थी संयतो भवेत् ।
संतोषमूलं हि सुखं दुःखमूलं विपर्ययः ॥ ४/१२ ॥

अर्थात्:- सुख चाहने मनुष्यले कहिल्यै पनि अनावश्यक धनको सञ्चय गर्नुहुँदैन मनमा सन्तोषलाई धारण गरेर मनले संयत राखेर अधिक धनको सङ्ग्रहको इच्छा गर्नुहुँदैन किनकि अन्तरमनको सन्तोष नै सुखको आधार हो भने दुःख ठीक यसको उल्टो हुन्छ दुःख अर्थात् मनको असन्तोष नै दुःखको आधार हो ।

अतोऽन्यतमया वृत्त्या जीवंस्तु स्नातको द्विजः ।
स्वर्गायुष्ययशस्यानि व्रताणीमानि धारयेत् ॥ ४/१३ ॥

अर्थात्:- मनुष्य सन्तोष हुनको लागि अन्तरमनको सन्तोष नै मुख्य हो त्यसैले स्नातक गृहस्थी द्विज अपेक्षाकृत कुनै श्रेष्ठ आजीविकाद्वारा जीवन निर्वाह गर्दै सुख, आयु र यशलाई प्रदान गर्ने मनलाई सन्तोष दिने किसिमको व्रतलाई सधैँ धारण गर्नुपर्छ ।

वेदोदितं स्वकं कर्म नित्यं कुर्यादतन्द्रितः ।
तद्धि कुर्वन्यथाशक्ति प्राप्नोति परमां गतिम् ॥ ४/१४ ॥

अर्थात्:- गृहस्थी, ब्राह्मण लगायतका सबै द्विजले वेदले निर्देशन गरेअनुसार आफ्नो कर्मलाई कुनै आलस्य नगरी आफ्नो नित्यकर्मलाई गर्नुपर्छ र सबै वर्णले उसको आफ्नो सामर्थ्य अनुसार आफ्नो नित्यकर्म गर्दै गर्नुपर्छ आलस्यरहित भएर । यही आलस्यरहित भएर गरिएको कर्मद्वारा नै मनुष्यले मुक्तिलाई प्राप्त गरेको हुन्छन् ।

नेहेतार्थान्प्रसँगेन न विरुद्धेन कर्मणा ।
न विद्यमानेष्वर्थेषु नार्त्यां अपि यतस्ततः ॥ ४/१५ ॥

अर्थात्:- गृहस्थीले कसैसँग दुष्टता गरेर, वेदको निर्देशन विरुद्धको कर्म गरेर, कुनै वस्तु तथा पदार्थ विद्यमान हुँदाहुँदै पनि लोभ या तृष्णावश कष्टावस्थालाई स्वीकार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दै जहाँ त्यही जसरी भए पनि अधर्मपूर्वक कुनै पनि गलत आचरण गरेर कुनै पनि द्रव्यको सञ्चित गर्नुहुँदैन ।

इन्द्रियार्थेषु सर्वेषु न प्रसज्येत कामतः ।
अतिप्रसक्तिं चैतेषां मनसा संनिवर्तयेत् ॥ ४/१६ ॥

अर्थात्:- गृहस्थीले कहिल्यै पनि इन्द्रियको विषयाशक्तिमा लिप्त हुनुहुँदैन गृहस्थी विषयको काममा वशीभूत भएको खण्डमा पतन हुनवाट कसैले बचाउन सक्दैन त्यसैले गृहस्थी आफ्नो मनको विकार विषयवासना र विषयको आसक्ति मनको प्रवेश लाई सर्वथा दूर नै राख्नुपर्छ ।

सर्वान्परित्यजेदर्थान्स्वाध्यायस्य विरोधिनः ।
यथा तथाध्यापयंस्तु सा ह्यस्य कृतकृत्यता ॥ ४/१७ ॥

अर्थात्:- आफ्नो कर्मको कारण आफ्नो स्वास्थ्यमा कुनै पनि असर पर्छ भने गृहस्थीले ती सबै कर्ममा रहेका व्यवहार होस् या पदार्थ होस् सबैको त्याग गर्नु पर्छ किनकि जसरी विद्याधर्मको प्रचार गर्नु नै गृहस्थको कृत्यकृत्य हुनु हो ।

वयसः कर्मणोऽर्थस्य श्रुतस्याभिजनस्य च ।
वेषवाग्बुद्धिसारुपयं आचरन्विचरेदिह ॥ ४/१८ ॥

अर्थात्:- आफ्नो आयु अनुसारको आचरण र भोजन, वेद निर्देशित कर्म, वेद नियमसङ्गत कर्म गरेर जम्मा गरेको धन, सुनेको इतिहास र पुरातनज्ञानको र मान्यबाट सुनेको कुराले, तीक्ष्ण विश्लेषण, मधुर तथा सत्य भाषण, सात्विक बुद्धि यी सबै गुण आफूमा धारण गरेर त्यही गुण अनुसार आचरण गरेर संसारमा खुशी पूर्वक जीवनलाई व्यतित गर्नुपर्छ ।

बुद्धिवृद्धिकराण्याशु धन्यानि च हितानि च ।
नित्यं शास्त्राण्यवेक्षेत निगमांश्चैव वैदिकान् ॥ ४/१९ ॥

अर्थात्:- मनुष्यले सात्विक गुणलाई धारण गरेर बुद्धि तथा धनको वृद्धि गर्ने विधानको वैदिक ज्ञान (वेदांग आदि) तथा निगम, शिल्पकारी, वैद्यक, शस्त्रविद्या (युद्ध विद्या), धर्मशास्त्र आदि विद्याको ज्ञानको लागि नित्य स्वाध्याय गर्नु पर्छ ।

यथा यथा हि पुरुषः शास्त्रं समधिगच्छति ।
तथा तथा विजानाति विज्ञानं चास्य रोचते ॥ ४/२० ॥

अर्थात्:- मनुष्यले जब शास्त्रको स्वाध्याय गर्छ शास्त्रको ज्ञानको विचार गर्छ तब मात्र मनुष्यले ज्ञानको यथार्थ भावलाई प्राप्त गरेको हुन्छ । जब यथार्थ भावलाई प्राप्त गर्दै गरेको हुन्छ तब मात्र बिज्ञानको विधान शुरू हुन्छ । अर्थात् जब जब मनुष्य ले सत्यको ज्ञानलाई धारण गर्छ त्यही नै बिज्ञान हो ।

(समयको कलमः- मनुष्यले शास्त्रमा परिश्रम तथा अभ्यास गरेको तब मात्र उसले ज्ञान र विज्ञानको विधानलाई बुझेको हुन्छ विज्ञान आफ्नो अनुभव तथा अनुभूतिको ज्ञान हो जुन आफैले सु-सँगत ठीक र क्रमवद्ध ज्ञानको अनुभव गर्छ त्यही नै विज्ञान हो) ।

ऋषियज्ञं देवयज्ञं भूतयज्ञं च सर्वदा ।
नृयज्ञं पितृयज्ञं च यथाशक्ति न हापयेत् ॥ ४/२१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- गृहस्थीले आफ्नो दैनिक नित्यकर्म अर्थात् यथाशक्ति नित्यकर्म अर्थात् पञ्चमहायज्ञलाई त्याग कहिल्यै पनि गर्नुहुँदैन । गृहस्थीले गर्नु नै पर्ने पञ्च महायज्ञ यी हुन्:-

१) ब्रह्मयज्ञ (ध्यान तप आदि)

२) देवयज्ञ (प्रकृति सन्तुलनको कार्य)

३) भूतयज्ञ (प्रकृति सन्तुलनको कार्य र त्यसको संरक्षण)

४) पितृयज्ञ (माता, पिताको सेवा)

५) अतिथि यज्ञ (गुरु तथा घरमा आएको अतिथिको सेवा तथा सत्कार)

यी कार्य मनुष्यको कल्याणको कार्य हुनाले यी सबै कार्यलाई यज्ञ भनिन्छ यी यज्ञलाई गृहस्थ मनुष्यले कहिल्यै पनि छोड्नु हुँदैन ।

एतानेके महायज्ञान्यज्ञशास्त्रविदो जनाः ।
अनीहमानाः सततं इन्द्रियेष्वेव जुह्वति ॥ ४/२२ ॥

अर्थात्:- जो मनुष्यले शास्त्रको ज्ञानलाई आफ्नो जीवनमा धारण गरेर गृहस्थी बनेर दैनिक पञ्च महायज्ञ गरेको हुन्छन् र शास्त्रद्वारा निर्देशित पञ्च महायज्ञको कर्म गरेका हुन्छन् र जुन गृहस्थीलाई शास्त्र र यज्ञको ज्ञाता रहेको हुन्छ त्यस्तो गृहस्थ मनुष्यले आफ्नो पञ्च महायज्ञसँगै आफ्नो इन्द्रियको आशक्तिलाई पनि हवन गर्नुपर्छ अर्थात् गृहस्थीले आफ्नो इन्द्रियलाई सधैँ आफ्नो नियन्त्रित राख्नु पर्छ ।

वाच्येके जुह्वति प्राणं प्राणे वाचं च सर्वदा ।
वाचि प्राणे च पश्यन्तो यज्ञनिर्वृत्तिं अक्षयाम् ॥ ४/२३ ॥

अर्थात्:- जो गृहस्थी ज्ञानी मनुष्यले वाणीद्वारा ज्ञान दिएर वाणीबाट नै अन्यलाई उपदेश गरेर तथा आफ्नो दृढ प्रतिज्ञासहित अन्यको सबै भूत अर्थात् सृष्टि अवयवको संरचनाको संरक्षण तथा कल्याणको लागि प्राण गर्दै परोपकारको कार्यमा लागेर निरन्तर परिश्रम गरेर अक्षय यज्ञको फललाई प्राप्त गरेर आफ्नो जन्मको उदेश्यलाई सिद्ध गर्न चाहने ज्ञानी गृहस्थ मनुष्यले आफ्नो ज्ञानको वाणीलाई प्रतिज्ञा सहित आफ्नो ज्ञानको प्रचार र प्राणीको कल्याणको लागि आफ्नो वचनलाई अन्यको कल्याणको लागि हवन गरेका हुन्छन् ।

ज्ञानेनैवापरे विप्रा यजन्त्येतैर्मखैः सदा ।
ज्ञानमूलां क्रियां एषां पश्यन्तो ज्ञानचक्षुषा ॥ ४/२४ ॥

अर्थात्:- प्रत्येक कर्मको मूल 'ज्ञान' हो यसकारण गृहस्थ ज्ञानी तथा बुद्धिमान् मनुष्यले आफ्नो कर्मलाई अन्य सबै प्राणीको कल्याण र शास्त्रको ज्ञानको दृष्टिले देखेर यज्ञलाई अर्थात् प्रकृति सन्तुलनको कार्य देवपूजनको कार्य सधैँ गर्नुपर्छ ।

अग्निहोत्रं च जुहुयादाद्यन्ते द्युनिशोः सदा ।
दर्शेन चार्धमासान्ते पौर्णमासेन चैव हि ॥ ४/२५ ॥

अर्थात्:- गृहस्थीले प्रकृति सन्तुलनको लागि दैनिक सूर्योदय तथा सूर्यास्तको समयमा हवन गर्नुपर्छ नै यो प्रचलित नियम हो । पूर्णिमा तथा अमावस्यामा पनि हवन गर्नुपर्छ अर्थात् प्रकृति सन्तुलनको कार्य कहिल्यै पनि त्याग गर्नु हुँदैन ।

(समयको कलमः- ज्ञानी गृहस्थीले सधैँ अग्निहोत्र गर्नुपर्छ, प्रातः तथा सायं सधैँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अग्निहोत्र गर्नुपर्छ तथा आधा महिना समाप्त भएको अवस्थामा दर्शयज्ञ अर्थात् अमावस्याको यज्ञ गर्नुपर्छ । महिनाको अन्त्यमा पूर्णिमाको दिनमा पौर्णमास यज्ञ गर्नुपर्छ 'दर्श'को अर्थ हो शुक्लपक्षको द्वितीया दिन जुन दिन चन्द्रदर्शन हुन्छ त्यस दिनदेखि दर्शयज्ञ गर्नुपर्छ यो यज्ञ अमावस्यको दिनदेखि नै आरम्भ हुन्छ । अतः अमावस्यको दिनदेखि आरम्भ हुने र गरिने सम्पूर्ण यज्ञलाई दर्शयज्ञ भनिन्छ) ।

सस्यान्ते नवसस्येष्ट्या तथा र्तवन्ते द्विजोऽध्वरैः ।
पशुना त्वयनस्यादौ समान्ते सौमिकैर्मखैः ॥ ४/२६ ॥

अर्थात्:- गृहस्थीले आफ्नो खेतमा नवीन अन्न उत्पन्न भएको समय नवसस्येष्टि विधानमा रहेर हवन गर्नुपर्छ । खेतीको अर्थात् अन्त्यमा चातुर्मासिक यज्ञ गर्नुपर्छ त्यस्तै सूर्यको अहोरात्री अर्थात् दुवै अयनमा पशुको स्वस्थ्यलाई परीक्षण गर्नुपर्छ, यदि प्रत्येक छ महिनामा पशुको स्वस्थ्यलाई परीक्षण गर्न नसकेको खण्डमा वर्षको अन्त्यमा पशुको स्वास्थ्य परीक्षणको नियमलाई पूर्णपालन गर्नुपर्छ यस कार्यलाई पशु सोमयोग अर्थात् पशु सोमयज्ञ पनि भनिन्छ जहाँ पशुको स्वस्थ्यलाई ध्यान दिएर पशुको संरक्षण तथा स्वस्थ्यको परीक्षण गरिन्छ त्यो कार्य पनि यज्ञ जस्तै हो ।

नानिष्ट्वा नवसस्येष्ट्या पशुना चाग्निमान्द्विजः ।
नवान्नं अद्यान्मांसं वा दीर्घ आयुर्जिजीविषुः ॥ ४/२७ ॥

अर्थात्:- गृहस्थी मनुष्यले आफ्नो दीर्घायुको इच्छा राखेको हुन्छ त्यस्तो गृहस्थ मनुष्यले मौसम अनुसारको मात्र नवीन अन्नको भोजन गर्नुपर्छ मौसम अनुसारको भोजन गर्नुलाई पनि यज्ञै भनिन्छ । बेमौसममा उत्पन्न भएको कुनै पनि नवीन अन्नलाई यज्ञमा प्रयोग र भोजनको प्रयोग सकेसम्म गर्नुहुँदैन अर्थात् बेमौसममा उत्पन्न भएको कुनै पनि वस्तुवाट यज्ञ गर्नुहुँदैन, गृहस्थी मनुष्य आफूले पनि खानु हुँदैन तथा पशुलाई पनि नखुवाउँदा राम्रो हुन्छ ।

नवेनानर्चिता ह्यस्य पशुहव्येन चाग्नयः ।
प्राणानेवात्तुं इच्छन्ति नवान्नामिषगर्धिनः ॥ ४/२८ ॥

अर्थात्:- गृहस्थी मनुष्यले नवीन अन्नलाई भोजन गर्दा मौसम अनुसारको नवीन अन्न हुनुपर्छ यदि अन्न नवीन हो तर मौसम अनुसारको नवीन अन्न हैन भने त्यस अन्नलाई भोजनको रुपमा प्रयोग गर्दा मनुष्य तथा पशुको छाला तथा जठराग्निमा असर पर्छ जसका कारण पाचन प्रक्रियामा असर पर्छ हुनाले जठरको अग्निको कारणले गृहस्थ मनुष्यको शरीरमा तथा पशुको शरीरमा धेरै असन्तुलन हुनपुग्छ । त्यसैले गृहस्थ मनुष्यले बेमौसमको नवीन अन्न आफूले खानु पनि हुँदैन तथा पशुलाई पनि खान दिनुहुँदैन भन्ने शास्त्रोक्त मत छ ।

आसनाशनशय्याभिरद्भिर्मूलफलेन वा ।
नास्य कश्चिद्वसेद्गेहे शक्तितोऽनर्चितोऽतिथिः ॥ ४/२९ ॥

अर्थात्:- मनुष्यले आफ्नो घरमा आएको अतिथिलाई आफूले सक्ने आसन, खाना, विछौना, जल, मौसम अनुसारको फलफूल तथा कन्दमूल आदिले सत्कार तथा सम्मान गर्नुपर्छ तर आफ्नो अवस्थालाई भने पूर्ण ध्यान राख्नुपर्छ कुनै पनि मनुष्यले अतिथिलाई पूर्ण सत्कार गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाषाण्डिनो विकर्मस्थान्वैडालव्रतिकान् शठान् ।
हैतुकान्वकवृत्तींश्च वाङ्मात्रेणापि नार्चयेत् ॥ ४/३० ॥

अर्थात्:- गृहस्थी मनुष्यले घरमा आएको अतिथि यदि पाखण्डी, कुकर्मी, विरालो वृत्तिको, दम्भी, घमण्डी, कुतर्क गर्ने, अरुको अपहेलना गर्ने अवसवादी अर्थात् बकुल्लो वृत्ति भएको भएमा त्यस्तो मनुष्यलाई वाणीले मात्र पनि सत्कार गर्नु पर्दैन यस्तो मनुष्य अतिथि हुँदैन ।

(समयको कलमः- पाखण्डी, वेदनिन्दक, नास्तिक, ईश्वर, वेद र धर्मलाई त्याग गरेको अधर्माचरण भएको हिंस्रक, शठ, मिथ्याभिमानी कुतर्की र बकवृत्ति अर्थात् पराइ पदार्थलाई लुट्ने, मनुष्यलाई भ्रममा पर्ने बकुल्लो जस्तो आचरण भएको तर अतिथि वेषधारी बनेर आएको व्यक्तिलाई वचनमात्रले भए पनि गृहस्थीले सत्कार गर्नुपर्दैन किनकि यस्तो व्यक्तिलाई अतिथि भनिँदैन यस्तो व्यक्तिलाई विरालो वृत्ति भनिन्छ जुन व्यक्तिमा बिरालो बृत्ति हुन्छ त्यस्तो व्यक्ति अतिथि कहिल्यै हुँदैन) ।

वेदविद्याव्रतस्नातान् श्रोत्रियान्गृहमेधिनः ।
पूजयेद्धव्यकव्येन विपरीतांश्च वर्जयेत् ॥ ४/३१ ॥

अर्थात्:- वेद पढ़ेको ज्ञानीलाई, ब्रह्मचर्य व्रतको पालन गर्ने व्यक्ति गृहस्थीको गृहमा आएमा धर्मपूर्वक गृहस्थीको नियमलाई पालन गर्दै आवश्यक हव्य र कव्य पदार्थद्वारा सत्कार गर्नुपर्छ तर जो मनुष्यले वेदको नियम विरुद्ध कार्य गर्ने गर्छ त्यस्तो मनुष्यलाई गृहस्थीले केवल मनावताको गुण मात्र निभाउनु । 'हव्य'को अर्थ सामग्री हुन्छ जो होममा समाहित गरिन्छ । 'कव्य'को अर्थ हुन्छ भोजन, रोटी, दाल, भात आदि जसलाई पकाएर खाने काम हुन्छ। 'हव्य कव्य' भन्नाले मनुष्यलाई दैनिक आवश्यक पर्ने वस्तुको नाम हो जस्तै भोजन, वस्त्र आदि ।

(समयको कलमः- मनुष्यले जुन वर्णलाई धारण गरे पनि आफ्नो र परिवारको कल्याणको लागि वेद अध्ययन गरेर विद्वान् बन्ने कोसिस गर्नुपर्छ, वेदको निर्देशन अनुसार आफूलाई ज्ञानी र ब्रह्मचर्य व्रतलाई पालन गरेर स्नातक बन्नूपर्छ र पूर्ण सत्वगुणी हुनुपर्छ । त्यस्तै ज्ञानी मनुष्यले वेदपाठी पिता, माता आदि गृहपतिद्वारा दिइएको पदार्थको भोजन गर्नु राम्रो हो तर कसैले पनि यदिमाथि भनिए अनुसार आचरण गरेको छैन भने त्यस्तो मनुष्यको घरमा भोजन तथा अतिथि भएर जानु हुँदैन तर मनुष्यको गुण मानवतालाई सधैं धारण भने गर्नुपर्छ) ।

शक्तितोऽपचमानेभ्यो दातव्यं गृहमेधिना ।
संविभागश्च भूतेभ्यः कर्तव्योऽनुपरोधतः ॥ ४/३२ ॥

अर्थात्:- यदि कुनै गृहस्थीले आफ्नो हातले आफ्नो भोजन तैयार गर्न सक्दैन विकलाङ्क छ भने तर आचरण ब्रह्मचारी, सन्यासीको गुणले सम्पन्न छ आफ्नो परिवार पाल्न असमर्थ भएको छ भने त्यस्तो गृहस्थीको परिवारलाई अन्य गृहस्थीहरूले मिलेर भोजन र अन्य सहयोग दिनुपर्छ जबसम्म त्यसलाई अरुको जरूरत पर्छ । त्यस्तै आफूले तैयार गरेको भोजनलाई पनि अन्य प्राणीहरू, असहाय, विकलाङ्क आदि मनुष्य तथा कुकुर, पंक्षी आदिका लागि आफूले बनाएको भोजनको केही भाग आफूले भोजन गर्नु भन्दा पहिले निकाल्नु पर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजतो धनं अन्विच्छेत्संसीदन्स्नातकः क्षुधा ।
याज्यान्तेवासिनोर्वापि न त्वन्यत इति स्थितिः ॥ ४/३३ ॥

अर्थात्:- यदि स्नातक गृहस्थी मनुष्य आफूमा नै आर्थिक अवस्था अति नै कमजोर भएमा त्यस्तो व्यक्तिले ज्ञान प्रदान गरेर शुल्क लिन सक्छ तर सित्तैमा भने पैसा विद्यार्थीसँग लिनुहुँदैन त्यस्तै कुनै यज्ञकर्ममा नियम सँगत रहेर यदि यजमानले दिएमा यजमानसँग र विना सङ्कोच राजासँग धन सम्पत्ति लिन सकिन्छ तर विना कार्य राजाबाहेक कसैसँग धन या सम्पत्ति लिएको खण्डमा त्यो शास्त्र र आचरण विरुद्धको कार्य हो र शास्त्रमर्यादा विपरीतको कार्य हो त्यसैले त्यस्तो कार्य गर्नु हुँदैन ।

न सीदेत्स्नातको विप्रः क्षुधा शक्तः कथं चन ।
न जीर्णमलवद्वासा भवेच्च विभवे सति ॥ ४/३४ ॥

अर्थात्:- आर्थिक अवस्था अतिनै नाजुक भएको गृहस्थीलेमाथि भनिएको सबैसँग पैसा या अन्य सामान लिन संकोच मानेर या दुःखी भएर पुरानो मैलो फाटेको कपड़ा लगाउनु उत्तम कार्य हैंन र शक्त भएको खण्डमा लालचको कारण जीर्ण तथा मैलो वस्त्र धारण गर्नु पनि हुँदैन ।

क्लृप्तकेशनखश्मश्रुर्दान्तः शुक्लाम्बरः शुचिः ।
स्वाध्याये चैव युक्तः स्यान्नित्यं आत्महितेषु च ॥ ४/३५ ॥

अर्थात्:- ब्राह्मण वर्ण धारण गरेको मनुष्यले सधैँ स्वाध्याय र शुभकर्ममा जो वेद निर्देशित छन् ती सबै कार्यमा तल्लीन रहनु पर्छ तथा केश, नङ, दाह्री सधैँ छोटो राख्नु पर्छ, श्वेत वस्त्र धारण गर्नुपर्छ, मन, वचन र कर्ममा, शुचि (पवित्र) रहनु पर्छ तथा मनलाई आफ्नो इन्द्रियको अधीनमा (वशीभूत) हुन् दिनुहुँदैन मनको दास इन्द्रियलाई बनाउनु पर्छ र मनलाई सत्यको दास बनाउनु पर्छ यही ब्राह्मणको गुण हो ।

वैणवीं धारयेद्यष्टिं सोदकं च कमण्डलुम् ।
यज्ञोपवीतं वेदं च शुभं रौक्मे च कुण्डले ॥ ४/३६ ॥

अर्थात्:- ब्राह्मणले वेदाध्ययनको समयमा सुरक्षाको लागि बाँसको लाठी, प्यासको लागि जलले भरिएको कमण्डलु, यज्ञवित तथा स्मरणको लागि कानमा सुनको कुण्डल धारणार्थ सदैव आफ्नो साथमा राख्नुपर्छ ।

नेक्षेतोद्यन्तं आदित्यं नास्तं यान्तं कदा चन ।
नोपसृष्टं न वारिस्थं न मध्यं नभसो गतम् ॥ ४/३७ ॥

अर्थात्:- मनुष्यले कहिल्यै पनि पानीमा सूर्यको प्रतिबिम्ब हेर्नु हुँदैन चाहे त्यो सूर्योदय, सूर्यास्त, मध्याह्न तथा ग्रहण लागेको जुनसुकै अवस्था होस् जुनसुकै समय होस् सूर्यको प्रतिबिम्ब जलमा हेर्नु हुँदैन यदि यो कार्य गरेमा आँखामा समस्या उत्पन्न हुनसक्छ परन्तु स्वच्छ शीतल जलमा विशेष परिस्थितिमा हेर्न सकिन्छ ।

न लङ्घयेद्वत्सतन्त्रीं न प्रधावेच्च वर्षति ।
न चोदके निरीक्षेत स्वरुपं इति धारणा ॥ ४/३८ ॥

अर्थात्:- बर्षाको समयमा दौड़ लगाउनु हुँदैन जलमा आफ्नो आकृति हेर्नुहुँदैन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाम्लोमा बाँधिएको कुनै पनि पशुको दाम्लेलाई नागनु हुँदैन ।

मृदं गां दैवतं विप्रं घृतं मधु चतुष्पथम् ।
प्रदक्षिणानि कुर्वीत प्रज्ञातांश्च वनस्पतिन् ॥ ४/३९ ॥

अर्थात्:- यात्राको समय माटोको पानीले भरिएको घडा, गाई, माता, पिता, वेदज्ञानी ब्राह्मण, घृत भरिएको भाँडा, मह भरिएको भाँडा, चौराहा, र प्रज्ञाता वनस्पति मिलेमा ती सबैलाई प्रदक्षिणा गरेर ती सबैलाई आफ्नो दाहिनी पारेर यात्रा गर्नुपर्छ यसो गर्नाले शरीरको ऊर्जा ऊर्ध्वगमन हुन्छ ।

नोपगच्छेत्प्रमत्तोऽपि स्त्रीयं आर्तवदर्शने ।
समानशयने चैव न शयीत तया सह ॥ ४/४० ॥

अर्थात्:- मनुष्यले आफ्नो इन्द्रियलाई सधैं नियन्त्रण राख्नुपर्छ यो पनि मनुष्यको गुण हो र कामवासना पनि मनुष्यको आफ्नो गुण हो यद्यपि अधिक कामातुर भएको भए पनि रजोदर्शन भएको पत्नीसँग कहिल्यै पनि रतिक्रिया गर्नुहुँदैन तथा रजोदर्शन भएको पत्निसँग साथमा उसको शय्यामा कहिल्यै पनि सुत्नुहुँदैन ।

रजसाभिप्लुतां नारीं नरस्य ह्युपगच्छतः ।
प्रज्ञा तेजो बलं चक्षुरायुश्चैव प्रहीयते ॥ ४/४१ ॥

अर्थात्:- रजोदर्शन भएको पत्नीसँग भोग या रतिक्रिया गर्नाले पतिको शक्ति ह्रास हुन्छ जो पुरुषले रजोदर्शन भएको स्त्रीसँग भोग गरेको हुन्छ त्यसको बुद्धि, तेज, बल, चक्षु तथा आयु यी सबै क्षीण हुनपुग्छ ।

तां विवर्जयतस्तस्य रजसा समभिप्लुताम् ।
प्रज्ञा तेजो बलं चक्षुरायुश्चैव प्रवर्धते ॥ ४/४२ ॥

अर्थात्:- रज निस्किएको स्त्रीको शरीरमा एक विकारसँग तरङ्ग उत्पन्न हुन्छ यी दुवै पुरुषको शरीरको लागि घातक हुन्छ त्यसैले जुन पुरुषले रजस्वला भएको स्त्रीप्रसँग गरेको हुँदैन त्यस पुरुषको बुद्धि, तेज, बल, नेत्रज्योति र आयु सबै सन्तुलन रहेको हुन्छ ।

नाश्नीयाद्भाइया सार्धं नैनां ईक्षेत चाश्नतीम् ।
क्षुवतीं जृम्भमाणां वा न चासीनां यथासुखम् ॥ ४/४३ ॥

अर्थात्:- कुनै पनि पुरुषले रजस्वला भएको पत्नी होस् या कुनै पनि स्त्री होस् त्यससँग बसेर एक पात्रमा भोजन गर्नुहुँदैन, कसैले भोजन गरिरहेको भए नजिक गएर हाच्छ्यौं तथा हाई गर्नुहुँदैन, रजस्वला भएको र एकान्तमा सुखपूर्वक बसेको स्त्रीलाई हेरीरहनु तथा कुनै अवरोधी हुँदैन ।

नाञ्जयन्तीं स्वके नेत्रे न चाभ्यक्तां अनावृताम् ।
न पश्येत्प्रसवन्तीं च तेजस्कामो द्विजोत्तमः ॥ ४/४४ ॥

अर्थात्:- ज्ञानी मनुष्यले आँखामा गाजल लगाउँदै गरेको, नुहाई रहेको, शरीरमा तेल लगाउँदै गरेको, कपड़ा बदलिरहेको, हाई गरिरहेको, लग्न अथवा प्रसवकालमा रहेको, बालकलाई दुध खुवाउँदै गर्दाको अवस्थामा रहेको स्त्रीलाई हेर्नुहुँदैन ।

नान्नं अद्यादेकवासा न नग्नः स्नानं आचरेत् ।
न मुत्रं पथि कुर्वीत न भस्मनि न गोव्रजे ॥ ४/४५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- एकवस्त्र लगाएर मात्र भोजन गर्नुहुँदैन, पुरा नग्न भएर स्नान गर्नुहुँदैन, बाटो तथा सडकमा, खरानी तथा गोस्थान अर्थात् कुनै पनि प्राणीको निवास स्थानमा मलमुत्र त्याग गर्नुहुँदैन ।

न फालकृष्टे न जले न चित्यां न च पर्वते ।
न जीर्णदेवायतने न वल्मीके कदा चन ॥ ४/४६ ॥

अर्थात्:- जोतिएको खेतमा, जल, अग्नि, चिता तथा घाट, पर्वत देवता स्थानको जीर्ण (पुरानो) मन्दिर, (धमिरो तथा सानो सानो किराले जम्मा गरेको माटोको डिस्कामा जस्तै देवल) यी सबै ठाउँमा कहिल्यै पनि मलमुत्र त्याग गर्नु हुँदैन ।

न ससत्त्वेषु गर्तेषु न गच्छन्नपि न स्थितः ।
न नदीतीरं आसाद्य न च पर्वतमस्तके ॥ ४/४७ ॥

अर्थात्:- उभिएर, हिँड्दै हिँड्दै कुनै पनि पानी जमेको स्थान तथा ढाप भएको ठाउँ जहाँ कुनै न कुनै जीव रहेको हुन्छ, नदीतट तथा पर्वतको शिखरमा कहिल्यै पनि मलमुत्र त्याग गर्नुहुँदैन ।

वायुवग्निविप्रं आदित्यं अपः पश्यंस्तथैव गाः ।
न कदा चन कुर्वीत विण्मुत्रस्य विसर्जनम् ॥ ४/४८ ॥

अर्थात्:- वायु प्रवाहित भएको दिशा विपरीत दिशामा उभिएर तथा बसेर, अग्निमा, सूर्यतिर मुख गरेर, जलमा, ज्ञानीको सामन्नेमा, गाई लगायतका कुनै पनि अमुक प्राणीको सामने मलमुत्र त्याग गर्नुहुँदैन ।

तिरस्कृत्योच्चरेत्काष्ठ लोष्ठपत्रतृणादिना ।
नियम्य प्रयतो वाचं संवीताङ्गोऽवगुण्ठितः ॥ ४/४९ ॥

अर्थात्:- जम्मा भएको तथा गरिएको सुकेको घाँसपत, परालको कुन्यु, काष्ठको गोदाम आदिबाट सुरक्षित रहेर जमिनमा बसेर जमिनको कुनै गुप्त स्थानमा सीसाको नदेखिने गरेर या शरीरको अन्य पुरा अङ्गलाई वस्त्रले ढाकेर मौनधारण गरेर सुरक्षित ठाउँमा बसेर चर्पीमा मात्र मलमुत्र विसर्जन गर्नुपर्छ ।

मुत्रोच्चारसमुत्सर्ग दिवा कुर्यादुदङ्मुखः ।
दक्षिणाभिमुखो रात्रौ संध्यायोश्च यथा दिवा ॥ ४/५० ॥

अर्थात्:- बिहान, दिउँसो तथा साँझमा शौच गर्दा जहिले पनि आफ्नो मुख उत्तराभिमुख हुनुपर्छ (उत्तर दिशातिर मुख फ़काउनु) तथा रात्रीको समयमा शौच गर्दा मुख सधैँ दक्षिणाभिमुख (दक्षिणतिर मुख) भएर मलमुत्रलाई विसर्जन गर्नुपर्छ ।

छायायां अन्धकारे वा रात्रावहनि वा द्विजः ।
यथासुखमुखः कुर्यात्प्राणबाधभयेषु च ॥ ४/५१ ॥

अर्थात्:- कुनै समस्या भएमा, छाया, अन्धकार (अँधेरो) प्राणबाधा (प्राणलाई कुनै कष्ट हुनेदेखिएमा) तथा भयमा, रात्रीको समयमा, हो वा समस्या भएको दिन, जुन दिशामा मुख फर्काएर शौच गर्नको लागि सकिन्छ त्यही दिशामा मुख गरेर मलमुत्रलाई त्याग गर्न सकिनेछ तर यो नियम बहानाको लागि भने हैंन ।

प्रत्यग्निं प्रतिसूर्य च प्रतिसोमोदकद्विजम् ।
प्रतिगु प्रतिवातं च प्रज्ञा नश्यति मेहतः ॥ ४/५२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- बलिरहेको अग्निमा, सूर्यतिर मुख गरेर, सोममा पर्ने गरेर, स्थिर तथा प्रवाह भइरहेको जलमा, ज्ञानी व्यक्तिको अघि, गाई तथा अन्य प्राणीको अघि, वायुप्रवाहित भएको विपरीत दिशामा उभिएर मलमुत्र त्याग गर्नाले प्रज्ञा (बुद्धि) र शुद्धि नष्ट हुन्छ ।

नाग्निं मुखेनोपधमेन्नग्नां नेक्षेत च स्त्रीयम् ।
नामेध्यं प्रक्षिपेदग्नौ न च पादौ प्रतापयेत् ॥ ४/५३ ॥

अर्थात्:- अग्निलाई मुखले फुक्नु हुँदैन, अग्निमा अपवित्र वस्तु हाल्नु हुँदैन, अग्निमा आफ्नो खुट्टा पसारेर अग्निको सामने गरेर तपाऊनु हुँदैन, तथा कुनै अवस्थामा नग्न स्त्रीलाईदेखिएमा गल्तिले पनि दोश्रो पटक फेरि देख्ने कोसिश गर्नुहुँदैन ।

अधस्तान्नोपदध्याच्च न चैनं अभिलङ्घयेत् ।
न चैनं पादतः कुर्यान्न प्राणावाधं आचरेत् ॥ ४/५४ ॥

अर्थात्:- जुन मकल या कुनै पनि साधनमा अग्नि रहेको छ भने त्यस्तो साधन आफू सुत्ने शय्याको तल राख्नु हुँदैन, बलिरहेको अग्निलाई कहिल्यै पनि नाघ्नु हुँदैन, अग्निलाई खुट्टाले स्पर्श गर्ने कोसिस गर्नुहुँदैन तथा आफ्नो शरीरलाई तथा प्राण वायुलाई रोकेर शरीरलाई कहिल्यै पनि कष्ट दिनुहुँदैन ।

नाश्नीयात्संधिवेलायां न गच्छेन्नापि संविशेत् ।
न चैव प्रलिखेद्भूमिं नात्मनोऽपहरेत्स्रजम् ॥ ४/५५ ॥

अर्थात्:- सन्धिको समयमा (प्रातः तथा सांय) मा भोजन गर्नुहुँदैन यस्तो समयमा जहाँ छ त्यही वस्नुपर्छ हिँड्नु हुँदैन, सुतनु हुँदैन, भूमिमा कुनै रेखा खिँचने कार्य गर्नुहुँदैन तथा गलामा फूलको माला धारण गरेको भएमा गलाबाट मालालाई आफूले आफै उतार्नु हुँदैन अन्य कसैलाई उतार्न भन्नुपर्छ ।

नाप्सु मुत्रं पुरीषं वा ष्ठीवनं वा समुत्सृजेत् ।
अमेध्यलिप्तं अन्यद्वा लोहितं वा विषाणि वा ॥ ४/५६ ॥

अर्थात्:- कुनै पनि अवस्थामा मल, मुत्र, खकार (थुक) अपवित्र वस्तु रुधिर (रगत), तथा घाउको विव यस्तै विकारलाई कुनै पनि जलमा विसर्जित वा प्रवाहित गर्नुहुँदैन ।

नैकः सुप्याच्छुन्यगेहे न श्रेयांसं प्रबोधयेत् ।
नोदक्ययाभिभाषेत यज्ञं गच्छेन्न चावृतः ॥ ४/५७ ॥

अर्थात्:- सकेसम्म मनुष्य कहिल्यै पनि शून्य गृहमा एक्लै सुतनु हुँदैन, आफ्नो अध्ययन गर्नेकोठामा आफूभन्दा विद्या, ज्ञान, तथा उमेरमा उच्च र श्रेष्ठपुरुष यदि शयनकोठामा नै सुतेको भए पनि जगाउनु हुँदैन, मासिक धर्म भएको भए पत्नीसँग कहिल्यैपनि सम्भषाण गर्नुहुँदैन तथा कुनै पनि शुभ अवसरमा यदि निमन्त्रणा छैन भने जुनसुकै यज्ञ भए पनि जानु हुँदैन तर शोकमा भने निमन्त्रण बिना नै जानुपर्छ ।

अग्न्यगारे गवां गोष्ठे ब्राह्मणानां च संनिधौ ।
स्वाध्याये भोजने चैव दक्षिनं पाणिं उद्धरेत् ॥ ४/५८ ॥

अर्थात्:- कुनै सुभयात्राको समयमा अग्निगृह, गोस्थान (गाईगोठ), वेदज्ञानी ब्राह्मणको समीप स्वाध्याय तथा भोजन गरिरहेको समयमा भने दाहिने हाततिरबात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निस्किनु पर्छ ।

न वारयेद्गां धयन्तीं न चाचक्षीत कस्य चित् ।
न दिवीन्द्रायुधं दृष्ट्वा कस्य चिद्दर्शयेद्बुधः ॥ ४/५९ ॥

अर्थात्:- आफ्नो वत्सलाई दुध खुवाइरहेको गाईलाई, जल पिउँदै गरेको गाईलाई उसको स्थानबाट कहिल्यै हटाउनु हुँदैन र इन्द्र धनुष देखिएको खण्डमा चिच्याउनु र अरुलाई देखाउनु हुँदैन ।

नाधर्मिके वसेद्ग्रामे न व्याधिबहुले भृशम् ।
नैकः प्रपद्येताध्वानं न चिरं पर्वते वसेत् ॥ ४/६० ॥

अर्थात्:- अधर्मग्राम (जो गाँउको मनुष्य धर्मरहित छन्) मा कहिल्यै बस्नु हुँदैन तथा व्याधिग्रस्त ग्राम (गाउँ) पनि बस्नु हुँदैन यस्तो गाउँमा एक्लै परिभ्रमण गर्नुहुँदैन, लामो समयसम्म अर्थात् चिरकाल पर्यन्त पर्वतमा पनि बस्नुहुँदैन ।

न शुद्रराज्ये निवसेन्नाधार्मिकजनावृते ।
न पाषण्डिगणाक्रान्ते नोपस्पृटेऽन्त्यजैर्नृभिः ॥ ४/६१ ॥

अर्थात्:- जुन गाउँमा आफूले चिनेको कुनै ज्ञानी मनुष्य छैनन, कर्म शुद्रको गर्ने व्यक्ति राजा बनेको तर क्षत्रीय आचरण नभएको व्यक्ति राजा भएको राज्यमा, राज्यमा शास्त्र विरुद्धको कार्य भइरहेकोदेखिएमा राजा नै अज्ञानी भएको जस्तोदेखिएमा अर्थात् जहाँ अज्ञानीले राज्य गरेको हुन्छ, गाउँमा अधर्मी, पाखण्डी, चाण्डाल र भ्रमित मनुष्यको उपद्रव रहेको हुन्छ त्यस्तो गाउँमा कहिल्यै बस्नुहुँदैन ।

न भुञ्जीतोद्धृतस्नेहं नातिसौहित्यं आचरेत् ।
नातिप्रगे नातिसायं न सायं प्रातराशितः ॥ ४/६२ ॥

अर्थात्:- जुन वस्तुलाई निचोरेर तेल निकालिएको हुन्छ तेल निकालेर बचेको खलीलाई भक्षण गर्नुहुँदैन, प्रातःकाल व सन्ध्या कालमा भोजन गर्नुहुँदैन असन्तुलन हुने अपच हुने किसिमले भोजन गर्नुहुँदैन प्रातःकालमा अधिक भोजन गरेको र सांयकालसम्ममा राम्ररी पचेको र आराम भएको छैन जस्तो लागेमा सांयकालमा भोजन नगर्नु अति नै उत्तम हो ।

न कुर्वीत वृथाचेष्टां न वार्यञ्जलिना पिबेत् ।
नोत्सँगे भक्षयेद्भक्ष्यान्न जातु स्यात्कुतूहली ॥ ४/६३ ॥

अर्थात्:- आफूले गरेको कर्म आफू र अरु कसैको स्वास्थ्यको लागि घातक हुन्छ भने त्यस्तो कर्म त्याग गर्नुपर्छ । हात सफाइ नगरी सीधा अञ्जलिले (चुल्हो) जल पिउनु हुँदैन, भोजनलाई आफ्नो जंग तथा काखमा राखेर गर्नुहुँदैन चाहे त्यो लड्डु होस् या फलफूल नै किन नहोस् तथा बिना अभिप्राय कसैको भोजनको परिकारको बारेमा जान्नेकोसिस गर्नुहुँदैन आफ्नो भोजनको भेद कसैलाई भन्ने चेष्टा पनि गर्नुहुँदैन ।

न नृत्येदथ वा गायेन्न वादित्राणि वादयेत् ।
नास्फोटयेन्न च क्ष्वेडेन्न च रक्तो विरावयेत् ॥ ४/६४ ॥

अर्थात्:- बिनाकरण, बिनासमय जहाँ पायो त्यही नृत्य, गीत, वाद्य, ताली बजाऊनु, दाँत कटकटाउनु, हास्य, जादु, कयौं प्राणी तथा पंक्षीको आदिको स्वरको प्रतिध्वनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निकाल्ने गर्नु यस्तो कार्य गर्नाले मनुष्य सीधा पतन हुन्छ त्यसैले यस्तो कार्यलाई घृणा गर्नुपर्छ ।

न पादौ धावयेत्कांस्ये कदा चिदपि भाजने ।
न भिन्नभाण्डे भुञ्जीत न भावप्रतिदूषिते ॥ ४/६५ ॥

अर्थात् :- कासको पात्रमा खुट्टा धुनु हुँदैन, फुटेको वा दूषित पात्रमा जुन पात्रलाई देख्दा नै मनमा वितृष्णा उत्पन्न हुन्छ त्यसमा र जब मन चिन्ताले खिन्न भएको हुन्छ वा भोजन गर्नको लागि अनिच्छा भएको खण्डमा भोजन गर्नु हुँदैन ।

उपानहौ च वासश्च धृतं अन्यैर्न धारयेत् ।
उपवीतं अलङ्कारं स्रजं करकं एव च ॥ ४/६६ ॥

अर्थात्:- जुत्ता, टोपी, उपवीत (जनै), आभूषण, फूलमाला, कमण्डलु, वस्त्र लगायतका विभिन्न व्यक्तिगत साधन यी साधनलाई एकपटक कसैले प्रयोग या धारण गरेको भए साधनलाई मागेर या धारकलाई ज्ञान नै नदिई कुनै पनि अवस्थामा अन्यले धारण गर्नुहुँदैन ।

नाविनीतैर्भजेद्धुर्यैर्न च क्षुध्व्याधिपीडितैः ।
न भिन्नशृङ्गाक्षिखुरैर्न वालधिविरूपितैः ॥ ४/६७ ॥

अर्थात्:- नसिकाएइको, न रतिएको, भोको, कुनै रोगवाट पीड़ित, सिङ, नेत्र र खुर विकृत भएको छ पुच्छर काटिएको कुनै कारण बिरामी तथा घाइते भएको छ यस्तो अवस्थाको घोडा, गोरु, राँगो, ऊँट आदि पशुलाई कुनै पनि कार्यमा लगाउनु हुँदैन ।

विनीतैस्तु व्रजेन्नित्यं आशुगैर्लक्षणान्वितैः ।
वर्णरुपोपसंपन्नैः प्रतोदेनातुदन्भृशम् ॥ ४/६८ ॥

अर्थात्:- सिकाएइको वा रतिएको, सुन्दर लक्षणले युक्त सुन्दररङ्ग र रुपले युक्त शीघ्रगामी पशु, कुनै पनि विकृति नभएको घोड़ा, गोरु, राँगो, ऊँट आदिलाई कुनै पीड़ा नदिई काममा लगाउन सकिन्छ तर पशुलाई काममा लगाउँदा हातमा चाबुक भने राख्नुपर्छ तर यी प्राणीलाई कुनै शारीरिक कष्ट नदिई डर देखाउनको लागि मात्र चाबुक हातमा राख्नुपर्छ ।

वालातपः प्रेतधूमो वर्ज्य भिन्नं तथासनम् ।
न छिन्द्यान्नखरोमाणि दन्तैर्नोत्पाटयेन्नखान् ॥ ४/६९ ॥

अर्थात्:- प्रातः समय तीन घड़ी पर्यन्तको सूर्यको ताप तथा प्रकाश, जलिरहेको शव अर्थात् लासको धुवाँ, बिग्रेएको, टुटेको आसन बाट टाढा रहनुपर्छ, अरु कसैको कुनै सुन्दर वस्तु तथा साधनको लोभ गर्नुहुँदैन तथा हात या खुट्टाको नङलाई दाँत या अर्को हातको नङले लुछ्नु हुँदैन ।

न मृल्लोष्ठं च मृद्नीयान्न छिन्द्यात्करजैस्तृणम् ।
न कर्म निष्फलं कुर्यान्नायत्यां असुखोदयम् ॥ ४/७० ॥

अर्थात्:- माटोको डल्लालाई हातले फुटाउनु हुँदैन, नङले तृण (सिन्का) लाई भाच्नु हुँदैन, कुनै उद्देश्य विहीन, व्यर्थ तथा निष्फल कार्य गर्नुहुँदैन, तथा जुन कार्यमा कसैको भलाई हुँदैन त्यस्तो कार्य कहिल्यै पनि गर्नुहुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोष्ठमर्दी तृणच्छेदी नखखादी च यो नरः ।
स विनाशं व्रजत्याशु सूचकाशुचिरेव च ॥ ४/७१ ॥

अर्थात्:- माटोको डल्लालाई हातले मर्दन गर्ने अर्थात् फुटाउने तृण (सिन्का) लाई हातले भाँच्ने, दाँतले नङ टोकने, ननुहाउने र शास्त्रविरुद्धको कार्य गर्ने र सोचमा पनि अपवित्र रहने, अरुको चुक्ली गर्ने मनुष्यको स्वास्थ्य शीघ्र नष्ट हुनपुग्छ यी सबै दशा चिन्ता तथा अधर्मको हो ।

न विगर्हय कथां कुर्याद्बहिर्माल्यं न धारयेत् ।
गवां च यानं पृष्ठेन सर्वथैव विगर्हितम् ॥ ४/७२ ॥

अर्थात्:- लोकरीति वा वेदरीति अनुसार पनि कसैसँग अभिमान पूर्वक बोल्नु हुँदैन, कपालमा माला धारण गर्नुहुँदैन, गाईको पिठ्युमा बस्नु निन्दित हो र यी कार्य सधैँ बीर्जत रहेको हुन्छ ।

अद्वारेण च नातियाद्ग्रामं वा वेश्म वावृतम् ।
रात्रौ च वृक्षमूलानि दूरतः परिवर्जयेत् ॥ ४/७३ ॥

अर्थात्:- बहिरबाट पर्खाल लगाएको गाउँ वा घरमा पर्खाल नाघेर भित्र जानु हुँदैन यस्तो पर्खाल लगाएको घर वा गाउँमा मुख्य द्वारबाट नै भित्र प्रवेश गर्नुपर्छ। विशेष आपातकाल तथा आकस्मिक समय विना कुनै पनि अवस्थामा पर्खाल नाघेर भित्र जानु हुँदैन तथा रात्रीको समयमा ठूलो होस् या सानो कुनै पनि वृक्षको तल फेदमा बस्नुहुँदैन ।

नाक्षैर्दीव्येत्कदा चित्तु स्वयं नोपानहौ हरेत् ।
शयनस्थो न भुञ्जीत न पाणिस्थं न चासने ॥ ४/७४ ॥

अर्थात्:- जुवा, तास खेल्नु हुँदैन, आफ्नो जुत्तालाई अर्को ठाउँमा लैजानु परेमा हातले एक ठाउँबाट अर्को ठाउँमा लैजानु हुँदैन सम्भव भएसम्म खुट्टाले नै लैजानु पर्छ, यदि हातले लैजानु परेमा जुत्ता लगेपछि हातलाई राम्ररी खरानी पानीले हातलाई धुनुपर्छ। शय्यामा बसेर कुनै पनि अन्न तथा भोजनलाई ग्रहण गर्नुहुँदैन चाहे त्यो भोजन थोरै होस् या धेरै नै किन नहोस् शय्यामा बसेर भोजन गर्नुहुँदैन ।

सर्व च तीलसंबद्धं नाद्यादस्तं इते रवौ ।
न च नग्नः शयीतेह न चोच्छिष्टः क्व चिद्व्रजेत् ॥ ४/७५ ॥

अर्थात्:- सूर्यास्त भएपछि र रात्रीको समयमा तीलमिश्रित परिकार खानु हुँदैन, रात्रीमा पुरा नग्न भएर सुत्नु हुँदैन, भोजन गरेपछि हात तथा मुख नचुठि सुत्नु हुँदैन, भोजन गरेको लगात्तै सुत्नु हुँदैन, हात तथा मुख जुठो छ भने बाहिर कही जानुहुँदैन ।

आर्द्रपादस्तु भुञ्जीत नार्द्रपादस्तु संविशेत् ।
आर्द्रपादस्तु भुञ्जानो दीर्घं आयुरवाप्नुयात् ॥ ४/७६ ॥

अर्थात्:- खुट्टा धोएर चिसो खुट्टासँग भोजन गर्नु स्वास्थ्यको लागि उत्तम हो तर चिसो खुट्टा चिसो शरीर भएको अवस्थामा कहिल्यै पनि सुत्नु हुँदैन । जो मनुष्यले राम्रोसँग खुट्टा धोएर भोजन गरेको हुन्छ त्यस् मनुष्यको स्वास्थ्य राम्रो हुन्छ र उसको शरीर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दीर्घजीवी हुन्छ ।

अचक्षुर्विषयं दुर्गं न प्रपद्येत कर्हिचित् ।
न विण्मुत्रं उदीक्षेत न बाहुभ्यां नदीं तरेत् ॥ ४/७७ ॥

अर्थात्:- कुनै पनि घनघोर जङ्गल जुन जङ्गलको बारेमा आफूलाई ज्ञान छैन त्यस्तो जङ्गलमा एक्लै जानु हुँदैन, त्यस्तो घनघोर जङ्गलमा पनि मलमुत्रलाई त्याग गर्नुहुँदैन अत्यधिक तीव्र गतिमा प्रवाहित भएको नदीमा हातले पौडीएर तर्ने कोसिस गर्नु हुँदैन ।

अधितिष्ठेन्न केशांस्तु न भस्मास्थिकपालिकाः ।
न कार्पासास्थि न तुषान्दीर्घ आयुर्जिजीविषुः ॥ ४/७८ ॥

अर्थात्:- आफूलाई स्वास्थ्य र दीर्घायुको कामाना गर्ने मनुष्यले कपाल जम्मा भएको ठाउँमा, खरानी जम्मा भएको ठाउँमा, हाड़ जम्मा भएको ठाउँमा, फुटेको माटोको भाँडा जम्मा भएको ठाउँमा कपास जम्मा भएको ठाउँमा तथा धानको भुस यी सबै स्थानमा कहिल्यै पनि विनाकरण अभिनु हुँदैन ।

न संवसेच्च पतितैर्न चाण्डालैर्न पुल्कसैः ।
न मूर्खैर्नावलिप्तैश्च नान्त्यैर्नान्त्यावसायिभिः ॥ ४/७९ ॥

अर्थात्:- आफ्नो वा अर्को गाउँमा रहने तर कार्य भने पतितको गर्ने मनुष्यहरू जो पतित, चाण्डाल, निषाद अर्थात् जङ्गलमा रहने, धन दिएर वा पैसा लिएर विवाह बिना नै यौनसम्पर्क गरेर बच्चा जन्माएको र जन्माउने मनुष्यसँग, मूर्ख तथा अफ्नो कार्यमा छलकपट गर्ने धोबीसँग, आफूमा धानको घमण्ड भएको यस्तो मनुष्य संसर्गमा एक ठाउँमा तथा एक वृक्षको छाहारीमा पनि बस्नु हुँदैन ।

न शुद्राय मतिं दद्यान्नोच्छिष्टं न हविष्कृतम् ।
न चास्योपदिशेद्धर्मं न चास्य व्रतं आदिशेत् ॥ ४/८० ॥

अर्थात्:- शुद्रालाई निज सम्पत्ति राख्नु पर्दैन किनकि राजालें शुद्रको व्यक्तिगत तथा परिवारको सबै विधानलाई सञ्चालन गर्नुपर्छ, उसको खर्च राजाले उठाउँनु पर्छ तर दास भनेर हैंन सहयात्री भनेर, शुद्रको खर्चको लागि आफ्नो जुठो अन्न बेच्नु परेमा पनि राजाले बेचेर खर्च दिनुपर्छ र कुनै पनि यज्ञको शेष अन्न जुठो जस्तै हो कसैलाई दिनु हुँदैन र शुद्र आफै मेहनती हुनाले कुनै व्रत गर्नुपर्दैन र कुनै ज्ञानीले शुद्रलाई व्रत गर्ने धर्मको उपदेश दिनुहुँदैन किनकि शुद्र आफैमा व्रत हो ।

यो ह्यस्य धर्म आचष्टे यश्चैवादिशति व्रतम् ।
सोऽसंवृतं नाम तमः सह तेनैव मज्जति ॥ ४/८१ ॥

अर्थात्:- जो मनुष्यले अज्ञानीलाई धर्म र व्रतको बारेमा ज्ञान नै नदिई कसैलाई पनि भय र लालच देखाएर धर्म तथा व्रत गर्नुपर्छ भनेर झुटो धर्म तथा झुटो तरिकाले व्रतको बारेमा उपदेश गरेको डर, भय तथा लालच दिएको हुन्छ त्यस्तो मनुष्य झुटो हो भन्ने बुझ्नु यस्तो झुटो मनुष्यलाई असंवृत अर्थात् आफ्नो शरीरलाई आफैले पनि चलाउन नसक्ने एक ठाउँमा स्थित हुने किसिमको भोगयोनीलाई प्राप्त गरेको हुन्छ ।

न संहताभ्यां पाणिभ्यां कण्डूयेदात्मनः शिरः ।
न स्पृशेच्चैतदुच्छिष्टो न च स्नायाद्विना ततः ॥ ४/८२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- दुवै हातले एक पटकमा टाउको कन्याउनु हुँदैन, जुठो हातले टाउको कन्याउनु हुँदैन, मुख जुठो छ हात सफा भए पनि हातले कपाल कन्याउनु हुँदैन, भोजन गर्दै गर्दा टाउको कन्याउनु हुँदैन, नुहाउँदा टाउकोमा पानी नराखी सीधा शरीरमा पानी राख्नु हुँदैन किनकि पहिले टाउकोमा पानी नराखी शरीरमा राखेमा शरीरको उष्णतामा असन्तुलन हुन्छ ।

केशग्रहान्प्रहारांश्च शिरस्येतान्विवर्जयेत् ।
शिरःस्नातश्च तैलेन नाङ्गं किं चिदपि स्पृशेत् ॥ ४/८३ ॥

अर्थात्:- मनुष्यले आफूमा क्रोधलाई कहिल्यै पनि आउन दिनुहुँदैन यदि आफ्नो क्रोधलाई नियन्त्रण गर्न पानी पिउनु या योवाट पनि शान्त नभएमा दुवै हातको मुट्ठी कसेर आँखा बन्द गर्नु, यति गर्दा नै क्रोध बढेर शान्त नभएमा ॐको जप गर्नू क्रोध पूर्ण शान्त हुनेछ त्यसो गर्दा पनि नभएमा जबरजस्ती सुत्नु तर क्रोधवश आफ्नो टाउको कहिँ पनि ठोक्ने कार्य गर्नुहुँदैन यस्तो गरेमा मनुष्यको आफ्नो स्मरण क्षमता ह्रास हुन्छ । क्रोधको कारण केशलाई कहिल्यै पनि हातले खिच्ने गर्नुहुँदैन, क्रोधको समयमा शिरमा तेल लगाउनु हुन्छ, स्नान गर्नुहुन्छ तर क्रोधको समयमा अङ्गमा शारीरमा तेल लगाउनु हुँदैन ।

न राज्ञः प्रतिगृह्णीयादराजन्यप्रसूतितः ।
सूनाचक्रध्वजवतां वेशेनैव च जीवताम् ॥ ४/८४ ॥

अर्थात्:- क्षत्रीय गुणले सम्पन्न नभएको व्यक्ति राजा भएको छ भने त्यस्तो राजासँग, पशुप्राणीको हत्या गर्ने र मांसभक्षण गर्ने कसाइ, तेलको शुद्धतामा मिलावट गर्ने तेली पैसामा देहव्यापार गर्ने, वेश्यावृत्ति गर्ने र गराउने कार्य गर्ने त्यही कार्यद्वार नै आफ्नो जीविकोपार्जन गर्ने स्त्री तथा पुरुष यस्तो गुण भएको मनुष्यसँग वेद ज्ञानी ब्राह्मणले कुनै किसिमको सहयोग तथा दान लिनुहुँदैन !

दशसूनासमं चक्रं दशचक्रसमो ध्वजः ।
दशध्वजसमो वेशो दशवेशसमो नृपः ॥ ४/८५ ॥

अर्थात्:- दश कसाई बराबर एक तेली, जो तेलमा अखाद्य वस्तु मिलावट गरेको हुन्छ, दश तेली अर्थात् चक्र बराबर कलाल, दशध्वज अर्थात् कलाल बराबर आफ्नो देह व्यापार गर्ने एक वेश्या, तथा दश वेश्या बराबर एक राजा जुन क्षत्रीय गुणले सम्पन्न नभएको व्यक्ति राजा हुन्छ, यी सबै समान हुन् त्यसैले यस्तो समाजमा ज्ञानीले कुनै पनि दान लिनुहुँदैन ।

दश सूणासहस्राणि यो वाहयति सौनिकः ।
तेन तुल्यः स्मृतो राजा घोरस्तस्य प्रतिग्रहः ॥ ४/८६ ॥

अर्थात्:- यदि राजा भएको व्यक्तिमा क्षत्रीय गुण छैन भने त्यस्तोलाई अक्षत्रीय व्यक्ति भनिन्छ यस्तो अक्षत्रीय अर्थात् राजा हुन् अयोग्य व्यक्ति राजा भएमा दशसहस्र जीवको हत्या गरे बराबर पापी हो भन्ने जान्नु पर्छ यदि कुनै पनि देशमा क्षत्रीय गुणले सम्पन्न नभएको राजा भएमा त्यो देश सधैं अधोगति हुन्छ ।

यो राज्ञः प्रतिगृह्णाति लुब्धस्योच्छास्त्रवर्तिनः ।
स पर्यायेण यातीमान्नरकानेकविंशतिम् ॥ ४/८७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- जुन देशको राजा लोभी हुन्छ र शास्त्र प्रतिकूल आचरण गरेको हुन्छ त्यस्तो राजासँग लालचको कारण कुनै पनि ब्राह्मण तथा कसैले पनि दानलाई ग्रहण गरेको हुन्छ भने त्यस्तो व्यक्ति आफ्नो दान लिएको कर्मफलअनुसार यथाक्रमले २१ प्रकारको भोगयोनी अर्थात् नरकमा जानेछ ।

तामिस्रं अन्धतामिस्रं महारौरवरौरवौ ।
नरकं कालसूत्रं च महान्रकं एव च ॥ ४/८८ ॥

अर्थात्:- गलत राजा र गलत व्यक्तिसँग दान लिएको खण्डमा ज्ञानी ब्राह्मणको लागि मुख्य २१ प्रकारका कर्मफलका भोगयोनी छन् ती योनीलाई नरक पनि भनिन्छ ती २१ प्रकारका नरकको नाम अर्थात् मुख्य भोगयोनी यसप्रकार छन् जुन भोग योनीलाई नरक पनि भनिएको छ शास्त्रमा ।

१) तामिस्र २) अन्धतामिस्र ३) महारौरव ४) रौरव
५) कालशुत्र ६) महान्रक

संजीवनं महावीचिं तपनं संप्रतापनम् ।
संहातं च सकाकोलं कुड्मलं प्रतिमूर्तिकम् ॥ ४/८९ ॥

अर्थात्:- त्यस्तै अन्य भोगयोनी अर्थात् कर्मफल जसलाई नरक नरक भनिन्छ:-

७) सञ्जीवन ८) महाविच ९) तपन १०) सम्प्रतपन
११) सम्हात १२) सकाकोल १३) कुड्मल
१४) प्रतिमूर्तिक

लोहशङ्कुं ऋजीषं च पन्थानं शाल्मलीं नदीम् ।
असिपत्रवनं चैव लोहदारकं एव च ॥ ४/९० ॥

अर्थात्:- अन्य केही कर्मफल ।

१५) लोहाशङ्कु १६) ऋजिस १७) पन्था १८) शाल्मली
१९) वैतरणी नदी २०) असिपत्र वन २१) लोहदरक

यी सबै कर्मफलका अवस्थाका हुन् यी योनीलाई भोगयोनी पनि भनिन्छ यो एक अवस्था हो त्यही अवस्थालाई नै २१ किसिमको नरक भनिएको हो ।

(समयको कलम:- यी नरकको बारेमा अघि व्याख्या गर्ने छु गरुड़पुराण अनुसार नै) मनुस्मृतिमा भनिएको कर्मफलको विधान नरकको बारेमा गरुड़पुराणबाट पुराणको सत्यता समयको कलमको दृष्टिकोणबाट

गरुड़ पुराणमा ३६ प्रकारको नरकको बारेमा वर्णन गरिएको छ तर मनुस्मृतिमा भने जम्मा २१ प्रकारको नरकको वर्णन गरिएको छ मैले ती ३६ प्रकारको नरकको बारेमा लेख्नेकोसिस गरेको छु नरक के हो र नरक किन बनाइयो भनेर । नरक कुनै निश्चित उपहार हैंन नरक केवल मनुष्यले गरेको कर्मको कर्मफल हो त्यही कर्मको कर्मफललाई हिन्दुधर्म ग्रन्थमा नरक भनिएको छ । नरकमा अनेक दण्ड व्यवस्था सहितको कर्मफलको बारेमा भनिएको छ त्यो एक अवस्था हो जुन अवस्था छ सुखको अवस्थालाई स्वर्ग र दुःखेको अवस्थालाई नरक भनिएको छ । गरुड़पुराणको अनुसार स्वर्ग र नरक एक अलग अलग अवस्थाको परिस्थिति हो जुन अवस्थालाई शब्दमा स्वर्ग र नरक भन्ने गरिन्छ, जहाँ सुख नै सुख प्राप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ त्यो स्वर्ग हो जहाँ दुःख नै दुःख छ त्यो नरक हो त्यही सुख हुने अवस्था तथा स्थानलाई देवताको वासस्थान भनिन्छ र वेदले निर्देशन गरेको राम्रोकर्म गर्ने मनुष्यलाई स्वर्गको स्थान मिलेको हुन्छ, भने यसको विपरीत वेदविरुद्धको कार्यगर्ने मनुष्यलाई एक अवस्था प्राप्त हुन्छ त्यस अवस्थालाई नरक भनिन्छ जुन नरकमा आफ्नो अधम कर्म अर्थात् शास्त्र विरुद्धको कर्मको कारण नरक नामको कर्मफलको अवस्थालाई प्राप्त गरेको हुन्छ। जुन अवस्थामा मनुष्यलाई आफ्नो कर्मको अनुसार नै कर्मफललाई प्राप्त गरेको हुन्छ यो स्वर्ग र नरक एक अवस्था प्राप्त हुनाले स्वर्गको सुख र नरकको दुःख जीवात्माले आफ्नो सम्पूर्ण कर्मफललाई प्राप्त गरेर भोगीरहेको हुन्छ।

हिन्दुशास्त्रको पौराणिक ग्रन्थमा ३६ प्रकारको मुख्य नरकको वर्णन गरिएको छ। अलगअलग कर्मको लागि अलगअलग कर्मविधानलाई अलग अलग तरिकाले नरक अर्थात् अवस्थालाई भोग्ने गरेको हुन्छ भन्ने प्रावधान र नियम रहेको हुन्छ। गरूड़पुराण, अग्निपुराण, मनुस्मृति र कठोपनिषद् जस्तो प्रमाणिक ग्रन्थमा स्वर्ग र नरकको बारेमा कर्मफलको बारेमा विस्तृत उल्लेख गरिएकोछ। गरुड़पुराणमा ३६ प्रकारको नरकको बारेमा संक्षेपमा बयान गरेको छ।

१) महावीचिः- रगत अर्थात् रक्तले भरिएको हुन्छ र यो नरकमा फलामको ठूलो ठूलो किला राखिएको हुन्छ। जो मनुष्यले गाईको हत्या गरेको हुन्छ, प्राणीलाई दुःख दिने गर्छ, प्राणीको बाटोमा खाल्डो खनेको हुन्छ प्राणीलाई पासोमा पर्ने र हत्या गर्ने गरेको हुन्छ यस्तो पापी मनुष्यलाई महाविची नरकमा रक्तमा डुबाएर राखिन्छ।

२) कुम्भीपाकः- यो नरकको बनावटको तल्लो तह गरम बालूवा र अङ्गारले भएको हुन्छ भनेमाथि आगोको ज्वाला लप्किरहेको हुन्छ यी दुवै गरमको बीचमा पापीलाई उभाइन्छ। आफ्नो शक्तिको घमण्डको कारण कुनै निर्दोष मनुष्यको भूमि कब्जा गर्ने, ज्ञानी मनुष्यको अर्थात् ब्राह्मण तथा पशुप्राणीको हत्या गरेको हुन्छ यस्तो पाप कर्म गर्नेले कुम्भीपाक नरकलाई प्राप्त गरेको हुन्छ।

३) रौरवः- यो नरक तातो र आगोमा जलिरहेको फलामका तीर हुन्छ। जो मनुष्यले लालचमा सत्यलाई छोडेको झुटो भनाइलाई ग्रहण गरेको हुन्छ झुटोको साक्षी अर्थात् गवाही दिन्छ त्यस्तो मनुष्यलाई तातो तीरले उसको शरीरलाई छेडेर आगोमा सुकाइन्छ जबसम्म शरीरमा एक थोपा रगत रहन्छ तबसम्म अग्निमा सुकाइन्छ।

४) मञ्जुषः- यो जलिरहेको आगोमा तताएको फलाम एक फल्याक जस्तै गर्मिले सेपिएको स्थान हो। शास्त्रले निर्देशन गरेअनुसार कार्य नगर्ने मनुष्य, नियमकारी र न्यायकारी नभएको राजा जसले निरपराध व्यक्तिलाई दण्ड र बन्दी बनाएको हुन्छ, त्यस्तो शास्त्रविरुद्ध कार्य गर्ने मनुष्य तथा राजधर्म विरुद्ध कार्य गर्ने राजालाई यो मञ्जुषा नामक नरकलाई प्राप्त गरेको हुन्छ।

५) अप्रतिष्ठः- यो सडेकोको मासु, पिप, मुत्र र उल्टीले भरिएको नरक हो। यो नरकमा जसले ज्ञानीलाई दुःख दिन्छन्, माता, पिताको सेवा गर्दैन माता, पितालाई दुःख तथा सताउने र घरबाट निकाल्ने गर्छ त्यस्तो पतित मनुष्य तथा राजाले प्राप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छ ।

६) विलेपकः- यो ततो लाहाबाट बनेको हुन्छ जुन लाहा तातोले पग्लिएको हुन्छ यहाँ जुन मनुष्यले वेद पढेको छ वेद पढेको भए पनि मदिरामा लिप्त हुन्छ त्यस्तो व्यक्तिलाई अर्थात् सत्यता जानेर पनि गलत कार्य गर्ने राजा तथा ब्राह्मणलाई यही लाहाको तलाउमा डुबाइन्छ ।

७) महाप्रभः- यो नरक ठूलो ठूलो फलामको तिखो न तिखो तीरले बनेको हुन्छ । जुन मनुष्यले मिलेर बसेको पतिपत्नीलाई बिनाकरण अलग अलग गराउने गर्छन् त्यस्तो पापीलाई यो नरकमा राखेर तातो तिरले उनेर धारिलो हतियारले कटेर काटेको ठाउँमा नुनचुक लगाएर तातो अग्निमा राखेर अग्निलाई हावाद्वारा अरु प्रज्वलित गरिन्छ त्यस पापीको शरीरमा जबसम्म रगत सकिँदैन तबसम्म आगोमा सुकाइन्छ ।

८) जयन्तीः- यो नरकमा दुई ठूलो ठूलो फलामको मूसलले बनेको हुन्छ यहाँ जसले परस्त्री र परपुरुष गमन गर्छ त्यसलाई यही दुई फलामको बीचमा राखेर मुसलले हानेर दुई मुसलको बीचमा दबाएर उसको कर्मको कर्मफललाई प्रदान गरिन्छ ।

९) शाल्मलीः- यो नरक जलिरहेको फलामको काँडाले भरिएको हुन्छ । जुन स्त्री परपुरुषसँग सम्भोगरत हुन्छ त्यस्तो नारीलाई र जो माता, पितासँग खराब वचन बोल्ने गर्छ, अन्यको सम्पत्तिमा र परस्त्रीमा कुदृष्टि राखेको हुन्छ, पुत्री भातृवधू, पुत्रवधू, दिदी, बहिनी आदिसँग शारीरिक सम्बन्ध गरेको हुन्छ बिनाकरण वृद्धको हत्या गरेको हुन्छ यस्तो कर्म गर्नेलाई यो नरक प्राप्त हुन्छ ।

१०) महारौरवः- यो नरकमा चारैतिर आगो नै आगो बलेको हुन्छ ठीक भट्टी जस्तै तर त्यसभन्दा पनि धेरै । जो मनुष्यले अन्य कसैको पनि घर, खेत, खलिहान या काखाममा आगो लगाएका हुन्छ त्यस्तो कर्मगर्ने मनुष्यलाई यो नरकको आगोमा हालिन्छ ।

११) तामिस्रः- अरुको समान तथा वस्तुलाई चोरी गर्ने लूटने, भ्रष्टाचार गर्ने, आफ्नो जिम्मेदारीलाई पुरा नगर्ने, छलकपट गर्ने लेखापाल कर्मचारीलाई यो फलामको पाता र मुग्दरद्वारा पिटाइ तथा धुलाई हुन्छ ।

१२) महातामिस्रः- यस नरकमा रक्तपिपासु जुका जस्तै अन्य कयौँ विषालु जीवले भरिएको हुन्छ जसले आफ्नो माता, पिताको सेवा गर्दैन माता, पितालाई दुःख दिन्छ र मित्र द्रोहगर्छ अफन्तलाई धोका र कुलद्रोह गर्छ यस्तो कर्म गर्नेलाई यो नरकमा रक्तपिपासु विषालु जीवद्वारा रगत चुसाएर दण्ड दिइन्छ ।

१३) असिपत्रवनः- यो नरक एक जङ्गल जस्तै हो जुन मनुष्यले मित्रसँग मित्रद्रोह र समाजमा गलत ज्ञान दिएर दङ्गा, समाजलाई विभाजन गरेको, मनुष्य घृणा फैलाएर दङ्गा गराएको हुन्छ त्यस्तो पापीलाई यो जङ्गलमा भएको तीर, खड्ग र तलवार जस्तो धारिलो रुखको पातको हतियारले घोचेर दण्ड दिइन्छ ।

१४) करम्भ वालुकाः- यो नरक कुवा जस्तै हो चारैतिर पर्खालले घेरिएको जसमा तातो बलुवा तातोकोइलाले भरिएको हुन्छ यस्तो नरकमा जसले प्राणी हत्या गर्ने र मासु बेच्ने, मासु भक्षण गर्ने, जनावरसँग भोग गर्ने, अप्राकृतिक मैथुन गर्ने, प्रकृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विरुद्धको कार्य गर्ने, समाजविरुद्धको कार्य गर्ने पापीलाई यो नरकमा फालिन्छ ।

१५) काकोलः- यो नरक पिप कुहेको रक्त र तिखो चुच्चो भएको जीवले भरिएको हुन्छ जो मनुष्यले परिवार हुँदा हुँदै पनि लुकेर भोजन गर्छ उसको घरमा भोजन छ तर छिमेकी र साथी भोकै छन् त्यसलाई सहयोग गर्दैन, कसैलाई सहयोग गरेको तर कुनै उद्देश्य लिएर, कुनै नारीलाई पैसाको लालच दिएर भोग गरेमा र पैसाको लालचमा मैथुन गरेमा या गराएमा, यज्ञको मिष्ठान्न भोजन आफू एक्लै गरेमा र आफ्नो सम्पत्ति र धनको घमण्ड देखाउन कुनै यज्ञ अहङ्कारपूर्वक गरेमा, शास्त्रको निर्देशन विपरीत पैसा दिएर व्याज लिएमा, घरमा पालिएको पशुलाई भोक भोकै राखेमा, विनाकरण कुनै पशु प्राणीलाई दुःख दिएमा त्यस्तो पापीलाई यो नरकमा हालिन्छ ।

१६) कुड्मलः- यो मुत्र, पीप र विष्ठा, उल्टीले भरिएको हुन्छ । जो मनुष्यले दैनिक रुपले आफ्नो जीवनमा पञ्चमहायज्ञ (ब्रह्मयज्ञ, देवयज्ञ, वलिवैश्वयज्ञ, आथितियज्ञ र पितृयज्ञ) लाई दैनिक गर्दैन, मनुष्यको जनावरको हिँड्ने वाटो परिवर्तन गर्छ, बाँध बाँधेर नदीको प्रवाहलाई अर्कोतीर मोडछ, विष मिलाएर कुनै प्राणीको हत्या गर्छ, जन्मेको कुनै पनि पशुको वत्सको हत्या गर्छ घरपालुवा पशुको दुध उसको वत्सलाई नदिई एक्लै लिने गर्छ, खाना नै नदिई पशुद्धारा खेत जोतने गर्छन, यस्तो कार्य गर्नेलाई यो नरकमा हालिन्छ ।

१७) महाभीमः- यो नरक अतिनै दूषित वास्नाले भरिएको हुन्छ कुहिएको मासु र रक्तले भरिएको हुन्छ जो मनुष्यले शास्त्रमा निषेध गरिएको अखाद्यलाई खाद्य हो भनेर खाने गर्छन्, अतिथिको सेवा नै नगरी एक्लै भोजन गर्ने, प्रकृति सन्तुलनको कार्य गर्दैन, बनमा आगो लगाउने आगो लगाएर कुनै प्राणीको हत्या गर्ने, धुवाँ लगाएर प्राणीलाई दुःख दिने, अरुको भोजनलाई हड़पने, फलेको वृक्षलाई काट्ने यस्तो कार्य गर्नेलाई यो नरकमा हालिन्छ ।

१८) महावटः- यस नरकमा कुहिएको लास जस्तै दुर्गन्धित हुन्छ त्यही दुर्गन्धबाट निस्केको जीवले भरिएको हुन्छ जो मनुष्यले आफ्नो पुत्र तथा पुत्रीलाई पैसामा वेचेको हुन्छ, पुत्रको विवाहमा दाइजो माँगेको हुन्छ, पुत्रीलाई उसको अधिकार दिँदैन, पुत्रीलाई त्याग गर्छ, पति छोडेर परपुरुष लम्पट स्त्री र आफ्नो धर्मपत्नी छोडेर परस्त्रीगामी पुरुष, फलेको बृक्ष काट्ने, फलफूल वेच्ने, आफ्नो सन्तानलाई दुध नदिई सवै दुध वेच्ने, तेल, धातु, खाद्यान्न वस्तुमा मिलावट गर्ने, गाई लगायत अन्य पशुलाई लात्ताले हान्ने त्यस्तो कार्य गर्नेलाई यो नरकमा राखिन्छ ।

१९) तीलपाकः- यो नरकमा केवलकोल मात्र रहको हुन्छ । जुन मनुष्यले अन्य प्राणीको हत्या गर्ने, प्राणीको लागि पासो राख्ने, खडाल बनाउने, प्राणीको घरमा आगो लगाई दिने, अमुक प्राणीलाई सताउने तथा पीडा दिने कार्य गरेको हुन्छ, अन्य प्राणीको बसस्थानलाई भत्काई दिने, त्यस्तो पापीलाई त्यहीकोलमा राखेर पेलिन्छ । जसरी तीललाई पेलेर तेल निकालिन्छ ठीक त्यस्तैकोलमा पेलिनेछ

एतद्विदन्तो विद्वांसो ब्राह्मणा ब्रह्मवादिनः ।
न राज्ञः प्रतिगृह्णन्ति प्रेत्य श्रेयोऽभिकाङ्क्षिणः ॥ ४/९१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- यो जन्मलाई उत्तम बनाउन र आउने समयलाई पनि उत्तम होस् भन्ने र आफ्नो धर्म, कर्ममा निष्ठा भएको ज्ञानीले जहिले पनिमाथि भनिएको जो आफ्नो कर्मच्यूत व्यक्ति छ त्यस्तो व्यक्तिको घरबाट कुनै पनि दान कुनै पनि अवस्थामा लिनु हुँदैन ।

ब्राह्मे मुहूर्ते बुध्येत धर्मार्थौ चानुचिन्तयेत् ।
कायक्लेशांश्च तन्मूलान्वेदतत्वार्थ एव च ॥ ४/९२ ॥

अर्थात्:- गृहस्थ मनुष्यले रात्रीको चौथो प्रहर, अर्थात् चार घड़ी रात बाँकी भएको समयमा उठ्नु पर्छ, आफ्नो नित्यकर्म सकेर धर्म तथा अर्थ, सोच र शरीरलाई सात्विक बनाएर रोग तथा उनके निदानको बारेमा चिन्तन गर्नुपर्छ र वेदले निर्देशन गरे अनुसार ईश्वरको ध्यान गर्नुपर्छ ।

उत्थायावश्यकं कृत्वा कृतशौचः समाहितः ।
पूर्वा संध्यां जपंस्तिष्ठेत्स्वकाले चापरां चिरम् ॥ ४/९३ ॥

अर्थात्:- गृहस्थी ब्रह्ममुहूर्तमा उठेर आवश्यक शौच आदि कर्मलाई सकेर, प्रातःकालको सन्ध्याकार्यलाई दैनिक गर्नुपर्छ त्यस्तै सायंकालको सन्ध्याकार्यलाई पनि दैनिक गर्नुपर्छ ।

ऋषयो दीर्घसंध्यत्वाद्दीर्घ आयुरवाप्नुयुः ।
प्रज्ञां यशश्च कीर्तिं च ब्रह्मवर्चसं एव च ॥ ४/९४ ॥

अर्थात्:- मनुष्यले दैनिक प्रातःकाल तथा सांयकालमा सन्ध्या गर्नाले त्यस मनुष्यले दीर्घ आयु प्राप्त गर्छ साथ साथ बुद्धि, यश, कीर्ति, आयु र ब्रह्म(तेजलाई प्राप्त गर्छ ।

श्रावण्यां प्रौष्ठपद्यां वाप्युपाकृत्य यथाविधि ।
युक्तश्छन्दांस्यधीयीत मासान्विप्रोऽर्धपञ्चमान् ॥ ४/९५ ॥

अर्थात्:- वेदको अध्ययन गर्न चाहने मनुष्यले श्रावण र भाद्र महिनाको पूर्णिमा तिथिदेखि वेदले भनेको उपाकर्मलाई शुरू गर्नुपर्छ, अश्विन महिनाको पूर्णिमासम्म त्यसपछिको चार महिनासम्म निरन्तर वेद अध्ययनको कार्य शुरू गर्नुपर्छ किनकि यो महिनामा मौसमको परिवर्तनले मनुष्यको शरीरमा सात्विक गुण प्रबल भएको हुन्छ र स्मरण क्षमता पनि ऊर्ध्वगमन हुन्छ ।

पुष्ये तु छन्दसां कुर्याद्बहिरूत्सर्जनं द्विजः ।
माघशुक्लस्य वा प्राप्ते पूर्वाह्णे प्रथमेऽहनि ॥ ४/९६ ॥

अर्थात्:- वेदको अध्ययन सकिएको दिनदेखि आउने पुष्य नक्षत्रदेखि आफ्नो गृहबाट बाहिर गएर वेद ज्ञानलाई सबै मनुष्यको कल्याणको लागि उत्सर्जन गर्नुपर्छ यो कार्य निरन्तर दुई महिनासम्म गर्नुपर्छ किनकि यो मौसम शिशिर र वसन्त ऋतुको बीचको हुनाले ज्ञानलाई ग्रहण गर्नको लागि सबै वर्णको मनुष्यलाई सजिलो हुन्छ ।

यथाशास्त्रं तु कृत्वैवं उत्सर्गं छन्दसां बहिः ।
विरमेत्पक्षिणीं रात्रीं तदेवैकं अहर्निशम् ॥ ४/९७ ॥

अर्थात्:- यदि मनुष्यको शरीरमा या प्रकृतिमा कुनै प्रकृति तथा दैवि परिवर्तन भएमा र वेदलाई पूर्ण अध्ययन गर्न नसकिएमा साढ़े चार महिना पर्यन्त वेदपाठ गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिनेछ, जस्तै वर्षाको कारण अन्य कार्य गर्न सकिँदैन भने वेदलाई अध्ययन गर्न सकिने छ, वेदको अध्ययनसँगै अन्य नित्यकर्म भने यथाविधिले गर्नुपर्छ ।

अत ऊर्ध्व तु छन्दांसि शुक्लेषु नियतः पठेत् ।
वेदाङ्गानि च सर्वाणि कृष्णपक्षेषु संपठेत् ॥ ४/९८ ॥

अर्थात्:- वेदको अध्ययनपछि यदि घरमा नै बस्ने अवसर मिलेमा र आफ्नो क्षेत्रको सबैलाई वेदज्ञान प्रदान गरे पश्चात् महिनाको दुई पक्ष अर्थात् देवको एक दिन यदि शुक्लपक्षको समयमा वेदको अध्ययन गर्नुपर्छ भने कृष्णपक्षको समयमा शास्त्रहरू अर्थात् शिक्षा, कल्प, व्याकरण, छन्द, निरुक्त शास्त्रको अध्ययन गर्नुपर्छ ।

नाविस्पष्टं अधीयीत न शुद्रजनसन्निधौ ।
न निशान्ते परिश्रान्तो ब्रह्माधीत्य पुनः स्वपेत् ॥ ४/९९ ॥

अर्थात्:- वेदको पठन गर्दा शब्द स्पष्ट र स्वरसहित पाठ गर्नुपर्छ, वेदको पठन गर्दा अवरोध गर्ने जोसुकै होस् त्यसको नजिकै कहिल्यै वेदको ऋचा अध्ययन तथा स्वरसहित पठन गर्नुहुँदैन चाहे त्यो कार्य शुद्रवर्णले आफ्नो कर्म गरिने रहेको किन नै होस् त्यस्तो कुनै पनि वर्णको नजिकै वेदपाठ निषेध गरिएको छ र वेदपाठि रात्रीको चौथो प्रहरपछि वेदपठनबाट थकित भएको भए पनि सुत्नु भनेहुँदैन ।

यथोदितेन विधिना नित्यं छन्दस्कृतं पठेत् ।
ब्रह्म छन्दस्कृतं चैव द्विजो युक्तो ह्यनापदि ॥ ४/१०० ॥

अर्थात्:- यथोक्त विधिले नित्य गायत्री मन्त्र आदि छन्द युक्त वेदमन्त्रहरूको पाठ गर्नुपर्छ यदि कुनै आपात नपरेको अवस्थामा ब्राह्मणशास्त्र अर्थात् वेदको अर्थ र मन्त्र यी दुवै भागको अध्ययन र पाठ पनि गर्नुपर्छ

२०) तैलपाकः- यस नरकमा उम्लिरेहेको तेलले भरिएको हुन्छ जो मनुष्य मित्रको दुश्मन हो तर उसको शरणागतमा आएको हुन्छ तर शरणागतलाई शरण दिँदैन भने, राजाले कर लिएर जनतालाई सुविधा दिँदैन, जो राजाले राजदण्ड धारण गर्दैन, राजाले भ्रस्टाचार गर्छ, झुटो बोल्छ, शरीर, मनको सफाइ कहिल्यै गर्दैन, प्रकृतिबाट लिन्छ तर प्रकृति सन्तुलनको कार्य कहिल्यै गर्दैन, नदीमा फोहोर मिलाउँछ, प्राणीको हत्या गर्छ, पानीमा बिष मिलाउँछ, त्यस्तो कार्य गर्नेलाई त्यही उम्लिरेहेको तेलको कराइमा डुबाइन्छ ।

२१) वज्रकपाटः- यो नरकमा वज्रको पुरा श्रृङ्खला बनेको हुन्छ । व्यापार व्यवसाय गर्दा व्यवसायामा मिलावट गरेर तौलमा छलकपट गर्छ, दुध घिउलाई बिक्री वितरण गरेको हुन्छ, दुधको लोभमा उसको बच्चाको हत्या गर्छ त्यस्तो मनुष्यलाई त्यही वज्रद्वारा ताड़ना दिइन्छ ।

२२) निरुच्छवासः- यो नरक कुनै प्रकाश हुँदैन अँध्यारो नै अँध्यारो हुन्छ, यो नरकमा वायु हुँदैन, जो मनुष्यले अरुको लागि दिइएको सहयोगको दुरुपयोग गर्छ निसाहायको सहयोगमा पनि विघ्न गरेको हुन्छ, अरुको सहयोगको दुरुपयोग गरेर आफूले सबै राख्छ त्यस्तो कार्य गर्नेलाई यो नरकमा हालिन्छ ।

२३) अङ्गारोपच्यः- यो नरक तातो र जलिरहेकोकोइलाको आगोले भरिएको छ । जसले अरुलाई सहयोग गर्ने वचन दिएर आफ्नो वचनबाट भगेको हुन्छ, अरुलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जेसुकै होस् आफ्नो स्वार्थपूर्तिमा लागेको हुन्छ, केवल म नै सबै हो अरुको कुनै चिन्ता छैन भन्ने सोच भएको त्यस्तो गुणले सम्पन्न स्वार्थी मनुष्यलाई यो नरकमा हालिन्छ ।

२३) महापायीः- यो नरक पुरा चारैतिर फोहोर नै फोहेरले भरिएको छ, झुटो बोल्ने, सत्यलाई कहिल्यै ग्रहण गरेको हुँदैन पैसा लिएर असत्यलाई साथ दिन्छ पैसा लिएर गलतलाई पनि सहि हो भन्छ त्यस्तो मनुष्यलाई उल्टो गरेर अर्थात् टाउको तल र खुट्टामाथि गरेर फोहोरको बास्ना नाकमा नै आउने गरी झुन्डाईन्छ ।

२५) महाज्वालः- चारैतिर आगो नै आगो ज्वाला रापनै रापको प्रवहले भरिएको हुन्छ यहाँ शतिल भन्ने शब्द नै छैन जो मनुष्यले वेदले निषेध गरेको कुनै पनि कार्यलाई गलत हो भनेर वेद विरुद्धको कार्यलाई दैनिक गर्छन् त्यस्तो पापी मनुष्यलाई यहाँ आगोको ज्वालाको तापमा सेकाइन्छ ।

२६) गुड़पाकः- चारैतिर उम्लिएको खुदो तथा उम्लिएको गुडको जस्तो वाक्लो तथा लेदोले भरिएको ठाउँ छ, जो मनुष्यले समाजमा आफ्नो वर्ण नै धारण नगरी, बिहेबिना नै अनजान कुलमा अनजान स्त्रीसँग, संस्कार बिना नै सन्तानको जन्मदिएको हुन्छ, अर्थात् जुन मनुष्यले संस्कार विरुद्धको कार्य गरेको हुन्छ त्यस्तो मनुष्यलाई तातो खुदो तथा गुडको लेदोले भरिएको नरकमा हालिन्छ ।

२७) क्रकचः- चारैतिर तिखो धार भएको आरा लागेको हुन्छ । यो आरा तीव्र गतिमा घुमिरहेको हुन्छ यो आरा कहिल्यै स्थिर हुँदैन जो मनुष्यले शास्त्रले निषेध गरेको महिलासँग र महिलाले पुरुषसँग सम्भोग गरेका हुन्छन् जुन महिला तथा पुरुषले शास्त्रले निषेध गरेको मनुष्यसँग सम्भोग गरेको हुन्छ त्यस्तो पापी मनुष्यलाई यही आराले विस्तारै चिरिन्छ कसैको टाउकोदेखि अन्तिमसम्म र कसैलाई शरीरको आधा भागदेखि अन्तिमसम्म चिरिन्छ ।

२८) क्षुरधारः- फलामको खिया लागेको तर तिखो सुई र तिखो किलाले चारैतिर हावाको गतिमा तीव्र गतीले घुमिरहेको हुन्छ जो मनुष्यले ज्ञानीको सम्मान गर्दैन, ज्ञानीको अपहेलना गरेको हुन्छ बाटोघाटो, पुलपुलेसा, पाटीपौवा, गुरुकुल, गौचरन, आयुर्वेदिक प्रयोगशाला, प्राविधिक प्रयोगशाला, सार्वजनिक ठाउँलाई रोकेर बसेको हुन्छ त्यस्तो कार्य गर्ने पापीलाई यहाँ ती फलामको किलाद्वारा अनागिन्ति छेदन गरिन्छ ।

२९) अम्बरीषः- प्रलयको अग्नि जस्तै ताप भएको आगोको ज्वाला लप्लापाई रहेको हुन्छ । जो मनुष्यले अरुको व्यक्तिगत सम्पात्ति, अरुको धातु जस्तै सुन, फलाम, चाँदी आदिलाई चोरी गरेका हुन्छन्, शास्त्रको अर्थ गलत गरेको हुन्छ, त्यस्तो पापीलाई यो नरकमा जलाइन्छ ।

३०) वज्रकुठारः- एक आपसमा वारपार हुने र सधैँ चलिरहेको वज्रले भरिएको एक उपत्यका जस्तै ठूलो तलाऊ हो । जो मनुष्यले बिनाकरण जङ्गलमा आगो लगाउछ, रुख विरुवलाई काट्छ, जङ्गल मासेर बस्ती बसाउने कार्यगर्छ, जङ्गलको रुख बेच्ने गर्छन, त्यस्तो पापीलाई त्यही स्वचालित बज्रद्वारा पटक पटक प्रहार गरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै रहन्छ ।

३१) परिताप:- चारैतिर आगो नै आगोको तापले तपिरहेको हुन्छ यहाँ पानीको प पनि थाहा हुँदैन शतिलको कुनै अवस्था नै हुँदैन सधैँ आगो नै आगो हुन्छ । जो मनुष्यले मूक प्राणीलाई विनाकरण विष दिएर हत्या गर्छन्, प्राणीलाई कुनै सेवा नै नगरी ती प्राणीवाट सित्तैमा सेवा लिन्छन् प्राणीको कुनै सेवा विना नै विष दिएर त्यसको खानालाई चोरी गर्छन जस्तै माहुरिको मह त्यस्तो पापकार्य गर्नेलाई यो नरकमा हालिन्छ ।

३२) काल सूत्र:- एक फलामको डोरीले बनेको हुन्छ यो डोरीमा वज्र जस्तै तिखो धारिले र अतिनै तेज धार रहेको डोरीमा बाँधिएको किला हुन्छ, जसले अन्यले गरेको उसको मेहनतको फल दिँदैन शत्रुताको कारण कसैको अन्नलाई नष्ट गरेको हुन्छ, त्यस्तो पापीलाई यो नरक प्राप्त हुन्छ ।

३३) कश्मल:- पुरा फोहोरले भरिएको जसमा दिशा, पिसाव, खकार सडेको रक्तले भरिएको हुन्छ, प्रकृति विरुद्धको कार्य गर्ने, नदीमा विष तथा दिशा पिसाव मिलाउने, नदीलाई दुर्गन्ध गर्ने, प्रकृति विरुद्ध गएर प्राणीको हत्या गरेको हुन्छ, प्राणीको मांसाहारको अखाद्य वस्तुलाई आफ्नो खाना हो भनेर खाने गर्छन त्यस्तो पाप कार्य गर्नेलाई नाक, मुख लगायत शरीरको नौ द्वार या शरीरलाई पुरा चिरेर शरीरमा फोहोर भरेर यो नरक राखिन्छ ।

३४) उग्रगन्ध:- जति पनि फोहोर जम्मा हुन्छ लार, मुत्र, विष्ठा र अन्य सबै किसिमको सडेगालेको फोहोरले भरिएको हुन्छ । यहाँ जसले आफ्नो माता, पिताको सेवा गर्दैनन्, माता, पितासँग क्रोध गरेका हुन्छन्, मातापितालाई अपशव्द बोल्ने गर्छन्, माता, पितालाई असहाय छोडेर आफू सुखमा बसेका हुन्छ लालच या विना कुनै कारण माता, पिता, हजुरवा, हजुरआमा, पितामह लगायत जो जो जीवित हुनुहुन्छ उहाँहरूको सेवा गरेको हुँदैन सँगै बसेको छैन, उहाँहरूसँग अलग हुन्छ, उहासँग बसेर कहिल्यै खाना खाँदैन भने त्यस्तो पापीलाई यो नरक हालिन्छ ।

३५) दुर्धर:- चारैतिर जूका, लीत, बिषालु माकुरा र विषालु बिच्छुले भरिएको हुन्छ जो मनुष्यले शास्त्र विरुद्धको कार्य गरेको हुन्छ र घूस खाएको हुन्छ र शास्त्रको नीति नियम विरुद्धको व्याज र स्याजको कर्मगर्ने गरेको हुन्छ त्यस्तो मनुष्यलाई पीठको आधार दिएर यो नरकमा हालिन्छ ताकि यी बिषालु किराले बिस्तारै डसि रहोस् ।

३६) वज्रमहापीड:- फलामको ठूलो बज्र तैयार राखिएको हुन्छ जुन आफैले कार्य गरिरहेको हुन्छ । चोरी गर्ने, धातुमा मिलावट गर्ने, प्राणीको हत्या गर्ने, प्राणीको हत्या गरि मांसभक्षण गर्ने, अरुको पदलाई खोस्ने, अरुलाईसम्मान नगर्ने, कर्म गर्नेको अपहेला गर्ने, घमण्डी आचरण भएको, अरुको बसस्थान, आसन, शय्या, वस्त्र, अन्यको व्यक्तिगत साधनलाई चोरी गर्ने, फल, अन्न, नास्तिक, शास्त्र, समाज विरुद्धको कार्यगर्ने, धर्मको आचरण नगर्ने, नैतिक पतन भएको, कटुवचन भएको, संस्कारच्यूत, क्रोधी, लालची सबैलाई यो नरक राखेर टाउकोमा बज्रद्वारा प्रहार हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- यहाँ यो नरक भन्नु कुनै अलग ठाउँ हैंन केवल कर्मको फल प्राप्त हुने अवस्था हो । मनुष्यले आफ्नो जस्तो कर्म गर्छ त्यसको फल प्राप्त हुने अवस्था हो, यो अवस्थाको सृजना मनुष्य आफैले गरेको हुन्छ आफ्नो कर्मद्वारा नै । जस्तो कर्म गरेको हुन्छ त्यसको फल त्यही मनुष्यले नै प्राप गरेको हुन्छ, आफ्नो कर्मको कर्मफलको भोग आफैले प्राप्त गरेको हुन्छ कर्मफल भोगमाकोही साझेदारी हुँदैन, मनुष्य यो भ्रम मा नहुनु कि स्वर्ग नरक झुटो हो भनेर झुटो हैंन यो पूर्ण सत्य हो तर बुझाईको कुनै अलग संसार अलग संरचना हो भन्नु पूर्ण गलत हो ।

पुराणको एक उदाहरण पापीलाई दिने कर्मफल नरकको वारेमा एकमात्र पापीको आफ्नो कर्मफलको उदाहरण हेरौ ।

आफ्नो कर्मफल भोग्ने क्रममा एक कर्मफल पुरा भएर अर्को कर्मफल प्राप्त गर्ने अवस्था आएमा यमदूतद्वारा पापीलाई उसको वसस्थानमा नै गएर उसको मुखमा जेवड़ीले उनेर जेवड़ीद्वारा नै घरबाट बाहिर निकालिनेछ, पापी छपटाउने र चीत्कार गर्नेछ तर पापीको चीत्कार र दुःखलाई कसैले सुन्ने छैनन, पापीलाई आफ्नो जेवड़ीमा देखेर यमदूत खुशी हुनेछन्, वसस्थानबाट पापीलाई लगेपछि पापीको शरीरबाट वस्त्र निकालिनेछ। त्यस पापीको शरीरको वस्त्रालाई सीधा निकालिने छैन पानीमा राख्दै चक्कूद्वारा बिस्तारै खुर्केर उसको वस्त्र निकालिने छ, वस्त्र निकालेपछि घाँटीदेखि गुदद्वारसम्म पुरा शरीर चक्कूले चिरिने छ, पेटको भित्रको आन्द्रा भुँडी निकालिने छ, पेटलाई पानीले सफा गरिने छ, घाँटी काटिने छ, शरीर, आन्द्राभुँडी र टाउको अलग हुनेछ, शरीरलाई पानीमा डुबाएर सफा गरिनेछ, चक्कूले काटेर उसको शरीरमा पुरा घाउ गरिनेछ, त्यसलाई फेरि पानीले सफा गरिनेछ, काटिएको शरीरको भाग र शरीरमा नुन, चुक र अन्य विभिन्न रसायन लगाएर राखिनेछ। पापी चित्कार गर्नेछ तर उसको चित्कार कसैले सुन्नेछैनन् । पुरा शरीर रसायन र नुन, चुकमा भिजेपछि त्यस पापीलाई आगोमा उम्लिँदै गरेको तेलमा डुबाइनेछ बिस्तारै बिस्तारै पापीको शरीर तातो तेलमा पाक्नेछ तेलमा पुरा शरीर पाकेपछि पापीको शरीरलाई तातो तेलबाट निकालेर सुख्खा गर्नेछन् उसको सुख्खा शरीरलाई यमदूतले फेरि दवाब दिएर टुक्राटुक्रा पर्नेछन् त्यसपछि यमदूतले पापीको शरीरबाट मासु अलग हाड़ अलग गर्नेछन् हाड़मासु अलग भएपछि पापीको शरीरको मासुको भागमात्र फेरि एक अन्धकारमा हाल्ने छन्, जहाँ केवल अँध्यारो नै अँध्यारो र तातो अग्नि रहेको हुन्छ, त्यो अँध्यारोबाट फेरि बाहिर निस्किँदा पापीको मासु पूर्ण दुर्गन्ध भएर निस्किएको हुनेछ दुर्गन्धबाट निस्केपछि फेरि प्रकृतिमा आउनेछ तर उसको शरीरलाई कहिल्यै पनि अन्त्येष्टि हुँदैन जबसम्म उसले मनुष्य योनीमा गरेको कर्मको कर्मफल पूराहुँदैन ।

माथिको समयको कलमको नियम कर्मफलको विधान भोगयौनि अन्तर्गतको जलमा हुने नौ लाख किसिमको भोगयोनीको एक योनी प्राप्त पापीले कसरी आफ्नो कर्मको फललाई भोग गर्छ भन्ने उदाहरण मात्र हो पानीमा हुने भोगयोनीको उदारहण मात्र दिएको हो ताकि अन्य भोग योनीले कसरी कर्मफल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोग्छन् भन्ने बुझियोस भन्नको लागि हो। मैले केवल संकेत गर्नसक्छु आवाज दिन सक्दैन किनकि म समय हुँ

एतद्विदन्तो विद्वांसो ब्राह्मणा ब्रह्मवादिनः ।
न राज्ञः प्रतिगृह्णन्ति प्रेत्य श्रेयोऽभिकाङ्क्षिणः ॥ ४/९१ ॥

अर्थात्:- यो जन्मलाई उत्तम बनाउन र आउने समयलाई पनि उत्तम होस् भन्ने र आफ्नो धर्म कर्ममा निष्ठा भएको ज्ञानीले जहिले पनिमाथि भनिएको जो आफ्नो कर्मच्यूत व्यक्ति छ त्यस्तो व्यक्तिको घरबाट कुनै पनि दान कुनै पनि अवस्थामा लिनु हुँदैन।

ब्राह्मे मुहूर्ते बुध्येत धर्मार्थौ चानुचिन्तयेत् ।
कायक्लेशांश्च तन्मूलान्वेदतत्वार्थ एव च ॥ ४/९२ ॥

अर्थात्:- गृहस्थ मनुष्यले रात्रीको चौथो प्रहर, अर्थात् चार घड़ी रात बाँकी भएको समयमा उठनु पर्छ, आफ्नो नित्यकर्म सकेर धर्म तथा अर्थ, सोच र शरीरलाई सात्विक बनाएर रोग तथा उसको निदानको बारेमा चिन्तन गर्नुपर्छ र वेदले निर्देशन गरे अनुसार ईश्वरको ध्यान गर्नुपर्छ।

उत्थायावश्यकं कृत्वा कृतशौचः समाहितः ।
पूर्वां संध्यां जपंस्तिष्ठेत्स्वकाले चापरां चिरम् ॥ ४/९३ ॥

अर्थात्:- गृहस्थी ब्रह्ममुहूर्तमा उठेर आवश्यक शौच आदि कर्मलाई सकेर, प्रातःकालको सन्ध्याकार्यलाई दैनिक गर्नुपर्छ त्यस्तै सायंकालको सन्ध्याकार्यलाई पनि दैनिक गर्नुपर्छ।

ऋषयो दीर्घसंध्यत्वाद्दीर्घ आयुरवाप्नुयुः ।
प्रज्ञां यशश्च कीर्तिं च ब्रह्मवर्चसं एव च ॥ ४/९४ ॥

अर्थात्:- मनुष्यले दैनिक प्रातःकाल तथा सांयकालमा सन्ध्या गर्नाले त्यस मनुष्यले दीर्घ आयु प्राप्त गर्छ साथसाथै बुद्धि, यश, कीर्ति, आयु र ब्रह्म(तेज)लाई प्राप्त गर्छ।

श्रावण्यां प्रौष्ठपद्यां वाप्युपाकृत्य यथाविधि ।
युक्तश्छन्दांस्यधीयीत मासान्विप्रोऽर्धपञ्चमान् ॥ ४/९५ ॥

अर्थात्:- वेदको अध्ययन गर्न चाहने मनुष्यले श्रावण र भाद्र महिनाको पूर्णिमा तिथिदेखि वेदले भनेको उप कर्मलाई शुरू गर्नुपर्छ, आश्विन महिनाको पूर्णिमासम्म त्यसपछिको चार महिनासम्म निरन्तर वेद अध्ययनको कार्य शुरू गर्नुपर्छ किनकि यो महिनामा मौसमको आफ्नो परिवर्तनले मनुष्यको शरीरमा सात्विक गुण प्रबल भएको हुन्छ र स्मरण क्षमता पनि ऊर्ध्वगमन हुन्छ।

पुष्ये तु छन्दसां कुर्याद्बहिरूत्सर्जनं द्विजः ।
माघशुक्लस्य वा प्राप्ते पूर्वाह्णे प्रथमेऽहनि ॥ ४/९६ ॥

अर्थात्:- वेदको अध्ययन सकिएको दिनदेखि आउने पुष्य नक्षत्रदेखि आफ्नो गृहबाट बाहिर गएर वेद ज्ञानलाई सबै मनुष्यको कल्याणको लागि उत्सर्जन गर्नुपर्छ यो कार्य निरन्तर दुई महिनासम्म गर्नुपर्छ किनकि यो मौसम शिशिर र बसन्त ऋतुको बीचको हुनाले ज्ञानलाई ग्रहण गर्नको लागि सबै वर्णको मनुष्यलाई सजिलो हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथाशास्त्रं तु कृत्वैवं उत्सर्ग छन्दसां बहिः ।
विरमेत्पक्षिणीं रात्रीं तदेवैकं अहर्निशम् ॥ ४/९७ ॥

अर्थात्:- यदि मनुष्यले शरीरमा या प्रकृतिमा कुनै प्रकृति तथा दैवि परिवर्तन भएमा र वेदलाई पूर्ण अध्ययन गर्न नसिकएमा साढ़े चार महिना पर्यन्त वेदपाठ गर्न सकिनेछ, जस्तै वर्षाको कारण अन्य कार्य गर्न सकिँदैन भने वेदलाई अध्ययन गर्न सकिने छ, वेदको अध्ययनसँगै अन्य नित्यकर्म भने यथाविधिले गर्नुपर्छ ।

अत ऊर्ध्व तु छन्दांसि शुक्लेषु नियतः पठेत् ।
वेदाङ्गानि च सर्वाणि कृष्णपक्षेषु संपठेत् ॥ ४/९८ ॥

अर्थात्:- वेदको अध्ययनपछि यदि घरमा नै बस्ने अवसर मिलेमा र आफ्नो क्षेत्रको सबैलाई वेदज्ञान प्रदान गरे पश्चात् महिनाको दुई पक्ष अर्थात् देवको एक दिन यदि शुक्लपक्षको समयमा वेदको अध्ययन गर्नुपर्छ भने कृष्णपक्षको समयमा शास्त्रहरू अर्थात् शिक्षा, कल्प, व्याकरण, छन्द, निरुक्त शास्त्रको अध्ययन गर्नुपर्छ ।

नाविस्पष्टं अधीयीत न शुद्रजनसन्निधौ ।
न निशान्ते परिश्रान्तो ब्रह्माधीत्य पुनः स्वपेत् ॥ ४/९९ ॥

अर्थात्:- वेदको पठन गर्दा शब्द स्पष्ट र स्वरसहित पाठ गर्नुपर्छ, वेदको पठन गर्दा अवरोध गर्ने जोसुकै होस् त्यसको नजिकै कहिल्यै वेदको ऋचा अध्ययन तथा स्वरसहित पठन गर्नुहुँदैन चाहे त्यो कार्य शुद्रवर्णले आफ्नो कर्म गरिने रहेको किन नै होस् त्यस्तो कुनै पनि वर्णको नजिकै वेदपाठ निषेध गरिएको छ र वेदपाठी रात्रीको चौथो प्रहरपछि वेदपठनबाट थकित भएको भए पनि सुत्नु भने हुँदैन ।

यथोदितेन विधिना नित्यं छन्दस्कृतं पठेत् ।
ब्रह्म छन्दस्कृतं चैव द्विजो युक्तो ह्यनापदि ॥ ४/१०० ॥

अर्थात्:- यथोक्त विधिले नित्य गायत्री मन्त्र आदि छन्द युक्त वेदमन्त्रहरूको पाठ गर्नुपर्छ यदि कुनै आपत् नपरेको अवस्थामा ब्राह्मणशास्त्र अर्थात् वेदको अर्थ र मन्त्र यी दुवै भागको अध्ययन र पाठ पनि गर्नुपर्छ

एतद्विदन्तो विद्वांसो ब्राह्मणा ब्रह्मवादिनः ।
न राज्ञः प्रतिगृह्णन्ति प्रेत्य श्रेयोऽभिकाङ्क्षिणः ॥ ४/९१ ॥

अर्थात्:- यो जन्मलाई उत्तम बनाउन र आउने समयलाई पनि उत्तम होस् भन्ने र आफ्नो धर्म कर्ममा निष्ठा भएको ज्ञानीले जहिले पनिमाथि भनिएको जो आफ्नो कर्मच्यूत व्यक्ति छ त्यस्तो व्यक्तिको घरबाट कुनै पनि दान कुनै पनि अवस्थामा लिनु हुँदैन ।

ब्राह्मे मुहूर्ते बुध्येत धर्मार्थौ चानुचिन्तयेत् ।
कायक्लेशांश्च तन्मूलान्वेदतत्वार्थ एव च ॥ ४/९२ ॥

अर्थात्:- गृहस्थ मनुष्यले रात्रीको चौथो प्रहर, अर्थात् चार घड़ी रात बाँकी भएको समयमा उठ्नु पर्छ, आफ्नो नित्यकर्म सकेर धर्म तथा अर्थ, सोच र शरीरलाई सात्विक बनाएर रोग तथा उसको निदानको बारेमा चिन्तन गर्नुपर्छ र वेदले निर्देशन गरे अनुसार ईश्वरको ध्यान गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्थायावश्यकं कृत्वा कृतशौचः समाहितः ।
पूर्वां संध्यां जपंस्तिष्ठेत्स्वकाले चापरां चिरम् ॥ ४/९३ ॥

अर्थात्:- गृहस्थी ब्रह्ममुहूर्तमा उठेर आवश्यक शौच आदि कर्मलाई सकेर, प्रातःकालको सन्ध्याकार्यलाई दैनिक गर्नुपर्छ त्यस्तै सायंकालको सन्ध्याकार्यलाई पनि दैनिक गर्नुपर्छ ।

ऋषयो दीर्घसंध्यत्वाद्दीर्घ आयुरवाप्नुयुः ।
प्रज्ञां यशश्च कीर्तिं च ब्रह्मवर्चसं एव च ॥ ४/९४ ॥

अर्थात्:- मनुष्यले दैनिक प्रातःकाल तथा सांयकालमा सन्ध्या गर्नाले त्यस मनुष्यले दीर्घ आयु प्राप्त गर्छ साथ साथ वुद्धि, यश, कीर्ति, आयु र ब्रह्म(तेजलाई प्राप्त गर्छ ।

श्रावण्यां प्रौष्ठपद्यां वाप्युपाकृत्य यथाविधि ।
युक्तश्छन्दांस्यधीयीत मासान्विप्रोऽर्धपञ्चमान् ॥ ४/९५ ॥

अर्थात्:- वेदको अध्ययन गर्न चाहने मनुष्यले श्रवण र भाद्र महिनाको पूर्णिमा तिथिदेखि वेदले भनेको उपकर्मलाई शुरू गर्नुपर्छ, अश्विन महिनाको पूर्णिमासम्म त्यसपछिको चार महिनासम्म निरन्तर वेद अध्ययनको कार्य शुरू गर्नुपर्छ किनकि यो महिनामा मौसमको आफ्नो परिवर्तनले मनुष्यको शरीरमा सात्विक गुण प्रबल भएको हुन्छ र स्मरण क्षमता पनि ऊर्ध्वगमन हुन्छ ।

पुष्ये तु छन्दसां कुर्याद्बहिरूत्सर्जनं द्विजः ।
माघशुक्लस्य वा प्राप्ते पूर्वाह्णे प्रथमेऽहनि ॥ ४/९६ ॥

अर्थात्:- वेदको अध्ययन सकिएको दिनदेखि आउने पुष्य नक्षत्रदेखि आफ्नो गृहबाट वाहिर गएर वेद ज्ञानलाई सवै मनुष्यको कल्याणको लागि उत्सर्जन गर्नुपर्छ यो कार्य निरन्तर दुई महिनासम्म गर्नुपर्छ किनकि यो मौसम शिशिर र बसन्त ऋतुको बीचको हुनाले ज्ञानलाई ग्रहण गर्नको लागि सवै वर्णको मनुष्यलाई सजिलो हुन्छ ।

यथाशास्त्रं तु कृत्वैवं उत्सर्गं छन्दसां बहिः ।
विरमेत्पक्षिणीं रात्रीं तदेवैकं अहर्निशम् ॥ ४/९७ ॥

अर्थात्:- यदि मनुष्यलको शरीरमा या प्रकृतिमा कुनै प्रकृति तथा दैवी परिवर्तन भएमा र वेदलाई पूर्ण अध्ययन गर्न नसिकएमा साढ़े चार महिना पर्यन्त वेदपाठ गर्न सकिनेछ, जस्तै वर्षाको कारण अन्य कार्य गर्न सकिँदैन भने वेदलाई अध्ययन गर्न सकिने छ, वेदको अध्ययनसँगै अन्य नित्यकर्म भने यथाविधिले गर्नुपर्छ ।

अत ऊर्ध्व तु छन्दांसि शुक्लेषु नियतः पठेत् ।
वेदाङ्गानि च सर्वाणि कृष्णपक्षेषु संपठेत् ॥ ४/९८ ॥

अर्थात्:- वेदको अध्ययनपछि यदि घरमा नै बस्ने अवसर मिलेमा र आफ्नो क्षेत्रको सबैलाई वेदज्ञान प्रदान गरे पश्चात् महिनाको दुई पक्ष अर्थात् देवको एक दिन यदि शुक्लपक्षको समयमा वेदको अध्ययन गर्नुपर्छ भने कृष्णपक्षको समयमा शास्त्रहरू अर्थात् शिक्षा, कल्प, व्याकरण, छन्द, निरुक्त शास्त्रको अध्ययन गर्नुपर्छ ।

नाविस्पष्टं अधीयीत न शुद्रजनसन्निधौ ।
न निशान्ते परिश्रान्तो ब्रह्माधीत्य पुनः स्वपेत् ॥ ४/९९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- वेदको पठन गर्दा शब्द स्पष्ट र स्वरसहित पाठ गर्नुपर्छ, वेदको पठन गर्दा अवरोध गर्ने जोसुकै होस् त्यसको नजिकै कहिल्यै वेदको ऋचा अध्ययन तथा स्वरसहित पठन गर्नुहुँदैन चाहे त्यो कार्य शुद्रवर्णले आफ्नो कर्म गरिने रहेको किन नै होस् त्यस्तो कुनै पनि वर्णको नजिकै वेदपाठ निषेध गरिएको छ र वेदपाठी रात्रीको चौथो प्रहरपछि वेदपठनबाट थकित भएको भए पनि सुत्नु भनेहुँदैन ।

यथोदितेन विधिना नित्यं छन्दस्कृतं पठेत् ।
ब्रह्म छन्दस्कृतं चैव द्विजो युक्तो ह्यनापदि ॥ ४/१०० ॥

अर्थात्:- यथोक्त विधिले नित्य गायत्री मन्त्र आदि छन्द युक्त वेदमन्त्रहरूको पाठ गर्नुपर्छ यदि कुनै आपात नपरेको अवस्थामा ब्राह्मणशास्त्र अर्थात् वेदको अर्थ र मन्त्र यी दुवै भागको अध्ययन र पाठ पनि गर्नुपर्छ

यावदेकानुदिष्टस्य गन्धो लेपश्च तिष्ठति ।
विप्रस्य विदुषो देहे तावद्ब्रह्म न कीर्तयेत् ॥ ४/१११ ॥

अर्थात्:- कुनै पनि मनुष्यको पेटमा जवसम्म एकोदिष्ट श्राद्धको गन्ध तथा वस्तु जवसम्म शरीरमा विद्यमान रहन्छ तवसम्म वेदपाठ गर्नु पनि हुँदैन ।

शयानः प्रौढपादश्च कृत्वा चैवावसक्थिकाम् ।
नाधीयीतामिषं जग्ध्वा सूतकान्नाद्यं एव च ॥ ४/११२ ॥

अर्थात्:- पशुप्राणीको हत्या गरेर, मांसभक्षण गरेर वेदलाई छुनेपनि गर्नुहुँदैन, सूतकको अन्न खाएर, भोजन गरेपछि सुतेर, शैय्याको आसनमा बसेर, घुड़ा टेकेर उपरखुट्टी लगाएर, निर्वस्त्र भएर, विना स्नान वेदपाठ गर्नुहुँदैन ।

(समयको कलमः- मांसभक्षीलाई वेदपाठको अधिकार नै छैन । अतः मांसभक्षण पूर्ण निषेध हो भन्ने ज्ञात हुन्छ)

नीहारे बाणशब्दे च संध्ययोरेव चोभयोः ।
अमावास्याचतुर्दश्योः पौर्णमास्यष्टकासु च ॥ ४/११३ ॥

अर्थात्:-सन्ध्याकालमा, आकाशमा पुरा धूलो उडेको समयमा कुहिरो डम्म लागेको समयमा, आकाशमा विजुली चम्केको समयमा, वादल गर्जिएको समयमा, अमावस्या, चतुर्दशी, पूर्णिमा, अष्टमी, यी सवै अवस्थामा वेदको स्वाध्यायन (वेदपाठ) नगर्नू ।

अमावास्या गुरुं हन्ति शिष्यं हन्ति चतुर्दशी ।
ब्रह्माष्टकपौर्णमास्यौ तस्मात्ताः परिवर्जयेत् ॥ ४/११४ ॥

अर्थात्:- अमावस्यमा वेदको अध्ययन गर्नाले गुरुको ज्ञान तथा शिक्षाको हानी हुन्छ, चतुर्दशीमा वेद पढ्ने गर्नाले शिष्य आफ्नो स्मरण क्षमता ह्रास हुन्छ, अष्टमी व पूर्णिमामा वेद अध्ययन गर्नाले आफूमा भएको ज्ञान पनि ह्रास हुनेछ किनकि यी तिथिमा सृष्टि अवयवको संरचना पञ्चतत्व मनुष्यको शरीरमा प्रबल भएर एक ऊर्जा उत्पन्न गरिरहेका हुन्छन् त्यसकारण यी तिथिमा वेदपाठ गर्नु हुँदैन ।

पांसुवर्षे दिशां दाहे गोमायुविरुते तथा ।
श्वखरोष्ट्रे च रुवति पङ्कौ च न पठेद्द्विजः ॥ ४/११५ ॥

अर्थात्:- जुन समयमा मौसम ठीक छैन आकाशमा धूलो उडेको हुन्छ, कही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जङ्गल या कहि पनि आगो लागेको हुन्छ, सिंह, कुकुर, गधा, ऊँट आदि जनावरको रुनेको आवाज सुनेको भए या अहिले पनि यी घटना भइरहेको छन् भने यो समय अवस्थामा वेदपाठ गर्नुहुँदैन ।

नाधीयीत श्मशानान्ते ग्रामान्ते गोव्रजेऽपि वा ।
वसित्वा मैथुनं वासः श्राद्धिकं प्रतिगृह्य च ॥ ४/११६ ॥

अर्थात्:- श्मशान (मरघट), चिहान नजिक, गोठको नजिक गाउँमा तथा मैथुनको समयमा धारण गरिएको वस्त्र धारण गरेर श्राद्धको अन्न ग्रहण गरेको भए वेदपाठ नगर्नू ।

प्राणी वा यदि वाप्राणी यत्किं चिच्छ्राद्धिकं भवेत् ।
तदालभ्याप्यनध्यायः पाण्यास्यो हि द्विजः स्मृतः ॥ ४/११७ ॥

अर्थात्:- श्राद्धको वस्तु प्राणी हो अथवा जड़ हो यी सबैलाई ग्रहण गरे पश्चात् वेदपाठ गर्नु हुँदैन, क्योकिकिनकिज्ञानद्वारा नै ती वस्तु प्राणी हो या वस्तु भन्ने बुझिन्छ ज्ञान नै सबैको ब्राह्मण हो। ।

चोरैरुपद्रुते ग्रामे संभ्रमे चाग्निकारिते ।
आकालिकं अनध्यायं विद्यात्सर्वाद्भुतेषु च ॥ ४/११८ ॥

अर्थात्: - चोरीको बिगबिगी भएको समयमा, अगलगीको भय भएको अवस्थामा, प्रकृतिमा अद्भुत दृष्यदेखिएको खण्डमा, उल्कापात भएको खण्डमा, चट्याङ्ग परेको खण्डमा अर्को दिनको ठीक त्यही समयसम्म अनध्याय हुन्छ त्यसैले अनध्यायमा वेद अध्ययन गर्नुहुँदैन ।

उपाकर्मणि चोत्सर्गे त्रिरात्रं क्षेपणं स्मृतम् ।
अष्टकासु त्वहोरात्रं ऋत्वन्तासु च रात्रीषु ॥ ४/११९ ॥

अर्थात्:- उपाकर्म व उत्सर्गमा तीनरात्री, मार्गशीर्ष अर्थात् अष्टमाहको पूर्णिमा पछिको कृष्णपक्षको अष्टमीसम्म एक अहोरात्री र ऋतुहरूको अन्तिमको समय एक अहोरात्री हो यी समयलाई अनध्याय भनिन्छ ।

नाधीयीताश्वं आरूढो न वृक्षं न च हस्तिनम् ।
न नावं न खरं नोष्ट्रं नेरिणस्थो न यानगः ॥ ४/१२० ॥

अर्थात्:- घोड़ामाथि चढेर, वृक्षमाथि चढेर, हात्तीमाथि चढेर, डुङ्गामाथि चढेको अवस्थामा, गधा, ऊँट, बाँझो भूमि अर्थात् मरुभूमिको यान (सवारी) रथमाथि बसेर वेदको स्वाध्याय गर्नुहुँदैन

अभिशस्तस्य षण्ढस्य पुंश्चल्या दाम्भिकस्य च ।
शुक्तं पर्युषितं चैव शुद्रस्योच्छिष्टं एव च ॥ ४/२११ ॥

अर्थात्:- कर्मच्यूत, पशु हत्यारा, शारीरिक बिकलाङ्क (हिजडा), व्यभिचारी मनुष्य, घमण्डी, अहङ्गारी, पक्वान्न तर भुइँमा खसेर उठाइएको, सडेगलेको, अमिलो जुन कुनै अमिलो पदार्थ नमिलाई आफै अमिलो भएको अन्न र कर्तब्यच्युत मनुष्यको जुठो अन्न कहिल्यै खानुहुँदैन चाहे त्यो अन्न तिम्रो सारथी अर्थात् शुद्र नै किन नहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिकित्सकस्य मृगयोः क्रूरस्योच्छिष्टभोजिनः ।
उग्रान्नं सूतिकान्नं च पर्याचान्तं अनिर्दशम् ॥ ४/२१२ ॥

अर्थात्:- शैल्य क्रियागर्ने ठाउँमा, पशु हत्या तथा शिकार गरिएको ठाउँको, दुःखीको घरमा, अज्ञात व्यक्तिको पनि जुन व्यक्तिले जुठो खानेगर्छ त्यस व्यक्तिले बनाएको खाना, जो हरेक काम तरिकाले गलत सोच्ने र स्वभाव तथा आचरण पनि समाज विरुद्धको छ त्यसले बनाएको, जो अन्नमा अखांद्य मिलाएको छ, जो खाना स्त्रीको प्रसूता(गृहमा बनेको छ, अपमान(युक्त, तथा अनिर्दशं कर्म (यस्तो पतित पापकर्म जो कर्म जतिसुकै प्रायश्चित गरेर पनि माफ गर्ने कुनै विधान नै छैन) गरेको व्यक्तिले बनाएको भोजन तथा मिलेर भोजन गरिरहेको समयमा भोजनकर्ताबाटकोही पनि उठेर अपमान गर्नको लागि पानीद्वारा मुख कुल्ला गरेको अवस्थामा बसेर निरन्तर भोजन गर्नुहुँदैन ।

अनर्चितं वृथामांसं अवीरायाश्च योषितः ।
द्विषदन्नं नगर्यन्नं पतितान्नं अवक्षुतम् ॥ ४/२१३ ॥

अर्थात्:- मनुष्यले सत्य कर्मको लागि कहिल्यै आलस्य गर्नु हुँदैन, नित्य आलस्य छोडेर श्रद्धापूर्वक मातापिताको सेवा, प्रकृति सन्तुलनको लागि यज्ञ, पशु प्राणीको लागि पानीको कुवा तथा तलाव आदिको निर्माण गर्नुपर्छ । आफ्नो परिवारलाई लालनपालन गरेर बचेको जाति पनि आफ्नो कमाइको धन सम्पत्ति रहेको छ त्यो सबै प्रकृति सन्तुलन र प्रकृति संरक्षणको लागि, यज्ञ तथा मनुष्यको कल्याण तथा उद्दारको कार्यमा लगाउनु पर्छ यस्तो कार्यले मनुष्यलाई अक्षय सुखको फल प्राप्त हुन्छ ।

पिशुनानृतिनोश्चान्नं क्रतुविक्रयिणस्तथा ।
शैलूषतुन्नवायान्नं कृतघ्नस्यान्नं एव च ॥ ४/२१४ ॥

अर्थात्:- अरुको काममा गलत तरिकाले धुम्ली गर्ने, पैसा लिएर यज्ञ गराउने,कोलको तेल चोरी गर्ने, कपड़ाको चोरी गर्ने दर्जी, कसैले गरेको सेवालाई कृतघ्न गर्ने व्यक्ति ।

कर्मारस्य निषादस्य रङ्गावतारकस्य च ।
सुवर्णकर्तुर्वेणस्य शस्त्रविक्रयिणस्तथा ॥ ४/२१५ ॥

अर्थात्:- फलामको औजार बनाउँदा फलाममा छलकपट र मिलावट गर्ने, धेरै पैसा लिएर कमसल औजार बनाउने लोहार, अँध्यारोमा शिकार गर्ने पशुको हत्या र शिकार गर्ने व्यक्ति, निपाद, आफ्नो कलालाई पैसामा बेच्ने मनुष्य, सुनमा मिलावट गर्ने र सुनको तौलमा छलकपट गर्ने सुनार, ज्ञान भनेर शस्त्रलाई पनि बेच्ने व्यक्ति ।

श्ववतां शौण्डिकानां च चैलनिर्णेजकस्य च ।
रञ्जकस्य नृशंसस्य यस्य चोपपतिर्गृहे ॥ ४/२१६ ॥

अर्थात्:- कुकुरबाट चटक देखाएर जीविकोपार्जन गर्ने मनुष्य, कुकुरको क्रीड़ा गराएर पैसा लिने मनुष्य, काठको काममा छलकपट गर्ने कलवार, कपड़ा धुँदा गलत पानीको प्रयोग गर्ने धोबी, नाटक गरेर पैसा कमाई गर्ने व्यक्ति र अरुको नक्कल गरेर जीविकोपार्जन गर्ने व्यक्ति, नृशंस अर्थात् अरुको हत्या गरेको व्यक्ति,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परपुरुषसँग यौनसम्पर्क गर्ने स्त्री र पुरुष ।

मृष्यन्ति ये चोपपतिं स्त्रीजितानां च सर्वशः ।
अनिर्दशं च प्रेतान्नं अतुष्टिकरं एव च ॥ ४/२१७ ॥

अर्थात्:- परपुरुषसँग खुसी हुने र आफ्नो पतीलाई हेला गर्ने स्त्री, परस्त्रीगामी पुरुष र पत्नीलाई विनाकरण आरोप लगाउने पुरुष, जो स्त्री तथा पुरुषले प्रकृति विरुद्धको कार्य तथा आचरण गरेको हुन्छ, जस्तै भ्रुणहत्या, प्राणीहत्या, गाईको हत्या, माता, पिताको अपहेलाना, गुरुको अपहेलना र गुरुको ज्ञानलाई गलत अर्थमा प्रयोग गर्नु र रजश्वलामा सफाइ नराख्ने स्त्री यीमाथि भनिएको कार्य पतित व्यक्ति जो सुकै हो त्यस्तोको घरमा विद्वान्ले कहिल्यै पनि भोजन गर्नुहुँदैन ।

राजान्नं तेज आदत्ते शुद्रान्नं ब्रह्मवर्चसम् ।
आयुः सुवर्णकारान्नं यशश्चर्मावकर्तिनः ॥ ४/२१८ ॥

अर्थात्:- यस्तोमाथि भनिएको व्यक्तिको घरमा भोजनको कार्य गर्नाले ज्ञानी मनुष्यको आफ्नो रक्षा, सारथी, शुद्धता र शरीरमा विद्यमान रहेको जुन यश हुन्छ त्यो सबै आफै नष्ट भएर पतन हुन्छ ।

कारुकान्नं प्रजां हन्ति बलं निर्णेजकस्य च ।
गणान्नं गणिकान्नं च लोकेभ्यः परिकृन्तति ॥ ४/२१९ ॥

अर्थात्:- त्यस्तै, जग्गाको नाप गर्दा छलकपट गर्ने नापी, कपड़ा धुनेमा छलकपट गर्ने धोवी, त्यस्तै सरकारी कर्ममार्गमा छलकपट गर्ने व्यक्तिको घर र त्यसको हातले बनेको खाना खानु हुँदैन, यदि यस्तो छलकपट गर्ने व्यक्तिको हातको खाना खानाले मनुष्यको आफ्नो सात्विक कर्मको कर्मफल पनि पतन हुन्छ ।

पूयं चिकित्सकस्यान्नं पुंश्चल्यास्त्वन्नं इन्द्रियम् ।
विष्ठा वार्धुषिकस्यान्नं शस्त्रविक्रयिणो मलम् ॥ ४/२२० ॥

अर्थात्:- यस्तो कार्य गर्ने जो सुकै होस् त्यसको हातको अन्न तथा भोजन कसैले पनि गर्नुहुँदैन किनकि त्यो अशुद्ध कमाइ हो ।

१) भ्रुणहत्या जस्तो अघन्या अपराध गर्ने र नियम विरुद्धको कार्य गरेर पैसा कमाउनमा लीन चिकित्सकको हातको कमाइ कुनै घाउको पाकेको पिप जस्तै अशुद्ध हुन्छ ।

२) जसले अप्राकृतिक मैथुनको कार्य गर्नेगर्छ त्यस्तो पुँश्चली अर्थात् नपुंषक घरको तथा त्यसले कमाई सप्नादोष मा निस्किएको वीर्य जस्तै अशुद्ध हो ।

३) पैसा लगानी गरेपछि व्याज लिनुपर्छ त्यो समाज र शास्त्रको नियमअनुसार यो कार्य वैश्यको कर्म हो, तर शास्त्र विरुद्धको कार्य गरेर आफ्नो लगानिको पैसाको व्याज असन्तुलन तरिकाले लिनेगर्छ जुन व्याज शास्त्रको भनाइ विरुद्ध छ त्यसरी शास्त्रको विरुद्ध व्याज असुलको कार्य गरेर आफ्नो जीविका निर्वाह गर्ने व्यक्तिको कमाइएको धन तथा अन्न चराको विष्ठ जस्तै अशुद्ध हो ।

४) युद्धको डर देखाएर शस्त्र बेच्ने र शस्त्र पनि नियमअनुसार नबनाई धातुमा मिलवार गरेर मनुष्यको वीचमा युद्ध हुने भ्रम पारी हतियार बेचेर कमाइएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पत्ति या पैसा मुखबाट निस्किएको कफ तथा खकार जस्तै अशुद्ध हो । त्यसैले यस्तो कार्य गर्ने व्यक्तिको घरमा तथा यस्तो व्यक्तिको हातले बनाएको कुनै पनि खाना खानुहुँदैन)

न विवादे न कलहे न सेनायां न संगरँ ।
न भुक्तमात्रे नाजीर्णे न वमित्वा न शुक्तके ॥ ४/१२१ ॥

अर्थात्:- नजिकै विवाद भएको अवस्थामा, घर छिमेकमा कलह भएको अवस्थामा, देशमा सङ्कट भएको अवस्थामा, सेनाले सङ्ग्राममा भाग लिएको अवस्थामा, पेटमा अजीर्ण भएमा, वमनमा, सूतकमा परेको अवस्थामा यी सबै अवस्था अनध्याय हो भनेर बुझ्नू, तथा भोजन गरेको लागत्तैको समय पनि अनध्याय हो त्यो समयमा वेद अध्ययन गर्नुहुँदैन ।

अतिथिं चाननुज्ञाप्य मारुते वाति वा भृशम् ।
रुधिरे च स्रुते गात्राच्छस्त्रेण च परिक्षते ॥ ४/१२२ ॥

अर्थात्:- बाहिर आँधी आएको अवस्था, हावा हुरी चलेको अवस्थामा, शरीरबाट रुधिर(रगत) निस्किरहेको अवस्थामा, शरीरमा कुनै पीड़ा भएको अवस्थामा, शस्त्रले क्षत (घाउ) भएको अवस्थामा, अतिथिको अनाज्ञा व अरुचि भएको अवस्था भएमा त्यो समयमा अनध्याय हो भनेर बुझ्नुपर्छ ।

सामध्वनावृग्यजुषी नाधीयीत कदा चन ।
वेदस्याधीत्य वाप्यन्तं आरण्यकं अधीत्य च ॥ ४/१२३ ॥

अर्थात्:- सामवेदको ऋचाको ध्वनि सुनिइरहेको छ भने अन्य वेदको अध्ययन शुरू गर्नुहुँदैन, सामवेदको ऋचाको ध्वनि कानमा जबसम्म तरङ्गित भैरहेको हुन्छ तबसम्म अन्य वेदको अध्ययन गर्नुहुँदैन र एक वेदको अध्ययन नसकिएसम्म अर्को वेदको अध्ययन शुरू गर्नुहुँदैन, त्यस्तै सामवेदलाई स्वाध्याय गरेर नसकि ऋग्वेद व यजुर्वेदलाई स्वाध्याय गर्नुहुँदैन । एक वेदको स्वाध्याय सकिएको लागत्तै अर्को वेद स्वाध्याय गर्नुहुँदैन एक वेद स्वाध्याय गरेर सकिएको पाँच घड़ीको समयसम्मलाई अनध्याय गर्नुपर्छ भन्ने बुझ्नू ।

ऋग्वेदो देवदैवत्यो यजुर्वेदस्तु मानुषः ।
सामवेदः स्मृतः पित्र्यस्तस्मात्तस्याशुचिर्ध्वनिः ॥ ४/१२४ ॥

अर्थात्:- ऋग्वेद ब्रह्मयज्ञ र देवयज्ञ ज्ञानको विधानको लागि हो, यजुर्वेद मनुष्यको सम्पूर्ण कर्मको विधानको ज्ञानको लागि हो, सामवेद पितृयज्ञको ज्ञान र कर्मको ज्ञानको विधानको लागि हो, त्यसैले वेदमा अलग अलग ज्ञानको अलग अलग विधान हुनाले एक वेद स्वध्याय गरिएको लागत्तै अर्को वेदको स्वाध्याय गर्नुहुँदैन ।

एतद्विद्वन्तो विद्वांसस्त्रयीनिष्कर्ष अन्वहम् ।
क्रमतः पूर्व अभ्यस्य पश्चाद्वेदं अधीयते ॥ ४/१२५ ॥

अर्थात्:-माथि भनिएको वेद देवताको अर्थ ज्ञान हो त्यही ज्ञानको अर्थ नै सत्य सम्पत्ति र आचरणलाई वरण गर्नु हो ज्ञान नै वरणको उद्गम स्थल र ज्ञानको धारापनि हो यही वरण नै वर्ण हो त्यसैले ज्ञानको धारलाई आफूमा ग्रहण गर्नुभन्दा पहिले प्रणव, व्यहृति र गायत्रीलाई जप तथा गायत्रीको प्रण गर्दै वेद अध्ययन शुरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्छ यसो गर्नाले स्मरण क्षमतामा वृद्धि हुन्छ ।

पशुमण्डूकमार्जार श्वसर्पनकुलाखुभिः ।
अन्तरागमने विद्यादनध्यायं अहर्निशम् ॥ ४/१२६ ॥

अर्थात्:- गाई, भैंसी आदि पशु, भ्यागुतो, बिरालो, कुकुर, सर्प, नयाँउरी मुसा, मूसा, छेपारो, कुनै पनि प्राणीले अध्ययन गरिरहेको गुरु र शिष्यको बिचवाट प्रस्थान गरेर अन्यत्र गएमा त्यो समयदेखि नै एक अहोरात्र अनध्याय हुन्छ । (समयको कलमः- प्रकृतिको सम्पूर्ण प्राणी प्रकृति प्रेमी हुनाले सधैँ प्रकृतिमा नै रमाएको हुन्छ प्रकृतिमा हुने सम्पूर्ण परिवर्तन पनि ती प्राणीलाई सधैँ थाहा हुन्छ त्यसैले यदि गुरु र शिष्यले वेदको अध्ययन गरिरहेको भए वेद ऋचाले त्यहाँ प्रकृतिमा एक सन्तुलन गरीरहेको हुन्छ त्यो सन्तुलनलाई पनि यदि कुनै समस्या आउने अवस्था भएमा त्यो देखेको खण्डमा ती सबै प्राणीले त्यो ठाउँलाई छोडेर अन्यत्र जानेकोसिस गरेका हुन्छन् त्यहाँ प्रकृतिमा कुनै समस्या आउने देखेर नै ती प्राणीले आफ्नो स्थान छोडेर हिँडेका हुन् र ती अध्ययन र अध्यापनको कार्य गरिरहेको कसैलाई पनि कुनै समस्या नहोस् भनेर पहिले नै एक सङ्केत दिएका हुन्छन् होशियार होस् भनेर सङ्केत रुपले गुरु शिष्यको बीचवाट निस्किएर सङ्केत गरेको हुन्छ यो ठाउँलाई केही समयको लागि छोड्नु केही परिवर्तन हुँदै छ भनेर तर त्यो सङ्केत मनुष्यले नबुझेको हुनसक्छ त्यो अलग कुरा हो । कुनै पनि प्राणी कहिल्यै पनि यदि कुनै विपद आफूमाथि नआएसम्म कहिल्यै पनि मनुष्यको विचवाट निस्किएको हुँदैन । कहिल्यै कही कुनै समस्या मनुष्यमा आउने भए प्राणीले सङ्केत गरेको हुन्छ तर मनुष्यले बुझ्दैन त्यो अलग कुरा हो हरेक प्राणीले प्रत्येक अवस्थामा प्रकृतिको परिवर्तनलाई बुझेर मनुष्यलाई सङ्केत गरेको हुन्छ समय र अवस्थाको बारेमा मनुष्यले त्यो सङ्केत बुझ्दैन त्यो मनुष्यको कमजोरी हो पशुको हैंन पशु प्रकृतिप्रेमी हुनाले प्रकृतिमा हुने सम्पूर्ण परिवर्तनलाई पहिले नै जानेको हुन्छन्)

द्वावेव वर्जयेन्नित्यं अनध्यायौ प्रयत्नतः ।
स्वाध्यायभूमिं चाशुद्धं आत्मानं चाशुचिं द्विजः ॥ ४/१२७ ॥

अर्थात्:- प्राणी हत्या भएको जमिनमा बसेको भए, लास पोलिरहेको ठाउँमा गएको भए, कुनै पनि अवस्थामा आफै झुटो बोलेको भए, निद्रामा स्वप्नदोष भएको भए शरीर अशुद्ध हुन्छ यस्तो अवस्थामा एक अहोरात्रीसम्म अनध्याय गर्नुपर्छ भन्ने बुझ्नू ।

अमावास्यां अष्टमीं च पूर्णिमां चतुर्दशीम् ।
ब्रह्मचारी भवेन्नित्यं अप्यृतौ स्नातको द्विजः ॥ ४/१२८ ॥

अर्थात्:- गृहस्थ द्विज तथा स्नातक ब्रह्मणले ऋतुकाल भएको भए पनि आफ्नो पत्नीसँग अमावस्या, अष्टमी, पूर्णिमा र चतुर्दशी यी तिथीमा सधैँ ब्रह्मचारीको नियम पालन गर्नुपर्छ ।

(समयको कलमः- जब ऋतुदान गर्नुपर्ने हुन्छ तब पर्व अर्थात् जो ती ऋतुदान १६ दिनमा पूर्णिमा, अमावस्या, चतुर्दशी वा अष्टमी परेको खण्डमा त्यो रात्रीमा ऋतुदान गर्नुहुँदैन । यी तिथिमा कहिल्यै पनि स्त्री पुरूष अर्थात् पति पत्नीले रतिक्रिया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुहुँदैन) ।

(संस्कारविधि गर्भादान संस्कार ऋतुदान काल प्रकरण बाट)

न स्नानं आचरेद्भुक्त्वा नातुरो न महानिशि ।
न वासोभिः सहाजस्रं नाविज्ञाते जलाशये ॥ ४/१२९ ॥

अर्थात्:- भोजन गारिसके पछि तुरुन्तै, बिरामी भएको समयमा, मध्यरात्रीमा, धेरै लुगा लगाएर, नजानेको अन्जान ठाउँको जलाशयमा कहिल्यै पनि स्नान गर्नुहुँदैन ।

देवतानां गुरो राज्ञः स्नातकाचार्ययोस्तथा ।
नाक्रामेत्कामतश्छायां भ्रूणो दीक्षितस्य च ॥ ४/१३० ॥

अर्थात्:- माता, पिता, गुरु, राजा, स्नातक,आचार्य, अग्नि, ज्ञान दिएको र दीक्षा लिएको ज्ञानी ब्राह्मण आदिलाई नाघ्नु हुँदैन यी आदरणीय हुनाले छायाको नजिक पनि उभिनु हुँदैन

मध्यंदिनेऽर्धरात्रे च श्राद्धं भुक्त्वा च सामिषम् ।
संध्ययोरुभयोश्चैव न सेवेत चतुष्पथम् ॥ ४/१३१ ॥

अर्थात्:- मध्यादिन, मध्यरात्री, मांसभक्षण गरेर, श्राद्धको भोजन गरेको भए, दुवै अवस्थाको संध्याकालमा कुनै पनि अवस्थामा यी समयमा कहिल्यै पनि चौवाटोमा वस्नुहुँदैन ।

उद्वर्तनं अपस्नानं विण्मुत्रे रक्तं एव च ।
श्लेश्मनिष्ठ्यूतवान्तानि नाधितिष्ठेत्तु कामतः ॥ ४/१३२ ॥

अर्थात्:- ज्यानबाट निस्किएको मैलो, नुहाएको पानी जम्मा भएको ठाउँ, दिसा, पिसाव, खाकर, कफ, रगत, थुक, वान्ता, जानवर मरेको ठाउँ त कतैवाट आदि दूषित र विषालु, कुनै महामारी फैलिएको ठाउँमा प्रवेश गर्नु हुँदैन र त्यस्तो ठाउँमा कहिल्यै पनि वस्नुहुँदैन ।

वैरिणं नोपसेवेत सहायं चैव वैरिणः ।
अधार्मिकं तस्करं च परस्यैव च योषितम् ॥ ४/१३३ ॥

अर्थात्:- गृहस्थ द्विजले कसैसँग शत्रुतापूर्ण आचरण गर्नु हुँदैन तर यदि कसैले शत्रुता गर्छ भने त्यस्तो शत्रुलाई सहायता गर्ने व्यक्तिसँग, अधार्मी अर्थात् प्रकृति विरुद्धको कार्यगर्नेसँग, चोर, पराई स्त्रीसँग मलजोल गर्ने मनुष्यसँग र पराइस्त्रीसँग मलजोल गर्नुहुँदैन ।

न हीदृशं अनायुष्यं लोके किं चन विद्यते ।
यादृशं पुरुषस्येह परदारोपसेवनम् ॥ ४/१३४ ॥

अर्थात्:- संस्कार विरुद्धको कार्यमा परस्त्रीसँग सम्भोग गर्ने जति पतित कार्य अरु छैन परस्त्री गमन गर्ने मनुष्यको आयु क्षीण हुन्छ ।

(समयको कलमः-संसारमा पुरुषको आयुको तीव्र गतिमा क्षीण गर्ने अरु यस्ता कोही पाप छैन जति परस्त्री गमन छ ।

क्षत्रीयं चैव सर्प च ब्राह्मणं च वहुश्रुतम् ।
नावमन्येत वै भूष्णुः कृशानपि कदा चन ॥ ४/१३५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- मनुष्यले आफ्नो उन्नति र विकाशलाई प्राप्त गर्न इच्छुक छ भने त्यसले माता, पिता, राजा (क्षत्रीय) प्रकृति विरुद्धको कार्य (सर्प) तथा विद्वान् वेदज्ञानी ब्राह्मण, कुनै पनि बृद्ध, तथा अपाङ्ग कसैको पनि अनादर गर्नुहुँदैन ।

एतत्त्रयं हि पुरुषं निर्दहेदवमानितम् ।
तस्मादेतत्त्रयं नित्यं नावमन्येत बुद्धिमान् ॥ ४/१३६ ॥

अर्थात्:- आफ्नो उन्नतिको कामन गर्ने व्यक्तिले माता, पिता, ज्ञानी व्यक्ति, प्रकृति, वृद्ध, अनाथ तथा अपाङ्गको सधैँसम्मान गर्नुपर्छ ।

नात्मानं अवमन्येत पुर्वाभिरसमृद्धिभिः ।
आ मृत्योः श्रियं अन्विच्छेन्नैनां मन्येत दुर्लभाम् ॥ ४/१३७ ॥

अर्थात्:- गृहस्थी पहिले सम्पन्न थियो विविध कारण र कुनै दैविक र प्राकृतिक कुनै पनि एक परिवर्तनको कारण त्यही गृहस्थी अहिले दरिद्र भएको भए र जतिसुकै प्रयत्न गरे पनि असफल भएर दरिद्र नै रहे पनि गृहस्थीले आफ्नो स्वभिमानलाई कहिल्यै गुमाउनु हुँदैन । आफूले निरन्तर मेहनत गर्नुपर्छ, जीवित अवस्था नै लक्ष्मीको (सम्पत्ति) उन्नतिको लागि निरन्तर पुरुषार्थ गर्नुपर्छ र निरन्तर प्रयासले नै सम्पत्ति (लक्ष्मी) लाई प्राप्त हुन्छ सम्पत्तिलाई दुर्लभ हो भनेर कहिल्यै बुझ्नुहुँदैन ।

सत्यं ब्रुयात् ब्रुयात् न ब्रुयात्सत्यं अप्रियम् ।
प्रियं च नानृतं ब्रुयातेष धर्मः सनातनः ॥ ४/१३८ ॥

अर्थात्:(मनुष्यले सधैं सत्य र मधुर वचन बोल्नुपर्छ यदि वचन सत्य छ किन्तु वचन कठोर छ भने त्यस्तो सत्य तर कठोर तरिकाले त्यस सत्य वचनलाई कहिल्यै बोल्नु हुँदैन, तथा यदि प्रिय र मधुर हो परन्तु असत्य हो भने पनि त्यस्तो झुटो वचन कहिल्यै बोल्नु हुँदैन यो नियम नै नित्यधर्मको नियम हो ।

भद्रं भद्रं इति ब्रुयात्भद्रं इत्येव वा वदेत् ।
शुष्कवैरं विवादं च न कुर्यात्केन चित्सह ॥ ४/१३९ ॥

अर्थात्:- सधैं भद्र अर्थात् सबैको हितकारी, मधुर र सत्य वचन बोल्ने गर्नुपर्छ शुष्कवैर अर्थात् बिनाकारण तथा बिना अपराध कसैको पनि बिरोध गर्नुहुँदैन अपराधी हो भन्ने बचाउनेकोसिस पनि गर्नुहुँदैन जून जून कार्य अन्य कसैको पनि उत्तम, कल्याण र हितकारी हुनसक्छ तर त्यो वचन सुनेर उसले नराम्रो मानोस् यदि त्यस्तो भए पनि त्यस्तो वचनलाई डर नमानी खुलेर नै भन्नुपर्छ ।

नातिकल्यं नातिसायं नातिमध्यंदिने स्थिते ।
नाज्ञातेन समं गच्छेन्नैको न वृषलैः सह ॥ ४/१४० ॥

अर्थात्:- अतिः प्रातः अति संध्या, अति दोपहर (मध्यदिन)को समयमा अज्ञानी पुरुषको साथमा नराख्नु त्यो चाहे तिमी यात्रामार्गको साथी तथा यात्राको निर्देशक सारथी नै किन नहोस् ।

हीनाङ्गानतिरिक्ताङ्गान्विद्याहीनान्वयोऽधिकान् ।
रुपद्रविणहीनांश्च जातिहीनांश्च नाक्षिपेत् ॥ ४/१४१ ॥

अर्थात्:- बिकलाङ्क अर्थात् हीनाङ्ग, शरीरमा धेरै अङ्ग भएको अर्थात् अधिकाङ्ग, विद्याहीन, आयुमा आफूभन्दा वृद्ध, अनुहार बिग्रिएको कुरुप, धनरहिन गरीब, दरिद्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् भिखारी जुनसुकै नाममा भीख मागेको होस् तथा निःसंतान भएको कारण आफूलाई हीन सोच्ने मनुष्यलाई कुनै पनि कुराले व्यङ्ग्य गरेर जिस्काउनु हुँदैन र अपहेलना गर्नुहुँदैन् तर ती सबैलाई सकेको सहयोग भने गर्नुपर्छ ।

न स्पृशेत्पाणिनोच्छिष्टो विप्रो गोब्राह्मणानलाण् ।
न चापि पश्येदशुचिः सुस्थो ज्योतिर्गणान्दिवा ॥ ४/१४२ ॥

अर्थात्:- यदि घरमा कुनै ज्ञानी विद्वान् आएमा र भोजन गर्दैगर्दा जुठो मुख तथा हात लिएर ज्ञानीलाई स्वागत गर्नु हुँदैन, गाई तथा अग्निलाईलाई जुठो हातले स्पर्श गर्नुहुँदैन तथा अपवित्र र अस्वस्थ्य भएको अवस्थामा ज्ञानको लागि पठाशाला जानु पर्दैन, चन्द्र, सूर्य व नक्षत्रलाई हेरेर बस्नुपनि हुँदैन ।

स्पृष्ट्वैतानशुचिर्नित्यं अद्भिः प्राणानुपस्पृशेत् ।
गात्राणि चैव सर्वाणि नाभीं पाणितलेन तु ॥ ४/१४३ ॥

अर्थात्:- जुन वस्तुलाई छुन बीर्जत गरिएको हुन्छ त्यस्तो वस्तु छोएमा अर्थात् स्पर्श गरेको खण्डमा हातमा जल र खरानी लिएर हात सफा गरेर सम्भव भएमा स्नान गर्नुपर्छ यदि त्यो सम्भव नभएमा शुद्ध जलले प्राण (नाक), कर्णादि इन्द्रिय व सर्वशरीरलाई स्पर्श गर्नुपर्छ तथा नाभीलाई पाणि अर्थात् हातको हत्केलाले छुनुपर्छ।

अनातुरः स्वानि खानि न स्पृशेदनिमित्ततः ।
रोमाणि च रहस्यानि सर्वाण्येव विवर्जयेत् ॥ ४/१४४ ॥

अर्थात्:- अनातुर, बिना आवश्यकता, बिना सफाइ बिना कारण आफ्नो हातले आफ्नो इन्द्रियलाई स्पर्श गर्नुहुँदैन, तथा गुप्त स्थान (अर्थात् काँख मलमुत्र स्थान) मा आएको रौलाई पनि बिनाकारण हातको सफाइ बिना स्पर्श गर्नु हुँदैन ।

मङ्गलाचारयुक्तः स्यात्प्रयतात्मा जितेन्द्रियः ।
जपेच्च जुहुयाच्चैव नित्यं अग्निं अतन्द्रितः ॥ ४/१४५ ॥

अर्थात्:- समाज र सम्पूर्ण प्राणीको कल्याण चाहने र प्रकृति सन्तुलनको लागि कल्याणकारी कार्यमा लागि रहन चाहने मनुष्यले आफ्नो आचरणलाई श्रेष्ठ आचरण धारण गरेर जुन आचरण शस्त्र निर्देशित रहेको छ त्यस शास्त्र निर्देशित आचरणलाई आफूमा धारण गरेर आफ्नो र समाजको उन्नतिको लागि सधैं प्रयत्नशील र जितेन्द्रिय रहनुपर्छ र प्रतिदिन आलस्यरहित भएर भक्ति तथा उपासना गर्नुपर्छ र प्रकृति शुद्धको लागि दैनिक हवन यज्ञ गर्नुपर्छ ।

मङ्गलाचारयुक्तानां नित्यं च प्रयतात्मनाम् ।
जपतां जुह्वतां चैव विनिपातो न विद्यते ॥ ४/१४६ ॥

अर्थात्:- जो मनुष्य सम्पूर्ण प्राणीको कल्याणको लागि कार्य गरिरहेको हुन्छ र मानवताको गुणलाई धारण गरेर जुन श्रेष्ठ आचरणको नियमलाई पालन गरेका हुन्छन् र आफ्नो कार्य सधैं सम्पूर्ण प्राणीको कल्याणको लागि र सबै मनुष्यको उन्नतिको लागि प्रयत्नशील रहेका हुन्छन् र ईश्वरप्रति विश्वास राखेका हुन्छन् तथा आफ्नो आचरण नै ईश्वरको निर्देशन अनुसार राखेर जाप गरेका हुन्छन् हवन गरेका हुन्छन् त्यस्तो मनुष्यको अवनति कहिल्यै पनि हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदं एवाभ्यसेन्नित्यं यथाकालं अतन्द्रितः ।
तं ह्यस्याहुः परं धर्म उपधर्मोऽन्य उच्यते ॥ ४/१४७ ॥

अर्थात्:- द्विजले सधैं जति समय लगाउन सकिन्छ त्यति नै समय लगाएर वेदज्ञान अनुसार नै आचरणलाई धारण गरेर आलस्यरहित भएर वेदको नै अध्ययन गर्नुपर्छ, किनकि त्यस वेदाभ्यासद्वारा नै मनुष्यलाई आफ्नो कर्तव्य कर्म र आफ्नो धर्मको ज्ञान प्राप्त हुन्छ आफ्नो धर्मको कर्तव्य कर्मलाई बुझ्नु नै कर्तव्य कर्मको सर्वोत्तम कर्तव्य हो भने कर्तव्य कर्मको अघि अन्य सम्पूर्ण कर्तव्य कर्म गौण रहेका हुन्छन् ।

वेदाभ्यासेन सततं शौचेन तपसैव च ।
अद्रोहेण च भूतानां जातिं स्मरति पौर्विकीम् ॥ ४/१४८ ॥

अर्थात्:- मनुष्यले आफ्नो आचरणलाई निरन्तर वेदको ज्ञानलाई धारण गर्नमा लगाउनु पर्छ वेदज्ञान अनुसार नै अभ्यास गर्नाले नै मनुष्यमा आत्मिक तथा शारीरिक पवित्रता प्राप्त हुन्छ भने वेदको ज्ञान अनुसार नै तपस्या गर्नाले सबै प्राणीप्रति स्नेह भावना उत्पन्न हुन्छ आफ्नो यो जन्म कसरी उत्तम गराउने भन्ने बारेमा सधैं क्रियाशील रहनु पर्छ किनकि भूतकाल वित्यो भविष्यकाल कहिल्यै आउँदैन त्यसैले सधैं वर्तमानमा नै वेदज्ञान अनुसार नै कर्म गर्नुपर्छ ।

पौर्विकीं संस्मरन्जातिं ब्रह्मैवाभ्यस्यते पुनः ।
ब्रह्माभ्यासेन चाजस्रं अनन्तं सुखं अश्नुते ॥ ४/१४९ ॥

अर्थात्:- भूतकाल र भविष्यतकालको कुनै चिन्ता नगरी वर्तमानकालमा गर्ने जति कर्म छन् ती सबै कर्महरूलाई वेदज्ञान अनुसार गर्ने मनुष्यले सरल तरिकाले नै मोक्षलाई प्राप्त गरेको हुन्छ ।

सावित्राञ् शान्तिहोमांश्च कुर्यात्पर्वसु नित्यशः ।
पितककंश्चैवाष्टकास्वर्चेन्नित्यं अन्वष्टकासु च ॥ ४/१५० ॥

अर्थात्:- चित्त शान्तिको लागि दैनिक नित्य गायत्रीमन्त्रको जप गर्नु प्रकृति सन्तुलनको लागि यज्ञ गर्नु, सेवाको लागि असाहायको लागि दान दिनु यदि कुनै दैविक प्रकोप र प्राकृतिक प्रकोपको डर भएमा शान्ति हवन गर्नु माता, पिताको सधैं सेवा गर्नु यी शुभ कार्य गर्नको लागि कुनै पर्व तिथि पर्खिनु पर्दैन

दूरादावसथान्मुत्रं दूरात्पादावसेचनम् ।
उच्छिष्टान्ननिषेकं च दूरादेव समाचरेत् ॥ ४/१५१ ॥

अर्थात्:- मलमुत्रको त्याग, शरीर तथा खुट्टाको सफाइ, अखाद्य वस्तु तथा जुठो वस्तु फाल्ने कार्य र गर्भाधान संस्कार क्रियालाई कहिल्यै पनि अग्निको समीप गर्नुहुँदैन ।

मैत्रं प्रसाधनं स्नानं दन्तधावनं अञ्जनम् ।
पूर्वाह्ण एव कुर्वीत देवतानां च पूजनम् ॥ ४/१५२ ॥

अर्थात्:- शौचक्रिया, अर्थात् विष्टात्याग, दन्तमन्जन, स्नान अनावश्यक रौं काट्ने कार्य, शरीरमा तेल लगाउने कार्य, आँखामा गाजल लगाउने कार्य अर्थात् श्रृङ्गारको कार्य, देवपूजनको कार्य सधैं दिउँसो अर्थात् मध्याह्न भन्दा पहिले नै गर्नुपर्छ ।

दैवतान्यभिगच्छेत्तु धार्मिकांश्च द्विजोत्तमान् ।
ईश्वरं चैव रक्षार्थं गुरुनेव च पर्वसु ॥ ४/१५३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- सत्य ज्ञानप्राप्त गर्नको लागि, मन तथा चित्तको सन्तुलन तथा खुसीको लागि अमावास्या, पूर्णिमा, अष्टमी लगायत हरेक खुशीको दिन तथा पर्वमा धार्मिक सत्सँगमा, ज्ञानीको सङ्गतमा, राजा, गुरुको सानिध्य देवकुटीमा गएर ज्ञानलाई ग्रहण गर्नुपर्छ।

अभिवादयेद्वृद्धांश्च दद्याच्चैवासनं स्वकम्।
कृताञ्जलिरुपासीत गच्छतः पृष्ठतोऽन्वियात् ॥ ४/१५४ ॥

अर्थात्:- यदि कोहि पनि वृद्ध तथा बयोवृद्ध गृहस्थीको गृहमा आएको खण्डमा परिचित हो या अपरिचित होस् त्यस बृद्धलाई अतिथि जस्तैसम्मान तथा अभिवादन गर्नु, र बस्नको लागि आसन दिनु, भोजनको व्यवस्था गर्नु, नजिकै बसेर प्रश्न उत्तर गर्नु, आउनुको कारण सोध्नु, सेवा गर्नु, सहयोग गर्नु, यदि जान लागेको खण्डमा उहाँलाई अघि लगाएर केही दूरीसम्म आफू पनि पछि पछि जानुपर्छ।

श्रुतिस्मृत्युदितं सम्यङ्निबद्धं स्वेषु कर्मसु।
धर्ममूलं निषेवेत सदाचारं अतन्द्रितः ॥ ४/१५५ ॥

अर्थात्:- गृहस्थीलाई श्रुति र स्मृतिमा जुन जुन ज्ञान, आचरण र कर्मको बारेमा भनिएको छ त्यस विधानलाई सधैँ आफूमा धारण गर्नुपर्छ प्रकृतिको नियममा बाँधिएको जो जो कर्म भनिएको छ त्यस सबै नियमलाई पालन गर्दै आलस्यलाई छोडेर सधैँ धर्म-पूर्वक धर्मको नियमलाई पालन गर्दै सत्यको आचरण गर्नमा र सदाचारको आचरण गर्नमा सधैँ तल्लिन रहनुपर्छ।

आचाराल्लभते ह्यायुराचारादीप्सिताः प्रजाः।
आचाराद्धनं अक्षय्यं आचारो हन्त्यलक्षणम् ॥ ४/१५६ ॥

अर्थात्:- सदाचारको आचरणले नै मनुष्यको आयुमा वृद्धि हुन्छ। सदाचारको आचरणले नै मनुष्यको उत्तम संस्कारी सन्तानको जन्म हुन्छ, सदाचारको आचरणले नै अक्षय धन सम्पत्ति मिलेको हुन्छ जुन धन सम्पत्ति कहिल्यै क्षय हुँदैन। सदाचारको आचरणले नै मनुष्यलाई पतन हुनबाट बचाउँछ, शरीरमा रहेको जो अवगुण छन् त्यस अवगुण लाई सदाचारको आचरणद्वारा नै नाश गर्न सकिन्छ।

दुराचारो हि पुरुषो लोके भवति निन्दितः।
दुःखभागी च सततं व्याधितोऽल्पायुरेव च ॥ ४/१५७ ॥

अर्थात्:- दुराचार अतिनै गलत कार्य हो, दुराचारी मनुष्यको उसको कर्मको कारणले आफ्नो सन्ततीलाई समेत निन्दाको दलदलमा धकेली दिएको हुन्छ, दुराचारी मनुष्य सधैँ रोग तथा अल्पायु आदि दुःखलाई सधैँ प्राप्त गरेको हुन्छ।

सर्वलक्षणहीनोऽपि यः सदाचारवान्नरः।
श्रद्दधानोऽनसूयश्च शतं वर्षाणि जीवति ॥ ४/१५८ ॥

अर्थात्:- जो मनुष्य सदाचारी, सत्यमा आस्थावान श्रद्धामा आस्थावान र परनिन्दा आदि दोषबाट रहित र प्रकृतिप्रेमी रहेको हुन्छ त्यो मनुष्यमा चाहे अन्य कयौँ लक्षणहीन नै किन नहोस् त्यस्तो मनुष्य सुखपूर्वक लामो समयसम्म जीवत रहनेछ सय वर्ष या त्यो भन्दापनि धेरै वर्ष।

यद्यत्परवशं कर्म तत्तद्यत्नेन वर्जयेत्।
यद्यदात्मवशं तु स्यात्तत्तत्सेवेत यत्नतः ॥ ४/१५९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- मनुष्यले जो जो काम पराइको वशमा रहेर गरेको हुन्छ त्यस कर्मलाई छोडेर, जो जो काम आफ्नो आधीनमा रहेको हुन्छ त्यस कर्मलाई नै नित्य गर्नुपर्छ यसो गर्नाले मनुष्य अरुको दासतामा हुँदैन र आफूमा स्वतन्त्रता रहेको हुन्छ ।

सर्व परवशं दुःखं सर्व आत्मवशं सुखम् ।
एतद्विद्यात्समासेन लक्षणं सुखदुःखयोः ॥ ४/१६० ॥

अर्थात्:- अरुको अधीनमा रहेर कर्मगर्ने हो भने मनुष्यको जीवन तथा कर्म अतिनै कष्टकर हुन्छ, मनुष्य आफूमा आफ्नो क्षमता अनुसार स्वतन्त्र रहेर कर्म गर्नाले सुखी खुशी रहेको हुन्छ त्यसैले मनुष्यले आफ्नो कर्म गर्नु नै सूखको लक्षण हो भने पराइको अधीनमा रहेर कर्म गर्नु दुःखको लक्षण हो

यत्कर्म कुर्वतोऽस्य स्यात्परितोषोऽन्तरात्मनः ।
तत्प्रयत्नेन कुर्वीत विपरीतं तु वर्जयेत् ॥ ४/१६१ ॥

अर्थात्:- वेदले निर्देशन गरे अनुसारको जुन कर्मगर्ने क्षमता जुन मनुष्यमा रहेको हुन्छ र जुन कर्मगर्दा मनुष्यको आफ्नो अन्तर्मन खुशी हुन्छ, चित्तको सन्तुष्टि हुन्छ र मनमा प्रसन्नताको अनुभव हुन्छ त्यस कर्मलाई गर्नमा सधैं प्रयत्न गर्नुपर्छ र जुन कर्मलाई गर्दा मनमा प्रसन्नता हुँदैन त्यस कर्म नगरेको अति नै उत्तम हुन्छ ।

आचार्य च प्रवक्तारं पितरं मातरं गुरुम् ।
न हिंस्याद्ब्राह्मणान्गाश्च सर्वांश्चैव तपस्वीनः ॥ ४/१६२ ॥

अर्थात्:- वेद अर्थात् सत्यज्ञान प्रदान गर्न र वेद पढाउने गुरु तथा ब्राह्मण, वेदज्ञानको प्रवचन गर्ने, पिता, माता, गुरु, गाई तथा अन्य प्राणी, सबै तपस्वी अर्थात् मेहनत गर्ने कसैलाई पनि कुनै किसिमको दुःख दिनुहुँदैन यी सबैको विरुद्धको कुनै पनि आचरण गर्नुहुँदैन ।

नास्तिक्यं वेदनिन्दां च देवतानां च कुत्सनम् ।
द्वेषं दम्भं च मानं च क्रोधं तैक्ष्ण्यं च वर्जयेत् ॥ ४/१६३ ॥

अर्थात्:- सत्य कुरालाई ग्रहण गर्न नसक्ने नास्तिक, सत्य ज्ञान अर्थात् वेदको निन्दा गर्ने, विद्वान्को निन्दा गर्ने र ज्ञानीसँग द्वेषगर्ने, धर्मको नाममा पाखण्ड फैलाउने, कुनै पनि कुरामा अभिमान गर्ने, बिनाकरण क्रोध गर्ने, क्रोधमा उग्रता देखाउने, अहङ्कार भएको यस्तो मनुष्यको साथमा कहिल्यै पनि रहनुहुँदैन ।

(समयको कलमः- यी सबै त्याज्य लायक हुनः-

१) नास्तिक्यम्:- ईश्वरको सत्यता अश्विकार गर्ने
२) वेदनिन्दाः- वेदको निन्दा गर्ने
३) देवतानां कुत्सनम् - विद्वान्को निन्दा गर्ने
४) द्वेषः- मनुष्यसँग वैरगर्ने
५) दम्भः- पाखण्ड फैलाउने
६) मानः- अभिमान या घमंड भएको
८) क्रोधः- बिनाकरण रिसाउने
९) तैक्ष्ण्यं- कर्कश वचन भएको बोलिमा आदरसम्मान नभएको यस्तो गुण भएकोसँग कहिल्यै पनिसँगत राख्नु हुँदैन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परस्य दण्डं नोद्यच्छेत्क्रुद्धो नैनं निपातयेत् ।
अन्यत्र पुत्राच्छिष्याद्वा शिष्ट्यर्थं ताडयेत्तु तौ ॥ ४/१६४ ॥

अर्थात्:- गल्ती गरेमा मात्र गुरुले आफ्नो शिष्यलाई र पुत्रसले गल्ती गरेमा पिता आफ्नो पुत्रलाई मात्र दण्ड दिनसक्ने छन् भिन्न अन्य कुनै व्यक्तिलाई कुनै दण्डा दिनुहुँदैन । ज्ञानीजनले सबैलाई प्यारसँग ज्ञान दिनुपर्छ दण्डले हैंन ज्ञानी कहिल्यै क्रोधित हुनुहुँदैन, बिनकारण कसै र कुनै पनि प्राणीको बध गर्नुहुँदैन केवल माता, पिताले पुत्रलाई र शिष्यलाई शिक्षा दिने समयमा गुरुले दण्ड दिन भने सकिनेछ ।

ब्राह्मणायावगुर्येव द्विजातिर्वधकाम्यया ।
शतं वर्षाणि तामिस्रे नरके परिवर्तते ॥ ४/१६५ ॥

अर्थात्:- बिनाकरण घमण्डले जसले निर्दोष ज्ञानीजन मनुष्यलाई दुःख दिन्छ त्यस मनुष्यको कर्म अति नै पतित कर्महो भन्ने बुझ्नुपर्छ यस्तो मनुष्यको मृत्यु अतिनै कष्टकर हुन्छ र मृत्युपछि पनि शरीरको अन्त्येष्टि हुन् पाउनेछैन यसै कुहिने छ ।

ताडयित्वा तृणेनापि संरम्भान्मतिपूर्वकम् ।
एकविंशतीं आजातीः पापयोनीषु जायते ॥ ४/१६६ ॥

अर्थात्:- ज्ञानी हो जानेको छ, सत्य ज्ञान दिन्छ जानेको छ, सबैमा समभाव राख्छ जानेको छ तर पनि आफ्नो घमण्ड र अहङ्गारले यस्तो ज्ञानीलाई जसले सूक्ष्ममात्र भए पनि हानी पुर्याउनेकोसिस गर्छ भने त्यस मनुष्यको मृत्यु कुकुरको जस्तो पीड़ादायक हुनेछ ।

अयुध्यमानस्योत्पाद्य ब्राह्मणस्यासृगङ्गतः ।
दुःखं सुमहदाप्नोति प्रेत्याप्राज्ञतया नरः ॥ ४/१६७ ॥

अर्थात्:- ज्ञानीले कहिल्यै पनि कुरा युद्ध या झगडा गर्नुहुँदैन तर कुनै पनि मनुष्यले आफ्नो घमण्ड अहङ्गारको कारण ज्ञानीलाई दुःखदिन्छ र बिनाकरण ज्ञानीको शरीरबाट रगत बगाईदिन्छ भने त्यसले गरेको त्यस कर्मको कर्मफल अतिनै भयानक र दुःखदायक हुनेछ त्यो दुःखको परिणाम कसैले कल्पना पनि गर्नसक्दैन ।

शोणितं यावतः पांसून्संगृह्णाति महतीलात् ।
तावतोऽब्दानमुत्रान्यैः शोणितोत्पादकोऽद्यते ॥ ४/१६८ ॥

अर्थात्:- कुनै पनि गलत कार्य नगरेको, युद्धमा नरहेको, आफ्नो शिष्यलाई ज्ञानप्रदान गरिरहेको कुनै पनि ज्ञानीलाई जुन मनुष्यले शस्त्र अस्त्रद्वारा हानी पुर्याउँछ त्यो मनुष्य यो जीवनमा कहिल्यै सुखी हुँदैन, यो जन्म त के अनेक जन्मालिए पनि सुख के हो भन्ने ज्ञान नै हुने छैन अर्थात् उसले सुख कहिल्यै प्राप्त गर्नसक्दैन, मृत्युपछि पनि उसको अन्त्येष्टि हुँदैन मृत्युपछि उसको शरीर कुकुर तथा स्यालको खाना बन्नेछ ।

न कदा चिद्द्विजे तस्माद्विद्वानवगुरेदपि ।
न ताडयेत्तृणेनापि न गात्रात्स्रावयेदसृक् ॥ ४/१६९ ॥

अर्थात्:- ज्ञानदिने गुरुलाई, बुद्धिमान् पुरुषलाई, वेदज्ञाता ब्राह्मणलाई, नियसमकारी राजालाई, जन्मदिने माता, पिता, कर्मदिने द्विज आदिलाई कहिल्यै पनि हानी नोक्सान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुने कार्य कहिल्यै गर्नुहुँदैन यी सबैप्रति कुनै लेशमात्र पनि क्रोध गर्नुहुँदैन ।

अधार्मिको नरो यो हि यस्य चाप्यनृतं धनम् ।
हिंसारतश्च यो नित्यं नेहासौ सुखं एधते ॥ ४/१७० ॥

अर्थात्:- मनमा नै अहङ्कार भएको, आचरण पतित भएको, धर्मको ज्ञान भएको तर कार्य भने अधार्मिक भएको, छलकपट गर्ने, झुटो बोल्ने कार्य गरी धनसञ्चय गरेको र वचन र कर्मद्वारा अन्य कसैको हानी नोक्सान कसरी पुग्छ भनेर सोचिरहने र अरुको भलाई तथा उन्नति देख्न नसक्ने र अरुको हानी गर्नमा उद्धत रहने मनुष्य कुनै पनि समयमा कहिल्यै पनि सुखी हुँदैन ।

न सीदन्नपि धर्मेण मनोऽधर्मे निवेशयेत् ।
अधार्मिकानां पापानां आशु पश्यन्विपर्ययम् ॥ ४/१७१ ॥

अर्थात्:- झुटो, छलकपट, चोरी, डाँका, साम, दाम, दण्ड, भेद आदि कुकर्मद्वारा सम्पत्ति जोडेर सम्पत्तिमा उन्नति र समृद्ध भएको भए पनि यस्तो मनुष्यको बिनास शीघ्र हुन्छ नै त्यसैले पतन हुनबाट बचन कम होस्, मनमा खुशीहुने धर्माचरण गर्दै, यदि दुःख नै दुःख किन नहोस् अधर्मको विधानलाई मनमा कहिल्यै आउन दिनुहुँदैन अर्थात् धर्मको आचरणलाई नै जुनसुकै अवस्थामा पनि धारण र पालन गर्नुपर्छ ।

नाधर्मश्चरितो लोके सद्यः फलति गौरिव ।
शनैरावर्त्यमानस्तु कर्तुर्मूलानि कृन्तति ॥ ४/१७२ ॥

अर्थात्:- जसले जस्तो कर्मगर्छ त्यस कर्मको कर्मफल त्यसले नै प्राप्त गर्छ, चाहे त्यो कर्म धर्मको आचरणमा गरिएको होस् या अधर्मको आचरणमा गरिएको होस्, चाहे अज्ञानमा गरिएको होस् या ज्ञानलाई जानेर गरिएको होस् कर्मको कर्मफल कहिल्यै निष्फल हुँदैन, परन्तु जुन समयमा अधर्मको कर्म गरेको हुन्छ त्यस अधर्म कर्मको कर्मफल त्यही समयमा नै तत्काल मिल्छ भन्नेहुँदैन समय लाग्छ कर्मको कर्मफल मिल्छ नै । परिस्थितिअनुसार फल मिल्छ नै । भावअनुसार फल मिल्छ नै । त्यसैले अज्ञानी मनुष्य अधर्मको आचरणबाट डराउँदैन तथापि निश्चय यो जान्नु कि अधर्माचरणले नै बिस्तारै बिस्तारै सुखको मूललाई काटिरहेको हुन्छ ।

यदि नात्मनि पुत्रेषु न चेत्पुत्रेषु नप्तृषु ।
न त्वेव तु कृतोऽधर्मः कर्तुर्भवति निष्फलः ॥ ४/१७३ ॥

अर्थात्:- यदि अधर्मकर्मको कर्मफलकर्ताको विद्यमानताको समयमा प्राप्त भएन भने पनि केही कर्मको कर्मफल तत्काल, केही कर्मको कर्मफल अहोरात्रीमा, केही कर्मको कर्मफल पाक्षिकमा, केही कर्मको कर्मफल मासिकमा, केही कर्मको कर्मफल अयनमा, या केही कर्मको कर्मफल बार्षिक रुपमा, केही कर्मको कर्मफल दशबर्षपछि या पचास बर्षपछि, त्यो समयमा त्यस कर्मको कर्मफल पुरा हुन् नसकेमा अनेक पुनर्जन्ममा प्राप्त हुन्छ नै तर कुनै पनि कर्मको कर्मफल भने कहिल्यै निष्फल हुँदैन ।

अधर्मेणैधते तावत्ततो भद्राणि पश्यति ।
ततः सपत्नान्जयति समूलस्तु विनश्यति ॥ ४/१७४ ॥

अर्थात्:- अधर्मात्मा मनुष्यले धर्मको मर्यादा छोडेर, छलकपट, मिथ्याभाषण,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाखण्ड र विश्वासघात आदि कर्म गरेर अन्य भौतिक पदार्थलाई जम्मा गरेको हुन्छ तत्पश्चात्, धन आदि ऐश्वर्यसँग खान-पान, वस्त्र-आभूषण, यान, स्थान, मान र प्रतिष्ठालाई प्राप्त पनि गरेको हुन्छ, अन्याय गरेर शत्रुलाई पनि जीतेको हुन्छ, परन्तु, यस्तो अधर्मबाट जम्मा गरेको भौतिक पदार्थकोले प्राप्त मनुष्यको सुखको जीवन जरोदेखि नै समूल नष्ट हुनपुग्छ ।

सत्यधर्मार्यवृत्तेषु शौचे चैवारमेत्सदा ।
शिष्यांश्च शिष्याद्धर्मेण वाग्बाहूदरसंयतः ॥ ४/१७५ ॥

अर्थात्:- गृहस्थी र ज्ञानी मनुष्यले जहिले पनि वाणीको संयम र सत्य बोल्नु, सत्यधर्म अर्थात् पक्षपातरहित भएर सत्यको ग्रहण गर्नुपर्छ र असत्यको परित्याग गर्नुपर्छ, वेदोक्त, न्यायरुप, वेदोक्त धर्म आदि आर्य अर्थात् धर्ममा चल्दै समान धर्मलाई धारण गरेर शिष्यलाई शिक्षा दिनुपर्छ, बाहु (हात) लाई संयम राख्नुपर्छ अर्थात् कुनै जीवलाई हानी नोक्सान र क्लेश दिनुहुँदैन, उदर(पेट)को संयम सात्विक भोजन गर्नुपर्छ ।

परित्यजेदर्थकामौ यौ स्यातां धर्मवीर्जतौ ।
धर्म चाप्यसुखोदर्क लोकसंक्रुष्टं एव च ॥ ४/१७६ ॥

अर्थात्:- धर्मको आचरणद्वारा जीवन जिउनुपर्छ अधर्म गरेर जुन अर्थ तथा सम्पत्ति उपार्जित भएको हुन्छ त्यस सम्पत्तिलाई बिस्तारै बिस्तारै परित्याग गर्नुनै धर्मको आचरण हो, परन्तु जो लोकरीतिको विरुद्ध छ तथा भविष्यमा ती सबै वस्तुले कुनै सुख दिँदैन भने त्यस्तो वस्तुलाई अहिले नै त्याग गर्नु अति उत्तम र उचित धर्म हो ।

न पाणिपादचपलो न नेत्रचपलोऽनृजुः ।
न स्याद्वाक्चपलश्चैव न परद्रोहकर्मधीः ॥ ४/१७७ ॥

अर्थात्:- मनुष्य हात, खुट्टा, कठोर वाणी र नेत्रको चपलतालाई सधैँ आफ्नो नियन्त्रण राख्नु पर्छ । आशक्तिरहित हुनुपर्छ, आचरणमा कुटील हुनुहुँदैन र अन्य कसैको हानी नोक्सान हुने कुनै पनि कार्य र विचार पनि मनमा राख्नु हुँदैन ।

येनास्य पितरो याता येन याताः पितामहाः ।
तेन यायात्सतां मार्ग तेन गच्छन्न रिष्यति ॥ ४/१७८ ॥

अर्थात्:- जुन सात्विक ज्ञानको मार्ग, जुन ऋषिमुनिले दिएको ज्ञान, जुन ज्ञानलाई आफूमा धारण गरेर जुन बाटोमा गृहस्थीको पूर्वज अर्थात् पिता तथा पितामह चल्नुभयो त्यही सत्यमार्गमा सधैँ चल्नुपर्छ, परन्तु यो ध्यान राख्नुपर्छ कि सत्य र ज्ञानको बाटो सधैँ सात्विक हुनुपर्छ, त्यही सत्य ज्ञानलाई लिएर पिता पितामहको सत्यको सनमार्गमा नै चल्नुपर्छ किनकि सन्मार्ग चल्ने कुनै पनि मनुष्यले कहिल्यै दुःखलाई प्राप्त गर्दैन ।

ऋत्विक्पुरोहिताचार्यैर्मातुलातिथिसंश्रितैः ।
बालवृद्धातुरैर्वैद्यैर्ज्ञातिसंबन्धिबान्धवैः ॥ ४/१७९ ॥

अर्थात्:- गृहस्थीले ऋत्विक् अर्थात् प्रकृति सन्तुलनको कार्यगर्ने, संस्कार सिकाउने पुरोहित, आचार्य, मामा, अतिथि, आश्रित, बालक, वृद्ध, रोगी, वैद्य, स्वगोत्र (पितृपक्ष)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वा स्ववर्णस्थ, सासू, ससुरा, आदि सम्बन्धी, मित्र तथा मातृपक्ष, माता, पिता, बहिनी, भाइ, पुत्र, पत्नी, पुत्री, पुत्रवधू, भ्रातावधू र सेवकवर्गसँग कहिल्यै पनि विवाद गर्नुहुँदैन ।

मातापितृभ्यां जामीभिर्भ्रात्रा पुत्रेण भाइया ।
दुहित्रा दासवर्गेण विवादं न समाचरेत् ॥ ४/१८० ॥

अर्थात्:- मनुष्यले ज्ञानदिने गुरु, माता, पिता, यज्ञ गराउने, सधैँ उत्तम चाल-चलन र आचरण भएको, शिक्षा तथा विद्यालाई प्रदान गर्ने, मामा, अतिथि, आश्रित बालक वृद्ध, रोगी, शारीरिक विकलाङ्क, रोगले ग्रसित, आयुर्वेदको ज्ञाता स्वगोत्रस्थ वा स्ववर्णस्थ सासू, ससुरा, मित्र, दिदी, भाइ, बहिनी, भाइको स्त्री तथा पुत्री र सेवकसँग कहिल्यै पनि विवाद अर्थात् एक आपसमा एक अर्को विरूद्ध लड़ाई गर्नुहुँदैन

एतैर्विवादान्संत्यज्य सर्वपापैः प्रमुच्यते ।
एतैर्जितैश्च जयति सर्वाल्लोकानिमान्गृही ॥ ४/१८१ ॥

अर्थात्:- ज्ञानदिने गुरु, माता, पिता, यज्ञ गराउने, सधैँ उत्तम चाल-चलन र आचरण भएको मनुष्य, मामा, अतिथि, आश्रित बालक, वृद्ध, रोगी, शारीरिक विकलाङ्क, रोगले ग्रसित, आयुर्वेदको ज्ञाता, स्वगोत्रस्थ वा स्ववर्णस्थ सासू, ससुरा, मित्र, दिदी, भाइ, बहिनी, भाइको स्त्री तथा पुत्री र सेवकसँग जसले कहिल्यै पनि विवाद गर्दैन त्यसको आयु लामो हुन्छ ।

आचार्यो ब्रह्मलोकेशः प्रजापत्ये पिता प्रभुः ।
अतिथिस्त्विन्द्रलोकेशो देवलोकस्य च त्विवजः ॥ ४/१८२ ॥

अर्थात्:- आचार्य ब्रह्मज्ञानी हुन, पिता आफ्नो सन्ततिको प्रजापति हुन, अतिथि शक्ति हुन, ऋत्विक प्रकृति सन्तुलन विधानको प्रतीक हुन् त्यसैले यी सबैलाई आदरसम्मान गर्नुपर्छ यी कसैसँग कहिल्यै पनि झगड़ा गर्नुहुँदैन ।

जामयोऽप्सरसां लोके वैश्वदेवस्य बान्धवाः ।
संबन्धिनो ह्यपां लोके पृथिव्यां मातृमातुलौ ॥ ४/१८३ ॥

अर्थात्:- आमा नै गृहको सुखको मुहान हो, छोरी, बहिनी, बुहारी गृहशोभा हुन्, दाजु, भाइ नातेदार गृह सञ्चालन सहयोगी हुन्, नातेदार गृहमा हुने सङ्टको घडिको सहयोगी हुन्, मामा अवसरमा मिल्ने सहयोगी हुन् ।

आकाशेशास्तु विज्ञेया बालवृद्धकृशातुराः ।
भ्राता ज्येष्ठः समः पित्रा भार्या पुत्रः स्वका तनुः ॥ ४/१८४ ॥

अर्थात्:- गृहमा हुने यी सबै बालक, वृद्ध, दुःखी, रोगी, दाजु, माता, पिता गृहको अभिन्न अङ्ग हुन् । गृहमा नै यी सबै मिल्छन् त्यसैले गृह सबै रहने संस्था र शरीरको अवस्था पनि हो, पत्नी सहयात्री हो, पुत्र गृहमा आफ्नो वंशको अधिकारी हो त्यसैले आफू समान हो, त्यसैले यी कसैसँग पनि झगड़ा गर्नुहुँदैन ।

छाया स्वो दासवर्गश्च दुहिता कृपणं परम् ।
तस्मादेतैरधिक्षिप्तः सहेतासंज्वरः सदा ॥ ४/१८५ ॥

अर्थात्:- नोकर आफ्नो गृहको सहयोगी हुन् र शरीरको छाया जस्तै हो, पुत्री गृहको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मी हुनाले गृहको शोभा हो, त्यसैले यी सबै पात्रले गृहस्थीलाई तिरस्कार गरे पनि आफूले भने यी सबैलाई कहिल्यै पनि तिरस्कार र यी सबैको कुभलोको बारेमा कहिल्यै पनि सोच्नुहुँदैन ।

प्रतिग्रहसमर्थोऽपि प्रसँगं तत्र वर्जयेत् ।
प्रतिग्रहेण ह्यस्याशु ब्राह्मं तेजः प्रशाम्यति ॥ ४/१८६ ॥

अर्थात्:- ज्ञानी व्यक्तिले आफ्नो ज्ञानलाई प्रदान गरेपछि दान या सहयोग लिन सक्छन् यो ज्ञानीको आफ्नो ज्ञान दिए पछिको कर्मको कर्मफल हो, अधिकार हो तर कुनै पनि सात्विक ज्ञान दिएर दानमा नै आसक्ति भाव राखेर कहिल्यै पनि ज्ञानदिनु हुँदैन किनकि यदि ज्ञानीमा रहेको आशक्तिभावले पूर्ण भएर दिएको ज्ञानले शिष्यलाई कहिल्यै पनि पूर्ण ज्ञानलाई प्रदान प्राप्त गर्न सक्दैन र कुनै पनि ज्ञानीले आशक्ति भावपूर्वक ज्ञान दिन्छ भने त्यस ज्ञानीको आफ्नो ब्रह्मतेज पतन हुन्छ । चाहे त्यो ब्रह्मज्ञानी ब्राह्मण नै किन नहोस् ।

न द्रव्याणां अविज्ञाय विधिं धर्म्य प्रतिग्रहे ।
प्राज्ञः प्रतिग्रहं कुर्यादवसीदन्नपि क्षुधा ॥ ४/१८७ ॥

अर्थात्:- ब्रह्मज्ञानी ब्राह्मण तथा बुद्धिमान् ब्राह्मणले कुनै आशक्ति विना नै विधिकपूर्वक आफ्नो ज्ञान प्रदान गर्नु उत्तम हुन्छ, विधि नै नपुर्याई आशक्ति भावले कुनै द्रव्य या कुनै पनि वस्तुलाई दान लिनु धर्मको नियम विरुद्धको विधि हो त्यसैले भोकै रहनु तर विनाविधान र धर्म विरुद्धको कुनै पनि आचरणको दानलाई कहिल्यै ग्रहण नगर्नू यही नै ब्राह्मणको मुख्य गुण हो यही गुणलाई धारण गर्नु नै धर्म हो ।

हिरण्यं भूमिं अश्वं गां अन्नं वासस्तिलान्घृतम् ।
प्रतिगृह्णन्नविद्वांस्तु भस्मीभवति दारुवत् ॥ ४/१८८ ॥

अर्थात्:- जुन मनुष्यलाई सत्य र गलतको ज्ञान छैन त्यस्तो व्यक्तिलाई कहिल्यै पनि दान दिनुहुँदैन, किनकि त्यस्तो व्यक्तिलाई दिइएको दानको वस्तुको प्रयोगको ठीक ठीक ज्ञान नहुनाले यस्तो जे जे दान लिएको हुन्छ ती सबै दान जस्तै सुन, जमिन, घोड़ा, गाई, अन्न, वस्त्र, तील, घिउको दान जे सुकै भौतिक दान होस् गलत व्यक्तिलाई दिएको दानको कारण दुवैको खुशी सुकेको काठ आगोमा जसरी खरानीमा परिवर्तन हुने गर्छ त्यस्तै दान दिने र दान लिने दुवैको जीवनबाट खुशी नष्ट हुन्छ ।

हिरण्यं आयुरन्नं च भूर्गौश्चाप्योषतस्तनुम् ।
अश्वश्चक्षुस्त्वचं वासो घृतं तेजस्तिलात्प्रजाः ॥ ४/१८९ ॥

अर्थात्:- जो व्यक्तिमा शास्त्रको ज्ञान नै छैन लालच र आशक्तिको कारण रत्नको दानलाई ग्रहण गरेको हुन्छ त्यस्तो मनुष्यको आयु तत्क्षण नै क्षीण हुन्छ, त्यस्तै शास्त्रको ज्ञान नभएको व्यक्तिले दान लिएमा त्यसको जीवनमा ऊर्जा असन्तुलन हुन्छ गाई तथा भूमिको दान लिनाले शरीरको ऊर्जा सन्तुलनमा हानी पुग्छ, अश्वदान लिनाले नेत्रदृष्टिको क्षति हुन्छ, वस्त्रदान लिनाले अनुहारको चमक हराउछ, घिउको दान लिनाले शरीरको तेज हराउछ, तीलदान ग्रहण गर्नाले सन्तान नै मूर्ख हुनेछ जब सन्तति मूर्ख हुन्छ उसको वंश नै पतन हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतपास्त्वनधीयानः प्रतिग्रहरूचिर्द्विवजः ।
अम्भस्यश्मप्लवेनेव सह तेनैव मज्जति ॥ ४/१९० ॥

अर्थात्:- ब्रह्मचर्य नभएको अर्थात् सत्यभाषण र तपरहित भएको, वेद र अन्य शास्त्रको ज्ञान नभएको, लालचमा आफू ज्ञानी भएको शास्त्र पढेको भन्ने स्वांग गरेर अरुलाई भ्रम पारेर अशक्तिमा रहेर दान लिने, यी तीन कर्मले मनुष्यलाई प्वाल परेको नाव विस्तारै समुद्रमा आफै डुबे जस्तै, ठीक त्यस्तैमाथिको आचरण भएको मनुष्य आफ्नो दुष्ट आचरण र कर्मको कारण स्वयम दुःखकोसँगरमा डुबेर आफै पतन हुन्छ

तस्मादविद्वान्विभियाद्यस्मात्तस्मात्प्रतिग्रहात् ।
स्वल्पकेनाप्यविद्वान्हि पङ्के गौरिव सीदति ॥ ४/१९१ ॥

अर्थात्:- जो मनुष्यलाई वेदको ज्ञान छैन, संस्कार र शास्त्रको अध्ययन छैन, आचरण शास्त्रले भनेको संस्कार अनुसार छैन, कार्य र वचन संस्कारी छैन, अतः त्यस्तो मूर्ख मनुष्यले आफूलाई ज्ञानी भन्ने भ्रम पारेर कसैसँग दान लिनुहुँदैन यस्तो संस्कारच्यूत व्यक्तिले दान लिएमा त्यस्तो मनुष्यले हिलोमा फसेको राजहंसले जसरी दुःख कष्टलाई प्राप्त गरेको हुन्छ त्यसको हालत पनि ठीक त्यस्तै हुन्छ ।

न वार्यपि प्रयच्छेत्तु वैडालव्रतिके द्विजे ।
न बकव्रतिके पापे नावेदविदि धर्मवित् ॥ ४/१९२ ॥

अर्थात्:- धर्मवित् अर्थात् धर्मात्मा मनुष्यले विरालोवृति अर्थात् लालच भएको मनुष्य, बकुल्लाको जस्तो वानी अर्थात् अवसरवादी भएको र वेदको ज्ञान नै नभएको अज्ञानी मनुष्यलाई दान हैंन पानी नदिए पनि पाप लाग्दैन । तर मानबताको विधान भने अलग हुन्छ ।

त्रिष्वप्येतेषु दत्तं हि विधिनाप्यर्जितं धनम् ।
दातुर्भवत्यनर्थाय परत्रादातुरेव च ॥ ४/१९३ ॥

अर्थात्:- धर्ममार्गमा रहेर, धर्मको आचरण गरेर, धर्मसँग नै कर्म गरेर धर्मोपार्जित धन भए पनि उपर्युक्त यी तीन किसिमको मनुष्य वेदज्ञान नै नभएको तर धर्मात्मा हुँ भन्ने नाटक गर्ने, विरालोवृति अर्थात् लालचपूर्वक दान माग्ने भएको मनुष्य, बकुल्लाको जस्तो वानी अर्थात् स्वार्थी र अवसरवादी भएको मनुष्य यस्तो तीन किसिमको आचरण भएको मनुष्य कसैलाई पनि दान दिएमा दान लिने त शीघ्र पतन हुन्छ नै साथ साथ दान दिने पनि स्वतः आफै पतन हुन्छ ।

यथा प्लवेनाउपलेन निमज्जत्युदके तरन् ।
तथा निमज्जतोऽधस्तादज्ञौ दातृप्रतीच्छकौ ॥ ४/१९४ ॥

अर्थात्:- जसरी दुङ्गाको डुङ्गामा वसेर नदीलाई पार गर्न सकिंदैन र नदीमा नै डुबीन्छ ठीक त्यस्तै अज्ञानी दाता र गृहीता दुवैले अधोगतीलाई अर्थात् दुःखलाई प्राप्त गरेका हुन्छन् ।

धर्मध्वजी सदा लुब्धश्छाद्मिको लोकदम्भकः ।
वैडालव्रतिको ज्ञेयो हिंस्रः सर्वाभिसंधकः ॥ ४/१९५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- बिरालोप्रावृत्तिको लक्षण यी हुनः- धर्मात्मा भएको नाटक गरेको हुन्छ, सधैँ लोभी रहेको हुन्छ, प्रत्येक कार्यमा छलकपट र जाली रहेको हुन्छ। मनुष्यलाई अनेक नाटक गरेर धोखा दिने गर्छ र सोच तथा कार्य नै हिंसक भएको हुन्छ, सबैलाई गलत ज्ञान प्रदान गरेर गलत दिशाको निर्देशन गरेको हुन्छ यी सबै आचरणलाई बिरालो प्रवृत्ति भनिन्छ।

अधोदृष्टिर्नैष्कृतिकः स्वार्थसाधनतत्परः।
शठो मिथ्याविनीतश्च बकव्रतचरो द्विजः॥ ४/१९६॥

अर्थात्:- अरुलाई तुच्छ बुझ्ने, वचन तथा आचरणमा निर्दयी, स्वार्थसाधनतत्पर अर्थात् व्यार्थ साधनामा सदैव तत्पर भइरहेको, मूर्ख अर्थात् शठ, कसैप्रति पनि दया नभएको निठुर, वचन र कार्य अलग अलग किसिमको भएको, धोका दिनको लागि विनित भाव देखाउने यस्तो किसिमको यी गुण हुने व्यक्तिलाई विडालवृत्तिको गुण अर्थात् बिरालो जस्तै आचरण भएको मनुष्य हो यस्तो मनुष्यसँग सधैँ टाढा रहनुपर्छ र ज्ञानीजनले यस्तो आचरण भएको मनुष्यसँग सधैँ बचेर कार्य गर्नुपर्छ यस्तोसँग दूरी बनाई राख्नु नै उत्तम हुन्छ।

ये बकव्रतिनो विप्रा ये च मार्जारलिङ्गिनः।
ते पतन्त्यन्धतामिस्रे तेन पापेन कर्मणा॥ ४/१९७॥

अर्थात्:- बकवृत्तिक अर्थात् मीठो बोलेर धोका दिने तथा वैडालवृत्ति भएको मनुष्यले कहिल्यै पनि सुख र खुशीलाई प्राप्त गर्न सक्दैन किनकि यस्तो आचरणले नै मनुष्यलाई अज्ञानको महाअन्धकारमा धकेली दिन्छ।

न धर्मस्यापदेशेन पापं कृत्वा व्रतं चरेत्।
व्रतेन पापं प्रच्छाद्य कुर्वन्स्त्रीशुद्रदम्भनम्॥ ४/१९८॥

अर्थात्:- धर्मको नाममा भ्रम गर्नुहुँदैन र धर्मको आचरण विरुद्धको कुनै पनि कर्म गर्नुहुँदैन, धर्मविरुद्धको कार्य गरेर बहाना बनाएर कुनै पनि व्रत गर्नुहुँदैन, व्रतको नाममा लुकेर स्त्री र शुद्रलाई कहिल्यै धोखा दिनुहुँदैन। अर्थात् मनुष्यलाई धोखा दिनको लागि आफू पुण्य हूँ भनेर झुटोको सहारा लिनु नै मनुष्यको पतनको बाटो हो यस्तो कार्य कहिल्यै गर्नुहुँदैन।

प्रेत्येह चेदृशा विप्रा गर्हयन्ते ब्रह्मवादिभिः।
छद्मना चरितं यच्च व्रतं रक्षांसि गच्छति॥ ४/१९९॥

अर्थात्:- जो मनुष्य आफू ज्ञानी तथा भद्र भएको पोषक र उत्तम वस्त्र धारण गरेको हुन्छ परन्तु कर्म तथा आचरण वेदअनुसार नभएर आफू खुशीको आचरण गरेको हुन्छ, यस्तो मनुष्यले संसारलाई धोका दिएको त हुन्छ नै आफूलाई भने पतनको बाटोको भागीदार बनाइरहेको हुन्छ र कर्मच्यूत हुनु नै पतनको शुरुवात हो, त्यसैले यस्तो भेषधारी ढोङ्गी पाखण्डीको सेवा शुश्रुषा कहिल्यै गर्नुहुँदैन यस्तो ढोङ्गीको सेवा गर्नाले मनुष्य आफ्नो कर्मच्यूत हुनपुग्छ।

अलिङ्गी लिङ्गिवेषेण यो वृत्तिं उपजीवति।
स लिङ्गिनां हरत्येनस्तिर्यग्योनौ च जायते॥ ४/२००॥

अर्थात्:- जो मनुष्य ब्रह्मचारी हैन, ब्रह्मचारीको रुपलाई धारण गरेर आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीविका चलाएको हुन्छ यस्तो व्यक्ति पतित व्यक्ति हुन् यस्तो व्यक्तिलाई पशुजस्तै अज्ञानी हो भनेर बुझ्नू, यस्तो व्यक्तिले आफ्नो मनुष्य जन्मलाई व्यर्थ गुमाएको हुन्छ ।

परकीयनिपानेषु न स्नायाद्धि कदा चन ।
निपानकर्तुः स्नात्वा तु दुष्कृतांशेन लिप्यते ॥ ४/२०१ ॥

अर्थात्:- अन्य कसैले बनाएको या अज्ञात रहेको कसैको हौज अर्थात् तलाउमा कहिल्यै स्नान गर्नुहुँदैन किनकि त्यसभन्दा पहिले तलाउमा नुहाएको व्यक्ति विरामी पनि हुनसक्छ त्यस विरामीको शरीरबाट निस्केको कीटाणु तलाउमा लिप्त रहेको पनि हुनसक्छ या अनजानमा तलाउमा स्नान गर्नाले कुनै अदृश्य रोगको जीवाणु लुकेर रहेको हुनसक्छ यदि त्यस्तो भएमा विभिन्न किसिमको बिमारी लाग्न सक्छ त्यसैले कसैले पनि अन्जान तलाउमा स्नान गर्नुहुँदैन ।

यानशय्यासनान्यस्य कूपोद्यानगृहाणि च ।
अदत्तान्युपयुञ्जान एनसः स्यात्तुरीयभाक् ॥ ४/२०२ ॥

अर्थात्:- सवारी, शैय्या अर्थात् खाट, कुवाँ, उद्यान, गृह यी सबै जसको हो त्यस मालिकको अनुमति विना नै कसैले आफ्नो खुशीले प्रयोगमा लगाएको हुन्छ भने त्यस्तो मनुष्यले त्यस मालिकले गलत कार्य गरेर जम्मा गरेको वस्तु भएमा त्यस गलत कर्मको कर्मफलको चार भागमा एक भाग कर्मफलको जिम्मेदारी हुन्छ । त्यसैले मालिकको अनुमतिविना कसैले पनि कसैको साधन वस्तु प्रयोग गर्नु हुँदैन ।

नदीषु देवखातेषु तडागेषु सरःसु च ।
स्नानं समाचरेन्नित्यं गर्तप्रस्रवणेषु च ॥ ४/२०३ ॥

अर्थात्:- मनुष्यले सधैं नदिमा, जमिनमुनि बाट पानी निस्किरहने तर स्थिर नभई प्रवाहित भइरहेको र पिउन पनि सकिने तालाउ तथा पोखरी, प्राकृतिक रुपले बनेको समुद्रमा र झरनामा आदिमा नित्य स्नान गर्नु राम्रो हुन्छ ।

यमान्सेवेत सततं न नित्यं नियमान्बुधः ।
यमान्पतत्यकुर्वाणो नियमान्केवलान्भजन् ॥ ४/२०४ ॥

अर्थात्:- मनुष्यले सधैं यम र नियमलाई पूर्ण रुपले धारण तथा पालन गर्नुपर्छ, यम र नियमलाई धारण तथा पालन नगर्ने गर्नाले मात्र मनुष्य आफ्नो कर्तव्य पथबाट पतित हुनसक्छ त्यसैले यम र नियमलाई सधैं धारण गर्दै यी दुबैको विधानलाई पूर्ण रुपले दैनिक धारण र पालन गर्नुपर्छ ।

१) अहिंसा । २) सत्य ३) अस्तेय
४) ब्रह्मचर्य ५) अपरिग्रह, यी पाँच यम हुन् ।
१) शौच । २) सन्तोष ३) तप ४) स्वाध्याय
५) ईश्वरप्रणिधान, यी पाँच नियम हुन् ।

नाश्रोत्रियतते यज्ञे ग्रामयाजिकृते तथा ।
स्त्रीया क्लीबेन च हुते भुञ्जीत ब्राह्मणः क्व चित् ॥ ४/२०५ ॥

अर्थात्:-वेदको ज्ञान छैन, मैले वैदिक रीतिले यज्ञ गराउँछु म वेदज्ञानी हो भनेर भ्रमको प्रचार गरेको हुन्छ, कर्तव्य पतित परस्त्रीगामी पुरुष र पतित स्त्री, शारीरिक रुपले पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विकलाङ्क, रोगी र कर्मगर्नमा असक्षमको घरमा ज्ञानी मनुष्यले कहिल्यै भोजन नगर्नु।

अश्लीकं एतत्साधूनां यत्र जुह्वत्यमी हविः ।
प्रतीपं एतद्देवानां तस्मात्तत्परिवर्जयेत् ॥ ४/२०६ ॥

अर्थात्:- मनुष्य कर्तव्यच्यूत हुनुहुँदैन, साधुको जस्तो आचरणलाई धारण गर्नु, आचरण नै मनुष्यको गुण हो भनेर बुझ्नुपर्छ, विद्वान् तथा ज्ञानी मनुष्यलाई कसैले पनि र कहिल्यै पनि घृणित दृष्टिले हेर्नुहुँदैन अतएव मनुष्य यस्तो पतित कर्मगर्न बाट सधैँ वचनुपर्छ।

मत्तक्रुद्धातुराणां च न भुञ्जीत कदा चन ।
केशकीटावपन्नं च पदा स्पृष्टं च कामतः ॥ ४/२०७ ॥

अर्थात्:- आचरण पतित, गलत कार्यमा लीन, मदिरामा लिप्त, बिनकारण क्रोधी, कर्मको ज्ञान नभएको तर आतुर प्रबृत्तिको, पतित आचरण भएको व्यक्तिले उब्जाएको अन्न र हातले बनाएको भोजन नगर्नु र साथ साथ किरा लागेको अन्न, कपाल परेको भोजन, खुट्टाद्वारा बनाइएको या खुट्टाले स्पर्श गरिएको अन्न कहिल्यै पनि भोजन गर्नु हुँदैन ।

भ्रूणघ्नावेक्षितं चैव संस्पृष्टं चाप्युदक्यया ।
पतित्रणावलीढं च शुना संस्पृष्टं एव च ॥ ४/२०८ ॥

अर्थात्:- भ्रूणहत्या गर्ने र गराउने स्त्री या पुरुष, मासिक धर्म भएको स्त्रीले बनाएको भोजन, पंक्षिको चुच्चोले छोएको र फोरिएको, कुकुर या अन्य कुनै पनि प्राणीको मुख या शरीरले छोएको र पक्वान्न हो भने त्यस्तो पक्वान्नलाई खानु हुँदैन ।

गवा चान्नं उपघ्रातं घुष्टान्नं च विशेषतः ।
गणान्नं गणिकान्नं च विदुषा च जुगुप्सितम् ॥ ४/२०९ ॥

अर्थात्:- काँचो या पाकेको तर गाईले सुँघेको, यज्ञ आदिमा बनेको त्यो अन्न जो अन्न उच्च स्वरमा चिच्याएर सोधिएको यो भोजन कस्ले गर्छ भनेर प्रश्न गरेर दिएको भोजन, अज्ञात तर धेरै मनुष्यबाट प्राप्त भएको अन्न, आफ्नो शरीर बेचेर पैसा कमाउने स्त्रीले (वेश्या) दिएको अन्न यी सबैले दिएको अन्नलाई विद्वान्ले कहिल्यै भोजनको रुपमा प्रयोग गर्नुहुँदैन ।

स्तेनगायनयोश्चान्नं तक्ष्णो वार्धुषिकस्य च ।
दीक्षितस्य कदर्यस्य बद्धस्य निगडस्य च ॥ ४/२१० ॥

अर्थात्:- आफ्नो कर्मच्यूत भएको व्यक्तिको अन्न, चोरको घरको अन्न, गीत गएर जीविकोपार्जन गर्ने गाइनेको अन्न, काठको काम गरेर जीविकोपार्जन गर्नेको अन्न, पैसा दिएर नियम विपरीत व्याज लिने व्यक्तिको अन्न, दीक्षाको अन्न अर्थात् यज्ञ सम्पन्न हुनुपूर्व दिएको अन्न, कृष्णबन्दी अर्थात् कैदीको अन्नलाई कहिल्यै पनि खानु हुँदैन ।

(समयको कलमः- जो जेसँग सम्बन्धित छ त्यो त्यसको अधिकार हो)

अभिशस्तस्य षण्ढस्य पुंश्चल्या दाम्भिकस्य च ।
शुक्तं पर्युषितं चैव शुद्रस्योच्छिष्टं एव च ॥ ४/२११ ॥

अर्थात्:- कर्मच्यूत, पशु हत्यारा, शारीरिक विकलाङ्क (हिजडा), व्यभिचारी मनुष्य,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घमण्डी, अहङ्कारी, पक्वान्न तर भुइँमा खसेर उठाइएको, सडेगलेको, अमिलो जुनकुनै अमिलो पदार्थ नमिलाई आफै अमिलो भएको अन्न र कर्तव्यच्युत मनुष्यको जुठो अन्न कहिल्यै खानुहुँदैन चाहे त्यो अन्न तिम्रो सारथी अर्थात् शुद्र नै किन नहोस् ।

चिकित्सकस्य मृगयोः क्रूरस्योच्छिष्टभोजिनः ।
उग्रान्नं सूतिकान्नं च पर्याचान्तं अनिर्दशम् ॥ ४/२१२ ॥

अर्थात्:- शल्य क्रियागर्ने ठाउँमा, पशु हत्या तथा शिकार गरिएको ठाउँको, दुःखीको घरमा, क्रुर व्यक्तिले बनाएको, अज्ञात व्यक्तिको पनि जुन व्यक्तिले जुठो खानेगर्छ त्यस व्यक्तिले बनाएको खाना, जो हरेक काम तरिकाले गलत सोच्ने र स्वभाव तथा आचरण पनि समाज विरुद्धको छ त्यसले बनाएको, जो अन्नमा अखाद्य मिलाएको छ, जो खाना स्त्रीको प्रसूता- गृहमा बनेको छ, अपमान-युक्त, तथा अनिर्दशं कर्म (यस्तो पतित पापकर्म जो कर्म जतिसुकै प्रायश्चित गरेर पनि माफ गर्ने कुनै विधान नै छैन) गरेको व्यक्तिले बनाएको भोजन तथा मिलेर भोजन गरिरहेको समयमा भोजनकर्तावाटकोही पनि उठेर अपमान गर्नको लागि पानीद्वारा मुख कुल्ला गरेको अवस्थामा बसेर निरन्तर भोजन गर्नुहुँदैन ।

अनर्चितं वृथामांसं अवीरायाश्च योषितः ।
द्विषदन्नं नगर्यन्नं पतितान्नं अवक्षुतम् ॥ ४/२१३ ॥

अर्थात्:- मनुष्यले सत्य कर्मको लागि कहिल्यै आलस्य गर्नु हुँदैन, नित्य आलस्य छोडेर श्रद्धापूर्वक मातापिताको सेवा, प्रकृति सन्तुलनको लागि यज्ञ, पशु प्राणीको लागि पानीको कुवा तथा तलाव आदिको निर्माण गर्नुपर्छ । आफ्नो परिवारलाई लालनपालन गरेर बचेको जाति पनि आफ्नो कमाईको धन सम्पत्ति रहेको छ त्यो सबै प्रकृति सन्तुलन र प्रकृति संरक्षणको लागि, यज्ञ तथा मनुष्यको कल्याण तथा उद्दारको कार्यमा लगाउनु पर्छ यस्तो कार्यले मनुष्यलाई अक्षय सुखको फल प्राप्त हुन्छ ।

पिशुनानृतिनोश्चान्नं क्रतुविक्रयिणस्तथा ।
शैलूषतुन्नवायान्नं कृतघ्नस्यान्नं एव च ॥ ४/२१४ ॥

अर्थात्:-अरुको काममा गलत तरिकाले चुगलखोर गर्ने, पैसा लिएर यज्ञ गराउने, कोलको तेल चोरी गर्ने, कपड़ामा चोरी गर्ने दर्जी, कसैले गरेको सेवालाई कृतघ्न गर्ने व्यक्ति ।

कर्मारस्य निषादस्य रङ्गावतारकस्य च ।
सुवर्णकर्तुर्वेणस्य शस्त्रविक्रयिणस्तथा ॥ ४/२१५ ॥

अर्थात्:- फलामको औजार बनाउँदा फलाममा छलकपट र मिलावट गर्ने, धेरै पैसा लिएर कमसल औजार बनाउने लोहार, अँध्यारोमा शिकार गर्ने पशुको हत्या र शिकार गर्ने व्यक्ति, निपाद, आफ्नो कलालाई पैसामा बेच्ने मनुष्य, सुनमा मिलावट गर्ने र सुनको तौलमा छलकपट गर्ने सुनार, ज्ञानी भनेर शस्त्रलाई पनि बेच्ने व्यक्ति ।

श्ववतां शौण्डिकानां च चैलनिर्णेजकस्य च ।
रञ्जकस्य नृशंसस्य यस्य चोपपतिर्गृहे ॥ ४/२१६ ॥

अर्थात्:- कुकुरबाट चटक देखाएर जीविकोपार्जन गर्ने मनुष्य, कुकुरको क्रीड़ा गराएर पैसा लिने मनुष्य, काठको काममा छलकपट गर्ने कलवार, कपड़ा धुँदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गलत पानीको प्रयोग गर्ने धोबी, नाटक गरेर पैसा कमाई गर्ने व्यक्ति र अरुको नक्कल गरेर जीविकोपार्जन गर्ने व्यक्ति, नृशंस अर्थात् अरुको हत्या गरेको व्यक्ति, परपुरुषसँग यौनसम्पर्क गर्ने स्त्री र पुरुष ।

मृष्यन्ति ये चोपपतिं स्त्रीजितानां च सर्वशः ।
अनिर्दशं च प्रेतान्नं अतुष्टिकरं एव च ॥ ४/२१७ ॥

अर्थात्:- परपुरुषसँग खुसी हुने र आफ्नो पतीलाई हेला गर्ने स्त्री, परस्त्रीगामी पुरुष र पत्नीलाई बिनाकरण आरोप लगाउने पुरुष, जो स्त्री तथा पुरुषले प्रकृति विरुद्धको कार्य तथा आचरण गरेको हुन्छ, जस्तै भ्रुणहत्या, प्राणीहत्या, गाईको हत्या, माता, पिताको अपहेलाना, गुरुको अपहेलना र गुरुको ज्ञानलाई गलत अर्थमा प्रयोग गर्नु र रजश्वलामा सफाइ नराख्ने स्त्री । यी माथि भनिएको कार्य पतित व्यक्ति जो सुकै हो त्यस्तोको घरमा विद्वान्ले कहिल्यै पनि भोजन गर्नुहुँदैन ।

राजान्नं तेज आदत्ते शुद्रान्नं ब्रह्मवर्चसम् ।
आयुः सुवर्णकारान्नं यशश्चर्मावकर्तिनः ॥ ४/२१८ ॥

अर्थात्:(यस्तोमाथि भनिएको व्यक्तिको घरमा भोजनको कार्य गर्नाले ज्ञानी मनुष्यको आफ्नो रक्षा, सारथी, शुद्धता र शरीरमा विद्यमान रहेको जुन यश हुन्छ त्यो सबै आफै नष्ट भएर पतन हुन्छ ।

कारुकान्नं प्रजां हन्ति बलं निर्णेजकस्य च ।
गणान्नं गणिकान्नं च लोकेभ्यः परिकृन्तति ॥ ४/२१९ ॥

अर्थात्:- त्यस्तै, जग्गाको नाप गर्दा छलकपट गर्ने नापी, कपड़ा धुनेमा छलकपट गर्ने धोबी, त्यस्तै सरकारी कर्ममार्गमा छलकपट गर्ने व्यक्तिको घर र त्यसको हातले बनेको खाना खानु हुँदैन, यदि यस्तो छलकपट गर्ने व्यक्तिको हातको खाना खानाले मनुष्यको आफ्नो सात्विक कर्मको कर्मफल पनि पतन हुन्छ ।

पूयं चिकित्सकस्यान्नं पुंश्चल्यास्त्वन्नं इन्द्रियम् ।
विष्ठा वार्धुषिकस्यान्नं शस्त्रविक्रयिणो मलम् ॥ ४/२२० ॥

अर्थात्:- यस्तो कार्य गर्ने जो सुकै होस् त्यसको हातको अन्न तथा भोजन कसैले पनि गर्नुहुँदैन किनकि त्यो अशुद्ध कमाइ हो ।

१) भ्रूणहत्या जस्तो अघन्य अपराध गर्ने र नियम विरुद्धको कार्य गरेर पैसा कमाउनमा लीन चिकित्सकको हातको कमाइ कुनै घाउको पाकेको पिप जस्तै अशुद्ध हुन्छ ।

२) जसले अप्राकृतिक मैथुनको कार्य गर्नेगर्छ त्यस्तो पुँश्चली अर्थात् नपुंसक घरको तथा त्यसले कमाई सप्नादोष मा निस्किएको वीर्य जस्तै अशुद्ध हो ।

३) पैसा लगानी गरेपछि व्याज लिनुपर्छ त्यो समाज र शास्त्रको नियमअनुसार यो कार्य वैश्यको कर्म हो, तर शास्त्र विरुद्धको कार्य गरेर आफ्नो लगानिको पैसाको व्याज असन्तुलन तरिकाले लिनेगर्छ जुन व्याज शास्त्रको भनाई विरुद्ध छ त्यसरी शास्त्रको विरुद्ध व्याज असुलको कार्य गरेर आफ्नो जीविका निर्वाह गर्ने व्यक्तिको कमाईएको धन तथा अन्न चराको बिष्ठ जस्तै अशुद्ध हो ।

४) युद्धको डर देखाएर शस्त्र बेच्ने र शस्त्र पनि नियमअनुसार नबनाई धातुमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिलावट गरेर मनुष्यको बीचमा युद्ध हुने भ्रमपारी हतियार वेचेर कमाईएको सम्पत्ति या पैसा मुखबाट निस्किएको कफ तथा खकार जस्तै अशुद्ध हो । त्यसैले यस्तो कार्य गर्ने व्यक्तिको घरमा तथा यस्तो व्यक्तिको हातले बनाएको कुनै पनि खाना खानुहुँदैन ।

य एतेऽन्ये त्वभोज्यान्नाः क्रमशः परिकीर्तिताः ।
तेषां त्वगस्थिरोमाणि वदन्त्यन्नं मनीषिणः ॥ ४/२२१ ॥

अर्थात्:(पेटलाई भोजनले कहिल्यै पनि पूर्ण गर्नुहुँदैन भोकको केवल केही अंश बाँकी रहेमा भोजन गर्नलाई पूर्ण बन्द गर्नुपर्छ यदि असन्तुलनको तरिकाले गरिएको भोजनले मनुष्य शरीरलाई स्वास्थ्यमा अयोग्य बनाउने छ असन्तुलन भोजन गर्नाले शरीरमा मासु धेरै लाग्ने हाड़ कमजोर हुने र कपाल झर्न शुरु हुनेछ ।

भुक्त्वातोऽन्यतं अस्यान्नं अमत्या क्षपणं त्र्यहम् ।
मत्या भुक्त्वाचरेत्कृच्छ्रं रेतोविण्मुत्रं एव च ॥ ४/२२२ ॥

अर्थात्:- यदि कसैले असुन्तलित भोजन गरेमा शरीरमा कष्ट भएमा पाचन प्रक्रियामा उपज भएमा तीन दिनसम्म जलमात्र पिएर उपवास गर्नु उत्तम हुनेछ । यसो गर्नाले शरीरको पाचन प्रक्रियामा सुधार हुन्छ ।

नाद्याच्छुद्रस्य पक्वान्नं विद्वान्श्राद्धिनो द्विजः ।
आददीतामं एवास्मादवृत्तावेकरात्रीकम् ॥ ४/२२३ ॥

अर्थात्:- विद्वान् तथा ज्ञानी ब्राह्मणले कर्मले जुनवर्णको भए पनि तर आचरण भने छुद्र (तुच्छ) किसिमको भएमा त्यस्तो व्यक्तिको घरमा त्यस्तो तुच्छ अर्थात् छुद्र व्यक्तिको निमन्त्रणालाई स्वीकार गरेर, आचरण तुच्छ अर्थात् छुद्र भएको जोसुकैले पनि बनाएको होस् त्यस्तो व्यक्तिको हातको खाना खानु हुँदैन, यदि घरमा अन्नको सङ्कट भएमा पानीले सफा गर्न मिल्ने केही मात्रमा काँचो अन्न भने लिन भने सकिनेछ केवल एक पटकको भोजन तैयार गर्नको लागि मात्र यसो गर्नालेकोही दोष लाग्दैन ।

श्रोत्रियस्य कदर्यस्य वदान्यस्य च वार्धुषेः ।
मीमांसित्वोभयं देवाः समं अन्नं अकल्पयन् ॥ ४/२२४ ॥

अर्थात्:- वेद पढेको छ तर कुनै पनि सात्विक कार्य गर्दैन कन्जुस छ तर त्योसँग सम्पत्ति छ आफूमा मात्र छ, अर्को ज्ञानी छैन तर दानी छ तर आफ्नो पैसाको व्याज असन्तुलन र शास्त्र नियमविरुद्धको तरिकाले लिनेगर्छ यी दुवै मनुष्यको स्थान, सम्पत्ति, गुण र दोषको आधारमा समान स्थान हो ।

तान्प्रजापतिराहैत्य मा कृध्वं विषमंसम्म् ।
श्रद्धापूतं वदान्यस्य हतं अश्रद्धयेतरत् ॥ ४/२२५ ॥

अर्थात्:- शास्त्रमा भनिए अनुसार कर्म नगर्ने तर ज्ञानमा ब्रह्मज्ञानी ब्राह्मण नै किन नहोस् र शास्त्र विरुद्धको कार्य गरेर सम्पत्ति जम्मा गरेको तुच्छ व्यक्तिको सम्पत्ति नै किन नहोस् यी दुवैको सम्पत्ति कहिल्यै पनि पवित्र र सात्विक हुँदैन । दुवैको सम्पत्ति सधैं समान हो । यी दुवैको सम्पत्ति जतिसुकै धेरै भए पनि त्यो सम्पत्ति सात्विक आर्जन नहुनाले त्यस सम्पत्तिलाई निकृष्ट सम्पत्ति हो भन्ने बुझ्नु पर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रद्धयेष्टं च पूर्त च नित्यं कुर्यादतन्द्रितः ।
श्रद्धाकृते ह्यक्षये ते भवतः स्वागतैर्धनैः ॥ ४/२२६ ॥

अर्थात्:- मनुष्यले आलस्य छोडेर सधैँ खुशीपूर्वक उत्साह र साहसपूर्वक आफ्नो क्षमतासहित प्रकृति सन्तुलनको कार्य यज्ञलाई सधैँ गर्नुपर्छ, सार्वजनिक ठाउँमा पानी उपलब्ध होस् भनेर धारा, कुवा र इनार जो सम्भव छ त्यो बनाउनु पर्छ तथा पशु पंक्षीको लागि पानीको तलाउ बनाउनु पर्छ। उत्तम रीतीले उपार्जित धन लगाएर साहस उत्साहसहित यी कार्य गर्नुपर्छ तर मनमा कुनै लाभ हानिको आशा नै नराखी यो कार्य गर्नुपर्छ।

दानधर्म निषेवेत नित्यं ऐष्टिकपौर्तिकम् ।
परितुष्टेन भावेन पात्रं आसाद्य शक्तितः ॥ ४/२२७ ॥

अर्थात्:- गृहस्थी मनुष्यले सधैँ आफ्नो कार्य सुकर्म मार्गमा लगाउनु पर्छ उत्तम तरिकाले शास्त्रले भनेअनुसार कर्म गरेर उत्तम रितले कमाएको सम्पत्तिलाई प्रसन्न मनले यथाशक्ति नित्य ऐष्टिक र पौर्तिक दानधर्मको पालन गर्नुपर्छ।

(समयको कलमः- प्रकृतिक सन्तुलनको लागि गरिने जति पनि कर्म छन् ती सबै कर्मलाई ऐष्टिक कर्म भनिन्छ भने, प्राणी तथा अन्य मनुष्यको सहयोगको लागि गरिने जति पनि कर्म छन् ती सबै पौर्तिक कर्म भनिन्छ, जस्तैः(चौतारी, विश्राम स्थल, धारा, तालाउ, कुवा, धर्मशाला, बगैँचा, शिक्षालय, शैल्यक्रिया गृह, बालमन्दिर, अनाथालय, आयुर्वेदिकशाला आदि बनाउने अर्थात् अन्य मनुष्य तथा प्राणीको आवश्यकता समान पुरा होस् भनेर पूर्ति सम्बन्धित भएको कार्यलाई पूर्त-सम्बन्धी दान भनिन्छ, किनकि यस्तो महान् कार्यले अन्य कयौँ मनुष्य तथा कयौँ प्राणीको जीवनको रक्षा र पालना हुने हुन्छ।

यत्किं चिदपि दातव्यं याचितेनानसूयया ।
उत्पत्स्यते हि तत्पात्रं यत्तारयति सर्वतः ॥ ४/२२८ ॥

अर्थात्:- आफूसँग भएको कुनै पनि वस्तु यदि कसैले कुनै गलत कार्यको प्रयोजन लागि हैंन, गलत सोचको कारणले हैंन, मनमा कुनै लालसा र वासनालाई धारण गरेको छैन, समाज र प्राकृतिक नियम सँगत भएमा त्यस्तो पात्रलाई बिना कुनै लालच त्यस्तो वस्तु दिनुपर्छ के थाहा कुनै पनि बेला यस्तो सत्चरित्र पात्र मिल्यो भने त अक्षय सुख नै प्राप्त हुन्छ।

(समयको कलमः- पात्र त्यो मात्र हो जसले धनलाई शास्त्रको नियमअनुसार खर्च गरेको हुन्छ र धन सम्पत्तिको कुनै लालचले सञ्चय गरेको हुँदैन र जे र जति पनि सम्पत्ति उससँग रहेको छ त्यसमा नै सन्तुष्ट रहेको हुन्छ त्यस्तो मनुष्यलाई मात्र पात्र भनिन्छ)

वारिदस्तृप्तिं आप्नोति सुखं अक्षय्यं अन्नदः ।
तीलप्रदः प्रजां इष्टां दीपदश्चक्षुरुत्तमम् ॥ ४/२२९ ॥

अर्थात्:- तिर्खाएकोलाई पानी पिलाउने गर्नाले मनुष्यको अन्तर्मनलाई सन्तोष तथा तृप्तिप्राप्त हुन्छ, अनाथ, भोकोलाई, बिकलाङ्कलाई भोजन गराउनाले अक्षय सुख प्राप्त हुन्छ, शरीर कमजोर भएको पात्रलाई तीलको परिकार खुवाउनाले सन्तति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तम कर्ममार्गमा लाग्ने छन् र वाटो घाटो पुल वनाउनाले सवै मनुष्यको जीवनको दुःख पतन भएर जानेछ । अज्ञानीलाई ज्ञानको सहयोग गर्नाले उसलाई जीवनको एक नयाँ वाटो प्राप्त हुनेछ ।

भूमिदो भूमिं आप्नोति दीर्घ आयुर्हिरण्यदः ।
गृहदोऽग्र्याणि वेश्मानि रुपयदो रुपं उत्तमम् ॥ ४/२३० ॥

अर्थात्:- दुःखी, अनाथ, असहाय, विकलाङ्कलाई जोसँग जे छ त्यही सहयोग गरेमा त्यसको फल आफैलाई विस्तारै प्राप्त हुनेछन् जोसँग जे धेरै छ त्यो दिने र आफूसँग जुन वस्तुको कमी छ त्यो वस्तु लिने जस्तै जमिन, सुन, घर, चाँदी यी जोसँग जे छ त्यही सहयोग गर्नाले क्रमशः स्वास्थ्य, दीर्घायु, उत्तम सन्तति तथा उत्तम रुपलाई प्राप्त गरेको हुन्छ

वासोदश्चन्द्रसालोक्यं अश्विसालोक्यं अश्वदः ।
अनडुहः श्रियं पुष्टां काखो ब्रध्नस्य विष्टपम् ॥ ४/२३१ ॥

अर्थात्:- मनुष्यले आफ्नो शरीरलाई सन्तुलन राख्नको लागि यी वस्तु तथा साधनलाई सधैं आफ्नो गृहमा या साथमा राख्ने गर्नुपर्छ यसो गर्नाले मनुष्यमा कहिल्यै पनि कुनै समस्या उत्पन्न हुँदैन, वस्त्रले शरीरमा शतिलता प्रदान गर्छ, अश्वले कार्यमा तीव्रता प्रदान गर्छ, गोरुले उत्पादन गर्नमा तीव्रता पूर्वक सहयोग गर्छ, गाईले मनुष्य शरीरलाई सन्तुलन राख्ने शक्ति दुधलाई दिएर स्वास्थ्यको संरक्षण गरेको हुन्छ जसलाई यसरी वुझ्न सकिन्छ वस्त्रः-चन्द्रलोक अर्थात् शतिलता, अश्वः- अश्वनी कुमार लोक अर्थात् कर्ममार्गमा तीव्रता, गोरुः- अक्षय धन अर्थात् उत्पादनमा सहयोगी, गाईः- सूर्यलोक अर्थात् शरीरलाई सन्तुलित ताप प्रदान गरेको हुन्छ ।

यानशय्याप्रदो भार्या ऐश्वर्य अभयप्रदः ।
धान्यदः शाश्वतं सौख्यं ब्रह्मदो ब्रह्मसाषर्ष्टिटताम् ॥ ४/२३२ ॥

अर्थात्:- वेदमा मनुष्यको सहयोगको लागि अनेक किसिम का दानको बारेमा बयान गरिएको छ, दानको अर्थ पैसा अर्थात् अर्थ मात्र हैंन, कसैको लागि निःस्वार्थ भावले सहयोग गर्नु पनि उत्तम दान नै हो यस्तो सहयोग गर्न सकिने विधानको दान पनि संसारमा अनेक किसिमका दान छन् अर्थात् ज्ञान, जल, अन्न, गाई, पृथिवी, वस्त्र, तील, सुवर्ण र घृत आदि । एक मनुष्यले अर्कोलाई सहयोग गर्नुलाई दान हो भन्ने वुझ्नुपर्छ । ती अनेक दानमा सवैभन्दा उत्कृष्ट दान भनेको वेदको ज्ञानलाई सवैमा प्रदान गर्नु हो । त्यसैले वेदविद्याको दान अति श्रेष्ठ हो किनकि वेद ज्ञानद्वारा नै ब्रह्मलाई जान्न सकिन्छ ।

सर्वेषां एव दानानां ब्रह्मदानं विशिष्यते ।
वार्यन्नगोमहीवासस् तीलकाञ्चनसर्पिषाम् ॥ ४/२३३ ॥

अर्थात्:- अन्य मनुष्यलाई सहयोगको लागि दान गर्नु मनुष्यको कर्तव्य पनि हो र दान गर्नु अनिवार्य पनि हो जस्तै वारि अर्थात् जल, अन्न, गाई, भूमि, कपड़ा, तील, सुन, पौष्टिक अन्न तथा घिउ यी सवै दान महान् दान हुन् तर यी महान् दानभन्दा पनि उत्कृष्ट र सर्वश्रेष्ठ दान ब्रह्मदान अर्थात् ज्ञानको दान नै सर्वश्रेष्ठ दान हो । (समयको कलमः- ब्रह्मदानको अर्थ हो विद्याको दान गर्नु अर्थात् ज्ञानलाई सवै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यको लागि प्रदान गर्नु भन्ने हुन्छ। कजुन ज्ञान तथा विदा सम्पूर्ण भूत अर्थात् सृष्टि अवयवको बारेमा रहेको हुन्छ र सात्विक ज्ञान रहेको हुन्छ यस्तो सात्विक विदादानले नै सबै मनुष्यलाई ज्ञानी बनाएको हुन्छ ब्रह्मदान गर्नाले त्यस दानको दुरुपयोग कसैले पनि गर्नसक्दैन, ब्रह्मदान गर्नाले न त दान दिनेलाई दुःख हुन्छ न त दान लिनेलाई नै दुःख प्राप्त नै हुन्छ, न कुनै पतन हुने नै हुन्छ त्यसैले ब्रह्मदान नै सर्वश्रेष्ठ दान हो, जल, अन्न, गाई, भूमि, वस्त्र, तील, सुन, घिउ यी सबै दान भन्दा वेदज्ञानको दान सर्वोत्तम दान हो जुन दानलाई ब्रह्मदान भनिन्छ)

येन येन तु भावेन यद्यद्दानं प्रयच्छति ।
तत्तत्तेनैव भावेन प्राप्नोति प्रतिपूजितः ॥ ४/२३४ ॥

अर्थात्:- भावमा जे छ र जुन भाव लिएर जसले जसरी दान अरुलाई दिएको हुन्छ ठीक त्यही प्रकारले नै त्यस दानको फल त्यस मनुष्यलाई नै प्राप्त हुन्छ। मनुष्यले जुन जुन भाव लिएर दान दिने गरेको हुन्छ त्यही भावअनुसार नै त्यसले त्यस कर्मको कर्मफललाई प्राप्त गरेको हुन्छ यही नै सृष्टि विधान हो।

योऽर्चितं प्रतिगृह्णाति ददात्यर्चितं एव वा ।
तावुभौ गच्छतः स्वर्ग नरकं तु विपर्यये ॥ ४/२३५ ॥

अर्थात्:- जुन मनुष्यले अरुलाई दान प्रदान गर्दापनि निराशक्त भएर प्रदान गरेको हुन्छ र दान स्वीकार गर्दा पनि निराशक्त भएर नै दान लिने तथा स्वीकार गर्ने गरेको हुन्छ यस्तो मनुष्यले जीवनमा सधैं नै सुख नै सुखलाई प्राप्त गरेको हुन्छ भने आशक्तिमामा रहेर जसले दान दिने र दान ग्रहण गर्ने गरेको हुन्छ त्यसले सधैं दुःखलाई प्राप्त गरेको हुन्छ।

न विस्मयेत तपसा वदेदिष्ट्वा च नानृतम् ।
नार्तोऽप्यपवदेद्विप्रान्न दत्त्वा परिकीर्तयेत् ॥ ४/२३६ ॥

अर्थात्:- तप गरेको मनुष्यले कहिल्यै पनि अभिमान गर्नु हुँदैन, यज्ञ गरेर कुनै पनि मनुष्यले असत्य वचन बोल्नु हुँदैन, क्रोधयुक्त व दुःखी भएको अवस्थामा पनि ज्ञानीलाई कहिल्यै अपशब्द बोल्नु हुँदैन, कसैलाई दान तथा सहयोग गरेर प्रचार गर्नु हुँदैन।

यज्ञोऽनृतेन क्षरति तपः क्षरति विस्मयात् ।
आयुर्विप्रापवादेन दानं च परिकीर्तनात् ॥ ४/२३७ ॥

अर्थात्:- कुनै पनि मनुष्यले यी गलत कार्यलाई कहिल्यै पनि कुनै पनि अवस्थामा गर्नुहुँदैन।

१) असत्य भाषण अर्थात् झुटो वचन, कटु वचन र अपशब्द।
२) अभिमान गर्नु अर्थात् घमण्ड गर्नु
३) ज्ञानीको अपमान व अनादर गर्नु
४) दान तथा सहयोग गरेर प्रचार गर्नु

यीमाथिको सबै कार्य गर्नाले मनुष्यको शरीरको निम्न अवस्थामा बिस्तारै पतन हुँदैजानेछ यथाक्रमले।

१) यज्ञ अर्थात् ऊर्जा
२) तप अर्थात् शक्ति सन्तुलन
३) आयु
४) दानको सत्यता आफैमा नाश हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदि कसैले दान दिएर त्यसको दानको बारेमा एक जनालाई पनि भनेको हुन्छ या अनेकलाई प्रचार गरेको हुन्छ भने त्यो दान हुँदैन त्यो केवल नाटक हो नाटकलाई दान भनिँदैन त्यसैले दान नाटक हैंन सहयोग हो सहयोग प्रचार हैन ।

धर्म शनैः संचिनुयाद्वल्मीकं इव पुत्रीकाः ।
परलोकसहायार्थं सर्वभूतान्यपीडयन् ॥ ४/२३८ ॥

अर्थात्:- जसरी धमिरोले वल्मीक अर्थात् माटोको डिस्कोलाई विस्तारै विस्तारै सावधानीपूर्वक बनाउने गर्छ ठीक त्यस्तै मनुष्यले आफ्नो शरीरलाई कुनै पनि किसिमको दुःख नदिई, प्रकृतिको विधानअनुसार नै कर्म गरेर, सृष्टि अवयव अर्थात् भूतको विरुद्धको कुनै कार्य नगरी धर्मले भनेको आचरणलाई धारण गरेर सात्विक कर्म गर्दै सात्विक कर्मफललाई सञ्चय गर्नुपर्छ ।

(समयको कलमः-माथि भनिएको यो श्लोकमा विस्तारै विस्तारै भन्नुको अभिप्राय सावधानीपूर्वक धर्मको नियमलाई पालन गर्नु भन्ने हुन्छ । जसरी धमिरोले आफ्नो बाल्मीकिलाई बनाउदै गर्दा धेरै कुरालाई ध्यान राखेर विस्तारै विस्तारै बनाएको हुन्छ, बाल्मीकि बनाउदै गर्दा धमिरोले त्यस बाल्मीकिलाई नष्टहुन दिँदैन ठीक त्यही प्रकारले मनुष्यले पनि आफ्नो कर्मगर्दा धर्मको नियम र मनुष्यको आफ्नो धर्मको आचारणलाई त्याग गर्नुहुँदैन र आफ्नो कर्म गर्दागर्दै कुनै अधर्मको कार्य नहोस् भनेर यसमा पनि ध्यान दिनुपर्छ र अधर्म हुनबाट पूर्ण रुपले बच्नु पर्छ) ।

नामुत्र हि सहायार्थं पिता माता च तिष्ठतः ।
न पुत्रदारं न ज्ञातिर्धर्मस्तिष्ठति केवलः ॥ ४/१३९ ॥

अर्थात्:- सांसारिक जगत्को कुनै पनि नाता मनुष्यको आफ्नो मृत्युपछि स्वतः अन्त्य र आफै नष्ट हुन्छ, संसारिक जगत्को माता, पिता, स्वजाति सम्बन्धी, पुत्र यी सबै मृत्यु प्राप्त गरिसकेपछिको अवस्थामा नै पतन हुन्छन् र मृत्यु मृतकको जीवितसँग रहेको नाताहरू सबै सकिन्छन्, केवल लास तथा मुर्दा बनेर रहन्छ परलोकमा संसारिक जगत्को नाताको नाताले कुनै पनि र कसैले पनि सहायता र साथ दिन सक्दैन तर मनुष्यको मृत्युपछि पनि भने उसको धर्म उसको साथमा नै रहेको हुन्छ त्यसैले मनुष्यले सधैँ आफ्नो धर्मको विधानको रेखाम चल्नुपर्छ धर्मको विधान यो शरीरको लागि मात्र हैंन यो शरीरको मृत्यु पछि पनि सधैँ काम आउने हुन्छ । परजन्ममा सहायताको लागि न पिता, न माता, न पुत्र, न स्त्री र न ज्ञाति नै साथमा रहेका हुन्छ, किन्तु केवल धर्म नै आफ्नो साथमा रहेको हुन्छ ।

एकः प्रजायते जन्तुरेक एव प्रलीयते ।
एकोऽनुभुङ्क्ते सुकृतं एक एव च दुष्कृतम् ॥ ४/२४० ॥

अर्थात्:- जीवात्मा केवल एक्लै रहेको हुन्छ साथमा आफ्नो धर्मलाई लिएर रहेको हुन्छ त्यसैले जीवात्मा सधैँ एक्लो जन्मेको हुन्छ, र एक्लै नै मृत्युलाई प्राप्त गरेको हुन्छ, कर्मको नियम धर्मको नियम सनतान हुनाले एक्लै नै पुण्यकर्म अर्थात् वेद निर्देशित कर्म गरेको हुन्छ र पापकर्म अर्थात् वेदविरुद्धको कर्म गरेको हुन्छ यी दुवै पापकर्म र पुण्यकर्मको कर्मफल पनि एक्लैले नै भोगेको हुन्छ । आफ्नो कर्मफलको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साझेदारी अन्यकोही हुन् सक्दैन यही कर्मको कर्मफलको विधान हो

वासोदश्चन्द्रसालोक्यं अश्विसालोक्यं अश्वदः ।
अनडुहः श्रियं पुष्टां काखो ब्रध्नस्य विष्टपम् ॥ ४/२३१ ॥

अर्थात्:- मनुष्यले आफ्नो शरीरलाई सन्तुलन राख्नको लागि यी वस्तु तथा साधनलाई सधैं आफ्नो गृहमा या साथमा राख्ने गर्नुपर्छ यसो गर्नाले मनुष्यमा कहिल्यै पनि कुनै समस्या उत्पन्न हुँदैन, वस्त्रले शरीरमा शतिलता प्रदान गर्छ, अश्वले कार्यमा तीव्रता प्रदान गर्छ, गोरुले उत्पादन गर्नमा तीव्रतापूर्वक सहयोग गर्छ, गाईले मनुष्य शरीरलाई सन्तुलन राख्ने शक्ति दुधलाई दिएर स्वास्थ्यको संरक्षण गरेको हुन्छ जसलाई यसरी बुझ्न सकिन्छ वस्त्रः-चन्द्रलोक अर्थात् शतिलता, अश्वः-अश्वनी कुमार लोक अर्थात् कर्ममार्गमा तीव्रता, गोरुः- अक्षय धन अर्थात् उत्पादनमा सहयोगी, गाईः-सूर्यलोक अर्थात् शरीरलाई सन्तुलित ताप प्रदान गरेको हुन्छ ।

यानशय्याप्रदो भार्या ऐश्वर्य अभयप्रदः ।
धान्यदः शाश्वतं सौख्यं ब्रह्मदो ब्रह्मसाषृ्टिटताम् ॥ ४/२३२ ॥

अर्थात्:- वेदमा मनुष्यको सहयोगको लागि अनेक किसिमका दानको बारेमा बयान गरिएको छ, दानको अर्थ पैसा अर्थात् अर्थ मात्र हैंन, कसैको लागि निःस्वार्थ भावले सहयोग गर्नु पनि उत्तम दान नै हो यस्तो सहयोग गर्न सकिने विधानको दान पनि संसारमा अनेक किसिमका दान छन् अर्थात् ज्ञान, जल, अन्न, गाई, पृथिवी, वस्त्र, तील, सुवर्ण र घृत आदि । एक मनुष्यले अर्कोलाई सहयोग गर्नुलाई दान हो भन्ने बुझ्नुपर्छ । ती अनेक दानमा सबैभन्दा उत्कृष्ट दान भनेको वेदको ज्ञानलाई सबैमा प्रदान गर्नुहो त्यसैले वेदविद्याको दान अति श्रेष्ठ हो किनकि वेद ज्ञानद्वारा नै ब्रह्मलाई जान्न सकिन्छ ।

सर्वेषां एव दानानां ब्रह्मदानं विशिष्यते ।
वार्यन्नगोमहीवासस् तीलकाञ्चनसर्पिषाम् ॥ ४/२३३ ॥

अर्थात्:- अन्य मनुष्यलाई सहयोगको लागि दान गर्नु मनुष्यको कर्तव्य पनि हो र दानगर्नु अनिवार्य पनि हो जस्तै वारि अर्थात् जल, अन्न, गाई, भूमि, कपड़ा, तील, सुन, पौष्टिक अन्न तथा घिउ यी सबै दान महान् दान हुन् तर यी महान् दानभन्दा पनि उत्कृष्ट र सर्वश्रेष्ठ दान ब्रह्मदान अर्थात् ज्ञानको दान नै सर्वश्रेष्ठ दान हो । (समयको कलमः- ब्रह्मदानको अर्थ हो विद्याको दान गर्नु अर्थात् ज्ञानलाई सबै मनुष्यको लागि प्रदान गर्नु भन्ने हुन्छ जुन ज्ञान तथा विदा सम्पूर्ण भूत अर्थात् सृष्टि अवयवको बारेमा रहेको हुन्छ र सात्विक ज्ञान रहेको हुन्छ यस्तो सात्विक विदादानले नै सबै मनुष्यलाई ज्ञानी बनाएको हुन्छ ब्रह्मदान गर्नाले त्यस दानको दुरुपयोग कसैले पनि गर्नसक्दैन, ब्रह्मदान गर्नाले न त दान दिनेलाई दुःख हुन्छ न त दान लिनेलाई नै दुःख प्राप्त नै हुन्छ, न कुनै पतन हुने नै हुन्छ त्यसैले ब्रह्मदान नै सर्वश्रेष्ठ दान हो, जल, अन्न, गाई, भूमि, वस्त्र, तील, सुन, घिउ यी सबै दान भन्दा वेदज्ञानको दान सर्वोत्तम दान हो जुन दानलाई ब्रह्मदान भनिन्छ) ।

येन येन तु भावेन यद्यद्दानं प्रयच्छति ।
तत्तत्तेनैव भावेन प्राप्नोति प्रतिपूजितः ॥ ४/२३४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- भावमा जे छ र जुन भाव लिएर जसले जसरी दान अरुलाई दिएको हुन्छ ठीक त्यही प्रकारले नै त्यस दानको फल त्यस मनुष्यलाई नै प्राप्त हुन्छ। मनुष्यले जुन जुन भाव लिएर दान दिने गरेको हुन्छ त्यही भाव अनुसार नै त्यसले त्यस कर्मको कर्मफललाई प्राप्त गरेको हुन्छ यही नै सृष्टि विधान हो।

योऽर्चितं प्रतिगृह्णाति ददात्यर्चितं एव वा।
तावुभौ गच्छतः स्वर्ग नरकं तु विपर्यये ॥ ४/२३५ ॥

अर्थात्:- जुन मनुष्यले अरुलाई दान प्रदान गर्दा पनि निराशक्त भएर प्रदान गरेको हुन्छ र दान स्वीकार गर्दा पनि निराशक्त भएर नै दान लिने तथा स्वीकार गर्ने गरेको हुन्छ यस्तो मनुष्यले जीवनमा सधैँ नै सुख नै सुखलाई प्राप्त गरेको हुन्छ भने आशक्तिमामा रहेर जसले दान दिने र दान ग्रहण गर्ने गरेको हुन्छ त्यसले सधैँ दुःखलाई प्राप्त गरेको हुन्छ।

न विस्मयेत तपसा वदेदिष्ट्वा च नानृतम्।
नार्तोऽप्यपवदेद्विप्रान्न दत्त्वा परिकीर्तयेत् ॥ ४/२३६ ॥

अर्थात्:- तप गरेको मनुष्यले कहिल्यै पनि अभिमान गर्नु हुँदैन, यज्ञ गरेर कुनै पनि मनुष्यले असत्य वचन बोल्नु हुँदैन, क्रोधयुक्त व दुःखी भएको अवस्थामा पनि ज्ञानीलाई कहिल्यै अपशब्द बोल्नु हुँदैन, कसैलाई दान तथा सहयोग गरेर प्रचार गर्नु हुँदैन।

यज्ञोऽनृतेन क्षरति तपः क्षरति विस्मयात्।
आयुर्विप्रापवादेन दानं च परिकीर्तनात् ॥ ४/२३७ ॥

अर्थात्:- कुनै पनि मनुष्यले यी गलत कार्यलाई कहिल्यै पनि कुनै पनि अवस्थामा गर्नु हुँदैन।

१) असत्य भाषण अर्थात् झुटो वचन, कटु वचन र अपशब्द
२) अभिमान गर्नु अर्थात् घमण्ड गर्नु
३) ज्ञानीको अपमान वा अनादर गर्नु
४) दान तथा सहयोग गरेर प्रचार गर्नु

यी माथिको सबै कार्य गर्नाले मनुष्यको शरीरको निम्न अवस्थामा बिस्तारै पतन हुँदैजानेछ यथाक्रमले।

१) यज्ञ अर्थात् ऊर्जा २) तप अर्थात् शक्ति सन्तुलन
३) आयु ४) दानको सत्यता आफैमा नाश हुन्छ

यदि कसैले दान दिएर त्यसको दानको बारेमा एक जनालाई पनि भनेको हुन्छ या अनेकलाई प्रचार गरेको हुन्छ भने त्यो दान हुँदैन त्यो केवल नाटक हो नाटकलाई दान भनिँदैन त्यसैले दान नाटक हैंन सहयोग हो सहयोग प्रचार हैन।

धर्म शनैः संचिनुयाद्वल्मीकं इव पुत्रीकाः।
परलोकसहायार्थं सर्वभूतान्यपीडयन् ॥ ४/२३८ ॥

अर्थात्:- जसरी धमिरोले वल्मीक अर्थात् माटोको डिस्कोलाई बिस्तारै बिस्तारै सावधानीपूर्वक बनाउने गर्छ ठीक त्यस्तै मनुष्यले आफ्नो शरीरलाई कुनै पनि किसिमको दुःख नदिई, प्रकृतिको विधानअनुसार नै कर्म गरेर, सृष्टि अवयव अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूतको विरुद्धको कुनै कार्य नगरी धर्मले भनेको आचरणलाई धारण गरेर सात्विक कर्मगर्दै सात्विक कर्मफललाई सञ्चय गर्नुपर्छ ।

(समयको कलमः-माथि भनिएको यो श्लोकमा विस्तारै विस्तारै भन्नुको अभिप्राय सावधानीपूर्वक धर्मको नियमलाई पालन गर्नु भन्नेहुन्छ । जसरी धमिरोले आफ्नो वाल्मीकिलाई बनाउँदै गर्दा धेरै कुरालाई ध्यान राखेर विस्तारै विस्तारै बनाएको हुन्छ, वाल्मीकि बनाउदै गर्दा धमिरोले त्यस वाल्मीकिलाई नष्टहुन दिँदैन ठीक त्यही प्रकारले मनुष्यले पनि आफ्नो कर्मगर्दा धर्मको नियम र मनुष्यको आफ्नो धर्मको आचारणलाई त्याग गर्नुहुँदैन र आफ्नो कर्म गर्दागर्दै कुनै अधर्मको कार्य नहोस् भनेर यसमा पनि ध्यान दिनुपर्छ र अधर्म हुनवाट पूर्ण रुपले वचनु पर्छ) ।

नामुत्र हि सहायार्थं पिता माता च तिष्ठतः ।
न पुत्रदारं न ज्ञातिर्धर्मस्तिष्ठति केवलः ॥ ४/१३९ ॥

अर्थात्:- संसारिक जगत्को कुनै पनि नाता मनुष्यको आफ्नो मृत्युपछि स्वतः अन्त्य र आफै नष्ट हुन्छ, संसारिक जगत्को माता, पिता, स्वजाति सम्बन्धी, पुत्र यी सबै मृत्यु प्राप्त गरिसकेपछिको अवस्थामा नै पतन हुन्छन् र मृत्यु मृतकको जीवितसँग रहको नाताहरू सबै सकिन्छन्, केवल लास तथा मुर्दा बनेर रहन्छ परलोकमा संसारिक जगत्को नाताको नाताले कुनै पनि र कसैले पनि सहायता र साथ दिन सक्दैन तर मनुष्यको मृत्युपछि पनि भने उसको धर्म उसको साथमा नै रहेको हुन्छ त्यसैले मनुष्यले सधैँ आफ्नो धर्मको विधानको रेखामा चल्नुपर्छ धर्मको विधान यो शरीरको लागि मात्र हैन यो शरीरको मृत्युपछि पनि सधैँ काम आउने हुन्छ । परजन्ममा सहायताको लागि न पिता, न माता, न पुत्र, न स्त्री र न ज्ञाती नै साथमा रहेका हुन्छन्, किन्तु केवल धर्म नै आफ्नो साथमा रहेको हुन्छ ।

एकः प्रजायते जन्तुरेक एव प्रलीयते ।
एकोऽनुभुङ्क्ते सुकृतं एक एव च दुष्कृतम् ॥ ४/२४० ॥

अर्थात्:- जीवात्मा केवल एक्लै रहेको हुन्छ साथमा आफ्नो धर्मलाई लिएर रहेको हुन्छ त्यसैले जीवात्मा सधैँ एक्लो जन्मेको हुन्छ, र एक्लै नै मृत्युलाई प्राप्त गरेको हुन्छ, कर्मको नियम धर्मको नियम सनातान हुनाले एक्लै नै पुण्यकर्म अर्थात् वेद निर्देशित कर्म गरेको हुन्छ र पापकर्म अर्थात् वेदविरुद्धको कर्म गरेको हुन्छ यी दुवै पापकर्म र पुण्यकर्मको कर्मफल पनि एक्लैले नै भोगेको हुन्छ । आफ्नो कर्मफलको साझेदारी अन्यकोही हुन् सक्दैन यही कर्मको कर्मफलको विधान हो

गुरुन्भृत्यांश्चोज्जिहीर्षन्नर्चिष्यन्देवतातिथीन् ।
सर्वतः प्रतिगृह्णीयान्न तु तृप्येत्स्वयं ततः ॥ ४/२५१ ॥

अर्थात्:- यदि आफूसँग नभएमा माता, पिता, गुरु, अतिथि र देवकार्य र दुःखीको सेवागर्नको लागि कसैसँग कुनै पनि भिक्षा माग्नु परेमा माग्न सकिने छ तर त्यो भिक्षा आफ्नो जीविकोपार्जन लागि भने हुनुहुँदैन ।

गुरुषु त्वभ्यतीतेषु विना वा तैर्गृहे वसन् ।
आत्मनो वृत्तिं अन्विच्छन्गृह्णीयात्साधुतः सदा ॥ ४/२५२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- माता, पिता नभएको मान्यजन नभएको विकलाङ्क भएको आफन्तले छोडेको र कार्यगर्ने ठाउँ नभएमा र कर्म गर्नमा असक्षम भएमा आफ्नो जीवन निर्वाह गर्नको लागि सज्जनवाट भिक्षा लिनभने सकिनेछ ।

आर्धिकः कुलमित्रं च गोपालो दासनापितौ ।
एते शुद्रेषु भोज्यान्ना याश्चात्मानं निवेदयेत् ॥ ४/२५३ ॥

अर्थात्:- आफ्नो खेतमा काम गर्ने, आफ्नो घरमा, आफ्नो गोठमा काम गर्ने, आफ्नो घरको नाई, आत्मसमर्पण गरेको कैदीले र कर्मच्यूत भएर शुद्रत्वलाई प्राप्त गरेको व्यक्तिले अनुरोध गरेर मैले हजुरको यो काम छोडछु मैले अन्य कर्मगर्छु र गलत कार्य नगर्ने वचन दिएको खण्डमा ।

यादृशोऽस्य भवेदात्मा यादृशं च चिकीर्षितम् ।
यथा चोपचरेदेनं तथात्मानं निवेदयेत् ॥ ४/२५४ ॥

अर्थात्:- यी व्यक्तिले स्वतन्त्र भएर सात्विक कर्मलाई गर्न चाहन्छन् भने ती सबैलाई आवश्यकता पर्ने सहयोग मालिकले मिलाई दिनुपर्छ । यदि यी सबैले आफ्नो कर्म सात्विक गरेको भएमा यी सबैको घरमा गएर मालिकले सात्विक भोजन गर्न हुन्छ तर एक पटकमात्र ।

योऽन्यथा सन्तं आत्मानं अन्यथा सत्सु भाषते ।
स पापकृत्तमो लोके स्तेन आत्मापहारकः ॥ ४/२५५ ॥

अर्थात्:- लालच या अन्य कुनै गलत उद्देश्य लिएर गलत तरिकाले जो मनुष्यले आफ्नो सत्य र असली स्वरुपलाई लुकाएर अन्यथा रुप बनाएर सज्जन तथा ज्ञानीलाई देखाउने गरेको हुन्छ त्यस्तो कार्य अति नै नीच कार्य हो भन्ने बुझ्नुपर्छ । किनकि यस्तो कार्य गर्नु भयङ्कर चोरको कार्य हो यसले आफ्नो र निर्माताको अस्तित्वलाई नै अपहरण गरेको मानिन्छ यस्तो मनुष्यको मृत्यू पनि भयानक हुन्छ ।

वाच्यर्था नियताः सर्वे वाङ्मूला वाग्विनिःसृताः ।
तांस्तु यः स्तेनयेद्वाचं स सर्वस्तेयकृन्नरः ॥ ४/२५६ ॥

अर्थात्:- मनुष्यको आफ्नो वाणीमा नै सबै कर्मको आचरणको सत्यता र बाणीमा नै अर्थको नियत रहेको हुन्छ, धर्म, अर्थ, कर्म, आचरण यी सबैको मूल नै वाणी हो वाणीद्वारा नै सबै गुणलाई धारण गरेको हुन्छ र वाणीद्वारा नै सबै बनेको हुन्छ त्यसैले वाणीद्वारा कसैलाई पनि धोका दिनुहुँदैन ।

(समयको कलमः- तात्पर्य यो हो कि संसारको सबै कार्य बोलेर नै बोलीद्वारा चलेको हुन्छ त्यसैले बोलीद्वारा कसैलाई पनि धोका दिनुहुँदैन)

महर्षिपितृदेवानां गत्वानृण्यं यथाविधि ।
पुत्रे सर्व समासज्य वसेन्माध्यस्थ्यं आश्रितः ॥ ४/२५७ ॥

अर्थात्:- ऋषि-ऋण, पितृ-ऋण तथा देव-ऋणलाई यथा विधिले पुरा गरेर यी ऋणवाट छुटकारा लिएर आफ्नो सन्ततीलाई उसको जिम्मेदारीको ज्ञान दिएर आफ्नो पुरा ती जिम्मेदारी सबैलाई आफ्नो सन्ततीलाई सुम्पनु पर्छ र सन्ततीले आफ्नो कर्मगर्न शुरू गरेपछि मनलाई सन्तोष राखेर आफू त्यागी भएर सबैलाई एक दृष्टि समान देख्ने र मनमा समभाव लिएर आफ्नो गृहमा नै रहनुपर्छ यस्तो आचरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धारण गरेर आफ्नो गृहको आश्रममा रहनुलाई वानप्रस्थ आश्रम भनिन्छ ।

एकाकी चिन्तयेन्नित्यं विविक्ते हितं आत्मनः ।
एकाकी चिन्तयानो हि परं श्रेयोऽधिगच्छति ॥ ४/२५८ ॥

अर्थात्:- मनुष्यले बानप्रस्थ आश्रम धारण गरेर सबै शोक क्लेश आदिलाई त्याग गरेर नित्यप्रति मनलाई एकान्त स्थानमा केन्द्रित गरेर नित्य चिन्तन गर्नुपर्छ । एकाकी भावना लिएर आत्म-चिन्तन गर्ने मनुष्यले परम कल्याणलाई नै प्राप्त गरेको हुन्छ ।

एषोदिता गृहस्थस्य वृत्तिर्विप्रस्य शाश्वती ।
स्नातकव्रतकल्पश्च सत्त्ववृद्धिकरः शुभः ॥ ४/२५९ ॥

अर्थात्:- गृहस्थ वृत्ति ब्राह्मण अर्थात् गृहस्थी ब्राह्मणको लागि नै वानप्रस्थ आश्रमलाई नै नित्यव्रत हो भनेर बुझ्नु पर्छ । सात्विक बुद्धिको वृद्धिले गर्ने मनुष्यको लागि स्नातक व्रतको पवित्र विधि पनि माथि भनियो ।

अनेन विप्रो वृत्तेन वर्तयन्वेदशास्त्रवित् ।
व्यपेतकल्मषो नित्यं ब्रह्मलोके महीयते ॥ ४/२६० ॥

अर्थात्:- वेदशास्त्रको ज्ञाता द्विजले यस विधिद्वारा जीवन जिउने जीविकालाई व्यवहार र आचारणमा लगाउनु पर्छ । यस्तो आचरण भएको ज्ञानी मनुष्यले पापरहित भएका सबै मनुष्यले सधैं ब्रह्मलोकलाई प्राप्त गरेर आफ्नो कर्मफल आनन्दलाई प्राप्त गरेको हुन्छ ।

ॐ तत्सदिति महर्षि मनुमहाराजस्य कृत मनुस्मृति विधानां विद्यायां नियमशास्त्रे भृगु (समय) संवादे मनुस्मृति अन्तर्गते गृहस्थी कर्म विभागे, व्रतं, आजीविका जीवन व्यतीतं विधाने विविध ज्ञानां नामक चतुर्थोऽध्यायः

अर्थात्:- महर्षि मनुमहाराजद्वारा निर्देशित मनुस्मृतिको नियम र विधान अन्तर्गतको भृगु र समय बीचमा भएको र संवादमा रहेको मनुस्मृतिको नियम र विधान अन्तर्गतको विधान गृहस्थी, कर्म, व्रत र मनुष्यले जीविकोपार्जन गर्ने विविध विधि अन्तर्गत भनिएको चार अध्याय समाप्त भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

।। अथ पञ्चमोऽध्यायः ।।

मनुस्मृति अध्यायः- ५

मनुष्यको लागि भक्ष अभक्ष देहशुद्धी, द्रब्यशुद्धी, र स्त्रीधर्म

समयको कलमः- ईश्वरकृत ज्ञान वेदमा पशुहत्या अर्थात् अमुक प्राणीको हत्या गर भन्ने कहीं पनि छैन वेदमा यो वचन छ 'पशु नाँ पाहिः' अर्थात् 'अमुक प्राणीलाई कुनै पनि हानी नोक्सान तथा हत्या नगर्नू' र अर्को वेद वचन छ 'पशवः अघन्याः' अर्थात् 'पशुलाई कुनै पनि अवस्थामा हानी पुर्याउन नहुने' भनेको छः तर वेदमा मनुष्यमा हुने पशुवत् आचरणलाई भने त्याग गर्नू भनिएको छः जस्तै काम, क्रोध, लोभ, मोह, ईर्ष्या, अहङ्कार आदिले मनुष्यलाई पशु बनाउँछ यस्तो आचरण सधैं त्याग अर्थात् वली दिनु भनिएको छ अमुक पशुको हत्या गर मांसभक्षण गर भनेर वेदमा कहीं छैन तर मनुस्मृतिको वचनमा यो भनिएको हो कि कुनै पनि प्राणी पागल भएमा या कुनै पनि प्राणीले मनुष्यको हानी नोक्सान गर्नमा उद्धत रहेमा हत्या गर्न सकिने तर त्यो पनि राजाले मात्र अन्यले हत्या गर्न पाउने छैन । त्यसैले वेदमा मनुष्यलाई पशु नहुन र माथिको पशु बनाउने आचरणलाई वलि दिन भने भनिएको हो । यसको मतलब अमुक पशुको हत्या गरेर वली दिनु भनिएको भने हैन । त्यस्तै मनुस्मृतिमा पनि निकृष्ट जीवलाई मात्र हत्या गर्ने अनुमति दिइएको छ त्यो पनि राजालाई अन्यको लागि पशुहत्या गर्ने अनुमति नै छैन जस्तै कुनै पनि पशुप्राणीले मनुष्यलाई हानी पुर्याएमा, पशुप्राणी वहुलाएमा या कुनै हिंस्रक कार्य गरेमा मनुष्य या अन्य जीवको रक्षार्थको लागि त्यस पागल पशुप्राणीको वध गर्नसकिनेछ । ईश्वरको आदेश र महर्षि मनुमहाराजको आदेश हैंन, राजाले आफ्नो प्रजालाई अज्ञान दस्यु आचरण आदि तथा सिंह आदि हिंस्रक पशुप्राणीवाट मनुष्यको रक्षा गर्नुपर्छ । यो राजाको आफ्नो राजधर्म हो अघि पाँचौ अध्यायवाट । अध्याय पाँचमा कयौं श्लोक प्रक्षिप्त हो कि ? भनेर हटाई दिएको छु कुन कुन श्लोक प्रक्षिप्त हो त्यो पनि अध्यायको अन्त्यमा दिएको छु किन प्रक्षिप्त हो प्रमाण पनि दिएको छु तर मनुस्मृति मा भएको प्रक्षिप्त श्लोक लाई अध्यायको श्लोक सुचिवाट नै हटाई दिएको छु । हटाईएको श्लोकमा पछिल्लो श्लोकलाई जोडिदिएको छु । किनकि यो कार्य मैले वेदज्ञान लाई ध्यान दिएर गरेको हूँ । किनकि "म समय हूँ"

समय उवाच

अर्थात्:- मैले अर्थात् म समयले सोधे ।

श्रुत्वैतानृषयो धर्मान्स्नातकस्य यथोदितान् ।
इदं ऊचुर्महात्मानं अनलप्रभवं भृगुम् ॥ ५/१ ॥

अर्थात्:-मनुष्यको मृत्यु किन हुन्छ र मनुष्यको लागि निश्चित गरिएको खाद्य र अखाद्य वस्तु के के हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- स्नातक ब्राह्मणको धर्मको बारेमा सुनेर विनम्रपूर्वक 'म समय'ले महात्मा भृगुऋषिसँग मनमा उठेको यो प्रश्नलाई सोधेको हुँ र मैले अहिले महर्षि मनुमहाराजले भन्नु भएको मनुस्मृतिको मनुविधानलाई भृगुऋषिको मुखवाट सुनिरहेको छु प्रत्यक्ष रुपमा)

एवं यथोक्तं विप्राणां स्वधर्म अनुतिष्ठताम् ।
कथं मृत्युः प्रभवति वेदशास्त्रविदां प्रभो ॥ ५/२ ॥

अर्थात्:- सत्य, असत्य, जन्म, मरणको बारेमा सम्पूर्ण ज्ञान जानेको र ब्रह्मज्ञान प्राप्त गरेको ज्ञानी विद्वान् अर्थात् ब्राह्मण जसले आफ्नो यथोक्त धर्मलाई धारण गरेको हुन्छ, धर्मको नियममा स्थित रहेको हुन्छ र वेद तथा शास्त्रको पूर्ण ज्ञाता हुन्छ तर पनि त्यस्तो ज्ञानी ब्राह्मणको मृत्यु किन हुन्छ ?

स तानुवाच धर्मात्मा महर्षीन्मानवो भृगुः ।
श्रूयतां येन दोषेण मृत्युर्विप्रान्जिघांसति ॥ ५/३ ॥

अर्थात्:- कुन दोषको कारण ज्ञानी अर्थात् ब्राह्मणलाई मृत्युले मारेको हुन्छ र कुन कुन वस्तु खाद्य हुन् कुन कुन वस्तु अखाद्य हुन् अब त्यस बारेमा सुन ।

(समयको कलमः- महर्षि मनुमहाराजको मुखवाट ऋषि भृगुजीले मनुस्मृतिको विधान र नियमको बारेमा मनुमहाराजको मुखवाट जो वचनलाई सुन्नुभएको थियो त्यही उत्तर ऋषि भृगुले 'म समय' लाई दिनुभएको हो)

अनभ्यासेन वेदानां आचारस्य च वर्जनात् ।
आलस्यादन्नदोषाच्च मृत्युर्विप्रान् जिघांसति ॥ ५/४ ॥

अर्थात्:- निरन्तर वेदज्ञानको आचरणलाई धारण नगरेमा निरन्तर वेदाभ्यास नगर्नाले, निरन्तर वेदज्ञानलाई ग्रहण गर्नमा र वेदाभ्यास गर्नमा आलस्य गर्नाले, वेदज्ञानको निर्देशनको अनुसारको आचरणलाई परित्याग गर्नाले, भोजन दोष लागेको भएमा मात्र पनि जति ब्रह्मज्ञानी भए पनि त्यस्तो ज्ञानी ब्राह्मणलाई मृत्युले तुरुन्तै आफै नै मार्छ ।

लशुनं गृञ्जनं चैव पलाण्डुं कवकानि च ।
अभक्ष्याणि द्विजातीनां अमेध्यप्रभवानि च ॥ ५/५ ॥

अर्थात्:- द्विज अर्थात् ब्राह्मण, क्षत्रीय, वैश्य र शुद्र वर्णले जुनसुकै वर्ण धारण गरेर कर्म गर्ने गरेको होस् त्यंस्तो वर्ण र मनुष्यको या अन्य प्राणीको उल्टी, विष्ठा, मुत्र, दिसा आदिको संसर्गबाट उत्पन्न भएको भए र अहिले पनि संसर्गमा रहेको भएसँग, फल, मूला, लसुन, शलगम, प्याज, गाजर र च्याउ आदि सबै जमिनमा रहेर र यी वस्तुसँग संसर्गमा रहेको सबै वस्तु अभक्ष्य पदार्थ हुन् यस्तो वस्तुलाई कसैले पनि खानु या ग्रहण गर्नुहुँदैन ।

लोहितान्वृक्षनिर्यासान्वृश्चनप्रभवांस्तथा ।
शेलुं गव्यं च पेयूषं प्रयत्नेन विवर्जयेत् ॥ ५/६ ॥

अर्थात्:- द्विजले लाहाबाट बनेको वस्तु, रुखको चोपबाट बनेको र रुखबाट निस्किएको चोप, रुखको खोटो, गाई भैंसीको बिगौती यसलाई लिसो भनिन्छ द्विजले यी सबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकारको लिसोलाई आवश्यक नपरी ग्रहण अर्थात् खानु हुँदैन ।

वृथा कृसरसंयावं पायसापूपं एव च ।
अनुपाकृतमांसानि देवान्नानि हवींषि च ॥ ५/७ ॥

अर्थात्:- आफ्नो परिवार घरमा नभएको मौका छोपेर स्वार्थपूर्वक आफ्नो पेट भर्नको लागि भनेर हलुवा, पुरी, खिर, मालपुवा आदि बनाएर कसैले एक्लै खाएमा, भलै त्यो कार्य देवताको नाम लिएर गरिएको नै किन नहोस् यदि त्यस्तो भोजन बनाएर कसैले एक्लै परिवारलाई छोड़ेर भोजन गर्छ भने त्यस मनुष्यले भोजन गरेको हैंन त्यस मनुष्यले आफ्नै पतनको बाटोलाई आफैले निर्माण गरेको हुन्छ ।

अनिर्दशाया गोः क्षीरं औष्ट्रं ऐकशफं तथा ।
आविकं संधिनीक्षीरं विवत्सायाश्च गोः पयः ॥ ५/८ ॥

अर्थात्:- घरमा पालिएको प्रसूता गाई, प्रसुता उँटनीको दुध दस दिनसम्म र घोड़ी आदि एक खुर भएको पशु, भेडाको, ऋतुमती भएको गाई तथा जुन गाईको बाच्छो मरेको छ भने त्यस्तो गाईको पनि दुधलाई भने पिउनु हुँदैन ।

आरण्यानां च सर्वेषां मृगाणां माहिषं विना ।
स्त्रीक्षीरं चैव वर्ज्यानि सर्वशुक्तानि चैव हि ॥ ५/९ ॥

अर्थात्:- घरमा पालिएको भैंसी आदिलाई छोडेर सबै प्रकारको जङ्गली पशुहरू र अन्य जङ्गली पशुको दुधलाई सेवन गर्नुहुँदैन कुनै पनि अवस्थामा तथा केही समयपछि जुन वस्तुमा आफै अमिलोपन उत्पन्न हुन्छ त्यस्तो कुनै पनि वस्तुलाई खानु हुँदैन ती सबै वस्तु त्याज्य छन् यी सबै वस्तु अखाद्य हुनाले त्याज्य हुन् ।

दधि भक्ष्यं च शुक्तेषु सर्व च दधिसंभवम् ।
यानि चैवाभिषूयन्ते पुष्पमूलफलैः शुभैः ॥ ५/१० ॥

अर्थात्:- तर ती अमिलो पदार्थमा दही या दहीबाट बनेको पदार्थ, मोही, दहीबाट बन्ने अन्य परिकार आदि भने खाद्य पदार्थ अर्थात् भक्ष्य पदार्थ हुन् एवं, प्रशस्त फल फूलबाट बनाएर तैयार गरिएको अचार, लप्सी, आदि पदार्थ पनि भक्ष्य पदार्थ हुन् उसिनिएको र पकाएको तर अमिलो हुन् लागेको सबै वस्तुहरू अखाद्य र त्याज्य वस्तु हुन् ।

(समयको कलमः- भृगु ऋषिको मुखबाट मनुस्मृतीलाई सुनि रहँदा मनुस्मृतिको अध्याय पाँचको श्लोक ११ औदेखि १८ औसम्मको सम्पूर्ण श्लोक मैले सुनेको छैन तर अहिलेको मनुस्मृतिमा विद्यमान भने छन् त्यसैले अहिले मनुस्मृतिमा भएका ती सम्पूर्ण श्लोक प्रक्षिप्त हुन् भन्ने लाग्छ । ती श्लोकलाई मैले यहाँ लेखेको पनि छैन र भावार्थः पनि गरेको छैन किनकि मनुस्मृतिका यी सम्पूर्ण श्लोक पूर्ण रुपले वेदविरुद्ध रहेको छ जो वचन वेद विरुद्ध छ त्यो वचन महर्षि मनुमहाराजको हैन । किनकि महर्षि मनुको समयमा वेद बाहेक अन्य कुनै पनि शास्त्र या ग्रन्थ यस पृथ्वीमा नै थिएन त्यसैले जो वचन वेद विरुद्ध छन् ती सबै श्लोक प्रक्षिप्त श्लोक हुन् त्यसैले मैले ती श्लोकलाई हटाई दिएको छु । अब अघिको श्लोक ११ देखि १८ सम्मको श्लोक प्रक्षिप्त हुनाले यो अध्यायबाट लुप्त भएका श्लोक हुनेछन् अब

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अघिको श्लोक विद्यमान मनुस्मृतिको १९ औ श्लोक हो भने म समयले मिलावट अर्थात् प्रक्षिप्त श्लोक हटाएको हुनाले आब १९औँ श्लोक यस मनुस्मृतिमा ११ औ श्लोक भएको छ र भृगु ऋषिले जब म समयलाई मनुस्मृतिको ज्ञान दिनु भएको थियो त्यो समयमा पनि यी श्लोकको कुनै उच्चारण गर्नुभएको थिएन मैले सुनिरहेको छु र लेखिरहेको छु सुन्ने र लेख्ने समय केही फरक छ पहिले पुरा श्लोक सुनेको हो त्यसपछि लेखेको हुनाले श्रुतिबाट स्मृति गर्दा केही समय फरक परे पनि श्लोकको पुरा अवस्था फरक परेको भने छैन त्यसैले अहिलेको पुस्तकालयमा उपलब्ध मनुस्मृतिमा भएका प्रक्षिप्त श्लोक हटाउने निर्णयको साथ म समयले यो ज्ञान हजुरहरूलाई दिइरहेको छु किनकि अबको ज्ञान केवल वेद सङ्गत हुन् आवश्यक छ कथा कहानीले ज्ञान प्राप्त हुँदैन अबको समय केवल वैदिक ज्ञान नै मुख्य ज्ञानधारा हो)

छत्राकं विड्वराहं च लशुनं ग्रामकुक्कुटम् ।
पलाण्डुं गृञ्जनं चैव मत्या जग्ध्वा पतेद्द्विजः ॥ ५/११ (५/१९) ॥

अर्थात्:- च्याउ, लसुन, गाजर, प्याज आदि र कुखुरा लगायत घरमा पालिएको पंक्षीको जुठो, सुँगुरले छोएको र अनजान प्राणीले मुख तथा खुट्टाले छोएको र जुठो बनाएको भोजनलाई द्विजले जानी जानी ग्रहण गरेको खण्डमा त्यस्तो मनुष्य द्विज रहँदैन, द्विज अवास्थाबाट तुरुन्त पतित हुन्छ ।

अमत्यैतानि षड्जग्ध्वा कृच्छं सान्तपनं चरेत् ।
यतिचान्द्रायाणं वापि शेषेषूपवसेदहः ॥ ५/१२ (५/२०) ॥

अर्थात्:- च्याउ, लसुन, प्याज, गाजर जस्तै यस प्रकारका तामसिक गुणले सम्पन्न पदार्थ गरिष्ठ प्रकारका भोजन अन्तर्गत का खाना हुन् । यी गरिष्ठ प्रकारका पदार्थलाई भोजनमा तथा अन्य नाम ज्ञात तथा अज्ञात भएका प्राणीले छोएको तथा जुठोलाई द्विजले कहिल्यै पनि भोजनको रुपमा ग्रहण गर्नुहुँदैन यदि द्विजले गरिष्ठ पदार्थलाई भोजन तथा नाम ज्ञात तथा अज्ञात रहेका प्राणीले छोएको तथा जुठोलाई अनजानमा भोजनको रुपमा ग्रहण गरे पश्चात् ज्ञात भएको खण्डमा भने त्यस्तो व्यक्ति द्विजबाट पतित हुनबाट वचनको लागि र अनजानमा गरिएको गरिष्ठ पदार्थबाट बनेको तथा जुठो भोजनलाई ग्रहण गरेको खण्डमा पापलाई शुद्धि र आफ्नो शरीर शुद्धीको लागि कृच्छसन्तापन नामको व्रतलाई धारण गर्नुपर्छ ।

संवत्सरस्यैकं अपि चरेत्कृच्छं द्विजोत्तमः ।
अज्ञातभुक्तशुद्ध्यर्थ ज्ञातस्य तु विषेशतः ॥ ५/१३ (५/२१) ॥

अर्थात्:- जो वस्तु खान योग्य छैन त्यस्तो वस्तु अनभिज्ञताको कारणले खाएको खण्डमा पनि शरीरमा दोष त लाग्छ नै त्यसैले विनाःस्वार्थ एक वर्षमा भित्रमा एक कृच्छसन्तापन व्रतलाई धारण गर्नुपर्छ । यदि जानेर पनि अखाद्य वस्तु खाएमा पनि र अन्जानमा अखाद्य वस्तु खाएमा पनि त्यसको लागि कृच्छसन्तापन व्रत गरेर शरीरको शुद्धि गर्नुपर्छ ।

यज्ञार्थ ब्राह्मणैर्वध्याः प्रशस्ता मृगपक्षिणः ।
भृत्यानां चैव वृत्त्यर्थ अगस्त्यो ह्याचरत्पुरा ॥ ५/१४) (५/२२) ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- प्राकृतिक सन्तुलनको कार्य यज्ञ गर्दैगर्दा यज्ञको लागि तैयार गरिएको पुडोरस या अन्य सामग्रीलाई कुनै पनि जङ्गली या अन्य प्राणीले आक्रमण गरेमा या देवयज्ञ या पितृयज्ञ गर्दै गर्दा या कुनै पनि प्रकृतिसँग सम्वन्धित यज्ञ गर्दै गर्दा यज्ञलाई कुनै पनि प्राणीले अवरोध गरेको खण्डमा यज्ञ तथा आफ्नो सुरक्षको कार्य गर्दा ती आक्रमणकारी प्राणीको हत्या भएमा त्यस हत्यालाई पाप भनिँदैन यो हत्या पनि एक किसिमको यज्ञ जस्तै हुन्छ। चाहे त्यो शाकाहारी मृग होस् या मांशाहारी अन्य पंक्षी या प्राणी नै किन नहोस्, त्यस्तो हत्या आफ्नो सुरक्षाको लागि र प्राकृतिक सन्तुलनको कार्यको लागि भएको हुनाले त्यो पनि एक किसिमको यज्ञ हुन्छ। यो कार्यलाई अगत्स्य कार्य पनि भनिन्छ। किनकि यहाँ कहीँ कसैको लागि भनेर हत्या गरिएको नभएर आफ्नो तथा यज्ञको सुरक्षाको लागि गरिएको कार्य हो। तर यस्तो प्राणीको हत्या भएको यज्ञको अग्निको विभूतीलाई कहिल्यै पनि प्रयोग गर्नुहुँदैन।

बभूवुर्हि पुरोडाशा भक्ष्याणां मृगपक्षिणाम्।
पुराणेष्वपि यज्ञेषु ब्रह्मक्षत्रसवेषु च ॥ ५/१५) (५/२३) ॥

अर्थात्:- यज्ञ गर्दै गर्दा कयौँ प्राणी तथा जीवले अग्निलाई आफ्नो भक्ष भोजन हो भन्ने बुझेर या अज्ञानमा अग्निमा स्वयम् प्रवेश गरेर आफै अग्नि प्रवेश गरेर यज्ञको अग्निमा पुरोडास बनेका हुन्छन्, यस्तो अवस्थामा यज्ञ गर्ने र गराउने व्यक्तिलाई जीव तथा प्राणी हत्याको पाप लाग्दैन किनकि ती प्राणी आफै नै यज्ञको पुरोडाश बनेका हुन्छन् तर यज्ञको विभूति भने प्राणीको हत्या भएको हुनाले अशुद्ध हुन्छ यस्तो विभूति प्रयोग गर्नुहुँदैन।

यत्किं चित्स्नेहसंयुक्तं भक्ष्यं भोज्यं अगर्हितम्।
तत्पर्युषितं अप्याद्यं हविःशेषं च यद्भवेत् ॥ ५/१६) (५/२४) ॥

अर्थात्:- दोषरहित या अनिन्दित हुने गहुँ या अन्य अमृत वस्तुबाट बनेको जसमा घिउ, दुध, गुड़ आदि मिलाएर बनाइएको पक्वान्न तथा खाद्यान्न छ भने त्यस्तो खाना केवल एक अहोरात्रसम्ममा खान सकिन्छ एक अहोरात्रीसम्म त्यो पक्वान्न बासी हुँदैन र यज्ञमा बचेको हवि खाद्य हुनाले त्यो एक अहोरात्री खान सकिने छ। एक अहोरात्रीसम्म यज्ञको लागि बनेको पक्वान्न बासी हुँदैन।

चिरस्थितं अपि त्वाद्यं अस्नेहाक्तं द्विजातिभिः।
यवगोधूमजं सर्व पयसश्चैव विक्रिया ॥ ५/१७) (५/२५) ॥

अर्थात्:- द्विजातीले जौ, गहुँ र तीलबाट बनेको अनेक परिकार एक अहिरात्रीसम्म तथा दुधबाट बनेका अनेक परिकारहरू जस्तै खोया, मिठाईका परिकारहरू जसमा घिउ, दुध, गुड प्रयोग गरेर बनाइएको हुन्छ र चिल्लो पदार्थ मा पकाईएको हुन्छ या चिल्लो पदार्थको मिलावट गरेर बनाइएको सबै खाद्य पदार्थ छन् भने ती सबै खाद्य पदार्थ एक अहोरात्री भन्दा पनि पुरानो भए पनि खान सकिन्छ।

एतदुक्तं द्विजातीनां भक्ष्याभक्ष्यं अशेषतः।
मांसस्यातः प्रवक्ष्यामि विधिं भक्षणवर्जने ॥ ५/१८) (५/२६) ॥

अर्थात्:- यहाँसम्म भक्ष पदार्थ र अभक्ष्य पदार्थको तथा प्राणीको हत्याको पाप र प्रायश्चितको बारेमा, यज्ञमा प्राणीको हत्या भएमा, प्राणीको जुठोग्रहण गरेमा द्विजले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

के गर्ने ? भन्ने बारेमा भनियो अव अघि कुन अवस्था विकल्पको रुपमा द्विजले गरिष्ठ वस्तुलाई भोजन ग्रहण गर्न सक्छ त्यस बारेमा भन्ने छु ।

प्रोक्षितं भक्षयेन्मांसं ब्राह्मणानां च काम्यया ।
यथाविधि नियुक्तस्तु प्राणानां एव चात्यये ॥ ५/१९) (५/२७) ॥

अर्थात्:- कुनै सात्विक खाना प्राप्त नभएको खण्डमा, प्राण नै नरहने अवस्था उत्पन्न भएको खण्डमा, द्विजले जानी जानी आफ्नो प्राण रक्षाको लागि भने गरिष्ठ खानालाई केही समयसम्मको लागि भोजनको रुपमा ग्रहण गर्न सक्ने छ, जवसम्म सात्विक भोजन प्राप्त हुँदैन तबसम्म मात्र, गरिष्ठ खानालाई पनि भोजनको रुपमा प्रयोग गर्न सक्नेछ ।

(समयको कलमः- गारिष्ठ खानामा लसुन, प्याज, गाजर, च्याउ र जान अन्जान प्राणीको जुठो परेको तथा छोएको सात्विक खान नै किन नहोस् त्यो सबै खाना गरिष्ठ खाना अन्तर्गतमा पर्छन, यी खानालाई द्विजले कहिल्यै पनि भोजनको रुपमा ग्रहण गर्नुहुँदैन, तर कुनै विकल्प नै नभएको खण्डमा प्राण नै जाने अवस्था उत्पन्न भएमा यी सबै गरिष्ठ खानालाई पनि केही समयको लागि र आफ्नो प्राण रक्षाको लागि भोजनको रुपमा ग्रहण गर्न सकिने छ तर यो खाना निरन्तरताको लागि भने हैन, किनकि यी खानामा अत्याधिक मात्रमा तामसिक गुण प्रवाह हुन्छ, तामसिक गुणले सम्पन्न र तामसिक प्रकारको पदार्थलाई भोजनको रुपमा ग्रहण गर्दा मनुष्यको शरीरमा तामसिक गुण नै प्रवल हुन्छ, यदि तामसिक गुण मनुष्यको शरीरमा प्रवल भएको खण्डमा मनुष्यको आफ्नो आचरण र स्मरण क्षमता ह्रास हुनपुग्छ । तामसिक गुण प्रवल भएको कारण नित्यकर्म र कर्तव्य कर्मको ज्ञान पतन हुन्छ, तामसिक गुण प्रवल भएको खण्डमा मनुष्यले नित्यकर्म र कर्तव्य कर्म नै त्याग गर्न पुग्छ त्यसैले तामसिक गुणले सम्पन्न यस प्रकारका गरिष्ठ खाना दैनिक भोजनको रुपमा ग्रहण गरेको खण्डमा त्यस मनुष्यले धारण गरेको द्विजको द्विज अवस्था नै पतन हुनपुग्छ यस कारण यी तामसिक गुणले सम्पन्न पदार्थ तथा वस्तुलाई भोजनको रुपमा ग्रहण गर्नको लागि द्विजलाई निषेध गरिएको हो)

प्राणस्यान्नं इदं सर्व प्रजापतिरकल्पयत् ।
स्थावरं जङ्गमं चैव सर्वप्राणस्य भोजनम् ॥ ५/२०) (५/२८)

अर्थात्:- ईश्वरले सृष्टिको संरचनासँगै सम्पूर्ण प्राणीमा अलग अलग गुणसँगै अलग अलग प्राणीको लागि अलग अलग किसिमको उसको गुणको आधारमा त्यस प्राणीको लागि अलग अलग गुणले सम्पन्न भएको भोजन तथा खानालाई निश्चित गर्नु भएको छ । प्रजापति (ईश्वर) ले मनुष्यको लागि भने स्थावर अर्थात् फलफूल लगाएर सात्विक गुणले सम्पन्न पदार्थलाई भोजन गर्नू भनेर र नै निश्चित गर्नुभएको छ भने अन्य प्राणीको लागि अलग गुण अनुसार अलग अलग खानाको व्यवस्था गर्नुभएको छ ।

(समयको कलमः- सात्विक गुणले सम्पन्न भएको सम्पूर्ण पदार्थ नै मनुष्य (प्रजा)को भोजन हो । सात्विक पदार्थ भन्नाले प्राकृतिक रुपले जुन वस्तुले आफ्नो खाना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफै नै निर्माण गर्छ, त्यही वस्तु तथा पदार्थ नै सात्विक वस्तु हो जसलाई भोजनको रुपमा ग्रहण गर्नुहुन्छ भन्ने वुझिन्छ तर प्राकृतिक रुपले भोजनलाई निर्माण गर्ने कयौँ पदार्थ पनि तामसिक गुणले पनि सम्पन्न भएको हुन्छन् त्यस्तो तामसिक गुणले सम्पन्न पदार्थलाई गरिष्ठ भोजन भनिन्छ, यस्तो किसिमको गरिष्ठ भोजनलाई केवल प्राण रक्षाको लागि मात्र ग्रहण गर्न सकिने छ र अन्य अवस्थामा भने निषेध गरिएको छ, भने प्राणी हत्या गरेर मांसभक्षण गर्नुलाई असुरी कार्य र असुरी भोजन भनिएको छ त्यसैले मनुस्मृतिमा भनिएका प्राणी हत्या र मांसभक्षणको विधान महर्षि मनु महाराजको हैन यो भनाइ पछि मनुविधानलाई नीच देखाउनको लागि पछि राखिएको श्लोक हो भन्ने प्रष्ट हुन्छ)

चराणां अन्नं अचरा दंष्ट्रिणां अप्यदंष्ट्रिणः ।
अहस्ताश्च सहस्तानां शूराणां चैव भीरवः ॥ ५/२१) (५/२९) ॥

अर्थात्:- चर जीवको जीविकोपार्जनको लागि भोजन भनेको अचर र घाँसपात हुन, दाह्रा भएको प्राणीको जीविकोपार्जनको लागि भोजन भनेको दाह्रा भए नभएको प्राणी हुन्, हात भएको मनुष्यको भोजन भनेको हात नभएको वृक्ष तथा वनस्पति हुन्, हातमा नङ भएको मुखमा दाह्रा तथा मुख चुच्चो भएको प्राणीको भोजन वनस्पति तथा दाह्रा नभएको र दाह्रा भएको दुवै प्राणी हुन्, शूरवीरहरूको भोजन भीरू अर्थात् डरपोक हुन् ।

नात्ता दुष्यत्यदन्नाद्यान्प्राणीनोऽहन्यहन्यपि ।
धात्रैव सृष्टा ह्याद्याश्च प्राणीनोऽत्तार एव च ॥ ५/२२) (५/३०) ॥

अर्थात्:- एक मांसाहारी प्राणीले अर्को मांसाहारी या शाकाहारी प्राणीलाई हत्या गरेर आफ्नो भोजन वनाएमा त्यस मांसाहारी प्राणीलाई अर्को प्राणीको हत्याको पाप लाग्दैन किनकि त्यस प्राणीको लागि ती सबै शाकाहारी होस् या मांसाहारी प्राणी सबै उसको लागि भोजन हो किनकि उसको शरीरको वनावट उसको पाचन प्रक्रिया र प्रकृति विधान अनुसार नै मांसाहारी तरिकाले वनेको हुन्छ र मांसाहारी शरीर धारण गरेको जनावरले अर्को मांसाहारी या शाकाहारी प्राणीलाई हत्या गरेर भोजन गरेमा त्यस मांसाहारी प्राणीलाई पाप लाग्दैन, शाकाहारी प्राणीले पनि घाँस, भूस खाएमा त्यसलाई पाप लाग्दैन जस्तै हिंस्रक बाघले सात्विक मृगलाई हत्या गरेर त्यसको मासु खाएमा बाघलाई र मृगले घाँस खाएमा मृगलाई पाप लाग्दैन किनकि यी दुवैको एक अर्काको भोजन अलग अलग हुन्छ घाँस मृगको र मृग बाघको भोजन हो सृष्टिमा भोजन शाकाहारी र मांसाहारी एक अर्काको परिपूरक हुन् र सृष्टि चक्रको अनुसार बनेको हो किनकि यो चक्रको निर्माता ईश्वर आफै हो ।

यज्ञाय जग्धिर्मांसस्येत्येष दैवो विधिः स्मृतः ।
अतोऽन्यथा प्रवृत्तिस्तु राक्षसो विधिरुच्यते ॥ ५/२३) (५/३१) ॥

अर्थात्:- तर मनुष्यको लागि मांसभक्षण निषेध गरिएको छ चाहे त्यो जुनसुकै अवस्थामा जुनसुकै नाम लिएर गरिएको होस् । यज्ञको नाम लिएर होस् या कुनै परम्पराको नाम लिएर होस् या कुनै शस्त्र पूजाको नाम लिएर होस् या कुनै शास्त्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजाको नाममा कुनै पनि पशुप्राणीको हत्या र मांसभक्षणको विधि गलत हो चाहे त्यो शास्त्रले भनोस या नभनोस र मांसभक्षण गर्ने विधि जसले भने पनि मांसभक्षणको विधि आसुरी अर्थात् राक्षसी विधि विधान हो मनुष्यको लागि मांसभक्षण पूर्ण निषेध गरिएको छ भन्ने म समयको विचार रहेको छ ।

क्रीत्वा स्वयं वाप्युत्पाद्य परोपकृतं एव वा ।
देवान्पितककंश्चार्चयित्वा खादन्मांसं न दुष्यति ॥ ५/२४)(५/३२) ॥

अर्थात्:- किनेर लिएको होस् या अन्य कुनै असुरले हत्या गरेर दिएको होस् या देवतको नाममा होस् या यज्ञको नाममा होस् या पितृको नाममा होस् या अन्य कुनै परम्पराको नाम लिएर होस् पशुपंक्षी तथा प्राणीको हत्या गरेर मांसभक्षण गर्नु अति नै ठुलो पाप हो त्यसैले मनुष्यले पशुपंक्षीको हत्या गरेर मांसभक्षण गर्ने कार्य कहिल्यै गर्नुहुँदैन अर्थात् जुनसुकै नाम लिएर गरिएको किन नहोस् तर पशुपंक्षीको हत्या गरेर मांसभक्षण कहिल्यै गर्नुहुँदैन ।

नाद्यादविधिना मांसं विधिज्ञोऽनापदि द्विजः ।
जग्ध्वा ह्यविधिना मांसं प्रेतस्तैरद्यतेऽवशः ॥ ५/२५) (५/३३) ॥

अर्थात्:- जो ज्ञानी व्यक्ति छ वेदको ज्ञाता ब्राह्मण हो र अन्य शास्त्र विधिको ज्ञाता छ त्यसले जीवनको अन्तिम आपतकालको अतिरिक्त अन्य कुनै पनि दशामा यदि विधि विरुद्ध मांसभक्षण गरेको खण्डमा त्यस्तो मनुष्यको यो जन्ममा गरेको पुण्य पतन हुन्छ जब पुण्य पतन हुन्छ तब सुख पतन हुन्छ नै, जब सुख पतन हुन्छ त्यस्तो मनुष्य दुःखको गर्त मै डुब्न पुग्छ, जो मनुष्य दुःखको गर्तमा डूब्यो त्यस्तो मनुष्यको जीवनको अन्तिम सत्य मृत्युपनि अति नै दुःख, भयानक र कष्टकर हुन्छ र मृत्युपछि परलोकमा पनि त्यस मनुष्यको मांसलाई त्यही प्राणीले त्यस मनुष्यको मांसलाई भक्षण गर्नेछ जुनको मांस त्यस मनुष्यले मृत्यु हुनु भन्दा पहिले भक्षण गरेको थियो ।

न तादृशं भवत्येनो मृगहन्तुर्धनार्थिनः ।
यादृशं भवति प्रेत्य वृथामांसानि खादतः ॥ ५/२६) (५/३४) ॥

अर्थात्:- मालिकले आफ्नो सम्पत्ति सुरक्षा गर्दा यदि हरिण या अन्य कुनै पनि प्राणीको मृत्यु भएमा त्यस हत्याको पाप कम लाग्छ तर मांसभक्षणको उद्देश्यले जसले हरिण या अन्य कुनै पनि प्राणीको हत्या गर्छ त्यसको पाप अति नै घातक हुन्छ किनकि मांसभक्षण गर्नु नै मनुष्यको पतनको मार्ग हो ।

नियुक्तस्तु यथान्यायं यो मांसं नात्ति मानवः ।
स प्रेत्य पशुतां याति संभवानेकविंशतिम् ॥ ५/२७) (५/३५) ॥

अर्थात्:- मांसभक्षणलाई शास्त्रले निषेध गरेको छ मनुष्यले आफ्नो गलत सोचको कारण विभिन्न विधान र विधि हो भनेर मांसभक्षण गर्नेगर्छ भने त्यस्तो मनुष्यको मृत्युपछि सृष्टिचक्रमा पशुको योनीको कर्मफललाई प्राप्त गरेर भोग गरेको हुन्छ र यो पशुयोनीमा रहेर आफ्नो मांसभक्षणको कर्मफललाई भोग गरिरहेको हुन्छ त्यसको मृत्युपछि पनि त्यस प्राणीको भौतिक शरीरको अन्त्येष्टि हुँदैन । आफै प्रकृतीले सडाउने हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असंस्कृतान्पशून्मन्त्रैर्नाद्याद्विप्रः कदा चन ।
मन्त्रैस्तु संस्कृतानद्याच्छाश्वतं विधिं आस्थितः ॥ ५/२८ (५/३६) ॥

अर्थात्:- जुन प्राणीको हत्या जुनसुकै बहानमा गरिएको होस् चाहे त्यो संस्कारको बहानामा गरिएको होस् चाहे त्यो शास्त्रको नाम लिएर गरिएको होस् या शस्त्रको पूजा गर्ने बहानमा पशु प्राणीको हत्या गरिएको होस् त्यस्तो कुनै पनि बाहानामा पशुहत्या गरेर मांसभक्षण गर्नु पूर्ण गलत हो भन्ने म समयको मत रहेको छ ।

कुर्याद्धृतपशुंसंगे कुर्यात्पिष्टपशुं तथा ।
न त्वेव तु वृथा हन्तुं पशुं इच्छेत्कदाचन ॥ ५/२९ (५/३७) ॥

अर्थात्:- कुनै पनि मनुष्यमा आसुरी सोच आएमा तामसिक गुण बढेमा अज्ञान या कुनै पनि करणवस पशुहत्या र मांसभक्षण गर्ने तीव्र अभिलाषा भएमा घिउमा गहुँको पिठोलाई गुड़, नारीवलमा मिलाएर मिष्ठान्न परिकार बनाएर भोजन गर्नु तर पशुहत्या गरेर मांसभक्षण गर्ने इच्छा कहिल्यै पनि अकारण गर्नुहुँदैन ।

यावन्ति पशुरोमाणि तावत्कृत्वो ह मारणम् ।
वृथापशुघ्नः प्राप्नोति प्रेत्य जन्मनि जन्मनि ॥ ५/३० (५/३८) ॥

अर्थात्:- जो मनुष्यले बिनाकरण पशुहत्या तथा पशुलाई हानी, नोक्सानी पुऱ्याउने कोसिस गर्छ त्यस्तो मनुष्यको जन्म मरणको कुनै निश्चित अवधि नै हुँदैन मनुष्यले जुन पशुको हत्या गरेको हुन्छ त्यस पशुको शरीरमा जति रौं छन् त्यति पटक आफ्नो कर्मको फल अति नै भयानक र दुःखदायी भएर भोग्नुपर्छ ।

यज्ञार्थ पशवः सृष्टाः स्वयं एव स्वयंभुवा ।
यज्ञोऽस्य भूत्यै सर्वस्य तस्माद्यज्ञे वधोऽवधः ॥ ५/३१ (५/३९ ॥

अर्थात्:- सृष्टि विधानमा पशुको शरीर नै एक यज्ञ हो पशु प्राणी प्रकृति सन्तुलनको लागि बनेको हुन् । प्रकृति सन्तुलनलाई एक यज्ञ भनिन्छ, जुन यज्ञबाट मनुष्यले धेरै फाइदा लीन सक्नेछ सबै पशुप्राणी आफ्नो कर्मको कर्मफल भोग अन्तर्गतको हुनाले कुनै पनि प्राणीको हत्या गर्नु पाप हो चाहे त्यो पशुहत्याको कार्य यज्ञको नाम लिएर गरिएको होस् या अन्य जे सुकै नामको होस् या जुन सुकै कार्यको लागि होस् पशुहत्या पूर्ण निषेध छ यही नै ब्रह्मविधान हो ।

ओषध्यः पशवो वृक्षास्तिर्यञ्चः पक्षिणस्तथा ।
यज्ञार्थ निधनं प्राप्ताः प्राप्नुवन्त्युत्सृतीः पुनः ॥ ५/३२ (५/४०) ॥

अर्थात्:- अन्न, पशु, वृक्ष, पक्षी, कछुवा आदि लगायतको सम्पूर्ण प्राणी तथा बनस्पति प्रकृति सन्तुलनको एक अंश र अभिन्न अङ्ग हो र प्रकृति सन्तुलन हुनु पर्छ यो ब्रह्मविधान हो प्रकृति सन्तुलनको विधानलाई देवयज्ञ या पितृयज्ञ पनि भनिन्छ यज्ञद्वारा नै सृस्टि सन्तुलनमा रहेको हुन्छ, सृष्टि सन्तुलन र सृष्टि सञ्चालन नै यी सबै मिलेर भएको हुन्छ त्यसैले पशु प्राणीको संरक्षण गर्नुलाई पनि यज्ञ भनिन्छ यो यज्ञ गर्नाले मनुष्यको आफ्नो कर्मको कर्मफल अति नै उत्तम हुन्छ ।

मधुपर्के च यज्ञे च पितृदैवतकर्मणि ।
अत्रैव पशवो हिंस्या नान्यत्रेत्यब्रवीन्मनुः ॥ ५/३३ (५/४१) ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:-

१) मधुपर्क, २) यज्ञ, ३) देवकर्म, ४) पितृकर्म,

माथि भनिएको यी सबै कर्म सात्विक कर्म हुन् यी कर्मलाई सधैं गर्नुपर्छ यदि यीमाथिको कुनै पनि कर्म छोडेमा त्यस व्यक्तिलाई पशुवध बराबर पाप कर्म गरेको मानिने छ ।

एष्वर्थेषु पशून्हिंसन्वेदतत्वार्थविद्द्विजः ।
आत्मानं च पशुं चैव गमयत्युत्तमं गतिम् ॥ ५/३४ (५/४२) ॥

अर्थात्:- चाहे त्यो वेदज्ञानी विद्वान् तथा वेदज्ञानी ब्राह्मण नै किन नहोस् पशुहत्या तथा पशुहिंसा गर्नाले उसको यो जन्म मनुष्य योनीमा भए पनि उसको मृत्यु भने पशुको गतिमामा गमन हुन् पुग्नेछ ।

गृहे गुरावरण्ये वा निवसन्नात्मवान्द्विजः ।
नावेदविहितां हिंसां आपद्यपि समाचरेत् ॥ ५/३५ (५/४३) ॥

अर्थात्:- कुनै पनि मनुष्यले गृहमा, गुरुको स्थानमा, वन जङ्गलमा बसेर या कहि पनि उपस्थित भएर वेदज्ञानीले कहिल्यै पनि र कही पनि वेदविरुद्धको कार्य जीवहिंसा कुनै पनि हालतमा र कुनै पनि अवस्थामा या अन्यकुनै आफ्नो आपतको समयमा पनि बिनाकरण जीव तथा पशुहत्या गर्नुहुँदैन ।

या वेदविहिता हिंसा नियतास्मिंश्चराचरे ।
अहिंसां एव तां विद्याद्वेदाद्धर्मो हि निर्बभौ ॥ ५/३६) (५/४४) ॥

अर्थात्:- धर्मको विधान वेदअनुसार निस्किएको नियम हो वेदमा कुनै पनि अवस्थामा बिनाकरण कुनै पनि पशुको हिंसा गर्नुहुँदैन भन्ने आदेश छ, वेदमा भनिएको अवस्थाको बाहेक अन्य कुनै पनि अवस्थामा मनुष्यले हिंसा गर्नु धर्मच्यूत हुनु हो मनुष्यलाई धर्मच्यूत हुन् वेदले निषेध गरेको छ यदि कुनै पनि मनुष्य धर्मच्यूत भएको खण्डमा त्यो मनुष्य नै पशु हो ।

योऽहिंसकानि भूतानि हिनस्त्यात्मसुखेच्छया ।
स जीवांश्च मृतश्चैव न क्व चित्सुखंमेधते ॥ ५/३७) (५/४५) ॥

अर्थात्:- जुन प्राणीलाई वध गर्न योग्य छैन त्यस्तो जीव या प्राणीलाई कुनै पनि मनुष्यले आफ्नो सुखको लागि जीवको हिंसा गरेको त्यस्तो मनुष्य जीवितदेखिए पनि मृत जस्तै हो त्यस्तो मनुष्यले यो संसारमा र मृत्युपछि पनि कहिल्यै सुखलाई प्राप्त गर्न सक्दैन ।

यो बन्धनवधक्लेशान्प्राणीनां न चिकीर्षति ।
स सर्वस्य हितंप्रेप्सुः सुखं अत्यन्तं अश्नुते ॥ ५/३८) (५/४६) ॥

अर्थात्:- जो मनुष्यले पशु प्राणीलाई कुनै बन्धनमा पार्ने प्राणीको हत्या गर्ने, पशुप्राणीलाई कुनै पनि दुःखदिने बारेमा सोचेको पनि हुँदैन यस्तो मनुष्यले एक यज्ञ गरेको हुन्छ मनको शुद्धि पनि एक यज्ञ हो मनको शुद्धि हुनु पनि महान् यज्ञ हो जुन यज्ञले नै संसारलाई जितेको मानिन्छ, यस्तो प्राणीको हितैसी रहेको मनुष्यले सधैं यो जन्ममा र मृत्युपछि धेरै सुख नै सुखलाई प्राप्त गरेको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्ध्यायति यत्कुरुते रतिं बध्नाति यत्र च ।
तदवाप्नोत्ययत्नेन यो हिनस्ति न किंचन ॥ ५/३९) (५/४७)

अर्थात्:- जुन मनुष्यले कुनै पनि प्राणीको हत्या हिंसा गर्दैन त्यस्तो मनुष्यले जुन सात्विक कर्मलाई पुरा गर्ने बारेमा सोचेको हुन्छ त्यस्तो सात्विक सोचको कर्म तत्काल पुरा हुन्छ यस्तो मनुष्यको कर्म धेरै र अथक प्रयास विना नै सरल तरिकाले सफल हुन्छ ।

नाकृत्वा प्राणीनां हिंसां मांसं उत्पद्यते क्व चित् ।
न च प्राणीवधः स्वर्ग्यस्तस्मान्मांसं विवर्जयेत् ॥ ५/४०) (५/४८) ॥

अर्थात्:- जीवको हत्या हिंसा विना कहिल्यै पनि मांसप्राप्त हुँदैन र जीवको हत्याहिंसा नै सत्यज्ञान प्राप्त गर्नमा बाधक हो । सत्यज्ञान प्राप्त नगर्नाले अज्ञानी रहनेछ । अज्ञान नै सुखको मार्गको अवरोधक हो । त्यसैले जीवहिंसा सुख अर्थात् स्वर्ग-प्राप्तिको मुख्य बाधक हो, अतः ज्ञानी र सुखी हुन् चाहने मनुष्यले जीवहिंसा र मांसभक्षण कहिल्यै पनि गर्नुहुँदैन ।

समुत्पत्तिं च मांसस्य वधबन्धौ च देहिनाम् ।
प्रसमीक्ष्य निवर्तेत सर्वमांसस्य भक्षणात् ॥ ५/४१) (५/४९) ॥

अर्थात्:- आफ्नो कल्याण चाहने ज्ञानी मनुष्यले जीवको हिंसा गरेर प्राप्त हुने मांसभक्षणलाई त्याग गर्नुपर्छ । मांस प्राप्त गर्नको लागि कुनै पनि जीवलाई दिइने हिंसा र पीड़ाको कष्ट आफूलाई नै प्राप्त भएको सोचेर कुनै पनि जीवको हत्या हिंसा गरेर प्राप्त गरिने सबै प्रकारको मांसभक्षणदेखि टाढा रहनुपर्छ ।

न भक्षयति यो मांसं विधिं हित्वा पिशाचवत् ।
न लोके प्रियतां याति व्याधिभिश्च न पीड्यते ॥ ५/४२ (५/५०) ॥

अर्थात्:- मनुष्यले आफ्नो मनुष्यको धर्मको गुणलाई धारण गरेर भोजनको विधिलाई धारण गरेर जसले मांसभक्षण गर्दैन त्यस्तो मनुष्य सधैँ सबै अवस्थामा सर्वप्रिय हुन्छ र उसमाथि कुनै पनि सङ्कट आउँदैन यदि सङ्कट आए पनि त्यो सङ्कट आफै स्वतः पतन भएर जान्छ । कुनै प्रकृति र दैविक विपत्ति आउदैन विपत्तिको समयमा कुनै दुःखको अवस्था नै प्राप्त हुँदैन ।

(समयको कलमः- ईश्वरकृत ज्ञान वेदमा पशुहत्या अर्थात् अमुक प्राणीको हत्या गर भन्ने छैन वेदमा यो वचन छ 'पशु ना पाहिः' अर्थात् प्राणीलाई कुनै पनि हानी नोक्सान तथा हत्या नगर्नु' र वेदमा अर्को यो वचन छ 'पशवः अघन्याः' अर्थात् ' पशुलाई कुनै पनि अवस्थामा हानी नै पुर्याउन नहुने' भनेको छः तर वेदमा मनुष्यमा हुने पशुवत आचरणलाई भने त्याग गर्नु भनिएको छः जस्तै काम, क्रोध, लोभ, मोह, ईर्ष्या, अहङ्कार आदिले मनुष्यलाई पशु बनाउँछ यस्तो आचरण सधैँ त्याग अर्थात् वली दिनु भनिएको छ अमुक पशुको हत्या गर मांसभक्षण गर भनेर वेदमा कहीँ छैन तर मनुस्मृतिको वचनमा यो भनिएको हो कि कुनै पनि प्राणी पागल भएमा या कुनै पनि प्राणीले मनुष्यको हानी नोक्सान गर्नमा उद्धत रहेमा हत्या गर्न सकिने तर त्यो पनि राजाले मात्र अन्यले हत्यागर्न पाउने छैन । त्यसैले वेदमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यलाई आचरणमा पशु नहुन रमाथिको पशु बनाउने आचरणलाई वलिदिनु पर्छ भने भनिएको हो यसको मतलब अमुक पशुको हत्या गरेर वली दिनु भनिएको भने हैन । त्यस्तै मनुस्मृतिमा पनि निकृष्ट जीवलाई मात्र हत्या गर्ने अनुमति दिइएको छ त्यो पनि राजालाई अन्यको लागि पशुहत्या गर्ने अनुमति नै छैन जस्तै कुनै पनि पशुप्राणीले मनुष्यलाई हानी पुर्याएमा, पशुप्राणी बहुलाएमा या कुनै हिंस्रक कार्य गरेमा मनुष्य या अन्य जीवको रक्षार्थको लागि त्यस पागल पशुप्राणीको वध गर्न सकिनेछ परन्तु यज्ञ आदिको निमित्त पशुवध या जीवहत्या गर्ने भन्ने नियम वेदमा कहीँ पनि छैन । पशुप्राणी हत्या, पशुलाई देवी देवताको नाममा हत्या गरेर वलिदिने चलन म्लेच्छ समयमा सम्मिलित गरिएको हो भन्ने लाग्छ । राजाले आफ्नो प्रजालाई अज्ञान, दस्यु आचरण आदि तथा सिंह आदि हिंस्रक पशु प्राणीबाट मनुष्यको रक्षा गर्नुपर्छ यो राजाको आफ्नो राजधर्म पनि हो) ।

अनुमन्ता विशसिता निहन्ता क्रयविक्रयी ।
संस्कर्ता चोपहर्ता च खादकश्चेति घातकाः ॥ ५/४३ (५/५१) ॥

अर्थात्:- जसले जीवहत्या गर्छ र मांसभक्षण गर्छ त्यसलाई असुर तथा पिशाच भनिन्छ ती असुर तथा पिशाच आठ किसिमका छन् ती आठ किसिमको असुर अर्थात् पिशाच निम्न छन्:-

१) जीवलाई जसले काट्ने अनुमति दिन्छ,
२) जीवलाई जसले शस्त्रद्वारा हत्या गर्छ,
३) जीवको मांसलाई जसले टुक्रा टुक्रा गरेर काट्छ,
४) जीवको मांसलाई जसले वेच्ने गर्छ,
५) जीवको मांसको मूल्य जसले निश्चित गर्छ,
६) जीवको मांसलाई जसले किन्ने र लिने गर्छ,
७) जीवको मांसलाई जसले पकाउने गर्छ,
८) जीवको मांसलाई जसले भक्षण गर्छ,

स्वमांसं परमांसेन यो वर्धयितुं इच्छति ।
अनभ्यर्च्य पितकक्न्देवांस्ततोऽन्यो नास्त्यपुण्यकृत् ॥ ५/४४(५/५२) ॥

अर्थात्:- जो मनुष्यले अन्य जीवको हत्या गरेर मांसभक्षण गरेर आफ्नो शरीरको मांस या शक्ति वढाउने इच्छा गरेको हुन्छ र मांसभक्षण गर्नाले शरीरमा शक्ति र ऊर्जा वढ्छ भन्ने सोचेको हुन्छ त्यसभन्दा ठुलो असुरी अर्थात् पिशाच सोच अरुकोही हुँदैन ।

वर्षे वर्षेऽश्वमेधेन यो यजेत शतं समाः ।
मांसानि च न खादेद्यस्तयोः पुण्यफलंसम्म् ॥ ५/४५ (५/५३) ॥

अर्थात्:- जो मनुष्यले कहिल्यै पनि जीव हत्या गरेको छैन र कहिल्यै पनि मांसभक्षण गरेको छैन त्यस्तो मनुष्यको आयु सयवर्ष पर्यन्त हुनेछ र उसको कर्म राजाले गरेको अश्वमेघ यज्ञको फलको जस्तै महान् पुण्यको कर्म गरेको हुन्छ जुन मनुष्यले जीवहिंसा गर्दैन मांसभक्षण गर्दैन त्यस्तो मनुष्यको पुण्य सय अश्वमेध यज्ञ बराबरको पवित्र हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फलमूलाशनैर्मेध्यैर्मुन्यन्नानां च भोजनैः ।
न तत्फलं अवाप्नोति यन्मांसपरिवर्जनात् ॥ ५/४६ (५/५४) ॥

अर्थात्:- जीवहिंसा र मांसभक्षण त्याग गर्नाले मनुष्यको अन्तर्मन फलफूल जस्तै पवित्र र शुद्ध हुन्छ । अन्न भोजन गर्नाले जुन फाइदा शरीरलाई हुन्छ ठीक त्यही फल जीवहिंसा र मांसभक्षण त्याग गर्नाले पनि हुन्छ ।

मां स भक्षयितामुत्र यस्य मांसं इहाद्म्यहम् ।
एतन्मांसस्य मांसत्वं प्रवदन्ति मनीषिणः ॥ ५/४७ (५/५५) ॥

अर्थात्:- प्राणीको शरीरको मांसको आवरणको गुण यस्तो तरिकाले बनेको हुन्छ जसको मैले मांसभक्षण गर्नेछु त्यसले मलाई नै भक्षण गर्नेछ भनेर विद्वान् तथा ज्ञानीजनले बुझ्नुपर्छ ।

न मांसभक्षणे दोषो न मद्ये न च मैथुने ।
प्रवृत्तिरेषा भूतानां निवृत्तिस्तु महाफला ॥ ५/४८ (५/५६) ॥

अर्थात्:- मद्यपान (रक्सी आदि), जीवहिंसा तथा मांसभक्षण गर्ने र मैथुन (परस्त्री गमन) मा प्रायः सबै मनुष्यको प्रवृत्ति नै रहेको हुन्छ अज्ञानको कारणले यो सबै कार्य नै मनुष्यको पतनको द्वार हो भन्ने जानेको हुँदैन । यी सबै कार्यलाई परित्याग गर्नाले जीवनमा खोजेको खुशी नै खुसीको महाफल प्राप्त हुन्छ ।

प्रेतशुद्धिं प्रवक्ष्यामि द्रव्यशुद्धिं तथैव च ।
चतुर्णा अपि वर्णानां यथावदनुपूर्वशः ॥ ५/४९ (५/५७) ॥

अर्थात्:- अब पछि यथाक्रमले चार वर्णको प्रेत शुद्धि तथा द्रव्य शुद्धिको बारेमा सुन्नुहोस् :

दन्तजातेऽनुजाते च कृतचूडे च संस्थिते ।
अशुद्धा बान्धवाः सर्वे सूतके च तथोच्यते ॥ ५/५० (५/५८) ॥

अर्थात्:- यदि कुनै बच्चा जन्मेको, दाँत निस्किएको लगत्तै या त्यसपछि हुने संस्कार पछिको मुण्डन संस्कार भएपछि यदि त्यस बच्चाको मृत्यु भएमा त्यसको सहगोत्री अशुद्ध हुन् पुग्छ किनकि यो दुःखेको घड़ी हो । त्यही दुःखको घडिलाई नै सूतक भनिन्छ ।

दशाहं शावं आशौचं सपिण्डेषु विधीयते ।
अर्वाक्सञ्चयनादस्थ्नां त्र्यहं एकाहं एव वा ॥ ५/५१ (५/५९)

अर्थात्:- यस्तो अवस्थामा वेदपाठी वा ब्रह्मज्ञानी ब्राह्मणको घरमा केवल एक दिनमात्र सूतक लाग्छ जबसम्म शुद्धिको लागि हवन गरिदैन तबसम्म अशुद्धि नै रहेको हुन्छ । त्यस्तै केवल वेदपाठी र अग्निहोत्री हो भने तीनदिन पर्यन्त र अन्यको लागि दश दिनपर्यन्त पनि सूतक रहेको हुन्छ भन्ने बुझ्नु पर्छ ।

(समयको कलमः- यहाँ सूतकको तथा अशुद्धिको तात्पर्य यो हो कि सन्तान उत्पत्तिद्वारा उत्पन्न प्रसन्नतामा धेरै ऊर्जा उत्पन्न हुने हुन्छ त्यो पनि सूतक नै हो र कुनै कुटुम्बको मृत्यु भएमा त्यहाँ ऊर्जा पतन हुन्छ र अफन्तको शोकको कारण शोकद्वारा उत्पन्न नकारात्मक उर्जाको कारण कुनै शुभ कर्म र नित्य कर्म गर्नमा अवरोध उत्पन्न हुन्छ त्यसलाई पनि सूतक भनिन्छ) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सपिण्डता तु पुरुषे सप्तमे विनिवर्तते ।
समानोदकभावस्तु जन्मनाम्नोरवेदने ॥ ५/५२ (५/६०) ॥

अर्थात्:- सपिण्डिको नातेदार सातौँ पीढ़ीमा गएर पुरा रज र वीर्यको मिलनको जुन प्रभाव छ त्यो तटस्थ हुनेछ र पहिलो पुस्तको रज र वीर्यको सातौँ पुस्तमा गएर तटस्थ भएर त्यसको आफ्नो पहिलो पुस्तको विजको गुण सकिनेछ । त्यसैले सातौँ पुस्ताको नातेदारको घरमा कुनै सुतकले छुँदैन तर जन्म पनि अज्ञात र नाम पनि अज्ञात भएको अवस्था, आफ्नो अस्तित्व नै आफूलाई जानकारी नभएमा या सबै प्रमाण हराएको र आफूलाई आफ्नो सत्यता थाहा तथा याद नै नभएको खण्डमा आफ्नो जन्मको रज र वीर्यको अस्तित्व नै पतन हुनेछ यदि यस्तो भएमा त्यस्तो मनुष्यको लागि कुनै नातेदारलाई कसैको कुनै पनि सूतक लाग्दैन । यदि आफ्नो वंश नै थाहा नभएमा आफ्नो पुरा विवरण हराएमा खानपान र व्यवहार नै परिवर्तन हुनपुग्छ त्यस्तो अवस्थामा कसैको र कुनै सूतक लाग्दैन ।

यथेदं शावं आशौचं सपिण्डेषु विधीयते ।
जननेऽप्येवं एव स्यान्निपुणं शुद्धिं इच्छताम् ॥ ५/५३ (५/६१) ॥

अर्थात्:- सपिण्डी दाजुभाइमा मृतक सूतक दश दिनसम्म लाग्छ ठीक त्यस्तै जन्मको सूतक पनि मृतकको जस्तै दश दिन नै रहन्छ ।

सर्वेषां शावं आशौचं मातापित्रोस्तु सूतकम् ।
सूतकं मातुरेव स्यादुपस्पृश्य पिता शुचिः ॥ ५/५४ (५/६२) ॥

अर्थात्:- तर मृतकको सूतक सपिण्डीलाई लाग्छ किन्तु जन्मको सूतक भने केवल त्यही घरको माता, पिताको पुरा परिवारमा रहन्छ जन्म सूतकमा जन्मेको बच्चेको माता, पितालाई छुनुहुँदैन तर पिताले स्नान गरे पश्चात् छुन योग्य हुन्छ तर मातामा भने नामंकरण संस्कार नभएसम्म सूतक मैं विद्यमान रहन्छ भने सन्तानको जन्म भएको समयदेखि ६३ दिनसम्म माताको शरीरमा सूतक विद्यमान रहन्छ त्यसैले ६३ दिनसम्म सन्तानसँग साथमा र परिवारको सदस्यसँग अलग रहनु पर्छ ।

निरस्य तु पुमान् शुक्रं उपस्पृस्यैव शुध्यति ।
वैजिकादभिसंबन्धादनुरुन्ध्यादघं त्र्यहम् ॥ ५/५५ (५/६३) ॥

अर्थात्:- विवाहित पुरुषको रातको समयमा यदि स्त्री सम्भोगको अतिरिक्त पुरुषको वीर्य स्वप्नदोष या अन्य कुनै पनि कारणले वीर्यपतन भएको खण्डमा पनि सूतक अर्थात् अशुद्धि लाग्छ यस्तो भएमा स्नान गरेर वस्त्र परिवर्तनपछि मात्र सूतक पवित्र हुन्छ र कसैले परस्त्री गमन गरेर विविध कारणवाट त्यस स्त्रीको उपपति बनेको छ भने त्यस स्त्रीवाटं सन्तान जन्मेको भएमा दोश्रो पतीलाई केवल तीन दिनमात्र सूतक लाग्छ ।

अह्ना चैकेन रात्र्या च त्रिरात्रैरेव च त्रिभिः ।
शवस्पृशो विशुध्यन्ति त्र्यहादुदकदायिनः ॥ ५/५६ (५/६४) ॥

अर्थात्:- सपिण्डी हैंन अपरिचित या परिचित हो या अन्य कुनै पनि मनुष्यले यदि परिचित या अपरिचित मृतकको शवलाई स्पर्श गर्नाले तीन दिनसम्म तथा मृतकको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घरको पानी पिउनाले एक अहोरात्री सूतक लाग्छ तर मृतकको घरसँग एक पधेरो प्रयोग गर्ने भएमा त्यस पधेरो धारालाई प्रयोग गर्ने सबै मनुष्यलाई तीनदिनसम्म सूतक लाग्छ ।

गुरोः प्रेतस्य शिष्यस्तु पितृमेधं समाचरन् ।
प्रेतहारैः समं तत्र दशरात्रेण शुध्यति ॥ ५/५७ (५/६५) ॥

अर्थात्:- गुरुको मृत्यु भएमा, गुरुको शवलाई यदि त्यही गुरुबाट निःशुल्क शिक्षा प्राप्त गरेको शिष्यले नै गुरुको शवलाई दाह गरेमा र गुरुबाट ज्ञानलाई प्राप्त गरेको सबै शिष्यलाई दश दिनसम्म सूतक लाग्छ ।

रात्रीभिर्मासतुल्याभिर्गर्भस्रावे विशुध्यति ।
रजस्युपरते साध्वी स्नानेन स्त्री रजस्वला ॥ ५/५८ (५/६६) ॥

अर्थात्:- यदि नारीको गर्भमा रहेको गर्भ गर्भपात भएको खण्डमा जति महिनाको गर्भ हो ठीक त्यति दिन नै त्यो घरको सबै सदस्यमा अशौच (अशुद्ध) रहन्छ । त्यस्तै मासिक धर्ममा रजोदर्शन समाप्त भएको अवस्थामा स्नान गरेपछि स्त्री पूर्ण शुद्ध हुन्छ ।

(समयको कलमः- गर्भमा रहेको महिनाको सङ्ख्यामा महिनाको हिसाब गरेर जति महिनाको गर्भपात भएको हुन्छ त्यही महिनालाई दिनको हिसाबले गणना गरेर अहोरात्री लाई गणना गरेर त्यतिदिन सकिएपछि गर्भपातबाट भएको सूतक अर्थात् असुद्धि शुद्ध हुनेछ जस्तै कुनै स्त्रीको चार महिनाको गर्भपतन भएमा त्यो नारीको परिवार चार दिनसम्म सूतक रहन्छ र पाँचौ दिनमा स्नानपछि शुद्ध हुन्छ यदि पाँच महिनाको गर्भपतन भएमा त्यो नारी पाँच दिनसम्म सूतक रहनेछ छैठौँ दिनमा स्नानपछि शुद्ध हुनेछ यो नियम सबैमा लागु हुन्छ । त्यस्तै साध्वी रजस्वला स्त्रीको शरीरबाट जब रज बन्द हुन्छ तब स्नान गरेपछि मात्र पूर्ण शुद्ध हुन्छ ।

नृणां अकृतचूडानां विशुद्धिर्नैशिकी स्मृता ।
निर्वृत्तचूडकानां तु त्रिरात्राच्छुद्धिरिष्यते ॥ ५/५९ (५/६७) ॥

अर्थात्:- बच्चा जन्मेको छ तर चूड़ाकर्म (मुण्डन संस्कार) भएको छैन र त्यस बच्चाको मृत्यु भएमा त्यस बच्चाको मृत्यु सूतक एक अहोरात्री पुरा घरमा लाग्नेछ र यदि त्यस बच्चाको चूड़ाकर्म संस्कार गरिएको भए र त्यस बच्चाको मृत्यु भएमा तीन रात्रीसम्म पुरा परिवारमा सूतक अर्थात् अशुद्धि रहन्छ ।

ऊनद्विवार्षिकं प्रेतं निदध्युर्बान्धवा बहिः ।
अलंकृत्य शुचौ भूमावस्थिसञ्चयनादृते ॥ ५/६० (५/६८) ॥

अर्थात्:- जन्मेको दुई महिना भएको तर त्यस बच्चाको मृत्यु भएमा त्यस बच्चाको शवलाई अलङ्कृत गरेर आफ्नो गाउँ भन्दा दूर बाहिर जङ्गलमा लगेर गाड्नु पर्छ बच्चाको लासको लागि शरीर अनुसार खाडल खनेर पूर्व शिर गरेर पुर्नुपर्छ जलाउनु हुँदैन त्यस बच्चाको अस्थिलाई सञ्चय पनि गर्नुहुँदैन ।

नास्य कार्योऽग्निसंस्कारो न च कार्योदकक्रिया ।
अरण्ये काष्ठवत्त्यक्त्वा क्षपेयुस्त्र्यहंमेव च ॥ ५/६१ (५/६९) ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- अति सानो बालको मृत्यु भएमा त्यस बालकको शवलाई अग्निदाह गर्न या उसको शवलाई स्नान गराउनु यी दुवै कार्य गर्नुहुँदैन । केवल जङ्गल लगेर विधानअनुसार पुर्नु उत्तम हुन्छ र यसै बेवारिस तरिकाले कहिल्यै पनि छोड्नु हुँदैन यसै छोड़िएमा वायु दुर्गन्धित हुन्छ त्यस्तो कार्य गर्नुहुँदैन। यस्तो बच्चाको कुनै पनि क्रिया गर्नुपर्दैन । तर घरमा अशुद्धि भने दुई अहोरात्री रहेको हुन्छ ।

नात्रिवर्षस्य कर्तव्या बान्धवैरुदकक्रिया ।
जातदन्तस्य वा कुर्युर्नाम्नि वापि कृते सति ॥ ५/६२ (५/७०) ॥

अर्थात्:- समग्रमा जन्मेको दिनदेखिको हिसावमा तीन वर्ष भन्दा न्यून अवस्था बच्चाको मृत्यु भएमा त्यस बच्चाको शवलाई स्नान गराउन सकिनेछ तर अग्नि दाह गर्नुपर्दैन। त्यस्तै यदि दाँत निस्किएपछि बच्चाको मृत्यु भएमा पुकार गरिएको आफ्नो नाम बुझ्न सक्ने भएपछि बच्चाको मृत्यु भएमा अग्निदाह तथा जलाञ्जलि दिनुपर्छ। यो विधान केवल चलन अर्थात् रीतिको विधान हो यस्तो गर्नाले गर्ने वालालाई न कुनै फल मिल्छ न कुनै दोष नै लाग्छ किनकि यो एक संस्कारको एक भाग हो ।

सब्रह्मचारीण्येकाहं अतीते क्षपणं स्मृतम् ।
जन्मन्येकोदकानां तु त्रिरात्राच्छुद्धिरिष्यते ॥ ५/६२ (५/७१) ॥

अर्थात्:- आफ्नो मित्र तथा सहपाठीको मृत्यु भएको खण्डमा एक दिनसम्म सूतक लाग्छ र त्यस्तै त्यही मित्रको घरमा कुनै बच्चाको जन्म भएमा तीन रात्रीसम्म सूतक लाग्छ ।

स्त्रीणां असंस्कृतानां तु त्र्यहाच्छुध्यन्ति बान्धवाः ।
यथोक्तेनैव कल्पेन शुध्यन्ति तु सनाभयः ॥ ५/६४ (५/७२) ॥

अर्थात्:- विवाहको प्रथम वाग्दाद पश्चात् स्त्रीको मृत्यु भएमा पति र उसको परिवार आदिलाई तीन दिनसम्म सूतक लाग्छ त्यसपछि स्नान गरेमा शुद्ध हुन्छ र प्रथम वरदान पश्चात् कुनै स्त्रीको मृत्यु भएमा पिता पिताको घरमा सबैलाई तीनसम्म सूतक रहन्छ ।

अक्षारलवणान्नाः स्युर्निमज्जेयुश्च ते त्र्यहम् ।
मांसाशनं च नाश्नीयुः शयीरंश्च पृथक्षितौ ॥ ५/६५ (५/७३) ॥

अर्थात्:- आफ्नो पिता तथा माताको मृत्यु सूतक लागेको अवस्थामा पुत्रले नुन लगायतका अन्य राजसी र तामसिक गुणले सम्पन्न भएको कुनै पनि भोजनलाई ग्रहण गर्नुहुँदैन, दैनिक स्नान गर्नुपर्छ, आभूषण तथा अन्य सुन्दरदेखिने पोषण धारण गर्नुहुँदैन, मासदाल लागयत अन्य कुनै पनि दाल भोजनमा प्रयोग गर्नुहुँदैन, पृथक आचरणलाई धारण गरेर पृथ्वीमा सुत्नुपर्छ ।

(समयको कलमः- माता, पिताको रज र वीर्यको मिलनबाट एक शक्तिको सङ्ग्रहीभूत संरचना बनेको हुन्छ त्यही शक्तिको सङ्ग्रहीभूत संरचनाबाट नै मनुष्यको शरीर बनेको हुन्छ रज र वीर्यको मिलन भएमा बन्ने ऊर्जाको सङ्ग्रहीभूत अवस्था नै मनुष्य शरीर हो यदि माता, पिताको मृत्यु भएमा पिता माताको रज र वीर्यको मिलनबाट उत्पन्न भएको जुन संरचना र ऊर्जाको सङ्ग्रहीभूत अवस्थाद्वारा जुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यको शरीर बनेको हुन्छ त्यो रज र वीर्यको शक्ति सधैं त्यसको पुत्रको शरीरमा विद्यमान रहेर क्रियाशील रहेको हुन्छ, माता, पिताको मृत्युसंगै ती शक्ति र ऊर्जा जुन रज र वीर्यको मिलनपछि बनेको शक्ति रुपको जुन सङ्ग्रहीभूत अवस्थाको जुन आवरण अर्थात् संरचनामा रहेको रज र वीर्यको मिलन पछि बनेको संरचना शक्तिको आवरणमा विद्यमान रहेका तत्वहरू आफैमा बिस्तारै बिस्तारै निष्क्रिय हुँदै बिस्तारै पतन हुन् शुरू हुन्छ र त्यसमा पनि माता, पिताको मृत्युको कारण पुत्रलाई चिन्ता रहेको हुन्छ चिन्ताको कारण शरीरमा ऋणात्मक शक्ति प्रवल हुन्छ र माता, पिताको मृत्युपछि निष्क्रिय हुँदै गएको रज र वीर्यको शक्ति अर्थात् तत्व यी दुवै शक्ति बिस्तारै बिस्तारै मनुष्यको शरीरमा फैलिन्छ र रज र वीर्यको मिलनबाट बनेको जुन शक्ति जुन तत्व जुन ऊर्जा थियो त्यो बिस्तारै निष्क्रिय भएर सड़न शुरू हुन्छ र निष्क्रिय भएको तत्व बिस्तारै बिस्तारै विषको रुपमा परिणत हुनपुग्छ यदि यी तत्वलाई मनुष्यको शरीरबाट बाहिर निष्कासित नगर्ने हो भने मनुष्यको शरीरमा अनावश्यक दवाव पर्ने र शरीरमा शक्तिको अवस्थामा सन्तुलनमा रहेको शक्तिहरू तत्कालै देखि असन्तुलन हुन्छ मानसिक कमजोरीको कारण स्मरण क्षमातामा ह्रास हुन्छ जसको कारण मनुष्यको शरीरमा मानसिक र शरीरिक दुवै किसिमको दवाव र कयौं शारीरिक प्रकोप तथा रोग उत्पन्न हुन् शुरूहुन्छ। त्यस्तो प्रकोप र रोगलाई नियन्त्रण गर्नको लागि सूतक अर्थात् अशुद्धि बार्नुपर्छ जुन अशुद्धिको क्रियालाई अर्धदैहिक क्रिया भनिन्छ अर्थात् माता, पिताको मृत्युपछि मनुष्यको शरीरमा निष्क्रिय हुने रज र वीर्यको मिलनपछि बनेको एक ऊर्जा एक तत्व माता, पिताको मृत्युपछि निष्क्रिय भइरहेको हुन्छ त्यस निष्क्रिय भइरहेको तत्वलाई शरीरबाट बाहिर निष्कासित गरेर शरीरलाई शुद्ध गर्ने यथावत विधिलाई नै सरल शब्दमा काजक्रिया भनिन्छ। माता, पिताको मृत्युपछिको शरीरमा हुने निष्क्रिय तत्वलाई निष्काशन गर्नको लागि मृत्युको समयदेखि एघारौ अहोरात्रीदेखि तेह्रौ अहोरात्रीसम्मको समय लाग्छ।

माता, पिताको मृत्युसँगै निष्क्रिय भएको निष्क्रिय तत्वलाई निष्कासित गर्न तेह्रौ अहोरात्रीको कार्यले पनि पुरा हुँदैन माता, पिताको मृत्युपछिको तेह्रौदिनसम्मको अर्धदैहिक अर्थात् अशौचको क्रिया सकिएपछि पनि अहिले निष्क्रिय भैनसकेको तर केही समयपछि या कालान्तरमा निष्क्रिय हुने अन्य संरचनलाई शरीरबाट बाहिर निष्कासित गर्नको लागि एक बर्षसम्म पूर्ण सात्विक आचरण सात्विक भोजन गर्नुपर्छ र सीधासूर्यको प्रकाशबाट वचनुपर्छ सूर्यको प्रकाश सीधा शरीरमा प्रवेश नगरोस् भनेर त्यसको लागि शरीरको पुरा भागलाई केवल अनुहारबाहेक सबै भागलाई ढाकीने गरेर श्वेत वस्त्र धारण गर्नुपर्छ पूर्ण सात्विक आचरण तथा भोजन गर्नुपर्छ एक वर्षसम्म पूर्ण सात्विक भोजन गर्नुपर्छ श्वेत वस्त्र धारण गरेको समयमा कसैलाई छुनु र कसैसँग छोईनुपनि हुँदैन प्रेत्यक महिना जलाञ्जलीको कार्य गर्नुपर्छ यो गर्नेले शरीरमा निष्क्रिय भइरहेको अन्य तत्वलाई निष्काशन गर्नको लागि प्रत्येक महिना जलाञ्जलीको क्रिया गर्नुपर्छ यो कार्य एक बर्षसम्म निरन्तर गर्नुपर्छ एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षसम्म गरिएको यो क्रिया गर्नेले शरीरमा एक वर्ष भित्रमा निष्क्रिय भएको सम्पूर्ण तत्व निष्कासित हुन्छ तर शरीर पूर्णसफा भने हुँदैन एक वर्षपछि पनि निष्क्रिय भइनै रहने हुनाले एक वर्षपछि निष्क्रिय भएको ती तत्वलाई शरीरबाट बाहिर निष्कासित गर्नको लागि सूर्य उत्तरायण भएको दुई महिनापछि शरद ऋतुमा र मातापिताको मृत्यु भएको तिथिमा अर्थात् मृत्यु भएको महिनाको तिथि परेर वर्षमा दुई पटक जलाञ्जलीको कार्य गर्नुपर्छ यो कार्य आफू जबसम्म जीवित छ तबसम्म गर्नुपर्छ । मातापिताको मृत्युपछि प्रत्येक दिन अन्य आवरण तथा संरचना विस्तारै विस्तारै निष्क्रिय भैरहको हुन्छ ती निष्क्रिय भएको संरचनालाई शरीरबाट शुद्धिको कार्य पूर्ण सत्य छ यो मनुष्यको उन्नतिको विधान हो मनुष्यको शरीरको सम्पूर्ण शक्तिलाई ऊर्ध्वगमन गराउन चाहनेले यो शरीरको शुद्धिको कार्य गर्नुपर्छ नै यो शुद्धिको क्रियाको विधान पूर्ण वैज्ञानीक छ हामीले बुझ्न नसक्नु हाम्रो कमजोरी अवश्य हो ।

संनिधावेष वै कल्पः शावाशौचस्य कीर्तितः ।
असंनिधावयं ज्ञेयो विधिः संबन्धिवान्धवैः ॥ ५/६६ (५/७४)

अर्थात्:- जो सम्बन्धित र समीप उपस्थित छन् त्यसको जन्म र मृत्युको सूतक बारेमा वर्णन भयो, अबअघि जो सम्बन्धी हुन् नाता कुटुम्ब हुन् तर दूरदेश या परदेशमा रहेका छन् त्यसको मृत्यु र जन्म सूतकको बारेमा अघि सुन्नु ।

विगतं तु विदेशस्थं शृणुयाद्यो ह्यनिर्दशम् ।
यच्छेषं दशरात्रस्य तावदेवाशुचिर्भवेत् ॥ ५/६७ (५/७५) ॥

अर्थात्:- सम्बन्धी वा कुटुम्ब हुन् तर परदेशमा मृत्यु भएमा, यदि त्यसको मृत्यु भएको सन्देश दश दिन भित्रमा प्राप्त भएमा दश दिन हुन् अब जति दिन बाँकी छ तबसम्म सूतक अर्थात् अशुद्धि नै रहेनछ ।

अतिक्रान्ते दशाहे च त्रिरात्रं अशुचिर्भवेत् ।
संवत्सरे व्यतिते तु स्पृष्ट्वैवापो विशुध्यति ॥ ७/६८ (५/७६) ॥

अर्थात्:- आफ्नो नाता कुटुम्ब हो त्यसको मृत्यु भएको हो त्यसको मृत्यु भएको सन्देश दश दिन पश्चात् एक वर्षभित्र सुनेको खण्डमा सुनेको समयदेखि नै गणना गरेर तीन अहोरात्रीसम्म सूतक रहन्छ र यदि वर्ष दिनपछि मृत्यु भएको सन्देश सुनेमा जबसम्म स्नान गर्दैन तबसम्म सूतक रहनेछ, तर तुरुन्त स्नान गरेर सूतक शुद्ध हुनेछ ।

निर्दशं ज्ञातिमरणं श्रुत्वा पुत्रस्य जन्म च ।
सवासा जलं आप्लुत्य शुद्धो भवति मानवः ॥ ५/६९ (५/७७) ॥

अर्थात्:- कुनै आफन्त तथा सगोत्रीको मृत्यु या जन्म भएको खबर दशदिन पश्चात् कुटुम्बीलाई प्राप्त भएमा या त्यस्तो सुनेको खण्डमा आफूले लगाएको वस्त्र धुनु र साथ साथ स्नान गर्नाले त्यही समयमा नै सूतक शुद्ध हुन्छ ।

बाले देशान्तरस्थे च पृथक्पिण्डे च संस्थिते ।
सवासा जलं आप्लुत्य सद्य एव विशुध्यति ॥ ५/७० (५/७८) ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- प्रदेशमा सपिण्डी बाहिरको तर सूतक लाग्ने समानोदक बालकको मृत्यु भएको र सुन्नमा आएको खण्डमा वस्त्रलाई धुनु र साथ साथ स्नान गर्नाले त्यही समयमा नै सूतक शुद्ध हुन्छ ।

अन्तर्दशाहे स्यातां चेत्पुनर्मरणजन्मनी ।
तावत्स्यादशुचिर्विप्रो यावत्तत्स्यादनिर्दशम् ॥ ५/७१ (५/७९) ॥

अर्थात्:- सगोत्रीमा एक जन्म भएको रहेको सूतकमा दश दिन भित्रमा नै दोस्रो जन्म भएर सूतक थपिएमा र एकको मृत्यु भएको सूतक दशदिन भित्रमा दोस्रोको मृत्यु भएर मृत्यु सूतक थपिए या मृत्यु र जन्म सूतक एक पटकमा भएको खण्डमा पहिलो जन्म सूतक हो या मृत्यु सूतक हो त्यसको शुद्ध आफ्नो समयमा नै हुन्छ र दोस्रो जन्म या मृत्यु सूतक होस् त्यो सूतक पहिलोसँग नै शुद्ध हुन्छ पहिलेको सूतक संगै दोस्रो सूतक आफै समाप्त हुन्छ ।

त्रिरात्रं आहुराशौचं आचार्ये संस्थिते सति ।
तस्य पुत्रे च पत्न्यां च दिवारात्रं इति स्थितिः ॥ ५/७२ (५/८०) ॥

अर्थात्:- कुलगुरु तथा आचार्यको मृत्यु भएमा शिष्यको लागि तीन अहोरात्रीको सूतक रहेको हुन्छ, आचार्य कि स्त्री वा उहाँको पुत्रको मृत्यु भएको खण्डमा एक अहोरात्रीको सूतक रहेको हुन्छ ।

श्रोत्रिये तूपसंपन्ने त्रिरात्रं अशुचिर्भवेत् ।
मातुले पक्षिणीं रात्रीं शिष्यर्त्विग्बान्धवेषु च ॥ ५/७३ (५/८१) ॥

अर्थात्:- गुरुकुल खोलेको शिष्यलाई निःशुल्क वेदज्ञान र अन्य कुनै शिल्पी ज्ञानको लागि अध्ययन गराएर ज्ञान प्रदान गर्ने गुरुको मृत्यु भएमा, सधैँ साथमा रहने या घर नजिकैको मित्र, एककोठामासँगै बस्ने मित्र हो या उसको समीप रहने अथवा जसको गृहमा रहेको हुन्छ त्यस घरको कुनै सदस्यको मृत्यु या आफ्नो घरमा भाड़ामा रहेको व्यक्तिको मृत्यु भएमा त्यस्तो नजिकको मनुष्य जोसुकै होस् यी सबै मनुष्यको मृत्यु भएमा तीन अहोरात्री पुरा सूतक रहन्छ चौथो दिनको प्रातः स्नान र नित्यकर्म समाप्त भएपछि सूर्यको उदय भएको तीन घड़ीपछि सूतक आफै समाप्त हुन्छ तथा मामा, शिष्य ऋत्विक, बन्धु यी कुनै पनि व्यक्तिको मृत्यु भएमा पक्षिणी रात्री (अर्थात् प्रथम र अन्त्यको मध्य रात्री)को अन्त्यसम्म सूतक रहन्छ ।

प्रेते राजनि सज्योतिर्यस्य स्याद्विषये स्थितः ।
अश्रोत्रिये त्वहः कृत्स्नं अनूचाने तथा गुरौ ॥ ५/७४ (५/८२) ॥

अर्थात्:- निष्ठावान् राजा, धार्मिक राजा, प्रजालाई आफ्नो सन्तति मान्ने राजाको मृत्यु भएको खण्डमा यदि राजाको मृत्यु दिनमा भएको खण्डमा पुरा दिन र रात्रीमा मृत्यु भएमा पुरा रात्रीमा त्यस राजाको राज्यमा बस्ने सम्पूर्ण प्रजाको लागि सूतक हुनेछ । वेद पढेको तर अहिले आचरण च्यूत भए र अहिले वेद विरुद्धको कार्य गर्ने गरेको र अहिले मूर्ख जस्तै हो तर पहिले ब्राह्मण वर्णको आचरण धारण गरेको समयमा उसले जस जसलाई ज्ञान प्रदान गरेको थियो अहिले त्यस कर्मच्यूत ब्राह्मणको मृत्यु भएमा ती सबै जस जसले त्यस ब्राह्मणसँग ज्ञानलाई धारण गरेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिए ती सबैलाई एक दिन सूतक लाग्ने छ भने कर्मच्यूत भएको त्यस्तो ब्राह्मणको मृत्यु भएमा त्यस कर्मच्यूत भएको ब्राह्मणको गृहवासी मनुष्यको लागि एक दिनको सूतक रहेको हुन्छ अर्थात् यदि दिनमा मृत्यु भएमा पुरा दिन र रात्रीमा मृत्यु भएमा पुरा रात सूतक लाग्छ, सहपाठी हो साथमा वेद पढेको हो अहिले कुनै समीप छैन दूर रहेको छ यदि त्यस्तो सहपाठीको मृत्यु भएमा सहपाठी लाई एक दिन सूतक रहन्छ तथा वेदशास्त्र पढ्नको लागि आएको हो तर पढ्न शुरू गरेको मात्र थियो त्यो अवस्थामा पढाउने गुरुको मृत्यु भएमा त्यो अवस्थाको शिष्यलाई केवल एक दिनमात्र सूतक रहन्छ ।

शुद्ध्येद्विप्रो दशाहेन द्वादशाहेन भूमिपः ।
वैश्यः पञ्चदशाहेन शुद्रो मासेन शुध्यति ॥ ५/७५ (५/८३) ॥

अर्थात्:- ब्राह्मण वर्णको मनुष्यको मृत्यु भयो ब्राह्मणलाई नै सूतक लागेको खण्डमा ब्राह्मण वर्णको मनुष्यलाई केवल दश दिनमात्र सूतक रहन्छ र दश दिनको सूतक पुरा भएपछि स्नानसँगै ब्राह्मण सूतकवाट शुद्ध हुन्छ र आफ्नो दैनिक यज्ञ गर्न सक्ने छ, क्षत्रीय वर्णको मनुष्यको मृत्यु भयो क्षत्रीय वर्णको मनुष्यलाई नै सूतक लागेको खण्डमा क्षत्रीय वर्णको मनुष्यलाई केवल बाह्र दिनमात्र सूतक रहन्छ र ब्राह्र दिनको सूतक पुरा भएपछि स्नानसँगै क्षत्रीय सूतकवाट शुद्ध हुन्छ, र आफ्नो दैनिक यज्ञ गर्न सक्नेछ, वैश्य वर्णको मनुष्यको मृत्यु भयो वैश्य वर्णको मनुष्यलाई नै सूतक लागेको खण्डमा वैश्य वर्णको मनुष्यलाई केवल पन्द्र दिनमात्र सूतक रहन्छ पन्द्र दिनको सूतक पुरा भएपछि स्नानसँगै वैश्य सूतकवाट शुद्ध हुन्छ र दैनिक आफ्नो यज्ञ गर्न सक्ने छ । शुद्र वर्णको मनुष्यको मृत्यु भयो शुद्र वर्णको मनुष्यलाई नै सूतक लागेको खण्डमा शुद्रवर्णको मनुष्यलाई केवल एक महिनासम्म सूतक रहन्छ । एक महिना पुरा भएपछि स्नानसँगै शुद्र सूतकवाट शुद्ध हुन्छ र आफ्नो यज्ञ कर्म गर्न सक्नेछ यो सूतकको विधि उसको परिवारको सदस्यको लागि हो ।

(समयको कलमः- यो श्लोकमा भनिएको छ कि मनुष्य जति ज्ञानी हुन्छ त्यति नै पहिले सूतकवाट मुक्त अर्थात् शुद्ध हुन्छ, सूतक भनेको दुःख या अति खुशीवाट उत्पन्न भएको नकारात्मक ऊर्जा हो जुन शरीरको लागि घातक हुन्छ त्यही घातक ऊर्जालाई मनुष्य शरीरवाट विस्थापित गर्नुलाई सूतक वार्न भनिएको हो त्यो पीड़ा जो मनुष्य जति ज्ञानी छ त्यति नै सूतक नामको पीड़ावाट त्यति छिटो मुक्त हुन्छ । सूतक एक नकारात्मक ऊर्जाको नाम हो सूतक मनुष्यको शरीरमा चिन्ता या अत्यधिक खुशीको कारण उत्पन्न हुन्छ आफन्तको मृत्युहुँदा उत्पन्न हुने पीडाको कारण मनुष्यको शरीरमा उत्पन्न हुने नकारात्मक उर्जाको सञ्चय हुनु हो त्यही नकारात्मक ऊर्जा जति दिनसम्म मनुष्यको शरीरमा रहन्छ त्यसलाई नै सूतक भनिन्छ । आफन्तको मृत्युहुँदाको पीडा कारण नकारात्मक ऊर्जा उत्पन्न हुन्छ भने कसैको जन्म हुँदा खुशीको कारण नकारात्मक ऊर्जा शरीरमा नै उत्पन्न हुन्छ र सञ्चय हुन्छ त्यसैले यस्तो ऊर्जालाई निष्क्रिय गर्नको लागि ज्ञान र सात्विक भोजनको जरूरत हुन्छ । त्यसैले मनुष्य जति जति ज्ञानी कर्तब्यनिष्ठा हुन्छ त्यति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शीघ्र नै आफन्तको विछोडवाट उत्पन्न भएको नकारात्मक सञ्चित ऊर्जा र धेरै खुशीवाट सञ्चित भएको नकारात्मक ऊर्जा छिटो पतन हुँदै जानेछ मनुष्य जति ज्ञानी त्यति नै शीघ्र शोक र विष्मातवाट निवृत्त हुन्छ)।

न वर्धयेदघाहानि प्रत्यूहेन्नाग्निषु क्रियाः ।
न च तत्कर्म कुर्वाणः सनाभ्योऽप्यशुचिर्भवेत् ॥ ५/७६ (५/८४) ॥

अर्थात्:- मनुष्यले जीवनचक्रको सत्यतलाई बुझेर सूतक अवस्थाको दिनलाई कहिल्यै बढाउनु हुँदैन किनकि जीवनचक्रमा जन्म-मृत्यु-जन्म नै जीवनको सत्यता हो यो ज्ञानलाई मनुष्यले सधैं धारण गर्नुपर्छ। आज आफन्तको जन्म या मृत्यु भएको हुन्छ यो चक्र हो जो जन्मेको छ त्यसको मृत्यु हुन्छ। फेरि नयाँ अन्यको जन्म हुनेछ कुनै पनि समयमा आफ्नो पनि मृत्यु हुन्छ। यो पनि पूर्णसत्य हो त्यसैले मनुष्यले आफन्तको जन्ममा अति नै खुशी र मृत्युमा पनि अति नै दुःखी हुनुहुँदैन। आफन्तको मृत्यु हुँदा या जन्म हुँदा माथि भनिएको अवधिसम्म सूतक सबैको दिमाग मार्फत् शरीरमा विद्यमान रहेको हुन्छ यो समयपछि सूतक विस्तारै मनुष्य शरीरवाट पतन हुन्छ त्यसैले कुनै पनि मनुष्यले जन्म र मृत्युमा अधिक शोक गर्नुहुँदैन यदि सूतक लागेको अवस्था भएमा अग्नि-क्रिया अर्थात् हवन आदि गर्न निषेध छ, सूतक अवस्थामा मनुष्यले दैनिक नित्यकर्म छोडेर यज्ञ आदि कर्मलाई नगरेको खण्डमा मनुष्यलाई कुनै दोष लाग्दैन।

(समयको कलमः- आफन्तको विछोड हुँदा मनुष्यको शरीरमा नकारात्मक ऊर्जा उत्पन्न हुन्छ जुन ऊर्जा शरीरको लागि घातक हुन्छ र जन्म हुँदा पनि ऊर्जा नै उत्पन्न हुन्छ र यज्ञ गर्दा पनि ऊर्जा नै उत्पन्न हुन्छ। यदि सुतकको अवस्थामा यज्ञ गर्दा मनुष्यको शरीरको ऊर्जा र यज्ञ गर्दा वेद ऋचाको जप गर्दा उत्पन्न हुने ऊर्जाको बीचमा द्वन्द्व हुन् पुग्छ जसको कारण मनुष्यको शरीरमा कयौं समस्या उत्पन्न हुन्छ त्यही समस्या उत्पन्न नहोस् भनेर सूतकको अवस्थामा 'यज्ञ नगर्नू' भनिएको हो तर सुतकमा दैनिक भोजन, स्नान आदि नित्यकर्म भने निषेध गरिएको छैन)।

दिवाकीर्ति उदक्यां च पतितं सूतिकां तथा ।
शवं तत्स्पृष्टिनं चैव स्पृष्ट्वा स्नानेन शुध्यति ॥ ५/७७ (५/८५) ॥

अर्थात्:- चाण्डाल आचरण भएको मनुष्य, रजस्वला भएको स्त्री, प्रसूता अर्थात् सुत्केरी स्त्री, मनुष्यको तथा प्राणीको शव छोएको खण्डमा स्नान गर्नाले शुद्ध हुन्छ यदिमाथि भनिएको अवस्थाको मनुष्य या शवलाई छोएको मनुष्यलाई यदि अन्य कुनै मनुष्यले छोएमा त्यस मनुष्यके स्नान गर्नाले शुद्ध हुन्छ।

आचम्य प्रयतो नित्यं जपेदशुचिदर्शने ।
सौरान्मन्त्रान्यथोत्साहं पावमानीश्च शक्तितः ॥ ५/७८ (५/८६) ॥

अर्थात्:- कुनै पनि मनुष्य अशुचिता भएको छ यदि त्यसलाई भेट गर्नको लागि देख्नको लागि आएको भएमा टाढा बसेर देख्नुपर्छ, आफ्नो उद्देश्य आफ्नो कार्य सम्पन्न गरेपछि गृह प्रवेश गर्नुभन्दा पहिले हात, खुट्टा राम्रोसँग धोएर मुख कुल्लाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साथ साथ गरेर आचमन विधि सम्पन्न गरेर विधिवत् तरिकाले शक्ति अनुसार पवित्र हुने मन्त्र अथवा अन्य कुनै मन पवित्र गर्ने वेदऋचाको जप गर्नु पर्छ ।

नारं स्पृष्ट्वास्थि सस्नेहं स्नात्वा विप्रो विशुध्यति ।
आचम्यैव तु निःस्नेहं गां आलभ्यार्क ईक्ष्य वा ॥ ५/७९ (५/८७) ॥

अर्थात्:- अज्ञात अवस्थामा रहेको सस्नेह किसिमको अर्थात् काँचो किसिमको अज्ञान मासु छोएमा त्यस मासुलाई त्याग गरेर पुरा शरीर स्नान र कपड़ा सफा गर्नाले मनुष्य शुद्ध हुन्छ भने अज्ञात हो तर कुन प्राणीको हो थाहा छैन तर शुष्क (सूकेको) हड्डी हो यस्तो हड्डीलाई छोएको खण्डमा त्यस हड्डीलाई त्याग गरेर आफ्नो हातखुट्टा सफा गरेर शुद्ध पानीले आचमन गरेर गाई या तुलसीको नजिक जानुपर्छ र सूर्यको प्रकाशलाई केही समय आफ्नो शरीरमा प्रवेश गर्नको लागि सूर्यमुख भएर उभिनु पर्छ । यति गरेमा मात्र त्यो मनुष्य शुद्ध तथा पवित्र हुन्छ ।

आदिष्टी नोदकं कुर्यादा व्रतस्य समापनात् ।
समाप्ते तूदकं कृत्वा त्रिरात्रेणैव शुध्यति ॥ ५/८० (५/८८) ॥

अर्थात्:- ब्रह्मचारीले कसैको पनि मृत्यु भएमा जलदिनु पर्दैन जबसम्म आफ्नो ब्रह्मचार्य व्रतपूरा हुँदैन तबसम्म ब्रह्मचारीले कसैको पनि मृत्यु भएमा जल दिनुपर्दैन । जब ब्रह्मचारीको व्रत (ब्रह्मचर्य) सम्पूर्ण हुन्छ तब स्नान गरेर जलाञ्जलि दिए पश्चात् तीन रात्रीसम्म सूतक रहन्छ र चौथो दिनको स्नान गरिसकेपछि सूर्योदयसँगै पवित्र हुन्छ ।

वृथासंकरजातानां प्रव्रज्यासु च तिष्ठताम् ।
आत्मनस्त्यागिनां चैव निवर्तेतोदकक्रिया ॥ ५/८१ (५/८९) ॥

अर्थात्:- मानवताको धर्म नभएको, स्वधर्मलाई त्याग गरेको, सन्यासी हैन तर आफूलाई सन्यासी हुँ भनेर झुटो सन्यास धारण गरेको छ, जो मनुष्यले वेद प्रतिकूल कार्य गरेको हुन्छ इन्द्रियको निग्रह गरेको छैन, वर्णच्यूत हो, आत्माको बारेमा जानेको छैन र त्यागी पनि भएको हैन कामवासनामा लिप्त रहेको मनुष्यको मृत्यु भएमा यस्तो मनुष्यको लागि जलाञ्जली दिनु पर्दैन सीधा अन्तिम संस्कार गरिदिनु पर्छ ।

पाखण्ड आश्रितानां च चरन्तीनां च कामतः ।
गर्भभर्तृद्रुहां चैव सुरापीनां च योषिताम् ॥ ५/८२ (५/९०) ॥

अर्थात्:- पाखण्ड धर्म, तथा पाखण्ड कर्म जो वेद विरुद्धको कर्म छ त्यस्तो कार्य गर्ने स्त्री, आफ्नो इच्छाअनुसार चल्ने तर विकृति आचरणु भएको, संस्कारच्यूत, अवैध गर्भिणी भएकी, तथा आफ्नो भाइ तथा दाइसँग बिना कारण शत्रुता गर्ने नारी, मांस, मद्य तथा मदिरामा लिप्त हुने स्त्रीको मृत्यु भएमा सीधा अन्त्येष्टि गर्नुपर्छ जलाञ्जलीको कुनै आवश्यक्ता हुँदैन । किनकि यस्तो स्त्री संस्कारच्यूत हुनाले संस्कार गर्नुपर्दैन तर अन्त्येष्टिपछि जबसम्म स्नान हुँदैन तबसम्म आफूलाई सूतक भने लाग्छ त्यसैले यस्तो संस्कारच्यूत नारीको अन्त्येष्टि संस्कार समाप्त भएपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तुरुन्त स्नान गर्नुपर्छ ।

आचार्य स्वं उपाध्यायं पितरं मातरं गुरुम् ।

निर्हृत्य तु व्रती प्रेतान्न व्रतेन वियुज्यते ॥ ५/८३ (५/९१) ॥

अर्थात्:- आचार्य, उपाध्याय, माता, पिता, गुरु यी सबैको अन्त्येष्टि संस्कार अर्थात् नरमेध यज्ञ संस्कार आदि कर्म गर्नाले कुनै पनि ब्रह्मचारी आफ्नो व्रतबाट भ्रष्ट हुँदैन अर्थात् व्रत छुट्दैन यही त ब्रह्मचारीको धर्म हो ।

दक्षिणेन मृतं शुद्रं पुरद्वारेण निर्हरेत् ।

पश्चिमोत्तरपूर्वैस्तु यथायोगं द्विजन्मनः ॥ ५/८४ (५/९२) ॥

अर्थात्:- नगरमा कसैको मृत्यु भएमा निम्न कर्म गर्नेको लागि नगरको निम्न चार दिशामा शिर गरेर श्मसान घाटमा लैजानु पर्छ । ब्राह्मणवर्ण हो र वेदज्ञानी हो र वेदले भनेअनुसार कर्म गरेको छ त्यस्तो सुसंस्कृत, कर्तव्यनिष्ट र ब्रह्मज्ञानी ब्राह्मणको मृत्यु भएमा उसको शवलाई नगरको पश्चिम दिशाबाट श्मशानघाट लैजानु पर्छ, क्षत्रीय वर्णको हो र कर्तव्य निष्ठा वेदज्ञानीले दिएको ज्ञान अनुसार निष्पक्ष भएर र वेदको ज्ञानीले दिएको ज्ञानअनुसार नै सदैब प्रजाको रक्षाको कार्य गरेको भएमा यस्तो कर्तव्य पालक र रक्षक र निष्ठावान् मनुष्यको मृत्यु भएमा उसको शवलाई नगरको उत्तरदिशाबाट श्मशानघाट लैजानु पर्छ, वैश्यवर्ण हो सत्यबादी र कर्तव्यनिष्ठा वेदज्ञानीले दिएको ज्ञान अनुसार नै कर्म गरेको छ वस्तुको मूल्य बजार मूल्य अनुसार निश्चित छ सबै वस्तु क्रय र विक्रय मूल्यको नियमअनुसार नै आफ्नो व्यवसाय कर्म गरेको छ र यस्तो कर्तव्यपरायण र निष्ठावान् मनुष्यको मृत्यु भएमा त्यस मनुष्यको शवलाई नगरको पूर्व दिशाबाट श्मसानघाट लैजानु पर्छ भने शुद्र वर्णको मनुष्य हो समाजमा सबैको सहयोग, समाजसेवी हो र सारथीको कार्य अन्तर्मनदेखि गरेको हुन्छ आफ्नो कर्ममार्गमा कसैलाई धोका दिँदैन सधैँ सत्यको धारक छ यस्तो सत्यबादी कर्तव्यपालक शुद्र वर्णको मनुष्यको मृत्यु भएमा त्यस मनुष्यको शवलाई नगरको दक्षिणद्वारदेखि श्मशानघाट लैजानु पर्छ ।

न राज्ञां अघदोषोऽस्ति व्रतिनां न च सत्त्रिणाम् ।

ऐन्द्रं स्थानं उपासीना ब्रह्मभूता हि ते सदा ॥ ५/८५ (५/९३)

अर्थात्:- राजा वा ब्रह्मचारी, चान्द्रायण आदि व्रतकर्ता र यज्ञकर्ता यी तीनलाई कहिल्यै पनि सूतक लाग्दैन र लाग्नु पनि हुँदैन किनकि राजा सधैँ सत्यको धारक हो । सबैलाई सुखदिने राजा नै हो जसलाई इन्द्र भनिन्छ र ब्रह्मचारी र व्रतकर्ता यी सधैँ ब्रह्मस्वरुप नै हो । ब्रह्मस्वरुप सूतक भन्दामाथि हुन्छ ।

(समयको कलमः- राजालाई कहिल्यै पनि सूतक लाग्दैन, न ब्रह्मचारीलाई र न यज्ञमा बसेको मनुष्यलाई नै सूतक लाग्छ यी तीन पद त सधैँ शुद्ध अशुद्ध भन्दा धेरैमाथि छन् ।

माथि भनिएको सूतक र अशौचको जो नियम छन् ती सबै साधारण गृहस्थी जीवनको मनुष्यको लागि हो । साधारण गृहस्थी मनुष्यकोकोटिमा यी तीन पद राजा, ब्रह्मचारी र यज्ञकर्ता पर्दैनन । किनकि पहिलो राजालाई सधैँ नित्यरुपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरन्तर प्रजाको काममा सधैँ तत्पर रहनुपर्छ यदि राजा अशौच मान्न लागेमा राजाको आफ्नो राजधर्म कर्तव्य पुरा नहुने र आशौचको कालमा यदि अपराधीले अपराध गरेमा, राज्यमा शत्रुले आक्रमण गरेमा समस्य उत्पन्न हुन्छ । त्यस्तै प्रकारले ब्रह्मचारीले त आफै ब्रह्मचारी आश्रम नै धारण गरेको हुनाले आशौचको दोषबाट मुक्त हुन्छ भने, सत्री अर्थात् जुन मनुष्यले प्रकृति नै सन्तुलनको लागि यज्ञ गरिरहेको हुन्छ त्यस्तो मनुष्यको कार्यमा विघ्न हुनुहुँदैन त्यसैले यज्ञमा रहेको व्यक्ति जबसम्म यज्ञमा रहन्छ तबसम्म उसलाई कुनै आशौच लाग्दैन पनि भनिन्छ। जबसम्म यज्ञ सञ्चालन हुन्छ तबसम्म कर्ताको काममा कुनै विघ्न आउनु हुँदैन ।

राज्ञो महात्मिके स्थाने सद्यःशौचं विधीयते ।
प्रजानां परिरक्षार्थं आसनं चात्र कारणम् ॥ ५/८६ (५/९४) ॥

अर्थात्:- राजाले केवल सत्यको साथ र प्रजाको लागि न्याय गरेमा मात्र राजा पवित्र हुन्छ अन्य कुनै पनि कार्य गर्नाले राजा पवित्र हुँदैन किनकि राजाको पवित्रता प्रजाको रक्षा र न्यायको लागि नै राजा पद प्राप्त गरी सिंहासनमा बसेको हो ।

डिम्भाहवहतानां च विद्युता पार्थिवेन च ।
गोब्राह्मणस्य चैवार्थे यस्य चेच्छति पार्थिवः ॥ ५/८७ (५/९५)

अर्थात्:- राजाको आज्ञाबिना जो युद्ध भयो र त्यस युद्धमा जो मनुष्यको मृत्यु भयो, विद्युत्पातद्वारा जो मनुष्यको मृत्यु भयो, राजाज्ञा (अपराधीलाई दिइने यज्ञ) मा मार्न योग्य मनुष्य मारिएमा, वेदज्ञानी ब्राह्मण र गाई तथा पशुको संरक्षण गर्दा मनुष्य मारिएमा यस्तो मरणमा कसैको सूतक कसैलाई पनि हुँदैन तथा निजी कार्यको लागि राजाले जसलाई चाह्यो त्यसलाई सूतक लगाउन सक्दैन किनकि सूतक आफ्नो शरीरको ऊर्जा ऊर्ध्वगमन र अधोगमन हुने विधान हो । कसैले दिएर हुने र नदिएर नहुने भन्ने हैन ।

सोमाग्न्यर्कानिलेन्द्राणां वित्ताप्पत्योर्यमस्य च ।
अष्टानां लोकपालानां वपुर्धारयते नृपः ॥ ५/८८ (५/९६)

अर्थात्:- एक राजामा यी गुण हुनुपर्छ, चन्द्रमा अर्थात् शतिलता अर्थात् प्रजासँग शालीनपूर्वक प्रजाको कुरा सुनने हुनु, अग्नि अर्थात् नियमकारी हुनु सबै प्रजामा समान व्यावहार गर्नु, सूर्य अर्थात् नियम सङ्गत रहनु र उच्च निचको भावना नहुनु, वायु अर्थात् आफ्नो उपस्थित सधैँ सबै राज्य राज्यको सबै अङ्गमा देखाउनु, इन्द्र नियम सधैँ कठोर पूर्वक लिनु गलतको लागि माफी भन्ने शब्द कहिल्यै पुकार नगर्नु, कुबेर अर्थात् धन सञ्चय र धन ख़र्चको सही सदुपयोगको व्यवस्था समय अनुसार गर्नु, वरुण आफ्नो नियम कानुनको शतिलता सबै प्रजामा समान प्रदान गर्नु, यम अर्थात् सधैँ परिस्थिति अनुसार नियम सङ्गत रहेर परिवर्तन हुनुपर्छ यी सबै प्राकृतिक गुणलाई धारण गरेको मात्र राजा हो र राजा हुनलाई यी गुण धारण गर्नुपर्छ यी गुणलाई धारण गर्ने हुनाले राजालाई सूतक लाग्दैन ।

लोकेशाधिष्ठितो राजा नास्याशौचं विधीयते ।
शौचाशौचं हि मर्त्यानां लोकेभ्यः प्रभवाप्ययौ ॥ ५/८९ (५/९७) ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- किनकि राजा सबै प्रजाको पालक र रक्षक हो र राजाको सबैसँग सम्बन्ध हुन्छ त्यसैले राजालाई कुनै किसिमको सूतक लाग्दैन र राजा स्वयमले नै मनुष्यमा हुने अपवित्र गुणलाई हरण गरेको हुन्छ त्यसैले प्रजा सुखी र खुशी भएमा राजा स्वतः खुशी हुन्छ ।

उद्यतैराहवे शस्त्रैः क्षत्रधर्महतस्य च ।
सद्यः संतिष्ठते यज्ञस्तथाशौचं इति स्थितिः ॥ ५/९० (५/९८) ॥

अर्थात्:- जो क्षत्रीय वर्णको हो र क्षत्रीय वर्णको धर्मलाई धारण गरेर प्रजाको रक्षाको कार्य गर्दै गर्दा युद्धमा शस्त्रद्वारा वीरगतीलाई प्राप्त गरेको खण्डमा त्यस्तो महान् क्षत्रीयले आफ्नो धर्म अनुसार कर्म गरेको कारणले पवित्रताको यज्ञको सम्पूर्ण नियम पालन गरेको मानिनेछ त्यस्तो क्षत्रीय वर्णको मनुष्यको सूतक पुरा प्रजामा एक अहोरात्री रहन्छ ।

विप्रः शुध्यत्यपः स्पृष्ट्वा क्षत्रीयो वाहनायुधम् ।
वैश्यः प्रतोदं रश्मीन्वा यष्टिं शुद्रः कृतक्रियः ॥ ५/९१ (५/९९) ॥

अर्थात्:- सूतकको शुरूदेखि अन्त्यसम्मको सबै क्रिया गरेर अन्त्यमा ब्राह्मण वर्णले जललाई, क्षत्रीयवर्णले यानलाई अर्थात् सवारी सधानलाई वा शस्त्रलाई, वैश्यवर्णले चाबुक या लगामलाई तथा शुद्रवर्णले लाठीलाई स्पर्श गर्नुपर्छ किनकि वर्ण अनुसार यी उसको सहयोगी वस्तु हुन् यही सहयोगी वस्तुले यी चार वर्णलाई पवित्र गरेको हुन्छ ।

एतद्वोऽभिहितं शौचं सपिण्डेषु द्विजोत्तमाः ।
असपिण्डेषु सर्वेषु प्रेतशुद्धिं निबोधत ॥ ५/९२ (५/१००) ॥

अर्थात्:- हे ऋषि ! मैले हजुरहरूलाई यहाँसम्म सपिण्डीको सूतकको बारेमा भनें अब अघि मनुष्यको मृत्यु भएमा प्रेतशुद्धि नियमको बारेमा भन्ने छु जो मनुष्य त्यसको सपिण्डी अन्तर्गत पर्दैनन् ।

असपिण्डं द्विजं प्रेतं विप्रो निर्हृत्य बन्धुवत् ।
विशुध्यति त्रिरात्रेण मातुराप्तांश्च बान्धवान् ॥ ५/९३ (५/१०१) ॥

अर्थात्:- सपिण्डीमा नपरेको विप्रको मृत्यु भएमा त्यसको अन्त्येष्टिको कार्य उसको भाइले जस्तै अन्त्येष्टि संस्कार गरेमा तीन अहोरात्री पूर्ण भएपछि सूतक शुद्धि हुन्छ त्यस्तै मामा माइजूको निकटस्थ नातेदारको अन्त्येष्टि संस्कार गरेमा केवल तीन अहोरात्री पूर्ण भएंपछि नै सूतक शुद्धि हुन्छ ।

यद्यन्नं अत्ति तेषां तु दशाहेनैव शुध्यति ।
अनदन्नन्नं अह्नैव न चेत्तस्मिन्गृहे वसेत् ॥ ५/९४ (५/१०२) ॥

अर्थात्:- जसको घरमा बसेको छ उसको नै अन्न खाएको हुन्छ त्यसको मृत्यु भएमा र उसका दाह(संस्कार गरेमा दस अहोरात्री सूतक रहन्छ, यदि घरमा बसेको हुँदैन र उसको अन्नपनि खाँदैन, परिचित मात्र हो तर अन्त्येष्टि गरेको हुन्छ भने एक दिन मात्र सूतक रहन्छ र स्नान पछि त्यो अशौच शुद्ध हुन्छ ।

अनुगम्येच्छया प्रेतं ज्ञातिं अज्ञातिं एव च ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्नात्वा सचैलः स्पृष्ट्वाग्निं घृतं प्राश्य विशुध्यति ॥ ५/९५ (५/१०३) ॥

अर्थात्:- सपिण्डी होस् या असपिण्डी होस् आफूखुशी लासलाई अग्निदाहा गरेपछि गएको या अन्य कुनै कारणले ढिलो गरेर कसैको पनि मृतकको अन्त्येष्टि कार्यमा गएको छ भने मृतकको अन्त्येष्टिपछि वस्त्र धोएर स्नान गरेर एक चम्चा गाईको घिउ खाएमा शुद्ध हुन्छ ।

न विप्रं स्वेषु तिष्ठत्सु मृतं शुद्रेण नाययेत् ।

अस्वर्ग्या ह्याहुतिः सा स्याच्छुद्रसंस्पर्शदूषिता ॥ ५/९६ (५/१०४) ॥

अर्थात्:- आफन्त भएको कुनै पनि मनुष्यको मृत्यु भएमा त्यस्तो आफन्त भएको मृतकको शवलाई शुद्रवर्णको शव भएमा शुद्र वर्णले नै र ब्राह्मण वर्णको शव भएमा ब्राह्मणले नै श्मसानघाट लगेर अन्त्येष्टि गर्नुपर्छ तर कर्मच्यूत, पिशाच, नास्तिक तथा छुद्र आचरण भएको व्यक्तिलाई कसैको पनि शवलाई छुँन दिनुहुँदैन । छुद्रद्वारा अन्त्येष्टिको कार्यमा भाग लिन दिनु पनि हुँदैन ।

ज्ञानं तपोऽग्निराहारो मृन्मनो वार्युपाञ्जनम् ।

वायुः कर्मार्ककालौ च शुद्धेः कर्तककणि देहिनाम् ॥ ५/९७ (५/१०५) ॥

अर्थात्:- ज्ञान, तप, अग्नि, आहार, माटो, मन, जल, लेप, उपलेपन, वायु, कर्म, सूर्य र काल अर्थात् समय यी सबै साधन तथा वस्तुले नै अशौचबाट देहधारी मनुष्यलाई शुद्ध गर्ने पदार्थ हुन् ।

सर्वेषां एव शौचानां अर्थशौचं परं स्मृतम् ।

योऽर्थे शुचिर्हि स शुचिर्न मृद्वारिशुचिः शुचिः ॥ ५/९८ (५/१०६) ॥

अर्थात्:- धर्मको विधानमा रहेर अर्थको सञ्चय गर्नु नै सबै पवित्रतामा उत्तम पवित्रता हो । अतः जो अन्यथा या अन्य विधिद्वारा जुन शास्त्रले निषेध गरेको हुन्छ कार्य नगरी अर्थलाई ग्रहण गरेको हुन्छ त्यही पवित्र हुन्छ, माटो वा जलले जो वस्तुलाई पवित्रता गरेको हुन्छ त्यो पवित्रता भन्दा अर्थ शुद्धि अति नै उच्च शुद्धि हुन्छ ।

क्षान्त्या शुध्यन्ति विद्वांसो दानेनाकार्यकारिणः ।

प्रच्छन्नपापा जप्येन तपसा वेदवित्तमाः ॥ ५/९९ (५/१०७) ॥

अर्थात्:- विद्वान् तथा ज्ञानी मनुष्यले अन्य गल्ती गरेको मनुष्यलाई क्षमा गरेमा शुद्ध हुन्छन्, जो मनुष्यले समयमा आफ्नो कर्म गर्नमा सफल हुँदैन त्यस्तो मनुष्यले असहायलाई दान दिनाले शुद्ध हुन्छन् अर्थात् दान गर्नाले उसको गल्ती तथा भूलको दोष दूर हुनपुग्छ । अन्तर्मनमा रहेको तर कसैले नजानेको अदृश्य तरिकाले कुनै पनि पाप कर्म गरेको भए गरेका ती पाप 'ॐ' शब्द जप गर्नाले शुद्धि हुन्छ भने वेदज्ञाता तथा ब्रह्मज्ञानी ब्राह्मण तपस्याबाट नै शुद्धि हुन्छ ।

मृत्तोयैः शुध्यते शोध्यं नदी वेगेन शुध्यति ।

रजसा स्त्री मनोदुष्टा संन्यासेन द्विजोत्तमाः ॥ ५/१०० (५/१०८) ॥

अर्थात्:- माटो, खरानी र जलले फोहोर तथा मैलो वस्तु शुद्ध हुन्छ, बर्षाले आकाश, बर्षाबाट नदीमा आएको पानीको वेगले नदीको फोहोर आदि वेग अर्थात् तेज धारले नदिलाई शुद्ध गर्छ, मन या कुनै कर्मले दूषित भएको भए पनि स्त्री रजस्वलाले शुद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ, ब्राह्मण मोहवाट सन्यास लिएमा शुद्ध हुन्छ, अर्थात् सन्यासमा सबै स्वार्थलाई छोड़ेर निष्काम भावले आफ्नो कर्मलाई निरन्तर गर्नु पर्ने हुन्छ तबमात्र ब्राह्मण बन्छ र ब्राह्मण शुद्ध हुन्छ ।

अद्भिर्गात्राणि शुध्यन्ति मनः सत्येन शुध्यति ।
विद्यातपोभ्यां भूतात्मा बुद्धिर्ज्ञानेन शुध्यति ॥ ५/१०१ (५/१०९) ॥

अर्थात्:- जलद्वारा वाह्य अङ्ग पवित्र हुन्छ, सत्यलाई मान्ने सत्यलाई ग्रहण गर्नाले, सधैं सत्य बोल्नाले, सत्यको धारण, सत्यको प्रचार गर्नाले मन शुद्ध हुन्छ, विद्या तथा योगाभ्यास(धर्म आचरणरुपी तपस्याद्वारा नै जीवात्मा शुद्ध हुन्छ र ज्ञानद्वारा नै अन्तर्मन र वुद्धि शुद्ध हुन्छ ।

एष शौचस्य वः प्रोक्तः शरीरस्य विनिर्णयः ।
नानाविधानां द्रव्याणां शुद्धेः शृणुत निर्णयम् ॥ ५/१०२ (५/११०) ॥

अर्थात्:-माथि भनिएको नियम देहधारी शरीरको शुद्धिको विधान हो अब अघि विभिन्न प्रकारको पदार्थको शुद्धिको नियमको बारेमा सुन्नुहोस् :

तैजसानां मणीनां च सर्वस्याश्ममयस्य च ।
भस्मनाद्भिर्मृदा चैव शुद्धिरुक्ता मनीषिभिः ॥ ५/१०३ (५/१११) ॥

अर्थात्:- सुनको भाँडा, रत्नको भाँडा, पत्थरको भाँडा यी सबै भाँडा, बर्तनलाई खरानी, माटो र जलले धुनाले पवित्र हुन्छन्, यो सफाइ ज्ञानको विधानको नियम हो ।

निर्लेपं काञ्चनं भाण्डं अद्भिरेव विशुध्यति ।
अब्जं अश्ममयं चैव राजतं चानुपस्कृतम् ॥ ५/१०४ (५/११२) ॥

अर्थात्:- सुनको भाँडा जसमा कुनै चिल्लो पदार्थ लागेको छैन, शङ्ख मोती आदि जुन जलमा उत्पन्न भएको वस्तु तथा पदार्थद्वारा बनेको वस्तुहरू, पत्थरबाट बनेको वस्तुहरू र चाँदीबाट बनेको वस्तुहरू जसमा कुनै चिल्लो पदार्थ लागेको छैन भने त्यस्तो वस्तु केवल जलद्वारा धुनाले नै शुद्ध हुन्छन् ।

अपां अग्नेश्च संयोगाद्धैमं रौप्यं च निर्वभौ ।
तस्मात्तयोः स्वयोन्यैव निर्णेको गुणवत्तरः ॥ ५/१०५ (५/११३) ॥

अर्थात्:- जल र अग्नीको संयोगले नै सुन र र चाँदीमा भएको कसबाट सुन चाँदी शुद्ध हुन्छ त्यसैले यी दुवै धातुको शुद्धिको लागि अग्नि र पानीको मिश्रणमा सुपुर्द गर्नुपर्छ सुन चाँदीको शुद्धिको लागि अन्य कुनै उत्तम वस्तु छैन जति अग्नि र पानीको मिश्रणबाट शुद्ध हुन्छ ।

ताम्रायःकांस्यरैत्यानां त्रपुणः सीसकस्य च ।
शौचं यथार्ह कर्तव्यं क्षाराम्लोदकवारिभिः ॥ ५/१०६ (५/११४) ॥

अर्थात्:- तामा, फलाम, काँस, रीति अर्थात् पीत्तल, लख, तथा सीसाको भाँडा वर्तनलाई क्षार या अम्लको मिश्रणको पानीद्वारा सफा गर्नाले शुद्ध हुन्छ ।

द्रवाणां चैव सर्वेषां शुद्धिरुत्पवनं स्मृतम् ।
प्रोक्षणं संहतानां च दारवाणां च तक्षणम् ॥ ५/१०७ (५/११५) ॥

अर्थात्:- सबै तरल पदार्थ, द्रव अर्थात् घिउ आदि बग्ने अर्थात् प्रवाहित हुने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पदार्थलाई आगोमा उमालेर छान्नाले रमाथि लागेको जालोलाई कुशले घुमाएर जालो निकाल्नाले शुद्ध हुने उत्तम विधि हो, ठोस वस्तु जस्तै दरी कम्मल लगाएको वस्त्रलाई पानीले धुनाले, खाट आदिलाई पुछ्नाले, काठ बनेको वस्तुलाई हल्का तात्छ्नाले शुद्ध हुन्छ ।

मार्जनं यज्ञपात्राणां पाणिना यज्ञकर्मणि ।
चमसानां ग्रहाणां च शुद्धिः प्रक्षालनेन तु ॥ ५/१०८ (५/११६) ॥

अर्थात्:- यज्ञकर्ममा यज्ञको भाँडाको शुद्धि पानी लिएर हातले सफा गर्नाले या माझ्नाले हुन्छ र चम्चा र ग्रह अर्थात् प्याला अर्थात् थालीलाई पानीले शुद्ध गरेपछि शुद्ध गाईको घिउ राख्नाले शुद्ध हुन्छ ।

(समयको कलमः- ग्रह ती प्यालालाई भनिन्छ जुन प्याला मा सोमरस अर्थात् एक दर्जनभन्दा धेरै सात्विक फलफूललाई मिलाएर बनाइएको फलफूलको रस आदिलाई निकालेर राखिन्छ त्यस किसिमको भाँडालाई प्याला भनिन्छ भने त्यही १२ भन्दा धेरै प्रकारका मौसम अनुसार का फलफूललाई मिलाएर बनाइएको फलफूलको रसलाई सोमरस भनिन्छ । जो सोमरसमा केही मात्रमा नशा उत्पन्न हुन्छ तर त्यो नशा शरीरको लागि उत्तम नशा हो तर अत्यधिक भएमा शरीरलाई क्षति हुन्छ यो कुरा भने ध्यान राख्नु पर्छ)

चरूणां स्रुक्स्रुवाणां च शुद्धिरुष्णेन वारिणा ।
तत्शूर्पशकटानां च वरणोलूखलस्य च ॥ ५/१०९ (५/११७) ॥

अर्थात्:- हवी अर्थात् चरू बनाउने नामको भाँडा, यज्ञको पात्र जसमा घिउ आदि चिल्लो पदार्थलाई लिइन्छ, खयर काठको तलवार जस्तै धारिलो साधन हो जो माटो खन्नेमा प्रयोग हुन्छ, यज्ञको सूप, शकट, गाड़ी जसमा फलफूललाई भरेर एक ठाउँबाट अर्को ठाउँमा लागिन्छ, विभिन्न समान कुटन प्रयोग हुने ओखल तथा वरण यी सबैको शुद्धि तातो पानीले धुनाले हुन्छ ।

अद्भिस्तु प्रोक्षणं शौचं बहूनां धान्यवाससाम् ।
प्रक्षालनेन त्वल्पानां अद्भिः शौचं विधीयते ॥ ५/११० (५/११८) ॥

अर्थात्:- कयौँ वस्त्र तथा अन्नको शुद्धि पानीले भिजेको कपड़ाले पुछ्नाले हुन्छ भने कयौँ वस्त्र, अन्न तथा कपडाको शुद्धि पानीद्वारा नै धुनाले नै शुद्ध हुन्छ ।

चैलवच्चर्मणां शुद्धिर्वैदलानां तथैव च ।
शाकमूलफलानां च धान्यवच्छुद्धिरिष्यते ॥ ५/१११ (५/११९) ॥

अर्थात्:- छालाबाट बनेको साधान या भाँडाको शुद्धि वस्त्रको जस्तै समान हुन्छ बांसबाट बनेको पात्रको शुद्धि पनि त्यही प्रकारले हुन्छ रसँग, कन्दमूल र फलको शुद्धि पनि ठीक अन्नको समान पानीद्वारा धुनाले शुद्धि हुन्छ ।

कौशेयाविकयोरूपैः कुतपानां अरिष्टकैः ।
श्रीफलैरंशुपट्टानां क्षौमाणां गौरसर्षपैः ॥ ५/११२ (५/१२०) ॥

अर्थात्:- रेशमी र ऊनीबाट बनेको वस्त्रको शुद्धि क्षारमिश्रित पदार्थले धुनाले हुन्छ, कम्बलको शुद्धि रीठो मिलाएको पानीले धुनाले हुन्छ, सन आदिबाट बनेको कपड़को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धि बेलको फललाई पानीमा मिसाएर धुनाले शुद्धि हुन्छ भने छालाबाट बनेको वस्त्रको शुद्धि सेतो सरस्यूको खली अर्थात् पीनाबाट धुनाले हुन्छ ।

क्षौमवच्छङ्खशृङ्गाणां अस्थिदन्तमयस्य च ।
शुद्धिर्विजानता कार्या गोमुत्रेणोदकेन वा ॥ ५/११३ (५/१२१)

अर्थात्:- ज्ञानी मनुष्यले शङ्ख र सिंगबाट बनेको वस्तु, हाड़ तथा दाँतबाट बनेको वस्तुको सफाइ गाईको गोमुत्रद्वारा या जल र खरानीको मिश्रित पानीद्वारा धोएर शुद्ध गर्नुपर्छ, सनपाटले बनेको सबै किसिमको वस्त्रको सफ़ाई रिठोको पानीद्वारा नै शुद्ध हुन्छन् ।

प्रोक्षणात्तृणकाष्ठं च पलालं चैव शुध्यति ।
मार्जनोपाञ्जनैर्वेश्म पुनःपाकेन मृन्मयम् ॥ ५/११४ (५/१२२)

अर्थात्:- घाँस, काठ र परालले बनेका वस्तु जलमा डुबाएर पुछ्नाले शुद्ध हुन्छ । गृहको शुद्धि बढार कुडार गर्नाले, घरलाई धुनाले, घरलाई लिपीपोती गर्नाले र माटोबाट बनेको माटोको पात्रलाई फेरि आगोमा पकाउनले अर्थात् पोल्नाले शुद्ध हुन्छ ।

मद्यैर्मूत्रैः पुरीषैर्वा ष्ठीवनैस्पूयशोणितैः ।
संस्पृष्टं नैव शुद्ध्येत पुनःपाकेन मृन्मयम् ॥ ५/११५ (५/१२३) ॥

अर्थात्:- माटोबाट बनेको भाँडामा यदि शराब, मुत्र, मल, थुक, रगत आदि लिपिएको भएमा त्यस्तो भाँडालाई फेरि आगोमा पकाउनाले पनि शुद्ध हुँदैन त्यसैले त्यस भाँडोलाई नष्ट गर्नु नै उत्तम हुन्छ ।

संमार्जनोपाञ्जनेन सेकेनोल्लेखनेन च ।
गवां च परिवासेन भूमिः शुध्यति पञ्चभिः ॥ ५/११६ (५/१२४) ॥

अर्थात्:- भूमिलाई शुद्ध गर्न यी पाँच चिजलाई पालन गरेको हुनुपर्छ सम्मार्जन अर्थात् कुचोले बढारेर, उपांजनेन अर्थात् लीपापोती गरेर, सेकेन अर्थात् जल या गोमुत्र छर्किएर, माटो खनेर अर्थात् खुर्कीएर माटो हटाउनाले र गाई बाँध्नाले पनि त्यो जमिन शुद्ध हुन्छ ।

पक्षिजग्धं गवा घ्रातं अवधूतं अवक्षुतम् ।
दूषितं केशकीटैश्च मृत्प्रक्षेपेण शुध्यति ॥ ५/११७ (५/१२५) ॥

अर्थात्:- चराले जुठो गरेको, गाईले सुँघेको, कसैले नजिकै बसेर हाच्छ्युँ गरेको, केश परेको या किरा परेको, काँचो अन्न भए पानी र माटोको मिश्रण गरेर अन्न सफा गरेमा मात्र शुद्धि हुन्छ ।

यावन्नापैत्यमेध्याक्ताद्गन्धो लेपश्च तत्कृतः ।
तावन्मृद्वारि चादेयं सर्वासु द्रव्यशुद्धिषु ॥ ५/११८ (५/१२६) ॥

अर्थात्:- कुनै पनि मिष्ठान वस्तुको कारण भएको अशुद्धि र अन्य कुनै अशुद्ध वस्तुको गन्ध र लेप वस्त्रमा लागेमा र त्यो गन्ध र लेप जबसम्म वस्त्रबाट दूर हुँदैन तबसम्म त्यस वस्त्रलाई खरानी, माटो र पानीको मिश्रणले धुनुपर्छ जबसम्म त्यसको वस्तुको गन्ध र दाग मेटिँदैन तबसम्म त्यो वस्त्र शुद्ध हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रीणि देवाः पवित्राणि ब्राह्मणानां अकल्पयन् ।
अदृष्टं अद्भिर्निर्णिक्तं यच्च वाचा प्रशस्यते ॥ ५/११९ (५/१२७) ॥

अर्थात्:- अपवित्र हुने कार्य नगरी वेदले निर्देशन गरेको कर्म गर्नाले, कुनै अपवित्र वस्तु छोएमा नुहाउनाले, सत्यज्ञान वेदज्ञानलाई सबै मनुष्यलाई प्रदान गर्नाले ज्ञानी अर्थात् ब्राह्मण पवित्र हुन्छ ।

आपः शुद्धा भूमिगता वैतृष्ण्यं यासु गोर्भवेत् ।
अव्याप्ताश्चेदमेध्येन गन्धवर्णरसान्विताः ॥ ५/१२० (५/१२८) ॥

अर्थात्:- जो जल एक गाईको प्यासलाई बुझाउने योग्य छ कुनै पनि अपवित्र वस्तु मिश्रित छैन, गन्ध र रङ्गमा उत्तम छ अर्थात् पानीमा कुनै बास्ना र रङ्ग छैन, पानी जमिनको मुनिबाट निस्किएको हो तर अहिले भूमिमा स्थित रहेको छ भने त्यो जल पवित्र हुन्छ ।

नित्यं शुद्धः कारुहस्तः पण्ये यच्च प्रसारितम् ।
ब्रह्मचारीगतं भैक्ष्यं नित्यं मेध्यं इति स्थितिः ॥ ५/१२१ (५/१२९) ॥

अर्थात्:- शिल्पकारको तथा कारीगरको हात, फिजाईएको अन्न, काँचो तर पसलको वस्तु, तथा ब्रह्मचारीले माँगेको भिक्षा अन्न सधैँ पवित्र हुन्छ । यो प्रकृतिको नियम र ज्ञान तथा कलाको मर्यादा हो ।

नित्यं आस्यं शुचि स्त्रीणां शकुनिः फलपातने ।
प्रस्रवे च शुचिर्वत्सः श्वा मृगग्रहणे शुचिः ॥ ५/१२२ (५/१३०) ॥

अर्थात्:- सम्भोग समय पत्नीको मुख, फल खसाउँदा पंक्षीको मुख, दुध दुहुने समयमा बाच्छोको मुख, शिकार गर्ने समय कुकुरको मुख त्यो समय त्यसको लागि शुद्ध हुन्छ ।

श्वभिर्हतस्य यन्मांसं शुचि तन्मनुरब्रवीत् ।
क्रव्यादिभिश्च हतस्यान्यैश्चण्डालाद्यैश्च दस्युभिः ॥ ५/१२३ (५/१३१) ॥

अर्थात्:- कुकुरले मारेको, हिंस्राक पशुले मारेको, चाण्डाल आदिले मारेको, व्याधाले मारेको या अन्य कुनै प्राकृतिक प्रकोपको कारण मारिएको या आफै मरेको हिरण तथा मृगको मांस रुपमा रहेको चर्मलाई शुद्ध मानिन्छ कुनै कार्यको लागि यो चर्म प्रयोग गर्न सकिने छ ।

(समयको कलमः- यो श्लोकको अर्थ यस्तो पनि हुन्छ 'मनुष्यले आफ्नो प्राणको रक्षा गर्नुपनि एक प्रकारको यज्ञ नै हो यदि मनुष्यले आफ्नो प्राणको रक्षाको लागि कार्य गर्दै गर्दा निषेध गरिएको पदार्थलाई अनजानमा र कुनै पनि गरिष्ठ खानाको साथ साथमा पूर्ण निषेध गरिएको पिशाच अर्थात् असुरको खानालाई आफ्नो भोजनको रुपमा ग्रहण गरेको खण्डमा पाप लाग्दैन त्यो प्राण रक्षाको अवास्थामा मात्र तर निरन्तर गारिष्ठ पदार्थलाई भोजनको रुपमा ग्रहण गरेको खण्डमा त्यस्तो मनुष्य द्विजबाट पतित हुन्छ भने पूर्ण निषेध गरिएको पदार्थलाई आफ्नो भोजनको रुपमा जानी जानी दैनिक प्रयोग गरेको खण्डमा त्यस मनुष्यलाई असुर भनिन्छ' तर यो श्लोकको विषयवस्तु आचरणको नभएर शुद्धिसँग सम्बन्धित भएको हुनाले माथिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थः उत्तम लागेको हुनाले त्यसलाई नै भावार्थः मानेको छु र अन्य कुनै सन्दर्भअनुसार यो श्लोकको अर्थ यो पनि हुन्छ किनकि यहाँ सन्दर्भ महत्वपूर्ण हो भावार्थः महत्वपूर्ण हैन)

ऊर्ध्व नाभेर्यानि खानि तानि मेध्यानि सर्वशः ।
यान्यधस्तान्यमेध्यानि देहाच्चैव मलाश्च्युताः ॥ ५/१२४ (५/१३२) ॥

अर्थात्:- नाभीको माथिको भाग नै शरीर संरचानको पहिले भाग हुनाले त्यसलाई शुद्ध मानिएको हो भने नाभी भन्दा तलको भागमाथिको भागको अंश हो तर मध्यम पवित्र भनिन्छ भने मनुष्यले गर्ने भोजनवाट जो निष्कासित हुने पदार्थ छन् ती सबै त्यही भागमा स्थित रहने हुनाले पूर्ण पवित्र छैन भने भोजन गरेपछि निष्काशन हुने सबै अपवित्र हो किनकि ती सबैलाई मल भनिन्छ जो शरीरभन्दा पृथक छ त्यही हुनाले अपवित्र हुन्छ ।

मक्षिका विप्रुषश्छाया गौरश्वः सूर्यरश्मयः ।
रजो भूर्वायुरग्निश्च स्पर्शे मेध्यानि निर्दिशेत् ॥ ५/१२५ (५/१३३) ॥

अर्थात्:- कुनै शुभकर्म गर्नको लागि पवित्र भएको मनुष्य लाई झिँगा, जलवूँद, छाया, गाई, घोड़ा, सूर्यकिरण, धूल, भूमि, वायु, अग्नि यी सबैले छोएमाकोही मनुष्य अपवित्र हुँदैन यी सबैले छोएमा पवित्र नै रहेको हुन्छ ।

विण्मुत्रोत्सर्गशुद्ध्यर्थं मृद्वार्यादेयं अर्थवत् ।
दैहिकानां मलानां च शुद्धिषु द्वादशस्वपि ॥ ५/१२६ (५/१३४) ॥

अर्थात्:- मलमुत्र तथा अन्य वाह्र अपवित्र वस्तु जो शरीर बाट पृथक हो र प्रथक भएर वाहिर निष्कासित हुन्छ यदि ती सबै वस्तुलाई शरीरबाट निष्काशन भएपछि छोएमा माटो पनि या खरानी पानीद्वारा आवश्यकताअनुसार धुनाले मात्र मनुष्य पवित्र हुन्छ ।

वसा शुक्रं असृङ्मज्जा मुत्रविट्घ्राणकर्णविट् ।
श्लेश्म अश्रु दूषिका स्वेदो द्वादशैते नृणां मलाः ॥ ५/१२७ (५/१३५) ॥

अर्थात्:- मनुष्यको शरीरमा विद्यमान हुने र शरीरवाट बाहिर निस्किएको खण्डमा अपवित्र हुन्छ यस प्रकारका अपवित्र वस्तु वाह्र किसिमका छन् जसलाई मल अर्थात् निरर्थक अपवित्र वस्तु पनि भनिन्छ ती अपवित्र वस्तु निम्न छन् ।

१) वसा अर्थात् वोसो, २) शुक्रकिट अर्थात् वीर्य,
३) रुधिर अर्थात् रगत, ४) मज्जा अर्थात् मासु,
५) मुत्र अर्थात् पिसाव, ६) विष्ठा अर्थात् दिसा,
७) नाक अर्थात् सिँगान तथा थुक, ८) कानको मैला अर्थात् कानेगुजी,
९) खकार अर्थात् खोकी तथा कफ, १०) आँसु,
११) चिप्रा, १२) स्वेद अर्थात् पसिना,

एका लिङ्गे गुदे तिस्रस्तथैकत्र करे दश ।
उभयोः सप्त दातव्या मृदः शुद्धिं अभीप्सता ॥ ५/१२८ (५/१३६) ॥

अर्थात्:- शौचपछि शुद्धि गर्नको लागि माटो या खरानी प्रयोग कर्ताले योनी या शिश्नमा एक पटक पानीले धोएपछि माटो खरानीले धोएर त्यसपछि पानीले धुनुपर्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तव सफा हुन्छ, त्यस्तै पाँच पटकसम्म माटो या खरानी पानी, माटो या खरानी पानीले मलद्वारलाई सफा गरेर जम्मा दश पटक देव्रे हातले धुनुपर्छ र देव्रे र दाहिने हात सफा गर्नको लागि माटो या खरानी पनि, माटो या खरानी पानी गरेर जम्मा सात पटक दाहिने र देव्रे दाहिने र देव्रेको औँलाको बीचमा पनि मिचेर धुनाले हातको शुद्धि हुन्छ ।

एतच्छौचं गृहस्थानां द्विगुणं ब्रह्मचारीणाम् ।
त्रिगुणं स्याद्वनस्थानां यतीनां तु चतुर्गुणम् ॥ ५/१२९ (५/१३७)

अर्थात्:-माथि भनिएको शौच सफाइको विधान अर्थात् पवित्रताको केवल गृहस्थ मनुष्यको लागि हो अन्यको लागि अलग नियम छ ब्रह्मचारीलेमाथि भनिएको नियमको द्विगुणा धेरै पटक, वानप्रस्थी अर्थात् वनमा तप गर्नेहरूको लागि त्रिगुणा धेरै पटक र सन्यासीको लागि चर्तुगुणा धेरै पटक गरेर हात धुनाले मात्र हात शुद्धि हुन्छ ।

कृत्वा मुत्रं पुरीषं वा खान्याचान्त उपस्पृशेत् ।
वेदं अध्येष्यमाणश्च अन्नं अश्नंश्च सर्वदा ॥ ५/१३० (५/१३८) ॥

अर्थात्:- मुत्रत्याग र मलत्याग गरेर हात खुट्टा र मुखको शुद्धि गरेपछि फेरि शुद्ध पानीले आचमन गरेर, फेरि हातमा शुद्ध पानी लिएर सम्पूर्ण इन्द्रियलाई क्रमशः स्पर्श गर्नुपर्छ त्यस्तै वेदज्ञानलाई ग्रहण गर्न शुरू गर्नुभन्दा पहिले अर्थात् पढ्न शुरू गर्नुभन्दा पहिले पनि शुद्ध पानीले शरीर शुद्धि गरेर दाँयाहातले पानीले आचमन गरेर पढ्न शुरू गर्नुपर्छ त्यस्तै भोजन गर्नुभन्दा पहिले पनि पानीले मुख हात खुट्टाको शुद्धि गरेपछि फेरि शुद्ध पानीले सधैं आचमन र सबै इन्द्रियलाई स्पर्श गर्नुपर्छ ।

त्रिराचामेदपः पूर्व द्विः प्रमृज्यात्ततो मुखम् ।
शरीरं शौचं इच्छन्हि स्त्री शुद्रस्तु सकृत्सकृत् ॥ ५/१३१ (५/१३९) ॥

अर्थात्:- शारीरिक शौच अर्थात् शरीरको पवित्रताको लागि प्रथम तीन पटक आचमन गरेपछि दुई पटक मुख स्नान गर्नुपर्छ, स्त्री र शुद्रवर्णले भने एक पटक मुख धोएर सीधा स्नान गर्नुपर्छ यो आफ्नो लागि अति उत्तम शुद्धि हो ।

शुद्राणां मासिकं कार्य वपनं न्यायवर्तिनाम् ।
वैश्यवच्छौचकल्पश्च द्विजोच्छिष्टं च भोजनम् ॥ ५/१३२ (५/१४०) ॥

अर्थात्:- शास्त्रको नियमलाई पालन गर्ने मनुष्यले प्रत्येक महिना केश कटाउनु पर्छ । जन्म मृत्युको अवसरमा शुद्रले वैश्यको कार्य गर्नुपर्छ द्विजलाई सहयोग गर्नु समाज सेवको कार्य गर्नु कुनै अवसरमा कुनै द्विज तर शारीरिक बिकालाङ्कको जुठो उठाउनु परेमा पनि कुनै सङ्कोच मान्नु हुँदैन यो अवस्थामा शुद्र अपवित्र हुँदैन ।

नोच्छिष्टं कुर्वते मुख्या विप्रुषोऽङ्गं न यान्ति याः ।
न श्मश्रूणि गतान्यास्यं न दन्तान्तरधिष्ठितम् ॥ ५/१३३ (५/१४१) ॥

अर्थात्:- आफ्नो मुखको थुकको छिटा शरीरको कुनै भागमा परेमा तथा जुँगाको रौं मुख परेमा र दाँतमा भोजनको जो वस्तु रहेको हुन्छ त्यो निकाल्नु पर्छ तर यी वस्तु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो थुक शरीरमा, जुँगा मुखमा र भोजनको केही अंश दाँतमा रहेमा अपवित्र भने हुँदैन ।

स्पृशन्ति बिन्दवः पादौ य आचामयतः परान् ।
भौमिकैस्ते समा ज्ञेया न तैराप्रयतो भवेत् ॥ ५/१३४ (५/१४२) ॥

अर्थात्:- आचमन गर्दा गर्दै मुखबाट आचमनको जल निस्किएर एक थोपा पानी जमिनमा परेर त्यही पानीको छिटा फेरि यज्ञमा बसेको मनुष्यको खुट्टामा परेको खण्डमा पनि त्यस मनुष्यको खुट्टा पूर्ण अपवित्र हुँदैन ।

उच्छिष्टेन तु संस्पृष्टो द्रव्यहस्तः कथं चन ।
अनिधायैव तद्द्रव्यं आचान्तः शुचितां इयात् ॥ ५/१३५ (५/१४३) ॥

अर्थात्:- यदि हातमा कुनै वस्तु ग्रहण गरिएको छ र कारणवश कुनै जुठो हात या मुख भएको मनुष्यले छोएको खण्डमा त्यो वस्तुलाई हातमा नै राखेर शुद्ध पानीले आचमन गर्नुपर्छ तब मात्र शुद्ध हुन्छ ।

वान्तो विरिक्तः स्नात्वा तु घृतप्राशनं आचरेत् ।
आचामेदेव भुक्त्वान्नं स्नानं मैथुनिनः स्मृतम् ॥ ५/१३६ (५/१४४) ॥

अर्थात्:- यदि कसैलाई वमन तथा विसूचिका रोगीको वमन शरीरमा लागेमा कपड़ा धुनु पर्छ र स्नान गर्नुपर्छ र स्नान गरे पश्चात् एक चम्चा शुद्ध गाईको घिउ खानुपर्छ, त्यस्तै अन्नआदि भोजन गरेर हात मुखको शुद्धिपछि आचमन गर्नुपर्छ तथा पति पत्नीको रतिक्रिया अर्थात् सम्भोगपछि पनि दुवैले स्नान गर्नुपर्छ ।

सुप्त्वा क्षुत्वा च भुक्त्वा च निष्ठीव्योक्त्वानृतानि च ।
पीत्वापोऽध्येष्यमाणश्च आचामेत्प्रयतोऽपि सन् ॥ ५/१३७ (५/१४५) ॥

अर्थात्:- सुतेर उठेपछि, हाच्छ्युँ गरेपछि, भोजन गरेपछि थुकेपछि, गल्तीले झुटो बोलेको थाहा भएपछि, पानी परेको समयमा, वेद पढ्न शुरू गर्नुभन्दा पहिले आचमन गर्नुपर्छ ।

एषां शौचविधिः कृत्स्नो द्रव्यशुद्धिस्तथैव च ।
उक्तो वः सर्ववर्णानां स्त्रीणां धर्मान्निबोधत ॥ ५/१३८ (५/१४६) ॥

अर्थात्:- यहाँसम्म सबै किसिमको पदार्थको शुद्धि र शरीर शुद्धिको नियमलाई भनियो यो शुद्धिको विधान सम्पूर्ण वर्णको लागि हो अब स्त्रीको कर्तव्य र स्त्री धर्मको बारेमा सुन ।

बालया वा युवत्या वा वृद्धया वापि योषिता ।
न स्वातन्त्र्येण कर्तव्यं किं चिद्कार्यं गृहेष्वपि ॥ ५/१३९ (५/१४७) ॥

अर्थात्:- नारी बालक, जवान, र वृद्ध जे भएको भए पनि अभिभाव, परिवार र सन्ततिसँग कुनै सल्लाह नै नगरी परिवारको कुनै अनुमति बिना कुनै पनि ठुलो ठुलो कार्य गर्नुहुँदैन ।

बाल्ये पितुर्वशे तिष्ठेत्पाणिग्राहस्य यौवने ।
पुत्राणां भर्तरि प्रेते न भजेत्स्त्री स्वतन्त्रताम् ॥ ५/१४० (५/१४८) ॥

अर्थात्:- जबसम्म नारीको विवाह हुँदैन तबसम्म पिताको आदेशको पालन गर्नु,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् बालक कालमा पिताको साथमा रहनु, विवाह संस्कार पछि अर्थात् जवानी समयमा पतिको साथमा रहेर पति सुखमा रहनु, पतिको घरको रेखदेख गर्नु र पतिको आदेश मान्नु जुन सात्विक आदेश छ । यदि पतिको मृत्यु भएमा आफ्नो सन्ततिको उन्नतिको लागि आफ्नो सन्ततिसँग नै आनन्दले बस्नुपर्छ ।

(समयको कलमः-माथि भनिएको ५/१३९ र १४०को नियम अर्थात् विधान घरमा रहने कन्या वा स्त्रीको लागि मात्र हो, सन्यासी नारीको लागि हैंन जब गुरुकुलमा शिक्षा प्राप्त गरिरहेको हुन्छ त्यहाँ आचार्य नै पिता हो आचार्यको अधीनमा हुनेछन् । परन्तु यदिकोई स्त्रीको पढ़ाइ सकिएपछि तपस्वी नारी बनेर सन्यासी बनेको खण्डमा माथिको नियम लागु हुँदैन र त्यस्तो सन्यासी नारीको लागि कुनै उपर्युक्त बन्धन छैन किनकि सात्विक आचरण नै उसको बन्धन हो त्यही हुनाले ऊ सन्यासी हो) ।

पित्रा भर्त्रा सुतैर्वापि नेच्छेद्विरहं आत्मनः ।
एषां हि विरहेण स्त्री गर्हये कुर्यादुभे कुले ॥ ५/१४१ (५/१४९) ॥

अर्थात्:- कन्या होस् या स्त्री नै सृष्टि संरचनाको विधान ब्रह्मविधानको संरचना हो त्यसैले कन्या वा स्त्री सधैँ कन्या समयमा पितासँग, विवाहपछि पतिसँग र पतिको मृत्युपछि पुत्रको साथमा रहनु नै उत्तम हो । उत्तम गुणले सम्पन्न भएको स्त्री रहेको घर नै स्वर्ग हुन्छ । कुनै पनि स्त्री या नारीले पिता, पति या पुत्रबाट अलग हुने कोसिस गर्नुहुँदैन यस्तो भएमा कुनै कारणवश पितृकुल वा पतिकुल तथा दुवै कुललाई असर तथा कलङ्कित गर्न सक्छ ।

सदा प्रहृष्टया भाव्यं गृहकार्ये च दक्षया ।
सुसंस्कृतोपस्करया व्यये चामुक्तहस्तया ॥ ५/१४२ (५/१५०) ॥

अर्थात्:- नारीले सधैँ अति प्रसन्नता भएर घरको कामलाई निष्ठापूर्वक गर्नुपर्छ, घरको सबै वस्तु तथा पदार्थको सही सदुपयोग गर्नुपर्छ, सबै परिवारमा उत्तम संस्कार, घरको शुद्धि र व्ययमा अत्यन्त उदार रहनु, अनावश्यक खर्च गर्नुहुँदैन सबै भोजनको परिकार पवित्र र शुद्ध तरिकाले बनाउनुपर्छ, घरको घरेलु औषधीको ज्ञान राख्नुपर्छ ताकी घरको कुनै पनि सदस्य बिरामी भएमा उसलाई तुरुन्त उपचार मिलोस, यदि घरमा सेवक अर्थात् नोकर भएमा यथायोग्य उ सक्दो काम दिनुपर्छ, घरका कुनै पनि सदस्यलाई गलत आचारणमा लाग्न दिनुहुँदैन यही नारीको मुख्य धर्म हो ।

यस्मै दद्यात्पिता त्वेनां भ्राता वानुमते पितुः ।
तं शुश्रूषेत जीवन्तं संस्थितं च न लङ्घयेत् ॥ ५/१४३ (५/१५१) ॥

अर्थात्:-माता, पिता, दाजु, भाइ र आफ्नो अभिभावकको अनुमतिमा जोसँग विवाह भएको हुन्छ, पत्नी साध्वी स्त्री बनेर पतीलाई कुनै पनि गलत कार्य, गलत बाटोमा जानबाट बचाएर सधैँ सबैको दृष्टिमा आफ्नो पतीलाई पूजनिय बनाएर राख्नु र पतिकोसम्मान तथा आदर गर्नु यदि पतिको मृत्यु भएमा पनि नारीले व्यभिचार गर्नुहुँदैन सात्विक आचरणलाई धारण गर्नुपर्छ र सात्विक रहनु पर्छ ।

मङ्गलार्थं स्वस्त्ययनं यज्ञश्चासां प्रजापतेः ।
प्रयुज्यते विवाहे तु प्रदानं स्वाम्यकारणम् ॥ ५/१४४ (५/१५२) ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- विवाहमा जो स्वस्तिपाठ पढिएको हुन्छ जसलाई शुभकामना मन्त्रपाठ भनिन्छ र विवाहमा प्रजापति यज्ञ गरिएको हुन्छ त्यो यज्ञ पतिपत्नीको कल्याण होस् भन्ने भावना तथा उद्देश्यले गरिएको हुन्छ, विवाहमा स्त्रीलाई उसको अभिभावकले पतिको जिम्मेदारीमा सुम्पिएपछि पतीले आफ्नो पतिधर्म पूर्णरुपले निभाउनु पर्छ, विवाहपछि पतिधर्म र पत्नी उसको अर्धाङ्गिनी भएको कारण अर्थात् विवाह संस्कार पश्चात् जो कन्यालाई पिताले पतिको जिम्मेदारीमा दिएको हुन्छ, पतीले त्यो जिम्मेदारीलाई पूर्ण रुपले निभाउनुपर्छ, कन्यादान पहिले आफ्नो पुत्रीको सुरक्षा लगायतको जिम्मेदारी जुन पिताको थियो त्यो पुरा जिम्मेदारी पतिमा आएको हुन्छ त्यसैले पतिले पनि आफ्नो पतिधर्मलाई कहिल्यै छोड्नु हुँदैन ।

अनृतावृतुकाले च मन्त्रसंस्कारकृत्पतिः ।
सुखस्य नित्यं दातेह परलोके च योषितः ॥ ५/१४५ (५/१५३) ॥

अर्थात्:- आफ्नो पतिधर्म निभाउने पति र ऋतुकाल अथवा अन्य समयमा पनि मन्त्र संस्कारसहित पतिधर्म निभाउने पतीले आफ्नो घरलाई सुखी र खुशी बनाएको हुन्छ ।

विशीलः कामवृत्तो वा गुणैर्वा परिवीर्जतः ।
उपचार्यः स्त्रीया साध्व्या सततं देववत्पतिः ॥ ५/१४६ (५/१५४)

अर्थात्:- यदि कुनै कारणले पति निष्ठुर भएमा तथा दोस्री स्त्रीसँग प्रीति राखेको थाहा भएमा अथवा आचरणमा आचरणहीन भएर पतित हुन् पुगेमा पनि पत्नीले आफ्नो पत्नीधर्म त्याग गर्नु हुँदैन र पत्नीले पत्नी धर्मलाई धारण गरेर पत्नीको धर्मलाई निभाउदै सदैव पतीलाई ज्ञानको सही दिशा निर्देशन गरेर पतीलाई पतन हुनवाट बचाउनु पर्छ यो कार्य केवल धर्मपत्नीले मात्र गर्न सक्छिन् ।

नास्ति स्त्रीणां पृथग्यज्ञो न व्रतं नाप्युपोषणम् ।
पतिं शुश्रूषते येन तेन स्वर्गे महीयते ॥ ५/१४७ (५/१५५)

अर्थात्:- विवाह पश्चात् पतिको लागि पत्नी अर्धाङ्गिनी हुन् अर्थात् विवाहपछि पत्नी आफ्नो पतिको आधा अङ्ग अर्थात् आधा शरीर नै हुन् पुग्छिन् अतएव पत्नीलाई पृथक यज्ञ तथा व्रत गर्नुपर्दैन केवल पतिको सम्पत्ति, पतिको परिवार र पतीलाई गलत कार्यबाट बचाएर पतीलाई पतन हुनबाट बचाउनु नै पत्नीको धर्म हो, यही पत्नीको व्रत हो, यज्ञ पनि हो ।

पाणिग्राहस्य साध्वी स्त्री जीवतो वा मृतस्य वा ।
पतीलोकं अभीप्सन्ती नाचरेत्किं चिदप्रियम् ॥ ५/१४८ (५/१५६) ॥

अर्थात्:- परिवारलाई खुशी सुखी देख्ने इच्छा भएको पतिव्रता नारीले पति जीवित भएको समयमा पनि पत्नीधर्म लाई त्याग गर्नुहुँदैन र पतिको मृत्यु पश्चात् पनि पतिको संस्कार र पतिको इच्छा विरुद्धको कुनै पनि कर्म र पत्नी धर्मको विरुद्धको कुनै पनि आचरण लाई धारण गर्नुहुँदैन ।

(समयको कलमः- पतिव्रता शब्द पतिंव्रताको मिलन बाट भएको हो पतिव्रता शब्द एक यौगिक शब्द हो । पतिको अर्थ भर्ता तथा व्रतको अर्थ दृढ़ प्रतिज्ञा भन्ने हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतः जो स्त्रीले आफ्नो विवाहको समयमा भनिएको प्रतिज्ञालाई सधैं दृढ़ भएर नियम पूर्वक निभाऊने गरेको हुन्छ त्यस्तो स्त्रीलाई नै पतिव्रता स्त्री या नारी भनिन्छ)

कामं तु क्सपयेद्देहं पुष्पमूलफलैः शुभैः ।
न तु नामापि गृह्णीयात्पत्यौ प्रेते परस्य तु ॥ ५/१४९ (५/१५७) ॥

अर्थात्:- पतिव्रता नारीले आफ्नो पतिको मृत्यु भएमा दोश्रो पति धारण गर्नु उत्तम हैंन पतिको मृत्युपछि पतिको सम्पत्ति संरक्षण र आफ्नो सन्ततीलाई उत्तम ज्ञान दिएर, सात्विक बनेर फल फूल, इच्छा अनुसारको कल्प भोजन गरेर निर्दोष शरीर बनाएर अर्थात् कामेच्छा रहित भएर पतिको सम्पात्ति र सन्ततिसँग रहेर खुशीले जीवन व्यतित गर्नु नै पतिव्रता नारीको पत्नीधर्म हो । यो आचरण लाई सती रहनु भनिन्छ अर्थात् सात्विक गुणलाई धारण गर्नुलाई सती हुनु भनिन्छ ।

आसीता मरणात्क्सान्ता नियता ब्रह्मचारीणी ।
यो धर्म एकपत्नीनां काङ्क्षन्ती तं अनुत्तमम् ॥ ५/१५० (५/१५८) ॥

अर्थात्:- भर्खर विहे भएको तर पतिको मृत्यु भएमा त्यही पतिको घरमा नै पतिव्रता धर्म धारण गरेर बस्ने तर अर्को पतीलाई धारण गर्ने इच्छा गर्दैन भने त्यस्तो इच्छा भएको स्त्रीले आफ्नो मृत्यु पर्यन्त पत्नीधर्मको नियमलाई पालन गर्दै ब्रह्मचारीणी बनेर आफ्नो जीवनलाई निर्वाह गर्नुपर्छ ।

अनेकानि सहस्राणि कुमारब्रह्मचारीणाम् ।
दिवं गतानि विप्राणां अकृत्वा कुलसंततिम् ॥ ५/१५१ (५/१५९) ॥

अर्थात्:- विहे भएको केही समयपछि पतिको मृत्यु भएमा तर कुनै पुत्र या सन्तति नभएको खण्डमा स्वर्ग प्राप्त हुँदैन त्यो अवस्थामा के गर्ने ती पति नभएको नारीले के गर्नुपर्छ ? अर्को पुनर्विवाह विहे गर्नुहुन्छ या हुँदैन भनेर यदि कसैले यो प्रश्न सोधेमा र पुत्र नभएमा स्वर्ग प्राप्त हुन्छ या हुँदैन ? पहिलो पति मरेको स्त्रीले अर्को पति धारण गर्न सकिन्छ या सकिँदैन अर्थात् पुनर्विवाह गर्न मिल्छ या मिल्दैन ? यदि यो प्रश्न आएमा, यसको नियम यो हो दोस्रो पति धारण गर्न चाहने नारीले गर्न सक्नेछिन् तर दुवै तर्फको अभिभावकोको अनुमतिमा मात्र अफुखुशीले हैंन र अर्को पति धारण गर्न नचाहाने स्त्रीले पतिव्रता नियमलाई पालन गरेमा कुनै सन्तान विना पनि स्वर्गलाई प्राप्त गर्न सकिनेछ, कयौं सहस्त्र कुमार, ब्रह्मचारी, ब्राह्मण सन्ततीले विना सन्तान नै स्वर्गलाई प्राप्त गरेका छन् । दोस्रो पति धारण गरेमा त्यसको नियम यो भनाईमा लागु हुँदैन भन्ने नियम बुझ्नुपर्छ ।

मृते भर्तरि साढ्वी स्त्री ब्रह्मचर्ये व्यवस्थिता ।
स्वर्ग गच्छत्यपुत्रापि यथा ते ब्रह्मचारीणः ॥ ५/१५२ (५/१६०) ॥

अर्थात्:- पतिको मृत्यु पश्चात् पतिव्रता स्त्री सती अर्थात् ब्रह्मचार्य अवस्थाको नियमलाई पालन गर्दै पतिको सम्पत्तिलाई संरक्षण गर्दै पत्नीधर्मलाई धारण गरेर पत्नी धर्ममा स्थित रहेको खण्डमा सन्तान नभएको भए पनि त्यस्तो पतिव्रता नारीले सीधा स्वर्गलाई प्राप्त गर्छन जसरी कुमार ब्रह्मचारीले स्वर्गलाई प्राप्त गरेका थिए ।

अपत्यलोभाद्या तु स्त्री भर्तारं अतिवर्तते ।
सेह निन्दां अवाप्नोति परलोकाच्च हीयते ॥ ५/१५३ (५/१६१) ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- कारण नजानि विवाहित पतिवाट कारणवस कुनै सन्तान नभएमा गुप्त रुपले पत्नीले परपुरुष गमन गरेर सन्तानको जन्मदिने इच्छा गरेर परपुरुषगमन गरेमा र परपुरुषले पनि त्यस नारीको इच्छालाई पुरा गर्नेकोसिस गरेमा त्यो कार्य व्याभिचार हो व्याभिचारीको कहिल्यै पनि उन्नति हुँदैन त्यस्तो कार्य गर्ने दुवै पतित हुन् त्यस्तो व्याभिचारी कार्य गरेको यी दुवैसँग ज्ञानीले कुनै सम्बन्ध पनि राख्नुहुँदैन ।

नान्योत्पन्ना प्रजास्तीह न चाप्यन्यपरिग्रहे ।
न द्वितीयश्च साध्वीनां क्व चिद्भर्तोपदिश्यते ॥ ५/१५४ (५/१६२) ॥

अर्थात्:- सन्तानको लोभमा परपुरुषसँग व्याभिचार गरेर जुन सन्तान उत्पन्न हुन्छ त्यो नियमअनुसार त्यो सन्तान आफ्नो कुलको वंश हुँदैन शास्त्र अनुसार पनि आफ्नो सन्तान हुँदैन किनकि संस्कार अनुसार एक पति हुँदाहुँदै पत्नीलाई अर्को पतीलाई धारण गर्ने अनुमति पतिव्रता नारीलाई कही छैन ।

पतिं हित्वापकृष्टं स्वं उत्कृष्टं या निषेवते ।
निन्द्यैव सा भवेल्लोके परपूर्वेति चोच्यते ॥ ५/१५५ (५/१६३) ॥

अर्थात्:- जो स्त्रीले आफ्नो पतिमा भएको उत्तम गुणलाई नदेखि उसलाई गलत आरोप लगाएर, लालचको कारण त्यस पतीलाई छोडेर अन्य कुनै परपुरुषसँग सम्बन्ध राखेर व्याभिचार शुरू गरेको हुन्छ त्यस्तो स्त्री व्याभिचारी स्त्री हो त्यस्तो कार्य गर्ने स्त्री समाजमा निन्दनीय हुन्छ र समाजमा उसको अपहेलना हुन्छ र समाजमा अपहेलना गर्दै भनिनेछ यसको पहिलो पति त अरुकोही थिए व्याभिचार गरेर अहिले योसँग छ भनेर ।

व्यभिचारात्तु भर्तुः स्त्री लोके प्राप्नोति निन्द्यताम् ।
शृगालयोनीं प्राप्नोति पापरोगैश्च पीड्यते ॥ ५/१५६ (५/१६४) ॥

अर्थात्:- आफ्नो एक पति या पत्नी हुँदाहुँदै स्त्रीले अर्को पतिको र पतीले अर्को स्त्रीको कामना तथा इच्छा गर्नु कामवृत्तिको कारण हो । अतएव जो स्त्री तथा त्यो पुरुष जो विषयको इच्छाले दोस्रो विवाह गरेको हुन्छ त्यस्तो स्त्री तथा पुरुषले आफ्नो जीवनमा अपयश प्राप्त गरेर मानसिक तथा शारीरिक रोगी भएर रहन्छ यस्तो आचरण भएको स्त्री तथा पुरुषलाई स्यालको आचरण भएको स्त्री तथा पुरुष हो भन्ने बुझ्नु ।

पतिं या नाभीचरति मनोवाग्देहसंयुता ।
सा भर्तृलोकं आप्नोति सद्भिः साध्वीति चोच्यते ॥ ५/१५७ (५/१६५) ॥

अर्थात्:- जो स्त्रीले मन, वाणी र शरीरलाई संयम राखेर आफ्नो धार्मिक पतिको सबै सात्विक कर्ममा प्रतिनिधि बनेर पतिको सहयोग गरेको हुन्छ । पति विरूद्धमा कुनै पनि आचरण गर्दैन आफ्नो पतीलाई हृदयमा आदर पूर्वक राखेको हुन्छ त्यही उच्च गुणले सम्पन्न गृहस्थ नारीलाई नै 'सतीसाध्वी' 'पतिव्रता' धर्मपत्नी' भनिन्छ ।

अनेन नारी वृत्तेन मनोवाग्देहसंयता ।
इहाग्र्यां कीर्तिं आप्नोति पतीलोकं परत्र च ॥ ५/१५८ (५/१६६) ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- पतिव्रता नारीले आफ्नो मन, वाणी, शरीरलाई संयत अर्थात् वशमा राखेर सात्विक कर्ममा पतीलाई साथ दिनाले घर नै स्वर्ग बन्छ र त्यस्तो धर्मलाई धारण गर्ने पतिव्रता नारीको मृत्यु भएमा मृत्युपछि पनि उच्चगति र उच्च स्थान ब्रह्मपद लाई प्राप्त गर्नेछिन् ।

एवं वृत्तां सवर्णा स्त्री द्विजातिः पूर्वमारिणीम् ।
दाहयेदग्निहोत्रेण यज्ञपात्रैश्च धर्मवित् ॥ ५/१५९ (५/१६७) ॥

अर्थात्:-माथि भनिएको सम्पूर्ण आचरणलाई पालन गर्ने पतिव्रता नारी आफ्नो पतिको मृत्युभन्दा पहिले नै मृत्यु भएमा धर्मको ज्ञान भएको धर्मज्ञानीले यज्ञपात्रको प्रयोग गरेर धर्मको विधानलाई पूर्ण पालन गर्दै अग्नि होत्र विधिले त्यस साध्वी नारीको अन्तिम संस्कार गर्नु र गराउनु पर्छ ।

भार्यायै पूर्वमारिण्यै दत्त्वाग्नीनन्त्यकर्मणि ।
पुनर्दारक्रियां कुर्यात्पुनराधानं एव च ॥ ५/१६० (५/१६८) ॥

अर्थात्:- पत्नीको मृत्यु पश्चात् उसको सम्पूर्ण अन्त्येष्टी कर्मलाई विधिपूर्वक सकेपछि पतिले यदि अर्को विहे गर्न चाहेमा बिहे गर्न सक्नेछ र नयाँ गृहस्थी बनेर रहन सक्ने छ र बिहेपछि दैनिक घरमा अग्निको स्थापन गर्नुपर्छ ।

अनेन विधिना नित्यं पञ्चयज्ञान्न हापयेत् ।
द्वितीयं आयुषो भागं कृतदारो गृहे वसेत् ॥ ५/१६१ (५/१६९)

अर्थात्:- आफ्नो धर्मपत्नीको मृत्यु भएमा नियममा रहेर अर्को बिहे गरेर जीवनको दोस्रो भागलाई गृहस्थ आश्रममा लगाउनु पर्छ बिहेपछि पनि गृहस्थीले गर्नुपर्ने पाँच यज्ञको नियमलाई भने कहिल्यै छोड्नुहुँदैन ।

ॐ तत्सदिति महर्षि मनुमहाराजस्य कृत मनुस्मृति विधानां विद्यायां नियमशास्त्रे 'भृगु-समय' संवादे मनुस्मृति अन्तर्गते मनुष्य भोजनानं भक्षण, अभक्ष्यं ज्ञाननं एव च, देहशुद्धि, द्रव्यशुद्धि स्त्रीधर्म विषयं विविध ज्ञानं नामक पञ्चमोऽध्यायः ।

अर्थात्:- महर्षि मनुमहाराजद्वारा निर्देशित मनुस्मृतिको नियम र विधान अन्तर्गतको भृगु र समय बीचमा भएको र संवादमा रुपमा रहेको मनुस्मृतिको खाना हुने र खान नहुने ज्ञानको बारेमा त्यस्तै मनुष्यको शरीरको शुद्धि वस्तु तथा साधनको शुद्धि र नारी तथा स्त्री धर्मको विषयको विभिन्न विधानमा रहेको पाँचौ अध्याय समाप्त भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

।। अथ षष्टोऽध्यायः ।।

मनुस्मृति अध्यायः- ६

आश्रमधर्म

एवं गृहाश्रमे स्थित्वा विधिवत्स्नातको द्विजः ।
वने वसेत्तु नियतो यथावद्विजितेन्द्रियः ॥ ६/१ ॥

अर्थात्:- स्नातक द्विजले गृहस्थीको पुरा नियमलाई अक्षरसः पालन गर्दै गृहस्थ आश्रमको समय पुरा भएपछि इन्द्रियलाई आफ्नो नियन्त्रणमा राखेर आफ्नो सन्ततीलाई गृहस्थीको सम्पूर्ण अधिकार दिएर र आफ्नो गृहस्थी अनुभवको नियम सन्ततीलाई बताएपछि अर्थात् आफू आफ्नो सन्तति आफ्नो सम्पात्ति र विषय भोगमा लिप्त नभएर गृहस्थ आश्रमपछिको नियमलाई पालन गर्दै ठीक ठीक तरिकाले वानप्रस्थी बन्नुपर्छ गृहस्थ आश्रमको समय सकिएपछि वानप्रस्थ आश्रममा जानु अति नै उत्तम हुन्छ ।

गृहस्थस्तु यथा पश्येद्वलीपलितं आत्मनः ।
अपत्यस्यैव चापत्यं तदारण्यं समाश्रयेत् ॥ ६/१२ ॥

अर्थात्:- गृहस्थीले आफ्नो उमेरको शरीरको परिवर्तनसँगै आफ्नो आश्रमलाई पनि परिवर्तन गर्नुपर्छ जबजब शरीर बनावटको छाला पातलो हुन्छ, कपाल श्वेत हुन्छ आफ्नो सन्तति पुत्रले गृहस्थ आश्रम सञ्चालन गर्न सक्छ सफ्नो पुत्रको पनि पुत्र आफ्नो गुरुकुलको पढाइ सकेर गृहस्थी बनेको हुन्छ तब मनुष्यले गृहस्थ आश्रमबाट वानप्रस्थ आश्रय लिनुपर्छ ।

(समयको कलमः- वानप्रस्थ आश्रमको अर्थ परिवार छोडेर वनतिर भाग्नु भन्ने मात्र हैंन आफूले निभाउँदै आएको परिवारको सम्पूर्ण अधिकार आफ्नो सन्ततीलाई हस्तान्तरण गरेर आफू कुनै पनि बन्दनमा नरहनुलाई वानप्रस्थ आश्रम भनिन्छ । वानप्रस्थी हुनाको लागि गृहस्थीको सन्ततीले आफ्नो गृहस्थ आश्रमको जिम्मेवारी पूर्ण रुपले निभाउन सक्ने किसिमको हुनुपर्छ, वानप्रस्थ हुनाको लागि शिरको केश श्वेत र छाला नरम र पातलो भएको हुनुपर्छ र पुत्रको पनि पुत्र आफ्नो कर्ममार्गमा व्यस्त भएपछि वानप्रस्थी बन्नूपर्छ यहाँ वानप्रस्थीको अर्थ जबरजस्ती वानमा गएर जङ्गलमै भाग्नु पर्ने, परिवार छोड्नै पर्ने भन्ने हैंन, घरको सम्पूर्ण जिम्मेदारी आफ्नो सन्ततीलाई सुम्पिएर आफू सबै प्रकारको चिन्तावाट मुक्त हुनु र ईश्वरको भक्तिमार्गमा लीन हुनु भन्ने अर्थमा वानप्रस्थ भन्ने शब्द आएको हो । यदिकोही खुशीले आफ्नो परिवारलाई उसको जिम्मेवारी सुम्पेर वनमा प्रस्थान गरेर ईश्वरको भक्ति गर्छ भने पनि त्यसलाई पनि वानप्रस्थी आश्रम नै भनिन्छ) ।

संत्यज्य ग्राम्यं आहारं सर्व चैव परिच्छदम् ।
पुत्रेषु भार्या निक्षिप्य वनं गच्छेत्सहैव वा ॥ ६/३ ॥

अर्थात्:- जब मनुष्य आफ्नो अन्तिम समयमा ईश्वरको भक्तिको लागि वानप्रस्थ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आश्रमलाई स्वीकार गरेको हुन्छ र परिवार नै छोडेर वन मैं कुटी बनाएर रहने र त्यही ईश्वरको भक्ति उपासना गर्ने दीक्षा लिन्छ भने त्यस्तो वानप्रस्थ मनुष्यले गाउँमा र आफ्नो गृहस्थमा रहेको पदार्थको आहार र घरको सबै पदार्थलाई छोडेर यदि पत्नीले आफूसँग जान नचाहेमा पत्नीलाई पनि आफ्नो सन्ततिसँग घरमा नै रहेर पनि वानप्रस्थ आश्रमको नियमलाई पालन गरेर वानप्रस्थ बन्न सक्नेछन् र पत्नीले गृहमै रहन चाहेमा पत्नीलाई पुत्रको जिम्मा दिएर सबै परिवार लगाएर सम्पूर्ण वस्तुको लालच छोडेर ईश्वरको भक्तिको लागि वनमा जानु पर्छ ।

अग्निहोत्रं समादाय गृह्यं चाग्निपरिच्छदम् ।
ग्रामादरण्यं निःसृत्य निवसेन्नियतेन्द्रियः ॥ ६/४ ॥

अर्थात्:- जब गृहस्थ मनुष्य वानप्रस्थ बन्ने इच्छा भएमा केवल आफ्नो साथमा बनकल वस्त्र, हवनकुण्ड, कमण्डलु, लट्ठी, अग्निहोत्रको सामग्री लिएर घरबाट निस्किएर एकान्त ठाउँमा या वनमा गएर ईश्वरको चिन्तन गरेर अन्य कसैको चिन्तन नगरी जितेन्द्रिय भएर वनमा नै कुटी बनाएर त्यही कुटीमा बसेर ईश्वरको भक्ति उपासना गर्नुपर्छ ।

मुन्यन्नैर्विविधैर्मेध्यैः शाकमूलफलेन वा ।
एतानेव महायज्ञानीनर्वपेद्विधिपूर्वकम् ॥ ६/५ ॥

अर्थात्:- गृहस्थी वानप्रस्थ भएपछि वानप्रस्थाश्रमी मुनिले सामा आदि पवित्र अन्न, जो अन्न वानप्रस्थाश्रमी मुनिको अन्न हो रसँग, कन्द, मूल, फलफूल आदिलाई आफ्नो दैनिक भोजनको रुपमा प्रयोग गर्नुपर्छ र प्रातःकाल तथा सांयेकालमा दैनिक रुपले ब्रह्मयज्ञ, देवयज्ञ, बलिवैश्य यज्ञ यी तीन महायज्ञलाई गर्नुपर्छ । भने गृहस्थमै रहेको तर वानप्रस्थ आश्रम स्वीकार गरेको वानप्रस्थले भने दैनिक नित्यकर्मसँगै पञ्चमहायज्ञ पनि गर्नुपर्छ ।

वसीत चर्म चीरं वा सायं स्नायात्प्रगे तथा ।
जटाश्च बिभृयान्नित्यं श्मश्रुलोमनखानि च ॥ ६/६ ॥

अर्थात्:- वनमा नै रहने वानप्रस्थीको आफ्नो वस्त्रको कमी भएमा आफ्नो कालगतीले मृत्यु भएको मृगचर्मलाई नरम बनाएर वल्कल बनाएर वस्त्रको रुपमा लगाउन सक्नेछ, सायंकाल र प्रातःकालमा स्नान गर्नुपर्छ आफ्नो शरीरलाई पानीको सफाइ बाहेक अन्य कुनै पनि श्रृङ्गार गर्नको लागि वानप्रस्थी बनेर वनमा कुटी बनाएर बसेको वानप्रस्थीलाई निषेध गरिएको छ ।

यद्भक्ष्यं स्याद्ततो दद्याद्बलिं भिक्षां च शक्तितः ।
अम्मूलफलभिक्षाभिरर्चयेदाश्रमागतान् ॥ ६/७ ॥

अर्थात्:- गृह त्याग गरेर वानप्रस्थ बनेको वानप्रस्थीसँगै जो भोजन उपलब्ध छ त्यही भोजनले नै बलिवैश्यकर्म गर्नुपर्छ रकोही ब्रह्मचारी वानप्रस्थीको कुटीमा भिक्षा माग्न आएको खण्डमा जे भोजन उपलब्ध छ त्यही भोजन नै ब्रह्मचारी आदिको लागि भिक्षा दिनुपर्छ, तथा जो गृहस्थी मै वानप्रस्थ आश्रमलाई धारण गरेको हुन्छ त्यसको गृहमा यदि अतिथि आएको खण्डमा त्यस आथितीलाई भने कन्द, मूल, जल,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फल आदि लगायत अन्य भोजनलाई पनि उपलब्ध गराउनुपर्छ ।

स्वाध्याये नित्ययुक्तः स्याद्दान्तो मैत्रः समाहितः ।
दाता नित्यं अनादाता सर्वभूतानुकम्पकः ॥ ६/८ ॥

अर्थात्:- जाडो होस् या गर्मी होस् सधैँ सबै मौसममा खुशी भएर वानप्रस्थले स्वाध्याय अर्थात् पढ्ने गर्नुपर्छ सधैँ आफ्नो इन्द्रियलाई आफ्नो नियन्त्रणमा राख्नुपर्छकोही दान माग्न आएमा दान दिनुपर्छ तर आफूले दान लिनुहुँदैन सबै प्राणीमा दयालु र समभाव राख्नुपर्छ र आफ्नो सम्पूर्ण कर्म सधैँ वर्तमानकालको लागि मात्र सोचेर गरेको हुनुपर्छ ।

वैतानिकं च जुहुयादग्निहोत्रं यथाविधि ।
दर्श अस्कन्दयन्पर्व पौर्णमासं च योगतः ॥ ६/९ ॥

अर्थात्:- वानप्रस्थले वैतानिक अर्थात् वानप्रस्थ अवस्थामा गरिने सम्पूर्ण अग्निहोत्र विधिअनुसार अमावस्या र पूर्णिमा यी दुवै तिथिमा तथा सबैपर्व तथा कुनै पनि अन्य यज्ञ भएको या कुनै पनि प्रकृति परिवर्तन भएको भए पनि अग्निहोत्र यज्ञलाई कहिल्यै छोड्नु हुँदैन अग्निहोत्रलाई सधैँ सबै तिथिमा आफ्नो आश्रमको गुणलाई धारण गरेर निष्ठापूर्वक हवन गर्नुपर्छ ।

ऋक्षेष्ट्याग्रयणं चैव चातुर्मास्यानि चाहरेत् ।
तुरायणं च क्रमशो दक्षस्यायनं एव च ॥ ६/१० ॥

अर्थात्:- नयाँ अन्न कुटीमा उत्पन्न भएको खण्डमा नयाँ अन्न लिएर नक्षत्रयज्ञ र चातुर्मास्य यज्ञ तथा क्रमशः उत्तरायण र दक्षिणायनको समयमा पनि नयाँ अन्न उत्पन्न भएमा कुटीमा यज्ञलाई गर्नुपर्छ

वासन्तशारदैर्मेध्यैर्मुन्यन्नैः स्वयं आहृतैः ।
पुरोडाशांश्चरूंश्चैव विधिवन्निर्वपेत्पृथक् ॥ ६/११ ॥

अर्थात्:- वसन्त र शरदऋतुमा प्राप्त हुने पवित्र र स्वयं उत्पन्न भएको निवार आदि मुनि अन्नको पुरोडाश र चरू नामक यज्ञमा हव्यको विधिअनुसार अलग अलग तरिकाले यज्ञ गर्नुपर्छ ।

देवताभ्यस्तु तद्धुत्वा वन्यं मेध्यतरं हविः ।
शेषं आत्मनि युञ्जीत लवणं च स्वयं कृतम् ॥ ६/१२ ॥

अर्थात्:- वनमा उत्पन्न भएको पवित्र हविलाई अग्निमा आहुति दिएर बचेको शेष अन्नलाई स्वयंको लागि प्रयोग गर्नुपर्छ स्वयं आफूले बनाएको नुन खानुपर्छ जुन नुन पहाड़वाट प्रकृतिक रुपमा उत्पन्न हुन्छ ।

स्थलजाउदकशाकानि पुष्पमूलफलानि च ।
मेध्यवृक्षोद्भवान्यद्यात्स्नेहांश्च फलसंभवान् ॥ ६/१३ ॥

अर्थात्:- पृथ्वीमा आफै उत्पन्न भएको कसैले लगाएको हैंन त्यस्तो सबै फलफूल, मूलको जल, कुवाको जल, इनरको जल पवित्र हुन्छ, वृक्षमा फलेको फल,सँग, अन्य जमिन मुनिको फूल, फल र वनस्पति तथा फल तथा फूलबाट उत्पन्न हुने तेललाई नै भोजनको रुपमा प्रयोह गर्नुपर्छ ।

वर्जयेन्मधु मांसं च भौमानि कवकानि च ।
भूस्तृणं शिग्रुकं चैव श्लेश्मातकफलानि च ॥ ६/१४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- वानप्रस्थ बनेर जो मनुष्य घरमा रहन्छ त्यस्तो वानप्रस्थीले यी चिजलाई कहिल्यै छुनपनि हुँदैन । शराब, मांस, च्याउ, भृतृणसँग (एक प्रकारकोसँग हो), शिग्रुक (सहजन), श्लेषात्मक फल आदि फल तथा भोजनलाई वानप्रस्थ आश्रम धारण गरेर गृहमै बसेको र वनमा बसेको दुवै मनुष्यले खानुहुँदैन ।

त्यजेदाश्वयुजे मासि मुन्यन्नं पूर्वसंचितम् ।
जीर्णानि चैव वासांसि शाकमूलफलानि च ॥ ६/१५ ॥

अर्थात्:- अघिल्लो वर्षमा धारण गरेको वस्त्र र अघिल्लो वर्षमा जम्मा गरेको अन्नलाई तथा बनाएको वस्त्रलाई आश्विन लागेपछि तुरुन्त त्याग गर्नुपर्छ अर्थात् सात महिना पुरानो हुनुभन्दा पहिले नै जम्मा गरेको अन्न तथा वनकललाई त्याग गर्नुपर्छ ।

(समयको कलमः- वर्षाऋतु शुरूहुनु पूर्व अन्न आदि र वस्त्र वर्षाकालमा आफ्नो शरीरको सुरक्षाको लागि जम्मा गरिएको हुन्छ जब वर्षाऋतु सकिन्छ तब नयाँ अन्न फेरि शुरू हुन्छ नयाँ वस्त्रको लागि नयाँ बनस्पति उत्पन्न हुन्छ, त्यसैले आफूलाई जति भोजनको जरूरत पर्छ त्यति मात्र सञ्चय गर्नुपर्छ यदि अन्न आफूसँग धेरै भएमा अन्य कम हुनेलाई प्रदान गर्नुपर्छ) ।

न फालकृष्टं अश्नीयादुत्सृष्टं अपि केन चित् ।
न ग्रामजातान्यार्तोऽपि मूलाणि च फलानि च ॥ ६/१६ ॥

अर्थात्:- वानप्रस्थको आफ्नो भोजन पूर्ण सात्विक हुनुपर्छ वानप्रस्थको भोजन गर्दा यो ध्यान राख्नुपर्छ कि जो वस्तु हलद्वारा उत्पन्न भएको तथा जो क्षेत्र (खेत)को समीप रहेको छ चाहे त्यो क्षेत्र आफ्नो स्वामीले त्याग गरेको नै किन नहोस् परन्तु त्यस्तो अन्नलाई वानप्रस्थीले भोजनको रुपमा प्रयोग गर्नुहुँदैन यदि भोजन प्राप्त भएमा या नभएमा दुःखी हुनुहुँदैन तर जङ्गलमा आफै उम्रिएको जो फलफूल जे छन् ती सबैलाई भोजनको रुपमा प्रयोग गर्नुपर्छ ॥

अग्निपक्वाशनो वा स्यात्कालपक्वभुगेव वा ।
अश्मकुट्टो भवेद्वापि दन्तोलूखलिकोऽपि वा ॥ ६/१७ ॥

अर्थात्:- वानप्रस्थ आश्रम धारण गरेर वनमा रहने वानप्रस्थीले जो अन्न आफै उत्पन्न भएको होस् त्यस्तो अन्नलाई अग्निद्वारा पकाएर खानुपर्छ भने आफै उम्रिएको आफै रुखमा आफ्नो समय आएपछि पाक्ने र पाकेपछि परिपक्व भएको फलफूललाई खानु हुन्छ तर पूर्ण सड़ने अवस्थामा पुगेको वस्तुलाई भने कहिल्यै पनि खानु या भोजनको रुपमा प्रयोग गर्नुहुँदैन । फलफूललाई दाँतले काटेर त्यो सम्भव नभएमा ढुङ्गोबाट बनेको ओखली कुटेर या मूसल बनाएर काटेर या पिसेर भोजन गर्न सकिनेछ ।

सद्यः प्रक्षालको वा स्यान्मासंचयिकोऽपि वा ।
षण्मासनिचयो वा स्यात्समानिचय एव वा ॥ ६/१८ ॥

अर्थात्:- वानप्रस्थी जो वनमा कुटीमा बसेको हुन्छ त्यसले कुटीमा आफ्नो भोजन प्रत्येक दिन पकाउनु पर्छ र आफ्नो कुटीमा एक महिना भन्दा धेरै दिनको भोजन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सञ्चय गर्नु राम्रो हैंन भने वानप्रस्थी तर गृहमा नै रहेको वानप्रस्थीले भने छ महिना या एक वर्षको लागि भोजन योग्य पदार्थलाई गृहमा सञ्चय गर्न सक्नेछ ।

नक्तं चान्नं समश्नीयाद्दिवा वाहृत्य शक्तितः ।
चतुर्थकालिको वा स्यात्स्याद्वाप्यष्टमकालिकः ॥ ६/१९ ॥

अर्थात्:- वानप्रस्थी जो वनमा कुटीमा रहेको हुन्छ त्यसले सकेसम्म केवल सुर्यास्तभन्दा पहिले नै रातकालागि भोजन गर्नु उत्तम हो तर त्यो भोजन भने त्यही दिनमा नै प्राप्त भएको हुनुपर्छ अर्थात् ताजा भोजन हुनुपर्छ यदि सकिन्छ भने शक्ति तथा क्षमता अनुसार एक अहोरात्रीमा अर्थात् चार समयमा एक समय मात्र भोजन गर्नुपर्छ अर्थात् दुई अहोरात्रीमा एक पटक या चार अहोरात्रीमा एक पटक मात्र भोजन गर्न सकिनेछ तर आफ्नो क्षमता भएमा मात्र यो नियमं पालन गर्नुपर्छ । (समयको कलमः- यहाँ भोजन भन्नाले पक्वान्न अन्न हो, फलफूललाई भोजन भनिएको हैन जो फलफूल छन् ती सबै दैनिक खान सकिने तर भोजन भने एक अहोरात्रीमा एक पटक खान स्वास्थ्यको लागि राम्रो भनिएको छ, यदि आफूसँग फलफूल उपलब्ध भएमा दुई अहोरात्रीमा एक पटक र सकिन्छ भने चार अहोरात्रीमा एक पटक पक्वान्न भोजन खानु स्वास्थ्यको लागि अति नै उत्तम हुन्छ) ।

चान्द्रायणविधानैर्वा शुक्लकृष्णे च वर्तयेत् ।
पक्षान्तयोर्वाप्यश्नीयाद्यवागूं क्वथितां सकृत् ॥ ६/२० ॥

अर्थात्:- चान्द्रायण व्रत गर्दा शुक्ल पक्ष सकिएको र कृष्ण पक्षको शुरुमा गर्नुपर्छ भने कृष्ण पक्ष र शुक्ल पक्ष मध्यको समयमा या शुक्ल पक्षको अन्त्यमा कृष्ण पक्षको शुरू हुनुभन्दा पहिले नै जौवाट वनेको पकीलुप्सी नामको जौको परिकारलाई एक पटक खानुपर्छ ।

पुष्पमूलफलैर्वापि केवलैर्वर्तयेत्सदा ।
कालपक्वैः स्वयं शीर्णैर्वैखानसमते स्थितः ॥ ६/२१ ॥

अर्थात्:- वानप्रस्थ आश्रम धारण गरेको वानप्रस्थीले आफूले सकेसम्म सधैं केवल पुष्पमूल र फल खानु, जुन समयको हो त्यही समयको फल खानु लामो समयसम्म सञ्चित गरेर राखेको फलफूल नखानु समयको हिसावले स्वयं वृक्षमा पाकेको होस् या तल खसेको होस् त्यस्तो फलफूल खानु यथासम्भव इन्द्रियलाई विषयभोग भन्दा पृथक राख्नु पर्छ ।

भूमौ विपरिवर्तेत तिष्ठेद्वा प्रपदैर्दिनम् ।
स्थानासनाभ्यां विहरेत्सवनेषूपयन्नपः ॥ ६/२२ ॥

अर्थात्:- वानप्रस्थ आश्रममा रहने वानप्रस्थी केवल भूमिमैं सुत्ने गर्नुपर्छ बिहार गर्दा खुट्टाको अघिल्लो भागको सहारमा हिँड्नु पर्छ र उभिनु परेमा पनि त्यसै गर्नुपर्छ तथा सम्भव भएमा तीनसमय अर्थात् प्रातःकाल, दिउँसो र सायंकालमा स्नान गर्न सकिने छ ।

ग्रीष्मे पञ्चतपास्तु स्याद्वर्षास्वभ्रावकाशिकः ।
आर्द्रवासास्तु हेमन्ते क्रमशो वर्धयंस्तपः ॥ ६/२३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् :- शरीरलाई सहनशील बनाउनुको लागि बिस्तारै बिस्तारै तपलाई बढाउदै शरीरलाई निखार र मौसम अनुसार परिवर्तन गर्नुको लागि ग्रीष्ममा पञ्च अग्निलाई ताप्नुपर्छ यदि वर्षा ऋतु शुरू भएमा छत नै नभएको ठाउँमा या खुल्ला ठाउँमा रहेर शरीरलाई तपाउनु पर्छ, हेमन्त ऋतु शुरू भएमा चोसो कपड़ा लगाएर विचार गर्नुपर्छ ।

(समयको कलमः- तप गर्नु दुःखको लागि हैंन शरीरको सहनशीलतालाई उत्पन्न गर्नको लागि हो तप वानप्रस्थको आवश्यक साधना हो किनकि यही तपद्वारा वानप्रस्थलाई भविष्य प्राप्त हुनु अघिको संसारमा विजय प्राप्त गर्नु हो ।)

उपस्पृशंस्त्रीषवणं पितककन्देवांश्च तर्पयेत् ।
तपश्चरंश्चोग्रतरं शोषयेद्देहं आत्मनः ॥ ६/२४ ॥

अर्थात्:- वानप्रस्थीले यदि तीन कालमा स्नान गरेपछि देवता कार्य तथा तथा पितृको लागि जलाञ्जली दिन सक्नेछन् । वानप्रस्थीले सीधा उग्रतप गर्नुहुँदैन धेरै उग्रतप भएमा शरीर समयमा भन्दा पहिले सुक्नेछ, शरीर तपद्वारा नै सुकाउनु पर्छ तर बिस्तारै बिस्तारै विधिलाई धारण गरेर मात्र ।

अग्नीनात्मनि वैतानान्समारोप्य यथाविधि ।
अनग्निरनिकेतः स्यान्मुनिर्मूलफलाशनः ॥ ६/२५ ॥

अर्थात्:- वानप्रस्थ आश्रम धारण गरेको तर गृहमा नै रहेको वानप्रस्थीले यथाविधिले दैनिक अग्नि होत्रको लागि हवनकुण्डको अग्निलाई आफ्नो गृहमा स्थित गर्नुपर्छ । तत्पश्चात् अग्नि तथा गृहको स्थानभन्दा अली पृथक् भएर फलफूल नै खाएर शास्त्रको अध्ययन भने दैनिक गर्नुपर्छ ।

अप्रयत्नः सुखार्थेषु ब्रह्मचारी धराशयः ।
शरणेष्वममश्चैव वृक्षमूलनिकेतनः ॥ ६/२६ ॥

अर्थात्:- वानप्रस्थी जो वनमा नै रहेको होस् या वानप्रस्थ बनेको तर गृहमा नै रहेको वानप्रस्थी होस् त्यस्तो वानप्रस्थले कहिल्यै पनि सुखप्राप्त गर्ने प्रयत्न गर्नुहुँदैन, ब्रह्मचारी बन्नु जमिनमै सुत्नु पर्छ यसको मतलब माटोमै सुत्न भन्ने हैंन जमिनमा सुकुल विच्छाएर सुत्नु भन्ने हो भने वानप्रस्थी भएर गृह त्याग गरेर वनमा नै रहने वानप्रस्थीले कुटी नभएमा वृक्ष या फलफूलको रुखको तल वासबस्नु तथा वासस्थानसँग कहिल्यै पनि प्रीति या गृहको सुखको सम्झना गर्नु हुँदैन ।

(समयको कलमः- शरीरको लागि सुख खोज्ने हो भने वानप्रस्थ आश्रमलाई ग्रहण गर्नुहुँदैन गृहमै रहेर आफ्नो सन्ततिसँग रहन सकिने छ र यदि वानप्रस्थ आश्रम धारण गरेको हो र वानप्रस्थ आश्रम धारण गर्नेले सुखको खोजीको लागि कुनै पनि किसिमको अतिप्रयत्न गर्नुहुँदैन, यदि वानप्रस्थी ब्रह्मचारीसँग आफ्नो पत्नी पनि आफ्नो साथमा छ भने पनि पत्नीसँग विषयचेष्टा गर्नुहुँदैन केवल भूमि मै सुत्नुपर्छ भूमिमा सुत्नु भन्नको अर्थ माटोमै सुत्ने भन्ने हैन जमिनमा बिस्तरा लगाएर सुत्न भनिएको हो, वानप्रस्थ आश्रम धारण गरेर गृह त्याग गरेको वानप्रस्थले पहिलेको सुख, आश्रित तथा स्वकीय पदार्थको स्मरण गर्नुहुँदैन कुटी नभएमा वृक्षको फेदलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो कुटी सम्झेर बस्नुपर्छ) ।

तापसेष्वेव विप्रेषु यात्रिकं भैक्षं आहरेत् ।
गृहमेधिषु चान्येषु द्विजेषु वनवासिषु ॥ ६/२७ ॥

अर्थात्:- कुनै भोजन प्राप्त नभएमा आवश्यकता परेको खण्डमा जङ्गलमा पढ्न, पढ़ाउन र योगाभ्यास गर्नको लागि आएका तपस्वी धर्मात्मा विद्वान्सँग जल र अन्य भिक्षा ग्रहण गर्न सकिने छ ती सबै गृहस्थ हो या वानप्रस्थ या वनवासी हो, ती सबैसँग आफ्नो प्राणरक्षार्थ भिक्षा ग्रहण गर्न सकिने छ ।

ग्रामादाहृत्य वाश्नीयादष्टौ ग्रासान्वने वसन् ।
प्रतिगृह्य पुटेनैव पाणिना शकलेन वा ॥ ६/२८ ॥

अर्थात्:- गृहस्थ हो या वानप्रस्थ हो या वनवासी हो, ती सबैसँग आफ्नो प्राणको रक्षार्थ आफूसँग भएको भिक्षा पत्रमा भिक्षा ग्रहण गरेर केवल आठ गाँस मात्र भोजन गर्नुपर्छ ।

एताश्चान्याश्च सेवेत दीक्षा विप्रो वने वसन् ।
विविधाश्चाउपनिषदीरात्मसंसिद्धये श्रुतीः ॥ ६/२९ ॥

अर्थात्:- यस प्रकारले ज्ञानीले वानप्रस्थी बनेर वनमा नै रहेर अन्य व्रतलाई धारण गर्नुपर्छ, निरन्तर आत्मचिन्तन गर्नुपर्छ, आत्मा तथा परमात्माको बारेमा ज्ञानप्राप्त गर्नको लागि ज्ञान र उपासना विषयमा, श्रुतिमा रहेको ज्ञानको अर्थको बारेमा विश्लेषण गरेर ध्यान, भक्ति तथा उपासना गर्नुपर्छ ।

ऋषिभिर्ब्राह्मणैश्चैव गृहस्थैरेव सेविताः ।
विद्यातपोविवृद्ध्यर्थं शरीरस्य च शुद्धये ॥ ६/३० ॥

अर्थात्:- विद्या र तपको वृद्धि तथा शरीरको शुद्धिको लागि श्रुतिमा रहेको ज्ञानको नियमलाई पालन गरेर त मनुष्य ऋषि, ब्राह्मण र गृहस्थ बनेको हुन्छ त्यसैले सबै मनुष्यले श्रुतिमा भनिएको सम्पूर्ण ज्ञानलाई स्वःधारण गर्नुपर्छहुँदैन

अपराजितां वास्थाय व्रजेद्दिशं अजिह्मगः ।
आ निपाताच्छरीरस्य युक्तो वार्यनिलाशनः ॥ ६/३१ ॥

अर्थात्:- सन्यासीले चाहे एक स्थानमा बसेर समाधिद्वारा प्राकृत पदार्थले सम्पन्न यो मनुष्य शरीर पृथत्व भएको ज्ञान तथा अनुभूति प्राप्त गर्नुपर्छ अथवा कुनै पनि प्रकृति परिवर्तनलाई सहर्ष स्वीकार गर्दै जे जसरी आफ्नो जीवन सन्यासः आश्रम कट्छ त्यसरी नै चलाउनु पर्छ जबसम्म प्राणले शरीरलाई त्याग गर्दैन ।

(माथिको श्लोकमा सन्यास आश्रममा गर्नुपर्ने विधान र शरीरको अवस्थाको बारेमा भनिएको अर्थ उपदेश हो तर जसको मुक्तिको उपकार भएको छ त्यसको लागि कुनै भक्ति साधनको आवश्यकता छैन) ।

आसां महर्षिचर्याणां त्यक्त्वान्यतमया तनुम् ।
वीतशोकभयो विप्रो ब्रह्मलोके महीयते ॥ ६/३२ ॥

अर्थताः- सन्यास आश्रममा रहेर न कुनै लोभ, न कुनै भय, न कुनै लालचको अवस्था स्थित भएर सम्पूर्ण विषयवासना बाट मुक्त भएर समाधि अवस्थामा नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो प्राणलाई त्याग गर्ने मनुष्य सीधा ब्रह्मलोक मैं पूजित हुन्छ ।

वनेषु च विहृत्यैवं तृतीयं भागं आयुषः ।
चतुर्थ आयुषो भागं त्यक्वासँगान्परिव्रजेत् ॥ ६/३३ ॥

अर्थात्:- मनुष्य जन्ममा जन्मको सय वर्षको आयु मध्ये पहिले अवधि ब्रह्मचर्य आश्रम, दोस्रो अवधि गृहस्थ आश्रम, तेस्रो अवधि वानप्रस्थ आश्रम र चौथो अवधि सन्यास आश्रम मध्येको तेस्रो आश्रम वानप्रस्थ आश्रम सकिएपछि आयुको तेस्रो भागको आश्रमको बाँकी बचेको समयको भागमा धेरैमा पच्चीस वर्ष र थोरैमा वाह्र वर्षसम्म वानप्रस्थ आश्रम धारण गरेर विहार गरेर सकिएपछि आयुको चैथो भाग अर्थात् सत्तरीदेखि पचहत्तर वर्षपछि मात्र सांसारिक लोभ तथा मोहका सम्पूर्ण विधि विधान र संरचनालाई त्यग गरेर सन्यास आश्रमलाई धारण गरेर परिब्राजक अर्थात् सन्यासी वन्नुपर्छ ।

आश्रमादाश्रमं गत्वा हुतहोमो जितेन्द्रियः ।
भिक्षावलिपरिश्रान्तः प्रव्रजन्प्रेत्य वर्धते ॥ ६/३४)

अर्थात्:- मनुष्यले जुनसुकै आश्रम धारण गरेको होस् त्यस मनुष्यले जितेन्द्रिय भएर यज्ञको सम्पूर्ण विधानलाई धारण गरेर यथाक्रमले एक आश्रममा रहोस् या अन्य आश्रम धारण गरेर आफ्नो कर्मलाई जितेन्द्रिय भएर सम्पन्न गरेको हुन्छ आफ्नो कर्ममा भिक्षा तथा वलिकर्म गर्दा श्रमित भएर थाकेपछि अन्त्यको आश्रम सन्यास आश्रमलाई धारण गरेको अवस्थामा परलोक भएमा पनि ब्रह्मपदलाई प्राप्त गरेको हुन्छ ।

ऋणानि त्रीण्यपाकृत्य मनो मोक्षे निवेशयेत् ।
अनपाकृत्य मोक्षं तु सेवमानो व्रजत्यधः ॥ ६/३५ ॥

अर्थात्:- मनुष्यको आफ्नो जन्ममा तीन ऋण पुरा गर्नुपर्छ ती तीन ऋण हुन् देवऋण, पितृऋण तथा ऋषिऋण हुन, यदि यी सबै ऋणलाई पुरा नगरी आफ्नो मनलाई मोक्षमा लगाएर यी ऋणलाई पुरा नगरी मोक्षको कामना गरेर अन्य कर्म गर्नको लागि शुरू गरेको हुन्छ त्यस मनुष्यको मृत्युपछि सीधा अधोगति हुन्छ ।

अधीत्य विधिवद्वेदान्पुत्रांश्चोत्पाद्य धर्मतः ।
इष्ट्वा च शक्तितो यज्ञैर्मनो मोक्षे निवेशयेत् ॥ ६/३६ ॥

अर्थात्:- वेदलाई नियमानुसार पढेर आचारणलाई आफूमा धारण गरेर देवऋण, धर्म अनुकूल आचारणलाई धारण गरेर सन्तानलाई उत्पन्न गरेर पितृऋण र यथाशक्ति प्रकृति सन्तुलनको लागि कार्य गरेर र पञ्चयज्ञ गरेर ऋषिऋण लाई पुरा गरेपछि मात्र सन्यास आश्रम धारण गरेपछि मात्र मनलाई मोक्षको विधानमा लगाउनु पर्छ ।

अनधीत्य द्विजो वेदाननुत्पाद्य तथा सुतान् ।
अनिष्ट्वा चैव यज्ञैश्च मोक्षं इच्छन्व्रजत्यधः ॥ ६/३७ ॥

अर्थात्:- जसले वेदको अध्ययन नै नगरी, सन्तान उत्पन्न नै नगरी, पञ्चयज्ञ नै नगरी जसले मोक्षको इच्छा गरेको हुन्छ त्यसको मृत्युपछि सीधा अधोगतीलाई प्राप्त हुन्छ ।

(समयको कलमः- ब्राह्मण, क्षत्रीय, वैश्य र शुद्र जुन कुलमा जन्मेको भए पनि त्यस मनुष्यले वेद अध्ययन नै नगरी धर्मको विधान धारण गरेर सन्तानको जन्म दिएन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा पञ्च महायज्ञको अनुष्ठान नै नगरी सीधा मोक्षको इच्छा गरेको हुन्छ भने त्यसले त्यसको मृत्युपछि सीधा अधोगतीलाई प्राप्त गरेको हुन्छ, किनकि मनुष्यको जन्म वेद अध्ययन गरेर जीवात्माको अज्ञानतालाई दूर गर्न र प्रकृति, आत्मा र परमात्माको बारेमा जान्नु र अनुभूति गर्नको निमित्त हो)

प्रजापत्यं निरुप्येष्टिं सर्ववेदसदक्षिणाम् ।
आत्मन्यग्नीन्समारोप्य ब्राह्मणः प्रव्रजेद्गृहात् ॥ ६/३८ ॥

अर्थात्:- प्रजापत्य यज्ञलाई पूर्ण सम्पन्न गरे पश्चात् सबैलाई दक्षिणा दिएर तथा आफ्नो आत्मालाई अग्निको साक्षी मानेर त्यही साक्षीलाई आफ्नो आत्मा समर्पण गर्ने प्रण गरेर ज्ञानीले आफ्नो सम्पूर्ण सम्पत्ति आफ्नो सन्ततीलाई सुम्पेर आफ्नो गृहलाई परित्याग गर्नुपर्छ अर्थात् सन्यास आश्रम धारण गर्नुपर्छ ।

(समयको कलमः- यदि कुनै सन्तति नभएमा प्रजापत्य यज्ञमा आफ्नो सबै सम्पत्ति वेदज्ञानी ब्रह्मालाई दक्षिणामा दान दिएर जो वेदज्ञानी ब्राह्मण जोसँग गुरुकुल सञ्चालन रहेको हुन्छ, त्यसलाई आफूसँग भएको वेदलाई अग्निमा हवन गरेर सन्यास धारण गर्नुपर्ने हुन्छ । परन्तु सन्यासाश्रममा आफ्नो आत्मालाई नै अग्नि मानिन्छ आत्मलाई अग्निमा समर्पण गर्ने प्रण गरेपछि आत्मा नै अग्नि स्वरुप हुनपुग्छ, प्रजापत्य यज्ञको भौतिक यज्ञको स्थानमा आत्मिक यज्ञ गर्नुपर्छ । त्यसैले सन्यासः आश्रममा भौतिक यज्ञलाई निषेध गरिएको छ ।

यो दत्त्वा सर्वभूतेभ्यः प्रव्रजत्यभयं गृहात् ।
तस्य तेजोमया लोका भवन्ति ब्रह्मवादिनः ॥ ६/३९ ॥

अर्थात्:- आफ्नो सम्पूर्ण आश्रमको कर्तव्यलाई क्रमशः पुरा गरेर अन्त्यमा आफ्नो सर्वस्व दान गरेर लालचरहित भयरहित भएर गृहलाई त्याग गरेर सन्यास आश्रम ग्रहण गरेर जो ज्ञानी ब्रह्मवादी बनेर आफ्नो अन्तिम सत्यतालाई प्राप्त गरेको हुन्छ त्यस ज्ञानीको लोक(परलोक प्रकाशमय हुन्छ अर्थात् ऊ अन्धकारयुक्त योनीलाई प्राप्त गर्दैन ब्रह्मलोकलाई प्राप्त गरेको हुन्छ ।

(समयको कलमः- जो मनुष्यले सम्पूर्ण भूत अर्थात् आफ्नो जीवनमा जम्मा गरेको सम्पत्तिको अवयवलाई सम्पूर्ण प्राणीको कल्याणको लागि समर्पण गरेर, गृहलाई त्याग गरेर सन्यासी बनेको हुन्छ त्यस्तो मनुष्य ब्रह्मवादी हो अर्थात् ईश्वरद्वारा प्रकाशित वेदको विधानानुसार धर्म आदि विद्याको बारेमा उपदेश गर्ने सन्यासी आफ्नो जीवनको अन्तिम सत्य मृत्युलाई प्राप्त गरेपछि त्यस्तो सन्यासीले प्रकाशमय अर्थात् मुक्तिको आनन्दस्वरुप लोकलाई प्राप्त गरेको हुन्छ ।

यस्मादण्वपि भूतानां द्विजान्नोत्पद्यते भयम् ।
तस्य देहाद्विमुक्तस्य भयं नास्ति कुतश्चन ॥ ६/४० ॥

अर्थात्:- जो मनुष्यले सम्पूर्ण प्राणीमा समभाव राखेको हुन्छ, जुन ज्ञानी मनुष्यको कारण सृष्टि अवयवको संरचमा कुनै पनि असर परेको छैन अर्थात् प्रकृति विरुद्धको कार्य भएको छैन यस्तो ज्ञानी ब्राह्मणको मृत्यु उर्ध्वगामी भएर आनन्दस्वरुप लोकलाई सीधा प्राप्त गरेको हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अगारादभिनिष्क्रान्तः पवित्रोपचितो मुनिः ।
समुपोढेषु कामेषु निरपेक्षः परिव्रजेत् ॥ ६/४१ ॥

अर्थात्:- सबै आश्रमको कर्मलाई पुरा गरेर सबै गृहको सुखको सबै कर्मलाई त्याग गरेर हातमा कमण्डलु धारण गरेर पवित्र भावना र पवित्रान्तःकरण मननशील भएको भएपछि मात्र मनुष्यले गृहाश्रमबाट निस्किएर सन्यास अश्रमलाई ग्रहण गर्नुपर्छ अथवा ब्रह्मचर्य जस्तै बनेर नै संन्यासलाई ग्रहण गर्नुपर्छ ।

एक एव चरेन्नित्यं सिद्ध्यर्थ असहायवान् ।
सिद्धिं एकस्य संपश्यन्न जहाति न हीयते ॥ ६/४२ ॥

अर्थात्:- मोक्ष सिद्धिको लागि कसैको आश्रय खोज्नु पर्दैन मोक्ष सामूहिक भएर प्राप्त हुने होइन मोक्ष एक्लैले प्राप्त गर्ने हो, मोक्षसिद्धिको लागि कसैको सहारा या आश्रयको इच्छारहित भएर सर्वदा एकाकी भावना पूर्वक विचरण गर्नुपर्छ अर्थात् कुनै पुत्र पौत्र(नाति) सम्बन्धी, नाता, मित्र आदिको आश्रय खोज्नुहुँदैन र ती सबैलाई आफ्नो साथमा राख्न पनि हुँदैन, यस प्रकारको गुणलाई धारण गर्नेले उसलाई न कसैलाई छोडेको हुन्छ र न कसैले उसलाई छोडेको हुन्छ अर्थात् यस्तो गर्नेले मृत्युको समयमा कसैसँग विछोड हुने दुःखको भावना आफै समाप्त हुन्छ ।

अनग्निरनिकेतः स्याद्ग्रामं अन्नार्थ आश्रयेत् ।
उपेक्षकोऽसंकुसुको मुनिर्भावसमाहितः ॥ ६/४३ ॥

अर्थात्:- सन्यासीसँग न आफ्नो चूल्हा हुन्छ, न घर हुन्छ न कुनै आशा हुन्छ न कुनै निराशा हुन्छ, अन्नको लागि भिक्षा लिन गाउँमा जानु, सुखदेखि उदासीन हुनु, मन चञ्चल नहुनु मुनिको भावलाई राख्नु यही सन्यासीको आचरण हो, भोजनको लागि गृहस्थीको घरमा भिक्षा माग्नु तर मनमा कुनै पनि लोभ या लालच लिनु हुँदैन ।

कपालं वृक्षमूलानि कुचेलं असहायता ।
समता चैव सर्वस्मिन्नेतन्मुक्तस्य लक्षणम् ॥ ६/४४ ॥

अर्थात्:- सन्यासी अर्थात् मुक्त मनुष्यले यी नियमलाई सधैँ पालन गर्नुपर्छ ।

१) श्रृंगाररहित हुनुपर्छ ।
२) गृहसुखको कुनै लालच हुनुहुँदैन ।
३) प्राकृतिक साधनबाट निर्मित वस्त्रलाई धारण गर्नुपर्छ ।
४) असहायता अर्थात् कसैप्रति निर्भर हुनुहुँदैन र
५) सबै जीवमा समभाव देख्नुपर्छ

नाभीनन्देत मरणं नाभीनन्देत जीवितम् ।
कालं एव प्रतीक्षेत निर्वेशं भृतको यथा ॥ ६/४५ ॥

अर्थात्:- सन्यासीले आफ्नो जीवनको मृत्युको इच्छा जीवनमा बाँच्न चाहने कामना कहिल्यै पनि इच्छा गर्नुहुँदैन । सन्यासीले केवल समयको मात्र ध्यान राख्नुपर्छ, जसरी सेवकले आफ्नो स्वामीको आज्ञाको ध्यान राखेको हुन्छ ठीक त्यस्तै किनकि जीवन वा मृत्युको इच्छाको राग द्वेष विना हुन् सक्दैन ।

दृष्टिपूतं न्यसेत्पादं वस्त्रपूतं जलं पिवेत् ।
सत्यपूतां वदेद्वाचं मनःपूतं समाचरेत् ॥ ६/४६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- सन्यासी आफ्नो मार्ग हिँड्दा सीधा हेरेर जमिनमा हेरेर चल्नुपर्छ दृष्टि चञ्चल गर्नुहुँदैन, आफ्नो दृष्टिलाई सधैँ सीधा नै राख्नुपर्छ, कुनै पनि प्राणीको हत्या नहोस् कुनै पनि जीवलाई कष्ट नहोस् भनेर आफ्नो वस्त्रले छानेर पानी पिउनुपर्छ, निरन्तर सत्य बोल्नु, सर्वदा मनले विचार गरेर शास्त्रको नियमअनुसार सत्यलाई ग्रहण गर्नु र असत्यलाई सधैँ त्याग गर्नुपर्छ ।

अतिवादांस्तितिक्षेत नावमन्येत कं चन ।
न चेमं देहं आश्रित्य वैरं कुर्वीत केन चित् ॥ ६/४७ ॥

अर्थात्:- कसैले नराम्रो गरेमा कुनै चिन्ता गर्नुहुँदैन, कसैको पनि अनादर गर्नुहुँदैन सन्यासीले यो शरीरको आश्रय लिएर कसैसँग पनि शत्रुता गर्नुहुँदैन ।

क्रुद्ध्यन्तं न प्रतिक्रुध्येदाक्रुष्टः कुशलं वदेत् ।
सप्तद्वारावकीर्णां च न वाचं अनृतां वदेत् ॥ ६/४८ ॥

अर्थात्:- कुनै विषय कुनै कारणले नै मनुष्य झूटो बोल्नमा प्रवृत्त हुन्छ । झुटोको प्रवेश 'सात द्वार' बाट हुन्छ त्यसैले सातद्वारालाई सधैँ आफ्नो नियन्त्रणमा राख्नुपर्छ सातद्वाराको अर्थ यो हो कि सत्य एक हुन्छ । असत्य अनेक हुन्छ । सातको अर्थ हो अनेक। अर्थात् मनुष्य झूटो बोलेको भएमा धेरै तिर सोचिरहरेको हुन्छ झुटो बोल्ने मनुष्यको वाणी एक विषयलाई छोडेर अनेक विषयमा फैलिएको हुन्छ ।

(समयको कलमः- सन्यासीले उपदेश वा संवाद आदि गर्दा यदि कसैले घृणा, अपशब्द र निन्दा गरेमा सन्यासीले कहिल्यै पनि त्यस मनुष्यप्रति क्रोध, रिस, डाह र ईर्ष्या गर्नुहुँदैन किन्तु सधैँ त्यस मनुष्यको कल्याणार्थको लागि उपदेश नै गर्नुपर्छ कसैले घृणा गरेमा मुखको एक, नाकको दुई, आँखाको दुई र कानको दुई छिद्रबाट सुनेको देखेको अनुभूति गरेर बिग्रिएको वाणीले कसैलाई मिथ्या कारण कहिल्यै बोल्नु हुँदैन ।

अध्यात्मरतिरासीनो निरपेक्षो निरामिषः ।
आत्मनैव सहायेन सुखार्थी विचरेदिह ॥ ६/४९ ॥

अर्थात्:- सन्यासी सधैँ आत्मज्ञानमा लगिरहनु पर्छ सुखको कुनै कमान र दुःखको कुनै अनुभूति गर्नुहुँदैन विषयमा कहिल्यै पनि लीन हुनुहुँदैन आत्म-ज्ञानको सहायताले यस संसारमा समभाव भएर रहनुपर्छ जबसम्म जीवित रहन्छ ।

न चोत्पातनिमित्ताभ्यां न नक्षत्राङ्गविद्यया ।
नानुशासनवादाभ्यां भिक्षां लिप्सेत कर्हि चित् ॥ ६/५० ॥

अर्थात्:- सन्यासीले कसैसँग पनि भिक्षा माग्ने समयमा झुटो बोलेर भिक्षा माग्नुहुँदैन, देवी देवताको डर देखाएर, भूकम्प आदिको डर देखाएर या भूकम्प आउने छ भनेर, आकाशमा उत्पात हुनेछ भनेर, आँखा फर्फराउने आदिको झुटो फल भनेर, राहु, केतु आदि ग्रहको ज्ञानलाई दुरुपयोग गरेर, राजनैतिक कुरा गरेर या वाद विवाद गरेर कहिल्यै पनि भिक्षा माग्नु हुँदैन ।

न तापसैर्ब्राह्मणैर्वा वयोभिरपि वा श्वभिः ।
आकीर्णं भिक्षुकैर्वान्यैरगारं उपसंव्रजेत् ॥ ६/५१ ॥

अर्थात्:- सन्यासीले भिक्षा ग्रहण गर्दा निम्नकुरा ध्यानराख्नु पर्छ तपस्वीले घेरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घर भएमा, वेदज्ञानी ब्राह्मणको घरमा, पंक्षिको पालन गरेको घरमा, कुकुर पालन गरेको घरमा या भिखारीको घरमा कहिल्यै पनि भिक्षा माग्नु हुँदैन ।

क्ल्प्तकेशनखश्मश्रुः पात्री दण्डी कुसुम्भवान् ।
विचरेन्नियतो नित्यं सर्वभूतान्यपीडयन् ॥ ६/५२ ॥

अर्थात्:- वानप्रस्थ आश्रमपछि सन्यास आश्रम ग्रहण गरेर सन्यास लिनुभन्दा पहिले सन्यासीले पुरा शरीरको शुद्धिको साथमा केश, नङ, दारी, जुँगालाई पुरा सफाइ गरेर हातमा भिक्षापात्र लिएर, हातमा लाठी लिएर, कमण्डलु धारण गरेर कुनै पनि प्राणीलाई कष्ट नदिने प्रतिज्ञा गर्नुपर्छ ।

अतैजसानि पात्राणि तस्य स्युर्निर्व्रणानि च ।
तेषां अद्भिः स्मृतं शौचं चमसानां इवाध्वरे ॥ ६/५३ ॥

अर्थात्:- सन्यासीले कहिल्यै पनि धातुको वस्तु प्रयोग गर्नुहुँदैन माटोवाट बनेको समान प्रयोग गर्नुपर्छ तर तुम्वा राख्न सकिनेछ तर त्यो छिद्ररहित हुनुपर्छ तुम्वालाई जल र माटोले पहिले सफा गरेर मात्र धारण गर्नुपर्छ ।

अलाबुं दारुपात्रं च मृण्मयं वैदलं तथा ।
एताणि यतिपात्राणि मनुः स्वायंभुवोऽब्रवीत् ॥ ६/५४ ॥

अर्थात्:- सन्यासीले लौकी, काठ, माटो र बाँसवाट बनेको पात्रलाई आफ्नो प्रयोगको लागि साथमा राख्न सकिनेछ, तर सन्यासीले कहिल्यै पनि अनावश्यक पात्रलाई ग्रहण गर्नुहुँदैन जो पात्र अत्यन्तावश्यकीय छ त्यसलाई सधैँ आफ्नो साथमा राख्नुपर्छ । अन्य कुनै पनि पात्रलाई आफ्नो मनले भनेअनुसार ग्रहण गर्नुहुँदैन ।

एककालं चरेद्भैक्षं न प्रसज्जेत विस्तरे ।
भैक्षे प्रसक्तो हि यतिर्विषयेष्वपि सज्जति ॥ ६/५५ ॥

अर्थात्:- सन्यासीले एक दिनमा केवल एक समय मात्र भिक्षालाई याचन गर्नुपर्छ, अधिक भिक्षा ग्रहण गर्नाले सन्यासी संसारिक विषयमा लिप्त भएर आफ्नो सन्यास नामी व्रतलाई छोड्नपुग्छ त्यसैले सन्यासीले एकपटक भोजन गर्नालाई जति भिक्षाको आवश्यक पर्छ त्यतिमात्र भिक्षा माग्नुपर्छ ।

विधूमे सन्नवरणे व्यङ्गारे भुक्तवज्जने ।
वृत्ते शरावसंपाते भिक्षां नित्यं यतिश्चरेत् ॥ ६/५६ ॥

अर्थात्:- सन्यासीले गृहस्थीसँग भिक्षा ग्रहण गर्न जानु भन्दा पहिले निम्न कुरालाई सधैँ ध्यान राख्नुपर्छ घरको चिमनीवाट धुवाँ निस्किन बन्द भएको हुनुपर्छ, मुसलको आवाज आएको हुनुहुँदैन, प्रातःकाल मै या त्यसपछि गृहस्थीले भोजन गरिसकेको हुनुपर्छ, जुठ्यानमा खाना बनाएको भाँडा निकाली सकेको हुनुपर्छ यस्तो घरमा मात्र सन्यासीले भिक्षा माग्नुपर्छ ।

(समयको कलमः- यो श्लोकको तात्पर्य यो हो कि गृहस्थीको सबै सदस्यले भोजन गरिसकेको हुनुपर्छ भोजन गरेर बचेको भोजनलाई भिक्षाको रुपमा दिनको लागि कसैलाई पनि कष्ट हुँदैन, गृहस्थीले भोजन तयार गर्दैछ या भोजन बनेर तैयार भएको समयमा नै सन्यासी गृहमा भिक्षा माग्न पुगेको खण्डमा गृहस्थीलाई दुःख लाग्न सक्ने सम्भावना पनि हुन्छ) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अलाभे न विषदी स्याल्लाभे चैव न हर्षयेत् ।
प्राणयात्रिकमात्रः स्यान्मात्रासँगाद्विनिर्गतः ॥ ६/५७ ॥

अर्थात्:- सन्यासीलाई कुनै भिक्षा नमिलेमा दुःखी हुनुहुँदैन भिक्षा मिल्यो भनेर हर्ष पनि गर्नुहुँदैन, सन्यासीले यति मात्र भोजन गर्नुपर्छ कि चार भागमा एक भाग भोजन, एक भाग हावा र दुईभाग पानीलाई ठाउँ राखेर भोजन गर्नुपर्छ ताकि जीवन यात्रा बनिरहोस्, विषय बास्नासँग भने सधैँ बँच्नु पर्छ ।

अभिपूजितलाभांस्तु जुगुप्सेतैव सर्वशः ।
अभिपूजितलाभैश्च यतिर्मुक्तोऽपि बध्यते ॥ ६/५८ ॥

अर्थात्:- सन्यासीले कसैको पनि धेरै आदर सत्कारलाई स्वीकार गरेर कसैले दिने धेरै भिक्षा या अन्य लाभबाट सर्वदा टाढा रहनुपर्छ, कसैको धेरै आदर सत्कारबाट प्राप्त हुने भिक्षा अथवा अन्य लाभबाट प्राप्त भएको भिक्षाले विषयबाट मुक्त भएको सन्यासी फेरि विषयमा लिप्त हुन् सक्छ सन्यासीले यो कुरामा ध्यान राख्नुपर्छ ।

अल्पान्नाभ्यवहारेण रहःस्थानासनेन च ।
ह्रियमाणानि विषयैरिन्द्रियाणि निवर्तयेत् ॥ ६/५९ ॥

अर्थात्:- सन्तुलित र थोरै भोजन गरेर एकान्त स्थानमा निवास गरे पनि विषयबास्नातिर खिच्ने इन्द्रियलाई भने सधैँ आफ्नो नियन्त्रणमा राख्नुपर्छ ।

इन्द्रियाणां निरोधेन रागद्वेशक्षयेण च ।
अहिंसया च भूतानां अमृतत्वाय कल्पते ॥ ६/६० ॥

अर्थात्:- विषय बास्नाबाट इन्द्रियलाई नियन्त्रण गर्नेले, राग द्वेष, अहङ्कार आदि रोगलाई नियन्त्रण गर्नेले, सबैमा समभाव राख्नाले, कसैसँगपनि द्वेष आदि नगर्नाले, तथा निर्वैर भएर सबै प्राणीलाई एक जस्तै व्यवहार गर्नेले मात्र सन्यासी मोक्ष प्राप्तिको लागि सामर्थ्यवान् हुन्छ ।

अवेक्षेत गतीर्नककणां कर्मदोषसमुद्भवाः ।
निरये चैव पतनं यातनाश्च यमक्षये ॥ ६/६१ ॥

अर्थात्:- कर्मको दोष नभएको खण्डमा मनुष्यलाई कहिल्यैपनि नराम्रो गति, प्रकृति र दैविक कष्टलाई भोग्न तथा मृत्युको समयमा हुने पीड़ा भोग्नु पर्दैन भन्ने नियमको बारेमा विचार गरेर मुक्तिको लागि सधैँ प्रयत्न गर्नुपर्छ ।

विप्रयोगं प्रियैश्चैव संयोगं च तथाप्रियैः ।
जरया चाभिभवनं व्याधिभिश्चोपपीडनम् ॥ ६/६२ ॥

अर्थात्:- प्रियजनबाट वियोग हुनुपर्ने तथा शत्रुको अधीन मा हुनुपर्ने त्यसबाट प्राप्त हुने कष्ट, बुढेसकालमा रोगद्वारा आक्रान्त हुनु, तथा शरीरको कमजोरीबाट पीड़ित हुनुपर्ने कर्मफल भोग्नुपर्ने, फेरि यो पञ्चतत्वको शरीरबाट जीवात्मा निस्किनु, भन्ने चक्रको विधानलाई बुझेर मनलाई सधैँ निराशक्त भएर कर्म गर्दै मुक्तिको विधानलाई ध्यान राखेर कर्म गर्नुपर्छ ।

देहादुत्क्रमणं चाष्मात्पुनर्गर्भे च संभवम् ।
योनीकोटिसहस्रेषु सृतीश्चास्यान्तरात्मनः ॥ ६/६३ ॥

अर्थात्:- मृत्युपछि कर्मकोफल प्राप्तगर्नु कर्मको कर्मफल अनुसार जीवात्मा फेरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्भमा प्रवेश गर्नु पुनः जन्म लिनु फेरि सुख, दुःख, लाभ हानी आदिलाई भोग्नु यस प्रकारले जीवात्माको कर्मफलको भोगाइ अनेक योनीलाई प्राप्त गरेर पटक पटक आवागमन हुनुपर्ने नियमको बारेमा विचार गरेर अनेक जन्म र अनेक कष्टलाई देखेर मनलाई निराशक्त भावमा लगाएर निराशक्त भएर कर्मगर्दै मनलाई आफ्नो मुक्तिको मार्गमा लगाउनु पर्छ ।

अधर्मप्रभवं चैव दुःखयोगं शरीरिणाम् ।
धर्मार्थप्रभवं चैव सुखसंयोगं अक्षयम् ॥ ६/६४ ॥

अर्थात्:- मनुष्यले यो कुरालाई सधैं यो ध्यान राख्नुपर्छ कि कुनै पनि अवस्था बिनाकरण कहिल्यै प्राप्त हुँदैन यो विधिको विधान हो त्यसैले यो निश्चित नियम हो कि प्राणीलाई प्राप्तहुने सबै प्रकारको दुःख अधर्म अर्थात् वेदविरुद्धको कार्य गर्नेले नै प्राप्त हुन्छ भन्ने बुझ्नुपर्छ भने अक्षयसुख अर्थात् कहिल्यै ह्रास नहुने सुख भने वेदले निर्देशन गरेअनुसार धर्मको आचरण धारण गरेर कर्मगर्नाले मात्रप्राप्त हुन्छ भन्ने कुरालाई सधैं ध्यान राख्नुपर्छ ।

सूक्ष्मतां चान्ववेक्षेत योगेन परमात्मनः ।
देहेषु च समुत्पत्तिं उत्तमेष्वधमेषु च ॥ ६/६५ ॥

अर्थात्:- भक्ति, उपासना तथा योगद्वारा परमात्माको शाश्वत्, निराकार र सूक्ष्मताको बारेमा विचार गर्नुपर्छ र साथ साथ कर्मको कर्मफलको नतिजा उत्तम र अधम योनीको पनि विचार गर्नुपर्छ किनकि मनुष्यमा विश्लेषण गर्ने क्षमता रहेको हुन्छ ।

दूषितोऽपि चरेद्धर्म यत्र तत्राश्रमे रतः ।
समः सर्वेषु भूतेषु न लिङ्गं धर्मकारणम् ॥ ६/६६ ॥

अर्थात्:- सन्यास आश्रम धारण गरेको सन्यासीलाई कसैले पनि निन्दा, घृणा, आदि दूषित वाक्यद्वारा अपमानित गरेमा पनि सन्यासी आफूले नै स्वयं धर्मरत रहेर, संयम बनेर कुनै पनि क्रोध बिना आश्रममा सबै आश्रमवासीको लागि सत्यको बारेमा धर्मको उपदेश गर्नुपर्छ एवं जो मनुष्यले अन्य सबै मनुष्यलाई समभावले देखेर धर्मको उपदेश गरेको हुन्छ त्यही मनुष्य नै सन्यासी हो, श्वेत वस्त्र, दण्ड कमण्डु आदि बाह्य चिह्न धर्मको कारण हैन ।

फलं कतकवृक्षस्य यद्यप्यम्बुप्रसादकम् ।
न नामग्रहणादेव तस्य वारि प्रसीदति ॥ ६/६७ ॥

अर्थात्:- निर्मली(कतक) वृक्षको फल पानीद्वारा शुद्ध हुन्छ निर्मलीको फल हातमा छ तर पानी छैन निर्मलीको फल पानीले सफा हुन्छ मात्र भनेर पानीको नाम ग्रहण गर्नाले मात्र निर्मलीको फल शुद्धि हुँदैन किन्तु फललाई पानीमा नराखेसम्म कहिल्यै पनि सफा हुँदैन ठीक त्यस्तै नाम मात्रको आश्रम धारण गरेको छु भनेर केही हुँदैन तर आफूले धारण गरेको आश्रमलाई धर्मयुक्त भएर कर्म गर्नाले मात्र आश्रम धारण सफल हुन्छ, अन्यथा हुँदैन ।

(समयको कलमः मनुष्य केवल वेदधारी वा सभामा नाम लेख्नाले आफूलाई धर्मात्मा मानेका हुन्छ यो सोच भएको सबै देखावटी र ढोँगी व्यक्ति हुन्, धार्मिक हुनलाई वेदले निर्देशन गरेको कर्म गर्ने मनुष्य मात्र धार्मिक हो भनेर महर्षि मनुले भन्नुभएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र देखावटी, नक्कली, कलाकृति भएको काल्पनिक चिह्न धर्मको विधान हैन भनेर महर्षि मनुले भन्नुभएको)

संरक्षणार्थं जन्तूनां रात्रावहनि वा सदा ।
शरीरस्यात्यये चैव समीक्ष्य वसुधां चरेत् ॥ ६/६८ ॥

अर्थात्:- मनुष्यले सम्पूर्ण प्राणीको रक्षा गर्नुपर्छ त्यो प्राणी निशाचर होस् र दिवाचर होस् कसैको पनि जीवहिंसा गर्नुहुँदैन प्रत्येक समयमा ती सबै प्राणीलाई कुनै पनि कष्ट नहोस् भनेर ख्याल राख्नुपर्छ मनुष्यले यात्रा गर्दापनि सधैं ध्यान राख्नुपर्छ जीवहिंसा नहोस् मेरो कारणले कुनै पनि जीवलाई कष्ट नहोस् ।

अह्ना रात्र्या च यान् जन्तून्हिनस्त्यज्ञानतो यतिः ।
तेषां स्नात्वा विशुद्ध्यर्थं प्राणायामान्षडाचरेत् ॥ ६/६९ ॥

अर्थात्:- अज्ञानमा कुनै पनि जीवहिंसा भएमा त्यस पाप कर्मको कर्मफल भोगगर्नको लागि स्नान गरेर प्राणायाम गर्नुपर्छ तवमात्र शरीर शुद्ध हुन्छ ।

प्राणायामा ब्राह्मणस्य त्रयोऽपि विधिवत्कृताः ।
व्याहृतिप्रणवैर्युक्ता विज्ञेयं परमं तपः ॥ ६/७० ॥

अर्थात्:- यदि कुनै पनि ज्ञानी मनुष्य अर्थात् ब्राह्मणले अज्ञानमा कुनै पनि प्राणीको हत्या गरेमा स्नान गरेर व्याहृत तथा प्रणव (ॐ जप) गरेर विधिवत तरिकाले तीन पटक प्राणायाम गर्नू त्यही नै ब्राह्मणको परमतप हो ।

(ॐ भूः, ॐ भुवः, ॐ स्वः, ॐ महः, ॐ जनः, ॐ तपः, ॐ सत्यम्, यो व्याहृति(प्रण्व(युक्त, प्राणायाम मन्त्र हो)

दह्यन्ते ध्मायमानानां धातूनां हि यथा मलाः ।
तथेन्द्रियाणां दह्यन्ते दोषाः प्राणस्य निग्रहात् ॥ ६/७१ ॥

अर्थात्:- जसरी धातुलाई अग्निमा सुपुर्द गर्नाले धातुका सम्पूर्ण विकार नष्ट हुन्छ ठीक त्यही प्रकारले प्राणायामले मन, वचन, इन्द्रिय आदिबाट उत्पन्न भएको सम्पूर्ण दोष पतन तथा क्षीण हुन्छ ।

प्राणायमैर्दहेद्दोषान्धारणाभिश्च किल्बिषम् ।
प्रत्याहारेण संसर्गान्ध्यानेनानीश्वरान्गुणान् ॥ ६/७२ ॥

अर्थात्:- प्राणायामद्वारा नै मनको इच्छा र इन्द्रिय आदिबाट उत्पन्न हुने वचन तथा आचरणको दोषलाई भस्मी-भूत हुन्छ । इन्द्रिय निग्रह गरेर विषय बासनाको दोषलाई पतन गराउँछ, ध्यानद्वारा लोभ मोह, क्रोध आदिलाई पतन गराउँछ, तथा अनिश्वरवाद अर्थात् ईश्वरले निर्देशन गरेको कार्य नगरेर इन्द्रियलाई मन नपर्ने तर त्यो सधैं त्यही नै हुनै कुनै पनि वस्तुको दोषलाई ध्यानद्वारा नै पतन गराउँछ, प्रकृति विरुद्धको कुनै पनि कार्यलाई या तर्कलाई त्याग दिनु नै उत्तम हो ।

(समयको कलमः- प्राणाहारले कर्मको दोषलाई, धारणाले सोचको दोषलाई, प्रत्याहारले संसर्गको दोष रागलाई, ध्यानद्वारा नै नास्तिकपनलाई नष्ट गर्न सकिनेछ, प्रायायाम, धारण, प्रत्याहार तथा ध्यान योगको नियम हो) ।

उच्चावचेषु भूतेषु दुर्ज्ञेयां अकृतात्मभिः ।
ध्यानयोगेन संपश्येद्गतिं अस्यान्तरात्मनः ॥ ६/७३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- सृष्टिको सम्पूर्ण प्राणी चाहे त्यो सूक्ष्म होस् या विशालकाय प्राणी भित्रमा पनि र निर्जीव तथा जड़वस्तुमा पनि ध्यान योगद्वारा अन्तर्यामी परमात्माको गति तथा चेतनसत्ता तथा स्थिरसत्ता जो अनादि हो ती सबैलाई सम्यक्त भएर त्यसलाई देख्न सक्ने विधि नै ध्यानयोग हो ।

सम्यग्दर्शनसंपन्नः कर्मभिर्न निबध्यते ।
दर्शनेन विहीनस्तु संसारं प्रतिपद्यते ॥ ६/७४ ॥

अर्थात्:- जो मनुष्यमा यथार्थज्ञान षड्दर्शनको ज्ञान तथा अनुभूतिबाट युक्त हुन्छ जो मनुष्य वेदको यथार्थ ज्ञान षडदर्शनको ज्ञाता छ र आचरण पनि त्यही अनुसार गरेको हुन्छ त्यही मनुष्य नै सन्यासी हो यस्तो सन्यासी दुष्टकर्ममा कहिल्यै पनि वद्ध हुँदैन ध्यान, ज्ञान, विद्या, योगाभ्यास सत्संग, धर्मानुष्ठान आदि, जो मनुष्य यी षड्दर्शनबाट रहित भएर, ज्ञान विज्ञान रहित, भएर जुन मनुष्यले सन्यास लिएको हुन्छ, त्यस्तो मनुष्य सन्यासी हैन झुटो हो यस्तो झुटो सन्यासले मनुष्यलाई कहिल्यै पनि मोक्षलाई प्राप्त हुँदैन र झुटो सन्यासले मोक्ष हैन जन्ममरण रुपी संसारलाई नै प्राप्त हुन्छ ।

अहिंसयेन्द्रियासँगैर्वैदिकैश्चैव कर्मभिः ।
तपसश्चरणैश्चोग्रैः साधयन्तीह तत्पदम् ॥ ६/७५ ॥

अर्थात्:- झुटो सन्यासको विपरीत जो संन्यासीले सबै भूतबाट निर्वैर, इन्द्रियको विषयबास्ना बाट पृथक्, वैदिक कर्म अचरण तथा प्राणायाम सत्यवचनमा उत्तम, सात्विक कर्म आदिमा उत्तम र उग्र साधना कर्मले युक्त हुन्छन्, त्यस्तो आचरण भएको सन्यासी यस जन्ममा नै ब्रह्ममा नै स्थिर हुनपुग्छ ब्रह्मको प्राप्तिरुप पदलाई प्राप्त गरेको हुन्छ । यस्तो आचरण भएको मनुष्यले धारण गरेको संन्यासले उसलाई जन्ममरण रुपी भवसागरबाट मुक्त बनाउँछ र यस्तो आचरण भएको मनुष्यको सन्यास नै सफल र धन्यवादको योग्यको सन्यास हो ।

अस्थिस्थूणं स्नायुयुतं मांसशोणितलेपनम् ।
चर्मावनद्धं दुर्गन्धि पूर्ण मुत्रपुरीषयोः ॥ ६/७६ ॥

अर्थात्:- अहिंसा, इन्द्रिय निग्रह, वेदले निर्देशनको गरेको कर्म, निराशक्त कर्मले नै मनुष्यलाई ब्रह्ममा स्थिर बनाउँछ ।

जराशोकसमाविष्टं रोगायतनं आतुरम् ।
रजस्वलं अनित्यं च भूतावासं इमं त्यंजेत् ॥ ६/७७ ॥

अर्थात्:- पञ्च तत्वको संग्रहिभूत अवस्थामा राहेको हाड़ मासुको बनावट, नसाको सञ्जाल, रक्तको प्रवाह, छालाको रङ्गरोगन, मलमुत्रको सञ्चय, जवानसँग रहेको बुढ्यौलीपन तथा कैंयौं रोगले घेरिएको भए पनि यही मनुष्य शरीरबाट नै निराशक्त कर्म गरेर मनुष्य ब्रह्ममा स्थिर हुनसक्छ ।

नदीकूलं यथा वृक्षो वृक्षं वा शकुनिर्यथा ।
तथा त्यजन्निमं देहं कृच्छ्राद्ग्राहाद्विमुच्यते ॥ ६/७८ ॥

अर्थात्:- वर्षामा बढेको वाढ़िको कारणले नदीको किनार बढेको हुन्छ, वर्षाको वाढिको अन्त्यसँगै किनारले नयाँ बनेको किनारालाई छोडेर पुरानो अवस्थामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आउँछ, जसरी सुख्खा र मृत वृक्षलाई सबै पंक्षीले छोडेका हुन्छन् । ठीक त्यही प्रकारले सांसारिक जीवनको देहलाई अन्त्यमा बिना कुनै चिन्ता छोडेमा संसाररुपी चक्रबाट मनुष्य मुक्त हुन्छन् ।

प्रियेषु स्वेषु सुकृतं अप्रियेषु च दुष्कृतम् ।
विसृज्य ध्यानयोगेन ब्रह्माभ्येति सनातनम् ॥ ६/७९ ॥

अर्थात्:- सन्यासी कसैको चिन्ता, कसैको भय, कसैकोसम्मान कसैको आदरको लागि सन्यासलाई धारण गरेको हुँदैन सन्यासी त सन्यासी केवल आफ्नो निराशक्त कर्म गरेको हुन्छ, सन्यासीको निराशक्त कर्म केवल ब्रह्ममा स्थित हुनाको लागि मात्र निराशक्त कर्म गरेका हुन्छन् ।

यदा भावेन भवति सर्वभावेषु निःस्पृहः ।
तदा सुखं अवाप्नोति प्रेत्य चेह च शाश्वतम् ॥ ६/८० ॥

अर्थात्:- जब सन्यासीले सम्पूर्ण भूत अर्थात् सृष्टि अवयवको पदार्थबाट आफ्नो भावलाई निःस्पृह गर्न सफल हुन्छ, तब त्यस्तो सन्यासीले यो जन्मको अन्तिम सत्यता मृत्यु पश्चात् मुक्तिलाई प्राप्त गरेर ब्रह्ममा स्थिर भएर निरन्तर सुखलाई प्राप्त गरेको हुन्छ

अनेन विधिना सर्वास्त्यक्त्वासँगाञ् शनैः शनैः ।
सर्वद्वन्द्वविनिर्मुक्तो ब्रह्मण्येवावतिष्ठते ॥ ६/८१ ॥

अर्थात्:- मनुष्यलाई सन्यास एक पटकमा नै धारण गर्न गाह्रो हुन्छ त्यसैले ज्ञानको नियम र धर्मको गुणलाई विधिपूर्वक विस्तारै विस्तारै धारण गरेर आफ्नो इन्द्रियलाई निग्रह गरेर सबै सांसारिक विषयलाई छोडेर हर्षशोक आदि सबै प्रकारको अन्तर्मनको सबै द्वन्द्वबाट निर्मुक्त भएको सन्यासी नै ब्रह्ममा स्थिर हुन्छ ।

ध्यानिकं सर्व एवैतद्यदेतदभिशब्दितम् ।
न ह्यनध्यात्मवित्कश्चित्क्रियाफलं उपाश्नुते ॥ ६/८२ ॥

अर्थात्:- परिवारको स्नेहको प्रतिबन्धनलाई निष्तेज गर्न, मान अपमानको विचार मनमा नहुन, इन्द्रियनिग्रह गर्ने क्षमता प्राप्त गर्नको लागि र जीवात्मालाई परमात्मा अनुभूति गर्ने क्षमता ध्यानबाट नै प्राप्त हुन्छ जुन क्षमताबाट मोक्षलाई प्राप्त गरेर ब्रह्ममा स्थिर हुन्छ भने अनात्मज्ञानी अर्थात् विषयवासनामा लीन मनुष्यले सांसारिक दुःखबाट मुक्त भएर मुक्तिको लाभलाई कहिल्यै पनि प्राप्त गर्न सक्दैन । (समयको कलमः-माथि भनिएका सबै जति पनि ज्ञान विज्ञानको विधान र नियम छन् ती सबै विधान ध्यानसँग सम्बन्धित छन् । जो मनुष्यले वेद पढेको छैन त्यस मनुष्यले सत्य र असत्यलाई कहिल्यै पनि बुझेको हुँदैन, जो मनुष्यले सत्य असत्यलाई बुझेको हुँदैन त्यस मनुष्यले ध्यानको विधिलाई बुझेको हुँदैन, जुन मनुष्यले ध्यानको विधि नै बुझेको छैन, त्यस मनुष्यले ईश्वर, आत्मा र प्रकृतिको विधान बुझेको हुँदैन, जुन मनुष्यले ईश्वर, आत्मा, र प्रकृति यी तीनको अवस्थालाई बुझेको हुँदैन त्यो मनुष्यले आत्माको सत्यतालाई बुझेको हुँदैन, जुन मनुष्यले आत्माको सत्यतालाई बुझेको छैन त्यस मनुष्यले ध्यान गर्नसक्दैन जो मनुष्यले ध्यान गर्नसक्दैन त्यस मनुष्यले ईश्वर अनुभूति गर्नसक्दैन जो मनुष्यले ईश्वरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभूति गर्नसक्दैन जुन मनुष्यले ईश्वरको अनुभूति गर्न सक्दैन त्यो मनुष्य जन्म मरणको चक्रभन्दामाथि उठ्न सक्दैन यदि यसो भएमा त्यस मनुष्यको जन्म व्यर्थ हुन्छ किनकि मनुष्यको जन्मको उद्देश्य सत्यज्ञानलाई जानेर त्यही ज्ञानलाई ग्रहण गरेर आचारणमा लागू गरेर जन्म मरणको चक्रबाटमाथि उठ्नु नै हो)।

अधियज्ञं ब्रह्म जपेदाधिदैविकं एव च ।
आध्यात्मिकं च सततं वेदान्ताभिहितं च यत् ॥ ६/८३ ॥

अर्थात्:- शरीर-व्यवहार- संसारमा जति पनि विधान र ज्ञान छन् ती विधान वेदबाट नै आएको हुन् वेदज्ञानबाट नै मनुष्यले शरीर-व्यवहार-संसारबाट माथि उठ्ने ज्ञान प्राप्त गर्नसक्छ, वेदले निर्देशन गरे अनुसार कर्म गरेर सत्यता लाई प्राप्तगर्न सकिन्छ वेदज्ञानद्वारा ईश्वर, आत्मा र प्रकृतिको बारेमा ठीक ठीक ज्ञान प्राप्त हुन्छ, वेदज्ञानद्वारा नै देवता तथा जीवको स्वरुपलाई ठीक ठीक तरिकाले दर्शाएको छ र वेदज्ञानमा नै ब्रह्मज्ञानलाई प्राप्त गर्ने विधान भनिएको छ त्यही ब्रह्मज्ञान अनुसार नै मनुष्यले कर्म तथा आचरण गरेर ब्रह्ममा स्थिर हुने विधानको ज्ञान वेदमा नै रहेको छ त्यसैले मनुष्यले सधैँ वेदले भने अनुसारको कर्म गर्न र वेदज्ञानलाई अध्ययन गर्नको लागि सधैँ तत्पर हुनुपर्छ अन्यलाई पनि वेदज्ञान अध्यापन गराउनको लागि पनि सदैव तत्पर हुनुपर्छ र वेदले निर्देशन गरे अनुसार कर्मगर्न सबैलाई सिकाउनु पर्छ यही नै मानवको धर्म हो ।

इदं शरणं अज्ञानां इदं एव विजानताम् ।
इदं अन्विच्छतां स्वर्ग इदं आनन्त्यं इच्छताम् ॥ ६/८४ ॥

अर्थात्:- आचारणमा मूर्ख होस् तथा विद्वान् नै जसले पनि कर्मबन्धनबाट मुक्त भएर ब्रह्ममा स्थिर हुने अभिलाषा राखेको हुन्छ या क्षणिक सुखको कुनै इच्छित सुख ता वस्तुको अभिलाषा राखेको हुन्छ त्यस इच्छित वस्तुलाई प्राप्त गर्ने सत्य मार्ग केवल वेदले नै प्रदान गर्छ अतःएव वेद ज्ञानको स्वाध्याय सदैव गर्नुपर्छ ।

(समयको कलमः- जिजीविषा अर्थात् जान्ने इच्छा गरेर गौण सन्यास लिनु पनि विद्याको अभ्यास हो, सत्पुरुषसँग सम्पर्क गर्नु, योगाभ्यास गर्नु, ॐको जप गर्नु तथा ॐको अर्थसँग ईश्वरको पनि विचार गर्नुपर्छ । अनन्तको अर्थ यो हो कि मुक्ति सुखको अवधि समयचक्रको अन्तिमसम्म सुख नै सुख हुन्छ यो सुख तबसम्म विनास हुँदैन जबसम्म काल चक्रको एक चक्रको संरचना पुरा हुँदैन ।

अनेन क्रमयोगेन परिव्रजति यो द्विजः ।
स विधूयेह पाप्मानं परं ब्रह्माधिगच्छति ॥ ६/८५ ॥

अर्थात्:- जो मनुष्यले सधैँ वेदले निर्देशन गरेको नियमअनुसार कर्म गरेर, कर्मद्वारा नै संन्यास-योगको कर्मको अभ्यासद्वारा र कर्मले नै द्विज बनेको हुन्छ, ती सबै द्विज अर्थात् ब्राह्मण, क्षत्रीय र वैश्यले संन्यास ग्रहण गरेका हुन्छन् त्यस्तो सन्यासीले यस संसारमा यस शरीरको जुन बन्धन थियो ती सबै बन्धनहरू पतन भएर परब्रह्ममा स्थिर हुनपुग्छ ।

एष धर्मोऽनुशिष्टो वो यतीनां नियतात्मनाम् ।
वेदसंन्यासिकानां तु कर्मयोगं निबोधत ॥ ६/८६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- सन्यासी चार प्रकारका छन् ती चार प्रकारका सन्यायी निम्न प्रकार का छन् ।

१) कुटीवर २) भावुक ३) हंस ४) परमहंस

ब्रह्मचारी गृहस्थश्च वानप्रस्थो यतिस्तथा ।
एते गृहस्थप्रभवाश्चत्वारः पृथगाश्रमाः ॥ ६/८७ ॥

अर्थात्:- ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ, र सन्यासः यी चार आश्रमको विधान अलग अलग भए पनि यी सबै आश्रम गृहस्थबाट नै उत्पन्न हुन्छन् ।

सर्वेऽपि क्रमशस्त्वेते यथाशास्त्रं निषेविताः ।
यथोक्तकारिणं विप्रं नयन्ति परमां गतिम् ॥ ६/८८ ॥

अर्थात्:- ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ तथा संन्यासी यी चार पृथक-पृथक् आश्रम भए पनि अन्य तीन आश्रम गृहस्थ आश्रममा नै निर्भर हुन्छन् त्यसैले वेदले गृहस्थ आश्रमलाई नै श्रेष्ठ आश्रम हो भनेको छ किनकि यही गृहस्थ आश्रमले नै ब्रह्मचारी, वानप्रस्थ, सन्यासः यी तीन आश्रमलाई धारण तथा पालन गरेको हुन्छ ।

सर्वेषां अपि चैतेषां वेदस्मृतिविधानतः ।
गृहस्थ उच्यते श्रेष्ठः स त्रीनेतान्विभर्ति हि ॥ ६/८९ ॥

अर्थात्:- वेदज्ञान अनुसार अन्य तीन आश्रमभन्दा गृहस्थ आश्रम महत्वपूर्ण र श्रेष्ठ आश्रम हो किनकि तीन आश्रमको जीवनयापनको दृष्टिले पनि तीन आश्रम पनि गृहस्थ आश्रममा नै आश्रित रहेका हुन्छन् ।

यथा नदीनदाः सर्वेसँगरँ यान्ति संस्थितिम् ।
तथैवाश्रमिणः सर्वे गृहस्थे यान्ति संस्थितिम् ॥ ६/९० ॥

अर्थात्:- नदी, नालाको पानी तबसम्म भ्रमण गरेको हुन्छ जबसम्म उसले महासगरलाई प्राप्त गर्दैन । जब नदी नालाको पानीले महासागरलाई प्राप्त गर्छ तब पानी स्थिर हुन्छ। ठीक त्यस्तै प्रकारले ब्रह्मचारी, वानप्रस्थ, र सन्यासः यी सबै आश्रम गृहस्थ आश्रयमा पुगेर नै स्थिर रहेका हुन्छन् । गृहस्थाश्रम विना अन्य तीन आश्रमको केही व्यवहार सिद्ध हुँदैन

चतुर्भिरपि चैवैतैर्नित्यं आश्रमीभिर्द्विजैः ।
दशलक्षणको धर्मः सेवितव्यः प्रयत्नतः ॥ ६/९१ ॥

अर्थात्:- ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र सन्यासीले निरन्तर यी दश नियमलाई पूर्ण रुपले पालन गर्नुपर्छ चारै आश्रमको लागि धारण गर्न योग्य यी नियमलाई निरन्तर प्रयत्न गरेर यी दश लक्षणयुक्त धर्मको गुणलाई सधैं आफूमा धारण गर्नुपर्छ ।

धृतिः क्षमा दमोऽस्तेयं शौचं इन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यं अक्रोधो दशकं धर्मलक्षणम् ॥ ६/९२ ॥

अर्थात्:- धर्मको दश लक्षण छन् जुन गुण धारण गर्नेले नै मनुष्य उत्तम आचरण धारी र ज्ञानी बन्छ ।

पहिलो लक्षणः- धृतिः-अर्थात् सधैं धैर्य रहनु ।

दोस्रो लक्षणः- क्षमाः- अर्थात् निन्दा-स्तुति, मान-अपमान, हानि-लाभ, फाइदा-बेफाइदा आदि दुःखमा पनि सहनशील रहनु ।

तेस्रो लक्षणः- दमः-अर्थात् मनलाई सधैं धर्ममा प्रवृत्त गरेर अधर्म गर्न नदिनु अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधर्म कर्म गर्ने इच्छालाई उठ्न नै नदिनु ।
चैथो लक्षणः- अस्तेयः- अर्थात् चोरी नगर्नु, कसैको वस्तु हो तर आज्ञाबिना नै लिनु चोरी हो, छलकपट, विश्वासघातको व्यवहार कसैसँग नगर्नु तथा वेदविरूद्ध कार्य नगर्नु गलत उपदेश बाट टाढा रहनु ।
पाँचौ लक्षणः- सौचः- अर्थात् राग-द्वेष पक्षपातलाई छोडेर अन्तर्मनलाई र जल, मृत्तिका, मार्जन र स्नान आदिले बाहिरको शरीर लाई पवित्रता राख्नु ।
छैटो लक्षणः- इन्द्रियनिग्रयः- अर्थात् अधर्मको आचरणलाई रोकेर इन्द्रियलाई धर्मको विधानमा नै सधैँ क्रियाशील गराउनु ।
सातौँ लक्षणः- धीः- अर्थात् मादकद्रव्य बुद्धिनाशक अन्य पदार्थ, दुष्टकोसँगत, अनावश्यक आलश्य र प्रमाद आदिलाई छोडेर श्रेष्ठ पदार्थको सेवन, सत्पुरूषकोसँगत, योगाभ्यास निरन्तर गरेर बुद्धिलाई वृद्धि गर्नु ।
आठौं लक्षणः- विद्या अर्थात् पृथ्वीदेखि ईश्वरसम्म, शब्ददेखि शब्दातीतसम्मको, साकारदेखि निराकारसम्मको, व्यक्तदेखि अव्यक्तसम्मको, स्मरणदेखि अनुभूतिसम्मको, अनुभूतिको यथार्थ ज्ञान र ती सबै ज्ञानलाई यथायोग्य तरिकाले बुझ्नुस् सत्य जो छ त्यसलाई अन्तर्मन ले ठीक त्यस्तै मान्नू, जस्तो वाणी रहन्छ त्यस्तै कर्म गर्नु नै विदा हो, ठीक यसको विपरीत जे छ त्यो विदा हैन सबै अविद्या हो ।
नवौं लक्षणः- सत्याः- अर्थात् जुन पदार्थ जस्तो छ त्यसलाई त्यही तरिकाले बुझ्नु, जे जस्तो हो र जे जस्तो छ त्यसलाई ठीक त्यस्तै तरिकाले जान्नु र बोल्नु ।
दशौं लक्षणः- अक्रोधः अर्थात् अहङ्कार तथा क्रोध आदि दोषलाई छोडेर सत्य गुणलाई ग्रहण गर्नु नै धर्मको लक्षण हो ।

दश लक्षणानि धर्मस्य ये विप्राः समधीयते ।
अधीत्य चानुवर्तन्ते ते यान्ति परमां गतिम् ॥ ६/९३ ॥

अर्थात्:- जो मनुष्यले धर्मको दश लक्षणलाई मनन र धारण गर्छ त्यही द्विज हो, जो द्विजले धर्मको बारेमा अध्ययन गरेर मनन गरोस् या सुनेको आधारमा नै धर्मको लक्षणलाई मनन् गरोस् नियमलाई पूर्ण पालन गरोस् यस्तो द्विजले मृत्युपछि उत्तम गतीलाई प्राप्त गरेको हुन्छ ।

दशलक्षणकं धर्म अनुतिष्ठन्समाहितः ।
वेदान्तं विधिवच्छ्रुत्वा संन्यसेदनृणो द्विजः ॥ ६/९४ ॥

अर्थात्:- मनुष्यले धर्मको दश लक्षणलाई सधैँ पालना गर्नुपर्छ यो नियम सम्पूर्ण आश्रमको लागि हो चाहे त्यो सन्यास आश्रम नै किन नहोस् । सन्यास आश्रममा रहेको सन्यासीले पनि धर्मको पूरा आचरण पालना गर्नुपर्छ ।

संन्यस्य सर्वकर्माणि कर्मदोषानपानुदन् ।
नियतो वेदं अभ्यस्य पुत्रैश्वर्ये सुखं वसेत् ॥ ६/९५ ॥

अर्थात्:- मनुष्यले आफ्नो सम्पूर्ण कर्मदोषलाई प्राणायामद्वारा पतन गराएर संयमित भएर धर्मको आचारणलाई धारण गरेर वस्तुमोह, विषयमोह, परिवार- मोह लगायतको अन्य विषयलाई त्यस गरेर आफ्नो सन्ततीलाई आफ्नो सम्पूर्ण सम्पत्ति हस्तान्तरण गरेर सुख पूर्वक घरमा वसेर वेद अध्ययन गर्नुलाई पनि सन्यास भनिन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो सन्यासलाई वेदसन्यास भनिन्छ ।

एवं संन्यस्य कर्माणि स्वकार्यपरमोऽस्पृहः ।
संन्यासेनापहत्यैनः प्राप्नोति परमं गतिम् ॥ ६/९६ ॥

अर्थात्:- धर्मको गुणलाई धारण गरेर आफ्नो जिम्मेदारी पुरा गरेर गृहमा वसेर वेद अध्ययन गर्ने वेदध्यायीले पनि आफ्नो धर्म र कर्मलाई पुरा गरेको हुनाले मृत्युपछि ब्रह्ममा स्थिर हुनपुग्छ ।

एष वोऽभिहितो धर्मो ब्राह्मणस्य चतुर्विधः ।
पुण्योऽक्षयफलः प्रेत्य राज्ञां धर्म निवोधत ॥ ६/९७ ॥

अर्थात्:- हे ऋषि ! यी चार प्रकारले अर्थात् ब्रह्मचर्य आश्रम, गृहस्थ आश्रम, वानप्रस्थ आश्रम र संन्यास आश्रमको सम्पूर्ण आश्रमलाई धारण गर्नु नै ज्ञानी ब्राह्मणको धर्म हो । वर्तमानमा पुण्य स्वरुप र शरीर छोडे पश्चात् मुक्तिरुप अक्षय आनन्द दिने संन्यासधर्म नै हो यो ब्राह्मणको धर्म हो अर्थात् ज्ञानी तथा ब्राह्मणको चार प्रकारका आश्रममा रहने हुनाले चार प्रकारका धर्म भनिएको छ ती सबै चार आश्रमको धर्म पवित्र हुनाले मृत्युपछि त्यस धर्मको फल अक्षय हुन्छ । यसको अघि अब राजाको धर्म के हो त्यस वारेमा सुन ।

(समयको कलमः- यो श्लोकको अर्थ यो बुझ्ने होइन कि आश्रम-धर्मको नियम पालना गर्नु केवल ब्राह्मणको कर्तव्य, क्षेत्रीय, वैश्य अर्थात् अन्यको हैन त्यस्तो हैन । यहाँ ब्राह्मण शब्दको प्रयोगको यो अभिप्राय हो कि सन्यास आश्रमको अधिकारी केवल ब्राह्मण हुनाले ब्राह्मण चार आश्रममा स्वतः प्रवेश गरेको हुन्छ, अन्य केवल तीन मात्र आश्रमसम्म रहेका हुन्छन् । सन्यास ग्रहण गर्ने अधिकार ब्राह्मणको नै हो, अन्यको हैन । यो सत्य हो कि अन्यले यदि वानप्रस्थ आश्रमको तयारी गरिरहेको समय यदि क्षेत्रीय या वैश्यमा पूर्णविद्या, धर्म तथा परमेश्वरको निष्ठा र मनमा वैराग्य तथा समभाव आदि ब्राह्मणको गुण प्रवृत्ति भएर मनमा प्रकटित भएको खण्डमा त्यो मनुष्य द्विज हुँदैन ब्राह्मण वन्छ, यस्तो द्विज गुणको कारण ब्राह्मण भएको हुनाले सन्यासको अधिकारी हुन्छ र सन्यास लिन सक्छ ।

ॐ तत्सदिति महर्षि मनुमहाराजस्य कृत मनुस्मृति विधानां विद्यायां
नियमशास्त्रे भृगु-समय संवादे मनुस्मृति अन्तर्गते मनुष्याण वानप्रस्थ
एवं सन्यासधर्म आश्रम विषयं विविध ज्ञानं नामक षष्ठोऽध्यायः ।

अर्थात्:- महर्षि मनुमहाराजद्वारा निर्देशित मनुस्मृतिको नियम र विधान अन्तर्गतको भृगु र समय बीचमा भएको र संवादमा रुपमा रहेको मनुस्मृतिको मनु विधानअनुसार खाना हुने र खान नहुने ज्ञानको वारेमा त्यस्तै मनुष्यको
वानप्रस्थ तथा सन्यासधर्म आश्रमको र आश्रमको धर्मको विषयको विभिन्न विधानमा रहेको छैटौं अध्याय समाप्त भयो ।

(समयको कलमः- अकाट्य यो वचन भृगु ऋषिको मुखबाट निस्कीएको हो । ब्राह्मण गुणले मात्र हुन्छ जन्मले हुँदैन भन्ने ज्ञान दिँदै अब अघि आउने अध्यायमा राजाको कार्य र राजा धर्मको बारेमा बताउने छु भनेर भृगु ऋषिले अध्याय ६ लाई समाप्त गरेर अध्याय ७ सुरू गर्न लाग्नुभयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

।। अथ सप्तमोऽध्यायः।।

मनुस्मृति अध्यायः- ७

राजधर्म

राजधर्मान्प्रवक्ष्यामि यथावृत्तो भवेन्नृपः ।
संभवश्च यथा तस्य सिद्धिश्च परमा यथा ॥ ७/१ ॥

अर्थात्:- राजधर्म के हो ? राजामा के के गुण हुनुपर्छ ? कस्तो व्यक्ति राजा हुन् पाउँछ ? राजधर्म धारण गर्ने राजा कसरी सफल हुन्छ अब त्यस बारेमा सुन्नुहोस् ।

ब्राह्मं प्राप्तेन संस्कारं क्षत्रीयेण यथाविधि ।
सर्वस्यास्य यथान्यायं कर्तव्यं परिरक्षणम् ॥ ७/२ ॥

अर्थात्:- कार्य र आचारणमा क्षेत्रीय गुणले सम्पन्न, विधिपूर्वक वैदिक तरिकाले यज्ञोपवित (जनै) धारण गरेको, वेदाज्ञानलाई धारण गरेको र संस्कारले पूर्ण र पूर्ण स्वास्थ्य आफ्नो प्रजाको रक्षा गर्न सक्षम, नियमकारी, नयायकारी, सत्य तथ्य र प्रमाणमा विश्वास गर्ने र धर्माचरण गर्ने हुनुपर्छ ।

अराजके हि लोकेऽस्मिन्सर्वतो विद्रुतो भयात् ।
रक्षार्थं अस्य सर्वस्य राजानं असृजत्प्रभुः ॥ ७/३ ॥

अर्थात्:- देश तथा लोकमा यदि राजा नहुने हो भने त्यो देश र लोकको सम्पूर्ण संरचना पतन हुनेछ यदि देश तथा लोकमा राजा नहुने हो भने आसुरीवृत्ति भएको असुरले प्रजामाथि अनेक प्रकोप प्रहार गर्नेछन्, राजा नभएको देश तथा लोकमा चारैतिर प्रजाको कोलाहल हुनेछ, त्यसैले देश तथा लोकमा कुनै कोलाहल र असुरले गडबड नगरोस् भनेर देश तथा लोकको कल्याणको लागि र जीव जगत्को रक्षाको लागि भनेर नै ईश्वरले नै राजा हुनुपर्ने विधानलाई बनाउनु भएको हो ।

इन्द्रानिलयमार्काणां अग्नेश्च वरुणस्य च ।
चन्द्रवित्तेशयोश्चैव मात्रा निर्हृत्य शाश्वतीः ॥ ७/४ ॥

अर्थात्:- यी आठ शक्तिलाई संग्रहिभूत गरेर सबै शक्तिको अंशवाट नै ईश्वरले राजा पदलाई निर्माण गर्नुभएको हो । यहाँ राजालाई प्राप्त भएको शक्ति नै राजाको कार्य राजाको आठ कार्यलाई यसरी व्याख्या गरिएको छ ।

१) इन्द्र
२) यमराज
३) वायु
४) सूर्य
५) अग्नि
६) वरुण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७) चन्द्रमा

८) कुवेर

माथि भनिएको आठ नियमको अर्थ यो हो:-

१) इन्द्र अर्थात् प्रजाको पालन गर्नु ।

२) यमराज अर्थात् प्रजामा समान नयाय दिनु ।

३) वायु अर्थात् प्रजालाई आफ्नो सन्तति मान्नु ।

४) सूर्य अर्थात् प्रकाश अर्थात् शिक्षामा सवैको उन्नति ।

५) अग्नि अर्थात् पवित्रवेदको ज्ञान सबै वर्णलाई समान दिनु ।

६) चन्द्रमा अर्थात् प्रजालाई सधैँ खुशी र प्रसन्न गर्ने प्रयत्नशील हुनु ।

७) वरुण अर्थात् देशमा शान्तिको लागि सधैँ क्रियाशील हुनु ।

८) कुवेर अर्थात् देश र जनताको धन सम्पत्तिको रक्षा गर्नु ।

यस्मादेषां सुरेन्द्राणां मात्राभ्यो निर्मितो नृपः ।
तस्मादभिभवत्येष सर्वभूतानि तेजसा ॥ ७/५ ॥

अर्थात्:- राजा एक शक्तिशाली शब्द हो पद हो जुन शब्दमा प्रकृति र देवशक्तिको सारभूत अंश रहेको हुनाले नै 'राजा' शब्द एक पद बनेको हो, त्यसैले राजाले आफ्नो तेजशक्ति राजधर्म र नियमले नै सम्पूर्ण प्रजामा र प्राणीलाई नियमसँगत रहन सिकाएको हुन्छ ।

तपत्यादित्यवच्चैष चक्षूंषि च मनांसि च ।
न चैनं भुवि शक्नोति कश्चिदप्यभिवीक्षितुम् ॥ ७/६ ॥

अर्थात्:- राजा शब्दमा एक शक्ति हुन्छ राजा एक पद हुनाले उसको सत्य र नियमसँगत कार्यको कारण राजाको नेत्र तथा मनमा सूर्यको जस्तै ताप रहेको हुन्छ नियमकारी र न्यायकारी राजाको सामुन्ने कोही मनुष्यले सीधा आँखा मिलाएर हेर्न सक्दैन किनकि राजाको कर्मले नै राजाको तेजलाई सूर्य समान चम्किलो बनाएको हुन्छ ।

सोऽग्निर्भवति वायुश्च सोऽर्कः सोमः स धर्मराट् ।
स कुवेरः स वरुणः स महेन्द्रः प्रभावतः ॥ ७/७ ॥

अर्थात्:- राजा आफ्नो कर्मले र आफ्नो कर्मको प्रभाव अनुसार अग्नि, वायु, सूर्य, सोम, धर्मराज, कुवेर, वरूण र इन्द्र हुन् अर्थात् राजा यी सवै गुणले सम्पन्न हुन्छन् ।

वालोऽपि नावमान्तव्यो मनुष्य इति भूमिपः ।
महती देवता ह्येषा नररुपेण तिष्ठति ॥ ७/८ ॥

अर्थात्:- जो राजा यी अग्नि, वायु, सूर्य, सोम, धर्मराज, कुवेर, वरूण र इन्द्र यी गुणले सम्पन्न हुन्छन् अर्थात् राजामा यी सवै गुणले सम्पन्न छ त्यस्तो राजा आफ्नो आयूभन्दा सानो नै किन नहोस् त्यसलाई राजाको हिसाबले नै आदरसम्मान सत्कार गर्नुपर्छ किनकि यही नियमकारी र न्यायकारी राजाले आफ्नो सन्ततिको सुरक्षा दिने मनुष्य रुपको देवता हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकं एव दहत्यग्निर्नरं दुरुपसर्पिणम् ।
कुलं दहति राजाग्निः सपशुद्रव्यसञ्चयम् ॥ ७/९ ॥

अर्थात्:- आगोमा परेमा सही हो या गलत त्यो मनुष्यलाई जलाएको हुन्छ त्यस्तै जुन देशमा राजारुपी अग्नि छैन त्यो देशमा प्रजाको ज्यान, प्रजाको पशु, धन सम्पत्ति र देशको सम्पत्ति आदि साथ समस्त कूल नै असुरक्षित रहेर त्राहिमाम रहेको हुन्छ जुन देशमा राजा रहेको हुन्छ त्यो देशको राजाले कुचाली गलत आचरण भएको मनुष्यलाई प्राणदण्ड, पशुदण्ड, धनदण्ड सबै दण्ड दिएर देश र जनताको सुरक्षा प्रदान गरेको हुन्छ ।

कार्य सोऽवेक्ष्य शक्तिं च देशकालौ च तत्वतः ।
कुरुते धर्मसिद्ध्यर्थं विश्वरुपं पुनः पुनः ॥ ७/१० ॥

अर्थात्:- राजाले समय परिस्थिति अनुसार आफ्नो काम, शक्ति, देश, कालको बारेमा ठीक ठीक विचार गरेर न्याय तथा धर्म सिद्धिको लागि अलग अलग रुप धारण गर्नुपर्छ अर्थात् परिस्थिति अनुसार राजा प्रजामा यदि कुनै प्रकृति प्रकोप या दैविक प्रकोपमा कहिल्यै अति नै दयालु हुनुपर्छ भने नियम कानून स्थापित गर्नको लागि भने अति नै निर्मम र कर्कश बन्नु पर्छ ।

यस्य प्रसादे पद्मा श्रीर्विजयश्च पराक्रमे ।
मृत्युश्च वसति क्रोधे सर्वतेजोमयो हि सः ॥ ७/११ ॥

अर्थात्:- राजाको न्यायकारी र नियमकारी नियम नै राजाको खुशीको नियम हो, राजाको प्रजाप्रतिको कर्तव्यनिष्ठा नै प्रजाको लागि प्रसाद हो प्रजाको प्रसन्नतामा नै राजाको श्री हो । राजाको श्रीमा नै राजाको पराक्रम हुन्छ, राजाको पराक्रममा नै विजय हुन्छ । सत्य कार्यमा राजा क्रोधित हुनु नै राजाको पतन हो, राजा पतन हुनु नै राजाको मृत्यु हो । राजा नै दण्ड विधानको नियमलाई पालना गर्ने र लागू गर्ने तेज धार हो ।

तं यस्तु द्वेष्टि संमोहात्स विनश्यत्यसंशयम् ।
तस्य ह्याशु विनाशाय राजा प्रकुरुते मनः ॥ ७/१२ ॥

अर्थात्:- प्रजालाई आफ्नो सन्तति मान्ने, नियमकारी र न्यायकारी राजासँग जो प्रजाले मूर्खतापूर्वक आरोप लगाउँछन्, राजासँग द्वेष गरेका हुन्छन् ती सबै प्रजा आफ्नो विधानबाट अवश्य नै नष्ट हुनेछन् र दुःख क्लेशलाई प्राप्त गर्नेछन्, जुन देशको राजा नियमकारी र न्यायकारी छ त्यस विरुद्ध कार्य गरेको प्रजा आफै दुःखको गर्तमा डुब्ने छन् ।

तस्माद्धर्मं यं इष्टेषु स व्यवस्येन्नराधिपः ।
अनिष्टं चाप्यनिष्टेषु तं धर्मं न विचालयेत् ॥ ७/१३ ॥

अर्थात्:- आफ्नो प्रजालाई आफ्नो सन्तति मान्ने नियमकारी र न्यायकारी राजाले जुन कानूनको जुन इष्ट विषयलाई निर्धारण गरेको हुन्छ त्यसलाई स्वीकार र जुन अनिष्ट विषयमा निषेध गरेको हुन्छ प्रजाले त्यो नियमलाई कहिल्यै पनि उल्लङ्घन गर्नुहुँदैन त्यो नियमलाई पालन गर्नुपर्छ जुन नियम राजाले प्रजाको कल्याणको लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाएको हुन्छ ।

तस्यार्थे सर्वभूतानां गोप्तारं धर्म आत्मजम् ।
ब्रह्मतेजोमयं दण्डं असृजत्पूर्व ईश्वरः ॥ ७/१४ ॥

अर्थात्:- सत्य, धर्मको नियमलाई पालन गराउनको लागि नै आदिसृष्टिमा ईश्वरले दण्ड-विधानको नियम बनाउनु भयो, त्यो दण्ड विधान नै सबै प्राणीको रक्षक हो, त्यो नियम नै ब्रह्मविधान हो त्यो सम्पूर्ण प्राणीलाई उसको कर्म अनुसार फल प्राप्त हुन्छ, त्यही नियममा प्रकाश छ, तेज छ, त्यही तेज स्वयम ईश्वरबाट उत्पन्न भएको राजधर्मको नियम हो ।

तस्य सर्वाणि भूतानि स्थावराणि चराणि च ।
भयाद्भोगाय कल्पन्ते स्वधर्मान्न चलन्ति च ॥ ७/१५ ॥

अर्थात्:- सृष्टिको सञ्चालनको विधानमा रहेको दण्डको विधानअनुसार नै सम्पूर्ण जीव, स्थावर र जंगम सबै प्राणीले आफ्नो आफ्नो गुणलाई आफूमा धारण गरेर आफ्नो भोगलाई प्राप्त गरेको गरेको हुन्छ त्यस्तै राजाको दण्ड विधानअनुसार प्रजाले आफ्नो आफ्नो कर्म नियमअनुसार गरेर राज्यको सुखलाई भोग गरेका हुन्छन् । राजा नियमकारी र न्यायकारी हुनेहो भने प्रजा आफ्नो धर्मबाट कहिल्यै विचलित हुँदैन ।

तं देशकालौ शक्तिं च विद्यां चावेक्ष्य तत्वतः ।
यथार्हतः संप्रणयेन्नरेष्वन्यायवर्तिषु ॥ ७/१६ ॥

अर्थात्:- जसरी प्रकृतिले आफ्नो गुणलाई सधैं आफूमा धारण गरेको हुन्छ ठीक त्यस्तै राजाले पनि नियमको दण्ड विधानलाई सधैं आफ्नो योग्यताको कर्म हो भन्ने बुझेर नियमलाई प्रजाको उन्नतिको लागि स्थापित गर्नुपर्छ, राजाले नियम लागू गर्दा जबरजस्ती हैन देश, काल, शक्ति, विद्या आदिलाई ठीक-ठीक विचार गरेर कार्य गर्नुपर्छ ।

(समयको कलमः- राजाले आफ्नो देशको अन्यायी मनुष्यलाई दण्ड दिने विधान लागु गर्दा समय, देश, काल, परिस्थिति, अवस्था, र शक्ति आदि सबै कुरालाई ध्यान दिनुपर्छ । आँखा वन्द गरेर सबैलाई एक जस्तै दण्डविधान लागू गर्नुहुँदैन । किनकि दण्डको तात्पर्य सुधार हो बदला लिनु घमण्ड देखाउनु हैन । जस्तैः- पापी पुरुष भएमा शुरूमैं हात खुट्टामा हत्कडी तथा नेल लगाउनु पर्छ तर जतिसुकै पाप कर्म या अपराध नै गरेको भएमा पनि गर्भिणी नारीलाई कहिल्यै पनि हातमा हत्तकड़ी र खुट्टामा नेल लगाउनु हुँदैन, पुरुष पापी भएमा उसको भोजन साधारण भए पनि हुन्छ तर गर्भिणी नारी भएमा उसको लागि अलग पौष्टिक भोजनको पुरा व्यवस्था गर्नुपर्छ जतिसुकै ठूलो अपराध गरे पनि नारी र पुरुषमा अलग नियम रहेको हुन्छ यदि माता, पिताको मृत्यु भएमा जतिसुकै ठुलो अपराधी भए पनि त्यस अपराधीलाई माता, पिताको तीलाञ्जलिको लागि छोड्नुपर्छ यस्तो अवस्थामा यदि त्यस अपराधीलाई छोड़िएन भने राजा त्यस अपराधी भन्दा पनि ठूलो अपराधी हुनेछ तर अपराधीलाई सुरक्षाको घेरामा भने राख्नुपर्छ ताकि नभागोस्)

स राजा पुरुषो दण्डः स नेता शासिता च सः ।
चतुर्णा आश्रमाणां च धर्मस्य प्रतिभूः स्मृतः ॥ ७/१७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजा कुनै शरीर हैंन दण्डविधान नै राजा हो, दण्ड नै राजनेता हो; दण्ड विधान नै मालिक हो दण्डविधान नै चार आश्रमको धर्मलाई लागु गर्ने वर्ण हो ।

दण्डः शास्ति प्रजाः सर्वा दण्ड एवाभिरक्षति ।
दण्डः सुप्तेषु जागर्ति दण्डं धर्म विदुर्बुधाः ॥ ७/१८ ॥

अर्थात्:- दण्डविधानले नै सबै प्रजा सुरक्षित रहन्छ दण्ड विधानको नियम लागु गर्नेले नै राजा अपराधीमाथि राज गरेको हुन्छ, दण्डविधानले नै अपराधीको रक्षा तथा सुरक्षा गरेको हुन्छ । जब प्रजा सुतेको हुन्छ । तब दण्डविधान जागृत हुन्छ त्यसैले बुद्धिमान् मनुष्यले दण्ड विधान नै धर्म हो भन्ने बुझ्नुपर्छ ।

समीक्ष्य स धृतः सम्यक्सर्वा रञ्जयति प्रजाः ।
असमीक्ष्य प्रणीतस्तु विनाशयति सर्वतः ॥ ७/१९ ॥

अर्थात्:- दण्ड विधानको नियमलाई ठीक ठीक तरिकाले लागु गरेमा सबै प्रजा खुशी हुनेछन् र सबै प्रजालाई सुख र आनन्द मिल्छ यदि दण्ड विधानलाई राजाले नजानी अन्धधुन्ध तरिकाले दिएमा त्यो दण्ड विधानले प्रजाको जीवन बर्बाद गर्छ र गलत दण्ड विधानले राजाको अस्तित्वलाई नै सङ्कट उत्पन्न हुन्छ र गलत दण्ड विधान लागु गर्नाले राजाको पद नै नाश हुन समय लाग्दैन ।

यदि न प्रणयेद्राजा दण्डं दण्ड्येष्वतन्द्रितः ।
शूले मत्स्यानिवापक्ष्यन्दुर्बलान्बलवत्तराः ॥ ७/२० ॥

अर्थात्:- राजा अल्छी भयो, अपराधीलाई कुनै दण्ड दिएन, राजा मोह वा वासनामा मोहित भएर दण्ड विधान नै लागु गरेन भने बलवान् अपराधी सोच भएको मनुष्यले कमजोर मनुष्यलाई दुःख दिनेछन्, नारीको ईज्जत लिलाम हुनेछ, राज्यमा कोलाहल हुनेछ, शक्तिशाली हुने चक्करमा एक मनुष्यले अर्को मनुष्यको हत्या गर्नेछन् ।

अद्यात्काकः पुरोडाशं श्वा च लिह्याद्धविस्तथा ।
स्वाम्यं च न स्यात्कस्मिंश्चित्प्रवर्तेताधरोत्तरम् ॥ ७/२१ ॥

अर्थात्:- राजाले दण्डविधानअनुसार अपराधीलाई दण्ड नदिने हो भने उत्तम आचरणद्वारा सन्तानको लागि भनेर कमाएको अन्न र सबै धन धूर्त मनुष्यले अपहरण गर्ने छन् । यदि राजाले दण्ड विधान लागु नगर्ने हो भने साधुको रक्षा हुनेछैन यज्ञहविलाई कागले खानेछ र कुकुरले हविलाई जुठो हाल्ने छ कसैमा पनि कसैको स्वामित्व रहने छैन, मनुष्यमा नै उँच-नीच र नीच-उँच हुनेछन् । भाइ-भाइ लड्ने छन्, दण्डविधान लागु नभएको खण्डमा मानवता नै विकृति हुनेछ ।

सर्वो दण्डजितो लोको दुर्लभो हि शुचिर्नरः ।
दण्डस्य हि भयात्सर्व जगद्भोगाय कल्पते ॥ ७/२२ ॥

अर्थात्:- संसारमा जाति पनि जीव छन् ती सबै दण्डको नियम प्रकृतिमा रहेको हुन्छन्, जतिपनि जीव छन् ती सबैले दण्ड विधानलाई नै भोगिरहेका छन्, प्रकृति मार्फत् तर मनुष्यले दण्ड भोगिरहेको हैन कर्म गर्नमा स्वतन्त्र र पवित्र छ त्यही स्वंतन्त्र र पवित्र मनुष्यले अपराध गरेमा मनुष्यलाई दण्ड दिन राजालाई नियुक्त गरिएको हुन्छ राजधर्म पनि दुर्लभ यज्ञ हो । त्यसैले राजाले नियमकारी र न्यायकारी भएर दण्ड विधानमा रहेर आफ्नो कर्ममा भयरहित भएर राजाले सम्पूर्ण अपराधीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डविधानअनुसार दण्ड दिने सामर्थ्य राख्नुपर्छ ।

देवदानवगन्धर्वा रक्षांसि पतगोरगाः ।
तेऽपि भोगाय कल्पन्ते दण्डेनैव निपीडिताः ॥ ७/२३ ॥

अर्थात्:- सृष्टिमा जतिपनि शक्ति छन् ती सबै शक्ति दण्ड विधानको नियमअनुसार नै आफ्नो कर्म मार्गमा क्रियाशील रहेका हुनेछन् देवता, दानव, गन्धर्व, राक्षस, पक्षी, साँप यी सबै दण्ड विधानको नियमद्वारा नै आफ्नो कर्ममा सधैँ क्रियाशी रहेका हुन्छन् यी सबैलाई दण्ड दिने सामर्थ्य केवल दण्ड विधानमा रहेको हुन्छ ।

दुष्येयुः सर्ववर्णाश्च भिद्येरन्सर्वसेतवः ।
सर्वलोकप्रकोपश्च भवेद्दण्डस्य विभ्रमात् ॥ ७/२४ ॥

अर्थात्:- दण्डनीय अपराधीलाई दण्ड नदिनाले, निर्दोष मनुष्यलाई दण्ड दिनाले संरचना नै डगमग हुनेछ, सबै वर्णमा दुष्ट आचरण आउनेछ मनुष्यमा मर्यादा पतन हुनेछ नैतिकताको सम्बन्धको पुल पतन हुनेछ, आचरण पतन हुनेछ, मनुष्यमा अनावश्यक क्रोध उत्पन्न हुनेछ, दण्डविधान नहुनाले सबै वर्ण दूषित र सबै मर्यादा संस्कार छिन्नभिन्न हुनेछ दण्डविधान लागु नहुनाले सबै प्रणाली र विधान क्षोभ हुनेछ ।

यत्र श्यामो लोहिताक्षो दण्डश्चरति पापहा ।
प्रजास्तत्र न मुह्यन्ति नेता चेत्साधु पश्यति ॥ ७/२५ ॥

अर्थात्:- सत्य र सहप दण्ड विधानलाई आफूमा धारण गरेको राजाको शरीरमा पापीले भयङ्कर कालो छायाको रुपमा डरलाई देख्नेछ भने पापीले राजाको आँखा अत्यन्तै भयानक रक्त प्रवाहित भएको रातो आँखा र छाया अतिनै कालो देख्नेछ तर धर्मी व्यक्तिले राजालाई श्वेत वस्त्र धारण गरेको, उसको आँखामा मातृत्वको भावना भएको देख्नेछन्, किनकि राजासँग पापीलाई उसको पापकर्मको पापवाट दण्ड दिएर पापीको पापलाई नष्ट गरेर पापीलाई पापवाट मुक्त गर्ने दण्ड-विधान रहेको हुन्छ र राजाले पाप कर्म र पापरहित कर्मलाई ठीक-ठीक तरिकाले शास्त्रअनुसार बुझ्न सकेको हुनाले एक राजलाई अलग अलग रुपमा प्रजाले देखेको हुन्छ राजा त्यो मात्र राजा हो जसले दण्ड विधानमा कुनै पनि अवस्थामा प्रजा मोहमा रहेको निर्णय गरेको हुँदैन ।

तस्याहुः संप्रणेतारं राजानं सत्यवादिनम् ।
समीक्ष्यकारिणं प्राज्ञं धर्मकामार्थकोविदम् ॥ ७/२६ ॥

अर्थात्:- राजा वचनमा सत्यवादी हो, प्रजाको देखारेख गर्नेहोस्, वेद ज्ञानी होस्, वुद्धिमान् होस्, धर्म, अर्थ, कामको बारेमा ज्ञाता होस्, सत्य असत्यको ज्ञाता होस्, नियमकारी र न्यायकारी होस् यस्तो आचरणलाई धारण गरेको राजालाई मात्र पापीलाई त्यस पापको कर्मको दण्ड विधानअनुसार दण्ड दिने अधिकार रहेको हुन्छ ।

तं राजा प्रणयन्सम्यक्त्रिवर्गेणाभिवर्धते ।
कामात्मा विषमः क्षुद्रो दण्डेनैव निहन्यते ॥ ७/२७ ॥

अर्थात्:- राजा वचनमा सत्यवादी छैन, प्रजाको देखरेख गर्दैन, वेदज्ञानी छैन, आचरण गलत छ, वुद्धिमान् छैन धर्म, अर्थ, कामको बारेमा ज्ञान नै छैन, सत्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असत्यको ज्ञान छैन, दण्ड विधानमा नियमकारी र न्यायकारी नै छैन यस्तो पतित अज्ञानी राजा भएमा देश जनताले अतिनै दुःख पाउने छन्, कामी, पक्षपाती, संकुचित विचार भएको राजा पापीलाई सही तरिकाले दण्ड दिन सक्दैन त्यस्तो राजा शीघ्र नै स्वयमलाई नष्ट गरेको हुन्छ ।

दण्डो हि सुमहत्तेजो दुर्धरश्चाकृतात्मभिः ।
धर्माद्विचलितं हन्ति नृपं एव सबान्धवम् ॥ ७/२८ ॥

अर्थात्:- राजा नियमकारी र न्यायकारी भएमा राजाको दण्ड विधानको नियम लागु गर्नेले राजाको कार्य अतिनै तेजोमय हुन्छ, यस्तो तेजोमय गुणलाई अविद्वान् तथा अधर्मिले यो गुणलाई धारण गर्न सक्दैन यदि राजा नै धर्म विधानबाट पतित भएमा पापी भएमा र अधर्मी भएमा धर्मको दण्ड विधानले नै राजा आफै नाश गरेको हुन्छ ।

ततो दुर्गं च राष्ट्रं च लोकं च सचराचरम् ।
अन्तरिक्षगतांश्चैव मुनीन्देवांश्च पीडयेत् ॥ ७/२७ ॥

अर्थात्:- राजाले दण्ड विधानलाई पालना नगरेमा धर्मको दण्ड विधानले पहिले राजालाई नष्ट गर्छ, त्यसपछि त्यस देशको दुर्ग अर्थात् किल्ला नष्ट हुन्छ, त्यसपछि राष्ट्रराज्य नष्ट हुन्छ, त्यसपछि स्थिर तथा जंगम सम्पत्ति नष्ट हुन्छ, पशुपंक्षी आदि सबै नष्ट हुन शुरू हुन्छ र प्रजामा अति नै प्रकोप उत्पन्न हुन्छ ।

सोऽसहायेन मूढेन लुब्धेनाकृतबुद्धिना ।
न शक्यो न्यायतो नेतुं सक्तेन विषयेषु च ॥ ७/३० ॥

अर्थात्:- यस्तो आचरण भएको राजा कहिल्यै पनि नियमकारी र न्यायकारी हुन् सक्दैन । जो राजा नियमकारी र न्यायकारी छैन त्यसले दण्ड विधानको नियमलाई पालन गर्न सक्दैनः-

१) असहायः- जुन राजाले ज्ञानी तथा उत्तम आचरण भएको मन्त्रीसँग तथा राजसभामा कसैसँग पनि दण्ड विधानको बारेमा परामर्श गर्दैन ।

२) मूढ़ः- मूर्ख छ ज्ञान छैन भएको ज्ञानलाई पनि आफ्नो स्वार्थको लागि प्रयोग गर्छ ।

३) लुब्धः- लोभी र सांसारिक विषय भोगमा लिप्त छ ।

४) अकृतः- ज्ञान, आचरण र बुद्धि शून्य भएको छ ।

५) विषय- सत्क- विषयवासनामा लम्पट भएर राजधर्मको दण्ड विधानअनुसार पापीलाई दण्ड दिने सामर्थ्य हुँदैन यस्तो आचरण भएको व्यक्ति राजा हुन् सक्दैन ।

यदि यस्तो आचरण भएको व्यक्ति राजा भएमा प्रजाले पीड़ा भोग्ने छन् त्यसको लगत्तै राष्ट्रराज्य नै पतन हुनेछ ।

शुचिना सत्यसंधेन यथाशास्त्रानुसारिणा ।
प्रणेतुं शक्यते दण्डः सुसहायेन धीमता ॥ ७/३१ ॥

अर्थात्:- आचार सत्य र पवित्र भएको र सत्पुरूषको सम्पर्कमा होस्, यथावत् नीतिशास्त्रको नियसम अनुकूल चल्ने श्रेष्ठ, ज्ञान र विज्ञान, बुद्धिमान् पुरूषको सहायताद्वारा युक्त भएको होस् र क्षेत्रीय वर्णको गुणले सम्पन्न भएको राजाले मात्र न्यायरुपी दण्डलाई चलाउनमा सधैँ समर्थ हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- राजा तल भनिएको गुणले सम्पन्न छ भने त्यो क्षत्रीय हुन्छ र क्षत्रीय गुणले सम्पन्न राजाले मात्र राजदण्डलाई धारण गर्नसक्छ ।

१) शुचि अर्थात् पवित्र मन, वचन र कर्मले ।

२) सत्यसन्धेन अर्थात् सत्य प्रिय नियमकारी र न्यायकारी ।

३) यथाशास्त्रानुसारी अर्थात् नीति र नियमानुसार चल्ने र नीतिशास्त्रको अनुकूल चल्ने ।

४) सुसहाय अर्थात् ज्ञानी विद्वान् ब्राह्मण भएको मन्त्रीद्वारा युक्त राजसभा भएको होस् ।

५) धीमान् अर्थात् आफैले ज्ञानलाई धारण गरेको होस् र आफैमा बुद्धिमान् र नीति नियमअनुसार कठोर निर्णय पनि गर्नसक्ने क्षमतापनि भएको होस् ।

क्षेत्रीय हुन् र राजा हुनको लागिमाथिको सबै गुणले सम्पन्न भएको व्यक्ति हुनुपर्छ जो मनुष्यमामाथिको गुण छैन त्यो न क्षत्रीय हो न राजा बन्न लायक नै हुन्छ ।

स्वराष्ट्रे न्यायवृत्तः स्याद्भृशदण्डश्च शत्रुषु ।
सुहृत्स्वीजह्मः स्निग्धेषु ब्राह्मणेषु क्षमान्वितः ॥ ७/३२ ॥

अर्थात्:- आफ्नो राज्यको सम्पूर्ण प्रजालाई न्याय गर्नु, अपराधीलाई दण्ड दिनु, शत्रुबाट प्रजा र सिमाको सुरक्षा गर्नु, मित्रसँग मित्रता निभाउनु, मित्रसँग कुटील कार्य नगर्नु, स्नेह र ज्ञानी विद्वान्सँग सधैँ सहनशील हुनु, अर्थात् ज्ञानीले दिएको सुझावमा विचार गर्नु तर क्रोध नगर्नु, विद्वान् र ज्ञानीले दिएको कुनै पनि सुझावलाई मनन गर्नु किनकि ज्ञानीले दिने सुझावमा कुनै सत्यता हुन्छ चाहे त्यो सुझाव आफ्नो विरुद्धको नै किन नहोस् ।

एवंवृत्तस्य नृपतेः शिलोञ्छेनापि जीवतः ।
विस्तीर्यते यशो लोके तैलबिन्दुरिवाम्भसि ॥ ७/३३ ॥

अर्थात्:- राजाले आफ्नो सम्पूर्ण कार्य प्रजाको कल्याण र प्रजाको उन्नतिको लागि लगाएको राजा यदि गरिब देशको राजा नै किन नहोस् यस्तो राजाको कार्यको यश सम्पूर्ण लोकमा फैलिने छ । जसरी जलमा तेलको थोपा राख्दा तेल समस्त जलमा फैलिन्छ त्यसैले राजाले प्रजाको कल्याणको लागि कार्य गर्नुपर्छ ।

अतस्तु विपरीतस्य नृपतेरजितात्मनः ।
संक्षिप्यते यशो लोके घृतबिन्दुरिवाम्भसि ॥ ७/३४ ॥

अर्थात्:- यीमाथिको नियम विपरीत रहने विषयमा लिप्त रहने राजाको यश यही उसको देशमा पनि सङ्कुचित हुन्छ प्रजामा राजाप्रति विद्रोह हुनेछ । बिस्तारै बिस्तारै राजाको अस्तित्व चिसो ठाउँमा परेको घिउको थोप्ला जस्तै राजा अधिकार सङ्कुचित हुन्छ ।

स्वे स्वे धर्मे निविष्टानां सर्वेषां अनुपूर्वशः ।
वर्णानां आश्रमाणां च राजा सृष्टोऽभिरक्षिता ॥ ७/३५ ॥

अर्थात्:- धर्म र नियमपूर्वक कार्यगर्ने, धर्मको नियमअनुसार दण्डविधान लागु गर्ने नियमकारी र न्यायकारी राजा छ भने त्यस्तो राजा नै सबै वर्ण र सबै आश्रमको रक्षक हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेन यद्यत्सभृत्येन कर्तव्यं रक्षता प्रजाः ।
तत्तद्वोऽहं प्रवक्ष्यामि यथावदनुपूर्वशः ॥ ७/३६ ॥

अर्थात्:- अहिलेसम्म राजाले गर्ने राज धर्मको बारेमा भयो अब राजाले मन्त्री, सभासद, प्रजाको सेवक र आफ्नो व्यक्तिगत सेवकप्रति राजाले गर्नुपर्ने कर्तव्य र राजाले आफ्नो लागि पनि के के कर्तव्य कर्म गर्नुपर्छ अब अघि त्यस बारेमा बताउने छु सुन्नुहोस् :

ब्राह्मणान्पर्युपासीत प्रातरुत्थाय पार्थिवः ।
त्रैविद्यवृद्धान्विदुषस्तिष्ठेत्तेषां च शासने ॥ ७/३७ ।

अर्थात्:- राजाले प्रतिदिनको नित्यकर्म गरेपछि वेदको अर्थ जानेका, राजनीतिको ज्ञान भएको वृद्ध र ज्ञानी मनुष्य अर्थात् ब्राह्मणसँग बसेर देश राज्य प्रजाको उन्नतिको लागि अघिको समयमा गरिने कार्यको कार्यनीतिको बारेमा छलफल गर्नुपर्छ र ती विद्वान् ज्ञानीको निर्देशन अनुसार नै प्रजा उन्नतिको कार्य गर्नुपर्छ ।

वृद्धांश्च नित्यं सेवेत विप्रान्वेदविदः शुचीन् ।
वृद्धसेवी हि सततं रक्षोभिरपि पूज्यते ॥ ७/३८ ॥

अर्थात्:- वेदज्ञाता ब्राह्मणको ज्ञानको निर्देशनअनुसार कार्य गर्ने र वेदज्ञाता ब्राह्मणको सेवा गर्ने राजालाई कुनै पनि प्रकोप आउदैन किनेको जो वेदज्ञाता ब्राह्मण छ त्यसले कहिल्यै गलत ज्ञान दिदैन र गलत कार्य हुनपनि दिदैन जहाँ गलत कार्य हुँदैन त्यहाँ कुनै पनि दैविक र प्राकृतिक प्रकोप आउँदैन ।

तेभ्योऽधिगच्छेद्विनयं विनीतात्मापि नित्यशः ।
विनीतात्मा हि नृपतिर्न विनश्यति कर्हि चित् ॥ ७/३९ ॥

अर्थात्:- राजा सधैँ विनयशील भएर वेदज्ञानले भनेको क्षत्रीय गुणलाई धारण गर्नुपर्छ, जुन राजाले आफ्नो देशमा वेदज्ञानी ब्राह्मणलाई आदरसम्मान गरेको हुन्छ र आचरण बोलीमा विनयशील छ त्यस राजाले आफ्नो देश र प्रजाको सधैँ उन्नति गर्नेछ ।

बहवोऽविनयान्नष्टा राजानः सपरिच्छदाः ।
वनस्था अपि राज्यानि विनयात्प्रतिपेदिरे ॥ ७/४० ॥

अर्थात्:- कर्कश बोली, ज्ञानीलाई सम्मान नगर्ने, आफ्नो मनको नियमलाई जबर जस्ती लागु गर्ने राजा आफैँ पतन हुन्छ । यदि नम्र बोली ज्ञानीलाई सम्मान गर्ने राजाले कुनै कारणले सत्ता गुमाएको भए पनि उसको आचारणको कारण फेरि सत्तालाई प्राप्त गर्नेछ ।

वेनो विनष्टोऽविनयान्नहुषश्चैव पार्थिवः ।
सुदाः पैजवनश्चैव सुमुखो निमिरेव च ॥ ७/४१ ॥

अर्थात्:- नम्र नहुने, प्रजाको अपहेलना गर्ने, ज्ञानी ब्राह्मणको सम्मान नगर्ने, अधिक पुत्रमोह भएको, प्रजालाई सेवक मान्ने र विनयशील आचरण नभएको राजा आफैँ पतन भएर जानेछ ।

पृथुस्तु विनयाद्राज्यं प्राप्तवान्मनुरेव च ।
कुवेरश्च धनैश्वर्यं ब्राह्मण्यं चैव गाधिजः ॥ ७/४२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- विनयशील हुनाले नै राजा राज्यमा प्रिय हुन्छ, राजाको विनयशील र नियमकारी आचरणले प्रजाले राज्यलाई कर दिनेछन् करद्वारा नै राज्यकोषमा सम्पत्ति भण्डारण हुनेछ राज्यकोकोषद्वारा राज्यको विकास, प्रजाको सुरक्षा, देशको रक्षा हुनेछ, राजाले आफ्नो देश र राज्यको सबै प्रजालाई आफ्नो सन्तति र विश्वको सबै मनुष्यसँग मित्रताको भावना राख्नु नै क्षेत्रीयको गुण हो भने यही ज्ञान राजालाई सिकाउने कार्य गर्नेलाई नै ब्राह्मण भनिन्छ ।

त्रैविद्येभ्यस्त्रयीं विद्यां दण्डनीतिं च शाश्वतीम् ।
आन्वीक्षिकीं चात्मविद्यां वार्तारम्भांश्च लोकतः ॥ ७/४३ ॥

अर्थात्:- राजाले सधैँ त्रिविद्या-विज्ञ तथा ज्ञानी ब्राह्मणबाट तीन विद्या, सनातन दण्डनीति, न्यायशास्त्र र ब्रह्मविद्यास तथा व्यवहारमा कुशल मनुष्यको व्यवहारको बारेमा सिक्नुपर्छ ।

इन्द्रियाणां जये योगं समातिष्ठेद्दिवानिशम् ।
जितेन्द्रियो हि शक्नोति वशे स्थापयितुं प्रजाः ॥ ७/४४ ॥

अर्थात्:- राजाले आफ्नो इन्द्रियलाई सधैँ आफ्नो नियन्त्रण मा राख्नुपर्छ, आफ्नो शरीरको र मनको शुद्धिको लागि प्रातः काल र सायंकाल नियमपूर्वक योगाभ्यास र ध्यान गर्नुपर्छ किनकि जितेन्द्रिय राजाले नै मन, इन्द्रिय, प्राण, जीवात्मा र प्रजाको मनलाई आफ्नो कार्य कुशलताद्वार नै जितेको हुन्छ, जो राजा जितेन्द्रिय रहेको छ त्यसले नै राज्यलाई नियमपूर्वक सञ्चालन गर्न सक्छ ।

दश कामसमुत्थानि तथाष्टौ क्रोधजानि च ।
व्यसनानि दुरन्तानि प्रयत्नेन विवर्जयेत् ॥ ७/४५ ॥

अर्थात्:- राजा सधैँ जितेन्द्रिय हुनुपर्छ राजा जितेन्द्रिय भएर कामवासनाबाट आफूमा उत्पन्न हुने दश विकार र क्रोधबाट आफूमा उत्पन्नहुने आठ विकारलाई सधैँ त्याग गर्नुपर्छ ।

(समयको कलमः- राजा र राजसभाको सभासद हुनको लागि जितेन्द्रिय हुनुपर्छ, तबमात्र राजा र राजसभाको सभासद हुनसक्छ । जो व्यक्ति जितेन्द्रिय छैन त्यो न राजा हुनसक्छ न त्यो राजसभा सदस्या नै । राजा सधैँ जितेन्द्रिय हुनुपर्छ नै । जितेन्द्रिय राजाले आफ्नो सभासद्मा जितेन्द्रिय मन्त्रीलाई नियुक्त गर्नुपर्छ र राज्य सञ्चालन गर्नको लागि र दण्डवधान, नियम, कानुन, संस्कार सल्लाहकारको लागि चार वेदको ज्ञाता जसलाई वेदको नियम ज्ञान, कर्म, उपासना र विज्ञानको विधानलाई जानको हो, तीन विद्या र सनातन ज्ञानको दण्डनीति, न्यायविद्या, अध्यात्मविद्याको ज्ञाता अर्थात् परमात्माको गुण, कर्म, स्वभावरुपको यथावत जान्ने ब्रह्मविद्याको बारेमा र लोकको कल्याणको बारेको ज्ञान भएको होस्, र सभासदमा भने जितेन्द्रिय, प्रजाको समीप रहने र प्रजाको वचन सुन्नसक्ने र प्रजाले आफ्नो मानेर उसलाई आफ्नो दुःखलाई भन्न सक्ने र सबैमा सहृदयता भएको व्यक्तिलाई सभासद र सभापति बनाउनुपर्छ) ।

कामजेषु प्रसक्तो हि व्यसनेषु महीपतिः ।
वियुज्यतेऽर्थधर्माभ्यां क्रोधजेष्वात्मनैव तु ॥ ७/४६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजा जितेन्द्रिय भएन र लोभी भएमा कामवासना मा लिप्त भएमा कामवासनाबाट उत्पन्न हुने विकारको व्यसनमा लिप्त भएको खण्डमा राजाले अर्थ अर्थात् आफ्नो राज्य तथा राज्यको धन आदि, धारण गरेको गुण पतन हुनाले धर्मच्यूत हुन्छ तथा यदि राजा जितेन्द्रिय भएन र क्रोधबाट उत्पन्न हुने विकारको व्यवसनमा लिप्त भएको भएमा राजाले आफ्नो शरीरलाई नै पतन गराउन सक्छ अर्थात् मृत्यु नै हुनसक्छ त्यसैले राजाले कामवासना र क्रोधलाई विनाकरण कहिल्यै धारण गर्नुहुँदैन ।

(समयको कलमः- राजा जितेन्द्रिय र दयालु हुनुपर्छ तर सधैँ सबै अवस्थामा दयालु हुनुहुँदैन अपराधीलाई दण्ड दिने विधानमा नियम रहेर कार्य गर्दा दयालु मात्र भयो भने गलत हुन्छ त्यसैले राजाले अपराधीलाई अपराधको दण्ड दिँदा कड़ा र निर्मम हुनुपर्छ दण्ड विधानमा लागु गर्दा राजा दयालु हैन क्रोधी हुनुपर्छ अपराधीलाई अपराधको दण्ड दिँदा केही क्रोध हुन्छ भने त्यो गलत हैन तर अपराधीलाई उसको अपराधको सजाय समाप्त भएपछि त्यो अपराधी हुँदैन त्यो प्रजा हुने हुनाले त्यसलाई राज्यको सबै सुविधा दिनुपर्छ ।

मृगयाक्षो दिवास्वप्नः परिवादः स्त्रीयो मदः ।
तौर्यत्रिकं वृथाट्या च कामजो दशको गणः ॥ ७/४७ ॥

अर्थातः- कामवासनामा लिप्त हुनाले राजा तथा प्रजामा दश विकार उत्पन्न हुन्छ ती दश विकार अर्थात् व्यसन राजा र प्रजाको लागि अति नै घातक विकार हुन् राजा र प्रजाको लागि घातक विकार यी हुनः-

१) मृगया अर्थात् राजा शिकार गर्नमा व्यस्त हुनु ।
२) अक्ष अर्थात् राजा जुवा खेल्नमा व्यस्त हुनु ।
३) दिवास्वप्र अर्थात् राजा आफ्नो कार्य छोड़ी दिनमा सुत्नु ।
४) परिवाद अर्थात् विनाकरण अन्यको दोष निकाल्नु ।
५) स्त्रीय अर्थात् परस्त्रीमा लिप्त हुनु र परस्त्रीलाई साथमा राख्नु ।
६) मद अर्थात् राजा नशामा मग्न हुनु ।
७) तौर्यत्रिक अर्थात् आफ्नो कार्य छोडेर नृत्यमा ।
८) तौर्यत्रिक अर्थात् आफ्नो कार्य छोडेर गायनमा ।
९) तौर्यत्रिक अर्थात् आफ्नो कार्य छोडेर वाद्यवादनमा व्यस्त हुनु ।
१०) वृथाढया अर्थात् व्यर्थमा अनावश्यक खर्च गरेर भ्रमण गर्नु ।

(समयको कलमः- जितेन्द्रिय व्यक्ति राजा नभएर, कामी अर्थात् कामवासनामा लिप्त हुने व्यक्ति राजा भएमा, कामवासना मै वशिभूत भएर नै सबै व्यवसन अर्थात् विकारमा फसेको हुन्छ । कामी राजाको मनमा अन्य कुनै उद्देश्य नै हुँदैन केवल आफ्नो वासनालाई कसरी पुरा गर्ने भन्ने मात्र ध्यान राखेको हुन्छ । त्यसैले त्यस्तो कामी राजा आफ्नो मनलाई सन्तुष्ट राख्नको लागि शिकार गर्छ, जुवा खेल्छ, कार्यको समयमा सुत्छ, कामवासनालाई नियन्त्रण गर्न नसकेर नृत्य गर्छ, संगीत सुन्छ, वाद्यवादन बजाऊन शुरू गर्छ, विनाकरण अरुलाई दोषी देख्छ, कार्यको समयमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परस्त्रीको खोजीमा भाग्छ, नशा तथा मदिरामा लिप्त हुन्छ, कामवासनालाई पुरा गर्नको लागि विनाकरण यता त्यता घुमिरहेको हुन्छ यदि यस्तो व्यक्ति राजा भएमा देश पतन हुन समय लाग्दैन त्यसैले प्रजाले पनि आफ्नो राजालाई छान्दा यी कुरा ध्यान राख्नुपर्छ)

पैशुन्यं साहसं द्रोह ईर्ष्यासूयार्थदूषणम् ।
वाग्दण्डजं च पारुष्यं क्रोधजोऽपि गणोऽष्टकः ॥ ७/४८ ॥

अर्थात्:- क्रोध गर्नाले आठ दोष अर्थात् विकार उत्पन्न हुन्छ यी हुन्:-

१) पैशुन्य अर्थात् अरुको चाप्लुसी गर्नु,
२) साहस अर्थात् ज्ञानी विद्वान्को अपमान गर्ने साहस,
३) द्रोह ४) ईर्ष्या ५) असुया अर्थात् डाह
६) अर्थदुषणः- अर्थात् धनलाई नष्ट गर्नु ।
७) वाकपारूष्य अर्थात् गलत वचन बोल्नु या गाली दिनु ।
८) दण्डजम् पारूष्यम् अर्थात् झगड़ा गर्नु मारपिट गर्नु ।

द्वयोरप्येतयोर्मूलं यं सर्वे कवयो विदुः ।
तं यत्नेन जयेल्लोभं तज्जावेतावुभौ गणौ ॥ ७/४९ ॥

अर्थात्:- विकारलाई जुनसुकै नामले पुकार गरे पनि जति प्रकारको विकार भए पनि त्यो विकार क्रोधको होस् या विषयवासनाको यी सबै विकारको मूलजरो तथा बीज भनेको लोभ नै हो त्यसैले ज्ञानी विद्वान्ले कहिल्यै पनि लोभ गर्नुहुँदैन । लोभ नै पतनको द्वार हो ।

अर्थात्:- दस विकार कामबाट र आठ विकार क्रोधबाट उत्पन्न हुन्छ । काम र क्रोध नामको विकार भने लोभबाट उत्पन्न हुन्छ । काम, क्रोधको मूल अर्थात् बीज भनेको लोभ हो त्यसैले राजाले मनमा लोभ उत्पन्न हुन दिनुहुँदैन तथा लोभ नामको विकारलाई सधैं त्याग गर्नुपर्छ ।

पानं अक्षाः स्त्रीयश्चैव मृगया च यथाक्रमम् ।
एतत्कष्टतमं विद्याच्चतुष्कं कामजे गणे ॥ ७/५० ॥

अर्थात्:- लोभबाट उत्पन्न विकार कामवासना हो र कामवासनाबाट उत्पन्न विकार दोषमा यी चार विकारलाई सबैभन्दा ठुला विकार हुन् भन्ने बुझ्नुपर्छ

१) पनमः- मदिरामा लिप्त हुनु,
२) अक्षाः- जुवा खेल्नु,
३) स्त्रीयः- परस्त्रीसँग संसर्ग हुन,
४) मृगयाः- पशु शिकारमा व्यस्त हुनु ।

यी चार विकार क्रमअनुसार अर्थात् सबभन्दा कठोर विकार हो मदिरा, पहिलो विकार त्यसपछि जुवा, जुवा पछि परस्त्री संसर्ग, परस्त्री संसर्गपछि पशु शिकार हो यी सबै विकारलाई राजाले नियन्त्रण नगर्ने हो भने देश जनता तथा आफ्नो प्राणपनि आफै अन्त्य भएर राजाको अस्तित्व नै समाप्त हुनेछ ।

दण्डस्य पातनं चैव वाक्पारुष्यार्थदूषणे ।
क्रोधजेऽपि गणे विद्यात्कष्टं एतत्त्रिकं सदा ॥ ७/५१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजामा क्रोध उत्पन्न हुन्छ तर विनाकरण क्रोध उत्पन्न हुनु गलत हो र क्रोध उत्पन्न भएको कारणले राजाले विनाअपराध यदि निरपराध मनुष्यलाई दण्ड दिनु, क्रोधको कारण कठोर वचन बोल्नु र धनसम्पत्ति आदिको अन्यायमा खर्च गर्नु तीन विकार क्रोधबाट उत्पन्न हुने अतिनै घातक र दुःखदायक विकार हो ।

सप्तकस्यास्य वर्गस्य सर्वत्रैवानुषङ्गिणः ।
पूर्व पूर्व गुरुतरं विद्याद्व्यसनं आत्मवान् ॥ ७/५२ ॥

अर्थात्:- राजामा कामवासनाजन्य चार विकार र क्रोधजन्य तीन विकार यी सात विकार राजा तथा मनुष्यको लागि महादुष्ट दुर्व्यसन अर्थात् विकार हो, जुन प्रत्येक दुर्व्यसन आफ्नो पछिको अर्को दुर्व्यसनसँग सधैँ आपसमा जोडिएर रहेको हुन्छ, राजाले दुर्व्यसनलाई सधैँ त्याग गर्नुपर्छ, जुन राजामा दुर्व्यसनको कुनै लत छैन त्यही राजालाई नै बुद्धिमान् र प्रजापालक राजा हो बुझ्नुपर्छ ।

(समयको कलमः-माथिको भनाइलाई यसरी बुझ्नु पर्छ, राज्यको धनसम्पात्ति दुर्व्यसनमा लगाउनाले, कठोर वचन बोल्नाले र निरपराध व्यक्तिलाई दण्ड दिनाले, शिकार गर्नाले, परस्त्रीसँग लिप्त हुनाले, जुवा खेल्नाले र मादक पदार्थजन्य पान गर्नु अधिक विनाशकारी हुन्छ । किनकि मादक जन्य द्रव्यको पानको विकारको साथमा अन्य शेष ६ विकार रहेको हुन्छ । जुवाको विकारसँग अघिको पाँच विकार रहेको हुन्छ, परस्त्री गमनसँग अघिका चार विकार रहेको हुन्छ र बाँकी दुई विकार सबै दुर्व्यसनसँग जोडिएर रहेको हुन्छ ।

व्यसनस्य च मृत्योश्च व्यसनं कष्टं उच्यते ।
व्यसन्यधोऽधो व्रजति स्वर्यात्यव्यसनी मृतः ॥ ७/५३ ॥

अर्थात्:- राजा तथा प्रजाको लागि दुर्व्यसन अति नै घातक हो दुर्व्यसन र मृत्युमा दुर्व्यसन नै अति घातक हुन्छ, किनकि दुर्व्यसनी राजा तथा प्रजा धेरै बेच्ने आधारमा धेरै भन्दा धेरै पाप गरेर पतन हुँदै अधोगति अर्थात् दुःखलाई प्राप्त गरेको हुन्छ । परन्तु कुनै पनि व्यवसन नभएको राजा तथा प्रजा श्रेष्ठ आचरणको मनुष्य हुन यस्तो श्रेष्ठ आचरणको व्यक्तिको यदि मृत्यु भएमा उसको जीवन ऊर्ध्वगमन भएर सुखलाई प्राप्त गरेको हुन्छ । त्यसैले राजा आफूपनि दुर्व्यसनबाट बँच्नुपर्छ र प्रजालाई पनि बचाउनुपर्छ ।

मौलाञ् शास्त्रविदः शूरांल्लब्धलक्षान्कुलोद्भवान् ।
सचिवान्सप्त चाष्टौ वा प्रकुर्वीत परीक्षितान् ॥ ७/५४ ॥

अर्थात्:- राजाले स्वराज्य र स्वदेशमा मैं जन्मेको, उसको जारोकिलो आफ्नो देश तथा राज्य भएको, स्वदेशमा नै अध्ययन गरेको, वेदज्ञानलाई जानेको, नीति शास्त्रको ज्ञान भएको, दण्डविधानलाई जानेको, आचारणमा शूरवीर भएको, आफ्नो जिम्मेवारी, उसको लक्ष्य र विचार निष्फल नहोस्, ज्ञानी कुलीनको होस्, उत्तम आचारणको होस्, सुपरिक्षित होस्, सत्यको अनुयायी र धार्मिक होस् यस्तो गुणले सम्पन्न सात वा आठ उत्तम र आफ्नो कार्यमा चतुर मन्त्री या सचिवलाई नियुक्त गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- मन्त्री हुनको लागि त्यो सदस्यको जरोकिलो अर्थात् मौलो त्यही देशको होस्, पुस्तैनी पीढ़ीदेखि अहिलेको पीढ़ीसम्म परिवारको सदस्यले राज्यको सेवा गरेको होस्, नीतिनियम, शास्त्रविद्-राज्य-शासनको नियमलाई पूर्ण जानेको होस्, कार्यगर्दा शूर र निर्भय हुने किसिमको होस्, लब्धलक्ष-अर्थात् जसको लक्ष्य राज्यको सेवा नै निश्चित लक्ष्य भएको होस्, (not aimless), कुलोद्रव अर्थात् ज्ञानी कुलमा जन्मेको र परिक्षित अर्थात् आचरणको परीक्षा लिएर त्यस्तो उत्तम व्यक्तिलाई अमात्य अर्थात् मन्त्री बनाउनु पर्छ ।

अपि यत्सुकरं कर्म तदप्येकेन दुष्करम् ।
विशेषतोऽसहायेन किं तु राज्यं महोदयम् ॥ ७/५५ ॥

अर्थात्:- व्यक्तिगत र सरल काम पनि एक्लै गर्न गाह्रो हुन्छ । अन्यको सहयोगको जरूरत पर्छ भने राज्यमा नियम र दण्डविधान लागु गर्न एक्लै नसकिने हुनाले राजालाई आफ्नो कार्य चुस्त र दुरुस्त बनाउनको लागि मन्त्रीको सहायताको जरूरत पर्छ । एक्लै राजाले आफ्नो बुद्धिले, आफ्नो क्षमता र आफ्नो कार्यले मात्र राज्यको पुरा कार्यभारलाई निर्भर राख्न खोज्नु अति नै घातक हुन्छ ।

तैः सार्ध चिन्तयेन्नित्यं सामान्यं संधिविग्रहम् ।
स्थानं समुदयं गुप्तिं लब्धप्रशमनानि च ॥ ७/५६ ॥

अर्थात्:- राजाले आफ्नो मन्त्रीसँग निम्नलिखित विषयमा नित्य मन्त्रणा (परामर्श) गर्नुपर्छ अर्थात् सिन्ध, विग्रह, धन, नगर, राज्य, रथखाना, सेनापालन, अन्न, सुन-चाँदीको उत्पत्ति स्थान, आफ्नो प्रजा तथा राज्यको सीमाको रक्षा र प्राप्त धनको सही सदुपयोग र ज्ञानी तथा उत्तम व्यक्तिलाई सम्मान तथा ब्राह्मणलाई दान दिने बारेमा छलफल गर्नुपर्छ ।

(समयको कलमः- शत्रु तथा मित्रको प्रकृति जम्मा आठ प्रकारको हुन्छ ।

१) मित्र	२) अमित्र	३) मित्र मित्र
४) अरिमित्रमित्र	५) पार्ष्णिगाह	६) आक्रन्द
७) पार्ष्णिग्रहसार	८) आक्रान्तासार	

शत्रुमाथि आक्रमण गर्ने इच्छा भएको तर जमिन टाढा भएको र नजिकैको राजासँग अनुरोध गरेर जमिन प्रयोग गरेर आक्रमण गर्ने या यो सम्भव नभएमा आफै एक्लै ले पनि दण्डदिन जो सामर्थ्य हुन्छ त्यही माध्यम हो । बुद्धि, उत्साह, गुण र स्वभावमा जो जो दृढ़ हुन्छ त्यही बिजगीषु हो । मध्यम र विजिगीषु मिलेको अवस्थामा अनुग्रह र नमिलेको अवस्थामा निग्रह गर्ने उदासीन हो ।

(समयको कलमः- राजाले आफ्नो मन्त्रीसँग सधैं यी सबै विषयमा ध्यान दिएर छलफल गर्नुपर्छः-

१) मित्र देशको विषयमा
२) शत्रु देश र त्यस देशको चतुरताको विषयमा
३) आफ्नो राज्यको उन्नतिको बारेमा
४) आफ्नो स्थानको बारेमा
५) शत्रुको आक्रमणबाट देशको रक्षाको बारेमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६) देशलाई विजयको मार्गमा र देशको सीमा रक्षाको बारेमा
७) प्रजाको स्वास्थ्य लगायत अहिले आवश्यकता भएको र पछि जरुरत हुने प्रत्येक विषयमा विचार गरेर यथार्थ निर्णय लिनुपर्छ ।
८) देश, आफू, प्रजा र सम्पूर्ण मनुष्यको भलाइको जुन कार्य छन् त्यसबारेमा मन्त्रीसँग बसेर मन्त्रणा अर्थात् छलफल गर्नुपर्छ)

तेषां स्वं स्वं अभिप्रायं उपलभ्य पृथक्पृथक् ।
समस्तानां च कार्येषु विदध्याद्धितं आत्मनः ॥ ७/५७) ॥

अर्थात्:- अमात्य अर्थात् मन्त्रीले दिएको अलग अलग सुझाव तथा सबैको अभिप्रायलाई एकीकृत गरेर सबै विचारलाई मन्थन गरेर त्यसबाट आएको नतिजालाई एक विषय बनाएर त्यही विषयमा छलफल गरेर सबै मन्त्रीको विचारलाई संयुक्त रुपमा एक विचार बनाएर जुन कार्य देश र प्रजाको हितमा रहेको छ त्यही नियम लागु गर्नुपर्छ ।

सर्वेषां तु विशिष्टेन ब्राह्मणेन विपश्चिता ।
मन्त्रयेत्परमं मन्त्रं राजा षाड्गुण्यसंयुतम् ॥ ७/५८ ॥

अर्थात्:- सबै मन्त्रीहरूमा जो मन्त्री धेरै ज्ञानी, विद्वान् तथा गुणवान रहेको हुन्छ त्यस मन्त्रीको साथमा अरु सहायक मन्त्रीलाई नियुक्त गर्नुपर्छ ती नयाँ सहायक मन्त्रीमा पनि निम्न ६ गुणले सम्पन्न हुनुपर्छ जुन गुण अघि भनिनेछ ।

नित्यं तस्मिन्समाश्वस्तः सर्वकार्याणि निःक्षिपेत् ।
तेन सार्ध विनिश्चित्य ततः कर्म समारभेत् ॥ ७/५९ ॥

अर्थात्:- मन्त्रीले आफ्नो सहयोगको लागि ज्ञानी तथा विद्वान् सहायक मन्त्रीलाई छन्ोट गरेपछि, उसको क्षमताअनुसार उसको ज्ञान अनुसार उसको पद अनुसार उसको जिम्मेदारीलाई कसरी निर्वाह गर्ने भन्ने र राज्यको कल्याणको बारेमा ज्ञान दिएर उसको कार्यक्षेत्रको उसले गर्नुपर्ने कार्यको ज्ञान तथा उसको कार्यगर्ने अधिकार उसलाई सुम्पेर उसको कार्य क्षेत्र, पालन गर्नुपर्ने नियम, नियम तथा कार्यको विवरण र त्यस कार्यलाई कसरी सु-सम्पन्न गर्ने भन्ने विषयमा छलफल गरेर उसले गर्नुपर्ने कार्य उसलाई नै सुम्पिनुपर्छ ।

अन्यानपि प्रकुर्वीत शुचीन्प्राज्ञानवस्थितान् ।
सम्यगर्थसमाहर्तककनमात्यान्सुपरीक्षितान् ॥ ७/६० ॥

अर्थात्:- राजाले मुख्य मन्त्री, मुख्य मन्त्रीले सहायक मन्त्रीको साथमा ज्ञानी तथा विद्वान्लाई सल्लाहकार नियुक्त गरेपछि सबै मन्त्रीलाई आफ्नो आफ्नो कार्य क्षेत्रमा क्रियाशील भएर कार्य शुरू निर्देशन गर्नुपर्छ । त्यस्तै अन्य राज्य संरचनामा पनि सेनाको अधिकारीको लागि राजा आफैले परीक्षण गरेर वेदज्ञानी र कार्यमा क्षत्रीय गुणले सम्पन्न भएको मनुष्यलाई नियुक्त गर्नुपर्छ । राजाले सुरक्षा संयन्त्रमा, शरीरमा कुनै खोट नभएको, आचरण पवित्र, धार्मिक, ज्ञानमा विद्वान्, कार्यमा चतुर, स्थिर बुद्धि, आफ्नो जिम्मेदारीलाई आफ्नो धर्म हो भनेर बुझ्ने ज्ञानीलाई राज्यको सुरक्षाको जिम्मेदारीको कार्य सम्पन्न गर्नको लागि नियुक्त गर्नुपर्छ र राजाले अन्य बुद्धिमान् मनुष्यलाई विविध कार्य गर्नको लागि पदार्थ सङ्ग्रह परिबहन कार्य लगायतको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विविध कार्यको लागि आफ्नो कार्यमा अति चतुर र सुपरीक्षित मन्त्री तथा सहायक मन्त्रीलाई नियुक्त गर्नुपर्छ ।

निर्वर्तेतास्य यावद्भिरितिकर्तव्यता नृभिः ।
तावतोऽतन्द्रितान्दक्षान्प्रकुर्वीत विचक्षणान् ॥ ७/६१ ॥

अर्थात्:- राजाले जतिकम हुन्छ त्यति नै कम मन्त्रीको सहयोगमा, जतिसानो मन्त्रीमण्डलको सहायताले राज्यको संरचनाको काम चलाउन सकिन्छ त्यति नै सानो मन्त्रीमण्डलको गठन गर्नुपर्छ तर मन्त्रीमण्डल कहिल्यै पनि ठूलो र भद्दा हुनुहुँदैन, मन्त्रीमण्डल सानो चुस्त, दुरूस्त, चतुर, बुद्धिमान्, ज्ञानीद्वारा ससम्पन्न भएको हुनुपर्छ मन्त्रीमण्डलमा कुनै पनि अवस्थामा पतित आचरण भएको अधर्मी व्यक्ति हुनुहुँदैन ।

तेषां अर्थे नियुञ्जीत शूरान्दक्षान्कुलोद्गतान् ।
शुचीनाकरकर्मान्ते भीरूनन्तर्निवेशने ॥ ७/६२ ॥

अर्थात्:- राजाले राज्यमा रहेका अन्य प्रजाको विचबाट वीर, चतुर, ज्ञानीकुलको, पवित्र आचरण भएको साहसी व्यक्तिलाई बाहिरी कार्य खदान सम्बन्धित कार्यलाई सम्पन्न गर्नको लागि नियुक्त गर्नुपर्छ तर जो मनुष्य आफै कार्य गर्नमा सक्षम छैन अरुको सहारा खोजेको हुन्छ आफ्नो कार्य, विचार तथा आचारणमा डरपोक रहेको हुन्छ त्यस्तो व्यक्तिलाई उसको क्षमात अनुसार भित्रको कार्यमा अरुको सहयोगको लागि नियुक्त गर्नुपर्छ ।

दूतं चैव प्रकुर्वीत सर्वशास्त्रविशारदम् ।
इङ्गिताकारचेष्टज्ञं शुचिं दक्षं कुलोद्गतम् ॥ ७/६३ ॥

अर्थात्:- राजाले सबै शास्त्रको ज्ञानमा निपूर्ण, मनुष्यको हाऊभाऊबाट नै उसको उद्देश्य बुझ्ने किसिमको, नेत्रको दृष्टिको तरिकाले उसको आचरण तथा उद्देश्य बुझ्ने किसिमको, स्वरुप तथा चेष्टालाई देखेर त्यस मनुष्यको मनको कुरालाई बुझ्ने, आचरण शुद्ध, स्मृतिवन, कुन परिस्थितिमा के निर्णाय गर्ने भन्ने ज्ञान भएको, कालको अवस्थालाई बुझ्नसक्ने, शरीरमा सुन्दर अर्थात् कुनै विकलाङ्क नभएको, स्पष्टवक्ता र आफ्नो कुलको पनि मुख्य होस्, देशभक्त होस्, आफ्नो आन्तरिक स्वराज्य तथा बाह्य परराज्यको बारेमा सत्य तथ्य समाचार दिनको लागि राजाले आफैले दूतलाई नियुक्त गर्नुपर्छ ।

(समयको कलमः- आफ्नो राज्य सञ्चालनको लागि राजाले यस्तो दूतलाई बनाउनु पर्छ जसले सबै शास्त्रको विधान बुझेको होस् इशाराबाट नै अन्यको भनाइ बुझ्ने होस्, शुद्ध हृदय भएको होस्, कार्यमा कुशल र चतुर र सुसंस्कृत कुलको होस्)

अनुरक्तः शुचिर्दक्षः स्मृतिमान्देशकालवित् ।
वपुष्मान्वीतभीर्वाग्मी दूतो राज्ञः प्रशस्यते ॥ ७/६४ ॥

अर्थात्:- दुतको नियुक्ति गर्दा राजाले आफ्नो देश र प्रजाको हितको लागि ध्यान राख्नुपर्छ निम्न गुणले सम्पन्न भएको दूत राजाको लागि हितकर हुन्छः-

अनुरक्त अर्थात् राजालाई प्रेम गर्नेहोस्, शुचि अर्थात् शुद्ध आचरण भएको, दक्ष अर्थात् कार्यमा चतुर, स्मृतिमान अर्थात् राम्रो स्मरण क्षमता भएको, स्मृतिवाला,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देशकालको अवस्थालाई बुझ्ने किसिमको, शरीर हृष्ट-पुष्ट भएको, सत्यको लागि नडराउने, परिस्थिति अनुसार उचित रीतीले सबैसँग कुरा गर्नसक्ने किसिमको हुनुपर्छ ।

अमात्ये दण्ड आयत्तो दण्डे वैनयिकी क्रिया ।
नृपतौकोशराष्ट्रे च दूते संधिविपर्ययौ ॥ ७/६५ ॥

अर्थात्:- दण्ड विधान अर्थात् कानुन विधान मन्त्रीको आधीनमा हुन्छ । अनुशासन र सुशिक्षा कानुनको आधीनमा हुन्छ ।कोष र राज्य राजाको आधीनमा हुन्छ । सन्धि र लडाइँ दूतको आधीनमा हुन्छ, त्यसैले मन्त्री तथा दूत नियुक्ति गर्दा राजाले धेरै कुरामा ध्यान दिनुपर्छ ।

दूत एव हि संधत्ते भिनत्त्येव च संहतान् ।
दूतस्तत्कुरुते कर्म भिद्यन्ते येन मानवः ॥ ७/६६ ॥

अर्थात्:- दूतले नै आपसमा लड्नेलाई मिलाएको हुन्छ, आपसमा मिलेकोलाई फुटाउने कार्य पनि गर्छ, दूतले नै यो कार्य गर्नसक्छ, जसले शत्रुपक्षको मनुष्यमा फुट उत्पन्न गराउँछ अर्थात् शत्रुपक्षको मनुष्यमा भेद उत्पन्न हुने कार्य पनि दूतले नै गरेको हुन्छ ।

स विद्यादस्य कृत्येषु निर्गूढेङ्गितचेष्टितैः ।
आकारं इङ्गितं चेष्टां भृत्येषु च चिकीर्षितम् ॥ ७/६७ ॥

अर्थात्:- राजाको सबै मन्त्री तथा सबै अधिकारीमा केवल दूतलाई नै आफ्नो उद्देश्य, कार्य, लक्ष्य, विचार, तथा राजाले गर्न लागेको प्रजाको कल्याणको सबै योग्य कार्यको बारेमा जानकारी दिनुपर्छ, राजाको आफ्नो उद्देश्य बारेको अन्य कुनै पनि सेवलाई पूर्ण भेदको ज्ञान हुनुहुँदैन ।

(समयको कलमः-दूतले शत्रु पक्षको गुप्त इशार सङ्केतलाई बुझेर शत्रुको उद्देश्यलाई बुझ्ने चेष्टा गर्नुपर्छ ।

'कृत्य' त्यस मनुष्यलाई भनिन्छ, जसलाई धनसम्पत्ति, स्त्री, आदिको लोभ दिएर शत्रुपक्षमा फुट उत्पन्न गराउन सकिन्छ। दूत सधैँ अन्य देश तथा अन्य राज्यमा रहेको हुन्छ दूतले सधैँ यस्तो व्यक्तिलाई ध्यान दिनुपर्छ जसलाई आवश्यकता परेको खण्डमा आफूमा मिलाउन सकिन्छ र आवश्यकता परेको खण्डमा शत्रुपक्षमा विद्रोह गराउन पनि सकिन्छ। दूतको यो पनि उसको धर्म र कर्तव्य हो कि राज्यकर्मचारीको विचार तथा इच्छामा पनि दृष्टि राख्नुपर्छ कुन व्यक्ति कस्तो छ आवश्यकता परेमा ती व्यक्तिबाट फाइदा लिन सकिन्छ या सकिँदैन भन्ने बारेमा ।

बुद्ध्वा च सर्व तत्वेन परराजचिकीर्षितम् ।
तथा प्रयत्नं आतिष्ठेद्यथात्मानं न पीडयेत् ॥ ७/६८ ॥

अर्थात्:- राजदूतले आफ्नो राज्य तथा देशको कल्याणको ध्यान राख्नुपर्छ दूतले यथार्थरुपले अन्य दोस्रो विरोधी राजाको तथा राज्यको सबै अभिप्राय जानेर यस्तो प्रयत्नको कार्य गर्नुपर्छ कि जुन कार्यद्वारा आफ्नो स्व(राष्ट्रमाकोही सङ्कट आओस् ।

जाङ्गलं सस्यसंपन्नं आर्यप्रायं अनाविलम् ।
रम्यं आनतसामन्तं स्वाजीव्यं देशं आवसेत् ॥ ७/६९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजा प्रजाको बीचमा नै रहनु पर्छ राजा सधैँ प्रजा र राज्यको उन्नतिमा शौखिन हुनुपर्छ तर अन्य कुनै शौखिन हुनुहुँदैन तर सबै प्रजा खुशी रहेपछि राजाले आफ्नो चाहानाअनुसार महल बनाउन भने सक्नेछन्, राजाले आफ्नो महल यस्तो स्थानमा बनाउनुपर्छ, जहाँ फलफूल र वर-पिपलको जङ्गल होस्, अन्न पर्याप्त उत्पन्न हुने उर्भर जमिन होस्, समीपमा वेदज्ञानी, धर्मज्ञानी, सात्विक आचरण भएका आर्यहरूको निवासस्थान रहेको होस्, समीप कलकारखान नहोस्, रोग आदि उपद्रवको कुनै डर नहोस्, प्राकृतिक बातावरण र रम्य होस्, आसपासमा मिलेर बस्ने मनुष्यको विनम्र गुणले सम्पन्न होस्, कला कौशलले सम्पन्न मनुष्यको नजिक होस् र जहाँबाट कला कौशलको उन्नति हुन् सकोस् यस्तो ठाउँमा राजा बस्नु उत्तम हुन्छ ।

धन्वदुर्ग महीदुर्ग अब्दुर्ग वार्क्ष एव वा ।
नृदुर्ग गिरिदुर्ग वा समाश्रित्य वसेत्पुरम् ॥ ७/७० ॥

अर्थात्:- प्रजाको आवश्यकतालाई पूर्ण गरेपछि आफ्नो महल बनाउँदा राजाले यी कुरालाई ध्यान राख्नुपर्छ:-

१) धन्वदुर्ग:- यदि राजाको राज्य मरुस्थलमा भएको खण्डमा मरूस्थल किसिमको ठाउँ होस् जहाँ मरुस्थल किसिमको हुनाले सबैलाई जान दुर्गम होस् ।

२) महीदुर्ग:- पृथ्वीको भित्र गुप्त निवासस्थान, तहखाने गुफाको रुपमा बनेको किल्ला माटो र ठूलो ठूलो माटोको थुप्रोले घेरिएको होस् ।

जलदुर्ग:- बाहिरको क्षेत्रमा चारैतिर पानीको प्रवाहित होस् ।

वृक्षदुर्ग:- जुन ठाउँमा घना जङ्गल ठुलो ठुलो वृक्षले घेरिएको होस् ।

नृदुर्ग:- चारै तिरबाट सेनाले घेरिएको होस्, अर्थात् चारैतिर सेनाको गण होस् सेनाको निवास स्थान होस् ।

गिरिदुर्ग:- पहाडमाथि बनेको होस् चारैतिर पहाडको किल्लाले घेरिएको होस् ।

यस्तो ठाउँमा आफ्नो आश्रय बनाएर राजाले निवास गर्नुपर्छ ।

सर्वेण तु प्रयत्नेन गिरिदुर्ग समाश्रयेत् ।
एषां हि बाहुगुण्येन गिरिदुर्ग विशिष्यते ॥ ७/७१ ॥

अर्थात्:- राजाले आफ्नो लागि निवास्थान बनाएर बस्नको लागि गिरीदुर्गको नियमको विधानको निवास्थान नै धेरै उत्तम र राम्रो निवास्थान हुन्छ किनकि गिरीदुर्गमा धेरै गुण रहेको हुन्छ त्यसैले राजाले पूर्ण प्रयत्न गरेर गिरिदुर्गको विधानअनुसार नै आफ्नो निवास्थान बनाएर निवास गर्नु अति उत्तम हुन्छ ।

त्रिण्याद्यान्याश्रितास्त्वेषां मृगगर्ताश्रयाप्चराः ।
त्रीण्युत्तराणि क्रमशः प्लवंगमनरामराः ॥ ७/७२ ॥

अर्थात्:-माथि भनिएको ६ दुर्ग मध्येबाट प्रथम तीन दुर्गलाई प्राणी दुर्ग भनिन्छ भने पछिको तीन दुर्गलाई देव दुर्ग नै भनिन्छ देवदुर्ग नै राजाको लागि उत्तम दुर्ग हो ।

यथा दुर्गाश्रितानेतान्नोपहिंसन्ति शत्रवः ।
तथारयो न हिंसन्ति नृपं दुर्गसमाश्रितम् ॥ ७/७३ ॥

अर्थात्:- कुनै पनि पशुलाई आफ्नो दुर्गमा बस्नाले बाहिरी कुनै प्रकोपबाट कुनै कष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त हुँदैन, ठीक त्यही प्रकारले राजा पनि आफ्नो दुर्गमा बस्ने गर्नेले कुनै पनि बाहिरी प्रकोपबाट आफूलाई सुरक्षित राखेको हुन्छ ।

एकः शतं योधयति प्राकारस्थो धनुर्धरः ।
शतं दशसहस्राणि तस्माद्दुर्ग विधीयते ॥ ७/७४ ॥

अर्थात्:- दुर्गको निर्माण शत्रुको आक्रमण निस्तेज गर्नको लागि पनि मुख्य सुरक्षा कवच पनि हो । निश्चित विधान र उत्तम प्रकारले उच्चकोटिको समान प्रयोग गरेर निर्माण गरेको दुर्गमा स्थित एक धनुर्धारी एक्लैले बाहिरी सय भन्दा धेरै शत्रुलाई, दुर्ग भित्र रहेको सय धनुर्धारीले बाहिरि शत्रुको दस हजार भन्दा धेरै शत्रुलाई, अर्थात् दुर्गमा रहेको सेनाले आफूभन्दा सयगुणा धेरै योद्धासँग युद्ध गर्न सक्छ यो नियमलाई पनि ध्यान दिएर राजाको लागि आफ्नो सुरक्षाको विधानअनुसार नै दुर्गको विधान बनाइएको हो ।

तत्स्यादायुधसंपन्नं धनधान्येन वाहनैः ।
ब्राह्मणैः शिल्पिभिर्यन्त्रैर्यवसेनोदकेन च ॥ ७/७५ ॥

अर्थात्:- राजाको दुर्ग अर्थात् किल्लाभित्र निम्न साधन तथा वस्तुले युक्त हुनुपर्छ यो अनिवार्य नियम हो राजाको लागि ।

१) आयुध अर्थात् शस्त्र-अस्त्र ।
२) धन अर्थात् सम्पूर्ण आवश्यकताको वस्तु ।
३) धान्य अर्थात् अन्न भोजनको सामान ।
४) वाहन अर्थात् घोडा आदि सवारी ।
५) ब्राह्मण अर्थात् विद्धान ।
६) शिल्पिभि अर्थात् कारीगर, शिल्पकार ।
७) यन्त्र अर्थात् साधन दृष्टिको र सुरक्षाको ।
८) यवस अर्थात् वाहानको लागि चारा घाँस ।
९) उदक अर्थात् जल ।

(समयको कलमः- राजाले आफ्नो दुर्गभित्र आफ्नो सुरक्षाको लागि शस्त्र, अस्त्र, धन, धान्य, वाहन, पढाउने ब्राह्मण, उपदेशगर्ने ब्राह्मण, शिल्पकार र त्यसको लागि आवश्यकता पर्ने यन्त्र, अनेक प्रकारको कला जानेको ज्ञानी, घाँस र जल आदिले सम्पन्न अर्थात् परिपूर्ण भएको हुनुपर्छ)

तस्य मध्ये सुपर्याप्तं कारयेद्गृहं आत्मनः ।
गुप्तं सर्वर्तुकं शुभ्रं जलवृक्षसमन्वितम् ॥ ७/७६ ॥

अर्थात्:- राजाले दुर्ग अर्थात किल्लाको बीचमा आफ्नो लागि राम्रो र उत्तम शिल्पकलाले सुसज्जित घर बनाउनु पर्छ त्यो घर सबै ऋतुमा सुरक्षित होस्, सब ऋतुको फूल जस्तै सुन्दर देख्ने होस्, मनमोहक, बस्न योग्य होस्, शिल्पकलामा सुन्दरताले भरिएको होस् जल र वृक्षले युक्त होस् ।

तदध्यास्योद्वहेद्भार्या सवर्णा लक्षणान्विताम् ।
कुले महति संभूतां हृद्यां रुपगुणान्वीताम् ॥ ७/७७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- ब्रह्मचर्यबाट ज्ञान आर्जन गरेदेखि लिएर राजाले आफ्नो पदलाई ग्रहण गरेर आफ्नो जिम्मेवारीलाई पूर्ण रुपले पूरा गर्दै आफ्नो सम्पूर्ण प्रजालाई सम्पन्न बनाए पश्चात् आफ्नो उत्तराधिकारीको बारेमा सोच्नुपर्छ त्यसको लागि आफ्नो सन्तति उत्पन्न गर्नको लागि र आफ्नो संस्कारलाई पुरा गर्नको लागि संस्कारी, सौन्दर्य, रुप, गुणले युक्त, हृदयको अतिप्रिय, ज्ञानी, उत्तम कुलमा उत्पन्न सुन्दर आचरण भएको, प्राकृतिक लक्षणयुक्त भएको, आफ्नो क्षत्रीय वर्णको कुलमा नै सगोत्री नभएर क्षेत्रीय वर्णको कुलको कन्या जसको ज्ञान पनि आफ्नो सदृश विद्या आदि गुण-कर्म-स्वभाव एक भएको एक कन्यासँग विवाह गर्नुपर्छ । विवाहित हुनुभन्दा पहिले र विवाहित भइसकेपछि राज्यको अन्य स्त्रीलाई आफ्नो सन्तति र अभिभावक जस्तै सोचेर सबै नारीलाई सम्मान गर्नुपर्छ यो राजाको राजधर्म पनि हो ।

पुरोहितं च कुर्वीत वृणुयादेव च त्विवजः ।
तेऽस्य गृह्याणि कर्माणि कुर्युर्वैतानिकानि च ॥ ७/७८ ॥

अर्थात्:- राजाले आफ्नो घरमा हुने सम्पूर्ण शुभकार्य सम्पन्न गर्नको लागि वेदको पूर्णज्ञाता एक पुरोहित नियुक्त गर्नुपर्छ । ऋत्विज् अर्थात् यज्ञ गर्ने अर्थात् प्रकृति सन्तुलनको कार्य यज्ञ गर्नको लागि एक ऋत्विक्लाई नियुक्त गर्नुपर्छ जो व्यक्ति वेदको ज्ञाता होस्, ऋत्विजले गृहको शुभकर्म अर्थात् गृह सम्बन्धी कर्मको विधानलाई निरीक्षण र निर्देशन गर्ने होस् ।

यजेत राजा क्रतुभिर्विविधैराप्तदक्षिणैः ।
धर्मार्थं चैव विप्रेभ्यो दद्याद्भोगान्धनानि च ॥ ७/७९ ॥

अर्थात्:- राजाले प्रत्येक ऋतुहरूको परिवर्तन हुँदा ऋतु सम्बन्धित रहेको सम्पूर्ण यज्ञ गर्नुपर्छ र ऋतुयज्ञ गरेपछि आफ्नो घरका सम्पूर्ण ज्ञानीजन सहयोगीलाई दक्षिणामा धन तथा आभूषण दिनुपर्छ, भने राजधर्मको लागि वेदज्ञानी ब्राह्मणलाई भने दक्षिणामा भोग्य पदार्थ तथा धन दिनुपर्छ ।

सांवत्सरिकं आप्तैश्च राष्ट्रादाहारयेद्बलिम् ।
स्याच्चाम्नायपरो लोके वर्तेत पितृवन्नृषु ॥ ७/८० ॥

अर्थात्:- राजाले सबै प्रजालाई राज्यको सुविधा बराबर दिएर जनतालाई सम्पन्न बनाउनु पर्छ राज्यको प्रत्येक व्यक्तिले आफ्नो व्यापार व्यावसाय गर्न चाहेमा या कलकारखाना खोल्न चाहेमा त्यसको लागि सहयोग र त्यसको सुरक्षाको जिम्मेदारी राजाको हुन्छ, त्यस सुबिधा र सुरक्षा दिएको हुनाले राजाले एक वर्षभरिको मालगुजारी कर अर्थात् तिरो लिनुपर्छ । कर लिदा करको नियमको पालन वेदअनुसार हुनुपर्छ । राजाले नियमभन्दा धेरै कर लिनु हुँदैन, राजा र प्रजाको साथमा आफ्नो आचारण पिता पुत्रको जस्तै हुनुपर्छ ।

अध्यक्षान्विविधान्कुर्यात्तत्र तत्र विपश्चितः ।
तेऽस्य सर्वाण्यवेक्षेरन्नृणां कार्याणि कुर्वताम् ॥ ७/८१ ॥

अर्थात्:- राजा सबै ठाउँमा हरेक समय पुग्न सक्दैन, राजाले बनाएको नियम भने सबै ठाउँमा पुग्छ, त्यसैले राज्यको विकासको लागि भिन्न-भिन्न स्थानमा भिन्न-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भिन्न ज्ञानी, चतुर क्षत्रीय गुणले सम्पन्न व्यक्तिलाई अध्यक्ष पदमा नियुक्त गर्नुपर्छ। ती सबैले राज्यको सबै मनुष्यको कार्यलाई राम्रोसँग रेखदेख गर्न सकोस र सुरक्षाको व्यवस्थालाई सजिलोसँग मिलाउन सकियोस् ।

आवृत्तानां गुरुकुलाद्विप्राणां पूजको भवेत् ।
नृपाणां अक्षयो ह्येष निधिर्ब्राह्मोऽभिधीयते ॥ ७/८२ ॥

अर्थात्:- आफ्नो राज्यमा गुरुकुलको अध्ययन समाप्त गरेर फर्केको नवगन्तुक ब्रह्मचारी वेद प्रचारक विद्वान् स्नातक लाई राजालेसम्मान सत्कार गर्नुपर्छ, राजाको लागि ज्ञान नै अक्षयकोष हो ज्ञानद्वारा नै विधिको शासन चल्छ, ज्ञान नै वेद हो वेद नै विधिको विधानको ज्ञान हो, त्यसैले वेदप्रचार-निधि राजाको लागि अक्षयकोष नै हो, किनकि जुन राजासँग वेदज्ञानी विद्वान् तथा ब्राह्मण रहेको हुन्छ त्यो देशमा कुनै समस्या तथा प्रकोप कहिल्यै आउदैन र प्रजाहरू कहिल्यै दुःखी हुँदैन ।

न तं स्तेना न चामित्रा हरन्ति न च नश्यति ।
तस्माद्राज्ञा निधातव्यो ब्राह्मणेष्वक्षयो निधिः ॥ ७/८३ ॥

अर्थात्:- राज्य सञ्चालन गर्ने वारेको सम्पूर्ण विधान वेदज्ञानी ब्राह्मणलाई थाहा हुन्छ, वेदज्ञानी ब्राह्मणको ज्ञान कसैले पनि चोरी गर्नसक्दैन, हुनसक्छ शत्रुले अमित शत्रुलाई नष्ट गर्नसक्छ । त्यसैले राजाले वेदज्ञानी ब्राह्मण विद्वान्लाई आफ्नो अक्षयनिधि, अक्षय सम्पत्ति हो भन्ने बुझेर सम्मानको साथमा आफूसँग राख्नुपर्छ । वेदज्ञानी ब्राह्मण लाई सकेसम्म आफ्नो महलमा नै राख्नुपर्छ जसरी धनको रक्षाको लागि धनसार हुन्छ, विद्या बराबरको सम्पत्तिको रक्षाको लागि एक घर हुन्छ । ठीक त्यस्तै विद्याको रक्षाको लागि विद्वान् नै विद्याको घर हो भने राज्यको सुरक्षाको घरको संरक्षणको संरक्षक वेदज्ञानी ब्राह्मण हो ।

न स्कन्दते न व्यथते न विनश्यति कर्हि चित् ।
वरिष्ठं अग्निहोत्रेभ्यो ब्राह्मणस्य मुखे हुतम् ॥ ७/८४ ॥

अर्थात्:- विधिपूर्वक राजाले अग्निमा हवन गर्दा जुन फल मिल्छ त्यसभन्दा श्रेष्ठफल फल राजाले गुरुकुल सञ्चालन गर्दा या गुरुकुललाई सञ्चालन गरेको ब्राह्मणलाई सहयोग गर्नाले अनन्य फल मिल्छ किनकि गुरुकुलको शिष्यलाई दिएको ज्ञानले समाजलाई एक उन्नत दिशानिर्देश गरेको हुन्छ ।

समं अब्राह्मणे दानं द्विगुणं ब्राह्मणव्रुवे ।
प्राधीते शतसाहस्रं अनन्तं वेदपारगे ॥ ७/८५ ॥

अर्थात्:- वेदको ज्ञान जानको छैन, जसले वेदको ज्ञान नै बुझेको छैन, त्यो ब्राह्मण हैन, म ब्राह्मण हुँ भनेर आफै भनेको हुन्छ तर ज्ञान छैन, भने त्यो ब्राह्मण हैन, कसैले भनेको र सुनेको आधारमा मात्र कसैलाई पनि राजाले ब्राह्मण मानेर दान दिनुहुँदैन, यदि नजानी अज्ञानीलाई ब्राह्मण मानेर दान दिँदा कर्मको कर्मफल घातक हुन्छ, त्यसैले राजाले त्यस्तो अज्ञानीलाई ब्राह्मण मानेर दान दिनुहुँदैन । यदि त्यस्तो भएमा दानको जुन उद्देश्य हुन्छ त्यो गलत विधामा जान्छ त्यसैले राजाले दान दिँदा जहिले पनि वेदज्ञानी विद्वान् ब्राह्मणलाई दिनुपर्छ, जो वेदपराङ्गत वेदज्ञानी होस्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसको गुरुकुल होस्, ज्ञान अर्जन गर्नको लागि आएको शिष्य उसको गुरुकुलुमा होस् यस्तो वेदज्ञानी विद्वान् ब्राह्मणलाई दान दिनाले गुरुकुलवाट लाख गुणा उन्नत अन्य शिष्यलाई ज्ञानी बनाएर समाजलाई उत्पन्न गर्न सकिन्छ, त्यसैले गुरुकुल भएको वेदज्ञानी ब्राह्मणलाई दान दिनाले अनन्त गुणा शुभ कार्य हुन्छ जुन साधारण मनुष्यलाई सहयोग गर्दा हुन्छ ।

पात्रस्य हि विशेषेण श्रद्दधानतयैव च ।
अल्पं वा बहु वा प्रेत्य दानस्य फलं अश्नुते ॥ ७/८६ ॥

अर्थात्:- राजाद्वारा दानको वारेमा सत्य र सहि तरिकाको जानेर दिएको दानले, वेदज्ञानी ब्रह्मणलाई दिएको दानले, गुरुकुलाई दान दिनाले, जो दानको अधिकारी हो त्यसलाई नै दान दिएको दानले, सर्वकल्याणको लागि दिएको दानले राजा र उसको प्रजाको सदैव उन्नतिको वाटोमा लैजाने हुन्छ ।

समोत्तमाधमै राजा त्वाहूतः पालयन्प्रजाः ।
न निवर्तेत संग्रामात्क्षात्रं धर्मं अनुस्मरन् ॥ ७/८७ ॥

अर्थात्:- राजाको आफ्नो राजधर्म सम्पूर्ण प्रजाको पालन गर्नु हो । राजाले कसैसँग अनावश्यक शत्रुता तथा द्वन्द्व गर्नुहुँदैन, तर परिस्थितीलाई भने राजाले सधैँ सामना गर्नुपर्छ । प्रजाको पालन गर्ने राजालाई यदि कुनै क्षत्रीय गुणले सम्पन्न भएको क्षत्रीय राजाले द्वन्द्वयुद्धको लागि आमन्त्रण गरेको खण्डमा राजा कहिल्यै पनि द्वन्द्व युद्धदेखि भाग्नु भने हुँदैन, द्वन्द्व युद्धको लागि आमन्त्रण दिने राजा क्षेत्रीय होस्, सम-वल, अधिक-वल या वल-हीन नै किन नहोस् शत्रुले द्वन्द्वसंग्रामको लागि चुनौती दिएको खण्डमा राजाले आफ्नो क्षत्रीय धर्मको नियमलाई स्मरण गर्दै द्वन्द्व संग्राम युद्धको लागि तैयार हुनुपर्छ, द्वन्द्व संग्रामयुद्धको चुनौतीवाट राजा कहिल्यै पनि पछि भाग्नु भने हुँदैन ।

संग्रामेष्वनिवर्तित्वं प्रजानां चैव पालनम् ।
शुश्रूषा ब्राह्मणानां च राज्ञां श्रेयस्करं परम् ॥ ७/८८ ॥

अर्थात्:- राजा सुखी खुशी हुनको लागि मुख्य तीन नियम महत्वपूर्ण रहेको हुन्छ । यी तीन चीज नै राजाको, देशको र प्रजाको लागि अति नै श्रेयस्कर कल्याणकारक हुन्छ:-

१) आक्रमण नगर्नु तर आक्रमण भए युद्धवाट नभाग्नु ।
२) आफ्नो प्रजाको पालन नियम र न्यायको तरिकाले गर्नु ।
३) वेदज्ञानी विद्वान तथा ब्राह्मणको सेवा तथा सत्कार गर्नु ।

आहवेषु मिथोऽन्योन्यं जिघांसन्तो महीक्षितः ।
युध्यमानाः परं शक्त्या स्वर्गं यान्त्यपराङ्मुखाः ॥ ७/८९ ॥

अर्थात्:- आफ्नो स्वार्थको लागि र अर्काको उन्नति देखेर ईर्ष्या गर्ने राजाले लोभमा या आफ्नो शक्तिको घमण्डमा आएर आफ्नो राज्यमाथि संग्राम गर्नको लागि आएको भएमा त्यस शत्रु राजाको विरुद्ध युद्ध गर्नको लागि आफ्नो पूरा शक्ति लगाएर त्यस राजाको अन्त्य नगरेँसम्म युद्ध लड्नुपर्छ, युद्धमा राजा या कुनै पनि क्षत्रीय पीठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखाएर भाग्नुहुँदैन जो राजा देश र प्रजाको रक्षाको लागि वहादुरीको साथ क्षत्रीय धर्मको गुणलाई धारण गरेर युद्ध गरेको हुन्छ त्यस राजाले अनन्त सुखलाई प्राप्त गरेको हुन्छ ।

(समयको कलमः- आफ्नो राज्यमाथि कुनै सङ्ग्राम भएमा त्यसको अन्त्य नभएसम्म राजाले आफ्नो धर्म आफ्नो कर्मलाई बुझेर लड्नुपर्छ आफ्नो प्रजाको आफ्नो राज्यको सुरक्षाको लागि नडराई जो राजाले युद्ध लडेको हुन्छ त्यस राजाले सधैँ सुखलाई प्राप्त गरेको हुन्छ राजा प्रजाको सुख दुःखमा सधैँ साथमा हुनुपर्छ राजा आफ्नो राजधर्मको नियमबाट कहिल्यै बिमुख हुनुहुँदैन तर राज्य र प्रजाको कल्याण र उन्नति हुन्छ भने कहिलेकाहीँ राजाले युद्धमा भाग नलिएको पनि उत्तम हो तर भाग लिनु नलिनुमा पनि परिस्थिति महत्वपूर्ण हुन्छ किनकि जसरी र जुन तरिकाले शत्रुलाई जित्न सकिन्छ त्यही अनुसार नै राजाले आफ्नो कार्यलाई सम्पन्न गर्नुपर्छ । जसरी सिंह क्रोधाग्निको सामने आएर शस्त्राग्निमा परेर शीघ्र नष्ट हुन्छ यस्तो मूर्खता राजाले कहिल्यै पनि गर्नुहुँदैन, सानो गल्तीले प्रजा र राज्य नै नष्ट-भ्रष्ट नहोस् नीतिको अनुसार लुक्नु, पीठ देखाएर भाग्नु हैन किन्तु कहिल्यै काही शत्रुलाई जित्नको लागि शत्रुको सामन्ने लुक्नु पनि उत्तम हो, लुकेर देश र प्रजाको कल्याण हुन्छ र शत्रुलाई हराउन सकिन्छ भने यो पनि उत्तम बाटो हो । तर क्रोधमा आएर राज्य र प्रजालाई कष्ट हुने किसिमको कुनै पनि कार्य राजाले कहिल्यै गर्नुहुँदैन यदि यस्तो भएमा राजा र राज्यको पतन हुनेछ)

न कूटैरायुधैर्हन्याद्युध्यमानो रणे रिपून् ।
न कर्णिभिर्नापि दिग्धैर्नाग्निज्वलिततेजनैः ॥ ७/९० ॥

अर्थात्:- राजाको धर्म यो पनि हो कि कुनै पनि अवस्थामा राज्य र प्रजाको सुरक्षा गर्नु तर बाध्यता भएमा युद्ध गर्नु पनि उत्तम धर्म र क्षत्रीय धर्म हुन्छ । युद्ध भएको खण्डमा आफूले कहिल्यै पनि यद्धको नियम तोड्नु हुँदैन, युद्धमा शत्रुमाथि प्रहार उसको नियमलाई ध्यानदिएर गर्नुपर्छ यदि शत्रुबाट नियम पालन भएको भएमा आफूले पनि नियमलाई पूर्ण पालन गर्नुपर्छ नियमसङ्गत भएको यद्धमा विष मिलाएर, अग्नि लगाएर, हिंसक पशुको प्रयोग गर्नुहुँदैन, यी सबै कूटशस्त्र हुन् । नियमसङ्गत भएको युद्धमा कूटशस्त्रलाई प्रयोग गरेर कुनै पनि शत्रुको हत्या गर्नुहुँदैन यदि यस्तो कार्य गरेमा राजा अफ्नो धर्म बाट पतित हुन्छ तर युद्ध बीजको लागि गरिन्छ धर्मको नियमपालना गरेर नियमलाई तोडेर हैन ।

न च हन्यात्स्थलारूढं न क्लीवं न कृताञ्जलिम् ।
न मुक्तकेशं नासीनं न तवास्मीति वादिनम् ॥ ७/९१ ॥

अर्थात्:- युद्धमा हार स्वीकार गरेको प्रतिद्वन्दी राजालाई हत्या गर्नुहुँदैन तर बन्धक भने बनाउनु पर्छ । हार स्वीकार गरेको राजालाई कहिल्यै पनि हत्या गर्नुहुँदैन । त्यस्तै प्रकारले युद्धमा भाग नलिएको कसैको पनि हत्या गर्नुहुँदैन, नपुंषक, हात जोडेको, पूजा गरिरहेको, शिरको रौ खुला भएको भएमा, स्नान गर्दै गरेको भएमा, पलेटी कसेर बसेको छ भने, 'मैले हार स्वीकार गरे म तिम्रो शरणमा छु' भन्ने राजालाई निःशस्त्र बनाएर राख्नुपर्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर जस्तो शत्रुभए पनि शरणलाई स्वीकार गरेको शरणार्थि राजालाई कहिल्यै युद्धमा हत्या गर्नुहुँदैन । युद्धमा कुनै पनि स्त्रीलाई पुरुषले हत्या गर्नुहुँदैन चाहे त्यो स्त्री योद्धा नै किन नहोस् तर आफ्नो प्रतिरक्षा गर्नुपर्छ र कोसिस गर्नुपर्छ कि आफूलाई हानी नहोस् र स्त्रीलाई पनि कुनै हानी नहोस् यदि योद्धा हो भने वन्धक भने वनाउनु पर्छ ।

न सुप्तं न विसंनाहं न नग्नं न निरायुधम् ।
नायुध्यमानं पश्यन्तं न परेण समागतम् ॥ ७/९२ ॥

अर्थात्:- हातमा अस्त्र नभएको भएमा, घाइते भएर सुतेको अवस्थामा, घाइते भएर मूर्छा परेको भएमा, शारीरवाट रगत वगिरहेको भएमा, घाइते युद्धको कवच उतारेको अवस्थामा, जो लडेको पनि हैंन तर युद्ध देख्न भने आएको हो तर शत्रु पक्षको हो त्यसलाई पनि, कोही अन्यसँग आएको युद्ध देखेको तर युद्धमा कुनै भाग नलिएको भएमा, पलायन भइरहेको, शरणागत भएको कसैलाई पनि युद्धमा हत्या गर्नुहुँदैन ।

(समयको कलमः- युद्धमा भाग लिएको, हातमा शस्त्र-अस्त्र भएको, युद्धको कवच लगाएको, शरणागत नभएको योद्धालाई वन्धक वनाएर ती सवै योद्धालाई युद्धबन्दी बनाएर स-सम्मान आफ्नो कारागारको बन्दीगृहमा राख्नुपर्छ । ती सवै युद्धबन्दीलाई भोजन र उसको आवश्यकता पर्ने सम्पूर्ण सामान उपलब्ध गराउनु पर्छ, जो यद्धको कारण घाइते भएको अहिले युद्धबन्दी हो भने त्यस युद्धबन्दीको औषधी उपचारलाई विधिपूर्वक गर्नुपर्छ । युद्धबन्दीलाई कहिल्यै जिस्काउनु हुँदैन, दुःख दिनुहुँदैन, कुनै गलत दृष्टिले हेर्नुपनि हुँदैन । सवै युद्ध बन्दीलाई क्षमताअनुसार जुन योग्य काम हुन्छ त्यो गराउनु पर्छ । विशेष गरेर यो कुराको यो नियमको ध्यान राख्नुपर्छ कि स्त्री, बालक, आतुर, वृद्ध, विकलाङ्क अपांग, डराएको तथा शोकयुक्त पुरूषमाथि पनि कहिल्यै शस्त्र प्रयोग गर्नुहुँदैन । युद्धमा हारेको युद्धबन्दीको पत्नी तथा सन्ततिलाई आफ्नो प्रजालाई दिए जस्तो सुविधा उपलब्ध गराउनुपर्छ । युद्धबन्दीको आफन्त जो युद्धमा भाग लिएको हुँदैन ती सवैलाई आफ्नो आफन्त जस्तै आदर,सम्मान, सत्कार गर्नुपर्छ, युद्धबन्दीको पत्नीलाई बहिनी र कन्यालाई पुत्री जस्तैसम्मान गर्नुपर्छ, कहिल्यै पनि युद्ध बन्दीको देशको बासिन्दाप्रति र परिवारप्रति विषय आसक्तिको दृष्टिले देख्नुहुँदैन । युद्धबन्दीको राज्यमा जब राज्य राम्रोसँग सञ्चालन हुन्छ, युद्ध बन्दीको प्रजामा फेरि खुशी प्राप्त हुन्छ, युद्धबन्दीको प्रजालाई कुनै बाहिरी युद्धको डर छैन अन्यले आक्रमण गर्ने सम्भावना छैन भने त्यहाँको उत्तम क्षत्रीय गुणले सम्पन्न व्यक्तिलाई राजा बनाएर त्यसको सहयोग र सल्लाहको लागि वेदज्ञानी ब्राह्मण उपलब्ध गराएर राज्यलाई हस्तान्तरण गर्नुपर्छ र युद्धबन्दीहरूमा बन्दी भएको समयमा गरिएको सेवा र सुश्रूताबाट खुशी छन् अब युद्धबन्दीमा कुनै युद्धको अहङ्कार छैन र अघि आउने समयमा पुनः पुनः युद्धहुने कुनै शङ्का छैन भने ती युद्धबन्दीलाई स(सम्मान, आदर र सत्कारपूर्वक उसको राज्यसम्म पुग्ने व्यवस्था गर्नुपर्छ । यदि जुन युद्धबन्दीको कारण आफ्नो राज्यलाई भविष्यतकालमा कुनै विघ्न समस्या हुनेछ भन्नेलाग्छ भने त्यस युद्धबन्दीलाई आफ्नो कारागारमा नै राख्नुपर्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर राजामा आफ्नो कारागारमा भएको कुनै पनि युद्धबन्दीप्रति कुनै किसिमको पूर्वाग्रह भने कहिल्यै पनि हुनुहुँदैन)

नायुधव्यसनप्राप्तं नार्तं नातिपरिक्षतम् ।
न भीतं न परावृत्तं सतां धर्म अनुस्मरन् ॥ ७/९३ ॥

अर्थात्:- हातमा अस्त्र छैन, निःशस्त्र छ, अस्त्र टुटेको छ, युद्धमा मारिएको पुत्र आदिको मृत्यु भएको कारण शोकमा रहेको व्यक्तिलाई, गहिरो घाउ लागेको भएमा, भयले ग्रसित, युद्धबाट पङ्रामुख अर्थात् भागिरहेको यी सबैलाई आफ्नो राजधर्मलाई विचार गरेर कसैलाई पनि हत्या गर्नुहुँदैन तर बन्दी बनाउन सकिनेछ उसको युद्धमा लिएको सहभागितालाई ध्यानमा राखेर ।

यस्तु भीतः परावृत्तः संग्रामे हन्यते परैः ।
भर्तुर्यद्दुष्कृतं किं चित्तत्सर्वं प्रतिपद्यते ॥ ७/९४ ॥

अर्थात्:- जो राजाले अन्य राजलाई सङ्ग्राम युद्धको लागि आमन्त्रण गरोस र युद्धमा आफै पराजित होस् त्यस्तो राजालाई कति दुःख हुन्छ त्यो उसलाई नै थाहा हुन्छ यस्तो निकम्मा भएको राजालाई युद्धमा पराजित भएपछि जुन निरादर-अप्रतिष्ठा-दुःख आदि हुन्छ त्यो सबै नै उसको लागि भयानक दण्ड हो, पराजित भएपछि के के हुन्छ त्यो सबै कुरालाई ध्यान दिएर व्यवहारिक र गणितीय हिसावले विश्लेषण गरेर कुनै पनि राजाले आफ्नो महत्वाकांक्षी सोच बनाएर संग्राम युद्धको लागि अन्यलाई आमन्त्रण गर्नुहुँदैन, त्यसैले राजाले आफ्नो स्वार्थ हैंन राज्यको फाइदा हेरेर अहङ्कार त्याग गरेर विना कारण कुनै पनि राजालाई संग्राम युद्धको लागि आमन्त्रण गर्नुहुँदैन ।

यच्चास्य सुकृतं किं चिदमुत्रार्थ उपार्जितम् ।
भर्ता तत्सर्वं आदत्ते परावृत्तहतस्य तु ॥ ७/९५ ॥

अर्थात्:- बाहिरी शत्रुले आफ्नो राज्यमा आक्रमण गरेको हुन्छ राजा आफ्नो ज्यान बचाउनको लागि युद्धबाट भागेमा, भाग्दै गर्दा मारिएमा, राज्यको कुनै पनि रक्षक सैनिक आफ्नो राज्यको सुरक्षा गर्न छोडेर भागेमा र भाग्दै गर्दा मारिएमा, त्यस्तो भगौड़ाको सम्पूर्ण स्वभिमान प्रतिष्ठा सबै पतन हुन्छ र त्यसको भविष्यपनि अन्धकार हुन्छ त्यसैले राज्यमा कुनै सङ्कट आएमा त्यो समाधानको लागि ज्यान दिएर पनि राज्यालाई बचाउनु पर्छ । यो राजधर्म हो । राज्यको रक्षा गर्ने विषयमा युद्धबाट कहिल्यै पनि निमुख भएर भाग्नु हुँदैन ।

रथाश्वं हस्तिनं छत्रं धनं धान्यं पशून्स्त्रियः ।
सर्वद्रव्याणि कुप्यं च यो यज्जयति तस्य तत् ॥ ७/९६ ॥

अर्थात्: युद्धका विभिन्न नियम छन् क्षत्रीय राजाले ती युद्धको नियमलाई कहिल्यै तोड्नु र छोड्नु हुँदैन युद्धनियमको व्यवस्थाअनुसार युद्धमा जुन राजाले युद्ध जितेको हुन्छ हार्ने राजाको यी सबै साधन तथा वस्तुहरू जित्ने राजाको हुन्छ जस्तै रथ, घोडा, हात्ती, धन, धान्य, गाई आदि पशु तथा अन्य प्रकारको सबै द्रव्य र घिउ, अन्य साधन तेज आदि र ठेकी, हर्पे आदि कुप्पेमा रहेको द्रव्य यी सबैलाई ग्रहण गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ञश्च दद्युरुद्धारं इत्येषा वैदिकी श्रुतिः ।
राज्ञा च सर्वयोधेभ्यो दातव्यं अपृथग्जितम् ॥ ७/९७ ॥

अर्थात्:- परन्तु, युद्धमा सैनिकले एक्लै जितेको सबै साधन तथा वस्तुलाई सैनिकले सबै आफूसँग राख्ने होइन जितेको पदार्थको सोह्रौं भाग राजालाई दिनुपर्छ, यो युद्धको नियम र ज्ञानको नियम हो र त्यस प्रकारले जुन पदार्थलाई सम्पूर्ण सैनिकले मिलेर जितेको हो त्यसलाई पनि सोह्रौं भाग राजाको र बाँकी बचेको भागलाई सबै सैनिकलाई आपसमा मिलाएर बाँडी दिनुपर्छ ।

(समयको कलमः- युद्धमा जो सैनिक तथा योद्धा मारिएको छ ती सबै योद्धाको स्त्री र सन्तानलाई पनि युद्धमा जितेको पदार्थको भाग दिनुपर्छ त्यो उसको अधिकार हो र मारिएको योद्धाको पत्नी, पुत्र पुत्रीसबैलाई उसको स्वास्थ्य शिक्षा लगायतको सम्पूर्ण विधानमा लाग्ने सबै खर्चलाई यथावत दिनुपर्छ। युद्धमा मारिएका योद्धाको पुत्र जब पढ़ाई सकेर जुन कार्य गर्न लायक हुन्छ त्यसको क्षमताअनुसार उसलाई उसको यथायोग्य अधिकार दिनुपर्छ यो राजधर्म हो । आफ्नो राज्यको वृद्धि, प्रतिष्ठा, विजय, यश, आनन्द वृद्धिको इच्छा र कामना राख्ने राजाले राजधर्मको जुन मर्यादा छ त्यसलाई कहिल्यै पनि उल्लङ्घन गर्नुहुँदैन ।

एषोऽनुपस्कृतः प्रोक्तो योधधर्मः सनातनः ।
अस्माद्धर्मान्न च्यवेत क्षत्रीयो घ्नन्नणे रिपून् ॥ ७/९८ ॥

अर्थात्:- क्षत्रीय शूरवीरको धर्म यो हो कि आफ्नो राज्यमा आक्रमण गर्ने शत्रुलाई रणमा नै आफ्नो तलवारको प्यासलाई बुझाईदिनुपर्छ तर क्षत्रीयले कहिल्यै पनि रणमा जस्तोसुकै शत्रु होस् क्षत्रीय धर्मलाई भने त्याग गर्नुहुँदैन यदि मृत्यु नै हुनलागे पनि आफूले क्षत्रीय धर्मलाई धारण गर्दै मृत्युलाई नै स्वीकार गर्नु उत्तम हुन्छ जसले क्षत्रीयको धर्मलाई नै धारण गर्न सकेन भने त्यो क्षत्रीय भन्न लायक नै हुँदैन ।

(समयको कलमः- अनिन्दित सर्वदा मान्य योद्धाको धर्म हो भनिएको छ, क्षत्रीय व्यक्तिले युद्धमा आफ्नो राज्यको शत्रुलाई मार्नको लागि कहिल्यै बिचलित हुनुहुँदैन राज्यमा कुनै सङ्कट आएमा शत्रुको आक्रमण भएमा त्यस शत्रुको हत्या गरेर या आफ्नो प्राण नै दिएर आफ्नो क्षत्रीय धर्मलाई धारण गरेर मार्नु नै परे पनि कहिल्यै बिचलित हुनुहुँदैन यही क्षत्रीय धर्म हो यही वरण गर्नुपर्छ त्यही गुणलाई वर्ण भनिन्छ ।

अलब्धं चैव लिप्सेत लब्धं रक्षेत्प्रयत्नतः ।
रक्षितं वर्धयेच्चैव वृद्धं पात्रेषु निक्षिपेत् ॥ ७/९९ ॥

अर्थात्:- राजाले कहिल्यै पनि युद्धको चाहाना गर्नुहुँदैन युद्धको नेतृत्व आफैँले कहिल्यै गर्नुहुँदैन तर आफ्नो राज्यमा सङ्कट आएमा भने त्यस युद्धमा डटेर लड्नु पर्छ यो पनि राजाको कर्तव्य हो र साथ साथ राजाको यो पनि कर्तव्य हो कि राज्यमा नभएको अलब्ध पदार्थलाई प्राप्त गर्ने कोसिस गर्नुपर्छ भने, प्राप्त गरेको पदार्थलाई प्रयत्नपूर्वक रक्षा गर्नुपर्छ, रक्षित पदार्थलाई बृद्धि गर्ने कोसिस गर्नुपर्छ, बृद्धि भएको धन धान्यलाई कुनै सुपात्र अर्थात् वेदविद्या तथा धर्मको संरक्षण र ज्ञानको प्रचार गर्नको लागि, विद्यार्थीको लागि, वेदमार्गमा उपदेश गर्नको लागि, तथा असमर्थ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनाथको पालन आदिमा लगाउनु पर्छ ।

एतच्चतुर्विधं विद्यात्पुरुषार्थप्रयोजनम् ।
अस्य नित्यं अनुष्ठानं सम्यक्कुर्यादतन्द्रितः ॥ ७/१०० ॥

अर्थात्:- राजाले यी उपर्युक्त चार प्रकारको पुरुषार्थको उन्नतिको लागि आलस्य छोडेर, यी सबैको उन्नतिको लागि कार्य गर्नुपर्छ यी सबै कार्य गर्नु पनि एक अनुष्ठान हो भनेर बुझ्नुपर्छ ती चार अनुष्ठान हुन् विद्योन्नति, अनाथरक्षा, ब्रह्मचारी, वानप्रस्थ सन्यासी आदि सबैलाई सहायता व्यय अर्थात् खर्च गर्नु अतिनै उत्तम कार्य हो ।

अलब्धं इच्छेद्दण्डेन लब्धं रक्षेदवेक्षया ।
रक्षितं वर्धयेद्वृद्ध्या वृद्धं पात्रेषु निक्षिपेत् ॥ ७/१०१ ॥

अर्थात्:- राजाले सुपात्र एवं योग्य व्यक्तिलाई राज्यको कर्ममा लगाउनु पर्छ, राज्यको धनको खर्च राज्यको विकाशमा नै व्यय गर्नुपर्छ। राजा सधैँ धीर पुरूष बनेर जुन मनुष्यले राज्यको कर दिदैन त्यस मनुष्यलाई राजाले आफ्नो इच्छाले हैन राज्यको नियमअनुसार दण्ड दिएर भए पनि तिरो लिनुपर्छ र आफ्नो राज्यको सुरक्षा तथा प्रजाको रक्षा गर्नुपर्छ, रक्षित राज्यको प्रजालाई समान अधिकार उपलब्ध गराएको हुनाले त्यो सुबिधा प्रजालाई दिएको हुनाले तिरो लिनु राजाको राजधर्म हो, धनको व्यापार, धनको व्यापारबाट प्राप्त व्याजबाट प्राप्त धन सुपात्रलाई दिएर राज्यमा सत्य ज्ञान तथा विद्या र विज्ञानको बिकाशको लागि मनुष्यको आफ्नो सत्यधर्मको प्रचार आदि आदि गर्नको लागि राज्यको धन आदि पदार्थको व्यय गरेर राज्यको सबै प्रजाको उन्नतिको लागि तैयार हुनुपर्छ ।

नित्यं उद्यतदण्डः स्यान्नित्यं विवृतपौरुषः ।
नित्यं संवृतसंवार्यो नित्यं छिद्रानुसार्यरेः ॥ ७/१०२ ॥

अर्थात्:- राज्यको दण्ड विधान सधैँ चुस्त दुरुस्त हुनुपर्छ, राज्यको नियमअनुसार काम नगर्ने व्यक्ति जोसुकै होस् त्यो अपराधी हो त्यस्तो अपराधीलाई उसको कर्मअनुसार नै दण्ड दिनुपर्छ, गलत प्रचार गर्नुहुँदैन, राज्यको र राजाले आफ्नो गोपनियतालाई सधैँ गुप्त राख्नुपर्छ, राज्यको सुरक्षा साधन, राज्यको धनसार, राज्यको धान्यकोष आदिको नियम सञ्चालनलाई गुप्त राख्नुपर्छ तर कार्य भने चुस्त दुरुस्त हुनुपर्छ यी कार्य गर्दैगर्दा राज्यमा कुनै बाहिरी आक्रमणको सङ्कट उत्पन्न हुने अवस्था आएको त छैन यी सबै कुरालाई राजाले ध्यान राख्नुपर्छ ।

नित्यं उद्यतदण्डस्य कृत्स्नं उद्विजते जगत् ।
तस्मात्सर्वाणि भूतानि दण्डेनैव प्रसाधयेत् ॥ ७/१०३ ॥

अर्थात्:- जुन राज्यमा राजा नियमकारी र न्यायकारी हुन्छ अपराधीलाई माफी हैन दण्ड दिएर राज्यमा सर्वदा दण्ड विधानलाई प्रयोग गरेको हुन्छ, जुन राज्यमा अपराधीले अपराध गरेमा माफ हैंन अपराधको फल दण्ड पाउँछन् भन्ने ज्ञान अपराधीलाई भएमा त्यस्तो राजाको राज्यमा अपराधीले जहिले पनि अपराध गर्नमा सधैँ भयभित रहन्छ, त्यसैले सृष्टिका सम्पूर्ण प्राणीहरू दण्ड विधानअनुसार नै सञ्चालन रहेका हुन्छन् राजाले पनि आफ्नो प्रजालाई दण्ड विधानअनुसार नै राख्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्छ यो राजधर्म हो ।

अमाययैव वर्तेत न कथं चन मायया ।

बुध्येतारिप्रयुक्तां च मायां नित्यं सुसंवृतः ॥ ७/१०४ ॥

अर्थात्:- राजाले कहिल्यै पनि प्रजालाई छल गर्नुहुँदैन, आफ्नो प्रजाप्रति राजा छल शून्य हुनुपर्छ राजाले कहिल्यै पनि छलको आचरण गर्नुहुँदैन, अपराधी तथा शत्रुबाट हुने छलको बारेमा जानेर त्यस छलबाट राज्य, प्रजा र आफ्नो रक्षागर्दै सधैँ राजा सधैँ आफ्नो प्रजाको साथमा रहनुपर्छ ।

(समयको कलमः- परन्तु राजाले सधैँ यो कुरालाई ध्यान राख्नुपर्छ कि राजा सधैँ निष्कपट भावको हुनुपर्छ त्यही निष्कपट भावले नै सबैसँग आचरण गर्नुपर्छ, चाहे त्यो चोर होस् चाहे त्यो साधारण मनुष्य नै होस्, चोरलाई दण्ड दिएर निष्कपट हुनुपर्छ भने साधारण मनुष्यसँग मित्रवत आचरणले राजा निष्कपट भावको हुन्छ, राजाले कुनै पनि अवस्थामा आफ्नो प्रजासँग छल र छलद्वारा व्यवहार गर्नुहुँदैन, राजा आफ्नो राजधर्म मार्गमा नित्यप्रति रहेर अनेक प्रकारले आफ्नो र प्रजाको रक्षागर्दै आफ्नो राज्यको आन्तरिक शत्रुबाट हुने अपराध र बाहिरी शत्रुबाट हुने छलको बारेमा सधैँ ध्यान दिनुपर्छ ।

नास्य छिद्रं परो विद्याद्विद्याच्छिद्रं परस्य च ।

गूहेत्कूर्म इवाङ्गानि रक्षेद्विवरं आत्मनः ॥ ७/१०५ ॥

अर्थात्:- राजाले आफ्नो राज्य र आफ्नो प्रजाको उन्नतिको रक्षाको लागि प्रयत्नरत रहनुपर्छ, राजाको राज्यको कुनै कमजोरी या राजाको निर्बलताको बारेमा रहेको गुप्तज्ञानलाई बाहिरको कुनै पनि शत्रुले प्राप्त नगरोस, परन्तु आफूले भने बाहिरी शत्रुको कमजोरी तथा उसको निर्बलताको बारेमा ज्ञान प्राप्त गर्नेकोसिस गर्नुपर्छ । जसरी कछुवाले आफ्नो अङ्गलाई गुप्त राखेको हुन्छ, ठीक त्यही तरिकाले राजाले पनि आफ्नो राज्यअङ्गको कमजोरीलाई गुप्त राख्नुपर्छ र आफ्नो निर्बलतालाई पनि लुकाउनु पर्छ ।

बकवच्चिन्तयेदर्थान्सिंहवच्च पराक्रमे ।

वृकवच्चावलुम्पेत शशवच्च विनिष्पतेत् ॥ ७/१०६ ॥

अर्थात्:- जसरी बकुल्लो ध्यानमा स्थित भएर पानीबाट आफ्नो आहारा प्राप्त गर्ने क्षमता राखेको हुन्छ, ठीक त्यस्तै राजाले पनि आफ्नो कार्य बकुल्लाको ध्यान जस्तै स्थित तर कर्मलाई भने क्रियाशील अर्थात् शान्त भएर शत्रुको अर्थ-सङ्ग्रह विधानको बारेमा जान्ने कार्य गर्नुपर्छ । द्रव्य आदि पदार्थ र आफ्नो सैन्य क्षमता तथा बलको वृद्धिको कार्य गर्नुपर्छ, यदि कुनै पनि बाह्य या आन्तरिक शत्रुले राज्यमा आक्रमण गरेमा त्यस आक्रमणलाई जित्नको लागि सिंहले जस्तै समान पराक्रम गर्नुपर्छ । चिताले जस्तै गुप्त रहेर शत्रुलाई बन्दी बनाउनुपर्छ र समीपमा आएको शत्रु बलवान छ तर त्यससँग प्रतिरोध गर्ने क्षमता नभएमा खरायो जस्तै खातर बाट दूर निस्किनु पर्छ, र शक्ति सम्पन्न बनेर फेरि प्रतिरोध गर्नुपर्छ ।

एवं विजयमानस्य येऽस्य स्युः परिपन्थिनः ।

तानानयेद्वशं सर्वान्सामादिभिरुपक्रमैः ॥ ७/१०७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- आफूभन्दा शक्तिशाली राजालाई युद्धमा हराउनको लागि र यदि युद्धमा विजय भएको राजाको जो जो विरोधी छन् ती सबैलाई मित्रताको पहिले अवसर दिएर आफूमा मिलाउनु पर्छ यदि यो सम्भव नभएमा मित्रताको अवसरलाई स्वीकार नगरेको खण्डमा दोस्रो पाइला चल्नुपर्छ साम, दाम, दण्ड, भेदको नियमअनुसार ती सबैलाई आफ्नो वशमा राख्नुपर्छ ।

यदि ते तु न तिष्ठेयुरुपायैः प्रथमैस्त्रीभिः ।
दण्डेनैव प्रसह्यैताञ् शनकैर्वशं आनयेत् ॥ ७/१०८ ॥

अर्थात्:- यदि शत्रु, डाँकु, चोर आदि पूर्वोक्तमा भनिएको दोस्रो पाइलाको नियम साम, दाम, भेद यी तीन उपायले आफ्नो गराउनुपर्छ यदि यो नियम पनि लागु नभएमा ती सबैलाई आफ्नो वशमा गर्नको लागि दण्डको विधानलाई प्रयोग गरेर साधारण दण्डद्वारा नै बलपूर्वक र सावधानीपूर्वक आफ्नो वशमा राख्नुपर्छ तर जो शत्रु यति गर्दा पनि राजाको वशमा आउँदैन भने त्यसलाई अति कठिन दण्ड दिएर आफ्नो वशमा गर्नुपर्छ ।

सामादीनां उपायानां चतुर्णा अपि पण्डिताः ।
सामदण्डौ प्रशंसन्ति नित्यं राष्ट्राभिवृद्धये ॥ ७/१०९ ॥

अर्थात्:- परन्तु, राज्य र प्रजाको उन्नतिको लागि राजाको लागि राजधर्मामा चार भेद ठीक तथा उत्तम पनि हो तर यो नियम राजधर्म नभएर राजनीति विधान हो राजनीतिक विधानमा भने साम, दाम, दण्ड र भेद यी चार नियमलाई अपनाउनु हुँदैन राजनीतिको विधानमा यी चार उपायमा केवल दुई नियम साम र दण्ड विधान नै उत्तम विधान हो राजनीतिको नियमअनुसार नै राष्ट्र-वृद्धिको लागि यी दुई विधान उत्तम र अतिश्रेष्ठ हो ।

यथोद्धरति निर्दाता कक्षं धान्यं च रक्षति ।
तथा रक्षेन्नृपो राष्ट्रं हन्याच्च परिपन्थिनः ॥ ७/११० ॥

अर्थात्:- खेती गर्ने किसानले आफ्नो खेतमा खेतीको बीचमा उम्रिएको घाँस तथा सामा आदि विकारलाई उखेलेर अन्नको बिरुवाको रक्षा गरेको हुन्छ ठीक त्यही तरिकाले राजाले आफ्नो राज्यको आन्तरिक शत्रुलाई दण्ड दिएर राज्य र प्रजाको रक्षा गर्नुपर्छ र विरोधीको अन्त्य गर्नुपर्छ

मोहाद्राजा स्वराष्ट्रं यः कर्षयत्यनवेक्षया ।
सोऽचिराद्भ्रश्यते राज्याज्जीविताच्च सबान्धवः ॥ ७/१११ ॥

अर्थात्:- आफ्नो राज्य र आफ्नो प्रजालाई राम्रो तरिकाले रेखदेख गर्न नसक्ने राजा आफ्नो कर्मको कारणले शीघ्र नै राज्यको प्रजाको दृष्टिबाट र राजाको पदबाट च्युत हुनपुग्छ । हुनसक्छ यस्तो प्रजाको दृष्टिमा च्युत भएको राजा आफ्नो परिवारसहित आफ्नो जीवनबाट पनि पतन हुनसक्छ ।

शरीरकर्षणात्प्राणाः क्षीयन्ते प्राणीनां यथा ।
तथा राज्ञां अपि प्राणाः क्षीयन्ते राष्ट्रकर्षणात् ॥ ७/११२ ॥

अर्थात्:- जसरी शरीरलाई निर्बल गर्नाले प्राणीको प्राण क्षीण हुनपुग्छ ठीक त्यस्तै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाले आफ्नो प्रजालाई दुर्बल गराउनाले राजाको प्राण नष्ट हुन्छ नै प्रजा नै राजाको प्राण हो ।

राष्ट्रस्य सङ्ग्रहे नित्यं विधानं इदं आचरेत् ।
सुसंगृहीतराष्ट्रे हि पार्थिवः सुखं एधते ॥ ७/११३ ॥

अर्थात्:- राजाले आफ्नो राष्ट्रको रक्षा व्यवस्था एवं अभिवृद्धिको लागि सदैव निम्न वर्णित व्यवस्था (यही अध्ययको अघिको श्लोक ११४ देखि १४४ सम्म) को नियमलाई लागु गर्नुपर्छ किनकि सुरक्षित एवं समृद्ध तथा व्यवस्थित भएको राष्ट्रमा नै राजा सुखपूर्वक रहन सक्छन् र आफ्नो, प्रजाको र देशको उन्नति गरेको हुन्छ ।

द्वयोस्त्रयाणां पञ्चानां मध्ये गुल्मं अधिष्ठितम् ।
तथा ग्रामशतानां च कुर्याद्राष्ट्रस्य सङ्ग्रहम् ॥ ७/११४ ॥

अर्थात्:- राजाले राज्यको सुरक्षाको लागि दुई, तीन, पाँच र सय गाउँको बीचमा एक राष्ट्रसङ्ग्रह अर्थात् राज्यरक्षा भवन बनाउनु, जुन भवनमा कुनै ज्ञानी तथा योग्य मुखियालाई अधिकार दिएर त्यही भवनबाट त्यही गाऊँको रक्षक समुहको सम्पूर्ण कार्यलाई सञ्चालन अर्थात् अधिष्ठित गर्नुपर्छ ।

ग्रामस्याधिपतिं कुर्याद्दशग्रामपतिं तथा ।
विंशतीशं शतेशं च सहस्रपतिं एव च ॥ ७/११५ ॥

अर्थात्:- राजाले गाउँको कल्याण गाऊँको उन्नति, प्रगति र सुरक्षाको विधान लाई सञ्चालन गर्नको लागि प्रत्येक गाउँमा एक-एक अधिपतीलाई नियुक्त गर्नुपर्छ यो पहिलो पद हो । त्यही गाउँमा दश गाउँलाई मिलाएर दोस्रो पदको अधिपति, त्यही गाउँमा बीस गाऊँलाई मिलाएर तेस्रो पदको अधिपति त्यसमाथि त्यही गाउँमा पचास गाउँ मिलाएर चौथो पदको अधिपति सय गाऊँ मिलाएर पाँचौँ अधिपति र त्यही गाऊँको हजार गाऊँ मिलाएर छैटो पदको लागि एक अधिपति नियुक्त गर्नुपर्छ र

ग्रामदोषान्समुत्पन्नान्ग्रामिकः शनकैः स्वयम् ।
शंसेद्ग्रामदशेशाय दशेशो विंशतीशिने ॥ ७/११६ ॥

अर्थात्:- प्रत्येक गाउँमा नियुक्त गरिएको अधिपतीले नै आफ्नो गाउँमा आफ्नो क्षेत्रमा भएका सबै समस्यालाई सकेसम्म आफैले समाधान गर्नुपर्छ । यदि एक गाउँको अधिपतीले आफ्नो गाउँमा उत्पन्न भएको समस्या तथा दोषलाई स्वयम ठीक गर्न नसकेमा सकेसम्म पाँच गाउँको अधिपतीलाई यदि पाँच गाउँको अधिपति नभएमा मात्र दश गाउँको अधिपतीलाई निमन्त्रणा गर्नुपर्छ । यदि पाँच गाउँको अधिपतीले समस्या समाधन गर्न नसके दस गाउँको अधिपतीलाई, दश गाऊँको अधिपतीले समस्या समाधान गर्न नसके बीस गाउँको अधिपतीलाई बीस गाउँको अधिपतीले नसकेमा पचास गाउँको अधिपतीलाई पचास गाउँको अधिपतीले नसकेमा सय गाउँको अधिपतीले समस्या सुम्पिनुपर्छ । सय गाउँको अधिपतीले त्यो समस्या समाधन गर्न नसकेमा हजार गाउँको अधिपतीले सुम्पिनु पर्छ हजार गाऊको अधिपतिवाट पनि समस्याको समाधान नभएमा मन्त्रीमा जानु यदि मन्त्रीले पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नसके राजासँग राजाले पनि नसके देशको नियम कानुन परिवर्तन गरेर भए पनि समस्यालाई समाधना गर्नुपर्छ ।

विंशतीशस्तु तत्सर्व शतेशाय निवेदयेत् ।
शंसेद्ग्रामशतेशस्तु सहस्रपतये स्वयम् ॥ ७/११७ ॥

आफ्नो गाउँको समस्या समाधान नभएमा त्यस गाउँको अधिपति आफ्नो गुनासो लिएर सीधा मन्त्री या राजाको साथमा जानु हुँदैन, एकको पाँच, पाँचको दश, दशको बीस, बीसको पचास, पचासको सय, सयको हजार, हजार गाउँको अधिपतीले आफ्नो क्षेत्रमा भएको समस्यालाई लिएर मन्त्री या राजासँग जानुपर्छ ।

(समयको कलमः- एक गाऊँ भन्नाले करिब पाँचसय घरधुरी भएको एक टोल हो, पाँच गाऊँ भन्नाले दुईहजार पाँच सयभन्दा धेरै घरधुरी भएको गाउँ हो, एक वडा जस्तै हो, जसलाई पहिले पञ्चायत भनिथ्यो, दशगाऊँ भन्नाले एक इलाका हो, बीसगाउँ भन्नाले विकाश समिति हो, पचास गाउँ भन्नाले नगरपालिका हो, सय गाऊँ भन्नाले एक जिल्ला हो, पाँचसय गाउँ भन्नाले एक अञ्चल हो हजार गाऊँ भन्नले एक विकाश क्षेत्र हो । विकाश क्षेत्रको अधिपतीले सीधा मन्त्री या राजासँग सम्पर्क गर्नसक्ने छन् राजाले यसको विधान मिलाऊनु पर्छ) ।

यानि राजप्रदेयानि प्रत्यहं ग्रामवासिभिः ।
अन्नपानेन्धनादीनि ग्रामिकस्तान्यवाप्नुयात् ॥ ७/११८ ॥

अर्थात्:- राजाले गाउँमा या नगरपालिकाको बासिन्दासँग जो कर लिने व्यवस्था गरेको हुन्छ प्रजाले त्यो करलाई दैनिक, मासिक या बार्षिक गरेर त्यो गाउँको अधिपतिको रहोवरमा नै जम्मा गर्नुपर्छ अन्य कसैलाई पनि दिनुहुँदैन ।

दशी कुलं तु भुञ्जीत विंशी पञ्च कुलानि च ।
ग्रामं ग्रामशताध्यक्षः सहस्राधिपतिः पुरम् ॥ ७/११९ ॥

अर्थात्:- राजाले राज्यको कार्य सम्पन्न गर्न नियुक्त गरेको अधिपतिको तह हेरेर अलग अलग तरिकाले सम्पत्ति अर्थात् जमिन उपलब्ध गराउनु पर्छ एक र पाँच गाउँको अधिपतिको परिवारको सम्पूर्ण खर्च राजाले उठाउनुपर्छ, भने दस गाउँको अधिपति हो भने एक कूत सम्पत्ति अर्थात् ६ हल गोरुले एक दिनभरिमा जोतेर सकिने सम्पत्तिलाई एक कूत भनिन्छ त्यति एक कुतको सम्पत्ति दस गाउँको अधिपतीलाई राजाले दिनुपर्छ ताकि राजाको काम पनि सम्पन्न होस् अधिपतीले आफ्नो परिवारलाई पनि राम्रोसँग पालन गर्न सकोस्, त्यस्तै बीस गाउँको अधिपतीलाई तीनकुत बरावरको सम्पत्ति दिनुपर्छ, पचास गाउँको अधिपतीलाई करीब दश बीघा जमिन अर्थात् एक ग्राम दिनुपर्छ भने सय गाउँको अधिपतीलाई बाईस बीघा जमिन अर्थात् एक नगर दिनुपर्छ अधिपतीलाई यति सम्पति भोग चलनको लागि उपलब्ध गराउनुपर्छ त्यस्तै अन्य अधिपतीलाई पनि त्यहीअनुसार व्यवस्था गर्नुपर्छ ।

तेषां ग्राम्याणि कार्यानि पृथक्कार्याणि चैव हि ।
राज्ञोऽन्यः सचिवः स्निग्धस्तानि पश्येदतन्द्रितः ॥ ७/१२० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजाले नियुक्त गरेका सबै सचिव तथा अधिपति आफ्नो कार्यमा चुस्त दुरुस्त हुनुपर्छ राजाको प्रिय-विश्वस्त मन्त्रीहरू आलस्यरहित भएर गाउँको अधिपति लगायतका सबैमा अधिकारीको ग्राम-प्रबन्ध-सम्बन्धी काम कस्तो चलिरहेको हुन्छ त्यसलाई विश्लेषण र रेखदेख गर्नुपर्छ, त्यस्तै राजाको विश्वस्त राजमन्त्री आलस्यरहित भएर न्यायपालिका र न्यायाधीशलाई निरीक्षण गर्नुपर्छ, प्रबन्धभन्दा पृथक् कार्य भएको भएमा न्याय सम्बन्धी कामको पनि निरीक्षण गर्नुपर्छ यदिकुनै गडबडदेखिएमा त्यसको तत्काल खोजी गर्नुपर्छ ।

नगरे नगरे चैकं कुर्यात्सर्वार्थचिन्तकम् ।
उच्चैःस्थानं घोररुपं नक्षत्राणां इव ग्रहम् ॥ ७/१२१ ॥

अर्थात्:- राज्य सञ्चालन गर्नको लागि ठूलो ठूलो नगरपालिको केन्द्रमा त्यस नगरपालिका भित्रपर्ने सबै गाऊँलाई पायक पर्ने र सबै गाउँको अधिपतीलाई उपास्थित भएर आफ्नो गाउँको समस्यालाई छलफल गर्नको लागि सजिलो होस् भनेर सम्पूर्ण गाउँको लागि पायक पर्ने ठाउँमा प्रत्येक नगरपालिको बीचमा एक एक सभाहलको निर्माण गर्नुपर्छ जुन सभाहल सुन्दर, उच्च र विशाल होस्, जसरी शुक्ल पक्षमा चन्द्रमा आकाशमा एक्लै देखिन्छ ताराहरू गौण देखिन्छ त्यस्तै सबैको लागि छलफल गर्नको लागि मिल्ने गरेर हरेक नगरपालिको बीचमा एक एक भवन बनाउनु पर्छ । त्यस भवनमा आवश्यकता परेमा ब्रह्मज्ञानी विद्वान्लाई बोलाएर राज्यको विकास, शिक्षामा कसरी उन्नति गर्न सकिन्छ ? भनेर छलफल गर्न पनि र जरूरत परेमा नियम कानुन पनि बदल्न सकियोस् । कुनै गाउँको लागि आवश्यकता परेमा नियमलाई पनि परिवर्तन गरेर त्यस गाउँमा बस्ने प्रजाको कल्याण गर्न सकियोस् ।

स ताननुपरिक्रामेत्सर्वानेव सदा स्वयम् ।
तेषां वृत्तं परिणयेत्सम्यग्राष्ट्रेषु तच्चरैः ॥ ७/१२२ ॥

अर्थात्:- मन्त्रीले जहिले पनि आफ्नो मन्त्रालयमा आफै भ्रमण गरेर आफ्नो मन्त्रालयको कार्य चुस्त दुरुस्त छ या छैन भनेर हेर्नुपर्छ यदि कुनै कारणले यो सम्भव नभएमा आफ्नो विश्वासी र वेदज्ञानी मनुष्यलाई आफ्नो गुप्तचर राखेर ती कार्यालयमा नित्यभ्रमण गरेर कार्यको निरीक्षण गर्नुपर्छ गुप्तचरको आफ्नो नातेदार तथा आफन्त कुनै पनि व्यक्ति मन्त्रालयमा हुनुहुँदैन, गुप्तचरबाट नै राजाले मन्त्री तथा अधिपतिको दोष र गुणको बारेमा गुप्तरीतिले जानकारी प्राप्त गर्नुपर्छ । आफ्नो कार्यमा कुनै मन्त्री या अधिपतीले अपराध गरेमा त्यसलाई तुरुन्त सत्यताको खोजी गरेर दण्ड दिनुपर्छ भने जुन मन्त्री तथा अधिपतिको कार्य उत्तम छ त्यस कर्मचारीलाई सधैँसम्मान गर्नुपर्छ ।

(समयको कलमः- राजा तथा मन्त्री आफ्नो लागि नजिक रहेको मन्त्रालयमा आफै निरीक्षण गर्नुपर्छ, त्यस्तै श्लोक ७ र १२० मा वर्णन गरिएको मन्त्रीको सचिव, मन्त्री र मन्त्रालयको लागि निर्मित ७ र १२१ सबै सचिवालयमा राजा तथा मन्त्री सधैँ आफै घुमेर मन्त्रालयको सधैँ निरीक्षण गर्नुपर्छ यदि राजा तथा मन्त्री सधैँ जहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँ जान सक्दैन त्यसको लागि वेदज्ञानी आफ्नो कर्ममा निपुर्ण व्यक्तिलाई आफ्नो दूत बनाएर गुप्त तरिकाले त्यहाँ पठाउनुपर्छ कुनै पनि दूत आफ्नो मन्त्रालय तथा आफ्नो कार्यलयमा आएको छ भन्ने जानकारी कुनै मन्त्री या कर्मचारीलाई हुनुहुँदैन आफूले नियुक्त गरेको राजपुरूषको आचरणको वारेमा आफ्नो दूतले गुप्तरीतिले आफूलाई जानकारी दिँदै रहोस्)

राज्ञो हि रक्षाधिकृताः परस्वादायिनः शठाः ।
भृत्या भवन्ति प्रायेण तेभ्यो रक्षेदिमाः प्रजाः ॥ ७/१२३ ॥

अर्थात्:- राजाले मन्त्रीलाई छनौट गर्दा त्यस्तो मन्त्री छनौट गर्नुपर्छ कि जसले प्रजाको अधिकार र प्रजाको रक्षा गर्न सकोस् क्षत्रीय गुणले सम्पन्न होस् र माथि भनिएको पूर्वोक्त प्रकारले सम्पन्न धार्मिक व्यक्ति होस्, ज्ञान र आचारमा सुपरीक्षित होस्, शास्त्र, नीति विधानमा विद्वान् होस्, उत्तम आचरण र उत्तम कुलीन होस् । यस्तो ज्ञानी व्यक्तिलाई रक्षा तथा कानुनको मन्त्रालय दिनुपर्छ यस्तो व्यक्ति रक्षक भएमा प्रायः शठ र पर-पदार्थलाई चोरी गर्ने तथा लुटेर आदि दण्डको डरले राम्रो कार्यगर्न शुरू गर्नेछन्, जसले पहिले दुष्ट कर्म गर्ने गर्थे तर अहिले असल बनेको भएमा ती सबैलाई क्षमताअनुसार नोकरी दिनुपर्छ तर कसैको सहयोगीको रुपमा या कुनै विद्वान्को अधिनमा राख्नुपर्छ विद्वान्ले ज्ञानदिएर ती सबैलाई ज्ञानी बनाउनु पर्छ यही तरिकाले आफ्नो राज्यको गलत आचरण भएको व्यक्तिलाई पनि सुधार गर्न सकिने छ यो विधानलाई पनि प्रजाको रक्षाको विधान भनिन्छ ।

(समयको कलमः- आफ्नो राज्यमा बस्ने प्रजालाई राजाले गलत कार्य गर्ने दुष्ट आचरण भएको सबै मनुष्यलाई सुधार गर्ने सबै साधन प्रयोग गर्नुपर्छ दण्ड या आफैँ सुधारको विधान यो विधान नै सुधारको अति उत्तम विधान हो । तर सुधारको नाममा दुष्ट आचरण भएको व्यक्तिलाई खाली राख्नाले कयौँ अन्य दुष्ट उत्पन्न हुन सक्छ त्यस्तै दुष्टलाई सुधारको लागि पहिले सुझाव तथा ज्ञान दिनु यदि ज्ञानद्वारा सुधार हुँदैन भने दण्ड दिनुपर्छ दुष्टलाई दिइने दण्डमा कुनै मानसिक दवाव र शारीरिक पीड़ा दिनुहुँदैन तर शारीरिक परिश्रम गराउनु पर्छ जस्तै तील तथा तोरीको कोललाई घुमाएर त्यस कोलवाट तोरीको तेल निकाल्नु यो काम दैनिक गराउने हो भने जस्तोसुकै दुष्ट होस् त्यसको सुधार हुनेछ । परन्तु यो कार्य गराउनको लागि सत्य कर्तव्य निष्ठा र उच्चकोटिको सोच भएको ज्ञानी हुन भने अत्यावश्यक हुन्छ ।

ये कार्यिकेभ्योऽर्थ एव गृह्णीयुः पापचेतसः ।
तेषां सर्वस्वं आदाय राजा कुर्यात्प्रवासनम् ॥ ७/१२४ ॥

अर्थात्:- राजाले नियुक्त गरेको मन्त्री होस् या गाउँको अधिपति जो सुकैहोस् ती सबैले यदि आफ्नो प्रजाको कार्य गरेपछि प्रजासँग कुनै घुस लिएको, या क़ानुनी समस्या समाधान गर्छु भनेर वादी-प्रतिवादिसँग घुस लिएको प्रमाण भएमा या राजाले देखेमा त्यस्तो पापी तथा अन्यायी मनुष्यलाई नियन्त्रणमा लिएर सर्वस्वहरण सहित देश निकाला गर्नुपर्छ या त यस्तो दुर्गम ठाउँमा राख्नुपर्छ जहांवाट फर्किएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो घरमा आउन नसकोस् तर उसको परिवारलाई भने राजाले राज्यको सबै सुविधा दिनुपर्छ ।

राजा कर्मसु युक्तानां स्त्रीणां प्रेष्यजनस्य च ।
प्रत्यहं कल्पयेद्वृत्तिं स्थानं कर्मानुरुपतः ॥ ७/१२५ ॥

अर्थात्:- राजाले यो कुरालाई ध्यान राख्नुपर्छ कि दण्डित ती सबैलाई पनि दैनिक निर्वाहको लागि योग्य, धन, भूमि राज्यको तर्फबाट मिल्नुपर्छ । सर्वस्वहरण नै उसको लागि अतिघातक दण्ड हो ती देशनिकाला पश्चात् ती सबैको परिवार स्त्री तथा असमर्थ नाबालिक सन्तानको पढ़ाई लेखाई स्वास्थ्यको खर्चको व्यवस्था राज्यले व्यवस्था गर्नुपर्छ, पढाईको अन्त्यपछि क्षमताअनुसार कर्म अनुरुप निर्वाह-योग्य कार्य गर्ने व्यवस्थामा कर्मको ज्ञान क्षमताअनुसार राज्यको पदको व्यवस्था राज्यले मिलाईदिनु पर्छ यदि देशनिकाला भएको व्यक्तिको स्त्री तथा सन्तानले कुनै कुकर्म गरेँभने त्यसलाई सरकारी सहायतालाई तुरुन्त रोकिदिनु पर्छ ।

पणो देयोऽवकृष्टस्य षडुत्कृष्टस्य वेतनम् ।
षाण्मासिकस्तथाच्छादो धान्यद्रोणस्तु मासिकः ॥ ७/१२६ ॥

अर्थात्:- राज्यको कर्मचारीलाई राज्यले कार्य गरेवापत निम्नतहको कर्मचारी होस् या उच्च तहको कर्मचारी होस् ती सबै कर्मचारीय परिवारको सम्पूर्ण खर्च राज्यले उठाउँको भएमा त्यसको प्रतिदिनको वेतन अर्थात् तलब भनेको एक पण हुनुपर्छ भनेमाथिल्लो तहको कर्मचारी भएमा त्यसको बेतन प्रति तह एक पण बढ्ने छ रमाथिल्लो तहको कर्मचारी भएंमा ६ पण हुनुपर्छ तथा ती सबै कर्मचारीलाई प्रति ६ महिनामा मौसम अनुसारको तीन जोड़ी वस्त्र दिनुपर्छ नारी भएमा बाहिरी सम्पूर्ण वस्त्र जस्तै ओढ़ने लगाउने र पुरूष भएमा बाहिर लगाउने सम्पूर्ण वस्त्र र प्रत्येक कर्मचारीलाई एक महीनमा एक द्रोण अर्थात् ६४ सेर धान्य अर्थात् अन्न दिनुपर्छ राज्यको तर्फ बाट ।

क्रयविक्रयं अध्वानं भक्तं च सपरिव्ययम् ।
योगक्षेमं च संप्रेक्ष्य वणिजो दापयेत्करान् ॥ ७/१२७ ॥

अर्थात्:- राजाले आफ्नो कर्मचारीलाई दिने सुविधा राज्यको व्यापारीको करबाट उठाएको पैसाबाट उपलब्ध गराउनुपर्छ त्यसैले देशमा हुने खरिद र बिक्री भोजन तथा भरण पोषणको व्यय र लाभ यी सबै कुरालाई ध्यान दिएर नियम सङ्गत रहेर राजाले व्यापारीसँग कर अर्थात् तिरो लिनुपर्छ ।

(समयको कलमः- राजाले व्यापारीलाई पनि राज्यको सबै सुबिधा दिएको भएमा मात्र राज्यले व्यापारीसँग कर अर्थात् तिरो लिन सक्नेछ तर राज्यको कुनै पनि सुविधा नदिने राजालाई व्यापारी र प्रजासँग कुनै पनि नाममा कर असुल गर्ने अधिकार नै हुँदैन, यदि राजाले राज्यको सुबिधा उपलब्ध गराएको भएमा राजाले प्रजा तथा व्यापारीसँग कर उठाउँन सक्नेछ, कर उठाउन पनि राजाले निम्न नियमलाई पूर्ण पालना गर्नुपर्छ राजाले कर लिँदा निम्न कुरा ध्यान राख्नुपर्छः-

१) क्रय अर्थात् खरिद ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२) विक्रय अर्थात् बिक्री ।
३) मार्गको अवस्था ।
४) भक्त अर्थात् समान लिएर आउन सम्मको लागि कति खर्च लाग्यो जस्तै भोजन, परिवहन आदि ।
५) परिव्यंय अर्थात् सुरक्षा व्यवस्था तथा भोजन आदिको खर्च कति भयो ।
६) परिव्यंय अर्थात् समानको रक्षा गर्नको लागि कति खर्च भयो ।

यी सबै नियमलाई ध्यान दिएर राजाले व्यापारी तथा प्रजासँग कर लिनुपर्छ ।

यथा फलेन युज्येत राजा कर्ता च कर्मणाम् ।
तथावेक्ष्य नृपो राष्ट्रे कल्पयेत्सततं करान् ॥ ७/१२८ ॥

अर्थात्:- राजाले आफ्नो राज्यको अवस्थालाई जानेर माथिको नियमलाई ध्यान राखेर राज्यमा निरन्तर यस्तो करको विधानलाई लागु गरेर करलाई निर्धारित गर्नुपर्छ, जुन विधानले राजा व्यापारी र कृषि कर्म गर्ने सम्पूर्ण मनुष्यलाई कुनै दवाव पनि नहोस् दुःख पनि नहोस् प्रजापुरुष सुखरुप फलयुक्त होस् ।

(समयको कलमः- व्यापारीमाथि 'कर' लगाउनु भन्दा पहिले राजाले मुख्य दुई कुरामा तथा मुख्य दुई विधानमा विचार गर्नुपर्छ, एक व्यापारको सुविधा र दोस्रो राज्यको उन्नति । विधानमा व्यापारको सुविधा छैन कर उठाउँनु हुँदैन राज्यको कुनै सुविधा उपलब्ध छैन करको विधान लागु हुँदैन त्यसैले राजालाई कर लिने अधिकार छैन) ।

यथाल्पाल्पं अदन्त्याद्यं वार्योकोवत्सषट्पदाः ।
तथाल्पाल्पो ग्रहीतव्यो राष्ट्राद्राज्ञाब्दिकः करः ॥ ७/१२९ ॥

अर्थात्:- राजाले कर अर्थात् तिरो लिँदा सधैँ सबै विधानलाई ध्यान दिएर थोरै थोरै गरेर कर लिनुपर्छ जसरी जुकाले, गाईको वत्सले, माहुरी तथा भमराले भोजनको मूललाई कुनै पनि हानी नै नगरी थोरै थोरै गरेर आफ्नो भोजनलाई लिनेगर्छन ठीक त्यस्तै गरेर राजले पनि व्यापारीसँग र प्रजासँग थोरै थोरै गरेर वार्षिक कर लिनुपर्छ ।

पञ्चाशद्भाग आदेयो राज्ञा पशुहिरण्ययोः ।
धान्यानां अष्टमो भागः षष्ठो द्वादश एव वा ॥ ७/१३० ॥

अर्थात्:- राजाले कर लिँदा केको व्यापारी हो त्यहि विधानअनुसार अलग अलग कर लिनुपर्छ जो शिल्पीको व्यापारी हो उसले सुन, चाँदी लगायतको आभूषण तथा धातुको व्यापारी हो भने ती धातुको बिक्रीबाट जति लाभ भएको छ त्यसको आधा भाग, चामल दाल लगायतको विभिन्न दैनिक उपभोग्य अन्नमा ६ देखि बाह्रौँ भाग मात्र कर लिनुपर्छ र किसानसँग कर लिँदा राजाले यो ध्यान राख्नुपर्छ त्यस किसानको घरमा धन, खाने र पिउने सम्पूर्ण वस्तुमा कुनै कमि त छैन आउने वर्षको खेतीको लागि बीज सङ्ग्रह छ कि छैन त्यो ध्यान राख्नु पर्छ फेरि यस्तो नहोस् कि राजाले कर लियो किसान दुःखी भएको होस् किसान कहिल्यै पनि दुःखी हुनुहुँदैन राजाले यो कुरा ध्यान राख्नुपर्छ सकिन्छ भने किसानको कर माफ गर्नुपर्छ ।

आददीताथ षड्भागं द्रुमांसमधुसर्पिषाम् ।
गन्धौषधिरसानां च पुष्पमूलफलस्य च ॥ ७/१३१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजाले कर लिँदा यी वस्तुको व्यापारपछि जुन लाभ अर्थात् नाफा हुन्छ त्यसको केवल ६ भाग मात्र कर लिनुपर्छ जस्तैः- काठ, मास दलहन, मह, घिउ, सुगन्ध, औषधी, रस, फूल, कन्दमूल, फल आदिको व्यापरिवाट ।

पत्रशाकतृणानां च चर्मणां वैदलस्य च ।
मृन्मयानां च भाण्डानां सर्वस्याश्ममयस्य च ॥ ७/१३२ ॥

अर्थात्:- राजाले कर लिँदा यी वस्तुको व्यापार पछि जुन लाभ अर्थात् नाफा हुन्छ त्यसको केवल छ भाग मात्र कर लिनुपर्छः(घाँसपात,सँग, तृण, (भूसा आदि) छाला, बाँस तथा वेतको टोकरी माटाको समान र पत्थरको सामना तथा भाँडा कुँडामा ।

म्रियमाणोऽप्याददीत न राजा श्रोत्रियात्करम् ।
न च क्षुधास्यँ संसीदेच्छोत्रियो विषये वसन् ॥ ७/१३३ ॥

अर्थात्:- राज्यमा सङ्कट नै आएको होस् या कुनै पनि अवस्था किन नहोस् या राजाको मृत्यु बराबरको सङ्कट नै किन नहोस् तर ज्ञान प्रदान गर्ने वेदज्ञानी विद्वान्सँग, ज्ञानमा र विद्यामा प्रयोग हुने प्रयोगशाला सम्वन्धित सबै वस्तुमा कहिल्यै पनि कर लिनुहुँदैन । यदि राज्य नै सङ्कट मा छ भने पनि राज्यलाई सङ्कटबाट बचाउने पनि वेदज्ञानी विद्वान् अर्थात् ब्राह्मण नै हो । त्यसैले ज्ञानी र ज्ञानको विधानमा कहिल्यै पनि कर लाग्दैन ।

यस्य राज्ञस्तु विषये श्रोत्रियः सीदति क्षुधा ।
तस्यापि तत्क्षुधा राष्ट्रं अचिरेनैव सीदति ॥ ७/१३४ ॥

अर्थात्:- जुन राजाको देशमा वेदज्ञानी विद्वान् ब्राह्मण भोकबाट प्रताड़ित भएर पीड़ित हुन्छ, त्यहाँ यज्ञ हुँदैन जहाँ यज्ञ हुँदैन त्यो देशमा प्रकृतिको विधानलाई सन्तुलन राख्ने तरिकाको विधान नै प्रभावित हुन्छ यदि यस्तो भएमा प्रकृति प्रकोपको कारण राज्यमा ठूलो भोकमारी उत्पन्न भएर राजा लगायत प्रजा पनि भोकमारीले प्रभावित हुन् पुग्नेछन् । राज्य अनेक प्रकोपबाट पीडित हुनेछ ।

श्रुतवृत्ते विदित्वास्य वृत्तिं धर्म्या प्रकल्पयेत् ।
संरक्षेत्सर्वतश्चैनं पिता पुत्रं इवाउरसम् ॥ ७/१३५ ॥

अर्थात्:- राजाले आफ्नो राज्यको वेदज्ञानी विद्वान् अर्थात् ब्राह्मणलाई उसको आवश्यकता अनुसारको सुविधाको व्यवस्था गर्नुपर्छ र आफ्नो राज्यको गुरुकुलमा रहेका शिष्यको लागि वेदज्ञान प्रदान गरेर आफ्नो जीवनलाई धार्मिक तरिकाले जीविका चलाउन सक्ने व्यवस्था गराउनु पर्छ र त्यस्तो ज्ञानी विद्वान्लाई कुनै पनि अवस्थामा सुरक्षाको व्यवस्था गरेर राजाले पिताको र वेदज्ञानी विद्वान् पुत्र जस्तै वनेर कार्य गर्नुपर्छ । राजाले वेदज्ञानी ब्राह्मण अर्थात् विद्वान्सँग ज्ञानको कुनै पनि कर लिनुहुँदैन ।

संरक्ष्यमाणो राज्ञा यं कुरुते धर्म अन्वहम् ।
तेनायुर्वर्धते राज्ञो द्रविणं राष्ट्रं एव च ॥ ७/१३६ ॥

अर्थात्:- ज्ञान प्रदान गर्नको लागि वेदज्ञानी ब्रह्मणलाई राजाको सहयोग र संरक्षण चाहिन्छ राजाको सहयोगद्वारा नै वेदज्ञानी विद्वान्ले प्रतिदिन राज्यको लागि कल्याणको लागि जुन प्रकृति सन्तुलनको कार्य गरेका हुन्छन् त्यो कार्य नै धर्म हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस धर्मद्वारा नै राज्यमा सबै मौसम बातावरण सन्तुलित हुन्छ कुनै प्राकृतिक र दैविक प्रकोप आउँदैन राज्यमा खुशी, प्रजाको उन्नति हुन्छ प्रजाको उन्नतिमा नै राजाको खुशी र खुशीमा नै राजा आयु बढेको हुन्छ ।

यत्किं चिदपि वर्षस्य दापयेत्करसंज्ञितम् ।
व्यवहारेण जीवन्तं राजा राष्ट्रे पृथग्जनम् ॥ ७/१३७ ॥

अर्थात्:- राजालेमाथि भनिएको तरिकाले वस्तुअनुसार अलग अलग समयमा कर उठाउँनुपर्छ, दैनिक, मासिक र वार्षिकको हिसाब करलाई उठाउँनुपर्छ शिल्पी तथा कालिगढ, मजदुर, नोकर आदिबाट राजाले महिनामा एक दिन मात्र राज्यको कल्याणको लागि कार्य गराउनुपर्छ उनीहरूको क्षमताअनुसार यही परिश्रम नै यी सबैको कर हो ।

कारुकान् शिल्पिनश्चैव शुद्रांस्चात्मोपजीविनः ।
एकैकं कारयेत्कर्म मासि मासि महीपतिः ॥ ७/१३८ ॥

अर्थात्:- पाचक अर्थात् खाना बनाउने, सबै प्रकारको शिल्पी र कालिगढ, सेवक तथा सारथी शारीरिक कष्टद्वारा जीवननिर्वाह गर्ने भरिया तथा चौकीदार यी सबैलाई महिनाको एकदिन मात्र राज्यको कुनै पनि काममा लगाउनु पर्छ क्षमताअनुसार यही परिश्रम नै यी सबैको कर हो ।

नोच्छिन्द्यादात्मनो मूलं परेषां चातितृष्णया ।
उच्छिन्दन्त्यात्मनो मूलं आट्मानं तांश्च पीदयेत् ॥ ७/१३९ ॥

अर्थात्:- राजा लालची भएरमाथि भनिएको नियमविरुद्ध र अति लोभी भएर कसैसँग पनि अनाधिकृत कर लिएर करदाताको सुख-मूललाई नै असर हुने कार्य गर्नुहुँदैन, जो राजाले लोभमा परेर व्यवहारको सुखको मूललाई नै उच्छेद अर्थात् उखेलेको हुन्छ त्यस्तो राजाले आफूलाई दुःख त प्राप्त गर्छ नै प्रजालाई पनि पीड़ा दिएको हुन्छ ।

(समयको कलमः- राजाले आफ्नो राज्यको व्यापारीसँग कर यस प्रकारले लिनुपर्छ कि कर लिनाले किसान तथा व्यापारीको आदिको खाने, पिउने, धनसम्पत्तिरहित भएर दुःख प्राप्त नहोस् । प्रजा नै धनाढ्य भएर सुखी, खुशी, आरोग्य, खानपान आदिले सम्पन्न भएमा मात्र राजाको राज्यमा धेरै उन्नति हुन्छ । राजाले आफ्नो प्रजालाई सधैँ आफ्नो सन्तानलाई दिने जस्तै सुख दिने कोसिस गर्नुपर्छ र प्रजाले पनि आफ्नो राजा र राजपुरुषहरू अर्थात् किसानलाई पितालाई जस्तै आदरणीय मान्नुपर्छ । राजाको पनि राजा भनेको राज्यको किसान हो किसान निरन्तर परिश्रम गर्ने गर्छन र नै प्रजाको लागि खाद्यान्न लगायतको सबै आवश्यकताको समान उपलब्ध हुन्छ भने राजा ती सबैको रक्षक । जुन राज्यमा प्रजा छैन किसान छैन भने त्यो राजा कस्को ? राजा छैन भने फेरि प्रजा कस्को ? राजा, प्रजा र किसान समान र स्वतन्त्र हो र आपसमा मिलेको हुन्छ तर प्रीतियुक्त काममा भने परतन्त्र रहेको हुन्छ ।

तीक्ष्णश्चैव मृदुश्च स्यात्कार्य वीक्ष्य महीपतिः ।
तीक्ष्णश्चैव मृदुश्चैव राज भवतिसम्मतः ॥ ७/१४० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- नियम कानुनमा राजाले कार्यको प्रवृत्तिलाई दृष्टिगत गरेर नियमलाई कडा र खुकुलो हुनुपर्छ भने आचारणमा भने नम्र हुनुपर्छ । किनकि जो राजा कडा र नियमपालक हुनसक्छ त्यो उत्तमगुण हुनालेसम्मान र सबैसँग नम्र हुनाले सबैले आफ्नो मनमा मानसम्मान गरेका हुन्छन् ।

अमात्यमुख्यं धर्मज्ञं प्राज्ञं दान्तं कुलोद्गतम् ।
स्थापयेदासने तस्मिन्खिन्नः कार्येक्षणे नृणाम् ॥ ७/१४१ ॥

अर्थात्:- यदि स्वंय राजाले नै गर्नुपर्ने काम हो तर राजाको स्वास्थ्यमा कुनै समस्या उत्पन्न भएमा या कुनै रोग आदि लागेको भएमा राजा आफू केही समयको लागि आराम गर्नुपर्ने भएमा र राजदरबारमा राजा स्वयम् उपस्थित हुन नसकेमा आफ्नो मुख्यमन्त्री जो क्षत्रीय गुणले सम्पन्न होस् धर्मज्ञ, वुद्धिमान, आत्मसंयमी, स्वाभिमान तथा ज्ञानी कुलीनको होस् त्यस्तो उत्तम व्यक्तिलाई आफ्नो जिम्मेवारीको ज्ञान दिएर आसनमा बसाउनु पर्छ ।

एवं सर्व विधायेदं इतिकर्तव्यं आत्मनः ।
युक्तश्चैवाप्रमत्तश्च परिरक्षेदिमाः प्रजाः ॥ ७/१४२ ॥

अर्थात्:- यस प्रकारले माथि भनिएको नियमलाई ध्यान राखेर राजाले आफ्नो योग्य कार्यलाई निश्चित गर्नुपर्छ तथा प्रमोद आदि दोषलाई परित्याग गरेर दत्तचित्त भएर राज्य र प्रजाको उन्नतिको लागि निरन्तर परिश्रमको साथैप्रजाको पनि रक्षा गर्नुपर्छ ।

विक्रोशन्त्यो यस्य राष्ट्राद्विद्रयन्ते दस्युभिः प्रजाः ।
संपश्यतः सभृत्यस्य मृतः स न तु जीवति ॥ ७/१४३ ॥

अर्थात्:- राजाले आफ्नो मन्त्री तथा राजकर्मचारीलाई नियमपालनमा यति कठोर बनाउनुपर्छ कि, मन्त्री तथा राजकर्मचारीलाई कँही पनि देखेमा राजा तथा राजकर्मचारीको नाम सुनेर नै चोर डाँकुको लुट्ने चोरी गर्ने बारेको सोच्ने क्षमता नै पतन होस् यदि राजाको मन्त्री तथा राजकर्मचारी प्रजाको सुरक्षा गर्न नसकेमा चोर डाँकु तथा अपराधी व्यक्तिले प्रजालाई दुःखी असहाय बनाएर प्रजाको सम्पूर्या पदार्थ, ईज्जत र प्राणलाई समेत हरण गरेका हुन्छन्, यदि यस्तो भएमा यस्तो कर्मच्युत मन्त्री र राजकर्मचारी सहित राजा मृतक समान हो जीवित छ भन्न नै सकिँदैन र अतएव यस्तो मन्त्री तथा राजकर्मचारी नियुक्त गर्ने राजाले कहिल्यै पनि र कँहि पनि सुख प्राप्त गर्दैन अघि उसले प्राप्त गर्ने भनेको महादुःख नै हो ।

क्षत्रीयस्य परो धर्मः प्रजानां एव पालनम् ।
निर्दिष्टफलभोक्ता हि राजा धर्मेण युज्यते ॥ ७/१४४ ॥

अर्थात्:- क्षत्रीय धर्म तथा आचरण नै रक्षा हो अतः प्रजा पालन, प्रजाको रक्षा नै राजा आदि क्षत्रीयको परमधर्म हो, किनकि कर-व्यवस्थाअनुसार निर्दिष्ट करलाई उठाउँने र कर उठाउँनको लागि निर्दिष्ट गरिएको अंश मात्रलाई आफूले भोग गर्ने र करको विधानलाई पूर्ण पालन गर्ने राजा नै धार्मिक राजा हो यस्तो धार्मिक राजा आफ्नो कर्मको कारण धर्मले युक्त भएर नै सधैँ सुखलाई प्राप्त गरेको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्थाय पश्चिमे यामे कृतशौचः समाहितः ।
हुताग्निर्ब्राह्मणांश्चार्च्य प्रविशेत्स शुभां सभाम् ॥ ७/१४५ ॥

अर्थात्:- आफ्नो नित्य कर्मको लागि राजा रात्रीको एक प्रहार बाँकी समय छँदै उठेर शरीरको विकार मल-मुत्रको त्याग, दन्तधावन-स्नान-प्राणायाम-व्यायाम आदि शरीरको शुद्धि गरेर, एकाग्रचित्त भएर ईश्वरको भक्ति, उपासना तथा नित्य ध्यान गर्नुपर्छ र प्रकृति र आफ्नो शरीरको लागि अग्निहोत्र तथा यज्ञ गर्नुपर्छ, तत्पश्चात्, आचरणमा धार्मिक तथा वेदज्ञानी विद्वान्लाई सत्कार गरेर वस्त्र आभूषण धारण गरेर राजदण्ड लिएर राज सभाभवनमा प्रवेश गर्नुपर्छ ।

तत्र स्थितः प्रजाः सर्वाः प्रतिनन्द्य विसर्जयेत् ।
विसृज्य च प्रजाः सर्वा मन्त्रयेत्सह मन्त्रीभिः ॥ ७/१४६ ॥

अर्थात्:- राजा राजसभा-भवनको भित्र प्रवेश गरेपछि केही समय सभामण्डपमा उभिएर आफ्नो आजको मन्त्रणाको विषयवस्तु र धर्मको बारेमा याद गरेर राजाले समस्त मन्त्रीलाई समस्त राजकर्मचारी र प्रजाजनलाई कुशल आदि सु-संभाषणले आनन्दित तरिकाले सम्बोधन गरेर आफ्नो काममा जानको लागि सम्पूर्ण प्रजाजन र राजकर्मचारीलाई विदा गरे तत्पश्चात् राजाले आफ्नो मन्त्रीसँग बसेर राज्यव्यवस्था-सम्बन्धी विधान र कार्यको बारेमा मन्त्रणा गर्नुपर्छ ।

गिरिपृष्ठं समारुह्य प्रसादं वा रहोगतः ।
अरण्ये निःशलाके वा मन्त्रयेदविभावितः ॥ ७/१४७ ॥

अर्थात्:- राजाले राज्यको बारेमा मन्त्रीसँग परामर्श गर्दा यस्तो स्थानमा गर्नुपर्छ कि जहाँ कोही शत्रु या अन्य कोही अपराधी आचारणको मनुष्य पुग्न नसकोस् यस्तो मन्त्रणा गर्नको लागि गिरीदुर्ग अर्थात् पहाडको शिखरको एकान्त महल नै उत्तम स्थान हो ।

यस्य मन्त्रं न जानन्ति समागम्य पृथग्जनाः ।
स कृत्स्नां पृथिवीं भुङ्क्तेकोशहीनोऽपि पार्थिवः ॥ ७/१४८ ॥

अर्थात्:- राजाले सधैँ आफ्नो र राज्यको गोप्य भेदलाई लुकाउनु पर्छ जुन राजाको गोप्य भेदलाई अन्य मनुष्यले जान्न नै सकेको हुँदैन यदि यस्तो राजाले आफ्नो राज्य गुमाएमा पनि कुनै आर्थिककोष नभए पनि यस्तो राजाले सम्पूर्ण पृथ्वीलाई नै भोगेको हुन्छ ।

वधिरांस्तैर्यग्योनान्वयोऽतिगान् ।
स्त्रीम्लेच्छव्याधितव्यङ्गान्मन्त्रकालेऽपसारयेत् ॥ ७/१४९ ॥

अर्थात्:- आफ्नो मन्त्रीसँग कुनै पनि परामर्श गर्ने समयमा यी सबैलाई वस्तु तथा जीवलाई आफ्नो सभा-भवनबाट तुरुन्त हटाउनुपर्छ तब मात्र राजाको आफ्नो गोपनीयता गुप्त रहनेछ ज़िद्दी, मूर्ख, लाटो, अन्धो, बहिरो, सुगा, मैना आदि पंक्षी, स्त्री, वृद्ध, रोगी तथा अङ्गभङ्ग भएको मानसिक विकलाङ्ग आदिलाई राज्यको गुप्तसभामा राख्नुहुँदैन किनकि प्राय शत्रुहरू यही सबैलाई प्रयोग गरेर राजाको गोप्यभेद लिने कोसिस गरेको हुन्छन् र प्रायः अवस्थामा यी सबैद्वारा नै जान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्जानमा धोका हुन्छ ।

भिन्दन्त्यवमता मन्त्रं तैर्यग्योनास्तथैव च ।
स्त्रीयश्चैव विशेषेण तस्मात्तत्रादृतो भवेत् ॥ ७/१५० ॥

अर्थात्:- कहिलेकाँही गल्तीले र अपमान भएको खण्डमा स्त्रीले र नक्कल गर्ने चक्करमा पंक्षीआदिले राजाको गोप्य भेद खोलेका हुन्छन् । त्यसैले यी सबैको अपमान कहिल्यै गर्नुहुँदैन जब यी सबैलाई हटाउनु परेमा आदरपूर्वक र स-सम्मानपूर्वक सबैलाई सभा-भवनबाट हटाउनुपर्छ ।

मध्यंदिनेऽर्धरात्रे वा विश्रान्तो विगतक्लमः ।
चिन्तयेद्धर्मकामार्थान्सार्धं तैरेक एव वा ॥ ७/१५१ ॥

अर्थात्:- राजा आचरणमा चुस्त दुरुस्त भएर मनलाई शान्त बनाएर जब समय मिल्छ चाहे त्यो मध्यादिन नै किन नहोस् चाहे त्यो मध्यरात नै किन नहोस् राजाले जब समय मिल्छ तब एक्लै बसेर या ज्ञानी मन्त्रीसँग बसेर धर्म, अर्थ, कामको बारेमा सोच्नु र छलफल गर्नुपर्छ ।

परस्परविरुद्धानां तेषां च समुपार्जनम् ।
कन्यानां संप्रदानं च कुमाराणां च रक्षणम् ॥ ७/१५२ ॥

अर्थात्:- राजाले प्रजाको ज्ञान प्राप्तगर्ने समयलाई निर्धारण गर्नुपर्छ राजा उसको राज्यमा जन्मेको सबै सन्तानलाई पुत्र होस् या पुत्री होस् ती सबैलाई ब्रह्मचर्यको निश्चित गरिएको योग्य समय छ त्यो समयसम्म गुरुकुलमा राखेर ती सबैलाई ब्रह्मचर्यको विधानमा राखेर वेदज्ञान दिएर विद्वान् तथा ब्राह्मण बनाउनुपर्छ । यदि कसैले पनि यो आज्ञालाई अस्वीकार गरेको खण्डमा त्यसलाई र यदि माता, पिताले जान नदिएको खण्डमा भए पनि दण्ड दिनुपर्छ ।

(समयको कलमः- राजाले नियम बनाएर आफ्नो प्रजालाई आज्ञा दिनुपर्छ र आज्ञानुसार आठवर्ष पश्चात् पुत्र होस् या पुत्री कसैलाई पनि घरमा राख्नुहुँदैन सबैलाई ज्ञानअर्जन गर्नको लागि गुरुकुल भर्ना गर्नुपर्छ भनेर । यी सबैलाई ब्रह्मचर्यव्रत पूरानभएसम्म आचार्यकुलमा नै राख्नुपर्छ जबसम्म समवर्तन संस्कारको समय आएको हुँदैन तबसम्म कसैको विवाह हुनुहुँदैन भन्ने नियम पूर्ण नियमपालन गर्नुपर्छ) ।

दूतसंप्रेषणं चैव कार्यशेषं तथैव च ।
अन्तःपुरप्रचारं च प्रणिधीनां च चेष्टितम् ॥ ७/१५३ ॥

अर्थात्:- आवश्यकताअनुसार राजाले अन्य राज्यमा परराष्ट्र नियमको लागि दूत पठाउने बारेमा, राज्यलाई आवश्यकता परेको कार्य पूरा गर्ने बारेमा, राज-भवनको अन्तःपुरको हलचललाई पनि ध्यान राख्नुपर्छ, अर्को राज्यबाट आफ्नो राज्यमा खटिएको जासुसको बारेमा पनि सधैँ ख्याल राख्नुपर्छ ।

कृत्स्नं चाष्टविधं कर्म पञ्चवर्गं च तत्वतः ।
अनुरागापरागौ च प्रचारं मण्डलस्य च ॥ ७/१५४ ॥

अर्थात्:- राजाले आफ्नो सम्पूर्ण अष्टविध कर्म तथा अन्य राज्यको राजाको दूतको व्यवस्था अनुराग-आकषर्ण र अपराग-स्नेहको, अभाव-द्वेषको तथा राज्यमण्डलको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थिति एवं आचरण यी सबै विषयमा सही र सत्य परक कुरामा ध्यान दिनुपर्छ ।
(समयको कलमः- राजाले पालन गर्नुपर्ने आठ कर्म यी हुनः-

१) प्रजाको सुरक्षाको पक्का र प्रजासँग कर लिनु,
२) राज्यको कर्मचारीको उचित समयमा वेतन दिनु,
३) धर्म र संस्कारको सम्पूर्ण योग्य कर्मलाई गर्नु,
४) त्याग गर्न योग्य कर्म तथा आचरणलाई आफूले त्याग्नु तथा प्रत्येक कार्यको लागि मन्त्रीलाई सीधा आज्ञा दिनु तर निरीक्षण भने आफूले गर्नु ।
५) आफ्नो नियमकारी प्रजासँग उत्तम व्यवहार देखाउनु ।
६) जो प्रजाले आफ्नो कार्य राज्यको नियम विरुद्ध गरेमा त्यस व्यक्तिलाई नीति शास्त्र र राजधर्मअनुसार नै अर्थदण्ड लिनु ।
७) आफ्नो राज्यको प्रजाले दान, आश्रम र धर्मको आचरणलाई परित्याग गरेको भएमा त्यसलाई फेरि दान, आश्रम, धर्मको विधानलाई ठीक र उचित रीति बुझाउनु र प्रायश्चित गर्ने व्यवस्था गर्नु ।
८) जो सुकै पतित भएको हुन्छ त्यसलाई प्रायश्चितद्वारा धर्म आचरण पतितलाई शुद्ध गरिएन भने त एक दिन राज्यको सम्पूर्ण मनुष्य दान, आश्रम, धर्मको आचरणबाट नै पतित भएर अनाचारी हुनेछन् अतएव राजाले सकेसम्म कुनै पनि मनुष्यलाई पतित हुन दिनुहुँदैन राजाले पतितलाई सुधार गर्ने कोसिसलाई विशेष ध्यान दिनुपर्छ ।

२) राजाले पालन गर्नुपर्ने पाँच वर्ग यी हुनः-

जो मनुष्य उसले अर्को राज्यको गुप्त कुरा जानेको हुन्छ, ज्ञाता, स्पष्ट वक्ता, कपटी र तपस हुन्छ यदि यस्तो गुणले सम्पन्न मनुष्य जीविकार्य आएको खण्डमा उसको योग्यातानुसार धन वस्त्र आदि दिएर एकान्तमा उससँग अन्य राज्यको बारेमा जान्नुपर्छ ।

राजाले आफू र आफ्नो राज्यको राज्य व्यवस्थालाई सुदृढ गर्नको लागि बाह्य राज्यको नियम बुझ्न र आफ्नो राज्यको आन्तरिक समस्यालाई बुझ्नको लागि विभिन्न विषयमा गुण तथा जानकारी भएको विज्ञ तथा ज्ञानी व्यक्तिलाई नियुक्ति गर्नुपर्छ ती सबै व्यक्तिलाई नियुक्ति राजाले आफैँले गर्नुपर्छ यो जानकारी ती ज्ञानीसंग एकान्तमा अलग-अलग गरेर एक एकसँग छलफल गरेर नियुक्ति गर्नुपर्छ तर नियुक्ति गरिएको कार्य एक अर्को व्यक्तिलाई जानकारी हुनुहुँदैन तर सबै जानकारी राजालाई मात्र हुनुपर्छ ती व्यक्ति यस्तो हुनुपर्छः-

१) कपटिक अर्थात् कुटनीतिक,
२) उदास्थित अर्थात् बाहरी रुपमा सबैबाट मुक्त,
३) गृहस्थ अर्थात् साधारण मनुष्यको गुण,
४) वणिजक अर्थात् व्यापारी,
५) तपस अर्थात् तपस्वी साधु सन्यासी,

१) कपाटिकः- राजाले बाह्य राज्यमा आफ्नो राज्य विरुद्ध हुने कार्यको जानकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राख्न र बाह्य राज्यमा आफ्नो राज्य र आफ्नो प्रजा विरुद्ध के के कार्य भइरहेको हुन्छ त्यस्तो कार्यको जानकारी राख्नको लागि अरुको सङ्केतवाट उसको उद्देश्य बुझ्न सकोस् यो कार्य सम्पन्न गर्नको लागि वेदज्ञाता विद्वान्लाई गोप्य रुपले आफ्नो दूत बनाएर कर्मचारी रुपमा नियुक्ति गर्नुपर्छ । यो ज्ञानीले बाह्य राज्यको गोप्य कार्यनीतिको जानकारी राखोस् तर आफ्नो राज्यको गोप्य कुरा लुकाउन सक्ने दक्ष व्यक्ति हुनुपर्छ जुन व्यक्ति ज्ञानी होस् तर आफ्नो राज्यको लागि कार्य भने कपटी तरिकाले गरोस यस्तो व्यक्तिलाई कपटिक अर्थात् कुटनीतिक कर्मचारी भनिन्छ ।

२) उदास्थितः- राज्यको आन्तरिक भ्रष्टाचार लगायतका अन्य विविध समस्यको समाधन तथा नियन्त्रण गर्नको लागि सन्यासीको रुपमा कर्मचारी नियुक्त गर्नुपर्छ जसले राज्यको आन्तरिक समस्याको बारेमा जानकारी दिने कार्य गरोस् यस्तो कार्यको लागि नियुक्त कर्मचारीलाई उदास्थित भनिन्छ ।

३) गृहस्थः- राजा आफ्नो आन्तरिक समस्या बुझ्नको लागि आफैँले पनि साधारण गृहस्थ मनुष्य, गेरु वस्त्र जोगी बनेर, सन्यासी रुपमा भिक्षु बनेर आफैँ आफ्नो राज्यको आन्तरिक गुप्त कुरा बुझ्ने कार्य गर्नुपर्छ यस्तो कार्यलाई गृहस्थ भनिन्छ ।

४) बणिजकः- व्यापारी हैन तर व्यापारको ज्ञान भएको व्यक्तिलाई व्यापारी बनाएर व्यापार गर्नको लागि धन दिएर आफ्नो राज्यको आन्तरिक गुप्त कुरालाई बुझ्नको लागि कर्मचारी नियुक्त गर्ने कार्य गरिएको भएमा त्यस कर्मचारीलाई बणिजक भनिन्छ ।

५) तपसः- मनमा देशप्रेम भएको पैसा तथा अन्यकुनै लालच नभएको ज्ञानीव्यक्ति वेदको ज्ञाता, स्पष्टवक्ता होस् आफ्नो राज्यको लागि सबै त्याग गर्नसक्ने होस् यस्तो व्यक्तिलाई देशको सम्पूर्ण मन्त्रीको बारेमा जानकारी सभा(भवनको मन्त्रणा र राज्यको सम्पूर्ण मनुष्यको जीविकोपार्जन बारेमा, राज्य भित्र भइरहेको विधिको जानकारी, कर्मचारीको कार्यनीतिको जानकारी, राख्नको लागि कैँयौँ योग्यव्यक्ति जो वेदज्ञानी होस्, विद्वान् होस्, यस्तो ज्ञानी व्यक्तिलाई गोप्य रुपमा नियुक्त गर्नुपर्छ यस्तो कर्मचारीलाई तपस भनिन्छ यी सबै अलग-अलग कार्यको रणनीति हो त्यसैले राजाले यी सबै कर्मचारीसँग गिरीदुर्गको एकान्तमा रहेर छलफल र जानकारी लिनुपर्छ ।

मध्यमस्य प्रचारं च विजीगिषोश्च चेष्टितम् ।
उदासीनप्रचारं च शत्रोश्चैव प्रयत्नतः ॥ ७/१५५ ॥

अर्थात्:- राजाले निम्न तरिका अपनाएर शत्रुको नियमलाई बुझ्ने कोसिस गर्नुपर्छ ।

१) मध्यम अर्थात् कापटिक
२) बीजगीषु अर्थात्सम्मान दिने विधान बनाएर
३) उदासीन अर्थात् मोह नभएको क्षमात बनाएर
४) शत्रु अर्थात् आन्तरिक र बाह्य वचन र विचारको हाव भावद्वारा

एताः प्रकृतयो मूलं मण्डलस्य समासतः ।
अष्टौ चान्याः समाख्याता द्वादशैव तु ताः स्मृताः ॥ ७/१५६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- सङ्क्षेपमा चार यीमाथिको चार विधान मध्यम, विजिगीषु, उदासीन र शत्रु यी सबै नै राज्यमण्डलको मूल प्रकृति हो यो मूल रुपले नै विचारणीय स्थिति मुख्य विषय पनि हो र आठ प्रकृति पनि माथि नै भनिएको छ यस प्रकारले जम्मा बाह्र विधान हुन्छ यी विधानलाई राजाले सधैँ ध्यान राख्नुपर्छ ।

अमात्यराष्ट्रदुर्गार्थ दण्डाख्याः पञ्च चापराः ।
प्रत्येकं कथिता ह्येताः संक्षेपेण द्विसप्ततः ॥ ७/१५७ ॥

अर्थात्:- राज्यको मन्त्री, राष्ट्र, दुर्ग, अर्थ या खजाना र राज दण्ड यी अरु पाँच भेद छन् ।

(समयको कलमः- माथि भनिएको राजाको सम्पूर्ण कार्यको नियम र सबै भेदलाई जोडेर जम्मा बहत्तर भेद अर्थात् नियम बनेको हुन्छ । मन्त्री, राष्ट्र, किला, कोष, दण्ड र पाँच प्रकृति छन्, माथिको श्लोक १५५ र १५६ को बाह्र नियम प्रकृतिसँग मिलेर अर्थात् पूर्वोक्त प्रत्येक बाह्र प्रकृतिका पाँच पाँच भेदरहेको हुनाले संक्षेपमा कूल ७२ प्रकृति विचारणीय स्थिति, विषय र भेद हुनपुग्छ । पूर्वको १२ को पनि अरु पाँच पाँच भेद अर्थात् नियम रहेका छन् १२×५=६० भेद अर्थात् नियम यही भयो र बराबर बाह्र प्रकृति छन् साठी नियमको विवरण र बाह्र प्रकृति गरेर जम्मा ७२ नियम राजाले सधैँ पालन गरेर राज्यलाई सञ्चालन र आफ्नो प्रजालाई उत्तम संरक्षण गर्नुपर्छ ।

अनन्तरं अरिं विद्यादरिसेविनं एव च ।
अरेरनन्तरं मित्रं उदासीनं तयोः परम् ॥ ७/१५८ ॥

अर्थात्:- अन्य राज्यमा दैवी तथा प्रकृतिको प्रकोप उत्पन्न भएर छिमेकी राज्य समस्या परेमा राजाले त्यस राज्यलाई सहयोग गर्नुपर्छ, प्रकोपको समयमा आफ्नो शत्रुलाई पनि सहयोग गर्नुपर्छ तर राजाले राजधर्मको र मानवताको नियमलाई कहिल्यै पनि छोड्नुहुँदैन यदि राजाको आफ्नो शत्रुसँग अन्य राज्यको राजा मिलेको खण्डमा त्यस राज्यलाई पनि आफ्नो शत्रुजस्तै मानेर सतर्कता अपनाउनु पर्छ, आफ्नो प्रजाले पनि कतै समीपवर्ती राजाको र शत्रु राजाको सेवा सहायता त गरेको छैन त्यो कुरालाई पनि ख्याल गर्नुपर्छ यदि यस्तो कार्य गरेमा त्यसलाई पनि आफ्नो 'शत्रु' नै हो भन्ने मान्नुपर्छ । शत्रु राज्यसँग पहिलेदेखि मित्रता भएको भएमा त्यसलाई अन्यथा लिनुहुँदैन तर सावधान भने हुनुपर्छ भने छिमेकी राज्यसँग अहिले शत्रुता भयो तर त्यस शत्रुसँग अहिले नै अन्य कुनै पनि राज्यले हात मिलाएको खण्डमा त्यस राजलाई शत्रु नै मान्नु यसको विपरीत आचरण गर्ने अर्थात् सेवा सहायता गर्ने राजालाई 'मित्र' र यी दुवैभन्दा भिन्न राजा जसले न सहायता गर्छ न विरोध नै गर्छ यस्तो राजालाई 'उदासीन' राजा हो भनेर बुझ्नुपर्छ ।

तान्सर्वानभिसंदध्यात्सामादिभिरुपक्रमैः ।
व्यस्तैश्चैव समस्तैश्च पौरुषेण नयेन च ॥ ७/१५९ ॥

अर्थात्:- राजाले आफ्नो राज्यलाई उत्तम ज्ञानी देश बनाउनको लागि सबै राज्यको राजासँग मित्रता गर्नुपर्छ शत्रुता आफैले गर्नुहुँदैन तर कसैले शत्रुता गरेमा आफ्नो क्षत्रीय गुण र राजदण्डको नियम सबै प्रकारको राजालाई 'साम' आदि (साम,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाम, दण्ड, भेद) को उपाय अपनाएर वीरता र राजधर्मको नियमअनुसार एक एक राज्यको राजालाई वीरताको साथमा नीतिद्वारा नै आफ्नो वशमा राख्नुपर्छ ।

संधिं च विग्रहं चैव यानं आसनं एव च ।
द्वैधीभावं संश्रयं च षड्गुणांश्चिन्तयेत्सदा ॥ ७/१६० ॥

अर्थात्:- आफ्नो राज्यको कल्याणको लागि राजाले सन्धि-विग्रह, शत्रुराज्यमाथि आक्रमण, उपेक्षादृष्टि राख्नु अर्थात् चुपचाप रहनु, शत्रु राज्यको सेनालाई दुई विभागमा विभाजन गरेर शत्रु राज्यमा विजय प्राप्त गर्नु र कुनै शक्तिशाली राजाको आश्रय लिनु, यी ६ गुणलाई राजाले सधैँ विचार तथा ध्यान राख्नुपर्छ ।

(समयको कलमः- सन्धि गर्नु, विग्रह, आक्रमण, उपेक्षा, विभाजन, यी पाँच नियम यथाक्रमले कापटिक, उदास्थित गृहस्थी, वणिजक तथा तपस भनिन्छ,अतएव यी सवै विधान तथा साधनलाई नै आफ्नो कार्यसिद्धिमा लगाउनु पर्छ जो राजाले आफ्नो शत्रु तथा शत्रुमाथि विजय प्राप्त गर्न इच्छुक राजाको माध्यमको राजकार्य गरेको हुन्छ भने त्यसलाई मध्यम भनिन्छ र यी दुवै राजामा सन्धि व विग्रह गराउने सामर्थ्य राखेको हुन्छ ।

आसनं चैव यानं च संधिं विग्रहं एव च ।
कार्य वीक्ष्य प्रयुञ्जीत द्वैधं संश्रयं एव च ॥ ७/१६१ ॥

अर्थात्:- संधि, विग्रह, यान, आसन, र संश्रय यी प्रत्येकमा जुन नियम लागु गर्नसकिन्छ त्यही आसन द्वैधीभाव र संश्रयलाई विचार गरेर त्यही नियमलाई प्रयोग गरेर अवसरलाई सहि सदुपयोग तथा प्रयोग गर्नुपर्छ ।

संधिं तु द्विविधं विद्याद्राजा विग्रहं एव च ।
उभे यानासने चैव द्विविधः संश्रयः स्मृतः ॥ ७/१६२ ॥

अर्थात्:- सन्धि, विग्रह, यान, आसन, र संश्रय यी पाँच कर्ममा प्रत्येकमा दुई दुई प्रकारको विधान रहेको हुन्छ यो विधानलाई राजाले विधिवत तरिकाले जान्नुपर्छ ।

समानयानकर्मा च विपरीतस्तथैव च ।
तदा त्वायतिसंयुक्तः संधिर्ज्ञेयो द्विलक्षणः ॥ ७/१६३ ॥

अर्थात्:- शत्रुबाट राज्यको लागि गरिने सुरक्षाको लागि गरिने सन्धि पनि दुई किसिमको हुन्छ त्यो सन्धिमा दुई अवस्थालाई उत्पन्न गरेको हुन्छ त्यो सन्धिले तात्कालिन या भविष्यमा फल दिन सक्छ तर ती सन्धि पनि दुई प्रकारको हुन्छ ती हुन् :-

१) समानयान कर्मः- जुन सन्धिमा दुई या दुईभन्दा धेरै मित्र एक साथमा मिलेर शत्रुराज्यमाथि एक ठाउँबाट या अलग-अलगतिरबाट आक्रमण गर्नु ।

२) विपरीत अर्थात् असमानयानकर्माः- मित्रदलले अलग-अलग तरिकाले अलग-अलग किसिमले अलग-अलग दिशाबाट अलग-अलग विधानले शत्रुमाथि आक्रमण गर्नु ।

स्वयंकृतश्च कार्यार्थं अकाले काल एव वा ।
मित्रस्य चैवापकृते द्विविधो विग्रहः स्मृतः ॥ ७/१६४ ॥

अर्थात्:- विग्रह अर्थात् लड़ाइँ पनि दुई किसिमका छन्:-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१) स्वयंकृत विग्रह २) मित्रपकृत

(समयको कलम):-

१) स्वयंकृत विग्रहः- यो लड़ाई अफ्नो राज्य, आफ्नो प्रजाको र आफ्नो स्वभिमानको लागि या कुनैकार्यको सिद्धि लागि उचित अनुचितकालमा स्वयम आफैले नै शत्रुमाथि आक्रमण गर्नु यो स्वयंकृत विग्रह हो ।

२) मित्रपकृतः- आफ्नो मित्रलाई कसैले अपकार गर्यो उसमाथि आक्रमण गरेमा मित्रको रक्षार्थको लागि राजा आफ्नो मित्रसँग सरिक भएर युद्ध गर्नुलाई मित्रापकृत विग्रह हो) ।

एकाकिनश्चात्ययिके कार्ये प्राप्ते यदृच्छया ।
संहतस्य च मित्रेण द्विविधं यानं उच्यते ॥ ७/१६५ ॥

अर्थात्:- आक्रमण, चढाई, अर्थात् यान गर्ने अवस्था पनि दुई प्रकारका छन् ।

१) स्वयम्ले आक्रमण गर्नु

२) मित्रको साथ सहकार्य गरेर मित्रको साथमा

(समयको कलमः-

१) शत्रु आकस्मिक सङ्कटमा फसेको बुझेर उसको बारेमा जानेर उसमाथि एक्लै आक्रमण अर्थात् चढ़ाई गर्नु ।

२) स्वयं असमर्थ भएमा अन्य कुनै मित्रसँग मिलेर धावा बोल्नु, यही तरिकालाई यान भनिन्छ ।

क्षीणस्य चैव क्रमशो दैवात्पूर्वकृतेन वा ।
मित्रस्य चानुरोधेन द्विविधं स्मृतं आसनम् ॥ ७/१६६ ॥

अर्थात्:- युद्ध रोक्न पनि दुई किसिमका अवस्था छन्:-

१) शक्तिक्षणको अवस्था

२) अनुरोधको स्वीकार

(समयको कलम) :-

१) शक्तिक्षणः- चढ़ाईमा स्वयम गरेको तर कुनै दैवीक तथा प्रकृतिको कारणले आफ्नो सामर्थ्य शक्ति क्षीण भएमा आफ्नो शक्तिनिर्वल भएमा आफैँ तटस्थ हुनुपर्छ

२) अनुरोध स्वीकारः- आफूसँग शक्ति सामर्थ्य छ तर मित्रको आग्रहमा कुनै लाभार्थलाई बुझेर युद्ध रोक्नु ।

वलस्य स्वामिनश्चैव स्थितिः कार्यार्थसिद्धये ।
द्विविधं कीर्त्यते द्वैधं षाड्गुण्यगुणवेदिभिः ॥ ७/१६७ ॥

अर्थात्:- षड्गुणको महत्वलाई जान्ने राजाले आफ्नो वललाई द्वैधीभावद्वारा निर्देशन र सञ्चालन गर्न सक्छ द्वैधभाव पनि दुई प्रकारको हुन्छ ।

१) शक्ति विग्रहः- राजाले वललाई विभाजन गरेर अलग-अलग सेनापति बनाउनु ।

२) शक्ति केन्द्रितः- वललाई विभाजन गरेर सेनाको स्वामी आफैँ हुनु ।

अर्थसंपादनार्थ च पीड्यमानस्य शत्रुभिः ।
साधुषु व्यपदेशश्च द्विविधः संश्रयः स्मृतः ॥ ७/१६८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- संश्रयपनि दुई प्रकारको हुन्छ ।
१) शत्रुवाट पीडित भएरकोष तथा अर्थ सम्पादनको लागि कुनै राजाको आश्रय लिनु ।
२) राम्रो र उपकारी राजाको समक्षकर उसको आश्रय लिनु ।

यदावगच्छेदायत्यां आधिक्यं ध्रुवं आत्मनः ।
तदात्वे चाल्पिकां पीडां तदा संधिं समाश्रयेत् ॥ ७/१६९ ॥

अर्थात्:- युद्धमा शत्रुपक्ष बलवान् भयो राजाको आफ्नो शक्ति पनि क्षण हुँदै गयो भन्ने ज्ञान जब राजालाई हुन्छ तब सन्धि गर्नुपर्छ अहिले भएको सन्धिले भविष्यमा आफ्नो राज्य र प्रजालाई निश्चय रुपले राम्रो हुन्छ भन्ने ज्ञान भयो तर अहिले तत्काल केही समयको लागि भने पीड़ा हुन्छ भने त्यही समयमा नै सन्धि गर्नुपर्छ ।

यदा प्रहृष्टा मन्येत सर्वास्तु प्रकृतीर्भृशम् ।
अत्युच्छ्रितं तथात्मानं तदा कुर्वीत विग्रहम् ॥ ७/१७० ॥

अर्थात्:- राजालाई जब शत्रुपक्ष कमजोर र आफ्नो परिस्थिति अनुकूल र आफू शत्रुभन्दा पनि शक्तिशाली र बलवान् भएमा राज्यको लागि प्रजाको रक्षाको लागि युद्ध गर्नुपर्छ हैन भने शक्तिलाई संग्रहको कार्य गर्नुपर्छ ।

यदा मन्येत भावेन हृष्टं पुष्टं बलं स्वकम् ।
परस्य विपरीतं च तदा यायाद्रिपुं प्रति ॥ ७/१७१ ॥

अर्थात्:- राजाले विनाकारण अन्य कुनै राज्यमा कसैलाई पनि शत्रु हो भनेर आक्रमण गर्नुहुँदैन यदि छिमेकी राज्यले शत्रुता गरेमा राजा यथार्थ विधानलाई धारण गरेर अवसर आएको समयमा नै युद्ध गर्नुपर्छ, जब आफ्नो सेना, प्रजा हृष्टपुष्ट हुन्छ अर्थात् आवश्यकताको कुनै पनि वस्तुको कमी नहोस्, त्यसको विपरीत शत्रुको सेना प्रजा निर्बल सामर्थ्यहीन धनहीन बनेको हुन्छ तबमात्र शत्रुराज्यमाथि चढ़ाई गर्नुपर्छ ।

यदा तु स्यात्परिक्षीणो वाहनेन बलेन च ।
तदासीत प्रयत्नेन शनकैः सान्त्वयन्नरीन् ॥ ७/१७२ ॥

अर्थात्:- जबसम्म राजासँग युद्धको सामग्री कम हुन्छ, युद्धको साधन कम हुन्छ युद्धको वाहन कम हुन्छ जस्तै हात्ती घोड़ा आदि वाहन र सैन्यबल कमज़ोर भएको छ भने, कूटनैतिक पहल र प्रयास र प्रयत्न गर्दै शत्रुलाई बिस्तारैबिस्तारै शान्त गर्दै आफ्नो प्रजालाई खुशी राख्दै शक्ति सञ्चयको कार्य चुपचाप गर्नुपर्छ ।

मन्येतारिं यदा राजा सर्वथा बलवत्तरम् ।
तदा द्विधा बलं कृत्वा साधयेत्कार्य आत्मनः ॥ ७/१७३ ॥

अर्थात्:- जब राजालाई लाग्छ शत्रु सबै प्रकारले आफू भन्दा धेरै र अधिक बलवान छ भन्ने बुझेको हुन्छ, तब आफ्नो सेनालाई दुई भागमा विभक्त गरेर आफ्नो कार्य सिद्धि गर्नेतिर सोच्नुपर्छ ।

यदा परबलानां तु गमनीयतमो भवेत् ।
तदा तु संश्रयेत्क्षिप्रं धार्मिकं बलिनं नृपम् ॥ ७/१७४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजाले यो देखेमा शत्रुराज्यले आफूमाथि तुरुन्त आक्रमण गर्नेछ मेरो राज्य, मेरो सेना र मेरो प्रजामाथि शत्रु राज्यबाट चढ़ाई हुनेछ मैले राज्यलाई पूर्ण सुरक्षा दिन सक्दिनँ शत्रुपक्ष बलवान् देखेमा राजाले आफ्नो राज्य र प्रजाको कल्याणको लागि शीघ्र नै कुनै धार्मिक बलवान् राजाको आश्रय लिनुपर्छ।

निग्रहं प्रकृतीनां च कुर्याद्योऽरिबलस्य च।
उपसेवेत तं नित्यं सर्वयत्नैर्गुरुं यथा ॥ ७/१७५ ॥

अर्थात्:- शत्रु बलवान् थियो आफू कमजोर थियो राज्य सङ्कटमा थियो त्यो समयमा आफूलाई आश्रय दिएको आफ्नो राज्य, आफ्नो प्रजामाथि आएको सङ्कटको समयमा सहयोग गरेको आफ्नो राज्यलाई सुरक्षा गरेको राजालाई आश्रित राजाले त्यस आश्रित राज्यको राजाको सेवा पुरा प्रयत्नले गुरुको समान गर्नुपर्छ।

यदि तत्रापि संपश्येद्दोषं संश्रयकारितम्।
सुयुद्धं एव तत्रापि निर्विशङ्कः समाचरेत् ॥ ७/१७६ ॥

अर्थात्:- यदि आश्रय लिने अवस्था आएमा आश्रय लिनुभन्दा पूर्व आश्रय लिने राजाको कर्म दोषलाई ध्यान राख्नुपर्छ, जसमा धार्मिक राजा हो होईन ध्यान राख्नुपर्छ, आफूले आश्रय लिएको राजाको राज्यमा पनि कुनै सुरक्षा हुनेछैन भन्न देखिन्छ भने त राजाले सर्वथा निःशङ्कोच भएर वीरतापूर्वक युद्ध गर्नुपर्छ अन्य कुनै विकल्प नै हुँदैन।

(समयको कलमः- जो धार्मिक राजा हो, सत्यवान हो त्यस्तो छिमेकी राजाको विरोध कहिल्यै गर्नुहुँदैन, यस्तो धार्मिक राजासँग सधैँ मेल राख्नुपर्छ र जो दुष्ट प्रवल हुन्छ उसलाई युद्धमा हराउनको लागि या अन्य अवस्थाको लागि माथि पूर्वोक्तमा भनिएको नियमलाई भने सधैँ प्रयोग गर्नु नै उचित र उत्तम हो।

सर्वोपायैस्तथा कुर्यान्नीतिज्ञः पृथिवीपतिः।
यथास्याभ्यधिका न स्युर्मित्रोदासीनशत्रवः ॥ ७/१७७ ॥

अर्थात्:- नीतिज्ञ राजाले सबै उपाय यस्तो गर्नुपर्छ कि उसको लागि मित्रमा उदासीनता र शत्रुता कसैसँग पनि नबढोस्।

(समयको कलमः- युद्ध राज्यको लागि अति नै घातक हुन्छ युद्ध अन्तिम विकल्प हो। सकेसम्म केही छोडेर भए पनि युद्ध गर्नुहुँदैन। युद्धले सबै संरचना सम्पूर्ण विधान भताभुङ्ग हुन्छ, कोलाहल हुन्छ। अनाथ, विधूवाको दुःखले भरिने हुन्छ सम्पति ध्वस्त र बर्वाद हुन्छ परिवार नाता सबै पतन हुन्छ, त्यसैले सबैसँग मित्रता गर्नुपर्छ, मित्रता नै खुसी र उन्नतिको मूल हो, युद्धको परिणाम के हुन्छ भन्ने नीतिलाई पूर्ण जान्ने वेदज्ञानी ब्राह्मणसँग राजाले युद्धको परिणामको बारेमा जानकारी लिनु पर्छ। त्यसैले राजाले वेदज्ञानी विद्वान् तथा ब्राह्मणलाई मात्र आफ्नो सल्लाहकारमा नियुक्त गर्नुपर्छ। तबमात्र राजालाई सत्य सल्लाह मिल्नेछ, त्यसैले राजाले जसरी हुन्छ मित्रताको हात सबैसँग बढाउनु पर्छ तर मित्रतामा आफ्नो राज्यलाई कुनै नोक्सान हुनुहुँदैन राजाले यो कुरालाई सधैँ ध्यान राख्नुपर्छ)

आयतिं सर्वकार्याणां तदात्वं च विचारयेत्।
अतीतानां च सर्वेषां गुणदोषौ च तत्वतः ॥ ७/१७८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजाले सबै भूतकालको कार्यको विश्लेषण गर्नुपर्छ, वर्तमानकालमा आफ्नो कर्तव्यको ज्ञान र भविष्यकालमा के के गरिने हो त्यसको कार्यको योजना बनाउनुपर्छ, अहिलेसम्म गरिएको कार्यको दोष र गुणको यथार्थलाई जाने पश्चात् दोषको निवारण र गुणको स्थिरतामा सधैं प्रयत्न गर्नुपर्छ ।

आयत्यां गुणदोषज्ञस्तदात्वे क्षिप्रनिश्चयः ।
अतीते कार्यशेषज्ञः शत्रुभिर्नाभिभूयते ॥ ७/१७९ ।

अर्थात्:- भूतकालको कार्यको दोष र गुणको यथार्थलाई जाने पश्चात् दोषको निवारणको लागि जो राजाले वर्तमान कालमा भविष्यतकालको गुण(दोषलाई बुझेको हुन्छ त्यो राजाले वर्तमानकालमा तुरन्त निश्चय गर्छ कि अघि के गर्ने भन्ने बारेमा र बर्तमानकालमा गर्दै गरेको कार्यमा शेष कार्यको के दोष हुन्छ भन्ने अहिले बुझेको हुन्छ त्यस्तो दूरदर्शी राजा कहिल्यै पनि कुनै पनि शत्रुसँग कहिल्यै पनि कहिँपनि पराजित हुँदैन ।

यथैनं नाभीसंदध्युर्मित्रोदासीनशत्रवः ।
तथा सर्व संविदध्यादेष सामासिको नयः ॥ ७/१८० ॥

अर्थात्:- राजाले जहिले पनि सल्लाहकारले दिएको सुझावलाई सूक्ष्म र सहि तरिकाले विश्लेषण गर्नुपर्छ र सल्लाहाकारले पनि राजालाई सहिबाटो देखाउनुपर्छ । राजाले यस्तो विधानको नियमलाई धारण र लागु गर्नुपर्छ कि जुन नियमले उसको मित्रराजा, उदासीनराजा, र शत्रुराजाले कुनै पनि विधानले तल देखाउन नसकोस। यही संक्षेप विधान नै राजनीतिको मूलमन्त्र मन्त्र हो ।

तदा तु यानं आतिष्ठेदरिराष्ट्रं प्रति प्रभुः ।
तदानेन विधानेन यायादरिपुरं शनैः ॥ ७/१८१ ॥

अर्थात्:- सबै विकल्प तथा सबै बाटो बन्द भएमा मात्र अन्तिम बिकल्पमा जब राजाले शत्रु राज्यमाथि चढाई गर्नुपर्ने नै हुन्छ त्यसो भएमा समयचक्रको विधानको रीतीलाई बुझेर शत्रुको नगरमाथि आक्रमण गर्नको लागि जानुपर्छ ।

मार्गशीर्षे शुभे मासि यायाद्यात्रां महीपतिः ।
फाल्गुनं वाथ चैत्रं वा मासौ प्रति यथाबलम् ॥ ७/१८२ ॥

अर्थात्:- सबै विकल्प बन्द भएमा युद्ध नै गर्नपर्ने भएमा राजाले कुनै न कुनै अलग कूटनीतिक पहल गरेर त्यही पहलद्वारा युद्धलाई रोकाएर मार्गशीर्ष, फाल्गुण र चैत्र महिनाबाट युद्ध शुरू गर्नुपर्छ किनकि मौसममा धेरै वर्षा पनि नहोस् धेरै जाड़ो पनि नहोस् ।

अन्येष्वपि तु कालेषु यदा पश्येद्ध्रुवं जयम् ।
तदा यायाद्विगृह्यैव व्यसने चोत्थिते रिपोः ॥ ७/१८३ ॥

अर्थात्:- सबै विकल्प बन्द भएमा युद्ध नै गर्नपर्ने भएमा राजाले कुनै न कुनै अलग कूटनीतिक पहल गरेर त्यही पहलद्वारा प्रतीक्षा गर्नुपर्छ कुनै न कुनै अवस्थामा शत्रुको नगरमा उपद्रव भएको होस् त्यस समयमा र विजय प्राप्ति गर्ने पूर्ण विश्वास जब हुन्छ तब चढ़ाइ गर्नुपर्छ तथा जब शत्रुपक्षको नगरमा कुनै आन्तरिक तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दैविक दुःख उत्पन्न हो त्यही समयमा शत्रुमाथि चढ़ाइ गर्नुपर्छ तर प्राकृतिक विपत्ति उत्पन्न भएको समयमा कहिल्यै पनि आक्रमण गर्नुहुँदैन ।

कृत्वा विधानं मूले तु यात्रिकं च यथाविधि ।
उपगृह्यास्पदं चैव चारान्सम्यग्विधाय च ॥ ७/१८४ ॥

अर्थात्:- शत्रुराज्यमाथि चढाई गर्नुपूर्व राजाले आफ्नो प्रजाको लागि निम्न कुराको पुरा प्रबन्ध गर्नुपर्छः-

१) मूल अर्थात् राजधानीको प्रवन्ध ठीक होस् ।
२) यात्रिकम अर्थात् युद्ध तथा कुच गर्दा मार्गमा चाहिने सबै प्रकार सामान होस् ।
३) आस्पदम (डेरा तम्बू आदि सबै ठीक होस् ।
४) चार अर्थात् दूतको रक्षाको आफ्नो कर्तव्यलाई राजाले ठीक ठीक प्रकार नियत गरेको होस् ।

(समयको कलमः- जव राजा शत्रुको साथमा युद्ध गर्नको लागि कूच अर्थात् जानुभन्दा पहिले आफ्नो राज्याको रक्षाको प्रवन्ध र यात्राको सबै सामग्री र युद्धको सबै शस्त्र यथाविधिले प्रवन्ध सबै सेना, यान, वाहन, शस्त्र, अस्त्र आदिले पूर्ण भएर सर्वत्र दूत अर्थात् चारैतिरको समाचार दिने ज्ञानी पुरूषलाई गुप्त स्थापनमा सुरक्षित राखेर शत्रुराज्यको स्थान तिर युद्धगर्नको लागि जानुपर्छ)

संशोध्य त्रिविधं मार्ग षड्विधं च वलं स्वकम् ।
सांपरायिककल्पेन यायादरिपुरं प्रति ॥ ७/१८५ ॥

अर्थात्:- युद्धको लागि राजाले निम्न तीन किसिमको बाटोलाई प्रयोग गर्नुपर्छ तीन सेनालाई प्रयोग गर्नुपर्छ कुन सेना कुन बाटोमा कुन जाने हो त्यो पहिले नै निर्णय गर्नुपर्छ ।

१) त्रिविध मार्ग अर्थात् जल, थल र आकाशको मार्ग तैयार ।
२) त्रिसेनाः-स्थल सेना, जलसेना, वायु सेना सबै प्रकारको सेना तैयार हुनुपर्छ ।

(समयको कलमः- युद्धको लागि तीन प्रकारको मार्ग प्रयोग हुन्छ ।

१) स्थलः- भूमिमार्ग
२) जलः- समुद्र वा नदि
३) वायुः- आकाशमार्ग

युद्धको लागि तीन प्रकारको सेना र साधनको प्रयोग हुन्छः-

१) भूमिमार्गः- रथ, अश्व, हात्ती
२) जल परिवहनः- पानी जहाज वेडा नौका अर्थात् डुङ्गा ।
३) आकाश अर्थात् वायुसेवाः- विमान आदि वायुयान ।

पैदल, रथ, हात्ती, घोडा, शस्त्र र अस्त्र, खानपान र सम्पूर्ण वन्दोवस्ती आदिको सामग्रीलाई यथावत् साथमा राखेर आफ्नो तीन सेनालाई शस्त्र-अस्त्र र मानसिक वलले युक्त र पूर्ण गरेर आफ्नो गुप्तचरलाई चुस्त दुरुस्त वनाएर शत्रुको नगरको समीप विस्तारै विस्तारै जानुपर्छ ।

शत्रुसेविनि मित्रे च गूढे युक्ततरो भवेत् ।
गतप्रत्यागते चैव स हि कष्टतरो रिपुः ॥ ७/१८६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजाले युद्धमा जानुभन्दा पहिले र अहिले युद्ध भूमिमा आफूसँग आएको योद्धा मध्येमा कुनै व्यक्तिहरू मुखमा चिप्लो कुरा गर्ने, बाहिर हेर्दा साधारण, आचरण देख्दा आफूसँग पूर्णतया मित्रता राखेको, परन्तु भित्रभने शत्रुराज्यसँग मिलेको हुन्छ, यस्तो व्यक्तिको राजाले ध्यान राख्नुपर्छ । राजा र राज्यको गुप्तसूचना आफ्नो शत्रु राज्यलाई भेद दिने गरेको यस्तो व्यक्तिलाई युद्धक्षेत्रबाट बाहिर निकाले बन्दी बनाउनुपर्छ । सबैसँग राज्यको गूढ तथा गोप्य कुरा आदान प्रदान गर्नु हुँदैन राजाले गोपनियतामा अत्यन्त सावधानी अपनाउनु पर्छ, किनकि यो यस्तो घातक शत्रु जो आफूसँग मिलेको र मित्र भएको नाटक गरेका हुन्छ तर भित्र भित्रै शत्रुराज्यको सहयोगको कार्य गरेको हुनाले युद्धको नतिजा घातक हुन्छ यस्तो व्यक्ति सधैं राजा तथा राज्यको लागि अति नै हानिकारक शत्रु हो । राजाले यस विधानमा धेरै ध्यान दिनुपर्छ ।

दण्डव्यूहेन तन्मार्ग यायात्तु शकटेन वा ।
वराहमकराभ्यां वा सूच्या वा गरुडेन वा ॥ ७/१८७ ॥

अर्थात्:- युद्ध शुरू हुनुभन्दा पहिले त्यहाँको अवस्था हेरेर मौसम र प्रकृतिको अनुकूलता र प्रतिकूलतालाई ध्यान दिएर राजाले समय अनुसार दण्डव्यूह, शकटव्यूह, सूकरव्यूह, मकर-व्यूह, सूचीव्यूह र गरुड़व्यूहको युद्ध चक्र नीतिको विधानलाई अपनाएर युद्धमार्गमा जानुपर्छ । युद्ध शुरू हुनुभन्दा पहिले परिस्थिति हेरेर कुन व्यूहको रचना गर्नको लागि कुन प्रकारको सङ्केत गर्ने भन्ने बारेमा आफ्नो योद्धालाई पूर्ण जानकारी दिनुपर्छ, जुन अवस्था बनेको हुन्छ त्यही अवस्थाअनुसार नै चक्रव्यूहको रचना बनेको हुन्छ परिस्थिति र अवस्था अनुसार नै सबै व्यूहलाई रचना गरेर युद्ध गर्नुपर्छ यदि परिस्थितिवश शत्रु पक्षको सेनाले युद्धको प्रकृति बदलेमा त्यस अवस्थालाई हेरेर आफ्नो योद्धालाई कुन चक्रव्यूहको रचना गर्ने भन्ने बारेमा सङ्केत गर्नुपर्छ यही नियमअनुसार नै चक्रव्यूह रचना निर्माण गरेर शत्रुसँग युद्ध गर्नुपर्छ ।

यतश्च भयं आशङ्केत्ततो विस्तारयेद्बलम् ।
पद्मेन चैव व्यूहेन निविशेत सदा स्वयम् ॥ ७/१८८ ॥

अर्थात्:- राजा तथा सेना प्रमुखले युद्ध स्थलमा जता जुन दिशामा भयको सङ्केत मिल्छन् र कुनै आशय र दृष्टिमा युद्धस्थलको प्रकृति हेरेर नै भयको आशङ्का लाग्छ, त्यही दिशामा आफ्नो सेनालाई कमलव्यूह चक्रको रचना गरेर फैलाउनु पर्छ यस्तो अवस्थामा आफू पनि कमलव्यूह चक्रको रचना गरेर त्यही कमलव्यूह चक्रको मध्य भाग्यमा स्थित रहनुपर्छ ।

सेनापतिबलाध्यक्षौ सर्वदिक्षु निवेशयेत् ।
यतश्च भयं आशङ्केत्प्राचीं तां कल्पयेद्दिशम् ॥ ७/१८९ ॥

अर्थात्:- अघिको रणनीति चक्रव्यूहअनुसार राजाले आफ्नो सेनापति र बलाध्यक्ष अर्थात् आज्ञा दिने र सेना सहित लड़ने वीर योद्धालाई चार मुख्य दिशामा र चार सहायक दिशामा विभाजन गर्नुपर्छ र जम्मा आठ दिशामा आफ्नो सेना सन्निवेशित गर्नुपर्छ र जुन दिशाबाट धेरै आक्रमण हुन्छ त्यो दिशालाई नजिकैको दिशाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योद्धाले चक्रलाई पुरा गर्नुपर्छ, अर्थात् जुन दिशामा प्रधान युद्ध भइरहको त्यही दिशाको मुख्य दिशा र तीन सहायक दिशाको योद्धाले एक गरुड़व्यूह चक्रको रचना गरेर शत्रु पक्षको सेनालाई धरासायी गर्नुपर्छ । अन्य पश्चात् पार्श्ववर्ती दिशामा यद्यपि त्यति धेरै शक्तिलाई केन्द्रित गर्नुपर्दैन, तर बाँकी सबै दिशामा सुरक्षाको पक्का प्रवन्ध गर्नुपर्छ यदि राम्रो प्रवन्ध नभएको खण्डमा पछिबाट शत्रुको तर्फबाट घात हुने सम्भव धेरै हुन्छ ।

गुल्मांश्च स्थापयेदाप्तान्कृतसंज्ञान्समन्ततः ।
स्थाने युद्धे च कुशलानभीरूनविकारिणः ॥ ७/१९० ॥

अर्थात्:- युद्ध स्थलमा कुनै योद्धाको मृत्यु भएमा त्यो स्थानमा र युद्धमा कुशल निडर र विकाररहित चतुर अध्यक्षलाई विशेष उपाधिसहित तुरुन्त नियुक्त गर्नुपर्छ ।

संहतान्योधयेदल्पान्कामं विस्तारयेद्बहून् ।
सूच्या वज्रेण चैवैतान्व्यूहेन व्यूह्य योधयेत् ॥ ७/१९१ ॥

अर्थात्:- शत्रुपक्षको सेनाको गुल्म यदि थोरै भएमा सम्मुख युद्ध गर्नुपर्छ भने शत्रु पक्षको सेना आफ्नो सेनाको तुलनामा अधिक योद्धा भएमा युद्धको नियम र चक्रव्यूहको नियमअनुसार सेनालाई आठ दिशामा विभाजित गरेर युद्ध गर्नुपर्छ । शत्रु पक्षको सेना धेरै भएमा त्यसको लागि दुई चक्रको निर्माण गर्नुपर्छ ती चक्र हो ।

१) सूची व्यूह चक्र

२) वज्र व्यूह यस चक्रको रचना गरेर शत्रुसँग युद्ध गर्नुपर्छ

(समयको कलमः- शत्रुपक्षको धेरै सेना छन् आफूसँग योद्धा कम छन् धेरै योद्धासँग थोरै योद्धाले युद्ध गर्नुपर्ने भयो भने त सबै योद्धा मिलेर शत्रुपक्षसँग युद्ध गर्नुपर्छ, यदि आफूसँग धेरै योद्धा भएमा योद्धालाई चारैतिर फैलाई दिनुपर्छ र शत्रु पक्षको सेनालाई बीचमा पार्नुपर्छ । युद्ध मैदानमा नभएर नगर, दुर्ग, शत्रुको सेनाको किल्लाभित्र प्रविष्ट भएर युद्ध गर्नुपर्ने भएमा आधिबाट नै शत्रुलाई आक्रमण गर्दै अघि बढ्ने सूचीव्यूह, तथा दुवैतिरबाट शत्रुको चक्रलाई भेदन गर्दै जानुपर्ने भएमा वज्रव्यूह चक्रको सैनिक रचना गरेर शत्रुसँग आफ्नो सेनालाई लडाउनु पर्छ ।

स्यन्दनाश्वैः समे युध्येदनूपे नौ द्विपैस्तथा ।
वृक्षगुल्मावृते चापैरसिचर्मायुधैः स्थले ॥ ७/१९२ ॥

अर्थात्:- जब समस्थल-प्रदेश तथा समथल जमिनमा युद्ध गर्नुपर्ने हो भनेर रथ-घोडाले र जल-प्रदेश क्षेत्रमा युद्ध गर्नुपर्ने भएमा पानीजहाज र डुङ्गाले यदि हल्का मात्र जल छ भने हात्तीको सहायताले लिएर युद्ध गर्नुपर्छ । एवं, वृक्ष-झाड़ी-झङ्गारले छेरिएको भएको जङ्गलमा वाणले, तथा सफ़ा मैदानमा तलवार ढाल-वर्छीले युद्ध गर्नुपर्छ ।

कुरुक्षेत्रांश्च मत्स्यांश्च पञ्चालान् शूरसेनजान् ।
दीर्घाल्लघूंश्चैव नरानग्रानीकेषु योजयेत् ॥ ७/१९३ ॥

(समयको कलमः- महर्षि मनुमहाराजको समयमा एक ब्रह्मव्रत बाँकी सबै सहायक राज्य थिए)

अर्थात्:- ब्रह्मवर्त भित्रमा धेरै क्षेत्र छन् ती क्षेत्रका मनुष्यको युद्ध कौशलमा अलग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अलग आचरण र नियम हुन्छ योद्धा कुन क्षेत्रको हो त्यही क्षेत्रको योद्धाको आचरणलाई जानेर त्यही योद्धाको युद्धनीति अनुसार नै युद्ध गर्नुपर्छ, योद्धाको युद्धनीति व्यक्तिगत आचरण कर्तव्यलाई धारण गर्ने वानी त्यस क्षेत्रको हावापानी, माटो, त्यहाँको मौसम र त्यहाँको वस्तुस्थिती अनुसार अलग अलग हुन्छ वस्तुस्थितिअनुसार नै युद्धनीति अलग अलग हुन्छ जस्तैः- कुरुक्षेत्र, मत्स्य, पञ्चाल, शूरसेन यी क्षेत्रमा जन्मेको व्यक्तिसँग, यो क्षेत्रमा जन्मेको योद्धासँग युद्ध गर्नुपर्ने भएमा यहाँका योद्धाको ऊँचाई सरदर र कार्यमा साहसी हुनाले यहाँको योद्धासँग सम्मुख भएर नै युद्ध गर्नुपर्छ किनकि यहाँको योद्धाले साहस पूर्वकसम्मुख नै लड्न मन पराउँछन् किनकि यहाँको प्रकृति नै यही प्रकारले बनेको हुन्छ ।

प्रहर्षयेद्बलं व्यूह्य तांश्च सम्यक्परीक्षयेत् ।
चेष्टाश्चैव विजानीयादरीन्योधयतां अपि ॥ ७/१९४ ॥

अर्थात्:- राजाले युद्ध शुरू हुनुभन्दा पहिले नै योद्धाको मनमा उत्साह बढाउनु पर्छ । युद्ध शुरू हुनुभन्दा पहिले नै युद्धको नीति र परिस्थिति अनुसार युद्ध गर्ने र युद्धनीति बदल्ने अवस्था आएमा के गर्ने भन्ने बारेमा पूर्ण छलफल गर्नुपर्छ शत्रुले कुन अवस्थामा युद्ध गरेको हुन्छ तर तत्काल शत्रुपक्षले कुनै युद्ध नीति बदलेमा के गर्ने शत्रुको कुन युद्ध नीतिमा कुन व्यूहको रचना गर्ने भन्ने नियमलाई पूर्ण ज्ञान दिएर राजाले त्यो व्यूहको राम्ररी परीक्षण गर्नुपर्छ जब आफ्नो सेना शत्रुसँग लडेको हुन्छ तब पनि राजाले आफ्नो सेनाको कार्यलाई ध्यान राख्नुपर्छ आफ्नो सम्पूर्ण दृष्टि आफ्नो सेनाको सफलतामा राखेको हुनुपर्छ ।

उपरुध्यारिं आसीत राष्ट्रं चास्योपपीडयेत् ।
दूषयेच्चास्य सततं यवसान्नोदकेन्धनम् ॥ ७/१९५ ॥

अर्थात्:- आवश्यकतानुसार शत्रुको सेनालाई चारैतिरबाट घेरेर राख्नुपर्छ आफ्नो नियन्त्रण आत्मसमर्पण गर्नको लागि अनुरोध गर्नुपर्छ तर आत्मसमर्पण नगरेको खण्डमा, उसको सेनाको खाद्यान्न, जल र इन्धनलाई नष्ट व दूषित गर्नुपर्छ तर युद्धमा भाग नलिएको कसैलाई पनि कुनै किसिमको दुःख दिनुहुँदैन ।

(समयको कलमः- सेनाको खाद्यान्न, जल र इन्धनलाई पुरा नष्ट वा दूषित गर्नुपर्छ तर युद्धमा भाग नलिएको कसैलाई पनि कुनै किसिमको दुःख दिनुहुँदैन, यदि राजाले आत्मसमर्पण नगरेको खण्डमा नगरमा रहेको सेनाले पिउन पानीको तलाऊ, खाना बनाउने भान्छा घरलाई विनास गर्नुपर्छ तथा रात्रीमा पनि उसलाई आत्मसमर्पण गर्न आग्रह गर्दै यदि यो नगरेमा तिम्रो राज्यमा भयानक सङ्कट आउने छ भनेर विभिन्न भय-त्रास देखाउनु पर्छ यही तरिकाले शत्रुराजाको सेनालाई मानसिक रुपले युद्ध भन्दा पहिले कमजोर तथा शक्तिहीन बनाउनु पर्छ ।

भिन्द्याच्चैव तडागानि प्राकारपरिखास्तथा ।
समवस्कन्दयेच्चैनं रात्रौ वित्रासयेत्तथा ॥ ७/१९६ ॥

अर्थात्:- आवश्यकतानुसार शत्रुको सेनालाई काम लाग्ने ताल, दुर्ग, किल्ला पर्खाल भन्ज्याङ्ग गल्छिडा आदि सबैलाई नष्ट भ्रष्ट गरेर तथा निर्भय शत्रुलाई भयभित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्छ भने रातिमा शङ्ख नगाडा बजाएर शत्रुलाई आवाजको शब्दबाट पनि दुःख दिनुपर्छ ताकि उसको निद्रा पुरा नहोस् र मानसिक समस्या उत्पन्न होस् ।

उपजप्यानुपजपेद्बुध्येतैव च तत्कृतम् ।
युक्ते च दैवे युध्येत जयप्रेप्सुरपेतभीः ॥ ७/१९७ ॥

अर्थात्:- आवश्यकतानुसार शत्रुको दलमा जुन जुन भेद छ त्यो भेदलाई शत्रुको बीचमा नै उत्पन्न गराउनु पर्छ । शत्रु राज्यको कार्यलाई पनि ध्यान दिनुपर्छ अवसर प्राप्त भएमा बिजयको इच्छुक राजाले मृत्युको डरलाई छोडेर आफैँले नै युद्ध गर्नुपर्छ ।

साम्ना दानेन भेदेन समस्तैरथ वा पृथक् ।
विजेतुं प्रयतेतारीन्न युद्धेन कदा चन ॥ ७/१९८ ।

अर्थात्:- राजाले शत्रुराज्यको सेनाको बीचमा कहिले युद्ध, कहिले साम, दाम, भेद यी तीन भेद मध्येमा एक एकलाई अलग अलग गरेर एक एकको लालचको नियमलाई प्रयोग गरेर युद्ध हुनुभन्दा पहिले नै शत्रुको सेनालाई पराजित गर्ने कोसिस गर्नुपर्छ । (समयको कलमः- 'साम' भन्दा 'दाम' भन्दा 'भेद' यी तीन सबै उपायलाई एक साथ अथवा अलग अलग गरेर, सबै शत्रुको सेनालाई सामूहिक आग्रह गरेर होस् या एक एक गरेर शत्रुको सेनालाई आफुभित्र आउने अवस्था बनाउनु पर्छ यसरी 'साम' भन्दा 'दाम' भन्दा 'भेद' यी तीन सबै उपायलाई अपनाएर युद्ध हुनुभन्दा पहिले नै युद्ध जित्ने प्रयत्न गर्नुपर्छ तर यी नियमको परीक्षण नै नगरी शुरूमा नै आफै आक्रमण गरेर युद्ध जित्ने प्रयास भने कहिल्यै पनि गर्नुहुँदैन ।

अनित्यो विजयो यस्माद्दृश्यते युध्यमानयोः ।
पराजयश्च संग्रामे तस्माद्युद्धं विवर्जयेत् ॥ ७/१९९ ॥

अर्थात्:- युद्धको सबै परिणाम सधैँ आफ्नो हातमा नै आउँछ भन्ने निश्चित हुँदैन तर आफू विजय तरिकाले युद्ध गर्नुपर्छ युद्ध गर्ने दुवै दलको विजय अनित्य हुने गर्छ र संग्राममा एक पक्षको या दुवै पक्षको पराजय हुने सम्भावना पनि हुन्छ तर युद्ध विजय हुने तरिकाले लड्नु पर्छ, सकेसम्म युद्धको नियम विरुद्ध कार्य गर्न शुरू गर्नु हुँदैन तर सकेसम्म दुवै पक्ष समझदारी भएर युद्ध नगर्नु नै अति नै उत्तम हो ।

त्रयाणां अप्युपायानां पूर्वोक्तानां असंभवे ।
तथा युध्येत संपन्नो विजयेत रिपून्यथा ॥ ७/२०० ॥

अर्थात्:-माथि भनिएको सबै नियम असफल भएमा, साम, दाम, भेद तीन उपाय नै काम लागेन सबै विधानको अस्वीकार भएमा बिना युद्ध विजयको सम्भावना नभएमा अब सैन्य आक्रमणको लागि सबै प्रकारको तयारी गरेर सैन्य आक्रमण गर्नुपर्छ अब कुनै विकल्प छैन अन्तिम विकल्प एक हो शत्रुमाथि विजय ।

जित्वा संपूजयेद्देवान्ब्राह्मणांश्चैव धार्मिकान् ।
प्रदद्यात्परिहारार्थं ख्यापयेदभयानि च ॥ ७/२०१ ॥

अर्थात्:- शत्रुराज्यमाथि विजय प्राप्त गरेर राजाले त्यही बीजत राज्यको धनबाट नै त्यही देशमा निवासी ऋषि मुनिगण, वेदज्ञानी तथा धार्मिक व्यक्ति तथा वेदज्ञानी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणहरूलाई आदर(सत्कारसम्मान गर्नुपर्छ । आफ्नो तथा शत्रु पक्षका घाइते श्रेष्ठयोद्धा सैनिकको उपचार, लगायतका राजकर्मचारीहरूलाई त युद्धमा जुन जुन प्रजाजनलाई हानी पुगेको छ ती सबैलाई उपहार सम्मान तथा बस्ने लगायतको सबै व्यवस्था गर्नुपर्छ र विजय पछि शत्रु राज्यको सम्पूर्ण कर्मचारी तथा समस्त प्रजाको लागि अभय प्रदान गरेको घोषणा गर्नुपर्छ ।

सर्वेषां तु विदित्वैषां समासेन चिकीर्षितम् ।
स्थापयेत्तत्र तद्वंश्यं कुर्याच्च समयक्रियाम् ॥ ७/२०२ ॥

अर्थात्:- त्यहाको सुरक्षाको अवस्थालाई मध्यनजर राख्दै देशको संरचना आफ्नो देशको जस्तै चुस्त दुरुस्त बनाएर त्यो देशको सम्पत्ती, राजकर्मचारी र प्रजाको संक्षेपतःसम्मतीलाई जानेर सुरक्षाको व्यावस्थालाई दुरुस्त बनाए पछि राष्ट्रमा जनता भयरहित भएपछि त्यस राष्ट्रमा त्यही राजघरानाबाट कुनै श्रेष्ठमनुष्यलाई राजगद्दी सुम्पिनको लागि कार्य गर्नुपर्छ आफू त्यहाँको राजगद्दीमा बस्नु हुँदैन र समय अनुसारको समस्त राज्यप्रबन्धको व्यवस्था गरिदिनु पर्छ ।

प्रमाणानि च कुर्वीत तेषां धर्मान्यथोदितान् ।
रत्नैश्च पूजयेदेनं प्रधानपुरुषैः सह ॥ ७/२०३ ॥

अर्थात्:- प्रतिज्ञा पत्र लिएर बिजय प्राप्त गरेको राज्यमा त्यही राज्यको राजघरानामा जो व्यक्तिको क्षत्रीय आचरण भएको, शस्त्र(शास्त्रले ज्ञाता, शास्त्र अनुसार, धर्म अनुकूल आचारण भएको जो व्यक्ति छ त्यसलाई नै राज्य सञ्चालन जिम्मा दिनुपर्छ र त्यस नयाँ राजालाई प्रधान पुरुष सहित रत्न आभूषणले युक्त बनाएर राजाको आदरसम्मान गर्दै राजगद्दी नयाँ राजलाई सुम्पिनुपर्छ ।

(समयको कलमः- परन्तु, राजगद्दी बसाउनु भन्दा पहिले नै विजयी राज्यको राजाले बीजत राज्यको राजालाई आफ्नो देशवासी, राजकर्मचारी, प्रजाको उन्नति प्रगतिको लागि कार्य गर्ने छु भन्ने राजप्रतिज्ञा रुपमा एक लिखित प्रतिज्ञा पत्र तयार गर्नुपर्छ । त्यहाँ राजासँग यो प्रतिज्ञा लिनुपर्छ 'हामीलाई हजुरले सिकाउनु भएको धर्मयुक्त ज्ञानको, राजनीतिक विधानको नियमअनुसार नै जसरी जसरी ज्ञान तथा आज्ञा दिएर कार्य गर्न सिकाउनु भएको छ म त्यही नियम र तपाईले देखाएको बाटोमा सधैं न्यायसँग रहेर आफ्नो राज्यको सम्पूर्ण सम्पत्तिको रक्षा, प्रजाको पालन गर्नेछु बिना कुनै भेदभाव मेरो राज्यमा सबै वर्णको सम्मान हुनेछ धर्मको नियमद्वारा नै शासन व्यवस्था हुनेछ राज्यको संवर्द्धन नै मेरो धर्म हुनेछ' भनेर यसरी आफ्नो धर्म र कर्तव्यानुसार यथोचित बिजित राजाले आफ्नो प्रजाको लागि कार्यगर्ने प्रतिज्ञालाई आज्ञापालनको प्रमाणपत्र (प्रतिज्ञा-पत्र) को रुपमा लिपिबद्ध गराउनुपर्छ र आफ्नो प्रधानपुरुषको साथमा मिलेर यस अभिषिक्त राजालाई रत्नादि उत्तम पदार्थले सत्कृत गर्नुपर्छ ।

आदानं अप्रियकरं दानं च प्रियकारकम् ।
अभीप्सितानां अर्थानां काले युक्तं प्रशस्यते ॥ ७/२०४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजाले सधैँ क्षत्रीय गुण धारण गर्नुपर्छ क्षत्रीय गुण र क्षत्रीय राजाले प्रत्येक हर्ष कार्यमा दान गर्नुपर्छ र धर्मको नियमलाई पनि ध्यान राख्नुपर्छ, राज्य सधैँ धर्मको नियमद्वार नै बराबर चलेको हुन्छ किनकि संसारमा अरुको अभीष्ट पदार्थको ग्रहण गर्नु अप्रीति र उन पदार्थलाई त्यागदिनु पनि प्रीतिको कारण हुन्छ विशेष गरेर समयमा नै उचित क्रिया गर्नु, पराजित राज्यको लागि आवश्यकता पर्ने मनोवञ्छित पदार्थलाई दिनु, उत्तम धर्म हुन्छ । विजित राज्यको कुनै पनि व्यक्तिलाई आफ्नो प्रजा जस्तै माया गर्नु, उनिहरूलाई सम्मान गर्नु, हामी तपाइँको आफ्नो हो भनेर प्रजालाई विश्वस्त बनाउनुपर्छ, विजित राज्यको प्रजालाई र कर्मचारीलाई सधैँ मान प्रतिष्ठा गर्नुपर्छ ।

सर्व कर्मेदं आयत्तं विधाने दैवमानुषे ।
तयोर्दैवं अचिन्त्यं तु मानुषे विद्यते क्रिया ॥ ७/२०५ ॥

अर्थात्:- नवनियुक्त राजालाई देवकर्म र मनुष्य कर्मको बारेमा पनि सिकाउनु पर्छ यी दुवै कर्ममा देवकर्म अचिन्त्य हो परन्तु मनुष्य कर्ममा भने विचार गर्नु अर्थात् अहिले जुन कार्य गर्ने हो त्यस कार्यको बारेमा पूर्ण जानेर कार्य गर्नु प्रजा तथा राज्यलाई असर हुने कुनै पनि कार्य नगर्नु भनेर सिकाउनु पर्छ ।

(समयको कलमः- पूर्व जन्ममा जो पाप र पुण्य गरिएको थियो त्यसलाई अहिले देवकर्म भनिन्छ । यही जन्ममा जो पाप पुण्य गरिने छ त्यसलाई मनुष्य कर्म भनिन्छ ।

सह वापि व्रजेद्युक्तः संधिं कृत्वा प्रयत्नतः ।
मित्रं हिरण्यं भूमिं वा संपश्यंस्त्रीविधं फलम् ॥ ७/२०६ ॥

अर्थात्:- युद्ध शुरू हुनलाई दुवै सेना रणमा उपस्थित छ दुवै सेनाप्रमुखको आक्रमणको आदेश छैन युद्धमा शस्त्रको प्रहार भएको छैन त्यो समयमा शत्रु राज्यबाट सन्धिगर्ने प्रस्ताव आएमा र यदि दुई राज्यबीच युद्ध चलिरहेको छ युद्धको भयावह अवस्था भएको छ यो भयावह स्थिति भएपछि यदि शत्रु राज्यको राजाले सन्धिगर्ने प्रस्ताव गरेमा युद्धनीतिअनुसार सन्धि गर्नुपर्छ, तर शत्रुराज्यको सीमासम्म जानको लागि लागेको सम्पूर्ण खर्च, युद्ध शुरू भएपछि यदि सन्धि गर्न स्वीकार गरेमा यात्राको खर्च युद्धमा भएको सम्पूर्ण खर्च समेत असुल हुने तरिकाले सन्धि गर्नुपर्छ युद्दमा भएको क्षतिपूर्तिको खर्च सुन, हीरा, माणिक, मोती, आदिलाई क्षतिपूर्ति स्वरुप असुल ऊपर गर्नुपर्छ यदि यी नभएमा भूमि नै लिनुपर्छ । यदि भूमि लिएको खण्डमा यात्राको खर्चको जोड़ गर्नुहुँदैन ।

पार्ष्णिणग्राहं च संप्रेक्ष्य तथाक्रन्दं च मण्डले ।
मित्रादथाप्यमित्राद्वा यात्राफलं अवाप्नुयात् ॥ ७/२०७ ॥

अर्थात्:- शत्रुराज्यसँग भएको युद्ध सकियो, राजा बन्यो राजकाज राम्रो चलेको छ राजाको सम्पूर्ण मण्डल अब आफ्नो राज्यमा कूच गर्नुपर्छ पार्ष्णिग्राह तथा आक्रान्त दुवैको कुनै सङ्कट विजित राज्यमामाथि छैन र आफूमाथि पनि भने राजाले आफ्नो राज्य फर्किने कार्य गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- १) पार्ष्णिगाह भनेको राजा युद्धमा कूच गर्न लागेको समयमा नै आक्रमण गर्ने अर्को शत्रु हो ।

२) पार्ष्णिगाहमाथिनै आक्रमण गर्ने तेस्रो शत्रुलाई नै आक्रान्ता भनिन्छ ।

हिरण्यभूमिसंप्राप्त्या पार्थिवो न तथैधते ।
यथा मित्रं ध्रुवं लब्ध्वा कृशं अप्यायतिक्षमम् ॥ ७/२०८ ॥

अर्थात्:- राजा सुवर्ण र भूमिलाई प्राप्त गरेर त्यति छिटो प्रगति गर्न सक्दैन जति निश्चल प्रेमयुक्त भविष्यको वारेमा सोच्ने सही कार्यमा सधैँ दिशानिर्देश गर्ने धार्मिक र कार्य सिद्धमा सधैँ क्रियाशील हुने समर्थवान मित्र तर आर्थिक दुर्वल भए पनि सत्य मित्रलाई साथमा लिएर अघि वढ्नाले राजा तुरुन्तै प्रगति गर्छ ।

धर्मज्ञं च कृतज्ञं च तुष्टप्रकृतिं एव च ।
अनुरक्तं स्थिरारम्भं लघुमित्रं प्रशस्यते ॥ ७/२०९ ॥

अर्थात्:- राजाको साथमा जतिसुकै सम्पत्ति होस्, सुन, आभूषण र जमिन प्राप्त होस् धेरै सेवक होस् तर धर्मको ज्ञाता, वेदज्ञाता, कसैले पनि गरेको उपकारलाई सधैँ धारण गर्ने, प्रसन्न स्वभाव भएको, अनुरागी तथा स्थिर आचरण भएको एक मित्र गरीब नै भए पनि राजाको त्यो सम्पत्तिभन्दा यो मित्र अतिनै महत्वपूर्ण हुन्छ ।

प्राज्ञं कुलीनं शूरं च दक्षं दातारं एव च ।
कृतज्ञं धृतिमन्तं च कष्टं आहुरिरं वुधाः ॥ ७/२१० ॥

अर्थायः- राजाले यो कुरामा सधैँ ध्यान राख्नुपर्छ कि वेदज्ञाता विद्वान् ब्राह्मण, बुद्धिमान्, कुलीन, शूर-वीर, चतुर, दाता, कृतज्ञ र धैर्यवान मनुष्यसँग कहिल्यै पनि शत्रुता गर्नुहुँदैन । किनकि यी सवै महान् व्यक्ति हुन् यस्तो महान् व्यक्तिसँग जो राजाले शत्रुता गरेको हुन्छ त्यस्तो राजाको पतन अवश्य हुन्छ र अत्यन्तै दुःख पाउनेछ ।

आर्यता पुरुषज्ञानं शौर्य करुणवेदिता ।
स्थौललक्ष्यं च सततं उदासीनगुणोदयः ॥ ७/२११ ॥

अर्थात्:- राजाले यस्तै प्रकारले, आर्य अर्थात् वेदज्ञानी विद्वान् राम्रो-नराम्रो, सत्य-असत्यको ज्ञान भएको, सृष्टि विधानको ज्ञान भएको मनुष्यलाई चिन्नुपर्छ, शूरवीरता, करुणा(प्रदर्शन र निरन्तर ठुलो ठुलो कुरामा मात्र ध्यान दिनुहुँदैन सानो सानो गुण तर महान् हुने सवैमाथि ध्यान राख्नुपर्छ, आर्य, शूरवीर, विद्वान् यी गुणले सम्पन्न भएको मनुष्यलाई कहिल्यै उदासीन हुन् दिनुहुँदैन यदियस्तो मनुष्य उदासीन भएमा राज्यको लागि कष्टदायक हुन्छ । अतः राजाले यस्तो आर्यसँग शीघ्र मित्रता गर्नुपर्छ र उसलाई उदासीन हुन् दिनुहुँदैन ।

क्सेम्यां सस्यप्रदां नित्यं पशुवृद्धिकरीं अपि ।
परित्यजेन्नृपो भूमिं आत्मार्थ अविचारयन् ॥ ७/२१२ ॥

अर्थात्:- वेदज्ञाता विद्वान् ब्राह्मण, बुद्धिमान्, कुलीन, शूर-वीर, चतुर, दाता, कृतज्ञ र धैर्यवान मनुष्यलाई बस्नलागि या खुशी राख्नको लागि राजाले आफ्नो राज्यको रक्षाको लागि प्रजाको आरोग्यताको लागि यदि यी सबैलाई धन(धान्य(घाँस आदिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युक्त उब्जाउ भूमि, जुन भूमिमा असङ्ख्या पशुको वृद्धि हुन्छ, यस्तो भूमिलाई मागेपनि कुनै विचार नै नगरी छोड्नुपर्छ, अर्थात् विजयी राजा होस् या विजित राजा होस् सबैले ज्ञानीलाई सम्मान गर्नुपर्छ ज्ञानी विद्वान्लाई कुनै पनि वस्तु साधन नदिएर कहिल्यै कष्टको अनुभव गर्नु र गराउनु हुँदैन ।

आपदर्थ धनं रक्षेद्दारान्रक्षेद्धनैरपि ।
आत्मानं सततं रक्षेद्दारैरपि धनैरपि ॥ ७/२१३ ॥

अर्थात्:- कुनै पनि समयमा विपत्ति आऊन सक्छन् त्यसैले बुद्धिमान् राजाले विपत्तिको समयको निमित्त धनलाई सञ्चय गर्नुपर्छ, धनद्वारा राजाले प्रजाको र स्त्रीको रक्षा गर्नुपर्छ धनद्वारा नै आफ्नो स्वभिमान र आफ्नो प्राणको रक्षा गर्नुपर्छ । (समयको कलमः- आपत्तिको लागि धनको रक्षा गर्नुपर्छ आपत्तिमा परेको खण्डमा धानद्वारा नै आपत्तिवाट देश जनता र आफ्नो रक्षा हुन्छ त्यसैले राजाले सधैं आफ्नो रक्षाको लागि धनको रक्षा गर्नुपर्छ र धनको अपेक्षा स्त्रीको रक्षा गर्नुपर्छ अर्थात् परिवारको रक्षा गर्नुपर्छ स्त्री र धनभन्दा पनि निरन्तर आफ्नो रक्षामा ध्यान दिनुपर्छ, अर्थात् राजाको लागि आफ्नो प्राणरक्षा सवैभन्दा महत्वपूर्ण र आवश्यक हो । यदि राजाको प्राणको नै रक्षा हुनसकेन भने त धन तथा स्त्रीको रक्षा हुन् सक्दैन यदि राजाले आफ्नो प्राणको रक्षा गर्नसकेन भने न धन न स्त्री न परिवार न प्रजा न राज्यको नै रक्षा गर्नसक्छ त्यसैले राजाले पहिले आफ्नो प्राणको रक्षा गर्नुपर्छ ।

सह सर्वाः समुत्पन्नाः प्रसमीक्ष्यापदो भृशम् ।
संयुक्तांश्च वियुक्तांश्च सर्वोपायान्सृजेद्बुधः ॥ ७/२१४ ॥

अर्थात्:- राज्यकोषमा कोषको धन शून्य भएमा, प्रकृति तथा दैविक प्रकोप तथा मित्रसँग शत्रुता एक समयमा तीन प्रकोप राजामा आएमा आफूमा भएको मोह, माया, त्याग र साम आदि जो उपाय तथा नियम उत्तम हुन्छ । ती सवै नियम एकएक प्रयोग गर्नु या सवै नियमलाई एकै पटकमा प्रयोग गर्नुपर्छ ।

उपेतारं उपेयं च सर्वोपायांश्च कृत्स्नशः ।
एतत्त्रयं समाश्रित्य प्रयतेतार्थसिद्धये ॥ ७/२१५ ॥

अर्थात्:- राज्यमा दैविक तथा प्राकृतिक प्रकोप आएमा या अन्य कुनै सङ्कट आएमा राजाले यी तीन नियमलाई सधैं पालन गर्नुपर्छ नियम ती हुन् ।

१) उपायः- आफै कुनै उपाय लगाएर समस्याको समाधान गर्नु ।

२) उपाय दिने ज्ञानीः- कुनै ज्ञानी विद्वान्द्वाराप्राप्त सुझावलाई ध्यान दिएर त्यस सुझावको कार्य सिद्धि गर्नु,

३) साम र दाम आदि उपायः- आफूसँग भएको ज्ञान उपाय दिने ज्ञानीको ज्ञान र आफ्नो सधानको प्रयोग गर्ने तीन विधिलाई विचार गरेर आफ्नो कार्य सिद्धिको लागि निरन्तर प्रयास गर्नुपर्छ ।

एवं सर्व इदं राजा सहसम्मन्त्र्य मन्त्रीभिः ।
व्यायम्याप्लुत्य मध्याह्ने भोक्तुं अन्तःपुरं विशेत् ॥ ७/२१६ ॥

अर्थात्:-माथि भनिएको नियमलाई पूर्णपालन गरेको राजा आफू सुखी हुन्छ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजालाई पनि खुशी राखेको हुन्छ यस प्रकारले राजाले पूर्वोक्त यही अध्यायाको १४६ देखि २१५ सम्मको विधानलाई आफ्नो सबै क्षेत्रमा सबै मन्त्रालयको मन्त्रीसँग बसेर राज्य सञ्चालन बारेमा विचार(विमर्श गरेर सकेपछि राजाले योगा तथा व्यायाम गरेर स्नान गरेर दोपहरको समयमा भोजन गर्नको लागि आफ्नो परिवारको साथमा अन्तःपुरमा प्रवेश गर्नुपर्छ ।

(समयको कलमः- पूर्वोक्त प्रातःकाल समयमा उठ्नु, दैनिक नित्यकर्म शौचादि संध्योपासन, अग्निहोत्र गरेर सके पछि राजभवनमा सबै मन्त्रीसँग हर्षित मुद्रमा मिलेर सबै मन्त्रीसँग आजसम्मको प्रगति र अघि हुने कार्यको अघि हुने योजनको बारेमा विस्तृत मन्त्रणा गरेर सकेपछि फेरि आफ्नो सेनाध्यक्षसँग हर्षित मुद्रामा मिलेर अनेक प्रकारको व्यूह शिक्षाको बारेमा छलफल गरेर घोड़ा, हात्ती गाईहरूको वासस्थानको बारेमा खानाको बारेमा, प्रजाको रक्षाको बारेमा, आदि राज्यको सीमाको सुरक्षाको बारेमा आफ्नो शस्त्रको ज्ञाताको बारेमा र अस्त्रको कोषको बारेमा तथा विद्यालयको बारेमा, आर्थिक कोषको बारेमा प्रजाको आवश्यक्ताको सामानको पूर्ति र धेरै सामान उत्पादन भएमा निकासीको बारेमा लगायतको विविध विषयमा दृष्टिनित्यप्रति दिएर, कुनै गलत भएमा त्यसलाई सुधार गर्न र राज्य र प्रजाको कल्याणको कार्यालाई निरन्तर दिनुभन्ने आदेश दिएर राजभवनबाट निस्किनु पर्छ, त्यसपछि व्यायामशालामा प्रवेश गरेर योगा, व्यायाम ध्यान गरेर सकेपछि, भोजन गर्नको लागि 'अन्तःपुर' अर्थात् पत्नी तथा परिवारको निवासस्थानमा तर्फ प्रवेश गर्नुपर्छ) ।

तत्रात्मभूतैः कालज्ञैरहार्यैः परिचारकैः ।
सुपरीक्षितं अन्नाद्यं अद्यान्मन्त्रैर्विषापहैः ॥ ७/२१७ ॥

अर्थात्:- अन्तःपुर पुगेपछि भान्छेलाई धन्यवाद दिदै भोजन गर्नुभन्दा पहिले ईश्वरलाई धन्यवाद भन्दै वेदमन्त्रलाई पुकार गर्दै सम्पूर्ण परिवारसँग बसेर भोजन गर्नुपर्छ ।

(समयको कलमः- मनुष्यले गर्ने भोजन तथा अन्न सधैं बुद्धि-बल-पराक्रम-वर्धक, रोगनाशक, सुगन्धित र अनेक प्रकारको रसले युक्त मौसम अनुसारको हुनुपर्छ । भोजन गर्नुभन्दा पहिले अन्नसूक्त ऋचाको पुकार गर्नुपर्छ जस्तै 'पितुं नु स्तोषं' आदि अन्नसूक्त तथा 'अन्नपते अन्नस्य नो धेहि' (यजुर्वेद ११/८३) आदि मन्त्रलाई पुकार गर्नुपर्छ भोजन गर्दा कुन कुन मन्त्र पुकार हुन्छ त्यसबारेमा पहिले अघि नै भनिसकिएको छ भोजन गर्दा भन्ने ऋचा अर्थात् मन्त्र सबैको एक हो)

विषघ्नैरगदैश्चास्य सर्वद्रव्याणि योजयेत् ।
विषघ्नानि च रत्नानि नियतो धारयेत्सदा ॥ ७/२१८ ॥

अर्थात्:- सबै मनुष्यले आफ्नो स्वास्थ्यको ख्याल राख्नु पर्छ तर राजाले बिशेष गरेर आफ्नो स्वास्थ्यको विशेष तरिकाले ध्यान राख्नुपर्छ राजाको भोजन सधैं सात्विक हुनुपर्छ भोजन बनाउँदा विष तथा रोग हरण गर्ने औषधीलाई प्रत्येक भोजनको वस्तुमा मिलाउनु पर्छ विषहारी रत्नलाई सधैं धारण गर्नु अरु उत्तम हुन्छ ।

(समयको कलमः- भोजन धेरै वस्तु मिलाएर बनाउँदै गर्दा कहिलेकाहीँ धेरै वस्तुको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिश्रणको कारण भोजनमा आफै विष उत्पन्न हुनपुग्छ यो कहिल्यै कही हुन्छ यदि राजासँग भोजनमा कतै बिष उत्पन्न त भएको छैन भनेर परीक्षण गर्ने साधन नभएमा एक पंक्षीलाई सधैं घरमा राख्न सकिने छ त्यस पंक्षीको नाम हो चकोर, यदि खानमा बिष उत्पन्न भएको भएमा चकोर पक्षीको नेत्र आफै नै रातो वन्नपुग्छ तीन मीटरको दुरिबाट नै चकोर पंक्षीको आँखाले भोजनमा विष छ या छैन पत्ता लगाउन सक्छ। अतएव राजाले भोजन गर्नुभन्दा पहिले चकोरलाई खाना देखाएर परीक्षा लिनुपनि उत्तम हुन्छ)।

परीक्षिताः स्त्रीयश्चैनं व्यजनोदकधूपनैः।
वेषाभरणसंशुद्धाः स्पृशेयुः सुसमाहिताः ॥ ७/२१९ ॥

अर्थात्:- राज्यमा गोप्य हतियार विषालु हतियार सञ्चित गर्ने अनुमति कसैलाई दिनु हुँदैन। विषालु हतियार तथा आभूषणको आयात गर्नुहुँदैन यदि त्यस्तो भएमा यो कार्य तुरुन्त वन्द गर्नुपर्छ यदि राज्यमा अवैध हतियार भएको शङ्का लागेमा पुरा राज्यमा अवैध घर तथा बंकरहरूको सूक्ष्म रुपले परीक्षण गरेर देश र प्रजाको सुरक्षा व्यवस्था लाई पुरा चुस्त र दुरुस्त राख्नु पर्छ। आफ्नो राजकाजको कार्य सम्पन्न भए पश्चात् राजाले आफ्नो सेवाको लागि शुद्ध आचरण भएको, सफा चरित्र भएका, आफ्नो राम्रो ख्याल राख्ने सुसारेवाट स्नानको लागि तातो चिसो पानीको व्यवस्थाको साथ साथ पान आदि खाने व्यवस्था मिलाउनको लागि जानकारी दिनुपर्छ।

एवं प्रयत्नं कुर्वीत यानशय्यासनाशने।
स्नाने प्रसाधने चैव सर्वालङ्कारकेषु च ॥ ७/२२० ॥

अर्थात्:- राजाले यात्रा गर्नको लागि सवारी साधनमा वस्नुभन्दा पहिले सवारीलाई पुरा घुमेर हेर्नुपर्छ, सुत्नु भन्दा पहिले कोठालाई पुरा प्रकाशमय वनाएर राख्नुपर्छ, सुत्ने कोठामा कुनै अलग गन्ध त छैन ख्याल राख्नुपर्छ, राजा भवनको आसनमा वस्नुभन्दा पहिले आसनमा कुनै परिवर्तन त छैन त्यो पनि ध्यान दिनुपर्छ स्नान गर्दा पानी तथा स्नानगृह सफा छ या छैन त्यो ख्याल राख्नुपर्छ, क्षौरकर्म गर्दा सकेसम्म आफ्नो निवासमा नै गर्नुपर्छ र अन्य कार्यलाई गर्दा पनि राजाले धेरै कुराको ख्याल राख्नु पर्छ राजा जति सम्मानित पद हो त्यति नै सुरक्षित पनि हुनुपर्छ। राजाले आफ्नो प्रत्येक कार्यलाई वुद्धिमानीपूर्वक गर्नुपर्छ।

भुक्तवान्विहरेच्चैव स्त्रीभिरन्तःपुरे सह।
विहृत्य तु यथाकालं पुनः कार्याणि चिन्तयेत् ॥ ७/२२१ ॥

अर्थात्:- भोजन गरेपछि राजाले केही समय अन्तःपुरमा माता, पत्नी, दिदी वहिनी, पुत्री, पुत्र घरको अन्य सदस्य आदिसँग हाँसी-खुशीसँग वसेर व्यवहारिक वार्तालाप गर्नुपर्छ यस प्रकारले आमोद-प्रमोद गरेर निश्चित समयमा पुनः आफ्नो कार्यलाई निरन्तर गर्नुपर्छ जो राजाको कार्यको वारेमा अघि नै दर्शाइएको न्याय-कार्यको विचार शुरु गर्नु पर्छ।

अलंकृतश्च संपश्येदायुधीयं पुनर्जनम्।
वाहनानि च सर्वाणि शस्त्राण्याभरणानि च ॥ ७/२२२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजाले यदि आफ्नो राज्यको भण्डारणमा केही देख्नुपर्ने या हेर्ने इच्छा भएमा या निश्चित समयमा निरीक्षण गर्नुपर्ने समयसूची भएमा आफ्नो सुरक्षा कवच, शस्त्र एवं आफ्नो राजचिन्हद्वारा सुसज्जित भएर थोरै शस्त्रधारी सैनिकको साथमा रथ, हात्ती आदि थोरै सवारी साधनको प्रयोग गरेर सबै प्रकारका अस्त्र-शस्त्र र ती सबैको कार्य क्षमता त्यसको सञ्चय गरिएको तरिकाको व्यवस्थापन तथा सुरक्षा सजावट अर्थात् सम्भाल आदिको निरीक्षणको साथ साथ कुनै शस्त्र अस्त्र परिवर्तन गर्नुपर्ने भएमा या शस्त्र अस्त्रमा कुनै समस्या देखिएमा सम्वन्धित मन्त्रालय त्यो कार्य शीघ्र गर्नको लागि निर्देशन गर्नुपर्छ ।

संध्यां चोपास्य शृणुयादन्तर्वेश्मनि शस्त्रभृत् ।
रहस्याख्यायिनां चैव प्रणिधीनां च चेष्टितम् ॥ ७/२२३ ॥

अर्थात्:- राजाले फेरि जो विद्वान् शस्त्रको ज्ञानको ज्ञाता छ त्यस्तो विद्वान्लाई आफ्नो भवनमा वोलाएर ती शस्त्र अस्त्रको बारेमा ती शस्त्रको विद्वान्सँग ती शस्त्रको विशेषता, शस्त्रको क्षमता, बारेको कुरालाई रहस्य पूर्वक नम्र तरिकाले विस्तृत पूर्वक सोध्नुपर्छ र त्यस ज्ञानीले भनेका शस्त्रको ज्ञानका रहस्यपूर्ण कुरालाई तथा योग्य शस्त्रको विवरणको बारेमा सुन्नुपर्छ र यदि कैयौं शस्त्रमा कुनै समस्या देखिएमा परिवर्तन गर्ने बारेमा विचार गर्नुपर्छ ।

गत्वा कक्षान्तरं त्वन्यत्समनुज्ञाप्य तं जनम् ।
प्रविशेद्भोजनार्थं च स्त्रीवृतोऽन्तःपुरं पुनः ॥ ७/२२४ ॥

अर्थात्:- यदि कुनै पनि अस्त्रमा कुनै पनि खरावी आएको भएमा राजा आफैँले नै हतियारसँग सम्वन्धित मन्त्रालयमा गएर त्यस मन्त्रालयको मन्त्रीलाई निर्देशन गर्नुपर्छ योग्य शस्त्र राख्नु अन्यलाई के कार्यमा प्रयोग गर्न सकिन्छ त्यो कार्य गर्न निर्देशन दिएर फेरि आफ्नो राजभवन अर्थात् अन्तःपुरमा प्रवेश गरेर आफ्नो राजाले दैनिक प्रातःकालमा नित्यकर्म गरे जस्तै सांयकालको समयमा पनि दैनिक सन्ध्यापासन गर्नुपर्छ सांयकालको सन्ध्या उपासना गरेर सकेपछि, राजा पुनः भोजन गर्नको लागि अन्तःपुर (राजप्रसाद) मा प्रवेश गर्नुपर्छ ।

तत्र भुक्त्वा पुनः किं चित्तूर्यघोषैः प्रहर्षितः ।
संविशेत्तं यथाकालं उत्तिष्ठेच्च गतक्लमः ॥ ७/२२५ ॥

अर्थात्:- राजाले आफ्नो सन्ध्याकालको भोजन पूर्ण सात्विक मात्र लिनुपर्छ र भोजन लिनु नै पर्ने भएमा अल्पमात्र भोजन गर्नुपर्छ पुरा पेट नै भरिने गरेर कसैले पनि भोजन गर्नुहुँदैन सन्ध्याकालको भोजनलाई प्रसन्न भएर ग्रहण गरेपछि ईश्वरलाई धन्यवाद दिएर उठेपछि १०० पाइला चलेर विश्रामगृहमा जानुपर्छ दिनभरको मेहनत र श्रमको थकाईलाई दूर गर्नको लागि रात्रीको उचित समयमा नै सुत्नु पर्छ र शुभ ब्रह्ममुहूर्तमा नै उठ्ने गर्नुपर्छ ।

एतद्विधानं आतिष्ठेदरोगः पृथिवीपतिः ।
अस्वस्थः सर्व एतत्तु भृत्येषु विनियोजयेत् ॥ ७/२२६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजा सधैँ निरोगी हुनुपर्छ, राजा निरोगी भएमा मन्त्री निरोगी हुन्छन् मन्त्री निरोगी भएमा प्रजा निरोगी हुनेछन् त्यसैले राजाले सधैँ सात्विक भोजन गर्नुपर्छ। यदि राजा कुनै कारणले कुनै रोगले ग्रसित भएको खण्डमा राज्यको जिम्मेवारी आफ्नो पुत्र जिम्मेवारी वहन गर्न सक्ने अवस्थामा भए त्यसलाई दिनुपर्छ यदि यो सम्भव नभए कार्यकारी अधिकारी बनाएर कुनै इमान्दार मन्त्री जो क्षत्रीय गुणले सम्पन्न मन्त्रीलाई यो अधिकार पत्र दिएर अब उपरान्त मेरो (राजा) अनुपस्थितिमा राज्यको सम्पूर्ण काम ....यो मन्त्रीले गर्न सक्ने छन् जबसम्म म (राजा) यथास्थितिमा आउँदैन तबसम्म मात्र यदि मलाई केही भएमा यो राज्यको उत्तराधिकारी मेरो जेष्ठ सुपुत्र यो नामको हो त्यही नै राजा हुनेछ भनेर पत्र बनाएर लिखित हस्ताक्षर गरेर राज्यको अधिकार मन्त्रीलाई सुम्पेर राजा उपचारको लागि बैद्यको बैद्यखानामा जानुपर्छ।

ॐ तत्सदिति महर्षि मनुमहाराजस्य कृत मनुस्मृति विधानां विद्यायां नियमशास्त्रे भृगु(समय संवादे मनुस्मृति अन्तर्गते राष्टानां राजधर्म विषयं विविध ज्ञानं नामक सप्तमोऽध्यायः।

अर्थात्:- महर्षि मनुमहाराजद्वारा निर्देशित मनुस्मृतिको नियम र विधान अन्तर्गतको भृगु र समय बीचमा भएको र संवादमा रुपमा रहेको मनुस्मृतिको मनु विधानअनुसार राष्ट्र र राजाको आफ्नो राजधर्मको विषयको विभिन्न विधानमा रहेको सातौँ अध्याय समाप्त भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

।। अथाष्टमोऽध्यायः ।।

मनुस्मृति अध्यायः-८

राजधर्म अन्तर्गत राजनियम

व्यवहारान्दिदृक्षुस्तु ब्राह्मणैः सह पार्थिवः ।
मन्त्रज्ञैर्मन्त्रिभिश्चैव विनीतः प्रविशेत्सभाम् ॥ ८/१ ॥

अर्थात्:- राजा नयाँ भएमा राज्यको न्यायलयको विषयमा कुनै जानकारी लिनहोस् या छलफल गर्नुपर्ने भएमा या देशको नियम र अवस्थाको विषयमा जान्ने इच्छा भएमा राजाले वेदज्ञानी विद्वान्लाई र न्यायको पूर्णज्ञाता तथा न्याय मन्त्रीलाई न्यायसभामा नै बोलाउनुपर्छ आफ्नो निवासमा हैन ।

तत्रासीनः स्थितो वापि पाणिं उद्यम्य दक्षिणम् ।
विनीतवेषाभरणः पश्येत्कार्याणि कार्यिणाम् ॥ ८/२ ॥

अर्थात्:- देशको व्यवसायिक नियमलाई चुस्त दुरुस्त गर्ने उद्देश्यले राजाले आफ्नो साथको विद्वान् र न्यायमन्त्रीलाई आफ्नो साथमै लिएर या एक्लै भए पनि कार्य क्षेत्रमा गएर बसेर या उभिएर निरीक्षण गर्न सकिनेछ । नियमको बारेमा जनताको कल्याणलाई ध्यान राख्दै शास्त्रको व्यवहारिक ज्ञानलाई सधैं ध्यान राख्नुपर्छ । राज्यमा कानुनी राज्यको स्थापन गर्नको लागि कानुनसँग सम्बन्धित हुने सम्पूर्ण विषयको ज्ञान हुनुपर्छ । राज्यमा हुने भिन्न-भिन्न प्रकारको अठार विवादस्पद विषय धेरै आउँछन् ती विवादास्पद विषयलाई विभिन्न भागमा विभक्त गरिएको छ त्यसको विवादस्पद विषयको बारेमा राजा सधैं न्यायकारी र नियमकारी भएर आफ्नो कार्य गर्नुपर्छ ।

प्रत्यहं देशदृष्टैश्च शास्त्रदृष्टैश्च हेतुभिः ।
अष्टादशसु मार्गेषु निबद्धानि पृथक्पृथक् ॥ ८/३ ॥

अर्थात्:- वेदज्ञानी विद्वान्, सभाविद्व र राजपुरूषलाई साथमा लिएर राजाले देशको उन्नति देशको नियम र संस्कृतिलाई ध्यान राखेको राज्यको उन्नतिको लागि बाधक हुने र दैनिक या कहिलेकाहीं हुने निम्नलिखित अठार विवादास्पद मार्गमा विवादयुक्त विषयको नियमसँगत निर्णय प्रतिदिन गर्नुपर्छ जुन राजाले यो ध्यान राख्नुपर्छ कि न्यायको कुरामा तुरुन्त प्रमाण उपलब्ध गराएर निर्णय गर्नुपर्छ ती अठार प्रकारको विवादस्पद विषयबारेमा अब अघि सुन्नुहोस् । न्यायक्षेत्रमा मुख्य अठार प्रकारको विवादग्रस्त विषय रहेका हुन्छन् ती मुख्य र सधैं आउने विषय हुन् ।

तेषामाद्यमृणादानं निक्षेपोऽस्वामिविक्रयः।
संभूय च समुत्थानं दत्तस्यानपकर्म च ॥ ८/४ ॥

अर्थात्:- न्याय क्षेत्रमा अठार प्रकारको विवादग्रस्त विषय यी हुन् ती विषय लालचको कारण नै उत्पन्न हुन्छ ।

१) सामान, पैसा लेनदेनको विषय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२) धरौटीको विषय अर्थात् अमानतकोबारे
३) त्यस वस्तुको बिक्री वितरण जुन वस्तुको मालिक पत्ता लगेको छैन
४) साझेदारीको कारोबारमा गडबड ।
५) ऋण लिएर अस्वीकार गर्ने विषय ।

वेतनस्यैव चादानं संविदश्च व्यतिक्रमः।
क्रयविक्रयानुशयो विवादः स्वामिपालयोः ॥ ८/५ ॥

अर्थात्:- न्याय क्षेत्रमा अठार प्रकारको विवादग्रस्त विषय यी हुन् ती विषय अहङ्कारको कारण नै उत्पन्न हुन्छ

६) तलब तथा परिश्रमको फल नदिएको
७) आफूले गरेको प्रणलाई नै भङ्ग गरेको
८) वस्तु या सामान क्रय विक्रयमा विवाद भएको
९) स्वामी र सेवकको बीचमा वादविवाद भएको

सीमाविवादधर्मश्च पारुष्ये दण्डवाचिके।
स्तेयं च साहसं चैव स्त्रीसङ्ग्रहणमेव च ॥ ८/६ ॥

अर्थात्:- न्याय क्षेत्रमा अठार प्रकारको विवादग्रस्त विषय यी हुन् यी विषय अज्ञानको कारण नै उत्पन्न हुन्छ ।

१०) भूमिको सीमा विवादको विषय
११) गाली गलौजको विषय
१२) मारपीटको विषय
१३) गुप्त चोरीको विषय
१४) धन सम्पत्ति आदिलाई लुट्नु तथा अपहरण गर्ने विषय
१५) जवरजस्ती, बलपूर्वक स्त्रीलाई हरण गर्ने, डर देखाएर स्त्रीलाई जम्मा गर्ने विषय ।

स्त्रीपुंधर्मी विभागश्च द्यूतमाह्वय एव च।
पदान्यष्टादशैतानि व्यवहारस्थिताविह ॥ ८/७ ॥

अर्थात्:- न्याय क्षेत्रमा अठार प्रकारका विवादग्रस्त विषय यी हुन् यी विषय समझदारीको कमिको कारणले उत्पन्न हुन्छन् ।

१६) पति, पत्नी बीचको धर्मको विषय,
१७) पैतृक सम्पत्तिको विषय,
१८) द्युत अर्थात् जुवा खेल्नु खेलाउनु, पशुपंक्षिलाई जुधाउने विषय ।

(समयको कलमः- न्यायक्षेत्रमा यी अठार प्रकारको मुख्य विवादग्रस्त स्थान हुन् । यी विवादको विषय मनुष्यको समाजमा रहने गरेको हुन्छ यी सबै विवाद समझदारी र अज्ञानको कमिको कारण उत्पन्न हुन्छ । त्यसैले राजाले यी सबै अठार विवादलाई जति छिटो सकिन्छ त्यति नै छिटो समाधान गर्नुपर्छ । सट्टा, जूवा आदि द्यूत हुन् र पशुप्राणी, लडाउनु आदि समाह्वय किसिमको जुवा हो ।

एषु स्थानेषु भूयिष्ठं विवादं चरतां नृणाम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म शाश्वतं आश्रित्य कुर्यात्कार्यविनिर्णयम् ॥ ८/८ ॥

अर्थात्:- यी अठार प्रकारका ठाउँमा विवाद गरेको मनुष्यलाई र व्यवहारमा धेरै विवाद गर्ने मनुष्यलाई न्यायको विधान र राजधर्मको विधान र राजदण्डको परिधिमा रहेर ठीक-ठीक निर्णय गर्नुपर्छ। राजाले आफ्नो धर्म राजाको गुण र मनुष्यमा हुने सनातन धर्मको आश्रय लिएर कार्य गर्नुपर्छ, राजाले कुनै पनि प्रजामाथि अन्याय र पक्षपात गर्नु हुँदैन।

यदा स्वयं न कुर्यात्तु नृपतिः कार्यदर्शनम्।
तदा नियुञ्ज्याद्विद्वांसं ब्राह्मणं कार्यदर्शने ॥ ८/९ ॥

अर्थात्:- राजाले यी अठार विवादका कुनै पनि अवस्थालाई आफैँ वस्तुतः निरीक्षण गरेर प्रमाणअनुसार र निर्णय दण्ड गर्न र क्षतिपूर्ति पनि गर्नसक्छ तर राजाले सकेसम्म यी विषयमा सत्य-तथ्य प्रमाण र देशको हितलाई ध्यानमा राखेर नियमअनुसार निर्णय गर्नको लागि कानुन मन्त्री तथा नीतिशास्त्रको ज्ञानी विद्वान्लाई दिनु अति नै उत्तम कार्य हुनेछ। राजाले आफैँले कुनै पनि विवादलाई आफैँले फैसला गर्ने निर्णय नै गरेको खण्डमा गर्न सक्ने छ तर सकेसम्म त्यसको विवादको फैसलाको निर्णय आफूले गरे पनि घोषणाको जिम्मा भने राजा आफैले नगरेको उत्तम हुन्छ यसको निर्णय या त कानुन मन्त्रीलाई या त नीतिशास्त्रको ज्ञाता विद्वान्लाई निर्णय दिनु भनेर आज्ञा दिनुपर्छ।

सोऽस्य कार्याणि संपश्येत्सभ्यैरेव त्रिभिर्वृतः।
सभां एव प्रविश्याग्र्यां आसीनः स्थित एव वा ॥ ८/१० ॥

अर्थात्:- राजाले विवादको विषयलाई आफैँले नहेरी त्यो विवादलाई समाधान गर्नको नियम र न्याय अनुसार गर्नको लागि त्यो कार्यलाई नीतिशास्त्रको ज्ञाता तथा विद्वान्लाई दिएमा नीतिशास्त्रको ज्ञाता विद्वान्ले न्यायालयमा रहेर तीन परामर्शदाताको साथमा विवादको विषयमा नीतिशास्त्रको नियम र राज्य-कार्यको नियमअनुसार नै निरीक्षण गर्नुपर्छ

यस्मिन्देशे निषीदन्ति विप्रा वेदविदस्त्रयः।
राज्ञश्चाधिकृतो विद्वान्ब्रह्मणस्तां सभां विदुः ॥ ८/११ ॥

अर्थात्:- जुन राज्यमा नियम कानुनलाई चुस्त दुरुस्त बनाउनको लागि र राज्यको नियम र नियमसँगत विधानलाई लागु गर्नको लागि जुन राजाको साथमा तीन वेदज्ञाता विद्वान् अर्थात् तीन वेदज्ञानी ब्राह्मण जसलाई वेदको पूर्णज्ञान होस्, जुन राज्याको न्यायलयमा तीन वेदज्ञाता विद्वान् बसेको हुन्छ र त्यही न्यायलयको निर्णयलाई पालन गर्न र गराउनको लागि एक राजा जो क्षत्रीय गुणले युक्त रहेको हुन्छ यस्तो वेदज्ञानी विद्वान् र क्षत्रीय गुणले सम्पन्न भएको राजा वीचमा हुने सभालाई 'ब्रह्मसभा' भनिन्छ ब्रह्मसभा अर्थात् सत्यको सभा।

धर्मो विद्धस्त्वधर्मेण सभां यत्रोपतिष्ठते।
शल्यं चास्य न कृन्तन्ति विद्धास्तत्र सभासदः ॥ ८/१२ ॥

अर्थात्:- जुन राज्यमा वेदज्ञानी विद्वान् छैनन्, जुन राज्यमा सत्यतथ्य र नियमसङ्गत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्य हुँदैन, त्यो राज्य पतन हुन्छ । राजाले आफ्नो राज्यमा आफ्नो सभामा जुनसुकै अवस्थामा पनि धर्मलाई छोड्नु हुँदैन, यदि राजाको सभामा तथा वेदज्ञानी विद्वान्को शरणमा धर्म अर्थात् सत्य अधर्म अर्थात् असत्यको सिकार भएर असत्यको ताड़नाबाट सत्य घायल तथा पीड़ित भएर आफ्नो रक्षाको लागि धर्मराजाको सभामा या राजा तथा वेदज्ञानी विद्वान्को शरणगत भएर उपस्थित भएको भएमा त्यो अवस्थामा राजाले कुनै पनि अवस्थामा राजधर्मलाई धारण गरेर आफ्नो प्राण नै त्याग गर्न किन नपरोस् राजा धर्मको पक्षमा उभिनुपर्छ । धर्मको कलङ्क अधर्मलाई पतन गराउनु अधर्मलाई छेदन गर्ने गुणलाई नै क्षत्रीय भनिन्छ । यही क्षत्रीय गुणलाई नै पद अनुसार राजा भनिन्छ, धर्मको सम्मान नै राजाको कार्य हो जुन राज्यमा धर्मीको सम्मान अधर्मीलाई दण्ड हुँदैन त्यो सभामा जति पनि वेदज्ञानी विद्वान् तथा सभासद् रहेका छन् ती सबै जीवत देखिए पनि मुर्दा नै हुन् भन्ने बुझ्नुपर्छ ।

सभां वा न प्रवेष्टव्यं वक्तव्यं वा समञ्जसम् ।
अब्रुवन्विब्रुवन्वापि नरो भवति किल्बिषी ॥ ८/१३ ॥

अर्थात्:- धार्मिक मनुष्यले सधैं धर्मको ज्ञान प्रचार गर्नमा लाग्नुपर्छ विनाकारण धार्मिक मनुष्य न्यायसभा प्रवेश गर्नु त्यति राम्रो हैन यदि सत्यलाई अधर्मले जित्ने अवस्था आयो भने मात्र धार्मिक व्यक्ति न्याय सभामा प्रवेश गर्नुपर्छ र न्यायसभामा सत्यतालाई सत्य हो भनेर देखाउनको लागि र धार्मिक व्यक्तिले धर्मको मात्र हैन नियम कानुनको पनि ज्ञाता छ असत्य हुँदैछ सत्यको पतन हुने देखिएमा सत्यतालाई देखाउन र सत्यलाई न्याय गर्नको लागि राज सभामा प्रवेश गर्नुपर्छ । किनकि यदि कुनै मनुष्यले अर्को मनुष्यमाथि अन्याय अर्थात् सत्यमाथि अन्याय भइरहेको देखेरपनि जो मनुष्य मौन रहको हुन्छ त्यस्तो मनुष्यले अन्याय, झुटोको समर्थन गरेको हुन्छ अन्याय हुँदै गर्दा मौन रहनु र सत्य र न्यायको विरुद्ध हो जो मनुष्य सत्यको विरोध हुँदापनि मौन छ त्यो मनुष्य नै असुर ही, महापापी हो ।

यत्र धर्मो ह्यधर्मेण सत्यं यत्रानृतेन च ।
हन्यते प्रेक्षमाणानां हतास्तत्र सभासदः ॥ ८/१४ ॥

अर्थात्:- जुन राज्यमा जुन समाजमा अधर्मबाट धर्म, असत्यबाट सत्य, सबै सभासदको सामन्ने या कानुन निर्माताको अघि या राजाको अघि नै धर्मलाई अधर्मले जित्नेकोसिस गरेको हुन्छ या अधर्मले धर्ममाथि आक्रमण गरेर धर्मलाई पतित गराउने गरेको हुन्छ त्यस्तो सभासद् सबै चलायमान भए पनि ती सबै जीवित मुर्दा हुन् कोही जीवन्त छैन भन्ने बुझ्नुपर्छ ।

धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः ।
तस्माद्धर्मो न हन्तव्यो मा नो धर्मो हतोऽवधीत् ॥ ८/१५ ॥

अर्थात्:- अधर्मको साथ दिने अधर्मको विरोधमा नबोल्ने व्यक्तिलाई नै अधर्मी भनिन्छ अधर्मी आफैँमा मृत हो आफैमा मृत भएको अधर्मले मनुष्यलाई पतन हुनबाट कहिल्यै पनि बचाउन सक्दैन, सत्यलाई धारण गरेर रक्षित गरिएको सत्यताको धर्मलाई धर्मरक्षक भनिन्छ जुन मनुष्यले धर्मको अर्थात् सत्यको रक्षा गरेको हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसलाई धर्मले नै रक्षा गरेको हुन्छ त्यसैले मनुष्यले धर्मको नियमलाई हनन कहिल्यै गर्नुहुँदैन, यसमा डराऊनु कि मरेको धर्मले फेरि आफैँलाई नमारोस् ।

वृषो हि भगवान्धर्मस्तस्य यः कुरुते ह्यलम् ।
वृषलं तं विदुर्देवास्तस्माद्धर्म न लोपयेत् ॥ ८/१६ ॥

अर्थात्:- धर्म नै हो सबैलाई सुख र आनन्द सबैलाई ऐश्वर्यको वर्षा गराउने, खुशीसुखी प्रदान गर्ने विधान नै धर्म हो धर्मले पुरा राज्यको प्रजालाई सुख र ऐश्वर्यलाई प्रदान गरेको हुन्छ जब राजाले सधैँ धर्मलाई आफूमा धारण गरेको हुन्छ तब मात्र राष्ट्रको उन्नति हुन्छ ।

(समयको कलमः- ईश्वरले आफ्नो धर्मअनुसार नै सृष्टिलाई निर्माण, धारण, पोषण, सञ्चालन र कर्मफल दिनुहुन्छ यो ईश्वरको आफ्नो धर्म हो ईश्वरको त्यस धर्मको विधानलाई वृष भनिन्छ । यदि ईश्वरले बनाउनु भएको विधानलाई मनुष्यले गलत काम गरेर पतन गराउन खोज्ने कार्यलाई वृषल भनिन्छ, इश्वरले धर्मको विधान बनाउनु भयो यदि मनुष्यले धर्मको विधानलाई त्याग गर्न खोजेमा त्यो अतिनै घातक हो त्यसैले जो मनुष्यले धर्मलाई छोडेको हुन्छ त्यो वृषल हो वृषल आफैँमा पतन हुन्छ)

एक एव सुहृद्धर्मो निधानेऽप्यनुयाति यः ।
शरीरेण समं नाशं सर्व अन्यद्धि गच्छति ॥ ८/१७ ॥

अर्थात्:- नाशवान् संसारमा रहेसम्म साथमा रहने र मृत्यु भएपछि पनि साथमै रहने भनेको धर्मको आचरण नै हो । जो सुहृद् छ जो मृत्यु पश्चात् पनि साथ मै रहको हुन्छ । जन्मसँगै आएको सबै नाता मृत्युपछि सकिने छ । जन्मसँगै प्राप्त सबै पदार्थ, सबै सूख र शरीरको मृत्युको साथ साथ सबै पतन हुन्छ अर्थात् जन्मसँगै आएको सबै नाता सबै वस्तु यहाँसम्म कि शरीरले पनि साथ छोडिदिन्छ तर मृत्युपछि पनि धर्मले कहिल्यै साथ छोड्दैन भन्ने कुरा राजाले बुझेर सधैँ धर्मको विधानमा सधैँ चल्ने गर्नुपर्छ ।

पादोऽधर्मस्य कर्तारं पादः साक्षीणं ऋच्छति ।
पादः सभासदः सर्वान्पादो राजानं ऋच्छति ॥ ८/१८ ॥

अर्थात्:- न्यायको लागि, धर्मको लागि राजा नै प्रजाको अन्तिम भरोसाको केन्द्र हो त्यही राजाको न्यायसभामा प्रजामाथि न्याय हुँदैन जब धर्मको त्याग गरेर अधर्मलाई धारण गरेर पक्षपात पूर्ण तरिकाले प्रजामाथि अन्याय हुन्छ त्यो अवस्थामा अधर्मको फल पनि चार विभाग नै विभक्त हुनपुग्छ । जुन अधर्मलाई गरेको फल चार विभाग अर्थात् पदलाई प्राप्त हुन्छ ती चार विभागमा एक भाग अधर्मको कर्ताको हुन्छ, एक भाग झुटो साक्षी दिने व्यक्तिको हुन्छ, एक भाग सबै राज्यसभासद्को हुन्छ, र एक भाग सभापति र राजालाई प्राप्त हुन्छ अधर्मको साथ दिनाले राजामात्र हैन सभासदपनि अधर्मी बनेको हुन्छ ।

राजा भवत्यनेनास्तु मुच्यन्ते च सभासदः ।
एनो गच्छति कर्तारं निन्दार्हो यत्र निन्द्यते ॥ ८/१९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- जुन राज्यमा धर्मको आचरण हुन्छ, जुन सभामा निन्दा गर्न योग्य कार्यको निन्दा, स्तुति गर्न योग्य कार्यको स्तुति हुन्छ, दण्डको योग्य कार्यलाई दण्ड र मान्य योग्य विचारलाई मनन हुन्छ, त्यहाँ राजा र सबै सभासद पाप रहित भएर र पवित्र हुन्छन् । जो पाप कर्ता हुन्छ, त्यसलाई आफ्नो पापकर्मको कर्मफल प्राप्त हुन्छ नै ।

जातिमात्रोपजीवी वा कामं स्याद्ब्राह्मणब्रुवः ।
धर्मप्रवक्ता नृपतेर्न तु शुद्रः कथं चन ॥ ८/२० ॥

अर्थात्:- कर्मले विद्वान् अर्थात् ब्राह्मण बनेका थिए परन्तु अहिले अन्य कुनै कर्म शुरू गरेका छन्, अहिले मूर्खको आचरण छ भनेपनि राजा यदि नीतिशास्त्रको विधानमा धर्मसंकटमा परेमा यस्तो मूर्ख ब्राह्मणसँग पनि छलफल गरेर सत्य ज्ञानलाई ग्रहण गर्नुपर्छ र कर्मच्यूत व्यक्ति चाहे त्यो शुद्र नै किन नहोस् त्यो भन्दा नीतिशास्त्रको ज्ञाता तर आचरण मूर्ख भएको विद्वान् ब्राह्मण नै उत्तम हुन्छ ज्ञानमा ।

(समयको कलमः- ज्ञानी व्यक्ति कुनै कारणले कर्मच्यूत भएको भए पनि उसले नीतिशास्त्रको ज्ञान जानेको हुनाले सही ज्ञान दिनेछ भन्ने आसयमा यो भनाइ आएको हो शुद्रवर्ण आफ्नो कर्ममार्गमा स्थिर भएमा पनि ब्राह्मणले नीतिशास्त्रको ज्ञान शुद्रवर्णले भन्दा धेरै जानेको हुनाले छलफल गर्न सकिने भनिएको हो यसको अर्थ शुद्र अज्ञानी हो भन्ने हैन पहिलेको त्यही शुद्र नै कर्मको कारण द्विज बन्छ)

यस्य शुद्रस्तु कुरुते राज्ञो धर्मविवेचनम् ।
तस्य सीदति तद्राष्ट्रं पङ्के गौरिव पश्यतः ॥ ८/२१ ॥

अर्थात्:- जुन राज्यमा शुद्रवर्णबाट कर्मच्यूत भएर छुद्र (पतित, अपराधी) बनेको व्यक्तिले राजधर्मको कार्य शुरू र धर्मको नियममा कार्य शुरू गरेको हुन्छ त्यस्तो राजा र त्यस राजाको राज्य देख्दा देख्दै पतन हुन्छ । जसरी हरिण माटोको दलदलमा फसेर आफ्नो प्राणलाई त्याग गरेको हुन्छ ।

यद्राष्ट्रं शुद्रभूयिष्ठं नास्तिकाक्रान्तं अद्विजम् ।
विनश्यत्याशु तत्कृत्स्नं दुर्भिक्षव्याधिपीडितम् ॥ ८/२२ ॥

अर्थात्:- जुन राज्यमा राजाको कमजोरीको कारण सबै मनुष्यले ज्ञानलाई प्राप्त गर्न सकेनन जसरी जन्मे त्यसरी नै आफ्नो जीविकोपार्जन गरिरहेका छन् ज्ञानको कमिको कारणले गर्दा मनुष्यले आफ्नो वर्णलाई द्विज बनाउन सकेन शुद्रवर्ण मै रह्यो द्विज हुन् सकेनन अज्ञानको कारणले शुद्रवर्ण ब्राह्मण, क्षत्रीय, वैश्य बन्न सकेनन यस्तो भएमा ज्ञानलाई प्राप्त गर्ने अवसर नदिने राजाको कमजोरी हो । राजाको यस्तो कमजोरीलाई नास्तिकपन भनिन्छ जुन देशमा राजामा नास्तिकपन धरै हुन्छ त्यो पुरा राज्यमा दुर्भिक्ष (अकाल) या अन्य विभिन्न प्रकोपको व्याधिले पीड़ित भएर प्रजा र आफ्नो नास्तिकपनको कारण राजा आफै शीघ्र नाश हुनेछ ।

धर्मासनं अधिष्ठाय संवीताङ्गः समाहितः ।
प्रणम्य लोकपालेभ्यः कार्यदर्शनं आरभेत् ॥ ८/२३ ॥

अर्थात्:- धर्मासनमा बसेको र राजधर्म धारण गरेको राजाले सधैँ धर्मको आचरणलाई धारण गरेर आफ्नो वस्त्र र साथमा राजदण्ड धारण गरेर आफ्नो मनलाई ठीक तरिकाले आफ्नो कार्यमा एकाग्रचित्त बनाएर शरीरलाई सन्तुलन राखेर राज्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मचारी तथा लोकपाललाई आदरसम्मान तथा प्रणाम गरेर आफ्नो तत्कालको विषयको कार्यलाई आरम्भ गर्नुपर्छ ।

अर्थानर्थावुभौ बुद्ध्वा धर्माधर्मौ च केवलौ ।
वर्णक्रमेण सर्वाणि पश्येत्कार्याणि कार्यिणाम् ॥ ८/२४ ॥

अर्थात्:- आफ्नो कार्यमा राजाले ब्राह्मण, क्षत्रीय, वैश्य जो सुकैहोस् ती सबैलाई अर्थ र अनर्थ, धर्म र अधर्मको विधान र सबै प्रमाणलाई हेरेर आफ्नो कार्यलाई ध्यान दिनुपर्छ र न्यायको लागि आएको सबैलाई उसको कार्य अनुसार नै न्याय या दण्ड दिनपर्छ ।

वाह्यैर्विभावयेल्लिङ्गैर्भावं अन्तर्गतं नृणाम् ।
स्वरवर्णेङ्गिताकारैश्चक्षुषा चेष्टितेन च ॥ ८/२५ ॥

अर्थात्:- राजाले आफ्नो न्यायको कार्यगर्दा त्यो अपराधी हो या हैन भनेर बुझ्नको लागि, स्वर, स्वर निकाल्दा वरण गरेको आचरण अर्थात् शरीरको रङ्ग बदलिनु, आलमल पर्नु, बोलीमा थर्थराउनु, मुख रातो हुनु शरीर तरङ्गित हुनु आदि रुप-विकार, इशारा तलमाथि हेर्नु, शरीरमा पसिना तथा रोमाञ्च उत्पन्न हुनु मुखलाई बदल्ने नेत्रमा विकार हुनु तथा चेष्टामा परिवर्तन हुनु, मनुष्यको यी सबै वाह्य-चिह्नले नै उसको अन्तरमनको भावलाई बुझ्नुपर्छ ।

(समयको कलमः- न्यायकर्ता ले न्याय गर्दा व्यक्तिको बाहिरी चिन्हले शरीरको मुद्रा स्थितिमा भएको परिवर्तन आदिको लक्षणले, स्वरलाई ध्यान दिएर बोल्ने समयमा रोकिएमा, डराएमा, उसको मुस्कानको आचरणले, अनुहारको हाउभाव आदिद्वार । अनुहारको निधारको रेखा र रङ्ग बदलिने आचरणले, करणवश लज्जित भएको आचरण देखाउने गर्नाले आदि, इसाराको अनुमानले कुनै पनि कारण विवादमा अभियुक्तको परस्परको संकेत, सामने नहेर्नु, टाउको निहुराउनु, मन चञ्चल बनाएर यता उता हेर्नु आदि आचरणले, आकारमा मुख नेत्र आदिको सङ्केतिक आकार बनाउनु, शरीरमा कम्पन हुनु, पसीना आउनु आदि आंखामा उत्पन्न हुने भावले र आचरणले, हात मीच्नु, नङ टोक्नु या एक हातले अर्को हातको नङ लाई चलाउनु, हातको औला पडकाउनु, औलाद्वारा जमिनलाईकोपर्नु, टाउको कन्याऊनु खोकी लागेको बहाना गर्नु आदि आचरणले कुनै पनि प्रवृत्तिको घटनामा त्यो व्यक्ति शामिल छ या छैन भनेर उसको आचरणद्वारा नै उसको मनको सत्यचरित्रलाई विश्लेषण गर्नुपर्छ यही विधान नै सरल तरिकाले कुनै पनि अपराधी व्यक्तिलाई पत्ता लगाउनको लागि)

आकारैरिङ्गितैर्गत्या चेष्टया भाषितेन च ।
नेत्रवक्त्रविकारैश्च गृह्यतेऽन्तर्गतं मनः ॥ ८/२६ ॥

अर्थात्:- आखाको इसाराको संकेतले, शरीरको चालद्वारा, नजरको हेर्ने दृष्टिको दृष्यले, बोल्ने समयमा अलमल पर्नुले या कुनै पनि कुरा थाह नै नभएको जस्तो गर्नुले तर नेत्र एवं मुखको विकारको हावभाव र अनुहारको प्रवृत्ति हेरेर नै मनुष्यको भित्री मनको अनुभूति भित्री भाव अनुभवको भित्री आचारणको सत्यतालाई सजिलोसँग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुझ्न सकिन्छ ।

बालदायादिकं रिक्थं तावद्राजानुपालयेत् ।
यावत्स स्यात्समावृत्तो यावच्चातीतशैशवः ॥ ८/२७ ॥

अर्थात्:- राजाले आफ्नो राज्यमा भएको तर कुनै पनि अभिभावक नभएको बच्चा, नाबालिग या अनाथ बालकको पैतृक सम्पति लगायत अन्य धन दौलत तथा पुरा सम्पत्तिलाई तबसम्म रक्षा गरेर राख्नुपर्छ जबसम्म ती बालक समावर्तन संस्कार भएर अर्थात् गुरुकुलबाट स्नातक बनेर आउदैन या जबसम्म ती अनाथ पूर्ण वालिक हुँदैन तबसम्म ती सबैको खर्च पनि राजाले उठाउनुपर्छ ।

वशापुत्रासु चैवं स्याद्रक्षणं निष्कुलासु च ।
पतिव्रतासु च स्त्रीषु विधवास्वातुरासु च ॥ ८/२८ ॥

अर्थात्:- निःसन्तान या बाँझी नारी र पुत्रहीन परिवार, कुलहीन अर्थात् जुन कुलमा कोही पुरूष नै छैन पतिव्रता स्त्री अर्थात् पतिको परदेश गमन या अन्य विविध कारणले जो नारी एक्लो भएकी छ विधवा र रोगिणी स्त्रीको सम्पूर्ण सम्पतिको रक्षा राजाले गरिदिनुपर्छ जबसम्म त्यो आफैमा सामर्थ्यवान् हुँदैन तबसम्म उसको सम्पूर्ण सम्पत्तिको संरक्षण र उसको सम्पूर्ण खर्च राजाले नै उठाउनुपर्छ ।

जीवन्तीनां तु तासां ये तद्धरेयुः स्वबान्धवाः ।
ताञ् शिष्याच्चौरदण्डेन धार्मिकः पृथिवीपतिः ॥ ८/२९ ॥

अर्थात्:-माथि भनिएको असहाय लगायत सबै जीवित अवस्थामा ती सबैको सम्पत्तिलाई देखेर सम्बन्धित होस् या अन्य जोसुकै होस् धन सम्पत्तिको लालचमा यदि कसैले ती सबैलाई अपहरण गरेको खण्डमा दुःख दिएको खण्डमा धर्मात्मा राजाले युद्धस्तरमा कार्य गरेर ती अपहरण गर्ने चोरलाई नियमअनुसार कुनै क्षमाको नियम नै नराखी दण्ड दिनुपर्छ ।

(समयको कलमः- निःसन्तान या बाँझी नारी र पुत्रहीन, कुलहीन अर्थात् जुन कुलमा कोहि पुरूष नै छैन पतिव्रता स्त्री श्लोक ८ र २८ भनिएको स्त्रीको धनलाई जो उनको नातेदार दाजु भाइ या आफन्तले भ्रम पारेर डर देखाएर लालच दिएर ती असहायको सम्पत्तिलाई कब्जा गरेमा धार्मिक राजाले ती सबै अपराधी हुन् भन्ने बुझेर ती सबै व्यक्तिलाई चोरको नियमअनुसार दण्ड दिएर आफ्नो राजधर्म र अरुको सम्पत्तिलाई हरण गर्नुहुँदैन भन्ने शिक्षा ती अपराधीलाई सही बाटो देखाउने गर्नुपर्छ अपराधीलाई दण्ड दिनु नै राजदण्ड हो भने अपराधीलाई दण्ड दिएर गलत कार्य गर्नुहुँदैन भनेर अपराधीलाई ज्ञान दिनु राजाको धर्म पनि हो यसलाई नै राजाको अश्वमेध यज्ञ भनिन्छ)

प्रणष्टस्वामिकं रिक्थं राजा त्र्यब्दं निधापयेत् ।
अर्वाक्त्र्यब्दाद्धरेत्स्वामी परेण नृपतिर्हरेत् ॥ ८/३० ॥

अर्थात्:- राज्यमा धेरै व्यक्तिगत धन सम्पत्ति छ तर अहिले त्यो धन सम्पत्तिको स्वामी पत्ता लागेको छैन, त्यस वेवारिस धनलाई प्राप्त भएको दिनदेखि राजाले विज्ञापन गरेर हकवालालाई "उपस्थित हुनु" भनेर तीन वर्षसम्म त्यो धन सम्पत्तिलाई आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धरोहरको रुपमा सुरक्षित तरिकाले राख्नुपर्छ। यदि तीन वर्षभित्र कोहि पनि हकदाबी गर्न नआएको खण्डमा त्यसपछि पनि अरु केही सूचना निकाल्नु पर्छ ४५ दिनको समय दिएर विज्ञप्ति निकालेर प्रचार गर्नु "यो धन र सम्पत्ति कसैको भएमा प्रमाण सहित आउनु" भनेर यदि तीन वर्ष ४५ दिनको अन्तिम दिनमा हकवाला आएमा र प्रमाण पेश गरेर प्रमाण सत्य र मिलेको खण्डमा त्यो धन सम्पत्तिलाई उसको हो भन्ने जानेर दिनुपर्छ। तीन वर्ष ४५ दिनपछि पनि कोही आफ्नो हकदाबी गर्नको लागि नआएको खण्डमा त्यो सम्पत्तिलाई राज्यको राजकोषमा जम्मा गर्नुपर्छ र राज्यको विकासको लागि खर्च गर्नुपर्छ।

(समयको कलम :- १) मनुष्यले भन्ने गर्छन किकोर्ट आ'फ वार्डसको नियम अङ्ग्रेजले प्रचलित गरेका हुन् भनेर परन्तु महर्षि मनु महाराजले यो विधान प्रथममा नै लेख्नु भएको छ।

२) जो व्यक्ति स्वामीहीन धन सम्पत्तिलाई राजाले राजकोषमा जम्मा गर्नाले राजलाई अपशब्द भन्ने गरेका हुन्छ यी सबै अज्ञान र भूलमा रहेका हुन्छन् महर्षि मनु महाराजको विधानअनुसार राजा नै पुरा प्रजाको स्वामी तथा मालिक हो)

ममेदं इति यो ब्रूयात्सोऽनुयोज्यो यथाविधि।
संवाद्य रुपसङ्ख्यादीन्स्वामी तद्द्रव्यं अर्हति ॥ ८/३१ ॥

अर्थात्:- राजाको विज्ञाप्ति देखेपछि आफ्नो हराएको या गुप्त भएको धनलाई जो कसैले पनि त्यो धनलाई यो मेरो व्यक्तिगत धन हो भनेर हकदावी गर्नको लागि आएमा त्यसलाई त्यो धनसँग सम्बन्धित प्रश्न गर्नु उचित तरिकाले कुनै नियमसँगत र क्रमशः जस्तै धनको मात्र, सङ्ख्या, रङ्ग, समय र अन्य प्रमाणको बारेमा धनको स्वरुप, कुन कुन कति मात्रामा थियो भनेर विभिन्न प्रश्न सोध्नुपर्छ यदि सोधेको सबै प्रश्नको सहि र सत्य उत्तर भनेको खण्डमा त्यस हकदावी वाला नै त्यस धनको स्वामी हो त्यसैले त्यो व्यक्ति त्यस धनको मालिक तथा अधिकारी हो अर्थात् राजासँग सुरक्षित रहेको धनको मालिक आजसम्म अज्ञात थियो तर अहिले आएर जसले सही सही प्रमाण दिन्छ त्यही व्यक्ति नै त्यस धनको मलिक हो राजाले त्यो धन मलिक प्रमाणित भएपछि मलिकलाई नै सुपुर्द गर्नुपर्छ।

अवेदयानो नष्टस्य देशं कालं च तत्वतः।
वर्णं रुपं प्रमाणं च तत्समं दण्डं अर्हति ॥ ८/३२ ॥

अर्थात्:- जो व्यक्ति राजासँग भएको धनको मालिक आफू भएको हकदाबी गर्न आएको छ नष्ट भएको या हराएको धनको स्थान, समय, रङ्ग, स्वरुप र मात्रालाई सही सही तरिकाले भन्न सक्दैन अर्थात् झूटो मार्ग अपनाएर त्यस धनलाई हत्याऊनेकोशिश गरेको हुन्छ भने त्यस्तो व्यक्तिलाई झुटो कसुर गरेको अपराधी हुनाले त्यस अपराधीलाई दण्ड स्वरुप त्यस व्यक्तिले हकदावी गर्न आएको धनको मात्रा जति हो त्यति नै धन बराबरको क्षतिपूर्ति असुल ऊपर गर्नुपर्छ।

आददीताथ षड्भागं प्रनष्टाधिगतान्नृपः।
दशमं द्वादशं वापि सतां धर्म अनुस्मरन् ॥ ८/३३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजासँग रहेको धन तर मालिक पत्ता लागेको थिएन तर अहिले त्यस धनको मालिक पत्ता लाग्यो प्रमाणले सिद्ध भयो यही मलिक हो भनेर त्यस मालिकसँग आफूले त्यो धनलाई सुरक्षित राखिदिएको हुनाले र राजाले सत्पुरुषको धर्मको आचारणलाई अनुसरण र राज धर्मलाई धारण गर्दै आफूले सुरक्षित राखेको त्यस धनको मालिकसँग त्यस धानको छैठौँ भागदेखि लिएर बाह्र भागसम्ममात्र धानलाई राजाले आफ्नो राज्यकोषमा जम्मा गर्न सक्नेछन् र बाँकी शेष सबै धन राजाले त्यस धनको मालिकलाई हस्तान्तरण गर्नुपर्छ।

प्रनष्टाधिगतं द्रव्यं तिष्ठेद्युक्तैरधिष्ठितम्।
यांस्तत्र चौरान्गृह्णीयात्तान्राजेभेन घातयेत् ॥ ८/३४ ॥

अर्थात्:- यदि चोरले कसैको धन चोरी गर्यो भने राजाले त्यस धनलाई त्यस चोरको हातबाट फिर्ता लिएपछि त्यस धनलाई राजाले योग्य सुरक्षा दिएर सुरक्षित तरिकाले राख्नुपर्छ जबसम्म त्यस धनको मालिक हकदावी गर्न आउँदैन। यदि त्यो सुरक्षाको बीचमा पनि त्यही या अन्य कुनै स्थामा फेरि त्यही चोर फेरि चोरी गर्दै गरेको खण्डमा त्यो चोरलाई पक्रिएको खण्डमा या चोरीगर्न आएको अवस्थामा त्यो चोरलाई पक्रिएमा यो बुझ्नु पर्छ कि चोरी उसको पेशा हो भनेर बुझ्नुपर्छ त्यो चोरी कार्य गर्ने पेसेवर चोर होस् अथवा रक्षक राजपुरूष नै किन नहोस् यस्तो चोरी गर्ने व्यक्तिलाई राजाले हात्तीद्वारा कुल्चाएर चोरीको दण्ड मृत्युदण्ड नै दिनुपर्छ कुनै पनि अवस्थामा राजाले यस्तो पेसेवर चोरलाई माफ़ गर्नुहुँदैन।

ममायं इति यो ब्रूयान्निधिं सत्येन मानवः।
तस्याददीत षड्भागं राजा द्वादशं एव वा ॥ ८/३५ ॥

अर्थात्:- चोरी गरेको चोरको हातबाट प्राप्त भएको धनलाई जो मनुष्यले दावी गर्छ कि यो मेरो धन हो र धनमा भएको धनको सबै विवरण सहित सत्य भनेमा र धनको आवरण, आवरणको रुप, धनको गणना, बिटाको सङ्ख्या आदिलाई ठीकसँग भनेमा 'यो मेरो धन नै हो' भनेर सही सही तरिकाले बताएमा राजाले त्यस धनको भागको केवल छैटौदेखि बाह्र अंश भागलाई राजाले आफ्नो राजकोषको लागि राख्नुपर्छ र शेषधन उसको स्वामीलाई नै हस्तान्तरण गर्नुपर्छ।

अनृतं तु वदन्दण्ड्यः स्ववित्तस्यांशं अष्टमम्।
तस्यैव वा निधानस्य संख्ययाल्पीयसीं कलाम् ॥ ८/३६ ॥

अर्थात्:- कुनै पनि हकदावी गर्नेले स्वार्थपूर्वक असत्य बोलेको भएमा त्यो धन उसको हैन भन्ने प्रमाणित भएमा त्यसले व्यक्तिले हकदाबी गरेको धन जत्ती हो त्यस धनको आठौँ भाग बरावरको धनलाई दण्ड स्वरुप जरिवाना लिनुपर्छ अथवा त्यस धनको सङ्ख्याको अल्प भागको तुल्य निजसँग धनलाई दण्ड स्वरुप लिनुपर्छ यो विधान झुटो हकदाबी र गलत आचरण भएको व्यक्तिलाई दिइने दण्डविधानको नियम हो।

विद्वांस्तु ब्राह्मणो दृष्ट्वा पूर्वोपनिहितं निधिम्।
अशेषतोऽप्याददीत सर्वस्याधिपतिर्हि सः ॥ ८/३७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- यदि कुनै पनि ठाउँमा गाढ़िएको धन गुरुकुल सञ्चालन गरेको वेदज्ञानी विद्वान् तथा ब्राह्मणलाई प्राप्त भएको खण्डमा त्यस धनलाई उसले राजाको अनुमति लिएर त्यस धनलाई आफ्नो गुरुकुलको सञ्चालनको लागि प्रयोग गर्न सक्नेछ तर व्यक्तिगत खर्च गर्न भने निषेध गरिएको छ ।

यं तु पश्येन्निधिं राजा पुराणं निहितं क्षितौ ।
तस्मादिद्वजेभ्यो दत्त्वार्धं अर्धकोशे प्रवेशयेत् ॥ ८/३८ ॥

अर्थात्:- जमिनमा गाडिएको पुरानो धन या खजानालाई यदि राजा आफूले नै भेट्टाएमा या राजाले नै देखेको भएमा या कुनै कार्य गर्दा त्यो धन या खजाना राजालाई प्राप्त भएमा त्यो धनलाई राजाले यदि दान गर्ने मन भएमा आधा धनलाई मात्र द्विज अर्थात् गुरुकुलको सञ्चालनको लागि दान गर्न सक्ने छन् भने आधा धन तथा खजानालाई राज्यको राज्यकोषमा जम्मा गर्नुपर्छ ।

निधीनां तु पुराणानां धातूनां एव च क्षितौ ।
अर्धभाग्रक्षणाद्राजा भूमेरधिपतिर्हि सः ॥ ८/३९ ॥

अर्थात्:- अज्ञात रहेको तर धेरै पुरानो देखिएको भूमिमा गाडिएको पुरानो कोष तथा धातुको कुनै पनि सामान राजा आफैँले प्राप्त गरेमा राजाको केवल आधा भागमा मात्र अधिकार हुन्छ बाँकी सबै राज्यको राज्यकोषमा जम्मा गर्नुपर्छ किनकि राजा त्यस भूमिको अधिपति मानिन्छ ।

दातव्यं सर्ववर्णेभ्यो राज्ञा चौरैर्हृतं धनम् ।
राजा तदुपयुञ्जानश्चौरस्याप्नोति किल्बिषम् ॥ ८/४० ॥

अर्थात्:- कुनै गाउँको धनमा जुन धनको मालिक एक हैन धेरै छन् तर कारणवश त्यो संयुक्त धनलाई चोरले चोरी गर्यो र त्यो चोरिएको धन चोरबाट प्राप्त भएको खण्डमा त्यो धनलाई राजाले त्यो गाउँको सबै वर्णको मालिक जो जति अंशको भागिदार हुन्छ त्यति बराबरको हिसाब गरेर दिनुपर्छ राजाले यस्तो सामूहिक धनलाई स्वयम् भोगेको खण्डमा त्यो राजालाई पनि चोरी गरेको भनेर चोर दोषको भागिदार हुन्छ ।

जातिजानपदान्धर्मान्श्रेणीधर्माश्च धर्मवित् ।
समीक्ष्य कुलधर्माश्च स्वधर्मं प्रतिपादयेत् ॥ ८/४१ ॥

अर्थात्:- वेदज्ञानी विद्वान् ब्राह्मण, धर्मको ज्ञाता र धर्मलाई जानेको मनुष्यले जहिले पनि त्यस मनुष्यको गुण दोषको आचरण, त्यस व्यक्तिको बोलीचाली र व्यवहारलाई देखेर जानेर उसले बुझ्ने तरिकाले आफ्नो धर्मको गुणलाई आफूमा धारण गर्नुपर्छ । (समयको कलमः- यो श्लोकको तात्पर्य यो हो कि भिन्न भिन्न स्थानमा र भिन्न भिन्न मनुष्य समूहमा भिन्न भिन्न वातावरणअनुसार उनीहरूको गुण रहेको हुन्छ ठाउँ अनुसार प्रणाली, मर्यादा र आचरण अलग अलग रहेको हुन्छ ती सबै प्रणाली, मर्यादा र आचरणलाई जानेर मात्र ध्यानपूर्वक कार्य त्यहाँ गर्नुपर्छ ताकि त्यो समाजमा आफ्नो कार्यले अन्यको आफ्नो विधानलाई असर नपरोस् र आफ्नो कर्म निरन्तर चलिरहोस् कसैले अवरोध गर्न नसकोस्)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वानि कर्माणि कुर्वाणा दूरे सन्तोऽपि मानवाः ।
प्रिया भवन्ति लोकस्य स्वे स्वे कर्मण्यवस्थिताः ॥ ८/४२ ॥

अर्थात्:- कुनै कारणले आफ्नो राज्य, आफ्नो समाज, आफ्नो घरबाट पनि टाढा रहेको मनुष्यले आफ्नो कर्तव्य कर्मलाई निरन्तर गरेको हुन्छ र धर्मको आचारणलाई निरन्तर धारण गरेर आफ्नो कर्तव्य कर्ममा स्थित रहने मनुष्य राज्य समाज र घरबाट दूर भएको भए पनि त्यस्तो मनुष्य राज्य समाज र घरको लागि अति नै लोकप्रिय पात्र हुन्छ ।

नोत्पादयेत्स्वयं कार्य राजा नाप्यस्य पुरुषः ।
न च प्रापितं अन्येन ग्रसेदर्थ कथं चन ॥ ८/४३ ॥

अर्थात्:- राजा अथवा राजपुरूष ज्ञानी विद्वान् स्वंयले कसैसँग पनि झगड़ा गर्नुहुँदैन, झगडालाई उत्पन्न हुने अवस्था सृजन गर्नुहुँदैन, अर्थात् स्वार्थ, लालच आदिको कारण कसैसँगपनि झगडा हुने स्थिति हुन दिनु हुँदैन, यदि झगड़ा हुने स्थिति बनेको भएमा त्यसलाई बढ्न र बढाउनु हुँदैन र कुनै वादी, प्रतिवादीद्वारा प्रस्तुत गरिएको विवादलाई वास्तविक न्यायको दिनको लागि राजामा, राजपुरुषमा र विद्वान्मा कुनै प्रकारको स्वार्थ र लालच हुनुहुँदैन यदि राजा, राजपुरुष र विद्वान्ले कुनै पनि प्रकारको स्वार्थ, लालच गरेर सत्यलाई दबाउन कोसिस गर्नुहुँदैन सत्यको उपेक्षा कहिल्यै गर्नुहुँदैन सहि तरिकाले न्याय गर्नुपर्छ यदि राजामा विद्वान्मा लालच बढ़ेमा राजा राजा हैंन विद्वान् त्यो विद्वान् पनि हैंन ।

यथा नयत्यसृक्पातैर्मृगस्य मृगयुः पदम् ।
नयेत्तथानुमानेन धर्मस्य नृपतिः पदम् ॥ ८/४४ ॥

अर्थात्:- राजाले कुनै पनि अवस्थामा अपराधीलाई माफ तथा प्रोत्साहित गर्नुहुँदैन, अपराध भएको खण्डमा राजाले सूक्ष्म प्रमाणलाई खोजेर सत्यलाई विजय बनाउनु पर्छ जसरी सिंहले मृगको रगतको बास्नाको कारणले मृगको बासस्थानलाई खोजेको हुन्छ ठीक त्यस्तै तरिकाले राजाले सत्यको प्रमाण खोजेर या अपराधीको हावभावलाई देखेर राजाले सत्य र असत्यको लक्षणलाई अनुमान गरेर धर्मको पदलाई प्राप्त गरेर सत्य र धर्मको गुणलाई धारण गरेर सत्यको पक्षलाई सधैँ साथ दिनुपर्छ । अर्थात् राजाले कुनै पनि अपराधी उसको हावभावद्वारा नै असली अपराधीको पत्ता लगाउनु पर्छ ।

सत्यं अर्थ च संपश्येदात्मानं अथ साक्षीणः ।
देशं रुपं च कालं च व्यवहारविधौ स्थितः ॥ ८/४५ ॥

अर्थात्:- कुनै पनि विवादको विषयमा र सत्यको खोजीमा रहेको र न्यायलयमा बसेको राजाले, वास्तविक विवादको कारण र स्वरुप, विवादलाई मामला गर्ने व्यक्ति, विवादका साक्षीहरू, देश, अवस्था, र कालको अवस्थालाई ठीक ठीक तरिकाले हेरेर विश्लेषण गरेर विवादको मुख्य कारण के हो त्यो सूक्ष्म अध्ययन गरेर हेर्नुपर्छ, विवादको पूर्ण सत्यता के हो ? त्यस विवादको साक्षी कुन हो ? अहिले ती साक्षी कहाँ र कुन अवस्थामा छन् ? कहिलेदेखि यो विवाद भयो ? भन्ने कुरालाई राजाले विवादको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्णय गर्नु भन्दा पहिले नै ध्यानपूर्वक कार्य गरेर निर्णय गर्नुपर्छ ।

(समयको कलमः- राजाले कुनै पनि विवाद आफ्नो आँखाले देखेको छैन भने राजाले तुरुन्त निर्णय दिनुहुँदैन विवादलाई निर्णय गर्नुभन्दा पहिले राजाले सूक्ष्म तरिकाले आफूलाई नै निम्न कुरालाई रीतपूर्वक विचार गर्नुपर्छः-

१) सत्य अर्थात् कोही छलकपट त छैन ?

२) अर्थ अर्थात् अभियोग अर्थात् आरोपको उद्देश्य के हो ?

३) आत्मानम अर्थात् स्वयं आफ्नो पदलाई विचार गर्नुपर्छ कि म राजा हुँ । मैले न्याय गर्नुपर्छ भन्ने ।

४) देश अर्थात् सबै प्रजा मेरो हो ।

५) रुप अर्थात् नियमकारी हो ।

६) काल अर्थात् सत्यको साथ दिने हो भन्ने बुझेर राजाले सत्यको खोजी गरेर सत्यको पक्षमा निर्णय गर्नुपर्छ विवाद जो सुकैको होस् ।

सद्भिराचरितं यत्स्याद्धार्मिकैश्च द्विजातिभिः ।
तद्देशकुलजातीनां अविरुद्धं प्रकल्पयेत् ॥ ८/४६ ॥

अर्थात्:- कुनै पनि विवादको निर्णय गर्दा सङ्कट आएमा कुनै कुरामा विरोधाभाष भएमा राजाले त्यसलाई निर्णय गर्दा धार्मिक र द्विज सत्पुरूषको वचनबाट पनि विवेद मिलाउने विकल्पको लिनुपर्छ विवादलाई निर्णय गर्दा आचरण र व्यवहारलाई पनि ध्यान राख्नुपर्छ जुन निर्णय आचारणको अनुकुल होस्, देश, कूल तथा समाजको मर्यादाको विरूद्ध नहोस् यस्तो निर्णयलाई लागु गर्नुपर्छ यही राजधर्म हो ।

अधमर्णार्थसिद्ध्यर्थ उत्तमर्णेन चोदितः ।
दापयेद्धनिकस्यार्थ अधमर्णाद्विभावितम् ॥ ८/४७ ॥

अर्थात्:- कुनै पनि ऋणदाता र ऋणीको बीचमा विवाद भएमा र यो विवादको विषय राजाको सन्मुख आएको खण्डमा ऋणदाता र ऋणीको बीचको साक्षी, लेखिएको आदि प्रमाणद्वारा त्यस ऋणीले ऋण लिएको प्रमाणित भएमा राजाले ऋणीसँग ऋणदाताको धनलाई असुल गरेर दिनुपर्छ तर राजाले यो कार्य गरेपछि पैसाको कुनै पनि भाग लिनुहुँदैन ।

यैर्यैरुपायैरर्थ स्वं प्राप्नुयादुत्तमर्णिकः ।
तैर्तैरुपायैः संगृह्य दापयेदधमर्णिकम् ॥ ८/४८ ॥

अर्थात्:- राजासँग आएको विवादमा ऋणदातासँग ऋणीलाई ऋण लिएको हो प्रमाण छ तर अहिले ऋणीले ऋणदातालाई धन दिन अस्वीकार गरेको छ भने त्यो अवस्थामा राजाले जुन उपायले ऋणदाताको धनलाई ऋणीसँग प्राप्त गर्न सकिनेछ त्यही तरिका अपनाएर राजाले असुल उपर गराउनु पर्छ तर ऋणीको सर्वश्व हरण भने गर्नुहुँदैन ।

धर्मेण व्यवहारेण छलेनाचरितेन च ।
प्रयुक्तं साधयेदर्थ पञ्चमेन बलेन च ॥ ८/४९ ॥

अर्थात्:- ऋणीले ऋण लिएको छ तर अहिले उसको अवस्था कमजोर भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खण्डमा धर्मको नियमानुसार नै ऋणीको ऋणलाई माफ गर्न सकिने छ यदि ऋणीसँग धन फिर्ता गर्ने क्षमता भएमा ऋण लिएको ऋणीसँग विभिन्न नियम लागु गरेर राजाले त्यो ऋणीसँग धन असुल गरेर ऋणदातालाई फिर्ता दिनुपर्छ राजाले लागु गर्ने यी नियमलाई राजधर्म पनि भनिन्छ, राजाले ब्यही अन्तरको नियम लागु गरेर राजाको आफ्नो राजधर्मको नियमलाई लागु गरेर ऋणीबाट धनलाई असुल ऊपर गराउनु पर्छ ।

१) धर्मको विधान सम्झाएर
२) व्यवहारिक बनाएर
३) ऊसँग कसैलाई ऋण दिलाएर छलद्वारा पनि
४) आचरण उसको आचरण अनुसारको कार्य गरेर
५) बलद्वारा, यी पाँच उपायमा कुनै पनि उपायद्वारा राजाले ऋणदाताको धनलाई ऋणीसँग असुल ऊपर गराउनु पर्छ

यः स्वयं साधयेदर्थ उत्तमर्णोऽधमर्णिकात् ।
न स राज्ञाभियोक्तव्यः स्वकं संसाधयन्धनम् ॥ ८/५० ॥

अर्थात्:- ऋणदाता र ऋणी बीचमा आपसमा मिलेर ऋण लेनदेन गरेको छन् । ऋणदाताले ऋणीसँग नियम र धर्म अनुसार आफ्नो धनलाई प्राप्त गरेको छ भने राजाले त्यस समझदारी पूर्वक गरिएको ऋणदाता र ऋणी बीचको कार्यको विरोध गर्नुहुँदैन र राजाले यी दुवै बीचको लेनदेनको कार्यलाई यो भन्नुपनि हुँदैन कि तिमीहरूले आफ्नो लेनदेनको बारेमा मेरो सन्मुख आफ्नो ऋणको विषयमा निवेदन किन दिएनौ भनेर ? स्वयं दुवैले यस्तो लेनदेन किन गरेको भनेर सोधनु पनि हुँदैन

अर्थेऽपव्ययमानं तु करणेन विभावितम् ।
दापयेद्धनिकस्यार्थं दण्डलेशं च शक्तितः ॥ ८/५१ ॥

अर्थात्:- ऋणको लेनदेनमा निवेदित अभियोगबाट सुरुमा यदि प्रतिवादीले अस्वीकार गरेको हुन्छ तथा वादी साक्षी या अन्य नियम लेख आदि साधनद्वारा त्यस प्रतिवादीमाथि लागेको अभियोग सत्य प्रमाणित भएको खण्डमा त्यस अभियुक्तबाट राजाले ऋणदाताको धनलाई ऋणीसँग असुल ऊपर गरेर दिनुपर्छ र त्यस ऋणी जो झुटो बोलेको छ त्यो असत्यभाषी छ त्यसलाई छल गरेको आधामा उसको आर्थिक शक्ति अनुसार अर्थ दण्ड दिएर या शारीरिक क्षमता अनुसार राज्यको काममा लगाएर अर्को एक दण्ड पनि दिनुपर्छ ।

अपह्नवेऽधमर्णस्य देहीत्युक्तस्य संसदि ।
अभियोक्ता दिशेद्देश्यं करणं वान्यदुद्दिशेत् ॥ ८/५२ ॥

अर्थात्:- न्यायालयमा न्यायधीशद्वारा 'ऋणदाताको धन दिनू' भनेर आदेश दिएपछि यदि कर्जदारले आफूले लिएको छैन भनेर कुरा फेरेमा मुकदमा गरेको ऋणदाता ले प्रत्यक्षदर्शी साक्षी गवाही लगायत आफूसँग भएको सबै प्रमाणलाई पनि पेश गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अदेश्यं यश्च दिशति निर्दिश्यापह्नुते च यः ।
यश्चाधरोत्तरानर्थान्विगीतान्नावबुध्यते ॥ ८/५३ ॥

अर्थात्:- राजाले प्रतिवादीको लागि साक्षी दिने व्यक्ति कुन गाउँको, कुन ठाउँको हो त्यो ध्यान दिनुपर्छ, जुन नगर जुन ठाउँको वारेमा, जुन ठाउँमा प्रतिवादी कहिले एक रात पनि वास वसेको हुँदैन त्यस्तो गवाही, पहिले साक्षीले नगरको गाउँको नाम लिएपछि फेरि कुनै प्रश्नसँग सोधेमा मैले त्यो ठाउँ त्यो नगरको नाम नै लिएको छैन भनेमा या पहिले भनेको कुरापछि अस्वीकार गरेमा त्यो वादी सर्वथा आद्यन्त असत्य कुरा गरेको हो झुटो हो भन्ने कुरालाई बुझ्नुपर्छ ।

(समयको कलमः- ऋणी या ऋणदाताको साक्षी झुटो बोले बुझ्ने तरिका निम्न छन्:-

१) झूटो साक्षी र गलत प्रमाण प्रत्र प्रस्तुत गरेमा ।
२) जो व्यक्तिले कुनै कुरा पहिले गरेको थियो पछि त्यही कुरामा प्रश्न आएमा कुरा मोडेमा या अलग अलग तरिकाले बताएमा ।
३) जो साक्षीले पहिले भनेको र पछि भनेको सबै कुरालाई ध्यान दिएर बोलेको हुन्छ अर्थात् जसको कुरा पहिले गरेको र अहिले गरेको कुराको मेल छैन ।
४) पहिले भनेको आफ्नो तर्कलाई प्रस्तुत गरेर फेरि त्यस तर्कलाई बदलेको खण्डमा ।
५) पहिले राम्रोसँग स्वीकार गरेर प्रतिज्ञापूर्वक भनेको कुरालाई जब न्यायधीशद्वारा पुनः सोधिएमा आफूले नभनेको भनेर भन्ने गर्छ ।
६) एकान्त स्थानमा गएर अन्य साक्षीसँग घुलमिल गरेर खासखुस तरिकाले कुरा गर्ने गरेको हुन्छ ।
७. सत्य झुटोलाई जाँच गर्नको लागि सोधिएको प्रश्नलाई मन नै पराउँदैन ।
८. सोधिएको प्रश्नको उत्तरलाई यता उता गरेर पास गर्ने कोसिस गरेको हुन्छ ।
९) प्रश्नको उत्तर देऊ भनेर भनेमा चुपचाप रहेर केही नबोलेमा ।
१०) जो साक्षीको लागि आएको थियो त्यो साक्षीको सत्यतालाई प्रमाणित गर्न नसकेको खण्डमा ।
११) पहिले भनेको कुरा जो अहिले अस्वीकार गरेको छ त्यसलाई याद गराउँदालाई आफूले नसम्झेको या भुलेको जस्तो गर्नु या याद गराउँदा बित्तिकै विचलित भएको खण्डमा जुन व्यक्तिले अनुरोध गरेको थियो मेरो ऋणी हो भनेर त्यो गलत बोलेको हो भनेर बुझ्नुपर्छ र त्यो धन हारेको अर्थात् न्यायाधीशले यस्तो झुटो साक्षी राख्ने व्यक्ति झुटो हो भन्ने मानेर प्रतिबादी ऋणी हैन भनेर बुझ्नुपर्छ र निर्णय दिनुपर्छ र झुटो साक्षी दिने र झुटो साक्षी बनाउने दुवैलाई छलफलको लागि राज्यकोषबाट त्यस दिनको खर्च कति हुन्छ त्यति नै धनलाई असुलउपर गर्नुपर्छ त्यो दण्ड विधान हो त्यही विधानअनुसार अपराधीलाई दण्ड दिनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपदिश्यापदेश्यं च पुनर्यस्त्वपधावति ।
सम्यक्प्रणिहितं चार्थं पृष्टः सन्नाभीनन्दति ॥ ८/५४ ॥

अर्थात्:- साक्षीले पहिले भनेको त्यही कुरालाई केही समय पछि फेरि सोधेको अवस्थामा पहिले जस्तै नभनी अलग तरिकाले भनेमा एक कुरालाई समय अनुसार अलग अलग तरिकाले भन्ने गर्छ भने पहिले भनेको त्यही कुरा पछि मिल्दैन भने त्यस्तो साक्षी झुटो हो भन्ने बुझ्नुपर्छ ।

असंभाष्ये साक्षीभिश्च देशे संभाषते मिथः ।
निरुच्यमानं प्रश्नं च नेच्छेद्यश्चापि निष्पतेत् ॥ ८/५५ ॥

अर्थात्:- वादविवादको निर्णय भएको छैन साक्षी पेश भइरहेको समयमा कुनै बहाना बनाएर जो एकान्तमा गएर साक्षीसँग सम्मति गरेको हुन्छ र न्यायाधीशको प्रश्नको उत्तर दिदैन, आफूले पहिले भनेको कुरा नै पछि फेरि बोल्दा पहिले बोलेको कुरासँग नै विरोधमा बोलेको हुन्छ भने र एक विचारमा स्थित हुँदैन भने त्यो साक्षी झुटो हो भनेर जान्नुपर्छ ।

ब्रूहीत्युक्तश्च न ब्रूयादुक्तं च न विभावयेत् ।
न च पूर्वापरं विद्यात्तस्मादर्थात्स हीयते ॥ ८/५६ ॥

अर्थात्:- वादविवाद चलिरहेको छ न्यायाधीशले सत्यको बारेमा बोल्न आज्ञा दिएपछि पनि चुपचाप रहेको हुन्छ, कुनै उत्तर दिदैन, आफ्नो निवेदित अभियोगको साक्षी वा लेख आदिद्वारा प्रमाणित गर्न सक्दैन, जसले आफ्नो वचनको आदि र अन्त्यको कुरा नै जानेको छैन आफ्नो वचनको तात्पर्यलाई नै हानी हुने कार्यगर्छ भने त्यो साक्षी झुटो हो बुझ्नुपर्छ ।

साक्षीणः सन्ति मेत्युक्त्वा दिशेत्युक्तो दिशेन्न यः ।
धर्मस्थः कारणैरेतैर्हीनं तं अपि निर्दिशेत् ॥ ८/५७ ॥

अर्थात्:- पहिले भन्यो 'मसँग साक्षी तथा प्रमाण छ' तर जब साक्षी तथा गवाहीलाई प्रमाणको रुपमा पेश गर्ने र देखाउने समयमा जन न्यायाधीशद्वारा 'साक्षी देखाउनू' भनेको समयमा जसले साक्षी या प्रमाण देखाऊन सकेन भने प्रमाण तथा साक्षी छ भन्ने व्यक्ति अब चुप रहेको खण्डमा न्यायाधीशले निर्धक्कसँग यही प्रमाणलाई सत्य मानेर वादविवादको निर्णय सुनाउनु जसले मुद्दा दायर गरेको थियो त्यो झुटो हो भनेर पराजित घोषित गर्नुपर्छ र त्यस्तो झुटो मुद्दा गरेर झुटो सहारा लिएर वादविवाद गर्ने व्यक्तिलाई राज्यको कामको लागि एक महिनासम्म कार्य गराउनु पर्छ ।

अभियोक्ता न चेद्ब्रूयाद्वध्यो दण्ड्यश्च धर्मतः ।
न चेत्प्रतिपक्षात्प्रब्रूयाद्धर्मं प्रति पराजितः ॥ ८/५८ ॥

अर्थात्:- वादविवादको जो वादी छ त्यस वादीले न्यायाधीशको सम्मुख त भन्ने गर्छ मसँग प्रमाण छ साक्षी छ परन्तु प्रतिवादीको सम्मुख न प्रमाण छ न साक्षी नै छ र प्रतिवादीको सम्मुख मूक रहेको हुन्छ भने त्यसको त्यो व्यवहार झूठा प्रमाणित हुन्छ यस्तो झुटो व्यवहार गर्ने जो सुकै होस् त्यो अपराधी हो त्यस अपराधीलाई दुई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महिना बराबर राज्यको काममा लगाउनु पर्छ या त्यस बराबरको राज्यको सुविधा अनुसारको अर्थदण्ड दिनुपर्छ यदि यी दुवै विधान अस्वीकार गरेमा त्यो अपराधीलाई प्राणदण्डको योग्य हो भनेर जान्नुपर्छ ।

यो यावन्निह्नुवीतार्थ मिथ्या यावति वा वदेत् ।
तौ नृपेण ह्यधर्मज्ञौ दाप्यो तद्द्विगुणं दमम् ॥ ८/५९ ॥

अर्थात्:- ऋणदाताले ऋणीलाई आफूले दिएको धनभन्दा धेरै धन दिएको हो भनेर भनेमा र ऋणीले पनि आफूले लिएको धनभन्दा कम लिएको भनेर भनेमा यी दुवैको साक्षी नभएको खण्डमा राजालेमाथि भनिएको सम्पूर्ण नियमलाई लगाएर भए पनि सत्यालाई खोज्नुपर्छ यदि दुवै व्यक्ति नै झुटा हुन् भनेपनि या कुनै एक व्यक्ति झुटो हो भनेपनि जव झुटोको हो भन्ने प्रमाणित हुन्छ तव राजाले जो दोषी हो एक दोषी भए त्यस व्यक्तिबाट र दुवै दोषी भएमा दुवैबाट आधा आधा गरेर सत्य खोजी गर्दा लागेको राज्यकोषको पुरा खर्च असुल ऊपर गर्नुपर्छ । दुवै दोषी भएमा दुवैलाई १० दिनसम्म र एक दोषी भए पाँच दिनसम्म राज्यको कार्यमा लगाउनु पर्छ ।

पृष्टोऽपव्ययमानस्तु कृतावस्थो धनैषिणा ।
त्र्यवरैः साक्षीभिर्भाव्यो नृपब्राह्मणसंनिधौ ॥ ८/६० ॥

अर्थात्:- लेनदेनको विवादमा जव प्रतिवादी न्यायलयमा न्यायाधीशको अघि निर्धक्कसँग भन्यो मैले यी ऋणदातासँग कुनै धनको कारोवार गरेको छैन कुनै धन लिएको छैन भनेमा तव वादीले न्यायधीशकोसम्मुख उपस्थित भएका साक्षीको अतिरिक्त अन्य अधिक साक्षीद्वारा आफूले ऋण दिएको प्रमाणित गर्नुपर्छ ।

यादृशा धनिभिः कार्या व्यवहारेषु साक्षीणः ।
तादृशान्संप्रवक्ष्यामि यथा वाच्यं ऋतं च तैः ॥ ८/६१ ॥

अर्थात्:- धनको लेनदेनमा या अन्य कार्यको व्यवहार सम्बन्धी विवादको विषयमा कस्तो व्यक्ति साक्षी रुपमा स्वीकार गर्नुपर्छ कस्तो व्यक्तिको साक्षी सत्य हुन्छ र राजा तथा न्यायधीशले गवाही अर्थात् साक्षीसँग कसरी सत्यलाई बाहिर निकाल्नु पर्छ भन्ने बारेमा अव अघि सुन्नुहोस् ।

गृहिणः पुत्रीणो मौलाः क्षत्रविश्शुद्रयोनयः ।
अर्थ्युक्ताः साक्ष्यं अर्हन्ति न ये के चिदनापदि ॥ ८/६२ ॥

अर्थात्:- गृहस्थी, सन्तान भएको, कुलीन तथा क्षत्रीय गुण भएको, वैश्य वा शुद्र जो पनि होस् त्यस वादीको नजिक बस्ने तथा नजिकै रहने छिमेकी नै साक्षी हुनुपर्छ । कहिँ बाहिरबाट अचानक आएको, कुनै विपत्तिमा परेको, व्यक्तिलाई साक्षी राख्नु हुँदैन यस्तो साक्षी स्वीकृत हुँदैन ।

आप्ताः सर्वेषु वर्णेषु कार्याः कार्येषु साक्षीणः ।
सर्वधर्मविदोऽलुब्धा विपरीतांस्तु वर्जयेत् ॥ ८/६३ ॥

अर्थात्:- छिमेकी होस्, वर्ण विधान जानेको होस्, सबै वर्णका व्यक्ति तथा यथार्थवक्ता धार्मिक निष्पाप विद्वान् होस्, जुन विद्वान्मा धर्मको सबै प्रकारको लक्षणलाई धारण गरेको होस्, लोभ रहित होस्, न्यायव्यवस्थामा यस्तो व्यक्ति मात्र साक्षी हुनुपर्छ तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी नियम विरुद्धको गुण भएको व्यक्ति साक्षी हुन सक्दैन । अर्थात् सबै वर्णको व्यक्ति कुनै पनि वर्णको लागि साक्षी हुनसक्छ तर त्यो व्यक्ति धार्मिक, विद्वान्, निष्कपटी, धर्मको गुणलाई धारण गरेको लोभ रहित सत्यवादीलाई मात्र न्यायव्यवस्था साक्षी हुनेछन् तर यसको विपरीत आचरण भएको कुनै पनि व्यक्तिलाई साक्षी स्वीकार नगर्नु ।

नार्थसंबन्धिनो नाप्ता न सहाया न वैरिणः ।
न दृष्टदोषाः कर्तव्या न व्याध्यार्ता न दूषिताः ॥ ८/६४ ॥

अर्थात्:- जसले साक्षी राखेको छ त्यो साक्षी राखेको व्यक्तिसँग साक्षी बस्ने व्यक्तिले ऋण लिनु दिनु आदिको कुनै कारोवार तथा सम्बन्ध भएको भएमा, मित्र, सहायक नोकर, अभियुक्तको शत्रु, जुन व्यक्ति अन्य कुनै विवादको साक्षीमा पहिले नै झूटो साक्षी बनेको सिद्ध भइसकेको छ यस्तो व्यक्ति र कुनै न कुनै रोगले ग्रस्त, राज्यको कुनै पनि अपराधी भएको व्यक्ति न्यायालयमा साक्षी हुन् सक्दैन ।

न साक्षी नृपतिः कार्यो न कारुककुशीलवौ ।
न श्रोत्रियो न लिङ्गस्थो नसँगेभ्यो विनिर्गतः ॥ ८/६५ ॥

अर्थात्:- कालीगढ, नतर्क, वेदको अध्ययन गरिरहेको वेदध्यायी, ब्रह्मचार्य आश्रममा रहेको व्यक्ति, सन्यास आश्रममा रहेको सन्यासी साक्षी हुन सक्दैन वादी प्रतिवादी कसैको पनि राजा अन्य कुनै परिवार नातामा पर्छ भने पनि न्यायालयमा राजा पनि साक्षी हुन सक्दैन ।

नाध्यधीनो न वक्तव्यो न दस्युर्न विकर्मकृत् ।
न वृद्धो न शिशुर्नैको नान्त्यो न विकलेन्द्रियः ॥ ८/६६ ॥

अर्थात्:- दासवृत्ति गर्ने सेवक, समाज विरुद्धको निन्दित कार्य गरेको दस्यू, चोरको आरोप प्रमाणित भएको पतित समाजमा आफ्नो कर्मको कारण निन्दित भएको अस्पृया तथा नीचकर्मी, प्रकृति विरुद्ध कर्मगर्ने छुद्र व्यक्ति, असी वर्षभन्दा अधिक आयु भएको वृद्ध, सोह्र वर्षभन्दा न्यून आयु भएको नावालक, नाटक गरेर जीविका पालन गर्ने, नीच आचरण भएको, दृष्टिमा कमजोर तथा विकलाङ्ग अर्थात् इन्द्रिय ठीक नभएको आदि यस्तो मनुष्य अदालतको वादविवादमा साक्षी हुन सक्दैन ।

नार्तो न मत्तो नोन्मत्तो न क्षुत्तृष्णोपपीडितः ।
न श्रमार्तो न कामार्तो न क्रुद्धो नापि तस्करः ॥ ८/६७ ॥

अर्थात्:- कुनै सङ्कट प्राप्त भएर दुःखमा डुबेको व्यक्ति भएमा, भाङ्को नशा गरेर मदमस्त भएको व्यक्ति, चिकित्सकले पागल भनेको व्यक्ति, भोक र प्यासले सताएको व्यक्ति, कुनै कारणले थकित भएको व्यक्ति, कामपनमा लीन व्यक्ति, क्रोधित अवस्थाको व्यक्ति, चोरीको कार्यगर्ने अर्थात् तस्कर, कुनै पनि व्यक्ति न्यायालयको वादविवादको साक्षी हुन सक्दैन ।

स्त्रीणां साक्ष्यं स्त्रीयः कुर्युर्द्विवजानां सदृशा द्विजाः ।
शुद्राश्च सन्तः शुद्राणां अन्त्यानां अन्त्ययोनयः ॥ ८/६८ ॥

अर्थात्:- स्त्रीको साक्षी स्त्री, द्विजको साक्षी द्विज अर्थात् ब्राह्मणवर्णको साक्षी ब्राह्मण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णको नै, क्षत्रीय वर्णको साक्षी क्षत्रीय वर्णको नै, वैश्यवर्णको साक्षी वैश्यवर्ण नै, शुद्रवर्णको साक्षी शुद्रवर्ण नै हुनुपर्छ, अन्त्यज अर्थात् क्षुद्र तथा चण्डालको साक्षी क्षुद्र तथा चण्डाल नै साक्षी हुनुपर्छ।

(समयको कलमः- मनुष्यले आफूले धारण गरेको धर्म र वरण गरेको वर्ण अनुसार आफ्नो कर्मलाई सम्पन्न गर्न नसक्ने, कर्मच्यूत, मद्य, मदिरा र मांसभक्षण गर्ने समाजमा विकृति फैलाउने, आफ्नो कर्ममा सधैं छलकपट भएको र आफ्नो कर्ममा सवैलाई धोका दिने जोसुकै होस् त्यो आचरण भएको र धर्मच्यूत भएको व्यक्ति क्षुद्र हो क्षुद्रलाई अन्त्यज तथा अस्पार्य पनि भनिन्छ)

अनुभावी तु यः कश्चित्कुर्यात्साक्ष्यं विवादिनाम्।
अन्तर्वेश्मन्यरण्ये वा शरीरस्यापि चात्यये ॥ ८/६९ ॥

अर्थात्:- घरभित्र होस् या एकान्तमा घटेको घटना होस्, अथवा जङ्गलको एकान्तमा भएको घटना होस् जहाँसुकै घटेको घटना होस् घायल भएको रक्तपात आदिले शरीर लतपत भएको अवस्था रहेको व्यक्ति आफै होस् या यस्तो अवस्थामा त्यस घायल र लतपत भएको व्यक्तिलाई आफ्नो आँखाले देखेको व्यक्ति आफै त्यो घटनाको साक्षी भएको व्यक्ति जोकोही पनि चोर, डाकु, लुटेरा, नसेड़ी, द्विज, ब्रह्मचारी, वृद्ध जसको आँखा ठीक छ या कान सही भएको होस् यस्तो प्रत्यक्षदर्शी साक्षी हुनसक्छ चाहे त्यो क्षुद्र अर्थात् चण्डाल या अस्प्रिय नै किन नहोस् त्यो व्यक्ति पनि त्यस विवादको साक्षी हुन सक्छ अर्थात् यो अभियोगको घटनामा जसले भए पनि आफ्नो सीधा अनुभव राखेको हुन्छ त्यो व्यक्ति साक्षी बन्न सक्छ।

स्त्रीयाप्यसंभावे कार्यं वालेन स्थविरेण वा।
शिष्येण बन्धुना वापि दासेन भृतकेन वा ॥ ८/७० ॥

अर्थात्:-माथि भनिएको तीन विवादमा उल्लिखित गुण भएको साक्षी कोही नभएमा मात्र अन्तिम विकल्पको रुपमा स्त्री, पुत्र, सम्वन्धित, वृद्ध, शिष्य, बन्धु, सेवक, भृत्य अर्थात् मजदुर यी सवैलाई अलग अलग ठाउँमा अलग अलग तरिकाले राखेर साक्षी बनाउन सकिनेछ।

वालवृद्धातुराणां च साक्ष्येषु वदतां मृषा।
जानीयादस्थिरां वाचं उत्सिक्तमनसां तथा ॥ ८/७१ ॥

अर्थात्:- विवादमा उपस्थित हुने साक्षीको सम्वन्ध सीधा स्मरणशक्ति तथा बुद्धिसँग सम्वन्धित रहेको हुन्छ अतएव वृद्ध, रोगी, उन्मत्त (पागल) पुरुषको बुद्धि तथा स्मरण शक्तिको क्षमता पूर्ण ठीक नहुने भएको कारणले वृद्ध, रोगी, पागलको साक्षी विश्वास योग्य हुँदैन। बालक आफैंमा शारीरिक कमजोरी र बुद्धिको वृद्धि भई रहेको हुनाले बालक साक्षी अल्प बुद्धि तथा न्यायालयमा धेरैलाई उपस्थित भएको देखेर भयभित हुनसक्छ त्यसकारण बालकको साक्षी पूर्ण प्रमाणिक हुन सक्दैन तर राजा तथा न्यायकर्ताले वृद्ध, रोगी, बच्चा र पागलको भनाईको समानतालाई हेरेर र वादविवादको अवस्था हेरेर कुनै न कुनै प्रमाण यो वादविवादसँग सूक्ष्म सम्वन्ध रहेको हुन सक्छ त्यस सूक्ष्म प्रमाणलाई जम्मा गरेर खोजी गर्दै राजाले सत्यतालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त गर्नुपर्छ ।

(समयको कलमः- बालक, वृद्ध व्यक्ति र दुःखी व्यक्ति यदि वादविवादमा जानेर या अन्जानमा झूटो बोलेको खण्डमा यो बुझ्नु पर्छ कि यिनीहरूको चित्त स्थिर छैन स्मरण क्षमता ह्रास भएको हो भनेर जान्नुपर्छ) ।

साहसेषु च सर्वेषु स्तेयसङ्ग्रहणेषु च ।
वाग्दण्डयोश्च पारुष्ये न परीक्षेत साक्षीणः ॥ ८/७२ ॥

अर्थात्:- जतिपनि बलात्कारको सबै काम, चोरी, परस्त्रीगमन सम्बन्धित, अपशब्द तथा गाली गलौच, लड़ाई झगड़ा यी सबै दण्डनीय अपराध हुन् यी दण्डनीय अपराधमा न्यायाधीशले साक्षीको कुनै परीक्षा लिनुपर्दैन तर पनि यी अपराधको प्रकृति हेरेर साक्षीको परीक्षा पनि गर्नुपर्छ किनकि यी सबै काम प्रायः गुप्त रुपले पनि हुने गर्छन त्यसैले हुनसक्छ साक्षी यी अपराधमा आफै सम्बन्धित हो या कुनै आरोपमा कुनै स्वार्थ लुकेको पनि हुन सक्छ ।

बहुत्वं परिगृह्णीयात्साक्षीद्वैधे नराधिपः ।
समेषु तु गुणोत्कृष्टान्गुणिद्वैधे द्विजोत्तमान् ॥ ८/७३ ॥

अर्थात्:- धरै साक्षी भएको विवाद त्यही विवादमा पनि अलग अलग साक्षीले दिएको बयानमा पनि यदि अलग अलग तरिकाले बयान आयो भने राजा या न्यायाधीशले ती सबै साक्षीको भनाइलाई ध्यान राख्दै परस्पर विरोधी साक्षीमा पनि कुनै न कुनै साक्षीको भनिएको भनाईको बिन्दु एक हुन सक्छ त्यही बिन्दुलाई निश्चित गरेर साक्षीद्वारा अघि भनिएको भनाईमा राजाले एक बिन्दुलाई निश्चित गरेर परस्पर विरोधमा भएको साक्षीमा बहुपक्षको भनाई लाई मान्यता दिनु पर्छ तर बहुपक्षको भनाईमा पनि धर्मको नियम र गुण निश्चित भएको हुनुपर्छ त्यही नियमअनुसार, समान साक्षीमा उत्तम गुणी मनुष्यको साक्षीको अनुसार, तथा उत्तम गुणी साक्षीहरूको भनाई समान भएको खण्डमा, ऋषिमहर्षि, विद्वान्को साक्षीको अनुसार निर्णय गर्नुपर्छ । तर सङ्ख्यामा दुवै पक्षको साक्षी बराबर भएमा धर्मगुणी धार्मिक, विद्वान्को साक्षीलाई मान्नु यदि यी धर्मगुणी धार्मिक र विद्वान्को साक्षीमा विरोधाभाष भएमा वेदज्ञाता, धर्मात्मा, विद्वान् ब्राह्मणको कुरालाई साक्षी मान्नु ।

समक्षदर्शनात्साक्ष्यं श्रवणाच्चैव सिध्यति ।
तत्र सत्यं ब्रुवन्साक्षी धर्मार्थाभ्यां न हीयते ॥ ८/७४ ॥

अर्थात्:- साक्षी दुई प्रकारको हुन्छन् त्यही साक्षी नै सधैँ सत्य साक्षी हुन्छ यदि उसले धर्मको विधानलाई छोडेन भने, एक साक्षी साक्षात् अर्थात् प्रत्यक्ष देख्ने र सुन्ने, अर्को साक्षी प्रत्यक्ष देखेको छैन गुप्त स्थलमा थियो तर आवाज र आवाजको हाउभाउलाई भने उसले सुन्ने थियो यी दुई मुख्य साक्षीलाई जब सभामा सोधिएको खण्डमा यी दुवै किसिमको साक्षी सत्य बोलेको खण्डमा त्यो साक्षी सत्य हो त्यसलाई सम्मानसँग छोड्नुपर्छ यी महान् हुन् तर यदि साक्षी बनेर आएको व्यक्तिले झुटो बोलेको प्रमाणित भएमा धर्महीन कार्य गरेको हुनाले दण्डको योग्य छ जो साक्षी बनेर आएको साक्षी लोभमा पारेर मिथ्या बोलेको खण्डमा यस्तो व्यक्ति दण्डनीय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्ति हो त्यसलाई जुन कामको सत्यताको लागि साक्षी राखिएको हो त्यही अनुसार दण्ड दिनुपर्छ ।

(समयको कलमः- नजिकवाट आफ्नो आँखाले देख्ने र सुन्ने पहिले साक्षी हो र त्यही ठाउँमा छ नजिक छ तर विवाद भएको भन्दा नजिक तर गुप्त ठाउँमा छ सुनिरहेको छ तर देखेको छैन भने यो पनि प्रामाणिक साक्षी हो । तर अर्को वैकल्पिक साक्षी हुनसक्छ त्यो अन्तिम हो तर यस्तो साक्षी पूर्णसत्य हुनपनि सक्छ सत्य नहुन पनि सक्छ, आवाज मधुरो सुनेको छ घटनास्थल भन्दा टाढा छ आकृति या छायाँ देखेको छ या टाढावाट प्रत्यक्ष देखेको छ, तर टाढा हुनाले व्यक्तिलाई धूमिल र आवाज पूर्ण सुनेको छैन खासखुस छ तर आँखाले घटना भएको देखेको छ व्यक्ति चिनेको छैन यदि यस्तो व्यक्ति साक्षी भएको खण्डमा त्यस विवादलाई त्यहाको वस्तुस्थिति हेरेर निर्णय गर्नुपर्छ घटनाको प्रकृति र अन्तिमको साक्षीले देखेको स्थानमा गएर प्रकृति हेरेर पनि सत्यलाई बुझ्न सकिन्छ त्यहीअनुसार फैसला सुनाउनु पर्छ यस्तो साक्षी कुनै किसिमको दण्डको अधिकारी हुँदैन) ।

साक्षी दृष्टश्रुतादन्यद्विब्रुवन्नार्यसंसदि ।
अवाङ्नरकं अभ्येति प्रेत्य स्वर्गाच्च हीयते ॥ ८/७५ ॥

अर्थात्:- वादविवादको विषयमा साक्षीले राजाको राजसभा, न्यायाधीशको न्यायालय वा कुनै उत्तम पुरूष अर्थात् आर्यको सभामा प्रत्यक्ष देखेको र सुनेको व्यक्तिले साक्षी दिएको देखेर प्रतिवादीले त्यस साक्षीमाथि सांघातिक हमला गरेमा या निर्णय पछि जे पनि हुनसक्छ भनेर धम्की दिएर राज्यको नियमविरूद्ध बोलेको खण्डमा त्यस्तो व्यक्तिलाई राजाले, न्यायाधीशले या आर्य सभाको गण्यमान्य व्यक्तिले जिब्रोलाई तातो झिरले छेदन गरिदिनुपर्छ यही हो उसको गलत वचन र सत्यको विरुद्ध धम्की दिएको कर्मको कर्मफल ताकि जीवनमा कसैसँग पनि बोल्न नसकोस् । र अन्य कुनै पनि अपराधीले सत्यको विरुद्ध धम्की दिन नसकोस् ।

यत्रानिबद्धोऽपीक्षेत शृणुयाद्वापि किं चन ।
पृष्टस्तत्रापि तद्ब्रूयाद्यथादृष्टं यथाश्रुतम् ॥ ८/७६ ॥

अर्थात्:- कसैले प्रत्यक्ष देखेको छ तर साक्षीको रुपमा जानेर वा अन्जान भएर कसैले पनि त्यसलाई बोलाएको छैन वादी वा प्रतिवादीको तर्फबाट तर निर्णय गलत व्यक्तिको समर्थनमा जान्छ जस्तो लागेमा बादी तथा प्रतिबादी कसैले पनि बोलाएको होस् या नबोलाएको होस् त्यो अवस्थामा जसले देखेको छ त्यो सत्यताको लागि जानुपर्छ र भन्नु म प्रत्यक्ष देख्ने साक्षी हुँ जो मैले देखेको छु र सुनेको छु हजुरले प्रश्न गर्न सक्नुहुनेछ भनेर भन्नुपर्छ र घटनामा जे देखियो र सुनियो त्यो न्यायाधीशले प्रश्न सोधेको अवस्थामा जस्तो देखेको थियो त्यस्तै बताउनु पर्छ अर्थात् न्यायको लागि स्वयं साक्षीरुपमा पुग्नुपर्छ ताकि सत्यलाई साथ प्राप्त होस् ।

एकोऽलुब्धस्तु साक्षी स्याद्वक्तव्यः शुच्योऽपि न स्त्रीयः ।
स्त्रीबुद्धेरस्थिरत्वात्तु दोषैश्चान्येऽपि ये वृताः ॥ ८/७७ ॥

अर्थात्:- निर्लोभी भएमा एक मात्र पुरुषपनि पूर्ण सत्यको साक्षी हुनसक्छ भने मनुष्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै भए पनि दोषयुक्त वा लोभी रहेको हुन्छ भने त्यस्तो दोषी मनुष्य कहिल्यै पनि सत्यको साक्षी हुन योग्य हुँदैन । परन्तु धेरै स्त्री होस् तर लोभी र दोषयुक्त आचरण भएको धेरै स्त्री भए पनि साक्षी सत्यको हुन सक्दैन, किनकि स्त्रीको वुद्धि र सोच कहिल्यै पनि एक दिशामा स्थिर रहेको हुँदैन किनकि स्त्रीमा भय तथा लज्जा आदि स्वभाविक र प्राकृतिक गुण हुन् र यो स्वभाविक गुण नारीको आफ्नो आफूमा हुने र नारीमा सधैँ विद्यमान रहने गुण पनि हो अतः नारीले सत्यको साक्षी दिन उपस्थित भएको समयमा पनि भय र लज्जाबाट पृथक हुन सक्दैन किनकि यो नारीको प्राकृतिक गुण हो जोकोहिपनि प्राकृतिक गुणबाट पृथक रहन सक्दैन, त्यसैले साक्षीको वास्तविकतामा पनि सन्देह हुन्छ । अतएव स्त्रीको साक्षी अविश्वास योग्य निर्धारित निश्चित गरिएको हुन्छ । यी दुवै गुण पुरुषमा हुँदैन ।

स्वभावेनैव यद्ब्रूयुस्तद्ग्राह्यं व्यावहारिकम् ।
अतो यदन्यद्विब्रूयुर्धर्मार्थं तदपार्थकम् ॥ ८/७८ ॥

अर्थात्:- साक्षीले आफ्नो आचरणअनुसार स्वभाविक तरिकाले आफ्नो पुरुष प्रवृत्तिअनुसार जे जस्तो बोलेको हुन्छ र बोलेको सुन्दा पनि प्राकृतिक तरिकाले बोलेको होस् बोल्ने साक्षीको दृष्टिको हाउभाउअनुसार जो सत्य भनेको हुन्छ, त्यस्तो साक्षीलाई राजाले उसको व्यवहारिक निर्णयमा उपयोगी हो भनेर बुझ्नुपर्छ । परन्तु यसको विपरीत जो साक्षी मनुष्यले सिकाएको पढ़ाएको जस्तो बनावटी कुरा गरेको खण्डमा त्यो सबै न्यायधर्मको लागि निरर्थक हो भनेर बुझ्नुपर्छ ।

सभान्तः साक्षीणः प्राप्तानर्थिप्रत्यर्थिसंनिधौ ।
प्राड्विवाकोऽनुयुञ्जीत विधिनानेन सान्त्वयन् ॥ ८/७९ ॥

अर्थात्:- राजा तथा न्यायाधीसले आफ्नो न्यायालयको उपस्थित भएका वादी तथा प्रतिवादी, वादि तथा प्रतिवादी तर्फबाट सभमा आएको सबै साक्षीहरूसँग दुवैतर्फको वकिललाई अनेक विधिले सान्त्वना अर्थात् शान्तिपूर्वक सत्यलाई साथ दिनुहुनेछ भनेर पुकार गरेर सोध्नु पर्नेछ ।

यद्द्वयोरनयोर्वेत्थ कार्येऽस्मिंश्चेष्टितं मिथः ।
तद्ब्रूत सर्वं सत्येन युष्माकं ह्यत्र साक्षीता ॥ ८/८० ॥

अर्थात्:- न्यायको साक्षी बन्न आउनु भएको सत्यलाई धारण गर्ने हे सम्पूर्ण साक्षी हो ! हजुरलाई स्वागत गर्दछु यो न्यायको कार्यमा यी दुवै समूह वादी र प्रतिवादी यी दुवैको परस्पर कर्मको बारेमा तपाईहरूले जो जो जान्नु भएको छ त्यसलाई सत्य सत्य तरिकाले बोल्नुपर्ने छ किनकि सत्यतालाई नै धारण गर्नु मनुष्यको आफ्नो लागि सधैँ साक्षी हो त्यसैले सबै साक्षीले सत्य सत्य बोल्नु हुनेछ मलाई विश्वास छ ।

सत्यं साक्ष्ये ब्रुवन्साक्षी लोकानाप्नोति पुष्कलान् ।
इह चानुत्तमां कीर्तिं वागेषा ब्रह्मपूजिता ॥ ८/८१ ॥

अर्थात्:- सत्य नै जीवनको खुशी हो, सत्य सन्तुष्ट हुने विधान हो, सत्य नै आफ्नो परिवारको सुख हो, सत्यले नै मनुष्यको जन्म पाएको छ, सत्यले जन्मान्तरमा उत्तम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्म र उत्तम लोकलाई प्राप्त गरेर सुख प्राप्त हुनेछ, सत्यको कारणले नै सुख रहेको हुन्छ र सुखप्राप्त हुने कारण नै सत्य हो, यदि मनुष्यले मनुष्य जन्ममा पनि सत्यलाई धारण गर्नसकेन भने यो जन्ममा प्राप्त गरेको उत्तम कीर्ति पनि आफै पतन हुन्छ, यो वचन वेदको हो, वेद वाणी पूर्ण सत्य हो, वेदमा नै भनिएको छ सत्यलाई धारण गरेमा सधैं सबैमा सत्कार र झुटो बोलेमा सबैमा तीरस्कार हुने कारण पनि लेखिएको छ । त्यसैले सबै साक्षीले सत्यलाई साथ दिनुहुनेछ सत्यको साक्षीलाई प्रतिष्ठा सम्मान र आदर मिल्ने छ र झुटो साक्षी दिएमा मिथ्यावादी र निन्दित हुनुपर्ने छ र राजधर्म अनुसार दण्ड पनि मिल्नेछ जसले झुटो साक्षी दिनेछ ।

साक्ष्येऽनृतं वदन्पाशैर्बध्यते वारुणैर्भृशम् ।
विवशः शतं आजातीस्तस्मात्साक्ष्यं वदेदृतम् ॥ ८/८२ ॥

अर्थात्:- यो सभा सत्यको धारक हो त्यसैले साक्षी दिनेले सत्यलाई बोल्नुपर्नेछ, साक्षीले यदि झुटो र बनावटी कुरा गरेको पाइएमा या सीधा झुटो बोलेको भएमा त्यस्तो साक्षीलाई वरूणपाश नामको दण्ड दिइने छ झुटो बोल्ने जोसुकै होस् झुटो साक्षीलाई माफ हुनेछैन त्यसैले सत्य के हो, त्यो खुलेर जो जेसँग सम्बन्धित छ, त्यहींबाट सत्य बोल्नुपर्ने छ, सत्य बोलेको खण्डमा त्यस्तो सत्य बोल्ने साक्षीको अन्तर्मन सुखी र खुशी हुनेछन्, सत्यलाई धारण गर्ने व्यक्तिलाई राज्यले सम्मान गर्नेछ र ईश्वरले पनि सत्यलाई धारण गर्ने व्यक्तिको परिवारलाई कुनै प्रकोप आउन दिनुहुनेछैन ।

(समयको कलमः- वरुणपाश भनेको झुटो साक्षी दिने अपराधी व्यक्तिलाई मध्य गरम या चिसो पानीमा चोवेर दिइने दण्ड हो)

सत्येन पूयते साक्षी धर्मः सत्येन वर्धते ।
तस्मात्सत्यं हि वक्तव्यं सर्ववर्णेषु साक्षीभिः ॥ ८/८३ ॥

अर्थात्:- मनुष्यको आचरण सत्यलाई धारण गर्नुमा हुन्छ सत्य बोल्नाले साक्षी पवित्र हुन्छ, वचन पवित्र हुन्छ, सत्य बोल्नाले नै उन्नति हुन्छ आचरण शुद्ध हुन्छ, धर्म बढ्छ, त्यसैले मनुष्यले जुन कर्म र जुन वर्ण धारण गरेको भए पनि सत्यतालाई कहिल्यै त्याग गर्नुहुँदैन, सबै वर्णको बीज नै सत्य हो, वर्ण नै सत्यको साक्षी हो त्यसैले सबैले मनुष्यले सबै वर्णले सत्य बोल्नुपर्छ ।

आत्मैव ह्यात्मनः साक्षी गतिरात्मा तथात्मनः ।
मावमंस्थाः स्वं आत्मानं नृणां साक्षीणं उत्तमम् ॥ ८/८४ ॥

अर्थात्:- हे ज्ञानी जन हो ! सत्यको साक्षी हो ! आफूलाई जान तिमी सत्यको साक्षी आत्मा हो, आफूलाई नै आत्माको साक्षी मान, आत्मा र आत्माको गति पनि आत्मा नै हो भन्ने जान, हे जनक ! हे पुरूष ! तपाईले सबै मनुष्यको उत्तम साक्षी आफ्नो आत्मालाई मान, झुटो बोलेर आफूलाई अर्थात् आत्माको अपमान नगर्नु अर्थात् सत्य बोल्नु नै मनुष्यको आत्मा हो, मन, वाणीमा नै सत्य हुन्छ, जो यसको विपरीत हुन्छ जो यसको विपरीत हो त्यो झुटो हो ।

(समयको कलमः- आत्मा अनादि सत्ता हो यो चेतनाको आफ्नो सत्ता पनि हो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैले आत्मा नै आत्माको साक्षी हो, आत्मा नै आत्माको गति हो । त्यसैले सबै मनुष्यमा सर्वोत्तम साक्षीभूत भनेको उसको आत्मा नै हो, मनुष्यले विनकारण झूटो बोलेर, आफूले आफैलाई अपमान गर्नुहुँदैन, जो हुन्छ हुन्छ सत्य बोल्नुपर्छ किनकि सत्य बोल्नेलाई कसैले पनि अपहेलना कसैले कहीपनि गर्न सक्दैन किनकि सत्यको साक्षी मनुष्य आफै हुन्छ नै, किनकि उसको अन्तर्मनले नै जानेको हुन्छ सत्य के हो भन्ने त्यसैले आफ्नो आफ्नो अन्तर्मनलाई किन भ्रममा राख्नु झुटो बोलेर मनुष्यले यो कुरा लाई बुझ्नुपर्छ)

मन्यन्ते वै पापकृतो न कश्चित्पश्यतीति नः ।
तांस्तु देवाः प्रपश्यन्ति स्वस्यैवान्तरपूरुषः ॥ ८/८५ ॥

अर्थात्:- मनुष्य यो भ्रममा कहिल्यै पनि रहनुहुँदैन कि झुटो बोल्दा, झुटो साक्षी दिँदा या कुनै पनि अपराधको कर्म गर्दा हामीलाई कसले पो देखेको हुन्छ र ? मनुष्यको हरेको कार्यको साक्षी उसको अन्तर्मन हो । त्यही मनुष्यको अन्तर्मन नै उसको सत्य र झुटोको साक्षी बनिरहेको हुन्छ ।

द्यौर्भूमिरापो हृदयं चन्द्रार्काग्नियमानिलाः ।
रात्रीः संध्ये च धर्मश्च वृत्तज्ञाः सर्वदेहिनाम् ॥ ८/८६ ॥

अर्थात्:- मनुष्यको अन्तर्मनलाई थाहा हुन्छ सत्य र झुटोको हो भन्ने त्यस बाहेक सृष्टिको सम्पूर्ण आवयव नै झुटो र सत्यको साक्षी हुन्छ हावा, भूमि, चन्द्र, सूर्य, यम, वायु, दिन, रात, सन्ध्या, धर्म र आफूले नै सत्य र झुटोलाई देखिरहेको हुन्छ ।

देवब्राह्मणसांनिध्ये साक्ष्यं पृच्छेदृतं द्विजान् ।
उदङ्मुखान्प्राङ्मुखान्वा पूर्वाह्णे वै शुचिः शुचीन् ॥ ८/८७ ॥

अर्थात्:- तपाईं आफैँलाई थाहा हुन्छ यदि तपाईंहरू झुटोको साक्षी दिन आउनु भएको हो भने पनि आफ्नो अन्तर्मन तथा आफ्नो अन्तर्मनको ज्ञानलाई सामुन्ने राखेर पवित्र द्विजज्ञानलाई धारण गरेर प्रातः कालमा उत्तरदिशा मुख गरेर या पूर्वदिशामा मुख गरेर आफ्नो अन्तर्मनलाई पवित्र राखेर आफ्नो अन्तर्मनलाई नै सोध्नुहोस् अन्तर्मनले के भन्छ त्यहीअनुसार साक्षी बन्नुहोस् ।

ब्रूहीति ब्राह्मणं पृच्छेत्सत्यं ब्रूहीति पार्थिवम् ।
गोबीजकाञ्चनैर्वैश्यं शुद्रं सर्वैस्तु पातकैः ॥ ८/८८ ॥

अर्थात्:- ज्ञानी विद्वान् ब्राह्मण साक्षी दिन आएको खण्डमा विद्वान् तथा ज्ञानी ब्राह्मणलाई भन्नुपर्छ भन्नुहोस् आफ्नो ज्ञानलाई साक्षी राखेर, क्षत्रीय वर्णको साक्षी भएर आएमा सत्यलाई भन्नुहोस्, आफ्नो शक्तिलाई साक्षी मानेर सत्यलाई भन्नुहोस् भन्नुपर्छ । वैश्यवर्णको गवाही हो भने त्यसलाई भन्नुपर्छ आफ्नो सम्पत्ति नै आफ्नो सत्यता हो त्यही सत्यतालाई ठानेर यदि झुटो बोलेमा आफ्नै सम्पत्तिलाई चोरी गरेको आरोप लाग्नेछ भनेर सोध्नु पर्छ । यदि शुद्र वर्णको साक्षी हो भने उसलाई भन्नुपर्छ सबै किसिमको पाप लाग्छ यदि झुटो बोल्नुभयो भने भनेर सत्यतालाई सोध्नु पर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मघ्नो ये स्मृता लोका ये च स्त्रीबालघातिनः ।
मित्रद्रुहः कृतघ्नस्य ते ते स्युर्वृरुवतो मृषा ॥ ८/८९ ॥

अर्थात्:- जो व्यक्ति ज्ञानी हो तर झुटो बोलेमा त्यो व्यक्ति ज्ञानको घातक हुन्छ, ज्ञानको घातक सत्यको घातक हुन्छ जो सत्यको घातक हो त्यो आफ्नो परिवारको समाजको पनि घातक हो ब्राह्मणवर्णले झुटो बोलेमा स्त्री, बालक, कृतघ्न र मित्रद्रोही बराबरको घातक कार्य हुनेछ ।

जन्मप्रभृति यत्किं चित्पुण्यं भद्र त्वया कृतम् ।
तत्ते सर्व शुनो गच्छेद्यदि ब्रूयास्त्वं अन्यथा ॥ ८/९०) ॥

अर्थात्:- हे ज्ञानीजन ! उत्तम आचरण भएको मनुष्य ! हजुरहरूले जन्मेदेखि आजसम्म जुन पुण्यकर्मलाई गर्नु भएको छ त्यो कर्म झुटो साक्षी दिनाले पतन हुनेछ एक झुटो साक्षी दिनाले आफ्नो सम्पूर्ण कर्मपतन हुनेछ त्यसैले आफ्नो सत्यतालाई नष्ट नगर्नुहोस् एक झुटो साक्षी दिएर, भनेर सबै साक्षीलाई भन्नुपर्छ ।

एकोऽहं अस्मीत्यात्मानं यस्त्वं कल्याण मन्यसे ।
नित्यं स्थितस्ते हृद्येष पुण्यपापेक्षिता मुनिः ॥ ८/९१ ॥

अर्थात्:- हे सधैँ सबैको कल्याणको इच्छा गर्ने मनुष्य ! यदि तपाईले आफू 'म एक्लो हुँ' यस्तो सोचेर आफ्नो अन्तर्मनलाई धोका दिएर झुटो साक्षी दिएमा त्यो गलत हो, किन्तु जो मनभन्दा पर आफ्नो हृदयमा अन्तर्यामी स्वरुप आत्मामा विद्यमान चेतन ईश्वरले तपाईले भन्ने र गर्ने सम्पूर्ण पुण्य र पापलाई जान्ने मुनिस्थित हुनुहुन्छ भन्ने जानेर उस अन्तर्यामी ईश्वरसँग डराएर सधैँ सत्य बोल्नुपर्छ र गलत कार्य कहिल्यै पनि गर्नुहुँदैन ।

यमो वैवस्वतो देवो यस्तवैष हृदि स्थितः ।
तेन चेदविवादस्ते मा गङ्गां मा कुरून्गमः ॥ ८/९२ ॥

अर्थात्:- जो मनुष्यले सत्यलाई आफ्नो गुण र झुटो बोल्नु आफू विरुद्धको अपराध हो भन्ने बुझेर जो मनुष्यले सधैँ सत्य बोल्ने गर्छ त्यही नै उसको मानवताको गुण हो मानवताको गुण भएको मनुष्यको हृद्यमा नै देवताको बास रहेको हुन्छ सत्यलाई ग्रहण गर्ने र सत्य बोल्नेलाई कहिल्यै पनि कुनै पनि स्वः ग्वालिनि हुँदैन अन्तर्मनमा कुनै विचारको विवाद तथा विचारको युद्ध चलेको हुँदैन । जब मनुष्य सत्य बोल्न शुरू गरेको हुन्छ त्यो मनुष्यको हृदय नै पवित्र गङ्गा बनेको हुन्छ त्यसैले तिमीले सधैँ सत्य बोल्नुपर्छ ।

नग्नो मुण्डः कपालेन च भिक्षार्थी क्षुत्पिपासितः ।
अन्धः शत्रुकुलं गच्छेद्यः साक्ष्यं अनृतं वदेत् ॥ ८/९३ ॥

अर्थात्:- राजाले विनम्रपूर्वक गरेको माथिको आग्रहलाई र हुने परिणामलाई अस्वीकार गरेर जोकोहिपनि व्यक्तिले कुनै प्रलोभनमा पारेर झुटो बोलेको प्रमाणित हुन्छ झुटो साक्षी बनेको विवाद प्रकृति र विवादको कारणलाई हेरेर त्यस्तो व्यक्तिलाई निम्न सजायमा राजाले नै आफै अर्धनग्न बनाएर, पुरा उसको शिरलाई मुडायर, हातमा भिक्षा पत्र दिएर भिक्षार्थको लागि अन्जान गाउँ अर्थात् पराई गाउँमा लगेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोड्नुपर्छ उसले एक महिनासम्म भिक्षा मागेर जीवनको गुजारा गर्नुपर्छ त्यसपछि राजाले उसलाई त्यसको घरमा जाने वातावरण बनाई दिनुपर्छ ।

अवाक्शिरास्तमस्यन्धे किल्बिषी नरकं व्रजेत् ।
यः प्रश्नं वितथं ब्रूयात्पृष्टः सन्धर्मनिश्चये ॥ ८/९४ ॥

अर्थात्:- राजाले विनम्र पूर्वक गरेको माथिको आग्रहलाई पनि अस्वीकार गरेर जो पनि व्यक्तिले कुनै प्रलोभनमा पारेर धर्मको बारेमा र सत्यको बारेमा सोधिएको प्रश्नको उत्तरमा अनृत वचनलाई बोलेर प्रश्नकर्तालाई अपहेना गरेको हुन्छ भने त्यस्तो झुटो साक्षीलाई अधो शिर अर्थात् शिरतल र खुट्टा माथितिर गरेर तीन घड़ीसम्म उल्टो तरिकाले झुण्डाऊनु पर्छ ।

अन्धो मत्स्यानिवाश्नाति स नरः कण्टकैः सह ।
यो भाषतेऽर्थवैकल्यं अप्रत्यक्षं सभां गतः ॥ ८/९५ ॥

अर्थात्:- राजाले विनम्रपूर्वक गरेको माथिको आग्रहलाई पनि अस्वीकार गरेर जो व्यक्तिले कुनै प्रलोभनमा पारेर जो मनुष्यले न्यायालयमा न्यायाधीश र राजाको सामुन्ने उपस्थित भएर झुटो साक्षी बनेको हुन्छ त्यस्तो झुटोसाक्षी बनेको मनुष्यलाई राजाले जुकाले भरिएको तलाउमा उसको आधा शरीरलाई केही क्षणको लागि डुबाई दिनुपर्छ ।

यस्य विद्वान्हि वदतः क्षेत्रज्ञो नाभीशङ्कते ।
तस्मान्न देवाः श्रेयांसं लोकेऽन्यं पुरुषं विदुः ॥ ८/९६ ॥

अर्थात्:- जो मनुष्यले बोल्ने समयमा आफ्नो स्वाभिमान तथा अन्तर्मनको पुकारलाई हनन गर्दैन तथा उसको अन्तर्मनमा उसको बुद्धिमा सन्देह वा भ्रम उत्पन्न हुँदैन, किनकि सन्देह र भ्रम सदैव झुटो साक्षी या झुटो बोलेको समयमा उत्पन्न हुन्छ । विद्वान्को लागि अन्तर्मनको पुकारको सत्यता र आफ्नो स्वभिमान भन्दा ठुलो अन्य कुनै पनि कुरा छैन ।

यावतो बान्धवान्यस्मिन्हन्ति साक्ष्येऽनृतं वदन् ।
तावतः संख्यया तस्मिन्शृणु सौम्यानुपूर्वशः ॥ ८/९७ ॥

अर्थात्:- हे ऋषिहरू हो ! अनृत साक्ष्य अर्थात् झुटोको साक्षी दिनाले या झुटो बोल्नाले कति पुस्तको यश तथा कीर्तिलाई पनि हनन अर्थात् नाश गरेको हुन्छ अब त्यसको बारेमा अघि भन्नेछु त्यसको नाश हुने कृतिको बारेको वर्णनलाई अघि सुन्नुहोस् ।

(समयको कलमः- हे ऋषिहरू हो ! भन्ने यो वचन महर्षि मनुमहाराजको थियो । भृगुऋषिले पनि हे ऋषि हो ! भन्ने वचनलाई नै सुन्नुभएको थियो र भृगुऋषिले पनि म' समय'सँग मनुस्मृतीलाई सुनाउदै गर्दापनि 'हे समय' ! भन्नु भएन भृगुऋषिले पनि त्यही महर्षि मनुमहाराजको वचन शब्द नै हे ऋषि हो ! नै भन्नुभयो जुन तरिकाले भृगुऋषिले महर्षि मनुमहाराजको मुखबाट जुन तरिकाले सुन्नुभएको थियो त्यही तरिकाले नै भृगु ऋषिले 'म समय' लाई पनि त्यही तरिकाले भन्नुभयो)

पञ्च पश्वनृते हन्ति दश हन्ति गवानृते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शतं अश्वानृते हन्ति सहस्रं पुरुषानृते ॥ ८/९८ ॥

अर्थात्:- यदि कुनै पशु बारेको विवाद हो र त्यस विवादमा झुटोको साक्षी बनेमा या सीधा झुटो बोलेमा या असत्य बोलेमा त्यस व्यक्तिको पाँच पुस्ता, गाईको बारेको विवाद हो त्यस विवादमा झुटको साक्षी बनेमा या सीधा झुटो बोलेमा या असत्य बोलेमा त्यस व्यक्तिको दश पुस्ता, घोडा बारेको विवाद हो, त्यस विवादमा झुटको साक्षी बनेमा या सीधा झुटो बोलेमा या असत्य बोलेमा त्यस व्यक्तिको सय पुस्ता, मनुष्य हत्या या अन्य विवादको विषय हो त्यस विवादमा झुटको साक्षी बनेमा या सीधा झुटो बोलेमा या असत्य बोलेमा त्यस व्यक्तिको सहस्र पुस्तालाई नै पूर्णरुप ले कलङ्कित गरेको हुन्छ ।

(समयको कलमः- यी श्लोकहरूमा महर्षि मनुमहाराज ले भन्नुभएको हनन् शब्दको तात्पर्य तथा आशय हनन् भन्नाले उनको परिवारको उसले प्राप्त गरेको समाजको सम्पूर्ण मानसम्मान, यश, कीर्ति सबै यति पुस्तासम्म नाश हुनेछ जसको कारण समाजमा यसको पुस्ताले यो कार्य गरेका थिए भनेर त्यति पुस्तासम्म मनुष्यले कुरा गर्नेछन् यसको वंशले यो गलत कार्य गरेको थियो भनेर भन्ने नियम हो) ।

हन्ति जातानजातांश्च हिरण्यार्थेऽनृतं वदन् ।
सर्व भूम्यनृते हन्ति मा स्म भूम्यनृतं वदीः ॥ ८/९९ ॥

अर्थात्:- सुनको वादविवादमा असत्यक साक्षी बनेमा ज्ञात अज्ञात अर्थात् उत्पन्न भएको र भविष्यमा हुने अरु तीन पुस्ताको कीर्तिलाई समेत हनन् गरेको हुन्छ । भूमिको अभियोगमा असत्य साक्षी दिएमा अघि पहिले भएको र अब अघि हुने सबै कीर्ति र पछि हुने सबै पीढ़ीको कीर्तिलाई पनि हनन् गर्छ, अतः मनुष्य भएर भूमिको विषयमा झुटो साक्षी या झुटो गवाही कहिल्यै पनि दिनुहुँदैन ।

अप्सु भूमिवदित्याहुः स्त्रीणां भोगे च मैथुने ।
अब्जेषु चैव रत्नेषु सर्वेष्वश्ममयेषु च ॥ ८/१०० ॥

अर्थात्:- जलको विवादमा, स्त्रीको विवादमा, भोग चलनको जमिनको विषयमा, परस्त्री मैथुनको विवादमा, मोती लगायत अन्य रत्नको आदि विषयको अभियोगमा पनि झुटोको साक्षी बनेको खण्डमा जानी जानी या अन्जानमा यी विवादमा झुटो साक्षी दिएमा जमिनभन्दा केही मात्र कम तर जमिन समानको कीर्तिलाई नै हनन् हुन्छ भन्ने बुझ्नुपर्छ ।

एतान्दोषानवेक्ष्य त्वं सर्वाननृतभाषणे ।
यथाश्रुतं यथादृष्टं सर्व एवाञ्जसा वद ॥ ८/१०१ ॥

अर्थात्:- आफू सत्य छ तर आफू विरुद्धमा यदि कसैले झुटो आरोप लगाएर झुटो साक्षी दिएमा जति आफूलाई पीड़ा हुन्छ ठीक त्यही तरिकाले आफूले पनि अरुलाई सत्यको विरुद्ध दिएको झुटो साक्षी यदि कसैले आफ्नो विरुद्ध दिएमा आफूलाई कति हानी पुगेको अनुभव हुन्छ भन्ने त्यही अनुभवलाई नै आफूमा धारण गरेर लाभ हानिको विषयलाई ध्यान दिएर मात्र झुटको साक्षी बन्नुपर्छ त्यसैले जुन जस्तो देखेको हो जस्तो सुनेको हुन्छ, त्यही तरिकाले यथातथ्य भएर बिना मिलावाट गरेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य तथ्य बोल्नुपर्छ जे सुकै होस् ।

गोरक्षकान्वाणिजिकांस्तथा कारुकुशीलवान् ।
प्रेष्यान्वार्धुषिकांश्चैव विप्रान्शुद्रवदाचरेत् ॥ ८/१०२ ॥

अर्थात्:- जुनसुकै कुल, जुनसुकै वर्णको घरमा जन्मिएको होस्, गोवर्द्धन गरेर, गाईको रक्षा गरेर आफ्नो जीवन निर्वाह गर्ने, व्याज लिनु र व्याज दिनु वैश्य कर्मको केही मात्र कर्म गर्ने, अन्य कारुक (पाचक, भान्छाको कार्य गर्ने) गीत गएर जीविका चलाउने गायक, अरुको सेवा गर्ने अर्थात् दास-कर्म गर्ने, तथा व्यवहारको लागि पैसा दिएर व्याज लिने व्यक्ति र यी कार्य शुद्र कर्म अन्तर्गतका कार्य हुन् यो कामगर्ने जो सुकै होस् चाहे त्यो ब्राह्मण वर्णको कुलमा जन्मेको विद्वान् नै किन नहोस् त्यो कार्य अनुसार नै त्यो शुद्र वर्णको हो त्यस्तो मनुष्यलाई ब्राह्मण वर्ण हैन शुद्र वर्ण हो भनेर जान्नु ।

तद्वदन्धर्मतोऽर्थेषु जानन्नप्यन्यथा नरः ।
न स्वर्गाच्च्यवते लोकाद्दैवीं वाचं वदन्ति ताम् ॥ ८/१०३ ॥

अर्थात्:- सत्य जानेको छ तर त्यही मात्र हो जसले सत्य जानेको छ तर कसैको जीवन सुरक्षित रहन्छ भने त्यस्तो अवस्थामा मलाई थाहा छैन भनेर झुटो बोलेर कसैको जीवन सुरक्षित रहन्छ भने त्यो झुटो पूर्ण अपराध हैन तर गलत भने अवश्य हो तर कसैको जीवन सुरक्षित रह्यो त्यो महत्वपूर्ण हो ।

शुद्रविट्क्षत्रविप्राणां यत्र र्तोक्तौ भवेद्वधः ।
तत्र वक्तव्यं अनृतं तद्धि सत्याद्विशिष्यते ॥ ८/१०४ ॥

अर्थात्:- जुन अवस्थामा आफू सत्य बोलेको हुन्छ र सत्य बोल्दा विनाकरण मारिनु पर्छ भने त्यो अवस्थामा झुटो बोल्नु कुनै पाप हुँदैन झुटो बोल्नु पनि धर्म नै हुन्छ त्यो विकारले निर्माण गरेको हो ।

वाग्गैवत्यैश्च चरुभिर्यजेरंस्ते सरस्वतीम् ।
अनृतस्यैनसस्तस्य कुर्वाणा निष्कृतिं पराम् ॥ ८/१०५ ॥

अर्थात्:- आफ्नो झुटोको कारण कुनै मनुष्यको प्राण त बच्यो तर आफूबाट सत्यता लुक्दैन त्यस सत्यतालाई झुटो बनाएको हुनाले अन्तर्मनको शुद्धिको लागि मन्त्र सहित ज्ञानको विधान लेखिएको चार वेद नै अध्ययन गर्नुपर्छ ।

कूष्माण्डैर्वापि जुहुयाद्घृतं अग्नौ यथाविधि ।
उदित्यृचा वा वारुण्या तृचेनाब्दैवतेन वा ॥ ८/१०६ ॥

अर्थात्:- वेद ऋचालाई निरन्तर अध्ययन गर्दै त्यही वेदज्ञानअनुसार अरुलाई ज्ञान दिनुपर्छ र हावा शुद्धिको लागि पीपल तथा तुलसीलाई लगाउनु पर्छ र वेदले निर्देशन गरेअनुसार यज्ञ पनि गर्नुपर्छ ।

त्रिपक्षादब्रुवन्साक्ष्यं ऋणादिषु नरोऽगदः ।
तदृणं प्राप्नुयात्सर्व दशवन्धं च सर्वतः ॥ ८/१०७ ॥

अर्थात्:- ऋण आदिको अभियोग लागेको तथा लगाएको वादी तथा प्रतिवादीले यदि आरोग्य अर्थात् निरोगी साक्षीले तीनपक्ष अर्थात् डेढ़ महिना भित्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोहिपनि प्रमाण दिन नसकेको खण्डमा विवादमा रहेको धन साहुको हो र साहुलाई दिलाउनु पर्छ र ऋणीबाट नै गलत बोलेको हुनाले जम्मा धनको दसौं भाग दण्डस्वरुप असुल ऊपर गर्नुपर्छ।

यस्य दृश्येत सप्ताहादुक्तवाक्यस्य साक्षीणः ।
रोगोऽग्निर्ज्ञातिमरणं ऋणं दाप्यो दमं च सः ॥ ८/१०८ ॥

अर्थात्:- न्यायालयमा ऋणको विवादमा कसैले झुटो साक्षी दियो र सातदिन भित्रमा त्यस झुटो साक्षीको परिवारको कुनै पनि सदस्यको मृत्यु भयो जस्तै आगलागी या कुनै दुर्घटना आदि, यदि यस्तो भए पनि त्यस झुटोको साक्षी बनेको व्यक्तिलाई राजाले दण्ड दिनुपर्छ नै, माथि भनेको दश प्रतिशत त्यो झुटो साक्षी दिएको दण्ड स्वरुप हो ।

असाक्षीकेषु त्वर्थेषु मिथो विवादमानयोः ।
अविन्दंस्तत्वतः सत्यं शपथेनापि लम्भयेत् ॥ ८/१०९ ॥

अर्थात्:- ऋणको विषयमा वादी प्रतिवादीको आपसमा नै झगड़ा भयो तर जुन झगड़ा र अभियोगमा अन्य कोही पनि साक्षी छैन, त्यस्तो भएमा राजाले यी दुवैलाई भन्नु सत्य सत्य बोल्नुपर्ने छ यदि झुटो बोलेमा तमिस्रा नामको दण्ड मैले नै दिनेछु, सत्य बोलेमा हिजो जे भो त्यो छोड़ आज सही बोल भनेर विनम्रपूर्वक भन्नुपर्छ र वादी प्रतिवादीको मुखबाट विवादको विवरण सुनेपछि राजाले जो झुटो बोलेको हो त्यसलाई तामिस्र दण्ड दिनेछु भन्नु, तामिस्र दण्डको कुरा सुनेपछि वादी प्रतिवादीको पहिलेको र अहिलेको अनुहारको रङ्ग, बोल्ने तरिका र आचरणलाई सूक्ष्म विचार तथा ध्यान दिएर, हातको ईसारालाई देखेर, वचनको ध्वनि सुनेर, शरीरको प्रतिक्रियालाई ध्यान दिएर वास्तविकतालाई पत्ता लगाउनुपर्छ ।

महर्षिभिश्च देवैश्च कार्यार्थं शपथाः कृताः ।
वसिष्ठश्चापि शपथं शेपे पैजवने नृपे ॥ ८/११० ॥

अर्थात्:- कुनै कुनै कुरा किरियाद्वारा पनि पत्ता लगाउन सकिन्छ, सत्यलाई जिताउनको लागि कहिलेकाहीं किरियाद्वारा पनि परीक्षा लिन सकिन्छ । किरिया एक विश्वासको विधान हो, विश्वासको नियम हो, ऋषिगण तथा देवताले पनि किरिया अर्थात् सपथ अनुसार नै कार्य गरेका हुन्छन् किरियामा विश्वास गरेर नै ऋषिगण तथा देवताहरू आफ्नो कार्यमा निरन्तर क्रियाशील रहनुको कारण नै किरिया भएको हो किरियाद्वारा नै मनुष्य विश्वामित्र, वसिष्ठ ऋषि र किरियालाई पालन गर्नाले मनुष्य यौवन तथा बच्चा पनि बन्न सक्छ तर यो किरियापूर्ण सत्य नै हुन्छ पूर्ण विश्वास गर्नुपर्छ भन्ने हुँदैन तर एक विश्वासको विधान मात्र हो ।

न वृथा शपथं कुर्यात्स्वल्पेऽप्यर्थे नरो बुधः ।
वृथा हि शपथं कुर्वन्प्रेत्य चेह च नश्यति ॥ ८/१११ ॥

अर्थात्:- साधारण अवस्थामा मनुष्यले कुनै पनि किरिया खानु हुँदैन जानकारी भए जानकारी छ मैले प्रत्यक्ष देखेको हुँ भन्ने हैंन भने जानकारी छैन भन्ने कहिलेकाहीं आफ्नो अनुमानले यस्तो हुनुपर्छ हुनुपर्ने हो भनेर भन्नुपर्छ तर साधारण अवस्थामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वल्प अर्थ हेतु वृथामा किरिया तथा जो मनुष्यले व्यर्थमा शपथ खाने गर्छ या सानो सानो कुरामा किरिया खाने गर्छ, त्यो मनुष्य आफैँमा नष्ट आफ्नो विश्वास मैं पतन भएर किरिया खाने गरेको हुन्छ जो मनुष्यले सानो सानो कुरामा किरिया खाने गर्छ त्यो झुटो हो मानसिक समस्याको कारण सानो सानो कुरा अरुलाई मनाउन किरिया खाएको हो भन्ने बुझ्नुपर्छ त्यसैले बिनाकारण कुनै पनि कुरामा किरिया खानुहुँदैन र बिनाकारण सानो सानो कुरामा किरिया खाने मनुष्यको सत्यमार्ग पुरा विश्वास रहेको हुँदैन त्यही हुनाले किरिया खाने गर्छ भन्ने बुझ्नुपर्छ ।

कामिनीषु विवाहेषु गवां भक्ष्ये तथेन्धने ।
ब्राह्मणाभ्युपपत्तौ च शपथे नास्ति पातकम् ॥ ८/११२ ॥

अर्थात्:- कन्याको विवाहमा यदि घर पक्षले विश्वास नगरेमा, गाईलाई घाँस दिने समय भएमा कसैले विश्वास नगरेमा, ज्ञान तथा विद्वान्को रक्षार्थ, अग्निहोत्रको लागि इन्धन छैन भने यो कार्य गर्नुपर्ने नै हो तर झुटो हो भनेर कसैले विश्वास गर्दैन भने यी कुरा पूर्णसत्य हो भनेर र आवश्यकता हो भनेर देखाउनको लागि पनि शपथ खान पावक हुन्छ यसलाई असङ्गत मानिदैन ।

सत्येन शापयेद्विप्रं क्षत्रीयं वाहनायुधैः ।
गोबीजकाञ्चनैर्वैश्यं शुद्रं सर्वैस्तु पातकैः ॥ ८/११३ ॥

अर्थात्:- किरिया पावक हैंन तर पनि अन्तिम अवस्थामा सत्यकुरालाई प्रमाणित गर्नको लागि किरिया लिनुपरे पनि लिनुपर्छ किरिया केवल सत्यको जितको लागि मात्र लिनुपर्छ, किरिया लिँदा ब्राह्मण वर्णको लागि सत्यको, क्षत्रीय वर्णको लागि वाहन तथा शस्त्रको, वैश्य वर्णको लागि गाई, बीज तथा सुनको, तथा शुद्र वर्णको लागि सबै अशुद्धिलाई लाग्ने छ भनेर किरिया लिन तथा दिन सकिने छ तर आफ्नो अन्तर्मनको आवाज सुनेर झुटो कुराको लागि किरिया कहिल्यै खानु हुँदैन ।

अग्निं वाहारयेदेनं अप्सु चैनं निमज्जयेत् ।
पुत्रदारस्य वाप्येनं शिरांसि स्पर्शयेत्पृथक् ॥ ८/११४ ॥

अर्थात्:- भनाई पूर्णसत्य हो तर कसैले विश्वास गरेको छैन अन्तिम अवस्था भयो सत्यलाई असत्यले पतन गराउने अवस्था देखियो भने मात्र किरिया लिनुपर्छ किरिया लिँदा आफ्नो टाउको, अग्निलाई छोएर, जलमा उभिएर अथवा आफ्नो पुत्रको शिरमा हात राखेर किरिया लिनु या दिनु पर्छ ।

यं इद्धो न दहत्यग्निरापो नोन्मज्जयन्ति च ।
न चार्तिमृच्छति क्षिप्रं स ज्ञेयः शपथे शुचिः ॥ ८/११५ ॥

अर्थात्:- किरिया लिएर यदि झुटोलाई साथ दिएको खण्डमा त्यस मनुष्यको आफ्नो अन्तर्मनमा सधैँ अग्नि जलन हुनेछ, मैले झुटो किरिया खाएर झुटोलाई जिताए भनेर त्यही मनुष्यको अन्तर्मन नै सधैँ पश्चात्पको अग्निमा सधैँ जल्नेछ त्यो अग्नि नियन्त्रण गर्ने कुनै साधन छैन, झुटो किरिया लिने मनुष्य त्यही किरियाको कारण नै आफूमा आफै ग्वालिनि भएर परिवारसँग पनि टाढा हुनुपर्ने हुन्छ, त्यसैले आफूमा कुनै जलन नहोस्, परिवारदेखि टाढा हुन् नपरोस् भनेर केवल सत्यको लागि किरिया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिनुपर्छ, अन्तर्मन शुद्ध हुनको लागि किरिया लिनुपर्छ आफैँ नै पतन हुनको लागि किरिया लिनुहुँदैन ।

वत्सस्य ह्यभिशस्तस्य पुरा भ्रात्रा यवीयसा ।
नाग्निर्ददाह रोमापि सत्येन जगत्: स्पशः ॥ ८/११६ ॥

अर्थात्:- अहिले किरिया लिएर दिएको झुटोको साक्षीले पछि आउने सबै पुस्ता र पूर्व समयमा हुनुभएको ऋषिले भन्नुभएको ज्ञानको भनाईलाई ध्यान दिएर मात्र किरिया लिनुपर्छ यदि अहिले झुटलाई सत्य बनाउनको लागि किरिया लिएमा आउने पुस्ताले आफ्नो शुद्धता देखाउनको लागि आफूलाई अग्निदाह गरे पनि कसैले विश्वास गर्ने छैनन् उनीहरूको कार्य जति सत्य र धार्मिक भए पनि मनुष्यलाई विश्वास हुने छैन यदि अहिले झुटोको लागि किरिया लिएमा अघि आउने पुस्ता सधैँ झुटो आरोपको अग्निमा जलिरहने छन् र यदि सत्यलाई जिताउनको लागि र सत्यको पक्षमा सत्य विधानद्वारा नै किरिया लिएमा कसैलाई पनि अन्तर्मनको पश्चात्पको अग्निमा, न आफू नै, न अन्य सन्ततीलाई जल्नुपर्ने छ र आफू पूर्वको ऋषिको वचन पनि सत्य हुनेछ एक गल्तिको कारण अघि कोहि पनि जल्नु पर्दैन भन्ने बुझेर नै मनुष्यले सत्यको लागि मात्र किरिया लिनुपर्छ ।

यस्मिन्यस्मिन्विवादे तु कौटसाक्ष्यं कृतं भवेत् ।
तत्तत्कार्य निवर्तेत कृतं चाप्यकृतं भवेत् ॥ ८/११७ ॥

अर्थात्:- वादविवादमा जो जो साक्षीहरू थिए ती सबैले झुटो साक्षी बनेर झुटो प्रमाण दिए, झुटोलाई सत्य बनाउने निर्णय भयो, त्यसको लगत्तै सत्यताको प्रमाण भेटियो र त्यो विवादको सबै साक्षी गलत थिए, किरिया गलत थियो र निर्णयपनि गलत भएको थियो भन्ने यदि त्यस्तो भएमा राजा तथा न्यायाधीशले तुरुन्तै पुरानो सबै निर्णयलाई रद्द गरेर सबै साक्षीलाई वादी प्रतिवादीलाई बोलाएर साक्षी र किरियाको कारण सत्यतालाई लुकाउनको लागि जुन जुन व्यक्तिले झुटो बोलेका छन् ती सबै साक्षीलाई निरुच्छवास नामको दण्ड तुरुन्त दिनुपर्छ र पहिलेको सम्पूर्ण निर्णयलाई रद्द गरेर फेरि सत्यको पक्षमा निर्णय दिनुपर्छ र जो झुटो बोलेका छन् जसले झुटोको दावी गरेका थिए ती सबैबाट बाद विवादमा भएको क्षति बराबरको असुल ऊपर पनि गर्नुपर्छ ।

लोभान्मोहाद्भयान्मैत्रात्कामात्क्रोधात्तथैव च ।
अज्ञानाद्बालभावाच्च साक्ष्यं वितथं उच्यते ॥ ८/११८ ॥

अर्थात्:- वादविवादको निर्णय गर्नुभन्दा पहिले राजाले पनि वादविवादको साक्षीहरूलाई पनि राम्रोसँग निरीक्षण गर्नुपर्छ उनीहरूको आचरणलाई सूक्ष्म विश्लेषण गर्नुपर्छ लोभ, मोह, भय, मैत्री, काम, क्रोध, अज्ञानता बालकपन यी सबै गुण यी साक्षीमा छन् या छैनन् त्यो ध्यान दिनुपर्छ परीक्षण पनि गरेर जाँच गर्न सकिने छ जब परीक्षणमा कुनै पनि साक्षीमा लोभ, मोह, भय, मैत्री, काम, क्रोध, अज्ञानता बालकपनको गुण छैन भने विश्वास गर्नु यदि यी सबै साक्षीमा कुनै पनि एक गुण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएमा यस्तो साक्षीको साक्षीलाई विश्वास नगर्नु । जो साक्षीमा लोभ, मोह, भय, मित्रता, काम, क्रोध, अज्ञान र बालकपन रहेको हुन्छ त्यसले साक्षी दिएमा त्यो झुटो अर्थात् मिथ्या हो भन्ने बुझ्नु पर्छ ।

(समयको कलमः- यो श्लोक (८/११८) मा भनिएको लोभ, मोह, भय, मैत्री, काम, क्रोध, अज्ञानता बालकपन आदि कारणले जो कसैले पनि झुटोको साक्षी दिनेगर्छ त्यस साक्षीको लागि शारीरिक र आर्थिक दण्डविशेषको बारेमा अघि क्रमशः भनिनेछ) ।

एषां अन्यतमे स्थाने यः साक्ष्यं अनृतं वदेत् ।
तस्य दण्डविशेषांस्तु प्रवक्ष्याम्यनुपूर्वशः ॥ ८/११९ ॥

अर्थात्:- अलग अलग स्थानमा अलग अलग तरिकाले भिन्न स्थानमा साक्षी नै झूठ बोलेको प्रमाणित भएमा उसलाई तमिस्रा नामको दण्ड र आर्थिक लगायतका अनेक विधानको दण्डलाई तुरुन्तै दिनुपर्छ यस्तोलाई माफी हुँदैन ।

लोभात्सहस्रं दण्ड्यस्तु मोहात्पूर्व तु साहसम् ।
भयाद्द्वौ मध्यमौ दण्डौ मैत्रात्पूर्व चतुर्गुणम् ॥ ८/१२० ॥

अर्थात्:- कुनै पनि वादविवादमा जो साक्षी छ त्यसले लोभमा पारेर झुटोको लागि साक्षी बनेर झुटो साक्षी दिएमा 'एक हजार पण' बराबरको दण्ड तुरुन्तै दिनुपर्छ, मोहमा पारेर झुटो साक्षी दिने व्यक्तिलाई 'प्रथम साहस' बराबरको दण्ड तुरुन्त दिनुपर्छ । भयमा पारेर झुटो साक्षी दिने मनुष्यलाई दुई 'मध्यम साहस' को दण्ड तुरुन्तै दिनुपर्छ मित्रताको कारण झुटो साक्षी दिने व्यक्तिलाई 'प्रथम साहस'को पनि चारगुणा दण्ड दिनुपर्छ ।

कामाद्दशगुणं पूर्व क्रोधात्तु त्रिगुणं परम् ।
अज्ञानाद्द्वे शते पूर्णे बालिश्याच्छतं एव तु ॥ ८/१२१ ॥

अर्थात्:- कुनै पनि विवादमा जो मनुष्य 'काम' मा पारेर झुटो साक्षी दिन्छ भने त्यस व्यक्तिलाई परिस्थितिअनुसार परिस्थितीलाई ध्यान राखेर पच्चीस रुपैंया दण्ड जरिवाना लिनुपर्छ, कुनै पनि विवादमा जो मनुष्यले 'क्रोध' गरेर झूटो साक्षी दिन्छ भने त्यस मनुष्यलाई परिस्थितिअनुसार परिस्थितीलाई ध्यान राखेर रुपैंया दण्ड जरिवाना गर्नुपर्छ, कुनै पनि विवादमा जो मनुष्यले 'विषय'को अज्ञानतामा झुटो साक्षी दिन्छ भने त्यस व्यक्तिलाई परिस्थितिअनुसार परिस्थितीलाई ध्यानमा राखेर रुपैंया दण्ड जरिवाना लिनुपर्छ र कुनै पनि विवादमा जो मनुष्यले बालकपन गरेर झुटो साक्षी दिन्छ भने त्यस व्यक्तिलाई परिस्थितिअनुसार परिस्थितीलाई ध्यान राखेर रुपैंया आना दण्ड जरिवाना लिनुपर्छ ।

(समयको कलमः- पण, प्रथम साहस, मध्यम साहस र उत्तम साहस, सिक्काको नाम हो यी सबैको प्रमाण अघि भनिएको छ । परन्तु अघिको १७० औ श्लोकको अनुसार मनुष्य, देश, काल र परिस्थिति हेरेर यसको जरिवाना अधिक तथा न्यून पनि हुनसक्छ । मैले यहाँ न्यूनतम जरिवानाको बारेमा मात्र भनेको छु कामनाको कारण झुटो साक्षी दिनेसँग प्रथम साहसको दश गुणा अर्थात् २५०० पैसा अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनन्तालीस रुपैँया एक आना, क्रोधमा झुटो साक्षी दिनेसँग उत्तम साहसको तीन गुणा अर्थात् ३००० पैसा अर्थात् छ्यालिस रुपैया चौध आना, अज्ञानको कारण झुटो साक्षी दिएको भएमा २०० पैसा अर्थात् तीन रुपए दुई आना र वालकपनमा झुटो साक्षी दिएमा १०० पैसा एक रुपैँया नौ आना दण्ड जरिवाना गर्नुपर्छ)

एतानाहुः कौटसाक्ष्ये प्रोक्तान्दण्डान्मनीषिभिः ।
धर्मस्याव्यभिचारार्थं अधर्मनियमाय च ॥ ८/१२२ ॥

अर्थात्:- धर्मको रक्षा र अधर्मको नियमनको लागि झुटो साक्षी वनेको खण्डमा दण्ड विधानअनुसार आर्थिक मात्र दण्ड विधान हुँदैन, जसको लागि शारीरिक दण्डपनि सम्मिलित रहेको छ ।

(समयको कलमः- झुटो साक्षी दिएमा आर्थिक मात्र हैन शारीरिक दण्डपनि उपर्युक्त दण्ड भनेर महर्षि मनुमहाराजले भन्नु भएको छ र । स्वायम्भुव मनुले त शारीरिक दण्डको लागि दश स्थानपनि निश्चित गर्नुभएको छ, उपस्थेन्द्रिय, छाती, जिब्रो, हात, खुट्टा, आँखा, नाक, कान र पुरा शरीर हुन, जुन शरीरमा शस्त्रवाट दण्ड दिनुपर्छ अन्तिम अङ्ग छेदन समेत गर्नुपर्छ र दण्ड विधान चारै वर्णमा लागु हुन्छ तर क्षत्रीय, वैश्य, शुद्र यी तीन वर्णलाई यी दण्डविधान पूर्ण लागु गर्नुपर्छ र त्यसपछि राज्यको सवै सुविधा यी तीन वर्णलाई पहिले जस्तै उपलब्ध गराउनुपर्छ भने ब्राह्मणलाई आर्थिक जरिवाना गर्नु र आजीवन देश निकाला गर्नु तर ब्राह्मणको अङ्गछेदन भने गर्नुहुँदैन । यी सवै विधान मनुष्यको आफ्नो धर्मलाई हानी नहोस् र अधर्मलाई रोक्नको लागि झुटो या गलत साक्षी दिएको खण्डमा महर्षि मनुमहाराजकोद्वारा विहित दण्ड हुन् ।)

कौटसाक्ष्यं तु कुर्वाणांस्त्रीन्वर्णान्धार्मिको नृपः ।
प्रवासयेद्दण्डयित्वा ब्राह्मणं तु विवासयेत् ॥ ८/१२३ ॥

अर्थात्:- क्षत्रीय, वैश्य, शुद्र यी तीन वर्णको मनुष्यलाई सत्यता थाहा थियो तर झुटोको साक्षी भएर असत्य वोलेको खण्डमा धर्मात्मा राजाले ती सबैलाई नियमअनुसारको दण्ड दिएर राज्यको सीमावाट वाहिर निकाला गर्नुपर्छ परन्तु ब्राह्मण वर्णले सत्यता जानेको थियो तर झुटोको साक्षी दिएमा राजमण्डल वाट वाहिर र देशवाट नै निकाला गर्नुपर्छ तर उसको सम्पत्तिलाई भने सुरक्षित लैजान दिनुपर्नेछ कुनै रोक्का गर्नु हुँदैन किनकी उसको ज्ञानलाई राज्यमा कहीँ न कहिँ लागु गरिएको छ र त्यसको नतिजा उत्तम भएमा निरन्तरता दिनुपर्छ, ब्राह्मणको उसको सम्पत्ति भन्नु नै उसको ज्ञान हुनाले उसको सम्पत्तिलाई कसैले हरण गर्न सक्दैन ।

दश स्थानानि दण्डस्य मनुः स्वयंभुवोऽब्रवीत् ।
त्रिषु वर्णेषु यानि स्युरक्षतो ब्राह्मणो व्रजेत् ॥ ८/१२४ ॥

अर्थात्:- क्षत्रीय, वैश्य, शुद्र यी तीन वर्णको लागि दण्ड विधानमा अर्थ दण्ड पनि एक पाटो हो भन्ने अर्को पाटो शारीरिक दण्ड पनि हो आर्थिक र शारीरिक दुवै दण्ड विधानमा पनि लागु गर्न सकिनेछ तर परिस्थिति र अवस्था महत्वपूर्ण कुरा हो शारीरिक दण्डको लागि राज्यको कार्य गराउनु पर्छ यदि जघन्य अपराध गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएमा शरीरको संवेदनशील अङ्गलाई छोडेर अन्य अङ्गमा दण्ड दिनुपर्छ ।
(समयको कलमः- शरीरको विभिन्न अन्य दश स्थानमा शारीरिक दण्डदिन सकिनेछ भनेर स्वयम्भू अर्थात् सांकल्पिक सृष्टिमा अमैथुनिक तरिकाले कल्पको आदिमा उत्पन्न हुनुभएको ऋषिको पुत्र महर्षि मनुजीले भन्नुभएको छ । यदि अपराध भएको पूर्णसत्य र प्रमाणित भएमा ब्राह्मण वर्णले भने शारीरिक दण्ड प्राप्त गर्नुभन्दा पहिले नै आफ्नो सम्पूर्ण सामानलाई राजा या न्यायाधीशलाई जिम्मादिएर आफ्नो सामानलाई त्यही छोडेर केवल लगाएको वस्त्र सहित राज्य तथा देशलाई छोड्नुपर्छ भने क्षेत्रीय, वैश्य र शुद्रलाई देश निकाला गर्नुपर्दैन अवस्था परिस्थिति हेरेर आर्थिक या शारीरिक दण्ड दिएर उसले गरेको कर्मको कर्मफललाई तुरुन्त दिनुपर्छ यही राजधर्म हो । स्वयम्भूको अर्थ यो हो कि जो माता, पिताको यौन सम्पर्क विना अमैथुनिक तरिकाले ह्रीरण्य गर्भवाट उत्पन्न भएको भन्ने हुन्छ । किनकि आदि सृष्टिमा सम्पूर्ण ऋषि परमात्माको संकल्पवाट नै उत्पन्न हुनुभएको हो त्यसैले ती ऋषिलाई स्वयम्भूव भनिन्छ वेद ज्ञान ईश्वरले स्वयम्भूवलाई दिनु भयो । स्वयम्भूवले त्यही वेदज्ञान हामीलाई दिनु भएको हो । नीतिशास्त्र तथा धर्मशास्त्र पनि स्वयम्भूले नै स्थिर र नियत गर्नुभएको हो) ।

उपस्थं उदरं जिह्वा हस्तौ पादौ च पञ्चमम् ।
चक्षुर्नासा च कर्णौ च धनं देहस्तथैव च ॥ ८/१२५ ॥

अर्थात्:- झुठो बोलेको, झुटो साक्षी दिएको, खण्डमा तीन वर्णलाई उसको अवस्थाअनुसार शारीरिकको विभिन्न दश स्थानमा शारीरिक दण्ड दिन सकिनेछ ती दश स्थान हुन् उपस्थ अर्थात् मुत्रस्थान, उदर अर्थात् पेट, जिह्वा अर्थात् जिब्रो, हात, खुट्टा, कान, आँखा, नाक, जाँघ, पेट, शरीरको दश दण्डस्थान हुन् ।
(समयको कलमः- परिस्थिति र अवस्था हेरेर नै शरीरको यी स्थानमा दण्ड दिनुपर्छ तर ध्यान राख्नुपर्छ शरीरको कुनै पनि अङ्ग कमजोर भएमा त्यो अङ्ग जवसम्म पूर्ण ठीक हुँदैन तवसम्म त्यो अङ्गमा दण्ड दिनुहुँदैन भनेर महर्षि मनुमहाराजको आदेश छ । यो विधान कसैलाई विनाकारण दुःख दिनको लागि भनेको भने हैन यी दण्ड विधान लागु गर्दा राजा तथा न्यायधीश आफूपनि पूर्ण नियमपालक, न्यायकारी र कर्तव्यनिष्ठा हुनुपर्छ ।

अनुवन्धं परिज्ञाय देशकालौ च तत्वतः ।
सारापराधो चालोक्य दण्डं दण्ड्येषु पातयेत् ॥ ८/१२६ ॥

अर्थात्:- इच्छाले क्रमशः अपराध गर्नु, देश (स्थान) काल (समय) अपराध, अपराधीको शरीर, धन सम्पत्ति, सामर्थ्य, सानो ठुलो अपराधको प्रवृत्ति हेरेर सवै किसिमको प्रवृत्ति हेरेर दण्डनीय व्यक्तिलाई दण्ड दिनुपर्छ । दण्ड विधानमा अपराध गरेको व्यक्तिलाई दण्ड नदिने हो भने राजाको राजधर्म पतन हुनेछ, राजाको राजधर्म पतन भएमा राजा आफैँ पतन हुनेछ ।
(समयको कलमः-माथि भनिएको जुन जुन दण्डको विधान लेखिएको छ त्यो सवैभन्दा कम दण्ड विधान हो र त्यो पूर्ण रुपले लागु गर्न भनिएको छ तर विकल्प पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिइएको छ जस्तै लोभको कारण साक्षी दिनेलाई पन्ध्र रुपैँया दश आना दण्ड दिनुपर्छ भनेर लेखिएको छ परन्तु जो मनुष्यको आफ्नो आर्थिक क्षमता कमजोर भएमा, जो मनुष्य अत्यन्तै निर्धन छ भने आर्थिक अवस्था हेरेर आर्थिक अवस्था कमजोर भएमा, शारीरक श्रम गराउन सकिनेछ यदि धनाढ्य छ भने दण्डको भनिएको सूची भन्दा चार र पाँच गुणासम्म दण्ड गर्न सकिनेछ अर्थात् देश, काल, क्षमता, अवस्था, परिस्थिति हेरेर उसको अवस्था अनुसार दण्ड कम र दण्डलाई पाँच गुणा धेरै गर्न सकिनेछ तर अपराधको अवस्था हेरेर मात्र कुनै प्रतिशोधको लागि दण्ड गर्नुहुँदैन केवल अपराध के हो त्यसलाई ध्यान दिएर दण्ड दिनुपर्छ अर्थात् अपराधको प्रकार, देश, काल, परिस्थिति, आदिलाई ठीक ठीक तरिकाले समीक्षा गरेर सामर्थ्य र अपराधको प्रवृत्ति जानेर अपराधीलाई दण्ड दिनुपर्छ। अपराधीलाई माफ भन्ने शब्द कहिल्यै प्रयोग गर्नुहुँदैन)।

अधर्मदण्डनं लोके यशोघ्नं कीर्तिनाशनम्।
अस्वर्ग्य च परत्रापि तस्मात्तत्परिवर्जयेत् ॥ ८/१२७ ॥

अर्थात्:- यदि राजाले अधर्मि, पापी र अपराधीलाई दण्ड नदिने र अपराधीले अपराध गर्छ दण्ड माफ गर्दै जाने हो या दण्ड नै नदिएर दण्ड माफ गरेको खण्डमा त्यो राजधर्मको मर्यादा विपरीत हुनेछ, दण्ड विधानलाई लागु नगर्ने त्यस्तो राजाको आफ्नो राजा पद र राज्य पतन हुन समय लाग्दैन, यदि राजाले धर्म विरुद्ध आफैँ कार्य गरेर दण्ड दिएमा राजाको सम्मान, पूर्व-प्रतिष्ठा र वर्तमान तथा भविष्यमा जति पनि कार्य हुनेछन् ती सबै कीर्तिलाई नाश गर्नेछ, त्यस्तो अधर्मी राजाको यो जन्मको सबै प्रतिष्ठा पतन हुन्छ र परजन्म पनि अति नै दुःखदायी हुनेछ। अतः राजाले कुनै पनि अवस्थामा अधर्मयुक्त दण्डलाई परित्याग गर्नुपर्छ राजाले अधर्मयुक्त कार्य कहिल्यै गर्नुहुँदैन।

अदण्ड्यान्दण्डयन्राजा दण्ड्यांश्चैवाप्यदण्डयन्।
अयशो महदाप्नोति नरकं चैव गच्छति ॥ ८/१२८ ॥

अर्थात्:- जुन राजाले अपराधीलाई तथा पापीलाई दण्ड नदिएर राजधर्म विरुद्ध कार्य गर्छ, जुन राजाले निरपराधी व्यक्तिलाई दण्ड दिन्छ र अपराधीलाई माफ गर्छ भने त्यस्तो राजाले अपयश प्राप्त गर्नेछ र उसको राज्य छिट्टै पतन हुनेछ मृत्युपछि पनि सीधा अधोगतीलाई प्राप्त गर्नेछ।

वाग्दण्डं प्रथमं कुर्याद्धिग्दण्डं तदनन्तरम्।
तृतीयं धनदण्डं तु वधदण्डं अतः परम् ॥ ८/१२९ ॥

अर्थात्:- राजाले अपराधीको अपराधको प्रवृत्ति र अपराधको प्रकृतिलाई हेरेर केही चेतावनीको दण्ड दिएर पनि माफ गर्नेछ, पहिले पटक अपराध नभएर कारणवश गल्ती गरेको भएमा प्रथम पटक वाग्दण्ड दिनुपर्छ अर्थात् यो कार्य सही हैन यो कार्य गर्नु ठीक र राम्रो हैन त्यसैले अघिल्लो पटक यस्तो कार्य नगर्नु, द्वितीय पटक त्यही कार्य दोर्याएमा धिक्कार दिएर त्यो कार्यबाट नै हटाउनु पर्छ, यदि तृतीय पटक पनि यस्तै गल्ती गरेको खण्डमा शारीरिक दण्ड अर्थात् राज्यको कुनै पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यलाई गराउनु पर्छ उसको शक्ति र सामर्थ्य अनुसारको कार्य गराउनु पर्छ या अर्थ दण्ड दिनुपर्छ या दुवै दण्ड दिनुपर्छ प्रवृत्ति अनुसार यदि लूट, जुवा, तास छलकपट चोरी डकैती लगायतका जघन्य अपराधको कार्य गरेमा जेल, कारागार चलान, देश निकाला, तथा शरीरको अङ्ग छिन्न र यी सबैले पुरा नहुने अपराध गरेको अपराधीलाई वधसम्म गर्नुपर्छ ।

(समयको कलमः- काम गर्ने व्यक्तिले आफ्नो काममा कुनै पनि कार्यमा पहिलो पटकको गल्ती अन्जानमा गरेको हुन सक्छ त्यसैले त्यसलाई अपराध नै हो र त्यो व्यक्ति अपराधी नै हो भन्न मिल्दैन, त्यसैले त्यस व्यक्तिलाई प्रथम पटकमा वाणीको दण्ड दिनुपर्छ अर्थात् उसको 'निन्दा' अर्थात् तिमी अज्ञानी थियो हो भनेर भन्नुपर्छ, दोस्रो पटक त्यही गल्ती गरेमा असावधान व्यक्ति हो भन्ने वुझेर 'धिक' दण्ड अर्थात् तिमीलाई धिक्कार छ तिमीले फेरि त्यही कार्य गर्यौ जो अघि नै नगर्नु भएको थियो, त्यसैले कामवाट निष्काषन भयौ, तिमीले यो नराम्रो काम गर्यौ भनेर काम वाट निकालिदिनु पर्छ, तेस्रो पटक त्यही कार्य गरेमा त्यो अपराधी हो त्यस्तो व्यक्तिलाई अर्थ दण्ड र शारीरिक दण्ड गर्नुपर्छ तर उसको क्षमता अनुसार र चौथो पटक त्यस्तै अपराध फेरि गरेमा त्यस्तो अपराधीलाई 'वध' दण्ड अर्थात् उसको हत्या नै गरिदिनु पर्छ यो विधान केवल कर्ममा गलत गर्नेको लागि हो तर जुवाको खेलेको भए वनवास, वलात्कार जस्तो अपराध गरेमा हत्या, भ्रूण हत्या गरेमा हत्या, चोरी गरेमा अङ्गछेदन गर्नुपर्छ । जो जस्तो अपराध गरेको छ त्यही अनुसार अपराध गर्नुपर्छ)

वधेनापि यदा त्वेतान्निग्रहीतुं न शक्नुयात् ।
तदैषु सर्व अप्येतत्प्रयुञ्जीत चतुष्टयम् ॥ ८/१३० ॥

अर्थात्:- राजाले अपराधीलाई दिइने चार दण्डमा एक दण्डले मात्र अपराध नियन्त्रण नभएमा दुई दण्डलाई पनि एकै पटक लागु गर्नुपर्छ, ती दुई विधान हुन् । धिक्कार र निष्काशन, यदि धिक्कार र निष्कासनले मात्र अपराध नियन्त्रण नभएमा धिक्कार, निष्काशन र अर्थ गरेर तीन दण्डलाई एकपटक मैं दिनुपर्छ यदि यी तीन दण्ड विधानलाई लागु गरेर पनि अपराध नियन्त्रण नभएमा चार दण्ड विधान धिक्कार, निष्काशन, अर्थ र शारीरिक दण्डले पनि नियन्त्रण गर्नको लागि तीव्र गतिमा कार्य गर्नुपर्छ । राजाले आफ्नो प्रजालाई खुशी सुखी राख्न अपराध नियन्त्रण गर्नै पर्छ नै यही अश्वमेध यज्ञ अन्तर्गतको एक विधा पनि हो ।

लोकसंव्यवहारार्थ याः संज्ञाः प्रथिता भुवि ।
ताम्ररुपयसुवर्णानां ताः प्रवक्ष्याम्यशेषतः ॥ ८/१३१ ॥

अर्थात्:- संसारको वस्तु विनिमयको लागि र पारस्परिक व्यवहारको कार्य गर्नको लागि तौल, गणनाको विधि र समानाको विनिमयको लागि तामाको सिक्का, चाँदीको सिक्का, सुनको सिक्का जुन तौलले वनाइएको छ, अब ती सबै सिक्काको तौलको वारेमा अघि वर्णन सुन्नुहोस् अर्थात् अब वस्तुको मापन विधिलाई सुन्नुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जालान्तरगते भानौ यत्सूक्ष्मं दृश्यते रजः ।
प्रथमं तत्प्रमाणानां त्रसरेणुं प्रचक्षते ॥ ८/१३२ ॥

अर्थात्:- सूर्यको किरण घरको कुनै पनि प्वाल या झ्यालबाट भित्र प्रवेश गरेको प्रकाशमा जुन सूक्ष्म रजकणहरू देखिएको हुन्छ त्यस रजकणहरूको एक सूक्ष्म रजकण नै नापको पहिलो बिन्दु हो त्यही रजकण वारावरको पहिले परिमाण तथा नापलाई 'त्रसरेणु' भनिन्छ । त्यस सूक्ष्म इकाईको नापको पहिले बिन्दु नै हो त्यस भन्दा अघिको नाम इकाई वस्तुको लागि लागु गर्न सकिँदैन त्यही इकाई तथा त्यस बिन्दुलाई 'त्रसरेणु' भनिन्छ ।

त्रसरेणवोऽष्टौ विज्ञेया लिक्षैका परिमाणतः ।
ता राजसर्षपस्तिस्रस्ते त्रयो गौरसर्षपः ॥ ८/१३३ ॥

अर्थात्:- त्यही 'त्रसरेणु'को नाप अनुसार आठ 'त्रसरेणु' मिलेर एक 'लिक्षा' बनेको हुन्छ, त्यही तीन 'लिक्षा' मिलेर एक 'राजसर्षप' हुन्छ र ती तीन 'राजसर्षप' मिलेर एक 'गौरसर्षप' हुन्छ ।

सर्षपाः षड्यवो मध्यस्त्रीयवं त्वेककृष्णलम् ।
पञ्चकृष्णलको माषस्ते सुवर्णस्तु षोडश ॥ ८/१३४ ॥

अर्थात्:(छ(६) 'गौरसर्षप'को एक 'मध्ययव' परिमाण हुन्छ र तीन 'मध्ययव'को परिमाण मिलेर एक 'कृष्णल' हुन्छ पाँच 'कृष्णल' मिलेर एक 'माष' हुन्छ सोह्र 'माष' मिलेर एक 'सुवर्ण' हुन्छ ।

पलं सुवर्णाश्चत्वारः पलानि धरणं दश ।
द्वे कृष्णले समधृते विज्ञेयो रौप्यमाषकः ॥ ८/१३५ ॥

अर्थात्:- चार 'सुवर्ण' मिलेर एक 'फल' बन्छ, दस 'फल' मिलेर एक 'धरण' हुन्छ र 'धरण'को तौलमा चार गुणा 'सुवर्ण' हुन्छ, चार सुवर्णको एक 'निष्क' हुन्छ । यो सुनको तौलको विधानको मापन हो सुनको सिक्का कति मापनको छ त्यही अनुसार यी मापन मा सिक्का बनेको हुन्छ ।

ते षोडश स्याद्धरणं पुराणश्चैव राजतः ।
कार्षापणस्तु विज्ञेयस्ताम्रिकः कार्षिकः पणः ॥ ८/१३६ ॥

अर्थात्:- आठ 'त्रसरेणु'को एक 'लिक्षा' तीन 'लिक्षा'को एक 'राजसर्षप' तीन 'राजसर्षप' को एक 'सर्षव' छ (६) 'सर्षव'को एक 'गौरसर्षप', तीन 'गौरसर्षप' एक 'मध्यम' तीन 'मध्यम'को एक 'यव' तीन 'यव'को एक 'कृष्णाल', पाँच 'कृष्णाल'को एक 'माष' सोह्र 'माष'को एक सुवर्णस चार 'सुवर्णा'को एक 'पल', दस 'पल'को एक 'धरण', दुई 'कृष्णल'को एक 'शेष्यमाष' हुन्छ 'सोह्र शेष्यमा'को एक 'रौप्यमाष' हुन्छ यो चाँदीको पैसाको मापन हो जसलाई 'माष' मापन भनिन्छ । त्यस्तै 'सोह्र रौप्यमाष'को एक 'धरण' हुन्छ चाँदीको 'पुराण' मापन हो । त्यस्तै सोह्र 'रौप्यमाष'को एक 'कर्ष' हुन्छ तामाको 'कर्ष' भरिको 'पण' लाई 'कार्षापण' अर्थात् पैसा भनिन्छ । (समयको कलमः- चाँदीको सिक्कामा दुई रत्ती बराबर एक चाँदीको माषक हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यही सोह्र चाँदीको माषकको एक चाँदीको धारण हुन्छ, र ठीक सोह्र धारणको एक पुराण तथा, दस धरणको एक चांदीको शतमान हुन्छ तामाको सिक्कामा कर्ष (सुवर्ण)को बराबर एक तामाको 'पण' हुन्छ, जुन पण कर्षको बराबर भएको कारणले कार्षापण पनि भनिन्छ) ।

धरणानि दश ज्ञेयः शतमानस्तु राजतः ।
चतुःसौवर्णिको निष्को विज्ञेयस्तु प्रमाणतः ॥ ८/१३७ ॥

अर्थात्:- चाँदीको सिक्कामा दुई 'रत्ती' बराबर एक चाँदीको 'माषक' हो । त्यही चाँदीको सोह्र 'माषक'को एक चाँदीको 'धरण' हुन्छ र सोह्र 'धरण'को एक 'पुराण' हुन्छ, त्यही दस 'धरण'को एक 'शतमान' हुन्छ, तामाको सिक्कामा एक 'कर्ष' (सुवर्ण)को बराबर एक तामाको एक 'पण' हुन्छ, जुन 'पण' 'कर्ष'को बराबर भएको कारणले 'कार्षापण' पनि भनिन्छ ।

पणानां द्वे शते सार्धे प्रथमः साहसः स्मृतः ।
मध्यमः पञ्च विज्ञेयः सहस्रं त्वेव चोत्तमः ॥ ८/१३८ ॥

अर्थात्:- अढ़ाई सय 'पण'को एक 'प्रथम साहस' पाँच सय 'पण'को एक मध्यम साहस र एक हजार 'पण'को एक उत्तम साहस हो भनेर बुझ्नुपर्छ । छ (६) 'घरण' चाँदीको एक 'शतमान' चार सुवर्णको एक 'निष्क' र दुईसय पचास 'पण'को प्रथम 'साहस'स सय पणको 'मध्यम साहस'स एक हजार 'पण'को उत्तम 'साहस' हुन्छ यो दण्ड विधानमा लागु हुने दण्डको मापन हो भने कारोवारको लागि पनि विनिमय लागु हुने गणनाको विधान पनि हो ।

ऋणे देये प्रतिज्ञाते पञ्चकं शतं अर्हति ।
अपह्नवे तद्द्विगुणं तन्मनोरनुशासनम् ॥ ८/१३९ ॥

अर्थात्:- कुनै पनि वस्तु विनिमयको विधानमा कारोवार गर्दा र राजाले अपराधीलाई दण्डविधान लागु गर्दा यही नियम लागु गरेर दण्डविधान लागु गर्नुपर्छ, कारोवार तथा कुनै पनि घटनाको गलत साक्षी या ऋणको लेनदेनमा भएको विवादमा जसले राज्यको कानुनलाई मिचेको छ त्यहीअनुसार नै यी माथिका दण्डको विधानलाई लागु गर्नुपर्छ, ऋण लिएको थियो तर आफूले ऋण नलिएको भनेर झुटो बोलेको तर अहिले ऋणीले ऋण लिएको प्रमाणित भएमा त्यस्तो साक्षीलाई र ऋणी दुवै अपराधी हुन् त्यस्तो अपराधीलाई अवस्था हेरेरमाथि भनिएको दण्डको दुईगुणासम्म दण्ड जरिवाना गर्नुपर्छ ।

वसिष्ठविहितां वृद्धिं सृजेद्वित्तविवर्धिनीम् ।
अशीतिभागं गृह्णीयान्मासाद्वार्धुषिकः शते ॥ ८/१४० ॥

अर्थात्:- यदि कसैले व्याजको कारोवार गर्छ भनेपनि माथि भनिएको विधानलाई स्थिररुपले धारण गरेर आफ्नो लागि केही निमित्त मेहनतको फलको लागि त्यति नै दरमा व्याज लिनुपर्छ जतिमाथि भनिएको छ । अर्थात् आफ्नो व्यापार र आफ्नो परिवारको वृद्धि चाहनेवाला व्यापारीले व्याज दरमा धेरैभन्दा धेरै भनेको सय(१००)मा असि(८०) औँ भाग, अर्थात् सवा रुपैँयादेखि दुई रुपैयासम्म सयको वार्षिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याज लिनुपर्छ । यो व्याजदर अधिक व्याजदरको रेखा हो यदि यो व्याजदर भन्दा धेरै व्याज कुनै व्यापारीले लिन्छ भने त्यस्तो व्याज व्यापारीमाथि भनिएको कुनै पनि दण्ड विधानलाई राजाले लागु गर्न सक्नेछ ।

द्विकं शतं वा गृह्णीयात्सतां धर्म अनुस्मरन् ।
द्विकं शतं हि गृह्णानो न भवत्यर्थकिल्विषी ॥ ८/१४१ ॥

अर्थात्:- सत्यलाई धारण गर्दै सत्यको अनुसरण गर्दै सधैं सत्पुरुषहरूले भन्नुभएको वेदको ज्ञानअनुसार र मानवताको धर्मलाई अनुशरण गर्दै वैश्यवर्णको व्यापारीहरूले आफ्नो व्यापारलाई चारैतिर विस्तृत गर्ने कोसिस गर्नुपर्छ, व्यापार गर्दा नियम सङ्गत रहेर व्याज लिन सकिने छ र लिनुपर्छ, नियम विरुद्ध व्याज लिनु अति नै घातक हो, व्याजको व्यापार गर्ने व्यक्तिले आफ्नो व्यापार गर्दा सबै ऋणीसँग नम्र भएर आफूले सधैं नियम सङ्गत रहेर व्याजको व्यापारको कारोवार गर्नुपर्छ, व्यापारको कारोवार गर्दा यस्तो सोचेर कार्य गर्नुपर्छ कि म सय वर्षभन्दा धेरै बाँच्ने हो जो र जतिपनि ऋणी छन् ती सबैसँग सय वर्षभन्दा धेरै कारोवार गर्न मिलोस् भन्ने सोचेर व्याजको व्यापारको कार्य गर्नुपर्छ ।

(समयको कलमः- व्याजदर भनेको सयको दुई मात्र हुनुपर्छ यो अधिक मात्रा हो, अर्थात् १०० रुपैंयाको एक वर्षको व्याज भनेको केवल दुई रुपैंया मात्र होस् यो सयको दुईको दर भनेको अत्याधिक व्याज दर हो त्यो पनि एक वर्षको मात्र हो, सयको दुई व्याज लिने गर्नाले कुनै पनि व्याजी व्यापारीलाई आफ्नो कार्यमा कुनै पनि कार्यदोष लाग्दैन यो दरमा व्याजको कारणले व्याजी व्यापारीलाई कुनै पनि धनको दोष र धनको दोषी पनि हुँदैन ।

द्विकं त्रिकं चतुष्कं च पञ्चकं च शतंसम्म् ।
मासस्य वृद्धिं गृह्णीयाद्वर्णानां अनुपूर्वशः ॥ ८/१४२ ॥

अर्थात्:- यदि गृहस्थीले आफ्नो गृह नै सञ्चालन गर्नको लागि कठिन भएमा मात्र वैश्य व्यापारीसँग ऋण लिनुपर्छ किनकि ऋणको कारणले मनुष्यलाई अनेक समस्या तथा दबाव उत्पन्न हुन्छ, ऋणको दबाव दुईबाट चार, चारबाट आठ, आठबाट सोह्र हुँदै सयसम्म हुन्छ अर्थात् मनुष्य ऋणको कारण सधैं दबावमा रहेको हुनेछ ऋणको कारण कयौं कुरामा मनुष्य अरुसँग बिनाकारण झुक्नुपर्ने अवस्था हुनसक्छ, ऋणको दबाव सधैं गुणात्मक हुन्छ जो सुकै वर्णले लिएको होस् ऋणको दबाव गुणात्मक रुपले बढेको हुन्छ ।

(समयको कलमः- महर्षि मनुमहाराजको नियमअनुसार मनुष्यले सकेसम्म कसैसँग व्याजमा ऋण लिनुहुँदैन, व्याजमा ऋण लिनाले कहिलेकाहीं मनुष्यको स्वाभिमानमा आँच पनि आउन सक्छ सत्य बोल्नबाट बञ्चित हुनुपर्छ त्यसैले व्याजमा ऋण लिनु अति नै घातक हुन्छ त्यसैले सकेसम्म मनुष्यले व्याजमा ऋण लिनबाट टाढा रहनुपर्छ भन्ने विधानमा यो भनाई आएको हो, अब अघि ऋणको लागि राखिने धरौटीको नियम तथा धरौटी रीतिको बारेमा सुन्नुहोस्)

न त्वेवाधौ सोपकारे कौसीदीं वृद्धिं आप्नुयात् ।
न चाधेः कालसंरोधान्निसर्गोऽस्ति न विक्रयः ॥ ८/१४३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- ऋणको लागि ऋणीले जमानतमा अर्थात् धरौटीमा राखेको वस्तुले ऋणदातालाई प्रत्यक्ष लाभ दिने गर्छ भने त्यस्तो प्रत्यक्ष लाभ दिने वस्तु जमानत अर्थात् धरौटी राखेको खण्डमा व्यापारीले ऋणीसँग कहिल्यै पनि दिएको ऋणको व्याजको लिनुहुँदैन, जस्तै भूमि, गाई, बगैंचा या अन्य कुनै वस्तुलाई ऋणीले ऋणको लागि ज़मानत अर्थात् धरौटी राखेको खण्डमा ऋण लिएको ऋणीसँग ऋणदाताले व्याज लिनुहुँदैन । कसैले राखेको जमानत अर्थात् धरौटीको लामो समय भयो फिर्ता लिन आएन र जमानत अर्थात् धरौटी राखिएको सामान भन्दा पनि ऋणीले लिएको ऋणको व्याजको हिसाब मूलधनभन्दा हिसाबमा धेरै भएमा (केवल व्याजको हिसाबमा मात्र गर्ने हो तर जमानतमा कुनै वस्तु राखेमा ऋणीले लिएको ऋणको व्याज लिनुहुँदैन) जमानत अर्थात् धरौटी राखिएको समय बाह्र वर्षभन्दा धेरै भएमा त्यस जमानत राखेको ऋणीलाई बोलाएर सोधनुपर्छ जमानत के गर्ने भनेर खबर गरेको पैतिसौँ दिनसम्म ऋणी नआएमा त्यस जमानतलाई बेच्न सकिने र आफ्नो मूलधन असुल ऊपर गर्न सकिने छ तर जति पनि मूलधन छ त्योभन्दा धेरैमा जमानत राखेको साधन तथा वस्तु बेचिएमा त्यसको मूलधन भन्दा जति धेरैमा बेचिएको त्यो पैसा छ त्यस पैसालाई जमानतको मलिक अर्थात् ऋणीलाई दिनुपर्छ या आफैले त्यस जमानतलाई सधैँ आफ्नो बनाउन सकिनेछ तर जमानतको उचित मूल्य निर्धारण गरेर मात्र तर हडप्ने नीतिलाई कहिल्यै पनि लागु गर्नुहुँदैन । यदि बेचिएमा मूलधन नआउने भएमा त्यस जमानतबाट निरन्तर लाभ लिन चाहेको खण्डमा लिन भने सक्नेछ ।

न भोक्तव्यो बलादाधिर्भुञ्जानो वृद्धिं उत्सृजेत् ।
मूल्येन तोषयेच्चैनं आधिस्तेनोऽन्यथा भवेत् ॥ ८/१४४ ॥

अर्थात्:- ऋणीले राखेको जमानत जस्तै सुन, गरगहनालाई ऋणदाताले आफू खुशीले मनपरी तरिकाले परिमार्जित गर्न पाउँदैन र गर्नुहुँदैन, जबरजस्ती जमानतको वस्तुलाई आफ्नो स्वार्थको लागि अन्य काममा लगाउनु पनि हुँदैन, ऋणीले जमानतमा कुनै वस्तु राखेको खण्डमा त्यस जमानतको वस्तुलाई ऋणदाताले आफ्नो काममा प्रयोग गर्नुहुँदैन यदि आफ्नो काममा प्रयोग गरेमा त्यस ऋणीसँग कुनै पनि व्याज लिनुहुँदैन यदि ऋणी आफ्नो जमानत बेचेर ऋणदाताको ऋण दिन चाहेको खण्डमा ऋणदाताले त्यस जमानतको सामानको उचित क्रय र बिक्री मूल्य दिएर बिक्रेतालाई सन्तुष्ट गर्नुपर्छ हडप्ने नीति लागु गरेर कुनै पनि जमानतको वस्तुलाई लिनुहुँदैन यदि यस्तो गरेमा ऋणदाता नभएर चोर हुनेछ यस्तोलाई राजाले कारवाही गर्नुपर्छ ।

आधिश्चोपनिधिश्चोभौ न कालात्ययं अर्हतः ।
अवहार्यौ भवेतां तौ दीर्घकालं अवस्थितौ ॥ ८/१४५ ॥

अर्थात्:- ऋणदाता र ऋणीको बीचमा हुने धरौटी अर्थात् जमानतको निश्चित यति समय भित्र नै हुनुपर्छ भनेर जमानतको सीमा निश्चित गर्नु योग्य हुँदैन । जमानत अर्थात् धरौटी धेरै बर्षदेखि ऋणदातासँग रहेको तर ऋणीले ऋणदातासँग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पर्क गरिरहेको भएमा ऋणदाताले धरौटी अर्थात् जमानतलाई बेच्नु र आफ्नो बनाउने कोसिस गर्नुहुँदैन जब ऋणीले ऋणदातालाई आफ्नो मूलधन दिनेछ तब त्यो जमानतलाई तुरुन्तै त्यसको मालिकलाई फर्काउनु पर्नेछ अर्थात् यति समय धरौटी निश्चित हो नै भन्न सकिँदैन कि ऋणदाता र ऋणले यति दिन भित्रमा आफ्नो जमानत या धरौटीलाई अन्त्य गर्नुपर्छ भन्ने नियम हुँदैन किनकि यो ऋणी र ऋणदाताको आपसी समझदारीको कुरा हो तर बाह्रबर्षसम्म ऋणी सम्पर्क विहीन भएमा या सम्पर्क गर्दा कुनै सम्पर्क नभएमा त्यस जमानतलाई बेचेर आफ्नो मूलधन असुलऊपर गर्न सकिनेछ ।

संप्रीत्या भुज्यमानानि न नश्यन्ति कदा चन ।
धेनुरुष्ट्रो वहन्नश्वो यश्च दम्यः प्रयुज्यते ॥ ८/१४६ ॥

अर्थात्:- ऋणीले ऋणको लागि केही समयको लागि गाई, ऊँट, घोड़ा, गोरु, यी सबैलाई त्यसको स्वामीको आज्ञाले यदि ऋणको लागि जमानतमा लिएर प्रयोग गरेमा या भोगचलन गरेमा त्यस साधन तथा त्यस वस्तुको स्वामित्व ऋणीको हुन्छ नै, ऋण लिएर केही क्षणको लागि वस्तु ऋणदातालाई दिएको खण्डमा ऋणीको ती वस्तु तथा साधनबाट उसको स्वमित्व नष्ट भने हुँदैन ।

यत्किं चिद्दशवर्षाणि संनिधौ प्रेक्षते धनी ।
भुज्यमानं परैस्तूष्णीं न स तल्लब्धुं अर्हति ॥ ८/१४७ ॥

अर्थात्:- यदि कसैलाई भोगचलन गर्न दिएको वस्तु या साधन दशबर्षसम्म अरू कसैले भोग गरिरह्यो, उ भोगी हो, तर मालिक हैंन तर मलिक अरु हो, तर त्यस वस्तुको मलिक ले यो देखेरपनि दशवर्षसम्म केही बोलेन फिर्ता लिनको लागि कुनै इच्छा गरेन भने पुरा दश वर्ष पुगेपछि त्यस वस्तुको मालिक जो अहिले भोग गरिरहेको छ त्यही हुनेछ तर मालिकले दसवर्षसम्म भोगचलन गर्न दियो त्यसपछि मालिकले त्यो वस्तु फिर्ता मागेमा दिनुपर्छ यदि दस वर्षसम्म अरूले भोगचलन गर्दा पनि केही नबोलेको र नमागेको खण्डमा त्यसको वस्तुको मालिक अहिले भोगचलन जसले गरिरहेको छ त्यही त्यस वस्तु तथा साधनको मालिक हुनेछ ।

अजडश्चेदपोगण्डो विषये चास्य भुज्यते ।
भग्नं तद्व्यवहारेण भोक्ता तद्द्रव्यं अर्हति ॥ ८/१४८ ॥

अर्थात्:- कुनै चल या अचल सम्पत्तिको मालिक अरु कोही हो तर त्यस सम्पत्तिलाई भोजचलन अहिले अरू कसैले गरिरहेको छ यो त्यसको मलिकलाई थाहा छ, देखेको छ, जानेको छ भने त्यसको सम्पत्तिको मालिकले सोह्र वर्षसम्म निरन्तर अन्यले आफ्नो भोगचलन गरेको देखेर पनि उसको मालिकले केही बोल्दैन भने सोह्र वर्षपछि त्यस चल अचल सम्पत्तिको मलिक अहिले जसले भोगचलन गरेको छ त्यो व्यक्ति नै हुनेछ । जुन चल अचल सम्पत्ति छ त्यस सम्पत्तिको पुरानो मालिकको हुँदैन अहिले जसले भोग गरिरहेको छ त्यही नै त्यस सम्पत्तिको मालिक हुनेछ ।

आधिः सीमा बालधनं निक्षेपोपनिधिः स्त्रीयः ।
राजस्वं श्रोत्रियस्वं च न भोगेन प्रणश्यति ॥ ८/१४९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- सुरक्षाको लागि कसैकोमा राखिएको वस्तु, देश तथा गाउँको सिमा, बालकको धन, राख्न दिएको अमानत, कहीँ गोप्य रुपले राखिएको धन, अरुको सेवक अहिले अर्कोको सेवा गरिरहेको व्यक्ति, राजस्वको धनमा राज्यको, वेद अध्ययन गरेको वेदध्यायीको आफ्नो ज्ञानमा आदिमा यदि कसैले भोगचलन या प्रयोग र परीक्षण गरेमा यी सबैको मालिक जो आफूमा हो त्यही नै हुनेछ जबसम्म त्यसको प्राण रहेको हुन्छ ।

यः स्वामिनाननुज्ञातं आधिं भूङ्क्तेऽविचक्षणः ।
तेनार्धवृद्धिर्मोक्तव्या तस्य भोगस्य निष्कृतिः ॥ ८/१५० ॥

अर्थात्:- ज्ञान अर्काले दिएको हो पहिले अनुभूति उसको हो ज्ञान र नियमको विधान अर्काको हो तर त्यस ज्ञानलाई अरु कसैले प्रयोगात्मक रुपले प्रयोग गरेर आफूमा लागु गर्यो र अरूले भनेको नियमलाई आफूमा लागु गरेर प्राविधिक परीक्षण गरेको भएमा त्यस ज्ञानको मलिक जसले नियम बनायो त्यही नै हुनेछ तर परीक्षणको मालिक भने जसले परीक्षण गर्यो त्यही हुनेछ तर नियम र सिद्धान्त जसको हो त्यही व्यक्ति नै त्यसको विधानको मालिक हुनेछ ।

कुसीदवृद्धिर्द्वैगुण्यं नात्येति सकृदाहृता ।
धान्ये सदे लवे वाह्ये नातिक्रामति पञ्चताम् ॥ ८/१५१ ॥

अर्थात्:- एक पटकमा मूलधन भन्दा दुई गुणाभन्दा धेरै व्याज भएमा, अर्थात् मूलधन भन्दा दुई गुणा अधिक व्याज कहिल्यै हुनसक्दैन । यदि यस्तो भएमा मूलधन आफै सकिनेछ अर्थात्, यदि मूलधनभन्दा दुई गुणा धेरै व्याज दिइएको भएमा फेरि व्याज र मूलधन दुवै समाप्त हुनेछ । अघि कुनै मूलधन र व्याजको विषय नै स्वतः समाप्त हुनेछ ।

(समयको कलमः- लामो समयपछि एक पटकमा मूलधन र व्याजको हिसाब गरेर मूलधन अलग गरेर मूलधन भन्दा दुई होस् या चार गुणा नै धेरै किन नहोस् दुई गुणाभन्दा धेरै जतिसुकै होस् तर व्याज केवल मुलधनको दुईगुणा मात्र दिनु तथा लिनुपर्छ, त्यसको अतिरिक्त धरै व्याज लिनुहुँदैन। यदि व्याज मासिक प्राप्त भइरहेको भएमा पनि व्याजको प्राप्ति मुलधन भन्दा दुईगुणा धेरै व्याज प्राप्त भएमा अघि एक पैसा पनि व्याज लिनुहुँदैन एक पटकमा व्याज लिदा मुलधन भन्दा दुईगुणा धेरै व्याज बनाएर प्राप्त गर्ने इच्छा गर्नुहुँदैन त्यस्तै जमानतमा राखेको वस्तुको प्रयोग गरेर हिसाब गर्दा मुलधनको पाँचगुणा धेरै हुनुहुँदैन, अन्न, वृक्षफल, ऊन, गोरु, आदिवाट प्राप्त हुने व्याजदरमा मुलधनभन्दा पाँचगुणा धेरै लगानी आएको खण्डमा मुलधनलाई मात्र लिनुपर्छ र यी सबै वस्तुलाई फिर्ता गर्नुपर्छ तर जो जो समान जसरी आफूमा जमानतमा प्राप्त भएको थियो त्यही र त्यस्तै हुनुपर्छ कुनै परिवर्तन भएको हुनुहुँदैन केवल प्राकृतिक परिवर्तन बाहेक ।

कृतानुसारादधिका व्यतिरिक्ता न सिध्यति ।
कुसीदपथं आहुस्तं पञ्चकं शतं अर्हति ॥ ८/१५२ ॥

अर्थात्:- दिएको मुलधन भन्दा दुईगुणा भन्दा अधिक व्याज लिनुहुँदैन । यही मुलधन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दा दुई गुणासम्मको व्याजलाई लिनुलाई नै आर्थिक लिनुदिनु भनिन्छ । आर्थिक लिनुदिनुमा व्याज पाँच प्रतिशतसम्म व्याजको दर पुगेको हुन्छ अर्थात् मुलधनको दुईगुणासम्मको व्याज प्राप्त गर्दा व्याज दर सयको पाँच रुपैँया बनेको हुन्छ ।

नातिसांवत्सरीं वृद्धिं न चादृष्टां पुनर्हरेत् ।
चक्रवृद्धिः कालवृद्धिः कारिता कायिका च या ॥ ८/१५३ ॥

अर्थात्:- व्याजको हिसाब प्रतिवर्ष मैं हुनुपर्छ, व्याजको लेखा एक बर्ष भित्रमा नै गरिसक्नुपर्छ एक बर्षभन्दा धेरै लामो समयसम्म व्याजको लिखित हिसाब गर्न ढिलो गर्नु हुनुहुँदैन । ऋणीमाथि अशक्तता या कुनै प्रकृति र दैविक प्रकोप आदि कुनै पनि समस्या तथा प्रकोप आएमा ऋणदाताले ऋणीको ऋण नै माफ गर्नु धर्मको कार्य हो यदि यो नसकेमा सकेसम्म व्याजलाई छुट गरेर मुलधन मात्र लिनु अति नै उत्तम कार्य हो, प्रकोपको कारण व्याजलाई छुट गरेको भएमा त्यसलाई पछि फेरि माग्नु पनि हुँदैन । व्याजमाथि व्याजको हिसाब गरेर लिनुहुँदैन । निश्चित गरिएको समयमै ऋणीले यदि ऋणको मुलधन फिर्ता गरेर फेरि त्यही ऋण लिन चाहेमा पहिलेको ऋणको व्याजको दर जति निश्चित गरिएको थियो त्यति नै व्याजको दर लगाउनु पर्छ, त्यो भन्दा धेरै लगाउनु हुँदैन । यदि ऋणीले शीघ्र नै मूलधन फिर्ता गरेको खण्डमा जबरजस्ती धेरै व्याज लिनु पनि हुँदैन एवं ऋण लिएको ऋणीलाई दबाव दिएर व्याज धेरै लिने डर देखाएर ऋणीसँग कुनै पनि मेहनत-मजदुरी आदिको शारीरिक श्रमपनि गराउनु हुँदैन ऋण लिएपनि ऋणी स्वतन्त्र हुन्छ तर व्याज भने ऋणदातालाई दिनुपर्छ ।

(समयको कलमः- ऋणदाताले ऋणीसँग छः प्रकारले व्याज लिनुहुँदैनः-

१) अति सांवतसरीः- लिएको मूलधनको दुईगुणा भन्दा धेरै ।
२) अटष्टाः- निश्चित गरिएको दरभन्दा धेरै व्याज ।
३) चक्रवुद्धिः- व्याजमाथि व्याज लिनुहुँदैन ।
४) कालवुद्धिः- बर्षपूरा भएपछि व्याजदर बढाउनु हुँदैन ।
५) करिताः- व्याज असुल गर्न दुःख दिनुहुँदैन ।
६) कायिकाः- मेहनत गराएपछि फेरि व्याज लिनुहुँदैन ।

ऋणं दातुं अशक्तो यः कर्तु इच्छेत्पुनः क्रियाम् ।
स दत्त्वा निर्जितां वृद्धिं करणं परिवर्तयेत् ॥ ८/१५४ ॥

अर्थात्:- जुन ऋणीले ऋण दिन असमर्थ भयो र व्याजको क्रिया अर्थात् ऋणको विधानलाई फेरि ऋणलाई निरन्तर गर्न चाहेमा पहिले त्यस समयसम्मको मूलधनको ऋणको व्याजलाई हिसाब गरेर पुरा सफाइ भएपछि मात्र नयाँ ऋणपत्रलाई तैयार गर्नुपर्छ । हैंन भने पुरानो व्याजको दरमैं मूलधनलाई निरन्तर दिनुपर्छ ।

अदर्शयित्वा तत्रैव हिरण्यं परिवर्तयेत् ।
यावती संभवेद्वृद्धिस्तावतीं दातुं अर्हति ॥ ८/१५५ ॥

अर्थात्:- एक बर्षसम्म ऋणीले कुनै व्याज नै दिएन परिस्थिति हेरेर त्यस ऋणीसँग व्याजको लेनदेन गर्नुपर्छ परन्तु जो ऋणी आफ्नो अशक्तताको कारण सम्पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूलधन र व्याज दुवैलाई लेनदेन गर्न सकेन प्रमाणित भयो भने व्याज जति हो त्यति लिनुपर्छ, यदि कारणवश कुनै प्रकोपको कारण मूलधन हैंन व्याज पनि दिन सकेन भने व्याजलाई माफ गर्न ऋणदाता सक्नेछ तर अन्य कुनै कारणले व्याजलाई दिएको हैन भने एक बर्षपछि मूलधन र एक बर्षसम्मको व्याजलाई हिसाव गरेर त्यो व्याजलाई पनि मूलधनमा जोडेर मूलधन बनाउनु पर्छ तर व्याज दिएको हो भने व्याजलाई मूलधनमा परिवर्तन गर्न भने हुँदैन ।

चक्रवृद्धिं समारूढो देशकालव्यवस्थितः ।
अतिक्रामन्देशकालौ न तत्फलं अवाप्नुयात् ॥ ८/१५६ ॥

अर्थात्:- मनुष्यले ऋण लिँदा र ऋण दिँदा व्याजदर निश्चित गर्नुपर्छ त्यो व्याजदरको विधान मनुष्य, देश र कालसँग मिल्ने गरेर व्यवस्थित र व्यवहारिक हुनुपर्छ समाज र व्यापारको हिसावमा हुनुपर्छ । किनकि ऋण, ऋणी, मुलधन र व्याजको व्यवस्था देश-कालको अवस्था अनुसार नै निश्चित हुनुपर्छ, जसले परिस्थितीलाई नबुझी नियम नै नजानी ऋणको प्रवाह गर्छ त्यसको व्याज मात्र हैन मुलधनको पनि हराऊन सक्नेहुन्छ ।

(समयको कलमः-माथिको श्लोकको आशय यस्तो हो जो मनुष्य भरियाको काम गर्छ तर आफ्नो प्रतिज्ञालाई पूर्ण पालन गर्दैन भने त्यस प्रतिज्ञापालन नगर्ने व्यक्ति त्यस व्यक्ति जसले भरियाको गर्ने कर्मको पुरा फल प्राप्त गर्दैन जस्तै मेरो घरबाट मेरो पाठशालासम्म मेरो बन्दोवस्तीको समान लिएर जानु थियो मैले यति पैसा दिन्छु भने सहमति भयो कार्यारम्भ भयो र मध्यबाटो मै त्यस भरियाले त्यो कार्य त्याग गरेमा त्यस भरियाको कार्य गर्ने व्यक्तिले आफ्नो परिश्रमको पुरा पैसा प्राप्त गर्दैन।माथिको १५६ श्लोक यस्तो मनुष्यको लागि भनिएको नियम हो जो मनुष्यले प्रतिज्ञानुसार कार्य पुरा नगरेर बीचमा परिश्रम छोडेमा उनको परिश्रमको पुरा फल दिनुपर्छ नै भन्ने हैन । जुन मनुष्यले जानेर बुझेर प्रतिज्ञा भङ्ग गर्छ त्यस व्यक्तिले आफ्नो परिश्रमको पुरा फललाई प्राप्त गर्दैन यदि त्यसले प्रतीज्ञा भङ्ग गरेमा संसारमा अविश्वास र अधर्म प्रचारित हुनसक्छ । त्यसैले व्यापारीले चक्रवुद्धि लेनदेनको लागि देश र कालको व्यवस्था अनुसार नियम बनाउनुपर्छ । यदि देश र कालको अवस्थमा बनाएको नियमलाई बीचमा नै उल्लंघन गरेमा कर्मको कर्मफललाई उसले पनि प्राप्त गर्न सक्दैन ।

समुद्रयानकुशला देशकालार्थदर्शिनः ।
स्थापयन्ति तु यां वृद्धिं सा तत्राधिगमं प्रति ॥ ८/१५७ ॥

अर्थात्:- चक्रवुद्धि लिनुदिनुमा देश र कालको व्यवस्थाको विधान समुद्रमा व्यापार गर्ने कार्यमा सक्षम र कुशल तथा देश-काल आनुसार अर्थशास्त्रको विधानलाई वुझेको अर्थशास्त्रीको ज्ञाता व्यापारीहरूले जुन व्याज दरको विधानलाई निश्चित गरेका हुन्छन् त्यो विधान व्यवहारिक भएमा त्यसलाई पनि प्रामाणिक मानेर कार्य गर्न सकिने छ ।

यो यस्य प्रतिभूस्तिष्ठेद्दर्शनायेह मानवः ।
अदर्शयन्स तं तस्य प्रयच्छेत्स्वधनादृणम् ॥ ८/१५८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- कुनै पनि दुई व्यक्तिको लेनदेनमा तेस्रो व्यक्तिलाई जमानी बसेर मूलधनको लेनदेन भएमा तेस्रो व्यक्ति लेनदेनको लागि साक्षी बन्यो तर लेनदेन भएको दुई व्यक्तिको हो तर ऋणीले ऋणदातालाई व्याज तथा मूलधन दिएन भने त्यस ऋणीले लिएको मुलधन र व्याजको हिसाब जुन तेस्रो मनुष्य जमानीमा उपस्थिति भएको थियो त्यस जमानी मनुष्यबाट व्याज तथा मुलधनलाई नै असुल ऊपर गर्नुपर्छ ।

प्रातिभाव्यं वृथादानं आक्षिकं सौरिकां च यत् ।
दण्डशुल्कावशेषं च न पुत्रो दातुं अर्हति ॥ ८/१५९ ॥

अर्थात्:- तर दुई व्यक्तिको लेनदेनमा यदि पिताले प्रातिभाव (जमानी) दिएको भएमा, पिताले ऋण लिएर पाखण्डीलाई दान दिएको भएमा, द्यूत (जुवा) खेलेर सबै पैसा तथा सम्पत्तिलाई गुमाएको भएमा, मद्यपान तथा मदिरा सबै पैसा व्यय गरेको भएमा, कुनै कार्यको अर्थ दण्डको लागि धन लिएको भएमा यस प्रकारको ऋणलाई तिर्न उसको पुत्र बाध्य हुँदैन ।

(समयको कलमः- निम्न अवस्थामा पिताले लिएको ऋणलाई पुत्रले चुक्ता गर्नुपर्दैन र यो किसीमको ऋण तिर्नुपर्ने पुत्रको कर्तव्य हुँदैन

१) प्रातिभाव्यमः- अर्थात् जमानतको लागि लिएको ऋणको ।
२) वृथा दानमः- अनुचित दानको लागि लिएको ऋणको ।
३) आक्षिकमः- जुवाको लागि लिएको ऋणको ।
४) सौरिकंः- सुरा अर्थात् मदिराको लागि लिएको ऋणको ।
५) दण्डशुल्कावशेषमः- दण्ड जरिवानको लागि लिएको ऋणको) ।

दर्शनप्रातिभाव्ये तु विधिः स्यात्पूर्वचोदितः ।
दानप्रतिभुवि प्रेते दायादानपि दापयेत् ॥ ८/१६० ॥

अर्थात्:- जो व्यक्ति जेसँग सम्बन्धित छ त्यो नियम त्यसलाई नै लागु हुन्छ, माल तथा जमिनको लागि दर्शन प्रातिभावी अर्थात् जमानी लिएको तर पिताको मृत्यु भएको खण्डमा त्यस माल तथा जमिनको ऋण भने पुत्रले दिनुपर्छ । तर अन्यको लागि जुन ऋणको परिशोवार्थको लागि उसको पिता मौखिक या लिखित जमानी बस्नु भएको थियो त्यो जमानिको ऋणीले ऋणदाताको मुलधन तथा व्याज फिर्ता नगरेको खण्डमा दर्शन प्रातिभुविको मृत्यु पश्चात् उसको पुत्र त्यस ऋणीलाई ऋणदाताको करोवारको वारेमा कुनै लिनुदिनु रहँदैन र जमानीको पुत्र ऋणीलाई ऋणदाताको अघि उपस्थित गराउनको लागि भने बाध्य हुनेछैन ।

(समयको कलमः- जमानी पिताले दिएको या लिएको हो तर पिताको मृत्यु भएमा त्यस पिताको जमानीसँग पुत्रको कुनै लिनुदिनु हुँदैन, जमानी जसले लिएको हो त्यही जिम्मेदार हो अन्य हुँदैन जमानीको विधान केवल 'दर्शनप्रातिभाव्य'को लागि हो 'दानप्रातिभाव्य'को लागि भने लागु हुँदैन । 'दर्शनप्रातिभाव्य' त्यो हो जसमा कसैले अर्थात् जमानीमा रहेकाले कसैलाई अर्थात् ऋणीलाई केवल हाजिर गराउने मौखिक जमानी लिएको हो । यदि पिताले हाजिर गर्नको नसकेको खण्डमा र पिताको मृत्यु भएमा दर्शनप्रतिभाव्यको मृत्युसँगै उसको जमानी विधान पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकियो त्यस जमानी विधानसँग पुत्रको कुनै लीनुदिनु हुँदैन तर 'दानप्रातिभाव्य'को विधान त्यो हो यदि उसले पैसा नदिएमा म आफैले दिनेछु भनेर गरिएको जमानी हो तर यसमा पनि पुत्रको कुनै लिनुदिनु हुँदैन ।

अदातरि पुनर्दाता विज्ञातप्रकृतावृणम् ।
पश्चात्प्रतिभुवि प्रेते परीप्सेत्केन हेतुना ॥ ८/१६१ ॥

अर्थात्:- दर्शनप्रतिभू तथा विश्वासप्रतिभू यी दुवै प्रकारको प्रतिभू (जमानी) ऋणको लेनदेन धनको विषयको प्रतिभू हो ऋणदाताले अरु जमानीको विश्वसमा ऋणीलाई ऋण दिएको हो, ऋण दिए तत्पश्चात् प्रतिभूको मृत्युभयो ऋणीको पनि मृत्यु भयो भने ऋणदाताले आफ्नो धनलाई प्राप्तगर्ने इच्छा भएमा कसरी रकोसँग आफ्नो मुलधन प्राप्त हुन्छ त्यो विषयमा प्रतिभूको त मृत्यु भयो तथा उसको पुत्र त्यो ऋणलाई तिर्न नै पर्छ भन्ने आज्ञा छैन । त्यो अवस्थामा के गर्ने त ? त्यो अवस्थामा जो ऋणी थियो त्यसको पुत्रलाई आग्रह गर्नुपर्छ । यदि ऋणीको बारेमा जानकार नभएमा जो जमानत वस्नु भएको थियो उसको पुत्रलाई आग्रह गर्नुपर्छ कि ऋणीको पुत्रको हो र घर कहाँ हो भनेर ।

निरादिष्टधनश्चेत्तु प्रतिभूः स्यादलंधनः ।
स्वधनादेव तद्दद्यान्निरादिष्ट इति स्थितिः ॥ ८/१६२ ॥

अर्थात्:- कसैसँग ऋणको लेनदेनमा पिताले कुनै जमानी वस्नु भएको थियो यो विषयमा पुत्रलाई जानकारी दिनुभएको भएमा पुत्रले त्यो विषयमा ऋणदातालाई ऋणीसँग आफ्नो मुलधन फिर्ता गर्नको लागि सहयोग गर्नुपर्छ तर जो जमानी वस्नु भएको थियो उसको पुत्र यो ऋणदातालाई केवल सहयोग गर्नमात्र सक्नेछ । तर पिताले ऋण लिएको त्यही ऋणबाट धन सम्पत्तिलाई जोडेको र कुनै लिखित प्रमाणलाई लिखित रुपमा नै छोडेको भएमा पुत्रले त्यस ऋणदाताको मुलधनलाई फिर्ता गर्नुपर्छ त्यस्तै पिता जमानी वस्नु भएको हो लिखित प्रमाण छोड्नु भएकोछ भने तर जसले ऋण लिएको थियो त्यसको मृत्यु भएमा जमानिको पुत्रले ऋणदातालाई उसको मुलधन असुल गर्नको लागि भने सहयोग गर्नुपर्छ र पिताले ऋण लिएको प्रमाण छोडेर जानु भएको छ तर कुनै सञ्चित धन सञ्चित सम्पत्तिलाई नछोडेको भएमा पुत्र त्यस ऋणको भुक्तानि गर्न बाध्य हुँदैन तर सम्पत्ति तथा धनलाई छोडेको भएमा भने ऋणदाताको ऋणको सम्पूर्ण लेनदेनलाई पूर्ण गराउनु पर्छ ।

(समयको कलमः- 'निरादिष्टः'को अभिप्राय यो हो कि 'निरादिष्टधनपुत्रः' अर्थात् पिताले ऋणी बनेर ऋण लिएको त्यही ऋणबाट धेरै जमिन या अन्य कुनै समान या पर्याप्त मात्रमा धन छोडेको भएमा, पुत्रले आफ्नो पिताको ऋणलाई चुक्ता गर्नुपर्छ यस्तो नीतिशास्त्रमर्यादा हो)

मत्तोन्मत्तार्ताध्यधीनैर्बालेन स्थविरेण वा ।
असंबद्धकृतश्चैव व्यावहारो न सिध्यति ॥ ८/१६३ ॥

अर्थात्:- लेनदेनको कुनै पनि विषयमा कुनै पनि विधानमा प्राप्त यी प्रमाणलाई पूर्ण प्रमाणित हुन् भनेर स्वीकार हुँदैन किनकि प्रमाण स्वीकार गर्नको लागि अवस्था हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै नशामा मत्त भएको, वेहोस् तथा उन्मत्त, कुनै कारणले अत्यधिक दुःखी भएको, पराधीन व्यक्ति, नवबालक, अति वृद्धसँग गरिएको व्यवहार तथा त्यो व्यवहार जसमा पहिले केही गरिएको थियो अहिले अर्कै गरिएको छ, त्यस्तो प्रमाणलाई फेरबदल गरिएको, केरमेट गरिएको, यी सबै प्रमाणलाई कुनै पनि आधिकारिक प्रमाण हो भनेर स्वीकार गर्नुहुँदैन ।

सत्या न भाषा भवति यद्यपि स्यात्प्रतिष्ठिता ।
बहिश्चेद्भाष्यते धर्मान्नियताद्व्यवहारिकात् ॥ ८/१६४ ॥

अर्थात्:-माथि भनिएको तीसँग गरिएको प्रमाण चाहे त्यो प्रमाण लेख आदिद्वारा प्रमाणित पनि छ तर पनि त्यो पूर्ण सत्य स्वीकार हुँदैन जो नियमको उद्देश्य व्यावहारिक र धर्मलाई पनि उल्लंघन गरेर गरिएको हुन्छ त्यो स्वीकार गर्नुहुँदैन चाहे त्यो प्रमाणित नै किन नहोस् । अर्थात् धर्मको विरुद्ध भएको देश विरुद्ध भएको प्रमाण चाहे त्यो होशमा होस् जवानीमा होस् जसले गरे पनि कुनै अवस्थामा मान्य हुँदैन । यद्यपि कोहि कुरा पक्का प्रमाणित भएको छ, परन्तु त्यो प्रमाण धर्मको विरुद्ध र निश्चित व्यावहारिक नियमको पनि विरुद्ध र नियमको सीमा रेखालाई पार गरेको भएमा त्यो सत्य भए पनि सत्य हैन र प्रामाणिक पनि हैन ।

योगाधमनविक्रीतं योगदानप्रतिग्रहम् ।
यत्र वाप्युपधिं पश्येत्तत्सर्वं विनिवर्तयेत् ॥ ८/१६५ ॥

अर्थात्:- लेनदेनको विषयमा अधर्मपूर्वक योगद्वारा अर्थात् छलद्वारा धरौटी राखिएको या वेचिएको, छलद्वारा लिएको या छलद्वारा नै दिएको र छलको धरौटी अर्थात् अमानत जहाँ र जसले राखेको या जसले पाएको भए पनि त्यो धरौटी सदैव अनुचित हुन्छ भन्ने बुझ्नुपर्छ ।

ग्रहीता यदि नष्टः स्यात्कुटुम्बार्थे कृतो व्ययः ।
दातव्यं बान्धवैस्तत्स्यात्प्रविभक्तैरपि स्वतः ॥ ८/१६६ ॥

अर्थात्:- बृहत परिवार तथा संयुक्त परिवारमा रहेको अवस्थामा परिवारको खर्चको लागि भनेर घरमुलीले ऋण लिएको थियो तर घरमुलीको मृत्यु भयो र अहिले सबै परिवार अलग अलग भएर रहेको भए पनि त्यो बृहत परिवार होस् या संयुक्त परिवारको होस् ती परिवार अहिले जे जति घर भएर बाँड़िएका छन् ती सबै मिलेर सँगोलमा रहँदा परिवारको लागि घरमुलीले लिएको ऋणलाई सबैले मिलेर तिर्नुपर्ने हुन्छ ।

कुटुम्बार्थेऽध्यधीनोऽपि व्यवहारं यं आचरेत् ।
स्वदेशे वा विदेशे वा तं ज्यायान्न विचालयेत् ॥ ८/१६७ ॥

अर्थात्:- लेनदेनको विषयमा आफ्नो परिवारको सदस्य हो घरभन्दा बाहिर छ स्वदेश या विदेशमा रहेर परिवारभन्दा बाहिरको आफ्नो लेनदेन व्यवहारको कार्य गरेको खण्डमा घरको घरमुलीले उसको लेनदेनको कार्यमा हस्तक्षेप गर्नुहुँदैन तर गलत कार्य भएमा सावधान भने गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बलाद्दत्तं बलाद्भुक्तं बलाद्यच्चापि लेखितम् ।
सर्वान्बलकृतानर्थानकृतान्मनुरब्रवीत् ॥ ८/१६८ ॥

अर्थात्:- लेनदेनको विषयमा सङ्केतमा बताएर गरिएको कार्य, जबरजस्ती डर देखाएर प्रयोग तथा लेनदेन गर्दैमा, लेख लेख्दैमा आदि यस्तो तरिकाले गरिएको लेनदेन कार्य प्रमाणित कार्य नै हो भन्ने सिद्ध हुँदैन ।

त्रयः परार्थे क्लिश्यन्ति साक्षीणः प्रतिभूः कुलम् ।
चत्वारस्तूपचीयन्ते विप्र आढ्यो वणिङ्नृपः ॥ ८/१६९ ॥

अर्थात्:- यी तीन कुनै पनि लेनदेनको प्रमाण हो तर यी तीनको लेनदेन कार्यबाट आफूलाई भनेकोहि लाभ हुँदैन ।

१) जमानी २) साक्षी ३) कुल

यी तीन केवल दोस्रोको अर्थको या अन्यको लेनदेनको दुःख तथा क्लेशलाई प्राप्त गरेको हुन्छ यी तीनको कुनै लाभ हुँदैन तर,

१) ज्ञानी २) साहु ३) व्यवहारी तथा ४) राजा

यी चार अन्यबाट आफूलाई लाभ प्राप्त गरेको हुन्छन् अर्थात् पूर्वको तीनले कार्य त गरेका हुन्छन् तर त्यस कार्यकोकोहि फाइदा हुँदैन भने पछिको चारलाई भने लाभ नै लाभ हुन्छ। अतः ज्ञानी मनुष्य पहिलो तीन कार्यमा सम्मिलित नहुनु नै उत्तम हो तथा दोस्रो चार कार्य गर्नमा सधैँ नै प्रयत्नशील हुनुपर्छ ।

अनादेयं नाददीत परिक्षीणोऽपि पार्थिवः ।
न चादेयं समृद्धोऽपि सूक्ष्मं अप्यर्थ उत्सृजेत् ॥ ८/१७० ॥

अर्थात्:- राजा यद्यपि निर्धन देशको होस् तर पनि देशको लागि घातक प्रजाको लागि घातक जो वस्तु अग्राह्म छ त्यो वस्तु तथा साधनलाई ग्रहण गर्नुहुँदैन जो वस्तु अयोग्य छ, त्यसलाई ग्रहण गर्नुहुँदैन, तर राजा जतिसुकै धनी होस् प्रजा जातिसुकै धनी होस् सबैमा विधानमा सम्पन्न होस् देश र जनताको कल्याणको लागि छ तर सूक्ष्म छ भनेपनि त्यो ग्राह्म (लिनुपर्ने योग्य) वस्तु सूक्ष्म नै किन नहोस् त्यसलाई राजाले अवश्य ग्रण गर्नुपर्छ यो राजधर्म हो ।

अनादेयस्य चादानादादेयस्य च वर्जनात् ।
दौर्वल्यं ख्याप्यते राज्ञः स प्रेत्येह च नश्यति ॥ ८/१७१ ॥

अर्थात्:- लेनदेन विषयमा राजाले पनि ग्राह्य वस्तुलाई त्याग गर्नाले तथा अग्राह्य वस्तुलाई ग्रहण गर्नाले राजाको निर्वलता प्रकट हुन्छ तथा यस्तो अग्राह्य वस्तुलाई ग्रहण गर्ने राजा सधैँ पतित हुन्छ र यस्तो अग्राह्म वस्तुलाई ग्रहण गर्ने राजाले आफूले सुख त प्राप्त गर्न सक्दैन सक्दैन प्रजा पनि यस्तो राजाको कारणले प्रजाले पनि सुखलाई कहिल्यै प्राप्त गर्न सक्दैन ।

स्वादानाद्वर्णसंसर्गात्त्ववलानां च रक्षणात् ।
बलं संजायते राज्ञः स प्रेत्येह च वर्धते ॥ ८/१७२ ॥

अर्थात्:- लेनदेनको विषयमा ग्राह्य वस्तुलाई ग्रहण गर्नाले तथा अग्राह्य वस्तुलाई त्याग गर्नाले, वर्ण व्यवस्था अनुसार कार्य गर्नाले र शास्त्रअनुसारको संस्कार अनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र गुण कर्मलाई ध्यान दिएर परस्पर विवाह गराउने विधान लागु गर्नाले, निर्बल प्रजाको रक्षा गर्नाले राजा बलवान् हुन्छ र यस्तो उत्तम राजाको कारण प्रजा सुखी र खुशी हुन्छन् र राजा आफैमा बलवान् हुन्छ र यस्तो नियमकारी राजाको कारणले नै सबै प्रजा सधैँ सुखी र खुशी हुन्छन् ।

तस्माद्यम इव स्वामी स्वयं हित्वा प्रियाप्रिये ।
वर्तेत याम्यया वृत्त्या जितक्रोधो जितेन्द्रियः ॥ ८/१७३ ॥

अर्थात्:- लेनदेनको विषयमा राजा होस् या व्यापारी होस् आफ्नो कार्यमा आफ्नो प्रिय र अप्रिय वस्तुलाई त्याग गर्नुपर्छ किनकि राजाले देश र जनताको लागि उत्तम, कल्याणकारी र प्रिय साधनको लिनुदिनु गर्नुपर्छ भने व्यापारीले आफ्नो ग्रहकको लागि प्रिय तथा अप्रिय के हो ग्राहकको अभिलाषालाई ध्यानमा राखेर आफूमा प्राप्त हुने सम्पूर्ण मोहलाई परित्याग गरेर अक्रोधी तथा जितेन्द्रिय बनेर आफ्नो कार्य गर्नुपर्छ ।

यस्त्वधर्मेण कार्याणि मोहात्कुर्यान्नराधिपः ।
अचिरात्तं दुरात्मानं वशे कुर्वन्ति शत्रवः ॥ ८/१७४ ॥

अर्थात्:- जुन राजाले लेनदेनको कार्यमा आफ्नो मात्र कल्याण हेरेर प्रजाको बारेमा ध्यान राखेको हुँदैन त्यस्तो राजाले मोह वा प्रीतिवश अधर्म कार्य गरेको हुन्छ यस्तो अधर्मी राजा आफ्नो पतित कार्यको कारण आफै शत्रुको वशमा पर्छ । राजाले आफ्नो मात्र कल्याणलाई हेर्नुहुँदैन आफ्नो कल्याण हेर्ने राजा त्यो राजा हैंन त्यस्तो राजालाई पक्षपाती भनिन्छ, आफ्नो मनमा भएको मोहको कारण राजाले राजधर्मलाई छोडेको हुन्छ राजधर्मलाई छोड्नु मूर्खता हो मूर्खताको कारणले नै त्यो राजा सधैँ सबैको दृष्टिमा घृणित हुन्छ घृणित राजाले छिट्टै आफ्नो राज्यलाई आफ्नो हातबाट गुमाउने हुन्छ ।

कामक्रोधौ तु संयम्य योऽर्थान्धर्मेण पश्यति ।
प्रजास्तं अनुवर्तन्ते समुद्रं इव सिन्धवः ॥ ८/१७५ ॥

अर्थात्:- लेनदेनको विषयमा राजा अक्रोधी, अकामी तथा जितेन्द्रिय भएर देश र प्रजाको कल्याणको लागि न्यायरत रहेर देश र प्रजाको कल्याणलाई ध्यानमा राखेर लेनदेनको कार्य गरेको हुनुपर्छ त्यस्तो नियमकारी राजाको आज्ञालाई प्रजाले सदैव पालन गरेको हुन्छ तथा त्यस्तो राजाको लामो उमेर होस् भनेर राजाको लागि सधैँ प्रार्थना गरेको हुन्छन् यस्तो उत्तम राजासँग प्रजा सधैँ रहने इच्छा गरेका हुन्छन् जसरी नदिले समुद्रलाई पानी दिइनै रहेको हुन्छ नादिले समुद्रसँग केही लिदैन त्यस्तो दाताको वियोगको इच्छा कसले पो गर्छ र ? त्यसैले राजाले सधैँ राजधर्मको नियमलाई पालन गर्नुपर्छ ।

यः साधयन्तं छन्देन वेदयेद्धनिकं नृपे ।
स राज्ञा तच्चतुर्भागं दाप्यस्तस्य च तद्धनम् ॥ ८/१७६ ॥

अर्थात्:- लेनदेनको विषयमा कोही ऋणदाताले ऋणीसँग परस्पर इच्छापूर्वक, अर्थात् सम्झौताअनुसार आफ्नो ऋणको लेनदेनको कार्यलाई गरिरहेको छ, परन्तु ऋणीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋणदाताको बारेमा झुटो आरोप लगाएर राजासँग गुनासो गरेमा र ऋणीले झुटो आरोप लगाएको प्रमाणि भएको खण्डमा राजाले त्यस ऋणीलाई त्यस ऋणदातासँग लिएको ऋणको चौथो भाग दण्ड जरिवाना गर्नुपर्छ र ऋणदाताको जति धन हो त्यो धन ऋणदातालाई दिनुपर्छ यो राजधर्म हो ।

कर्मणापि समं कुर्याद्धनिकायाधमर्णिकः ।
समोऽवकृष्टजातिस्तु दद्याच्छ्रेयांस्तु तच्छनैः ॥ ८/१७७ ॥

अर्थात्:- समान कर्म भएको ऋणदाता र अलग अलग कर्म गर्ने ऋणदाता भएमा समान कर्मगर्ने ऋणीले ऋणदाताको ऋणलाई दिन नसकेमा ऋणी ऋणदाताको घरको कुनै पनि काम गरेर ऋणदाताको ऋणलाई पुरा गर्नुपर्छ । परन्तु ऋणी मनुष्य अलग कर्मगर्ने हो तर ज्ञान र नीतिशास्त्र ज्ञानी हो भने यस्तो उत्कृष्ट ज्ञानी मनुष्यसँग ज्ञान लिएरपनि ऋणलाई पुरा असुल गर्न सकिनेछ तर यस्तो ज्ञानी मनुष्यलाई यसको ज्ञानभन्दा बाहिरको कार्यमा भने लगाउनु हुँदैन यदि ज्ञान लिन चहादैन भने ऋणदाताले ज्ञानी ऋणीलाई भन्नु विस्तारै विस्तारै दिनु भनेर ।

अनेन विधिना राजा मिथो विवदतां नृणाम् ।
साक्षीप्रत्ययसिद्धानि कार्याणि समतां नयेत् ॥ ८/१७८ ॥

अर्थात्:- लेनदेनको विषयमा झगड़ा गर्ने ऋणी र ऋणदाताको विषयमा झगड़ा भएमा राजाले ती दुवैसँग भएको प्रमाण, साक्षी र कागज़ आदि अन्य प्रमाणद्वारा सिद्ध भएको या दुवै व्यक्तिको आचरण देखेर पनि झगडाको विषयमा निर्णय गर्नुपर्छ ।

कुलजे वृत्तसंपन्ने धर्मज्ञे सत्यवादिनि ।
महापक्षे धनिन्यार्ये निक्षेपं निक्षिपेद्बुधः ॥ ८/१७९ ॥

अर्थात्:- लेनदेनको बारेमा बुद्धिमान् ऋणी व्यक्तिले जमानत, निक्षेप, धरोहर राख्नु परेमा ज्ञानी कुलीन, सत्यवादी आचरण भएको, रोजगार भएको, ध र्मात्मा, सत्यवचन बोल्ने, ज्ञानी परिवार भएको, उत्तम आचरण भएको आर्यको घरमा आफ्नो धरोहर राख्नुपर्छ ।

यो यथा निक्षिपेद्धस्ते यं अर्थ यस्य मानवः ।
स तथैव ग्रहीतव्यो यथा दायस्तथा ग्रहः ॥ ८/१८० ॥

अर्थात्:- जो मनुष्यले जसरी, जसको लागि, जुन कार्यको लागि र जसले नै जुन मनुष्यको हातमा धरोहरको रुपमा जुन वस्तु सुम्पेको थियो र जुन विधिले सुम्पेको थियो त्यही विधिले नै त्यस मनुष्यको हातबाट त्यो वस्तुलाई जस्तो दिइएको थियो त्यस्तै ग्रहण गर्नुपर्छ किनकि जस्तो दिइन्छ ठीक त्यस्तै लिइन्छ भन्ने नीति रहेकोछ ।

यो निक्षेपं याच्यमानो निक्षेप्तुर्न प्रयच्छति ।
स याच्यः प्राड्विवाकेन तन्निक्षेप्तुरसंनिधौ ॥ ८/१८१ ॥

अर्थात्:- साहुलाई राख्न दिएको अमनता अर्थात् नासोलाई यदि नियम पुरा गरेर नासो जम्मा कर्ताले फिर्ता माग्दा नासो नदिएको खण्डमा राजाले नासो राखेको र नासो राख्ने बीचको सत्यता के हो त्यसको सत्यतलाई खोजेर नासो राख्ने र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नासोको स्वामी दुवैको बीचमा परोक्ष प्रश्नोत्तरद्वारा सत्यतथ्य परिज्ञात गर्नुपर्छ यस्तो गर्दा कुनै व्यक्तिमाथि राजाले अन्याय गर्नुहुँदैन ।

साक्ष्यभावे प्रणिधिभिर्वयोरुपसमन्वितैः ।
अपदेशैश्च संन्यस्य हिरण्यं तस्य तत्वतः ॥ ८/१८२ ॥

अर्थात्:- नासो राख्ने व्यक्ति र नासो भएको वस्तुको स्वामी दुवैको बीचमा परोक्ष प्रश्नोत्तरद्वारा सत्यत्थ्य परिज्ञात भयो तरपनि थाती राख्ने व्यक्तिले सत्यतालाई स्वीकार गरेन भने र नासो राख्ने व्यक्तिको कोहि साक्षी नभएको खण्डमा राजाले नियमकारी र न्यायकारीको भूमिकालाई पालन गर्दै जो अन्यायमा परेको छ त्यसको सत्यताको लागि कार्य गर्नुपर्छ जसको लागि आफ्नो अति विश्वस्त गुप्तचरद्वारा, वृद्ध व्यक्तिलाई कुनै नासो त्यस व्यक्तिको घरमा राख्न लगाउनु पर्छ तर गुप्तचर भने आफ्नो कार्यमा चुस्त दुरुस्त हुनुपर्छ त्यस्तो विश्वस्त पात्रलाई महङ्गो समानलाई नासो लिएर थाती राख्नु भनेर पठाउनु पर्छ र त्यसपछि थाती राख्ने व्यक्तिको आचरण कस्तो छ नासो फिर्ता गर्दा के गर्छ भन्ने विश्लेषण गरेर सत्यतालाई विश्लेषण गरेर कार्य गर्नुपर्छ ।

स यदि प्रतिपद्येत यथान्यस्तं यथाकृतम् ।
न तत्र विद्यते किं चिद्यत्परैरभियुज्यते ॥ ८/१८३ ॥

अर्थात्:- यदि राजाले आफ्नो गुप्तचरद्वारा धरोहरमा राखिएको महङ्गो सामान फिर्ता लिनको लागि माग्दा धरोहर राखिएको समान देखेर त्यो धरोहर राख्ने मनुष्यले लालच देखायो, आचरण, वचन र व्यवहारमा केही मात्रमा पनि परिवर्तन गऱ्यो, यदि जुन वस्तु जुन समान जुन धन जस्तो दिइएको थियो जस्तो निश्चय गरिएको थियो त्यस समान वस्तु तथा धनलाई जस्तो दिइएको थियो त्यही अनुसार फिर्ता दियो मनमा पनि कुनै लालच देखाएन, वस्तुमा कुनै फेरबदल गरेन भने राजाले यो बुझ्नु पर्छ कि त्यो व्यक्ति सत्य हो जसले धरोहर नदिएको भनेर आरोप लगाएको छ त्यो व्यक्ति गलत् हो भनेर तुरुन्तै घोषणा गर्नुपर्छ र झुटो आरोप लगाउने व्यक्तिलाई नियमअनुसार दण्ड पनि दिनुपर्छ । अर्थात् जुन वस्तु हो त्यसको मूल्यको चारभागको एक भाग बरावरको दण्ड जरिवान गर्नुपर्छ ।

तेषां न दद्याद्यदि तु तद्धिरण्यं यथाविधि ।
उभौ निगृह्य दाप्यः स्यादिति धर्मस्य धारणा ॥ ८/१८४ ॥

अर्थात्:- राजाले आफ्नो गुप्तचरसँग दिएको वस्तुमा जसले धरोहर राखेको थियो त्यस वस्तु त्यस साधन त्यस धन आदिलाई केही फेरबदल गर्यो दिन आनाकानी गऱ्यो या कुनै आचारणमा परिवर्तन गऱ्यो, कुनै लालच देखायो भने त्यो व्यक्ति अपराधी हो त्यस्तो अपराधीलाई आफ्नो नियन्त्रणमा लिएर पहिले जसले धरोहर राखेको थियो त्यो र पछि आफ्नो गुप्तचरले राखेको धरोहरलाई तुरुन्त उसको मालिकलाई दिनुपर्छ, र यस्तो व्यक्तिलाई राजधर्मको विधानको राजदण्डको नियमअनुसार चारमा एक भागको दण्ड जरिवाना गर्नुपर्छ तर राजाले कहिल्यै राजधर्मको नियम भने छोड्नु हुँदैन यही विधान नै न्यायधर्मको निश्चय भाग हो र राजधर्मको विधान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि हो ।

निक्षेपोपनिधी नित्यं न देयौ प्रत्यनन्तरे ।
नश्यतो विनिपाते तावनिपाते त्वनाशिनौ ॥ ८/१८५ ॥

अर्थात्:- निक्षेप र उपनिधि अर्थात् सिलवन्धी गरेर कसैको धरोहरको रुपमा राखेको वस्तुको मलिक जीवित छ भने निक्षेप र उपनिधि जसले राखेको हो, सधैं त्यो निक्षेप र उपनिधि राख्ने व्यक्तिलाई नै दिनुपर्छ जोसँग निक्षेप र उपनिधि लिएको हो त्यही व्यक्तिसँग नै आफ्नो निक्षेप र उपनिधि लिनुपर्छ निक्षेप र उपनिधिको जसले जम्मा गरेको हो त्यो निक्षेपकर्ता जीवित रहँदै उसको हकवाला तथा उत्तराधिकारीलाई निक्षेप र उपनिधि दिनुहुँदैन । तर निक्षेप कर्ता जीवित नभएमा मात्र ईमानदारी साथमा निक्षेप र उपनिधि जसको हो त्यसको उत्तराधिकारीलाई दिनुपर्छ तर जीवित रहेसम्म त्यस निक्षेप र उपनिधिको अधिकार उसको कुनै पनि उत्तराधिकारीको हुँदैन तर मृत्यु भएमा मात्र उसको उत्तराधिकारीको अधिकार हुन्छ ।

(समयको कलमः- जुन धरोहर खुला रुपमा राखिएको हुन्छ त्यसको साक्षी सवै छन् त्यसलाई 'निक्षेप' भनिन्छ र जो मुद्रा आदिबाट अंकित गरेर राखिएको हुन्छ तर मुद्रा हैन त्यस्तोलाई उपनिधि भनिन्छ)

स्वयं एव तु यौ दद्यान्मृतस्य प्रत्यनन्तरे ।
न स राज्ञाभियोक्तव्यो न निक्षेप्तुश्च बन्धुभिः ॥ ८/१८६ ॥

अर्थात्:- निक्षेप र उपनिधि जुन रुपमा जो मनुष्यले धरोहर राखेको छ यदि राख्ने व्यक्तिको मृत्यु भएमा जोसँग धरोहर राखेको छ त्यही व्यक्तिले आफै गएर उसको जुन उत्तराधिकारी हो त्यसलाई स्वयम् नै गएर धरोहरलाई दिनुपर्छ र साथमा जो पूर्णसत्य हो त्यस धरोहरको बारेमा त्यो सत्यतालाई पनि पूर्णरुपले भन्नुपर्छ, जसले धरोहर राखेको थियो त्यसमाथि राजाले कुनै पनि दण्डविधान लागु गर्नुहुँदैन, यदि जिसले धरोहर राखेको थियो प्रमाण लेखेर राखेको छ तर धरोहर दिनेले केही कम या अलग धरोहर दियो भन्ने सन्देह भएमा धरोहर राख्ने र धरोहरको उत्तराधिकारी वसेर निष्कपट भावले प्रीतिपूर्वक त्यस धरोहरको सत्यतालाई निश्चय गर्नुपर्छ, किनकि कहिलेकाहीँ वदलिएको अवस्थालाई प्रमाण वदल्ने समय नमिलेको पनि हुन्छ सक्छ त्यसकारण धरोहर राख्नेको पहिलेको उसके शील-स्वभावलाई जानेर शान्तिपूर्वक आफ्नो धरोहरको सत्यताको बारेमा उसको उत्तराधिकारीलाई अभिप्राय सिद्ध गर्नुपर्छ ।

अच्छलेनैव चान्विच्छेत्तं अर्थ प्रीतिपूर्वकम् ।
विचार्य तस्य वा वृत्तं साम्नैव परिसाधयेत् ॥ ८/१८७ ॥

अर्थात्:- जसले धरोहर राखेको थियो राख्नेको मृत्युभयो जोसँग अहिले धरोहर छ तर उसले कुनै छलकपट गरेको छैन तर लेखिएको र भनिएको भन्दा कम या केही अलग भएमा तर धरोहर राखेको व्यक्तिले ईमानदारपूर्वक सत्यताको अवस्थामा प्रीतिपूर्वक जसको धरोहर थियो त्यसको उत्तराधिकारीलाई दिएको खण्डमा उसको आचारणलाई ध्यान दिएर आफ्नो धरोहारलाई ग्रहण गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निक्षेपेष्वेषु सर्वेषु विधिः स्यात्परिसाधने ।
समुद्रे नाप्नुयात्किं चिद्यदि तस्मान्न संहरेत् ॥ ८/१८८ ॥

अर्थात्:- साक्षीको अभाव भएमामाथि नै भनिएको विधिअनुसार नै सबै प्रकारको निपेक्षको र उपनिधिको सत्यता के हो त्यसको बारेमा निर्णय गर्ने पूर्वोक्त विधि हुन् अन्य छैनन र मुद्रा आदिबाट आङ्कित गाडिएको धरोहरको बारेमा मुद्रा यो निश्चय गरिएको छ कि मुद्रा-चिह्नकोको कुनै आवश्यक्ता हुँदैन तर जति मुद्रा हो त्यतिनै दिनुपर्छ त्यसो गर्नाले त्यो मनुष्य कुनै पनि दोष तथा दण्डविधानको भागी हुँदैन ।

चौरैर्हृतं जलेनोढं अग्निना दग्धं एव वा ।
न दद्याद्यदि तस्मात्स न संहरति किं चन ॥ ८/१८९ ॥

अर्थात्:- परन्तु यदि वास्तवमा नै धरोहर राखेको व्यक्तिको घरबाट चोरबाट नै त्यस धरोहरको केही अंश या पुरा धरोहरलाई नै चोरी भएमा, पहिरोमा पुरिएर हराएको भएमा, आगोमा जलेको भएमा, बाढीमा बगेर हराएको भएमा या कुनै दैवी प्रकोप भएर हराएमा जसले धरोहारलाई राखेको छ त्यसलाई चोरीको आरोप लाग्दैन यो अपराध हैंन तर जानी जानी असुरक्षा तथा असवधानीको कारण यस्तो घटना भएमा जो धरोहरलाई राखेको छ त्यो त्यसको अपराधी हो भनेर बुझ्नुपर्छ ।

निक्षेपस्यापहर्तारं अनिक्षेप्तारं एव च ।
सर्वैरुपायैरन्विच्छेच्छपथैश्चैव वैदिकैः ॥ ८/१९० ॥

अर्थात्:- अन्य व्यक्तिको धरोहरलाई आफूले हरण गर्ने सोचेर अग्नीमा जलेको या चोरी भएको या कुनै प्रकोपमा परेको भनेर बिनाकारण नाटक गरेर धरोहरलाई अपहरण गर्ने कोसीस गर्ने लुटेरा प्रवृत्तिलाई कसैले देखाउँछ भने त्यो व्यक्तिले भनेको प्रकोप भएको हो या हैंन भन्ने खोजेर उसको भनाई मिथ्या हो या हैंन भनेर वेदविधिद्वारा परीक्षा गरेर सत्य तथ्यके हो ? त्यसको निर्णय गर्नुपर्छ ।

यो निक्षेपं नार्पयति यश्चानिक्षिप्य याचते ।
तावुभौ चौरवच्छास्यौ दाप्यौ वा तत्समं दमम् ॥ ८/१९१ ॥

अर्थात्:- अरुको धरोहर राखेको थियो तर जसको धरोहर हो त्यसले फिर्ता मागेमा यदि त्यो धरोहर दिँदैन र जसले धरोहर राखेको नै थिएन तर मैले धरोहरलाई राखेको थिएँ भनेर झुटो किसिमको धरोहरलाई मागेको हुन्छ यी दुवै आचरण भएको व्यक्ति चोर हुन् यस्तो चोर दण्डनीय हुन्छन् यस्तो आचरण भएको चोरलाई जुन द्रब्य जुन वस्तु जुन समानलाई धरोहर थियो भन्ने गरेका हुन्छन् त्यो वस्तुको बिक्रया मूल्य बराबरको दण्ड जरिवाना गर्नुपर्छ यो राज धर्म हो ।

निक्षेपस्यापहर्तारं तत्समं दापयेद्दमम् ।
तथोपनिधिहर्तारं अविशेषेण पार्थिवः ॥ ८/१९२ ॥

अर्थात्:- यदि कसैले धरोहरको रुपमा जति परिमाणको धनलाई धरोहरको रुपमा राखेको हुन्छ त्यति नै धनलाई फिर्ता गर्नुपर्छ कुनै पनि वस्तुलाई धरोहरको रुपमा राखेको भएमा पनि साक्षीको साक्षीमा जति हो त्यति नै धरोहर हो भनेर जान्नुपर्छ । यदि धरोहर राखेको व्यक्तिले आफूले राखेभन्दा विपरीत तरिकाले अधिक भनेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खण्डमा त्यो व्यक्ति झुट बोलेको हो त्यस्तो व्यक्ति दण्डनीय हो भन्ने बुझ्नुपर्छ। धरोहरको जति बिक्रय मूल्य जति त्यसको दुईगुणा दण्डजरीवाना गर्नुपर्छ यो राजाको राजधर्म हो।

उपधाभिश्च यः कश्चित्परद्रव्यं हरेन्नरः।
ससहायः स हन्तव्यः प्रकाशं विविधैर्वधैः ॥ ८/१९३ ॥

अर्थात्:- जो मनुषयले छलद्वारा कसैको पनि धनलाई लुटेको हुन्छ। त्यस्तो मनुष्य अपराधी हो। त्यस्तो अपराधीलाई सबैको सम्मुख उसको जति पनि सहायक छन् सबैलाई शारीरिक व आर्थिक दण्ड गर्नुपर्छ यदि छलमा पनि कुनै जघन्य अपराध गरेमा त्यस्तो व्यक्तिलाई हत्या गर्नुपर्छ यो राजधर्म हो।

निक्षेपो यः कृतो येन यावांश्च कुलसंनिधौ।
तावानेव स विज्ञेयो विब्रुवन्दण्डं अर्हति ॥ ८/१९४ ॥

अर्थात्:- धरोहार राख्नेले एक नभएर अनेक वस्तु तथा समानलाई धरोहरको रुपमा राखेको तर ती वस्तुलाई धरोहर राख्नेले फिर्ता गर्दा जो जो सामान धरोहरमा थियो त्यो सामान बरावर नदिएमा र जति समान दिएको थियो त्यो भन्दा धेरै हकदावी गरेको खण्डमा प्रमाण खोजेर दुवै झुटो भएको प्रमाण भएमा यस्तो दावीगर्ने यी दुवै व्यक्ति कुलघाती हुन् यस्तो कुलघातीलाई पुरा कुलको उपस्थितिमा जति धरोहरलाई राखेको थियो त्यसलाई सोधनुपर्छ यदि जति सङ्ख्यामा धरोहरलाई राखेको त्यति सङ्ख्या नै हो भनेर स्वीकार गरेमा केही मात्रामा चेतावनी दिएर छोड्नु पर्छ तर त्यस सङ्ख्याको विपरीत बोलेको खण्डमा जति धरोहरको अहिलेको क्रय बिक्रय मूल्य जति हो त्यसको बरावरको धन दण्ड स्वरुप दिनुपर्छ। किनकि झुटो तथा वृथा वचन कसैको धरोहरलाई हडाप्नेकोसिस गर्ने दुवै अपराधी हुन् यी दुवै किसिमका अपराधीलाई राजाले अपराधीको हिसावले दण्ड जरिवाना गर्नुपर्छ।

मिथो दायः कृतो येन गृहीतो मिथ एव वा।
मिथ एव प्रदातव्यो यथा दायस्तथा ग्रहः ॥ ८/१९५ ॥

अर्थात्:- कुनै पनि धरोहरलाई राख्नको लागि एकान्तमा दिएको हो भने र धरोहरलाई लिनेले पनि एकान्तमा नै धरोहर लिएको हो आपसीको समझदारीको कुरा हो भने त्यस्तो धरोहरलाई फिर्ता गर्दापनि एक आपसमा नै मिलेर एकान्त मै लिनुदिनु गर्नुपर्छ आपसमा मिलेर गरेको धरोहरको बारेमा राजाले कुनै हस्तक्षेप गर्नुहुँदैन किनकि जसरी दिइन्छ त्यसरी नै ग्रहण गर्नुपर्छ जसरी ग्रहण गरेको हो त्यसरी नै दिनुपर्छ यही नीतिशात्रको नियम हो।

निक्षिप्तस्य धनस्यैवं प्रीत्योपनिहितस्य च।
राजा विनिर्णयं कुर्यादक्षिण्वन्न्यासधारिणम् ॥ ८/१९६ ॥

अर्थात्:- दुई व्यक्तिले आपसमा प्रीति तथा विश्वासमा जो साधना जो वस्तुलाई देखाएर या गणना गरेर एक आपसमा मिलेर कुनै पनि धरोहरलाई राखेको भएमा वा जो धरोहरमा राखिएको वस्तु मुद्राङ्कित वस्तुलाई गोप्य रुपले अन्य कसैलाई दिइएको भएमा र दुई व्यक्तिले आपसमा नै समझदारीपूर्वक र प्रीतिपूर्वक दिइएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएमा दुवैले आपमा मिलेर प्रीतिपूर्वक लेनदेन गरेमा राजा ले यी तीन प्रकारको धरोहरलाई कुनै असर हुने किसिमको नियम लगाउनु हुँदैन र राजाको नियमले समझदारीपूर्वक ग्रहण गरेको धरोहरधारीलाई कुनै पीड़ा हुनुहुँदैन यो कुरामा राजाले धेरै ध्यान दिनुपर्छ ।

विक्रीणीते परस्य स्वं योऽस्वामी स्वाम्यसम्मतः ।
न तं नयेत साक्ष्यं तु स्तेनं अस्तेनमानिनम् ॥ ८/१९७ ॥

अर्थात्:- कसैले धरोहरमा जमिनलाई कुनै व्यक्तिसँग राख्यो तर त्यस मालिक जो अहिले धरोहरको मलिक भएको छ त्यस मालिकलाई थाहा नै नपाई कसैले त्यस धरोहरलाई पूर्व स्वामीको सहमति र अहिलेको मालिको सहमति विना नै अन्यकोहि तेस्रोलाई बेचिदियो, या अहिलेको धरोहरलाई राखेको व्यक्तिले त्यसको पूर्व मलिकलाई नै नसोधी त्यस धरोहरलाई बेचिदियो तर धरोहर राखेको व्यक्ति र धरोहरलाई बेच्ने दुई किसिमको व्यक्ति न त्यसको धरोहरको मालिको कुनै उत्तराधिकारी हो न त्यसको आफन्त या वंशज नै हो न त्यसलाई बेच्ने कुनै अधिकार छ तर त्यसले बेचेको खण्डमा त्यस्तो कार्य गर्ने व्यक्ति चोर हो त्यस्तो चोरलाई कसूर तथा अपराध हेरेर दण्डविधान अनुसार दण्डजरीवाना गर्नुपर्छ तर ठुलो अपराध गरेको भएमा त्यस्तो अपराधीलाई बाँच्ने अधिकार छैन यो राजधर्मको नियम हो ।

अवहार्यो भवेच्चैव सान्वयः षट्शतं दमम् ।
निरन्वयोऽनपसरः प्राप्तः स्याच्चौरकिल्बिषम् ॥ ८/१९८ ॥

अर्थात्:- कसैले राखेको धरोहरलाई बेच्ने व्यक्ति यदि अहिलेको मालिको या पूर्व जसले धरोहारलाई जोसँग राखेको थियो त्यस धरोहरको मालिको आफ्नो उत्तराधिकारी हो उसको नै वंश हो भने यस्तो अपराधीलाई छ(६) सय पण दण्डजरीवाना गर्नुपर्छ । यदि धरोहरलाई बेच्ने धरोहरलाई हिनामिना गर्ने व्यक्ति न त उत्तराधिकारी हो न त वंश नै हो यस्तो अपराध गर्ने व्यक्ति चोर हो, अपराधी हो यस्तो चोर तथा अपराधीलाई राजाले चोरको दण्डविधान अनुसार दण्ड जरिवाना गर्नुपर्छ जो सुकै होस् दण्डविधान लागु गरेर दण्डजरीवाना गर्दा राजालाई त्यसको कार्यसँग लिनुदिनु हुन्छ व्यक्ति र नातासँग राजाको कुनै लिनुदिनु हुँदैन यही विधान नै राजधर्म हो ।

अस्वामिना कृतो यस्तु दायो विक्रय एव वा ।
अकृतः स तु विज्ञेयो व्यवहारे यथा स्थितिः ॥ ८/१९९ ॥

अर्थात्:- जो जुन वस्तुको मालिक हो त्यसले मात्र त्यस वस्तुलाई खरिद बिक्री गर्नसक्छ अरुलाई दिनसक्छ तर जो मनुष्य वस्तु तथा धरोहरको वास्तविक स्वामी हैन कसैले कुनै वस्तु धरोहरको रुपमा राख्न दिएको थियो तर अन्य कसैले बेचिदिएमा त्यसलाई नियम र व्यवहारको अनुसार अन्यलाई दिएको होस् या बेचिदिएको होस् त्यो बेचिएको वस्तु दण्डविधानको नियम अनुसार बिक्री भएको स्वीकार हुँदैन त्यसैले यस्तो लेनदेनको विषय कसैले गरेमा त्यो चोर हो राजाले चोरलाई दण्डविधानको नियम अनुसार अपराध गर्ने अपराधीलाई नियम अनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै दण्डजरीवाना गर्नुपर्छ अपराधीलाई नियम अनुसार दण्डजरीवाना गर्नु राजाधर्म हो त्यसैले अपराधीलाई दण्डजरीवाना गर्दा राजाले राजधर्मकोल विधानलाई सधैं ध्यान राख्नुपर्छ ।

संभोगो दृश्यते यत्र न दृश्येतागमः क्व चित् ।
आगमः कारणं तत्र न संभोग इति स्थितिः ॥ ८/२०० ॥

अर्थात्:- जुन वस्तु जोसँग रहेर जसले उपयोग (व्यय) गरिरहेको देखिएको होस् तर त्यो त्यसको मालिक हो भन्ने प्रमाण रहेको हुँदैन त्यस्तो कुनै पनि वस्तु खरिद बिक्रीको लेनदेनमा उपयोग हैंन प्रमाणलाई हेर्नुपर्छ ।

(समयको कलमः- परिस्थिति र अवस्था अनुसार कहि उपयोग र उपभोग हेरिन्छ भने कहिल्यै उपभोग त देखिएको हुन्छ तर आगम कहिल्यै हेरिदैन, जहां आगम प्रमाण हुन्छ, त्यहाँ उपभोगलाई प्रमाणको रुपमा कहिल्यै पनि हेरिदैन तथा देखिदैन, यसको तात्पर्य यो हो कि कुनै पनि वस्तुलाई भोग गर्नाले मात्र त्यो व्यक्ति त्यस वस्तुको स्वामी हुँदैन । कुनै पनि वस्तुलाई आफ्नो हो भन्ने प्रमाणलाई जसले प्रमाण सहित सिद्ध गरेको हुन्छ त्यही व्यक्ति नै त्यस वस्तु तथा साधनको मालिक हो वस्तुको उपभोग मात्र गरेको प्रमाण मात्र हैंन वस्तुलाई प्राप्त गरेको आया स्रोत पनि खोज्नुपर्छ । भोग नै सत्य हो तर त्यसलाई प्राप्त गर्ने तरिका के हो त्यो खोज्ने न्यायको अधिकार हो जोसँग जे वस्तु साधनको प्रमाण छ त्यही नै त्यस वस्तुको साधनको मालिक हो त्यसलाई नै प्रमाण भनिन्छ यही शास्त्र मर्यादा हो

विक्रयाद्यो धनं किं चिद्गृह्णीयत्कुलसंनिधौ ।
क्रयेण स विशुद्धं हि न्यायतो लभते धनम् ॥ ८/२०१ ॥

अर्थात्:- आफ्नो स्रोतको लगानीको थोक मूल्य दिएर जुन व्यापारीले आफ्नो व्यापार व्यावसायको लागि जुन समान खरिद गरेको हुन्छ त्यो समान खरिद बिक्रीपछि हुने आम्दानी व्यापारीको हुनाले त्यो आम्दानी त्यस व्यक्तिको आफ्नो बिशुद्ध सम्पत्ति हो यदि यो सम्पत्तिको कसैले प्रमाण खोजेमा विशुद्ध प्रमाणित गर्नको लागि समान खरिद बिक्रीको सूचीपत्र अर्थात् रसिद्लाई पेश गर्नुपर्छ । यदि व्यापारीसँग आफ्नो समान खरिद बिक्री गरेको प्रमाण छैन भने त्यो चोरिको वस्तु पनि हुनसक्छ त्यसैले राजाले यस्तो वैश्य अर्थात् व्यापारीको व्यापारको सत्यता खोजेर त्यही अनुसार दण्डविधानको नियमलाई लागु गर्नुपर्छ । यदि व्यापारमा नियम भन्दा धेरै छलकपट गरेको भएमा त्यस्तो व्यापारी चोर हो त्यस्तो व्यापारीलाई चोरको दण्डविधान अनुसार दण्डजरीवाना गर्नुपर्छ ।

अथ मूलं अनाहार्य प्रकाशक्रयशोधितः ।
अदण्ड्यो मुच्यते राज्ञा नाष्टिको लभते धनम् ॥ ८/२०२ ॥

अर्थात्:- कुनै पनि वस्तु बैध हो या अबैध हो त्यो थाहा भएन तर त्यो वस्तु तथा साधन सबैको सामने खुल्लमखुल्ला अवस्थामा किनेको हो भने राजाले त्यो वस्तुलाई किनेको व्यक्तिलाई कुनै पनि दण्डविधान अनुसार कुनै पनि दण्डजरीवाना गर्नुहुँदैन यस्तो खुल्ला रुपमा किनेको क्रेता कहिल्यै पनि दण्डनीय हुँदैन । परन्तु जसको वस्तु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिक्री भएको हो या नष्ट भएको छ, त्यो व्यक्ति त्यसको धनको अधिकारी भने हो त्यसैले त्यस व्यक्तिको क्षति भने उपलब्ध गराउनु पर्छ ।

(समयको कलमः- यो श्लोकको तात्पर्य यो हो कि यदिकोहि व्यक्तिसँग भएको कुनै पनि वस्तु तथा साधन आफ्नो हैंन तर त्यस वस्तुलाई आफ्नो व्यक्तिगत वस्तु हो भनेर झुटो प्रचार गरेर बेचेको हो तर सत्यमा त्यो वस्तु उसको हैंन तर खरिद बिक्री गर्दा सबैको सामने खुल्लमखुल्ला मोल भएको हो र लेनदेनपनि खुल्लम खुल्ला रुपले नै भएको हो भने राजाले त्यो समान तथा वस्तु खरिद गर्ने व्यक्तिलाई दण्ड दिनुहुँदैन, परन्तु त्यो समान तथा वस्तु जसको हो त्यस वस्तुलाई त्यसको मालिकलाई दिनुपर्छ भने जसले झुटो बोलेर बिक्री गऱ्यो त्यसलाई चोरीको विधानअनुसार दण्डविधान लागु गर्नुपर्छ र त्यस वस्तुको मालिकको कुनै क्षति भएको भएमा त्यही व्यक्तिसँग असुल उपर गर्नुपर्छ जसले झुटो बोलेर अरुको समान बेचेको हो यो राज धर्मको विधान हो ।

नान्यदन्येन संसृष्ट रुपं विक्रयं अर्हति ।
न चासारं न च न्यूनं न दूरेण तिरोहितम् ॥ ८/२०३ ॥

अर्थात्:- व्यापारीले आफ्नो व्यापार सही र सत्य प्रकारले गर्नुपर्छ, व्यापारीले नक्कली समानलाई सक्कली हो भनेर व्यापार गर्नुहुँदैन, व्यापारीले सक्कली वस्तुमा नक्कली वस्तु मिलावट गरेर बेच्नुहुँदैन, व्यापारीले समानको तौलमा गडबड गर्नुहुँदैन, व्यापारी समानको मूल्यमा असन्तुलन राख्नुहुँदैन, एक समान भनेको तर अर्को समान दिएर यो सामान पनि त्यही हो भनेर व्यापार गर्नु हुँदैन यो विधान नै व्यापारी अर्थात् वैश्यको धर्म हो तर व्यापारी यदिमाथि भनिएको कार्य गरेमा त्यो चोर हो यस्तो चोर कार्य गर्ने व्यापारीलाई राजाले चोरको दण्डविधानअनुसार दण्डजरीवाना गर्नुपर्छ यो नै राजधर्म हो ।

अन्यां चेद्दर्शयित्वान्या वोढुः कन्या प्रदीयते ।
उभे त एकशुल्केन वहेदित्यब्रवीन्मनुः ॥ ८/२०४ ॥

अर्थात्:- विवाह कार्य गर्ने र गराउने काम गर्ने व्यक्तिले एक कन्यालाई देखाएर अर्को कन्यासँग विवाह गराउनु हुँदैन, त्यस्तै एक विवाहको मण्डपमा दुई कुलको अलग अलग वर र वधूको अर्थात् वहुविवाह गर्नुहुँदैन यदि कसैले एक कन्यालाई देखाएर अर्को कन्याको विवाह गराउँछ र एक मण्डपमा दुई बिहे अलग अलग कुलको वर बधूको विवाह गराउँछ भने त्यस्तो व्यक्ति चोर हो यस्तो चोर आचरण भएको व्यक्तिलाई राजाले चोरीको दण्डविधानअनुसार दण्डजरीवाना गर्नुपर्छ यो राजधर्म हो ।

नोन्मत्ताया न कुष्ठिन्या न च या स्पृष्टमैथुना ।
पूर्व दोषानभिख्याप्य प्रदाता दण्डं अर्हति ॥ ८/२०५ ॥

अर्थात्:- कसैलाई पनि थाहा नदिई, तर त्यो व्यवहारिक रुपमा नै पागल हो त्यस्तै पैसाको लालच दिएर कसैलाई भ्रम पारेर अहिले तत्कालको समय नै पागल भएको छ यस्तो अवस्थामा नै वर या वधूको विवाह गराउने, अहिले तत्काल नै कुष्ठरोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पीड़ित छ तर थाहा नै नदिए विवाह गराएमा, परपुरुषसँग लीन या लसपस भएको स्त्रीलाई कन्या हो भनेर भ्रम पारेर कन्यादान गर्ने व्यक्ति पनि यी कार्य अनुसार चोर जस्तै हो त्यसैले यस्तो पतित कार्य गर्ने व्यक्तिलाई राजाले चोरी गरे जस्तै दण्डविधानअनुसार दण्डजरीवाना गर्नुपर्छ यो राजधर्म हो ।

ऋत्विग्यदि वृतो यज्ञे स्वकर्म परिहापयेत् ।
तस्य कर्मानुरुपेण देयोंऽशः सहकर्तृभिः ॥ ८/२०६ ॥

अर्थात्:- यदि कुनै पनि व्यक्तिलाई कुनै पनि कर्म गराएको खण्डमा यदि कुनै कारणले कामगर्ने (ऋत्विक) व्यक्तिले त्यस कर्मलाई बीचमा नै रोकेको खण्डमा त्यस कार्यलाई फेरि त्यहि ऋत्विकबाट पुरा कर्म गराएर त्यसका कर्म अनुसारको तलब अर्थात् दक्षिणा दिनुपर्छ । यदि कसैले कुनै पनि व्यक्तिलाई कर्म गरायो तर तलब या दक्षिणा दिएन भने त्यो व्यक्ति चोर हो यस्तो चोरलाई चोरीको दण्डविधानअनुसार दण्डजरीवाना गर्नुपर्छ ।

दक्षिणासु च दत्तासु स्वकर्म परिहापयन् ।
कृत्स्नं एव लभेतांशं अन्येनैव च कारयेत् ॥ ८/२०७ ॥

अर्थात्:- कुनै पनि कामदारलाई पहिले नै अर्थात् अग्रिम तलब अर्थात् दक्षिणा दिनुहुँदैन, काम गर्दैगर्दा बीच बीचमा उसको तलब दिनुपर्छ र उसले काम गरेको तलबलाई आफूमा कहिल्यै पनि सञ्चित राख्नुहुँदैन यदि कामदारले तलब अर्थात् दक्षिणा पाएर पनि आफ्नो कर्मलाई पुरा गरेन अर्थात् ऋत्विक्को तलब बरावर कार्य गर्यो तर बीचमा छोड्यो भने त्यो अवस्थामा शेष बचेको कर्मको बचेको भगलाई अर्को ऋत्विक्बाट पुरा गराउनुपर्छ जवरजस्ती कसैलाई पनि कार्य गराउनु हुँदैन जसले जवरजस्ती कर्म गराउँछ त्यो व्यक्ति पनि चोर जस्तै हो यस्तो कार्य गर्ने र गराउने व्यक्तिलाई राजाले छलकपट तथा चोरको दण्डविधानअनुसार दण्डजरीवाना गर्नुपर्छ यो नै राजधर्म हो ।

यस्मिन्कर्मणि यास्तु स्युरुक्ताः प्रत्यङ्गदक्षिणाः ।
स एव ता आदिदीत भजेरन्सर्व एव वा ॥ ८/२०८ ॥

अर्थात्:- कामदारले जुन कर्मको लागि जति दक्षिणा अर्थात् तलबको अंशको स्तर निर्धारण गरिएको छ त्यसै अनुसार कामदार (ऋत्विक्) ले एक्लै कर्म गरेको भए पुरा एक्लै र समूहमा मिलेर कार्यपूरा गरेको भएमा सबै मिलेर दक्षिणा अर्थात् तलब बाँड्ने गर्नुपर्छ सबै ऋत्विक् मिलेर समुहमा कार्य सम्पन्न गरेको तर एक्लै पुरा पैसा अर्थात् दक्षिणा हरणगर्ने कोसिस गरेमा त्यो हरण गर्नखोज्ने व्यक्ति चोर जस्तै हो त्यस्तो चोरलाई दण्डविधानअनुसार दण्डजरीवाना गर्नुपर्छ र तलबको सबैमा भाग गरेर दिनुपर्छ यही नै राजधर्म हो ।

रथं हरेत्वाध्वर्युर्ब्रह्माधाने च वाजिनम् ।
होता वापि हरेदश्वं उद्गाता चाप्यनः क्रये ॥ ८/२०९ ॥

अर्थात्:- जुन ऋत्विक अर्थात् जुन व्यक्तिको जस्तो क्षमता छ त्यहीअनुसार नै कार्य गर्नुपर्छ र त्यही क्षमता अनुसार उसको दक्षिणा अर्थात् तलब निर्धारण गर्नुपर्छ जुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामको लागि जसलाई निश्चित गरिएको छ त्यहीअनुसार त्यसको फललाई उसले प्राप्त गर्नुपर्छ अर्थात् क्षमता अनुसार तलब पाउनुपर्छ, आफ्नो कर्ममा जो ऋत्विक जुन कर्मसँग सम्वन्धित छ त्यस ऋत्विकले जुन र जस्तो कार्य गर्छ त्यही अनुसार नै उसलाई दक्षिणा अर्थात् कर्मफल अर्थात् तलवको सुविधा दिनुपर्छ यदि कार्यको सम्झौतामा र अनुमति पत्रमा एक कार्य भनिएको छ तर कार्य भने अर्को गराउँछ भने, काम गरेको तलव बरावर दिदैन भने, समझौता अनुसारको कार्य नगरेर झुटो वोलेमा यस्तो व्यक्तिको आचरण चोरको आचरण हो त्यस्तो आचरण भएको व्यक्तिलाई राजाले चोलरलाई दिने दण्डविधानअनुसारको दण्डजरीवाना दिनुपर्छ ।

सर्वेषां अर्धिनो मुख्यास्तदर्धेनार्धिनोऽपरे ।
तृतीयिनस्तृतीयांशाश्चतुर्थांशाश्च पादिनः ॥ ८/२१० ॥

अर्थात्:- सँयुक्त रुपमा मिलेर कुनै व्यापार, व्यवसाय, कृषि कल-कारखान यी सवैमा आफ्नो लगानी भएमा लगानी कर्ताले आफ्नो लगानी अनुसार आफ्नो व्यवसायको मुनाफालाई लिनुपर्छ, सवै साझेदारमा जो मुख्य लगानीकर्ता हो त्यो आधार साझेदारीको मालिक हो, त्यो व्यक्तिले पुरा मुनाफामा आधा मुनाफाको मलिक हो । अन्य लगानीकर्ताले त्यही बचेको आधालाई भाग गरेर हिस्सेदारको आधा भागको मुनाफालाई लिनुपर्छ । तेस्रो दर्जाको हिस्सेदारले मुनाफाको एक तिहाई भागको आधा लिनु पर्छ, चौथो दर्जाको हिस्सेदारले बचेको अवशिष्ट चौथो भागलाई लिनुपर्छ । अर्थात् साझेदारीमा लगानीकर्ता अनुसारको नै मुनाफाको बाडफाड हुनुपर्छ लगानी जस्तो जतिहो त्यही अनुसार मुनाफालाई क्रमशः चारले प्रकारले हिस्सेदारको पनि चारविभाग मैं हिसाव हुनुपर्छ ।

(समयको कलमः- सवै व्यक्तिको साझेदारी अनुसारको कर्मविधानमा चार प्रकारको तहलाई निर्धारित गरिएकोछ त्यही तहअनुसार कर्मको विधान निर्धारण हुन्छ कर्म हुन्छ कर्मानुसार नै मुनाफाको अंशको विभाजन हुन्छ पद पनि आफ्नो क्षमताअनुसार, ज्ञान अनुभावअनुसार कर्ता तथा ऋत्विक्को आफ्नो पद हुनेछ र त्यही पद क्षमता लगानी अनुसार मुनाफा, भाग, तलव अर्थात् दक्षिणा हुनेछ । कार्यको विधानमा चार पदलाई निश्चित गर्नुपर्छ यी सवै पदले आफ्नो क्षमता अनुसार नै कार्य तथा लगानी गर्नुपर्छ र त्यही अनुसार नै मुनाफा प्राप्त हुनेछ प्राप्त हुन्छ ती लगानि कर्ताको अवस्था अर्थात् पद हुन् ।

१) होता २) उध्वर्यु ३) ब्रह्मा ४) उद्गात

यी चार सबैपद धारण गरेको व्यक्तिले आफ्नो कार्यको क्षमता अनुसार मुनाफा तथा दक्षिणाको अर्थ अर्थात् पैसाको आधा भागलाई प्राप्त गर्नेछन् ।

१(मित्रावर्ण प्रस्तोता २) ब्रह्माछन्सी प्रस्तोता

यी लगानी कर्ताले मुनाफाको आधाको पनि आधा भागलाई प्राप्त गर्नेछन् ।

१) इच्छायाक्य नथिश २) अग्निवीधर ३) प्रतिहन्त

यी पदले लगानिको मुनाफाको तृतीय भागलाई प्राप्त गर्नेछ

१) प्रावस्त २) अयन्ता ३) पीता ४) अब्रह्मण्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी चार किसीमको लगानी कर्ताले मुनाफाको चतुर्थ अंशलाई मात्र प्राप्त गर्नेछन् । यही हिसाबले यही स्थानको निर्धारण गरेर ऋत्विकलाई उसको दक्षिणालाई या आफ्नो मुनाफालाई प्राप्त गर्नेछन् । अतः सबैको आधा भाग यद्यपि पचास हुन्छ तर पनि यी सबैले मुनाफाको तथा दक्षिणाको हिसाबमा केवल ४८ हुन्छ, तब प्रथममा भएको सङ्ख्या पूर्ण हुनेछ । पहिलो दक्षिणा अर्थात् लगानिको ५० प्रतिशतलाई अलग गरेर हुन्छ, पहिलो पदको दक्षिणा अर्थात् मुनाफाको २५ हुन्छ दोश्रोको १२.५ हुन्छ तेस्रोको ६.१३ हुन्छ चौथोको ३.०७ हुन्छ । यसरी मुनाफा अर्थात् लगानिको नाफालाई विभाजन गर्नुपर्छ ।

संभूय स्वानि कर्माणि कुर्वद्भिरिह मानवैः ।
अनेन विधियोगेन कर्तव्यांशप्रकल्पना ॥ ८/२११ ॥

अर्थात्:- कुनै पनि लगानीगर्दा होस् या कार्यगर्दा होस् संगोलमा या संयुक्त रुपमा होस् जो मनुष्यले मिलेर काम गरेको हुन्छ ती सबैले आफ्नो लगानी, आफ्नो क्षमता, आफ्नो कार्य र आफ्नो पदअनुसार सबैले यही न्याय विधानअनुसार र न्याय व्यवहार अनुसार कार्य गर्नुपर्छ तर क्षमता नभएको कुनै पनि व्यक्तिलाई यसै कुनै पनि पदलाई धारण गर्ने अधिकार छैन यो सबै क्षमतावान व्यक्तिले धारण गरेर आफ्नो लगानिको सहि सदुपयोग गर्नुपर्छ र लगानिको मुनाफालाई सबैको आफ्नो कार्य क्षेत्र पद तथा लगानीअनुसारको विभाजन गरेर सबैको अधिकारलाई निश्चित गर्ने विधानको निर्णयलाई उपर्युक्त विधिले सबैले पालन गर्नुपर्छ । यदिमाथि भनिएको विधानअनुसार कार्य नभएमा त्यो कार्य गर्ने र गराउने चोर जस्तै हो राजाले यो नियम विरुद्ध कार्यगर्ने चोर व्यक्तिलाई दण्डविधानअनुसार दण्डजरीवाना गर्नुपर्छ ।

धर्मार्थं येन दत्तं स्यात्कस्मै चिद्याचते धनम् ।
पश्चाच्च न तथा तत्स्यान्न देयं तस्य तद्भवेत् ॥ ८/२१२ ॥

अर्थात्:- यदि कुनै प्रार्थीले कुनै प्रकारको धर्म(कार्यको लागि भनेर धनदान जम्मा गर्यो कसैसँग धनदान लियो तर धनदान लिएपछि या जम्मा गरेपछि त्यस व्यक्तिले लिएको जम्मा गरेको धनलाई धर्मकार्यमा लगानी गरेन भने, त्यो धन जुन उद्देश्यको लागि लिइएको थियो त्यस धनको दान हुँदैन । त्यसैले यस्तो झुटो बोलेर धन जम्मागर्ने व्यक्तिबाट आफूले दिएको आफ्नो धनलाई फिर्ता लिनुपर्छ ।

यदि संसाधयेत्तत्तु दर्पाल्लोभेन वा पुनः ।
राज्ञा दाप्यः सुवर्ण स्यात्तस्य स्तेयस्य निष्कृतिः ॥ ८/२१३ ॥

अर्थात्:- धर्मकार्यको लागि भनेर दान लिएको तर धर्मकार्य गरेको छैन धर्मकार्यको लागि लिएको पैसा आफ्नो व्यक्तिगत खर्च या गलत अवस्थामा लगानी गर्यो, दान दिएको व्यक्तिले आफ्नो दान फिर्ता माँगेमा अभिमान देखाएमा, मनोमानी खर्च गरेमा र अन्यको धन फिर्ता नगरेको खण्डमा राजाले यस्तो व्यक्तिलाई आफ्नो कब्जामा लिएर त्यस्तो व्यक्तिलाई चोरीको अपराधमा दण्डविधानको नियमअनुसार एक सुवर्ण दण्डजरिवान गर्नुपर्छ, यो राजधर्म हो ।

दत्तस्यैषोदिता धर्म्या यथावदनपक्रिया ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत ऊर्ध्व प्रवक्ष्यामि वेतनस्यानपक्रियाम् ॥ ८/२१४ ॥

अर्थात्:- यहाँसम्म पदार्थ, वस्तु, धन तथा कार्यको धर्मपूर्वक यथावत् समर्पित नगरेको खण्डमा के गर्नेभन्ने बारेमा तथा दिएको धन अमानत तथा कार्य अनुसारको पद तथा धनको 'अनपक्रिया' अर्थात् फिर्ता गर्ने बारेको विविध आदिको विषयको राजधर्मको बारेमा भनियो । अब वेतन अर्थात् तलावको विधान सम्बन्धी (अनपक्रिया) गड़वड़को विषयमा अघि सुन्नुहोस् !

भृतो नार्तो न कुर्याद्यो दर्पात्कर्म यथोदितम् ।
स दण्ड्यः कृष्णलान्यष्टौ न देयं चास्य वेतनम् ॥ ८/२१५ ॥

अर्थात्:- कामको लागि आएको हो कामको लागि सहमति भएको छ, रोग पीड़ित छैन शारीरमा कुनै समस्या छैन तर अहङ्गारले आफ्नो खुशीले कामगर्छ भने कामको निर्देशक जो हो त्यसको निर्देशन अनुसार कार्य नगरेको खण्डमा, जानी जानी अहङ्गारको कारण गल्ती गरेमा त्यस्तो अहङ्गारी व्यक्तिलाई पहिलो पटक गल्ती भएमा भएको क्षतिको पुरा असुल र आधा सुवर्ण जुर्माना गर्नुपर्छ र त्यस दिनको तलव दिनुहुँदैन । तर पहिले गरेको कामको पैसा भने दिनुपर्छ र जरिवानको रकम उसले गरेको कामको तलववाट नै काट्नु पर्छ ।

आर्तस्तु कुर्यात्स्वस्थः सन्यथाभाषितं आदितः ।
स दीर्घस्यापि कालस्य तल्लभेतैव वेतनम् ॥ ८/२१६ ॥

अर्थात्:- परन्तु जव रोग पीड़ित भृत्य स्वस्थ भयो र अहिले चिकित्सकको भनाई अनुसार पूर्ण स्वास्थ्य भएपछि पूर्ववत्, जसरी कार्यगर्नको लागि निर्देशन गरिएको थियो त्यही अनुसार कार्य गरेमा, उसको कुनै पनि तलव काट्नु हुँदैन जतिदिन विरामी भएर चिकित्सकको विधानअनुसार आराम गरेको थियो त्यो समयको रुग्णावस्थाको समय र अघिको महिनाको पुरा तलव दिनुपर्छ ।

यथोक्तं आर्तः सुस्थो वा यस्तत्कर्म न कारयेत् ।
न तस्य वेतनं देयं अल्पोनस्यापि कर्मणः ॥ ८/२१७ ॥

अर्थात्:- कुनै कार्यालयमा कुनै पनि कामको लागि कुनै कामदार या कर्मचारीलाई कुनै निश्चित कामको लागि नियुक्त गरिएको छ, कामगर्दा गर्दै रोगपीड़ित भयो र चिकित्सकको सल्लाहअनुसार त्यो स्वास्थ्य पनि भयो, तर स्वास्थ्य भएपछि पनि मालिकले भनेअनुसार कार्य गर्दैन भने त्यस्तो कर्मचारीलाई रोगपिडित हुनुभन्दा पहिलो दिनसम्मको तलव मात्र दिनुपर्छ भने काम पूर्ण सकिएपछि मात्र पैसा लिने नियमलाई अनुबन्द गरेको भए त्यसलाई कुनै पनि पैसा दिनुहुँदैन चाहे काम केवल शेष नै बाँकी नै रहेको किन नहोस् तर त्यस्तो अवस्थामा केवल मनाबताको नियमलाई भने पूर्ण ध्यान राख्नुपर्छ ।

एष धर्मोऽखिलेनोक्तो वेतनादानकर्मणः ।
अत ऊर्ध्व प्रवक्ष्यामि धर्म समयभेदिनाम् ॥ ८/२१८ ॥

अर्थात्:- यहाँसम्म तलब दिने नदिने भन्ने विधानको बारेमा भयो । अब प्रतिज्ञालाई पुरा नगर्ने र आफूले गरेको प्रतीज्ञा लाई तोड़ने व्यक्तिको सम्बन्धको नियम र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधानलाई अघि भन्नेछु ।

यो ग्रामदेशसंघानां कृत्वा सत्येन संविदम् ।
विसंवदेन्नरो लोभात्तं राष्ट्राद्विप्रवासयेत् ॥ ८/२१९ ॥

अर्थात्:- समाज, नगर, राज्य र देशमा कुनै पनि शुभकार्य गर्ने योजना भयो, खुल्ला बोलपत्र आयोजना भयो, मौखिक तथा लिखित विधानअनुसार नै हस्ताक्षर भयो गाँउको मुख्यसँग, नगर वा देश, संघसँग परामर्श गरेर हस्ताक्षर गरेको तत्पश्चात् नै लोभको कारण या अन्यकुनै पनि कारणले त्यो कार्यलाई सम्पन्न नगरेको खण्डमा यस्तो नियम पालन नगर्ने व्यक्ति संघ संस्थाको संचालकलाई राजाले छलकपटको दण्डविधानअनुसार दण्डजरीवाना दिनुपर्छ र देशको राज्यको कार्य भएमा राजाले यस्तो संस्थाको अनुमति पत्रलाई खारेज गरेर त्यसको कार्यालाई बन्द गराउनु पर्छ र राजाले यस्तो व्यक्तिलाई आफ्नो राज्यबाट बाहिर निष्काषित गर्नुपर्छ । यो नै राजधर्म हो ।

निगृह्य दापयेच्चैनं समयव्यभिचारिणम् ।
चतुःसुवर्णान्षण्निष्कांश्छतमानं च राजकम् ॥ ८/२२० ॥

अर्थात्:- आफूले गरेका प्रतिज्ञालाई पालन नगर्ने निर्माता, व्यापारी, रक्षक, ज्ञानी या अन्य जो सुकैहोस् जसले आफूले गरेकी आफ्नो प्रतिज्ञालाई पुरा गर्दैन अथवा प्रतिज्ञा(भेदीलाई आफ्नो नियन्त्रणमा लिएर राजाले छलकपटको दण्डविधानअनुसार अवस्था हेरेर त्यस प्रतीज्ञा पालन नगर्ने र प्रतिज्ञाभेदी व्यक्ति या कुनै पनि व्यक्ति होस् या संस्था होस् सबैलाई चार सुवर्ण या छ (६) निष्क, या चाँदीको शतमान बराबरको दण्डजरीवाना असुल उपर गर्नुपर्छ ।

(समयको कलमः- राजाले अपराधको स्वरुपलाई हेरेर अपराधको अवस्थालाई हेरेर त्यही अवस्थाअनुसार माथिको सबै दण्डजरीवाना एक पटकमा सबै र अलग अलग तरिकाले लागु गर्न सकिनेछ तर राजाले जहिले पनि मानवतालाई कहिल्यै छोड् नुहुँदैन र राजाले आफ्नो राजधर्मलाई कहिल्यै त्याग गर्नुहुँदैन यदि राजाले राजधर्म त्याग गरेमा राजा आफै पतन हुनेछ ।

एतद्दण्डविधिं कुर्याद्धार्मिकः पृथिवीपतिः ।
ग्रामजातिसमूहेषु समयव्यभिचारिणाम् ॥ ८/२२१ ॥

अर्थात्:- धार्मिक राजा विशेषतयामाथि भनिएको दण्डविधानको राजधर्मको दण्डजरीवाना जो जेसँग सम्वन्धित छ त्यसको लागि मात्र उपर्युक्त तरिकाले सबैमा उत्तम नियमकारी र न्यायकारी हुने किसिमले परिस्थिति तथा अवस्था हेरेर दण्डविधानलाई लागु गर्नुपर्छ, कृषक सङ्घमा जो कृषकले आफ्नो प्रतिज्ञालाई जसले भङ्ग गर्यो, निर्माण सङ्घमा जसले निर्माणको विधानको नियमलाई भङ्ग गर्यो जसले जे कार्यको लागि अनुमति माँगेको थियो अनुमति पायो हस्ताक्षर गर्यो तर कर्मलाई पुरा गरेन त्यसै छोड्यो भने त्यस्तो व्यक्ति, सङ्घ र संस्थालाई यो दण्डविधानको नियमअनुसार दण्डजरीवानाको नियमलाई लागु गर्नुपर्छ ।

(समयको कलमः- राजाले आफ्नो प्रतिज्ञा भङ्ग गर्ने र प्रतिज्ञाभेदी जो जो छन् ती सबै व्यापारी निर्मातालाई अनुमति पत्र रद्द गरेर सामान्यतया राज्यबाट नै निष्कासित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने दण्डविधानलाई लागुगर्दै राज्यबाट निष्कासित गर्ने दण्ड नै दिनुपर्छ यही प्रतीज्ञा भङ्ग गरेको दण्डविधानको दण्डजरीवाना हो)

क्रीत्वा विक्रीय वा किं चिद्यस्येहानुशयो भवेत् ।
सोऽन्तर्दशाहात्तद्द्रव्यं दद्याच्चैवाददीत वा ॥ ८/२२२ ॥

अर्थात्:- कुनै पनि पसलबाट या बिक्रेताबाट कसैले पनि कुनै वस्तुको खरिद गर्यो या बेचिदियो तर केही समय पश्चात् मात्र पश्चात्ताप भयो र अब त्यो वस्तुलाई फिर्ता गर्न या फिर्तालिन चाहेको खण्डमा त्यस वस्तुलाई दस दिन भित्रमा आकार प्रकार बनावट कुनै पनि फेरबदल नगरी जस्तो थियो त्यस्तै नै बिक्रेताले फिर्ता लिन र फिर्ता दिन सक्नेछ, सामान जस्तो थियो त्यस्तै जुन अवस्थामा थियो त्यस्तै फिर्ता गरेमा मात्र बिक्रेताले त्यस क्रेतासँग दस दिनभित्रमा फिर्ता गरेर लेनदेन गर्न सकिने हुन्छ तर त्यस सामनामा त्यस वस्तुमा कुनै पनि परिवर्तन भएमा, दस दिन पुरा भएपछि त्यस सामानलाई बिक्रेताले जबरजस्ती लिनु नै पर्छ र क्रेताले दिएको सामान फिर्ता गर्नुपर्छ नै भन्नेहुँदैन, क्रेता र बिक्रेता आफ्नो व्यवहारको कुरा जो तर बिक्रेताले क्रेतसँग त्यो समान आफ्नो खुशीले फिर्ता गरेमा त्यो अलग कुरा हो । यदि बिक्रेताले जबर्दस्ती पहिले बेचेको त्यस समानलाई जबरजस्ती लिन चाहेमा र क्रेताले जबरजस्ती दिन चाहेमा यी दुवै कानुन विपरीतको कार्य हो त्यसैले यस्तो कार्य गर्ने यी दुवै अपराधीलाई राजाले अपराधीको दण्डविधानअनुसार दण्डजरीवाना गर्नुपर्छ ।

(समयको कलम:- २२२ औ श्लोकबाट यो ज्ञान विदित हुन्छ कि व्यापारमा वस्तु पनि फेर बदल गर्न सकिनेछ, फेरबदलको नियम पनि परमावश्यक हो र यस नियमद्वारा नै व्यापार लेनदेनमा कुनै छलकपट हुन् सक्दैन । किनकि द्रव्य (वस्तु)को निकृष्टता (खराब हालत) मा बदलिनु पर्ने र फिर्ता लिनुपर्ने नियम छ) ।

परेण तु दशाहस्य न दद्यान्नापि दापयेत् ।
आददानो ददत्चैव राज्ञा दण्ड्यौ शतानि षट् ॥ ८/२२३ ॥

अर्थात्:- समान क्रयविक्रय भएको दस दिन पूरा व्यतित भइसकेको छ भने कुनै पनि वस्तुलाई फेरबदल हुँदैन क्रेताले स्वीकार गरेर आफूसँग नै राख्नुपर्छ यदि क्रेताले दस दिन पुरा भएर एघारौ दिनमा लिएर आएमा पनि त्यो वस्तुको फेरबदल हुँदैन यदि सामन फिर्ता गर्न जबरजस्ती गरेमा क्रेता होस् या बिक्रेता होस् दुवैलाई राजाले छ (६) सौ पण दण्ड दिनुपर्छ तर राजाले यो ध्यान राख्नुपर्छ कि क्रेता र बिक्रेताको अनुरोधमा यदि खरिद बिक्री भएको दसदिन पुरा भएको सत्यता भएमा मात्र तर क्रेता र बिक्रेता कसै एकले या दुवैले झुटो बोलेमा जसले झुटो बोलेको छ त्यसलाई छ (६) सय पण दण्डजरिवाना गर्नुपर्छ र समानको क्रय र बिक्रयको समय दस दिनभित्र भएमा सामान फिर्ता गराउनु पर्छ । दण्डविधानको नियम दण्डजरीवाना सबैमा समान रुपले लागु गर्नुपर्छ यो नै राजधर्म हो ।

यस्तु दोषवतीं कन्यां अनाख्याय प्रयच्छति ।
तस्य कुर्यान्नृपो दण्डं स्वयं षण्णवतिं पणान् ॥ ८/२२४ ॥

अर्थात्:- कुनै पनि वस्तुको लेनदेनमा दस दिन भित्रमा फिर्ता हुन्छ यदि त्यो वस्तु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियमसँगत भएमा मात्र तर झुटो बोलेर या छलकपट पूर्वक विवाहित पुरुष र नारीलाई अविवाहित भनेर, प्राकृतिक दोष लागेको दोषवान पुरुष र दोषवती कन्यालाई दोषरहित हो भनेर कन्या र कन्याको पक्षलाई र वर र वर पक्षलाई थाहा नै नदिएर विवाह गराउने र गराईदिने यी दुवै जो सुकै होस् यस्तो कार्य भयो भनेर पुरुषको तर्फ वाट या नारीको तर्फबाट उजुरी आएमा र सत्य प्रमाणित भएमा त्यसलाई राजा स्वयम गएर छ्यानब्बे स्वर्ण पण जुर्माना गर्नुपर्छ र ती दुवै वर र वधूलाई मिलेर वस्ने अवस्था राजाले निर्माण गराईदिनु पर्छ यसमा वार र वधू दुवैको कुनै गल्ती हुँदैन ।

अकन्येति तु यः कन्यां ब्रूयाद्द्वेषेण मानवः ।
स शतं प्राप्नुयाद्दण्डं तस्या दोषं अदर्शयन् ॥ ८/२२५ ॥

अर्थात्:- विवाह हुन् तयार गरिएको कुमार र कन्यालाई आफ्नो व्यक्तिगत शत्रुताको कारण जो मनुष्यले आफ्नो द्वेषलाई पुरा गर्नको लागि कुमार र कन्या दुवैमाथि नै या एकमाथि गलत दोष लगाएर कुमारलाई दोषी कुमार हो र कन्यालाई दूषित कन्या हो भनेर वताएको खण्डमा तर कुमार र कन्यामा कुनै दोष नभएमा र कुनै पनि दोष भएको प्रमाणित सिद्ध नभएको खण्डमा त्यस्तो आरोप लगाउने व्यक्तिलाई दण्डविधानअनुसार राजाले सय पण दण्डजरीवाना गर्नुपर्छ ।

पाणिग्रहणिका मन्त्राः कन्यास्वेव प्रतिष्ठिताः ।
नाकन्यासु क्व चिन्नककणां लुप्तधर्मक्रिया हि ताः ॥ ८/२२६ ॥

अर्थात्:- विवाह हुनेको विधानको पाणिग्रहण सम्बन्धी वैदिक मन्त्रको उपयोग केवल निर्दोषी (विशुद्ध) दुवै कुमार र कन्याको विषयमा मात्र गर्नुपर्छ । अकन्या (दोष युक्त पुरुष तथा स्त्री)को विषयमा कहिल्यै पनि वैदिक मन्त्रको उपयोग गर्नुहुँदैन । किनकि वैदिक संस्कारमा जो प्रतिज्ञा गरिएको हुन्छ त्यो अटल हुन्छ र दोषयुक्त पुरुष तथा स्त्रीवाट प्रतिज्ञालाई निर्वाह गर्न असम्भव हुन्छ दोषयुक्त पुरुष तथा नारीले केवल संस्कार मात्र निभाउन सक्छन् प्रतिज्ञा हैंन किनकि दोषको कारण धर्मक्रिया आफै लुप्त हुनपुग्छ ।

पाणिग्रहणिका मन्त्रा नियतं दारलक्षणम् ।
तेषां निष्ठा तु विज्ञेया विद्वद्भिः सप्तमे पदे ॥ ८/२२७ ॥

अर्थात्:- 'पाणि-ग्रहण' अर्थात् विवाहसँग सम्वन्धी जति पनि वैदिक मन्त्र छन् ती सबै वैदिक मन्त्र विवाहको नियत चिह्न हुन् । विद्वान्ले यी वैदिक मन्त्र सप्तवदी भएमा पूर्ण स्मरण गर्नुपर्छ । सप्यवादी भएर यी वैदिक मन्त्रलाई स्मरण नगर्ने व्यक्तिसँग कुनै पनि शुभकार्य गराउनु हुँदैन गरेमा राजाले दण्डविधान नियमअनुसार वीस पण दण्डजरीवाना गर्नुपर्छ ।

यस्मिन्यस्मिन्कृते कार्ये यस्येहानुशयो भवेत् ।
तं अनेन विधानेन धर्म्ये पथि निवेशयेत् ॥ ८/२२८ ॥

अर्थात्:- पहिले गरिएका जुन जुन कार्य गरे पश्चात् कुनै कारणले या गल्तीको कारण पश्चात्ताप भयो पूर्व गरिएको जुन जुन कार्यमा गल्ती भयो पश्चात्ताप भयो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यही कार्यमा के के गरेको कारण पश्चात्ताप भयो त्यस पूर्वोक्त कर्मको विधानद्वारा ज्ञान प्राप्त गरेर अब गर्ने कर्मलाई पूर्ण रुपले धर्म मार्गमा नियुक्त गर्नुपर्छ ताकि अघि कुनै पश्चात्ताप गर्नु नपरोस् र धर्ममार्गमा कार्य गर्नेलाई कहिल्यै पनि पश्चाताप हुने अवस्थालाई प्राप्त गर्दैन र धर्ममार्गमा कुनै पश्चात्ताप हुँदैन ।

पशुषु स्वामिनां चैव पालानां च व्यतिक्रमे ।
विवादं संप्रवक्ष्यामि यथावद्धर्मतत्वतः ॥ ८/२२९ ॥

(समयको कलमः- अब पशुको संरक्षणको बारेमा)

अर्थात्:- पशुको मालिक अर्थात् स्वामी र पशुपालकको बीचमा कुनै प्रकारको व्यतिक्रम भएमा या समझदारी नभएमा पशुको मालिक र पशुपालकको बीचमा झगड़ा उपस्थित भएको हुन्छ, अब त्यो अवस्थाको विषयमा न्याय अनुसार यथावत् वर्णन गर्नेछु अघि सुन्नुहोस् :

दिवा वक्तव्यता पाले रात्रौ स्वामिनि तद्गृहे ।
योगक्षेमेऽन्यथा चेत्तु पालो वक्तव्यतां इयात् ॥ ८/२३० ॥

अर्थात्:- दिनमा पशुलाई केही भएमा जवावदेही जसले पशुको रेखदेख गरेको पशुपालकको हुन्छ र रात्रीमा पशुपालकले पशुलाई स्वामीको घरमा नै पशुलाई छोडेर पशुपालक आफ्नो घरमा गएमा पशुलाई केही भएमा पशुको मालिकको आफ्नो जवाफदेही हुन्छ । परन्तु यदि रात्रीमा पनि पशु संरक्षणको लागि आवश्यक्ता पर्ने दानापानी आदिको व्यवस्थामा गडबड भएमा जसले दिनमा पशुको संरक्षण गरेको हुन्छ त्यही हो नै हुन्छ किनकि उसले दिनमा दानापानीको ठीक-ठीक प्रबन्ध नगरेको हुनुपर्छ त्यसैले त्यसको जवाफदेही मालिक हैंन दिनको जो पशु संरक्षक हो त्यही नै त्यसको जवावदेही हुन्छ ।

गोपः क्षीरभृतो यस्तु स दुह्याद्दशतो वराम् ।
गोस्वाम्यनुमते भृत्यः सा स्यात्पालेऽभृते भृतिः ॥ ८/२३१ ॥

अर्थात्:- कुनै घरमा पशुसेवा गर्न बसेको व्यक्तिले जानवर जस्तै गाई भैंसी या अन्य जनवारको सेवा गरेवापत पशु सेवकले आफ्नो मासिक तलवको रुपमा पैसा या अन्य वस्तु नलिने तर गाईको दुधलाई मासिक तलवको रुपमा दैनिक लिन चाहन्छ भने गाईको मालिकको अनुमति लिएर प्रत्येक दस गाईमा एक गाईको पुरा दुध उसको बाच्छोको आफ्नो भागलाई छोडेर लिन सक्नेछ भने नौ गाईको दुध गाईको मलिकले नै प्राप्त गरेको हुन्छ र पशु सेवकको मासिक तलब त्यही दुधवाट पूर्ति हुनेछ र दस गाईमा एक गाईको दुध नै गाईको पालन गर्ने पशुसेवकको लागि वृति अर्थात् तलब हो ।

नष्टं विनष्टं कृमिभिः श्वहतं विषमे मृतम् ।
हीनं पुरुषकारेण प्रदद्यात्पाल एव तु ॥ ८/२३२ ॥

अर्थात्:- पशु सेवकले पशुलाई जङ्गलमा चराउन लगेको समयमा गाई वा अन्य पशु जङ्गलमा हराएमा, कुनै किसिमको सङ्क्रमणले नष्ट गरिदिएमा, बाघ, जङ्गली कुकुर या सिंह या अन्य कुनै हिंसक जानवरले आक्रमण गरेर मरेमा, पहाड़बाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लडेर मरेमा र पशु सेवाकले यो देखेर आफ्नो पशु सङ्गटमा रहेको देखेरपनि पुरुषार्थद्वारा जनवारको सुरक्षामा ध्यान नदिएको कारण जनवारको मृत्यु भएमा पशुको पशु सेवकले नै त्यस जनावरको नोक्सानको जिम्मेदार हुन्छ ।

(समयको कलमः- पशु सेवकलाई गाई या पशुको रक्षाको लागि नियुक्त गरिएको हुन्छ । अतः ८/२३२ औं श्लोकमा उल्लिखित गरिएको हानी नोक्सनी पशु सेवकको आलस्यको कारणले नै उत्पन्न हुनेहुन्छ । त्यसैले त्यस नोक्सनको जिम्मेदार पशुसेवक नै हो भन्ने कारण स्पष्ट भनिएको छ तथा जो हानिनोक्सनी प्राकृति तथा दैवी प्रकोपको कारणले हुनेगर्छ त्यस अवस्थामा त्यस नोक्सनीको जिम्मेदार पशुसेवाक अर्थात् गोठालो तथा पशुको सेवाको लागि राखिएको मजदुर हुँदैन पशुको स्वामी नै त्यो नोक्सनीको जिम्मा हुन्छ)

विघुष्य तु हृतं चौरैर्न पालो दातुं अर्हति ।
यदि देशे च काले च स्वामिनः स्वस्य शंसति ॥ ८/२३३ ॥

अर्थात्:- पशुलाई चराउन लगेको अवस्थामा या गोठमा बाधेको अवस्थामा यदि कसैले बलात् अर्थात् जबरजस्ती चोरले चोरी गरेर लगेको खण्डमा, अवस्थाअनुसार समयमा नै, स्थानआनुसार तत्काल नै पशु सेवकले मालिक लाई तुरुन्तै खबर गरेको खण्डमा पशु चोरी भएर भएको नोक्सनीको क्षतिपूर्ति पशु मालिकले पशुसेवकसँग कहिल्यै पनि लिनुहुँदैन ।

कर्णौ चर्म च वालांश्च वस्तिं स्नायुं च रोचनाम् ।
पशुषु स्वामिनां दद्यान्मृतेष्वङ्गानि दर्शयेत् ॥ ८/२३४ ॥

अर्थात्:- गोठमा या चराउन लागेको अवस्थामा पशुको स्वमृत्यु भएमा, अज्ञात कारणले नै पशुको मृत्यु भएको खण्डमा, पशु सेवकले मलिकलाई खबर दिनुपर्छ यदि मालिकले मरेको जनवारको लास अर्थात् सिनो देख्न चाहेमा मलिकलाई पशुको लाश अर्थात् सिनोलाई देखाउनु पर्छ लास देखाउदा पशुको पुरा शरीर नै देखाउनु पर्छ ।

अजाविके तु संरुद्धे वृकैः पाले त्वनायति ।
यां प्रसह्य वृको हन्यात्पाले तत्किल्विषं भवेत् ॥ ८/२३५ ॥

अर्थात्:- पशु सेवाकले भेडा वाखाआदि पशुलाई जङ्गलमा चराउन लैजाँदा यदि यी पशुलाई बाघ, चितुवा, सिंह जङ्गली कुकुर आदि हिंस्रक पशुले घेरेर आक्रमण गरेमा र त्यस समय त्यस पशुसेवकले ती पशुको रक्षार्थको लागि कुनै कार्य नगरेमा ती पशुको सुरक्षाको लागि नजिक गएन र त्यही अवस्थामा ती हिंस्रक जानवरले आफूले पालेको पशुलाई आक्रमण गरेर मार्यो भने यो क्षतिको दोष पशु सेवकको हुन्छ र त्यस पशुको क्षति पशुमालिकले पशु सेवाकबाट नै आफ्नो पशुको भएको क्षतिको असुल उपर गर्नुपर्छ ।

तासां चेदवरुद्धानां चरन्तीनां मिथो वने ।
यां उत्प्लुत्य वृको हन्यान्न पालस्तत्र किल्विषी ॥ ८/२३६ ॥

अर्थात्:- जङ्गलमा चराउन लगेको पशुमाथि यदि जङ्गली हिंस्रक जानवर बाघ, सिंह र चितुवाले आक्रमण गर्यो पशु सेवाकले रक्षाको कार्य गर्दागर्दै पनि यदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वनमा चर्दै गरेको भेडा, बाखो, गाई आदिलाई सिंह तथा बाघले मारेको खण्डमा पशु सेवक त्यस नोक्सानको जिम्मेदार हुँदैन । किनकि पशु सेवकले कोसिस गरेको थियो तर कोसिस गर्दागर्दै पनि असफल भएमा त्यो नोक्सानको लागि पशुसेवक दोषी हुँदैन ।

धनुःशतं परीहारो ग्रामस्य स्यात्समन्ततः ।
शम्यापातास्त्रयो वापि त्रिगुणो नगरस्य तु ॥ ८/२३७ ॥

अर्थात्:- जहाँ पशुपालन गरिएको हुन्छ त्यस्तो ठाउँमा पशुको लागि सरकारी स्वमित्वको भएको ठाउँ भएमा राजाले पशुपालन गरिएको ठाउँमा पशुलाई चराउनको लागि गाउँको बस्तीदेखि अलीटाढा चारैतिर गरेर चार चार सय हात खाली ठाउँ छोड्नुपर्छ अर्थात् बस्तीदेखि टाडा बस्तिको चारैतिर करीब दुईसय मीटर जमिन खाली छोड्नु पर्छ यो जमिन सरकारको हुन्छ र पशुको लागि चर्नलाई प्रयोग हुने जमिन हो ।

(समयको कलमः- बस्ती र व्यक्तिगत सम्पत्तिलाई छोडेर पशुको लागि निश्चित गरिएको ठाउँको नाप गर्दा पशुलाई नियन्त्रण गर्नको लागि बनाइएको लाठीलाई तीन पटक पुरा जोडले जति टाढा पुर्याउन सकिनेछ छ त्यति जमिन खेतभन्दा टाढा पशु चरनको लागि अलग गरेर राख्नुपर्छ र नगर तथा बस्तिको चारैतिर यो नापको तीन गुणा अर्थात् खेतीको लागि जति जमिन राखिन्छ त्यो भन्दा तीनगुणा धेरै भूमि पशुचरनको लागि निश्चित गरेर राख्नुपर्छ यो पशुवर्धनको लागि राजाले गर्ने राजधर्म हो) ।

तत्रापरिवृतं धान्यं विहिंस्युः पशवो यदि ।
न तत्र प्रणयेद्दण्डं नृपतिः पशुरक्षिणाम् ॥ ८/२३८ ॥

अर्थात्:- पशुचरनको नाप भित्रमा रहेको भूमिमा कुनै व्यक्तिगत सम्पत्ति पर्छ तर त्यो सम्पत्तिलाई कुनै तारबार गरिएको छैन तर त्यो भूमि व्यक्तिगत भए पनि यदि त्यहाँ कुनै सुरक्षाको कुनै तारबार गरिएको छैन त्यहाँ जो घाँस या खेती आदि जे रहेको भए पनि त्यो घाँस या खेतीलाई पशुले खाएर नोक्सान गरेमा राजाले पशुसेवाकलाई कुनै दण्डविधानअनुसारको दण्डजरीवाना गर्नुहुँदैन यो राजधर्म हो आफ्नो व्यक्तिगत जमिनलाई सुरक्षा नगर्नु त्यस जमिनको मालिकको कमजोरी हो पशुसेवक तथा पशुपालको हैंन ।

वृतिं तत्र प्रकुर्वीत यां उष्ट्रो न विलोकयेत् ।
छिद्रं च वारयेत्सर्व श्वसूकरमुखानुगम् ॥ ८/२३९ ॥

अर्थात्:- पशुचरणको भूमिको बीचमा या समीपवर्ती क्षेत्रमा खेतको जमिन परेको खण्डमा खेतीको सुरक्षाको लागि पर्खाल यति उचाई हुनुपर्छ कि त्यस पर्खाल भित्रको धान्यलाई उँटले नदेख्ने किसिमको हुनुपर्छ र त्यस पर्खालमा कुनै सानो छिद्र हुनुपर्छ तर ती क्षिद्रबाट कुकुर, सुँगुर, भालु, खरायो आदि प्राणी भित्र खेतीमा प्रवेशगर्न नसक्ने किसिमको हुनुपर्छ ।

पथि क्षेत्रे परिवृते ग्रामान्तीयेऽथ वा पुनः ।
सपालः शतदण्डार्हो विपालान्वारयेत्पशून् ॥ ८/२४० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- परन्तु यदि पशुचरनको लागि जाने मार्गमा या गाउँको समीप पर्खालले घेरिएको खेतीमा या व्यक्तिगत जमिनमा रहेको खेतीमा पशु प्रवेश गरेर खेतीपातीलाई नोक्सान गरे तर पशुसेवक ती पशुको साथमा छैन भने यो अवस्थामा त्यस खेतीपातीको मालिकले आफ्नो खेतीको क्षतिपूर्ति माग गरेको खण्डमा राजाले त्यो पशु सेवकलाई दण्डविधानको नियम दण्डजरीवाना अनुसार सौ पण क्षतिपूर्ति असुल उपर गर्नुपर्छ तर कुनै दुर्घटना या पशु सेवक साथमा हुँदाहुँदै पशु अनियन्त्रित भएर खेतीपातीको नोक्सान गरेमा पशु सेवकलाई कुनै दण्ड दिनुहुँदैन यो राजाको आफ्नो धर्म राजधर्म हो ।

क्षेत्रेष्वन्येषु तु पशुः सपादं पणं अर्हति ।
सर्वत्र तु सदो देयः क्षेत्रिकस्येति धारणा ॥ ८/२४१ ॥

अर्थात्:- परन्तु, यदि त्यस्तै प्रकारले पशु सेवकको आफ्नो लापरवाहीको कारणले पशु अन्य स्थान अर्थात् नगरको समीपवर्ती खेतमा पसेर खेतीपातीको नोक्सनी गरेमा त्यस पशुसेवकलाई लापरवाहीको दण्डविधानअनुसार सवा सय पण दण्डजरीवाना गर्नुपर्छ किन्तु मार्ग, गाउँ, नगर, कहीँ पनि पशुले खेतीपातिको जति नोक्सान गरेको हुन्छ त्यति नै क्षतिपूर्ति त्यस खेतको मालिकलाई दिनुपर्छ यो क्षतिपूर्ति पशुसेवाकले दिनुपर्छ यही लापरवाहीको दण्डविधानको दण्डजरिवानको विधानको व्यवस्था हो ।

अनिर्दशाहां गां सूतां वृषान्देवपशूंस्तथा ।
सपालान्वा विपालान्वा न दण्ड्यान्मनुरब्रवीत् ॥ ८/२४२ ॥

अर्थात्:- पशु सेवक साथमा छैन गाई लगायत अन्य पशु सुत्केरी अर्थता ब्याएको दसदिन पनि भएको छैन यदि यस्तो गाईले कसैको पनि खेतीपाति नष्ट गरेको खण्डमा र दिनभर जोतेको गोरुले त्यही खेत जोतेको मालिकको खेतीपातीलाई खाएर नोक्सान गरेमा यी दुवै पशुको मलिक कुनै पनि अवस्थामा दण्डनीय हुँदैन यी दुवै अवस्थाको पशुको साथमा पशुसेवक होस् या नहोस् यस्तो अवस्थामा कसैलाई कुनै पनि लापरवाहीको दण्डविधानको दण्डजरीवानाको नियम लागु हुँदैन ।

क्षेत्रियस्यात्यये दण्डो भागाद्दशगुणो भवेत् ।
ततोऽर्धदण्डो भृत्यानां अज्ञानात्क्षेत्रिकस्य तु ॥ ८/२४३ ॥

अर्थात्:- किसानको आफ्नो कारण तथा लापरवाहीको कारण खेतीमा क्षति भएको खण्डमा राजाले त्यस्तो लापरवाही गर्ने किसानबाट आफ्नो कर माफ गर्नुहुँदैन तर राजाले खेतीमा भएको क्षतिको कारण भने खोजेर मात्र निर्णय गर्नुपर्छ । यदि किसानले जानी जानी छलकपट गर्नको लागि खेतीलाई नष्ट या क्षति गरेको प्रमाणित भएको खण्डमा त्यस किसानले पहिले दिने गरेको करको दस गुणा धेरै करलाई असुल ऊपर गरेर लिनुपर्छ यो लाहपरवाह अन्तर्गतको दण्डविधानको दण्डजरीवानाको विधान हो ।

एतद्विधानं आतिष्ठेद्धार्मिकः पृथिवीपतिः ।
स्वामिनां च पशूनां च पालानां च व्यतिक्रमे ॥ ८/२४४ ॥

अर्थात्:- पशुस्वामी र पशुपालको बीचमा नियम उल्लङ्घन भएको खण्डमा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकारले धार्मिक राजाले राज धर्मलाई धारण गर्दै दण्डविधानको नियमअनुसार अवस्था र सबैलाई मान्य हुने किसिमले विद्वान्सँग बसेर छलफल गरेर लापरवाहीको दण्डजरीवानाको विधानलाई व्यवस्था गर्नुपर्छ ।

सीमां प्रति समुत्पन्ने विवादे ग्रामयोर्द्वयोः ।
ज्येष्ठे मासि नयेत्सीमां सुप्रकाशेषु सेतुषु ॥ ८/२४५ ॥

अर्थात्:- दुई गाउँको बीचमा जमिनको सीमानाको सम्वन्धमा गाउँ गाउँको बीचमा नै झगड़ा भएको खण्डमा वैशाख या ज्येष्ठ महिनामा जब (सुप्रकाशेषु सेतुषु) सीमानाको लागि निश्चित गरिएको चिह्न ठीक(ठीक अवस्थामादेखिन्छ त्यस्तो समयमा नै प्रमाणलाई हेरेर प्रमाण अनुसार नै सीमानालाई हेरेर निश्चित निर्णय गर्नुपर्छ यो सिमाना विवाद समस्या समाधनको विधान हो ।

सींआवृक्षांश्च कुर्वीत न्यग्रोधाश्वत्थकिंशुकान् ।
शाल्मलीन्सालतालांश्च क्षीरिणश्चैव पादपान् ॥ ८/२४६ ॥

अर्थात्:- राजाले गाउँलाई अलग अलग भागमा विभाजन गर्ने समयमा सिमाना निश्चित गर्नको लागि सीमानमा वर, पीपल, पलाश, शाल्मली, साल, ताड़ तथा गूलर आदि र दुध आउने तथा लामो समयसम्म बाँच्ने वृक्षलाई दुई गाउँको सीमानमा छुट्टाऊनको लागि लगाउनु पर्छ र गाउँको सबै प्रजालाई भन्नुपर्छ र जबसम्म यी वृक्ष सुरक्षित हुँदैन तबसम्म दुवै गाउँ मिलेर यी वृक्षको संरक्षण गर्नुपर्छ ।

गुल्मान्वेणूंश्च विविधान्शमीवल्लीस्थलानि च ।
शरान्कुब्जकगुल्मांश्च तथा सीमा न नश्यति ॥ ८/२४७ ॥

अर्थात्:- त्यस्तै गरेरमाथि भनिएको वृक्ष नहुने ठाउँमा अनेक प्रकारको झाड़ीहुने बिरुवा, अनेक प्रकारको बांस तथा नरकट आदि, शमीवृक्ष, लता, सरकण्डे तथा वक्र बन्ने बिरुवा तथा झाड़ी-झंकार हुने बिरुवलाई सीमामा लगाउनु पर्छ यदि यस्तो बिरुवा सीमानामा लगाएको खण्डमा कुनै पनि सीमानाको चिन्ह नष्ट हुँदैन ।

शरान्कुब्जकगुल्मांश्च तथा सीमा न नश्यति ।
तडागान्युदपानानि वाप्यः प्रस्रवणानि च ॥ ८/२४८ ॥

अर्थात्:- कुनै पनि गाउँ, नगर, राज्य तथा देश आदिको सीमाना सन्धि भएको स्थानको ठाउँमा तालाउ, कुंवा, बिश्राम स्थल, नालि र विद्यालय-यज्ञशाला आदि देवस्थान लाई निर्माण गर्नुपर्छ यस्तो भएमा सीमा हराउँदैन र यज्ञशालामा हुनै यज्ञको कारण एक देशको प्राकृतिक तथा दैविक प्रकोप अर्को देशमा पनि आउदैन ।

उपछन्नानि चान्यानि सीमालिङ्गानि कारयेत् ।
सीमाज्ञाने नृणां वीक्ष्य नित्यं लोके विपर्ययम् ॥ ८/२४९ ॥

अर्थात्:- सीमानाको निर्णयमा संसारको सबै मनुष्यमा विवाद, मतभेद तथा युद्धपनि हुनेगर्छ सिमाना नित्य हो त्यस कारण यस्तो युद्धपनि हुनेगर्छ र सिमाना उलटफेर पनि हुनसक्छ त्यसैले राजाले पहिले आफ्नो देशको राज्यको, नगरको र गाउँको सीमालाई निश्चित गरेर अनेक ठाउँमा प्रत्येक्ष तथा गुप्तरुपले अनेक चिन्ह निश्चित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर आफ्नो सीमालाई सुरक्षित र प्रमाणित गर्नुपर्छ ।

अश्मनोऽस्थीनि गोवालांस्तुषान्भस्म कपालिकाः ।
करीषं इष्टकाङ्गारांश्शर्करा वालुकास्तथा ॥ ८/२५० ॥

अर्थात्:- आफ्नो देश, राज्य, नगर र गाउँको सीमालाई निश्चित गर्दा यदि रुख विरुवा तथा वृक्ष अहिले तत्काल उपलब्ध नभएमा पत्थर, हड्डी, कपाल,कोइला, खरानी, चिहानघारी, ईट्टा, वलुवा, गिट्टी, तथा यस्तै अनेक अन्य पदार्थ जुन कालान्तरमा पनि शीघ्र भूमिमा विलिन नहोस् र तुरुन्तै माटो नबनोस, नगलोस, नकुहियोस, यस्तो वस्तुलाई आफ्नो सीमानाको सन्धिस्थानम गुप्त रुपले जमिनमुनि गाड्नुपर्छ ।

यानि चैवंप्रकाराणि कालाद्भूमिर्न भक्षयेत् ।
तानि संधिषु सीमायां अप्रकाशानि कारयेत् ॥ ८/२५१ ॥

अर्थात्:- गुप्त रुपमा सिमानालाई निश्चित गर्दा माटो मुनि गिट्टी, वलुवा रकोइला आदिलाई प्रयोग गर्नु अति नै उत्तम हुन्छ गिट्टीकोइला वालूवालाई धेरै लामो समयसम्म जमिनले आफूमा समाहित गर्नसक्दैन त्यसैले सिमानामा यस्तो वस्तुलाई जमिनको मुनि गुप्तरुपले अर्थात् जमिनमुनि दवाएर सीमानालाई चिन्ह वनाएर राख्नुपर्छ ।

एतैर्लिङ्गैर्नयेत्सीमां राजा विवदमानयोः ।
पूर्वभुक्त्या च सततं उदकस्यागमेन च ॥ ८/२५२ ।

अर्थात्:- दुवै गाउँ, नगर र राज्यको सीमानको लागि झगड़ा गरेको भएमा राजाले सीमानाको विषयमा झगड़ा गर्नेलाई यही चिन्हको साथमा तथा पहिलेदेखि जुन जुन ठाउँसम्म त्यस जमिनको उपभोग गरेको हुन्छ त्यसलाई आधार मानेर र निरन्तर जलको प्रवाहको आगमन चिन्हको आधारमा अर्थात् नदी तथा वर्षाको पानी कहाँवाट प्रवाहित हुनेगरेको हुन्छ त्यो सवै नियमलाई हेरेरमाथिको विधानलाई ध्यान दिएर दुई गाउँको नगरको र राज्यको सीमानाको वारेमा निर्णय गर्नुपर्छ ।

यदि संशय एव स्याल्लिङ्गानां अपि दर्शने ।
साक्षीप्रत्यय एव स्यात्सीमावादविनिर्णयः ॥ ८/२५३ ॥

अर्थात्:-माथि भनिएको नियमअनुसार पनि पुरा सीमा निश्चित गर्न सकिएन र शङ्का नै रह्यो भने साक्षीको प्रमाणलाई ध्यान दिएर त्यही साक्षीले दिएको प्रमाण रमाथिको नियमलाई लागु गरेर सीमानाको विवादलाई मिलाउनु पर्छ ।

ग्रामीयककुलानां च समक्षं सीम्नि साक्षीणः ।
प्रष्टव्याः सीमलिङ्गानि तयोश्चैव विवादिनोः ॥ ८/२५४ ॥

अर्थात्:- सीमानको विवादमा दुई गाउँको व्यक्तिहरू आपसमा नै गाउँको सीमानाको लागि वादविवाद गरेको खण्डमा राजाले वादी र प्रतिवादी दुई गाउँमा पूर्वकालदेखिनै वसोवास गरेको पुरा पुर्खा नै निवासी रहेको कुलीन व्यक्ति वृद्ध व्यक्तिलाई यी गाउँको सीमानको चिह्नको बारेमा कुलीन र वृद्धको सामुने वादी र प्रतिवादीलाई लिएर सीमानको चिह्नको वारेमा सोधनुपर्छ ।

ते पृष्टास्तु यथा ब्रूयुः समस्ताः सीम्नि निश्चयम् ।
निवध्नीयात्तथा सीमां सर्वास्तांश्चैव नामतः ॥ ८/२५५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- पुरा खोजतलास गरेर दुई गाउँको सिमानाको प्रमाण जहाँबाट मिल्छ त्यहीबाट सीमानालाई निश्चित गर्नुपर्छ यदि यो सिमाना विवादमा कुनै प्रमाण मिलेन भने राजाले परिस्थिति हेरेर दुवै गाउँको निवासीलाई कुनै असर नहुने गरेर जो जहाँ थियो त्यही रहने तर गाउँको सिमनालाई नयाँ तरिकाले फेरि सिमनालाई निर्धारण गर्नुपर्छ। राजाले नयाँ सीमानालाई निश्चित गरेर सबै साक्षी र गाऊँको सीमानको वादविवादमा उपस्थित सबै कुलीन तथा वृद्धलाई नयाँ सिमानालाई स्वीकार गराउनु पर्छ र सबैलाई सहमति गराएर अवदेखि यो सिमना यो गाउँको हो भनेर निर्णायलाई स्वीकार गराउनुपर्छ राजालेमाथि भनिएको नियमअनुसार दुई गाउँको सीमानमा चिह्नलाई स्थापित गराउन लगाउनु पर्छ र त्यहाँ उपस्थित सबै साक्षी एवं वृद्ध मनुष्यको नाम लेखेर राख्नुपर्छ जहाँ पुनः विवाद भएमा यो ज्ञात हुनसक्नेछ कि पहिलेको विवादमा कुन कुन व्यक्ति बसेर कुन कुन समक्षमा यो सीमानको विवादमा साक्षी बनेर सीमानको निर्णय भएको त्यो जानकारी र प्रमाण देखाउनु पर्छ।

शिरोभिस्ते गृहीत्वोर्वी स्रग्विणो रक्तवाससः।
सुकृतैः शापिथाः स्वैः स्वैर्नयेयुस्ते समञ्जसम् ॥ ८/२५६ ॥

अर्थात्:- यदि राजाले गरेको यो निर्णयलाई गाउँबासिले अस्वीकार गरेको खण्डमा साक्षीपनि स्वीकार गर्नको लागि वृद्धपनि स्वीकार गर्नको लागि अस्वीकार गरेको खण्डमा, त्यहाँ उपस्थित भएको सीमानको साक्षी रहेको व्यक्तिको टाउकोमा आफ्नो हात राखेर माला लिएर र भगवावस्त्र लगाउन लगाएर आफ्नो सन्ततीलाई साक्षी राखेर शपथ खान लगाउनुपर्छ कि यदि हामीले झुटो बोलेमा हाम्रो सन्तति हामीबाट बिछोड होस् भनेर यो सपथ लिन लगाउनु पर्छ र आफ्नो सन्ततिको बिछोड होस् भनेर सपथ लिँदैगर्दा त्यस मनुष्यको अनुहारमा भएको परिवर्तनलाई पनि राजाले ध्यान राख्नुपर्छ यदि यो सपथ लिँदा त्यस मनुष्यको अनुहारमा परिवर्तन भएको खण्डमा यो व्यक्ति झुटो हो झुटो हुनाले सीमानालाई स्वीकार नगरेको हो भनेर राजाले बुझ्नुपर्छ।

यथोक्तेन नयन्तस्ते पूयन्ते सत्यसाक्षीणः।
विपरीतं नयन्तस्तु दाप्याः स्युर्द्विवशतं दमम् ॥ ८/२५७ ॥

अर्थात्:- सपथलिने समय आफ्नो सन्ततिको बिछोड कसैलाई पनि स्वीकार्य हुँदैन त्यसैले त्यो व्यक्तिको अनुहारको अवस्था परिवर्तन हुन्छ त्यसलाई राजाले ध्यान दिनुपर्छ त्यसैले मनुष्यले साक्षी दिनुभन्दा पहिले सधैँ आफ्नो सन्ततिको बारेमा सोच्नु र सत्यको साक्षी दिनु भनेर राजाले साक्षीलाई भन्नुपर्छ, सत्यको साक्षीदिने व्यक्ति शास्त्रको ज्ञान अनुसार र उसको आफ्नो कर्म सत्य बोलेको कारणले आफैमा पवित्र हुन्छ भनेर सबैलाई सम्झाउनु पर्छ तरपनि झुटो बोलेको प्रमाणित भएमा र राजाद्वारा निर्धारित गरेको नयाँ सिमानापनि अस्विकार गर्ने सबैलाई अनुरोध गर्दापनि अस्वीकार गर्नेहो भने त्यस्तो अस्वीकार गर्ने सबैलाई झुटोको साक्षी दिने सबैलाई राजाले प्रतिव्यक्ति दुईसय पण दण्ड दिएर झुटो बोलेको राजाको आज्ञालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवज्ञा गरेको हुनाले दण्ड दिनुपर्छ यो राजधर्म हो ।

साक्ष्यभावे तु चत्वारो ग्रामाः सामन्तवासिनः ।
सीमाविनिर्णयं कुर्युः प्रयता राजसंनिधौ ॥ ८/२५८ ॥

अर्थात्:- दुई गाउँको विषयमा सिमाना विवाद रहेको छ तर सिमाना यही नै हो भनेर साक्षी दिनेव्यक्ति त्यस दुई गाउँमा नै कोही छैन भने समीपवर्ती चार गाउँको प्रतिष्ठित व्यक्तिलाई सीमानाको बारेमा राजा अर्थात् न्यायाधीशको अघि पक्षपातरहित भावले सीमानाको बारेमा सोध्नुपर्छ अर्थात् सीमाना विवादको विषयमा निर्णय गर्दा त्यस गाउँको समीपवर्ती व्यक्तिसँग पनि राजाले सोधनुपर्छ ।

सामन्तानां अभावे तु मौलानां सीम्नि साक्षीणाम् ।
इमानप्यनुयुञ्जीत पुरुषान्वनगोचरान् ॥ ८/२५९ ॥

अर्थात्:- यदि आसपासको गाउँमाकोहि पुरानो मनुष्य छैन नजिकैको गाउँको बासिन्दा पनि छैन त्यस गाउँको व्यक्ति नयाँ भएमा र सीमानको बारेमा जानकार व्यक्ति नभएमा त्यस गाउँको सीमानको समीपमा आएको पशुसेवकलाई पशुलाई लिएर आएको समयमा घुमन्ते भुजेललाई सोधनुपर्छ ।

(समयको कलमः- आफ्नो पशुलाई एक निश्चित ठाउँमा बसस्थान बनाएर पालन नगरेको तर धेरै पशुपालन गरेको र पशुको अहारालाई खोजी गर्दै एक गाउँबाट अर्को गाउँमा अर्को गाउँबाट अर्को गाउँमा सधैं आफ्नो पशुलाई आहार पुरा गर्नको लागि पुरा पशुको बथानलाई नै लिएर हिड्ने मनुष्यलाई भुजेल भनिन्छ यस्तो मनुष्यलाई पनि सीमानाको ज्ञान हुन्छ त्यसैले भोजेलसँग पनि सोधनुपर्छ)

व्याधान् शाकुनिकान्गोपान्कैवर्तान्मूलखानकान् ।
व्यालग्राहानुञ्छवृत्तीनन्यांश्च वनचारिणः ॥ ८/२६० ॥

अर्थात्:- त्यस्तै सीमाना विवादको विषयमा राजाले नजिक वनवासी भएमा, आफ्नो पशु तथा आफ्नो खेतीलाई नष्ट गर्ने जङ्गली जनवालाई धपाऊने कार्य गर्ने व्याघ्र, शाकुनिक अर्थात् खेतीलाई नष्टगर्ने चरालाई धपाऊने कार्य गर्ने व्यक्ति, आफ्नो या मालिको पशुको सेवागर्ने गोपालक, खेतको खेतीमा लाग्ने चरा मूसा लगायत अन्य प्राणीलाई धपाउने कार्यगर्ने र नदीमा डुङ्गा चलाउने व्यक्ति वृच्छवृत्ति, तथा वनमा रहने जड़ीवुटीलाई खोज्ने व्यक्ति, सर्पलाई समाउने सपेरा लगाएर अन्य वन जङ्गलको रेखदेख कार्य गर्नेसँग सोध खोज गरेर गाउँको सीमाना विवादलाई मिलाउनेकोसिस गर्नुपर्छ किनकि यी सबै मनुष्य सधैं सबै तिर घुमन्ते हुनाले सीमानको बारेमा ज्ञान हुनेगर्छ त्यसैले यी सबैलाई सोधनुपर्छ ।

ते पृष्टास्तु यथा ब्रूयुः सीमासंधिषु लक्षणम् ।
तत्तथा स्थापयेद्राजा धर्मेण ग्रामयोर्द्वयोः ॥ ८/२६१ ॥

अर्थात्:- आपसी समझदारीमा दुई या दुई भन्दा धेरै गाउँ नगर या राज्यको सीमाको बारेमा सोधेर समझदारी मै विवाद मिलेको खण्डमा सीमानाको सम्बन्धमा जसरी नगरबासी मिलेर गाउँ, नगर र राज्यको चिह्नलाई बताउने गरेका हुन्छन् त्यही नियमअनुसार नै राजाले सीमानको लागि गरिने चिन्हलाई दुवै गाउँ या नगरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बीचमा धर्मपूर्वक नै त्यही अनुसार चिह्नलाई स्थापित गर्नुपर्छ ताकि भविष्यमा सिमानाको बारेमा कसैलाई कुनै पनि समस्या उत्पन्न नहोस् ।

क्षेत्रकूपतडागानां आरामस्य गृहस्य च ।
सामन्तप्रत्ययो ज्ञेयः सीमासेतुविनिर्णयः ॥ ८/२६२ ॥

अर्थात्:- कुनै व्यक्तिगत सम्पत्तिको बारेमा सीमाना विवाद भएमा जस्तै खेत, कुवा, तलाव, बगैचा, घरको सीमाना चिह्नको विषयमा कुनै पनि व्यक्तिसँग झगड़ा या विवाद भएमा नजिकको छिमेकी या गाउँको जानकार तथा वृद्ध तथा मुखियासँग सोधनुपर्छ ।

सामन्ताश्चेन्मृषा ब्रूयुः सेतौ विवादतां नृणाम् ।
सर्वे पृथक्पृथग्दण्ड्या राज्ञा मध्यमसाहसम् ॥ ८/२६३ ॥

अर्थात्:- छिमेकी गाउँको आपसमा विवाद भयो राजाले मुखिया तथा गाउँको भनाइअनुसार सीमानको र अन्य विषयको बारेमा निर्णय भयो परन्तु यस सीमाना(सम्बन्धी विवादमा नै मुखिया र गाउँको मनुष्य नै झुटो भएमा यस्तो कार्य मुखिया या गाउँको सबै जसले झुटोको साक्षी बनेका थिए ती सबैलाई कुनै माफ कुनै अवस्था नै नहेरी सीधा सीधा जो जो साक्षी दिएका थिए ती सबै झूटो बोलेको हुनाले जो जो झुटको साक्षी थिए ती सबैलाई राजाले सबैलाई अलग अलग तरिकाले झुटोको दण्डविधानअनुसार 'मध्यमसाहस' अर्थात् पाँच पाँच सय पणको दण्डजरीवाना गर्नुपर्छ ।

गृहं तडागं आरामं क्षेत्रं वा भीषया हरन् ।
शतानि पञ्च दण्ड्यः स्यादज्ञानाद्द्विशतो दमः ॥ ८/२६४ ॥

अर्थात्:- कुनै पनि एक गाउँले अर्को गाउँलाई यदि डर धम्की त्रास र भय देखाएर कुनै मनुष्यको घर, तलाउ, बगैंचा, खेत लगायतको सामूहिक सम्पत्ति तथा व्यक्तिगत सम्पत्तिलाई लुटेको तथा कब्जा गरेको खण्डमा यस्तो अपराध गर्ने अपराधीलाई राजा लुटको दण्डविधानअनुसार यो लुटनमा सहभागी हुने सबैलाई पाँच पाँच सय पण प्रतिव्यक्ति दण्डजरीवाना गर्नुपर्छ र यदि यस्तो कार्यमा अन्जानमा र अज्ञानवश समावेश भएमा भएको पाईएमा त्यस्तो व्यक्तिलाई जम्मा १०० पण दण्डजरिवान गर्नुपर्छ ।

सीमायां अविषह्यायां स्वयं राजैव धर्मवित् ।
प्रदिशेद्भूमिं एकेषां उपकारादिति स्थितिः ॥ ८/२६५ ॥

अर्थात्:- राज्य, नगर, गाउँ र घरमा दुई या दुईभन्दा धेरै घरको सम्पत्तिको सीमानको कुनै पनि विवादमा सबैलाई एक आपसमा मिलाएर समझदारीमा पूर्वक सबैलाई लिएर सबै घर, गाउँ, नगर र राज्य आदिलाई मिलाएर राज्य, नगर, गाउँ र गृह आदिको बीचमा रहेको सीमाको विवादको कुनै समाधान नभएको खण्डमा धर्मज्ञ, नीतिको ज्ञाता राजा स्वयम्ले सबैलाई उत्तम र उपकारलाई दृष्टिगत गरेर सीमानालाई निर्धारण गर्नुपर्छ यो नै अति उत्तम हो अर्थात् सबै किसिमको बादि प्रतिबादीको कल्याणलाई ध्यान दिएर सिमनालाई राजाले निश्चित गर्नुपर्छ यही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधान नै शास्त्रको व्यवस्था हो ।

एषोऽखिलेनाभीहितो धर्मः सीमाविनिर्णये ।

अत ऊर्ध्व प्रवक्ष्यामि वाक्पारुष्यविनिर्णयम् ॥ ८/२६६ ॥

अर्थात्:- यहाँसम्म सीमानाको विवादको सम्बन्धमा यो विधान पूर्णतया न्यायव्यवस्था अन्तर्गतको व्यवस्थाको बारेमा भनियो अब कसैले पनि कसैलाई कठोर घृणित वणी बोलेको खण्डमा के गर्ने त्यस विषयमा सुन्नुहोस् ।

शतं ब्राह्मणं आक्रुश्य क्षत्रीयो दण्डं अर्हति ।

वैश्योऽप्यर्धशतं द्वे वा शुद्रस्तु वधं अर्हति ॥ ८/२६७ ॥

अर्थात्:- वेदज्ञानी विद्वान् ब्राह्मणलाई यदि अहङ्कारमा या अपहेलाना गरेर या बिनकारण यसै अपशब्द तथा गाली दिएको खण्डमा क्षत्रीय वर्णको मनुष्य भएमा कठोरवचनको दण्डविधानअनुसार 'सयपण' दण्डजरीवाना, वैश्य वर्णको मनुष्य भएमा कठोरवचनको दण्डविधानअनुसार 'सयपण' देखि 'अढाई सयपण' सम्म न्यूनतम दण्डजरीवाना गर्नुपर्छ भने शुद्रवर्णले अहङ्कार र घमण्डमा यसै अपशब्द तथा गाली गरेमा एक रपेट अर्थात् झापड लगाउनु पर्छ यो कार्य राजाले गर्नुपर्छ, शुद्रवर्णसँग कहिल्यै आर्थिक जरिवान गर्नुहुँदैन किनकि शुद्र सबैको सारथी हो ।

पञ्चाशद्ब्राह्मणो दण्ड्यः क्षत्रीयस्याभिशंसने ।

वैश्ये स्यादर्धपञ्चाशच्छुद्रे द्वादशको दमः ॥ ८/२६८ ॥

अर्थात्:- त्यस्तै कुनै पनि वेदज्ञानी ब्राह्मणमा क्रोध आयो र बिनाकारण कुनै पनि वर्णलाई सम्झाउनुको साटो अपशब्द बोलेमा वचनलाई ध्यान दिएर दण्डविधानअनुसार प्रथम साहस बराबरको दण्डजरीवाना गर्नुपर्छ यदि वेदज्ञानी ब्रह्मणले क्षत्रीय वर्णलाई अपशब्द बोलेमा ५० पण दण्डजरिवाना हो, वैश्यलाई अपशब्द बोलेमा २५ पण र शुद्रवर्णलाई अपशब्द बोलेमा १५ पण दण्डविधानअनुसार दण्डजरीवाना र दस दिनको लागि कुनै पनि राजाको कामबाट बर्खास्त गर्नुपर्छ ।

समवर्णे द्विजातीनां द्वादशैव व्यतिक्रमे ।

वादेष्ववचनीयेषु तदेव द्विगुणं भवेत् ॥ ८/२६९ ॥

अर्थात्:- द्विजले एक आपसमा आफ्नो वर्ण अर्थात् एकै किसिमको काम गर्नेले एक आपसमा एकले अर्कोलाई एकै वर्णको मनुष्यले आफ्नो वर्णको अर्को मनुष्यलाई अपशब्द बोलेमा वचनको कठोरतालाई हेरेर एक या दुवैलाई अवस्था र परि स्थितीलाई ध्यान दिएर 'बाह्रपण' दण्ड दिनुपर्छ तर एक वर्णको मनुष्यले अर्को वर्णको मनुष्यलाई अपशब्द प्रयोग गरेमा उसको ज्ञान र क्षमताको के हो त्यही अनुसार न्यूनतम अपशब्दको दण्डविधानअनुसार 'चौबीसपण' दण्डजरिवाना गर्नुपर्छ ।

एकजातिर्द्विजातींस्तु वाचा दारुणया क्षिपन् ।

जिह्वायाः प्राप्नुयाच्छेदं जघन्यप्रभवो हि सः ॥ ८/२७० ॥

अर्थात्:- अधर्मी, मूर्ख अर्थात् क्षुद्रले अहङ्कारमा आएर समाजको उत्तम ज्ञानी विद्वान्(ब्राह्मण)लाई, देशको रक्षागर्ने सैनिक (क्षत्रीय) लाई व्यापारी(वैश्य)लाई अपशब्द बोलेको खण्डमा त्यस्तो अधर्मी मूर्ख तथा क्षुद्र व्यक्तिको जिब्रो नै छेदन गर्नयोग्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ भनेर बुझ्नुपर्छ, किनकि जुन व्यक्ति समाजको उन्नतिको कार्य गरेको हुन्छ त्यसको अपहेलना गर्नु अति नै गलत हो । त्यसैले अधर्मिलाई दण्डदिनु राजाको कर्तव्य हो । जसले समाजको लागि केही गर्दैन र त्यसले नै समाजको कल्याण गर्नेलाई अपहेलाना गर्छ भने जो सेवक हो उनको कार्यको मानहानि (अपमान) भएको मान्नुपर्छ

नामजातिग्रहं त्वेषां अभिद्रोहेण कुर्वतः ।
निक्षेप्योऽयोमयः शङ्कुर्ज्वलन्नास्ये दशाङ्गुलः ॥ ८/२७१ ॥

अर्थात्:- सधैं व्यवहारिक र सत्य ज्ञानदिने विद्वान्, सबैको कल्याणको लागि कार्यगर्ने सधैं सत्यलाई धारण गरेको कसैको बारेमा गलतपनि नसोच्ने वेदज्ञानी विद्वान्लाई अपहेलना गर्दै क्षुद्र आचरण भएको पतित व्यक्ति जो पतित हो, कर्मच्यूत हो, यस्तो अज्ञानीले अहङ्कार र घृणा गरेर कुनै पनि वेदज्ञानी विद्वान् अन्य कसैलाई पनि अपशब्द र तुच्छ शब्द प्रयोग गर्दै 'ओ फलानो व्यक्ति तिमी यस्तो नीच र पतित हौ भनेर' अहङ्कार पूर्वक नीच तथा अपशब्दको प्रयोग गरेमा त्यस्तो अज्ञानीको मुखबाट जति अपशब्द निस्किएको हुन्छ अवस्था हेरेर त्यस व्यक्तिले बोलेको कटुवचनलाई ध्यान दिएर कटुवचन दण्डविधानको नियमअनुसार अधिकतम दण्ड उसको जिब्रोलाई दस औला लामो फलामको किलालाई तताएर जिब्रोलाई डाम्नु पर्छ ।

धर्मोपदेशं दर्पेण विप्राणां अस्य कुर्वतः ।
तप्तं आसेचयेत्तैलं वक्त्रे श्रोत्रे च पार्थिवः ॥ ८/२७२ ॥

अर्थात्:- जो मनुषयमा ज्ञान छैन, अहङ्कार छ, कर्मच्यूत् हो, आचरण च्यूत हो, सधैं वास्नामा लीनहुन खोज्ने गरेको हुन्छ यस्तो अज्ञानी व्यक्ति जो व्यक्तिसँग ज्ञान शून्य रहेको हुन्छ यस्तो अज्ञानीले अहङ्कार गर्दै वेदज्ञानी विद्वान्लाई निच देखाउनको लागि जहाँ पायो त्यही वेदज्ञानी विद्वान्लाई अपहेलना गर्ने हिसाबले झूट, क्रोध र अहङ्कारको कारणले ज्ञानीलाई जानी नजानि धर्मको गलत व्याख्या गर्दै झुटको उपदेश गरेर झुटोको नै प्रचार र वेदज्ञानीको अपहरलना गर्ने गरेको प्रमाणित भएमा राजाले त्यस्तो नीच तथा क्षुद्र व्यक्तिलाई कटुवचनको दण्डविधानअनुसार मुख र कानमा पुरा तातो तेललाई राखी दिनुपर्छ ।

श्रुतं देशं च जातिं च कर्म शरीरं एव च ।
वितथेन ब्रूवन्दर्पाद्वाप्यः स्याद्द्विशतं दमम् ॥ ८/२७३ ॥

अर्थात्:- कुनै पनि मनुष्यले अन्य कुनै पनि मनुष्यलाई नीच देखाउनको लागि र उसलाई अपहेलना गर्ने तरिकाले उसको कर्मलाई लिएर, उसको ज्ञानलाई लिएर, उसको वर्णलाई लिएर, उसको शरीरलाई लिएर, उसको विद्यालाई लिएर, उसको गाउँ नगर तथा देशलाई लिएर, उसको परिवार र परिवारको सदस्यलाई लिएर विनकारण विविध विषयलाई लिएर घमण्ड गर्दै अन्यलाई अपहेलना गर्ने तरिकाले झुटोवचन तथा कटुवचनलाई बोलेर निन्दा गरेको खण्डमा यस्तो क्षुद्र व्यक्तिलाई कटुवचन दण्डविधानअनुसार राजाले न्यूनतम दुई 'सयपण' दण्डजरिवान गर्नुपर्छ ।

काणं वाप्यथ वा खञ्जं अन्यं वापि तथाविधम् ।
तथ्येनापि ब्रुवन्दाप्यो दण्डं कार्षापणावरम् ॥ ८/२७४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- कुनै पनि व्यक्ति तथा मनुष्यले कुनै पनि बिकलाङ्ग व्यक्तिलाई देखेर जुन बिकलाङ्ग जन्मनै बिकलानङ्ग हो कुनै नाटकको पात्रपनि हैंन त्यस्तो बिकलाङ्गलाई देखेर उसलाई अपहेलाना गर्दै त्यस बिकलाङ्गलाई कसैले पनि कानो, अन्धो, बहिरो, लङ्गड़ो हो भनेर त्यस्तो बिकलाङ्ग व्यक्तिलाई अपहेना गर्ने गरेको प्रमाणित भएमा अपहेलना गर्ने व्यक्तिलाई राजाले कटुवचन र अपहेलनाको दण्डविधानअनुसार न्यूनतम एक कार्षापण दण्डजरिवान गर्नुपर्छ।

मातरं पितरं जायां भ्रातरं तनयं गुरुम्।
आक्षारयञ् शतं दाप्यः पन्थानं चाददद्गुरोः ॥ ८/२७५ ॥

अर्थात्:- कुनै पनि व्यक्तिले अहङ्कारपूर्वक आफ्नो परिवारमा पनि आफ्नो परिवारको सदस्य माता, पिता, पत्नी, भाइ, पुत्रपुत्री, वेदज्ञान दिने गुरु लगायत अन्य सदस्यलाई अपहेलना गर्दै निच तथा तुच्छ शब्द प्रयोग गरेर कटुवचनलाई बोल्दै तिमीहरू पतित र पातकी हौ भनेर कटुवचन बोलेको भन्दै परिवारको गुनासो आएमा र गुरुकुलमा हिँडेको या अन्य कही हिँडेको विद्वान्लाई देखेर उसको अपमान तथा अपहेलना गर्ने हिसावले बाटोमा बिनकारण अवरोध गर्ने गरेको गुनासो राजासँग आएमा र सत्यता खोजीगर्दा लगाइएको आरोप प्रमाणित भएको खण्डमा त्यस्तो व्यक्तिलाई राजाले कटुवचन तथा अपहेलनाको दण्डविधानको नियमअनुसार न्यूनतम सय पण दण्डजरीवाना गर्नुपर्छ।

ब्राह्मणक्षत्रीयाभ्यां तु दण्डः कार्यो विजानता।
ब्राह्मणे साहसः पूर्वः क्षत्रीये त्वेव मध्यमः ॥ ८/२७६ ॥

अर्थात्:- ब्राह्मण वर्णलाई धारण गरेको व्यक्तिले क्षत्रीय वर्णलाई धारण गरेको व्यक्तिलाई अपहेलना गर्दै कटुवचन तथा अपशब्द बोलेमा र क्षत्रीयवर्ण धारण गरेको व्यक्तिले ब्राह्मणवर्णलाई धारण गरेको व्यक्तिलाई अपहेलना गर्दै कटुवचन तथा अपशब्द बोलेर अपहेलाना गरेको प्रमाणित भएको खण्डमा ब्राह्मणवर्णलाई कटुवचन र अपहेलनाको दण्डविधानअनुसार 'पूर्वसाहस दण्ड' र क्षत्रीयले ब्राह्मणलाई कटुवचन र अपहेलाना गरेको प्रमाणित भएमा राजाले दण्डविधानअनुसार 'मध्यम साहस' दण्डजरिवाना गर्नुपर्छ।

विट्शुद्रयोरेवं एव स्वजातिं प्रति तत्वतः।
छेदवर्जं प्रणयनं दण्डस्येति विनिश्चयः ॥ ८/२७७ ॥

अर्थात्:- ठीक त्यस्तै गरेर वैश्यवर्णलाई धारण गरेको मनुष्यले आफ्नो वैश्यवर्णलाई धारण गरेको अन्य मनुष्यलाई अपहेलना गर्ने तरिकाले अपशब्द तथा कटुवचन बोलेको प्रमाणित भएमा र शुद्रवर्णलाई धारण गरेको मनुष्यले शुद्रवर्ण नै धारण गरेको अर्को शुद्रवर्णको मनुष्यलाई नै अपहेला गर्ने तरिकाले कटुवचन र अपशब्द बोलेको प्रमाणित भएको खण्डमा कटुवचनको दण्डविधानअनुसार राजाले त्यस्तो अपराधीलाई अत्यधिक दण्ड उसको वचनलाई ध्यान दिएर अपराधीको जिब्रोलाई समेत छेदन समेत गर्नुपर्छ भने यो दण्ड नगरेमा अन्य अतिरिक्त शेष सबै दण्डविधानलाई पनि प्रयोग गर्नसक्नेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एष दण्डविधिः प्रोक्तो वाक्पारुष्यस्य तत्वतः ।
अत ऊर्ध्व प्रवक्ष्यामि दण्डपारुष्यनिर्णयम् ॥ ८/२७८ ॥

अर्थात्:- यहाँसम्म आफ्नो कार्यमा आफ्नो वचनद्वारा कुनै पनि मनुष्यले एक अर्को कसैलाई पनि अपहेलना गर्नुहुँदैन यदि कसैले कसैको पनि अपहेलना गरेको खण्डमा कर्मअनुसार अलग अलग दण्ड दिनुपर्छ भनेर नै कटुवचनको दण्डविधानको नियमको विधान दण्डजरीवानाको विधानलाई भनियो अब अघि जसले कठोर पूर्वक शारीरिक यातना दिनेगर्छ लड़ाई तथा मारपीट गर्छ त्यस्तो भएको खण्डमा के गर्ने भन्ने बारेको मारपिट अपराध दण्डविधान विधानको दण्डजरीवानाको बारेमा सुन्नुहोस् ।

येन केन चिदङ्गेन हिंस्याच्चेच्छ्रेष्ठं अन्त्यजः ।
छेत्तव्यं तद्तदेवास्य तन्मनोरनुशासनम् ॥ ८/२७९ ॥

अर्थात्:- अन्त्यज अर्थात् चाण्डाल अहङ्गारी, पिशाच आदि आचरण भएको व्यक्तिले अन्य कुनै पनि मनुष्यलाई जुन अङ्गद्वारा अन्य मनुष्यलाई प्रहार गर्छ त्यस व्यक्तिको प्रहारको अवस्थालाई हेरेर जुन अङ्गले प्रहार गरेको थियो त्यही अङ्गलाई नै तुरुन्तै काटिदिनु पर्छ यहि नै मारपिट दण्डविधानको दण्डजरीवाना हो ।

पाणिं उद्यम्य दण्डं वा पाणिच्छेदनं अर्हति ।
पादेन प्रहरन्कोपात्पादच्छेदनं अर्हति ॥ ८/२८० ॥

अर्थात्:- कुनै पनि चाण्डाल तथा पतित आचरण भएको मनुष्यले अन्य मनुष्यलाई विनकारण अपहेलना गर्दै अपशब्द बोल्दै क्रोधले अन्य व्यक्तिलाई हातखुट्टा या लाठीद्वारा प्रहार गरेको प्रमाण भएमा र व्यक्तिपनि प्रमाणित भएमा, प्रहारको अवस्था हेरेर मारपीट दण्डविधानअनुसार प्रहार कहाँ, कहाँ र केको लागि प्रहार भएको हो भन्ने कारण र अवस्था हेरेर अधिकभन्दा अधिक प्रहार गर्नेको हात तथा खुट्टा नै काटेर दण्डजरिवान गर्नुपर्छ ।

सहासनं अभिप्रेप्सुरुत्कृष्टस्यापकृष्टजः ।
कट्यां कृताङ्गो निर्वास्यः स्फिचं वास्यावकर्तयेत् ॥ ८/२८१ ॥

अर्थात्:- पतित आचरण भएको कर्मनिच भएको घमण्डी र अहङ्गारी मनुष्यके आफ्नो अहङ्गारको कारण ज्ञानी विद्वान् मनुष्यलाई उसको आसानबाट हटाएर जबर जस्ती बस्नको लागि मारपीट गरेमा या क्षमता नै नभई ज्ञानी र विद्वान्लाई डर त्रास देखाएर उसको पदलाई अपहरण गरेर उसको पद तथा कुर्सिलाई हडपेको या हडप्न खोजेको प्रमाणित भएको खण्डमा राजाले यस्तो व्यक्तिलाई मारपीट दण्डविधानअनुसार त्यस्तो अपराधीलाई उसको कर्म अनुसार न्यूनतम कम्मरमा तावाको किला तताएर चिन्हित गरिदिनु पर्छ या उसको कानकोमाथिको भाग काटेर चिन्ह लगाई दिनुपर्छ तर हत्या भने गर्नुहुँदैन ।

अवनिष्ठीवतो दर्पाद्द्वावोष्ठौ छेदयेन्नृपः ।
अवमुत्रयतो मेढ्रं अवशर्धयतो गुदम् ॥ ८/२८२ ॥

अर्थात्:- पतित आचरण भएको नीचकर्म भएको घमण्डी र अहङ्गारी मनुष्यले आफ्नो अहङ्गारको कारण ज्ञानी विद्वान् मनुष्यलाई उसको आसानमा नै गएर त्यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान्लाई अपहेलना गर्दै आसान तथा त्यस मनुष्यमाथि नै थुकेको प्रमाणित भएको खण्डमा त्यस्तो अपराधी व्यक्तिलाई मारपिटको दण्डविधानअनुसार त्यस्तो अपराधी व्यक्तिको तल्लो ओठलाई छेदन गर्नुपर्छ, त्यस्तै विद्वान्माथि र उसको कुर्सीमा पिसाव गरेमा मुतेन्द्रिय नै काटिदिनु, यदि अपण पायु या दिसा नै गरेमा गुदा अर्थात् गुप्ता अङ्गलाई पाँच अङ्गुल तावाको तारलाई सियो जस्तै तिखो बनाएर छेदन गरिदिनु पर्छ यो मारपीटको दण्डविधानको दण्डजरीवानाको विधान हो ।

केशेषु गृह्णतो हस्तौ छेदयेदविचारयन् ।
पादयोर्दाढिकायां च ग्रीवायां वृषणेषु च ॥ ८/२८३ ॥

अर्थात्:- पतित आचरण भएको कर्मनिच भएको घमण्डी र अहङ्गारी मनुष्यले आफ्नो अहङ्गारको कारण ज्ञानी विद्वान् मनुष्यको कपाल समातेमा, खुट्टावाट घिसार्नेकोसिस गरेमा, दारी समाएमा, घाँटी समाएमा अण्डाकोष लाई समाई दिएको प्रमाणित भएमा राजाले मारपीटको दण्डविधानअनुसार यस्तो अपराधीको दुवै हातलाई काटिदिनु पर्छ यस्तो अपराधीको सुरक्षाको वारेमा केही सोच्नु नै पर्दैन तर परिवार लाई राज्यको सुविधा भने निरन्तर दिनुपर्छ ।

त्वग्भेदकः शतं दण्ड्यो लोहितस्य च दर्शकः ।
मांसभेत्ता तु षण्निष्कान्प्रवास्यस्त्वस्थिभेदकः ॥ ८/२८४ ॥

अर्थात्:- पतित आचरण भएको, कर्मनिच भएको, घमण्डी, र अहङ्गारी मनुष्यले आफ्नो अहङ्गारको कारण ज्ञानी विद्वान् मनुष्यलाई विनकारण मारपीट गरेर मारपीटद्वारा शरीरको छालाको भागलाई नै निकालेको भएमा, रगत नै वगाई दिएको प्रमाणित भएको खण्डमा यस्तो अपराधीलाई राजाले उसको शरीरको छालालाई छेदन गरेर जहाँबाट रगत निकालेको छ त्यही ठाउँ त्यही अवस्था र शरीरको कुन भागमा त्यस्तो रगत आएको छ त्यो अङ्ग संवेदनशील अङ्ग हो या हैंन त्यसलाई ध्यान दिएर मारपिटको दण्डविधानअनुसार 'सयपण' दण्ड, शरीरको अङ्ग या शरीरको मासु नै अलग गरेको भएमा छ (६) निष्क' दण्ड, हड्डी भाँचिदिएको प्रमाणित भएमा त्यस्तो अपराध गर्ने व्यक्तिलाई मारपीट दण्डविधानअनुसार तत्काल देश निकाला गर्नुपर्छ यो नै दण्डजरिवानाको विधान हो यो विधान सबैको लागि समान हो ।

वनस्पतिनां सर्वेषां उपभोगो यथा यथा ।
यथा तथा दमः कार्यो हिंसायां इति धारणा ॥ ८/२८५ ॥

अर्थात्:- कसैको उपयोग गर्ने वस्तु तथा साधनलाई विनाकारण नष्ट गर्ने, वगैचाको फलेको वृक्षलाई नष्ट गर्ने, फलेको वृक्ष वा वनस्पतिमा आगो लगाउने, वन, जङ्गल र वनस्पतिको संरक्षण गर्ने कार्यमा कसैले अबरोध गरेर मारपीट गरेको खण्डमा राजाले अवस्था हेरेर त्यस्तो कार्यगर्ने व्यक्तिलाई मारपीट दण्डविधानको नियमअनुसार दण्डजरीवानाको नियमलाई लागु गरेर अपराधीलाई तत्काल दण्ड दिनुपर्छ । वनस्पति, वृक्ष र जङ्गलको संरक्षणको विधान प्राकृतिक सन्तुलनको विधान पनि यही नै प्राकृतिको संरक्षणको नीतिपनि हो र प्रकृति संरक्षण विरुद्ध कार्यगर्नेलाई राजाले दण्ड दिनुपर्छ यो राजधर्मको मर्यादा पनि हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्याणां पशूनां च दुःखाय प्रहृते सति ।
यथा यथा महद्दुःखं दण्डं कुर्यात्तथा तथा ॥ ८/२८६ ॥

अर्थात्:- कुनै पनि व्यक्तिले अन्य मनुष्य र पशुलाई दुःख दिनेगर्छ भने, त्यस व्यक्तिले मनुष्य तथा प्राणीमाथि गरेको प्रहारको अवस्था हेरेर अपराध गरेको अपराधी प्रमाणित भएमा जुन तरिकाले मनुष्य तथा प्राणीमाथि प्रहार गरेको छ त्यहि तरिकाले नै त्यस अपराधीलाई त्यही तरिकाले अधिक प्रहारबाट कमगर्दै दण्ड दिनुपर्छ यो विधान अपराध दण्डविधान अन्तरगतको शारीरिक दण्डजरीवाना हो ।

अङ्गावपीडनायां च व्रणशोनितयोस्तथा ।
समुत्थानव्ययं दाप्यः सर्वदण्डं अथापि वा ॥ ८/२८७ ॥

अर्थात्:- यदि दुई या दुईभन्दा धेरै व्यक्तिको बीचमा आपसमा झगड़ा भयो जानेर या अज्ञानमा दुवै समूहले कुनै घातक साधनको प्रहारको कारणले कुनै एक या धेरैको अङ्गमा धेरै चोट लागेर घाइते भएर शरीरबाट धेरै रक्तस्राव भएमा राजाले त्यस घाईतेलाई पहिले उपचारको व्यवस्था गर्नुपर्छ, त्यसपछी विवादको कारण बुझेर गलतको हो ? किन यस्तो भयो भन्ने सत्यलाई खोजेर अन्जानमा प्रहार भएको भएमा जो जो व्यक्ति त्यस विवादमा सामेल थिए ती सबैबाट ती पीड़ित भएका व्यक्तिको अवस्था ठीक नभएसम्मको उसको खर्चलाई ती सबै व्यक्तिबाट असुल ऊपर गर्नुपर्छ, भने जानीजानी साधन प्रहार गरेर घाईते बनाएको प्रमाणित भएमा प्रहारकर्ताले त्यस घाईते पूर्ववत् अवस्था नभएसम्मको पूराखर्च त्यही प्रहार कर्ताबाट असुल ऊपर गर्नुपर्छ अथवा यस्तो व्यक्तिलाई अपराध अनुसार राजाले पूर्वनिर्दिष्ट गरिएको सबै प्रकारको दण्डविधानको नियमअनुसार दण्डजरीवाना गर्न सकिनेछ ।

द्रव्याणि हिंस्याद्यो यस्य ज्ञानतोऽज्ञानतोऽपि वा ।
स तस्योत्पादयेत्तुष्टिं राज्ञे दद्याच्च तत्समम् ॥ ८/२८८ ॥

अर्थात्:- सम्पत्ति अरुको, वस्तु अरुको, साधन अरुको तर कसैले त्यस अरुको सम्पत्तिलाई नोक्सान गरेको भएमा त्यो नोक्सान जानेर हैन अज्ञानतामा त्यस वस्तुलाई नष्ट गरेको खण्डमा त्यस्तो अपराधीले त्यस सम्पत्तिको मलिकलाई उसको भएको नोक्सानको भरपाई गरेर त्यस सम्पत्तिको मलिकलाई सन्तुष्ट गरेको खण्डमा राजाले अन्जानमा गल्ती गरेको व्यक्तिलाई केही भन्नुहुँदैन, यदि अरुको सम्पत्तिलाई जानेर हानिनोक्सनी गरेर क्षति पुर्याएको भएमा राजाले त्यस व्यक्तिलाई सम्पत्तिमा भएको क्षतिको भरपाई भएको क्षतिभन्दा दुईगुणा धेरै क्षतिपूर्ति असुल उपर गर्नुपर्छ । यदि जानी जानी अरुको सम्पत्तिलाई हानी नोक्सनी गरेको र सम्पत्ति मलिकलाई भएको नोक्सान बराबरको क्षतिपूर्ति दिएर मात्र छोड्नु हुँदैन जानीजानी गल्ती गरेको व्यक्तिलाई राजाले पनि सम्पत्तिमा भएको क्षतिपूर्ति बराबरको दण्ड जरिवान गर्नु पर्छ यदि सम्पत्ति मलिक र क्षतिगर्ने व्यक्ति आपसमा मिलेर क्षति गरेर कुनै अपराध लुकाउनको लागि या आफ्नो क्षति देखाएर कर छलीगर्ने उद्देश्यले यो कार्य गरेको प्रमाणित भएमा त्यस्तो अपराध गरेको दुवै व्यक्तिले ठुलो अपराध गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले यी दुवै अपराधी हुन् त्यस्तो अपराधीलाई राजाले सम्पत्तिमा भएको क्षतिभन्दा दुई दुई गुणा धेरै दुवैबाट नै क्षतिपूर्ति गरेर असुल उपर गर्नुपर्छ तर क्षतिको सत्यतालाई भने सूक्ष्म अध्ययन गरेर सत्यता प्रमाणित भएमा मात्र राजाले दण्डजरीवाना गर्नुपर्छ यो दण्ड छलकपट गरेको दण्डविधानको दण्डजरीवाना हो ।

चर्मचार्मिकभाण्डेषु काष्ठलोष्टमयेषु ।
मूल्यात्पञ्चगुणो दण्डः पुष्पमूलफलेषु च ॥ ८/२८९ ॥

अर्थात्:- वस्तु तथा साधन अरुको हो जुन वस्तु छालाबाट बनेको हो, माटोबाट बनेको हो, काठबाट बनेको पात्र हो, त्यस्तै अरुको फूल, फल, मूल यी सबैलाई नष्ट गरेको भनेर यी वस्तुको मलिकले राजासँग कानुनी सहयोग माँगेको खण्डमा राजाले सत्यतालाई खोजेर यी कुनै पनि वस्तुको नोक्सान गर्ने व्यक्ति प्रमाणित भएको खण्डमा त्यस अपराधीलाई त्यस नोक्सान भएको वस्तुको बिक्रय मूल्यभन्दा पाँचगुणा धेरै दण्ड जरिवाना गर्नुपर्छ ।

यानस्य चैव यातुश्च यानस्वामिन एव च ।
दशातिवर्तनान्याहुः शेषे दण्डो विधीयते ॥ ८/२९० ॥

अर्थात्:- अब अघि भनिने क्षतिपूर्ति अवस्थामा सवारी साधन दुर्घटना बारेमा हो सवारी दुर्घटना भएको खण्डमा कुन कुन अवस्थामा सवारी साधनको सारथी र सवारी साधनको मालिकलाई कहिल्यै पनि दण्ड दिनुहुँदैन कुन अवस्थामा दण्ड दिनुपर्छ, कुन कुन अवस्था छोडेर कुन कुन अवस्थामा दुर्घटना भएको खण्डमा दुर्घटनाको परिस्थिति हेरेर अवस्था अनुसार दण्ड जरिवान गर्नुपर्छ त्यस बारेमा सुन्नुहोस् ।

छिन्ननास्ये भग्नयुगे तिर्यक्प्रतिमुखागते ।
अक्षभङ्गे च यानस्य चक्रभङ्गे तथैव च ॥ ८/२९१ ॥

अर्थात्:- निम्न दश अवस्थामा सवारी दुर्घटना भएको भएमा राजाले सवारी साधनको मालिक तथा सारथीलाई कुनै पनि किसीमको दण्डजरीवाना गर्नुहुँदैन ।

१) सवारीको साधन हाँक्ने समयमा सवारिको मुख्य सापट अर्थात् आधार नै भंच्चिएर दुर्घटना भएमा ।
२) रथ खिचने घोडाको काँधको जुवा भाँच्चिएर दुर्घटना भएमा ।
३) खाल्डो खुल्डी ऊँचनीच बाटो भएको कारण सवारी साधनको या रथ टेढो भएर दुर्घटना भएमा ।
४) तत्कालसम्मुख कुनै अवरोध आएको खण्डमा बचाउनेकोसिस गर्दा गर्दै सवारी दुर्घटना भएमा ।
५) धुरा भाच्चिएर दुर्घटना भएमा ।
६) रथको पहिया टुटेर दुर्घटना भएमा ।

छेदने चैव यन्त्राणां योक्त्ररश्म्योस्तथैव च ।
आक्रन्दे चाप्यपैहीति न दण्डं मनुरब्रवीत् ॥ ८/२९२ ॥

अर्थात्:- त्यस्तै-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७) जोडिएको रथको बन्धन करणवश निस्किएमा या भाँच्चिएर दुर्घटना भएमा ।
८) रथको रास अर्थात् पाग्राको सम्बन्ध रथसँग छुटेर दुर्घटना भएमा ।
९) रथ र घोडाको बीचकोकोड़ा भाच्चिएको र सवारी साधसनको सारथीले ठुलो आवाज दिएर वचनुहोस् वचनुहोस् बाटोबाट हटनुहोस् हटनुहोस् भनिरहेको तर सुनेको व्यक्तिले अनसुना गरेर यदि कुनै क्षति या दुर्घटना भएमा ।
१०) सवारी साधन चलाउदै गर्दा सारथिको स्वास्थ्य बिग्रीएर बेहोस् भएर दुर्घटना भएमा रथी, सारथी र रथको स्वामील कुनै पनि किसीमको दण्डको भागी हुँदैन ।

यत्रापवर्तते युग्यं वैगुण्यात्प्राजकस्य तु ।
तत्र स्वामी भवेद्दण्ड्यो हिंसायां द्विशतं दमम् ॥ ८/२९३ ॥

अर्थात्:- जुन ठाउँमा सवारी साधन तथा रथ सारथीको मूर्खताको कारणले आनवश्यक सञ्चालन गरेर कहिल्यै यता र केहिले उता गरेको अवस्थामा सवारी अर्थात् रथ पल्टीएर दुर्घटना भएर कसैलाई घाउ चोट लगेको खण्डमा यस्तो अवस्थामा सवारी साधनको स्वामीले सवारी साधन अर्थात् रथलाई नै चलाउन नजानेको अशिक्षित व्यक्तिलाई रथको सारथी बनाएर आफ्नो सवारी साधन दिएर सवारी साधनको रथी बनाएर आफ्नो सवारी साधन अर्थात् रथ दिएको हुनाले रथको मालिक र रथीलाई लापरवाहको दण्डविधानअनुसार दुवैलाई 'दुईसय' पण दण्डजरिवान गर्नुपर्छ ।

प्राजकश्चेद्भवेदाप्तः प्राजको दण्डं अर्हति ।
युग्यस्थाः प्राजकेऽनाप्ते सर्वे दण्ड्याः शतं शतम् ॥ ८/२९४ ॥

अर्थात्:- रथको सारथीमा रथ चलाउने अनुभव छ सक्षम छ कार्यमा चतुर छ तरपनि कुनै दुर्घटना भएको खण्डमा जसले दुर्घटना गराउँछ त्यसलाई नै लापरवाहको दण्डविधानअनुसार सवारी साधनलाई जति हानी भएको छ त्यही अनुसार दण्डजरीवाना गर्नुपर्छ । यदि रथ चलाउने पनि अयोग्य छ र त्यस रथमा बसेको व्यक्तिलाई थाहा छ यो अयोग्य व्यक्ति हो भन्ने थाहा भएको तर रथमा सवार भएको खण्डमा यी दुवै अपराधी हुन् यस्तो अपराधीलाई राजाले सयसय पण दण्ड जरिवान गर्नुपर्छ ।

स चेत्तु पथि संरुद्धः पशुभिर्वा रथेन वा ।
प्रमापयेत्प्राणभृतस्तत्र दण्डोऽविचारितः ॥ ८/२९५ ॥

अर्थात्:- बाटो सानो छ तर यो बाटो पशुको मार्ग हो अघि अन्य रथ तथा पशुपनि छन् यस्तो अवस्थामा यदि सारथी सामने अन्य रथ आएको खण्डमा वा कुनै पनि पशु उपस्थित भएको अवस्थामा रथलाई पछि नफर्काएर आफ्नो रथको घोडालाइकोरा मारेर रथलाई अघि बढ़ाउने प्रयत्न गर्दा यदि कुनै पनि प्राणीको शरीरलाई हानी या कुनै पनि प्राणीको प्राणको नै हानी भएको खण्डमा राजाले यस्तो सारथिलाई बिनाकुनै सोच बिनानै भएको क्षतिको अनुसार नै न्यूनतम पाँच सयपण क्षतिपूर्तिलाई असुल उपर गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यमारणे क्षिप्रं चौरवत्किल्बिषं भवेत् ।
प्राणभृत्सु महत्स्वर्धं गोगजोष्ट्रहयादिषु ॥ ८/२९६ ॥

अर्थात्:- रथ तथा सवारी साधनको मालिक तथा सारथीको असबधानीको कारणले गर्दा दुर्घटना भएर मनुष्यको मृत्यु भएमा त्यस रथ तथा सवारी साधनको मलिकलाई चोरिको प्रथम साहस बराबरको अर्थात् हजार पण दण्ड जरिवाना हुन्छ भने घोड़ा, हात्ती, ऊँट आदि ठुलो पशुको मृत्यु भएमा 'उत्तम साहस'को दण्डजरीवाना हुन्छ भने गाई लगायत अन्य प्राणीको मृत्यु भएमा 'मध्यम सहस'को दण्ड पाउन योग्य हुन्छ र आफ्नो लापरवाहीको कारण दुर्घटना गराउने व्यक्तिलाई राजाले लाप्रवाही दण्डविधानअनुसारको दण्डजरीवाना गर्नुपर्छ ।

क्षुद्रकाणां पशूनां तु हिंसायां द्विशतो दमः ।
पञ्चाशत्तु भवेद्दण्डः शुभेषु मृगपक्षिषु ॥ ८/२९७ ॥

अर्थात्:- रथ तथा सवारी चालकको सारथी या मलिकको आफ्नो लापरवाहीको कारण सानो सानो पशुको हत्या भएमा त्यस्तो हिंसा त्यस सवारी साधनको मालिकलाई अर्थात् सारथिलाई दुईसय पण दण्ड, हरिण मृग लगायत जङ्गलमा रहने अन्य कयौँ प्राणी, कुनै पनि पंक्षीको हत्या भएमा अपराध दण्डविधानअनुसार न्यूनतम पचास पण दण्डजरिवान दिनुपर्छ यो राजधर्म हो ।

गर्धभाजाविकानां तु दण्डः स्यात्पञ्चमाषिकः ।
माषिकस्तु भवेद्दण्डः श्वसूकरनिपातने ॥ ८/२९८ ॥

अर्थात्- वारी साधनको मलिकको लाप्रवाहीको कारणले गधा, बाखा, भेडा लगायत अन्य प्राणीको हत्या भएमा सारथी तथा सवारी साधनको मालिकलाई न्यूनतम पाँच माश चाँदी बराबरको दण्ड दिनुपर्छ त्यस्तै बिरालो, कुकुर, सुगुर लगायत यस्तै अन्य पशु आदिलाई दुर्घटना गराएर मारिएको भएमा राजाले अपराध दण्डविधानअनुसार न्यूनतम त्यस सवारिको चालकलाई एक मासा चाँदीलाई दण्डजरिवान लिनुपर्छ ।

भार्या पुत्रश्च दासश्च प्रेष्यो भ्रात्रा च सोदरः ।
प्राप्तापराधास्ताड्याः स्यू रज्ज्वा वेणुदलेन वा ॥ ८/२९९ ॥

अर्थात्:- त्यस्तै राजाको आफ्नो घरमा पनि स्त्री, पुत्र, नोकर, दूत, भाइ, पुत्र तथा शिष्य आदि कसैले कुनै पनि सानो अपराध गरेमा अपराध दण्डविधानअनुसार रसी या बाँसको छड़ीले अपराधको दण्डविधान अनुसार फिला तथा तिघ्रामा हिर्काऊनु पर्छ अपराध जसले गरँपनि राजाले माफ गर्नुहुँदैन । यदि माफ गरेमा भोलि असावधानीको कारण ठुलो गल्ती गर्नसक्ने छन् भन्ने कुरालाई राजाले सधैं ध्यान राख्नुपर्छ ।

पृष्ठतस्तु शरीरस्य नोत्तमाङ्गे कथं चन ।
अतोऽन्यथा तु प्रहरन्प्राप्तः स्याच्चौरकिल्बिषम् ॥ ८/३०० ॥

अर्थात्:- राजाले अपराधीलाई दण्डदिँदा छडीले या रसीले हिर्काउँदा पिठिउँमा नै हिर्काऊन भन्नुपर्छ संवेदनशील अङ्ग र शरीरको अघिल्लो भागमा हिर्काऊनु हुँदैन यदि राजाले अपराधीलाई दण्ड दिँदा शरीरको अघिल्लो भागमा संवेदनशील अङ्गमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिर्काऊनको लागि अनुमति दिएको खण्डमा दण्डविधानको नियम विपरीत हो यस्तो अनुमति दिने राजा पनि चोर जस्तै हो यस्तो चोर राजालाई पनि कुलगुरु या न्यायाधीसले प्रथम साहासको दण्ड दिनुपर्छ किनकि यहाँ राजाले दण्डविधानको नियमलाई नै त्याग गरेको हुनाले राजा चोर हो त्यस्तो चोरलाई दण्डविधानअनुसार दण्डजरीवाना गर्नुपर्छ यो न्यायाधीस वा कुलगुरुको जिम्मेदारी हो

एषोऽखिलेनाभीहितो दण्डपारुष्यनिर्णयः ।
स्तेनस्यातः प्रवक्ष्यामि विधिं दण्डविनिर्णये ॥ ८/३०१ ॥

अर्थात्:- यहाँसम्मको नियममा पूर्णतया मारपिटको अन्य विविध किसिमको अपराध भएको खण्डमा दण्डविधानको नियमअनुसार दण्डजरीवानाको विधानको बारेमा निर्णय गर्ने विषयमा भयो अब अघि यदि राज्यमा चोरले चोरी र व्यापारीले व्यापारको नाप तौलमा छलकपट गरेर चोरी गरेमा राजाले नाप तौलको चोर व्यापारी र वस्तुलाई चोरी गर्ने चोरलाई के कस्तो चोरिको अपराधमा चोरी तथा छलकपटको दण्डविधानको नियमअनुसार कुन दण्डजरीवाना गर्नुपर्छ भन्ने चोरी छलकपट दण्डको निर्णय विधिको विधानको बारेमा वर्णनको बारेमा सुन्नुहोस् ।

परमं यत्नं आतिष्ठेत्स्तेनानां निग्रहे नृपः ।
स्तेनानां निग्रहादस्य यशो राष्ट्रं च वर्धते ॥ ८/३०२ ॥

अर्थात्:- राजाले आफ्नो राज्यमा निरन्तर शान्ति सुरक्षाको व्यवस्था गर्नुपर्छ शान्तिको बाधाक चोरपनि हो चाहे त्यो चोर वस्तुलाई चोरी गर्ने होस् या समान मा नाप तौलमा छलकपट गर्ने व्यापारी नै किन नहोस् ती सबै चोरी कार्य अलग अलग भए पनि विधान चोरीको हो हुन् त्यसैले राजाले आफ्नो राज्यमा कुनै पनि किसिमको चोरलाई माफी गर्नु हुँदैन यस्तो चोरलाई नियन्त्रण गर्नुपर्छ, आफ्नो राज्यमा कुनै पनि चोरी नहोस् भनेर सबै किसिमको चोरमा निग्रह गर्नको लागि पुरा प्रयत्न गर्नुपर्छ । राजाले राज्यमा कुनै पनि चोरीलाई नियन्त्रण गरेको खण्डमा राजाको यश र राष्ट्रको उन्नति चरमचुलीमा पुगेको हुनेछ ।

अभयस्य हि यो दाता स पूज्यः सततं नृपः ।
सत्त्रं हि वर्धते तस्य सदैवाभयदक्षिणम् ॥ ८/३०३ ॥

अर्थात्:- जुन राजाको राज्यमा कुनै पनि किसीमको चोरको भय नभएर प्रजा निर्भयता पूर्वक रहेको हुन्छ, प्रजा निर्भय भएको खण्डमा त्यस राज्यको राजा अति नै धर्मात्मा र अति नै पूजनीय हुन्छ । जुन राज्यको राजाले आफ्नो प्रजालाई कुनै पनि भयबाट मुक्त राखेको हुन्छ त्यस राजालाई प्रजाले सधैँ आदर,सम्मान र सत्कार गरेका हुन्छन् राजाको लागि 'राज्य' रुपी (सत्र) यज्ञमा प्रजाको लागि अभयरुपी दक्षिणा प्रदान गर्नाले आफ्नो राज्यमा धान धान्यले वृद्धि हुन्छ, राज्य राजा र प्रजाको सधैँ उन्नति प्रगति हुन्छ ।

सर्वतो धर्मषड्भागो राज्ञो भवति रक्षतः ।
अधर्मादपि षड्भागो भवत्यस्य ह्यरक्षतः ॥ ८/३०४ ॥

अर्थात्:- राजाको लागि 'राज्य' रुपी (सत्र) यज्ञमा प्रजाको लागि अभयरुपी दक्षिणा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदान गर्ने राजाले आफ्नो प्रजालाई चोरीहुन बाट निर्भय र रक्षालाई प्रदानगर्ने राजालाई आफ्नो राज्यमा आफ्नो प्रजालाई खुशी राखेको कारण राजाको यही कार्य नै यज्ञ हो प्रजाको रक्षा प्रजाको खुशी नै राजाको लागि उत्तम यज्ञ हो राजाले यज्ञ गरोस या नगरोस सम्पूर्ण प्रजालाई भयरहित बनाएको खण्डमा राजालाई अन्य यज्ञको फल भन्दा छ (६) गुणा धेरै फल प्राप्त गर्नेछ भने यदि प्रजालाई भयमा राखेर राजाले जुनसुकै धर्मको कार्यको यज्ञ गरेको खण्डमा त्यो अपराध साधारण मनुष्यलाई प्राप्तहुने अपराध भन्दा छ(६) गुणा धेरै अधर्मको कार्य हुनेछ ।

यदधीते यद्यजते यद्दाति यदर्चति ।
तस्य षड्भागभाग्राजा सम्यग्भवति रक्षणात् ॥ ८/३०५ ॥

अर्थात्:- आफ्नो प्रजालाई चोरीको भय रहित भएर पढ्ने र पढाउने व्यवस्था गर्ने, प्रजालाई प्रकृति सन्तुलनको कार्य भयरहित भएर गर्ने गराउने अवस्थालाई प्रदान गर्नु राजाको लागि उत्तम यज्ञको कार्य हो, यदि राजाले प्रजालाई यी कुनै पनि कार्यगर्दा सुरक्षा र भय रहितहुने अवस्था र सुविधालाई प्रदान गरेर प्रजालाई खुशी दिएको खण्डमा जसले ज्ञानप्राप्त गरेर आफ्नो उत्तम कर्मद्वारा पुण्य प्राप्त गरेको हुन्छ त्यो पुण्यभन्दा र प्रकृति सन्तुलनको लागि यज्ञकर्म गरेर प्रजाले जुन पुण्यलाई प्राप्त गरेको हुन्छ त्यो पुण्यभन्दा पनि छ (६) गुणा धेरै राजाले प्रजालाई आफ्नो कर्मलाई भयरहित भएर कर्मगर्ने अवसर दिएको खण्डमा राजाले सुरक्षा प्रदान गर्नाले प्राप्त गरेको हुन्छ । प्रजाले अध्ययन, यज्ञ, दान तथा अन्य धर्मको कार्य गरेर जति पुण्यलाई प्राप्त गरेको हुन्छ त्यो भन्दा छ(६) गुणा धेरै राजाले आफ्नो प्रजालाई सुरक्षा र प्रजालाई भयरहित बनाएर सुरक्षा दिएको खण्डमा प्राप्त गरेको हुन्छ ।

रक्षन्धर्मेण भूतानि राजा वध्यांश्च घातयन् ।
यजतेऽहरहर्यज्ञैः सहस्रशतदक्षिणैः ॥ ८/३०६ ॥

अर्थात्:- राजाले धर्मपूर्वक न्यायपूर्वक प्रजाको रक्षा गरेको हुन्छ, प्रजालाई चोरी लगायत अन्य विविध भय रहित बनाएको हुन्छ, अपराधीलाई उसको अपराध अनुसार अवस्था हेरेर दण्डविधानलाई धारण गरेर दण्डजरीवाना गरेको हुन्छ, र अपराधीलाई कुनै पनि माफ नगरी दण्ड दिएर या जघन्य अपराध गरेको अपराधी जो सुकै होस् त्यसलाई उसको अपराध अनुसार उसलाई वधपनि गर्छ भने त्यस्तो राजाले प्रतिदिन सय तथा जीवनमा हजार यज्ञ गरे बराबरको पुण्यलाई प्राप्त गरेको हुन्छ, प्रजाको सुरक्षा र प्रजालाई भय रहित बनाउनु नै राजाको लागि उत्तम यज्ञ हो ।

योऽरक्षन्बलिं आदत्ते करं शुल्कं च पार्थिवः ।
प्रतिभागं च दण्डं च स सद्यो नरकं व्रजेत् ॥ ८/३०७ ॥

अर्थात्:- जुन राजाले आफ्नो प्रजालाई सुरक्षा र भय रहित बनाउन सक्दैन, जो राजाले प्रजाको रक्षा नै नगरी कर उठाउँर व्यापार व्यवसायको छ (६) प्रतिशत अन्नआदि कर तथा महसूल चुंगी र जरिवान ग्रहण गरेको हुन्छ र त्यही छ(६) प्रतिशत कर लिएर त्यस अनुसार सेवा सुबिधा नदिने राजा शीघ्र नै दुःखलाई प्राप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको हुन्छ र विस्तारै पतन हुनेछ अर्थात् आफ्नो प्रजालाई ध्यान नराख्ने राजा प्रजाको पीडाको कारण राजा कुनै न कुनै कष्टवाट आक्रान्त हुनपुग्छ ।

(समयको कलमः- अनुशीलनः- राजाले आफ्नो राज्यमा खेती गर्ने राजगुरु अर्थात् किसानसँग करको रुपमा लिएको छ(६) प्रतिशत अन्नको भागलाई 'वलि' भनिन्छ, प्रतिमहिनामा, छ महिनामा या वार्षिक रुपमा लिइने अन्नको शुल्कलाई 'कर' भनिन्छ, व्यापारिसँग व्यापार गरेको हुनाले लिइने त्यही शुल्कलाई 'महसुल' भनिन्छ, फलफूल,सँग आदिको लागि लिइने त्यही शुल्कलाई 'प्रतिभाग' भनिन्छ तथा अपराध गरेको खण्डमा अपराधीसँग दण्डविधानको नियमअनुसार दण्डजरीवाना लाई नियमअनुसार लिइने शुल्कलाई 'जरिवान' या 'दण्ड' भनिन्छ)

अरक्षितारं राजानं बलिषड्भागहारिणम् ।
तं आहुः सर्वलोकस्य समग्रमलहारकम् ॥ ८/३०८ ॥

अर्थात्:- किसान, व्यापारीसँग शुल्क र कर लिएर अपराधीसँग पनि उसको कर्म अनुसार दण्ड जरिवान लिएर पनि आफ्नो राज्यको प्रजाको रक्षा नगर्ने तर 'वलि'को रुपमा छ (६) भाग ग्रहण गर्ने यस्तो पतित राजाको आज्ञालाई प्रजाले सधैँ अवहेलना गरेका हुन्छन् र यस्तो राजाको अवनतिको लागि प्रजाले प्रार्थना गरेका हुन्छन् त्यसैले राजाले शुल्क असुल अनुसार प्रजालाई सेवा र सुरक्षालाई प्रदान गर्नुपर्छ यदि राजाले प्रजासँग शुल्क लिने तर प्रजालाई सुविधा नदिने राजा छिट्टै पतन हुनेछ ।

अनपेक्षितमर्यादं नास्तिकं विप्रलुंपकम् ।
अरक्षितारं अत्तारं नृपं विद्यादधोगतिम् ॥ ८/३०९ ॥

अर्थात्:- राजा ज्ञानरहित भएमा, मर्यादा-रहित भएमा, नास्तिक भएमा, लोभी भएमा, विनकारण क्रोधी हिंस्रक र अरक्षक भएमा, मदिरा लिप्त भएमा, करको शुल्कलाई राज्यको लागि भन्दा पनि व्यक्तिगत रुपले खर्च गर्ने भएमा, यस्तो राजा दुष्ट, नीच, अनार्य, पतित र चोर जस्तै हो भन्ने बुझ्नुपर्छ यस्तो नीच राजालाई सबै प्रजा मिलेर राजालाई सत्तावाट हटाउनु पर्छ ।

अधार्मिकं त्रिभिर्न्यायैर्निगृह्णीयात्प्रयत्नतः ।
निरोधनेन बन्धेन विविधेन वधेन च ॥ ८/३१० ॥

अर्थात्:- नियमकारी र न्यायकारी राजाले आफ्नो राज्यमा गलत कार्य गर्ने अपराधीलाई तीन प्रकारले दण्ड दिनुपर्छ, दण्ड दिँदा राजामा कुनै स्वार्थ तथा महत्वाकांक्षा हुनुहुँदैन, प्रतिशोध हुनुहुँदैन ।

१) अपराधीको स्वतन्त्रतालाई खोसेर अर्थात् तिमी अपराधी हुनाले अमुक स्थानभन्दा वाहिर जान सक्नेछैनौ भनेर सिमा निश्चित गरेर ।
२) जेलमा थुनेर ।
३) अनेक प्रकारले शारीरिक दण्डद्वारा राजाले अपराधीलाई आफ्नो नियन्त्रणमा राख्नुपर्छ

निग्रहेण हि पापानां साधूनां सङ्ग्रहेण च ।
द्विजातय इवेज्याभिः पूयन्ते सततं नृपाः ॥ ८/३११ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- राजाले अपराध गरेको व्यक्ति प्रमाणित भएको खण्डमा अपराधीलाई उसको अपराध अनुसार र दण्डविधानको नियमअनुसार दण्डजरीवाना गरेको खण्डमा र आफ्नो प्रजालाई, साधु महात्माको रक्षा गर्नाले राजा आफैमा गुण अनुसार नै ब्राह्मण, क्षत्रीय र वैश्यवर्ण लाई धारण गर्नेछ, जुन राजाले आफ्नो प्रजाको रक्षा तथा सुरक्षा प्रदान गर्छ त्यो राजा अतिनै पवित्र हुन्छ ।

क्षन्तव्यं प्रभुणा नित्यं क्षिपतां कार्यिणां नृणाम् ।
बालवृद्धातुराणां च कुर्वता हितं आत्मनः ॥ ८/३१२ ॥

अर्थात्:- राजाले सधैं आफ्नो हितभन्दा प्रजाको हितमा ध्यान राख्नुपर्छ, प्रजामा पनि राजाले वृद्ध, बिरामी र बच्चा आदिको कल्याणको लागि कार्य गर्नुपर्छ । यदि राजाले यी सबैको ख्याल गर्दा गर्दैपनि यदि कसैलाई त्यो सुविधा उपलब्ध नभएको कारण कुनै प्रजाले आक्षेप लगाएको खण्डमा आफ्नो गल्ती भएको हुनसक्ने भनेर त्यो आक्षेप सुन्नुपर्छ र सत्यता के हो खोज्नु पर्छ र आक्षेप सत्य भएमा आक्षेप कर्तालाई क्षमा गर्नुपर्छ ।

यः क्षिप्तो मर्षयत्यार्तैस्तेन स्वर्गे महीयते ।
यस्त्वैश्वर्यान्न क्षमते नरकं तेन गच्छति ॥ ८/३१३ ॥

अर्थात्:- जो प्रजाले राज्यबाट पाउनु पर्ने सुविधा नपाएर दुःखी हुन्छ राजाको कुनै अज्ञानको कारण प्रजा दुःखी भएर आक्षेप लगाएको हुन्छ र आक्षेप लगाएको प्रजाको दुःखलाई समाधन गरेर उसलाई क्षमा गर्ने राजाले पुण्यको यज्ञ गरेको हुन्छ राजाले प्रजाको दुःखलाई त समाधान गर्यो तर आफू राजा हु, म नै शक्तिशाली हु, भन्ने घमण्डको कारण आक्षेप लगाउने प्रजालाई दुःख दिएमा त्यस्तो राजा आफ्नो पाप कर्मको कारण पतित हुन्छ र मृत्युपछि नरकलाई प्राप्त गरेको हुन्छ ।

राजा स्तेनेन गन्तव्यो मुक्तकेशेन धावता ।
आचक्षाणेन तत्स्तेयं एवंकर्मास्मि शाधि माम् ॥ ८/३१४ ॥

अर्थात्:- व्यापार गर्ने व्यापारीले आफ्नो व्यापारमा अरुलाई छल गरेर चोरी गर्यो या अन्य अपराधी चोरले चोरी गर्यो तर चोरी गरिसकेपछि चोरलाई स्वयमलाई आफैमा चोरीको अपराधको अनुभव भएमा, चोरले अपराधको प्रायश्चित्त गर्न र चोरीको दण्डबाट मुक्त हुन् चाहेको खण्डमा चोरले आफ्नो टाउको कपाल काटेर प्रहरी तथा सैनिकले गिरफ्तार गर्नुभन्दा पहिले नै शीघ्र भागेर राजाको शरणमा गएर मैले मेरो व्यापारमा छलकपट र चोरि गरेको या चोर ले मैले उसको समान चोरी गरेर अपराध गरेको छु' 'मैले अमुक व्यक्तिलाई समानमा छलकपट गरेको छु य मैले अमुक व्यक्तिको घरको अमुक वस्तुलाई चोरीको कार्य गरेको हु,' 'म कार्यको छलकपट र मैले अरुको मेहनतलाई चोरी गरेको हुनाले म चोर र अपराधी हूँ' मलाई राज्यको दण्डविधानअनुसार दण्ड दिनुहोस् भनेर चोर तथा अपराधीले राजासँग आग्रह गर्नुपर्छ ।

(समयको कलमः- अनुशीलन- यो श्लोकबाट यो कुराको प्रतित हुन्छ कि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुमहाराजको समयमा कुनै चोर व्यक्तिले तथा व्यापरिले चोरी छलकपटको अपराध गरेमा अपराधीलाई स्वयं प्रायश्चित्त गर्ने परम्परा थीयो । व्यापार गर्ने व्यापारीले छलकपट गरेमा र चोरले चोरी गरे पश्चात् यदि स्वयं चोरले यो अनुभव गर्छ कि मैले गलत गरँ, यो कार्य गलत हो भन्ने, त्यस्तो चोरले सैनिक तथा प्रहरीले गिरफ्तार गर्नुभन्दा पहिले नै चोरले स्वंयम आफैले नै चोरी गरेको अपराधको लागि प्रायश्चित्त गर्नको लागि चाहेमा यो त्यसको लागि तरिका हो तर सैनिक र प्रहरीले गिरफ्तार गरेपछि यो नियम लागुहुँदैन, सैनिक तथा प्रहरीले गिरफ्तार गरेपछि सीधा चोरिको दण्डविधानअनुसार क्षतिपूर्ति र दण्डजरीवानाको विधान लागुहुन्छ, सार्वजनिक रुपले मनुष्य आफैले आफूलाई नै राजाको अघि आफूले व्यापारमा छलकपट गरेको तथा मैले चोरी गरेको चोर हु, मलाई दण्ड दिनुहोस् भनेर राजाको सामने स्वीकार गरेर आफूलाई अपराधीमा प्रदर्शित गर्नुनै महान् प्रायश्चित्त हो भनेर बुझ्नुपर्छ । स्वयंले यस प्रकारले प्रायश्चित्त गर्ने व्यक्तिद्वारा पुनः अपराध गर्ने सम्भावना अतिनै न्यून रहन्छ र अन्य मनुष्यले पनि यो सहज स्वीकार गरेका हुन्छन् कि जब यो मनुष्यले स्वयम नै सार्वजनिक रुपले आफूले आफूलाई नै छलकपट गरेको र चोर घोषित गरेर आफूले अपराध गरेको स्वीकार गरेको हो र प्रायश्चित्त गरिरहेको छ भने यस्तो व्यक्तिलाई दण्डविधानको दण्डजरीवाना गर्नुपर्ने कुनै आवश्यकता नै छैन । यही अध्यायको यो श्लोक र अघिको श्लोक ८/३१६ बाट यो ज्ञान ध्वनित हुन्छ कि स्वयम्ले यस प्रकारको प्रायश्चित्त गर्ने व्यक्तिलाई राजालाई क्षमा गर्नुपर्छ भन्नेदेखिन्छ । राजाले छलकपट र चोरी गरेको अपराधीबाट चोरिको सबै सामान लिएर चोरले आफ्नो अपराध स्वीकार गरेको र चोरिको सबै समान फिर्ता गरेको हुनाले त्यस्तो व्यक्ति अब चोरको आरोप तथा चोरिको अपराधको दोषबाट मुक्त मान्नुपर्छ । अघि कुनै चोरी गरेन तर समाजमा त्यसलाई कसैले पनि चोर भनेर अपहेलना गर्ने गरेमा, छली तथा चोर होस् भनेर अपहेलना गर्ने समाज तथा व्यक्तिलाई अपराध दण्डविधानअनुसार आरोप लगाउने सबै व्यक्तिलाई राजाले दुईसय पण दण्डजरीवाना गर्नुपर्छ यो राजाधर्म हो)

स्कन्धेनादाय वरणं लगुडं वापि खादिरम् ।
शक्तिं चोभयतस्तीक्ष्णां आयसं दण्डं एव वा ॥ ८/३१५ ॥

अर्थात्:- व्यापारमा छलकपट गरेको र अरुको समानको चोरी गरेको चोरले प्रायश्चित गर्नको लागि राजाको शरणमा जाँदा कपाल पुरा काटेर, काँधमा मुसल, लाठी, खयारको डण्डा, तीक्ष्ण धार भएको भाला, फलामको त्रिशुल जस्तै डण्डालाई आफ्नो काँधमा राखेर राजाको शरणमा जानु पर्छ र राजालाई भन्नुपर्छ मैले यो अपराध गरेको छु मलाई दण्ड दिनुहोस् भनेर ।

शासनाद्वा विमोक्षाद्वा स्तेनः स्तेयाद्विमुच्यते ।
अशासित्वा तु तं राजा स्तेनस्याप्नोति किल्बिषम् ॥ ८/३१६ ॥

अर्थात्:- यदि मनुष्यले व्यापारमा छलकपट र अन्यको सामान चोरी गरेको भएमा त्यस चोरलाई उसले गरेको पापलाई दुई प्रकारले प्रायश्चित गर्न सकिनेछ, पहिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफूले गरेको प्रायश्चितको कारण नै चोर चोरिको पीडाबाट आफैमा मुक्त हुन्छ यो स्वीकारको विधान हो, दुई प्रकाको प्रायश्चितको विधिमा पहिलो शासनाद अर्थात् दण्डविधानको नियमअनुसार राजालाई आफ्नो अपराधी कर्मको दण्डजरीवाना दिएर र अर्को विमोक्षाद अर्थात् आफूले गरेको अपराधलाई स्वीकार गरेको अवस्थामा र माफ गरिएको भएमा चोर चोरिको प्रायश्चितबाट मुक्त हुन्छ, तर राजधर्म अनुसार जो राजाले चोरलाई चोरी गरे बापत चोरिको दण्डविधानअनुसार दण्डजरीवाना गर्दैन यसै माफी दिएर चोरलाई छोड़िदिन्छ त्यो राजा स्वयं चोरीको अपराधी हो। (समयको कलमः- राजाले चोरलाई दण्ड दिएर चोर दण्डित भएपछि चोरीको आरोपको अपराधबाट मुक्त हुन्छ। परन्तु यदि राजाले चोरलाई दण्ड नदिएर सर्वथा अर्थात् यसै छोडिदिएमा राजा आफैमा चोर हो राजा त्यस चोरको अपराधको भागी बनेको हुन्छ, राजा चोर भएमा राजाले प्रायश्चित गर्ने विधान भने छैन त्यो अपराधी हो)

अन्नादे भ्रूणहा मार्ष्टिट पत्यौ भार्यापचारिणी।
गुरौ शिष्यश्च याज्यश्च स्तेनो राजनि किल्विषम् ॥ ८/३१७ ॥

अर्थात्:- चोरलाई चोरीको दण्ड नदिएर यसै छोडी दिएमा राजा त्यस चोरले गरेको चोरीको अपराधको भागी बनेको हुन्छ, त्यस्तै गर्भहत्या गर्ने र गराउने अपराधीलाई दण्ड नदिनाले, गर्भहत्या अपराध गरेर धन कमाएको व्यक्तिको घरमा कसैले पनि भोजन गरेमा, गर्भहत्या गरेको नारीको घरमा भोजन गर्नाले पनि त्यस नारीको पति पनि भ्रुणहत्याको अपराधको भागी हुनुपर्नेछ, त्यस्तै आफ्नो स्त्रीलाई व्यभिचारि कार्यबाट नरोक्ने पतीलाई र व्याभिचार गरेको प्रमाणित भएको स्त्रीलाई दण्ड नदिनाले राजा त्यस व्याभिचारको अपराधमा पति तथा राजापनि भागी हुनेछन्। गुरुले पठाउँको शिष्यले यज्ञगर्दा कुनै गल्ती गरेमा र गराएमा या यज्ञको केही विधि भुलेमा त्यस भुलको पाप गुरुलाई पनि लाग्छ। चोरले चोरी गरेमा त्यस चोरको पाप राजालाई पनि लाग्छ किनकि राजाले यदि सुरक्षा व्यवस्था राम्रो गरेको भएमा र सबै प्रजाको आवश्यक्तालाई पुरा गरेको भए चोरी हुँदैन थियो, चोरी हुनुको मतलब हो राजाले आफ्नो राज्यमा सुरक्षा व्यवस्थालाई व्यवस्थित गर्न सक्षम नभएको र प्रजालाई चाहिने आवश्यक वस्तुलाई राजाले उपलब्ध नगराएको हुनाले राजा आफ्नो कर्मलाई पुरा नगरेको हुनाले चोरी भएको हो यो अवस्थामा राजापनि उसको राज्यमा भएको चोरीको अपराधको भागी हुन्छ।

राजभिः कृतदण्डास्तु कृत्वा पापानी मानवाः।
निर्मलाः स्वर्ग आयान्ति सन्तः सुकृतिनो यथा ॥ ८/३१८ ॥

अर्थात्:- जो मनुष्यले अपराध तथा पाप गरेको हुन्छ त्यस पापी तथा अपराधीलाई राजाले यथाविधिले दण्ड दिएमा चोर तथा अपराधी आफ्नो अपराधबाट र अपराधीलाई दण्ड दिएर राजा आफ्नो धर्म र कर्ममा उत्तम हुन्छ र चोर चोरिको अपराधबाट मुक्त र निर्मल हुन्छ जबसम्म जीवित हुन्छ सुखी र खुशी हुन्छ मृत्युपनि ऊर्ध्वगमन भएर स्वर्गलाई प्राप्त गर्छ, जसरि पुण्यात्मा साधुले प्राप्त गरेको हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- मनुष्य पापकर्म अर्थात् अपराध गरेको कारण राजाद्वारा दण्डित भए पश्चात् अर्थात् राजाद्वारा आफूले गरेको अपराध अनुसार राजाले दिएको दण्डलाई पुरा स्वीकार गरेर प्रायश्चि गरेमा त्यो मनुष्य त्यो अपराधबाट मुक्त र पवित्र हुन्छ जसरी राम्रो कर्मगर्ने मनुष्य सधैँ मुक्त रहेर सुखी रहेका हुन्छन्। अभिप्राय यो हो कि प्रायश्चित्त गर्नाले त्यस मनुष्यमा पापरुप अपराधको संस्कार क्षीण हुनपुग्छ र आफूमा दोषी तथा अपराधी हुने कुनै पनि भावना उत्पन्न हुँदैन तथा पुनः श्रेष्ठकर्ममा प्रवृत्ति हुनाले मनुष्य सन्त महात्मा जस्तै मानसिक सुख र शान्ति लाई प्राप्त गरेको हुन्छ) ।

यस्तु रज्जुं घटं कूपाद्धरेद्भिन्द्याच्च यः प्रपाम् ।
स दण्डं प्राप्नुयान्माषं तच्च तस्मिन्समाहरेत् ॥ ८/३१९ ॥

अर्थात्:- राजाले आफ्नो राज्यमा कुनै पनि अपराधीलाई उसको अपराधलाई माफ गर्नुहुँदैन यो राजधर्म हो, त्यस्तै इनार तथा कुवाको लागि राखिएको डोरी तथा घडालाई चोरीगर्ने व्यक्ति अपराधी हो भन्ने प्रमाणित भएको अपराधीलाई, देवशाला व धर्मशालालाई भत्काउनेकोसिस गर्ने व्यक्तिलाई उसको अपराधलाई हेरेर सार्वजनिक वस्तु हानिनोक्सनीको दण्डविधानअनुसार न्यूनतम एक माष बराबरको दण्डजरिवान गर्नुपर्छ र त्यहाँ भएको चोरिको समानको क्षतिको पुरा र देवशाला तथा धर्मशालामा भएको क्षति सम्पूर्ण क्षतिपूर्ति त्यही अपराधीसँग असुल ऊपर गर्नुपर्छ जसले अपराध गरेको हुन्छ यही राजधर्म हो ।

धान्यं दशभ्यः कुम्भेभ्यो हरतोऽभ्यधिकं वधः ।
शेषेऽप्येकादशगुणं दाप्यस्तस्य च तद्धनम् ॥ ८/३२० ॥

अर्थात्:- चोरले व्यक्तिगत सम्पत्तिको अन्न या सामूहिक सम्पत्तिको अन्नमा दश कुम्भभन्दा अधिक अन्नलाई चोरी गरेमा त्यस चोरलाई शारीरिक दण्ड दिनुपर्छ र चोरी भएको सम्पत्ति उसको मलिकलाई फिर्ता गर्नुपर्छ, परन्तु अपराधीलाई दण्डदिदा भने चोरको अवस्था र अन्नको मालिकको मनोदशालाई भने ध्यान दिएर दण्ड दिनुपर्छ, यदि यही सङ्ख्यामा अर्थात् दश कुम्भभन्दा न्यून अन्न चोरी गरेमा जति अन्न चोरी गरेको छ त्यस अन्नभन्दा चोरलाई चोरीको दण्डविधानअनुसार ११ गुणा धेरै सम्पत्ति या आनाजलाई चोरसँग असूलउपर गर्नुपर्छ यही दण्डजरीवाना हो र चोरी जसको भएको हो त्यसलाई त्यो सम्पत्ति या अन्न फिर्ता गर्नुपर्छ राजाले अपराधीलाई दुई किसिमको दण्ड शारीरिक तथा आर्थिक दण्डमा अपराधीको अवस्थालाई हेरेर एक या दुवै या कुनै अपराधलाई माफपनि गर्नसक्नेछ किनकि राजा प्रजाको अभिभाव पनि हो । अपराधीले किन अपराध गर्यो त्यो विधानलाई राजाले सधैँ ध्यान राख्नुपर्छ ।

(समयको कलमः- २०० पल पैसाको तौललाई एक द्रोण भनिन्छ त्यस्तै २० द्रोण बराबर पैसाको तौललाई एक कुम्भ भनिन्छ)

तथा धरिममेयानां शतादभ्यधिके वधः ।
सुवर्णरजतादीनां उत्तमानां च वाससाम् ॥ ८/३२१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- यही प्रकारले अन्य कुनै पनि व्यापारीले वस्तु तथा साधनलाई ठीकसँग तौल नगरेर या चोर घरमा नै पसेर वस्तु तथा साधन चोरी गरेको खण्डमा धरिमतौलमा तौलिने धातु जस्तै सुन, चाँदी, ताँबा लगायतको सम्पूर्ण वस्तुहरू १०० पलभन्दा धेरै वस्तु चोरी गरेको भएमा या तौलमा छलकपट गरेको भएमा, व्यापारीले उत्तम कपड़ाको नापमा छलकपट गरेको र घरमा राखिएको उत्तम वस्त्र नै सयथान भन्दा धेरै चोरी गरेको भएमा समान मा छलकपट गर्ने व्यापारी र अरुको घरमा पसेर समान चोरी गर्ने यी दुवै अलग अलग चोर हुन् तर चोरिको किसिम भने अलग अलग हो तर दुवै चोर हुन् त्यस्तो चोरलाई चोरिको दण्डविधानअनुसार अवस्था हेरेर शारीरिक दण्डदेखि प्राणदण्डको समेत दण्डजरीवाना गर्नुपर्छ यो राजाको राजधर्म हो)

(समयको कलमः- धरिम त्यस वस्तुलाई भनिन्छ जुन वस्तु तराजुमा तौलिएर वेचिन्छ ती सबै वस्तु धरिम हुन्। त्यस्तै कपड़ालाई थान, गज, हात आदिले नापेर वेचिन्छ तौल गर्दा छलकपट गर्ने र नापगर्दा पनि छलकपट गर्ने व्यक्तिलाई उसले गरेको छलकपट अनुसार छलकपट र चोरीको प्रकरणलाई हेरेर राजाले अपराधीलाई प्राणदण्ड पनि दिन सकिने विधान यहाँ प्रष्ट गरिएको छ।

पञ्चाशतस्त्वभ्यधिके हस्तच्छेदनं इष्यते।
शेषे त्वेकादशगुणं मूल्याद्दण्डं प्रकल्पयेत् ॥ ८/३२२ ॥

अर्थात्:- पचास पलभन्दा धेरै र सयपल भन्दा न्यून चोरी गर्ने व्यक्तिको अवस्था हेरेर त्यस अपराधीको एक हातलाई नै काटिदिनु पर्छ र यदि पचास पलभन्दा काम वस्तुलाई छलकपट या चोरि गरेको भएमा त्यस वस्तुको बिक्रिया मूल्यको एघारौ गुणा धेरै दण्ड दिनुपर्छ जस्तो समान वस्तु चोरी या छलकपट गरिएको हो त्यसको समान त्यसलाई नै फिर्ता गर्नुपर्छ।

(समयको कलमः- उपर्युक्त ८/३२१ वस्तुको पचास भन्दा धेरै र सय भन्दा कम वस्तु छलकपट र चोरी गरेमा त्यस व्यक्तिले अपराध गरेको हुनाले हात नै काटिदिनु पर्छ र पचार भन्दा कम भएमा ती छलकपट र चोरी गरिएको समानको ११ औ गुणा धेरै दण्डजरीवाना दिनुपर्छ दण्डजरीवाना पछि आएको ११ गुणा समानलाई राजाको आर्थिक सञ्चय केन्द्रमा जम्मा गर्नुपर्छ ताकि त्यो समान प्रजाको कल्याणको लागि कुनै कार्यमा लगानी गर्नुपर्छ र चोरी भएको वस्तुलाई उसको मलिकलाई फिर्ता दिनुपर्छ)

पुरुषाणां कुलीनानां नारीणां च विशेषतः।
मुख्यानां चैव रत्नानां हरणे वधं अर्हति ॥ ८/३२३ ॥

अर्थात्:- कुनै पनि अपराधीले संस्कार र संस्कृतिमा स्थित नारी जो कुलीन आचारणलाई धारण गरेको छ त्यस नारीलाई कसैले अपहरण गरेमा, कुनै नारीको सम्पत्ति हडपनको लागि उसलाई अपहरण गरेमा, तथा व्यापारीले हीरा मोती आदि रत्नको तौलमा छलकपट गरेमा, यस्तो अपराधीलाई राजाले सीधा शारीरिक दण्डमा शारीरिक दण्डदेखि प्राणवधसम्म दिनुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महापशूनां हरणे शस्त्राणां औषधस्य च ।
कालं आसाद्य कार्य च दण्डं राजा प्रकल्पयेत् ॥ ८/३२४ ॥

अर्थात्:- हात्ती, घोडा आदि ठूलो पशु, शस्त्र अस्त्र र औषधीको व्यापारमा नै छलकपट गर्ने र यो सबै साधनको चोरीगर्ने चोरको प्रकरण तथा गम्भीरतालाई ध्यान दिएर यस्तो कार्य गर्ने चोर तथा अपराधीलाई राजालेमाथिको तीन किसीमको दण्डमा कुनै एक दुई तथा तीन किसीमको दण्डलाई लागु गरेर दण्डदिन सक्नेछ ।

गोषु ब्राह्मणसंस्थासु छुरिकायाश्च भेदने ।
पशूनां हरणे चैव सद्यः कार्योऽर्धपादिकः ॥ ८/३२५ ॥

अर्थात्:- ज्ञानी मनुष्यलाई अपहरण गर्ने, दुध दिने गाईलाई चोरी गर्ने, बाँझो गाईको हत्या गर्ने, अरुको घरको बाखो, भेडा लगायत अन्य पशुलाई चोरी गर्ने अपराधीको उसको अपराधअनुसार राजाले त्यस अपराधमा भाग लिएको सबै अपराधीको एक खुट्टालाई नै काटिदिनु पर्छ ।

सूत्रकार्पासकिण्वानां गोमयस्य गुडस्य च ।
दध्नः क्षीरस्य तक्रस्य पानीयस्य तृणस्य च ॥ ८/३२६ ॥

अर्थात्:- चोरले यदि कामको साधन होस् या यसै रहेको वस्तु होस् अहिले कुनै कामको नहोस् तर वस्तु अरुको हो त्यस्तो वस्तुहरू जस्तै सूति, कपास, नशा उत्पन्न हुने समान महुवा, गोवर, गुड़, दही, दुध, महि, जल, घाँस आदिलाई ।

वेणुवैदलभाण्डानां लवणानां तथैव च ।
मृण्मयानां च हरणे मृदो भस्मन एव च ॥ ८/३२७ ॥

अर्थात्:- सानो ठुलो बाँस तथा दाउराहरू, जलका पात्रहरू, माटाका भाँडा, खरानी तथा मलखाद, पहाड़ी नुन लगायतका अन्य वस्तुहरू ।

मत्स्यानां पक्षिणां चैव तैलस्य च घृतस्य च ।
मांसस्य मधुनश्चैव यच्चान्यत्पशुसंभवम् ॥ ८/३२८ ॥

अर्थात्:- शोखको लागि पालिएको पंक्षी, प्राणी तथा माछा, सोख र कार्य निर्देशनको लागि घरमा पालिएको जानवरहरू, तेल, घिउ, दलहन, मह, विविध किसिमका छालाबाट बनेको साधन, सजावट लागि राखिएका कयौं वस्तुहरू, आफ्नो मृत्यु आफैमा प्राप्त गरेको बाह्रसिंगेको सिंग आदि र अन्य कुनै पनि पदार्थ जो सोखको लागि या संरक्षणको लागि राखिएको होस् या व्यवहार सधैं प्रयोग हुने वस्तुहरू ।

अन्येषां चैवमादीनां मद्यानां ओदनस्य च ।
पक्वान्नानां च सर्वेषां तन्मुल्यादिद्वगुणो दमः ॥ ८/३२९ ॥

अर्थात्:- त्यस्तै प्रकारले अन्य पदार्थहरू बनाउने साधन र बनेका पदार्थहरू जस्तै मद्यपानका साधनहरू, मोदक (लड्डु) बनाउने साधनहरू, दाल, भात आदि पक्वान्न बनाउने साधनहरू र बनेको र बनाउने कुनै पनि एक वस्तुलाई चोरले चोरि गरेको खण्डमा चोरलाई त्यस वस्तुको बिक्रय मूल्य जति हो त्यसको दुईगुणा चोरी अपराध दण्डविधानको नियमअनुसार दण्डजरीवाना गर्नुपर्छ र जसको चोरी भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो त्यसलाई त्यही सामानको मूल्य बराबरको क्षतिपूर्ति दिनुपर्छ र बाँकी राजकोषमा जम्मा गर्नुपर्छ ।

पुष्पेषु हरिते धान्ये गुल्मवल्लीनगेषु च ।
अन्येष्वपरिपूतेषु दण्डः स्यात्पञ्चकृष्णलः ॥ ८/३३० ॥

अर्थात्:- राज्यगुरु अर्थात् किसानको खेतमा फूलेको र फलेको हरित धान्य र गुल्म, लता, वृक्ष आदिको फललाई मालिकको अनुमति बिना कुनै पनि नोक्सनी नगरी त्यही खेत या बगानमा बसेर थोरै खाएको खण्डमा र दुई खाली हात, कुनै साधन प्रयोग नगरी, एक पटक मात्र लिएमा त्यस धान्यको चोरिको दण्ड लाग्दैन, तर यी सबैलाई एक मनुष्यले उठाउँन सक्ने जति या कुनै साधन प्रयोग गरेर लिएको खण्डमा त्यस्तो चोरी गर्ने चोरलाई चोरी अपराध दण्डविधानको अनुसार देश, काल, परिस्थिति र चोरको अवस्थालाई देखेर पाँच कृष्णल अर्थात् एक माषा सुन चाँदी बरावको दण्डजरिवान गर्नुपर्छ

परिपूतेषु धान्येषु शाकमूलफलेषु च ।
निरन्वये शतं दण्डः सान्वयेऽर्धशतं दमः ॥ ८/३३१ ॥

अर्थात्:- परिपक्व तथा शोधित धान्य अर्थात् अन्न,सँग, फूल वा फल यी कुनै पनि एक वस्तुलाई चोरी गरेर लाग्यो चोरीगर्ने व्यक्ति चोरको आफन्त भएमा, उसको वर्ण, एकै कार्यगर्ने साथी हो, आफ्नो क्षेत्रको व्यक्ति हो, चोरको सम्बन्ध त्यस व्यक्तिसँग रहेको हुन्छ जसको समान चोरी भएको छ, त्यस्तो संयोग चोरसँग भएमा चोरलाई चोरीको दण्डविधानअनुसार पचास पण दण्डजरिवान र चोरीगर्ने व्यक्तिको सम्बन्ध चोरी भएको व्यक्तिसँग कुनै पनि सम्बन्धमा सम्बन्धित नभएको खण्डमा चोरलाई चोरिको दण्डविधानअनुसार सयपण दण्डजरिवान दिनुपर्छ ।

स्यात्साहसं त्वन्वयवत्प्रसभं कर्म यत्कृतम् ।
निरन्वयं भवेत्स्तेयं हृत्वापव्ययते च यत् ॥ ८/३३२ ॥

अर्थात्:- सामान तथा वस्तुलाई उसको स्वामी अघि सामुन्नेबाट जबरजस्ती बलात् पूर्वक लिन्छ भने त्यो पनि चोरी कार्य नै हो, यस्तो चोरी कार्यलाई साहस चोरी या डाका भनिन्छ, यस्तो बलात् पूर्वक कार्य गर्नु नै डांका गर्नु हो भने समान तथा वस्तुलाई स्वामीको पछि स्वामीको अनुपस्थितिमा कुनै वस्तुलाई लिनुलाई र कसैको वस्तुलाई (सामने या परोक्ष रुपले) लिएर जानु या लिएर भागनूलाई 'चोरी' भनिन्छ। (समयको कलमः- मालिकको सामन्ने उसको समानलाई जबरजस्ती तथा बलात् तरिकाले उसको माल समानलाई हरण गर्नुलाई 'साहस' भनिन्छ। जो माल समान पराईको हो त्यसलाई साहस पूर्वक लिनुलाई चोरी भनिन्छ यस्तो किसीमको 'साहस'लाई डाका साहस भनिन्छ, डाका माल समानलाई यसरी लिएर जान्छ कि मनौ त्यो माल समान उसको आफ्नो नै हो त्यसलाई नै डाँका भनिन्छ)

यस्त्वेतान्युपकल्प्तानि द्रव्याणि स्तेनयेन्नरः ।
तं आद्यं दण्डयेद्राजा यश्चाग्निं चोरयेद्गृहात् ॥ ८/३३३ ॥

अर्थात्:- जो मनुष्यले अन्य व्यक्तिले अग्निको लागि तैयार गरेको वस्तु तथा सामान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै दाउरा आदिलाई चोरी गर्यो भने, यज्ञशालाको लागि तैयार गरेको अग्निहोत्रको वस्तुलाई चोरी गर्यो भने, तथा गृहमा रहेको अग्निलाई प्रज्वलित गर्ने वस्तुलाई चोरी गर्यो भने यस्तो कार्य गरेको प्रमाणित भएमा त्यस्तो अपराधीलाई चोरी डकैत अपराधको दण्डविधानको अनुसार प्रथम साहस दण्डजरिवान गर्नुपर्छ र चोरी गरेको साधनको लागि जति खर्च भएको छ त्यस बरावर खर्च त्यसको मलिकलाई दिनुपर्छ।

येन येन यथाङ्गेन स्तेनो नृषु विचेष्टते ।
तत्तदेव हरेत्तस्य प्रत्यादेशाय पार्थिवः ॥ ८/३३४ ॥

अर्थात्:- चोरले चोरी गर्नको लागि र अपराधीले अपराध गर्नको लागि शारीरिको जुन अङ्गलाई जसरी जसरी प्रयोग गरेको हुन्छ राजाले पनि चोरले चोरी गर्नको लागि र अपराध गर्नको लागि प्रयोग गरेको त्यही तरिका अनुसार नै चोरी तथा अपराधको प्रकृति र प्रवृत्ति हेरेर अवस्था अनुसार चोर या अपराधीले अपराध गर्नको लागि प्रयोग गरेको अङ्गलाई काटिदिनु पर्छ ताकि अघि आएर कसैले पनि यो कार्य नगरोस ।

(समयको कलमः- यहाँ अपराधीलाई उसले गरेको अपराधको दण्डको विधानलाई भनिएको छ एक चोरको लागि मात्र हैंन यो विधानमा अपराधीलाई उसले अपराध गर्नको लागि प्रयोग गरीएको अङ्गलाई काट्न भनिएको छ त्यो पनि अवस्था अनुसार प्रवृत्ति र प्रकृति हेरेर मात्र भनेको पनि छ त्यस्तै राजाले एक अपराधीलाई सबैको सामने नियमकारी र न्यायकारी भएर अपराधीलाई दण्ड दिने हो भने अन्य अपराधी आफैमा सुधार हुनेछ) ।

पिताचार्यः सुहृन्माता भार्या पुत्रः पुरोहितः ।
नादण्ड्यो नाम राज्ञोऽस्ति यः स्वधर्मे न तिष्ठति ॥ ८/३३५ ॥

अर्थात्:- आफ्नो राज्यमा राजाले शान्ति सुरक्षालाई स्थापना गर्नको लागि जो व्यक्तिले आफ्नो स्वधर्मलाई त्याग गरेको हुन्छ अधर्मको पनि समर्थन गरेको हुन्छ मानवता विरोधी कार्य गरेको, प्रकृति विरुद्ध कार्य गरेको हुन्छ त्यस्तो स्वधर्मलाई त्याग गर्ने व्यक्ति जो सुकै होस् चाहे त्यो आफ्नो पिता, आचार्य, मित्र, माता, पत्नी, पुत्र र पुरोहित नै किन नहोस् जो आफ्नो आफ्नो धर्ममा स्थिर हुँदैन त्यस्तो व्यक्तिलाई राजाले न्यायको आसनमा बसेर न्याय गर्नुपर्छ, राजाले कसैलाई पनि पक्षपात गर्नुहुँदैन, न्यायको आसनमा बसेको राजाले सबैलाई समान रुपले हेर्नुपर्छ र गल्ती गरेमा सबैलाई बरावर दण्डविधानअनुसार दण्डजरीवाना गर्नुपर्छ ।

(समयको कलमः- यहाँ स्वधर्म भन्नाले मनुष्यको आफ्नो गुण, आफ्नो क्षमतालाई भनिएको हो आफ्नो क्षमतालाई धारण गर्नु आफ्नो क्षमतालाई त्याग नगर्नु भनिएको हो, मनुष्यमा हुने मानवताको गुणलाई स्वधर्म भनिएको हो, यदि मनुष्यले मानवताको गुणलाई त्याग गरेर अपराधको कार्य गरेको व्यक्ति सबै अपराधी नै हो, राज्यले निषेध गरेको, राज्यमा शान्तिलाई असर गर्ने कार्यलाई गर्ने सबै व्यक्ति अपराधी हो यस्तो अपराधको कार्यालाई गर्ने जो सुकैहोस् चाहे राजाको पिता, आचार्य, मित्र, माता, स्त्री, पुत्र, राज्यगुरु अर्थात् किसान र पुरोहित नै किन नहोस् राजाले आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वधर्म राजधर्मलाई आफूमा धारण गरेर मनावताको स्वधर्ममा स्थित नहुने सवैलाई दण्ड दिनुपर्छ, अर्थात् जब राजा न्यायासनमा बसेको हुन्छ न्यायपूर्वक कार्य गर्नुपर्छ कसैलाई पनि पक्षपात गर्नुहुँदैन किन्तु गलत गर्ने अपराधीलाई यथोचित दण्ड दिनुपर्छ यही राजधर्म हो)।

कार्षापणं भवेद्दण्ड्यो यत्रान्यः प्राकृतो जनः ।
तत्र राजा भवेद्दण्ड्यः सहस्रं इति धारणा ॥ ८/३३६ ॥

अर्थात्:- जुन अपराध साधारण अपराध होस् या जघन्य अपराध होस् ती सवै अपराधमा साधारण मनुष्यले त्यो अपराध गरेमा त्यस मनुष्यलाई एक पैसा दण्ड हुन्छ भने त्यही अपराध राजाले गरेमा त्यस अपराधको दण्डविधानअनुसार राजालाई सहस्त्र अर्थात् हजार गुणा धेरै पैसा दण्ड दिनुपर्छ, राजाले यदि दण्डित अपराध तथा गल्ती गरेमा कुलगुरु तथा न्यायाधीश मिलेर राजालाई दण्डजरीवाना लिन सक्नेछन् अर्थात् दण्ड विधानमा साधारण मनुष्यभन्दा राजालाई सहस्त्रगुणा दण्डजरिवान हुनुपर्छ र गर्नुपर्छ।

(समयको कलमः- कुनै अपराधमा कुनै साधारण मनुष्यलाई एक पण दण्ड हुन्छ भने त्यही साधारण अपराधमा राजालाई एक हजार पण दण्ड हुनुपर्छ, यही नै शास्त्रको सिद्धान्त हो, त्यस्तै शास्त्रको नीतिनियमअनुसार राजालाई हजार गुणा, मन्त्री अर्थात् राजाको सहयोगीलाई आठसय गुणा, त्यस भन्दा सानो पदलाई सात सय गुणा, त्यसभन्दा सानो पदलाई छ (६) सय गुणा यस प्रकारले उत्तर(उत्तर अर्थात् सानो सानो कार्य गर्ने गर्छन तर सरकारी कार्य गर्ने व्यक्ति भृत्य अर्थात् चपरासी हो भने पनि त्यसले अपराध गरेमा त्यस अपराध साधारण मनुष्यलाई दिइने दण्डभन्दा आठ गुणा धेरै दण्ड दिनुपर्छ, यो भन्दा कम दण्ड हुनुहुँदैन। किनकि यदि प्रजापुरुष अर्थात् सेवग्रहीभन्दा राजपुरुष अर्थात् सरकारी कर्मचारीलाई अधिक दण्ड नभएको खण्डमा सरकरी कर्मचारीलाई हजार गुणा धेरै नभएको खण्डमा राजपुरुष अर्थात् सरकारी कर्मचारीले प्रजापुरुष अर्थात् सेवग्रहीलाई नाश नै गर्नेछन्, जसरी सिंहलाई अधीन गर्नको लागि धेरै दण्ड प्रयोग गर्नुपर्छ भने बाखोलाई अधीन गर्नको लागि थोरै दण्डबाट नै हुन्छ। त्यसैले राजादेखि लिएर सानो सानो पदको भृत्य अर्थात् चपरासी राजपुरुष अर्थात् सरकारी कर्मचारीहरूले अपराध गरेमा प्रजापुरुष अर्थात् सेवग्रही भन्दा पद तथा तह हेरेर हजार गुणासम्म अधिक दण्ड दिनुपर्छ।

नोटः- यहाँ आठ सय गुणा या आठ गुणा आदि दण्ड जरिवान भन्नुको अभिप्राय यो हो कि चोरीको गरेको वस्तुको अहिलेको बजारको बिक्री मूल्य जति छ, त्यस बिक्रि मूल्यको हजार गुणा धरै, आठ सय गुणा या आठ गुणा धेरै आदि भनिएको हो, जुन भनाई अघिल्लो श्लोकमा वर्णित गरिएको छ।

अष्टापाद्यं तु शुद्रस्य स्तेये भवति किल्विषम् ।
षोडशैव तु वैश्यस्य द्वात्रिंशत्क्षत्रीयस्य च ॥ ८/३३७ ॥

अर्थात्:- त्यस्तै समाजको व्यवस्थामा ज्ञानी अर्थात् जो विवेकी हो विवेको भएरपनि चोरी या अन्य अपराध गरेमा अपराधीको कर्म अनुसार, क्षमता अनुसार र उसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवेक अनुसार दण्डजरीवाना गर्नुपर्छ, त्यस्तै शुद्रवर्णको मनुष्यले चोरी या कुनै अपराध गरेमा त्यसलाई आठ गुणा, त्यही कार्य वैश्यवर्णको मनुष्यले चोरी या अपराध गरेमा शुद्रावर्णको भन्दा दुईगुणा धेरै अर्थात् सोह्र गुणा, क्षत्रीयवर्णको मनुष्यले त्यही चोरी तथा अपराध गरेमा शुद्रको भन्दाचार गुणा र वैश्यको भन्दा दुईगुणा अर्थात् बत्तीस गुणा, ब्राह्मण वर्णको मनुष्यले चोरी या अपराध गरेमा शुद्रभन्दा आठगुणादेखि सोह्रगुणा अर्थात् चौसट्टी गुणादेखि सय गुंणा अथवा एकसय अट्ठाईस गुणासम्म दण्डजरिवान हुनुपर्छ अर्थात् जसको जति जति ज्ञानको बृद्धि जान्छ जति विद्वान् हुँदै जान्छ र ज्ञानको प्रतिष्ठा धेरै हुँदै जान्छ, उसलाई पनि उसको ज्ञानको आधारमा नै अपराधको दण्डविधानअनुसार दण्डजरीवाना हुनुपर्छ। (समयको कलमः- चोरी गरेमा शुद्रलाई चोरीको मालको आठ गुणा, वैश्यलाई सोह्र गुणा, क्षत्रीयलाई ३२ गुणा दण्ड दिनुपर्छ। परन्तु ब्राह्मणलाई भने ६४ गुणा अथवा पुरा १०० गुणासम्म अथवा चौसट्टी गुणाको दुई गुणासम्म दण्ड दिनुपर्छ, किनकि ब्राह्मण पूर्णतया नीतिशात्र र नीतिर्निनियमको र अपराध तथा चोरीको अपराधको गुण र दोषलाई पूर्ण जानेको विवेकिलाई भनिन्छ अर्थात् चोरीको गुण दोषलाई जानेको जानकार हुनाले नै त्यो ब्राह्मण हो अर्थात् जोसँग जति जति नीतिशात्र नियमको अधिक ज्ञान छ जति, मान प्रतिष्ठा, पद रहेको हुन्छ त्यसले अपराध गरेमा त्यसलाई धेरैभन्दा धेरै दण्डजरिवान मिल्नुपर्छ)।

ब्राह्मणस्य चतुःषष्टिः पूर्ण वापि शतं भवेत्।
द्विगुणा वा चतुःषष्टिस्तद्दोषगुणविद्धि सः ॥ ८/३३८ ॥

अर्थात्:- त्यस्तै समाजमा उसको कर्म अनुसार नै अपराध दण्डविधान लागु गर्नुपर्छ शुद्रावर्णलाई भन्दा आठ आठ गुणाले धेरै दण्ड अन्य वर्णलाई क्रमशः दिनुपर्छ शुद्र आठ, वैश्य सोह्र, क्षत्रीय बत्तीस, ब्राह्मणलाई चौसट्टी गुणादेखि एकसय अट्ठाईस गुणसम्म दण्ड जरिवान गर्नुपर्छ किनकि वर्ण धारण गरेको हुनाले ती वस्तुको आफ्नो कार्यको आधामा वस्तुको गुण र दोषलाई जानेको हुन्छ त्यही आधारमा दण्डजरीवाना हुनुपर्छ।

वानस्पत्यं मूलफलं दार्वग्न्यर्थ तथैव च।
तृणं च गोभ्यो ग्रासार्थ अस्तेयं मनुरब्रवीत् ॥ ८/३३९ ॥

अर्थात्:- सुकेको वृक्ष जो सरकारको स्वामित्व हो त्यसबाट दाउरा लिनाले, पूजाको लागि फल, फूल लिनाले, बगैचामा कुनै हानी नगरि फलफूल खानाले, यज्ञको लागि व्यक्तिगत सम्पत्तिबाट समिधा अर्थात् हवनको लागि केही या एकपटकको लागि दाउरा लिनाले तथा गाईको लागि सरकारी स्वमित्वको जमिनबाट घाँस ल्याऊनाले यी सबै कार्यमा चोरीको आरोप लाग्दैन र अपराध हुँदैन र यो कार्य अधर्म हैनायस्तो कार्य गरेको जुनसुकै व्यक्ति होस् त्यसलाई चोरी या अपराध भनेर राजाले दण्ड दिनुहुँदैन।

योऽदत्तादायिनो हस्ताल्लिप्सेत ब्राह्मणो धनम्।
याजनाध्यापनेनापि यथा स्तेनस्तथैव सः ॥ ८/३४० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- कार्यमा छलकपट गर्ने, पतित आचरण भएको, धन आर्जन गर्नको लागि नीतिशास्त्र विरुद्ध र प्रकृति विरुद्धको कार्य गर्ने, पिशाच कार्यलाई गर्ने व्यक्ति, राजद्रोह देशद्रोहको कार्य गरेको व्यक्तिले पैसाको लोभ दिएर दक्षिणाको लोभमा जो ब्राह्मणले त्यस्तो मनुष्यको हातको दक्षिणाको लोभमा यज्ञ गराउँछ त्यो ब्राह्मण हैंन चोर हो यस्तो चोरलाई राजाले पाएको दक्षिणाको १२५ गुणाले दण्डजरीवाना गर्नुपर्छ। किनकि जो लोभमा गलत कार्यलाई गर्नेलाई साथ दिन्छ त्यो पनि पापी नै हो जो पापी हो त्यो ब्राह्मण हैन।

द्विजोऽध्वगः क्षीणवृत्तिर्द्वाविक्षू द्वे च मूलके।
आददानः परक्षेत्रान्न दण्डं दातुं अर्हति ॥ ८/३४१ ॥

अर्थात्:- यात्रा गर्दै गर्दा या आफ्नो राज्यमा घुम्नको लागि या अन्य कार्यको लागि घरबाट बाहिर गएको या आन्तरिक पर्यटन बनेको अवस्थामा भोक लगेको तर आफूसँग भोजनको लागि कुनै पनि खाद्य वस्तु नभएमा यदि मार्गको समीप खेत या बगान भएको खण्डमा केही मात्रमा फलफूल लीन सकिनेछ तर निश्चित मापदण्ड अनुसार मात्र उखु भएमा दुई लाक्रा र मुला भएमा पनि दुई ओटा मात्र लिन सकिनेछ यतिसम्म लिनको लागि मालिकको अनुमति बिना नै लिन सकिने छ तर यो भन्दा धेरै लिएमा त्यो चोरी हुनेछ र मालिकले चाहेमा त्यसलाई चोरी गरेको आरोप लगाउन सक्नेछ र चोरीको दण्डविधानअनुसार दण्डजरीवाना तिर्नुपर्ने छ।

असंदितानां संदाता संदितानां च मोक्षकः।
दासाश्वरथहर्ता च प्राप्तः स्याच्चोरकिल्विषम् ॥ ८/३४२ ॥

अर्थात्:- कसैलेपनि अन्यको समानलाई बिनाकारण नियन्त्रण तथा कब्जा गर्नु पनि हुँदैन भने बिनकारण अरुको समानलाई नोक्सान गर्ने कार्यपनि गर्नुहुँदैन। अरुको समान राख्नेले या अरुको समानलाई नोक्सान गर्नाले त्यो अपराध हो यस्तो अपराधको कार्य कहिल्यै पनि गर्नुहुँदैन। यदि यस्तो कार्य गरेमा राजाले त्यस्तो मनुष्यलाई अपराध दण्डविधानको नियमअनुसार विक्रय मूल्य अनुसार दण्डजरीवाना गर्नुपर्छ।

अनेन विधिना राजा कुर्वाणः स्तेननिग्रहम्।
यशोऽस्मिन्प्राप्नुयाल्लोके प्रेत्य चानुत्तमं सुखम् ॥ ८/३४३ ॥

अर्थात्:- अपराधीलाई अपराधअनुसार दण्डविधानको नियम अनुसार दण्डजरीवाना दिएर अपराध गर्ने चोर तथा अपराधीलाईलाई दण्ड दिने राजाले आफ्नो राज्यको प्रजालाई सुख र खुशी प्रदान गरेको हुन्छ, प्रजालाई खुशी राख्ने राजा यस लोकमा सधैं खुशी र परलोकमा पनि उत्तम सिद्धिलाई प्राप्त गरेको हुन्छ।

ऐन्द्रं स्थानं अभिप्रेप्सुर्यशश्चाक्षयं अव्ययम्।
नोपेक्षेत क्षणं अपि राजा साहसिकं नरम् ॥ ८/३४४ ॥

अर्थात्:- राज्य, नगर र गाउँमा दण्डविधानको नियमलाई लागुगर्ने अधिकारीले आफ्नो आँखाले प्रत्येक्ष रुपले कुनै पनि अपराध हुँदैगर्दा देखेको खण्डमा, त्यस अपराधीलाई दण्डविधानको नियमअनुसार दण्डजरीवाना गर्नको लागि राजाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदेशको प्रतीक्षा गर्नुनै पर्दैन । आफ्नो राज्यमा शान्ति होस् प्रजा धार्मिक होस् प्रजाको मनमा धर्म प्रति आस्था होस् र प्रजा ऐश्वर्यवान होस् भन्ने इच्छागर्ने राजाले अपराधी तथा चोरलाई दण्ड दिनको लागि कुनै पनि ढिलो गर्नुहुँदैन ।

वाग्दुष्टात्तस्कराच्चैव दण्डेनैव च हिंसतः ।
साहसस्य नरः कर्ता विज्ञेयः पापकृत्तमः ॥ ८/३४५ ॥

अर्थात्:- अपराधमा जबरजस्ती कुनै वस्तु हडाप्नेलाई 'साहस' भनिन्छ यस्तो सहासलाई नै डाँका भनिन्छ, डाँका मनुष्यको लक्षण यी हुन् दुष्ट, कटु र झुटो वचन बोल्ने, अरुको सामान वस्तुलाई चोरीगर्ने, जबरजस्ती काम गराउने र निरपराध व्यक्तिलाई अपराधी भनेर दण्ड दिने राजा या उसको अधिकारी पनि डाँका, दुष्ट, पापी र अपराधी हुन् ।

साहसे वर्तमानं तु यो मर्षयति पार्थिवः ।
स विनाशं व्रजत्याशु विद्वेषं चाधिगच्छति ॥ ८/३४६ ॥

अर्थात्:- आफ्नो राज्यमा बलात् हुने कार्यालाई जो राजाले रोकेको हुँदैन, जो राजाले आफ्नो राज्यमा भएको बलात् अपराध गर्ने अपराधी मनुष्यको अपराधलाई कुनै दण्डविधानअनुसार दण्डजरीवाना नगरी माफी गरेर यसै छोडेको या सहन गरेको हुन्छ त्यस्तो राजाले आफ्नो राज्यबाट शीघ्र नै नाश व विद्वेषलाई प्राप्त गरी आफैमा पतन हुनेछ ।

न मित्रकारणाद्राजा विपुलाद्वा धनागमात् ।
समुत्सृजेत्साहसिकान्सर्वभूतभयावहान् ॥ ८/३४७ ॥

अर्थात्:- आफ्नो राज्यमा अपराध गर्ने आफ्नो प्रजालाई दुःख दिने, नारीलाई बलात्कार गर्ने या जबरजस्ती गर्ने या गराउने मनुष्य अपराधी हो यस्तो अपराधीलाई राजाले धेरै पैसा लिएर अपराध अनुसार दण्ड नदिएर यसै क्षमादिने या माफिदिने कार्य कहिल्यै पनि गर्नुहुँदैन, अपराधीलाई जे जस्तो अपराध गरेको छ, त्यही अपराधको विवरण अनुसार अपराधीलाई एक एक गरेर दुवै दण्ड शारीरीक र आर्थिक दण्ड दिनुपर्छ, बलात्कारी व्यक्तिलाई शारीरिक दण्ड दिनुपर्ने हुन्छ नै, तर राजाले त्यस्तो शारीरिको दण्ड दिनुपर्ने व्यक्तिलाई धेरै पैसा लिएर उसको अपराधलाई कहिल्यै पनि क्षमा गर्नुहुँदैन यस्तो अपराधीलाई शारीरिक दण्ड दिनुपर्छ, यस्तो अपराधीलाई माफी भन्ने नै हुँदैन ।

शस्त्रं द्विजातिभिर्ग्राह्यं धर्मो यत्रोपरुध्यते ।
द्विजातीनां च वर्णानां विप्लवे कालकारिते ॥ ८/३४८ ॥

अर्थात्:- राजाले आफ्नो राज्यमा जुन कर्मको जुन वर्णको आवश्यक्ता परेको हुन्छ त्यही आवश्यक्ता अनुसार नै राजाले आफूमा त्यही वर्णलाई धारण गर्नुपर्छ, आफन्तले गल्ती गरे पनि त्यस अवस्थामा क्षेत्रीय धर्मलाई धारण गरेर त्यस्तो अपराधीलाई दण्डविधानअनुसार दण्डजरीवाना गर्नुपर्छ, त्यस्तै आफ्नो राजाधर्म नै सङ्कटमा परेको अवस्थामा वा राज्यमा विप्लव काल बनेको अवस्थामा ब्राह्मण वर्णलाई धारण गरेर ज्ञानलाई सत्य तरिकाले बुझेर ज्ञानलाई धारण गरेर राज्यको कल्याणको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्य गर्नुपर्छ, प्रजा र राज्यको लागि आवश्यक्ता पर्ने वस्तुलाई सर्वसुलभ तरिकाले उपलब्ध गराउने व्यवस्था गर्दा राजाले वैश्यवर्ण लाई धारण गर्नुपर्छ भने राज्यमा कुनै आपत् बिपत् परेमा मनुष्यको उद्धार गर्नुपर्ने भएमा शुद्रवर्ण र उद्धारपूरा गरेपछि आफ्नो सफाइ गर्दा राजा सधैँ शुद्र वर्णको हुनुपर्छ यसरी आवश्यक्ता अनुसार राजाले तीन वर्णलाई एक पटकमा धारण गर्नसक्ने छ भने आफूलाई मात्र आवश्यक्ता पर्ने शुद्रवर्ण भने आफ्नो कर्मलाई पुरा गरेपछि धारण गर्नुपर्ने हुन्छ ।

आत्मनश्च परित्राणे दक्षिणानां च संगरेँ ।
स्त्रीविप्राभ्युपपत्तौ च घ्नन्धर्मेण न दुष्यति ॥ ८/३४९ ॥

अर्थात्:- आफ्नो ज्यानलाई सङ्कट आउने प्रमाण मिलेमा, र आफ्नो ज्यान बचाउने प्रश्न भएमा, राज्यको सम्पत्तिमा कुनै घात भएमा, स्त्री, बच्चा र धार्मिक व्यक्तिमाथि त्यस अपराधीले कुनै विपत्ति उत्पन्न गराएको खण्डमा त्यस्तो अपराधीलाई समयमा नै प्राण दण्ड दिनाले राजालाई कुनै पाप लाग्दैन किनकि प्रजाको रक्षा नै राजाको धर्म राजधर्म हो र अपराधीलाई दण्डदिनु क्षत्रीय राजाकोगुण हो ।

गुरुं वा बालवृद्धौ वा ब्राह्मणं वा बहुश्रुतम् ।
आततायिनं आयान्तं हन्यादेवाविचारयन् ॥ ८/३५० ॥

अर्थात्:- आफ्नो राज्यमा जस जसले आतताई कार्यगर्छ, अधर्मीको कार्य गर्छ, जसले राष्ट्रद्रोह गर्छ, त्यस्तो राष्ट्रद्रोही आतताई चाहे त्यो राजाको आफ्नो गुरु नै किन नहोस्, चाहे त्यो आफ्नो पुत्र राजकुमार नै किन नहोस्, चाहे त्यो आदिक बालक नै किन नहोस्, चाहे त्यो आफ्नो पिता नै किन नहोस्, चाहे त्यो व्यक्ति ज्ञानी नै किन नहोस्, वृद्ध नै किन नहोस्, सबै शास्त्र जानेको व्यक्ति नै किन नहोस् जसले मानवताको धर्मलाई त्याग गरेर अपराधी बनेको हुन्छ त्यस्तो अपराधीले कुनै पनि मनुष्यलाई दुःख दिन्छ भने त्यस्तो अपराध गर्ने व्यक्तिलाई प्राणदण्ड दिनुपर्छ यसमा राजाले कुनै सम्झौता कसैसँग पनि गर्नुहुँदैन अर्थात् आतताईलाई प्राणदण्ड दिनकोलागी राजालाई कुनै तिथि कुर्नु नै पर्दैन ।

नाततायिवधे दोषो हन्तुर्भवति कश्चन ।
प्रकाशं वाप्रकाशं वा मन्युस्तं मन्युं ऋच्छति ॥ ८/३५१ ॥

अर्थात्:- आतताई, राज्यद्रोही, दुष्ट आचरण भएको मनुष्यलाई प्राणदण्ड दिएर हत्या गर्नाले राजालाई कुनै दोष तथा पाप लाग्दैन, चाहे त्यो दण्ड प्रसिद्ध ठाउँमा अर्थात् सार्वजनिक ठाउँमा होस् या अप्रसिद्ध अर्थात् एकान्तमा नै गरिएको किन नहोस्, किनकि क्रोधीलाई क्रोधद्वारा नै मारेको भन्ने बुझ्नुपर्छ भने क्रोध र क्रोधको बीचको आपसको लड़ाइँमा क्रोध मारिएको हो व्यक्ति मारिएको हैंन भन्ने बुझ्नुपर्छ ।

परदाराभिमर्शेषु प्रवृत्तान्नककन्महीपतिः ।
उद्वेजनकरैर्दण्डैश्छिन्नयित्वा प्रवासयेत् ॥ ८/३५२ ॥

अर्थात्:- राजाले आफ्नो राज्यमा परस्त्रीगमनमा प्रवृत्त हुने व्यक्तिलाई उसको अपराध अनुसार नमुनाको सजाए दिएर देश निकाला गर्नुपर्छ । जुन सजाएलाई कालापानीको सजाएपनि भन्ने गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- नमूनाको सजाय भन्नाले अङ्ग्रेजीमा भ्हभ्फउविचथ उगलष्कजभलत भनिन्छ यो सजायमा अपराधीको नाक कान काटेर देश निकाला गर्नुपर्ने विधान हो या यस्तो अपराधीलाई घनघोर जङ्गलमा लगेर छोड़िदिनुपर्छ तर नाक कान काटदा भने सार्वजनिक ठाउँमा सबैले देख्ने गरेर प्रत्येक्ष काटिदिनु पर्छ ताकि त्यो देखेर यस्तो गल्ती अघि कसैले अघि नगरोस ।

तत्समुत्थो हि लोकस्य जायते वर्णसंकरः ।
येन मूलहरोऽधर्मः सर्वनाशाय कल्पते ॥ ८/३५३ ॥

अर्थात्:- राजाले आफ्नो राज्यमा व्याभिचार हुन् दिनुहुँदैन राज्यमा जब व्याभिचार हुन्छ तब त्यो राज्यमा धर्मको पतन हुन्छ, व्याभिचारको कारण स्त्रीकोकोखबाट व्याभिचार सन्तान अर्थात् वर्णशंकर सन्तान उत्पन्न हुन्छ, वर्णशङ्कर सन्तानको कारण आफ्नो मूलनाशक अधर्म उत्पन्न हुनपुग्छ, व्याभिचारको कारण जन्मेको सन्तानले आफ्नो मूल नै प्राप्त गर्नसक्दैनन, आफ्नो मूलनै नष्ट भएको मनुष्य आफैमा नष्ट हुन्छ भने त्यस मनुष्यको आफ्नो मूलको सृष्टि नै नष्ट हुन्छ, मूलनै नष्ट हुनुभनेको प्रकृति असन्तुलन हुनुहो ।

परस्य पत्न्या पुरुषः संभाषां योजयन्नहः ।
पूर्वं आक्षारितो दोषैः प्राप्नुयात्पूर्वसाहसम् ॥ ८/३५४ ॥

अर्थात्:- आफ्नो राज्यमा जो व्यक्ति पहिले नै परस्त्री-गमन सम्वन्धी दोषमा अपराधी सिद्ध भएको व्यक्ति हो त्यसलाई अपराध दण्डविधानअनुसार दण्डजरीवाना भएको पनि हो र फेरिपनि कुनै एकान्तमा कुनै परस्त्रीसँग गोप्य स्थानमा गोप्य रुपले कुराकानी गर्दै गरेकोदेखिएमा या भेटिएमा त्यसलाई पूर्ण अपराधी हो भन्न सकिँदैन त्यही हुनाले त्यस्तो व्यक्तिलाई एकान्तमा गोप्य कार्य गरेको दण्डविधानअनुसार 'पूर्वसाहस' (८/१३८)को नियमअनुसार दण्डजरिवान गर्नुपर्छ ।

यस्त्वनाक्षारितः पूर्वं अभिभाषते कारणात् ।
न दोषं प्राप्नुयात्किं चिन्न हि तस्य व्यतिक्रमः ॥ ८/३५५ ॥

अर्थात्:- कुनै अपरिचित मनुष्य हो एकान्तमा कुनै नारीसँग कुरा गरिरहेको छ तर उ अपरिचित हो र चिनेको मनुष्य हो एकान्तमा कुरा गरिरहेको छ किन्तु जो मनुष्य कुनै पनि अपराधको आरोप लागेर अपराधी सिद्ध भएको छैन यदि यस्तो व्यक्तिले कुनै कारणवश या एकान्तमा गोप्य रुपले कुनै नारीसँग कुरा गर्दैगर्दादेखिएमा कुनै दोषको भागी हुँदैन किनकि उसले मर्यादाभङ्ग गरेको भनिँदैन ।

परस्त्रीयं योऽभिवदेत्तीर्थेऽरण्ये वनेऽपि वा ।
नदीनां वापि संभेदे स सङ्ग्रहणं आप्नुयात् ॥ ८/३५६ ॥

अर्थात्:- जो व्यक्ति अपराधी घोषित भएको होस् या नभएको होस्, जुन व्यक्तिले पराईस्त्रीलाई यात्रा, तीर्थ, जङ्गल, वन या नदी संगममा या अन्य कुनै पनि स्थानमा छोएमा छेडेमा जिस्काएमा त्यो व्यक्ति पर अपराधी हो यस्तो कार्यलाई सङ्ग्रहण कार्य भनिन्छ सङ्ग्रहण कार्य गर्नु अपराध हो अर्थात् अपराधको दोषी हो र यस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपराधी दण्डको भागी हुन्छ ।

उपचारक्रिया केलिः स्पर्शो भूषणवाससाम् ।
सह खट्वासनं चैव सर्व सङ्ग्रहणं स्मृतम् ॥ ८/३५७ ॥

अर्थात्:- इन्द्रियासक्तिको कारण एक अर्कोप्रति आकर्षित हुनु, एकले अर्कोलाई वस्त्र लगाई दिनु, माला लगाई दिनु, सुगन्ध आदि श्रृङ्गारिक वस्तुलाई लगाईदिनु, सङ्केतको आदान प्रदान गर्नु, विलासक्रीडा गर्नु, जिस्काउनु, छेड़छाड़ गर्नु, मस्काउनु आदि बाहाना वनाएर आभूषण र कपडा आदिलाई स्पर्श गर्नु, यसो गर्नाले शरीरमा स्वतः स्पर्शमा परिगणित हुनपुग्छ र साथमा टाँसीएर एक खाट मन्जा विस्तरा आदिमा वस्नु, स्त्रीले आफ्नो या पुरुषले आफ्नो र एक अर्कोले एक अर्काको गुप्त अङ्गलाई छुनु, यसरी एकले अर्कोको गुप्तअङ्ग छुँदा एकले अर्कोलाई केही नभन्नु यी सबै क्रियाकलाप 'सङ्ग्रहण' विषयगमनमा विधान अन्तर्गत पर्छन् ।

स्त्रीयं स्पृशेददेशे यः स्पृष्टो वा मर्षयेत्तया ।
परस्परस्यानुमते सर्व सङ्ग्रहणं स्मृतम् ॥ ८/३५८ ॥

अर्थात्:- परपुरुषले कुनै पनि परस्त्रीको शारीरिको कुनै पनि अङ्ग पाखुरा जङ्घा आदिलाई स्पर्श गर्यो या स्त्रीले परपुरुषको कुनै अङ्गलाई स्पर्श गर्यो तर दुवैले कुनै प्रतिक्रिया नदिएमा, दुवैले कुनै क्रोध नगरेमा त्यो पारस्परिक प्रीति सङ्ग्रहण भनिन्छ यो पनि अपराध हो त्यस्तो अपराध गरेमा अपराधीलाई दण्ड दिनुपर्छ ।

अब्राह्मणः सङ्ग्रहणे प्राणान्तं दण्डं अर्हति ।
चतुर्णा अपि वर्णानां दारा रक्ष्यतमाः सदा ॥ ८/३५९ ॥

अर्थात्:- सङ्ग्रहण होस् या पारस्परिक प्रीति सङ्ग्रहण होस् परस्त्री प्रति गर्ने जुनसुकै सङ्ग्रहण होस् यी दुवै तरिका नै अपराध हुन् यस्तो अपराधीलाई प्राण दण्ड दिनुपर्छ चाहे त्यो ब्राह्मण नै किन नहोस् किनकि एक नारी चार वर्णको लागि रक्षणीय हुन्छ जो सुकै वर्णलाई धारण गरेको पुरुषको लागि ।

भिक्षुका वन्दिनश्चैव दीक्षिताः कारवस्तथा ।
संभाषनं सह स्त्रीभिः कुर्युरप्रतिवारिताः ॥ ८/३६० ॥

अर्थात्:- अपरिचित व्यक्ति भिक्षुक हो, सरसफाइ गर्ने व्यक्ति हो, गुरु हो, घरको खाना वनाउने व्यक्ति हो, भिक्षा लिनको लागि आएको याचक हो र बटुवा हो वाटो सोधेको खण्डमा यस्तो व्यक्तिसँग एकान्तमा कुरा गरेकोदेखिएमा त्यसलाई सम्भाषणमा कुनै दोष हो भनेर बुझ्नु हुँदैन ।

न संभाषां परस्त्रीभिः प्रतिषिद्धः समाचरेत् ।
निषिद्धो भाषमाणस्तु सुवर्ण दण्डं अर्हति ॥ ८/३६१ ॥

अर्थात्:- राजधर्मको नियममा यी कार्य निषेध छ नगर्नू भनेको तर कार्यगर्ने व्यक्तिले अन्जानमा गर्यो, निषेध गरेको कार्य गरेमा त्यस्तो कार्यगर्ने व्यक्ति अपराधी हो त्यस्तो अपराधीलाई एक स्वर्ण अर्थात् १६ माषा दण्ड दिनुपर्छ चाहे त्यो टाढाबाट सङ्केतमा स्त्री सम्भाषण गरेकोदेखिएको भए पनि ।

नैष चारणदारेषु विधिर्नात्मोपजीविषु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सज्जयन्ति हि ते नारीर्निगूढाश्चारयन्ति च ॥ ८/३६२ ॥

अर्थात्:- गीत गाउने गाइनेको कार्य गर्दै गर्दा परिस्थितिअनुसार शब्द पुकार गर्दा, नर्तकीले नाच गर्दैगर्दा हात चलाउँदै गर्दा अज्ञानमा हातको सङ्केतले सम्भाषण जस्तोदेखिएमा यदि गल्तीको कारण यस्तो सम्भाषण भएमा त्यसलाई दोषी हो भन्न मिल्दैन तर जानेर त्यो शब्द बोलेको र सङ्केत गरेको भएमा त्यो दुराचरण हो त्यस्तो दुराचरणलाईमाथि भनिएको दण्ड गर्नुपर्छ ।

(समयको कलमः- नर्तकी भनेको नाच्ने हो भने गाइने भनेको गाउने व्यक्ति हो जसलाई गायक र गायिका पनि भनिन्छ यहाँ भनिएको गाइने कुनै जात थर हैंन नाम थाहा थिएन गीत गाउने गर्छ तथा नाच्ने गर्छ त्यस्तो नाच गर्ने पुरुष या नारी जसले नाच्ने काम गर्छ त्यस व्यक्तिलाई नतर्क या नर्तकी भनिन्छ भने गाउने काम गर्ने पुरुष या नारी जो भए पनि त्यो गाइने हो नाच्ने र गाउने यो कर्म हो, पेशा हो, पेशा अनुसार नै मनुष्यलाई चिन्नको लागि यी शब्द प्रयोगमा आएको हो एक निश्चित व्यक्ति, समुदाय, समूह आदिको लागि भनेर यी शब्द आएको हैंन सुनको काम गर्ने सुनार, फलामको काम गर्ने लोहार, माटोको काम गर्ने कुमाले आदि यी सबै कर्मको परिचय हो व्यक्ति तथा समुदायको परिचय हैंन यी शब्द जो मनुष्य जे कर्मसँग सम्बन्धित हो त्यसलाई चिन्न प्रयोग गरिएको शब्द हुन् यी शब्दहरू कुनै अपहेलना या नीच भनेर भन्न र परिचय मा आएको शब्द हैंन जो जे कर्म गर्छ त्यसलाई चिन्न सजिलो होस् भनेर पुकार गरिएको शब्द हुन् तर कालान्तरमा यी कर्मप्रधान शब्दको अर्थ गलत तरिकाले व्याख्या गरिको हो यी शब्द केवल कर्मसँग सम्बन्धित छन् जन्मसँग, समुदाय र समाजसँग कुनै सम्वन्ध छैन)

किं चिदेव तु दाप्यः स्यात्संभाषां ताभिराचरन् ।
प्रैष्यासु चैकभक्तासु रहः प्रव्रजितासु च ॥ ८/३६३ ॥

अर्थात्:- परन्तु नाच तथा गाउने कार्य गराएर परस्त्री र परपुरुषबीच व्याभिचारको लागि सम्पर्क कार्य गर्ने गराउने आयोजक र व्याभिचार कार्य गर्ने परपुरुष र परस्त्री यी दुवैलाई र घरमा काम गर्नको लागि राखिएको सेवक तथा सेविकासँग पनि व्याभिचारको लागि कुरा गर्ने दुवै अपराधी हुन् किनकि यी दुवै परस्त्री तथा परपुरुष हुन् यदि यस्तो वार्तालाप मात्र गरेको भएमा पनि राजाले त्यसलाई १६ माषा दण्ड दिनुपर्छ ।

योऽकामां दूषयेत्कन्यां स सद्यो वधं अर्हति ।
सकामां दूषयंस्तुल्यो न वधं प्राप्नुयान्नरः ॥ ८/३६४ ॥

अर्थात्:- परपुरुषले या परस्त्री या कन्याले कामेच्छाको लागि हातको या शरीरिक सङ्केत देखाउने, सङ्केतमा गलत आचरण देखाउने गरेको हुन्छ या कन्या तथा स्त्रीको शरीरको कुनै पनि अङ्गलाई स्पर्श गरेको हुन्छ चाहे त्यो छुनको लागि आफ्नो अङ्गुला नै प्रयोग गरेको किन नगरेको होस्, यो अपराधी हो यस्तो अपराधीलाई राजाले हातको औंला नै काटिदिनु पर्छ भने कुनै परपुरूषले सहमतिमा कन्या तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परस्त्रीसँग क्रीड़ा गरेको प्रमाणित भएमा त्यस्तो कार्यगर्ने दुवै व्यक्ति नै अपराधी हुन् त्यस्तो अपराधीलाई राजाले तुरुन्त हत्या गर्नुपर्छ, या पुरुषलाई नपुंसक गराउनु पर्छ या हत्या गर्नुपर्छ, या शिश्न अर्थात् मुत्रेन्द्रियलाई नै काटिदिनु पर्छ भने नारीलाई हत्या या आजीवन बन्दी बनाउनु पर्छ चाहे यी दुवै जतिसुकै ज्ञानी मनुष्य नै किन नहोस् ।

कन्यां भजन्तीं उत्कृष्टं न किं चिदपि दापयेत् ।
जघन्यं सेवमानां तु संयतां वासयेद्गृहे ॥ ८/३६५ ॥

अर्थात्:- कन्याले बिनाकारण कुनै पुरुषलाई आरोप लगाएमा या त्यस्तो प्रमाणित भएमा त्यस्तो कन्यालाई राजाले हत्या गरिदिनु पर्छ, त्यस्तै कन्या र पुरुष बीचमा गोप्य सहमतिमा व्याभिचारको कार्य भयो तर कुनै कारणले यी दुवैको अपराध बाहिर आएको खण्डमा राजाले यी दुवैको बिहे गराउनु पर्छ तर यी दुवैले या एकले बिहे गर्नको लागि अस्वीकार गरेको खण्डमा अपराध दण्डविधानअनुसार अवस्था हेरेर एक या दुवैको नै हत्या गर्नुपर्छ ।

उत्तमां सेवमानस्तु जघन्यो वधं अर्हति ।
शुल्कं दद्यात्सेवमानः समां इच्छेत्पिता यदि ॥ ८/३६६ ॥

अर्थात्:- दुवै समान उमेरका हुन् कुनै एकले कुनै उत्तम वस्तु दिएर, लालच दिएर, पैसा दिएर या इच्छा विपरीत जबरजस्ती, सङ्केतमा, इसारामा कुनै पनि अपराध जस्तो आचरण देखाएमा तथा हातले छोएमा, गलत आचरण सङ्केतमा गर्ने कार्य गरेमा तथा शरीर तथा अङ्गमा हात तथा औलाले छोएको भएमा पनि त्यो अपराधी हो त्यस्तो अपराधीलाई अवस्थाअनुसार अपराधको दण्डविधानअनुसार बध, हात या हातको औंला नै काटि दिनुपर्छ यही नै दण्डजरीवाना हो तर दुवैले बिहे गर्न चहेमा दुवैको बिहे गराई दिनुपर्छ ।

अभिषह्य तु यः कन्यां कुर्याद्दर्पेण मानवः ।
तस्याशु कर्त्ये अङ्गुल्यौ दण्डं चार्हति षट्शतम् ॥ ८/३६७ ॥

अर्थात्:- कुनै पनि नारी या पुरुषले घमण्ड गर्दै कसैले पनि एक अर्काको गुप्ता अङ्गमा हात पुर्याएमा पनि त्यो अपराध हो, त्यस्तो अपराध भएको खण्डमा अपराध दण्डविधानअनुसार राजाले अवस्था अनुसार दुवैको हात या औंला नै काटिदिनु या छ वर्षको लागि कैद गर्नुपर्छ ।

सकामां दूषयंस्तुल्यो नाङ्गुलिच्छेदं आप्नुयात् ।
द्विशतं तु दमं दाप्यः प्रसँगविनिवृत्तये ॥ ८/३६८ ॥

अर्थात्:- नारी तथा पुरुष दुवै अविवाहित हुन् सहमतिमा गोप्य रुपले औलाद्वारा नै अप्राकृतिक कार्य गरेको तर कुनै कारणवस यो अपराधा सार्वजनिक भएर राजासँग आएको खण्डमा राजाले अपराध दण्डविधानअनुसार दुवैको बिहे गराई दिनुपर्छ यदि दुवैले यो अस्वीकार गरेमा अपराध दण्डविधान अनुसार तीन बर्ष जेल र दुई सय पण दण्ड जरिवना गर्नुपर्छ ।

कन्यैव कन्यां या कुर्यात्तस्याः स्यादिद्वशतो दमः ।
शुल्कं च द्विगुणं दद्याच्छिफाश्चैवाप्नुयाद्दश ॥ ८/३६९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- दुवै कन्या हुन, एक कन्याले अर्को कन्याको यौनांगमा अप्राकृतिक कार्य गरेको तर दुवैले सहमतिमा नै अप्राकृतिक कार्य गरेको भएमा तर अपराध बाहिर आएमा राजाले दुवै कन्यालाई अपराध दण्डविधानको दण्डजरिवना अनुसार दुई सय पण या दशकोर्रा हिर्काउनु पर्छ या दुवै दण्ड दिन सकिने छ अवस्था अनुसार ।

या तु कन्यां प्रकुर्यात्स्त्री सा सद्यो मौण्ड्यं अर्हति ।
अङ्गुल्योरेव वा छेदं खरेणोद्वहनं तथा ॥ ८/३७० ॥

अर्थात्:- विवाहित स्त्रीले कन्यासँग अप्राकृतिक आचरण गरेको अपराध आएमा र प्रमाणित भएको खण्डमा राजाले विवाहित स्त्रीको शिरको पुरा कपाल काटन लगाउनु पर्छ हातको चोरी औला र मझौला औला काट्नु पर्छ र गधामाथि बसाएर चौराहामा उभाइदिनु पर्छ ।

भर्तारं लङ्घयेद्या तु स्त्री ज्ञातिगुणदर्पिता ।
तां श्वभिः खादयेद्राजा संस्थाने बहुसंस्थिते ॥ ८/३७१ ॥

अर्थात्:- जो स्त्रीले आफ्नो अहङ्कार र आफ्नो ज्ञान या अन्य कुनै पनि आफ्नो गुण या सम्पत्तिको घमण्ड गरेर आफ्नो पतीलाई छोडेर व्यभिचार अर्थात् परपुरुष गमन गरेको प्रमाण भएमा त्यस्तो व्याभिचारी स्त्रीलाई धेरै मनुष्यको उपस्थितिमा राजाले उसले गरेको अपराधको बारेमा सबैलाई जानकारी दिएर र प्रमाण देखाएर जङ्गली कुकुरद्वारा टोकाएर मार्नुपर्छ ।

(समयको कलमः- अनुशीलनः- १) ३७१/३७२ श्लोक 'प्रसङ्गविरोध'को आधारमा प्रक्षेपान्तर्गत हो भनेर यसरी भन्नलाई सकिँदैन कि यी दुई श्लोकमा 'स्त्रीसङ्ग्रहण'सँग सम्बन्धित विशेष स्थितिको विशेष दण्ड व्यवस्थाको दण्डको विधान रहेको छ । आफ्नो रुप सौन्दर्य एवं दाइजोको उच्चताको आधारमा आफ्नो जीवनसंगीलाई तिरस्कार गरेर दम्भपूर्वक जबकोहि स्त्री या पुरूष परपुरूष गमन या परस्त्रीगमन गरेको खण्डमा यो दुई श्लोकले अपराधको दण्डविधानको बारेमा दण्डव्यवस्था निर्णय गरेको छ ।

अनुशीलनः- २) दण्डव्यवस्था अत्यन्त कठोर व्यवस्था हो किनकि यदि कसैलेपनि आफ्नो घमण्ड आफ्नो अहङ्कारको कारण बलात् सबै मर्यादालाई अतिक्रमण गरेको हुन्छ र आफ्नो घमण्डको हठमा अडिग रहेको हुन्छ । यस्तो व्यक्तिले नै सामाजिक सुरक्षाको व्यवस्थालाई अति नै ठूलो तरिकाले लापरवाही गरेर सामाजिक सद्भावलाई भङ्ग गरेका हुन्छन् र अन्य सम्बद्ध व्यक्तिलाई पनि तिरस्कार गरेका हुन्छन्, अतः कसैले पनि आफ्नो कर्तव्य र आफ्नो जिम्मेदारीलाई नछोडोस भनेर नै यो सार्वजनिक रुपले कठोर दण्ड व्यवस्थालाई विहित गरिएको हो ।

यही नियमलाई ध्यान दिएर ऋषि दयानन्द सरस्वतीले यस सम्बन्धमा सत्यार्थ प्रकाशको छैठौं समुल्लास यही दण्डविधानको बारेमा ज्ञानलाई प्रकाश गर्दै यस्तो विवेचना गर्नुभएको छ यो दृष्टि उद्धरणीय रहेको छ ।

'प्रश्नः- जो राजा वा रानी अथवा न्यायाधीश वा उसकी स्त्री व्यभिचार आदि कुकर्म गरेको प्रमाणित भएको खण्डमा त्यासलाई कसले दण्ड दिने हो ?

उत्तरः- सभाले, यदि राजा तथा न्यायाधीश र परिवारले यदि गलत कार्य गरेमा यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबैलाई प्रजापुरूष भन्दापनि धेरै कठोर दण्ड हुनुपर्छ ।

प्रश्नः- राजा आदिले सभाबाट दण्ड किन ग्रहण गर्छ ?

उत्तरः- राजा एक पुण्यात्मा तथा भाग्यशाली मनुष्य हो । जब राजाले गल्ती गर्यो त्यसलाई नै दण्ड नदिएको खण्डमा र राजाले नै त्यस दण्डलाई स्वीकार नगरेको खण्डमा उसले अपराधीलाई कसरी दण्डविधानअनुसार दण्डजरीवाना गर्नसक्छ ? प्रजा, प्रधान, राज्य अधिकारी र सभाले पनि धार्मिकताको आधारमा अपराधीलाई दण्ड दिनको लागि स्वीकार गरेको खण्डमा एक्लो राजाले के गर्नसक्छ र ? यदि राजाले अपराध दण्डविधानको व्यवस्थालाई स्वीकार नगरेमा राज्यका, प्रधान र सामर्थ्य पुरूषले पनि अपराध तथा अन्यायको बाटोलाई स्वीकार गर्नेछन्, राज्यमा न्याय धर्मको विधान पतन भएमा राज्य नै पतन हुनेछ प्रजाको नाश र राज्यको नाश हुनेछ र राजा आफैमा नष्ट हुनेछ अर्थात् न्याययुक्त दण्डविधान र दण्डजरीवानाको नामलाई नै राजा र राजधर्म भनिन्छ यदि यी दुवै त्याग गरेमा राजा र राज्य नै लोप हुन्छ जसको कारण राज्य र प्रजा नै लोप हुन्छ त्यसभन्दा नीच राजा अरुको हुन्छ ?

प्रश्नः- याति कठोर दण्ड दिनु उचित हैन किनकि मनुष्यले कुनै शरीर या अङ्गलाई आफैले बनाउन सक्दैन भने यति कठोर दण्डदिनु किन ?

उत्तरः- जसले यस दण्डलाई कठोर दण्ड हो भन्ने गरेका हुन्छन् त्यस व्यक्तिलाई राजनीतिक ज्ञान नभएको राजनीतिको बारेमा जानेको नै छैन, किनकि एक अपराधी मनुष्यलाई यस प्रकारको दण्ड दिनाले सबै मनुष्यहरूले आफूलाई अपराध गर्नबाट अलग राख्ने छन् र अपराधबाट बचने छन् जो अपराधबाट बचेको हुन्छ त्यही व्यक्ति नै धर्ममार्गमा स्थित रहनेछन् । एक अपराधीलाई यो दण्ड दिनाले पुरा राज्यको प्रजामा एक तोरीको दाना बराबरको दण्डपनि हुनेछैन तर एक अपराधीलाई दण्ड नदिनाले पुरा प्रजा अपराधी पनि हुनसक्छ र जो सुगम दण्ड दिएको खण्डमा राज्यमा अति नै धेरै दुष्टकाम ठुला ठुला अपराधको कार्यलाई गर्नको लागि शुरू गर्नेछन्, जुन दण्डलाई सुगम दण्ड भन्ने गरेको हुन्छ त्यस सुगम दण्डको कारण करोड गुणा धेरै अपराधी उत्पन्न हुन्छ र करोड़ अपराधीलाई नियन्त्रण गर्नको लागि करोड़ गुणा कठिन हुन्छ जब धेरै मनुष्यले दुष्ट कर्म गरेको खण्डमा तब थोरै थोरै दण्ड तर कठोर दण्डको कारण सजिलोसँग नियन्त्रण हुन्छ त्यसैले कठोर दण्डविधानलाई लागु गर्नुपर्छ अर्थात् जस्तै एक अपराधीलाई मनभर दण्ड भयो र अर्कोलाई पाउ त्यस्तै पावभन्दा धेरै दण्ड एक मन हुन्छ भने प्रत्येक मनुष्यको भागमा आधापाउ बिससर परेको हुन्छ, यस्तो सुगम दण्डले त अपराधी तथा दुष्ट व्यक्तिले झन् ठूलो ठूलो अपराध गरेको हुन्छ, जस्तै एक अपराधीलाई एक मनको र सहस्त्र मनुष्यलाई एक पाउ-पाउ दण्ड भयो भने ६ सवा छः मन मनुष्य जति पूरालाई दण्ड दिएर एक अपराधीलाई बचाउनु भन्दा एक अपराधीलाई नै दण्ड दिएर पुरा प्रजालाई अपराधी हुनबाट बचाउनु राम्रो हुन्छ ।

पुमांसं दाहयेत्पापं शयने तप्त आयसे ।
अभ्यादध्युश्च काष्ठानि तत्र दह्येत पापकृत् ॥ ८/३७२ ॥

अर्थात्:- अहङ्कार र आफ्नो ज्ञान या अन्य कुनै पनि आफ्नो गुण या सम्पत्तिको घमण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर आफ्नो पत्नीलाई छोडेर कुनै पुरुषले परस्त्री या वेश्यागमन गरेको खण्डमा र कुनै पनि नारीलाई बलात्कार गरेको प्रमाणित भएको खण्डमा यस्तो पापी तथा अपराधीलाई फलामको पलङ्गलाई रातो हुने गरेर तताएर अपराधी तथा बलात्कारी लाई घोप्टो पारेर सुताएर अग्निद्वारा बिस्तारै तपाएर धेरै मनुष्यको सामुन्ने अग्निमा भस्म गराउनु पर्छ ताकि बाँकीले पनि देखोस् अपराधीलाई के गरिन्छ भन्ने र आफ्नो मनबाट नै अपराधको सोच हटाओस ।

संवत्सराभिशस्तस्य दुष्टस्य द्विगुणो दमः ।
व्रात्यया सह संवासे चाण्डाल्या तावदेव तु ॥ ८/३७३ ॥

अर्थात्:- परपुरुष र परस्त्रीगमी दुषित मनुष्यलाई राजाले एक पटक दण्ड दिइयो त्यसको दण्ड पुरा भोगपनि गर्यो तर फेरि पनि परस्त्री या परपुरुष गामी आचरण त्याग गरेन र व्याभिचार गर्यो भने त्यस्तै व्याभिचारी र चाण्डाल आचरण भएको मनुष्यलाई अपराध दण्डविधानअनुसार आजीवन कारावासको सजाय दिनुपर्छ ।

शुद्रो गुप्तं अगुप्तं वा द्वैजातं वर्ण आवसन् ।
अगुप्तं अङ्गसर्वस्वैर्गुप्तं सर्वेण हीयते ॥ ८/३७४ ॥

अर्थात्:- परिवार छैन तर एक्लै आफ्नो जीविका चलाइ रहेकी नारी या कन्या हो यस्तो कन्या तथा नारीलाई यदि कुनै पुरुषले जबरजस्ती बलात्कार या व्याभिचार गर्नेकोसिस मात्र गरेमा पनि त्यो अपराधीको मुतेन्द्रीय नै काटिदिनु पर्छ चाहे त्यो समाजको महान् समाजसेवी नै हो या समाजको सारथी शुद्र नै किन नहोस् नारीको अपहेलना कहिल्यै स्वीकार गर्नु हुँदैन ।

वैश्यः सर्वस्वदण्डः स्यात्संवत्सरनिरोधतः ।
सहस्रं क्षत्रीयो दण्ड्यो मौण्ड्यं मुत्रेण चार्हति ॥ ८/३७५ ॥

अर्थात्:- परिवार छैन तर एक्लै आफ्नो जीविका चलाई रहेको नारी गुण, कर्म, स्वभाव र आचरण ब्राह्मणवर्णलाई धारण गरेको र ब्राह्मण वर्णको गुणले रक्षित रहेको नारी या कन्या हो यस्तो कन्या तथा नारीलाई यदि कुनै पनि व्यक्तिले बलात्कार गर्ने कोसीस गरेमा त्यस मनुष्यलाई सर्वस्व हरण सहित आजीवन कारावासको सजाए या बध गर्नुपर्छ आजीवन कारावास या बध गर्नुभन्दा पहिले त्यस्तो पुरुषको टाउकाको कपाल गाधाको पिसावले भिजाएर खौरिनु पर्छ चाहे त्यो व्यक्ति महान् व्यापारी वैश्य होस् या समाजको रक्षा गर्ने क्षत्रीय नै किन नहोस् यस्तो अपराधको कुनै माफ हुँदैन तर राजाले बिष्यवस्तुलाई पहिले गहन विश्लेषण गर्नु पर्छ ।

ब्राह्मणीं यद्यगुप्तां तु गच्छेतां वैश्यपार्थिवौ ।
वैश्यं पञ्चशतं कुर्यात्क्षत्रीयं तु सहस्रिणम् ॥ ८/३७६ ॥

अर्थात्:- एक्लै रहेको कुनै पनि नारीलाई सङ्केतको रुपमा, या व्याभिचार गर्नेकोसिस मात्र गरेको खण्डमा त्यस्तो अपराधीलाई अपराध दण्डविधानअनुसार राजाले हजार पण दण्ड जरिवना र पाँच बर्ष कैद गर्नुपर्छ चाहे त्यो व्यक्ति महान् व्यापारी वैश्य होस् या समाजको रक्षा गर्ने क्षत्रीय नै किन नहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उभावपि तु तावेव ब्राह्मण्या गुप्तया सह ।
विप्लुतौ शुद्रवद्दण्ड्यौ दग्धव्यौ वा कटाग्निना ॥ ८/३७७ ॥

अर्थात्:- परिवार छैन तर एक्लै आफ्नो जीविका चलाई रहेको नारी गुण, कर्म, स्वभाव र आचरण ब्राह्मण वर्णलाई नै आफूमा धारण गरेको ब्राह्मण वर्णको गुणद्वारा रक्षित नारी होस् या कन्या होस् यस्तो कन्या तथा नारीलाई यदि कुनै पनि व्यक्तिले व्याभिचार गरेको खण्डमा त्यस्तो व्यक्तिलाई सुकेको पातले पुरेर आगो लगाएर प्राणदण्ड दिनुपर्छ त्यो व्यक्ति समाजको जतिसुकै महान् ज्ञानी, रक्षक, सेवक र सारथी नै किन नहोस् ।

सहस्रं ब्राह्मणो दण्ड्यो गुप्तां विप्रां बलाद्वजन् ।
शतानि पञ्च दण्ड्यः स्यादिच्छन्त्या सह सङ्गतः ॥ ८/३७८ ॥

अर्थात्:- परिवार छैन तर एक्लै आफ्नो जीविका चलाई रहेको नारी गुण, कर्म, स्वभाव र आचरण ब्राह्मण वर्णलाई नै आफूमा धारण गरेको ब्राह्मण वर्णको गुणद्वारा रक्षित नारी हो या कन्या हो यस्तो कन्या तथा नारीलाई यदि कुनै पनि गुण, कर्म, स्वभाव र आचरण ब्राह्मण वर्णको व्यक्ति हो नारी र पुरुष दुवैको सहमतिमा व्याभिचार भएको हो तर कारणवश त्यो अपराध बाहिर आएमा वर्णच्यूत गर्दै त्यस्तो अपराध गर्ने दुवैको विवाह गराई दिनुपर्छ । यदि दुवै विवाहिता भएमा दुवैले अपराध गरेको स्वीकार गरेमा र अघि नगर्ने प्रतीज्ञा गरेमा अपराध दण्डविधानअनुसार वर्ण च्यूत गर्दै हजार पण दण्डजरिवान वा पाँच वर्ष जेल या अवस्था अनुसार दुवै दण्डजरिवान गर्नुपर्छ ।

मौण्ड्यं प्राणान्तिकं दण्डो ब्राह्मणस्य विधीयते ।
इतरेषां तु वर्णानां दण्डः प्राणान्तिको भवेत् ॥ ८/३७९ ॥

अर्थात्:- अपराधमा व्याभिचार या बलात्कार गरेको व्यक्तिको लागि आफ्नो वर्णच्यूत हुनु र गधाको पिसावले शिरको कपाल भिजाएर कपाल खौरीनु, गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मण वर्णलाई धारण गरेको मनुष्यको लागि प्राणदण्ड नै हो भने अन्य वर्णको मनुष्यको लागि अपराध अनुसार वध गर्नुलाई नै प्राणदण्ड भनिन्छ ।

न जातु ब्राह्मणं हन्यात्सर्वपापेष्वपि स्थितम् ।
राष्ट्रादेनं बहिः कुर्यात्समग्रधनं अक्षतम् ॥ ८/३८० ॥

अर्थात्:- राजाले एक कुरा सधैं ध्यान राख्नुपर्छ गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मण वर्णलाई धारण गरेको व्यक्तिले सानो गल्ती गरेको खण्डमा र कुनै पनि सानो गल्ति भएको खण्डमा पनि माफ गर्नु नै हुँदैन यदि गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मण वर्णलाई धारण गरेको व्यक्तिले ब्राह्मण वर्णको गुण, कर्म, स्वभाव र क्षमता विरुद्धको कुनै पनि कार्य या गल्ती गरेमा त्यस व्यक्तिलाई उसको वर्णच्यूत गराएर सर्वस्व हरण सहित देश निकाला गर्नुपर्छ, यदि व्याभिचार या बलात्कार गरेको माहापाप प्रमाणित भएको खण्डमा त्यस व्यक्तिलाई गधाको पिसाबले शिरको कपाल खौरीएर वर्णच्यूत गरेर सर्वस्व हरण सहित आजीवन कारावास तथा देश निकाला गर्नुपर्छ तर उसको ज्ञानको कारण हत्या भने गर्नुहुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न ब्राह्मणवधाद्भूयानधर्मो विद्यते भुवि ।
तस्मादस्य वधं राजा मनसापि न चिन्तयेत् ॥ ८/३८१ ॥

अर्थात्:- संसार वेदज्ञानी विद्वान् अर्थात् वेदज्ञानी ब्राह्मणको विनाकरण वध गर्नुभन्दा ठुलो पापकर्म केही छैन, किनकि ज्ञानीको हत्या गर्नाले अध्ययन(क्रममा हानी पुग्छ त्यसैले ज्ञानीलाई दुःखदिने सोच राजाले आफ्नो मनमा कहिल्यै लिनुहुँदैन, तर स्त्रीप्रतीको अभद्रता र बलात्कारको अपराधमा जे सुकै र जो सुकै होस् त्यसलाई दण्ड दिनुपर्छ नै यही नै राजधर्म हो ।

वैश्यश्चेत्क्षत्रीयां गुप्तां वैश्यां वा क्षत्रीयो व्रजेत् ।
यो ब्राह्मण्यां अगुप्तायां तावुभौ दण्डं अर्हतः ॥ ८/३८२ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता अनुसार क्षत्रीय वर्णलाई धारण गरेको क्षत्रीय गुणमा आरक्षित नारीको आफ्नो सहमतिमा नै गुण, कर्म, स्वभाव र क्षमता अनुसार क्षत्रीय वर्णको गुण धारण गरेको पुरुष र गुण, कर्म, स्वभाव र क्षमता अनुसार वैश्य वर्णलाई धारण गरेको पुरुषको बीचमा सहमतिमा ब्याभिचारी कार्य भयो तर ब्याभिचारको अपराध कारण वश बाहिर आएको खण्डमा राजाले त्यस्ता अपराधीलाई अपराध दण्डविधानअनुसार दुवैलाई तीनबर्ष कैद या गधाको पिसाबले शिरको कपाल भिजाएर दुवैको शिरको कपाल खौरीनु पर्छ या दुवै सजाय अवस्था अनुसार दिनुपर्छ तर राजाको मनमा भने कुनै लालच या कुनै विकृति उत्पन्न हुनुहुँदैन ।

सहस्रं ब्राह्मणो दण्डं दाप्यो गुप्ते तु ते व्रजन् ।
शुद्रायां क्षत्रीयविशोः साहस्रो वै भवेद्दमः ॥ ८/३८३ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता अनुसार क्षत्रीय वर्णलाई धारण गरेको क्षत्रीय गुणमा आरक्षित र गुण, कर्म, स्वभाव र क्षमता अनुसार वैश्य गुणमा आरक्षित नारीको आफ्नो सहमतिमा नै गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मण वर्णलाई धारण गरेको मनुष्यको बीचमा ब्याभिचार गरेको खण्डमा अपराध दण्डविधानअनुसार त्यस्तो ब्राह्मणको वर्णच्यूत गर्दै गधाको पिसाबले शिरको कपाल खौरीनु पर्छ र हजार पण दण्डजरिवान गर्नुपर्छ ।

क्षत्रीयायां अगुप्तायां वैश्ये पञ्चशतं दमः ।
मुत्रेण मौण्ड्यं इच्छेत्तु क्षत्रीयो दण्डं एव वा ॥ ८/३८४ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताअनुसार क्षत्रीय वर्णलाई धारण गरेको र क्षत्रीय गुणमा आरक्षित नारीको आफ्नो सहमतिमा नै गुण, कर्म, स्वभाव र क्षमताअनुसार वैश्यवर्णलाई धारण गरेको वैश्य वर्णको मनुष्यले एक आपसमा ब्याभिचार गरेको खण्डमा अपराध दण्डविधानअनुसार दुवैलाई गधाको पिसाबले शिरको कपाल भिजाएर कपाल खौरीएर दुवैलाई पाँचसय पण दण्ड जरिवान गर्नुपर्छ या पाँच वर्ष जेल हाल्नुपर्छ अवस्था अनुसार दुवै सजाय पनि हुन् सक्छ ।

अगुप्ते क्षत्रीयावैश्ये शुद्रां वा ब्राह्मणो व्रजन् ।
शतानि पञ्च दण्ड्यः स्यात्सहस्रं त्वन्त्यजस्त्रीयम् ॥ ८/३८५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता अनुसार क्षत्रीय, वैश्य, शुद्र वर्णलाई धारण गरेको तथा क्षत्रीय, वैश्य, शुद्र गुणमा आरक्षित नारीको आफ्नो सहमतिमा नै गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मण वर्णलाई धारण गरेको ब्राह्मणले व्याभिचार गरेमा त्यस मनुष्यको वर्णच्यूत गराएर दशवर्ष कैद एक हजार पण दण्ड जरिवान गर्नुपर्छ । यदि आचरण च्युत भएको पैसा लिएको र नारीसँग सहमतिमा नै गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मण वर्णलाई धारण गरेको व्यक्तिले व्याभिचार गरेको भएमा त्यस व्यक्तिको वर्णच्यूत गरेर पाँच सय पण दण्डजरिवना गर्नुपर्छ ।

यस्य स्तेनः पुरे नास्ति नान्यस्त्रीगो न दुष्टवाक् ।
न साहसिकदण्डघ्नो स राजा शक्रलोकभाक् ॥ ८/३८६ ॥

अर्थात्:- जुन राजाको राज्यमा नकोहि चोर छ, नकोहि छलकपट गर्ने व्यक्ति छ, नकोहि परपुरुष या परस्त्रीगामी अधर्मी छ, नकोहि दुष्टभाषी रहेको छ, नकोहि चोर, डाकू लुटेरा आदि साहसिक अपराधी रहेको हुन्छ र नकोहि लड़ाई झगड़ा गर्ने मार-पीट गर्ने अपराधी नै हुन्छ यस्तो अवस्था निर्माण गरेको राजा र अपराधलाई रोक्न सक्ने राजा प्रजाको लागि प्रिय राजा र राज्यको शक्तिशाली राजा-पदको लागि मुख्य अधिकारी हो ।

एतेषां निग्रहो राज्ञः पञ्चानां विषये स्वके ।
सांराज्यकृत्सजात्येषु लोके चैव यशस्करः ॥ ८/३८७ ॥

अर्थात्:- जुन राजाको राज्यमा चोर छैन, परस्त्री तथा परपुरुष गामी अपराधी छैन, दुष्टभाषी र कठोरवचन भएको कुनै राज्य विरुद्ध कार्यगर्ने अपराधी छैन, राज्यमा कुनै चोर डाँकु लुटेरा छैन र राजाको राज्यमा मारपीट गर्नेको अपराधी छैन यी पाँच किसिमको अपराधीलाई नियन्त्रण गरेको राजाको राज्य नै स्वर्ग हुनेछ अर्थात् यस्तो प्रजा पालक राजा नै दण्ड धारक नियमको शिरोमणि बन्ने छ यस्तो धर्मात्मा राजाको मृत्यु भएमा राजाको यश मृत्यु पछि सबै लोकमा प्रचार हुनेछ र त्यस्तो राजाले उत्तम लोकलाई प्राप्त गर्नेछ ।

ऋत्विजं यस्त्यजेद्याज्यो याज्यं च त्विक्त्यजेद्यदि ।
शक्तं कर्मण्यदुष्टं च तयोर्दण्डः शतं शतम् ॥ ८/३८८ ॥

अर्थात्:- यजमानले कुनै आरोप लगाएर या बिनकारण श्रेष्ठ पुरोहितलाई त्याग गरेमा र श्रेस्ठ पुरोहितले बिना कुनै कारण आरोप लगाएर यजमानले त्याग गरेमा तर आरोप दुवैले गलत गरेर लगाएको प्रमाणित भएमा दुवै व्यक्तिलाई दुवै अवस्थामा दुवैलाई राजाले कर्म नगरेको या गलत आरोपमा दण्डविधानअनुसार सय सय पण दण्ड जरिवान गर्नुपर्छ ।

(समयको कलमः- अनुशीलनः- १) ३८८ र ३८९ श्लोकमा विषय विरोध अन्तर्गत आएको हुनाले प्रक्षिप्त अर्थात् मिलावट भएको प्रतीत हुँदैन किनकि यी दुवै श्लोकमा यो कार्य गर्नको लागि अस्वीकार गरेमा त्यो व्यक्तिलाई दण्ड दिनुपर्छ भनिएको हुनाले यी श्लोक स्थानभ्रष्ट र आचरण भ्रष्टको लागि हो भनेर बुझ्नुपर्छ किनकि यी दुवै श्लोक कुनै मान्यता नभएर समर्थको कुरा गरेको छ त्यसैले यी श्लोकको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार १. मनुको मनुविधानअनुसारमा कुनै मान्यतामा विरोध छैन र न कुनै अन्य आधारमा भनिएको मिलावट भएकोदेखिन्छ, २. यही अध्यायमा आफ्नो कार्यसँग सम्वन्धित प्रसँगपनि रहेको हुनाले त्यही विष्यवस्तु र प्रसङ्ग अनुसार जसले जे कर्ममा निपुर्ण छ त्यस निपुर्ण व्यक्तिले अर्को कुनै पनि व्यक्तिलाई सहयोग गर्नुपर्छ भन्ने हुनाले आफ्नो आफ्नो कार्यमा मिलेर उन्नति गर्नुपर्छ भन्ने हुनाले यी दुई श्लोकमा कर्ममा स्थान भ्रष्ट र विवादको कुरामा मिलेर जानुपर्छ भन्ने विधानमा यो शब्द आएको हो)

न माता न पिता न स्त्री न पुत्रस्त्यागं अर्हति ।
त्यजन्नपतितानेतान्राज्ञा दण्ड्यः शतानि षट् ॥ ८/३८९ ॥

अर्थात्:- माता, पिता, स्त्री अर्थात् पत्नी र पुत्र यी घरको सदस्य र परिवारको घरको अभिन्न अङ्ग हो यी सधैँ साथमा हुनुपर्छ यी मध्ये कुनै पनि त्याग गर्नको लागि हैन यी सबैको साथमा सधैँ रहनको लागि हो र यी सबैको सहयोगद्वारा नै परिवार पूर्ण र कार्यमा योग्यतालाई प्राप्त हुन्छ अपतित अर्थात् विनाकरण निर्दोष आफ्नो परिवारको सदस्यलाई कुनै आरोप लगाएर निर्दोष हुँदाहुँदै पनि या निर्दोष परिवारको यी सदस्यलाई विनाकुनै कारण आरोप लगाएर त्याग गरेमा यस्तो व्यक्तिलाई आरोप दण्डविधानको नियमअनुसार छ सय पण दण्डजरीवाना गर्नुपर्छ ।

आश्रमेषु द्विजातीनां कार्ये विवदतां मिथः ।
न विब्रूयान्नृपो धर्म चिकीर्षन्हितं आत्मनः ॥ ८/३९० ॥

अर्थात्:- समाजमा गृहस्थ आश्रममा रहेका मनुष्यले एक आपसमा परस्पर मिलेर देश राज्य र समाजको उन्नतिको लागि शास्त्रको विषयमा, राजाको राजधर्मको समस्याको विषयमा, राजाको अर्थव्यवस्थाको विषयमा, राज्यको दण्डविधान र दण्डजरीवानाको बारेमा, राजाको कार्यको बारेमा आपसमा बहस अर्थात् शास्त्रार्थ भइरहेको भएमा या समाजमा रहेको गृहस्थले आफ्नो राज्यको समस्याको बारेमा छलफल गरिरहेको राजाले सुनिरहेको भएमा पनि राजाले ती गृहस्थीसँग यो सोधनु हुँदैन कि यो शास्त्रार्थको अर्थ के हो भनेर किनकि राज्यको प्रजाको चिन्ता सबै प्रजामा हुन्छ यो राजाले यो कुरालाई राम्ररी बुझ्नुपर्छ ।

यथार्ह एतानभ्यर्च्य ब्राह्मणैः सह पार्थिवः ।
सान्त्वेन प्रशमय्यादौ स्वधर्म प्रतिपादयेत् ॥ ८/३९१ ॥

अर्थात्:- अपराधीलाई अपराधको दण्डजरीवाना गर्दा गर्दै अपराधीलाई दण्डजरिवान मात्र हैन आफ्नो राज्यमा भएका ज्ञानी, स्वज्ञानी स्वविबेकिलाई देश राज्य प्रजाको देशको लागि कार्य गर्ने, राज्यालाई कसरी उत्तम बनाउन सकिन्छ भनेर आपसमा बसेर छलफल गर्ने, समाजको कल्याणको लागि कार्यगर्ने ती सबै विद्वान् र ज्ञानी व्यक्तिलाई राजाले सधैँसम्मान गर्नुपर्छ ।

प्रतिवेश्यानुवेश्यौ च कल्याणे विंशतिद्विजे ।
अर्हावभोजयन्विप्रो दण्डं अर्हति माषकम् ॥ ८/३९२ ॥

अर्थात्:- यदि उत्तम कार्य र शान्तिको नाम लिएर गरिएको कार्यमा गुरुकुल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सञ्चालन गरेकी ज्ञानीलाई भोजन गराउनु उत्तम कार्य हो भने गुण, कर्म, स्वभाव र क्षमताको वैश्यवर्णको मनुष्यले यदि आफ्नो घरको नजिक या सामुन्ने गुरुकुल लाज सञ्चालन गरेको वेदज्ञानी चाहे त्यो बीस घर टाढा होस् या समान्ने घर नै किन नहोस् यस्तो नजिकको वेदज्ञानी गुरुकुलको सञ्चालन गरेको वेदज्ञानी विद्वान् ब्राह्मण लाई छोडेर अन्य कुनै अन्जानमा तर गुण, कर्म, स्वभाव र क्षमता नभएको व्यक्तिलाई वेदज्ञानी ब्राह्मण मानेर कसैले भोजन गराउँछ भने राजाले त्यस्तो व्यक्तिलाई एक मासा चाँदी दण्ड दिनुपर्छ ।

श्रोत्रियः श्रोत्रियं साधुं भूतिकृत्येष्वभोजयन् ।
तदन्नं द्विगुणं दाप्यो हिरण्यं चैव माषकम् ॥ ८/३९३ ॥

अर्थात्:- विवाह आदि आनन्द उत्सवमा कुनै पनि मनुष्यले नजिकै रहेको गुरुकुलमा सहयोग गर्दैन तर घमण्ड ले देखावटिको लागि फजूल खर्च गर्छ भने त्यस्तो व्यक्तिलाई राजाले एक मासा सोना तथा उत्सवमा भएको ख़र्चको दुई गुणाले दण्ड दिनुपर्छ ।

अन्धो जडः पीठसर्पी सप्तत्या स्थविरश्च यः ।
श्रोत्रियेषूपकुर्वश्च न दाप्याः केन चित्करम् ॥ ८/३९४ ॥

अर्थात्:- राजाले निम्नाङ्कित (अधोलिखित) मनुष्यसँग निर्धन गरिब कोषधन शून्य भएको व्यक्तिसँग कुनै पनि कर लिनुहुँदैन र जसरी देशको उन्नतिको लागि कार्यगर्ने, देशको उन्नतिको लागि छलफल गरेर दिशानिर्देश गर्नेलाईसम्मान गर्नुपर्छ ठीक त्यस्तै निर्धन तर ज्ञानी, अपाङ्ग, वृद्ध होस् अर्थात् सत्तरि वर्षभन्दामाथिको वृद्धलाई जहां भेटेपनि, धन सम्पत्तिलाई, भोजन उत्पादन गर्ने राज्यगुरु अर्थात् किसानलाई, वेदाध्ययन गर्दै गरेको वेदध्यायीलाई र वेद अध्ययन पुरा गरेको वेदज्ञानी मनुष्यलाई राजाले सधैँसम्मान तथा सेवा गर्नुपर्छ ।

श्रोत्रियं व्याधितार्तो च बालवृद्धावकिंचनम् ।
महाकुलीनं आर्य च राजा संपूजयेत्सदा ॥ ८/३९५ ॥

अर्थात्:- सृष्टि विधान, समाजको संरचना र राज्य सञ्चालन गर्ने विविध विधिको ज्ञाता, वेदको पूर्ण ज्ञाता, कुनै प्राकृतिक तथा दैवीप्रकोप अर्थात् व्याधिपीड़ित, बालक, वृद्ध, कंगाल तर ज्ञानी र मेहनती तर गरीब तथा उत्तम आचरण भएको कुलीन व्यक्ति र साधन र साध्यको दानी व्यक्ति यी सबै महान् व्यक्ति हुन् यी सबै मनुष्य आदरणीय मनुष्य हुन् यस्तो महान् व्यक्तिलाई राजाले सधैं सम्मान आदर सत्कार गर्नुपर्छ ।

शाल्मलीफलके श्लक्ष्णे नेनिज्यान्नेजकः शनैः ।
न च वासांसि वासोभिर्निर्हरेन्न च वासयेत् ॥ ८/३९६ ॥

अर्थात्:- कपड़ा धुने व्यवस्थाको लागि नदी किनार या प्रचुर मात्रमा पानी सहजताको साथमा उपलब्ध भएको ठाउँमा राजाले कपड़ा धुनको लागि धोबीघाटको व्यवस्था गर्नुपर्छ जहाँ कपड़ा धोएर सुकाऊन साकियोस, धोबीघाट निर्माण गर्दा नरम काठको फल्याक या चिल्लो ढुङ्गाको व्यवस्था गर्नुपर्छ ताकि कपड़ा धूने कार्यगर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धोबिले सजिलोसँग आफ्नो धोबिको कार्यालाई सम्पन्न गर्न सकोस ।

तन्तुवायो दशपलं दद्यादेकपलाधिकम् ।
अतोऽन्यथा वर्तमानो दाप्यो द्वादशकं दमम् ॥ ८/३९७ ॥

अर्थात्:- धोबीलाई कपड़ा धुनको लागि व्यवस्था गरेपछि र पछि उत्पन्न हुने कुनै पनि मर्मत सम्भारको लागि भनेर राजाले धोबीघाटको कर लिनुपर्छ, धोबीघाटको कारको सम्पूर्ण अधिकार राजाको हुन्छ धोबीघाटको कर लिदा कपडाको धोएको खर्चलाई पुरा कटौती गरेर कमाएको पैसाको अधिक भनेको जम्मा दशौँ भाग मात्र कर लीन सकिने छ यो अधिकतम मात्रा हो । यदि कपड़ा धोएको पैसा समयमा नदिने ग्राहकसँग धोबिले पनि आफ्नो मिहिनेतको पैसाको व्याजलिन सक्ने व्यवस्था राजाले गर्नुपर्छ यो राजधर्म अन्तर्गत पर्छ ।

शुल्कस्थानेषु कुशलाः सर्वपण्यविचक्षणाः ।
कुर्युरर्घं यथापण्यं ततो विंशं नृपो हरेत् ॥ ८/३९८ ॥

अर्थात्:- राजाले आफ्नो राज्यमा प्रजाको आवश्यक्ताको साधन तथा वस्तुलाई क्रय विक्रय गर्न र सामान व्यास्थापन गर्नको लागि प्रजाको लागि आवश्यक्ताको सम्पूर्ण समानलाई सर्वसुलभ र सर्वत्र उपलब्ध गराउनको लागि, राज्यमा सुरक्षित वातावरण, सुरक्षित ठाउँ तथा अवस्थाको बारेमा पूर्ण ज्ञाता तथा प्रत्येक पदार्थको गुण र दोषको बारेमा जानेको, वस्तु र व्यवस्थापरक ज्ञानलाई जानेको ज्ञानी व्यक्तिलाई, समानको क्रय विक्रयको व्यवस्थापनको जिम्मा दिनुपर्छ र बजार व्यवस्थापकले नै आवश्यक्ताको सामान तथा वस्तुको थोक र खुद्राको दुई अवस्था गरेर बजार मूल्यको क्रय विक्रय मूल्य निर्धारण गर्नुपर्छ, राजाले राज्यको सम्पूर्ण व्यापारीलाई र उसको व्यापारीको समानको सुरक्षा दिनुपर्छ, राजाले आफ्नो राज्यमा सामान, समानको सुरक्षा, व्यापारीको सुरक्षा, बजार व्यवस्थापनको जिम्मा र सुरक्षा यी सबै व्यवस्था मिलाएर ती सामान तथा वस्तुलाई बिक्री गरेर नाफालाई प्राप्त गरेको व्यापारीबाट राजाले बेचिएको समानको नाफाको २० भाग मात्र कर लिनुपर्छ यसभन्दा धेरै लिनुहुँदैन ।

(समयको कलमः- सरकारले समान उपलब्ध गराउने, व्यापारीले बेच्ने र बेचेको समानको पनि नाफाको बिस भाग मात्र कर लिने अधिकार राजालाई दिइएको छ, यहाँ व्यापारीको आफ्नो मिहिनेत लगेको तर वस्तु भने राज्यले नै उपलब्ध गराएको हुनाले अन्य सबै खर्च राज्यले सम्हालेको हुनाले नाफाको केवल बीस भाग मात्र कर लिन सक्ने विधान मनुस्मृतिमा मनुमहाराजको रहेको छ तर राजाले कुनै पनि सुविधा दिदैन भने त्यस्तो राजालाई कर लिनको लागि अधिकार नै छैन)

राज्ञः प्रख्यातभाण्डानि प्रतिषिद्धानि यानि च ।
ताणि निर्हरतो लोभात्सर्वहारं हरेन्नृपः ॥ ८/३९९ ॥

अर्थात्:- राज्यमा निषेध गरिएको वस्तु तथा पदार्थलाई र अन्य राज्यले पनि निषेध गरेको वस्तु तथा पदार्थलाई यदि कुनै मनुष्यले जानेर या अन्जानमा निषेध गरेको वस्तुको क्रय तथा बिक्रय गर्यो र एक राज्यबाट अर्को राज्यमा निकासी र पैठारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर लगेको खण्डमा या एक देशबाट अर्को देशमा लैजानेकोसिस गरेको खण्डमा यस्तो कार्य गर्ने जो सुकै होस् त्यस्तो अपराधीलाई राजाले तुरुन्त सर्वस्वहरणसहित आजीवन करावासको सजाय दिनुपर्छ ।

शुल्कस्थानं परिहरन्नकाले क्रयविक्रयी ।
मिथ्यावादी च सङ्ख्याने दाप्योऽष्टगुणं अत्ययम् ॥ ८/४०० ॥

अर्थात्:- चुंगी अर्थात् कर लिने स्थानलाई छोडेर चोरबाटो प्रयोग गरेर सामानलाई आदान प्रदान गर्ने, चोरी तथा कर छलेर छलपूर्वक लिएर आएको समानलाई लेनदेन या रात्रीको समयमा गुप्त रुपले सामना खरिद बिक्री गर्ने, नाप तौलमा छलकपट गर्ने या कम तौलको वस्तुलाई धेरै तौल भनेर बेच्ने, कम गुणस्तर भएको वस्तुलाई उच्च गुणस्तर हो भनेर झुटो बोलेर बेचेर व्यक्तिले छलकपट गरेर बेचेको अपराध व्यापारीले गरेमा त्यस्तो अपराधीलाई राजाले वस्तुको खरिद मूल्यको र विक्रय मूल्यको विवरणलाई हेरेर कर छली तथा अवैध वस्तु बिक्रीको दण्डविधान अनुसार छलकपट गरिएको समान तथा वस्तुको बिक्री मूल्यभन्दा आठ गुणा धेरै दण्डजरीवाना गर्नुपर्छ

आगमं निर्गमं स्थानं तथा वृद्धिक्षयावुभौ ।
विचार्य सर्वपण्यानां कारयेत्क्रयविक्रयौ ॥ ८/४०१ ॥

अर्थात्:- राजाले आफ्नो राज्यमा उत्पादित वस्तुलाई सर्व सुलभ उपलब्ध हुने व्यवस्था गर्नुपर्छ राज्यगुरु अर्थात् किसान बाट उत्पादित वस्तुलाई पहिलो प्राथमिकता दिनुपर्छ तर किसान अर्थात् राज्यगुरुबाट प्रजालाई आवश्यक्ता पर्ने सम्पूर्ण समान उपलब्ध नभएमा अन्य राज्या तथा अन्य देशबाट सामान पैठारी गर्ने व्यवस्था राजाले गर्नुपर्छ भने राज्यमा उत्पादित तर खपतभन्दा धेरै उत्पादन भएको वस्तुलाई निकासी गर्ने व्यवस्था पनि राजाले नै गर्नुपर्छ, निकासी गर्ने तथा पैठारी गरिएको वस्तुलाई परिवहन अर्थात् ढुवानी गर्ने व्यवस्था, सञ्चित गर्ने भण्डार गृह र संरक्षण गर्ने संरक्षण स्थान सबै राजाले नै व्यवस्था गर्नुपर्छ र निकासी गरिएको वस्तुको खरिद, ढुवानि र व्यापारीको खर्चलाई हिसाब गरेर भएको खर्चलाई कटौती गरेर त्यस वस्तुको बिक्री मूल्य निर्धारण गर्नुपर्छ र निकासी गरिएको समानको लाभवृद्धि तथा हानि खरिद बिक्रीको वस्तुसँग सम्बन्धित सबै विधानलाई ध्यान दिएर राजा त्यस वस्तुको मूल्य निश्चित गरेर त्यस निकासी गरिएको वस्तुको क्रय विक्रयको विधानलाई लागु गर्नुपर्छ किनकि राजाले थोरै मात्र असबधानि गरेको खण्डमा राज्य तथा प्रजालाई धेरै हानी हुन्छ त्यसैले राजाले वस्तुलाई पैठारी भन्दा निकासी मा ध्यान राख्नुपर्छ ।

पञ्चरात्रे पञ्चरात्रे पक्षे पक्षेऽथ वा गते ।
कुर्वीत चैषां प्रत्यक्षं अर्घसंस्थापनं नृपः ॥ ८/४०२ ॥

अर्थात्:- आन्तरिक राज्यमा उपलब्ध भएको सम्पूर्ण समानको मूल्यलाई उत्पादन खर्च, ढुवानी खर्च र मौसम अनुसारको समानलाई क्रय विक्रय गर्दा मूल्य सूचीपत्र र वस्तुको मूल्यालाई वस्तुको सहजतालाई ध्यान राखेर पाँच पाँच दिन या पन्द्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पन्द्र दिन पश्चात् राजाले व्यापारिको लागि सम्पूर्ण समानको क्रयको आधारमा विक्रय मूल्यको निर्धारण गर्नुपर्छ किनकि वस्तुको मूल्य सधैँ उतार चढ़ाव हुनेगर्छ यो कुरालाई राजाले सधैँ ध्यान राख्नुपर्छ ।

तुलामानं प्रतीमानं सर्व च स्यात्सुलक्षितम् ।
षट्सु षट्सु च मासेषु पुनरेव परीक्षयेत् ॥ ८/४०३ ॥

अर्थात्:- व्यापारीले तौल गर्ने वस्तु जस्तै तराजूको तौल गर्ने विधान माशा, तोला, सेर, पाँच सेरी आदि वा प्रस्थ, द्रोण आदिको न्यूनाधिकता (कम धेरै) लाई हेरे तत्पश्चात् राजाले तौल गर्ने ढक तथा तराजुलाई अधिकतम प्रत्येक छ छ (६, ६) महिनामा ढक तराजुको परीक्षण गरेर सबै ढक तराजु आदिमा राजमुद्राको चिह्नलाई अंकित गर्नुपर्छ ।

(समयको कलमः- तराजु र प्रतिमानलाई ठीक ठीक तरिकाले राख्नुपर्छ, राजाले व्यापारीसँग रहेका यी सबै नाप तौलगर्ने वस्तुलाई प्रेत्यक छ छ महिना परीक्षण पनि गर्नुपर्छ। मनुस्मृतिमा तौलको सूक्ष्म इकाईलाई समेत "नाप गर्नु" भनेर प्रतिमा शब्दलाई प्रयोग गरेर रत्ती, छटाक, पाव, सेर र पंसेरी आदि तौलको साधनको नियमलाई पनि ग्रहण गरिएको छ, किनकि तुलामान अर्थात् ढक तराजू र प्रतीमान वा प्रतिमा अर्थात् वाट आदि तौल गर्नको लागि प्रयोग हुने समानको परीक्षण राजाले अधिकतम छः महिनामा एक पटकमा गर्नुपर्छ किनकि व्यापारीले आफ्नो सामनाको विक्री गर्दा वस्तुको तौलको गुणस्तरमा कुनै छलकपट गर्न नसकोस्, त्यसको लागि नाप तौलको सम्पूर्ण समानलाई छ, छ महिना र प्राविधिक समानलाई तीन तीन महिनामा परीक्षण गर्नुपर्छ, भने उत्पादन भएको काँचो खाद्यान्नको गुणस्तरलाई दुई दुई महिना परीक्षण गर्नुपर्छ । पक्वान्न तर सुक्का तैयारी खाद्यान्न भएमा एक एक सप्तामा परीक्षण गर्नुपर्छ । नाप तौलको साधन ढक तराजुलाई परीक्षण गरेपछि राजचिन्हलाई छाप लगाएर अङ्कित गर्नुपर्छ र यदि राजाले निश्चित गरेको शीलछाप लाई व्यापारीले कुनै पनि छेड़खानी गरेको र नाप तौलमा छलकपट गरेको भएमा त्यस्तो व्यापारीलाई व्यापारको दिनको क्रय विक्रयलाई हेरेर बिक्री हुने समानको मात्रा लाई हेरेर त्यही अनुसार पाँच महिना चार दिनको हिसाब गरेर छलकपटको हिसाब गरेर छलकपट दण्डविधानको नियमअनुसार दण्डजरीवाना गर्नुपर्छ तर राजाले दण्डजरीवाना गर्दा जहिलेपनि अपराधीको अवस्था र प्रकृतीलाई भने सधैँ ध्यान राख्नुपर्छ)

पणं यानं तरे दाप्यं पौरुषोऽर्धपणं तरे ।
पादं पशुश्च योषिच्च पादार्ध रिक्तकः पुमान् ॥ ८/४०४ ॥

अर्थात्:- समुद्र तथा नदिमा डुङ्गा, जहाज, पोतबाट मनुष्य तथा वस्तुलाई ल्याउने लैजाने कार्य गर्नेलाई मल्लाह अर्थात् मत्स्यगन्दा अर्थात् माझीको लागि पनि उसको कार्यको लागि डुङ्गामा यात्रागर्ने यात्री, समान निकासी र पैठारी गर्ने व्यापारीको लागिपनि राजाले भडादर निश्चित गर्नुपर्छ त्यही भाडादरलाई कायम गर्दा राजाले खाली सवारी मात्र भएमा त्यसको लागि एक पण भाड़ादर निश्चित गर्नुपर्छ, एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरूष मनुष्यले बोक्न सक्नेद्वारा समान सहित मनुष्यको भएमा आधा पण र पशु आदिलाई पार गराएको खण्डमा एक चौथाई पण तथा स्त्री र खली मनुष्यलाई मात्र डुङ्गामा जहाज मा र पोतवाट नदी पार गराएको खण्डमा एक पणको आठौँ भागमात्र भाडादर निर्धारण गर्नुपर्छ ।

भाण्डपूर्णानि यानानि तार्य दाप्यानि सारतः ।
रिक्तभाण्डानि यत्किं चित्पुमांसश्चापरिच्छदाः ॥ ८/४०५ ॥

अर्थात्:- माल समानलाई ढुवानी गर्ने सवारीको लागि सवारिमा कति समान छ त्यही समान अनुसार भाडादर र समान अनुसार नै राजाले समानको कर लिनुपर्छ, खाली सवारी साधनको तथा केवल सन्यासीको लागि सवारीको भाडा र खाली सवारिको लागि कुनै पनि नाममा कर लिनुहुँदैन ।

(समयको कलमः- सामानले भरिएको सवारीको लागि सड़क करको लागि र समानको लागि अलग अलग करको व्यवस्था गर्नुपर्छ र सवारी खाली भएमा केवल सड़क कर र सवारी पूरा समानले भरिएको भएमा समानको मूल्य अनुसार कर लिनुपर्छ अर्थात् यदि सवारीमा बहुमूल्य वस्तु वा अधिक तौलको भारी सामान भएको खण्डमा वस्तुको मूल्य अनुसार कर लिनुपर्छ र जुन सवारीमा अल्पमूल्यको अल्पतौलको समान भएमा थोरै तथा न्यूनतम कर लिनुपर्छ तथा रिक्त (खाली) सवारिको लागि भने केवल सड़क करको न्यूनतम कर लिनुपर्छ भने यात्राको सवारिमा भने सन्यासीलाई कुनै शुल्क लाग्दैन त्यसको व्यवस्था राजाले गर्नुपर्छ यदि कुनै सवारीले सन्यासीलाई, मृत्युवरण गरेको मनुष्यको शरीर(लास)लाई लिएर आएको भएमा त्यससँग कुनै कर लिनुहुँदैन आकस्मिक सेवा सुविधाको सम्पूर्ण सवारी साधनको लागि कुनै कर लिनुहुँदैन यदि मृत शरीर लिएको सवारी भएमा त्यसको सवारिको खर्चलाई राज्यकोषवाट नै उपलब्ध गराउनु पर्छ र मृत शारीरिको अन्त्येष्टिको सम्पूर्ण खर्चपनि राज्यले नै उपलब्ध गराउनु पर्छ ।

दीर्घाध्वनि यथादेशं यथाकालं तरो भवेत् ।
नदीतीरेषु तद्विद्यात्समुद्रे नास्ति लक्षणम् ॥ ८/४०६ ॥

अर्थात्:- डुङ्गाबाट नदी र जहाज तथा पोतबाट समुद्रलाई पार गर्दा समुद्राको दूरी लामो भएमा दुरीको हिसावले, नदीमा पार गर्ने दुरिको लम्बाई, नदीमा पानीको हुने प्रवाहको अनुसार जस्तै नदीमा पानीको तेज बहाव, मन्द प्रवाह, दुर्गम स्थल आदि समयको अनुसार जस्तै सर्दी, गर्मी, रात्री आदि र हावाको प्रकृतीलाई हेरेर डुङ्गाको भडादरलाई निश्चित गर्नुपर्छ यो नियम नदीको पार गराएर एक तटबाट अर्को तटसम्म पुर्याऊनको लागि निश्चित गरिएको भडादर हो भने समुद्रमा चल्ने जहाज तथा पोतको लागि भने यो नियम लागु हुँदैन, समुद्रको लागि भाडादर कायम गर्दा त्यहाँको समुहको प्रकृति बनावट र स्थितीलाई ध्यान दिएर त्यही अनुसार जहाज तथा पोतको भाडादरलाई निश्चित गर्नुपर्छ ।

(समयको कलमः- समुद्रमा चल्ने जहाज तथा पोतको लागिपनि राजाले कर लिनुपर्छ नदीमा पानीको बहाव, ऋतुकाल आदिको अनुसार करलाई निर्धारित अर्थात् नियत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्छ र समुद्रमा पोत अर्थात् जहाज चलाउनेको लागि समुद्री गहिराई वायुको प्रवाह र मौसमको चिसो यी तीन नियमको अधीनमा रहेको हुन्छ अतः समुद्रको माध्यमद्वारा यात्रा या व्यापार गर्ने व्यापारीसँग एकपटक उचित करलाई निर्धारित गर्नुपर्छ । करलिदा भने समुद्रमा चल्ने जहाज तथा पोतमा हावाको बहाव वा ऋतुकालको विचार गर्नुपर्दैन । यही मनुस्मृतिको श्लोक ४०६को भनाई अनुसार एक कुरा स्पष्ट विदित तथा ज्ञात हुन्छ कि महर्षि मनुमहाराजको समयमा समुद्रमा समुद्री पोत तथा जहाज चल्ने गर्थे र र ती समुद्री पोत तथा जहाजवाट आर्यहरूले तथा क्षत्रीय गुणले सम्पन्न क्षेत्रीय राजाले कर पनि लीनुहुन्थ्यो)

गर्भिणी तु द्विमासादिस्तथा प्रव्रजितो मुनिः ।
ब्राह्मणा लिङ्गिनश्चैव न दाप्यास्तारिकं तरे ॥ ८/४०७ ॥

अर्थात्:- नदीमा सञ्चालित डुङ्गामा नदीपार गराउँदा दुई महिनाभन्दा धेरै महिनाको गर्भिणी स्त्री, सन्यासी, बालक, वेदज्ञानी ब्राह्मण, वानप्रस्थ, ब्रह्मचारी, विरामी, मुर्दा, यी सबैलाई नदीपार गराएमा भाडा लिनुहुँदैन यी सबैको भाडा राज्यले दिनुपर्छ अर्थात् कर लिदा जहाज पोत तथा डुङ्गामा कति यस्तो मनुष्य बसेका थिए त्यो सबै विवरण लाई हेरेर डुङ्गा जहाज र पोतवाट लिइने करलाई छुट दिनुपर्छ ।

यन्नावि किं चिद्दाशानां विशीर्येतापराधतः ।
तद्दाशैरेव दातव्यं समागम्य स्वतोंऽशतः ॥ ८/४०८ ॥

अर्थात्:- डुङ्गा, जहाज र पोतमा राखिएको समान तथा वस्तु यदि डूङ्गा चलाउने मल्लाहको कारणले कुनै नोक्सनी भएमा त्यस्तो क्षतिपूर्ति डुङ्गा चलाउने मल्लाहसँग र यात्रिको कारणले भएमा यात्रीद्वारानै र यात्रीको आफ्नो समान आफ्नो कारणले नोक्सान तथा क्षति भएमा त्यसको क्षतिको जिम्मेदार त्यस समानको मालिक यात्री नै आफै हुन्छ र डुङ्गा जहाज तथा पोत चलाउदै गर्दा डुङ्गा चालक मल्लाहको आलस्यको कारणवाट कुनै वस्तु नष्ट भएमा या क्षति भएको खण्डमा त्यस वस्तु त्यस पदार्थको मूल्य सबै डुङ्गा चालक मल्लाहले नै दिनुपर्छ किनकि डुङ्गामा रहेको प्रत्येक समानको सुरक्षाको जिम्मेदार जहाज, पोत तथा डुङ्गा चालक मल्लाह अर्थात् मत्स्यगन्ध अर्थात् माझीको रहेको हुन्छ ।

एष नौयायिनां उक्तो व्यवहारस्य निर्णयः ।
दाशापराधतस्तोये दैविके नास्ति निग्रहः ॥ ८/४०९ ॥

अर्थात्:- डुङ्गा जहाज पोतलाई चलाउदै गर्दा प्राकृतिक विपत्तिको कारण या दैवी विपत्तिको कारण अर्थात् आँधी तुफान छाल ज्वारभाटा आदि आएको खण्डमा या कुनै चट्टान, नदी तथा समुद्राको प्राणीसँग ठोक्किएमा जस्तै गोही माछा आदि र कारणबस डुङ्गाचालकको स्वास्थ्यमा परिवर्तन भएर बेहोस् भएको खण्डमा डुङ्गा भ्रष्ट अर्थात् टूटफुट भएर जो हानिनोक्सान हुन्छ त्यस क्षतिको जिम्मेदार डुङ्गा चालक हुँदैन, किनकि यो क्षति हुनमा उसको कुनै अपराध छैन ।

(समयको कलमः- मनुस्मृतिको यो श्लोक ८/४०४ देखि ४०८ सम्म डुङ्गाको चालकको व्यवहारको निर्णयमा भनिएको छ यदि डुङ्गा चालकको लाहापरवाह कारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र डुङ्गा चालकको अपराधको कारण डुङ्गाको समान जलमा पारेर नष्ट भएमा त्यस सामानको क्षतिकोको क्षतिपूर्ति डुङ्गाको चलाक मल्लाह, माझी, मत्स्यगन्ध नै हुनेछ भने दैवी विपत्ति तथा प्रकृतिक विपत्ति आएको कारणले यदि डुङ्गा जहाज तथा पोतमा रहेको सामानको हानी नोक्सानि भएमा त्यस समानको क्षतिको जिम्मेदार डुङ्गा जहाज पोत चालक मत्स्यगन्ध, माझी मल्लाह हुँदैन)

वाणिज्यं कारयेद्वैश्यं कुसीदं कृषिं एव च ।
पशूनां रक्षणं चैव दास्यं शुद्रं द्विजन्मनाम् ॥ ८/४१० ॥

अर्थात्:- जहाज, पोत, या डुङ्गामा बाणिज्य समानहरू, कृषि कार्यको समानहरू, खेतीपातीवाट उत्पन्न भएको खाद्यान्नको समानहरू, जीवित पशुप्राणीलाई निकासी र पैठारीको कार्य गर्दा जो खाद्यान्न, वस्तु, समान या पशुहरू छन् ती सबैको मलिक साथमा हुनुपर्छ नै यदि गाई, भैसी लगायतको अन्य पशुको निकासी र पैठारी गर्दा ती सबै पशुको रेखदेख गर्ने र सरसफाइ गर्ने व्यक्तिबिना नै पशुलाई लिएर गएको भएमा पशुप्राणी पशुको कुनै क्षति भएमा हुनुपर्छ त्यसको दण्ड मल्लाहले दिनुपर्छ ।

क्षत्रीयं चैव वैश्यं च ब्राह्मणो वृत्तिकर्शितौ ।
विभृयादानृशंस्येन स्वानि कर्माणि कारयेत् ॥ ८/४११ ॥

अर्थात्:- सबै कर्मको आफ्नो गुणको आधारमा वर्ण बनेको हुन्छ, आफ्नो गुण स्वभाव क्षमता अनुसारको कर्मबाट कुनै पनि वर्णको मनुष्यलाई आफ्नो जीविकोपार्जन गर्नको लागि कठिन भएको खण्डमा आफूले जानेको र आफ्नो क्षमता अनुसार अन्य कर्मलाई स्वीकार गरेर आफ्नो जीविकोपार्जनको कर्मगर्न भने सकिनेछ तर आफ्नो गुण, स्वभाव र क्षमताभन्दा बाहिरको कर्मगर्न शुरू गरेको भएमा त्यो कर्म भने घातक हुनपनि सक्छ त्यस कुरालाई ध्यान राख्नुपर्छ चाहे त्यो वैश्य होस्, चाहे त्यो क्षत्रीय होस् चाहे त्यो ब्राह्मण नै किन नहोस् एक वर्णले अर्को वर्णलाई सहयोग गरेर जीविकोपार्जन गर्नुपर्छ तर धर्ममा निषेध गरेको र राज्यमा अबैध मानिएको कुनै पनि कर्म भने गर्नुहुँदैन ।

दास्यं तु कारयंल्लोभाद्ब्राह्मणः संस्कृतान्द्विजान् ।
अनिच्छतः प्राभवत्याद्राज्ञा दण्ड्यः शतानि षट् ॥ ८/४१२ ॥

अर्थात्:- लोभ, लाचार दिएर नमानेमा डरधम्की देखाएर आफ्नो पदको घमण्ड देखाएर, सत्ताको दुरुपयोग गर्दै डर देखाएर निषेध गरेको नै कुनै पनि वस्तुलाई जहाजमा निकारी र पैठारीको लागि लैजानु पर्ने भनेर जहाजको मलिक या मल्लाहलाई कसैले जबरजस्ती गरेमा त्यस्तो जबरजस्ती कार्यलाई गर्न लगाउने व्यक्तिलाई जबरजस्ती अपराध गर्न लगाएको दण्डविधानअनुसार ६ सय पण दण्डजरिवान गर्नुपर्छ चाहे त्यो ब्राह्मण वर्णको व्यक्ति नै किन नहोस् चाहे त्यो कसैको नोकर नै किन नहोस् ।

शुद्रं तु कारयेद्दास्यं क्रीतं अक्रीतं एव वा ।
दास्यायैव हि सृष्टोऽसौ ब्राह्मणस्य स्वयंभुवा ॥ ८/४१३ ॥

अर्थात्:- धर्म विधानले निषेध गरेको र राज्यमा निषेध गरिएको कुनै पनि कर्म तथा समान चाहे त्यो आफ्नो व्यक्तिगत समान नै किन नहोस् या आफ्नो घरको कसैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिएको समान नै किन नहोस् कुनै पनि अवैध समानलाई आफ्नो जहाज, पोत र डुङ्गामा राखेर निकासी तथा पैठारी गर्ने कार्य गर्नुहुँदैन किनकि अवैध समान अवैध नै हो जो सुकैको होस् त्यो चाहे त्यो ज्ञानी ब्राह्मणको होस् या त्यही जहाजमा काम गर्ने अन्य कसैको नै किन नहोस् ।

न स्वामिना निसृष्टोऽपि शुद्रो दास्याद्विमुच्यते ।
निसर्गजं हि तत्तस्य कस्तस्मात्तदपोहति ॥ ८/४१४ ॥

अर्थात्:- यदि जहाजको मालिकले पनि धर्ममा निषेध गरेको र राज्यमा अवैध गरिएको समानलाई निकासी या पैठारी गर्नु भनेर जहाजको चालक मल्लाहलाई भनेमा मल्लाहले यस्तो अवैध कार्य गर्नको लागि कहिल्यै पनि तैयार हुनुहुँदैन, किनकि मलिक जहाजको हुन्छ, चालक मल्लाहको हैन यदि मल्लाहले आफैले यस्तो कार्य गरेमा कसैलेपनि उसलाई बचाऊँन लाई सक्दैन त्यसैले मल्लाहले सधैं आवैध कार्यलाई त्याग र वैध कार्यालाई मात्र निकासी र पैठारिको कर्मलाई सम्पन्न गर्नुपर्छ ।

ध्वजाहृतो भक्तदासो गृहजः क्रीतदत्रिमौ ।
पैत्रिको दण्डदासश्च सप्तैते दासयोनयः ॥ ८/४१५ ॥

अर्थात्:- चाहे त्यो युद्धमा प्राप्त गरेको सेवक होस् या आफ्नो गुण, कर्म, स्वभाव र क्षमाताको मल्लाह नै किन नहोस् आफ्नो जिम्मेदारीको कर्ममा सधैं रहनुपर्छ, युद्धमा जितेर पाएको नोकर, युद्धमा जितेर र नै प्राप्त गरेको सेवकलाई, भोजन बनाउने भान्छेलाई, सेवाको कार्यगर्ने व्यक्ति, गृहको दास, क्रीत अर्थात् कसैसँग खरिद बिक्री गरिएको व्यक्ति, दानमा मिलेको दास या पैत्रिक दास, या राजखानदानको भक्त यी सबै मनुष्य वैध कर्मगर्नको लागि मात्र दास हुन् तर अवैध कर्मको लागि कुनै पनि व्यक्ति अन्य राजाको पनि दास भने हुँदैन, त्यसैले यी कुनै पनि व्यक्ति दास भए पनि कसैले पनि राज्यमा निषेध गरेको अवैध कार्य र धर्म विरुद्धको कुनै पनि कर्म गर्नु र गराउनु हुँदैन ।

भार्या पुत्रश्च दासश्च त्रय एवाधनाः स्मृताः ।
यत्ते समधिगच्छन्ति यस्य ते तस्य तद्धनम् ॥ ८/४१६ ॥

अर्थात्:- युद्धमा राजा मारिएको भएमा, युद्धमा जितिएको राजाको राज्यको सम्पूर्ण सम्पत्ति, त्यसको स्त्री, पुत्र र दास लगायत राज्यको सबैको धनलाई एकत्रित गरेर राजाले त्यस धनलाई आफ्नो अधिकार क्षेत्रभित्र राख्नुपर्छ किनकि केही समयको लागि त्यो राज्यको सम्पूर्ण सम्पत्ति विजय राजाको अधिकार हुन्छ । यदि त्यस राज्यको राजा जीवित भएर बन्दि भएको भएमा पनि त्यस बन्दि राजाको सम्पूर्ण सम्पत्तिको स्वामी विजय राजा हुन्छ । बन्दि राजा जीवितावस्थामा भए पनि त्यस राज्यको सम्पत्तिको अधिकारी हुँदैन तर राजा बन्दी भएको भए पनि र उसको प्रजालाई बिजय राजाले आफ्नो राज्यको प्रजाको अनुसार कर्म गर्नु र गराउनु पर्छ तर हारेको राज्यको प्रजालाई कहिल्यै पनि धर्म विरुद्धको कार्य र राज्यमा अवैध मानिएको कुनै पनि कार्य गर्नु र गराउनु हुँदैन ।

विस्रब्धं ब्राह्मणः शुद्राद्द्रव्योपादानं आचरेत् ।
न हि तस्यास्ति किं चित्स्वं भर्तृहार्यधनो हि सः ॥ ८/४१७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- युद्धमा हारेको राजाको राज्यमा रहने वेदज्ञानी ब्राह्मणसँग ज्ञान बाहेक यदि अनावश्यक धन सम्पत्ति सञ्चित भएको भएमा, राजाको दाससँग पनि सम्पत्ति सञ्चित भएको भएमा, गुण, कर्म, स्वभाव र क्षमता अनुसार शुद्रवर्णलाई धारण गरेको मनुष्यसँग पनि अनावश्यक धन तथा सम्पत्ति सञ्चित भएको भएमा बिजयी राजाले त्यो सम्पत्तिलाई पूर्ण रुपले आफ्नो नियन्त्रणमा लिनुपर्छ यो गर्नु कुनै धर्म विरुद्धको कार्य हैन ।

(समयको कलमः- ब्राह्मणवर्ण, शुद्रवर्ण र दास यी तीनसँग यदि धन सम्पत्ति भएमा राजाले लिनुपर्छ भन्नुको अर्थ यो हो कि यो विजय भएको राज्यमा ब्राह्मण वर्णलाई धारण गरेको व्यक्तिपनि गलत छ, यो राज्यमा वर्णको व्यवस्था गलत भएको छ भन्ने बुझ्नुपर्छ किनकि ब्राह्मण वर्णको मनुष्यको उसको ज्ञान नै उसको सम्पूर्ण सम्पत्ति हो भौतिक वस्तुलाई ब्राह्मणले केवल साधन मानेको हुन्छ यदि वेदज्ञानी ब्राह्मणले नै भौतिक वस्तु सञ्चित गरेको भएमा त्यो व्यक्ति ब्राह्मण हैन भन्ने बुझ्नुपर्छ, त्यस्तो ढोङ्गी पाखण्डी आचरण भएको व्यक्तिको सम्पत्तिलाई नियन्त्रण लिनुपर्छ भन्नुभएको हो भने त्यस्तै गुण, कर्म, स्वभाव र क्षमताअनुसार शुद्रवर्णलाई धारण गरेको मनुष्यसँग र दासको लागि कुनै सम्पत्ति सञ्चय गर्नुपर्दैन किनकि यी दुवैको कार्यगर्ने मनुष्यको सम्पूर्ण खर्च राजाले तथा राज्यले उठाउँनु पर्छ । यदि गुण, कर्म, स्वभाव र क्षमता अनुसार शुद्रवर्णको मनुष्यसँग भौतिक वस्तु धन सञ्चित भएमा र दासले पनि भौतिक वस्तु धनलाई सञ्चित गरेमा त्यो राज्यमा राजधर्म गलत व्यक्तिको हातमा रहेको र त्यो राज्य पतनको बाटोमा रहेको हुनाले यो राज्यलाई व्याबस्थित तरिकाले सञ्चालन गर्नको लागि यी सबैसँग भएको सम्पत्तिलाई राजाले आफ्नो नियन्त्रणमा लिनुपर्छ भनिएको हो । ब्राह्मण वर्णको मनुष्यको सम्पत्ति उसको ज्ञान होस् शुद्राको उसको सम्पत्ति समाजसेवा तथा सारथीको कार्य होस् भने दासको सम्पत्ति मालिकलाई खुशी राख्नु नै उसको सम्पत्ति हो र यी सबैले भौतिक वस्तु सञ्चित गर्नु नै पर्दैन किनकि यी सबैको व्यक्तिको सबै किसिमको खर्च राज्यले नै व्यवस्था गर्नुपर्छ)

वैश्यशुद्रौ प्रयत्नेन स्वानि कर्माणि कारयेत् ।
तौ हि च्युतौ स्वकर्मभ्यः क्षोभयेतां इदं जगत् ॥ ८/४१८ ॥

अर्थात्:- राजाले राज्यमा सम्पूर्ण मनुष्यलाई आफ्नो गुण स्वभाव र कर्म अनुसार कार्यगर्ने व्यवस्था गर्नुपर्छ कुनै पनि प्रजालाई जोसँग जे क्षमता छ त्यही अनुसार कार्य गर्नको लागि प्रेरित गर्नुपर्छ आफ्नो प्रजालाई कर्ममा अकर्मण्य हुन् दिनुहुँदैन प्रजा आफ्नो कर्ममा अकर्मण्य हुन् पुगेमा देश जनताको उन्नतीले आफ्नो लक्ष्यलाई प्राप्त गर्न सक्दैन किनकि देशको आम्दानीको स्रोत भन्नु नै अनेक विधानको कर हो, कर व्यापारबाट प्राप्त हुन्छ त्यसैले व्यापारी र उसको सहयोगलाई कहिल्यै पनि निष्क्रिय हुने अवस्थालाई आऊन दिनुहुँदैन ।

अहन्यहन्यवेक्षेत कर्मान्तान्वाहनानि च ।
आयव्ययौ च नियतावाकरान्कोशं एव च ॥ ८/४१९ ॥

अर्थात्:- राजाले आफ्नो राज्यमा कर्मको व्यवस्थामा गुण र क्षमता कर्मको आधारमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्धारण गरेर कर्मकोसम्मानको व्यवस्था, प्रजालाई निडर भएर गुण र कर्मको आधारमा कर्मगर्ने व्यवस्था, राज्यको धेरै उत्पादन भएको समानको क्रय विक्रीको लागि व्यवस्थापन तथा सामानको ढुवानी तथा सामानको सुरक्षाको व्यावस्था, राज्यलाई धेरै भएको सामानको निकासी तथा राज्यमा आवश्यक्ता भएको समानको पूर्ति अर्थात् पैठारीको व्यवस्था, सवारी साधनको सञ्चालनको व्यवस्था, राज्यको अमूल्य धरोहारको सुरक्षा तथा संरक्षण, राज्यमा सामानको कर उठाउने नियम, राज्यमा राज्यकोष तथा प्रजाको लागि सञ्चयकोष बीमाको व्यवस्थापन गरेर राज्यको आय व्ययको विवारण, राजाले आफ्नो प्रजाको लागि शिक्षा, स्वास्थ्य, रोजगारीको व्यवस्था गर्नुपर्छ राज्यमा भएको सुन चाँदीको खानीको संरक्षण तथा अपराधीलाई दण्ड लगायतको राज्यको सम्पूर्ण संरचनामा राजाले सधैँ उपस्थिति देखाउनु पर्छ र राज्यमा सबै व्यवस्था मिलाएर प्रजालाई सुखी खुशी बनाएर राजाले प्रजासँग उसको क्षमता अनुसार नै कर लिनुपर्छ यो राजधर्म हो ।

एवं सर्वानिमान्राजा व्यवहारान्समापयन् ।
व्यपोह्य किल्विषं सर्व प्राप्नोति परमां गतिम् ॥ ८/४२० ॥

अर्थात्:- राजाले राज्यालाई सञ्चालन गर्नको लागि सधैँ राजधर्मलाई धारण गरेर जुन राजाले प्रजाको खुशी र राज्यको उन्नतिको लागि कार्य गरेको हुन्छ त्यस्तो ज्ञानी धार्मिक राजाको कारण अपराधलाई नै मृत्युदण्ड भएको हुन्छ अर्थात् आफ्नो प्रजालाई अपराधी हुन् र प्रजामाथि अपराध हुनबाट बचाएर र राज्यमा कुनै अपराध हुनबाट बचाएर प्रजाको खुशीनै आफ्नो खुशी हो भनेर राजधर्म लाई धारण गरेको राजा सबै कर्मलाई धारण गरेको भए पनि त्यो सम्पूर्ण कर्मबन्धन तथा सम्पूर्ण पाप कर्मबाट मुक्त भएको हुन्छ र मृत्युपछि पनि परमगतीलाई प्राप्त गरेको हुन्छ ।

ॐ तत्सदिति महर्षि मनुमहाराजस्य कृत मनुस्मृति विधानां विद्यायां नियमशास्त्रे भृगु(समय संवादे मनुस्मृति अन्तर्गते राष्टानां राजधर्म विषयं मनुष्यो व्यवहार निर्माणं विविध ज्ञानं नामक अष्टमोऽध्यायः

अर्थात्:- महर्षि मनुमहाराजद्वारा निर्देशित मनुस्मृतिको नियम र विधान अन्तर्गतको भृगु र समय बीचमा भएको र संवादमा रुपमा रहेको मनुस्मृतिको मनु विधानअनुसार राज धर्म अन्तर्गतको व्यावहार नियामको निर्माणको बारेमा भनिएको राजाको आफ्नो राजधर्मको विषयको विभिन्न विधानमा रहेको आठौ अध्याय समाप्त त भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

।। अथ नवमोऽध्यायः ।।

मनुस्मृति अध्यायः- ९

राजा, राजधर्म र राजाको ब्यावहार

पुरुषस्य स्त्रीयाश्चैव धर्मे वर्त्मनि तिष्ठतोः ।
संयोगे विप्रयोगे च धर्मान्वक्ष्यामि शाश्वतान् ॥ ९/१ ॥

अर्थात्:- धर्मको मार्गमा स्थापित भएको र धर्मको मार्गमा चल्ने मनुष्य पुरुष र स्त्रीको आफ्नो आफ्नो जीवनको रेखाको सारमा हुने संयोग र वियोग सम्वन्धी नित्य धर्मको नियममा के के कर्म र कुन कुन अवस्थामा के के कर्मलाई गर्नुपर्छ र कसरी रहनुपर्छ त्यस वारेमा अघि भन्नेछु अव सुन्नुहोस् ।

अस्वतन्त्राः स्त्रीयः कार्याः पुरुषैः स्वैर्दिवानिशम् ।
विषयेषु च सज्जन्त्यः संस्थाप्या आत्मनो वशे ॥ ९/२ ॥

अर्थात्:- स्त्री पुरुष सधैँ साथमा रहनुपर्छ प्रत्येक समय पतीले आफ्नो पत्नी अधिकार दिनुपर्छ भने पत्नीले पनि आफ्नो पत्नीको धर्मलाई पूर्ण निभाउनु पर्छ, पत्नीले पतिसँगको अधिकार आफूमा राख्नुपर्छ, पतीले पत्नीलाई पत्नीले पतीलाई सहयोग र सेवा गर्नुपर्छ सकेसम्म पतिपत्नी सधैँ साथमा रहनुपर्छ चाहे त्यो दिनको होस् या चाहे त्यो रातको नै किन नहोस् कुनै पनि समय अलग अलग हुने सोच मनमा आउन दिनुहुँदैन । पत्नी आफ्नो विषयइन्द्रियको इच्छामा कहिल्यै पनि स्वतन्त्रता हुनुहुँदैन । विषयको इच्छा केवल पति र पत्नीसँग नै हुनुपर्छ अन्यसँग कहिल्यै पनि गर्नुहुँदैन यो पति तथा पत्नीधर्म हो ।

पिता रक्षति कौमारे भर्ता रक्षति यौवने ।
रक्षन्ति स्थविरे पुत्रा न स्त्री स्वातन्त्र्यं अर्हति ॥ ९/३ ॥

अर्थात्:- स्त्री आफैमा पूर्ण हो त्यसैले बालक कालमा पिताको साथमा रहेर पिताको घरलाई पूर्ण गराउनु पर्छ, विवाह पश्चात् जवानी अवस्थामा अर्थात् यौवनावस्थामा पतिको घरमा रहेर आफ्नो घरलाई पूर्ण गराउनुपर्छ र वृद्धावस्थामा आफ्नो सन्तति अर्थात् पुत्रको साथ रहेर आफ्नो सन्ततीलाई रक्षा गर्नुपर्छ । स्त्री बिनाको घर अधुरो हुन्छ त्यसै अरुलाई पूर्ण गर्नको लागि भए पनि स्त्री कहिल्यै पनि एक्लै तथा स्वतन्त्र हुनुहुँदैन । किनकि स्त्री बिना पुरुषको जीवन अधुरो हुन्छ ।

कालेऽदाता पिता वाच्यो वाच्यश्चानुपयन्पतिः ।
मृते भर्तरि पुत्रस्तु वाच्यो मातुररक्षिता ॥ ९/४ ॥

अर्थात्:- उचित समयमा नै कन्यादान नगर्नाले पिता, रजोदर्शनमा निवृत्ति भएको समय पश्चात् ऋतुकालमा पत्नीसँग नहुनाले र ऋतुकालको सुख पत्नीलाई नदिनाले पति, तथा वृद्धावस्थामा पतिको देहान्त भएपछि पुत्रले आफ्नो माताको साथ छोडेमा तथा माताको सेवा तथा रक्षा नगरेको खण्डमा पुत्र यी तीन कार्य नगर्ने पुरुष पापी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन् ।

सूक्ष्मेभ्योऽपि प्रसँगेभ्यः स्त्रीयो रक्ष्या विशेषतः ।
द्वयोर्हि कुलयोः शोकं आवहेयुररक्षिताः ॥ ९/५ ॥

अर्थात्:- पत्नीले आफ्नो मनमा कुनै पनि सूक्ष्म किसीमको कुसंस्कारलाई आउन दिनुहुँदैन तथा पतीले पनि पत्नीको मनमा कुसंस्कार तथा कुसङ्गत आउने अवस्था दिनुहुँदैन । पतीले आफ्नो पत्नी कुनै पनि कुसङ्गत कुसंस्कारी नहोस् भनेर विशेषरुप ध्यान दिएर पत्नीको रक्षा गर्नुपर्छ, किनकि कुसंस्कार र कुसङ्गतबाट सुरक्षित नारीले नै दुवै कूल अर्थात् पति तथा पिताको कुललाई उन्नत गरेको हुन्छ भने स्त्री यदि कुसंस्कारी र कुसङ्गतमा परेमा पिता तथा पति दुवै कुललाई नै शोकसंतप्त गराएको हुन्छ ।

इमं हि सर्ववर्णानां पश्यन्तो धर्म उत्तमम् ।
यतन्ते रक्षितुं भार्या भर्तारो दुर्बला अपि ॥ ९/६ ॥

अर्थात्:- आफ्नो कुलको उन्नति चाहने मनुष्य जुनसुकै वर्णको मनुष्य होस् त्यसले आफ्नो उत्तम धर्मलाई सधैँ धारण तथा वरण गर्नुपर्छ त्यही उत्तम धर्मलाई धारण गर्दै जुनसुकै वर्णको पति नै किन नहोस् पति निर्वल नै किन नहोस्, आफ्नो पत्नीको रक्षाको लागि सधैँ परिश्रम तथा प्रयत्न गर्नुपर्छ ।

स्वां प्रसूतिं चरित्रं च कुलं आत्मानं एव च ।
स्वं च धर्म प्रयत्नेन जायां रक्षन्हि रक्षति ॥ ९/७ ॥

अर्थात्:- आफ्नो कुलको उन्नति चाहने मनुष्य जुनसुकै वर्णको मनुष्य होस् त्यसले आफ्नो उत्तम धर्मलाई सधैँ धारण तथा वरण गर्नुपर्छ त्यही धर्मलाई धारण गरेर जुन पतीले आफ्नो प्रयत्नले आफ्नो पत्नीको रक्षा गरेको हुन्छ त्यसले सधैँ आफ्नो सन्तान, आफ्नो चरित्र, आफ्नो कुल, पति आफू स्वयमलाई, आफ्नो वर्ण तथा आफ्नो धर्मको रक्षा गरेको हुन्छ ।

पतिर्भार्या संप्रविश्य गर्भो भूत्वेह जायते ।
जायायास्तद्धि जायात्वं यदस्यां जायते पुनः ॥ ९/८ ॥

अर्थात्:- रजोदर्शन पश्चात् ऋतुकालको समयमा पति वीर्यरुपमा आफ्नो पत्नीमा प्रवेश गरेर गर्भ बनेर त्यही पुरुषको वीर्य नै सन्तानको रुप बनेर यस संसारमा उत्पन्न हुन्छ यही गुणले सम्पन्न हुने गुणलाई पत्नीको स्त्रीपन भनिन्छ त्यही स्त्रीमा नै वीर्य रुपमा प्रवेश गरेर स्थिर भएको सन्तानको रुपमा नै पति नै पुनः उत्पन्न हुनेगर्छ ।

(समयको कलमः- यस श्लोकको तात्पर्य यो हो जो गर्भ पुरुषको वीर्यको रुपमा स्त्रीको योनीमा प्रविष्ट भएर पाठेघरमा प्रवेश गरेर केही समयको लागि स्थिर भएर सन्तानको रुपमा जन्म लिएको हुन्छ त्यो वीर्य त्यस पुरुषको प्रत्येक अङ्गलाई निचोरेर निस्किएर शिश्न मार्फत् योनी मार्गबाट प्रवाहित भएर पाठेघरमा प्रबेश गरेको हुन्छ वीर्य पुरुषको अङ्ग अङ्गबाट निचोरिएर निस्किएको हुनाले वीर्य नै सत हो । त्यसैले वीर्यलाई 'सुत' अर्थात् निचोरिएको वस्तुपनि भनिन्छ भने पतीले भार्या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् पत्नीको गर्भमा वीर्यको रुपमा प्रविष्ट भएर फेरि मनुष्य योनीलाई प्राप्त गरेको र जन्म मृत्युको लोकमा जन्म लिएको हुन्छ त्यसैले पत्नीको नाम 'जाया' पनि हो किनकि यही जाया मार्फत् नै आफ्नो वंशले फेरि जन्मलिएको हुन्छ)

यादृशं भजते हि स्त्री सुतं सूते तथाविधम् ।
तस्मात्प्रजाविशुद्ध्यर्थं स्त्रीयं रक्षेत्प्रयत्नतः ॥ ९/९ ॥

अर्थात्:- रजोदर्शन पश्चात् ऋतुकालमा पतिमा जुन गुण प्रबल भएको समयमा पतिसँग सम्वन्ध राखेर आफ्नो सन्ततिको जन्म दिएको हुन्छ, त्यो सन्तानको गुणपनि ठीक त्यही किसिमको हुन्छ जो पतिमा रहेको हुन्छ अर्थात् पतिको जस्तो गुण छ त्यसको सन्तानको गुणपनि त्यस्तै प्रकारको नै भएको सन्तानको नै उत्पन्न हुन्छ। अतः उत्तम सन्तान उत्पन्न गर्नको लागि पतीले पत्नीसँग सधैँ राम्रो आचरण गर्नुपर्छ र पतिले पत्नीको सधैँ रक्षा गर्नुपर्छ ।

न कश्चिद्योषितः शक्तः प्रसह्य परिरक्षितुम् ।
एतैरुपाययोगैस्तु शक्यास्ताः परिरक्षितुम् ॥ ९/१० ॥

अर्थात्:- संसारमा नारीलाई जवरजस्ती गरेर कसैले पनि,कोहि व्यक्तिले पनि, कुनै पनि दवाव दिएर दवावको साथमा स्त्रीलाई कुसंस्कार कुसङ्गतवाट रक्षा गर्न सकिँदैन किन्तु नारीलाई निम्न नियमद्वारा निम्न उपायद्वारा रक्षागर्न सकिन्छ किनकि नारीले दवावलाई कहिल्यै सहन गर्न सक्दैन किनकि नारी आफैमा पूर्ण हो ।

अर्थस्य सङ्ग्रहे चैनां व्यये चैव नियोजयेत् ।
शौचे धर्मेऽन्नपक्त्यां च पारिणाह्यस्य वेक्षणे ॥ ९/११ ॥

अर्थात्:- नारीले यी सबै वस्तुलाई यो सबै नियमलाई पूर्ण पालन गरेर आफैँलाई पूर्ण रुपले रक्षा गरेको हुन्छ किनकि नारीमा यी कर्मलाई गर्ने क्षमता सन्तुलित र पूर्ण हुन्छ त्यसैले पतिले पत्नीलाई नै यी कर्मलाई सम्पन्न गर्नको लागि सुम्पिनु ती कर्म हुन:-

१) धनलाई सङ्ग्रह गरेर राख्नको लागि
२) घरको सम्पूर्ण खर्चको व्यवस्था गर्नको लागि
३) सम्पत्ति घर सन्ततिको सफाई तथा व्यवस्थाको लागि
४) यज्ञ आदि शुभ कर्म गर्नको लागि
५) घरको भोजनलाई तयार गर्नको लागि
६) घरको सम्पत्ति तथा घरको सामानको सुरक्षा गर्नको लागि

यी कार्य जहिले पनि नारीलाई गर्नको लागि दिनुपर्छ पुरुषले यी कार्यलाई पूर्ण गर्न सक्दैन ।

अरक्षिता गृहे रुद्धाः पुरुषैराप्तकारिभिः ।
आत्मानं आत्मना यास्तु रक्षेयुस्ताः सुरक्षिताः॥ ९/१२ ॥

अर्थात्:- आफूलाई चलाख सोचेर कुनै पनि पतिले आफ्नो पत्नीलाई कुसङ्गतबाट वचाउँछु भनेर घरमा वन्द गरेर राखेको भए पनि त्यो पत्नी कुसङ्गतबाट सुरक्षित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदैन, वन्द गरेर राख्नेले पत्नी सुरक्षित हुन्छ भन्ने त्यो पतिको उसको आफ्नो भ्रम हो । परन्तु जब नारीले आफूले आफैँलाई नै सुरक्षित राखेकी हुन्छ तब मात्र त्यो आफैँमा सुरक्षित हुन्छ नारी आफैँले मात्र आफूलाई सुरक्षित राख्न सक्छन् अन्यको दबावमा हैन ।

पानं दुर्जनसंसर्गः पत्या च विरहोऽटनम् ।
स्वप्नोऽन्यगेहवासश्च नारीसंदूषणानि षट् ॥ ९/१३ ॥

अर्थात्:- छ दोषको कारणले नै नारी विकृत कुसंस्कारी र आचरणहिन बन्नपुग्छ यी कुसंस्कार र विकृतबाट नारीले आफूलाई आफैबाट मात्र बचाउन सक्छ कसैले दवाव दिएर हुँदैन आफैँमा भएको स्त्रीको गुणलाई धारण गरेमा स्त्रीले यी छः दोषबाट आफूलाई बचाउन सक्छ ।

१) मद्यपान आदि नशा
२) दुर्जन संसर्ग-दुष्टको साथ
३) विरह अर्थात् पतिसँग अलग हुनु
४) अनावश्यक घुम्नु
५) नियम बिनानै सुत्नु
६) आफ्नो घर छोडेर अन्यको घरमा रहने गर्नाले

(समयको कलमः- पतिपत्नी अलग हुनुपर्ने दुई कारण छन् पहिलो वियोग कर्मगर्नको लागि देशान्तरमा जानु, दोश्रो, पतिको मृत्यु भएमा । यी दुवै अलग अलगहुने कारणमा पहिले कारण एक समस्या हो, समस्याको समाधानको उपाय हुन्छ त्यसको लागि पति यदि दूर देशमा लामो समयसम्मको कर्मको लागि यात्रार्थको लागि जाने भएमा पत्नीलाई साथमा लिएर जानुपर्छ । भनाइको अर्थ यो हो कि पतिपत्नी लामो समयसम्म अलग अलग हुनुहुँदैन)

नैता रुपं परीक्षन्ते नासां वयसि संस्थितिः ।
सुरुपं वा विरुपं वा पुमानित्येव भुञ्जते ॥ ९/१४ ॥

अर्थात्:- पतिले आफ्नो जिम्मेवारीलाई पुरा नगरेको खण्डमा, नारी दुःखी भएको देखिएमा परपुरुषले स्त्रीलाई लालच दिएर मोहित गर्ने कोशिस गरेका हुन्छन्, यस्तो पतित पुरुषले स्त्रीको रुप आयुको विचार नै नगरी त्यस नारीप्रति सधैँ नकरात्मक सोच राखेका हुन्छन् अर्थात् चाहे त्यो नारी सुरुप होस् चाहे त्यो नारी कुरुप होस् परपुरुष त्यस नारीलाई सधैँ भोग गर्नेकोसिस गरेको हुन्छ यो कुरालाई पतिले सधैँ ध्यान राख्नुपर्छ त्यसैले सकेसम्म पत्नीलाई पतिले कहिल्यै पनि दुःखी बनाउनु हुँदैन ।

पौंश्चल्याच्चलचित्ताच्च नैस्नेह्याच्च स्वभावतः ।
रक्षिता यत्नतोऽपीह भर्तृष्वेता विकुर्वते ॥ ९/१५ ॥

अर्थात्:- यदि पतीले आफ्नो पतिधर्मलाई पूर्णपालन गर्दै पत्नीलाई अर्धाङ्गिनी हो भन्ने बुझेर सम्मान गर्ने हो भने र पतिले पत्नीको सम्मान उत्तम तरिकाले गर्ने गर्नाले, नारीलाई आफू सुरक्षित भएको महशुस हुने व्यावस्था मिलाएको खण्डमा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान दिएर सुरक्षित रहने व्यवस्थालाई मिलाएको खण्डमा, त्यो नारी पुंश्वली, चञ्चल चित्त भएको तथा स्नेहबाट शून्य (रहित) स्त्रीको स्वभाव नै नष्ट भएको भए पनि यदि नारीलाई यसरी नैसम्मना गर्ने हो भने त्यस नारीले प्राकृतिक स्वभावको कारणले नै उत्तम रीतीले आफ्नो पतिलाई कुनै पनि पतन हुनबाट सुरक्षित अवतरण गराउन सक्छ यस्तो सम्मान पाएको स्त्रीले आफ्नो पतीलाई कहिल्यै पनि चित्तको शोकित हुन नै दिदैन ।

एवं स्वभावं ज्ञात्वासां प्रजापतिनिसर्गजम् ।
परमं यत्नं आतिष्ठेत्पुरुषो रक्षणं प्रति ॥ ९/१६ ॥

अर्थात्:- पृथ्वी जति पूर्ण होस् त्यति नै स्त्री पनि पूर्ण हो, त्यसैले स्त्रीको आफ्नो क्षमता आफ्नो स्वभाव आफैलाई थाहा हुँदैन स्त्रीको यही पूर्ण स्वभाव हो, भन्ने बुझेर नै ईश्वरले प्रकृतिको गुण जसलाई नीतिशास्त्र पनि भनिन्छ नीतिशात्रको ज्ञानलाई धारण गरेको धर्मशास्त्रको विधानलाई निर्माण गर्ने ईश्वरले पुरुषलाई पूर्ण बनाउनको लागि स्त्रीको निर्माण गर्नुभएको हो स्त्री आफैमा पूर्ण हो यो ज्ञान स्त्रीलाई आफैलाई पूर्णज्ञान हुँदैन त्यही हुनाले साथमा पुरुषलाई स्त्रीको आवश्यकीय कार्यको लागि नियत गर्नुभयो किनकि पूर्णमा अरु पूर्ण हुँदैन ।

शय्यासनं अलङ्गारं कामं क्रोधं अर्न्नवंःअनार्यताम्।
द्रोहभावं कुचर्या च स्त्रीभ्यो मनुरकल्पयत् ॥ ९/१७ ॥

अर्थात्:- नारीमा प्रकृतिको सम्पूर्ण गुण हुन्छ । शरीरको काखमा शयन गर्ने शय्या, काखमा वस्नको लागि आसन, प्रकृति रुपमा नै श्रंगार भएको सुडौल शरीर, बोली र हिँडाइमा आभूषण आदि, शरीरमा प्रकृतीले विकृतीलाई धारण गरे जस्तै स्त्रीको शरीरमा पनि यी गुणलाई धारण गरेको हुन्छ काम, क्रोध, प्राकृतिक (स्वाभाविक) कटुता, पारस्परिक, द्रोहभाव, दुराचार, यी सबैलाई प्राकृतिक गुणको रुपले स्त्रीको शरीरमा सधैँ रहने प्राकृतिक गुण नै हुन् ।

नास्ति स्त्रीणां क्रिया मन्त्रैरिति धर्मे व्यवस्थितिः ।
निरिन्द्रिया ह्यमन्त्राश्च स्त्रीभ्योऽनृतं इति स्थितिः ॥ ९/१८ ॥

अर्थात्:- स्त्री आफैमा पूर्ण हुनाले अरूले नारीको संस्कार गर्दा वेदमन्त्र उच्चारण गरेर संस्कार गर्नको लागि जरूरी हुँदैन किनकि त्यो स्त्रीको शरीर पूर्ण हो मन्त्र यी सबै अपूर्णको लागि प्रयोग हुन्छ, पूर्ण भएको स्त्रीलाई मन्त्रको उच्चारण गरेर संस्कार गर्नु नै पर्दैन, नारी आफैमा अधिकार हो जसले नारीलाई बुझेको छैन त्यसले अरु सबै जतिसुकै ज्ञानी छु भनेर बुझेको भन्छ भने त्यो मनुष्य ज्ञानी हैन मिथ्याभाषण गर्ने व्यक्ति हो भन्ने बुझ्नुपर्छ प्राकृतिक गुणलाई आफैमा धारण गर्ने स्त्रीको स्वभाविक गुण हो ।

तथा च श्रुतयो वह्व्यो निगीता निगमेष्वपि ।
स्वालक्षण्यपरीक्षार्थं तासां शृणुत निष्कृतीः ॥ ९/१९ ॥

अर्थात्:- अज्ञानी मनुष्यले स्त्रीमाथि अनेक दुर्गुण हुन्छन् भनेर वर्णन गर्नेछन् किनकि पुरुषले स्त्रीको सत्यताको पूर्णज्ञानलाई कहिल्यै पनि पूर्ण रुपले प्राप्त गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सक्दैन, किनकि नारी र पुरुषको शारीरिक गुण नै अलग अलग रहेको हुन्छ स्त्रीको वास्तविकता यथार्थ रुप, क्षमता तथा गुणको बारेमा पूर्ण जान्ने क्षमता ईश्वर बाहेक अन्य कसैलाई पनि छैन त्यसैले स्त्रीमाथि अनेक मिथ्या आरोप लगाउने कार्य कयौँ पुरुषले गरेका हुन्छन् किनकि त्यसको महत्व उसलाई नै थाहा छैन । यदि कुनै पनि पुरुषले स्त्रीलाई विनाकारण दुराचारी भनेर अनेक आरोप लगाउने गर्छन् त्यस्तो पुरुषले आफ्नो मातालाई पनि दुराचारी नै हो भनेर सोचेको हुन्छ किनकि जन्मदिने माता पनि स्त्री नै हो ।

यन्मे माता प्रलुलुभे विचरन्त्यपतिव्रता ।
तन्मे रेतः पिता वृङ्क्तां इत्यस्यैतन्निदर्शनम् ॥ ९/२० ॥

अर्थात्:- नारीमाथि गलत आरोप लगाउने पुरुषले आफ्नो तह, आचरण र सोचलाई पनि देख्नुपर्छ पुरुषले नारीलाई देख्दैमा आन्तरिक दुराचार सोचेको हुन्छ त्यस सोचबाट जब पुरुषमुक्त हुन्छ तबमात्र उसले स्त्रीको गुणलाई बुझेको हुन्छ जब स्त्रीको सत्य गुणलाई बुझेको हुन्छ तब त्यो मनुष्य आफैमा पवित्र हुन्छ

ध्यायत्यनिष्टं यत्किं चित्पाणिग्राहस्य चेतसा ।
तस्यैष व्यभिचारस्य निह्नवः सम्यगुच्यते ॥ ९/२१ ॥

अर्थात्:- मनुष्यले जब कुनै पनि स्त्रीलाई निराशक्त भएर सहयोग गरेको हुन्छ त्यस्तो मनुष्यको कल्याणको लागि स्त्रीले सधैँ प्रार्थना गरेको हुन्छ भने विवाह गरेर आफ्नो सर्वश्व सोचेर कसैको पत्नी बनेर आएको स्त्रीले आफ्नो पतिको बारेमा कति सोच्छ होला ? स्त्रीको मनमा कसैप्रति र कहिल्यै पनि कुत्सित भावना हुँदैन ।

यादृग्गुणेन भर्त्रा स्त्री संयुज्येत यथाविधि ।
तादृग्गुणा सा भवति समुद्रेणेव निम्नगा ॥ ९/२२ ॥

अर्थात्:- नदीको मिलन विना समुद्र सधैँ अधुरो अपुरो हुन्छ ठीक त्यसरी नै नारीसँगको मिलन विना पुरुष अधुरो र अपुरो हुन्छ ।

अक्षमाला वसिष्ठेन संयुक्ताधमयोनीजा ।
शारङ्गी मन्दपालेन जगामाभ्यर्हणीयताम् ॥ ९/२३ ॥

अर्थात्:- दुस्टाचार्युक्त कुलमा जन्म भएको स्त्रीले पनि बिग्रिएको छरपस्ट भएको कुललाई जोडेर एक अक्षमालाको रुपमा माला बनाएर त्यस परिवार त्यस कुललाई अघि सबैको लागि सम्मानजनक रुपले नाम लिनुपर्ने कुलको निर्माण गर्न सक्छ ।

एताश्चान्याश्च लोकेऽस्मिन्नपकृष्टप्रसूतयः ।
उत्कर्ष योषितः प्राप्ताः स्वैः स्वैर्भर्तृगुणैः शुभैः ॥ ९/२४ ॥

अर्थात्:- ज्ञानी स्त्रीले एक कुललाई मात्र अक्षरमाला बनाउने गर्दैन यसको अतिरिक्त अन्य कयौँ कुलको बीजलाई पनि स्थापना गर्न सक्छ र परिवार छिमेकको सबै मनुष्यलाई अधम कर्मको मार्गबाट पनि सुरक्षित अवतरण गराउन सक्छ भने दुस्टाचार्युक्त कुलमा जन्मेको अन्य नारीलाई पनि सहयोग गरेर उसको कुललाई दुष्टाचार्युक्त कर्मबाट मुक्त गराएर श्रेष्ठताको पनि श्रेष्ठतालाई पुऱ्याउन सक्छ ।
(समयको कलम -माथिको श्लोकमा भनिएको 'अधमयोनीजा' र 'अपकृष्टप्रसूतयः'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दको अर्थ यो हैन कि जो नारी निचकूलमा नै जन्मेको हो, यसको अर्थ जुन कुलमा अहिले त्यो जन्मेको छ त्यहाँको सबै मनुष्य अहिले कर्मच्यूत तथा निकम्मा भएका छन् भन्ने अर्थमा यो यो शब्दमा आएको हो कुनै पनि कूल नीच तथा उच्च भन्ने हुँदैन, कर्मको आधारमा मनुष्यलाई नीच उच्च भन्नलाई सकिनेछ, जस्तै चोरी गर्नु छलकपट मिलावट गर्नुलाई निचकर्म भनिन्छ यही कर्मको कारण मनुष्य नीच हुन्छ। अतएव 'अधमयोनीजा' र 'अपकृष्टप्रसूतयः' शब्दको अर्थ 'दुष्टाचायुक्त' आचरण भएको मनुष्य भएको घर भन्ने अर्थमा यो शब्द आएको हो)

एषोदिता लोकयात्रा नित्यं स्त्रीपुंसयोः शुभा ।
प्रेत्येह च सुखोदर्कान्प्रजाधर्मान्निबोधत ॥ ९/२५ ॥

अर्थात्:- यहाँसम्म स्त्री पुरुषको प्राचीन सदाचारको बारेमा भनियो, अब यस लोकमा तथा परलोकमा वा भविष्यतमा सुखदिने सन्तान सम्बन्धीको धर्मको बारेमा सुन्नुहोस् ।

प्रजनार्थं महाभागाः पूजार्हा गृहदीप्तयः ।
स्त्रीयः श्रियश्च गेहेषु न विशेषोऽस्ति कश्चन ॥ ९/२६ ॥

अर्थात्:- हे पुरुष ! सन्तान उत्पत्तिको लागि, महाभाग्य उदय गराउने, सधैँ सबैले पूजा गर्नको लागि योग्य गृहस्थश्रमको गृहलाई प्रकाशित गरेकी हुन्छिन् नारीले, सन्तान उत्पत्ति गर्ने र सन्तानलाई सन्तान बनाउने, घरमा घरलाई नै स्वर्ग बनाउने कार्य स्त्रीद्वारा नै हुन्छ, स्त्री नै श्री अर्थात् लक्ष्मी स्वरुप हो, वुद्धिको स्वरुप हो किनकि लक्ष्मी नै घरको शोभा, धनको मालिक हो र स्त्री नै घरको लागि लक्ष्मी, पतिको लागि पत्नी पतिको बुद्धि हो घरको लागि लक्ष्मी र पतिको बुद्धि भन्नु नै स्त्री हो लक्ष्मी र स्त्रीमा कुनै भेद छैन ।

उत्पादनं अपत्यस्य जातस्य परिपालनम् ।
प्रत्यहं लोकयात्रायाः प्रत्यक्षं स्त्री निबन्धनम् ॥ ९/२७ ॥

अर्थात्:- पतीलाई गलत कार्यबाट बचाऊनु, सन्तानलाई उत्पन्न गर्नु, उत्पन्न भएको सन्तानलाई संरक्षण गर्नु, सन्तानलाई उत्तम ज्ञान दिएर, उत्तम शिक्षा दिएर राम्रोसँग ज्ञानको पालन गराउनु, प्रकृति सन्तुलनको विधानको पञ्च महायज्ञ गर्नु र सन्ततीलाई सिकाउने आदि समस्त दैनिक गृहस्थ आश्रम गरिने व्यवहारको कार्यको प्रत्यक्ष आधार नै स्त्री हो ।

अपत्यं धर्मकार्याणि शुश्रूषा रतिरुत्तमा ।
दाराधीनस्तथा स्वर्गः पितककणां आत्मनश्च ह ॥ ९/२८ ॥

अर्थात्:- सन्तान उत्पादक, पालन, धर्मकार्य, सेवा, उत्तम प्रीति अर्थात् चित्तलाई सधैँ प्रफुल्लित राख्नु तथा माता, पिताको खुशी, पतीलाई सुखी र खुशी प्रदान गर्ने, पतिको लागि रतिसुख दिने, घरको सोभा लगाएको सम्पूर्ण सुखहरू स्त्रीको आधीनमा नै रहेको हुन्छ ।

पतिं या नाभीचरति मनोवाग्देहसंयता ।
सा भर्तृलोकानाप्नोति सद्भिः साध्वीति चोच्यते ॥ ९/२९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- आफ्नो पतीलाई पतन हुनबाट बचाएर जो स्त्रीले मन, वचन, कर्मले र मनमा रत्तीभर पापरहित भएर आफ्नो पतिको सम्पूर्ण सुख दुःखमा कहिल्यै पनि साथ छोड्दैन, पतिविरुद्ध शङ्का, पति विरुद्ध कुनै पनि गलत सोच र धर्म विरुद्धको कुनै पनि कार्य कहिल्यै पनि गर्दैन त्यस्तो नारीलाई नै साध्वी सदाचारिणी भनिन्छ ।

व्यभिचारात्तु भर्तुः स्त्री लोके प्राप्नोति निन्द्यताम् ।
सृगालयोनीं चाप्नोति पापरोगैश्च पीड्यते ॥ ९/३० ॥

अर्थात्:- नारीजन्म पाएरपनि आफ्नो उत्तम गुणलाई त्याग गरेर आफ्नो उत्तम पतीलाई त्याग गरेर अन्य परपुरुषसँग व्यभिचार गरेमा त्यो स्त्री संसारमा सबैभन्दा निन्दाको योग्य हो यस्तो स्त्रीको मृत्यु हुँदा जीवात्मा अधोगमन हुनेछ र मृत्यु त भयावह हुनेछ र परपुरुष गमनको कर्मफल अतिनै घातक हुन्छ ।

पुत्रं प्रत्युदितं सद्भिः पूर्वजैश्च महर्षिभिः ।
विश्वजन्यं इमं पुण्यं उपन्यासं निबोधत ॥ ९/३१ ॥

अर्थात्:- आदिकालमा श्रेष्ठ व्यक्ति तथा प्राचीन महर्षिले पुत्रको विषयमा जो सर्वजनहितकारी र पुण्यदायक विचार ज्ञानलाई भन्नुभएको थियो त्यस शिक्षाप्रद विचारलाई अब सुन्नुहोस् ।

भर्तरि पुत्रं विजानन्ति श्रुतिद्वैधं तु कर्तरि ।
आहुरुत्पादकं के चिदपरे क्षेत्रिणं विदुः ॥ ९/३२ ॥

अर्थात्:- पिताको शक्तिरुप नै पुत्र हो यस्तो कुरालाई सबैले जानेको हुन्छ तर पिताको विषयमा भने दुई प्रकारको गुणको बारेमा भनिएको छ कसैले भन्ने गर्छन कि वीर्यवानको पुत्र हो तथा कसैले भन्ने गर्छन् कि लक्ष्मी (क्षेत्र)को पुत्र हो ।

(समयको कलम- 'स्त्रीको पतिको नै पुत्र हुन्छ' यस्तो भनेर मानिएको छ तर पतिको विषयमा दुई विचार रहेका छन् कसैले भन्ने गरेका छन् पुत्रलाई उत्पन्न गर्नेको नै पुत्रको अधिकार हुन्छ भने अन्य कसैले लक्ष्मी अर्थात् स्त्री अर्थात् क्षेत्रको स्वामीलाई नै पुत्रको अधिकारी हो भनिएको छ चाहे बीज प्रदायक तथा उत्पादकको नाम जानेको होस् या नजानेको होस् यहाँ पुत्र लक्ष्मीको नै अधिकारी हुन्छ)

क्षेत्रभूता स्मृता नारी बीजभूतः स्मृतः पुमान् ।
क्षेत्रबीजसमायोगात्संभवः सर्वदेहिनाम् ॥ ९/३३ ॥

अर्थात्:- सन्तान उत्पन्न हुनको लागि स्त्री अर्थात् लक्ष्मी अर्थात् रज र पुरुष अर्थात् वीर्यवानको वीर्यको मिलन हुन् आवश्यक हुन्छ त्यही रज र वीर्यमिलानको अवस्थादेखि जन्मसम्म रज माताको रुप हो भने वीर्य पिताको रुप हो , लक्ष्मी अर्थात् रज तथा वीर्यको संयोगले मात्र सृष्टिको सम्पूर्ण शरीरधारि जीवात्माको उत्पत्ति हुन्छ ।

(समयको कलमः- ज्ञान र विज्ञानको विधानमा स्त्रीको रजलाई क्षेत्रस्थानीय र पुरुषको वीर्यलाई बीजस्थानीय भनिएको छ । स्त्री अर्थात् लक्ष्मीको राज र पुरुषको वीर्यको मिलनबाट अर्थात् स्त्री पुरुषको रज र वीर्यको संयोगद्वारा नै सम्पूर्ण जीवात्माको उत्पत्ति हुन्छ जसरी खेत, बीज र पञ्चतत्वको संयोगले मात्र कुनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृक्षको उत्पत्ति हुन्छ कुनै पनि एक विधानको कमी भएमा कुनै वृक्ष उत्पन्न हुँदैन ठीक त्यस्तै सम्बन्ध स्त्रीको रज र पुरुषको वीर्यको संयोगले मात्र सम्पूर्ण मनुष्य अर्थात् प्राणीको उत्पत्ति हुन्छ)

विशिष्टं कुत्र चिद्बीजं स्त्रीयोनीस्त्वेव कुत्र चित् ।
उभयं तु समं यत्र सा प्रसूतिः प्रशस्यते ॥ ९/३४ ॥

अर्थात्:- प्राणीको उत्पत्तिमा कही वीर्यको प्रधानता हुनेगर्छ भने कही स्त्रीको रजको प्रधानता हुनेगर्छ किन्तु जहाँ यी दुवै प्रधानता संयोग हुन्छ त्यही सन्तान उत्पन्न हुन्छ दुवै प्रधानतामा उत्पन्न भएको सन्तान अति नै ज्ञानी प्रशंसनीय हुन्छ ।
(समयको कलमः- कहीँ वीर्य मात्रको उत्तमता रजको मात्रा कम भएमा र कहीँ रजको मात्रको उत्तमता वीर्यको मात्रा कम भएको खण्डमा पनि सन्तान उत्पन्न हुँदैन तर जुन समयमा रज र वीर्य दुवै समानभाव तथा निश्चित विन्दुमा मिलन हुन्छ त्यही अवस्थामा उत्पन्न भएको सन्तान उत्तम सन्तान हुन्छ, यस्तो अवस्थामा जन्मेको सन्तान ज्ञानी विद्वान् हुन्छ)

बीजस्य चैव योन्याश्च बीजं उत्कृष्टं उच्यते ।
सर्वभूतप्रसूतिर्हि बीजलक्षणलक्षिता ॥ ९/३५ ॥

अर्थात्:- वीर्य र रजको मिलन हुँदै गर्दा गुण र अवस्था अनुसार वीर्यलाई मुख्य तथा प्रधान मानिएको हुन्छ किनकि रज र वीर्याको संयोगबाट जन्मेको सन्तानमा धेरै लक्षण वीर्यलाई धारण गरेको गुणसँग मिलेको हुन्छ ।

यादृशं तूप्यते बीजं क्षेत्रे कालोपपादिते ।
तादृग्रोहति तत्तस्मिन्बीजं स्वैर्व्यञ्जितं गुणैः ॥ ९/३६ ॥

अर्थात्:- ऋतुकालमा लक्ष्मी अर्थात् रजमा वीर्यलाई उचित समयमा नै स्थापित गरिन्छ भने त्यही वीर्य नै आफ्नो गुणबाट युक्त भएर सन्तानको रुपमा जन्म लिएको हुन्छ, त्यही रज र वीर्यको समुचितसँग्रह नै सन्तान हो ।

इयं भूमिर्हि भूतानां शाश्वती योनीरुच्यते ।
न च योनीगुणान्कांश्चिद्बीजं पुष्यति पुष्टिषु ॥ ९/३७ ॥

अर्थात्:- जसरी पृथ्वीमा रहेको स्त्रीशक्तिलाई योनी र उत्पन्न गर्ने शक्तिलाई रज भन्ने गरिन्छ त्यस्तै पृथ्वीमा रहेको पुरुष शक्तिलाई लिङ्ग र उत्पन्न गराउन सक्ने शक्तिलाई वीर्य भनिन्छ भने त्यस्तै सृष्टि अवयवको संरचनाको एक संरचना पृथ्वीलाई सम्पूर्ण प्राणीको योनीको पनि नित्ययोनी अर्थात् रज भनिएको छ । परन्तु रजविना वीर्यमात्र पुष्ट भएर वीर्यको के काम भयो र ? वीर्यबिना रजमात्र सञ्चित भएर रजको के काम भयो र ? रज र वीर्य अलग अलग रहेर पुष्ट भएमा दुवै केही कामको हुँदैनन । रजले जबसम्म वीर्यको उपस्थितिलाई प्राप्त गरेको हुँदैन तबसम्ममा वीर्यले पनि आफ्नो कुनै पनि गुणलाई पुष्ट गर्न सक्दैन भने जबसम्म रजले वीर्यको संयोग पाउदैन तबसम्म रजको उपस्थितिको कुनै महत्व पनि हुँदैन ।

भूमावप्येककेदारे कालोप्तानि कृषीवलैः ।
नानारुपाणि जायन्ते बीजानीह स्वभावतः ॥ ९/३८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- ऋतुकालमा पतीले पत्नीको रजमा आफ्नो वीर्यलाई स्थापित गरेको हुन्छ वीर्यले आफ्नो गुणलाई धारण गरेर आफ्नो स्वभावलाई धारण गरेर भिन्न भिन्न रुपमा शरीरलाई धारण गरेर उत्पन्न हुन्छ । त्यस्तै रज त सबै स्त्रीको एक हो वीर्यको आधारमा सन्तानले गुणलाई धारण गरेको हुन्छ ।

(समयको कलमः- यो श्लोकको तात्पर्य यो हो कि प्रकृतिको पृथ्वी अर्थात् रज त एक रुपको हुन्छ तटस्थ हुन्छ पञ्चतत्व सबै अलग अलग गुणको भए पनि सबै तत्व नै हो, पृथ्वीमा जुन वनस्पतिको वीज पऱ्यो त्यस वीजले पञ्चतत्वसँग क्रिया गरेर पृथ्वीको गर्भबाट वीज अनुसार अलग अलग गुणलाई धारण गरेर उत्पन्न हुन्छ यस आधारमा वीज नै श्रेष्ठ हो । त्यस्तै एक भूमिमा किसानले समय समयमा अलग अलग किसिमको जुन वीजलाई रोपेका हुन्छन् त्यही वीजले नै आफ्नो आफ्नो वनावट, गुण र स्वभावको अनुकूल नै भिन्न-भिन्न रुपलाई धारण गरेको हुन्छ तर पृथ्वी र पञ्चतत्व आफैमा सधैं छन्)

व्रीहयः शालयो मुद्गास्तिला माषास्तथा यवाः ।
यथाबीजं प्ररोहन्ति लशुनानीक्षवस्तथा ॥ ९/३९ ॥

अर्थात्:- रजमा जुन गुण र आचारणले पूर्ण वीर्यलाई स्थापित गरिन्छ रजसँगको संयोगको कारण वीर्यले पनि आफ्नो आकार प्रकार गुण अनुसार नै शरीरको निर्माण गरेको हुन्छ वीर्यमा जस्तो गुण छ त्यसले त्यही गुणलाई नै धारण गरेर प्राणी तथा वनस्पतिको शारीरिको निर्माण गरेको हुन्छ वीर्याले केहिलेपनि आफ्नो गुणलाई परिवर्तन गर्दैन ।

(समयको कलमः- यो श्लोकलाई यसरी सजिलोसँग बुझ्न सकिन्छ जुन बीज हामीले खेतमा रोपेका हुन्छौ त्यही बीजको गुण अनुसार खेती तैयार हुन्छ यहाँ खेतको अफ्नो गुणको मान्यता राख्दैन, धानको बीजलाई रोपेमा धान नै उत्पन्न हुन्छ तीलको बीज रोपेमा तील नै उत्पन्न हुन्छ धानको बीजमा तील र तीलको बीजबाट धान उत्पन्न हुँदैन, खेतमा अलग अलग बीज रोपे उपरान्त बीजलेपनि आफ्नो आफ्नो गुण अनुसार विभिन्न रुपमा उम्रिएको हुन्छ त्यसैले यहाँ बीज नै मुख्य हो खेत मुख्य हैन)

अन्यदुप्तं जातं अन्यदित्येतन्नोपपद्यते ।
उप्यते यद्धि यद्वीजं तत्तदेव प्ररोहति ॥ ९/४० ॥

अर्थात्:- जुन जुन गुणले सम्पन्न वीर्यलाई रजमा संयोग गरिन्छ त्यो वीर्यले आफ्नो गुणलाई धारण गरेर शरीर रुपमा उत्पन्न हुन्छ । एक गुणले सम्पन्न भएको वीर्यलाई रजमा संयोग गरियो त्यो वीर्यबाट अर्को गुण भएको सन्तान कहिल्यै पनि उत्पन्न हुँदैन यो प्राकृतिक नियम हो । यहाँसम्ममा वीर्य अर्थात् बीजको प्रधानताको बारेमा भयो अबअघि यस बारेको ज्ञानको प्रयोजन के हो त्यसको बारेमा सुन्नुहोस् ।

तत्प्राज्ञेन विनीतेन ज्ञानविज्ञानवेदिना ।
आयुष्कामेन वप्तव्यं न जातु परयोषिति ॥ ९/४१ ॥

अर्थात्:- आफ्नो सन्तान उत्तमगुणी, ज्ञानी, सहनशील, विनीत, बुद्धिमान्, पूर्ण, ज्ञान-विज्ञान अर्थात् वेदशास्त्रको ज्ञाता वा दीर्घजीवी होस् भन्ने चाहाना या अभिलाषा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने पति-पत्नीले आपसमा सल्लाहा गरेर रज र वीर्य दुवै एक पटक नै उर्ध्वगमन भएको समयमा पतिको वीर्य र पत्नीको रजलाई संयोग गराउनुपर्छ ।

अत्र गाथा वायुगीताः कीर्तयन्ति पुराविदः ।
यथा बीजं न वप्तव्यं पुंसा परपरिग्रहे ॥ ९/४२ ॥

अर्थात्:- आफ्नो सन्तान उत्तमगुणी, ज्ञानी, सहनशील, विनीत, बुद्धिमान्, पूर्ण, ज्ञान-विज्ञान अर्थात् वेदशास्त्रको ज्ञाता वा दीर्घजीवी हुने चाहना या अभिलाषा गर्ने पतीले परस्त्री गमन र पत्नीले परपुरुष गमन कहिल्यै पनि गर्नुहुँदैन यदि निषेध गरेको यो कार्य त्यो कार्यबाट जन्मेको सन्तान वर्णशङ्कर गुणले सम्पन्न भएको हुन्छ वर्णशङ्कर सन्तान मानसिक विकलाङ्ग र पूर्ण कुलघाती हुनेछ ।

नश्यतीषुर्यथा विद्धः खे विद्धं अनुविध्यतः ।
तथा नश्यति वै क्षिप्रं बीजं परपरिग्रहे ॥ ९/४३ ॥

अर्थात्:- परस्त्रीगमन र परपुरुषगमनबाट यदि सन्तानको जन्म भएमा त्यो सन्तान घर, कूल र धर्मकार्यको लागि अति नै घातक हुन्छ यस्तो घातक सन्तान हुनुभन्दा नहुनुनै उत्तम हुन्छ ।

पृथोरपीमां पृथिवीं भार्या पूर्वविदो विदुः ।
स्थाणुच्छेदस्य केदारं आहुः शाल्यवतो मृगम् ॥ ९/४४ ॥

अर्थात्:- संस्कार अनुसार जुन नारी आफ्नो पत्नी हो र संस्कार अनुसार जुन पुरुष पतिहो त्यस पत्नी र पतिको रजसँग वीर्यकोलाई संयोग गर्नुपर्छ तर जे सुकैहोस् आफ्नो संस्कार भएर आएको पति र पत्नीले आफ्नो संस्कारलाई त्याग गरेर च्युत तथा पतित हुने कार्य कहिल्यै गर्नुहुँदैन ।

एतावानेव पुरुषो यज्जायात्मा प्रजेति ह ।
विप्राः प्राहुस्तथा चैतद्यो भर्ता सा स्मृताङ्गना ॥ ९/४५ ॥

अर्थात्:- शरीर धारण गर्नाले मात्रकोहि मनुष्य पुरुष हुँदैन एक मनुष्यको शरीरमा हुँदैमा कोहि आफूलाई पुरुष हुँ भन्नु गलत हो पुरुष हुनको लागि आफ्नो शरीर, स्त्री र सन्तान यी तीन जब एक ठाउँमा सम्मिलित हुन्छ तबमात्र त्यो मनुष्यलाई पुरुष भनिन्छ । ज्ञान र संरचनाको विधानअनुसार जो पति हो त्यही नै स्त्रीपनि हो ।

न निष्क्रयविसर्गाभ्यां भर्तुर्भार्या विमुच्यते ।
एवं धर्म विजानीमः प्राक्प्रजापतिनिर्मितम् ॥ ९/४६ ॥

अर्थात्:- पति र पत्नी एक अर्काको अभिन्न अङ्ग हो आफ्नो अङ्ग कहिल्यै पनि शरीरबाट अलग हुँदैन चाहे त्यो अङ्ग बेचिएको होस् या अन्य कारणले त्यागिएको होस् त्यस्तै स्त्री र पुरुष एक संरचनाको अङ्ग हुनाले कहिल्यै पनि अलग या छुटिएको हुँदैन जसरी शरीरको अङ्ग शरीरबाट अलग हुँदैन नारी र पुरुष सृष्टिचक्रबाट अलग हुनैसक्दैन ठीक त्यस्तै पति र पत्नी पनि अलग हुन् सक्दैन किनकि पति पत्नी ईश्वरको रचनाको विधान हो त्यसको पतिपत्नीको सम्बन्ध आशा र निराशक्तबाट बनेको धर्म विधानअनुसार हो ।

सकृदंशो निपतित सकृत्कन्या प्रदीयते ।
सकृदाह ददानीति त्रीण्येतानि सतां सकृत् ॥ ९/४७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- अंशविभाग, कन्यादान, अन्यदानलाई सत्पुरुषले एक पटकमा वचनलाई दिएमा पुरा गर्छन, पहिलो पटक वचनलाई दिएमा त्यस वचनलाई पुरा नै नगरी फेरि अर्को पटकपनि त्यही वचनलाई दिएमा त्यस वचनको विश्वास हुँदैन किनकि जसले आफूले नै गरेको आफ्नो प्रतिज्ञालाई भङ्ग गरेको हुन्छ त्यो झुटो व्यक्ति हो भन्ने बुझ्नुपर्छ ।

(समयको कलमः- सम्पत्तिको अंशवण्डा एक पटक हुन्छ अर्थात् एक पटक मै सम्पत्तिलाई भागवण्डा गरेर बाँडियो भने झगड़ा किन गर्नु ? पिताले पनि आफ्नो पुत्रीको कन्यादान एक पटक नै गर्नुपर्छ । कन्यादानमा जोसँग बिहे भयो त्यो कन्यादान बुवाले गर्नुभयो दोश्रो पटक कन्यादान हुँदैन सकियो र यस्तो कहिँपनि हुँदैन कि आज कन्यादान गऱ्यो भोलि कन्यादान फिर्ता लिन मिल्ने यस्तो हुँदैन, अन्नलाई दिने अर्थात् अन्नलाई दान गर्ने वचन एक पटक दियो त दियो त्यो वचनको फिर्ता हुँदैन, जब भन्यो त्यो अमुक वस्तु दिन्छु त दिन्छु बस दिन्छु नै । एक पटक वचन दियो अब आफ्नो भनाईबाट भाग्नुपर्ने किन ? सतपुरुषले अंशवण्डा, कन्यादान र अन्नदान यी तीन नियमलाई पुरा गर्नको लागि कसैलाई वचन दिए भने सतपुरुष आफूले दिएको यी तीन वचनबाट कहिल्यै पनि भाग्नु हुँदैन)

(नोट- कहीँ कहीँ पण्डितहरूले भन्ने गरेको सुनेको छु 'सकृत कन्या प्रदीयते' भन्ने वाक्यलाई पुनर्विवाहको विरोधमा अर्थ लगाएको सुनिन्छ यो भनाई प्रसँग विपरीत भनाई हो पछिको श्लोकलाई ध्यान दिने हो भने त्यहाँ स्पष्ट तरिकाले भनिएको छ कि कन्यादान गरेर विवाह गरेर दिएको पुत्री अहिले कसैको स्त्री भएकी छ त्यस नारीलाई फेरि कन्या बनाएर फर्काउन सकिँदैन भन्ने यो श्लोकको आसय हो)

यथा गोऽश्वोष्ट्रदासीषु महिष्यजाविकासु च ।
नोत्पादकः प्रजाभागी तथैवान्याङ्गनास्वपि ॥ ९/४८ ॥

अर्थात्:- जुन तरिकाले गाई, घोड़ा, ऊँट, दासी, भैँसी, बाखो, भेडा यी पशुले बच्चालाई त उत्पन्न गराएको हुन्छ तर जसको कारणले यी पशुले बच्चालाई उत्पन्न गर्यो त्यस उत्पन्न गराउनेले बच्चालाई प्राप्त गर्दैन ठीक त्यस्तै परस्त्री गमन गरेर र परपुरुष गमन गरेर जसले सन्तानलाई जन्मदिए पनि जसको वीर्य रजमा संयोग भयो र सन्तान जन्मियो तर सन्तान अरु कसैको हुन्छ वीर्यको मालिकको हुँदैन, परस्त्री र परपुरुषगमन गरेर सन्तान उत्पन्न गर्ने त्यस सन्तानको स्वामी हुँदैन तर यो पतित कार्य गरेको हुनाले त्यो कार्यगर्ने दुवै घातक पापको स्वामी भने अवस्य हुनेछ । भने राजालाई थाहा भएमा दुवैको मृत्यु निश्चित छ ।

येऽक्षेत्रिणो बीजवन्तः परक्षेत्रप्रवापिणः ।
ते वै सस्यस्य जातस्य न लभन्ते फलं क्व चित् ॥ ९/४९ ॥

अर्थात्:- जो मनुष्यले अन्यको रजमा आफ्नो वीर्यको संयोग गरेका हुन्छन् त्यस वीर्यबाट उत्पन्न सन्तान उसको हुँदैन अर्थात् अर्काको रजमा वीर्यलाई स्थापित गर्नाले फलको स्वामी त्यो हुँदैन जसले वीर्यलाई स्थापित गऱ्यो, ठीक त्यस्तै परस्त्री र परपुरुष गमन गरेर सन्तान उत्पन्न गर्ने व्यक्ति त्यस सन्तानको मालिक अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिता अर्थात् स्वामी हुँदैन तर पापको भागी भने अवश्य हुन्छ ।

यदन्यगोषु वृषभो वत्सानां जनयेच्छतम् ।
गोमिनां एव ते वत्सा मोघं स्कन्दितं आर्षभम् ॥ ९/५० ॥

अर्थात्:- त्यस्तै पशुमा अर्काको गाई तेस्रो व्यक्तिको साँढेको बीजबाट गाईले यदि बाच्छो या बाच्छी जे सुकै उत्पन्न गरे पनि त्यस गाईको स्वामीले त्यस गाईको बाच्छो या बाच्छीलाई प्राप्त गरेको हुन्छ यहाँ साँढेको वीर्य साँढेको लागि र साँढेको मालिकको लागि निष्फल हुन्छ ।

तथैवाक्षेत्रिणो बीजं परक्षेत्रप्रवापिणः ।
कुर्वन्ति क्षेत्रिणां अर्थ न बीजी लभते फलम् ॥ ९/५१ ॥

अर्थात्:- खेतीको विधानमा अन्यको खेतमा काम गर्ने व्यक्तिले मालिकको खेतमा वीर्य अर्थात् बीज लिएर प्रवाहित गरेको या बीजलाई रोपेको भए पनि त्यस बीजको फल भने खेतमा काम गर्नेको व्यक्तिको हुँदैन त्यो फल खेतको मालिकले नै प्राप्त गरेको हुन्छ खेतमा काम गर्नेले आफूले लगाएको बीजको कुनै पनि फललाई प्राप्त गर्दैन ।

फलं त्वनभिसंधाय क्षेत्रिणां बीजिनां तथा ।
प्रत्यक्षं क्षेत्रिणां अर्थो बीजाद्योनिर्गलीयसी ॥ ९/५२ ॥

अर्थात्:- खेतवाला र बीजवालामा फललाई कति कति प्राप्त गर्ने विषयमा कुनै निश्चय विधान विना नै खेतमा प्रवाहित गरिएको बीजबाट खेतमा उत्पन्न हुने अन्न खेतको मालिकको हुन्छ वीर्य अर्थात् बीजलाई लगाउनेको हुँदैन ।

(समयको कलमः- समझदारीमा दुवैले मिलेर खेत मलिक र बीजवालाले खेतमा बीजलाई स्थपित गरे तर बीजबाट जो खेती उत्पन्न हुन्छ त्यो हामी सबैको अपासमा हुनेछ भन्ने विधानको निर्णय नै भएन यस्तो विचारलाई हृदयमा नराखि खेती गरेर खेती उत्पन्न भएको खण्डमा उत्पन्न भएको खेती खेतवालाको हो खेतवालाको नै हुनेछ यहाँ बीजभन्दा खेत अर्थात् क्षेत्र अर्थात् जिस्ले धारण गर्यो त्यही नै श्रेष्ठ र वलवाती हुन्छ ।

क्रियाभ्युपगमात्त्वेतद्बीजार्थ यत्प्रदीयते ।
तस्येह भागिनौ दृष्टौ बीजी क्षेत्रिक एव च ॥ ९/५३ ॥

अर्थात्:- परस्पर खेतवाला र बीजवालाले अपासमा समझदारी गरे कि खेत मेरो हो बीज तिमीले प्रवाहित गर्नु यस खेतमा जो खेती उत्पन्न हुनेछ त्यो तिम्रोपनि हुनेछ र मेरोपनि हुनेछ भनेर अपासमा समझदारीमा मिलेर जो खेती गरेर जो फललाई उत्पन्न गरेका हुन्छन् त्यस फलको भागी बीजवाला र खेतवाला दुवै हुनेछन् ।

ओघवाताहृतं बीजं यस्य क्षेत्रे प्ररोहति ।
क्षेत्रिकस्यैव तद्बीजं न वप्ता लभते फलम् ॥ ९/५४ ॥

अर्थात्:- बीजको मलिकलाई पनि थाहा छैन खेतको मलिकलाई पनि थाहा छैन बीजको मालिकको बीजलाई वायुले उडाएर अन्यको खेतमा पुर्यायो त्यो अवस्थामा त्यो खेतमा उत्पन्न भएको फल अर्थात् अन्न जसको खेत हो त्यसले नै सबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्नलाई प्राप्त गर्नेछ बीजवालाको बीजको कुनै अस्तित्व नै हुँदैन यहाँ खेत अर्थात् योनी महत्वपूर्ण हो बीज महत्वपूर्ण हैन ।

एष धर्मो गवाश्वस्य दास्युष्ट्राजाविकस्य च ।
विहंगमहिषीणां च विज्ञेयः प्रसवं प्रति ॥ ९/५५ ॥

अर्थात्:- पशु प्राणीमाहरू गाई, घोड़ा, ऊँट, बाखो, भेडा, पक्षी, भैसी यी सबै जसरि उत्पन्न भए पनि त्यही सबै मलिकको नै हो यी सबैको आफ्नो आफ्नो धर्म हो भन्ने बुझ्नुपर्छ ।

एतद्वः सारफल्गुत्वं बीजयोन्योः प्रकीर्तितम् ।
अतः परं प्रवक्ष्यामि योषितां धर्म आपदि ॥ ९/५६ ॥

अर्थात्:- यहाँसम्मको ज्ञान (श्लोक ९/३१-५५सम्म) बीज अर्थात् वीर्य र योनी अर्थात् खेतको प्रधानता र अप्रधानताको बारेमा हजुरहरूलाई भने अब यसपछि आपत्कालमा सन्तान उत्पन्न हुने सबै बाटोबन्द भएमा अन्तिम विकल्पको अन्तिम अवस्थामा स्त्री पुरुषले पालन गर्नुपर्ने आपतकालकालको धर्मको विधानको बारेमा भन्नेछु ।

भ्रातुर्ज्येष्ठस्य भार्या या गुरुपत्न्यनुजस्य सा ।
यवीयसस्तु या भार्या स्नुषा ज्येष्ठस्य सा स्मृता ॥ ९/५७ ॥

अर्थात्:- दाइको श्रीमती अर्थात् भाउजुलाई भाइले अर्थात् देवरले गुरुपत्नी अर्थात् गुरुआमा समान र सम्मानित गर्नुपर्छ भने भाइको पत्नी अर्थात् भाइबुहारी दाइ अर्थात् जेठाजुको लागि पुत्रवधू अर्थात् छोराकी पत्नी बुहारी समान प्रिय हो ।

ज्येष्ठो यवीयसो भार्या यवीयान्वाग्रजस्त्रीयम् ।
पतितौ भवतो गत्वा नियुक्तावप्यनापदि ॥ ९/५८ ॥

अर्थात्:- दाइले भाइकी पत्नी अर्थात् बुहारीसँग र भाइले दाइकी पत्नी अर्थात् भाऊजुसँग आपत्तिकाल तथा सबै बाटो बन्द भएको अवस्था बाहेक अन्य कुनै पनि अवस्थामा, मान्यजनको अनुमति बिना नै नियोग-विधिपूर्वक पनि यदि संभोग गर्ने सोच मनमा लिएको खण्डमा त्यो व्यक्ति सबै वर्ण, आश्रम र कुलबाट नै पतित भएको मानिनेछ ।

(समयको कलमः- महर्षि मनुजीले भन्नुभएको छ कि सपिण्ड अर्थात् पतिको छः पीढ़ीमा भित्रपर्ने पतिको भाइ अर्थात् देवर अथवा आफ्नो कुलको स्वकर्म भएको तथा उत्तम कर्म गर्ने तर आफ्नो वर्णको उत्तम गुणले सम्पन्न पुरुषसँग विधवा नारी तथा स्त्रीको नियोग हुन सक्नेछ । परन्तु जो त्यो मृतस्त्री पुरुष र विधवा स्त्री सन्तानोत्पत्तिको इच्छा गरेको छ भने मात्र नियोग हुनुपर्छ । नियोग खुशी र आनन्द प्राप्त गर्नको लागि हुँदैन, नियोग कामवास्नालाई पुरा गर्नको लागि हुँदैन, नियोग गर्नको लागि जब कुलको सन्तानको सर्वथा क्षय भएको भएमा कुलको वंशलाई बचाउने अन्य कुनै अन्य बाटो नभएमा मात्र नियोगको नियम लागु हुन्छ । तर आपत्काल भएको होस् सन्तानको इच्छा नभएको समयमा नियोग विधि गर्नुहुँदैन यस्तो गरेमा त्यो पशुवत व्यवहार हो भनेर बुझ्नुपर्छ आपत्कालमा मात्र नियोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ नियोग भाइकी पत्नी र दाइकी पत्नी भाउजुसँग मात्र हुन्छ नियोग सकिएपछि दाइको लागि भाइकी पत्नी पुत्रवधू र भाइको लागि दाइकी पत्नी अर्थात् भाऊजु गुरुपत्नीलाई सम्मान जस्तै आदरसम्मान गर्नुपर्छ यदि नियोगपछि सन्तानले जन्म लियो त्यसपछि पनि नियोगको लागि नियुक्त भएका दुवै देवर भाऊजुमा र जेठाजु बुहारीमा निरन्तर र खुशीको लागि बास्नाको लागि ती सबैले पुनः पुनः गुप्त रुपले आपसमा समागम या संभोग गरेको खण्डमा ती दुवै कुलघाती, संस्कारर्च्युत, पशुवत, पिशाची आचरण र पतित हुनेछन् । नियोगको विधिअनुसार केवल दुई सन्तानलाई मात्र जन्म दिनुपर्छ त्यस भन्दा धेरै हुँदैन र जरूरत परेमा मात्र एक नियोगमा दुईपुत्रको गर्भ रहने समयसम्मको अवधिसम्म मात्र नियोगको अवधि हो त्यस पश्चात् दुवैले आफ्नो पुरानो नाता गुरुपत्नी र पुत्रवधूको संस्कार निभाउनु पर्छ। नियोग केवल आपतकालमा मात्र सन्तानलाई उत्पन्न गर्ने विधान हो यो कार्य पतित कार्य हो तर अन्य कुनै विकल्प नभएमा मात्र नियोगको व्यवस्था गरिएको हो त्यसैले नियोग लागि आफ्नो पिता आफ्नो दाइ तथा भाइ जसको पत्नी हो त्यससँग अनुमति लिनुपर्छ यदि अनुमति विरुद्धमा यस्तो नियोगको कार्य गरेमा अर्थात् देवरले भाऊजु र दाइले भाइ बुहारीलाई भोग गरेमा यी दुवै सबै आश्रमबाट पतित हुन्छ पशुवत आचरण भएको मानिने छ त वर्णाश्रमबाट जो पतित हुन्छ त्यसलाई म्लेच्छ तथा असुर भनिन्छ)

देवराद्वा सपिण्डाद्वा स्त्रीया सम्यङ्निनयुक्तया ।
प्रजेप्सिताआधिगन्तव्या संतानस्य परिक्षये ॥ ९/५९ ॥

अर्थात्:- कुलमा विकल्पको लागि कुनै सन्तान नभएको खण्डमा, पतिको मृत्यु भएको तर कुनै पनि सन्तान आफ्नो कुलमा नभएको खण्डमा र सन्तानको अभाव भएमा मात्र यो नियोगको विधान लागु हुन्छ, नियोग अन्तिम अवस्था हो सबै बाटोहरू वन्द भएको अवस्था हो, यही अन्तिम अवस्थामा पनि नियोग गर्नको लागि कुलको मुख्य अभिभावकको अनुमति लिएर आफ्नो कुलको आदरणीय अभिभावकको आज्ञा लिएर पति कुलको देवर तथा पति कुलको नै जेठाजुसँग नियोग गरेर सन्तानलाई जन्म दिन सकिने छ ।

(समयको कलमः- पतिबाट सन्तान भएको छैन अथवा कुनै पनि प्रकारले सन्तानको अभाव र आफ्नो कुलको उत्तराधिकारी नभएको खण्डमा अभिभावकको अनुमतीले आफ्नो खुशीले हैन इच्छाले हैन संस्कार र ठीक ठीक ढंगले परिवार र समाजमा विवाहवत र प्रसिद्धिपूर्वक नियोगको लागि नियुक्त स्त्रीलाई देवर या आफ्नो कूलको उत्तम गुणले सम्पन्न इन्द्रिय निग्रह गर्नसक्ने आफ्नो वर्णआश्रमलाई धारण गरेको पुरुष अथवा पतिको छः पीढी भित्रमा पर्ने आयुमा पतिको भाइ या दाइपर्नेसँग इच्छित सन्तान प्राप्तको लागि नियोगको विधान लागु हुन्छ नियोगको विधानअनुसार केवल दुई सन्तानमात्र उत्पन्न गर्नको लागि अनुमति छ त्यसभन्दा धेरै हैन ।

अनुशीलन- नियोगको लागि 'नियुक्त गर्नु' या 'नियोगको विधि' पूर्वक भन्नुको अभिप्राय यो होकि जसरी समाज र परिवारमा प्रसिद्धिपूर्वक विवाह संस्कार हुने गर्छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठीक त्यही प्रकारले पनि नियोगको पनि आफ्नो विधान आफ्नो तरिका छन् तर नियोग संस्कार हैंन नियोग केवल विकल्प मात्र हो त्यो पनि अन्य सबै विकल्प बन्द भएमा मात्र विवाह संस्कार जस्तै नियोगको पनि आफ्नो विधान कानुन र नियम छन् । नियोग गर्ने दुवैको समक्ष गुप्त रुपले सन्तानमा पुत्र आदिलाई प्राप्त गर्ने विधानको सम्बन्धमा निश्चय हुन्छ । त्यस निश्चयको अनुसार नै चल्नुपर्छ त्यही निश्चय गरिएको विधिअनुसार नियोग चल्नुलाई नियोग विधि भनिन्छ यदि नियोगको लागि गरिएको विधिअनुसार नचलेको खण्डमा 'विधिको त्याग' गरेको हो भन्ने बुझिन्छ । विधिलाई त्यागगर्ने पनि पतित हुन् यसको बारेमा ऋषि दयानन्द सरस्वतीले यही नियोग विधिलाई ध्यान दिएर सत्यार्थ प्रकाशमा नियोगको बारेमा अरु स्पष्ट रुपले भन्नुभएको रहेछ ।

१) प्रश्नः- नियोगमा के के नियम छन् के के विधि छन् ?

उत्तरः- जसरी संस्कारपूर्वक विवाह हुन्छ, ठीक त्यस्तै नियोगपनि विधिपूर्वक नै हुन्छ । जसरी विवाहमा भद्रपुरुष अर्थात् अभिभावको अनुमति र कन्या-वरको प्रसन्नता हुन्छ ठीक त्यस्तै विधि नियोगमा पनि त्यही नियम हुन्छ । अर्थात् जब स्त्री-पुरुषको नियोग हुन्छ तब कुटुम्बमा पुरुष-स्त्रीको अगाडि यी दुवैले नियोगद्वारा सन्तानोत्पत्तिको लागि गरेका हुन् भन्ने जानकारी हुन्छ । जब नियोगको नियम पुरा भयो तब हामी हाम्रो नाता पूर्ववत प्राप्त हुनेछ र त्यसपछि संयोग गर्नुहुँदैन भन्ने दुवैलाई ज्ञान हुन्छ । तर दुवैले नियोगको नियमलाई पुरा गरेर पनि फेरि संयोग गरेमा त्यो पापी पतित नीच पिशाच तथा पशुवत व्यवहार हो नियोगको नियम पुरा भए पछि पनि संयोग गरेमा दुवै दण्डनीय हुन् भनेर नियोग गर्नको लागि अनुमति दिने अभिभावकले राजालाई दण्डको लागि अनुरोध गर्नुपर्छ । नियोगको नियम यो हो ऋतुकालको समयमा सन्तानको लागि मात्र एकपटक संयोग गरेर गर्भाधानको काम गर्नुपर्छ, नियोग विधिद्वारा गर्भ रहे पश्चात् नियोगी दुवै पूर्ववत अवस्थामा अलग अलग रहनु पर्छ गर्भवतीको संरक्षण त्यस घरको अभिभावकको हुनेछ जसले नियोगको लागि अनुमति दिनुभएको थियो ।

अनुशीलनः- यस श्लोकमा देवर शब्दको प्रचलित अर्थ 'पतिको सानो भाइ' भन्ने नै हो र यो नै सत्य हो, तर परिस्थिति अनुसार देवरको अर्थको साथ अन्य विस्तृत अर्थपनि लाग्ने गर्छ त्यो सन्दर्भ र अवस्था महत्वपूर्ण कुरा हो, निरुक्तमा 'देवर' शब्दको निरुक्तिमा निम्न अर्थ दिइएको छः-

देवरः कस्मात् द्वितीयो वर उच्यते ।"

अर्थात्:- "देवर त्यसलाई भनिन्छ कि जो विधवाको दोश्रो पति हुन्छ चाहे त्यो व्यक्ति सानो भाइ होस् या ठुलो दाइ नै किन नहोस् अथवा आफ्नो वर्ण वा आफ्नो वर्णभन्दा अन्य वर्णको नै किन नहोस् । अर्थात् जोसँग नियोग गर्न सकिने विधि छ त्यसलाई नै देवर भनिन्छ ।

विधवायां नियुक्तस्तु घृताक्तो वाग्यतो निशि ।
एकं उत्पादयेत्पुत्रं न द्वितीयं कथं चन ॥ ९/६० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- नियोगको विधिलाई पूर्ण पालन गर्दै यस प्रकारले विधवाको लागि अभिभावले नियुक्त गरेको पुरुषसँग नियोगको गर्भाधान-संस्कार गरेपछि स्त्रीले घिउ, दुध, अमृत, भोजनलाई दैनिक ग्रहण र दैनिक स्नान र शरीरमा तेल लगाउनु पर्छ शरीरको लागि हल्का कसरत गर्नुपर्छ, गर्भवतीले आफ्नो वाणीलाई संयम राख्नुपर्छ, अर्थात् रहस्यमा मनलाई पतित गर्ने कुनै पनि शब्द बोल्नु हुँदैन, नियोगद्वारा केवल एक मात्र सन्तानलाई जन्म दिनुपर्छ ।

द्वितीयं एके प्रजनं मन्यन्ते स्त्रीषु तद्विदः ।
अनिर्वृतं नियोगार्थं पश्यन्तो धर्मतस्तयोः ॥ ९/६१ ॥

अर्थात्:- परन्तु नियोगविधिद्वारा जन्मेको बच्चा जन्मसँगै या पछि कुनै कारणले विकलाङ्ग भएमा या जन्मको पश्चात् मृत्यु भएमा त्यही विधिबाट दोश्रो बच्चा बनाउन सकिनेछ तर फेरि पनि यो विधिलाई पहिले बच्चाको लागि गरिएको नियोगको विधि जस्तो राम्रो हुँदैन, किनकि कुनै कारणको कारण बच्चा विकलाङ्ग भयो कुनै कारण बच्चाको मृत्यु भयो अब नियोग नगरेको उत्तम हो तर विकल्प नभएमा गर्न सकीनेछ तर यो विधि पूर्ण धर्म अनुकूल भने हुँदैन् ।

विधवायां नियोगार्थे निर्वृत्ते तु यथाविधि ।
गुरुवच्च स्नुषावच्च वर्तेयातां परस्परम् ॥ ९/६२ ॥

अर्थात्:- पतिको मृत्यु भएको तर सन्तान नभएको नारीसँग भएको नियोगको विधिलाई पुरा गरेपछि र नियोगको उद्देश्य पूर्ण भएमा दुवैले नियोगको समयको भन्दा पहिलेको समयको अर्थात् नियोग पूर्ववत्को व्यावहार अनुसारको आचरणसम्मान तथा आदर गर्नुपर्छ अर्थात् भाउजु भएमा गुरुआमा जस्तै, भाइबुहारी भएमा पुत्रबधू लाई जस्तै उत्तम तरिकाले आदरसम्मान सत्कार गर्नुपर्छ ।

(समयको कलमः- नियोगको विधि सधैँ विधवा र विधूर मनुष्यको बीचमा हुनुपर्छ तथा एक नियोगमा केवल एक या अन्तिम विकल्पमा दुई सन्तान गर्भमा रहने समयसम्मको लागि मात्र नियोगको अवधि हो, नियोगको विधान सकिए पश्चात् दुवैले कुनै पनि समागम गरेको खण्डमा दुवै व्यक्ति पशुवत् आचरण भएको मानिने छ । पशुवत् व्यावहारले कुललाई आफ्नो वंशलाई पनि हानी नोक्सानि गर्छ संस्कार्च् युत हुन्छ कुलघाती आचरणघाती हुन्छ ।

नियुक्तौ यौ विधिं हित्वा वर्तेयातां तु कामतः ।
तावुभौ पतितौ स्यातां स्नुषागगुरुतल्पगौ ॥ ९/६३ ॥

अर्थात्:- नियोगलाई जुन स्त्री-पुरुषले सम्पन्न गरेका हुन्छन् त्यो निश्चित अवधिको लागि नियोग विधि हो नियोगको नियम पुरा भएपछि दुवैले कामइच्छालाई पुरा गर्नको लागि संयोग गरिरहेको खण्डमा यो संयोग शास्त्रको नियमलाई उल्लंघन गरेको हुनेछ, शास्त्रको नियमलाई उल्लंघन गर्ने मनुष्य पतित निच र पिशाच हुन्छ जस्तै पिताले पुत्रीको साथमा गमन गरे जस्तै र शिष्यले गुरुपत्नीको साथमा गमन गरे जस्तै नीच पतित हुन्छ यस्तो अपराधीलाई दण्डको लागि अभिभावकले राजालाई सुम्पिनु पर्छ र राजाले अपराध दण्डविधानअनुसार यस्तो कार्य गर्नेलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजीवन कारावासको सजय दिनुपर्छ ।

नान्यस्मिन्विधवा नारी नियोक्तव्या द्विजातिभिः ।
अन्यस्मिन्हि नियुञ्जाना धर्म हन्युः सनातनम् ॥ ९/६४ ॥

अर्थात्:- नियोगको लागि तैयार दुवै स्त्रीको पतिको वर्ण र नियोग गर्ने पुरुष दुवैको कर्मको वर्ण एक हुनुपर्छ अलग अलग वर्णलाई स्वीकार गरेको आफ्नै देवर भए पनि नियोग गर्नुहुँदैन किनकि अलग अलग वर्णसँग नियोग गर्नाले जन्मेको सन्तानमा वर्ण निश्चित गर्ने क्षमतामा रुग्ण हुन्छ, शारीरिक कमजोरी मानसिक र शारीरिक अपाङ्ग हुन् सक्छ, क्रोधी हुन्छ, त्यसैल नियोग आफ्नो पतिको वर्णको व्यक्तिसँग मात्र हुन्छ यदि यी नियम पालन नगरेमा वंशको लागि जन्मेको सन्तान वर्णशङ्कर हुनेछ वर्णशङ्कर सन्तान दूषित सोचको र कुलघाती हुनेछ कुलघाती व्यक्ति नै धर्मदूषक हुन्छ र कुलको नै बिनास गर्नेछ ।

नोद्वाहिकेषु मन्त्रेषु नियोगः कीर्त्यते क्व चित् ।
न विवाहविधावुक्तं विधवावेदनं पुनः ॥ ९/६५ ॥

अर्थात्:- विवाह परम्परा हो भने नियोग परिस्थितीले बनाएको बाध्यताको विधान हो त्यसैल नियोग विवाहपछि मात्र हुन्छ त्यही हुनाले विवाहको मन्त्रमा कुनै पनि नियोगको बारेमा वर्णन छैन र न विधवा स्त्रीको साथमा भोग नै उचित हो यो त एक बाध्यताको परिस्थिति हो जुन प्रकारले नारीले एक्लै एक पटकमा नै सबै वर्णलाई आफूमा नै एक्लै धारण गर्नको लागि सक्छ तर पुरुषले एक पटकमा सबै वर्णलाई धारण गर्नको लागि सक्दैन त्यसैल नियोगको विधिमा पनि पतिको कर्मको वर्ण के थियो आफ्नो कुलको र पतीले स्वीकार गरेको वर्णको व्यक्तिसँग नियोग हुन्छ अन्यसँग गर्नुहुँदैन । अन्य कर्मको वर्णसँग विवाह र नियोग अयोग्य तथा अनुचित हुन्छ । किनकि अलग अलग वर्णमा विवाह भएमा जन्मेको सन्तानले ज्ञानको र कर्मको सहि दिशानिर्देशनलाई प्राप्त गर्नको लागि सक्दैन किनकि पिताको कर्म अलग र माताको कर्म अलग हुनाले सोच मै वर्णशङ्कर हुनपुग्छ वर्णशङ्कर सोचको कारण आफैमा पतित हुन्छ ।

अयं द्विजैर्हि विद्वद्भिः पशुधर्मो विगर्हितः ।
मनुष्याणां अपि प्रोक्तो वेने राज्यं प्रशासति ॥ ९/६६ ॥

अर्थात्:- एकले अर्काको वर्णको कर्मलाई स्वीकार गरेमा एक वर्णले अर्को वर्णमा, विवाह र नियोग गर्नलाई सकिनेछ तर सन्तानको भने आचरणमा नै शंकास्पद शरीर नै लोधी र कार्य नै पतित हुनेछ, गुण कर्मको नियम नै नमिली गरिएको कार्य पशुतुल्य हुन्छ । त्यसैले सन्तानलाई आसुरी हुनेकार्य कहिल्यै पनि गर्नुहुँदैन चाहे त्यो कार्यगर्ने वेनराजा नै किन नहोस् ।

स महीं अखिलां भुञ्जन्राजर्षिप्रवरः पुरा ।
वर्णानां संकरं चक्रे कामोपहतचेतनः ॥ ९/६७ ॥

अर्थात्:- विवाह गर्ने वर र वधूको कर्ममार्ग नै अलग अलग भएमा त्यस दुईको बीचमा जन्मेको बच्चामा सत्यतालाई ग्रहण गर्नुभन्दा धेरै बुद्धिलाई कामासक्तिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केन्द्रित गर्ने हुनेछ, त्यस्तो कामबासनामा लिप्त हुने व्यक्तिले घर समाजलाई विकृत गर्नेछ ।

ततः प्रभृति यो मोहात्प्रमीतपतिकां स्त्रीयम् ।
नियोजयत्यपत्यार्थं तं विगर्हन्ति साधवः ॥ ९/६८ ॥

अर्थात्:- जब मनुष्य कामवासनामा लिप्त त्यसले मोहवश उसले आफ्नो घरमा नै आफ्नो कामबासनालाई पुरागर्नकोसिस गर्नेछ त्यस्तो व्यक्तिले आफ्नो कुलको स्त्री विधवालाईसम्मना गर्नुभन्दा भोग गर्नको लागि नै लालयित हुनेछ यस्तो पतित कार्यगर्ने सन्तान जन्मिनु भन्दा नजन्मेको नै उत्तम हुनेछ ।

यस्या म्रियेत कन्याया वाचा सत्ये कृते पतिः ।
तां अनेन विधानेन निजो विन्देत देवरः ॥ ९/६९ ॥

अर्थात्:- यहाँसम्ममा सन्तानको लागि अन्तिम विधानको नियोगद्वारा विधवा स्त्रीबाट पुत्रोत्पत्ति व अनुत्पत्तिको बारेमा वर्णन गरियो अब त्यही विधानको अर्को अवस्थाको बारेमा वर्णन गर्नेछौ । अभिभावकले कन्यालाई दिने वचन दिनुभयो अर्थात् बग्दात अर्थात् सगाई भयो तर जोसँग कन्याको वाग्दान भएको थियो तर विहे भएको थिएन तर बग्दात भएको व्यक्तिको मृत्यु भएमा र मृत्यु भएको मृतकको आफ्नो भाइ भएमा तल भनिएको नियमलाई पालन गर्दै विहे गराउनुपर्छ ।

यथाविध्यधिगम्यैनां शुक्लवस्त्रां शुचिव्रताम् ।
मिथो भजेता प्रसवात्सकृत्सकृदृतावृतौ ॥ ९/७० ॥

अर्थात्:- पवित्र भएर, व्रतलाई धारण गरेर, श्वेतवस्त्रलाई धारण गरेर संस्कार विधि अनुसार नै त्यस कन्याको विवाह गराउनु पर्छ विवाह शास्त्रको रीति अनुसार नै गर्नुपर्छ विवाहा पश्चात् रजोदर्शन पश्चात् र ऋतुकालमा मात्र नै गर्भ स्थिति नभएसम्म रात्रीकालमा भोग गर्नुपर्छ तर जब गर्भ स्थित हुनपुग्छ, त्यसपछि भोग गर्नुहुँदैन ।

(समयको कलमः- यो विधान विवाह र नियोग दुवै अवस्थाको लागि समान हो अर्थात्, विवाहपछि र नियोग सन्तानको लागि नै गरिएको हुन्छ, पशुवत् कामक्रीड़ाको लागि हैन)

न दत्त्वा कस्य चित्कन्यां पुनर्दद्याद्विचक्षणः ।
दत्त्वा पुनः प्रयच्छन्हि प्राप्नोति पुरुषानृतम् ॥ ९/७१ ॥

अर्थात्:- जुन कन्यालाई अभिभावकले एक पटक कसैसँग बग्दात गराई दिए र फेरि त्यही नारीलाई कन्या भनेर झुटो बोलेर दोश्रो पटक कसैसँग फेरि बग्दात गराईदिनु अतिनै गलत र पतित कार्य हो एक पटक बग्दात गरेपछि कन्यालाई फेरि झूटो बोलेर बग्दात पनि गर्नुहुँदैन, किनकि एक पटक दिइएको वचनमा त्यसको अधिकार हुँदैन जसले दियो जसले वचनलाई लियो त्यही उसको मलिक हो ।

विधिवत्प्रतिगृह्यापि त्यजेत्कन्यां विगर्हिताम् ।
व्याधितां विप्रदुष्टां वा छद्मना चोपपादिताम् ॥ ९/७२ ॥

अर्थात्:- विवाहपछि झगड़ा तथा लड़ाइँ गरेर विवाहको कारण जीवन बर्बाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गराउनु र एक अर्कोले त्याग तथा घृणा गर्नुभन्दा पहिले हुने भनिएको वर र वधूको आचरणदेखि संस्कारसम्मको सम्पूर्ण विधानलाई हेर्नुपर्छ, नाता, गोत्र, आचरण, वचनको अयोग्य, व्याधियुक्त, दुष्ट प्रकृति र क्षयवेपा (कपट आचरण भएको) भएमा त्यस्तो वर र वधू जो सुकैहोस् त्योसँग विवाह गराउनु हुँदैन ।

(समयको कलमः- शास्त्रको विधिअनुसार एक पटक विवाह गरेँपपछि पत्नीलाई तथा पतीलाई त्यागगर्ने कुनै त्यागको विधान कहीपनि छैन लेखिएको छैन चाहे त्यो गलत आचरण भएको होस्, यस्तो रोगवाट पीड़ित होस् जुन रोगको कारण परिवारलाई संक्रामक, (Contagous diseases) रोग लाग्ने आशंका हुन्छ, अत्यन्त दुष्ट या व्यभिचार गर्ने गरेको या छलपूर्वक नै विहे गराएको किन नहोस् विहेपछि पति तथा पत्नी हुन्छ पति पत्नी त्यागगर्ने भन्ने विषय कहीँ लेखिएको छैन विवहाभन्दा पहिले नै वर या वधूमा यस्तो कुनै समस्या छ या छैन सबै कुरालाई ध्यान दिनुपर्छ यदि विवहाभन्दा पहिले नै यस्तो गुण तथा आचरण भएको वर वधू भएमा त्यागगर्न सकिनेछ यदि वचनलाई नै दिएको तथा वचनलाई लिएको भए पनि अर्थात् वचनलाई दिएको वचन दिएपछि वर र वधूमा निम्न आचरण र समस्या भएमा वचनलाई फिर्ता गर्न र विवहा पूर्व वरले कन्यालाई र कन्याले वरलाई त्यागगर्न सक्नेछन्, मानसिक विरामी, आचरण घृणा योग्य, आचरण कलंकित भइसकेको, दुष्ट प्रकृतिको र क्षयवेपा अर्थात् कपटी आचरण भएको र आचरण कुरुप भएको

अवस्थामा वचनलाई त्यागगर्न सकिने छ त्यसैले विहे हुनुभन्दा पहिले वरको अभिभावले वधूको र वधूको अभिभावकले वरको बारेमा पुरा जानकारी राखेर वर र वधूको विहे गराउनु पर्छ । कयौँ व्यक्तिले यो श्लोकको आसय नबुझेर विहेपछि यस्तो रोगलागेको पत्नीलाई छोड्नु हुने तर्कगर्ने गरेका रहेछन् तर आसय विवाहित पत्नीलाई त्याग गर्ने भन्ने हुँदैहैन केवल विहेहुनको लागि वचनलाई दिएको तर विवाहा नहुँदै वर र वधूमामाथि भनिएको शारीरक समस्य भएमा वचनलाई त्याग गरेर त्यस्तो वर र वधू जसमा भए पनि विवाह नगर्नु या विवाहाको कुरालाई त्याग गर्नुपर्छ भनिएको हो पत्नी त्याग गर्नुपर्छ भन्ने विधान हैन) ।

यस्तु दोषवतीं कन्यां अनाख्यायोपपादयेत् ।
तस्य तद्वितथं कुर्यात्कन्यादातुर्दुरात्मनः ॥ ९/७३ ॥

अर्थात्:- कन्यादान भएको छैन विवाहाको लागि कुरा मात्र भएको हो वर तथा वधू कुनै एकमा या दुवैमा नाता, गोत्र, आचरण पतित, व्याभिचारी, वचनको अयोग्य, व्याधियुक्त, दुष्ट प्रकृतिको र क्षयवेपा (कपट आचरण) भएको समस्या भएको थाहा भएमा सत्यता के हो खोजेर सत्य भएमा त्यस्तो वर तथा बधूसँग विवाहा गर्नुहुँदैन तब यस्तो सोच्नु पर्छ कि मैले कसैलाई कन्यादानको लागि वचन दिएको थिएन र लिएको पनि थिएन ।

विधाय वृत्तिं भार्यायाः प्रवसेत्कार्यवान्नरः ।
अवृत्तिकर्शिता हि स्त्री प्रदुष्येत्स्थितिमत्यपि ॥ ९/७४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- परिवारको पालन पोषण गर्नको लागि या कुनै विशेष अवस्थामा कार्यवश मनुष्यलाई अपर्झट या एक्कासि घर छोड्नु पर्नेभयो या कार्यको लागि प्रवास जानुपर्ने भएमा पतीले आफ्नो पत्नीको र सन्तानको लागि आवश्यक्ता पर्ने भोजन लगायतको अन्य आवश्यक्ताको वस्तुलाई समुचित प्रवन्ध गरेर जानुपर्छ किनकि पतिव्रत धर्ममा दृढ पतिव्रत नारीपनि यदि आफूमा र आफ्नो सन्ततिको पालन पोषण गर्नमा असफल भएमा आफूलाई दूषित वनाएर भए पनि आफ्नो सन्ततीलाई पालन पोषण गर्नको लागि वाध्य हुनुपर्छ त्यही हुनाले पतीले आवश्यक्ताको सामानलाई आवश्यक्ताअनुसार विनिमय गर्नपनि सकिने तरिकाले व्यवस्था गर्नुपर्छ जवसम्म आफू फर्केर घरमा आउदैन तवसम्मको लागि ।

विधाय प्रोषिते वृत्तिं जीवेन्नियमं आस्थिता ।
प्रोषिते त्वविधायैव जीवेच्छिल्पैरगर्हितैः ॥ ९/७५ ॥

अर्थात्:- प्रवास जाने पतीले आफ्नो पत्नी र सन्ततीलाई जीविकाको लागि प्रवन्ध गरेर पति परदेश गएमा पत्नीले पनि आफ्नो पत्नीधर्मलाई पालन गर्दै आफ्नो र सन्ततिको जीवनयात्रालाई सरल तरिकाले चलाउनु पर्छ यदि अपर्झटमा पति जीविकाको वस्तुको प्रवन्ध नै नगरी गएको खण्डमा पत्नीले अनिन्दित शिल्पकार्य अर्थात् सिलाई, बुनाई, कटाई, लगायतको धर्म कार्यलाई गरेर आफ्नो र आफ्नो सन्ततिको जीवनयात्रालाई चलाउनु पर्छ ।

प्रोषितो धर्मकार्यार्थ प्रतीक्ष्योऽष्टौ नरः समाः ।
विद्यार्थ षड्यशोऽर्थ वा कामार्थ त्रींस्तु वत्सरान् ॥ ७/७६ ॥

अर्थात्:-पति धर्म- कार्यको लागि परदेश गएको हो, तर परिवारसँग कुनै सम्पर्क छैन कहाँ छ कसैलाई पनि थाहा छैन जीवति मृत के छः कसैलाई थाहा छैन, यस्तो विषम अवस्थामा पत्नीले आठ वर्षसम्म पतिको प्रतीक्षा गर्नुपर्छ । यदि विद्या पढ्नको लागि गएको हो तर पढाईको लागि गुरुकुलमा छ या छैन परिवारसँग कुनै सम्पर्क छैन जीवित मृत केही थाहा नभएको खण्डमा पत्नीले छः वर्षसम्म पतिको प्रतीक्षा गर्नुपर्छ । यदि कामको लागि या अन्य कुनै विषयवशमा गएको तर परिवार, पत्नी या कसैसँगपनि सम्पर्क विहीन भएमा जीवित मृतको खबर नभएमा पत्नीले तीन वर्षसम्म पतिको प्रतिक्षा गर्नुपर्छ । यदि कार्य अनुसार परदेश गएको पति कार्यको विधानअनुसार आठ, पाँच र तीन वर्षको अवधिसम्ममा फिर्ता घरमा नआएमा कुनै सम्पर्क नगरेमा पत्नीले पतिको घरको अभिभाव तथा जन्मदिने माता, पिताको अनुमति लिएर अन्य नयाँ वाटो नयाँ कार्यलाई अपनाउन सक्नेछ ।

संवत्सरं प्रतीक्षेत द्विषन्तीं योषितं पतिः ।
ऊर्ध्व संवत्सरात्त्वेनां दायं हृत्वा न संवसेत् ॥ ९/७७ ॥

अर्थात्:- विनाकरण पत्नीले पतिसँग द्वेष गरेर घर छोडेमा विनाकरण झगड़ा तथा लड़ाई गरेर घर छोडेर हिड़ेमा या माईत गएर बसेमा या पतिसँग एक वर्षसम्म विनकारण अलग बसेमा पतीले पत्नीको लागि एक वर्षसम्म त्यस पत्नीको लागि प्रतीक्षा गर्नुपर्छ । यदि एकवर्षमा पनि कुनै सम्पर्क भएन र घरमा आएन, आएरपनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येक अवस्थामा बिनकारण झगड़ा तथा द्वेष भईरहेमा उसको लागि उसको अधिकारको सम्पत्ति दिएर अलग राख्नुपर्छ तर पतीले उसलाई कुनै दुःख तथा पूर्वाग्रह भने राख्नुहुँदैन । यो अवस्थामा पतीले अर्को बाटोलाई अबलम्बन गर्न सक्छ ।

अतिक्रामेत्प्रमत्तं या मत्तं रोगार्त एव वा ।
सा त्रीन्मासान्परित्याज्या विभूषणपरिच्छदा ॥ ९/७८ ॥

अर्थात्:- बिनाकरण झगड़ा गरेर एक्लै बसेको पत्नीलाई पतीले उसको खर्चलाई पुरा गर्नुपर्छ तर पतीले दिएको खर्चबाट प्रमत्त अर्थात् जुवा, मत्त अर्थात् नशेबाज भएमा र पतीले दिएको खर्चलाई अनादर गरेमा त्यस स्त्रीलाई त्यस्तो कार्य नगर्नु भन्नुपर्छ यदि सुधार नभएमा खर्च कटौति गरेर खेती गर्नको लागि अंश दिनुपर्छ तरपनि तीन महिनासम्म भने वस्त्र र आन्तरिक आभूषण पनि उपलब्ध गराउनु पर्छ ।

उन्मत्तं पतितं क्लीवं अवीजं पापरोगिणम् ।
न त्यागोऽस्ति द्विषन्त्याश्च न च दायापवर्तनम् ॥ ९/७९ ॥

अर्थात्:- तरपनि पतिको अनुरोधलाई अश्विकार गरेर पतिसँग लड़ाई झगड़ा गर्ने, पतित कार्य गर्ने, उन्मत्त आचरण गर्ने, वर्णाश्रमबाट पतित भएमा, त्यस्तो स्त्रीलाई क्लीब अर्थात् नपुंसक, अवीज अर्थात् कुनै दीर्घ रोगलागेको जस्तै, वीर्य विहीन अर्थात् बच्चालाई ग्रहण गर्न नसक्ने स्त्रीलाई जस्तै, अलग राख्नु तर उसँग भएको उसको सम्पत्तिलाई कहिल्यै पनि अपहरण गर्नुहुँदैन ।

मद्यपासाधुवृत्ता च प्रतिकूला च या भवेत् ।
व्याधिता वाधिवेत्तव्या हिंस्रार्थघ्नी च सर्वदा ॥ ९/८० ॥

अर्थात्:- मद्यपान गर्ने, माता, पिता मान्यजनको सेवा नगर्ने, पतिसँग बिनाकरण शत्रुता गर्ने, निको नहुने रोगी भएमा, मानसिक बिरामी जस्तै पागल बहुलाएमा, शारीरिक आक्रमण तथा घातगर्ने, नित्य धनको अपव्यय या नाशगर्ने आचरण भएको पत्नीलाई सुधारगर्ने हरसम्भवकोसिस गर्नुपर्छ तर सम्भव नभएमा अन्तिममा दोश्रो पत्नीलाई विवाह गर्न सकिनेछ ।

वन्ध्याष्टमेऽधिवेद्याऽअब्दे दशमे तु मृतप्रजा ।
एकादशे स्त्रीजननी सद्यस्त्वप्रियवादिनी ॥ ९/८१ ॥

अर्थात्:- विवाह संस्कार हो यो कहिल्यै पतन हुँदैन त्यसैले एक विवाह अति नै उत्तम विधान हो यदि कुनै बिकल्प नभएमा पुरुषले दोश्रो बिहेगर्न सक्नेछ, दोश्रो बिहे गर्नको लागि निम्न अवस्था हुन् अनाबश्यक छ, यदि स्त्री बन्ध्या हो र विवाह भएदेखि पति साथमा छ तर आठ वर्षसम्म त्यो पत्नीबाट कुनै सन्तान नभएमा आठ वर्षपछि दोश्रो बिहे, सन्तानको जन्म हुन्छ तर सन्तान जन्म भएको केही समयपछि मृत्यु भएमा र कुनै पनि सन्तान जीवित नभएमा १० बर्षपछि, सन्तानमा पूरा कन्या भयो पुत्र नभएको खण्डमा एघारौं वर्षपछि र सधैं कटुवचन भएको तर कुनै सन्तान नभएको खण्डमा पाँच बर्षपछि बिहे गर्नको लागि सकिने छ तर सन्तान नहुनुमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुषको कमजोरी पनि हुनसक्छ त्यसको लागि कविराज तथा आयुर्वेदाचार्यसँग सरसल्लाहा गरेर मात्र दोश्रो विवाह गर्न सकिनेछ । यदि यो सम्भाव नभएमा कुनै सन्तानलाई नियोगद्वारा जन्माएर आफ्नो वंशलाई सञ्चालन गर्नुपर्छ ।

या रोगिणी स्यात्तु हिता संपन्ना चैव शीलतः ।
सानुज्ञाप्याधिवेत्तव्या नावमान्या च कर्हि चित् ॥ ९/८२ ॥

अर्थात्:- विवाहित पत्नी असल छ, पत्नी उत्तम गुणले सम्पन्न छ पतीलाई माया गर्छ शुद्ध आचरण, पतिको हितको कार्यलाई गर्छ शीलवती छ तर त्यस्तो उत्तम पत्नीबाट कुनै सन्तान नभएको खण्डमा पतीले सन्तानको लागि काबिराज देखाउनु पर्छ कविराजको औषधीले पनि काम नगरेमा पत्नीको अनुमति लिएर दोस्रो विवाह गर्न सकिने छ, परन्तु पहिलो पत्नीलाई कहिल्यै पनि अपमान अनादर गर्नुहुँदैन उसलाई पुर्ववत् व्यवहार गर्नुपर्छ ।

अधिविन्ना तु या नारी निर्गच्छेद्रुषिता गृहात् ।
सा सद्यः संनिरोद्धव्या त्याज्या वा कुलसंनिधौ ॥ ९/८३ ॥

अर्थात्:- बाध्यताले अनुमति दिएको स्त्रीले आफ्नो पतीले दोस्रो बिहे गरेमा पहिले पत्नी क्रोधित भएर घरबाट निस्किएमा उसलाई घरबाट निस्किन दिनुहुँदैन सँगै बस्न स्वीकार नगरेमा पहिलो पत्नीको सम्पत्ति कति हुन्छ त्यति सम्पत्ति दिएर दुवै पत्नीलाई अलग अलग गर्नुपर्छ तर कुनै पनि अवस्थामा पत्नीलाई त्याग गर्नुहुँदैन ।

प्रतिषिद्धापि चेद्या तु मद्यं अभ्युदयेष्वपि ।
प्रेक्षासमाजं गच्छेद्वा सा दण्ड्या कृष्णलानि षट् ॥ ९/८४ ॥

अर्थात्:- पत्नी पतिबाट सुरक्षित हो कुनै पनि अवसर तथा उत्सवमा पतिको अनुमति बिना गयो, ती उत्सवको कार्यमा वीर्जत वस्तु (मद्य आदि) पान गर्यो भने त्यस पत्नीलाई चेतावनी दिनुपर्छ कि आउने दिनमा यो कार्य नगर्नु भनेर ।

यदि स्वाश्चापराश्चैव विन्देरन्योषितो द्विजाः ।
तासां वर्णक्रमेण स्याज्ज्येष्ठ्यं पूजा च वेश्म च ॥ ९/८५ ॥

अर्थात्:- वर तथा वधूको विवाहको निर्णय गर्दा वर तथा वधूको कर्मलाई बिशेष ध्यान दिनुपर्छ दुवैको कर्म एक भएमा वर र वधूको जीवनको सहकर्य अतिनै सजिलो हुन्छ एकले अर्काको समस्यालाई सजिलोसँग बुझ्ने छन् तथा उसको सन्ततीलाई आफ्नो कार्यालाई ग्रहणगर्न कुनै दोधार हुनुपर्ने हुँदैन, सन्ततीले सजिलोसँग आफ्नो कार्यालाई ग्रहण गर्ने सजिलो हुन्छ वर र वधूको विवाहाको लागि गुण कर्मको अनुसार उचित व योग्य हुन्छ ।

भर्तुः शरीरशुश्रूषां धर्मकार्य च नैत्यकम् ।
स्वा चैव कुर्यात्सर्वेषां नास्वजातिः कथं चन ॥ ९/८६ ॥

अर्थात्:- वर जुन कर्मको वर्णको हो त्यही कर्मको वर्णको वधूलाई आफ्नो पत्नी बनाउनाले वधूले पतिको सेवा कर्मको विवरणको पुरा ज्ञान हुनाले दुवैले आफ्नो जीवनलाई सजिलोसँग सहकार्य गरेर बिताऊने छन् वर र वधूको गुण र कर्म अलग अलग भएमा त्यस्तो घरमा दुवैको समस्या आफ्नो आफ्नो भए पनि नबुझ्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनसक्छ यस्तो भएमा गृहकलह उत्पन्न हुन्छ त्यही हुनाले विवाह गर्दा वर र वधूको कर्मअनुसार वर्णलाई पनि ध्यान दिनुपर्छ ।

यस्तु तत्कारयेन्मोहात्सजात्या स्थितयान्यया ।
यथा ब्राह्मणचाण्डालः पूर्वदृष्टस्तथैव सः ॥ ९/८७ ॥

अर्थात्:- परिवारको अनुमति विना संस्कार विना नै जो मनुष्यले मोह, लालच तथा वास्नाको कारण आफ्नो कर्मलाई नै स्वीकार गर्नको लागि तैयार नभएको कूलको स्त्री र पुरुष दुवैले मोहको कारण लालचको कारण अलग अलग गुणले सम्पन्न भएको पुरुषले स्त्री र स्त्रीले पुरुषलाई पति पत्नीको रुपमा ग्रहण गरेको खण्डमा यी दुवै भौतिक शरीरबाट उत्पन्न हुने वास्नाको लागि पति पत्नी हुन् शारीरिक मोह वास्नाका मात्र पतिपत्नीमात्र हुन, यदि यी दुवैमा कुनै एकमा पनि मोह र वास्नामा केही मात्रमा कमी भएमा एक आपसमा द्वेष उत्पन्न हुन्छ शङ्का उत्पन्न हुन्छ सधैं द्वेषमै रहेको पति पत्नीकोकोखबाट चाण्डाल आचरण भएको सन्तानले जन्म लिन्छ यसलाई भनिन्छ जस्तो रोप्ने छौ त्यस्तै पाउनेछौ ।

उत्कृष्टायाभिरुपाय वराय सदृशाय च ।
अप्राप्तां अपि तां तस्मै कन्यां दद्याद्यथाविधि ॥ ९/८८ ॥

अर्थात्:- माता-पिता तथा अभिभावकले वर र कन्याको विवाह गराउनुभन्दा पहिले नै कर्म दोषको विधानको बारेमा ध्यान दिएर कार्य गर्नुपर्छ, विवाह गर्दा वर र वधूको आफन्तको पनि ध्यान राख्नुपर्छ विवाहको निर्णय गर्दा यो कुरालाई पुरा ध्यान राख्नुपर्छ कि कन्या होस् या वर उसको माता, पिताको नाताको छः पुस्ता भित्रको कुनै नाता पर्ने र सहगोत्री नहोस्, अर्थात् पिताको सात पुस्ता भित्र नपर्ने उत्तम कुलको अत्युत्कृष्ट शुभ गुण-कर्म-स्वभाव भएको सदृश्य उत्तम आचारण भएको रुप-लावण्यादि गुणयुक्त भएको वरलाई आफ्नो कन्या।दान गर्नुपर्छ ।

(समयको कलमः- आफ्नो सन्तानको विवाह गर्दा वर होस् या कन्या दुवैको पिताको सात पुस्तामा कुनै पनि नाता पर्नुहुँदैन, सहगोत्री हुनुहुँदैन, गुण र कर्म एक जस्तै हुनुपर्छ गुण र कर्म अलग भएमा द्वेष उत्पन्न हुन्छ यदि आफ्नो वर र वधूको लागि उत्कृष्ट वर र कन्याको छन्टौट गर्दा असपिण्डताको नियम विरोध हुन्छ भने कुनै चिन्ता गर्नु पर्दैन, परन्तु निकृष्ट, कर्मच्यूत, पतित कुलको व्यक्ति जति धनले सम्पन्न भए पनि जति सुकै ठुलो नेता भए पनि कन्या लाई दिनुहुँदैन र वरलाई ग्रहणपनि गर्नुहुँदैन । यदि वर अति नै उत्तम गुणवान कर्ममा उत्तम, रुपवान र समान गुण भएको समान कर्म भएको मिलेमा यदि कन्याको आयु र वरको आयुमा केहिमात्र कम भएमा पनि यथाविधि ले विवाह गराउनु पनि उत्तम हुन्छ। नोट-यहाँ 'अपि' शब्दको तात्पर्य यो हो कि विशेष अवस्थामा केही कम आयुमा पनि विवाह हुनसक्छ यसको मतलब यो हैन कि यो निर्णय बाल-विवाहको पक्षमा लिएको हो यसको अर्थ यो होकोहि समय मात्र फरक पारेर भन्नलाई खोजिएको हो)

कामं आ मरणात्तिष्ठेद्गृहे कन्या र्तुमत्यपि ।
न चैवैनां प्रयच्चेत्तु गुणहीनाय कर्हि चित् ॥ ९/८९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- कन्याको रजस्वला ऋतुकाल सकिँदै गएको भए पनि जाओस छ बिना विवाहको मरण पर्यन्त पिताको घर मैं आफ्नो जीवनलाई व्यतीत गरोस, परन्तु गुणहीन, असद्‌श अर्थात् परस्परमा विरुद्ध-गुण-कर्म स्वभाव भएको दुष्ट व्यक्ति, पतित कूल र पिशाच कार्यगर्ने व्यक्तिसँग पिताले कुनै पनि अवस्थामा आफ्नो पुत्रीको कन्यादान गर्नुहुँदैन अर्थात् आफ्नो कन्यालाई आफ्नो घरमा नै सधैँ कुमारी नै राख्नु तर गलत आचरण भएको व्यक्तिसँग पिता तथा अभिभावकले आफ्नो कन्याको विवाह गराउनु हुँदैन ।

त्रीणि वर्षाण्युदीक्षेत कुमार्यृतुमती सती ।
ऊर्ध्व तु कालादेतस्माद्विन्देत सदृशं पतिम् ॥ ९/९० ॥

अर्थात्:- कन्या रजस्वला भएको तीनवर्ष छोडेर चौथो बर्ष पर्यन्त विवाह गर्न सकिनेछ अर्थात् पिताले आफ्नो पुत्री अर्थात् कन्या रजस्वला भएको चार बर्षपछि मात्र विवाहको लागि वर खोज्नुपर्छ वरको कन्यासँग गुण-कर्म स्वभाव मिलेको हुनुपर्छ यदि गुण-कर्म-स्वभाव नमिलेको खण्डमा अघिको लागि पति पत्नीमा सम्वन्ध अतिनै घातक हुन्छ ।

(समयको कलमः- जव कन्याको रजस्वला हुन्छ रजस्वला भएको तीनवर्ष पुरा भएर या चौथो बर्षपुरा भएपछि मात्र कन्या विवाह गर्नको लायक हुन्छ त्यसभन्दा पहिले कन्याको विवाह गर्नुहुँदैन यसको अर्थ यो हुन्छ कि एक कन्या चौध वर्षदेखि सोह्र वर्षको बीचमा रजस्वला हुन्छ त्यो पनि शरीरको वनावट, मौसमको प्रभाव र वंशाणुगत अनुसार अलग अलग समयमा कन्याको रजस्वला हुन्छ त्यस्तै गर्मी ठाउँमा रहने कन्याको छिटो राजश्वला हुन्छ भने चिसो ठाउँमा कन्याको अली ढिलो राजश्वला हुन्छ, त्यस्तै भोजनले पनि कन्याको रजश्वलाको समयमा फरक परेको हुन्छ यही हिसावले हेर्ने हो भनेपनि चौध वर्षमा यदि कन्या रजस्वला भएमा चार वर्षपछि बिहे गर्नसकिने छ भन्नाले १४४.१८ वर्ष भयो भने १६ बर्षमा कन्याको रजस्वला भएमा १६४.२० बर्षमामा मात्र कन्याको बिहेगर्न सकिनेछ र यदि तेह्र वर्षमा रजस्वला भएमा १३४१७ कम भनेको सत्रवर्षसम्ममा बिहेगर्न सकिने भनेर मनुस्मृतिमा महर्षि मनुमहाराजको आदेशछ कति वैज्ञानिक ज्ञान छ मनुस्मृतिमा

अदीयमाना भर्तारं अधिगच्छेद्यदि स्वयम् ।
नैनः किं चिदवाप्नोति न च यं साधिगच्छति ॥ ९/९१ ॥

अर्थात्:- कुनै कारणबस माता, पिता तथा अभिभावकद्वारा कन्याको विवाह गराउने नसकेको खण्डमा जो कन्याले आफ्नो गुण-कर्म-स्वभाव मिल्ने पुरुषलाई स्वयम पति मानेर वरण गरेको खण्डमा त्यो कन्या कुनै पाप तथा अपराधको लागि भागी हुँदैन र न उसको कार्यवाट उसलाई कुनै पाप हुन्छ जुन व्यक्तिलाई उसले पति मानेर वरण गरेकी हुन्छ तर आफैले वरलाई वरण गरे पनि दुवैले मिलेर वेदऋचा अनुसार संस्कारको विधानलाई भने पूर्ण पालन गर्नुपर्छ ।

अलङ्गारं नाददीत पित्र्यं कन्या स्वयंवरा ।
मातृकं भ्रातृदत्तं वा स्तेना स्याद्यदि तं हरेत् ॥ ९/९२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- आफ्नो खुशीले गुण-कर्म-स्वभाव मिलेर कन्याले वरलाई स्वयम् चुनेर विवाह गरेको भएमा घरबाट जानु भन्दा पहिले पिता-माता-दाइ-भाइ तथा अभिभावकले दिएको आभूषणलाई साथमा लैजानु हुँदैन यदि यी आभूषण लिएर विवाह गरेर गएमा चोरी गरेको आरोप लाग्छ यो आरोप केहिले मेटिँदैन जसको कारण आफ्नो सन्ततीलाई पनि असार पर्छ ।

पित्रे न दद्याच्छुल्कं तु कन्यां ऋतुमतीं हरन् ।
स च स्वाम्यादतिक्रामेदृतूनां प्रतिरोधनात् ॥ ९/९३ ॥

अर्थात्:- ऋतुमती भएको र निश्चित गरिएको समय पुरा भएपछि अभिभावकको अनुमतीले कन्यासँग विवाह गर्ने वरले तथा वरको पिताले कन्याको पितासँग कुनै पनि शुल्कलाई अलग अलग नाम दिएर लिनुहुँदैन यदि यस्तो गरेमा वर तथा वधूको खरिद बिक्री हुन्छ विवाह या कन्यादान हुँदैन ।

त्रिंशद्वर्षो वहेत्कन्यां हृद्यां द्वादशवार्षिकीम् ।
त्र्यष्टवर्षोऽष्टवर्षां वा धर्मे सीदति सत्वरः ॥ ९/९४ ॥

अर्थात्:- कन्यादान अर्थात् विवाह गर्दा यो कुरा ध्यानमा राख्नुपर्छ वर र वधूको उमेर अत्याधिक फरक भनेको बाह्र वर्षसम्म हुनसक्छ त्यसभन्दा धेरै उमेरको फरक हुनुहुँदैन यदि वर तीसवर्षको भएमा कन्या वर भन्दा अधिक भन्दा अधिक १२ वर्षसम्म सानो भएमा पनि बिहेगर्न सकिन्छ त्यस्तै चौबीस बर्षको वर आफूभन्दा आठबर्षले सानो कन्यासँग बिहे गर्न सक्नेछ यी सबै नियम परिस्थिति अनुसार लागु हुने नियम हो ।

(समयको कलमः- कुनै कारणवश विवाह गर्दा पतिपत्नीको उमेरमा धेरै वर्षको फरक परेमा शारीरमा प्रकृतिको प्रभावको कारणले शरीरमा प्रभाव पर्छ त्यो प्रभाव मनुष्यको दाम्पत्य जीवनमा पनि पर्नसक्छ त्यही कुरालाई ध्यान दिएर महर्षि मनुमहाराजले यति उमेरको फरक परेमा बिहे गर्नसकिने तर यो उमेर भन्दा धेरै फरक परेमा बिहे नगर्नु भन्नुभएको हो अर्थात् वर तीस बर्षको भएको हो भने कन्या अठार वर्षभन्दा कम उमेरको हुनुहुँदैन कन्या अठार वर्षभन्दामाथिको हुनुपर्छ भन्ने उहाँको भनाई हो, त्यस्तै भने वर चौबीस बर्षको भएमा कन्याको उमेर वरको भन्दा आठबर्ष कमसम्मको हुन् सक्नेछ भन्नुभएको हो उमेर त्यसभन्दा धेरै फरक हुनुहुँदैन भन्नुभएको छ, वरको उमेर तीस बर्षको भएमा कन्याको उमेर बाह्र वर्षसम्म कम उमेरको अर्थात् अठार वर्षभन्दामाथिको उमेर भएको हुनुपर्छ भन्नु भएको हो त्यस्तै २४ र ८को आसय यो हो कन्या बाह्र बर्षमा रजस्वला भयो चार बर्षपछि उसको बिहेगर्ने सकिने अवस्था हुन्छ भने १६ बर्ष पछिको कन्याको लागि २४ बर्षसम्मको वर भएमा कन्यादान गर्नको लागि सकिनेछ भनेर मनुस्मृतिमा महर्षि मनुमहाराजको आदेश रहेको छ) ।

देवदत्तां पतिर्भार्या विन्दते नेच्छयात्मनः ।
तां साध्वीं बिभृयान्नित्यं देवानां प्रियं आचरन् ॥ ९/९५ ॥

अर्थात्:- विवाह वेदऋचाको आदेशअनुसार संस्कारपूर्वक कार्य गरेर मात्र पत्नीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त गर्नुपर्छ। आफ्नो खुशीले हुँदैन त्यसैले धर्म अनुकूल आचरण गरेर वेदऋचालाई पुकार गरेर पत्नी स्वीकार गरेको नारीलाई आफ्नो धर्म र आफ्नो अङ्ग हो भन्ने बुझेर सधैँ उसको पालन संरक्षण रेखदेख गर्नुपर्छ। सात्विक आचरण भएको पत्नीप्रति पतिले केहिले पनि संदेह गर्नुहुँदैन।

(समयको कलमः- यो श्लोकको तात्पर्य यो हो कि विवाह शास्त्रविधि अनुसार नै हुन्छ यसै भगेर हिँडेको जोडिलाई पतिपत्नी भनिँदैन, यसै आफैले वरलाई र वधू लाई छनौट गर्न सकिनेछ तर विवाह संस्कारको विधान भने पुरा हुनैपर्छ नै यदि विवाह संस्कार विनानै कसैले आफू पतिपत्नी हो भनेर साथमा रहेमा त्यो पति पत्नीको नाता हैन त्यो व्याभिचरी हो त्यसैले अभिभावकको अदेशमा होस् या आफैले वर तथा वधूले ग्रहण गरेको होस् तर वेदऋचा अनुसार विवाह संस्कार हुनभने जरूरी हुन्छ, त्यसैले सबैले विवाहमा शास्त्रको नियमलाई पालन गर्नुपर्छ। विवाह मनमानी विधान हैन विवाह नयाँ सृष्टि संरचनाको एक अंश हो आफूखुशी रहने र कामवासना पुरा भएपछि दुवै अलग हुने विधान विवाह हैंन र पति भनेर पत्नीमाथि मनमाना आचरण देखाऊने विधानको अधिकार विवाह हैंन यो अन्तर्मनको मिलन हो, विवाह कामवासनाको तथा मैथुनको मात्र संम्वन्ध हैन यो त कूल र सृष्टि संरचनाको अलग अलग अंशको मिलनको केन्द्रबिन्दु हो)

प्रजनार्थं स्त्रीयः सृष्टाः संतानार्थं च मानवः।
तस्मात्साधारणो धर्मः श्रुतौ पत्न्या सहोदितः॥ ९/९६॥

अर्थात्:- नयाँ सृष्टिलाई अफ्नो गर्भधारण गर्नसक्ने हुनाले स्त्रीलाई जननी भनिन्छ नयाँ सृष्टिको रुपमा अफ्नो सन्तान लाई उत्पत्ति गर्नको स्त्रीको संरचना बनेको हो र नयाँ संरचनलाई अफ्नो गर्भमा धारण गरेर भरणपोषण गर्ने कार्य स्त्रीको हो भने गर्भमा बीजलाई प्रविष्ट गरेर सन्तानलाई धारण गर्ने अवसर स्त्रीलाई दिनको लागि पुरुष बनेको हो। त्यसैले ईश्वरकृत ज्ञान वेदमा स्त्री पुरुष दुवै समान र एक धर्म हो भनिएको छ। अर्थात् स्त्री र पुरुषको पद बराबर हो यी दुवैमा कुनै सानो ठूलो छैन दुवै समान हो स्त्री पुरुषमा कुनै असमानता हुनुहुँदैन।

कन्यायां दत्तशुल्कायां म्रियेत यदि शुल्कदः।
देवराय प्रदातव्या यदि कन्यानुमन्यते॥ ९/९७॥

अर्थात्:- दुवै परिवार अनुमतिमा वर र वधूको विवाहाको लागि बग्दात अर्थात् मग्नी भएको हो विवाह भएको थिएन तर मग्नी भएको केही समयपछि वरको मृत्यु भएमा परिवारको सहमतिमा वधूलाई सोधेर अनुमति लिएर बधूको विहे मृत्यु भएको वरको भाइसँग अनुमति लिएर नयाँ वररुपमा पहिलेको वरको भाइसँग बिहे गर्न सकिनेछ तर मृत्यु भएको वरको भाइले स्वीकार गरेमा मात्र विवाह गर्न सकिनेछ तर दुवैमा कुनै एकले मात्र विवाहाको लागि अश्विकार गरेमा विवाह गराउनुहुँदैन।

आददीत न शुद्रोऽपि शुल्कं दुहितरं ददन्।
शुल्कं हि गृह्णन्कुरुते छन्नं दुहितृविक्रयम्॥ ९/९८॥

अर्थात्:- त्यस्तै वधूलाई वरणगर्ने वर तथा उसको परिवारसँग कुनै वधूको घरको कुनै पनि सदस्यले वरको घरवाट केहिपनि लिएको खण्डमा भोजन गरेको वाहेक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वरको घरबाट अन्य कुनै पनि जिन्सी नगद लिएको खण्डमा त्यहाँ कन्यादान भएको भनिदैन त्यहाँ किनवेच भएको भनिनेछ यो कार्य छुद्र अर्थात् पतित कार्य हो यस्तो पतित तथा क्षुद्र कार्य कसैले पनि गर्नुहुँदैन ।

एतत्तु न परे चक्रुर्नापरे जातु साधवः ।
यदन्यस्य प्रतिज्ञाय पुनरन्यस्य दीयते ॥ ९/९९ ॥

अर्थात्:- पैसाको लालचमा रहेर या अन्य कुनै लालचमा अफ्नो कन्यालाई कन्यादान गर्ने एक ठाउँमा वचन दियो फेरि त्यस वचनलाई छोडेर कन्यालाई अर्को ठाउँमा कन्यादानको योजन बनायो भने त्यो पूर्ण संस्कारच्यूत व्यक्ति हो भन्ने बुझ्नुपर्छ किनकि एक कन्याको कन्यादान एक पटक मात्र हुन्छ दोश्रो पटक कन्यादान हुँदैन ।

नानुशुश्रुम जात्वेतत्पूर्वेष्वपि हि जन्मसु ।
शुल्कसंज्ञेन मूल्येन छन्नं दुहितृविक्रयम् ॥ ९/१०० ॥

अर्थात्:- एकपटक कन्यादान भएको भएको कन्याको अर्को पटक लुकीछिपि पहिले कन्यादान गरेको क्षेत्रदेखि टाढा गएर कसलाई थाहा नै नदिएर गरिएको कन्यादान नै किन नहोस् त्यो कन्यादान हुँदैन किनकि कन्यादान दुई पटक भन्ने विधान नै छैन यस्तो कार्य गर्नेलाई कुलघाती संस्कारच्यूत, छुद्र, पिशाच, पतित र म्लेच्छ हुन

अन्योन्यस्याव्यभिचारो भवेदामरणान्तिकः ।
एष धर्मः समासेन ज्ञेयः स्त्रीपुंसयोः परः ॥ ९/१०१ ॥

अर्थात्:- स्त्री र पुरुषको मुख्य धर्मको बारेमा संक्षिप्त वर्णन गरेर भन्नु परेमा यो हो कि पतिपत्नी दुवैले अफ्नो प्राणरहेसम्ममा कहिल्यै पनि व्याभिचार गर्नु त के व्याभिचारको बारेमा सोच्नुपनि हुँदैन । अर्थात् पति(पत्नीले कुनै प्रकारको धर्म उल्लंघन र धर्मको विच्छेद गर्नुहुँदैन यही विधान नै संक्षेपमा स्त्री(पुरुषको बीचको धर्मको मुख्य साररुप हो ।

तथा नित्यं यतेयातां स्त्रीपुंसौ तु कृतक्रियौ ।
यथा नाभीचरेतां तौ वियुक्तावितरेतरम् ॥ ९/१०२ ॥

अर्थात्:- विवाह संस्कार भएपछि वर र वधूबाट पतिपत्नी बनेको दुवैले कहिल्यै पनि यस्तो प्रयास गर्नुहुँदैन कि दुवैमा कुनै विरोध उत्पन्न होस् । पतिपत्नीदुवैले सधैं सहकार्यको रुपमा कार्य गर्नुपर्छ कहिल्यै पनि एक अर्काको वियुक्त भएर एक अपासमा परस्पर विरुद्ध आचरणपनि गर्नुहुँदैन ।

एष स्त्रीपुंसयोरुक्तो धर्मो वो रतिसंहितः ।
आपद्यपत्यप्राप्तिश्च दायधर्म निबोधत ॥ ९/१०३ ॥

अर्थात्:- यहाँ सम्ममा स्त्री पुरुषको धर्म, पारस्परिक प्रेम विधि सहितको विधानको वर्णन भयो, आपत्तिकालमा विकल्पको रुपमा नियोगद्वारा सन्तानलाई उत्पन्न गराउने आपातकाल विधिपनि भयो, अब पैतृक सम्पत्तिको अंशलाई कसरी विभाग गर्ने हो त्यसको नियम र विधान के हो त्यस बारेमा विस्तृत सुन्नुहोस् ।

ऊर्ध्व पितुश्च मातुश्च समेत्य भ्रातरःसम्म् ।
भजेरन्पैतृकं रिक्थं अनीशास्ते हि जीवतोः ॥ ९/१०४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- पैतृक सम्पत्तिमा मातापिता जबसम्म जीवित छन् तबसम्म पैतृक सम्पत्तिमा उसको सन्तति कसैकोपनि अधिकार हुँदैन, मातापिताको मृत्यु पश्चात् माता, पिताले प्राप्त सम्पत्तिलाई भाग गरिन्छ ।

(समयको कलमः- तात्पर्य यो हो कि पिताको मृत्युपछि मात्र पिताको सम्पत्तिमा पुत्रको र माताको मृत्युपछि माताको सम्पत्तिमा पुत्रको अधिकार हुन्छ तर जीवित अवस्थामा जो जसको सम्पत्ति हो त्यही त्यसको नै हकको अधिकारी हो)

ज्येष्ठ एव तु गृह्णीयात्पित्र्यं धनं अशेषतः ।
शेषास्तं उपजीवेयुर्यथैव पितरं तथा ॥ ९/१०५ ॥

अर्थात्:- माता, पिताको मृत्यु पश्चात् सम्पूर्ण पैतृक सम्पत्तिलाई घरको जेष्ठ पुत्रले सम्हाल्नुपर्छ जेष्ठ पुत्रले अर्थात् ठूलो दाइले शेषसबै भाइलाई सम्हाल्नु पर्छ त्यो अवस्थामा जेष्ठपुत्रलाई अन्य भाइले पिताको स्थामा राखेरसम्मना गर्नुपर्छ भने जेष्ठपुत्रले बाँकीसबै भाइको लागि सम्पूर्ण आवश्यक्ताको वस्तुलाई उपलब्ध गराएर भाइलाई सम्हाल्नु पर्छ ।

ज्येष्ठेन जातमात्रेण पुत्री भवति मानवः ।
पितककणां अनृणश्चैव स तस्मात्सर्व अर्हति ॥ ९/१०६ ॥

अर्थात्:- माता, पिताकोकोखबाट ज्येष्ठ भएर पुत्र उत्पन्न भएको हुनाले मातापितालाई पुत्रवान् मनुष्य भनिन्छ र आफ्नो वंशको वृद्धि गरेको हुनाले पिताको जिम्मेदारीलाई पुरा गरेको हुनाले आफ्नो पितृले छोडेको वंशवृद्धि गर्ने विधान पितृऋणबाट मुक्त हुन्छ, जेष्ठ हुनाले जेष्ठपुत्रले नै माता, पिताको मृत्युपश्चात् मातापिता बनेर सम्पत्ति र अफ्नो मातापिताको सन्ततीलाई सम्हालनु यो जेष्ठपुत्रको कर्तव्य हुनआउँछ ।

यस्मिन्नृणं संनयति येन चानन्त्यं अश्नुते ।
स एव धर्मजः पुत्रः कामजानितरान्विदुः ॥ ९/१०७ ॥

अर्थात्:- पुत्रको जन्मको कारण अफ्नो पितृले आफूलाई सुम्पेको जिम्मेदारी पुरा गरेको हुनाले पितृले दिएको वचनको ऋणबाट मुक्त हुनपुग्छ अफ्नो कर्तव्यलाई पुरा गरेको हुनाले पिताको वंश वृद्धिगर्नु पर्नेछ भनेर दिएको वचनबाट पुरा मुक्ति पाउनेछ । जेष्ठपुत्र पूर्ण धर्मपुत्र हुन्छ भने अन्य सबै पुत्र कामाज पुत्र हुन्छन् ।

पितेव पालयेत्पूत्रान्ज्येष्ठो भ्रातककण् यवीयसः ।
पुत्रवच्चापि वर्तेरन्ज्येष्ठे भ्रातरि धर्मतः ॥ ९/१०८ ॥

अर्थात्:- माता, पिताको मृत्यु पश्चात् जेष्ठपुत्र अर्थात् जेष्ठ दाइले अन्य भाइलाई यसरी पालन पोषण गर्नुपर्छ कि जसरी मातापिताले अफ्नो सन्ततिको लागि पालनपोषण गर्नुहुन्छ ठीक त्यही तरिकाले कार्य गर्नुपर्छ कसैलाई पनि दुःख या कठिनाई दिनुहुँदैन र सानो भाइहरूले पनि अफ्नो ठुलो दाजुलाई पिता जस्तैसम्मान र जेष्ठदाइले पनि सानो भाइलाई अफ्नो पुत्र जस्तै माया गरेर सम्हालनु पर्छ यस्तो मातापिताको धर्मको कार्यलाई सम्पन्न गर्ने हुनाले जेष्ठपुत्रलाई धर्म पुत्र र अन्यलाई कमाज पुत्र भनिएको हो ।

ज्येष्ठः कुलं वर्धयति विनाशयति वा पुनः ।
ज्येष्ठः पूज्यतमो लोके ज्येष्ठः सद्भिरगर्हितः ॥ ९/१०९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- जेष्ठ पुत्रले नै पहिले कुलको वृद्धि र उन्नति गरेको हुन्छ र जेष्ठपुत्रले नै कुलको नाश गरेको हुन्छ किनकि घरको जेष्ठको आचरणलाई परिवारको अन्य सदस्यले ग्रहण गरेका हुन्छन्, त्यसैले माता, पिताले जेष्ठपुत्रलाई पूर्ण संस्कारले सम्पन्न बनाउनुपर्छ अघि जन्मिने सन्ततीलाई जेष्ठ पुत्रले नै संस्कार सम्पन्न बनाउनेछ ।

यो ज्येष्ठो ज्येष्ठवृत्तिः स्यान्मातेव स पितेव सः ।
अज्येष्ठवृत्तिर्यस्तु स्यात्स संपूज्यस्तु बन्धुवत् ॥ ९/११० ॥

अर्थात्:- मतापिताको मृत्यु पश्चात् जेष्ठपुत्रले यदि अफ्नो भाइ, दिदीबहिनीसँग माता, पिताको आचरण गरेमा त्यो मातापिता जस्तै आदरणीय र सम्मानित हुन्छ र सबैले जेष्ठकोसम्मना गर्नुपर्छ । परन्तु व्यक्ति घरको र कुलको जेष्ठ भए पनि अदरणीयको कार्य गरेको हुँदैन त्यस्तो व्यक्ति घरको जेष्ठ भए पनि अन्य बन्धु जस्तै समानसम्मान पाउन योग्य हुन्छ, माता-पिताको समान हैन तर उमेरमा जेष्ठ भने रहेको हुनाले सम्मानित भने हुन्छ ।

एवं सह वसेयुर्वा पृथग्वा धर्मकाम्यया ।
पृथग्विवर्धते धर्मस्तस्माद्धर्म्या पृथक्क्रिया ॥ ९/१११ ॥

अर्थात्:- माता, पिताको मृत्यु पश्चात् पैतृक सम्पत्तिलाई भागबण्डा नगरी सबै सन्तति तथा भाइ साथमा रहेर कार्य गर्नुपर्छ । यदि यस्तो गर्नको लागि सम्भाव नभएमा सबै भाइ मिलेर धर्मको विधानअनुसार पैतृक सम्पत्तिलाई विभाग गरेर अलग(अलग रहनु उत्तम हुनेछ । सबै भाइ साथमा रहनाले घरमा कुनै प्रकोप अर्थात् कलह झगड़ा हुन्छ भने सबै पृथक्-पृथक् रहनु उत्तम हुन्छ भने सबै भाइले धर्मको गुणलाई कहिल्यै पनि त्याग गर्नुहुँदैन, अतः पैतृक सम्पत्ति अर्थात् पैतृक धन(विभागको कर्मगर्दा धर्मानुकूल हुनुपर्छ धर्मको नियमलाई त्याग गर्नुहुँदैन ।

ज्येष्ठस्य विंश उद्धारः सर्वद्रव्याच्च यद्वरम् ।
ततोऽर्ध मध्यमस्य स्यात्तुरीयं तु यवीयसः ॥ ९/११२ ॥

अर्थात्:- माता, पिताको मृत्युपछि माता, पिताको सन्तति अर्थात् भाइ बहिनी दिदीलाई आवश्यक्ताको सम्पूर्ण वस्तुलाई उपलब्ध गराउने जेष्ठ पुत्रलाई अन्य भाइले मिलेर सम्पत्तिमा उत्तम द्रव्य र सम्पत्तिको बीसौ भाग जेष्ट पुत्रलाई दिनुपर्छ, त्यसको आधा भाग अर्थात् चालीसौ भाग माहिलो भाइलाई र त्यसको आधा भाग त्यसभन्दा सानोलाई, शेष बचेको सम्पत्ति तथा धन सबै भाइमा समान भागमा बड्नुपर्छ ।

(समयको कलमः- १) अनुशीलन 'उद्धार' पैतृक सम्पत्तिमा पृथक पृथक गरी गरिने भागबण्डालाई भनिन्छ जुन उद्धारको केही 'मात्रमा लाभ जेष्ठपुत्रलाई अर्थात् जेष्ठदाइलाई प्राप्त हुन्छ ।

२) पितृको सम्पत्ति कसरी भागबण्डा गरिन्छ र उद्धार जेष्ठ पुत्रलाई कसरी दिनमिल्छ भन्ने विधानलाई बुझ्नको लागि साधारण तरिका उदाहरण प्रस्तुत छ मान्नुहोस् कि पैतृक सम्पत्ति ९६० रुपैया छ । त्यस रुपैयामा जेष्ठ दाइको लागि बिसौ भाग अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९६०÷२०=४८ रुपैया जेष्ठपुत्रको लागि 'उद्धार' निस्किए हुन्छ त्यो 'उद्धार' जेष्ठपुत्र अर्थात् जेष्ठदाइले प्राप्त गर्छ, महिलो भाइले चालीसौ भाग अर्थात् ९६०÷४०=२४ रुपैया हुनेछ, त्यसपछिको सबै भाइलाई ४० औ भाग र सबैभन्दा सानोभाइ अर्थात् कान्छोभाइको लागि जम्मा ८० औ भाग अर्थात् ९६०÷८०=१२ रुपैया हुन्छ यो रुपैया 'उद्धार'को विधान हो। 'उद्धार'को धनलाई बाँडेपछिलाई शेष बचेको धनलाई सबै भाइमा बरावर गरेर बड्नु पर्छ, क्रमशः गरेर यो सम्पत्तिलाई अलग गरेर राख्नु पर्छ ४८+२४+१२=८४, ९६०-८४=८७६ हुन्छ ८७६ लाई जति भाइ छन् ती सबैलाई यो बचेको सम्पत्तिलाई बरावर गरेर बाड्नुपर्छ। जस्तैः-तीन भाइ भएमा ८७६÷३=२९२ यस प्रकारले जेष्ठलाई २९२+४०=३४० महिलो भाइलाई २९२+२४=३१६ र त्यसपछिको सबै भाइलाई यही उद्धार र सबै भन्दासानो भाइलाई भने २९२=१२=३०४ रुपैया मात्र प्राप्त हुन्छ)।

ज्येष्ठश्चैव कनिष्ठश्च संहरेतां यथोदितम्।
येऽन्ये ज्येष्ठकनिष्ठाभ्यां तेषां स्यान्मध्यमं धनम्॥ ९/११३॥

अर्थात्:- अंशवण्डामा जेष्ठको लागि र सबैभन्दा सानोको लागिमाथि भनिएको जस्तै, यथोक्त प्रकारले क्रमशः २०सौं देखि ८०औं भगलाई उद्धारको हिस्सालाई लिनुपर्छ भने बिचका सबैलाई अला अलग गरेर चलीसौ हिस्सालाई मिलाएर ग्रहण गर्नुपर्छ।

सर्वेषां धनजातानां आददीतार्य्यं अग्रजः।
यच्च सातिशयं किं चिद्दशतश्चाप्नुयाद्वरम्॥ ९/११४॥

अर्थात्:- पुरा परिवारलाई राम्रोसँग रेखदेख गरेको हुनाले घरको जेष्ठभ्रातालाई सबै भाइ मिलेर उत्तम सम्पत्तिमा धन श्रेष्ठ हुन्छ, पशुमा श्रेस्ठ एक गाईलाई जेष्ठ दाजुलाई दिनुपर्छ तर तीनभाइ भएमा गाई दशसम्म हुनुपर्छ त्यस भन्दाकम भएमा मिलाएर सहकार्य गरेर दिनुपर्छ परन्तु यस प्रकारको विभाग यस समयको लागि मात्र हो जब जेष्ठभ्राताले अफ्नो सबै कनिष्ठा भ्राताको लागि आवश्यक्ता पर्ने सम्पूर्ण समान उपलब्ध गराएको गुणवान् र आफ्नो धर्मलाई सधैं धारण गरेको भएमा मात्र यो नियम लागु हुन्छ।

उद्धारो न दशस्वस्ति संपन्नानां स्वकर्मसु।
यत्किं चिदेव देयं तु ज्यायसे मानवर्धनम्॥ ९/११५॥

अर्थात्:- दश गाईमा एक गाई या अन्य सम्पत्ति केही उत्तम वस्तु उद्धार भनेर प्रदान गर्ने नियम त्यस्तो जेष्ठ भ्राताको लागि हो जसले अफ्नो जेष्ठ हुनाले पिताको सम्पूर्ण कर्तव्य लाई पूरागरेको हुन्छ। जेष्ठको कर्तव्य पुरा नगर्ने भ्राताको लागि भने यो उद्धारको नियम लागु हुँदैन।

एवं समुद्धृतोद्धारे समानंशान्प्रकल्पयेत्।
उद्धारेऽनुद्धृते त्वेषां इयं स्यादंशकल्पना॥ ९/११६॥

अर्थात्:- यस प्रकारले सबै भाइमा यथा विधि तरिकाले अंशको भागवण्डा गरेरपनि धनको केही भाग बचेको खण्डमा, बचेको जति धन छ त्यो सबैलाई धनलाई सबै भाइमा बरावर हिसाबले बाड्नुपर्छ। परन्तु यदि पूर्वोक्त प्रकारले सबै भाइले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो आफ्नो अंश नलिएको भएमा बचेको धनको विभाग पनि त्यही व्यवस्थाको नियसमको प्रकारले भागवण्डा गर्नुपर्छ जुन विधानलाई माथि अघि भनिएको छ ।

एकाधिकं हरेज्ज्येष्ठः पुत्रोऽध्यर्धं ततोऽनुजः ।
अंशं अंशं यवीयांस इति धर्मो व्यवस्थितः ॥ ९/११७ ॥

अर्थात्:- स्थिर सम्पत्ति जमिनलाई भाइभाइमा अंशवण्डा गर्दा जेष्ठ भाइलाई दुई भाग धेरै भाग जमिनको भागलाई ग्रहण गर्नुपर्छ त्यस पछिको भाइले डेढ़ भाग र सानो भाइले एक(एक भाग सम्पत्तिलाई ग्रहण गर्नुपर्छ यही नै धर्मको व्यवस्था व्यावस्था हो यो नियम पनि जेष्ठ दाइले पिताको मृत्युपछि पिताको कर्तब्यलाई पुरा गरेको भएमा मात्र यो नियम लागु हुन्छ अन्यथा हैन ।

स्वेभ्योऽशेभ्यस्तु कन्याभ्यः प्रदद्युर्भ्रातरः पृथक् ।
स्वात्स्वादंशाच्चतुर्भागं पतिताः स्युरदित्सवः ॥ ९/११८ ॥

अर्थात्:- भाइ भाइमा अंशको भाग त विभाजन भयो तर सबै भाइहरूले अफ्नो धन र सम्पत्तिबाट पृथक्-पृथक् रुपमा आफ्नो आफ्नो भागबाट अफ्नो अविवाहित दिदी तथा बहिनीको अंशकोलागि अफ्नो धन र सम्पत्तिबाट चौथाई चौथाई भाग धन तथा सम्पत्तिलाई अलग अलग गर्नुपर्छ । माता, पिता नभएको दाइ तथा भाइले आफ्नो भागमा परेको पैतृक सम्पत्तिको अंशको चौथाई भाग यदि अविवाहित दिदी तथा बहिनीलाई नदिएको खण्डमा त्यस्तो कार्यगर्ने दाइ तथा भाइलाई पापी तथा पतित भनिन्छ ।

अजाविकं सैकशफं न जातु विषमं भजेत् ।
अजाविकं तु विषमं ज्येष्ठस्यैव विधीयते ॥ ९/११९ ॥

अर्थात्:- बाखो, भेडा, घोडा आदि जनावर बरावर गरेर बाडनु पर्छ र बाढेर विषम अर्थात् बिजोर बचेको भएमा त्यस्तो पशुलाई बेच्नुहुँदैन पशुलाई बेचेर पैसा अर्जनगर्ने बारेमा सोच्नुपनि हुँदैन र विषम भएको जनावरलाई भाइ भाइमा विभाजित पनि गर्नुहुँदैन त्यस विषम भएको पशुलाई सबै भाइले मिलेर जेष्ठ भ्रातालाई दिनुपर्छ किनकि पितापछि पिताको कार्यको जिम्मेदारी जेष्ठ भ्राताले नै निभाएको हुन्छ ।

यवीयाञ् ज्येष्ठभार्यायां पुत्रं उत्पादयेद्यदि ।
समस्तत्र विभागः स्यादिति धर्मो व्यवस्थितः ॥ ९/१२० ॥

अर्थात्:- जेष्ठ भ्राताको आफ्नो कारण उसको आफ्नो नै पुत्र छैन तर नियोग या अन्य विधिबाट कुनै पुत्रलाई राखेको भएमा र पछि फेरि आफूबाट अफ्नो वीर्यबाट नै सन्तानले जन्मलियो भने यो अवस्थामा दुवै पुत्रको लागि अंश समान हुनेछ दुवै पुत्र अंशको समान अधिकारी हुन् दुवैको बरावर अंश लाग्नेछ ।

उपसर्जनं प्रधानस्य धर्मतो नोपपद्यते ।
पिता प्रधानं प्रजने तस्माद्धर्मेण तं भजेत् ॥ ९/१२१ ॥

अर्थात्:- आफूभन्दा ठूलो र ज्ञान कर्ममा जो श्रेस्ठ छ त्यसको सधैंसम्मान गर्नुपर्छ, सधैं श्रेष्ठलाई अपमान गर्नु धर्म विरुद्धको आचरण हो, उत्पत्तिमा माता, पिता प्रधान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(श्रेष्ठ) हो । अतः माता, पिताको सेवा-शुश्रुषा सधैं गर्नुपर्छ । माता, पिताको मृत्युपछि आफूलाई रेखदेख गर्ने दाइको या अफ्नो अभिभावकको सेवा गर्नुपर्छ ।

पुत्रः कनिष्ठो ज्येष्ठायां कनिष्ठायां च पूर्वजः ।
कथं तत्र विभागः स्यादिति चेत्संशयो भवेत् ॥ ९/१२२ ॥

अर्थात्:- एक या दुई स्त्री हो तथा लघु स्त्रीबाट प्रथम पुत्र उत्पन्न भयो र ज्येष्ठ पत्नीको सन्तान पछि जन्मे र कान्छी पत्नीबाट पहिले जेष्ठ पुत्र जन्म्यो भने यो अवस्थामा के गर्नुपर्छ यसको लागि घरमा भएको पशुको अंश कसरी विभक्त गर्ने त ? यस्तो संशयात्मक अवस्थामा न्याय विधानको बारेमा सुन्नुहोस् ।

एकं वृषभं उद्धारं संहरेत स पूर्वजः ।
ततोऽपरे ज्येष्ठवृषास्तदूनानां स्वमातृतः ॥ ९/१२३ ॥

अर्थात्:- विवाहद्वारा जो जेष्ठ पुत्रपछि उत्पन्न भएको हो त्यसलाई एक गोरुको मूल्य जति छ त्यस बराबरको सम्पत्ति राख्नुपर्छ यदि सम्पत्ति नराखी गोरुलाई लिन चाहेमा एक गोरु उद्धार राख्नुपर्छ बाँकी शेषहरूले उत्तम गोरुदेखि सानोसम्मलाई सहमतिमा मिलाएर लिनुपर्छ । जेष्ठताको निर्णय गर्दा माताको विवाहको क्रमलाई नै हेर्नुपर्छ चाहे एक समयमा नै दुई माताकोकोखबाट एक पटकमा दुई पुत्र जन्मेको नै किन नहोस् । यसरी पुत्रको ज्येष्ठतालाई जान्नुपर्छ ।

ज्येष्ठस्तु जातो ज्येष्ठायां हरेद्वृषभषोडशाः ।
ततः स्वमातृतः शेषा भजेरन्निति धारणा ॥ ९/१२४ ॥

अर्थात्:- विवाहित ज्येष्ठ पत्नीमा प्रथम पुत्र उत्पन्न भएको भएमा गाईको सङ्ख्या हेरेर अधिकतम १५ गाई र एक गोरु उद्धार राख्नुपर्छ त्यस्तै तदनन्तर लघु पत्नीमा जो पुत्र उत्पन्न भएका छन् ती सबैलाई माताको विवाह क्रमले ज्येष्ठतालाई राखेर बचेको जति गाई छन् सबैलाई बराबरको भाग गर्नुपर्छ ।

सदृशस्त्रीषु जातानां पुत्राणां अविशेषतः ।
न मातृतो ज्यैष्ठ्यं अस्ति जन्मतो ज्यैष्ठ्यं उच्यते ॥ ९/१२५ ॥

अर्थात्:- संस्कार संस्कृति रीतिरिवाज र आफ्नो कर्मको मार्गको आधारमा चुनेको, आफ्नो गुण र कर्मको आधारलाई स्वीकार गरेर गुण र कर्मलाई स्वीकार गरेर विवाह गरेको र संस्कार अनुसार विहे गरेका पत्निबाट जति सन्तान भए पनि माताको विवाहाको गणनाको आधारमा जेष्ठ हुँदैन जन्मको गणना अनुसार नै जेष्ठ हुन्छ एक पटकमा जुम्ल्या नै जन्मेको किन नहोस् जन्मको समयको आधारमा नै जेष्ठ हुन्छ ।

जन्मज्येष्ठेन चाह्वानं सुब्रह्मण्यास्वपि स्मृतम् ।
यमयोश्चैव गर्भेषु जन्मतो ज्येष्ठता स्मृता ॥ ९/१२६ ॥

अर्थात्:- कुनै पनि शुभ कार्यको लागि या यज्ञको स्थानमा यद्यपि वीर्यबाट स्थापित भएको गर्भमा रहेको अवस्थाको आधारमा जेष्ठतालाई हेरिदैन यज्ञ या अन्य कुनै पनि शुभकार्यमा गर्भस्थाबाट पहिले जो जन्मलियो त्यही बालक नै प्रथम उत्पन्न होस् जन्ममा जो पहिले जन्मिने छ त्यही नै ज्येष्ठ हो गर्भ रहेको समयको आधारमाकोहि जेष्ठ हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपुत्रोऽनेन विधिना सुतां कुर्वीत पुत्रीकाम् ।
यदपत्यं भवेदस्यां तन्मम स्यात्स्वधाकरम् ॥ ९/१२७ ॥

अर्थात्:- विवाहित दम्पत्तिको कुनै पुत्र छैन कन्या मात्र छन् भने कन्यादानको समयमा जामाता (छोरी ज्वाइ)सँग गोप्य रुपले यस्तो परामर्श गर्नुपर्छ कि हाम्रो घरमाकोहि पुत्र छैन यो मेरो पुत्री मेरो पुत्रीका हो यो पूत्रीकाकोकोखबाट जो प्रथम सन्तानको जन्म हुनेछ त्यो नै हाम्रो पुत्र हुनेछ र यही नै पुत्रको हाम्रोलागि श्राद्धकर्म हुनेछ । यस प्रकारले पुत्रीको पुत्रलाई अफ्नो पुत्रको स्थानलाई बुझ्नु पर्छ। जुन दम्पत्तिको पुत्र हुँदैन पुत्री मात्र हुन्छ त्यसको लागि अफ्नो पुत्रीको पुत्र अर्थात् नातीलाई अफ्नो पुत्रीका बनाउनु पर्छ जसको पुत्र छैनन त्यस मनुष्यले यस प्रकारले 'पुत्रीका' बनाउनु पर्छ यसको जो पुत्र हुनेछ त्यो पुत्र मेरो वंशलाई चलाउने हुनेछ । (समयको कलमः-जुन दम्पत्तिको पुत्र छैन पुत्रीमात्र भएको खण्डमा पुत्रीनै पुत्र या अफ्नो उत्तराधिकारी दिने पुत्र जस्तै बनाउनु पर्छ आफ्नो पुत्रीको कन्यादान गरेपछि गोप्य रुपले वरलाई भन्नुपर्छ मेरो पुत्र छैन मेरो पुत्रीबाट जो पहिलो पुत्रको जन्म हुनेछ त्यो मेरो सम्पत्तिको उत्तराधिकारी हुनेछ, पुत्रीका त्यस पुत्रीलाई भनिन्छ जुन पुत्रीको सन्तानलाई पुत्रीको पिताले अफ्नो धन सम्पत्तिको उत्तराधिकारी बनाएको हुन्छ पुत्रीका बनाउने शर्त विवाहको समयमा गरिन्छ)

अनेन तु विधानेन पुरा चक्रेऽथ पुत्रीकाः ।
विवृद्ध्यर्थं स्ववंशस्य स्वयं दक्षः प्रजापतिः ॥ ९/१२८ ॥

अर्थात्:- सृष्टिको आदिमा सन्तानमा पुत्रलाई मात्र आफ्नो उत्तराधिकारी हैन पुत्रीलाई पनि पुत्रीका बनाएर अफ्नो उत्तराधिकारी हुनेछ भनेर नै सर्वज्ञानी प्रजाको मालिक ईश्वर अर्थात् प्रजापतीले यस प्रकारले कन्यालाई पुत्रको स्थान सम्पन्न बनाउनु भएको हो ।

ददौ स दश धर्माय कश्यपाय त्रयोदश ।
सोमाय राज्ञे सत्कृत्य प्रीतात्मा सपतिवंशतिम् ॥ ९/१२९ ॥

अर्थात्:- कल्पको आदिमा सधैं प्रसन्नता रहने र सबैको आदरसम्मानको लागि दक्ष, सृष्टिको सम्पूर्ण विधानलाई पूर्ण धारण गरेर र कार्य कुशलताले सम्पन्न भएको कन्यालाई अमैथुनिक विधिबाट इश्वरले अर्थात् प्रजापतिद्वारा जम्मा चालीस कन्याकोसँग्रह गर्नुभयो जुन सङ्ग्रहमा २७ र १३ समूह बन्यो १३ केवल नाम धारक बने भने ती सबैको नाम मात्र रह्यो २७ कन्याको नामबाट नै सृष्टि चक्रमा अफ्नो कार्यलाई सञ्चालन गरे । जुन अहिलेको मनुष्यको समूह नै त्यही कन्याकोसँग्रह हो

यथैवात्मा तथा पुत्रः पुत्रेण दुहिता समा ।
तस्यां आत्मनि तिष्ठन्त्यां कथं अन्यो धनं हरेत् ॥ ९/१३० ॥

अर्थात्:- जस्तै मनुष्यको शरीरको लागि आत्मा होस् त्यस्तै मनुष्यको लागि पुत्र होस् पुत्र जस्तै पुत्री पनि त्यस्तै हो मनुष्यको लागि अर्थात् पुत्र र पुत्री एक हो दुवैमा कुनै फरक हैन, आत्मारुपी पुत्री हुँदाहुँदै पिताको उत्तराधिकारी र पिताको सम्पत्तिको अधिकारी अरु हुनसक्दैन अर्थात् पुत्र नभएको खण्डमा पिताको सम्पत्तिको मालिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिताको उत्तराधिकारी पुत्री नै हो पिताको धनको ऊत्तराधिकारी पुत्री नै हुन्छ ।

मातुस्तु यौतकं यत्स्यात्कुमारीभाग एव सः ।
दौहित्र एव च हरेदपुत्रस्याखिलं धनम् ॥ ९/१३१ ॥

अर्थात्:- कन्याको विवाह भएको छैन कन्याको विवाह हुनु भन्दा पूर्व नै कन्याकी माता अर्थात् आमाको मृत्यु भएमा मातासँग जति धन सम्पत्ति थियो त्यस धनसम्पत्तिको उत्तराधिकारी कन्याको नै हुन्छस ठीक त्यस्तै आफ्नो पुत्र नभएमा या पुत्र रहित पिताको मृत्यु भएमा र पुत्रीमात्र भएमा पिताको जति पनि सम्पत्ति छ जति पनि धन छ त्यो सबै सम्पत्ति पुत्रीकाको नै हुन्छ अर्थात् यदि पिता पुत्ररहित अवस्थामा मृत्युलाई प्राप्त गरेको खण्डमा पिताको सम्पूर्ण धन सम्पत्तिको उत्तराधिकारी उसको दौहित्र अर्थात् पुत्रीकाको पुत्र अर्थात् पुत्रीको छोरा अर्थात् नातीले ग्रहण गर्नुपर्छ ।

दौहित्रो ह्यखिलं रिक्थं अपुत्रस्य पितुर्हरेत् ।
स एव दद्याद्द्वौ पिण्डौ पित्रे मातामहाय च ॥ ९/१३२ ॥

अर्थात्:- जो मनुष्यको पुत्र छैन, पुत्री मात्र छन्, भने त्यस मनुष्यको सम्पूर्ण सम्पत्तिको उत्तराधिकारी र हजुरवुवाको एकमात्र पुत्र हो र पिताको कोही दिदी बहिनी नभएको खण्डमा र वुवाको आफू मात्र सन्तान भएको तर आफ्नो पनि पुत्र नभएमा अर्थात् केवल पुत्रीमात्र भएमा र पुत्रीको पुत्र अर्थात् पौत्र अर्थात् छोरीको छोरा भएमा हजुरवुवाको सम्पत्ति र हजुरवुवाको वुवाको सम्पत्तिको उत्तराधिकारी पनि छोराको छोरि अर्थात् नातिनिको पुत्र नै आमाको हजुरवुवा (जिजुवुवा)को सम्पत्तिको पनि उत्तराधिकारी हुन्छ अर्थात् मवालीको तीन पुस्ताको सम्पत्ति तथा धनको ऊत्तराधिकारी पुत्रीकाको पुत्र हुन्छ ।

पौत्रदौहित्रयोर्लोके न विशेषोऽस्ति धर्मतः ।
तयोर्हि मातापितरौ संभूतौ तस्य देहतः ॥ ९/१३३ ॥

अर्थात्:- संसारमा छोरीको छोरा अर्थात् पौत्र अर्थात् नाति र छोराको छोरा दौहित्र अर्थात् नातिमा कोही विशेष अन्तर हुँदैन । दुवै एक समान हुन् किनकि दुवैको माता र पिताको उत्पत्ति एकैवाट नै भएको हो । केवल एकको जन्म माताको घरमा भएको हो अर्काको जन्म पिताको घरमा भएको हो केवल घरमात्र फरक हो ।

पुत्रीकायां कृतायां तु यदि पुत्रोऽनुजायते ।
समस्तत्र विभागः स्याज्ज्येष्ठता नास्ति हि स्त्रीयाः ॥ ९/१३४ ॥

अर्थात्:- पुत्रहीन मनुष्यले पुत्रीका लागि ग्रहण गरे पश्चात् अर्थात् पुत्रीको पुत्रलाई अफ्नो सम्पत्तिको उत्तराधिकारी मानेपछि पुत्रहीन मनुष्यको पुत्र उत्पन्न भएको खण्डमा त्यस मनुष्यको धन सम्पत्तिलाई पुत्र र पुत्रीका दुवैको लागि समान भागवण्डा गरेर दिनुपर्छ, पिताको सम्पत्तिमा पुत्रीका र पुत्र दुवैको समान भाग लाग्छ पुत्रीकाको कुनै ज्येष्ठ भाग अर्थात् उद्धार लाग्दैन पुत्रीको लागि उद्धारको नियम लागु हुँदैन ।

अपुत्रायां मृतायां तु पुत्रीकायां कथं चन ।
धनं तत्पुत्रीकाभर्ता हरेतैवाविचारयन् ॥ ९/१३५ ॥

अर्थात्:- पिताको पुत्र थिएन पुत्री थिए, पुत्रीलाई पुत्रीका बनायो पुत्रीकाको कोखबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै सन्तानले जन्मनै लिएन निःसन्तान पुत्रीकाको मृत्यु भएमा पुत्रीकाको जतिपनि धन सम्पत्ति छ त्यस धन सम्पत्तिको अधिकारी उसको पति नै हुन्छ अर्थात् र पुत्रीकाको पति नै त्यस धन सम्पत्तिको उत्तराधिकारी हो ।

अकृता वा कृता वापि यं विन्देत्सदृशात्सुतम् ।
पौत्री मातामहस्तेन दद्यात्पिण्डं हरेद्धनम् ॥ ९/१३६ ॥

अर्थात्:- पुत्रीलाई पुत्रीका बनाएपछि फेरि हो या हैन मानेको होस् या नमानेको होस् परन्तु त्यस पुत्रीले अफ्नो गुण र कर्म सदृश अफ्नो संस्कार अनुसार विवाह गरेर समान गुण र कर्मको पतिबाट पुत्र उत्पन्न भएको भएमा त्यस पुत्रले पुत्रविहीन हजुरबुवाको धन सम्पत्तिको उत्तराधिकारी हुन्छ र हजुरबुवाको जीवनभर पुरा सेवा र मृत्युपछि पनि उहाँको अन्त्येष्टि संस्कार गर्नुपर्छ पुत्र विहीन हजुरबुवाको मृत्युपछि पौत्रले अन्त्येष्टि संस्कार सम्पन्न गरेको हुनाले पुत्रविहीन हजुरबुवालाई पुत्रवान नै भनिन्छ ।

पुत्रेण लोकाञ् जयति पौत्रेणानन्त्यं अश्नुते ।
अथ पुत्रस्य पौत्रेण ब्रध्नस्याप्नोति विष्टपम् ॥ ९/१३७ ॥

अर्थात्:- माता-पितालाई जवानीमा होस् या वृद्धावस्थामा कुनै पनि समयमा माता, पितालाई उत्पन्न हुने दुःख पीडाबाट रक्षा गर्ने मात्र हैंन संरक्षण गर्ने र आवश्यक्ताको सम्पूर्ण सुविधा उपलब्ध गराउने र मृत्युपछि शरीरलाई नरमेध यज्ञद्वारा अन्त्येष्टि संस्कार गर्ने सन्तानलाई मात्र पुत्र भनिन्छ जुन पुत्रको कारण यो सृष्टि छ अर्थता स्वयंभू ईश्वरले यस्तो सन्तानलाई वेदमा 'पुत्र' संज्ञाबाट अभिहित गर्नुभएको छ ।

पुंनाम्नो नरकाद्यस्मात्त्रायते पितरं सुतः ।
तस्मात्पुत्र इति प्रोक्तः स्वयं एव स्वयंभुवा ॥ ९/१३८ ॥

अर्थात्:- सन्तानमा पुत्र नहुनाले माता, पितालाई 'पुन' नामको मनमा पीड़ा उत्पन्न हुन्छ, मनमा 'पुन' नामको दुःख पीड़ाबाट पुत्रले मात्र सधैंमुक्त दिन्छ अर्थात् बुढेसकालमा साथमाकोहि नहुने पुत्री अरुको घरमा लक्ष्मी बनेर जानेछ अफ्नो घरमा लक्ष्मी बनेरकोहि आउनेछैन भन्ने चिन्तालाई 'पून' भनिन्छ, पुत्र भएमा अब हाम्रो घरमा अघि पुत्री होस् या नहोस् पुत्रको कारण लक्ष्मी त आउँछन् नै भन्ने मनमा अतिनै सन्तोष प्राप्त हुन्छस त्यसैले माता, पिताको मनमा उत्पन्न हुने 'पुन' नामको पीडाबाट पितालाई 'त्रायते' अर्थात् पर लगाउने वा बचाउने हुनाले नै त्यस्तो सन्तानलाई ईश्वरले अर्थात् ब्रह्मले 'पुत्र' भनेर भन्नु भनेर ज्ञान दिनुभयो । (समयको कलमः- पुत्री लक्ष्मी हो, लक्ष्मीलाई कन्यादान गरेर अरुलाई सुपुर्द गरिन्छ, किनकि लक्ष्मी जन्मेको घरमा हैन, अरुको घरलाई स्वर्ग बनाउन आएको हो, त्यसैले लक्ष्मीले अन्यको घरलाई सुशोभित गरेको हुन्छ जन्मेको घरलाई केही समय मात्र सुशोभित गरे पनि दीर्घकालीन भने हैन पुत्रको कारणले अन्यको घरमा जन्मेको लक्ष्मी आफ्नो घरमा आएको हुन्छ किनकि पुत्रीलाई कन्यादान गरेर अफ्नो लक्ष्मीलाई अरुलाई प्रदान गरिन्छ भने पुत्रले कन्यादानमा अरुको घरको लक्ष्मीलाई प्राप्त गरेर अफ्नो घरमा लिएर आउँछ यी दुवैको बीचमा मातापितालाई अफ्नो घरमा आउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मीको चिन्ता हुन्छ जाने लक्ष्मीको बारेमा मातापितालाई पूर्ण थाहा हुन्छ किनकि आफ्नो पुत्रीलाई आफूले संस्कार दिएको हो तर पुत्रनै नभएपछि लक्ष्मी गयो तर आउने लक्ष्मीकोहिछैन भन्ने मातापितामा जो चिन्ता रहेको हुन्छ त्यही चिन्तालाई 'पुन' भनिन्छ त्यही चिन्तामा रहने मातापितालाई यदि आफ्नो घरबाट लक्ष्मी गएपनि अरुको घरको लक्ष्मीलाई नै लिएर आउने पुत्र त छ नि मलाई केको चिन्ता भन्ने पीड़ाबाट मुक्तहुने हुनाले अर्थात् 'पुन' नामको दुःखबाट माता, पितालाई मुक्तिदिने हुनाले सन्तानलाई पुत्र भनिएको हो)

पौत्रदौहित्रयोर्लोके विशेषो नोपपद्यते ।
दौहित्रोऽपि ह्यमुत्रैनं संतारयति पौत्रवत् ॥ ९/१३९ ॥

अर्थात्:- जन्म मरणको चक्रमा रहेको यसलोकमा पुत्रको पुत्र र पुत्रीको पुत्रमा कुनै फरक हुँदैन जसरी पौत्रले पनि लक्ष्मीलाई लिएर नै आउँछ भने नातीले पनि लक्ष्मीलाई नै आफ्नो घरमा लिएर आउँछ पौत्र तथा नातीले दुःखको कुनै पनि अवस्थालाई हजुरबुवा हजुरआमालाई प्राप्त गर्न दिदैन त्यसैले यी दुवैमा कुनै फरक छैन ।

मातुः प्रथमतः पिण्डं निर्वपेत्पुत्रीकासुतः ।
द्वितीयं तु पितुस्तस्यास्तृतीयं तत्पितुः पितुः ॥ ९/१४० ॥

अर्थात्:- पौत्रपनि अफ्नो पिण्ड अर्थात् अंश हो त्यही हुनाले सम्पत्तिमा जसको पुत्र नभएको अवस्थामा पुत्रीका बनाएको अवस्थामा पुत्रीकाको सन्तानमा पुत्र भएमा पुत्रीकाको पुत्रको पहिलो अधिकार उसको माताको सम्पत्तिमा हुन्छ, दोश्रो अधिकार माताको पिताको सम्पत्तिमा अधिकार हुन्छ भने तेस्रो अधिकार भने अफ्नो पिताको हुन्छ ।

उपपन्नो गुणैः सर्वैः पुत्रो यस्य तु दत्त्रिमः ।
स हरेतैव तद्रिक्थं संप्राप्तोऽप्यन्यगोत्रतः ॥ ९/१४१ ॥

अर्थात्:- यदि कुनै पनि पति पत्नीले अफ्नो सन्तान नभएर कुनै परिचित या अपरिचित बालक पुत्र मान्यो र अफ्नो सन्तान स्वीकार गरेँभने त्यस बालकलाई 'दत्तक पुत्र' भनिन्छ काख लिएको पुत्रको आचरण र सबै गुण र कर्म श्रेष्ठ र पुत्रगुणले सम्पन्न छ चाहे त्यो पुत्र अन्य कुनै परिचित वंशको होस् या अपरिचित वंशको होस् यदि त्यसलाई दत्तक पुत्र स्वीकार गरेको खण्डमा या काख लिएको खण्डमा जसले काख लियो त्यस मातापिताको मृत्युपछि धन तथा सम्पत्तिको उत्तराधिकारी दत्तक पुत्र नै हुन्छ ।

गोत्ररिक्थे जनयितुर्न हरेद्दत्त्रिमः क्व चित् ।
गोत्ररिक्थानुगः पिण्डो व्यपैति ददतः स्वधा ॥ ९/१४२ ॥

अर्थात्:- जुन पुत्र अहिले दत्तक पुत्र बनेर बसेको हुन्छ त्यसले जसले जन्मायो त्यस कुलको वंश भए पनि अब उसको गोत्र गुण कर्मको विधान जन्मदिने पिताको नियमअनुसार हुँदैन अब जसको लागि दत्तक पुत्रको रुपमा रहेको छ त्यही नै उसको मातापिता हो त्यही मातापिताको गोत्र हुन्छ गुण र कर्मको निर्धारण पनि यही माता,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिताले नै गर्नुपर्छ, दत्तक पुत्रलाई जन्माएको मातापिताको सम्पत्तिको कुनै अधिकार हुँदैन अहिले जोसँग दत्तक पुत्रको रुपमा रहेको छ त्यही उसको मातापिता हो त्यही मातापिताको पिण्ड अर्थात् अंश हो र मातापिताको मृत्यु पछिपनि अन्त्येष्टि दत्तक पुत्रले नै गर्नुपर्छ तर दत्तक पुत्रले जन्मदिएको माता, पिताको अन्त्येष्टि भने गर्नुहुँदैन ।

अनियुक्तासुतश्चैव पुत्रीण्याप्तश्च देवरात् ।
उभौ तौ नार्हतो भागं जारजातककामजौ ॥ ९/१४३ ॥

अर्थात्:- पतिको मृत्यु भएको अवस्थामा विधवा स्त्रीले मातापिता आदिको आज्ञा विनानै अवैध नियोग गरेर पुत्रलाई उत्पन्न गरेको हुन्छ भने र त्यस्तै पुत्र जीवित छ तर पुत्रको अनुमति विनानै पुत्रको अनुपस्थितिमा सासु ससुरा आदिले आज्ञा दिएर वुहारीले नियोग गरेर पुत्रलाई जन्म दिएको खण्डमा उसको अहिलेको पतिको सम्पत्तिमा त्यसरी जन्मिएको र जन्माएको सन्तानलाई अहिले जुन स्त्रीको पति छ त्यसको सम्पत्तिको अंशको भागी हुँदैन किनकि यी दुवै पुत्र अवैध नियोगवाट उत्पन्न भएको हो ।

(समयको कलमः- यस्तो अवैध तथा नीच नियोगको कार्य पत्नीलाई आफ्नो पतिमा सन्तान जन्माउने क्षमता छैन भन्ने ज्ञान भएमा अर्थात् आफ्नो पतिमा सन्तानलाई जन्मदिन शक्ति वीर्यको शक्ति कम भएको ज्ञान भएमा या पत्नीले पतीलाई अतिनै प्यार गर्छ तर निःसन्तान भएको हुनाले पतीलाई चिन्तित देखेर आफ्नो पतीलाई खुशी राख्नको लागिपनि नारीले यस्तो नियोगको कार्यगर्छ भने मातापितालाई आफ्नो यो पुत्रमा सन्तान वनाउने क्षमता छैन या नपुंसक हो भन्ने ज्ञान भएको भएमा आफ्नो पुत्रलाई खुशी राख्नको लागि सासु ससुराले अफ्नो वुहारीलाई यस्तो नियोगको कार्य गराउने गरेका हुन्छन् माता, पिताले छोरालाई खुशी बनाउनको लागि वुहारी मार्फत यो नियोगको विधि गराउने गरेका हुन्छन् यो दुवै गलत विधि हो)

नियुक्तायां अपि पुमान्नार्या जातोऽविधानतः ।
नैवार्हः पैतृकं रिक्थं पतितोत्पादितो हि सः ॥ ९/१४४ ॥

अर्थात्:- पतीलाई खुशी राख्न पत्नीले गुप्तरुपले नियोग गरेर या सासू ससुर आदिको आज्ञा अनुसार नै वुहारी या कुनै पनि स्त्री अनुचित तरिका तथा रीतीले नियोग गरेर यदि पुत्रलाई उत्पन्न गरेमा त्यो पुत्रले अहिले जुन माताको पति हो त्यसको सम्पत्तिको उत्तराधिकारी हुँदैन किनकि यस्तो पुत्र धर्म अनुसार र विधि अनुसार नभएर पतित आचरणवाट र पतित आज्ञावाट जन्मको हुनाले अफ्नो माताको पतिको सम्पत्तिको अधिकारी हैन ।

(समयको कलमः- पतित त्यसलाई भनिन्छ जो अफ्नो धर्म, अफ्नो संस्कार, अफ्नो विधान र नियमलाई त्याग गरेर व्यभिचार गर्नेगर्छन व्याभिचारको कारण वर्णको विधानवाट च्युत हुन्छ । किनकि जुन स्त्रीको साथमा नियोग भयो र त्यो नियोगवाट सन्तानको जन्म भएमा पनि त्यो नियोग नियमसँगत नहुनाले अहिलेको पिताको सम्पत्तिको उत्तराधिकारी हुँदैन किनकि नियोग यस्तोमा हुँदैन यस्तो अवस्थामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियोग गर्नु अवैध हो अवैध कार्यबाट जन्मको सन्तानलाई अवैध या नाजायज भनिन्छ)

हरेत्तत्र नियुक्तायां जातः पुत्रो यथाउरसः ।
क्षेत्रिकस्य तु तद्बीजं धर्मतः प्रसवश्च सः ॥ ९/१४५ ॥

अर्थात्:- नियम र विधानमा रहेर भएको नियोगबाट जन्मेको क्षेत्रज पुत्रले औरस पुत्र बराबरको नै आफ्नो पिताको सम्पत्तिको उत्तराधिकारी हो किनकि त्यो सन्तान लक्ष्मीको रजको बीज हो यहाँ बीज हैन लक्ष्मी अर्थात् रज मुख्य हो र नियोग भएको हो र क्षेत्रज पुत्र हो त क्षेत्रज पुत्र नियोगको विधानअनुसार र धर्म अनुसार आफ्नो सन्तान भएको हो ।

धनं यो बिभृयाद्भ्रातुर्मृतस्य स्त्रीयं एव च ।
सोऽपत्यं भ्रातुरुत्पाद्य दद्यात्तस्यैव तद्धनम् ॥ ९/१४६ ॥

अर्थात्:- दाइ या भाइको मृत्यु भएमा दाइ या भाइको धन सम्पत्तिलाई भाइ या दाइले सुरक्षा गर्नुपर्छ दाइ या भाइको सन्तान नभएको खण्डमा दाइ या भाइको पत्नीले अगल बाटो खोजेमा जान सक्नेछ तर यदि भाइ या दाइको पत्नीले नियोग गरेर सन्तानको जन्मदिएर मृतपतिको घरमा नै बस्न चाहेको खण्डमा नियोग विधिद्वारा सन्तानलाई जन्म दिएर त्यो क्षेत्रज पुत्र जवान नभएसम्म उसको सम्पूर्ण खर्च घरको सासु ससुरले र घरको अन्य सदस्यले पुरा गर्नुपर्छ र क्षेत्रज पुत्र जवान भएपछि मृतक दाइ या भाइको सम्पूर्ण सम्पत्ति क्षेत्रज पुत्रलाई दिनुपर्छ किनकि त्यो सम्पत्ति उसको नै हो ।

या नियुक्तान्यतः पुत्रं देवराद्वाप्यवाप्नुयात् ।
तं कामजं अरिक्थीयं वृथोत्पन्नं प्रचक्षते ॥ ९/१४७ ॥

अर्थात्:- पतिको मृत्यु भयो मृतक पतिबाट कुनै सन्तानको जन्म भएको छैन स्त्रीले अलग बाटो स्वीकार नगरी त्यही घरमा बस्न चाहेमा स्वतन्त्र रहनेछ यदि नियोगको विधिद्वारा नभई परपुरुषसँग व्याभिचार गरेर कुनै पनि सन्तानको जन्मदिएमा त्यस्तो सन्तान अवैध सन्तान हो भन्ने बुझ्नुपर्छ त्यस्तो अवैध सन्तानले मृत पतिको सम्पत्तिको कुनै पनि उत्तराधिकारी हुँदैन किनकि त्यो सन्तानको जन्म विधिपूर्वक र नियम सङ्गत तरिकाले भएको हैन व्याभिचारको विधिबाट भएको हो ।

एतद्विधानं विज्ञेयं विभागस्यैकयोनीषु ।
वह्वीषु चैकजातानां नानास्त्रीषु निबोधत ॥ ९/१४८ ॥

अर्थात्:- यदिकोहि पुरुषले अपने सदृश गुण र कर्मको आधरमा वर्णलाई धारण गरेको स्त्रीलाई विवाह गरेको खण्डमा त्यसको लागि अंश विभागको विधि उपरोक्त कथानुसार गर्नुपर्छ । यदि भिन्न(भिन्न वर्ण र गुण, कर्म स्वभाव नमिलेको तर बास्नाको कारण जुन विवाहा गरेको स्त्रीबाट सन्तान उत्पन्न भएको खण्डमा पैतृक सम्पत्ति तथा धनलाई निम्नलिखित रीतीले विभाग गर्नुपर्छ ।

ब्राह्मणस्यानुपूर्व्येण चतस्रस्तु यदि स्त्रीयः ।
तासां पुत्रेषु जातेषु विभागोऽयं विधिः स्मृतः ॥ ९/१४९ ॥

अर्थात्:- ब्राह्मण कुलमा जन्मिएको सन्तानले आफ्नो गुण र कर्मको आधारमा या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अलग तरिकाले चार वर्णको कुलमा जन्मिएको स्त्रीसँग विहे गरेमा ती अलग अलग वर्णको कुलको स्त्रीबाट जन्मेका सन्तानको आफ्नो गुण र कर्मको आधारमा ती सबैलाई सन्तानको पिताको सम्पत्तिको अंश भाग कसरी गर्ने भन्नेवारेमा भन्नेछु। (समयको कलमः-यो श्लोक अनुसार कुनै पनि एक वर्णको कुलमा जन्मिएको पुरुषले अफ्नो गुण र कर्मको आधारमा कुनै पनि अन्य वर्णको कुलमा जन्मिएको कन्यासँग विहे गर्न सकिने विधानलाई निर्देशन गरेकोछ तर यहाँ जन्मको कुरा गरेको छैन केवल गुण र कर्म भनिएको छ)

कीनाशो गोवृषो यानं अलङ्कारश्च वेश्म च।
विप्रस्याउद्धारिकं देयं एकांशश्च प्रधानतः ॥ ९/१५० ॥

अर्थात्:- अलग अलग वर्णको कुलमा जन्मेको पत्नीवाट जन्मेको सन्तानलाई त्यस सन्तानको नै गुण र कर्मको आधारमा प्रत्येक सन्तानलाई 'उद्धार'को विधि अनुसार सम्पत्ति दिनुपर्छ यदि आफ्नो जुन जुन सन्तानले कर्मको आधारमा ब्राह्मणवर्णलाई धारण गरेको हुन्छ ती सम्पूर्ण सन्तानलाई प्रत्येक द्रव्यवाट उत्तम घोड़ा, गोरु, रथ आदि सवारी, उत्तम आभूषण वा वस्त्र आदिमा जुन द्रव्य तथा वस्तु सर्वोत्तम हो त्यसलाई 'उद्धार' दिनुपर्छ र बाँकी बचेको द्रव्य पशुलाई निम्नलिखित विधिले सबै सन्तानमा विभक्त गर्नुपर्छ

त्र्यंशं दायाद्धरेद्विप्रो द्वावंशौ क्षत्रीयासुतः।
वैश्याजः सार्ध एवांशं अंशं शुद्रासुतो हरेत् ॥ ९/१५१ ॥

अर्थात्:- ब्राह्मण वर्णको कर्मगर्ने पुत्र जेष्ठ भएमाको त्यस पुत्रको लागि 'उद्धार' अरु वर्णको पुत्रलाई दिइनेभन्दा तीन भाग धेरै दिनुपर्छ, क्षत्रीय वर्णको कर्मगर्ने पुत्र जेष्ठ भएमा त्यस पुत्रको लागि 'उद्धार' अरुलाई दिइने 'उद्धार' भन्दा दुई भाग धेरै दिनुपर्छ, वैश्य वर्णको कर्मगर्ने पुत्र जेष्ठ भएमा त्यस पुत्रको लागि अरुलाई दिइने ' उद्धार' भन्दा डेढ़ भाग धेरै दिनुपर्छ र शुद्र वर्णको कर्मगर्ने पुत्र जेष्ठ भएमा त्यस पुत्रको अरुलाई दिइने उद्धारभन्दा एक भाग धेरै सम्पत्ति दिने व्यावस्था गर्नुपर्छ।

सर्व वा रिक्थजातं तद्दशधा परिकल्प्य च।
धर्म्य विभागं कुर्वीत विधिनानेन धर्मवित् ॥ ९/१५२ ॥

अर्थात्:- धर्मज्ञाता व्यक्तिले तल भनिएको नियमअनुसार पिताको सम्पूर्ण सम्पत्तिलाई जम्मा दश भागमा जम्मा गरेर द्रव्य, धनलाई अलग अलग विभाजन गरेर निम्न अंशवण्डाको विभाजन गर्नुपर्छ छलकपटको लागि हैन धर्मको नियमअनुसार गर्नुपर्छ।

चतुरोऽंशान्हरेद्विप्रस्त्रीनंशान्क्षत्रीयासुतः।
वैश्यापुत्रो हरेद्द्वयंशं अंशं शुद्रासुतो हरेत् ॥ ९/१५३ ॥

अर्थात्:- ज्ञानी पिताले अफ्नो सन्तानलाई अंश दिदा पनि कर्मको आधारमा अंशको विभाजन गर्नुपर्छ ब्रह्मण वर्णको कर्मलाई गर्ने पुत्रलाई चार भाग, क्षत्रीयवर्णको कर्मगर्ने पुत्रलाई तीन भाग, वैश्यवर्णको कर्मगर्ने पुत्रलाई दुई भाग र शुद्र वर्णको कर्मगर्ने पुत्रलाई एक भाग सम्पत्तिलाई दिनुपर्छ।

(समयको कलमः- ब्राह्मण वर्णको कर्मगर्ने मनुष्यले केवल ज्ञानदिने हुनाले ज्ञानदिने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्म गरँपनि ज्ञान दिएको भनेर कुनै शुल्क लीन पाउदैन, ब्राह्मण वर्णले राजा र राज्यबाट कुनै किसीमको अर्थिक सहयोग लिनको अधिकारी हुँदैन, राज्यको तर्फबाट व्यक्तिगत खर्चको लागि कुनै पैसा लीनपनि पाउदैन यज्ञगर्ने र यज्ञ गराउने कार्यगर्ने हुनाले यज्ञ गराएको भनेर यज्ञबाट पैसा लिने अधिकार हुँदैन या यज्ञ गराएर कुनै शुल्क लिने अधिकार ब्राह्मण वर्णलाई हुँदैन त्यसैले ब्राह्मण वर्णलाई धारण गरेको पुत्रलाई पिताले अफ्नो परिवारलाई पालन पोषण गर्नको लागि अलीधेरै सम्पत्ति दिनुपर्छ, क्षत्रीय वर्णले रक्षा सम्बन्धित कार्यगर्ने हुनाले त्यस कार्य गरेपछि शुल्क या तलब लीन पाउछ यो क्षत्रीय वर्णको अधिकार हो त्यही तलबबाट अफ्नो परिवारलाई पालन पोषण गर्नसक्नेछ त्यसैले अंशमा ब्राह्मण वर्णको कर्मगर्ने पुत्रलाई भन्दा आधामात्र सम्पत्ति भए पनि तलबलाई सञ्चित गरेर अफ्नो जीविकोपार्जन उत्तम तरिकाले गर्न सक्नेछ, वैश्य वर्णको कर्मगर्ने पुत्रले व्यापार सञ्चार वस्तुलाई लिनुदिनु समान वेचबिखन गर्न पाउनेछस समानको लेनदेन गरेर व्याजलीन व्याजदिन सक्नेछ यसबाट उसको परिवारको जीविकोपार्जन उत्तम तरिकाले सञ्चालन गर्नसक्नेछ। शुद्र वर्णको कर्मगर्नेको सम्पूर्ण खर्च राजाले उठाउँने हुनाले शुद्रवर्णलाई धारण गरेको पुत्रको सम्पूर्ण खर्च राजाको सहयोगबाट पुराहुन्छ त्यही हुनाले शुद्र वर्णलाई धारण गरेको पुत्रलाई सम्पत्तिको त्यति धेरै आवश्यक्ता नै पर्दैन)।

यद्यपि स्यात्तु सत्पुत्रोऽप्यसत्पुत्रोऽपि वा भवेत्।
नाधिकं दशमाद्दद्याच्छुद्रापुत्राय धर्मतः ॥ ९/१५४ ॥

अर्थात्:- आफ्नो सन्तानमा ब्राह्मण वर्णलाई धारण गर्न पुत्र नै नभए पनि जुन ब्राह्मण वर्णको अंशको भाग छ त्यो अंश अलग अलग राख्नुपर्छ, क्षत्रीयवर्ण, वैश्यवर्णको कर्मगर्ने पुत्रलाई उसको भगलाई दिनुपर्छ तर शुद्र वर्णको कार्यगर्ने पुत्रलाई उसको जतिपनि अधिकार छ त्यही नै दिनुपर्छ अधिक अंश दिनुहुँदैन किनकि त्यही उसको अधिकार हो र ब्राह्मण वर्णको कार्यगर्नेकोहि सन्तानको जन्म नभएमा पिताले त्यसको अंश कुनै गुरुकुलमा दिनुपर्छ।

ब्राह्मणक्षत्रीयविशां शुद्रापुत्रो न रिक्थभाक्।
यदेवास्य पिता दद्यात्तदेवास्य धनं भवेत् ॥ ९/१५५ ॥

अर्थात्:- आफ्नो सन्तानमा ब्राह्मण वर्ण, क्षत्रीय वर्ण र वैश्यवर्णको कर्मगर्ने कोहि पुत्र नभएको खण्डमा पिताले आफ्नो सम्पत्तिलाई दसभाग लगाएर शुद्रवर्णको कर्मगर्ने पुत्रको अंशमा जति भाग पर्छ त्यति भागमात्र त्यस पुत्रलाई दिनुपर्छ शुद्रवर्णको पुत्रलाई अनावश्यक सम्पत्तिको आवश्यक्ता हुँदैन पिताको अंशमा जतिपनि आउँछ त्यही उसको हो र शुद्रवर्णको कर्म गर्नेको वाँकी सबै खर्च राजाले नै लिनुपर्छ।

समवर्णासु वा जाताः सर्वे पुत्रा द्विजन्मनाम्।
उद्धारं ज्यायसे दत्त्वा भजेरन्नितरेसम्म् ॥ ९/१५६ ॥

अर्थात्:- कुनै पनि पत्नीबाट जन्मेको सन्तान द्विज बनेको खण्डमा ब्राह्मण वर्णको पुत्र उत्पन्न नभएमा ब्राह्मण वर्णको सम्पत्ति गुरुकुलमा दान दिनुपर्छ, क्षत्रीय वर्ण र वैश्यवर्णको पुत्रले शुद्र वर्णको कर्मगर्ने पुत्र नभएमा त्यो सम्पत्तिलाई भने भाग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नसक्नेछन् भने एक पुत्र भयो ब्राह्मण वर्णको भएमा पिताको पुरा सम्पत्तिलाई धारण गर्नेलाई सक्नेछ पुत्र सबै शुद्रवर्णको मात्र भएमा ब्राह्मण वर्णको जुन सम्पत्तिको भाग हुन्छ त्यसलाई अलग गरेर सबैलाई समान भाग दिनुपर्छ भने सबै पुत्रले अलग अलग वर्णलाई धारण गरेमामाथि भनिएको १०-६-४-२को अनुपातमा पिताको अंशको भाग गर्नुपर्छ यदि सबै पुत्रले ब्राह्मण वर्णलाई धारण गरेमा समान अंश लगाउनु त्यस्तै सबै पुत्र क्षत्रीय वर्णको तथा सबै पुत्र वैश्य वर्णको बनेमा ती सबैले पिताको अंश बराबर तरिकाले प्राप्त गर्नेछन् ।

शुद्रस्य तु सवर्णैव नान्या भार्या विधीयते ।
तस्यां जाताः समांशाः स्युर्यदि पुत्रशतं भवेत् ॥ ९/१५७ ॥

अर्थात्:- पिताले आफ्नो शुद्रवर्णलाई धारण गरेको पुत्रको विवाह गर्दा शुद्रवर्णको कुलको कन्यालाई नै खोज्नुपर्छ जुन पुत्रले जुन वर्णलाई धारण गरेको हुन्छ त्यस पुत्रको लागि त्यही वर्ण धारण गरेको कुलको कन्यासँग विहे गराउनु उत्तम हुन्छ किनकि दुवैले आफ्नो कर्मलाई राम्रोसँग धारण गर्नेछन् । विवाहगर्दा गुण र कर्ममा विभाजन भएमा त्यस्तो विवाह उत्तम विवाहामा परिणत नहुन सक्छ र हुँदैनपनि ।

पुत्रान्द्वादश यानाह नककणां स्वायंभुवो मनुः ।
तेषां षड्बन्धुदायादाः षडदायादबान्धवाः ॥ ९/१५८ ॥

अर्थात्:- सृष्टिको विधानमा जम्मा बाह्र प्रकारका पुत्र रहेका छन् ती पुत्रमा जन्म अनुसार र परम्परा अनुसारको विधानअनुसार पुत्र मानिएको छ, बाह्र प्रकारको पुत्रमा पहिले भनिएको ६ प्रकारको पुत्रलाई दायाद अर्थात् बान्धव भनिन्छ जुन पुत्र पिताको अंशको भागी हुन्छ भने अन्य ६ प्रकारको पुत्र प्रतिकूल पुत्र हो, ती ६ किसीमको पुत्र न बान्धव हो र न पैतृक सम्पत्तिको भागी नै हुन्छ ।

औरसः क्षेत्रजश्चैव दत्तः कृत्रिम एव च ।
गूढोत्पन्नोऽपविद्धश्च दायादा बान्धवाश्च षट् ॥ ९/१५९ ॥

अर्थात्:- बाह्र किसीमको पुत्र यी हुनः-

१) औरस २) क्षेपज ३) दत्तक
४) कृत्रिम ५) गूढ़ोत्पन्न ६) आपावद्ध,

यी छ किसिमको पुत्रलाई बान्धव वा दायाद भनिन्छ पिताकों सम्पत्तिको अधिकारी हुन् ।

कानीनश्च सहोढश्च क्रीतः पौनर्भवस्तथा ।
स्वयंदत्तश्च शौद्रश्च षडदायादबान्धवाः ॥ ९/१६० ॥

अर्थात्:- त्यस्तै ६ प्रकारको पुत्र प्रतिकूल पुत्र हुन् जो पुत्रको किसिम निम्न छन् यी सबै पुत्र अबैध पुत्र हुन् संस्कार विरुद्ध जन्मिएका हुन् ।

१) कानीन २) सहोढ़ ३) क्रीत ४) पौनर्भव
५) स्वयमदत्त ६) शौद्र

यी किसिमको पुत्रलाई प्रतिकूल पुत्र भनिन्छ यी सबै पुत्रलाई अदायाद बन्ध भनिन्छ जसलाई पैतृक धन वा सम्पत्तिको कुनै अधिकारी अर्थात् भागी नै हुँदैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यादृशं फलं आप्नोति कुप्लवैः संतरञ् जलम् ।
तादृशं फलं आप्नोति कुपुत्रैः संतरंस्तमः ॥ ९/१६१ ॥

अर्थात्:- निकृष्ठ डुङ्गा अर्थात् प्वाल परेको डुङ्गामा चढेर कहिल्यै पनि नदीलाई परगर्न सकिँदैन त्यस्तै नियम र विधान विरुद्धको कार्य गरेर प्राप्त गरेको पुत्रले कहिल्यै पनि मनुष्यलाई उत्तम नतीजा दिँदैन कुकर्म गरेर जन्माएको कुपुत्रबाट कहिल्यै पनि उत्तम कर्मको अपेक्षा राख्नुहुँदैन जस्तै वृद्धावस्थामा सेवा गर्नेछ भन्ने सोचपनि लिनुपनि कुविचार हुनेछ ।

यद्येकरिक्थिनौ स्यातां औरसक्षेत्रजौ सुतौ ।
यस्य यत्पैतृकं रिक्थं स तद्गृह्णीत नेतरः ॥ ९/१६२ ॥

अर्थात्:- पिताको सम्पत्तिमा दुई किसिमको पुत्रको मुख्य अधिकार हुन्छ पहिलो औरस पुत्र हो र दोश्रो क्षेत्रज पुत्र हो बाँकी सबै पुत्रलाई भने उसको जीविकोपार्जनको लागि कुनै व्यवस्था गरिदिनुपर्छ तर अफ्नो यी दुई किसीमको पुत्र हुँदाहुँदै अन्य भनिएको पुत्रको कुनै पनि सम्पत्तिको अधिकारी हुँदैन् ।

(समयको कलमः- जुन पुरुषको वीर्यमा सन्तानलाई उत्पन्न गर्ने क्षमता क्षीण भएको प्रमाणित भएमा या कुनै रोगको कारण वीर्यमा सन्तानलाई उत्पन्न गर्ने क्षमता रोग आदिको कारण क्षीण भएको खण्डमा त्यस पुरुषको अनुमति र माता, पिताको अनुमति लिएर निःसन्तान या सन्तान भएको देवरसँग नियोगको विधिद्वारा पुत्र उत्पन्न गर्यो त्यो पुत्र त्यस पिताको औरस पुत्र हो यस्तो सङ्कट कालमा उत्पन्न भएको पुत्र नियोग गर्न अनुमति दिने पति नै त्यस पुत्रको पिता हुनाले त्यसको सम्पत्तिको अधिकारी हो । नियोगद्वारा सन्तानलाई तत्पश्चात् औषधोपचार आदिद्वारा वीर्यलाई वर्द्धता भएर त्यही पति र पत्नीको बीचमा भएको संभोग भएर त्यस पुरुषले अफ्नो स्त्रीबाट अफ्नो वीर्यको शक्तिबाट फेरि पुत्रलाई उत्पन्न गर्यो भने त्यो पुत्रले आफ्नो पिताको धन तथा सम्पत्तिको उत्तराधिकारी हुन्छ यस्तो पुत्रलाई औरस पुत्र भनिन्छ, यहाँ एक नियोगको माध्यबाट एक पुत्र छ जुन पुत्रलाई क्षेत्रज पुत्र भनिन्छ अर्को आफ्नो औषधी गरेर अफ्नो वीर्यको शक्तिबाट एक पुत्रलाई जन्म दियो त्यस पुत्रलाई औरस पुत्र भयो यहाँ क्षेत्रज पुत्र र औरस पुत्र एक पत्नीको कोखबाट दुई पुत्र भयो यी दुवै पुत्रमात्र पिताको सम्पत्तिको पूर्ण उत्तराधिकारी हो । जोसँग नियोग भएको थियो त्यसको सम्पत्तिसँग क्षेत्रज पुत्रको कुनै पनि लिनुदिनु हुँदैन् ।

एक एवाउरसः पुत्रः पित्र्यस्य वसुनः प्रभुः ।
शेषाणां आनृशंस्यार्थं प्रदद्यात्तु प्रजीवनम् ॥ ९/१६३ ॥

अर्थात्:- पिताको एक मात्र पुत्र उसको सम्पत्तिको स्वामी र उत्तराधिकारी हुन्छ जुन पुत्र औरस पुत्र हो अरु जति पनि पुत्र रहेका हुन्छन् ती सबै दया तथा कृपाका भागी हुन् बाँकी जतिपनि सन्तान छन् ती सबैलाई अफ्नो जीविकोपार्जन गर्नको लागि भोजन वस्नाको लागि गृह र लगाउनको लागि वस्त्रको व्यावस्था पिता तथा भ्राताले गरिदिनु पर्छ ।

षष्ठं तु क्षेत्रजस्यांशं प्रदद्यात्पैतृकाद्धनात् ।
औरसो विभजन्दायं पित्र्यं पञ्चमं एव वा ॥ ९/१६४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- निःसन्तान भएको पुरुषले आफ्नो अनुमति दिएर र माता, पिताको अनुमति लिएर पति तथा पिता आदिको आज्ञामा क्षेत्रज सन्तानलाई उत्पन्न गरेको हो त्यसपछि फेरि औरस पुत्रको जन्म भएमा क्षेत्रजपुत्र वा औरस पुत्र लाई आफ्नो पिताको सम्पत्तिमा भागबण्डामा 'उद्धार' विना नै ६र५ भाग गरेर पिताको धनसम्पत्तिको ६ या पाँच भागमा एक भाग क्षेत्रजलाई दिनुपर्छ अर्को बचेको भाग औरस पुत्रको हुन्छ। यदि क्षेत्रज पुत्र गुणवान भएको खण्डमा ५ भाग गर्नुपर्छ यदि गुणहीन भएको खण्डमा ६ भाग गर्नुपर्छ।

औरसक्षेत्रजौ पुत्रौ पितृरिक्थस्य भागिनौ।
दशापरे तु क्रमशो गोत्ररिक्थांशभागिनः ॥ ९/१६५ ॥

अर्थात्:- क्षेत्रज पुत्र तथा औरस पुत्र यी दुवै पुत्र नै पिताको धन सम्पत्तिलाई लिने उत्तराधिकारी हुन् भने बाँकी १० भनिएको पुत्रहरू केवल गोत्रवर्धनको कारणले एक पुत्रदेखि अर्को पुत्र क्रमशः कम उत्तराधिकारी हुन्छ।

स्वक्षेत्रे संस्कृतायां तु स्वयं उत्पादयेद्धि यम्।
तं औरसं विजानीयात्पुत्रं प्राथमकल्पिकम् ॥ ९/१६६ ॥

अर्थात्:- मनुष्यको जति पनि पुत्र शब्दमा भनिएको हुन्छ स्वीकार गरिएको हुन्छ, ती सबै पुत्र केवल परम्पराको कथानको पुत्र हुन, एकमात्र सत्य र पूर्ण धर्मपालक पुत्र जो आफूले कन्यादानबाट लिएर आएको आफ्नो विवाहित पत्नीको रज र अफ्नो वीर्यको मिलनबाट जन्मिएको पुत्र नै औरस पुत्र हो त्यही औरस पुत्र नै माता, पिताको लागि उत्तम हो र कूल तथा आफ्नो वंशको लागि औरस पुत्र सम्पूर्ण पुत्रभन्दा उत्तम सर्वश्रेष्ठ पुत्र हो।

यस्तल्पजः प्रमीतस्य क्लीवस्य व्याधितस्य वा।
स्वधर्मेण नियुक्तायां स पुत्रः क्षेत्रजः स्मृतः ॥ ९/१६७ ॥

अर्थात्:- कुनै करणवश पति वीर्यविहीन भयो, क्लीव अर्थात् नपुंसक भयो, अन्य कुनै व्याधि रोगी भयो या पतिको नै मृत्यु भएमा अरु कुनै विकल्प नभएमा मृतक व्यक्तिको स्त्रीसँग शास्त्रको आज्ञानुसार नियोग विधिद्वारा सन्तानमा पुत्रलाई उत्पन्न गरिन्छ भने त्यस्तो पुत्रलाई 'क्षेत्रज पुत्र' भनिन्छ र त्यो सन्तान त्यही कुलको हुनेछन् जुन कुलको स्त्रीसँग नियोग भएको हो।

माता, पिता वा दद्यातां यं अद्भिः पुत्रं आपदि।
सदृशं प्रीतिसंयुक्तं स ज्ञेयो दत्रिमः सुतः ॥ ९/१६८ ॥

अर्थात्:- कुनै पनि आपातकालमा उसको माता, पिताले आफ्नो पुत्रलाई सङ्कल्प गरेर आफ्नो जस्तै सदृश वर्णलाई धारण गरेको पतिपत्नीलाई आफ्नोकोखबाट जन्मिएको पुत्रलाई प्रितिपूर्वक र निःसन्तान हो या सन्तान नभएको जानेर निःसन्तान पतिपत्नीलाई दिए र निःसन्तान पतिपत्नीले त्यस सन्तानलाई आफ्नो पुत्र स्वीकार गरे भने त्यस्तो सन्तानलाई 'दत्तक पुत्र' या दत्रिम पुत्र भनिन्छ।

सदृशं तु प्रकुर्याद्यं गुणदोषविचक्षणम्।
पुत्रं पुत्रगुणैर्युक्तं स विज्ञेयश्च कृत्रिमः ॥ ९/१६९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- आफ्नो गुण र कर्मको घरमा जन्मिएको पिताको वर्ण र अफ्नो वर्ण एक हो र गुण र दोषलाई जानेको र गुणलाई जानेर उत्तम गुणको कारण उसलाई उसको गुणको कारण आफ्नो पुत्र मानेको भएमा त्यस्तो पुत्रलाई 'कृत्रिम' पुत्र भनिन्छ दत्तक पुत्र र कृत्रिम पुत्रको विधान एक जस्तै हो तर दत्तक अर्थात् दत्रिम पुत्रमा माता, पिताले प्रीतिपूर्वक सङ्कल्पद्वारा दिने गर्छन् भने कृत्रिम पुत्रमा गुण र कर्मको कारण आफूले नै पुत्र बनाउनुपर्छ।

उत्पद्यते गृहे यस्तु न च ज्ञायेत कस्य सः।
स गृहे गूढ उत्पन्नस्तस्य स्याद्यस्य तल्पजः ॥ ९/१७० ॥

अर्थात्:- निःसन्तान पति पत्नीलाई कुनै कारण बस कहीँ कसैको पुत्र प्राप्तभयो त्यो पुत्र यस्तो पुत्र हो कसको हो ? कसरी यस्तो भयो ? माता, पिताको हो ? कुन स्त्रीको हो ? पिता तथा माताको बारेमा सबै अज्ञात रहेको पुत्र मिलेमा त्यसलाई आफ्नो पुत्र मानेको खण्डमा त्यो पुत्रलाई गुढोत्पन्न पुत्र भनिन्छ यस्तो 'गूढोत्पन्न' पुत्र कामवासनाको कारणले जन्मिएको हुन्छ या अवैध सम्वन्धको कारणले जन्मिएको हुन्छ।

ग्रामेष्वपि च ये के चिच्चौराणां भक्तदायकाः।
भाण्डावकाशदाश्चैव सर्वास्तानपि घातयेत् ॥ ९/१७१ ॥

अर्थात्:- राज्यमा रहने जोसुकै होस् यदि ती व्यक्ति अपराधीसँग मिलेको भएमा अपराधीलाई लुक्नको लागि सहयोग गरेको भएमा अपराधीलाई वस्नको लागि खानको लागि व्यावस्था लगायतको कुनै सहयोग गरेको खण्डमा त्यस्तो अपराधीलाई पनि राजाले अपराधको दण्डविधानअनुसार दण्डजरीवाना गर्नुपर्छ तर अपराधीले डर धम्की दिएर गाउँको सदस्यले खाना बस्नको लागि ठाउँ दिएको भएमा अपराधीलाई सहयोग गर्नेलाई भने कहि गर्नुहुँदैन किनकि कहिलेकाँही आफ्नो प्राण रक्षाको लागि अपराधी हो भन्ने थाहा हुँदाहुँदै पनि अपराधीलाई सहयोग गर्नु पनि त्यो धर्म हुन्छ।

राष्ट्रेषु रक्षाधिकृतान्सामन्तांश्चैव चोदितान्।
अभ्याघातेषु मध्यस्थान् शिष्याच्चौरानिव द्रुतम् ॥ ९/१७२ ॥

अर्थात्:- आफ्नो राज्यमा प्रजाको रक्षाको लागि र राज्यको सुरक्षाको लागि राजाद्वारा नियुक्त गरिएको र सीमा सुरक्षाको लागि नियुक्त गरिएको राजपुरुष तथा सैनिक यदि चोर ठग तथा डाँकु यी अपराधीसँग मिलेको प्रमाण प्राप्त भएको खण्डमा त्यसलाई पनि अपराध दण्डविधानको नियमअनुसार जुन कार्यको चोरसँग मिलेको हुन्छ त्यही चोरलाई दिइने दण्ड त्यस राजपुरुष तथा सैनिकलाई शीघ्रतापूर्वक दण्ड दिनुपर्छ यसमा कुनै माफी भन्ने शब्द नै हुँदैन किनकि राजपुरुष तथा सैनिकलाई अपराधको बारेमा पहिले नै ज्ञान प्राप्त हुन्छ त्यही हुनाले अपराधीलाई सहयोग गर्नेपनि अपराधी हुनाले दण्डविधान दण्डजरिवाना दिनुपर्छ।

यश्चापि धर्मसमयात्प्रच्युतो धर्मजीवनः।
दण्डेनैव तं अप्योषेत्स्वकाद्धर्माद्धि विच्युतम् ॥ ९/१७३ ॥

अर्थात्:- बैद्य हो तर बैद्यको आफ्नो धर्म हुन्छ जुन बैद्य आफ्नो धर्मबाट च्युत हुन्छ र धर्मको मार्गबाट पतित भएर अधर्मको कार्य गरेको प्रमाणित भएमा त्यस्तो धर्मच्यूत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपराधी वैद्यलाई अपराध दण्डविधानअनुसार अपराधको प्रकृतीलाई दण्डजरीवाना या प्राणदण्ड दिनुपर्छ वैद्यले गलत गरेमा राज्यको प्रजाको स्वास्थ्यमा प्रतिकूल असर पर्नेछ ।

ग्रामघाते हिताभङ्गे पथि मोषाभिदर्शने ।
शक्तितो नाभीधावन्तो निर्वास्याः सपरिच्छदाः ॥ ९/१७४ ॥

अर्थात्:- वैद्य भएर पनि प्रजाको स्वास्थ्यसँग खेलवाड़ गर्ने अवैध कार्यगर्ने यस्तो वैद्यलाई राज्यमा बस्ने अधिकार छैन यस्तो वैद्यलाई तुरुन्त राज्य निकाला गर्नुपर्छ, त्यस्तै गाउँमा लूटने, पुल आदिलाई भत्काउने, अपराधीको खोजी गर्दा अपराधीलाई लुकाउले र स्त्रीमाथि कुनै आक्रमण हुँदा वचाउन आएको राजालाई सहयोग नगर्ने गाउँको सम्पूर्ण व्यक्तिलाई तुरुन्त राज्य निकाला गर्नुपर्छ ।

राज्ञःकोशापहर्तककंश्च प्रतिकूलेषु च स्थितान् ।
घातयेद्विविधैर्दण्डैररीणां चोपजापकान् ॥ ९/१७५ ॥

अर्थात्:- राज्यकोषको सम्पत्तिलाई हिनमिना गर्ने राज्यकोकोषको सम्पत्तिलाई चोरी गर्ने, राज्यमा रजद्रोह गर्ने र उत्तम कार्यलाई विरोध गर्ने र राज्य विरोधी कार्यमा संलग्न तथा राज्यको भेद राज्यको शत्रुसँग आदान प्रदान गर्ने यी सबै एक जस्तै अपराधी सबै अपराधीलाई उसको अपराधको प्रकृतीलाई हेरेर प्राणदण्ड या आजीवन कारावासको सजाय दिनुपर्छ । यही अपराध दण्डविधानको दण्डजरीवाना हो ।

संधिं छित्त्वा तु ये चौर्य रात्रौ कुर्वन्ति तस्कराः ।
तेषां छित्त्वा नृपो हस्तौ तीक्ष्णे शूले निवेशयेत् ॥ ९/१७६ ।

अर्थात्:- रातिकालमा आएर संधिछिन्न अर्थात् नकवजनीलाई धारण गरेर चोरीगर्ने अपराध गरेमा त्यस्तो अपराधीको दाहिने हातलाई सड़कको बीचको चौराहामा सबैको सामन्ने राजाले काटिदिनु पर्छ हात कटिदिए पछि त्यस अपराधीलाई तामावाट बनेको तीक्ष्ण शूलमा बसाउनु पर्छ ।

अङ्गुलीर्ग्रन्थिभेदस्य छेदयेत्प्रथमे ग्रहे ।
द्वितीये हस्तचरणौ तृतीये वधं अर्हति ॥ ९/१७७ ॥

अर्थात्:- राज्यमा पाकेटमार गर्ने अपराधी भएमा त्यस्तो पाकेटमारलाई पहिलो पटक पाकेट मार्दैगर्दै भेटिएमा त्यस पाकेटमार अपराधीको दाहिने हातको वूढी औला नै काटिदिनु पर्छ त्यही कार्य गर्दै गर्दा दोस्रो पटक भेटियो भने त्यसको पुरा हातलाई नै काटिदिनु पर्छ तेस्रो पटक भेटिएमा फेरि एक खुट्टालाई काटिदिनु र चौथो पटकपनि पाकेट मार्दैगर्दा फेला परेमा त्यस्तो अपराधीलाई प्राणदण्ड दिनुपर्छ यहि नै अपराध दण्डविधानको दण्डजरिवान हो ।

अग्निदान्भक्तदांश्चैव तथा शस्त्रावकाशदान् ।
संनिधातककंश्च मोषस्य हन्याच्चौरं इवेश्वरः ॥ ९/१७८ ॥

अर्थात्:- राज्यमा अपराधीलाई जस जसले साथ दिन्छ अपराधीलाई अग्नि, भोजन, शस्त्र, तथा स्थान दिने र चोरी गरेको धन सम्पत्तिलाई राख्नको लागि ठाउँ दिने जोकोहि भए पनि त्यस्तो अपराधीलाई राजाले चोरलाई जस्तै दण्ड दिएर दण्डित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्छ ।

तडागभेदकं हन्यादप्सु शुद्धवधेन वा ।
यद्वापि प्रतिसंस्कुर्याद्दाप्यस्तूत्तमसाहसम् ॥ ९/१७९ ॥

अर्थात्:- स्वच्छ पानी भएको उत्तम तलाउ जुन तलाउमा जन साधारणको स्नानको लागि पशु प्राणीको पानी पिलाउनको लागि निर्माण गरिएको हो अहिले यही तलाउमा स्नान तथा पशुप्राणीलाई पानी प्राप्त भएको हुन्छ यस्तो उत्तम तलाउलाई यदि कसैले जानी जानी हानी नोक्सनी गरेमा त्यस्तो नोक्सान गर्ने जोकोहि होस् त्यो अपराधी प्राणदण्डको लायक हो प्राणदण्ड दिनुपर्छ र यदि गल्तीले गरेको भएमा त्यस व्यक्तिलाई तलाउ पहिले जस्तै तुरुन्त निर्माण गर्नुपर्ने नियमलाई स्वीकार गरेमा तलाउको नयाँ निर्माण र एक सहस्रपण दण्ड स्वरुप लिएर त्यसलाई छोड़िदिनु पर्छ ।

कोष्ठागारायुधागार देवतागारभेदकान् ।
हस्त्यश्वरथहर्तककंश्च हन्यादेवाविचारयन् ॥ ९/१८० ॥

अर्थात्:- राजकोषको गृह, शस्त्रागार, पाठशाला तथा गुरुकुललाई जसले क्षति पुर्याउँछ या भत्काई दिन्छ त्यस्तो गरेको प्रमाणित भएमा त्यस्तो अपराधीलाई राजाले तुरन्त विना कुनै सोच त्यस्तो अपराधीको वध गर्नुपर्छ

यस्तु पूर्वनिविष्टस्य तडागस्योदकं हरेत् ।
आगमं वाप्यपां भिन्द्यात्स दाप्यः पूर्वसाहसम् ॥ ९/१८१ ॥

अर्थात्:- राज्यकोकोषको लगानीमा पहिले नै निर्माण भएको जुन नहर तथा तलाउ प्रजाको हितार्थको लागि बनाईएको हो यस्तो सबैको कल्याणको लागि निर्माण गरिएको नहर तथा तलाउको पानीको बाँधलाई भत्काएमा र बाँध या नहरको पानी प्रवाहित हुने बाटोलाई बन्द गरिदिएमा त्यस्तो अपराधको कार्यगर्ने अपराधीलाई नहर तथा तलाउको निर्माण गर्नको लागि लगाउनु पर्छ र त्यस्तो अपराधीलाई अपराधको दण्डविधानअनुसार न्यूनतम २५० पण दण्डजरीवाना गर्नुपर्छ ।

समुत्सृजेद्राजमार्गे यस्त्वमेध्यं अनापदि ।
स द्वौ कार्षापणौ दद्यादमेध्यं चाशु शोधयेत् ॥ ९/१८२ ॥

अर्थात्:- जो व्यक्तिले स्वास्थ्य अवस्थामा मुख्य सड़क, सडकपेटी, खुल्ला क्षेत्रमा, सहायक बाटोमा, गल्ली गोरेटोमा र चौर मैदान आदि क्षेत्रमा मल, मुत्र आदिलाई त्याग गरेमा त्यो अपराध हो यस्तो कार्यगर्ने अपराधीलाई सरसफाइको दण्डविधानअनुसार दुई 'कार्षापण' दण्डजरिवाना गर्नुपर्छ र तुरन्त त्यस फोरोरलाई सफाइ गराउनु पर्छ ।

आपद्गतोऽथ वा वृद्धा गर्भिणी बाल एव वा ।
परिभाषणं अर्हन्ति तच्च शोध्यं इति स्थितिः ॥ ९/१८३ ॥

अर्थात्:- परन्तु यदि रोगी, वृद्धा, गर्भवती, सानो नववालक दुवै खुट्टा नभएकोले यस्तो फोरोर गरेमा ती सबैलाई सम्झाउनु पर्छ र भन्नुपर्छ सार्वजनिक ठाउँमा यस्तो कार्य कहिल्यै पनि नगर्नु भनेर बुझाउनुपर्छ र केही सक्षम भएमा त्यसलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै सफा गराउनु पर्छ यदि असक्षम छ भने कुनै कुचिकारद्वारा सफाइ गराउनु पर्छ यी सबैको लागि कुनै सहयोगीले यस्तो कार्य गराएमा त्यसलाई दण्ड हैन त्यही सहयोगिलाई तुरुन्त सफाइ गर्न लगाउनु पर्छ ।

चिकित्सकानां सर्वेषां मिथ्याप्रचरतां दमः ।
अमानुषेषु प्रथमो मानुषेषु तु मध्यमः ॥ ९/१८४ ॥

अर्थात्:- जो मनुष्यलाई पशु चिकित्सा गर्ने कुनै प्रमाणपत्र छैन पशु चिकित्साको कुनै ज्ञाननै छैन केही पशु चिकित्साको ज्ञानपनि अपूर्ण छ, कार्यमा पूर्ण ज्ञानी छैन, पशु चिकित्साको कार्यमा सक्षम छैन, तरपनि लालच या स्वार्थको लागि पशु चिकित्साकको कार्य गरेको हुन्छ भने यस्तो कार्यगर्दै गर्दैगर्दा त्यस्तो व्यक्तिलाई पहिलो पटक भेटिएमा पूर्व साहस अर्थात् सौ पण दण्ड स्वरुप दिनुपर्छ र अघि यो कार्यलाई नगर्न चेतावनी दिनुपर्छ त्यस्तै चिकित्साको ज्ञान नभएको मनुष्यले यदि मनुष्यको स्वास्थ्यको चिकित्साको कार्य पहिलो पटक गरेमा त्यस व्यक्तिलाई पाँच सय पण दण्ड दिनुपर्छ य चेतावनी दिनुपर्छ अघि यो 'कार्य नगर्नू' भनेर यदि दोस्रो पटक पनि दुवैले यही कार्य गरेको भेटिएमा नियन्त्रणमा लिएर जेलमा राख्नुपर्छ । (समयको कलमः- आयुर्वेदको ज्ञान नलिई कुनै वैद्यको सहयोग विना नै वैद्य शास्त्रलाई नै नपढी झूटो तरिकाले चिकित्सक बनेको भनेर भ्रमपार्दै अनुमति विना नै आमुक पशु प्राणीको चिकित्सा गर्ने गरेकोकोहिपनि व्यक्तिलाई पहिलो पटक यस्तो कार्य गरेको भएमा न्यूनतम १०० पण र त्यस्तै अज्ञानीले यदि मनुष्यको चिकित्सा गरेको खण्डमा त्यस्तो व्यक्तिलाई न्यूनतम ५०० पण दण्डविधानको नियमअनुसार दण्डजरीवाना गर्नुपर्छ यदि दोस्रो पटक त्यस्तै व्यक्तिले यही कार्यालाई दोहराएको खण्डमा कुनै कारण नसोधि नियन्त्रणमा लिएर जेलमा बन्दी बनाउनु पर्छ यो भनाई अहिले कति सान्दर्भिक रहेको छ आफैले विश्लेषण गर्नुपर्छ र मनुष्य जस्तै पशुलाई उपचार गर्दापनि ज्ञान भएको चिकित्सक हुनुपर्छ भन्ने विधानलाई महर्षि मनुमहाराजले भन्नुभएको छ)

संक्रमध्वजयष्टीनां प्रतिमानां च भेदकः ।
प्रतिकुर्याच्च तत्सर्व पञ्च दद्याच्छतानि च ॥ ९/१८५ ॥

अर्थात्:- नदीलाई पार गर्नको लागि बनाइएको साँघु, पुल पुलेसा, कुनै महात्माको शालिक, राष्ट्रको झण्डा, कीर्तिस्तम्भ, तथा अन्यको भक्तिस्थानलाई भत्काउने व्यक्तिलाई न्यूनतम अपराधको दण्डविधानको नियमअनुसार ५०० पण दण्डजरीवाना गर्नुपर्छ र जसले यो तोडेको हो त्यसलाई यी सबैलाई निर्माण गराउनको लागि लगाउनु पर्छ यदि यसो नगरेमा जुन साधन प्रयोग गरेर ती सबै सम्पत्तिलाई तोडेको छ त्यही साधनलाई प्रयोग गरेर त्यसको त्यही अङ्गलाई तोड्नुपर्छ जुन अङ्गको सहायता लिएर ती वस्तुलाई नष्ट गरेको थियो ।

अदूषितानां द्रव्याणां दूषणे भेदने तथा ।
मणीनां अपवेधे च दण्डः प्रथमसाहसः ॥ ९/१८६ ॥

अर्थात्:- व्यापारीले यदि उत्तम वस्तुमा खराब वस्तुको मिलावट गरेको भएमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नक्कली वस्तुलाई सक्कली भनेर बेच्ने गरेको पाइएमा र अफ्नो राज्यमा निर्माण भएको अनेक आकृतीलाई जुन आकृति मणिआदि रत्नद्वारा बनेको हुन्छ यदि यस्तो आकृतीलाई क्षतिगर्ने प्रयास मात्र गरेमा अपराध दण्डविधानको नियमअनुसार 'प्रथमसाहस' अर्थात् २५० पणलाई दण्डजरीवाना गर्नुपर्छ यदि नोक्सनी गरेको भएमा नोक्सानीको दुईगुणा क्षतिपूर्ति असुल उपर गर्नुपर्छ ।

समैर्हि विषमं यस्तु चरेद्वै मूल्यतोऽपि वा ।
समाप्नुयाद्दमं पूर्वं नरो मध्यमं एव वा ॥ ९/१८७ ॥

अर्थात्:- कुनै पनि व्यापारीले एक मूल्यको समानलाई व्यक्ति अनुसार फरक फरक मूल्य लिएर बिक्रीगर्ने गरेको पाईएमा या एक मूल्यमा दुई वस्तु एक वस्तु गुणस्तर युक्त र अर्को वस्तु गुणस्तरहिन यस्तो दुई किसीमको वस्तुलाई एक किसीमको मूल्य लिएर बिक्री गरेमा, गुणस्तरहिन वस्तुलाई गुणस्तरिय वस्तु हो भनेर झुटो बोलेर या ग्राहकलाई भ्रम पारेर बेच्ने कार्य गरेमा र मनुष्यको अनुहार या पोषक देखेर कुनै पनि वस्तुको मूल्यमा फरक फरक गर्ने गरेको भएमा विषम आचरण गर्ने व्यापारीले पहिलो पटक यस्तो कार्य गरेमा अपराधमा छलकपटको दण्डविधानअनुसार न्यूनतम प्रथमसाहस अर्थात् पूर्वासाहस २५० पण र दोस्रो पटक यो कार्य गरेको प्रमाणित भएमा मध्यम साहस अर्थात् ५०० पण र दुईभन्दा धेरै पटक गरेको प्रमाणित भएमा उसको एक महिनादेखिको अहिलेसम्ममा बिक्री भएको समानको छलकपट गरेको विषम मूल्य र असन्तुलन मूल्यको हिसाब गरेर जति छलकपट गरेर क्रय र विक्रिया गरेको हिसाब आउँछ त्यस हिसाबको गणना भन्दा दसगुणले धेरै उसलाई दण्डजरीवाना गर्नुपर्छ यदि यस्तो छलकपट गर्नेले कुनै कर नतिरेको भएमा ३५ दिन पहिलेदेखि तत्कालसम्मको समान क्रय बिक्रयाको विवरण नराखेको भएमा त्यसको व्यापारको लागि लिएको प्रमाणपत्रलाई खरेज गर्नुपर्छ र पसललाई शिलवन्द गर्नुपर्छ ।

बन्धनानि च सर्वाणि राजा मार्गे निवेशयेत् ।
दुःखिता यत्र दृश्येरन्विकृताः पापकारिणह् ॥ ९/१८८ ॥

अर्थात्:- अपराधीलाई दण्ड दिने स्थान अपराधीलाई कैद गर्ने स्थान सधैं सडकको किनारमा खुल्ला तर तारबारले बेरिएको हुनुपर्छ तर सर्वाजनिक स्थानमा हुनुपर्छ ताकि अपराधी उम्किन र भग्न नसकोस तर अपराधीलाई कस्तो दण्ड दिइन्छ कैदमा के के हुन्छ अपराधीको दुःख तथा पीडाको अवस्थालाई देखेर अन्य व्यक्तिको मनमा अपराध गर्ने कुनै ख्याल पनि नओस् ।

प्राकारस्य च भेत्तारं परिखाणां च पूरकम् ।
द्वाराणां चैव भङ्क्तारं क्षिप्रं एव प्रवासयेत् ॥ ९/१८९ ॥

अर्थात्:- सुरक्षाको लागि बनाएको दुर्ग प्राकार अर्थात् सुरक्षाको किल्लाको पर्खाल कसैले भत्काएर छिन्न भिन्न गराएमा, किल्लाको सुरक्षाको लागि बनाएको दुर्ग परिखा अर्थात् खाईलाई पुरिदिने र दुर्गको द्वारलाई नष्टगर्ने अपराधीलाई राष्ट्रीय सम्पत्तिको क्षति पुर्याएको अपराधको दण्डविधानअनुसार यस्तो अपराधीलाई राजाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वश्वहरण सहित आजीवन देशबाट नै निर्वासितको दण्डजरीवाना गर्नुपर्छ अर्थात् आजीवन देश निकाला गर्नुपर्छ ।

अभिचारेषु सर्वेषु कर्तव्यो द्विशतो दमः ।
मूलकर्मणि चानाप्तेः कृत्यासु विविधासु च ॥ ९/१९० ॥

अर्थात्:- भिन्न भिन्न प्रकारको वुटी तथा अन्य साधनको बारेमा भ्रमको कार्य गरेर धोखा दिने कार्यगर्ने अर्थात् तन्त्र मन्त्र गरेर मनुष्यलाई भ्रम पारेर जादु देखाउने नाटकको गरेर धूर्त व्यक्तिले अरुलाई हानी गरेका हुन्छन् त्यो कार्य व्याभिचार किसीमको अपराध हो यस्तो कार्यवाट मनुष्यलाई थोरै हानी पुगेमा व्याभिचार अपराध दण्डविधानअनुसार न्यूनतम सयपण दण्ड र यदि यस्तो कार्यको कारणले कुनै पनि मनुष्यको सम्पत्तिलाई धेरै क्षति भएमा क्षतिको पाँच गुणा धेरै दण्डजरिवाना असुल ऊपर र त्यस नाटकको कारण कुनै पनि मनुष्यले प्राण नै त्याग गरेको भएमा त्यस्तो त्यस्तो कार्यगर्ने व्यक्तिलाई प्राणदण्ड दिएर व्याभिचारको दण्डजरीवाना गर्नुपर्छ ।

(समयको कलमः- यस्तो कार्य अहिले कैयौँ ठाउँमा काली माताको नाममा गर्ने गरिन्छकोहि श्मशान घाटमा वसेर मरेको मनुष्यको लासलाई आफ्नो खाना मानेर खाने गरेका हुन्छन् कसैले तन्त्र साधनाको नाममा मनुष्यको नै बलिदिने गरेका हुन्छन् यी सबै कार्य व्याभिचार अन्तर्गतको अपराध हुनाले यस्तो अपराधीको अपराधलाई हेरेर प्राणदण्ड समेत दिनुपर्छ पर्छ यो राजाको राजधर्म हो भनेर महर्षि मनुमहाराजको भनाइ हो)

अवीजविक्रयी चैव बीजोत्कृष्टा तथैव च ।
मर्यादाभेदकश्चैव विकृतं प्राप्नुयाद्वधम् ॥ ९/१९१ ॥

अर्थात्:- कृषि कार्यको लागि उत्तम बीज हो राम्रो उत्पादन हुन्छ भनेर निकृष्ट बीजलाई बेचेर धोका दिने व्यापारी उत्तम बीजलाई लुकाउने र कृतिम सङ्कट उत्पन्न गरेर निकृष्ट वस्तुलाई उत्तम हो भनेर बेच्ने व्यक्ति, उत्तम र निकृष्ट बीजलाई एकत्र गरेर सम्मिश्रण गरेर बेच्ने व्यक्ति, राज नियमको प्रतिकूल कार्य गर्ने व्यक्तिलाई धोका अपराधको दण्डविधानअनुसार पहिलो पटक भएमा देब्रे हातको बूढी औला छोडेर कुनै पनि दुई औला काटिदिनु दोश्रो पटक यो कार्य गरेमा प्रमाण पत्रलाई रद्ध गर्नुपर्छ दुई पटक भन्दा धेरै गरेको भएमा दुईकान र दाहिने हात नै काटिदिएर दण्डजरीवाना गर्नुपर्छ ताकी राज्यमा अपराध गरेमा के फल मिल्छ भनेर सबैलाई जानकारी होस् ।

सर्वकण्टकपापीष्ठं हेमकारं तु पार्थिवः ।
प्रवर्तमानं अन्याये छेदयेल्लवशः क्षुरैः ॥ ९/१९२ ॥

अर्थात्:- सानो छलकपटमा धेरै र ठुलो अपराध हुने र सानो अपराधले राज्यालाई ठूलो घाटा हुने र कम गुणस्तरको वस्तु उच्चतम गुणस्तरको वस्तु भनेर बेचेर अपराध हुने ठाउँ सुन पसल नै हो किनकि थोरै सुनमा अन्य धातुको मिलावट गरेमा कम गुणस्तरको वस्तुलाई उच्चतम गुणस्तरमा बिक्री हुन्छ यदि सुनको करोवर गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हेमकार अर्थात् सुनार तथा सुवर्णकार हो यदि स्वर्णकारले यस्तो मिलावटको कार्य गरेको प्रमाणित भएमा पहिलो पटक मिलावट गरेर बिक्री गरेको भएमा समानको बास्तविक र समान मिलावट नहुँदा त्यसको मूल्य जति हो त्यस मूल्य बराबरको अपराध मिलावटको दण्डविधानअनुसार दुईसय गुणा धेरै बराबरको क्षति र दोस्रो पटक भएमा देब्रे हातको बूढ़ी औला र दुई पटकभन्दा धेरै पटक यस्तो कार्य गरेको भएमा राजाले यस्तो अपराध गर्ने अपराधीको शरीरको अङ्गलाई किस्ता किस्तामा काटेर प्राणदण्ड दिनुपर्छ ।

सीताद्रव्यापहरणे शस्त्राणां औषधस्य च ।
कालं आसाद्य कार्य च राजा दण्डं प्रकल्पयेत् ॥ ९/१९३ ॥

अर्थात्:- कृषि कार्यमा प्रयोगहुने साधना जस्तै हालो, कुटोकोदालो र फरूवा आदि कृषिको शस्त्र हुन् यी शस्त्रको निश्चित मूल्यभन्दा धेरै मूल्य निर्धारण गर्ने व्यापारीलाई र कृषिमा प्रयोग हुने औषधी आदिलाई निश्चित मूल्यभन्दा धेरै मूल्यमा बेच्ने व्यापारीलाई र यी शस्त्रलाई चोरी गर्ने चोरलाई चोरी अपराधको दण्डविधानअनुसार अवस्था, समय, देश, परिस्थिति र चोरको कर्मलाई विश्लेषण गरेर यस्तो अपराधीलाई न्यूनतम पचास पणसम्मको दण्डजरीवाना गर्नुपर्छ ।

स्वाम्यमात्यौ पुरं राष्ट्रंकोशदण्डौ सुहृत्तथा ।
सप्त प्रकृतयो ह्येताः सप्ताङ्गं राज्यं उच्यते ॥ ९/१९४ ॥

अर्थात्:- राज्य सात राजधर्मको प्रकृतिबाट सञ्चालन हुन्छ यी सात राजप्रकृतीलाई राजा तथा राज्यको सातअङ्ग अर्थात् सप्तांग भनिन्छ सप्तांग यी हुन-

१) स्वामी अर्थात् राजा
२) मन्त्री
३) सेना तथा किल्ला
४) गाउँ अर्थात् राष्ट्र
५)कोष अर्थात् खजाना
६) दण्ड विधान अर्थात् नियम कानुन
७) मित्र

यी सात राजप्रकृति हुन् जसलाई राज्यको सात अङ्ग भनिन्छ ।

सप्तानां प्रकृतीनां तु राज्यस्यासां यथाक्रमम् ।
पूर्व पूर्व गुरुतरं जानीयाद्व्यसनं महत् ॥ ९/१९५)

अर्थात्:- राज्यको उन्नतीमा यी सातप्रकृति क्रमपूर्वक पहिले भन्दा दोस्रोको उत्तरदायित्व धेरै महत्वपूर्ण हुन्छ यदि यी राज्यको सप्तांगको पहिलो तीन कुनै एक अङ्ग व्यसनमा लिप्त भएमा राज्यलाई धेरै हानी हुन्छ। अर्थात् यदि राजा नै व्यसनी भएमा व्यसनी मन्त्रीभन्दा राजा भएमा धेरै घातक हुन्छ किनकि राजाको कारण नै नियम पालन हुन्छ र अपराध नियन्त्रण हुन्छ ।

सप्ताङ्गस्येह राज्यस्य विष्टब्धस्य त्रिदण्डवत् ।
अन्योन्यगुणवैशेष्यान्न किं चिदतिरिच्यते ॥ ९/१९६ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- सप्ताङ्गमा पहिलो तीन खुट्टामा स्थित त्रिपाउ समान सात प्रकृतिरुपी अङ्गमा स्थित रहेको राज्यको सबै अङ्गहरू आफ्नो आफ्नो विशेषताले युक्त भएर परस्पर एक अर्कोमा आश्रित हुनाले यी सप्ताङ्ग त्याग हुनसक्दैन यदि सप्तांगमा कुनै पनि एकअङ्ग कमजोर भएमा एकअङ्ग निष्क्रिय भएमा राज्य नै अपाङ्ग हुन्छ त्यसैले राजाले सबै अङ्गलाई सधैँ क्रियाशील र सक्रिय राखनुपर्छ ।

तेषु तेषु तु कृत्येषु तत्तदङ्गं विशिष्यते ।
येन यत्साध्यते कार्य तत्तस्मिन् श्रेष्ठं उच्यते ॥ ९/१९७ ॥

अर्थात्:- सप्ताङ्ग समय र परिस्थिति अनुसार प्रकृतिको अवस्थामा आफ्नो आफ्नो कार्यमा त्यो त्यहाँ त्यहाँ प्रकृति अङ्ग विशेष हुन्छ नै जो कार्य जुनप्रकृति अवस्थामा सिद्ध हुन्छ त्यहाँ त्यही र त्यसको प्रकृतीलाई श्रेष्ठ मानिन्छ, अर्थात् समयअनुसार सबै प्रकृतिको आफ्नो आफ्नो ठाउँमा श्रेष्ठता रहेको हुन्छ अतः सप्तांगमा कुनै पनि अङ्गलाई कम महत्वपूर्ण हो भनेर बुझ्नुहुँदैन यदि राजाले राज्यको अङ्गलाई यस्तो सोच राखेमा त्यो राजाको कार्य असफल हुनेछ र केही समयपछि राजाले राज्यको सुविधाबाट हात धुनुपर्ने हुन्छ त्यसैले राज्यमा सप्ताङ्ग सधैँ समान हुन् ।

चारेणोत्साहयोगेन क्रिययैव च कर्मणाम् ।
स्वशक्तिं परशक्तिं च नित्यं विद्यान्महीपतिः ॥ ९/१९८ ॥

अर्थात्:- राजाले अफ्नो 'चार' अर्थात् गुप्तचरद्वारा, उत्साहयोगद्वारा तथा भिन्न(भिन्न कर्मको क्रियाद्वार र मित्रद्वारा आफ्नो शक्ति र पराइ शक्तिको नित्य ज्ञानलाई हासिल गर्नुपर्छ अर्थात् शत्रुको उद्देश्य के हो र शत्रु पक्षको राजा कति बलवान छ र उसको सप्तांग कति क्रियाशील छ र राज्यमा कति शक्ति छ त्यो सबैलाई राजाले चारद्वारा पत्ता लगाउने कोसीस गर्नुपर्छ ।

पीडनानि च सर्वाणि व्यसनानि तथैव च ।
आरभेत ततः कार्य संचिन्त्य गुरुलाघवम् ॥ ९/२९९ ॥

अर्थात्:- राज्यको कार्यमा राज्यको उन्नतिको कार्यको पथमा प्राप्तहुने दुःख, पीडा तथा कष्ट तथा आफ्नो राज्यमा शत्रुराज्यको पक्षबाट हुने सबै प्रकारको दुर्व्यसनको प्रहारको कष्टलाई निर्मूल गर्दै अफ्नो राज्यको प्रजालाई निर्भय प्रदान गराएर राज्यको कार्यमा खुशी पूर्वक लागि रहनुपर्छ राजाले कुनै पनि कार्य राज्यको फाईदाको लागि गर्नुपर्छ र कार्यगर्दा सबैमा समभाव राख्नु पर्छ ।

आरभेतैव कर्माणि श्रान्तः श्रान्तः पुनः पुनः ।
कर्माण्यारभमाणं हि पुरुषं श्रीर्निषेवते ॥ ९/२०० ॥

अर्थात्:- निरन्तर प्रयास गर्दापनि असफल भएमा राजा आफ्नो कार्यमा निरन्तर लागिपरेको हुनुपर्छ जति पटक असफल भए पनि राजाले कहिल्यै पनि हार मान्नुहुँदैन तर असफल हुनुको कारणलाई भने विश्लेषण गरेर अघि सफल हुने प्रयास गर्नुपर्छ पटक पटक प्रयासलाई आरम्भ गर्नेले नै आफ्नो मिहिनेतद्वारा नै सम्पूर्ण सफलता मिल्नेछ सफलता अर्थात् विजयलक्ष्मी मेहनतबाट प्राप्त हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृतं त्रेतायुगं चैव द्वापरं कलिरेव च ।
राज्ञो वृत्तानि सर्वाणि राजा हि युगं उच्यते ॥ ९/२०१ ॥

अर्थात्:- राजाको अवस्थालाई युग भनिन्छ ती युग चार किसिमका हुन्छन् जसलाई सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलियुग भनिन्छ यी सबै युग भन्नु नै राजाको आचार व्यवहारको विशेषता हो राजाको शारीरको आचरण र शरीरको अवस्था हो अर्थात् राजाले राज्यलाई जस्तो युगको बनाउँछ ठीक त्यस्तै युग राज्यमा बनेको हुन्छ राजा युगम्उच्यते अर्थात् वस्तुतः राजाको कार्य तथा अवस्थालाई नै युग भनिन्छ अर्थात् राजा नै युगनिर्माता हो ।

कलिः प्रसुप्तो भवति स जाग्रद्द्वापरंयुगम् ।
कर्मस्वभ्युद्यतस्त्रेता विचरंस्तु कृतं युगम् ॥ ९/२०२ ॥

अर्थात्:- सत्ययुग, त्रेतायुग, द्वापरयुग, कलियुग यी सबै युग राजाको आचरण हुन् अर्थात् राजाको वृत्ति नै युगको अवास्थ हो त्यसैले राजालाई नै युग भनिन्छ । आफ्नो कर्मलाई पुरा गरेर राजा सुतेको अवस्था नै कलियुग हो, सुतेपछि जगृत भएको अवस्था नै द्वापरयुग हो । राजा आफ्नो कर्म अनुष्ठानमा लीन रहेको खण्डको त्यो समयलाई त्रेतायुग भनिन्छ राजाले राज्यको उन्नति प्रगति र राज्यको प्रजालाई निर्भय गराउनको लागि सूक्ष्म तरिकाले ज्ञानलाई विचार गरेर विचारसँग वुद्धिलाई मिश्रण गरेर त्यही मिश्रण गरेको ज्ञानलाई व्यवहारिक र धार्मिक छ या छैन भनेर तर्कसङ्गत आफ्नो कार्यको अवस्थालाई विश्लेषण गरेर आफ्नो कार्यलाई शुरू गरेको समयलाई सत्ययुग भनिन्छ ।

(समयको कलमः- जब राजा राज्यको कामको कारण थकित भएर सुतेको हुन्छ अर्थात् राज्यकार्यमा उपेक्षा गरेको हुन्छ त्यो समयलाई नै कलियुग भनिन्छ, कलियुगमा सुतेको राजाको निद्रा जब खुल्छ अर्थात् राजा जब जागेको हुन्छ अर्थात् राज्यको कार्यलाई साधारणतः गरेको हुन्छ तर पहिले आफ्नो हितको कार्य गरेको हुन्छ त्यो समयलाई 'द्वापरयुग' भनिन्छ, राजाले राज्य र प्रजाको हितको लागि जब कार्यलाई निरन्तर दिएर राज्यको प्रजाको कल्याणको कार्यलाई गर्नमा सधैँ उद्यत रहेकोहुन्छ राजाको मेहनतको त्यो अवस्थाको समयलाई 'त्रेतायुग' भनिन्छ, जब राजा सबैकार्यलाई तत्परतापूर्वक गरेर आफ्नो राज्यको प्रजाको अवस्था अर्थात् दुःखसुखलाई बुझ्नको लागि आफ्नो सम्पूर्ण राज्यमा राज्यको प्रजाको घर घरमा विचरण गरेको हुन्छ त्यो विचरणको समय नै 'सत्ययुग' हो । युग केवल राजाको कार्यको अवस्था हो त्यही अवस्थामा प्रजाले आफूलाई कसरी र कुन युगमा परिवर्तन गर्नको लागि सक्षम त्यो उसको आफ्नो क्षमाताको कुरा हो राज्यमा युगको निर्माण राजाको कार्यद्वारा नै हुन्छ । राजा आफ्नो राज्यको प्रजालाई भन्दा आफूलाई सुरक्षित राख्ने कार्यकोसिस गर्नुलाई कलियुग भनिन्छ आफू सुरक्षित रहेर म राजा हूँ मेरो प्रजापनि छन् भन्ने ज्ञान भएको अवस्था द्वापरयुग हो आफ्नो राज्य छ प्रजा छ प्रजाको उन्नति प्रगतिको कार्य मैले गर्नेहो भनेर ज्ञानलाई ग्रहण गर्नुलाई त्रेतायुग भनिन्छ र त्यही कार्यलाई सम्पन्न गर्नको लागि क्रियाशील भएर कार्य सम्पन्न गरेर प्रजाको अवस्थालाई बुझ्नको लागि प्रजाको घर घरमा या प्रजालाई सुख दुःख के छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने बुझ्नको लागि घरदैलो कार्य सम्पन्न गरिरहेको समयलाई नै सत्ययुग भनिन्छ र थकित राजा फेरि सुत्यो भने त्यो कलियुग शुरू हुन्छ यसरी चारयुग चलिरहेको हुन्छ ।

इन्द्रस्यार्कस्य वायोश्च यमस्य वरुणस्य च ।
चन्द्रस्याग्नेः पृथिव्याश्च तेजोवृत्तं नृपश्चरेत् ॥ ९/२०३ ॥

अर्थात्:- राजाले अफ्नो प्रजाप्रति सधैं इन्द्र, सूर्य, वायु, यम, वरूण, चन्द्रमा, अग्नि, पृथ्वी आदिमा भएको तेजस्वी स्वभाव अनुसार रहेर आचरण-व्यवहार गर्नुपर्छ यी सबै व्रतको विधान हो ।

वार्षिकांश्चतुरो मासान्यथेन्द्रोऽभिप्रवर्षति ।
तथाभिवर्षेत्स्वं राष्ट्रं कामैरिन्द्रव्रतं चरन् ॥ ९/२०४ ॥

अर्थात्:- जसरी इन्द्र (वृष्टिकारक शक्ति) प्रत्येक वर्षको बर्षाहुने समयमा अर्थात् जेष्ठ महिनादेखि भद्रा आदि चार महिनामा (अभिप्रवर्षति) पानीलाई बर्षाको रुपमा बर्षाएको हुन्छ । ठीक त्यही प्रकारले राजाले इन्द्रको विधानलाई संकल्प व्रतको आचरणलाई धारण गरेर आफ्नो राष्ट्रको उन्नतिको कामनालाई पूर्ण गर्नुपर्छ ।

अष्टौ मासान्यथादित्यस्तोयं हरति रश्मिभिः ।
तथा हरेत्करं राष्ट्रान्नित्यं अर्कव्रतं हि तत् ॥ ९/२०५ ॥

अर्थात्:-जसरी सूर्यले अफ्नो किरणको माध्यमावाट आठ महिनापछि समुद्र तथा जमिनको जललाई लिएर वर्षाको रुपमा फेरि भूमिलाई सिञ्चित गरेको हुन्छ ठीक त्यही प्रकारले राजा सूर्यको जस्तै उत्तम तरिकाले कार्य गर्दै राज्यमा रहने प्रजासँग करलाई ग्रहण गर्नुपर्छ ।

प्रविश्य सर्वभूतानि यथा चरति मारुतः ।
तथा चारैः प्रवेष्टव्यं व्रतं एतद्धि मारुतम् ॥ ९/२०६ ॥

अर्थात्:- जसरी वायु सबै प्राणीमा प्रविष्ट भएर चलिरहेको हुन्छ, ठीक त्यही प्रकारले राजाले अफ्नो गुप्तचरद्वारा सबै प्रजाको मनमा निर्भयता प्रवेश गराउनुपर्छ । यो कार्य राजाको लागि 'मारुतव्रत' हो ।

यथा यमः प्रियद्वेष्यौ प्राप्ते काले नियच्छति ।
तथा राज्ञा नियन्तव्याः प्रजास्तद्धि यमव्रतम् ॥ ९/२०७ ॥

अर्थात्:- जसरी कसैको मृत्युको समय आएको खण्डमा मृत्युले मित्र तथा शत्रु सबैलाई मारेको हुन्छ ठीक त्यही प्रकारले राजाले अपराध गरेको खण्डमा अपराधीलाई प्रिय तथा शत्रु नमानी अपराधको दण्डविधानअनुसार न्यायपूर्वक दण्ड दिनुपर्छ यो कार्य राजाको लागि 'यमव्रत' हो ।

वरुणेन यथा पाशैर्बद्ध एवाभिदृश्यते ।
तथा पापानीनगृह्णीयाद्व्रतं एतद्धि वारुणम् ॥ ९/२०८ ॥

अर्थात्:- अपराधी मनुष्यलाई नियन्त्रणमा लिएर जेलमा राख्नु या अपराध अनुसार नै राज्यको कार्यमा लगाउने जुन विधान छ त्यस विधानलाई वरुणपाश भनिन्छ ठीक त्यही प्रकारले राजाले अपराधीलाई सुधृने समयसम्मको लागि बन्धनमा अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कारागारमा राख्नुपर्छ यो कार्यलाई राजाको 'वारुणव्रत' हो ।

परिपूर्णं यथा चन्द्रं दृष्ट्वा हृष्यन्ति मानवाः ।
तथा प्रकृतयो यस्मिन्स चान्द्रव्रतिको नृपः ॥ ९/२०९ ॥

अर्थात्:- जुन प्रकारले पूर्ण चन्द्रमालाई देखेर मनुष्यको मनमा प्रसन्नता उत्पन्न हुन्छ ठीक त्यही प्रकारले यदि प्रजाले राजालाई समीप पाएर या देखेर प्रजा हर्षितको अनुभव गर्ने बातावरण राजाले प्रजाको सामु बनाएको भएमा राजाको लागि त्यो 'चन्द्रवत' व्रत हो ।

प्रतापयुक्तस्तेजस्वी नित्यं स्यात्पापकर्मसु ।
दुष्टसामन्तहिंस्रश्च तदाग्नेयं व्रतं स्मृतम् ॥ ९/२१० ॥

अर्थात्:- आफ्नो राज्यमा अपराधीले अपराध गर्नको लागि लागि सधैं डर प्राप्त होस् अपराध गरेको अपराधीलाई सन्तापित होस् र राजाको कार्यको तेज प्रभावले अपराधीलाई तुरुन्तै नियन्त्रण गर्ने कार्य होस् नियम कानुन प्रभावित रुपले लागु होस् राज्यमा दुष्टलाई गलतलाई भष्म गर्ने राजाको क्षमता भएको होस् यस्तो कार्य गर्ने राजाको यो कार्यलाई 'आग्नेयव्रत' भनिन्छ ।

यथा सर्वाणि भूतानि धरा धारयतेसम्म् ।
तथा सर्वाणि भूतानि बिभ्रतः पार्थिवं व्रतम् ॥ ९/२११ ॥

अर्थात्:- पृथ्वीले जसरी पृथ्वीको सम्पूर्ण प्राणीलाई धारण गरेको हुन्छ त्यही हुनाले धर्ती हो त्यही धर्तीले सबै प्राणीलाई समानरुपले धारण गरेको हुन्छ ठीक त्यही प्रकारले सबै प्रजामा समान भाव र राज्यको सबै प्राणीलाई सुरक्षित रहेर धारण(पोषण गर्ने अवसर प्रदान गर्ने राजाको यो कार्यलाई 'पार्थिव व्रत' भनिन्छ ।

एतैरुपायैरन्यैश्च युक्तो नित्यं अतन्द्रितः ।
स्तेनान्राजा निगृह्णीयात्स्वराष्ट्रे पर एव च ॥ ९/२१२ ॥

अर्थात्:- राजालेमाथि भनिएको र पूर्वोक्तमा भनिएको सम्पूर्ण नियम र उपाय तथा यी सबै नियमभन्दा भिन्न अरु पनि कयौं उपाय छन् ती सबै उपायलाई धारण गरेर आफ्नो कार्यकुशलतामा युक्त भएर सधैं आलस्यहीन भएर आफ्नो राष्ट्रमा हुने कुनै पनि किसिमको आन्तरिक अपराध होस् या वाह्य रास्ट्रबाट आएर अपराध गर्नेगरेको होस् यस्तो अपराधीलाई राजाले तीब्र गतिमा नियन्त्रण गर्नुपर्छ र आफ्नो प्रजालाई निर्भयता प्रदान गर्नुपर्छ यस्तो कार्य सम्पन्न गर्ने कार्यलाई राजाको लागि यही नै 'अश्वमेध' यज्ञ हो ।

परां अप्यापदं प्राप्तो ब्राह्मणान्न प्रकोपयेत् ।
ते ह्येनं कुपिता हन्युः सद्यः सबलवाहनम् ॥ ९/२१३ ॥

अर्थात्:- राज्यमा सुशासनको लागि शक्ति मात्र भएर हुँदैन त्यस शक्तिलाई सही ठाउँमा स्थापित गर्ने ज्ञानी व्यक्तिपनि चाहिन्छ राज्यमा कुनै पनि विपद अर्थात् दारुण आपद आएको समयमा पनि त्यो विपद तथा समस्याको समाधान पनि ज्ञानी व्यक्तिले नै खोज्छन् त्यसैले राजाले आफ्नो राज्यमा भएको कुनै पनि ज्ञानी व्यक्ति जो वेदको पूर्ण ज्ञाता छ त्यस्तो ज्ञानीलाई बिनाकरण दुःख पीडा तथा कुपित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुहुँदैन किनकि ज्ञानीलाई दुःख पीडा दिनाले राज्यमा हुनसक्ने सङ्कटको अनुभव कसैलाई हुँदैन र विनाकरणकोप गरिएको कारण ज्ञानीले अघिहुने कुनै सङ्कटको बारेमा राजासँग सल्लाहा हुँदैन जब राज्यमा सङ्कट आयो सङ्कट समाधान गर्ने कोही ज्ञानी नभएमा राज्य आफैमा पतन हुनेछ राज्य पतन भएमा राजा कसको हुने ? त्यसैले राजाले अफ्नो राज्यालाई कुनै पनि प्रकोपबाट सुरक्षित राख्नको लागि राज्यमा भएका सम्पूर्ण वेदज्ञानी विद्वान्लाई राजालेसम्मान तथा संरक्षण गर्नुपर्छ ।

यैः कृतः सर्वभक्ष्योऽग्निरपेयश्च महोदधिः ।
क्षयी चाप्यायितः सोमःको न नश्येत्प्रकोप्य तान् ॥ ९/२१४ ॥

अर्थात्:- राज्यमा भएका वेदज्ञानी विद्वान्ले नै अग्निलाई उत्पन्न गरेर अग्निलाई सर्व-भक्षी रुपमा स्थापित गरेँ, महासागरको नुनिलो र चर्को पानीलाई शुद्ध गर्न पिउनको लागि योग्य बनाउनको लागि तरिका सिकाए तथा चन्द्रमाको प्रकाशबाट कसरी कुष्ठरोगलाई निको गर्न सकिनेछ भन्ने ज्ञान सिकाए त्यस्तो वेदज्ञानी विद्वान्लाई यदि राज्यलेसम्मान र संरक्षण गर्दैन र यस्तो महान् कार्य गर्ने विद्वान्लाई दुःख दिने राज्य र राज नष्ट नभएर अरुको हुन्छ त ? ।

लोकानन्यान्सृजेयुर्ये लोकपालांश्चकोपिताः ।
देवान्कुर्युरदेवांश्च कः क्षिण्वंस्तान्समृध्नुयात् ॥ ९/२१५ ॥

अर्थात्:- जसले राज्यको लागि उत्तम राजालाई निर्माण गर्न सफल हुन्छ, जसले धर्म विरुद्धको कार्यगर्ने राजालाई सावधान गर्नसक्छ, विनाकरण क्रोधमा रहने राजालाई सिंहासनाच्युत गर्न सक्छ, राजाले भनेको ज्ञानी तथा विद्वान् व्यक्ति (वस्तमामा त्यो ज्ञानी हैन चापलूस हो) लाई त्यस्तो शास्त्रार्थमा मूर्ख प्रमाणित गर्नसक्छन् राजकोषलाई सही प्रयोग गर्ने ज्ञान प्रदान गर्नसक्ने वेदज्ञानी विद्वान्लाईकोप तथा कष्ट दिएर कुन राजाले आफ्नो राज्यलाई सुरक्षित राख्नसक्छ ? ।

यानुपाश्रित्य तिष्ठन्ति लोका देवाश्च सर्वदा ।
ब्रह्म चैव धनं येषांको हिंस्यात्तान् जिजीविषुः ॥ ९/२१६ ॥

अर्थात्:- जुन विद्वान्को ज्ञान वेद होस् वेदज्ञान नै उसको सम्पत्ति होस् ज्ञान नै उसको सम्पूर्ण धन सम्पत्ति होस् त्यही ज्ञानमा नै सृष्टि विद्यमान रहेको हुन्छ ज्ञानमा नै देवता विद्यमान रहेका हुन्छन् ज्ञानमा नै नाता विद्यमान रहेको हुन्छ यो ज्ञान वेदबाट नै प्राप्त हुन्छ यस्तो वेदज्ञानलाई धारण गरेको विद्वान्लाई राजाले यदि दुःख दिएको भएमा त्यो दुःखकोप वेदज्ञानी विद्वान्लाई हैन आफूलाई नै दिएको हुन्छ र आफ्नो पतनलाई शुरू गरेको हुन्छ ।

अविद्वांश्चैव विद्वांश्च ब्राह्मणो दैवतं महत् ।
प्रणीतश्चाप्रणीतश्च यथाग्निर्दैवतं महत् ॥ ९/२१७ ॥

अर्थात्:- वेदज्ञाता विद्वान् व्यक्त होस् या अव्यक्त रुपमा रहेको होस् चाहे सबैले उसलाई वेदज्ञानी हो भनेर जानोस या नजनोस विद्वान् हो भनेर स्वीकार गरोस या अविद्वान् हो भनेर घृणा गरोस वेदज्ञानी विद्वान्लाईसम्मन, अपमान लालच, पद, प्रतिष्ठा, आदर सत्कार जे भए पनि समान हुन्छ किनकि उसमा वस्तु अर्थात् साधन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परक ज्ञान हैन सध्यापरक ज्ञानद्वारा पूर्ण हुन्छ त्यस्तो गुण भएको विद्वान्लाई नै ब्राह्मण भनिन्छ ।

(समयको कलमः- यो श्लोक अनुसार वेदज्ञानी विद्वान्लाई कुनै पनि आदर, सम्मान, सत्कार, अपहेलना, घृणा, तिरस्कार, जे गरे पनि वेदज्ञानी विद्वान्लाई फरक पर्दैन किनकि यो सबै कार्य वस्तु अर्थात् साधन परक कार्य हुन् तर वेदज्ञानी विद्वान् साधनपरक हैन साध्यपरक ज्ञानी हुनाले संसारको सम्पूर्ण मोहबाट मुक्त भएर आफैमा सम भएको हुनाले त्यही वेदज्ञानी विद्वान्लाई नै ब्राह्मण भनिन्छ ब्राह्मण कुनै व्यावस्था हैन यो अवस्था हो केवल अवस्था हो यसको तात्पर्य यो हो कि सांसारिक ज्ञानलाई छोडेर शून्यभन्दामाथिको ज्ञान अर्थात् साध्यलाई धारण गरेको वेदज्ञानी विद्वान्लाई नै ब्राह्मण भनिन्छ जसले वेदज्ञानलाई ग्रहण धारण गरेको छैन ब्रह्मविद्यालाई बुझेको छैन त्यस्तो व्यक्ति ब्राह्मण हुँदैन ब्राह्मण एक अवस्था हो साधन अवस्थालाई पार गरेर जुन मनुष्य साध्यको विन्दुमा प्रवेश गरेको हुन्छ त्यही नै ब्राह्मण हो साध्यलाई प्राप्त नगरीकोहि ब्राह्मण हुँदैन) ।

श्मशानेष्वपि तेजस्वी पावको नैव दुष्यति ।
हूयमानश्च यज्ञेषु भूय एवाभिवर्धते ॥ ९/२१८ ॥

अर्थात्:- तेजस्वी अग्निलाई श्मसानमा पनि दूषित हुँदैन अर्थात् अग्नि जहाँको भए पनि कुनै पनि दोषलाई प्राप्त हुँदैन त्यही अग्नि यज्ञमा हविलाई प्राप्त गरेर प्रज्वलित हुन्छ अर्थात् अग्नि श्मशानमा रहेको होस् या यज्ञमा अग्निको तेज प्रत्येक अवस्था बढिरहेको हुन्छ तर वेदज्ञानी विद्वान्मा कहिल्यै पनि यस्तो अवस्था उत्पन्न हुँदैन त्यस गुणलाई नै धारण गरेको विद्वान्लाई नै ब्राह्मण भनिन्छ । वेदज्ञानी ब्राह्मण कुनै पनि अवस्थामा अग्नि जस्तै प्रज्वलित हुँदैन समुद्र जस्तै समभाव भएको हुन्छ ।

एवं यद्यप्यनिष्टेषु वर्तन्ते सर्वकर्मसु ।
सर्वथा ब्राह्मणाः पूज्याः परमं दैवतं हि तत् ॥ ९/२१९ ॥

अर्थात्:- वेदज्ञानी विद्वान् सांसारिक वस्तुबाट प्राप्त हुने सम्पूर्ण कर्मको दोषबाट मुक्त हुनाले नै त्यो ब्राह्मण हो यदि संसारको वस्तुको दोषबाट जो व्यक्ति दोषमुक्त हुन् सक्दैन त्यो ब्राह्मण हुनसक्दैन वस्तुको दोषबाट मुक्त त देवता पनि हुँदैन ।

क्षत्रस्यातिप्रवृद्धस्य ब्राह्मणान्प्रति सर्वशः ।
ब्रह्मैव संनियन्तृ स्यात्क्षत्रं हि ब्रह्मसंभवम् ॥ ९/२२० ॥

अर्थात्:- सृष्टिको सम्पूर्ण वस्तुले वेदज्ञानी विद्वान्लाई कहिल्यै पनि आफ्नो अधीन गर्नसक्दैनस वेदज्ञानी विद्वान्लाई कुनै पनिं शक्ति, कुनै पनि अवस्थाले अधीन गर्नसक्दैनस् सृष्टिको जतिपनि शक्ति छन् ती शक्ति जतिपनि वस्तु छन् ती वस्तु भन्दामाथिको अवस्था साध्यलाई नै प्राप्त गरेको हुनाले वेदज्ञानी विद्वान्लाई कुनै वस्तु तथा पदार्थको लालच नहुनाले कसैलेपनि उसलाई आफ्नो अधीन गर्न सक्दैन तर यदि वेदज्ञानी विद्वान् ब्राह्मण पदबाट पतित हुनेहो भने सृष्टिको सम्पूर्ण वस्तु तथा साधन प्रकृतिको शक्तिले उसलाई नियन्त्रण गर्नसक्छ तर यो अवस्थामा त्यो ब्राह्मण हुँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अद्भ्योऽग्निर्ब्रह्मतः क्षत्रं अश्मनो लोहं उत्थितम् ।
तेषां सर्वत्रगं तेजः स्वासु योनीषु शाम्यति ॥ ९/२२१ ॥

अर्थात्:- जलमा अग्निको वृद्धि हुँदैन, ज्ञानले मात्र क्षत्रीय हुँदैन, शक्तिले क्षत्रीय हुन्छ, खियाबाट फलामको गुणमा वृद्धि हुँदैन र त्यस्तै यी सबै वस्तुलाई आफ्नो आफ्नो स्थानमा एक अर्कोसँग मिलाउने हो भने एकले अर्कोलाई भष्म बनाई दिन्छ तर वेदज्ञानी विद्वान्लाई संसारको कुनै पनि पदार्थले उसको गुणलाई भस्म वा आधीन गर्नको लागि सक्दैन परन्तु जबसम्म उसले ब्राह्मण गुणलाई आफूमा धारण गरेको हुन्छ जब वेदज्ञानी विद्वान्ले आफूमा भएको ब्राह्मणको गुणलाई त्याग गरेको हुन्छ तब अग्निलाई पानीले, फलमलाई खियाले, नष्ट गरे जस्तै सांसारिक वस्तु तथा पदार्थले उसलाई ब्राह्मण पदबाट भष्म गराएर पतित बनाउनेछ जसले ब्राह्मणको नियम लाई त्याग गर्यो त्यो ब्राह्मण हुँदैन किनकि ब्राह्मण एक अवस्था हो जब मनुष्यले सत्यलाई तत्वसँग हैंन साध्यसँग मिलाएर आफूलाई समभावनामा स्थिर गरेको हुन्छ त्यही ब्राह्मण हो ब्राह्मण तटस्थ अवस्था हो शून्यभन्दा पहिलेको अवस्था हो किनकि शून्य वस्तुको अवस्था हो साध्य शून्य भन्दामाथि र उत्तम अवस्था हो त्यही अवस्था नै ब्राह्मण हो ।

नाब्रह्म क्षत्रं ऋध्नोति नाक्षत्रं ब्रह्म वर्धते ।
ब्रह्म क्षत्रं च संपृक्तं इह चामुत्र वर्धते ॥ ९/२२२ ॥

अर्थात्:- ज्ञान र शक्ति एक अर्काको परिपुरक हुन् यी दुवै अलग अलग हुनसक्दैन किनकि आफ्नो दृढ़ शक्तिविना कसैले पनि ज्ञानलाई प्राप्त गर्नसक्दैन । यदि यी दुवै अवस्थालाई आफ्नो आफ्नो स्थानमा स्थापना गरेर कार्य गर्ने हो भने मनुष्यले साधनबाट मुक्त भएर साध्यलाई अनुभूति गरेको हुन्छ त्यही साध्यको अनुभूति भएको अवस्थालाई ब्राह्मण भनिन्छ ।

दत्त्वा धनं तु विप्रेभ्यः सर्वदण्डसमुत्थितम् ।
पुत्रे राज्यं समासृज्य कुर्वीत प्रायणं रणे ॥ ९/२२३ ॥

अर्थात्:- त्यसैले राजाले आफ्नो राज्यमा अपराधी अपराधको दण्डविधानअनुसार दण्डजरीवानाबाट प्राप्त गरेको धनलाई आफ्नो राज्यमा सञ्चालन रहेको गुरुकुलको लागि सहयोग गर्नुपर्छ ताकि राज्यमा सबै ज्ञानी होस् आफ्नो गुण र कर्मलाई धारण गरोस् यदि राज्यको प्रजालाई ज्ञानी अर्थात् ब्राह्मण बनाउनको लागि राजाले कसैसँग युद्धगर्नु परेपनि युद्ध गर्नुपर्छ चाहे आफ्नो प्राण नै त्यागगर्नु किन नपरोस् अर्थात् राजाले आफ्नो प्रजालाई ब्राह्मण बनाउनको लागि हरसम्भव प्रयास गर्नुपर्छ ।

एवं चरन्सदा युक्तो राजधर्मेषु पार्थिवः ।
हितेषु चैव लोकस्य सर्वान्भृत्यान्नियोजयेत् ॥ ९/२२४ ॥

अर्थात्:- राजाले पूर्वोक्तमा भनिएको नियमलाई पालन गर्दै त्यही प्रकारले आचरणलाई धारण गरेर सधैं अफ्नो धर्म राजधर्मलाई धारण गरेर स्वयं संलग्न भएर देशको सबै राजकर्मचारी र प्रजाको हितको लागि कार्य गर्नुपर्छ र यदि राजाको कार्य मनुष्यलाई ज्ञानी अर्थात् ब्राह्मण बनाउनमा केन्द्रित हुनेहो भने राज्यमा शत प्रतिशत अपराध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदैन जहाँ अपराध हुँदैन त्यसलाई स्वर्ग भनिन्छ त्यसैले राज्यमा जहाँ त्यही निःशुल्क गुरुकुलको स्थापन गर्नुपर्छ किनकि देशलाई नै स्वर्ग बनाउने क्षमता गुरुकुमा हुन्छ जुन गुरुकुलमा वेद ज्ञानको शिक्षा प्रदान हुन्छ ।

एषोऽखिलः कर्मविधिरुक्तो राज्ञः सनातनः ।
इमं कर्मविधिं विद्यात्क्रमशो वैश्यशुद्रयोः ॥ ९/२२५ ॥

अर्थात्:- वर्णको निर्धारण कसरी हुन्छ ? कुन कर्मलाई कुन वर्ण भनिन्छ ? त्यस विधानको बारेमा कुन कुन कर्मलाई वैश्य कर्म कुन कुन कर्मलाई शुद्र कर्म भनिन्छ ? वैश्यवर्ण शुद्रवर्ण के हो ? कुन कुन कर्म गर्नेलाई वैश्यवर्ण र शुद्र वर्ण भनिन्छ ? वैश्य वर्ण के हो ? शुद्र वर्ण के हो ? यी वर्णको बारेमा अघि सुन्नुहोस् ।

(समयको कलमः- यहाँसम्म राजाको राजधर्म र सनातन कर्म-विधिको बारेमा जानकारी भयो अब क्रमशः कर्मको आधारमा निर्माण हुने वर्णको कर्मविधान बारेको नियमलाई शुरू गर्नेछौ । त्यसमा पहिले वैश्य र शुद्रको कर्म-विधिको बारेमा सुन्नुहोस् भनेर 'म समय'लाई भृगु ऋषिले भन्नुभयो ।

मनुस्मृतिको नवौं अध्यायमा ३३६ श्लोक छन् । परन्तु प्रकरण अनुसार नवौं अध्यायको समाप्ति ३२५ मै भएकोदेखिन्छ किनकि अघिको श्लोकको अनुसार र महर्षि मनुको प्रवचन-शैलीको आधार प्रकरण हो । यद्यपि नवम(दशम अध्यायमा चातुर्वर्ण्य-धर्मको नै वर्णन रहेको छ । परन्तु जुन ३३६ श्लोकमा नवौं अध्यायलाई वर्तमानमा नवौं अध्यायको समाप्ति भएकोदेखिन्छ, यहाँसम्म मुख्य विषय त के उपविषय पनि समाप्त भएको छैन । त्यसैले प्रचलित अध्यायमा केही विभाग दोषपूर्ण भएको ज्ञात हुन्छ । किनकि नवौं अध्यायको ३२५ श्लोकसम्म चार वर्णको आफ्नो धर्म (चातुर्वर्ण्य-धर्म) अन्तर्गत 'राजधर्म'को विषय समाप्त भएको छ, नवौं अध्यायको ३२५ मा राजधर्म सकिएको हुनाले नवौं अध्याय यही सकिएको हो रहेछ तर कुनै अनाध्यको सांकेतिक फेरबदल हुनाले अध्याय दसको श्लोक १ देखि ११ सम्मको श्लोक अध्याय नवौं मै उपलब्ध भएकोछ । यस्तो हुनुमा प्रकृति अनाध्य अर्थात् प्रकृति प्रकोप प्राकृतिक परिवर्तन भएको हुनाले केही समस्या भएको कारणले यस्तो भएको हो भनेर ऋषि भृगुले म 'समय' लाई भन्नु भएको हो ऋषि भृगुले म 'समय' लाई यस्तो किन भयो भन्ने प्रश्नको बारेमा यसरी भन्नु भयो 'हामी कयौं ऋषिमुनिले मनुविधान लाई श्रवण गरेको थियौं त्यही समयमा प्रकृतिमा केही अनाध्य भएको कारण त्यो समयमा प्रकृतिमा परिवर्तन भएको र प्रकृतिमा अनाध्य भएको कारणले यस्तो भएको हो किनकि हामीले निरन्तर महर्षि मनुमहाराजले मनुविधानलाई महर्षि मनुमहाराजद्वारा वाचन हामीले श्रवण गर्दैगर्दा प्रकृतिमा तत्काल अनाध्य भएको हुनाले यस्तो समस्या उत्पन्न भएको होस् त्यही अनाध्यको समय भएको कारण दशौं अध्यायमा पर्ने श्लोक १देखि श्लोक ११सम्मको श्लोक अहिले नवौं अध्यायको श्लोक ३२६ देखि ३३६ सम्मको श्लोक नवौं अध्यायको श्लोक ३२६ देखि ३३६ श्लोक नभएर दशौं अध्यायको १ देखि ११ औं श्लोक हो तर महर्षि मनुमहाराजले मनुविधान भनिरहँदा प्रकृतिमा तत्काल एक पटकमा तीन अनाध्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पन्न भएको कारण महर्षि मनु महाराजले अब दशौं अध्याय भन्नुभएको थियो तर एक पटकमा तीन अनाध्य उत्पन्न भएको कारण र प्रकृतिबाट मनुष्यको शरीरमा तीन तरङ्ग एक पटक मै मनुष्यको शरीरमा तरङ्गको रुपमा प्रवाहित हुनाले अनाध्य सकिएपछि पनि कयौं ऋषिले महर्षि मनुमहाराजले भन्नुभएको अब दशौं अध्याय भन्ने शब्दलाई सुन्नुभएको थिएन, महर्षि मनुमहाराजले अघि भन्नुभयो अहिलेसम्म दशौं अध्यायको श्लोक १ देखि ११ सम्मको श्लोक भनिसिक्नु भएको रहेछन् तर म भृगुको स्मरणमा भने नवौं अध्यायको श्लोक ३२६ देखि ३३६ सम्मको सबै श्लोक नवौं अध्यायको ३२६ देखि ३३६ सम्मको श्लोक नै नवौं अध्यायको नै श्लोक हो भनेर स्मरण भैरह्यो । जुन स्मरणको कारण मैलेपनि त्यस्तै स्मरण अनुसार नै तिमी 'समय' लाई भनेको हुँ तर यो नवौं अध्यायको श्लोक ३२६ देखि ३३६ सम्मको श्लोक दशौं अध्यायको श्लोक १ देखि श्लोक ११ सम्मको श्लोक हो । वर्तमान कालमा महर्षि मनुको वचनमा हामीले सुनिरहेको थियौं । दशौं अध्यायको श्लोक १ देखि श्लोक ११ सम्म तर हाम्रो स्मरणमा थियो नवौं अध्यायको ३२६ देखि ३३६ हो भन्ने, फेरि मैले महर्षि मनुमहाराजसँग अनुमति माँगेको मात्र थिए उहाँले भन्नुभयो 'जुन कर्मलाई स्वीकार गरे पनि सबै कर्मको सबै वर्णको मनुष्यले वेदज्ञानलाई सधैं सबैले धारण गर्नुपर्छ कसैले पनि वेदज्ञानले निषेध गरेको कार्य गर्नुहुँदैन' विधान हो यो विधान दशौं अध्यायको बाह्रौं श्लोक भन्नुभयो तब हामीलाई ज्ञानभयो हामीले अहिले श्रवण गरिरहेको श्लोक नौ अध्यायको नभएर मनुविधानको दशौं अध्यायको हो भन्ने तब मैले महर्षि मनुमहाराजलाई सोधे नवौं अध्यायको समाप्ति कहिल्यै भयो ? तब महर्षि मनु महाराजले भन्नुभयोः('सनातन धर्म विधान र चार वर्णमा अब कर्मविधानअनुसार कुन कुन कर्मगर्ने मनुष्यलाई वैश्य र शुद्र भनिन्छ त्यस कार्यलाई स्वीकार गरेको हुनाले त्यस मनुष्यको त्यही वर्ण हुनेछ भन्ने त्यस विधानको बारेमा सुन्नुहोस्' भन्ने श्लोक अर्थात् ३२५ श्लोक नै नवौं अध्यायको अन्तिम श्लोक हो तर हामीहरू सबैले ती ३२६ देखि ३३६ सम्मको श्लोकलाई नवौं अध्यायको ३२६देखि ३३६सम्मको श्लोक हो भनेर स्मरण भएको हुनाले मैले पनि नवौं अध्यायको नै श्लोक भनेर वर्णन गरेको हुँ तर महर्षि मनुमहाराजको भनाई अनुसार नवौं अध्यायको श्लोक ३२६ देखि ३३६ सम्मको श्लोक दशौं अध्यायको १ देखि ११ औं श्लोक हो प्रकृतिको अनाध्यको कारण हाम्रो सुनाईमा केही फरक र स्मरणमा पनि फेरबदल हुनाले यस्तो भएको हो' यो भनाई भृगु ऋषिको हो)

वैश्यस्तु कृतसंस्कारः कृत्वा दारपरिग्रहम् ।
वार्तायां नित्ययुक्तः स्यात्पशूनां चैव रक्षणे ॥ ९/२२६ ॥

अर्थात्:- कृतसंस्कारः अर्थात् यज्ञोपवीत संस्कारको विधि पूर्ण भएपश्चात् विवाह गरेर व्यापार र पशुपालनको कार्यलाई आफ्नो गुण, कर्म र स्वभावले स्वीकार गरेको र त्यही कार्यलाई वरण तथा ग्रहण गरेर त्यो कार्यगर्ने व्यक्तिको वर्ण वैश्य हो ।

प्रजापतिर्हि वैश्याय सृष्ट्वा परिददे पशून् ।
ब्राह्मणाय च राज्ञे च सर्वाः परिददे प्रजाः ॥ ९/२२७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- गृहस्थी बनेर पशुपालन गर्ने पशुको सेवाको गर्ने कार्यगर्ने व्यक्तिलाई उसको गुण, कर्म र स्वभावको आधारमा वैश्य भनिन्छ र त्यो कार्यलाई स्वीकार तथा वरण गरेको हुनाले त्यो उसको वर्ण हो वर्ण त्यसलाई नै भनिन्छ र पशु तथा प्रजाको रक्षा गर्नेलाई व्यक्तिलाई उसको गुण र कर्मको आधरमा क्षत्रीय भनिन्छ भने यी सबैको संरक्षण कसरी गरिन्छ भनेर ज्ञानदिने ज्ञानी व्यक्तिलाई उसको गुण र कर्मको आधारमा ब्राह्मण हुन्छ यो सबै विधान कर्मको गुण, स्वभाव र धारण गरेको कर्मको आफ्नो गुण हो त्यही स्वभाव र गुण अनुसार कर्मलाई धारण गर्नुलाई वर्ण भनिन्छ वर्ण आफूले स्वीकार गरेको कर्मको विधान हो यही नियमअनुसार नै सृष्टिको सञ्चालन रहेको हुन्छ ।

(समयको कलमः- यो श्लोक अनुसार पशुपालन गर्ने करोवरको कार्य पशुको सेवाको कार्यगर्ने जो र जातीपनि मनुष्य छ ती सबै मनुष्यको वर्ण नै वैश्य वर्णहो पशुपालन तथा व्यापारको कर्मलाई आफ्नो गुण र स्वभाव अनुसार नै वरण गरेको हुनाले उसको वैश्य वर्ण हो किनकि त्यस मनुष्यको गुण र कर्म नै पशुपालनलाई स्वीकार गरेको हो भने पशुपालन गर्ने र पशुलाई सुरक्षा दिने कार्यगर्नेलाई क्षत्रीय भनिन्छ भने पशुको सुरक्षा कसरी गर्नुपर्छ भन्ने ज्ञानलाई प्रदान गर्ने जो सुकै होस् त्यो कर्म गरेको हुनाले त्यो ब्राह्मण हो यी सबै गुण र कर्मको आधरमा वन्ने वर्ण हो जन्मको आधार वर्ण बन्दैन हैन किनकि कुनै पनि कार्यलाई स्वीकार मनुष्यले जन्मिदै गर्न सक्दैन) ।

न च वैश्यस्य कामः स्यान्न रक्षेयं पशूनिति ।
वैश्ये चेच्छति नान्येन रक्षितव्याः कथं चन ॥ ९/२२८ ॥

अर्थात्:- त्यस्तै वैश्यवर्णमा पशुपालन, पशुको सुरक्षा, कृषि उत्पादन र करोवरको सम्पूर्ण कार्य आदि कर्मगर्ने व्यक्ति वैश्य हुन् र यो कर्मलाई अँगालेको व्यक्तिको वर्ण वैश्य हो वैश्य कर्मलाई वरण गरेको हुनाले त्यो वैश्यवर्णको हुन्छ ।

मणिमुक्ताप्रबलानां लोहानां तान्तवस्य च ।
गन्धानां च रसानां च विद्यादर्घबलावलम् ॥ ९/२२९ ॥

अर्थात्:- पशुपालनदेखि करोवरको सबै कार्यलाई गर्ने सबै मनुष्यको वर्ण 'वैश्य' हुन्छ व्यापार गर्नु मणि, मोती, मुगा, लगायत अन्य धातुको (सुन चाँदी फलाम) व्यापार गर्नु, कपडा सुगन्धित कपूर, फूलहरू, जड़ीबूटी आदि पदार्थको आयात तथा निर्यात गर्नु र बिक्री गर्नु, रस रसायन (पारा, नुन) आदिको व्यापर गर्नु, र मनुष्यलाई आवश्यक्तापर्ने सम्पूर्ण सामानलाई उपलब्ध गराउने कार्यगर्ने मनुष्य नै वैश्य हुन् यी सबै मनुष्यले यो कामलाई स्वीकार गरेको हुनाले यी सबै 'वैश्य'वर्णको हुन्छ ।

बीजानां उपितवच्च स्यात्क्षेत्रदोषगुणस्य च ।
मानयोगं च जानीयात्तुलायोगांश्च सर्वशः ॥ ९/२३० ॥

अर्थात्:- खेतीको सम्पूर्ण विधान जानेको माटो अनुसारको बीजको गुण दोषलाई जानेको खेतको गुण दोषलाई जानेको तथा समानको तौल ढक तराजुको बारेमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जानेको व्यापारको तरिकलाई जानेको यी सबै गुणलाई धारण गरेको व्यक्ति 'वैश्य' हो र गुण कर्मको आधारमा त्यस मनुष्यको वर्ण वैश्यवर्ण हुन्छ ।

सारासारं च भाण्डानां देशानां च गुणागुणान् ।
लाभालाभं च पण्यानां पशूनां परिवर्धनम् ॥ ९/२३१ ॥

अर्थात्:- गुणस्तरहिन र गुणस्तरिया, सक्कली र नक्कली वस्तुको जानकारी भएको, देश काल र परिस्थिति अनुसार र मौसम अनुसार कुन वस्तु महंगो र कुन वस्तु सस्तो हुनुपर्छ कहाँको वसिन्दालाई कुन वस्तु कुन समयमा आवश्यक्ता हुन्छ भनेर ती सबै किसीमको समानको ज्ञान भएको, कुन वस्तु ठाउँ अनुसार विकाऊ हुन्छ, भन्ने ज्ञान भएको, खरिद गरिएको वस्तुको नाफ़ा नोक्सान, ज्ञान भएको पशुवृद्धिको उपायको ज्ञान भएको, कुन क्षमताको कामदारलाई कति तलब दिनुपर्छ भन्ने ज्ञान भएको, मनुष्यको बीचमा बोलिने विविध भाषाको जानकारी भएको, कुन वस्तुलाई कुन स्थानमा राख्नुपर्छ र कसरी राख्नुपर्छ भन्ने ज्ञान भएको ताकी समान खराब नहोस् भन्ने पूर्ण ज्ञान हासिल गरेर अफ्नो व्यापारको कार्यलाई सम्पन्न गर्ने व्यक्ति वैश्य हो ।

भृत्यानां च भृतिं विद्याद्भाषाश्च विविधा नृणाम् ।
द्रव्याणां स्थानयोगांश्च क्रयविक्रयं एव च ॥ ९/२३२ ॥

अर्थात्: नोकरको नोकरीको अवस्थाको बारेमा ज्ञान भएको, भिन्न भिन्न व्यक्तिको भाषाको ज्ञान भएको, (द्रव्याणाम र स्थानयोग) समानको संरक्षणको ज्ञान भएको, आवश्यक्ता अनुसार सामानको खरिद र बिक्रीको ज्ञान भएको यी सबै कार्यलाई जानेको व्यक्तिलाई वैश्य भनिन्छ यी सबै गुण हुनु वैश्य वर्णको हो ।

धर्मेण च द्रव्यवृद्धावातिष्ठेद्यत्नं उत्तमम् ।
दद्याच्च सर्वभूतानां अन्नं एव प्रयत्नतः ॥ ९/२३३ ॥

अर्थात्:- द्रव्यको वृद्धिमा धर्मयुक्त उत्तम उपाय गर्नु, राज्यमा सबैको प्राणी तथा जीवको लागि खाने पिउने समानको व्यवस्था उत्तम रीतिपूर्वक सम्पन्न गर्ने यी सबै कार्य र गुणले सम्पन्न भएको व्यक्तिलाई वैश्य भनिन्छ यो वर्ण गुण र कर्मको आधारमा निर्माण हुन्छ ।

विप्राणां वेदविदुषां गृहस्थानां यशस्विनाम् ।
शुश्रूषैव तु शुद्रस्य धर्मो नैश्रेयसः परः ॥ ९/२३४ ॥

अर्थात्:- देशको ज्ञानी विद्वान्को सेवा गर्ने, सारथीको कार्य गर्ने, समाजको कल्याणको लागि सधैँ मिहिनेत गर्ने, आफ्नो कार्यलाई सधैँ सम्पन्न गर्ने, सबै प्राणीको सुभ चिन्तक, कसैको कुभलो नसोच्ने, मधुर वचनको धनी, यशस्वी र गृहस्थीको गुणलाई धारण गरेको गुणले सम्पन्न मनुष्यलाई 'शुद्र' भनिन्छ ।

शुचिरुत्कृष्टशुश्रूषुर्मृदुवागनहंकृतः ।
ब्राह्मणाद्याश्रयो नित्यं उत्कृष्टां जातिं अश्नुते ॥ ९/२३५ ॥

अर्थात्:- शुद्ध-पवित्र अर्थात् शरीर एवं मनले, आफूभन्दा ज्ञानीलाई विद्वान्लाई उत्कृष्ट तरिकाले सेवा गर्ने, मधुरभाषी, क्रोध तथा अहङ्कार रहित, सधैँ अरुको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सहयोगको लागि तत्पर रहने गुण भएको व्यक्तिलाई 'शुद्र' भनिन्छ, ज्ञान, शक्ति र सहयोगको गुणलाई एक पटकमै आफूमा धारण तथा वरणगर्ने गुणले सम्पन्न भएको व्यक्तिलाई 'शुद्र' भनिन्छ । शुद्र उसको कार्यगर्ने क्षमता हो र धारण गर्ने गुणपनि हो । अन्य वर्णको कर्मको गुणलाई पनि आफूमा धारण तथा वरण गर्नसक्ने गुण भएको हुनाले र सबैको कार्यको बीज कर्मको शुरुको अवस्थालाई शुद्र भनिन्छ अर्थात् अन्य तीन वर्णको बीजलाई नै शुद्र भनिन्छ शुद्र नै द्विजको बीज हो बीज नै नभएसम्मकोहि पनि द्विजवन्न सक्दैन ।

एषोऽनापदि वर्णानां उक्तः कर्मविधिः शुभः ।
आपद्यपि हि यस्तेषां क्रमशस्तन्निबोधत ॥ ९/२३६ ॥

अर्थात्:- देशमा राज्यमा कुनै आपात विपत आएको समय मा जसले जुन कर्मलाई जानेको हुन्छ त्यही कर्मलाई धारण गर्नु र आफ्नो गुण तथा क्षमातालाई परिस्थिति अनुसार धारण गर्नु या परिवर्तन गर्नुपर्छ । राम्रो कार्य या उत्तम गुणलाई आफूमा वरण गर्नुलाई वर्ण भनिन्छ यही चारवर्ण नै समाज निर्माणको मुख्य आधार हो यो वर्ण गुण कर्म र स्वभावको आधारमा निर्माण हुन्छ र एकले धारण गरेको गुण र कर्मलाई अर्कोले धारण गरेमा जसले जुन वर्णको गुण र कर्मलाई धारण गरेको हुन्छ त्यही नै उसको वर्ण हुन्छ यही विधान नै वर्णविधान हो । वर्ण आफ्नो कार्यको क्षमता अनुसार निर्माण हुन्छ ।

ॐ तत्सदिति महर्षि मनुमहाराजस्य कृत मनुस्मृति विधानां विद्यायां नियमशास्त्रे भृगु-समय संवादे मनुस्मृति अन्तर्गते राष्ट्रानां राजधर्म विषयं मनुष्यो व्यवहार निर्माणं विविध ज्ञानं नामक नवमोऽध्यायः

अर्थात्:- महर्षि मनुमहाराजद्वारा निर्देशित मनुस्मृतिको नियम र विधान अन्तर्गतको भृगु र समय बीचमा भएको र संवादमा रुपमा रहेको मनुस्मृतिको मनुविधानअनुसार राजधर्म अन्तर्गतको व्यवहार नियमको निर्माणको बारेमा भनिएको राजाको आफ्नो राजधर्मको विषयको विभिन्न विधानमा रहेको नवौं अध्याय समाप्त भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

।। अथ दशमोऽध्यायः ।।

मनुस्मृति अध्यायः-१०

चारवर्णको आफ्नो धर्म अन्तर्गत वैश्यवर्ण र शुद्र वर्णको आफ्नो धर्मको उपसंहार

अधीयीरंस्त्रयो वर्णाः स्वकर्मस्था द्विजातयः ।
प्रब्रूयाद्ब्राह्मणस्त्वेषां नेतराविति निश्चयः ॥ १०/१ ॥

अर्थात्:- द्विज आफ्नो गुण, कर्म, स्वभावमा स्थिर रहेर आफ्नो कर्मको विधान र मनुष्यको आफ्नो निजधर्म के हो भन्ने ज्ञानलाई बुझ्नको लागि ईश्वरकृत ज्ञान वेदलाई सधैं अध्ययन गर्नुपर्छ । यदि द्विज मनुष्यको गुण, कर्म, स्वभाव र क्षमताले नै ब्राह्मणवर्णलाई धारण गरेको भएमा सबै वर्णलाई वेद पढाउनु हुन्छ । यदि द्विज मनुष्यको गुण कर्म, स्वभाव र क्षमताले क्षेत्रीयवर्णलाई धारण गरेको भएमा वेद अध्ययन गर्नु उत्तम कार्य हो तर पढाउने कार्य क्षत्रीय वर्णको हैन ब्राह्मणवर्णको हो किनकि सत्यताको ज्ञान प्रदान गर्ने मनुष्यलाई नै ब्राह्मणवर्ण भनिन्छ ।

(समयको कलमः- जसले वेद अध्ययन गर्नु र गराउने गर्दछ त्यो मनुष्यलाई नै ब्राह्मणवर्ण भनिन्छ । ब्राह्मणवर्ण बनेर वेद पढ्ने र पढाउने भनेको हैन वेद पढेर ब्राह्मण बनेर वेदलाई पढाउने भनेको हुनाले त्यही वेद पढाउने कार्यलाई वरण गरेको हुनाले त्यस मनुष्यलाई 'ब्राह्मण' भनिन्छ । ब्राह्मणको कर्म नै वेद पढ्ने र पढाउने हो वेद पढेर त्यही अनुसार रक्षा र राजकाज सम्बन्धी सम्पूर्ण कार्य गर्नेलाई 'क्षत्रीय' भनिन्छ । क्षत्रीय भएर राजकाज गर्ने हो भन्ने भनेको हैन गुण, कर्म, स्वभाव र क्षमताले वेद पढ्ने पढेको ज्ञानलाई ग्रहण गरेर आफ्नो कर्ममा लागुगर्ने र आउने आफ्नो सन्ततीलाई ज्ञानको विधानलाई सिकाउने हुनाले नै त्यो मनुष्य क्षत्रीय वर्णको हो । यदि त्यही क्षत्रीय वर्णले पनि वेदज्ञानलाई ग्रहण गरेर यदि गुरुकुलमा पढाउनको लागि शुरू गरेमा त्यो 'क्षत्रीय' हुँदैन 'ब्राह्मण' हुन्छ)

सर्वेषां ब्राह्मणो विद्याद्वृत्त्युपायान्यथाविधि ।
प्रब्रूयादितरेभ्यश्च स्वयं चैव तथा भवेत् ॥ १०/२ ॥

अर्थात्:- श्रेष्ठ आचरण, उत्तम गुणले सम्पन्न, ज्ञान ग्रहणमा उत्तम, सृष्टि विधानको पूर्ण ज्ञान, उत्पत्ति र ब्रह्मविधानको नियमको ज्ञानलाई धारण र उत्तम गुण र संस्कारले सम्पन्न भएको जो मनुष्यमा हुन्छ त्यही मनुष्यलाई 'ब्राह्मण' भनिन्छ यहि आचारणलाई आफूमा धारण गर्नसक्ने गुण, स्वभाव र क्षमताले सम्पन्न व्यक्तिलाई नै सर्वश्रेष्ठ ज्ञानी व्यक्ति भनिन्छ । त्यस्ता श्रेष्ठज्ञानी मनुष्यलाई नै उसको गुण, कर्म, स्वभाव र क्षमता अनुसारको पदलाई नै ब्राह्मण भनिन्छ ।

वैशेष्यात्प्रकृतिश्रेष्ठ्यान्नियमस्य च धारणात् ।
संस्कारस्य विशेषाच्च वर्णानां ब्राह्मणः प्रभुः ॥ १०/३ ॥

अर्थात्:- मनमा उत्तम भाव भएको, उत्तम गुणले सम्पन्न, कर्म र कर्मविधानको ज्ञान भएको, मनमा सबैमा सधैं समभावको भावना भएको, श्रेष्ठ आचरण र संस्कारले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पन्न, ज्ञानको उत्तम स्थानलाई प्राप्त गरेको, उत्पत्ति र बिनासको नियमलाई जानेको, त्यही ज्ञानलाई धारण गरेको, उत्तम कर्मगर्ने सबैलाई समान व्यावहार गर्ने गुणलाई आफूमा धारण गरेको ज्ञान, कर्म, भक्ति तथा उपासनाको विधानअनुसार कर्मगर्ने गुणले सम्पन्न र उत्तम आचरण भएको ज्ञानी तथा विद्वान् जो यी गुणले सम्पन्न भएको व्यक्ति छ त्यही व्यक्तिलाई नै 'ब्राह्मण' भनिन्छ यो आचरण भएको भएको व्यक्ति गुरु जस्तैसम्मानीय हो र सबै वर्णको मनुष्यले यस्तो ज्ञानी व्यक्तिलाई सम्मान गर्नुपर्छ ।

ब्राह्मणः क्षत्रीयो वैश्यस्त्रयो वर्णा द्विजातयः ।
चतुर्थ एकजातिस्तु शुद्रो नास्ति तु पञ्चमः ॥ १०/४ ॥

अर्थात्:- सृष्टिको विधानमा 'ब्राह्मण', 'क्षत्रीय' र 'वैश्य' यी तीन वर्णलाई 'द्विज' भनिन्छ भने यी सबै द्विजको बीजलाई 'शुद्र' भनिन्छ, ब्राह्मण क्षत्रीय र वैश्य यी द्विजलाई तीन वर्ण र बीजलाई एक वर्ण अर्थात् चौथो वर्ण भनेर 'शुद्र'लाई भनिन्छ जुन द्विजको बीज हो त्यही बीजलाई 'शुद्र' भनिन्छ किनकि जन्मको पहिलो अवस्था नै 'शुद्र' हो त्यही 'शुद्र' नै 'द्विज' हुन्छ । अन्य कुनै पाँचौ वर्ण छैन ।

सर्ववर्णेषु तुल्यासु पत्नीष्वक्षतयोनीषु ।
आनुलोम्येन संभूता जात्या ज्ञेयास्त एव ते ॥ १०/५ ॥

अर्थात्:- नारीको कुनै एक वर्ण हुँदैनस किनकि नारी जननी हो, जननिद्वारा नै वर्णको निर्माण हुन्छ, किनकि नारीको जन्मले नै वर्णलाई निर्माण गरेको हुन्छ जुन वर्णको कुलमा जन्मीयो, जुन वर्णको कुलमा पाणिग्रहण भयो त्यही कुलको वर्ण नै नारीको हुन्छ त्यही कुलको वर्णलाई नै नारीले निर्माण गरेको हुन्छ, अर्थात् मातापिता तथा पतिको कुलको दुई वर्णलाई एक साथमा एक पटकमा नै धारण गर्ने क्षमता हुनाले नै नारी भनिन्छ ।

स्त्रीष्वनन्तरजातासु द्विजैरुत्पादितान्सुतान् ।
सदृशानेव तानाहुर्मातृदोषविगर्हितान् ॥ १०/६ ॥

अर्थात्:- द्विज वर्णमा एक वर्ण अर्थात् गुण, कर्म, स्वभाव र क्षमता एक तथा समान भएको मातापिताको संयोगबाट जो सन्तान उत्पन्न भएमा त्यो पिताको कुलको वर्ण सदृश हुनेछ । परन्तु यहाँ माताको वर्णको दोष विगर्हित हुन्छ अर्थात् पिताको कुलको वर्ण हुन्छ । समान गुण, कर्म, स्वभाव र क्षमता भएमा माताको वर्ण साधै शून्य र तटस्थ हुन्छ, समान गुण, कर्म, स्वभाव र क्षमता भएको माता, पिताको सन्तानमा पिताको गुण धेरै सन्तानमा वंशाणुगत गुणको रुपमा रहेको हुन्छ ।

अनन्तरासु जातानां विधिरेष सनातनः ।
द्वयेकान्तरासु जातानां धर्म्यं विद्यादिमं विधिम् ॥ १०/७ ॥

अर्थात्:- यहाँसम्म गुण, कर्म, स्वभाव र क्षमताबाट वर्ण निर्धारण हुने विधानको बारेमा र नारीको वर्णको बारेमा भयो, अब अलग अलग गुण, कर्म भएको दुई अलग स्वभाव भएको दुई अलग अलग गुण भएको र दुई अलग अलग आचरण भएको मातापिताको संयोग भएर जन्मेको सन्तान आचार र प्रकृतिको बारेमा सुन्नुहोस् ।

ब्राह्मणाद्वैश्यकन्यायां अम्बष्ठो नाम जायते ।
निषादः शुद्रकन्यायां यः पारशव उच्यते ॥ १०/८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मण वर्णको पिता र गुण, कर्म, स्वभाव र क्षमता वैश्यवर्णको भएको कुलको माता यी दुई वर्णको बीचम विवाह भएर यी दुई वर्णको माता र पिताको संयोगबाट जो सन्तानको जन्म हुन्छ, त्यस सन्तानको आचरण तथा प्रकृतीलाई 'अम्बष्ठी' भनिन्छ । गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मणवर्णको भएको पिता र गुण, कर्म, स्वभाव र क्षमता, शुद्रवर्णको कुलमा जन्म भएको माताको संयोग भएर यी दुईको संयोगबाट जन्मेको सन्तानको आचरण तथा प्रकृतीलाई 'निषाद' र 'पारशव' भनिन्छ ।

क्षत्रीयाच्छुद्रकन्यायां क्रूराचारविहारवान् ।
क्षत्रशुद्रवपुर्जन्तुरुग्रो नाम प्रजायते ॥ १०/९ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता क्षत्रीय वर्णको पिता र गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्ण कुलमा जन्मेको माता भएमा यी दुवैको संयोगबाट जन्मेको सन्तानको आचरण तथा प्रकृतीलाई 'क्रूराचारी' 'विहारवान', 'क्षत्रि', 'शुद्रांग' वा 'उग्रसेन' आदि भनिन्छ ।

विप्रस्य त्रिषु वर्णेषु नृपतेर्वर्णयोर्द्वयोः ।
वैश्यस्य वर्णे चैकस्मिन्षडेतेऽपसदाः स्मृताः ॥ १०/१० ॥

अर्थात्:- यदि यस्तो 'षड' सन्तानलाई सत्य ज्ञान दिईएन भने । गुण, कर्म, स्वभाव र क्षमता ब्रह्मणवर्ण भएको पिता र गुण, कर्म, स्वभाव र क्षमता क्षत्रीयवर्ण, वैश्यवर्ण र शुद्रवर्णको कुलमा जन्मेको माता यी दुवैको संयोगबाट जन्मेको सन्तानको आचरण तथा प्रकृतीलाई 'षड' अर्थात् 'असद' भनिन्छ यस्तो संयोगबाट जन्मेको सन्तानमा आचरण तथा प्रकृति धेरै 'निकृष्ट' तथा 'क्रुर' गुणलाई आफूमा पनि धारण गर्नसक्छ

क्षत्रीयाद्विप्रकन्यायां सूतो भवति जातितः ।
वैश्यान्मागधवैदेहौ राजविप्राङ्गनासुतौ ॥ १०/११ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताले क्षत्रीय वर्णको पिता र गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मणवर्ण भएको कुलमा जन्मेको माता यी दुवैको संयोगबाट जन्मेको सन्तानलाई 'सूत' भनिन्छ भने त्यस्तै गुण, कर्म स्वभाव र क्षमता वैश्यवर्ण भएको पिता, गुण कर्म, स्वभाव र क्षमता ले क्षेत्रीयवर्णलाई धारण गरेको कुलमा जन्मेको आमा यी दुवैको संयोगबाट जन्मेको सन्तानलाई 'मगध' भनिन्छ त्यस्तै गुण, कर्म, स्वभाव र क्षमताले क्षत्रीय वर्णलाई धारण गरेको पिता र गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मण वर्णको कुलमा जन्मेको माता यी दुवैको संयोगबाट जन्मिएको सन्तानलाई 'वैदेह' भनिन्छ ।

(समयको कलमः- गुण, कर्म, स्वभाव र क्षमतामा केही मिलेको केही नमिलेकोलाई आनुलोम भनिन्छ भने गुण, कर्म र स्वभाव र क्षमता बिल्कुल नै नमिलेको अलग अलग धारको भएमा त्यसलाई प्रातीलोम भनिन्छ)

शुद्रादायोगवः क्षत्ता चण्डालश्चाधमो नृणाम् ।
वैश्यराजन्यविप्रासु जायन्ते वर्णसंकराः ॥ १०/१२ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्ण, गुण, कर्म, स्वभाव र क्षमताले क्षत्रीयवर्ण, गुण कर्म, स्वभाव र क्षमताले वैश्यवर्णको कुलमा जन्मेको कन्यालाई, गुण, कर्म, स्वभाव र क्षमताले शुद्रवर्णलाई धारण गरेको शुद्रवर्णको पुरुषले विवाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर संगोगद्वारा जन्मेको सन्तानलाई 'अयोगवा', 'क्षत्ता', भनिन्छ यस्तो किसीमको सन्तानलाई ज्ञानलाई धारण गर्नमा अति नै कठिन हुनाले वर्ण तथा गुण नै शंकास्पद अर्थात् वर्णशङ्कर भनिएको हो वर्णशङ्कर सन्तानलाई उच्चज्ञान दिनुपर्ने हुन्छ सजिलोसँग कुनै पनि ज्ञानलाई ग्रहण गर्नको लागि सक्दैन किनकि उसको स्मरण क्षमताको गुण पूर्ण तामसिक रहेको हुन्छ ।

एकान्तरे त्वानुलोम्यादम्बष्ठोग्रौ यथा स्मृतौ ।
क्षत्तृवैदेहकौ तद्वत्प्रातीलोम्येऽपि जन्मनि ॥ १०/१३ ॥

अर्थात्:- वरको आफ्नो गुण, कर्म, स्वभाव र वधूको कुलको गुण, कर्म, स्वभाव नै नमिली आफ्नो खुशीले या कुनै लालच या कामाशक्त भएर विवाह गरेको भएमा त्यस्तो वर र वाधुको संयोगवाट जन्मेको सन्तानलाई 'छत्ता' तथा 'वैदेह' भनिन्छ यी दुवै एक जस्तै गुणलाई धारण गरेको हुन्छ यो पनि वर्णशङ्कर नै हुन् ।

(समयको कलमः-माथि भनेको नियम सबै गुण, कर्म र स्वभाव मिलेर या नमिलेर बिहे गरेको माता, पिताको कोखवाट जन्मिने सन्तानको क्षमता तथा उसको प्रकृतिको वरेको गुणलाई अनेक शब्दमा वर्णन गर्दै पुकार गरिएको हो । यो उसको आफ्नो क्षमता र प्रकृति हुन्छ, पछि त्यही क्षमता अनुसार कर्म गरेमा त्यस्तो सन्तान द्विजबन्छ, वरको गुण, कर्म र स्वभाव र वधूको कुलको गुण, कर्म र स्वभावमा केही मात्र मिलेर विवाह गरेर यी दुवैको संयोगवाट जन्मकेको सन्तानलाई 'अनुलोम' भनिन्छ भने गुण, कर्म र स्वभाव कुनै मिलेको छैन यसै लालचमा, कामाशक्तमा आएर जोशले, लालच दिएर, झुटो बोलेर, कुनै पनि वरले वधूलाई र वधूले वरलाई ग्रहण गरेर विवाह गरेर दुवैको संयोगपछि जन्मेको सन्तानलाई 'प्रतीलोम' भनिन्छ । 'अनुलोम' भनेको केही मात्र फरक, 'प्रतीलोम' भनेको गुण, कर्म, स्वभाव र क्षमता वर र वधूको एक आपसमा बिल्कुल नै नमिलेको वा विपरीत गुण, कर्म, स्वभाव र क्षमता भएको भन्ने हुन्छ) ।

पुत्रा येऽनन्तरस्त्रीजाः क्रमेणोक्ता द्विजन्मनाम् ।
ताननन्तरनाम्नस्तु मातृदोषात्प्रचक्षते ॥ १०/१४ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्ण भएको, गुण, कर्म, स्वभाव र क्षमताले क्षत्रीयवर्ण भएको, गुण, कर्म, स्वभाव र क्षमताले वैश्यवर्ण भएको वर जोसुकै वर्णको वरले आफ्नो आशक्ति, लालचको कारण विधान विरुद्ध रहेर संस्कार नै नगरी बिहे गरेर या जबरजस्ती गरेर कुनै पनि वर्णको कुलमा जन्मेको वधूलाई पत्नी बनाएर यी दुवै वर र वधूको संयोगपछि जन्मेको सन्तानलाई पिताको वर्णमा हैन माताको कुलको वर्णमा गणना हुन्छस किनकि पिता पतित आचरणको हुनाले माताको कुलको वर्ण नै ती सन्तानको परिचय हुन्छ जबसम्म ती सन्तानले आफ्नो वर्णलाई आफैमा धारण गर्दैन । तबसम्म माताको जन्मको कुलको वर्ण नै निश्चित हुन्छ ।

ब्राह्मणादुग्रकन्यायां आवृतो नाम जायते ।
आभीरोऽम्बष्ठकन्यायां आयोगव्यां तु धिग्वणः ॥ १०/१५ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमाताले क्षत्रीयवर्णको पिता र गुण, कर्म, स्वभाव र क्षमताले शुद्रवर्णको कुलमा जन्म भएको माता भएको र यी दुवैको संयोगवाट कन्याको जन्म भएको भएमा त्यस कन्याको प्रकृति आचरणको अवस्थलाई 'उग्र'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ । त्यही 'उग्र' कन्यालाई गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्णलाई धारण गरेको वरले वधू बनाएर विहे गरेपछि संयोग भएर जन्मेको सन्तानको प्रकृति आचरणको अवस्थालाई 'आव्रिष्ट' भनिन्छ। गुण, कर्म, स्वभाव र क्षमताले वैश्यवर्णको कुलमा जन्मेको वधू र गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्णको वरको संयोग भएर जन्मेको सन्तानको प्रकृति आचरणको अवस्थालाई 'अम्वष्ट' भनिन्छ, गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्ण भएको पिता र 'अम्वष्ट' कन्यालाई विहे गरेर जन्माएको सन्तानको प्राकृतिक आचारणको अवस्थालाई 'आभीर' भनिन्छ । त्यस्तै गुण, कर्म, स्वभाव र क्षमताले वैश्यवर्णको कुलमा जन्मेको आमा र गुण, कर्म, स्वभाव र क्षमताले शुद्रवर्णलाई धारण गरेको पिताको संयोगवाट जन्मेको सन्तानको प्राकृतिक आचारणको अवस्थालाई 'आयोगवी' भनिन्छ, गुण, कर्म, स्वभाव क्षमताले ब्राह्मणवर्णको पिता र 'आयोगवी' आमाको संयोगवाट जन्मेको सन्तानको प्राकृतिक आचारणको अवस्थालाई 'धिग्वर्ण' भनिन्छ ।

आयोगवश्च क्षत्ता च चण्डालश्चाधमो नृणाम् ।
प्रातीलोम्येन जायन्ते शुद्रादपसदास्त्रयः ॥ १०/१६ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता नमिलेको माता र पितावाट जन्मेको सन्तानको प्राकृतिक आचारणको अवस्था 'चाण्डाल' प्रवृत्तिको हुन्छ किनकि माता, पिताको गुण, कर्म, स्वभाव र क्षमता त्यसको सन्तानमा वंशानुगत गुणको रुपमा रहेर आएको हुन्छ। (समयको कलमः- मनुस्मृतिमा भनिएको सबै विधानमा गुण, कर्म, स्वभाव र क्षमता मिलेको मातापिताको संयोगवाट जन्मेको सन्तानको क्षमता र आचारणमा मातापिताको गुण, कर्म र स्वभावले मुख्य भूमिका खेल्ने देखिन्छ । त्यसकारण मनुस्मृति एक विधान भए पनि विधानको सबै नियम वैज्ञानिक रुपमा नै प्रमाणित गर्न सकिने कुरामात्र भनिएको छ। मातापिताको गुण जस्तो रहेको हुन्छ त्यही गुण अनुसार सन्तानको गुणपनि अलग अलग भएर आउने देखिन्छ माताको गुण, कर्म, स्वभाव र क्षमताभन्दा पिताको गुण, कर्म स्वभाव र क्षमताले सन्तानमा धेरै असर पर्ने देखिन्छ तर मातापिताको गुण, कर्म, स्वभाव क्षमता समान भएमा सन्तानको गुण र आचरणपनि उत्तम हुनेगर्छ भन्ने भनाईलाई हेर्दा महर्षि मनुमहाराजको ज्ञान र भनाई कति उच्च किसीमको र वैज्ञानिक ज्ञान रहेको छ आफैमा ज्ञात हुन्छ। महर्षि मनुमहाराजको मनुविधानको विधान विधानात्मक नियम मात्र नभएर वैज्ञानिक र व्यवहारिक नियम पनि रहेको छ, त्यही हुनाले दुई अलग अलग गुण, कर्म, स्वभाव र क्षमता ले सम्पन्न भएको जोड़ी विहे गरेर जन्मेको सन्तानमा माता, पिताको गुण ठिमाह अर्थात् वर्णशङ्कर हुने यो विधान विधानात्मक मात्र हैन वैज्ञानिक कारण पनि हो, जसरी शारीरिक बनावट एक जस्तै भए पनि गुण, कर्म र स्वभाव अलग अलग भएको गधा र घोडाको संयोगवाट जन्मेको सन्तानलाई खच्चर भनिन्छ यहाँ खच्चर वर्णशङ्कर सन्तान हो किनकि खच्चरको माता गधा पिता घोड़ा हो र गधा र घोडाको शरीरको बनावट एक जस्तै भए पनि यी दुवै प्राणीको गुण, कर्म, स्वभाव र क्षमता अलग अलग रहेको हुन्छ यो नियम सबै 'जरायुज' किसीमको प्राणीमा मात्र लागु हुँदैन उद्भिजः स्वदेज र अण्डजबाट जन्म उत्पन्न हुने सबै किसीमको जीव तथा बनस्पतिमा पनि लागु हुन्छ। जसलाई पहिले वर्णशङ्कर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् ठिमाहा भनिन्थ्यो अहिले ह्यईब्रेड जातको बनस्पति या प्राणी भनिन्छ, जस्तै जर्षिगाई, ब्रोइलर कुखुरा आदि, सबै माता, पिताको गुण, कर्म, स्वभाव र क्षमता नै नमिलेको तर शारीरिक बनावट मिलेको तर दुवैको गुण, कर्म, स्वभाव र क्षमताको अमेल तर अवैध विधिबाट मेल गरेर जन्मेको उत्पादन भएको हुनाले यी सबै प्राणी तथा बनस्पति वर्णशङ्कर हुन् । गुण, कर्म, स्वभाव र आचरण समान भएको स्थानीय कुखुराले समयको पनि जानकारी दिन्छ तर ब्रोइलरमा त्यो क्षमता न्यून मात्र हुन्छ, किनकि कुखुराको जो गुण, कर्म स्वभाव र क्षमता हुन्छ त्यो गुण, कर्म, स्वभाव र क्षमता नमिलेको अन्य कुनै पनि पंक्षीसँग संयोग भएको कारण कुखुराले आफ्नो गुण, कर्म, स्वभाव र क्षमता नै भूल्यो र वर्णशङ्कर बन्यो जसलाई अहिले भाषामा ब्रोइलर कुखुरा भनिन्छ । वैज्ञानिक तथा व्यवहारिक विधानमा निम्न लिखित केही उद्धरण हेरौ अघिको श्लोकमै आउनेछ ।

द्विजैरुत्पादितान् सुतान सदृशान् एव तानाहुः । १०/१६ ॥
कैवर्त्तमिति यं प्राहुरार्यावर्त्तनिवासिनः। १०/३४ ॥
शनकैस्तु क्रियालोपादिमाः क्षत्रीयजातयः।
वृषलत्वं गता लोके॥ १०/४३ ॥
पौण्ड्रकाश्चौड्द्रविडाः काम्बोजाः यवनाः शकाः। १०/४४ ॥

अतः यस वैज्ञानिक विधानको नियमले यो स्पष्ट परेको छ कि वर्णव्यवस्थामा पनि मातापिताको गुण, कर्म, स्वभाव र क्षमता नमिलेको तर संयोग भएर सन्तानको जन्म भएमा सन्तानको प्रकृति, आचरण तथा क्षमतामा दोष आउनेछ भनेर प्रष्ट भनिएको छ, जन्म (मूल विधान) यो भनाइको आसय हैन कर्मनै मूल हो यो विधानको नियम हो भिन्न भिन्न गुण, कर्म, स्वभाव र क्षमता अलग भएको कुनै पनि प्राणीको अपासमा संयोग हुनेहो भने अलग अलग आचरण प्रवृत्ति र क्षमता भएको सन्तान उत्पन्न हुने भनाइलाई अहिले कति परवर्ती उच्च ज्ञानको धार हो त्यो ज्ञानलाई सजिलोसँग बुझ्नको लागि ग्रेगर मेण्डलको नियम अनुवंशीकताको नियमलाई अध्ययन गरे पुग्छ । ग्रेगर मेण्डलको अनुवंशीकताको नियमलाई बुझेपछि मात्र थाहा हुनेछ महर्षि मनुमहाराजको वर र वधूको गुण, कर्म, स्वभाव र क्षमता मिलाएर विवाह गर्नुपर्छ भन्ने नियम कति वैज्ञानिक छ भन्ने वल्ल बुझिने छ)

वैश्यान्मागधवैदेहौ क्षत्रीयात्सूत एव तु ।
प्रतीपं एते जायन्ते परेऽप्यपसदास्त्रयः ॥ १०/१७ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताले वैश्य वर्णको पिता र गुण, कर्म, स्वभाव क्षमताले ब्राह्मणवर्ण र क्षत्रीयवर्णको कुलको माताको संयोगबाट जन्मेको सन्तानको प्राकृतिक आचरणको अवस्थलाई 'मगध' तथा 'बैदेह' भनिन्छ भने गुण, कर्म, स्वभाव र क्षमताले क्षत्रीयवर्णको पिता र गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्णको कुलमा जन्मिएको माताकोकोखबाट जन्मेको सन्तानमा मातापिताको स्वभाव अलग अलग हुनाले वंशानुगत गुणको कारण सन्तानको प्राकृतिक आचरणको अवस्था नै पतन तथा प्रकृति ज्ञान नै भ्रष्ट हुने धेरै सम्भावना अत्यधिक रहेको हुन्छ ।

जातो निषादाच्छुद्रायां जात्या भवति पुक्कसः ।
शुद्राज्जातो निषाद्यां तु स वै कुक्कुटकः स्मृतः ॥ १०/१८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- पिता निसाद र गुण, कर्म, स्वभाव र क्षमताले शुद्रकुलमा जन्म भएको आमाको कोखबाट जन्मेको सन्तानको प्राकृतिक आचारणको अवस्थालाई 'पुक्कस' भनिन्छ । निसाद आमा र गुण, कर्म स्वभाव र क्षमताले शुद्रवर्ण भएको पिताको संयोगबाट जन्मेको सन्तानको प्राकृतिक आचरणको अवस्थालाई 'कुक्कुट' भनिन्छ ।

क्षत्तुर्जातस्तथोग्रायां श्वपाक इति कीर्त्यते ।
वैदेहकेन त्वम्बष्ठ्यां उत्पन्नो वेण उच्यते ॥ १०/१९ ॥

अर्थात्:- 'उग्र' माता र 'छत्ता' पिताको संयोगबाट जन्मेको सन्तानको प्राकृतिक आचरणको अवस्थालाई 'स्वापक' भनिन्छ । 'अम्बष्ट' माता र 'वैदेह' पिताको संयोगबाट जन्मेको सन्तानको प्राकृतिक आचारणको अवस्थालाई 'वेण' भनिन्छ ।

द्विजातयः सवर्णासु जनयन्त्यव्रतांस्तु यान् ।
तान्सावित्रीपरिभ्रष्टान्व्रात्यानिति विनिर्दिशेत् ॥ १०/२० ॥

अर्थात्:- द्विजमा समानवर्ण भएको या द्विजवर्णको माता र पिताको संयोगबाट जन्मेको सन्तानको यज्ञपवित संस्कार भएन भने संस्कारच्यूत भएको कारणलाई जस जसको यज्ञपवित संस्कार नै हुँदैन त्यो सबै सन्तानको प्राकृतिक आचारणको अवस्थालाई नै 'व्रात्य' भनिन्छ ।

व्रात्यात्तु जायते विप्रात्पापात्मा भूर्जकण्टकः ।
आवन्त्यवाटधानौ च पुष्पधः शैख एव च ॥ १०/२१ ॥

अर्थात्:- ब्राह्मण वर्णमा जन्मेको यज्ञपवित संस्कार नभएर 'व्रात्य' भएको व्यक्तिले गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्ण भएको कुलको नारीलाई विवाह गरेर सन्तानलाई जन्म दिएको खण्डमा त्यो सन्तानको प्राकृतिक आचारणको अवस्थालाई 'भूर्जकण्ठक' भनिन्छ, यस्तो सन्तान संस्कार र आचरणच्यूत सन्तान हुन्छ, जबसम्म 'भूर्जकण्टक'ले आफ्नो गुण, कर्म र स्वभाव अनुसारको गुणलाई आफूमा वरण गर्दैन । त्यस्तो किसिमले जन्मेको सन्तानको प्राकृतिक आचारणको अवस्थालाई ' आवन्तय', 'वाटधान, 'पुष्पद' र 'शेख' आदि संयोगबाचक शब्दले जानिन्छ ।

झल्लो मल्लश्च राजन्याद्व्रात्यान्निच्छिविरेव च ।
नटश्च करणश्चैव खसो द्रविड एव च ॥ १०/२२ ॥

अर्थात्:- क्षेत्रीय कुलमा जन्मभएको तर यज्ञपवित संस्कार नभएर 'व्रात्या' भएको, त्यही 'व्रात्या' भएको व्यक्तिले क्षत्रीय वर्णको गुण, कर्म स्वभाव र क्षमताले क्षत्रीय वर्णको कुलमा जन्म भएको कन्यालाई बिहेपछि संयोगबाट जन्मेको सन्तानको प्राकृतिक आचारणको अवस्थालाई 'मल्ल', 'भल्ल', 'निच्छिव', 'नट', 'करण', 'वखस' र 'द्रविड़' भनिन्छ ।

वैश्यात्तु जायते व्रात्यात्सुधन्वाचार्य एव च ।
कारुषश्च विजन्मा च मैत्रः सात्वत एव च ॥ १०/२३ ॥

अर्थात्:- वैश्य वर्णको 'व्रात्य' पिता र वैश्य वर्णको कुलमा जन्मेको माताको कोखबाट जन्मेको सन्तानको प्राकृतिक आचारणको अवस्था 'सुधनवाचार्य', 'कारुष्य', ' विजन्मा', 'सात्वत', 'मैत्र' भनिन्छस त्यस्तै 'चाण्डालः आचरण तथा प्रकृति भएको पिता र 'पुक्कासी' स्त्रीको संयोगबाट जन्मेको सन्तानको प्राकृतिक आचारणको अवस्थालाई 'सोपाक' भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यभिचारेण वर्णानां अवेद्यावेदनेन च ।
स्वकर्मणां च त्यागेन जायन्ते वर्णसंकराः ॥ १०/२४ ॥

अर्थात्:- अलग अलग गुण, कर्म, स्वभाव र क्षमता भएको वर्णको पुरुष र नारीले व्याभिचार गरेर जन्म दिएको सन्तानको प्राकृतिक आचारणको अवस्था आफैमा पतन हुन्छ आचरण तथा प्रकृति पतन हुनाले आफ्नो गोत्रभित्र विहेगर्ने गर्छन, मनुष्यले आफ्नो गुण, कर्म, स्वभाव, संस्कार र आचरणलाई त्याग गर्नेले मनुष्य सम्पूर्ण गुण, कर्म, स्वभाव र क्षमताको विधानमा नै वर्णशङ्कर हुनपुग्छ ।

(समयको कलमः- वर्णशङ्कर भन्नाले कुनै पनि व्यक्तिलाई निर्देशन गरेको हैन उसको शारीरको प्राकृतिक आचारणको अवस्थाको गुणलाई निर्देशन गरेको हुन्छ । किनकि शरीरको वनावट माताको रज र पिताको वीर्यको संयोगबाट बनेको हुन्छ, जब यी दुवैमा आफ्नो गुण र स्वभाव नै नमिलेको तर जबरजस्ती मिलाउनेकोसिस गरेमा सन्तान मानसिक र शारीरक विकलाङ्ग उत्पन्न हुन्छ यही वैज्ञानिक कारण हो ।

गुण कर्म स्वभाव र क्षमता नमिलेको पुरुषसँग गुण कर्म स्वभाव र क्षमता नमिलेको अन्य वर्णसँगको कुलमा जन्म भएको नारीसँग कामवासनामा, भोगमा, लालचमा, लोभमा, डरमा, त्रासमा र वाहाना गरेर गुण, कर्म, स्वभाव र क्षमता नै नमिलेको तर विहे गरेर या जबरजस्ती संयोग गरेर जन्मेको सन्तानको प्राकृतिक आचारणको अवस्था लाई नै 'वर्णशङ्कर' भनिन्छ । गुण, कर्म, स्वभाव र क्षमता नै नमिली कुनै पनि पुरुषले अन्य स्त्रीलाई भोगको लागि विवाह गरेर यदि सन्तानलाई जन्मदियो भनेपनि त्यस सन्तानलाई शरीरको प्राकृति र आचारणको अवस्था लाई 'वर्णशङ्कर' भनिन्छ । त्यसैले यस्तो भोग विवाहलाई शास्त्रले निषेध र अयोग्य हो भनेको छ, आफ्नो गुण, कर्म, स्वभाव र क्षमतालाई त्याग गरेर अन्यको गुण, कर्म, स्वभाव क्षमतालाई धारणगर्नेकोसिस गर्नुलाई नै मानसिक 'वर्णशङ्कर' भनिन्छ त्यसैले यस्तो मानसिक वर्णशङ्करको विधानलाई त्याग गरेर स्वज्ञानी, स्वविवेक र स्वशिल्पि हुने आचरण र प्रकृतीलाई ग्रहण गर्ने वन्नूपर्छ भन्ने महर्षि मनुमहाराजको विधानले सिकाएको छ ।

श्लोक २२ देखि २६ सम्मको वर्णनमा केवल जन्मको सन्तानको गुणलाई मात्र भनिएको हो, आफूले आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसार जब कर्मलाई धारण गर्छ तब यो गुण आफैमा पतन हुन्छ किनकि ब्रह्मचर्याश्रमको विधान समाप्त भएपछि यी सबै गुण पतन भएर नयाँ गुण उत्पन्न हुन्छ किनकि हाम्रो इतिहास अनुसार व्याप्त नामको व्यक्ति 'पारशव' हुनुहुन्थ्यो पछि गुण, कर्म, स्वभाव र क्षमतालाई धारण तथा वरण गरेको ज्ञानी भएको हुनाले उहा ऋषि बन्नूभयो जसलाई व्याप्त ऋषि भनिन्छ) ।

संकीर्णयोनयो ये तु प्रतीलोमानुलोमजाः ।
अन्योन्यव्यतिषक्ताश्च तान्प्रवक्ष्याम्यशेषतः ॥ १०/२५ ॥

अर्थात्:- वर र वधूको गुण, कर्म, स्वभाव र क्षमता नै नमिलेको तर जबरजस्ती या कसैको प्रभावमा पारेर अनुलोम र प्रतीलोम गरेर पारस्परिक सम्बन्धबाट जो संकीर्ण आचरण तथा प्रकृति (वर्णशङ्कर) योनीको निर्माण हुन्छ अब त्यस 'वर्णशङ्कर' योनीको विधानको बारेमा सुन्नुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूतो वैदेहकश्चैव चण्डालश्च नराधमः ।
मागधः तथायोगव एव च क्षत्रजातिश्च ॥ १०/२६ ॥

अर्थात्:- 'सूत', 'वैदेह', 'चाण्डाल', 'मागध, 'क्षता', 'आयोगव' गरी जम्मा छ किसीमको वर्णशङ्कर सन्तानको जन्म हुन्छ मनुष्यमा जुन सन्तान माता र पिताको गुण, कर्म, स्वभाव र क्षमताको मेल विनानै विवाह भएर जन्म भएको हुनाले यी सबै ती सबैको आचरण तथा प्रकृति वर्णशङ्कर हुन्छ आफ्नो स्थिर वर्णलाई जवसम्म धारण गर्नसक्दैन तबसम्म त्यसलाई सन्तानको वर्ण 'सूत वर्णशङ्कर', 'वैदेह वर्णशङ्कर', 'चाण्डाल वर्णशङ्कर', 'मागध वर्णशङ्कर', 'क्षता वर्णशङ्कर' 'आयोगव वर्णशङ्कर' भनिन्छ ।

एते षट्सदृशान्वर्णाञ् जनयन्ति स्वयोनीषु ।
मातृजात्यां प्रसूयन्ते प्रवारासु च योनीषु ॥ १०/२७ ॥

अर्थात्:- यी छ किसिमका वर्णशङ्कर सन्तानले आफ्नो र आफ्नो पत्नीको गुणले सम्पन्न भएको समान वर्णका पुत्र उत्पन्नलाई उत्पन्न गर्छन । यहाँ पिता र माताको गुण, कर्म, स्वभाव र क्षमता एकै वर्णको भएमा पनि त्यही माता, पिताको वर्णको सन्तानको उत्पत्ति हुन्छ किनकि केही गुण सन्तानमा वंशानुगत गुण रहेको हुन्छ यो बुझनुपर्छ ।

यथा त्रयाणां वर्णानां द्वयोरात्मास्य जायते ।
आनन्तर्यात्स्वयोन्यां तु तथा बाह्येष्वपि क्रमात् ॥ १०/२८ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता पिताको, गुण, कर्म, स्वभाव र क्षमता एक भएको कुलको माताकोकोखबाट जन्मेको सन्तानको आचारण तथा प्रकृति प्रदत्त गुणपनि उत्तम हुन्छ द्विजमा समान गुण, कर्म, स्वभाव र क्षमता नभएर केही गुण, कर्म, स्वभाव र क्षमता अलग अलग भएको माता, पिताकोकोखबाट जन्मेको सन्तान केही मानसिक र शारीरिक कमजोर उत्पन्न हुन्छ भने गुण, कर्म, स्वभाव र क्षमता पिताको र माताको कुलको विपरीत अवस्थामा रहेको माता र पिताको संयोग भएर जन्मेको सन्तानको शारीर अली ठुलो र विकशित तदेखिन्छ तर दिमागको वृद्धि हुँदैन क्रोधी हुन्छ र देखेको भन्दा सुनेको कुरामा धेरै विश्वास गर्छ । आफैमा कर्मको विधानलाई बुझ्न नै सक्दैन ।

ते चापि बाह्यान्सुवहूंस्ततोऽप्यधिकदूषितान् ।
परस्परस्य दारेषु जनयन्ति विगर्हितान् ॥ १०/२९ ॥

अर्थात्:- 'आयोगव' लगायतको अन्य छ किसीमको 'वर्णशङ्कर' पिता र गुण, कर्म, स्वभाव र क्षमता एक जस्तै भएको माताकोकोखबाट जन्मेको सन्तानको आचारण र प्रकृति अतिनै घातक हुन्छ सन्तानको आचरण तथा प्रकृति अति दुष्टहुन पुग्छन्, वर्णशङ्कर पिता र वर्ण शङ्कर माताकोकोखबाट उत्पन्न भएको सन्तानमा वंशाणुगत गुणमा कुनै पनि आचरण र प्रकृतीलाई प्राप्त नगरेको हुनाले आफैमा अन्योल हुन्छ र कसको ज्ञान र कुन ज्ञान सत्य हो भन्ने ज्ञानलाई ग्रहण गरेर आफूलाई ज्ञानी बनाउन सकिनेछ भन्ने निर्णय गर्नको लागि नै कयौं समय लाग्छ किनकि माता र पिता नै वर्णशङ्कर हुन् भने गुण त माता, पितामा आचरण र प्रकृति नै वर्णशङ्कर भए पछि सन्तानले के गुणलाई ग्रहण गर्न सक्छ र ? जन्मेको सन्तानमा जहिलेपनि माताको रजको २८र२९५ र पिताको वीर्यको ७१र७२५ रहेको हुन्छ जसलाई वंशाणुगत गुण भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथैव शुद्रो ब्राह्मण्यां बाह्यं जन्तुं प्रसूयते ।
तथा बाह्यतरं बाह्यश्चातुर्वर्ण्ये प्रसूयते ॥ १०/३० ॥

अर्थात्:- जसरी गुण, कर्म, स्वभाव र क्षमता नै विपरीत भएका विचार र आचरण विपरीत भएका कर्ममा सधैँ अकर्मण्यता देखाउने माता, पिताको सन्तानले सधैँ कुनै पनि सत्यतालाई जानेर स्वीकार गर्नलाई सक्दैनन किनकि यो वंशाणुगत गुण हो, त्यस्तै गुण, कर्म, स्वभाव र क्षमता नै नमिली नारी या पुरुषबाट लालच, लोभ, काम, डर, त्रास अन्य हथकण्डा अपनाएर, विविध बाहाना गरेर विधान बिनानै विवाह गरेर या संगोग गरेर सन्तानको जन्म दिएमा माता र पिता दुवैको विपरीत गुण, कर्म, स्वभाव र क्षमता भएको हुनाले यी मातापिता संयोगबाट जन्मेको सन्तानलाई 'वर्णशङ्कर भनिएको हो' वर्णशङ्कर पुरुषले वर्णशङ्कर नारीलाई नै विहे गरेमा समान गुण भएको कारण सन्तानको आचरण, प्रकृति तथा संस्कारच्यूत सन्तानको जन्म हुनेछ ।

प्रतिकूलं वर्तमाना बाह्या बाह्यतरान्पुनः ।
हीना हीनान्प्रसूयन्ते वर्णान्पञ्चदशैव तु ॥ १०/३१ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्णको भएको तर गुण, कर्म, स्वभाव र आचरण ब्राह्मणवर्णको कुलमा, क्षत्रीयवर्णको कुलमा र वैश्यवर्णको कुलमा जन्मेको वरले 'क्षता', 'आयोगवा' र 'चाण्डाल' तीनसँग, चार वर्णको स्त्री र आफ्नोगुण, कर्म, स्वभाव र क्षमताको कुलमा जन्म भएको स्त्रीलाई विवाह गरेर नीचातिनीच पन्द्र पुत्र उत्पन्न गरेको । गरेको हुन्छ र यो अनुलोम विधिबाट हो ।

(समयको कलमः- गुण, कर्म, स्वभाव र क्षमता वैश्यवर्णको र क्षत्रीयबाट उत्पन्न ' मागध', 'वैदेह' र 'सूत' यी तीन वर्णशङ्कर पिताले चारवर्णको स्त्री विवाह गरेमा वा आफ्नो जस्तै गुण, कर्म, स्वभाव र क्षमता भएको वर्णशङ्कर स्त्री या अलग अलग गुण, कर्म, स्वभाव र क्षमता भएको स्त्रीसँग विवाह गरेमा पन्द्र किसीमको वर्णशङ्कर पुत्रलाई उत्पन्न गरेको हुन्छ । यस प्रकारले अलग अलग गुण, कर्म, स्वभाव र क्षमताबाट जन्म भएको सन्तानको रुपमा तीस किमीमको वर्णशङ्कर सन्तान भए अथवा पिता र माताको गुण, कर्म, स्वभाव र क्षमता नै नमिलेको, माता, पिताको गुण, कर्म, स्वभाव र क्षमता केही मात्रमा मिलेको भएमा, माता, पिताको गुण, कर्म, स्वभाव र क्षमता आधामात्र मिलेको आधा नमिलेको अवस्थामा विवाह गरेर यदि सन्तानको जन्म हुन्छ भने त्यस्तो गुण, कर्म, स्वभाव र क्षमता नमिलेको संयोगबाट जन्मेको सन्तानको आचरण तथा प्रकृति निम्न किसिमको हुन्छ ।

१) चण्डाल २) क्षता ३) आयोगव
४) वैदेहिक ५) मागध ६) सूत

यी ६ किसिमको वर्णशङ्कर पर्व-पूर्वबाट र अन्त(अन्तको सन्तान वर्णशङ्कर भए पनि गुणमा उत्तम सन्तान हो यही छैटो सन्तानलाई कृतलोम गरेर कुनै सन्तानको जन्म दिएमा त्यो सन्तान पन्द्रौ सन्तान हुन्छ । जसरि 'चाण्डाल' आचारण र प्रकृतिको वर्णशङ्कर भएको चाण्डाल वर्णशङ्करले अन्य पाँच वर्णशङ्करबाट जन्मेको कुनै पनि स्त्रीबाट पाँच सन्तानलाई उत्पन्न गर्यो, आयोगव वर्णशङ्कर पुरुषले अन्य तीन वर्णशङ्कर स्त्रीबाट तीन सन्तानलाई उत्पन्न गर्यो, वैदेहक वर्णशङ्करले अन्य दुई वर्णशङ्करको स्त्रीबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई सन्तानलाई उत्पन्न गर्यो, मागध वर्णशङ्करले एक वर्णशङ्कर स्त्रीबाट एक सन्तानलाई उत्पन्न गर्यो, सूत वर्णशङ्करभन्दा अघिकोहि छैन । यही सुत वर्णशङ्करको बीचमाकोहि प्रीतीलोम उत्पन्न हुँदैन । यही तरिकाले वर्णशङ्करको विचवाट पनि पन्द्र अन्य वर्ण शङ्कर सन्तानको उत्पन्न हुन्छ । सुतले आफ्नो गुण, कर्म र स्वभाव अनुसार नै सुत नारीलाई विवाह गरेमा त्यो सन्तानको गुण माता, पिताको अनुसार हुन्छ अर्थ यो हो कि ज्ञान, गुण र आचरणको उच्चताको आधारमा यस्तो हुन्छ ।

१) सूत २) मागध ३) वैदेहिक
४) आयोगवा ६) क्षता ७) चण्डाल

यी ६ किसिमको वर्णशङ्कर कर्म अन्तिम(अन्तिम भन्दा पूर्व(पूर्वको उत्तम किसीमको गुण, कर्म, स्वभाव र क्षमता भएको वर्णशङ्कर हो । यहाँ छ प्रतीलोम विधिले सन्तानलाई उत्पन्न गर्नेहो भने १५ किमीमको गुण, कर्म, स्वभाव र क्षमता भएको अन्य वर्णशङ्कर सन्तानको उत्पन्न हुन्छ, 'सूत'ले अन्यपाँच वर्णशङ्कर स्त्रीसँग, 'मगध'ले अन्य चार वर्णशङ्कर स्त्रीसँग 'वैदेहक'ले अन्य तीन वर्णशङ्कर स्त्रीसँग, 'अयोगव' ले अन्य दुई वर्णशङ्कर स्त्रीसँग, 'क्षता'ले एक वर्णशङ्कर स्त्रीसँग, 'चाण्डाल'भन्दा अघि कुनै अन्य वर्णशङ्कर उत्पन्न नभएको हुनाले यही 'चाण्डाल' स्त्रीसँग अन्य कुनै वर्णशङ्कर सन्तानको जन्म हुँदैन । यसरी दुवै प्रकारले जोड़ गर्नेहो भने जम्मा तीस प्रकारको वर्णशङ्कर सन्तानको जन्म हुन्छ । यो विधान केवल आश्रमलाई स्वीकार नगरेर संस्कारच्यूत, गुणच्युत र कर्मच्यूत भएको व्यक्तिमा लागु हुन्छ जन्मदेखि नै यदि ब्रह्मचर्याश्रमको नियमलाई पालन गरेर ब्रह्मचर्य आश्रणको नियम समाप्तिसम्म र गृहस्थाश्रम अनुसार गुरुकुलको ज्ञानको व्यवस्था अनुसार आफ्नो क्षमता र आफ्नो गुण आफ्नो स्वभाव र आफ्नो क्षमताअनुसार कर्मलाई वरण गरेमा आफ्नो वर्णलाई आफैले धारण गर्नेछ । त्यही त्यसको वर्ण हो । यदि माथि भनिएको विधानभन्दा बाहिर गोत्र र आफन्त नातामा विवाह गरेर जन्मेको सबै सन्तानको दस्यु तथा म्लेच्छ हुन)

प्रसाधनोपचारज्ञं अदासं दासजीवनम् ।
सैरिन्ध्रं वागुरावृत्तिं सूते दस्युरयोगवे ॥ १०/३२ ॥

अर्थात्:- 'अयोगवा' वर्णशङ्कर पिता र 'दस्यु' माताकोकोखबाट जन्मेको सन्तानलाई 'सैरिन्ध्र' भनिन्छ यो वर्णशङ्करमा पर्दैन 'दश्यू'मा पर्छ दस्यु उसको आचरण र प्रकृति हो । (समयको कलमः- दस्युको अर्थ केशको सज्जा तथा केशको बिन्यासको कार्य, सरसफाइको कार्यको, कृषिलाई जङ्गली जानवरबाट सुरक्षा प्रदानगर्ने कार्य नै यी सबैको जीविका गर्ने गुणकर्मको स्वभाव हो र आफ्नो हाड़नातामा नै विवाह गर्नेलाई पनि दस्यु नै भनिन्छ यो उनीहरूको प्राकृतिक आचारणको अवस्था हो)

मैत्रेयकं तु वैदेहो माधूकं संप्रसूयते ।
नककन्प्रशंसत्यजस्रं यो घण्टाताडोऽरुणोदये ॥ १०/३३ ॥

अर्थात्:- 'आयोगव' माता 'वैदेहिक' पिताको दुवै वर्णशङ्कर माता, पिताको संयोगबाट जन्मेको सन्तानलाई 'मैत्रेय' भनिन्छ यो वर्णशङ्करको सन्तानको प्राकृतिक आचारणको अवस्था हो यी मैत्रीय गुण, कर्म, स्वभाव र क्षमतामा अति नै प्रियभाषी हुन्छन् । (समयको कलमः- जुन मनुष्यले प्रातःकालमा मनुष्यलाई भक्ति उपासनाको गर्नको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागि घण्टा बजाएर जगाउने कार्य गरेर जीविका पार्जन गरेको हुन्छ त्यस मनुष्यलाई पनि 'मैत्रेय' नै भनिन्छ यो त्यस कर्मको गुण हो)

निषादो मार्गवं सूते दासं नौकर्मजीविनम् ।
कैवर्त इति यं प्राहुरार्यावर्तनिवासिनः ॥ १०/३४ ॥

अर्थात्:- 'निषाद' पिता र 'आयोगव' माताकोकोखबाट जन्मेको वर्णशङ्कर सन्तानलाई 'मल्लाहा', 'दास', 'भार्गव' भनिन्छ यी नाम सबै सन्तानको प्राकृतिक आचारणको अवस्थालाई भनिएको हो ।

(समयको कलमः- डुङ्गा, पोत तथा जहाज चलाउने कार्यमा निपुर्ण र यही पेशागर्ने मनुष्यलाई पनि मल्लाहा, दास, भार्गव नै भनिन्छ मनुष्यको मुख्य वासस्थान आर्यावर्तमा यी कार्यगर्ने सबै मनुष्यलाई कैर्वत्ता पनि भनिन्छ यो यी मनुष्यको प्राकृतिक आचारणको अवस्था लाई भनिएको हो)

मृतवस्त्रभृत्स्त्रीरीषु गर्हितान्नाशनासु च ।
भवन्त्यायोगवीष्वेते जातिहीनाः पृथक्त्रयः ॥ १०/३५ ॥

अर्थात्:- 'सैरिन्ध्री', 'भार्गवः अर्थात् 'मप्रेथी' तीन अलग अलग वर्णशङ्कर हुनाले यो वर्णशङ्करको 'भार्गव' पिता र 'आयोगव' माताकोकोखबाट जन्मेको सन्तान हुनाले यी सबैको सन्तानको प्राकृतिक आचारणको अवस्थालाई 'मर्वाग' भनिन्छ 'मर्वाग' जन्मको वर्णशङ्कर आचरण र उसको प्रकृति हो ।

'निषाद' पिता र 'वैदेहिक' माताकोकोखबाट 'अन्ध्र' नामको वर्णशङ्कर सन्तानको जन्म हुन्छ । यस्तो वर्णशङ्कर सन्तानको प्राकृतिक आचारणको अवस्थालाई 'अन्ध्र' हुन्छ ।

'अन्ध्र' पिता र 'निषाद' माताकोकोखबाट 'भेद' नामको वर्णशङ्कर सन्तानको जन्म हुन्छ । यस्तो वर्णशङ्कर सन्तानको प्राकृतिक आचारणको अवस्थालाई 'भेद' भनिन्छ ।

(समयको कलमः- उच्च ज्ञानलाई हासिल गर्न नसकेको श्मशान घाटमा लासको कफनलाई उतारने कार्य गर्छन र द्वेष स्वभाव भएका गर्हित भोजनपनि गर्ने गर्छन ती सबैलाई मर्वाग भनिन्छ, यो कर्मको गुण हो)

समाजदेखि टाढा रहन इच्छुक, मरेको जानवरलाई पुर्ने कर्मगर्ने व्यक्तिलाई पनि 'अन्ध्र' भनिन्छ, यो कर्मको गुण हो ।

जो मनुष्य गाउँमा एकान्तमा वस्नको लागि रुचि राखेको हुन्छ त्यस मनुष्यलाई पनि 'भेद' नै भनिन्छ यी सबै नाम कर्मको आधारमा भनिने परिचय हो ।

कारावरो निषादात्तु चर्मकारः प्रसूयते ।
वैदेहिकादन्ध्रमेदौ बहिर्ग्रामप्रतिश्रयौ ॥ १०/३६ ॥

अर्थात्:-'निषाद' पिता 'वैदेहिक माताको कोखबाट 'अन्ध्र नामको वर्णशङ्कर सन्तानको जन्म हुन्छ र अन्ध्र पिता र निषाद माताको कोखबाट जन्मेको वर्णशङ्कर सन्तानलाई 'कारावर' भनिन्छ यस्तो वर्णशङ्कर सन्तानको प्राकृतिक आचारणको अवस्थालाई 'कारावर' ।

(समयको कलमः- समाजमा मिलेर वस्ने भन्दापनि एकान्तामा नै बस्न रुचाउने व्यक्तिलाई 'कारावर' भनिन्छ यो उसको आफ्नो आचरण तथा प्रकृति हो यो कर्मको गुण हो ।

चण्डालात्पाण्डुसोपाकस्त्वक्सारव्यवहारवान् ।
आहिण्डिको निषादेन वैदेह्यां एव जायते ॥ १०/३७ ॥

अर्थात्:- चाण्डाल पिता र वैदेह माताकोकोखबाट 'पाण्डुसोपाक' आचरण र प्रकृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको सन्तानको जन्म हुन्छ र निषाद पिता र चाण्डाल माताकोकोखबाट 'आहिण्डक' नामको सन्तानको उतपन्न हुन्छ यो जन्मको आचरण तथा प्रकृति हो। (समयको कलमः- बाँसको चित्रा बनाएर चित्राको व्यापार गरेर त्यही चित्रालाई बेचेर जीवन निर्वाह गर्ने व्यक्तिलाई पनि 'पाण्डुसोपाक' भनिन्छ। यो कर्मको गुण हो)

चण्डालेन तु सोपाको मूलव्यसनवृत्तिमान्।
पुक्कस्यां जायते पापः सदा सज्जनगर्हितः ॥ १०/३८ ॥

अर्थात्:- चाण्डाल पिता पुक्कास माताकोकोखबाट जन्मेको सन्तानलाई 'सोपाक' भनिन्छ यो जन्मको आचरण र प्रकृति हो।

(समयको कलमः- राजाको आज्ञाको आधारमा जुन मनुष्यलाई प्राणदण्ड दिने या वध गर्नुपर्ने हुन्छ त्यसलाई राजाको आज्ञा अनुसार वध या प्राणदण्ड दिने कार्यलाई पनि सोपाक नै भनिन्छ यो कर्मको गुण हो)।

निषादस्त्री तु चण्डालात्पुत्रं अन्त्यावसायिनम्।
श्मशानगोचरं सूते बाह्यानां अपि गर्हितम् ॥ १०/३९ ॥

अर्थात्:- निषाद पिता र चाण्डाल माताकोकोखबाट जन्मेको सन्तानको आचरण र प्रकृतीलाई 'अन्त्यावसापि' भनिन्छ यो जन्मको आचरण र प्रकृति हो।

(समयको कलमः- श्मशान घाटमा बसेर लासलाई जलाउने कार्यलाई गर्ने व्यक्तिलाई पनि अन्त्यावसापि नै भनिन्छ यो कर्मको विधान हो)।

संकरे जातयस्त्वेताः पितृमातृप्रदर्शिताः।
प्रछन्ना वा प्रकाशा वा वेदितव्याः स्वकर्मभिः ॥ १०/४० ॥

अर्थात्:- वर्णशङ्कर भित्रपनि अनेक किसिमका गुण आचरण भएका विभिन्न वर्णशङ्कर मातापिताको संयोगबाट अनेक निषेधको कर्मगर्ने, कर्मच्यूत आचरण भएका धेरै मनुष्य भेटिने छन् ती सबै मनुष्यलाई उसको वर्ण निश्चित भएको छैन भने त्यसको व्यावहार, आचरण गुण स्वभाव हेरेक नै जान्न सकिनेछ किनकि कुन पुरुषले कहा र कुन स्त्रीले कहाँ ब्याभिचार गरेर र गराएर कुन वर्णशङ्कर सन्तानलाई जन्मदियो यो सबै गुप्त हुन्छ त्यसले मनुष्यको वर्ण निर्धारण उसको कर्मले निश्चित गरेको हुन्छ। कर्म नै वर्णको बीज हो।

स्वजातिजानन्तरजाः षट्सुता द्विजधर्मिणः।
शुद्राणां तु सधर्माणः सर्वेऽपध्वंसजाः स्मृताः ॥ १०/४१ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मणवर्ण, क्षत्रीयवर्ण, वैश्यवर्णलाई धारण गरेका द्विजले आफ्नो आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसारको वर्ण भएको कुलमा जन्मेको स्त्रीलाई विवाह गरेर संयोग गरेर जन्मेको सन्तानमा पिता र माताको गुण, कर्म र स्वभावमा धेरै नै गुण, कर्म, स्वभाव र क्षमतालाई प्राप्त भएको हुन्छ त्यसैले जबसम्म यी सबैले आफ्नो वर्णलाई निश्चित गर्दैन त्यसलाई पिताको वर्णको कुलको सन्तान भनिन्छ।

(समयको कलमः- अहिले नवबालक छ भने त्यसको वर्ण यो नै हो भन्नलाई मिल्दैन जबसम्म उसले आफ्नो वर्णआश्रमको ज्ञानलाई पूर्ण गर्दैन तबसम्मको लागिमात्र पिताको कुलको वर्णको परिचय रहन्छ तबसम्म त्यो मनुष्य शुद्र हो भन्ने बुझ्नुपर्छ। शूद्रवर्ण अर्थात् वर्णको बीज, जब वर्णाश्रमको ज्ञान सकिएपछि आफ्नो गुण, कर्म,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वभाव र क्षमता अनुसार कर्मलाई छनौट गर्छ त्यसलाई नै त्यसको वर्णको हो भनेर बुझ्नुपर्छ, त्यस्तै पिताको गुण, कर्म, स्वभाव क्षमता ब्राह्मणवर्णको, माताको गुण, कर्म, स्वभाव र क्षमताले क्षेत्रीयवर्णको कुलमा जन्मेको, पिताको गुण, कर्म, स्वभाव क्षमताले क्षत्रीयवर्णको, माताको गुण, कर्म र स्वभावले शुद्रवर्णको कुलमा जन्मेको वर र वधूको संस्कार सहित विवाह भएर संस्कार अनुसार नै ती वर र वधुको संयोगबाट जुन सन्तानको जन्म हुन्छ ती सबै सन्तानको नै यज्ञपवित भएर द्विज हुन्छन्। द्विज हुनुभन्दा पहिले यी सबै शुद्रवर्णको हुन, यो बाहेक नियम विपरीत जति पनि सन्तानको जन्म भएको हुन्छ ती सबैले जबसम्म आफ्नो वर्णलाई निश्चित निर्धारण गर्नसक्दैन तबसम्म त्यसलाई पिता र माताको कुलको वर्ण जे थियो त्यही नै भनेर पुकार गरिन्छ। गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्णको पिता र गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणकुलमा जन्मेको माताको कोखबाट जन्मेको सन्तानको वर्ण तबसम्म शूद्र नै रहनेछ जबसम्म उसले आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसारको आफ्नो कर्मलाई स्वीकार गर्नको लागि सक्दैन यदि माता, पिताको गुण, कर्म, स्वभाव र आचरण ब्राह्मणको थियो तर पुत्रले माता, पिताको गुण, कर्म, स्वभाव र क्षमता अनुसार आफूलाई परिवर्तन गर्न सकेन र व्यापार व्यवसाय गर्नको लागि शुरू गर्यो भने त्यो सन्तान ब्राह्मणवर्णको गुण, कर्म, स्वभाव र क्षमता भएको कुलको भए पनि अब उसको वर्ण वैश्य हुन्छ, अब उसलाई ब्राह्मण वर्णको कूल हो तर उसको वर्ण वैश्यवर्ण हो भनेर बुझ्नुपर्छ, त्यस्तै शुद्रवर्णको मनुष्यले आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसार सुरक्षा तथा संरक्षणको कर्मगर्नेको लागि शुरू गर्यो भने त्यो मनुष्य क्षत्रीय वर्णको हो। यहाँ जन्मेको कूल तथा जन्माएको माता, पिताको वर्ण महत्वपूर्ण हैन आफूले गर्ने कर्म महत्वपूर्ण हो)

तपोवीजप्रभावैस्तु ते गच्छन्ति युगे युगे।
उत्कर्ष चापकर्ष च मनुष्येष्विह जन्मतः ॥ १०/४२ ॥

अर्थात्:- मनुष्यको जन्मसँगै घरको वातावरण, प्रकृतिको विधान, त्यहाँको संस्कृति, घरपरिवार छिमेकको रहन सहन, रीतिरिवाज, मातापिताको कर्मको प्रभावको कारण मनुष्यमा अनेक किसिमका सोच उत्पन्न हुन्छ र मुख्य तीन गुणबाट अन्य गुणबाट पनि गुणशङ्कर हुनपुग्छ, मुख्य शुद्रवर्णबाट द्विज नभएर अनेक अनेक किसीमको वर्ण शङ्कर हुनपुग्छन्। यस्तो वर्णशङ्कर हुनमा माता, पिताको संस्कारको मुख्य भूमिका रहेको हुन्छ। त्यसैले मातापिताले आफ्नो सन्तानलाई शुद्र अवस्थामा नै संस्कार दिएर आश्रम र वर्ण विधानलाई सिकाउने गर्नुपर्छ वर्णाश्रममा आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसार वर्णलाई छौनाट गर्ने अधिकार उसलाई नै हुन्छ अहिले वर्ण शङ्कर सन्तानको रुपमा जन्मभएको मनुष्य महान् ब्रह्मज्ञानी बन्न सक्छ यो उसको तप कति छ त्यो महत्वपूर्ण कुरा हो।

(समयको कलमः- यो श्लोकमा जो तपको कुरा भनिएको छ बीजको उत्कर्षता र आफूले धारणगर्ने ज्ञानको अपकर्षतालाई भनिएको हो यसको तात्पर्य यो हो कि प्रथम आश्रममा अर्थात् २५ वर्षको आयुपर्यन्तसम्म माता, पिताको वर्ण हुन्छ बाँकी शेष तीन आश्रममा भने आफ्नो अफ्नो गुण, कर्म, स्वभाव र क्षमताको क्रमअनुसार वर्णलाई धारण गरेको हुन्छ। यस भनाइबाट यो स्पष्ट हुन्छ कि गुण, कर्म, स्वभाव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षमताको आचरणलाई नै वर्ण हो यही नै वर्णको चिह्न हो भनेर बुझ्नुपर्छस किनकि नीतिशास्त्रको नियम र प्रकृतिको गुण अनुसार नै, ब्राह्मण कुलको सन्तानको आठ वर्षमा यज्ञोपवीत पर्छ, क्षत्रीयवर्णको कुलको पुत्रको एघारौं वर्षमा यो केवल बीजको कारण हो किनकि प्रथम आश्रममा बीजको प्रवलता हुनाले आफ्नो कुनै गुण, कर्म, स्वभाव र क्षमता निश्चित नभएको हुनाले द्विजहुनको लागि पिताको वर्णलाई सङ्केतको रुपमा धारण मात्र भएको हो यो उसको वर्ण हैन उसको वर्ण त आश्रममा आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसारले नै आफैमा धारण गरेको हुन्छ वर्णलाई अरूले गराउने हैन)

शनकैस्तु क्रियालोपादिमाः क्षत्रीयजातयः ।
वृषलत्वं गता लोके ब्राह्मणादर्शनेन च ॥ १०/४३ ॥

अर्थात्:- मनुष्यले विस्तारै विस्तारै आफ्नो संस्कार, आफ्नो विधान, आफ्नो गुण, आफ्नो कर्म र आफ्नो स्वभावलाई बुझ्न नै नसकेर अरुको नक्कल गर्ने कार्य शुरू गर्नेछन् तब त्यस्तो मनुष्यलाई वृषल (क्षुद्र) भनिन्छ ।

(समयको कलमः- वर्णको विधानलाई नबुझेको हुनाले मनुष्यले आफ्नो भित्रको गुणलाई आफ्नो क्षमतालाई बुझ्दैन तब त्यो मनुष्यले संस्कारलाई त्याग गरेको हुन्छ जस्ले संस्कारलाई त्याग गर्यो त्यही पशु हो, अनार्य हो, दस्यु हो, यस्तो संस्कार च्यूत, आफ्नो गुण, कर्म, स्वभाव र क्षमता च्युत भएको व्यक्ति जुन वर्णको कुलको भए पनि आफूले आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसार कुनै पनि वर्णलाई धारण गर्न नसकेर जब कर्मबाट पनि च्युत हुन्छ त्यसलाई नै कर्मशङ्कर भनिन्छ । यदि उसको गुण, कर्म, स्वभाव र क्षमता क्षत्रीय वर्णको छ तर लालच डर या अन्य कुनै कारणले आफ्नो क्षत्रीय गुण, कर्म, स्वभाव र क्षमतालाई त्याग गरेमा कुन कुन गुणलाई त्याग गर्यो त्यही अनुसार त्यसलाई वृषल भनेर पुकार हुन्छ, अर्थात् क्षत्रीयवर्णको कर्म, गुण, स्वभाव र क्षमता भएको व्यक्ति यदि क्षत्रीय गुणबाट आफैमा च्युत भएमा अघि भनिने नियम लागु हुनेछ)

पौण्ड्रकाश्चौड्रद्रविडाः काम्बोजा यवनाः शकाः ।
पारदापह्लवाश्चीनाः किराता दरदाः खशाः । १०/४४ ॥

अर्थात्:- क्षत्रीय वर्णको व्यक्तिले बिनाकारण हिंसा हत्या आदि गरेर आफ्नो वर्णको विधानलाई क्षति गरेमा, संस्कार र आफ्नो क्षत्रीय वर्णको गुण, कर्म, स्वभाव र क्षमतालाई त्याग गरेमा आफ्नो क्षत्रीय धर्मको विरुद्धको कार्य गरेको हुनाले कर्मको आधारमा पौण्ड्रक, औड्र, द्रविड्, काम्बोज, यवन, खस, पारक्ष, पड्, आदि आचरण र प्रकृति हुनपुग्छ । यदि यी सबैको संस्कार नभएमा, यज्ञपवित नगरेमा र स्वाध्याय (वेदाध्ययन) यी कर्मलाई नागरेमा क्षत्रीय वर्णको कुलको भए पनि संस्कार र कर्मच्यूत भएर सबैको आचरण तथा प्रकृति वृषल हुन्छ ।

(समयको कलमः- ४४ औं श्लोकले यो स्पष्ट परेको छ कि यो महर्षि मनुको समयमा धर्मको नामको अन्य कुनै पनि समूह थिएन यो समयमा केवल चारवर्णको व्यावस्था थियो वर्ण तथा कर्मच्यूतकोहि थिएन सबै मनुष्यलाई गुण, कर्म, स्वभाव र क्षमता अनुसार आफ्नो वर्णलाई धारणगर्ने अधिकार थियो यही नै गुण, कर्म, स्वभाव र क्षमता अनुसार नै वर्णलाई आफैमा धारण गर्ने विधान नै मनुस्मृतिको विधान हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुस्मृतिको मनुविधान अनुसार संसारमा एक धर्म नै थियो त्यो सनातन वैदिक धर्म कालान्तरमा मनुष्यले वर्णको नियमलाई त्याग गर्नेछन् भन्ने विधानलाई पनि देखाई दिएको छ मनुष्य बिस्तारै बिस्तारै आफ्नो मानवतालाई त्यागगर्ने हुनाले वर्णशङ्कर, कर्मशङ्कर, गुणशङ्कर हुनेछन् भन्ने ज्ञानपनि दिएको छ । संसारमा दुई प्रकृतिको मनुष्य छन् एक उत्तम र अर्को नीच । उत्तम त्यसलाई भनिन्छ जसले आफ्नो गुण, कर्म र स्वभाव अनुसार आफ्नो कर्ममा निरन्तर लागि रहन्छ त्यस्तो मनुष्य सधैं महान् बनेको हुन्छ भने नीच त्यो हो जसले आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसार कार्य नगरेर अरुलाई आरोप लगाएर आफ्नो क्षमतालाई भुलेर आफ्नो गुण तथा स्वभाव अनुसार कर्मलाई नगरेर जसले कर्मलाई कर्मशङ्कर बनाउने गरेका हुन्छन् ती सबैलाई कर्मको वृषल भनिन्छ ।

मुखबाहूरुपज्जानां या लोके जातयो बहिः ।
म्लेच्छवाचश्चार्यवाचः सर्वे ते दस्यवः स्मृताः ॥ १०/४५ ॥

अर्थात्:- मनुष्यको समाज कर्मप्रदान समाज हो, जो मनुष्यले आफ्नो गुण, स्वभाव र क्षमता अनुसारको कर्मलाई धारण नगरेर आफ्नो कर्तव्यलाई पालन गर्दैन आफ्नो गुण, स्वभाव र क्षमता अनुसार कर्म नगर्ने र कर्मच्यूत ब्राह्मणवर्ण, क्षत्रीयवर्ण, वैश्यवर्ण र शुद्रवर्ण यी चारवर्णले आफ्नो संस्कार संस्कृति कर्त्तव्य पालन नगरेर कर्मच्यूत भएर समाज विरुद्धको कार्य गरेको र धर्मको नियमलाई पालन नगरेको हुनाले जसलाई पुरा समाजले वहिष्कृत गरेको हुन्छ त्यस्तो कर्मच्यूत, संस्कार च्युत र धर्मच्यूत व्यक्तिलाई अनार्य, म्लेच्छ र नीच भनिन्छ चाहे जुनसुकै वर्णको कुलमा जन्मेको व्यक्ति किन नहोस् गुण कर्म र स्वभावले त्यो म्लेच्छ, अनार्य र नीच हो ।

ये द्विजानां अपसदा ये चापध्वंसजाः स्मृताः ।
ते निन्दितैर्वर्तयेयुर्द्विजानां एव कर्मभिः ॥ १०/४६ ॥

अर्थात्:- 'द्विजवर्ण'को पिता र 'आसद' माताकोकोखबाट जन्मेको सन्तानलाई 'षड' भनिन्छ जबसम्म षड सन्तानले आफ्नो गुण, कर्म, स्वभाव र आचरणलाई उत्तम प्रकारको बनाउँदैन तबसम्म यज्ञपवित संस्कार हुँदैन किनकि जसले आफूलाई पतित कर्मबाट सुधार नगरेमा यज्ञपवित संस्कारको औचित्य हुँदैन, त्यसैले षडको यज्ञपवित हुँदैन जबसम्म उसले आफ्नो कार्यलाई परिवर्तन गर्दैन । आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसार कर्मलाई वरण गर्दैन ।

सूतानां अश्वसारथ्यं अम्बष्ठानां चिकित्सनम् ।
वैदेहकानां स्त्रीकार्य मागधानां वणिक्पथः ॥ १०/४७ ॥

अर्थात्:- रथ तथा लड़ियाको कार्यलाई गरेर जीविकोपार्जन गर्ने मनुष्यलाई 'सूत' भनिन्छ, चिकित्साको कर्मलाई गरेर जीविका पालन गर्नेलाई 'अम्बष्टो' भनिन्छ, नाच्ने कार्य गरेर जीविकोपार्जन गर्नेलाई 'वैदेह' भनिन्छ, वाणिज्यको समानलाई ओसार पसारको कार्य गरेर जीविका पालन गर्नेलाई 'मगध' भनिन्छ यो कर्मको परिचयको विधान हो ।

मत्स्यघातो निषादानां त्वष्टिस्त्वायोगवस्य च ।
मेदान्ध्रचुञ्चुमद्गूनां आरण्यपशुहिंसनम् ॥ १०/४८ ॥

अर्थात्:- कर्म अनुसार यात्रीलाई नदीपार गराएर जीविकोपार्जन गर्ने मनुष्यलाई '

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निषाद' भनिन्छ, काठको काम गर्ने मनुष्यलाई 'आरौगाव' भनिन्छ, खेतीपतीलाई नष्टगर्ने प्राणीको हिंसा गर्ने मनुष्यलाई 'अन्ध्र', 'चुन्च', 'भार्गव' आदि भनिन्छ ।

क्षत्तृरुग्रपुक्कसानां तु विलौकोवधबन्धनम् ।
धिग्वणानां चर्मकार्य वेणानां भाण्डवादनम् ॥ १०/४९ ॥

अर्थात्:- खेतीपातीलाई रातिमा आएर क्षतिगर्ने तर ओडारमा बस्ने प्वालमा बस्ने प्राणीलाई समातेर हत्या गरेर किसानसँग लिएको अन्नबाट गुजरा गर्नेलाई ' क्षता' 'उग्र' 'पुक्कस' भनिन्छ, मरेका जनावरको छाला काढेर त्यस छालाबाट अनेक किसीमको खेतीको लागि प्रयोग हुने साधन तथा जुत्ता बनाएर त्यस कार्य गरेर जीविकोपार्जन गर्नेलाई 'विग्वण' भनिन्छ, संगीतको साधनलाई बजाएर जीविकोपार्जन गर्नेलाई 'वेणु' भनिन्छ यो कर्मको परिचय हो ।

चैत्यद्रुमश्मशानेषु शैलेषूपवनेषु च ।
वसेयुरेते विज्ञाता वर्तयन्तः स्वकर्मभिः ॥ १०/५० ॥

अर्थात्:- यी सबै मनुष्य आवश्यक्ता अनुसार जहाँ पनि जाना सक्छन्, कसैको रोकटोक हुनुहुँदैन, किनकि यी सबैको कार्य कृषिसँग सम्बन्धित छ कृषि नै राज्यको आधार हो कृषक 'राज्यगुरु' हो त्यसैले यी सबै स्वतन्त्र हुनेछन् र यी सबैको क्षमता आफ्नो कार्य सम्पन्न गर्नको लागि कार्य र परिस्थिति अनुसार पाटी, पौवा, ओडार या ठूलो वृक्षको आश्रयमा आफ्नो रातलाई सजिलोसँग पूरागर्न सक्छन् ।

चण्डालश्वपचानां तु वहिर्ग्रामात्प्रतिश्रयः ।
अपपात्राश्च कर्तव्या धनं एषां श्वगर्दभम् ॥ १०/५१ ॥

अर्थात्:- कुकुर पालन गरेर कुकुरको बच्चालाई बेच्ने, गधालाई पालन गरेर गधालाई बेच्ने, तथा कुकुर, गधालाई संयोग गराएर आफ्नो जीविका पालनगर्ने मनुष्यलाई चाण्डाल व स्ववच भनिन्छ यी सबैको तवेला गाउँदेखि टाढा हुनुपर्छ यी नाम कर्मको परिचय हो ।

वासांसि मृतचैलानि भिन्नभाण्डेषु भोजनम् ।
कार्ष्णायसं अलङ्कारः परिव्रज्या च नित्यशः ॥ १०/५२ ॥

अर्थात्:- मृतक मनुष्यको कपड़ा लगाउने, फुटेको भाँडालाई प्रयोग गर्ने, फलामको गहना हात खुट्टामा लगाउने विनाकरण गाउँमा जङ्गलमा घुमिरहने आचरण भएको मनुष्यलाई पनि चाण्डाल तथा स्ववच भनिन्छ ।

न तैः समयं अन्विच्छेत्पुरुषो धर्म आचरन् ।
व्यवहारो मिथस्तेषां विवाहः सदृशैः सह ॥ १०/५३ ॥

अर्थात्:- ज्ञानी व्यक्तिले माथिको कर्मगर्ने व्यक्तिलाई ज्ञानदिनु पर्छ तर ज्ञान दिए बापत कुनै आर्थिक व्यवहारको लिनुदिनु गर्नुहुँदैन जवसम्म यस्तो कार्यगर्ने व्यक्तिसँग गुण, कर्म र स्वभाव मिल्दैन तवसम्म परस्पर विवाह भने गर्नुहुँदैन ।

अन्नं एषां पराधीनं देयं स्याद्भिन्नभाजने ।
रात्रौ न विचरेयुस्ते ग्रामेषु नगरेँषु च ॥ १०/५४ ॥

अर्थात्:- त्यसैले मनुष्यले स्वकर्म गर्नुपर्छ अरुले उत्पन्न गरेको अन्नलाई आफ्नो भोजन बनाएर अरुको अधीन हुनुहुँदैन । फुटेको भाँडामा खानाखानु हुँदैन र विनाकरण मनुष्य रात्रीमा आफ्नो गाउँ या पराई गाउँमा घुम्नुहुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिवा चरेयुः कार्यार्थं चिह्निता राजशासनैः ।
अबान्धवं शवं चैव निर्हरेयुरिति स्थितिः ॥ १०/५५ ॥

अर्थात्:- तर प्रजाको सुरक्षाको लागि राजाद्वारा निर्देशित सेना तथा प्रहरी या अन्य सुरक्षा निकायलाई रात्रीमा घुम्ने अनुमति छ यो राजा अङ्कित विधानमा यो नियम लागु हुँदैन त्यस्तै निःसन्तान भएको साथमा कोहि नभएको एक्लै बस्ने मनुष्यको मृत्यु भएमा त्यसको लासको अन्त्येष्टि गर्दामाथिको नियम लागु हुँदैन तर कसैको लासलाई पैसा लिएर जलाउने कार्य गर्नेलाईमाथिको नियम लागु हुन्छ यो कर्मको तथा शास्त्रको नियम हो ।

वध्यांश्च हन्युः सततं यथाशास्त्रं नृपाज्ञया ।
वध्यवासांसि गृह्णीयुः शय्याश्चाभरणानि च ॥ १०/५६ ॥

अर्थात्:- राजाको निर्देशन अनुसार र नियमसङ्गत रहेर शास्त्रको विधि अनुसार वधयोग्य मनुष्यको वध गरेर ती मनुष्यको लगाएको गहना या अन्य साधन लिएमामाथि भनिएको नियम लागु हुँदैन ।

वर्णापेतं अविज्ञातं नरं कलुषयोनीजम् ।
आर्यरुपं इवानार्य कर्मभिः स्वैर्विभावयेत् ॥ १०/५७ ॥

अर्थात्:- विविध कारणले जो मनुष्य कर्मच्यूत र संस्कार च्यूत भएर संस्कार र कर्ममा वर्णशङ्कर भएमा आफ्नो कर्मलाई सुधार गर्नको लागि निरन्तर प्रयास गर्नुपर्छ चाहे त्यो मनुष्यलाई समाज या गाउँबाट नै पृथक हुन् किन नपरोस । त्यस्तै मनुष्यले कुनै पनि अन्य मनुष्यको शरीर र अनुहार देखेर कसैको वर्णलाई निर्धारण गर्नुहुँदैन, परन्तु अनजान व्यक्ति हो समाजमा बस्नको लागि आएको छ छिमेकी भएर आएको छ तर त्यो व्यक्ति आर्य हो या अनार्य हो अनजान भएमा उसको बोली, आचरण र उसको कर्म हेरेर जान्नुपर्छ र उसको आचारणको बारेमा जाननुपर्छ । (समयको कलमः- वर्णबाट बहिष्कृत या वर्णदीक्षाबाट रहित भएको रुपमा श्रेष्ठ भए पनि आचरण पतित भएर कर्मच्यूत भएको कारण आफ्नो महत्वकांक्षी सोचलाई पूर्ण गराउनको लागि र आफूलाई महान् हो भन्ने देखाउनको लागि नाटक गरेर आर्य भएको देखाउने कोसिस गरेको हुन्छन् त्यस्तै छिमेकमा बसेको छ, मनुष्य अन्जान हो तर छिमेकमा आएर बसेको छ भने त्यसको आचरण हेरेर, भोजन हेरेर, कर्म तथा भक्ति पद्धतीलाई हेरेर पनि त्यो आर्य हो या अनार्य हो चिन्नूपर्छ त्यसको आचरण, गुण, कर्म र स्वभावअनुसार नै त्यस्तो मनुष्यसँग सहकार्य गर्न पनि सकिने हुन्छ तर त्यो मनुष्य के हो बुझ्न भने जरूरी हुन्छ ।

अनार्यता निष्ठुरता क्रूरता निष्क्रियात्मता ।
पुरुषं व्यञ्जयन्तीह लोके कलुषयोनीजम् ॥ १०/५८ ॥

अर्थात्:- मातापिता दुवैको गुण, कर्म, स्वभाव र क्षमता मिलेको, संस्कार र विधानअनुसार विवाह गरेर दुवैको संयोगद्वारा उत्पन्न भएको सन्तान जुनसुकै कर्म जुन कर्म लाई वेद अनुसार निर्देशित रहेको हुन्छ त्यस्तो उत्तमकर्म गर्ने मनुष्यले, आफ्नो कर्म, आफ्नो वर्णलाई, कहिल्यै पनि गुप्त राख्दैन, किनकि वेद निर्देशित सबै कर्म मनुष्यको लागि सरल र उत्तम कर्म हुन् । आफैमा कर्मच्यूत, आफैमा संस्कारच्यूत, कर्मलाई सानो ठुलो सोच्नु, अश्रेष्ठ व्यवहार र स्वभाव भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यको गुण हो कर्मलाई सानो ठुलो सोच्नु, यस्तो मनुष्यलाई दुष्ट प्रवृत्तिको मनुष्य भनिन्छ, जसले आफ्नो सत्यतालाई लुकायो त्यही नै अनार्य हो म्लेच्छ हो ।
(समयको कलमः- असभ्यता, निष्ठुरता, क्रूरता र काम नगरेर निर्माताको इच्छा भन्नु र अरुको कर्मलाई गलत भन्नु पूजा पद्धतीलाई नबुझ्ने, आफूमात्र सत्य अरु सबै मनुष्यलाई गलत भन्ने, केवल आफू नै ठीक सोच्ने अनुभव भन्दा विश्वासमा विश्वास राख्ने यस्तो लक्षण जुन मनुष्यमा पाइन्छ त्यस्तो मनुष्य देख्नमा मनुष्य नै देखेपनि अनार्य, म्लेच्छ, नीच, पतित हो, यस्तो मनुष्यको जन्म मनुष्य योनी भए पनि मनुष्यको नीचयोनी अन्तर्गत जन्म भएको हो भन्ने बुझ्नुपर्छ)

पित्र्यं वा भजते शीलं मातुर्वोभयं एव वा ।
न कथं चन दुर्योनिः प्रकृतिं स्वां नियच्छति ॥ १०/५९ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता मिलेको माता, पिताकोकोखबाट जन्मेको सन्तानले माता, पिताको धेरै गुण, कर्म, स्वभावलाई ग्रहण गरेको हुन्छ माता, पिताको गुण, कर्म र स्वभाव र क्षमताको कारणले सम्मिलित प्रकृतीलाई सीकेको हुन्छ परन्तु माता, पिताको गुण, कर्म, स्वभाव र क्षमता नमिलेको अवस्था विवाह भएको माता र पिताकोकोखबाट जन्मेको सन्तानको आचरणपनि माता, पिताको जस्तो नच र दुष्ट प्रकृति हुन्छ किनकि वंशाणुगत गुण माता, पिताबाट नै प्राप्त हुन्छ यो प्रकृतिक गुण हो ।
(समयको कलमः- कहिलेकाहीँ अन्य प्रकृतिको कारणले यदि माता र पिताको गुण, कर्म, स्वभाव र क्षमता नमिलेको भए पनि सन्तान उत्तम प्रकार जन्मेको हुन्छ यस्तो हुनुमा प्राकृतिक गुणको असर हुन्छ यदि माताको गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मण कुलमा जन्म भएको भएमा र पिता गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्णको भएमा यी दुवैको संयोगबाट जन्मेको सन्तानको आचरण तथा प्रकृति विषमताको अवस्थामा पेण्डुलम किसीमको गुण उत्पन्न हुन्छ यदि यस्तो जन्मको सन्तानलाई सहि गुरुमा राखेर ज्ञान दिन सकियो भने महान् बन्नसक्छ यो प्राकृतिक गुण हो) ।

कुले मुख्येऽपि जातस्य यस्य स्याद्योनिसंकरः ।
संश्रयत्येव तच्छीलं नरोऽल्पं अपि वा बहु ॥ १०/६० ॥

अर्थात्:- उत्तम कुलमा जन्मेको हो, माता या पिता कुनै एक संस्कार कुलका थिए तर माता, पिता कुनै एक संस्कार च्यूत भएको कारण संस्कार च्युत भएको माता र पिताबाट जन्मेको सन्तानको आचरण र गुण वर्णशङ्कर किसिमको नै हुन्छ तर माता, पिताको केही संस्कार र केही विकृति आचारण भएको कारण र संस्कारच्यूत भएर जन्मेको कारण र माता, पिताको केही आचरण उत्तम भए पनि सन्तानको आचरण भने वर्णशङ्कर हुन्छ नै । वर्णशङ्कर भएको भए पनि त्यस सन्तानमा माता, पिताको कुनै एकको कुलको उत्तम गुणको कारण आचारणमा केही शील आएको त हुन्छ तर उसको गुण आचरण पूर्ण वर्णको र प्रकृति प्रादत्त भने हुँदैन ।

यत्र त्वेते परिध्वंसाज्जायन्ते वर्णदूषकाः ।
राष्ट्रिकैः सह तद्राष्ट्रं क्षिप्रं एव विनश्यति ॥ १०/६१ ॥

अर्थात्:- जुन समाजमा गुण, कर्म, स्वभाव र क्षमता नै नमिलेर जबरजस्ती या अन्य कयौँ विकृतलाई अपनाएर गुण, कर्म, स्वभाव र क्षमताको नै विपरीत भएको माता,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिताकोकोखबाट जन्मेको सन्तानको कारण प्रजामा गुण, कर्म, स्वभाव र क्षमता नै दूषित हुनपुग्छ त्यस्तो अवस्थामा त्यो राज्यको कर्मविधानको नियम नै परिवर्तन हुनपुग्छ, यस्तो अवस्था आएमा राजाको हो ? प्रजाको हो भन्ने ज्ञान नै नहुने हुनाले यस्तो राज्य प्रजासहित शीघ्र नष्ट हुन्छ ।

ब्राह्मणार्थे गवार्थे वा देहत्यागोऽनुपस्कृतः ।
स्त्रीबालाभ्युपपत्तौ च बाह्यानां सिद्धिकारणम् ॥ १०/६२ ॥

अर्थात्:- तर गुण, कर्म, स्वभाव र क्षमता नमिलेर जन्मेको सन्तानले पनि आपात कालमा मनुष्य, मनुष्यमा पनि ज्ञानी मनुष्य, गाइ, बालक, वृद्ध, तथा स्त्रीको रक्षाको लागि कार्य र प्रकृतिविरुद्धको कुनै पनि कर्मलाई गरेको हुँदैन भने त्यो मनुष्यको जन्मको सिद्धिलाई पूर्ण गरेको महान् मनुष्य हो भनेर मान्नुपर्छ ।

अहिंसा सत्यं अस्तेयं शौचं इन्द्रियनिग्रहः ।
एतं सामासिकं धर्म चातुर्वर्ण्येऽब्रवीन्मनुः ॥ १०/६३ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताले जुन वर्णलाई धारण गरेँपनि सबै चारवर्णमा यो गुण हुनैपर्छ तबमात्र त्यस्तो मनुष्यलाई धार्मिक भनिन्छ अहिंसा अर्थात् मन वचन तथा कर्मले कुनै पनि जीवको हत्या नगर्नु, सत्य बोल्नु, चोरी नगर्नु, सफाइ रहनु, इन्द्रिय निग्रहगर्नु यो सबै मनुष्यले धारण गर्नुपर्ने गुणलाई चारवर्णको धर्मको विधान हो । यही नै नियम हो ।

शुद्रायां ब्राह्मणाज्जातः श्रेयसा चेत्प्रजायते ।
अश्रेयान्श्रेयसीं जातिं गच्छत्या सप्तमाद्युगात् ॥ १०/६४ ॥

अर्थात्:- गुण, कर्म स्वभाव र क्षमताले शुद्रकुलमा जन्मेको कन्या र गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मण वर्णको पुरुषसँग नियमसँगत संस्कार पूर्वक विवाह भएर दुवैको संयोगबाट उत्पन्न भएको पुत्रीलाई 'पाराशवी' भनिन्छ । त्यही पाराशवी पुत्रीले गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मणवर्ण भएको पुरुषसँग नियमसँगत विवाह गरेर संयोग भएर सन्तानलाई जन्म दिएमा यसरी ६ पुस्ताको सन्तानलाई गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मण वर्णको पुरुषसँग विवाह गरेर सन्तानको जन्म दिएमा सातौँ पुस्तामा पहिलो पुस्ताको सन्तान पाराशवी माताको गुण पूर्णरुपले समाप्त हुन्छ र सातौँ सन्तानको कन्यालाई ब्राह्मण कुलमा जन्मेको सन्तान भन्न सकिनेछ अर्थात् गुण, कर्म, स्वभाव र क्षमता नमिलेको माता र पिताको संयोगबाट जन्मेको सन्तानलाई पहिलो पुस्ताको गुण, कर्म, स्वभाव र क्षमतालाई पतन गराएर नयाँ गुण, कर्म, स्वभाव र क्षमतालाई प्राप्त गर्नको लागि सातौँ पुस्तासम्म लाग्ने हुन्छ ।

शुद्रो ब्राह्मणतां एति ब्राह्मणश्चैति शुद्रताम् ।
क्षत्रीयाज्जातं एवं तु विद्याद्वैश्यात्तथैव च ॥ १०/६५ ॥

अर्थात्:- शुद्रवर्ण नै ब्राह्मणवर्ण, क्षत्रीयवर्ण र वैश्यवर्ण बन्छ उसले धारण गरेको कर्म र ज्ञान अनुसार, यदि ब्राह्मण, क्षत्रीय र वैश्य वर्णलाई धारण गरेको द्विजले आफ्नो कर्मलाई ठीक र सत्य तरिकाले धारण नगरेको खण्डमा ती सबैको आफ्नो वर्ण पतन हुन्छ र शुद्रवर्ण नै हुन्छ । ब्राह्मण नै शुद्र, क्षत्रीय र वैश्य बन्छ ठीक तरिकाले क्षत्रीय पनि ब्राह्मण, शुद्र र वैश्य बन्छ भने ब्राह्मण नै क्षत्रीय वैश्य र शुद्र बन्छ जब आफ्नो गुण, स्वभाव र आफ्नो कर्मबाट कर्मच्यूत हुन्छ त्यही समयमा नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उसको वर्ण पतन हुन्छ गुण, कर्म र स्वभाव अनुसार अर्को वर्ण लाई धारण गरेको हुन्छ । यदि मनुष्यले धारण गरेको वर्ण अनुसार कर्मगर्न नसकेको खण्डमा त्यसले धारण गरेको कर्म अनुसार नै त्यसको आफ्नो वर्ण निर्धारण हुन्छ यदि वर्णच्यूत भएर शुद्रवर्णको गुणलाई पनि आफूमा धारण गर्न नसकेको खण्डमा त्यस मनुष्यलाई कर्मच्यूत भएको भनिन्छ शुद्रवर्णको कर्मवाट पनि कर्मच्यूत व्यक्तिलाई अनार्य, अस्पृया, पतित भनिन्छ । यो विधान आफ्नो गुण कर्म र स्वभावलाई छोडेर अरुको गुण, कर्म र स्वभावलाई स्वीकार गरेको वर्णमा लागु हुन्छ जन्ममा मात्र हैन ।

(समयको कलमः- शुद्र ब्राह्मण हुन्छ र ब्राह्मण शुद्र हुन्छ यस प्रकार क्षत्रीय र ब्राह्मणपनि शुद्र हुन्छ । यदि गुण कर्म स्वभवलाई त्याग गरेमा त्यस मनुष्यको आफ्नो वर्ण पतित हुन्छ र अर्को वर्णलाई धारण गरेको हुन्छ । वर्णको अधिकार गृहस्थाश्रममा हुन्छ यदि ब्राह्मण, क्षत्रीय र वैश्यको पुत्रले पनि वेदानुकूल उपनयन संस्कार वा वेदआरम्भ संस्कार नगरेको खण्डमा तीकोहिपनि व्यक्ति द्विज हुँदैन, जवसम्म द्विज हुँदैन, त्यही नै शुद्र हो र शुद्रवर्ण कुलमा जन्मेको शुद्रको पुत्रले यथाविधि वैदिक रीतीले वा संस्कार भएर उपनयन र वेदआरम्भ गरेको खण्डमा त्यही द्विज वनेर गुण तथा कर्मको अनुसार ब्राह्मण, क्षत्रीय र वैश्यवर्ण कुनै पनि वर्णलाई आफ्नो गुण कर्म स्वभाव अनुसार धारण गर्नसक्नेछ । गुण, स्वभाव र कर्मको आधरमा शुद्र ब्राह्मण र ब्राह्मण शुद्र हुन्छ अर्थात् ब्राह्मण वर्णको गुण, कर्म स्वभाव अनुकूल रहने ब्राह्मण वर्णको हुन्छ तथा ब्राह्मणवर्ण, क्षत्रीयवर्ण, वैश्यवर्ण र शुद्रवर्ण जुन वर्णको गुण, कर्म र स्वभावलाई धारण गरेको हुन्छ मनुष्य त्यही वर्णको हुन्छ र शुद्रवर्णको गुण, कर्म र स्वभाववाट पनि कर्मच्यूत भएमा त्यस्तो व्यक्तिलाई अस्पृया तथा पतित भनिन्छ)

अनार्यायां समुत्पन्नो ब्राह्मणात्तु यदृच्छया ।
ब्राह्मण्यां अप्यनार्यात्तु श्रेयस्त्वं क्वेति चेद्भवेत् ॥ १०/६६ ॥

अर्थात्:- गुण, कर्म र स्वभाव शुद्रवर्णको कुलमा जन्मेको नारी र गुण, कर्म र स्वभावले ब्राह्मणवर्णको पुरुष र गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मण वर्णको कुलमा जन्मेको नारी र गुण, कर्म, स्वभाव क्षमता शुद्रवर्णको पुरुषवाट जन्मेको सन्तानमा कुन ज्ञान, कर्म, आचारणमा पहिले नै श्रेष्ठ हुनपुग्छ कुन अनार्य हुन्छ त्यस बारेमा अब अघि सुन्नुहोस् ।

जातो नार्या अनार्यायां आर्यादार्यो भवेद्गुणैः ।
जातोऽप्यनार्यादार्यायां अनार्य इति निश्चयः ॥ १०/६७ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्णको पुरुष र गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्णकुलको कन्याको बीचमा विवाह भएर जन्मेको सन्तान र गुण, कर्म, स्वभाव र क्षमता शुद्र भएको पुरुष र गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्णमा जन्मिएको कन्याको बीचमा विवाह भएर जन्मिएको सन्तानमा गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मणवर्ण र गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्णको कुलमा जन्मेको सन्तानको आचरण उत्तम किसीमको हुन्छ किनकि सन्तानमा पिताको गुण धेरै प्रवल हुन्छ र ज्ञानलाई छिटो ग्रहण गर्नपनि सक्षमपनि हुन्छ भने शुद्रवर्णको पिता र ब्राह्मण वर्णको कुलको कन्याको कोखवाट जन्मेको सन्तान भने केही कमजोर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनेगर्छ, पिताको गुण, कर्म, स्वभाव र क्षमता नै सबै सन्तानमा प्रबल हुनेगर्छ यो अवस्थामा बीज नै महत्वपूर्ण हुन्छ रज (क्षेत्र) महत्वपूर्ण हुँदैन । यदि कर्मच्यूत शुद्र अर्थात् अस्पृया कुलको माता र गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्णको पिताको संयोग भएर सन्तानको जन्म भएमा सन्तानमा माताको गुण प्रबल हुन्छ, पिताको गुण न्यून मात्रमा हुन्छ किनकि यहाँ बीज महत्वपूर्ण हैन रज (क्षेत्र) महत्वपूर्ण हुन्छ यो प्राकृतिक गुण हो ।

तावुभावप्यसंस्कार्याविति धर्मो व्यवस्थितः ।
वैगुण्याज्जन्मनः पूर्व उत्तरः प्रतीलोमतः ॥ १०/६८ ॥

अर्थात्:- रज र वीर्यमा कुन मुख्य हो भन्ने दुई अवस्थामा यी सिद्धान्त हैन कि दुवैमा संस्कार योग्य हैन किनकि प्रथम अवस्थामा कर्मच्यूत कुन हो र कर्म प्रदान कुन हो भन्ने विधान महत्वपूर्ण कुरा हो । किनकि यी दुवैमा एक संस्कार सम्पन्न हो भने अर्को कर्मच्यूत हुनाले प्रतीलोम हो ।

सुबीजं चैव सुक्षेत्रे जातं संपद्यते यथा ।
तथार्याज्जात आर्यायां सर्व संस्कारं अर्हति ॥ १०/६९ ॥

अर्थात्:- जसरी उत्तम बीज, उत्तम खेतमा परेको, खण्डमा बीज र खेतको समन्वयनको कारण राम्रोसँग अन्न उत्पादन हुन्छस ठीक यही प्रकारले गुण, कर्म, स्वभाव र क्षमता नै उत्तम भएको पुरुषले र नारीले संस्कारसहित विवाह भएर संयोगपछि जन्मेको सन्तानको आचरणपनि उत्तम किसीमको हुन्छ यस्तो सन्तान सबै संस्कारको योग्य हुन्छ ।

बीजं एके प्रशंसन्ति क्षेत्रं अन्ये मनीषिणः ।
बीजक्षेत्रे तथैवान्ये तत्रेयं तु व्यवस्थितिः ॥ १०/७० ॥

अर्थात्:- अवस्थाअनुसार र गुणको क्षमता अनुसार विद्वान्ले कहीँ बीजलाई श्रेष्ठ मान्नुपर्छ भने कुनै अवस्था र गुणको आधामा रजलाई र कुनै अवस्था वीर्यलाई कुन अवस्थामा गुण अनुसार रज र वीर्य दुवैलाई श्रेष्ठ मान्नुपर्छ । यस अध्यायमा अब यस विषयमा वर्णन गर्नेछु ।

अक्षेत्रे बीजं उत्सृष्टं अन्तरैव विनश्यति ।
अबीजकं अपि क्षेत्रं केवलं स्थण्डिलं भवेत् ॥ १०/७१ ॥

अर्थात्:- मरुभूमि या सुख्खा भूमिमा बीज परेको खण्डमा त्यो बीज निष्फल हुन्छ र खेत राम्रो छ तर बीज छैन भनेपनि खेत निष्फल रहेको हुन्छ यहाँ दुवै बीज र खेत उत्तम हो । त्यस्तै बिग्रिएको बीज उत्तम खेतमा परेमा बीजको कामजोरिको कारण उत्पादन बीचमा नै पतन हुन्छ । बीज उत्तम तर खेत सुख्खा भएमा बीज आफैमा निष्क्रिय हुन्छ यो अवस्थामा दुवै रज र बिर्य निष्क्रिय हुन्छ भने उत्तम बीज उत्तम खेतमा स्थपित हुनाले उत्तम अन्नलाई उत्पादन गरेको हुन्छ यो अवस्थामा दुवै रज र वीर्य समान हुन्छ ।

यस्माद्बीजप्रभावेण तिर्यग्जा ऋषयोऽभवन् ।
पूजिताश्च प्रशस्ताश्च तस्माद्बीजं प्रशस्यते ॥ १०/७२ ॥

अर्थात्:- कयौँ कारणले कर्मच्यूत भएर या वर्ण पतित भएको कयौँ मनुष्य पूजागर्न योग्य ऋषि हुनुभयो भने यस्तो अवस्थामा बीज उत्तम हो भन्ने बुझ्नुपर्छ किनकि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खेत र बीज दुवैमा अवस्थाअनुसार कहिल्यै खेत कहिल्यै बीज श्रेष्ठ हुन्छ ।
(समयको कलमः- कयौं ठाउँमा बीज र रज उत्तम हुनाले कर्मच्यूत पिता र माताकोकोखबाट जन्मेको व्यक्ति पनि उत्तम ज्ञानी बन्नसक्छ कुनै वर्णशङ्कर योनीबाट जन्मेरपनि धेरै मनुष्य पूजा गर्न योग्य ऋषि बनेको हुन्छन् यहाँ बीज उत्तम हो भनेर बुझ्नुपर्छ किनकि जन्ममा रजको अंश २९र३०५ हो भने वीर्यको अंश ७०र७१५ हुन्छ त्यसैल धेरै अवस्थामा बीज नै श्रेष्ठ हो) ।

अनार्य आर्यकर्माणं आर्य चानार्यकर्मिणम् ।
संप्रधार्याब्रवीद्धाता न समौ नासमाविति ॥ १०/७३ ॥

अर्थात्:- आर्यको काम गर्ने अनार्य, अनार्यको कार्यगर्ने आर्य यी दुवैमा कुनै भिन्नता छैन र यी दुवै आर्य र अनार्यको बीचमा कुनै समान तापनि छैन र असमानता पनि छैन भने कयौं अवस्था समान कर्म र कयौं अवस्था भिन्न किसिमको कर्म हुन्छ कर्मको विधान एक जस्तै भए पनि धार अलग अलग हो दुवै पतित हुन् तर गुण, कर्म, स्वभाव र क्षमता भने अलग अलग हुन्छन् ।

ब्राह्मणा ब्रह्मयोनीस्था ये स्वकर्मण्यवस्थिताः ।
ते सम्यगुपजीवेयुः षट्कर्माणि यथाक्रमम् ॥ १०/७४ ॥

अर्थात्:- ज्ञानी मनुष्यले आफ्नो गुण, कर्म, स्वभाव र क्षमताअनुसार ब्रह्मनिष्ठ भएर आफ्नो कर्मलाई निरन्तर गर्नुपर्छ जुन कर्मलाई धारणगर्ने गुण र कर्मलाई नै वर्ण भनिन्छ तल भनिएको कर्मगर्ने व्यक्तिलाई नै ब्राह्मण भनिन्छ ।

अध्यापनं अध्ययनं यजनं याजनं तथा ।
दानं प्रतिग्रहश्चैव षट्कर्माण्यग्रजन्मनः ॥ १०/७५ ॥

अर्थात्:- अध्ययन गर्ने, अध्यापन गराउने, यज्ञ गर्ने, यज्ञ गराउने, दान दिने र दानलिने यी छ कर्म गर्ने गुणलाई ब्राह्मण भनिन्छ ॥

षण्णां तु कर्मणां अस्य त्रीणि कर्माणि जीविका ।
याजनाध्यापने चैव विशुद्धाच्च प्रतिग्रहः ॥ १०/७६ ॥

अर्थात्:- यी छ कर्महरूमा यजन अर्थात् यज्ञ गराउने, अध्यापन गराउनु र प्रतिग्रह अर्थात् विशुद्ध दान ग्रहण गर्नु यी तीन कार्य गरेर जीविकोपार्जन गर्ने मनुष्यलाई ब्राह्मण भनिन्छ ब्राह्मण हुनलाई यी गुण, कर्म, स्वभाव र क्षमता हुनैपर्छ ।

त्रयो धर्मा निवर्तन्ते ब्राह्मणात्क्षत्रीयं प्रति ।
अध्यापनं याजनं च तृतीयश्च प्रतिग्रहः ॥ १०/७७ ॥

अर्थात्:- ब्राह्मण वर्णको क्षत्रीय वर्णप्रति तीन कर्तव्य कर्मलाई निश्चित गरिएको छन् ती ब्राह्मण वर्णले क्षत्रीय वर्णलाई निम्न कर्महरूमा सहयोग गर्नुपर्छ अध्यापन गराउनु, याजन अर्थात् यज्ञ गराउनु, प्रतिग्रह अर्थात् दान लिनु यी तीनकर्म कर्तव्य हुन् ।

वैश्यं प्रति तथैवैते निवर्तेरन्निति स्थितिः ।
न तौ प्रति हि तान्धर्मान्मनुराह प्रजापतिः ॥ १०/७८ ॥

अर्थात्:- ब्राह्मण वर्णले वैश्यवर्ण प्रतिपनि तीन कर्म निश्चित गरिएको छ ती कर्म हुन् अध्यापन गराउनु, याजन अर्थात् यज्ञ गराउनु प्रतिग्रह अर्थात् दानलिनु यी तीनकर्म ब्राह्मणले वैश्यलाई गर्नुपर्ने कर्तव्य कर्म हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शस्त्रास्त्रभृत्त्वं क्षत्रस्य वणिक्पशुकृषिर्विषः ।
आजीवनार्थ धर्मस्तु दानं अध्ययनं यजिः ॥ १०/७९ ॥

अर्थात्:- शस्त्र, अस्त्रलाई धारण गर्नु क्षत्रीयको आफ्नो गुण कर्म स्वभाव हो र व्यापार गर्नु गाई आदि पशुलाई पालन गर्नु र पशुको रक्षागर्नु तथा खेती गर्नु, पैसा दिएर नियमसँगत व्याज लिनु, वैश्य वर्णको गुण, कर्म, स्वभाव र क्षमता हो । पढ्नु, यज्ञगर्नु, तथा दानदिनु, क्षत्रीय र वैश्यवर्णको आफ्नो वर्णको धर्म हो ।

वेदाभ्यासो ब्राह्मणस्य क्षत्रीयस्य च रक्षणम् ।
वार्ताकर्मैव वैश्यस्य विशिष्टानि स्वकर्मसु ॥ १०/८० ॥

अर्थात्:- सृष्टि संरचनामा सबै वर्णको आफ्नो आफ्नो कर्म अति नै महत्वपूर्ण रहेको हुन्छ, कर्म विधानमा कुनै पनि वर्णको कर्म तल रमाथि, उच्च र नीच भन्ने नै हुँदैन सबै कर्म समान हुन, कुनै पनि वर्णको कर्मले नै समाजलाई उन्नत बनाएको हुन्छ । वेद ज्ञानलाई ग्रहण गरेर त्यही वेद ज्ञान अरुलाई प्रदान गर्ने गर्नु नै ब्राह्मण हो, वेदज्ञानलाई ग्रहण गरेर नियम सङ्गत रहेर संसारको सबैको रक्षागर्ने कार्य क्षत्रीय वर्णको हो वाणिज्य (व्यापार)सँग सम्बन्धित सम्पूर्ण कार्यलाई गर्नु नै वैश्य वर्णको धर्म तथा गुण हो ।

(समयको कलमः- जब मनुष्यले वेदज्ञानलाई ग्रहण गर्छ तब मात्र ज्ञानी बन्छ ज्ञानी बनेर वेदज्ञानलाई ग्रहण गर्छ भन्ने हुँदैन, त्यस्तै वेदज्ञान सबै वर्णको मनुष्यलाई अध्यापन गराउँछ तब त्यो मनुष्य ब्राह्मण बनेको हुन्छ, ब्राह्मण बनेर वेदज्ञानलाई प्रदान गर्छ भन्ने हैन, त्यस्तै सम्पूर्ण प्राणीको रक्षागर्ने मनुष्यलाई क्षत्रीय भनिन्छ, क्षत्रीय भएर प्राणीको रक्षा गर्यो भन्ने हैन । व्यापार अर्थात् वाणिज्यको कार्यालाई गर्ने भएको हुनाले त्यो वैश्य वर्णको हो, वैश्य वर्णको भएर वाणिज्यको कार्य गर्यो भन्ने हैन । वाणिज्य कार्यगर्ने हुनाले त्यो व्यक्ति वैश्य वर्णको हुन्छ । वैश्य भएर वाणिज्यको कार्य गरेको भन्ने हैन ।

अजीवंस्तु यथोक्तेन ब्राह्मणः स्वेन कर्मणा ।
जीवेत्क्षत्रीयधर्मेण स ह्यस्य प्रत्यनन्तरः ॥ १०/८१ ॥

अर्थात्:- कुनै परिस्थितिको कारण ब्राह्मणलाई आफ्नो कर्मद्वारा जीविकोपार्जन गर्नको लागि सम्भव नभए आफ्नो परिवार तथा गुरुकुलको सञ्चालन गरेर निर्वाह गर्नको लागि समस्या तथा कठिन भएमा क्षत्रीयवर्णको कर्मलाई स्वीकार गरेर भए पनि जीवन निर्वाह गर्नुपर्छ, किनकि ब्राह्मणवर्ण र क्षत्रीयवर्णको कर्मको विधानमा अति न्यून मात्रमा अन्तर रहेको हुन्छ ।

(समयको कलमः- यहाँ ब्राह्मण वर्णको कर्मगर्ने मनुष्यलाई आफ्नो वर्णको कर्म अनुसार कर्म गर्नाले जीवनको गुजारा गर्नको लागि कठिन भएमा मात्र क्षत्रीय वर्णको कर्मगर्नु भन्नाले गुरुकुलमा अध्ययनको लागि आएको शिष्यसँग आफ्नो जीवन निर्वाहको लागि शुल्क लिन सक्नेछ या गुरुकुलभन्दा अन्य स्थानमा गएर शुल्क लिएर आफ्नो ज्ञानलाई बेचेर जीवन निर्वाहाको कार्यगर्न सक्नेछ भन्ने अवस्थामा यो भनाई आएको हो । आफ्नो ज्ञान र आफ्नो क्षमतालाई बेचेर जीवकोपार्जन गर्नसक्नेछ भन्ने अवस्थामा यो भनाई आएको हो रक्षाको कार्यको लागि तुरुन्त क्षत्रीयले जस्तै अस्त्र शस्त्र उठाउँनु भनेर भनिएको भने हैन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उभाभ्यां अप्यजीवंस्तु कथं स्यादिति चेद्भवेत् ।
कृषिगोरक्षं आस्थाय जीवेद्वैश्यस्य जीविकाम् ॥ १०/८२ ॥

अर्थात्:- यदि ब्राह्मणवर्णको मनुष्य र क्षत्रीयवर्णको मनुष्यले आफ्नो गुण, क्षमता र स्वभाव अनुसार कर्म गरेर जीवन निर्वाह गर्न नसकेको खण्डमा आफ्नो गुण, क्षमता र स्वभावको कार्यलाई पनि गर्दै वैश्यवर्णको कर्मलाई पनि साथ साथमा गरेर जीवन निर्वाहको कार्यगर्न सकिनेछ परन्तु यो जीवन निर्वाहगर्ने विधान केवल विपत्ति कालको लागि मात्र उत्तम हुन्छ प्रत्येक समयको लागि भने हैन ।

वैश्यवृत्त्यापि जीवंस्तु ब्राह्मणः क्सत्रियोऽपि वा ।
हिंसाप्रायां पराधीनां कृषिं यत्नेन वर्जयेत् ॥ १०/८३ ॥

अर्थात्:- ब्राह्मणवर्णको कर्मगर्ने ब्राह्मणले, क्षत्रीय वर्णको र वैश्यवर्णको कर्मबाट पनि आफ्नो जीवन निर्वाह गर्नको लागि कठिन भएको खण्डमा अन्य कार्यगर्नु तर सम्भव भएसम्म खेतीको कार्यलाई नगर्नु, किनकि कृषि (खेती) कार्यगर्नको लागि अन्य साधनको आधीनमा रहेको हुन्छ अर्थात् हलो, गोरु आदिको साधन विना खेतीको फल प्राप्त हुँदैन ।

(समयको कलमः- यो श्लोकमा ब्राह्मणलाई कृषिकर्म गर्नको लागि बर्जित गरिएको छ यो केवल ब्राह्मणवर्णको पुरा स्वभाव, गुण र कर्मलाई स्वीकार गरेको व्यक्तिलाई भनिएको हो अन्यको लागि हैन अन्यथा सम्पूर्ण कर्ममा उत्तम कर्म कृषि हो भनेर पहिले नै महर्षि मनुमहाराजको भनाई रहेको छ कृषि उत्तमकर्म हुनाले कृषक नै राज्यगुरु हुन् भनेर महर्षि मनु महाराजको भनाई रहेको छ । कृषि मात्र यस्तो कर्म हो जुन कर्मले सीधा परमेश्वरको आश्रय लाई प्राप्त गरेको हुन्छ त्यसैले कृषि कर्मगर्ने मनुष्यलाई नै राज्यगुरु भनिएको हो)

कृषिं साध्विति मन्यन्ते सा वृत्तिः सद्विगर्हिताः ।
भूमिं भूमिशयांश्चैव हन्ति काष्ठं अयोमुखम् ॥ १०/८४ ॥

अर्थात्:- ब्राह्मणवर्णको लागि कृषिकर्म उत्तम कर्म हैन र ब्राह्मण वर्णको लागि कृषिकर्म नीच कर्म हो भन्नेपनि यो भनाई पनि सत्य भनाई हैन, ब्राह्मण वर्णको मनुष्यलाई हिंसा निषेध छ, शारीरीक हो या मानसिक हिंसा होस् यदि खेती अर्थात् कृषि शुरू गरेमा भूमिमा रहने या भूमिको भित्र निवासी गर्ने जीवलाई हलोको फाली तथा जोतदा सियोमा अर्थात् सीतामा आउने जीवको हत्या हुनेगर्छ यो ब्राह्मणले पहिले नै जानेको हुन्छ त्यही हुनाले यदि जानेर जीवहिंसा भएमा त्यो मनुष्य ब्राह्मणवर्णको हुँदैन त्यसैले ब्राह्मणलाई आफ्नो वर्णबाट वर्णच्यूत हुनबाट बचाउनको लागि निषेध गरिएको हो । कृषि कर्मलाई निन्दा नभएर जीवहिंसा हुने भएको हुनाले हिंसाको निन्दा गरिएको हो तर राज्य गुरुलाई भने आफ्नो कर्ममार्गमा आएको कुनै पनि अवरोध आएमा हटाउनु पर्ने हुनाले कृषिकार्य गर्दा हुने जीवहिंसालाई हिंसा भनिदैन आफ्नो कर्म भनिन्छ ।

इदं तु वृत्तिवैकल्यात्त्यजतो धर्मनैपुणम् ।
विट्पण्यं उद्धृतोद्धारं विक्रेयं वित्तवर्धनम् ॥ १०/८५ ॥

अर्थात्:- ब्राह्मणवर्ण र क्षत्रीयवर्णको मनुष्यले आफ्नो गुण स्वभाव र क्षमताको कर्मबाट जीविका निर्वाह गर्न नसकेमा वैश्यवर्णको जीविका विधानअनुसार आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीविकालाई निर्वाह गर्न सक्नेछन् तथा जुन जुन वस्तुलाई बेच्नको लागि बर्जित तथा निषेध गरिएको छ ती वस्तुलाई भने बेच्न पाइने छैन, यी वस्तुको अतिरिक्त धनलाई प्राप्तगर्ने र कर्मलाई उन्नतिदिने वस्तुलाई बेच्न भने सकिनेछ ।

सर्वान्रसानपोहेत कृतान्नं च तीलैः सह ।
अश्मनो लवणं चैव पशवो ये च मानुषाः ॥ १०/८६ ॥

अर्थात्:- ब्राह्मणवर्ण र क्षत्रीयवर्णको मनुष्यले आफ्नो गुण स्वभाव र क्षमताको कर्मबाट जीविका निर्वाहगर्न नसकेमा, वैश्यवर्णको जीविका विधानअनुसारको कर्म गरेर आफ्नो जीविकालाई निर्वाह गर्न सक्नेछन् तथा वैश्य वर्णले बेच्नसक्ने यी सबै बाणिज्यको वस्तुलाई ब्राह्मणवर्ण र क्षत्रीयवर्णको मनुष्यले जीविका निर्वाहाको लागि गरेको कार्यमा भने बेच्न पाउने छैन । सबै प्रकाको रसहरू, तोरी तथा सरस्यूँ, ढुङ्गा, नुन, पशु आदिलाई बेच्नुहुँदैन । रस भन्दा नुनलाई बेच्न निषेध सिद्ध छ । नुनभन्दा ढुङ्गा बेच्न निषेध छ ढुङ्गाभन्दा पशु बेच्न निषेध छ ।

सर्व च तान्तवं रक्तं शाणक्षौमाविकानि च ।
अपि चेत्स्युररक्तानि फलमूले तथौषधीः ॥ १०/८७ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मण वर्णको गुणलाई धारण गरेको तर ब्राह्मण वर्णको गुणद्वारा जीविकोपार्जन गर्न समस्या भएपछि वैश्य वर्णको कर्मलाई स्वीकार गरेको खण्डमा निम्न समानहरू घरमा बनेको वस्त्र, सिम्रिक तथा रातो टीका र रातो रङ्ग, छालाबाट बनेको कुनै पनि साधन, घरमा बनेको तर रङ्ग नलगाएको उनिको वस्त्र, सबै प्रकारको मौसमी तथा बेमौसमि फलफूलहरू, विभिन्न जड़ीबूटी र त्यही जड़ीबूटीबाट बनेको विभिन्न किसीमको औषधीहरूलाई बेच्न निषेध छ ।

अपः शस्त्रं विषं मांसं सोमं गन्धांश्च सर्वशः ।
क्षीरं क्षौद्रं दधि घृतं तैलं मधु गुडं कुशान् ॥ १०/८८ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मणवर्णको गुणलाई धारण गरेको तर ब्राह्मणवर्णको गुणद्वारा जीविकोपार्जन गर्न समस्या भएपछि वैश्यवर्णको कर्मलाई स्वीकार गरेको खण्डमा निम्न समानहरू प्रकृतिक रुपले प्राप्त भएको पानी, विभिन्न किसिमका शस्त्र(अस्त्र र हातहतियारहरू, विष, पासाहरू, माष अर्थात् दलहन वस्तुहरू, फलफूलबाट बनेको सोमरस, सुगन्धित बिभिन्न फूल तथा पदार्थहरू, दुध, दही, तेल, मह, गुड र कुश आदिलाई बेच्न निषेध छ ।

आरण्यांश्च पशून्सर्वान्दंष्ट्रिणश्च वयांसि च ।
मद्यं नीलिं च लाक्षां च सर्वाश्चैकशफांस्तथा ॥ १०/८९ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मण वर्णको गुणलाई धारण गरेको तर ब्राह्मण वर्णको गुणद्वारा जीविकोपार्जन गर्न समस्या भएपछि वैश्य वर्णको कर्मलाई स्वीकार गरेको खण्डमा निम्न समानहरू तथा वस्तुहरू कुनै पनि जङ्गली जानवरहरू, दाह्रा भएको पशु तथा अन्य जनावरहरूमा जस्तै कुकुर बिरालो आदि पशुहरू, सबै घरपालुवा सबै पशुहरू, पंक्षिहरूमा सबै किसिमका पंक्षीहरू, नशा लाग्ने मदिराहरू, निलगाई, लांहा, तथा खुर नफाटेका पशुलाई बेच्ने कार्य गर्नुहुँदैन ।

कामं उत्पाद्य कृष्यां तु स्वयं एव कृषीवलः ।
विक्रीणीत तीलाञ् शुद्रान्धर्मार्थ अचिरस्थितान् ॥ १०/९० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- आफ्नो खेत तथा कसैलाई गर्नेलाई दिएको र खेतीगर्नको लागि दिए बापत आएको आफ्नो खेतीको बालीहरू, त्यसरी नै आएको तील या आफैले धर्मको कार्यको लागि उत्पादन गरेको तर धेरै उत्पादन भएको भएमा कुनै धर्मकार्यको लागि कसैले खोजेमा त्यस धर्मकार्यको लागि तीललाई भने बेच्नु हुन्छ ।

गोमुत्रं अग्निवर्ण वा पिबेदुदकं एव वा ।
पयो घृतं वा मरणाद्गोशकृद्रसं एव वा ॥ १०/९१ ॥

अर्थात्:- द्विजले यदि जानेर परिक्षणको लागि सुरापान गर्यो भने गोमुत्र, गाईको दुग्ध, गाईको घिउ या गाईको गोबरलाई मिलाएर रस बनाएर पाँच माना रसलाई अग्निमा उमालेर त्यही रसलाई पिएर जबसम्म बेहोस् हुँदैन या पीएर जबसम्म प्राणको त्याग हुँदैन तबसम्म सुरापान परिक्षणको पापकर्मको कर्मफलको प्रायश्चित पुराहुँदैन । (समयको कलमः- सुरापान गर्नुनै मृत्युलाई वरणगर्नु हो त्यसभन्दा अरु कुनै प्रायश्चित छैन सुरापानको)

कणान्वा भक्षयेदब्दं पिण्याकं वा सकृन्निशि ।
सुरापानापनुत्त्यर्थं वालवासा जटी ध्वजी ॥ १०/९२ ॥

अर्थात्:- यदि गल्तीले अन्जानमा सुरापान गरेको द्विजले समाजभन्दा अलग रहेर एक्लै रुखबिरुका पातको वस्त्र बनाएर बिना श्रृंगार, खलबाट शिला लिएर त्यो शिलापनि केवल तील र धानको मात्र त्यही अन्नलाई आफ्नो भोजन बनाएर एक वर्षसम्म भोज गर्नेले र अन्तिम रात्रीमा एक गिलास गाईको दुध पिऊनाले अन्जानमा गरेको सुरापानको पापको प्रयाश्चित पुरा हुन्छ ।

सुरा वै मलं अन्नानां पाप्मा च मलं उच्यते ।
तस्माद्ब्राह्मणराजन्यौ वैश्यश्च न सुरां पिबेत् ॥ १०/९३ ॥

अर्थात्:- अन्नबाट बिग्रिएर बनेको अन्नको मैलालाई सुर भनिन्छ र निर्मल अन्नबाट बनेको परन्तु दुर्गन्धियुक्त अन्नलाई पनि सुरा भनिन्छ अन्न पुरा सडेपछि मात्र सूरा बनेको हुन्छ बनेको तर सडेगलेको, कुखिएको कुनै पनि वस्तुलाई द्विजले पान गर्नुहुँदैन ।

गौडी पैष्टी च माध्वी च विज्ञेया त्रिविधा सुरा ।
यथैवैका तथा सर्वा न पातव्या द्विजोत्तमैः ॥ १०/९४ ॥

अर्थात्:- आनाज सडेर तीन किसीमको प्रकृतीलाई निर्माण गर्छ त्यही अन्न सडेर बनेको सुरा तीन किसीमको हुन्छन् ती तीन किसिमका सुराको नाम हो गौड़ी, माध्वी, पैष्टी, अर्थात् गुड़, मह व महुवाको प्रकृतिको हुन्छ यस्तो किसीमको कुनै पनि सुरालाई द्विजले पान गर्नुहुँदैन ।

यक्षरक्षःपिशाचान्नं मद्यं मांसं सुरासवम् ।
तद्ब्राह्मणेन नात्तव्यं देवानां अश्नता हविः ॥ १०/९५ ॥

अर्थात्:- पशुप्राणीको मासु भक्षण, सुरापान, तथा आसव आदि यक्ष, राक्षस र पिशाचको भक्ष्य पदार्थ हुन् अर्थात् जुन मनुष्यले यी अभक्ष्य पदार्थलाई भक्षण गर्छ त्यो नै राक्षस असुर र पिशाच आदि हो । तर द्विजको भोजन देव् भोजन हो यज्ञगर्ने अन्न तथा सात्विक भोजनलाई देव भोजन भनिन्छ द्विजको भोजन नै देव् भोजन हो जुन द्विजले देव् भोजन छोडेर पिशाचको भोजनलाई भक्षण गर्छ त्यही नै असुर हो । द्विजले कहिल्यै पनि असुरी भोजनलाई छुन पनि हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- भृगु ऋषिले 'म समय' लाई भन्नुभयो महर्षि मनुमहाराजले यहाँ मासु र रक्सी अर्थात् सम्पूर्ण प्राणीको मासु र सम्पूर्ण नशालु पदार्थ अर्थात् सुरालाई पिशाच अर्थात् राक्षसको लागि भक्ष्य पदार्थ भएको भन्नु भएको छ जहाँ जहाँ यो श्लोकको विरुद्धमा रहेका जतिपनि श्लोक छन् ती सबै श्लोक गलत श्लोक हुन् भन्ने बुझ्नुपर्छ र जस्ले मासु र रक्सीलाई भक्ष्य पदार्थ भनेको हुन्छ त्यही नै राक्षस तथा पिशाच भन्ने बुझ्नुपर्छ)

अमेध्ये वा पतेन्मत्तो वैदिकं वाप्युदाहरेत् ।
अकार्य अन्यत्कुर्याद्वा ब्राह्मणो मदमोहितः ॥ १०/९६ ॥

अर्थात्:- यदि आज्ञानमा कुनै ब्राह्मणले सुरापान गरेमा चालीस दिन निरन्तर व्रत गर्नुपर्छ यदि गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मणवर्णलाई धारण गरेको ब्राह्मणले मोहवश् या लालचमा सुरापान गरेर अपवित्रतामा भएको अवस्थामा वेदको मन्त्रलाई उच्चारण गरेमा उसको शरीरको ऊर्जा अधोगमन हुन्छ ऊर्जा अधोगमन भएमा मनुष्यले सत्य र गलतको ज्ञान नै पतन हुन्छ जब सत्य र असत्यको ज्ञान नै हुँदैन जसलाई सत्य र असत्यको ज्ञान नै हुँदैन त्यो ब्राह्मण हुनसक्दैन त्यो तुरुन्त वर्णपतित हुन्छ त्यसैले द्विजले कहिल्यै पनि सुरापान गर्नुहुँदैन ।

यस्य कायगतं ब्रह्म मद्येनाप्लाव्यते सकृत् ।
तस्य व्यपैति ब्राह्मण्यं शुद्रत्वं च स गच्छति ॥ १०/९७ ॥

अर्थात्:- यदि गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मण वर्णलाई धारण गरेको ब्राह्मणले अन्जानमा सुरापान गरेको भए पनि या जानेर सुरापान गरेर वेदको ऋचालाई उच्चारण मात्रगर्छ भने त्यस ब्राह्मणको तत्क्षण ब्राह्मणवर्ण पतन हुन्छ जब ब्राह्मणवर्ण पतन हुन्छ त्यसको ब्रह्मतेज तथा संस्कारमा दोस्रो जन्म पाएर द्विजको दोस्रो जन्म पतन हुन्छ ब्राह्मण आफ्नो वर्णच्यूत भएर पिशाच हुन्छ भने द्विजले भने सीधा क्षुद्रत्वलाई प्राप्त गर्छ ।

एषा विचित्राभिहिता सुरापानस्य निष्कृतिः ।
अत ऊर्ध्व प्रवक्ष्यामि सुवर्णस्तेयनिष्कृतिम् ॥ १०/९८ ॥

अर्थात्:- यहाँसम्म द्विजले सुरापान गरेमा प्रायश्चित गर्ने विधानको बारेमा भयो सुनलाई चोरी गरेमा के गर्ने त्यसको प्रायश्चितको बारेमा अघि सुन्नुहोस् ।

सुवर्णस्तेयकृद्विप्रो राजानं अभिगम्य तु ।
स्वकर्म ख्यापयन्रूयान्मां भवाननुशास्त्विति ॥ १०/९९ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्णलाई धारण गरेको ब्राह्मणलाई कारणवश कसैको सुन प्राप्त भयो मालिकले सोध्यो लालच उसमा आयो त्यो सुन लुकायो या अन्य कुनै ठाउँमा चोरी गर्यो यी दुवै अवस्थालाई चोरी भनिन्छ । सुन लुकाएको तथा चोरी गरेको लागत्तै ज्ञान भयो मैले चोरी गरे त्यसपछि प्राप्त भएको तर लुकाइएको र चोरी गरेको सुनलाई लागेर गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्णको मनुष्यले त्यो सुन राजालाई दिएर भन्नुपर्छ मैले यो सुन प्राप्त गरेको थिए तर मालिकलाई झुटो बोलेर मसँग राखेको हुँ या मैले यो सुनलाई चोरी गरेको थिए अहिले मलाई लाग्छ म अपराधी हुँ म अपराधीलाई दण्ड दिनुहोस् भनेर राजासँग अग्रह गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहीत्वा वरणं राजा सकृद्धन्यात्तु तं स्वयम् ।
वधेन शुध्यति स्तेनो ब्राह्मणस्तपसैव तु ॥ १०/१०० ॥

अर्थात्:- राजाले राजधर्मलाई धारण गरेर राजा स्वयमले मूसललाई ग्रहण गरेर प्राप्त गरेको तर लुकाएको भएमा एक पटक उसलाई पिट्नु चोरी नै गरेको भए तीन गुणा धेरै र चोरी गर्दाको अवस्था हेरेर अवस्था अनुसार वध गरेर त्यस चोरलाई आफ्नो कर्मको फललाई राजाले दिन सक्नेछ या चोरीको अवस्था हेरेर वध गर्नाले अथवा दण्डदिनाले चोरको आरोपवाट या चोरीकर्मको पापकर्म बाट शुद्ध हुन्छ किनकि ब्राह्मणलाई आभास भयो म गलत हुँ भन्ने त्यसैले त्यसलाई शारीरिक दण्ड दिदापनि छिटो शुद्ध हुन्छ ।

(समयको कलमः- प्रायश्चितले पनि शुद्ध हुन्छ तर प्रायश्चित अर्थात् तपद्वारा शुद्धहुन धेरै समय लाग्छ किनकि ज्ञान र अज्ञानको आभाष भएको ब्राह्मण शरीरको दण्डबाट छिटो शुद्ध हुन्छ । त्यसैले यस्तो गुण, कर्म, स्वाभाव र क्षमतालाई धारण गरेको ब्राह्मणलाई राजाले शारीरीक दण्ड दिएर अपराधलाई शुद्ध गर्नुभन्दा गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मणवर्णलाई धारण गरेको ब्राह्मणलाई प्रयाश्चित अर्थात् तपद्वारा नै पवित्र हुने नियममा लगाउनु अति नै उत्तम हुन्छ)

वैश्यवृत्तिं अनातिष्ठन्ब्राह्मणः स्वे पथि स्थितः ।
अवृत्तिकर्षितः सीदन्निमं धर्मं समाचरेत् ॥ १०/१०१ ॥

अर्थात्:- आफ्नो कर्ममा निष्ठावान् भएको गुण, कर्म, क्षमता र स्वभाव अनुसार ब्राह्मणवर्णको मनुष्यले गुण, कर्म, क्षमता र स्वभाव अनुसारको कर्म वैश्यवर्णको कर्मलाई नगरेर आफ्नो जीविका कष्टकर बनाएर व्यतीत गर्यो तर आफ्नो गुण, कर्म, क्षमता र स्वभाव अनुसार कर्म त्याग गरेन आफ्नो गुण, कर्म, क्षमता र स्वभावको ब्राह्मणवर्णको कर्म तथा धर्ममा स्थित भएको खण्डमा के के कर्म गरेर जीवनयापन गर्नुपर्छ त्यस बारेमा अघि सुन्नुहोस् ।

सर्वतः प्रतिगृह्णीयाद्ब्राह्मणस्त्वनयं गतः ।
पवित्रं दुष्यतीत्येतद्धर्मतो नोपपद्यते ॥ १०/१०२ ॥

अर्थात्:- आफ्नो गुण, कर्म, क्षमता र स्वभावको अनुसारको कर्मगर्दा यदि आफूमा कुनै पनि विपत्ति तथा प्रकोप आएको समयमा गुण, क्षमता र स्वभाव अनुसारको आफ्नो कर्मलाई त्याग नगरेको ब्राह्मणवर्णले समाजको रहेको गृहस्थी या अन्य वर्णसँग अन्नको दानलाई ग्रहण गर्नुहुन्छ, जीविकाको लागि अन्न दानलिदा कुनैदोष लाग्दैन र विपत्ति तथा प्रकोपको कालमा अन्न माग्नाले कोहि पनि धर्मबाट पतित हुँदैन ।

नाध्यापनाद्याजनाद्वा गर्हिताद्वा प्रतिग्रहात् ।
दोषो भवति विप्राणां ज्वलनाम्बुसमा हि ते ॥ १०/१०३ ॥

अर्थात्:- गुण, क्षमता र स्वभावको अनुसार ब्राह्मणवर्णको मनुष्यले आपतकालमा ज्ञान दिएर शुःल्क लिएमा, यज्ञ गराएर निश्चित शुःल्क लिएमा, अन्नलाई भिक्षाको रुपमा ग्रहणगर्दा गुण, क्षमता र स्वभाव अनुसार ब्राह्मणवर्णलाई कुनै दोष लाग्दैन किनकि आपतकालमा आफ्नो जीवनको रक्ष गर्नुनै मनुष्यको धर्म हो जसरी जल तथा अग्नि कहिल्यै दूषित हुँदैन आपातकालमा जीवन रक्षाको लागि गरिएको तर वेद निर्देशित कुनै पनि कर्मलाई केही क्षणको लागि स्वीकार गर्दा कसैलाई पनि वर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पतितको कुनै दोष लाग्दैन ।

जीवितात्ययं आपन्नो योऽन्नं अत्ति ततस्ततः ।
आकाशं इव पङ्केन न स पापेन लिप्यते ॥ १०/१०४ ॥

अर्थात्:- प्रकोप या कुनै समस्याले प्राण नै सङ्कट आएको अवस्थामा आपतकालमा कहींपनि कसैको घरमा बनेको तर सात्विक भोजन गर्नेले कुनै दोष लाग्दैन जसरी आकाशमा कुनै हिलो स्थित हुँदैन त्यस्तै आपतकालमा भक्ष पदार्थवाट बनेको भोजन मागेर खानेले कुनै रकोहि पनि पापमा लिप्त हुँदैन ।

अजीगर्तः सुतं हन्तुं उपासर्पद्बुभुक्षितः ।
न चालिप्यत पापेन क्षुत्प्रतीकारं आचरन् ॥ १०/१०५ ॥

अर्थात्:- आफ्नो जीवनको जीविका सङ्कटमा आएको खण्डमा आफ्नो प्राण रक्षाको कार्य गर्नेले कुनै पाप लाग्दैन । जुन कर्म वेद निर्देशित रहेको हुन्छ, आफ्नो जीवन रक्षाको लागि अजीगर्त बन्नूपनि गलत हुँदैन गलतको विरुद्ध ब्राह्मण एक प्रकोप अर्थात् क्षुधा बनेपनि पाप लाग्दैन ।

(समयको कलमः- राज्यमा अज्ञानी तथा पतित राजाले शासन सत्तालाई आफ्नो हातमा लिएर या अज्ञानी व्यक्ति राजा भएमा ब्राह्मणले त्यस राजालाई सिकाउनु पर्छ, राज धर्म के हो ? दण्डविधान के हो ? आफ्नो कर्म के हो ? कसरी राज-काज सञ्चालन गर्ने भनेर पुरा सिकाउनु पर्छ राज्यको प्रणालीको बारेमा, राजालाई सिकाउनु पर्छ, यो कार्य गुण, क्षमता, कर्म र स्वभावले ब्राह्मणवर्णको गुणलाई धारण गरेको मनुष्यको धर्म हो यदि राज्यमा कुनै पनि सङ्कट आएको भएमा समाधनको बाटोपनि सिकाउनु पर्छ ।

राज्यमा उत्पन्न भएको सङ्कटको समाधनको उपायलाई राजालाई बताउनुपर्छ जुन सङ्कटको कारणले ब्राह्मण वर्णले, क्षेत्रीयवर्ण र वैश्य वर्णको गुण, कर्म, स्वभाव र क्षमताको कार्यलाई गर्नुपरेको छ वैश्यवर्णले शुद्रावर्णको गुण, स्वभाव र क्षमताको कर्म गर्नुपरको हुन्छ र शुद्र वर्णले अन्य कार्य गर्नुपरेको हुन्छ राज्यमा यस्तो अवस्था किन आयो ? यस्तो प्रकोपबाट सुरक्षित अवतरण हुने ज्ञान राजालाई दिनुपर्छस जुन ज्ञान नियमसङ्गत होस् र समय सापेक्ष होस् यदि त्यो ज्ञानलाई राजाले अश्विकार गरेर प्रकृति नियमको विरुद्धको कार्य गरेको कारणले नै राज्यमा ज्ञानी विद्वान् तथा प्रजाको आफ्नो गुण, क्षमता र स्वभाव अनुसारको कर्ममा नै सङ्कट उत्पन्न भएमा ब्राह्मण वर्णको मनुष्यले राजाविरुद्ध विद्रोहपनि गर्नको लागि तैयार हुनुपर्छ यो ज्ञानपनि गुण, क्षमता र स्वभाव ब्राह्मण वर्णको भएको मनुष्यले सधैं धारण गर्नुपर्छ, ब्राह्मणवर्णको काम केवल ज्ञान दिन, दान लिनदिन मात्र हैन आवश्यक र परिस्थिति अनुसारको क्षमता आफूमा धारण गर्नसक्ने क्षमता, गुण स्वभाव, आचरण तथा प्रकृति नै ब्राह्मण हो, दान लिनको लागि मात्र ज्ञान ग्रहणगर्ने कार्य ब्राह्मणको हैन ज्ञान लिनुदिनु, दान लिनुदिनु, र यज्ञ गर्नु गराउनु मात्र ब्राह्मणको काम हैन यो त एक कर्म त जीवनयापनको वैकल्पिक भाग हो तर राज्यमा सङ्कट आऊने देखेमा, या सङ्कट या कुनै प्रकोप आएमा समाधानको विकल्प र प्रकोपको वैकल्पिक विधानको रुप रेख तैयार गर्नु पनि ब्राह्मण वर्णको मनुष्यको कर्तव्य हो ।

ब्राह्मण भनेको गुण, कर्म, क्षमता र स्वभाव केवल ज्ञान दिएर आफू मात्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषिमात्र बन्नको लागि हैन, सबै लाई ज्ञानी बनाएर महर्षि बनाउने एक बीज हो ब्राह्मण आफ्नो जीवनको कर्ममार्गबाट कहिल्यै च्युत नहुने एक अवस्था हो यो आफ्नो गुण हो । राज्यमा, प्रजामा, शिष्यमा र आफ्नो कर्ममार्गमा आवश्यक्ता परेमा आवश्यक्ताअनुसार उपस्थि हुनसक्ने ज्ञान विधानको पुस्तक नियम र कानुनको ग्रन्थ नै ब्राह्मण हो । ब्राह्मणले नै राज्यमा हुनै नीच कर्मको जानकारी राजालाई निर्धाक्कसँग भन्नलाई सक्छन् किनकि ब्राह्मणमा आफूले गुमाउने कुनै पनि अवस्था हुँदैन किनकि पाउने-गुमाउने, सम्मान अपहेलना, यी वस्तुपरक र साधनपरक ज्ञानलाई ब्राह्मणले जानेको हुन्छ किनकि ब्राह्मण वस्तु र साधनपरक ज्ञान तथा नियमको नाम हैन साध्यपरक ज्ञानको अनुयायी र धारकको गुणको नाम हो ब्राह्मण ।

राज्यमा राजाले नीचकर्म गरेको कारणले राज्यको प्रजाको क्षमता, स्वभाव, कर्म र गुणमा सङ्कट आएको खण्डमा ब्राह्मणवर्ण भएको र जीवनयपानको लागि गुण, क्षमता र स्वभाव ब्राह्मणवर्णको कर्मगर्ने मनुष्यले राजालाई त्यस पतित कार्य नगर्न र राज्यमा गलत कार्य नगर्न जुन कार्य राजधर्मको विरुद्धको नहोस् भनेर ज्ञान दिनुपर्छ तर राजाले आफ्नो तरिकाले राजधर्मको विरुद्धको कार्य गरेमा ब्राह्मणले आफूमा एक प्रकारको प्रकोपलाई नै धारण गरेर राजाको गलत कार्यको विरुद्ध प्रकोप बनेर त्यस्तो पतित राजालाई तुरुन्त राजगद्दीबाट हटाउनको लागि प्रजामा जागरूकताको कार्य गर्नुपर्छ, राज्यमा राजाले गलत गरेमा राजाको गलत कार्यको जरूरत परेमा जनतालाई साथमा लिएर राजधर्म विरुद्धको कार्यगर्ने राजाविरुद्ध प्रजालाई जगाउने कार्यगर्नु पनि ब्राह्मण वर्णको यज्ञ हो । यो गुण, कर्म, क्षमता र स्वभाव अन्तर्गत ब्राह्मणवर्णको आफ्नो कर्मको 'यज्ञ' हो । यज्ञ गर्नुको अर्थ अग्निमा चारु राख्नु मात्र हैन, राज्यमा राजा पतित भएर प्रजा सङ्कटको प्रकोपमा जलेको अवस्थामा त्यस सङ्कटबाट मुक्त हुनको लागि कार्यगर्नु, विकल्प दिनु र समस्याको समाधानको लागि राजालाई सहयोग गर्नु पनि यज्ञ हो । यदि राजाको कर्मको कारण राज्यमा प्रकोप आएको भएमा पहिले प्रकोपलाई समाधान गर्नु त्यसपछि राजालाई हटाउन विद्रोह गर्नु पनि ब्राह्मण वर्णको आफ्नो यज्ञ हो ब्राह्मण वर्णको आफ्नो धर्म हो, प्रजालाई साथमा लिएर गलत कार्यगर्ने राजालाई सत्ताबाट हटाएर गुण, कर्म, स्वभाव र क्षमता क्षत्रीयवर्णको भएको नीतिशास्त्र ज्ञाता र वेदको ज्ञाता व्यक्तिलाई राजा बनाएर राज्य सञ्चालकको लागि आवश्यक्तापर्ने सम्पूर्ण ज्ञान, सम्पूर्ण सहयोग राजालाई गर्नुपर्छ यो पनि यज्ञ हो तर ब्राह्मण वर्णको गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको व्यक्ति कहिल्यै पनि सत्तामा जाने, राजकाज चलाउने सोच्नुपनि हुँदैन, केवल देश, राजा र प्रजाको लागि कल्याण कसरी हुन्छ र देश कसरी चलाउने भनेर राजालाई सहयोग र ज्ञान दिनुपर्छ यो यज्ञ हो किनकि विधानको ज्ञान नै ब्राह्मण हो ब्राह्मण कुनै व्यक्ति हैन, सधैं जीवित रहने विधान नै ब्राह्मण हो ।

ब्राह्मण एक विधान हो, ब्राह्मण एक नियम हो, ब्राह्मण एक संकल्प हो, ब्राह्मण शब्द हो शब्द नै एक सम्विधान हो र ब्राह्मण नै हो जसले पुरा प्रजालाई राजा बनाउन सक्छ र आफूमात्र प्रजा हुनसक्छ, ब्राह्मण शब्द नै एक पुरा ब्रह्माण्डको सञ्चालनको विधान हो । ब्राह्मण कुनै एक व्यक्ति हैन, यो त नियम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो, गुण हो, सत्यता हो, शक्ति हो, क्षमता हो, मापदण्डको एक गुणस्तर हो अखिल ब्रह्माण्डको ज्ञानको पिण्ड नै ब्राह्मण हो)।

श्वमांसं इच्छन्नार्तोऽत्तुं धर्माधर्मविचक्षणः ।
प्राणानां परिरक्षार्थं वामदेवो न लिप्तवान् ॥ १०/१०६ ॥

अर्थात्:- गुण, क्षमता र स्वभावको धर्ममा प्रकोप आएको खण्डमा धर्म र अधर्म भन्दापनि आफ्नो प्राणको रक्षा गर्नु पहिलो प्राथमिकता हुन्छ चाहे त्यो व्यक्ति धर्मको ज्ञानको ज्ञाता होस् या अज्ञानको अनुयायी जब पेटमा खानाको कमीको कारण पेटमा रहेको जठराग्निको ज्वाला वाम अर्थात् देब्रे तर्फबाट देव अर्थात् दाहिने तर्फ प्रवाहित भएर पेटमा प्रकोप अर्थात् क्षुधालाई उत्पन्न गरेको हुन्छ त्यो अवस्थामा ऋषि या अन्य जोसुकै मनुष्य होस् कसैको घरमा बसेर अनुरोध गरेर पक्वान्न बन्ने समयसम्म निरन्तर बसेर भोजन गरेर नै जानुपर्छ यस्तो आचारणलाई कुकुर आचरण भनिन्छ तर पनि यो आचरण कुनै पनि पापमा लिप्त हुँदैन ।

भरद्वाजः क्षुधार्तस्तु सपुत्रो विजने वने ।
बह्वीर्गाः प्रतिजग्राह वृधोस्तक्ष्णो महातपाः ॥ १०/१०७ ॥

अर्थात्:- मनुष्यको शारीर निरन्तर प्रकृतिको पञ्चतत्वको स्थिर अवस्थालाई भरद्वाज अर्थात् सन्तुलनको नियमलाई दुई भागमा बाँडेर कार्य गरेको हुन्छ अर्थात् कुनै वस्तु ग्रहण गर्छ कुनै वस्तुलाई त्याग गर्छ त्यसलाई भारद्वाज भनिन्छ त्यही भारद्वाजको विधानले नै मनुष्यको शरीरले आफ्नो शरीरको प्रकृति सन्तुलनको कार्यलाई सम्पन्न गरेको हुन्छ चाहे त्यो ऋषि होस् या अन्य नै किन नहोस् । यदि कुनै पनि मनुष्यले कुण्डलिनी शक्ति र समाधि अवस्थालाई प्राप्त गरेको समय बाहेक अन्य समयमा केही क्षण तथा केही लामो समयपछि शरीरमा कुनै न कुनै प्रकोप उत्पन्न हुनेगर्छ चाहे त्यो भोक होस् या प्यास नै, जब मनुष्य कुनै नकुनै प्रकोपबाट अति क्षुधातुर भएको खण्डमा त्यो प्रकोपबाट मुक्त हुनाको लागि कयौँ जमिनको दूरीलाई पार गरेको आफ्नो शरीरको प्रकोपलाई मेटाउने कोसीस गरेको हुन्छ ।

(समयको कलमः- मनुष्यको निरन्तर प्रयासपछि शरीरको शक्तिचक्र कुण्डलिनी शक्ति जब जागृत हुन्छ तब मात्र मनुष्यको शरीरलाई कुनै पनि बाहिरी प्रकोपले असर गर्दैन त्यस्तै जब मनुष्य समाधी अवस्थामा कालचक्रको रेखामा प्रवेश गरेको हुन्छ त्यसको शरिरमा ग्रीष्म, शीत क्षुधा, प्यास आदिको अवस्था भन्दा उन्नत बनेको हुन्छ जसको कारण भोक प्यास लाग्दैन तर जब समाधि अवस्थाबाट बाहिर निस्किनछ त्यसलाई भोक प्यास आदि प्रकोपले सताउँछ नै यो अबश्य हो यस्तो प्रकोपलाई ऋषिले केही समयको लागि नियन्त्रण गर्नको लागि सक्षम हुन्छन् तर सधैँको लागि मुक्त भने केही पञ्चतत्वको शरीर रहेसम्म पवनलाई भोजनको रुपमा सबैले गरेको नै हुन्छ)

क्षुधार्तश्चात्तुं अभ्यागाद्विश्वामित्रः श्वजाघनीम् ।
चण्डालहस्तादादाय धर्माधर्मविचक्षणः ॥ १०/१०८ ॥

अर्थात्:- धर्मको ज्ञाता होस् या अधर्म अनुयायी नै चाहे त्यो बसुधैव कुटुम्बम् अर्थात् विश्वको सम्पूर्ण मनुष्यलाई तथा प्राणीलाई नै मित्रनै मानेको ऋषि नै किन नहोस् पञ्च तत्वको शरीरको जठराग्निको अग्निको ऊर्ध्व गमन र अधोगमन हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जठराग्निलाई जब चारु मिल्दैन तब जठराग्निले मनुष्यलाई चाण्डालको आचरण कुकुरको आचरण गर्नको लागिपनि बाध्य बनाएको हुन्छ ।

प्रतिग्रहाद्याजनाद्वा तथैवाध्यापनादपि ।
प्रतिग्रहः प्रत्यवरः प्रेत्य विप्रस्य गर्हितः ॥ १०/१०९ ॥

अर्थात्:- विपत्तिकाल तथा प्रकोपको समयमा बाहेक अन्य कुनै पनि समय कुनै पनि अवस्थामा पैसा लिएर यज्ञ गराउने कर्म गर्नु र आफ्नो शिष्यलाई ज्ञान दिएर शुल्क लिनु यी दुवै निन्दनीय कार्य हुन् यस्तो कार्यगर्ने मनुष्य आफ्नो ब्राह्मणवर्णको नियमबाट तत्काल पतित हुन्छ र कर्मच्यूत भएको हुनाले ब्राह्मणवर्णको हुँदैन यस्तो कार्य निन्दनीय कार्य हो ।

याजनाध्यापने नित्यं क्रियेते संस्कृतात्मनाम् ।
प्रतिग्रहस्तु क्रियते शुद्रादप्यन्त्यजन्मनः ॥ १०/११० ॥

अर्थात्:- यज्ञ गर्नु तथा गराउनु र वेद पढ्नु तथा पढ़ाउनु कर्म गर्नाले आफ्नो संस्कार र कर्तव्य पुरा गरेको हुन्छ । कुनै प्रकृतिक प्रकोप या अन्य क्षुधालाई प्राप्त गरेको समयमा बाहेक अन्य कुनै पनि अवस्थामा गुण, कर्म, क्षमता र स्वभाव ब्राह्मणवर्णको गुणलाई धारण गरेको ब्राह्मणवर्णको ब्राह्मणले यदि यज्ञ गराएको र आफ्नो गुरुकुलमा आएको शिष्यलाई वेद पढाए बापत पहिले नै शुल्कलाई निश्चित गरेर कार्य गरेमा यो पढाउने तथा यज्ञको कार्य गरेर क्षत्रीयवर्ण र वैश्यवर्णसँग शुःल्क ग्रहण गरेको खण्डमा त्यस्तो ब्राह्मणको कर्म घृणा योग्य कर्म हो र शुद्रवर्णसँग त झन कुनै पनि शुःल्क तथा दान लिएको खण्डमा त्यो कर्म त झन कर्मच्यूत हुने र वर्णच्यूत हुने कर्म नै हो ।

(समयको कलमः- यदि कसैले यज्ञको लागि कुनै पनि वेदज्ञानी ब्राह्मण जो गुण, कर्म, क्षमता र स्वभाव नै ब्राह्मणवर्णलाई धारण गरेको हुन्छ त्यस्तो वेदज्ञानी ब्राह्मणवर्णले पहिले नै निश्चित गरेर यति शुःल्क दिए आउने यो शुःल्क नदिएमा यज्ञको लागि नआऊने भनेर जुन प्रतिज्ञा गर्ने र गराउने गरेका हुन्छन् त्यो कार्य निन्दनीय कार्य हो त्यस्तै शुद्रको कर्म त सधैँ सहयोगीको हुन्छ जब सहयोगीसँगपनि निश्चित शुःल्कको प्रतिज्ञा गर्नु गलत कार्य हो भनिएको हो यो श्लोकको अर्थ यो हैन कि दान नै लिन नहुनेस दान लिनु दिनुपर्छ त्यो दान यज्ञ गराउने ले जति दिन्छ त्यति मात्र हो निश्चित शुःल्क लिएर हैन, निश्चित गरेर व्यापारीको जस्तो मूल्यको निर्धारण गरेर यज्ञ गर्नुहुँदैन भनिएको हो र गुण, कर्म, क्षमता र स्वभाव शुद्रवर्णको मनुष्य त झन सबै वर्णको मनुष्यको लागि सहयोगी हुन् झन त्यही सहयोगीसँग पहिले नै शुःल्कलाई निश्चित गरेर यज्ञको कार्य गराउनुलाई दान लिएको हुँदैन व्यापार गरेको भनिन्छ ब्राह्मणवर्णलाई धारण गरेको मनुष्यलाई आफ्नो गुण, कर्म, क्षमता र स्वभावको व्यापार गरेमा त्यो पतित हुनेछ भनिएको हो दान लिन नै नहुने भनिएको हैन पहिले नै शुःल्कलाई निश्चित गरेर शुःल्क लिनको लागि भने निषेध गरिएको हो)

जपहोमैरपैत्येनो याजनाध्यापनैः कृतम् ।
प्रतिग्रहनिमित्तं तु त्यागेन तपसैव च ॥ १/१११ ॥

अर्थात्:- गुण, क्षमता र स्वभाव ब्रह्मणवर्णको मनुष्यले कुनै प्रकोपको समय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाहेक अन्य कुनै पनि अवस्थामा पहिले नै शुल्क लिएर यज्ञ गराउने र पहिले नै शुल्क लिएर आफ्नो शिष्यलाई पढाउने कार्य गर्नेले कुनै पुण्यकर्म हुँदैन यो कर्म ब्राह्मणवर्णको लागि पाप कर्म हो त्यस्तै यज्ञ गराएपछि आफ्नो क्षमता अनुसार यजमानले दिएको दान र ज्ञान प्रदान गरेपछि आफ्नो क्षमता अनुसार शिष्यले गुरुकुलको लागि गरेको सहयोगलाई परित्याग गर्नाले पनि त्यस्तै पाप लाग्छ जति पाप शुःल्क लिएर शिष्यलाई पढाउदा र शुःल्क लिएर यज्ञ गराउँदा लाग्छ ।

शिलोञ्छं अप्याददीत विप्रोऽजीवन्यतस्ततः ।
प्रतिग्रहाच्छिलः श्रेयांस्ततोऽप्युञ्छः प्रशस्यते ॥ १०/११२ ॥

अर्थात्:- गुण, कर्म, क्षमता र स्वभाव ब्राह्मणवर्णको भएको ब्राह्मणले आफ्नो गुण, कर्म, क्षमता र स्वभाव अनुसार आफ्नो जीविकालाई निर्वाह गर्न नसकेमा यी दुई कार्य गरेर आफ्नो जीवन निर्वाहा गर्नु पनि उत्तम हुन्छ ।

१) शिला र २) उच्छ

यी दुई विधिलाई अपनाएर यही विधिद्वारा जीवन निर्वाह गर्नु नै उत्तम हुन्छ शुल्क लिएर जीवन निर्वाह गर्नुभन्दा, शुल्कभन्दा 'शिल' उत्तम हो र 'शिला'भन्दा 'उच्छ' श्रेष्ठ कर्म हो ।

(समयको कलमः- १) शिलाः- शिलाको तात्पर्य यो हो कि राज्यगुरु अर्थात् किसानले जव पुरा खेती काटेर सकेपश्चात् जुन अन्न खेतमा बेचेर रहेको हुन्छ त्यस अन्नलाई सञ्चय गर्नुलाई शिला भनिन्छ ।

२) उच्छः- वैश्यले राज्यगुरुसँग खेतीको अन्नलाई किनेर आफ्नो पसलमा लगेर बेचेपछि पसलमा अन्नको अन्तिम अवस्था रहेको हुन्छ त्यसलाई खोजेर आफ्नो लागि अन्नलाई जम्मा गर्नुलाई उच्छ भनिन्छ)

सीदद्भिः कुप्यं इच्छद्भिर्धने वा पृथिवीपतिः ।
याच्यः स्यात्स्नातकैर्विप्रैरदित्संस्त्यागं अर्हति ॥ १०/११३ ॥

अर्थात्:- स्नातक ब्राह्मणको आफ्नो जीवनलाई सञ्चालन गर्ने सम्पूर्ण मार्गहरू तथा वैकल्पिक मार्गहरू पनि बन्द भएको खण्डमा दुःखी भएर सहयोगको लागि राजासँग अनुरोध गर्नुपर्छ यदि राजाले पनि सहयोग नगरेको खण्डमा स्नातक ब्राह्मणले त्यस्तो राज्यलाई त्याग गर्न सक्नेछन् आफ्नो पुरा सम्पत्ति सहित अर्थात् आफ्नो ज्ञानलाई साथमा लिएर राज्यालाई त्यागगर्न सक्नेछन् ।

(समयको कलमः- स्नातक ब्राह्मणले आफ्नो जीविकोपार्जनको लागि गरेको अनुरोधलाई समेत राजाले कुनै कार्यनीति तैयार गर्दैन भने र स्नातक ब्राह्मणको जीविकोपार्जनको लागि कुनै सहयोग गर्दैन भने त्यो राज्यमा कुनै पनि व्यक्तिको आदरसम्मान र सुरक्षा हुँदैन भन्ने बुझेर ब्राह्मणले त्यस राज्यलाई नै त्याग गरेर अन्यत्र जानुपर्छ या राजद्रोह गरेर (राज्यद्रोह गर्नुहुँदैन) त्यस्तो राजालाई सत्ताबाट च्यूत गरेर गुण, कर्म, स्वभाव र क्षमता क्षत्रीयवर्णलाई धारण गरेको नीतिशास्त्रको ज्ञानमा निपुर्ण भएको व्यक्तिलाई राजा बनाएर राज्यले गुण, कर्म, स्वभाव र क्षमताको कर्मगर्ने सबैलाईसम्मान गर्ने र राज्यको विधानलाई निर्माण गरेर सबै मनुष्यलाई आफ्नो सन्तानको रुपमा हेर्ने क्षत्रीय गुण, कर्म, स्वभाव र क्षमता भएको व्यक्तिलाई राजा बनाएर सत्ता सञ्चालनको लागि र प्रजाको कल्याणको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागि स्नातक ब्राह्मणले सहयोग गर्नुपर्छ तर ब्राह्मण वर्णको गुणलाई धारण गरेको व्यक्तिले राज्यगर्ने राजा हुने स्वप्नामापनि सोच्नु हुँदैन सोचेको खण्डमा पनि महापातक दोष लाग्छ)

अकृतं च कृतात्क्षेत्राद्गौरजाविकं एव च ।
हिरण्यं धान्यं अन्नं च पूर्व पूर्व अदोषवत् ॥ १०/११४ ॥

अर्थात्:- जोतेर खेती गरिएको शिलाभन्दा आफै उम्रिएको शिला उत्तम हो। गाई, बाखो, भेडा, सुन, अन्न, प्रत्येक पछिल्लोको तुलनामा अघिल्लो उत्तम अतः पूर्व पूर्वको अभावमा पछिको लिनुपर्छ ।

(समयको कलमः- श्लोकमा जो वस्तु सरलता पूर्वक जो कार्यलाई सहयोग गर्ने किसीमको हुन्छ र जुन वस्तुले निर्वाह हुनसक्छ र अर्को पटक फेरि दानलीन आवश्यकता न होस् त्यो वस्तु उत्तम (श्रेष्ठ) हुन्छ भनिएको हो सधैँ नै माँगी रहनु र ग्रहण गर्नु भन्ने हैन)

सप्त वित्तागमा धर्म्या दायो लाभः क्रयो जयः ।
प्रयोगः कर्मयोगश्च सत्प्रतिग्रह एव च ॥ १०/११५ ॥

अर्थात्:- आफ्नो गुण स्वभाव र क्षमताको कर्मलाई वरण तथा ग्रहण गरेको समयमा प्राप्त भएको निम्न किसीमको धनलाई सधैँ ग्रहण गर्नुपर्छ यो धनलाई अवैध भनिदैन ।

१) विभागमा नोकरी गरेको अवस्थामा कुनै गुप्त धन मिलेको खण्डमा त्यस धनलाई स्वीकार गर्नुपर्छ यसको मतलब भ्रष्टाचार गर्नुपर्छ भन्ने हैन कुनै धनगुप्त थियो अहिले प्राप्त भयो जुन पूर्वजले लुकाउनु भएको थियो त्यस धनलाई ग्रहण गर्नुहुन्छ ।

२) पूर्वजबाट पाएको धन

३) वस्तुलाई किनबेच गरेर प्राप्त गरेको धन

४) युद्धमा विजय प्राप्त गरेपछि प्राप्त भएको धन

५) निश्चित दर अनुसार असुल गरिएको व्याजको धन

६) खेती तथा व्यापार गरेर कमाएको धन

७) शास्त्र अनुसार कर्म गरेर शास्त्रले भनेको नियमअनुसारको दानमा मिलेको धन यी सात किसिमको विधानमा सबै वर्णको कर्म अनुसार धनलाई प्राप्त गर्ने नियम हो यो विधान गुण, कर्म, स्वभाव र क्षमताको अनुसारमाथि भनिएको सबै किसिमले प्राप्त हुने धनलाई लीन मिल्छ । किनकि यो धन उत्तम छ ।

विद्या शिल्पं भृतिः सेवा गोरक्ष्यं विपणिः कृषिः ।
धृतिर्भैक्षं कुसीदं च दश जीवनहेतवः ॥ १०/११६ ॥

अर्थात्:- मनुष्यले जीविकोपार्जन गर्नको लागि निम्न मुख्य दस किसीमको कर्मलाई गर्नु उत्तम हुन्छ ।

१) विद्या अर्थात् वेदको ज्ञानलाई ग्रहण गर्नुको अतिरिक्त अन्य विद्या अर्थात् जीविकोपार्जन गर्न मिल्ने अन्य विदाहरू

२) आफ्नो क्षमताको शिल्प वा कारीगिरी

३) तलब लिएर कर्मगर्नु तर कर्म वेद निर्देशित हुनुपर्छ

४) सेवा गरेर पैसा लिनु जस्तै बिरामी आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५) गाई पालन गर्नु ६) वस्तु क्रय विक्रय गर्नु
७) कृषि कार्य गर्नु ८) उपलब्ध भएको वस्तुमा सन्तुष्ट हुनु
९) भिक्षालाई ग्रहण गर्नु १०) व्याजको लेनदेन गर्नु

(समयको कलमः- अलग अलग गुण भएको मनुष्यको लागि अलग अलग प्रकारको दश किसिमको कर्म छन् ती दस कर्मलाई आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसार ग्रहण गरेर आफ्नो जीवनलाई कारक तरिकाले निर्वाह गर्ने निर्वाहक विधानका कर्म हुन् अर्थात् विपत्ती समयमा जो कर्म आफ्नो लागि वीर्जत भएको हुन्छ त्यही कर्मलाई त्याग गरेर अन्य कर्मलाई ग्रहण गरेर त्यही कार्यद्वारा नै जीवन निर्वाह गर्नुपर्छ)

ब्राह्मणः क्षत्रीयो वापि वृद्धिं नैव प्रयोजयेत् ।
कामं तु खलु धर्मार्थ दद्यात्पापीयसेऽल्पिकाम् ॥ १०/११७ ॥

अर्थात्:- स्नातक ब्राह्मण र गुण, कर्म, स्वभाव क्षत्रीय वर्णको मनुष्यले कुनै प्रकोपमा नरहेको समयमा पैसा दिएर व्याजको कारोवार गर्नुहुँदैन तर कसैले धर्मकार्यको लागि सहयोग भनेमा आफूसँग भएको र आफ्नो इच्छित क्षमता अनुसार धन छ भने दिनु अतिनै उत्तम कर्म हो ।

चतुर्थ आददानोऽपि क्षत्रीयो भागं आपदि ।
प्रजा रक्षन्परं शक्त्या किल्बिषात्प्रतिमुच्यते ॥ १०/११८ ॥

अर्थात्:- क्षत्रीय राजाले आफ्नो गुण र आफ्नो सामार्थ्यअनुसार आफ्नो प्रजाको रक्षा गर्दै गरेर प्रजालाई सुरक्षा दिए बापत् आपतकालमा कर छोडेर राज्यको सङ्कटको निवारणको लागि प्रजाको कमाईको चार भाग कर अर्थात् सेवा शुल्क प्रजासँग लिन्छ भने पाप लाग्दैन तर जबरजस्ती हैन अनुरोधमा लिन सकिनेछ ।

स्वधर्मो विजयस्तस्य नाहवे स्यात्पराङ्मुखः ।
शस्त्रेण वैश्यान्रक्षित्वा धर्म्य आहारयेद्बलिम् ॥ १०/११९ ॥

अर्थात्:- शस्त्र तथा शास्त्रमा ज्ञानवान् हुनु, शत्रुबाट राज्यमा आक्रमण भएमा युद्धको लागि सधैँ तैयार हुनु अर्थात् पराई राज्यको तथा शत्रु राज्यले आक्रमण गरेमा युद्धको लागि तैयार र युद्ध भएमा निरन्तर युद्ध गरेर आफ्नो प्रजाको रक्षा गर्नु, यो कार्य राजाको आफ्नो राजधर्म हो र शास्त्र र शस्त्रले सबै प्रजाको रक्षा गरेर राज धर्मलाई पूर्णरुपले पुरा गरेको राजाले प्रजासँग धर्म अनुसार कर लिन सक्नेछ ।

धान्येऽष्टमं विशां शुल्कं विंशं कार्षापणावरम् ।
कर्मोपकरणाः शुद्राः कारवः शिल्पिनस्तथा ॥ १०/१२० ॥

अर्थात्:- राज्यमा आपातकाल आएको खण्डमा दैविक तथा प्रकृतिक बिपत्ति भएर राज्यमा आपत्तिकालको अवस्था भएमा वैश्यको आफ्नो व्यापारको अवस्थालाई हेरेर अन्नको कमाइको धनको अनुपात अनुसार आठ भाग र राज्यमा महान्आपत्ति आएको समयमा क्षमता अनुसार न्यूनतम एक कर्षापर्णसम्म धन कमाउने वैश्यसँग त्यस कमाइको फाईदाको बीसौ भागसम्म कर लिन सकिने छ तर गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्णको भएको शुद्रवर्णसँग, भान्छाको कार्य गर्ने बावर्चीसँग, विभिन्न किसीमको कारीगरसँग, शिल्पसँग, चित्रकारसँग आफ्नो सिपको कर दिनुपर्छ भनेर राज्यमा कुनै पनि अवस्था आएमा आफ्नो कला आफ्नो सिपको राजाले कर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिनुहुँदैन । यदि राजाले कुनै पनि मनुष्यको आफ्नो ज्ञान, आफ्नो शिप, आफ्नो शिल्प र आफ्नो कलाको कर लिएमा त्यो कर लिनु भनेको राजधर्म विरुद्धको कार्य हो भनेर बुझ्नुपर्छ।

शुद्रस्तु वृत्तिं आकाङ्क्षन्क्षत्रं आराधयेद्यदि ।
धनिनं वाप्युपाराध्य वैश्यं शुद्रो जिजीविषेत् ॥ १०/१२१ ॥

अर्थात्:- शुद्रले आफ्नो जीवन निर्वाहको लागि नोकरी गर्न चाहेको खण्डमा आफ्नो क्षमताअनुसार या क्षत्रीय वर्णको मनुष्यको घरमा नोकरी गर्न सक्नेछ या धनी वैश्यको घरमा पनि नोकरी गर्न सक्नेछ ।

स्वर्गार्थं उभयार्थं वा विप्रानाराधयेत्तु सः ।
जातब्राह्मणशब्दस्य सा ह्यस्य कृतकृत्यता ॥ १०/१२२ ॥

अर्थात्:- ज्ञानी विद्वान्को सेवा गर्नले गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्ण भएको मनुष्यले सेवाको समयमा, सहयोगको समयमा यदि ज्ञानीसँग ज्ञानको बारेमा सोधेर खोजेर त्यही ज्ञानलाई ग्रहण गरेर त्यही ज्ञान अनुसार कर्म गरेमा उसको जन्मको उद्देश्य पुरा हुनेछ किनकि ज्ञान ज्ञानीको सनिध्यमा प्राप्त हुनेछ र त्यही ज्ञानद्वारा नै मनुष्यको कल्याण हुन्छ तर ज्ञानीले वेदको ज्ञान अनुसार ज्ञानदिने वेदज्ञानी विद्वान् अर्थात् वेदज्ञानी ब्राह्मण हुनुपर्छ ।

विप्रसेवैव शुद्रस्य विशिष्टं कर्म कीर्त्यते ।
यदतोऽन्यद्धि कुरुते तद्भवत्यस्य निष्फलम् ॥ १०/१२३ ॥

अर्थात्:- वेदज्ञानी विद्वान् अर्थात् वेदज्ञानी ब्राह्मणको सेवा गरेर नै आफ्नो जन्मको उद्देश्यलाई सफल गराउन सक्यो भने गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्णको मनुष्यको लागि यो भन्दा ठुलो उपलब्धि के हुन्छ र ?

(समयको कलमः- यहाँ भनिएको ब्राह्मण शब्द कुनै जन्मसंगै आएको उपहारमा ब्राह्मण शब्दलाई पाएर आएको व्यक्तिलाई ब्राह्मण हो भन्ने हैन । मनुस्मृतिमा भनिएको ब्राह्मण गुण, कर्म, स्वभाव र क्षमता नै ब्राह्मणवर्णको नै भएको मनुष्यलाई ब्राह्मण भनिएको हो जन्मको आधारमा बनेको ढोँगी, पाखण्डी र पण्डा ब्राह्मण बनेको नाटक गर्ने झुटो ब्राह्मणको कुरा गरेको हैन जसले आफूलाई ब्राह्मण भन्ने गर्छन तर ईश्वरकृत ज्ञान वेदको 'व' लाई पनि जानेको हुँदैन त्यस्तो व्यक्तिकोहि ब्राह्मण हुँदैन ब्राह्मण हुनको लागि गुण, कर्म, स्वभाव र क्षमता नै ब्राह्मण वर्णको हुनुपर्छ र त्यही गुणलाई ग्रहण गर्नुपर्छ अन्यथा त्यस्तोकोहि व्यक्ति ब्राह्मण हुनसक्दैन जसमा गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मण वर्णको हुँदैन)

प्रकल्प्या तस्य तैर्वृत्तिः स्वकुटुम्बाद्यथार्हतः ।
शक्तिं चावेक्ष्य दाक्ष्यं च भृत्यानां च परिग्रहम् ॥ १०/१२४ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता नै ब्राह्मणवर्णको भएको ब्राह्मणले आफ्नो सेवा सहयोग गर्ने, आफ्नो लागि सारथी गर्ने गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्णको मनुष्यको उन्नतिको लागि सधैँ सहयोग गर्नुपर्छ, सारथिलाई सधैँ प्रसन्न राख्नुपर्छ आफ्नो सारथीको सन्तानको लागि संस्कार र ज्ञानको लागि उचित प्रबन्ध गर्नुपर्छ आफ्नो सारथीको जीविका कसरी चलेको छ त्यो सधैँ ध्यान दिनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उच्छिष्टं अन्नं दातव्यं जीर्णानि वसनानि च ।
पुलाकाश्चैव धान्यानां जीर्णाश्चैव परिच्छदाः ॥ १०/१२५ ॥

अर्थात्:- पहिले काम गर्ने सेवक हो तर अहिले अन्यत्र कार्य गर्नको लागि अनुमति लिएर घर छोडेर गएको पुरानो तर आफ्नो सेवक यदि फेरि शरणमा आएको खण्डमा पुरानो मालिकले त्यस सेवकलाई यदि भोकै भएमा र आफूले यदि भोजन गरिसकेको भएमा बचेको भोजन भए पनि दिनुपर्छ, यदि वस्त्रहीन भएको भएमा त्यसलाई तत्कालको लागि आफ्नो पुरानो जीर्ण वस्त्र भए पनि दिनुपर्छ, सुत्नको लागि तत्कालको लागि पुरानो भए पनि शैय्याको व्यवस्था गर्नुपर्छ तत्कालको लागि पुरानो सामग्री दिएर भए पनि त्यस पूर्व सेवको आवश्यकतालाई तत्काल पुरा गर्नुपर्छ । यो पूर्व मालिकको धर्म र कर्तव्य पनि हो ।

न शुद्रे पातकं किं चिन्न च संस्कारं अर्हति ।
नास्याधिकारो धर्मेऽस्ति न धर्मात्प्रतिषेधनम् ॥ १०/१२६ ॥

अर्थात्: संस्कार नै भएन, अग्निहोत्र आदि वेदोक्त कर्म भएको छैन कर्मको विधानको ज्ञानको अर्थ र विद्याको अभ्यास नै भएन न धर्मको गुणलाई धारण गर्योस न विद्वान्को सेवा गरेर ज्ञानलाई नै हासिल गर्नेस कोसीस गर्यो र न जन्मको उद्देश्य बुझ्यो त्यस्तो व्यक्तिले आफ्नो जन्मको उद्देश्यलाई कहिल्यै पनि बुझ्न सक्दैन चाहे त्यो गुण, कर्म, स्वभाव र क्षमता अनुसार शुद्रवर्णको कर्मलाई धारण नै गरेको किन नहोस् ।

(समयको कलमः- सत्य ज्ञानलाई ग्रहण गर्ने अवसर सबै भन्दा धेरै शुद्र वर्णलाई नै हुन्छ शुद्र वर्ण नै एक त्यस्तो वर्ण हो जस्ले सारथी तथा सेवको कार्यालाई गर्दा वेदज्ञानी विद्वान्को साथ सधैँ प्राप्त गरेको हुन्छ ती वेदज्ञानी विद्वान्को सानिध्यमा रहेर सबै वर्णले भन्दा उत्तम तरिकाले र छिटो र सरल तरिकाले जीवनको सत्यतालाई बुझ्ने अवसर प्राप्त हुन्छ यदि सारथिमा गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्णको भएमा मात्र यदि यस्तो सुवर्ण अवसरलाई पनि सदुपयोग गर्न नसक्नु शुद्रवर्णको कमजोरी हो)

धर्मेप्सवस्तु धर्मज्ञाः सतां वृत्तं अनुष्ठिताः ।
मन्त्रवर्ज्य न दुष्यन्ति प्रशंसां प्राप्नुवन्ति च ॥ १०/१२७ ॥

अर्थात्:- आफ्नो वर्णको गुण, कर्म, स्वभाव र क्षमताको बारेमा ज्ञाता, आफ्नो वर्णको धर्मको ज्ञाता, सधैँ धर्ममा रहेर कार्य गर्ने, द्विजको आचरण अनुसार चल्ने गुण, कर्म, स्वभाव र क्षमता द्विजको अनुसार भएको, वेदज्ञान अनुसार चल्ने तर यज्ञपवित संस्कार नभएको मनुष्यले यदि दैनिक पञ्च महायज्ञ गर्ने गरेको भएमा त्यो मनुष्य उच्च मनुष्य हो यस्तो मनुष्यलाई सबै वर्णको मनुष्यलेसम्मना गर्नुपर्छ ।

यथा यथा हि सद्वृत्तं आतिष्ठत्यनसूयकः ।
तथा तथेमं चामुं च लोकं प्राप्नोत्यनिन्दितः ॥ १०/१२८ ॥

अर्थात्:- अन्य कसैको पनि निन्दा नगर्ने, सबैको कल्याण चाहने, सबैमा समभाव राख्ने, साधु सन्तको आचरणलाई धारण गरेको तर यज्ञपवित नभएको तर आचरण उत्तम भएको मनुष्यलाई सबै वर्णको मनुष्यले आदरसम्मान र सत्कार गर्नुपर्छ ।

शक्तेनापि हि शुद्रेण न कार्यो धनसञ्चयः ।
शुद्रो हि धनं आसाद्य ब्राह्मणानेव बाधते ॥ १०/१२९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- आफ्नो क्षमातले नसक्ने कुनै पनि सम्पत्तिको सञ्चय गर्ने कल्पना तथा कामना कसैले पनि गर्नुहुँदैन, किनकि अनावश्यक धन सञ्चयले मनुष्यमा घमण्ड उत्पन्न गर्छ धेरै धनसम्पत्ति सन्चयले गर्दा घमण्ड सबैमा आउँछ त्यो घमण्ड शुद्रमा नै किन नाआएको होस् । यदि शुद्रले आफ्नो क्षमताले धन कमाएको भएमा अरु कसैसँग धन सम्पत्तिको घमण्ड गर्नुहुँदैन चाहे त्यो कुनै ब्राह्मण होस् या अन्य वर्ण नै, आफूले कमाएको धन सम्पत्तिको घमण्डवाट अन्य वर्णलाई हानी नोक्सनी पुर्याऊने किसिमले कुनै काम गर्नुहुँदैन । अर्थात् जब मनुष्यमा जरूरत भन्दा धेरै धन प्राप्त हुन्छ तब मनुष्यमा घमण्ड आउँछ जब मनुष्यमा घमण्ड आउँछ त्यो मनुष्य मूर्ख हुन्छ, मुर्खताको कारण ज्ञानीलाई अपहेलना गर्छ, सबैलाई तुच्छ देख्छ यदि यस्तो भएमा त्यसको धानले त्यसलाई नै पतन गराउँछ चाहे त्यो धन शुद्रवर्णसँग नै सञ्चित भएको धन किन नहोस् ।

एते चतुर्णा वर्णानां आपद्धर्माः प्रकीर्तिताः ।
यान्सम्यगनुतिष्ठन्तो व्रजन्ति परमं गतिम् ॥ १०/१३० ॥

अर्थात्:- यहाँसम्म चार वर्णको आपतकालमा के गर्ने के नगर्ने भन्ने बारेमा भनियो यो आपतकालमा धारण गर्नुपर्ने धर्म हो तर त्यो आपतकालको धर्मलाई धारण गर्नेले कुनै पनि लाभ हुँदैन परन्तु आपतकाल अर्थात् विपत्तिको निवारण गर्नको लागि उचित भने हुनेहुन्छ तर जुन मनुष्यले आपतकालको धर्मलाई त्याग गरेको हुन्छ त्यसलाई शरीरक कष्ट भने उत्पन्न हुन्छ तर आपतकाललाई समभाव राखेर सहन गरेको खण्डमा त्यस सहनको फल अतिनै उत्तम हुन्छ र परमगति अर्थात् मोक्षको मार्गमा अग्रसर हुनको लागि सहयोग सिद्ध हुन्छ किनकि सुख सधैँ स्थिर हुँदैन त्यस्तै आपतकाल अर्थात् दुःखपनि सधैँ स्थिर हुँदैन किनकि परिवर्तन नै संसारको नियम हो ।

एष धर्मविधिः कृत्स्नश्चातुर्वर्ण्यस्य कीर्तितः ।
अतः परं प्रवक्ष्यामि प्रायश्चित्तविधिं शुभम् ॥ १०/१३१ ॥

अर्थात्:- यहाँसम्म चार वर्णको आपतकालमा के के कर्म गर्ने भन्ने बारेमा र सम्पूर्ण व्यक्तिको सम्पूर्ण धर्मविधानको बारेमा भनियो यसपछि अब शुभ असुभ तथा प्रायश्चितको विधि विधान लगायत अन्य कयौँ विविध विषयको बारेमा वर्णन गर्नेछु । अध्याय दश समाप्त भयो

ॐ तत्सदिति महर्षि मनुमहाराजस्य कृत मनुस्मृति विधानां विद्यायां नियमशास्त्रे भृगु(समय संवादे मनुस्मृति अन्तर्गते चतुरः वर्ण अन्तर्गते वैश्यवर्ण एवं शुद्रवर्ण वर्णस्य धर्म एवं राष्टानां राजधर्म विषयं मनुष्यः व्यबहार निर्माणं विविध ज्ञानं उपसंहार नामक दशमोऽध्यायः

अर्थात्:- महर्षि मनुमहाराजद्वारा निर्देशित मनुस्मृतिको नियम र विधान अन्तर्गतको भृगु र समय बीचमा भएको र संबादमा रुपमा रहेको मनुस्मृतिको मनुविधानअनुसार राजधर्म अन्तर्गतको व्यावहार नियामको निर्माणको बारेमा भनिएको वैश्य वर्ण र शुद्र वर्णको आफ्नो गुण धर्मको बारेमा र राजाको आफ्नो राजधर्मको विषयको विभिन्न विधानमा रहेको दशौँ अध्याय समाप्त भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

।। अथ एकादशोऽध्यायः ।।

मनुस्मृति अध्यायः-११

कर्म, कर्मफल र कर्मफलको प्रायश्चित विधान

सान्तानिकं यक्ष्यमाणं अध्वगं सार्ववेदसम् ।
गुर्वर्थं पितृमात्रर्थं स्वाध्यायार्थ्युपतापिनः ॥ ११/१ ॥

अर्थात्:- कुनै पनि यज्ञ गर्न चाहने गुण, कर्म, स्वभाव र क्षमता क्षत्रीयवर्ण तथा वैश्यवर्णको द्विज मनुष्यले या कुनै शुभ अवसरमा यी स्नातक गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मणवर्णको मनुष्यलाई आफ्नो छिमेक या नजिक होस् यी सवैलाई सधैं सहयोग गर्नुपर्छ किनकि यी सवै स्नातक अर्थात् धर्म(भिक्षु हुन् नजिक भएको यी सवैलाई सहयोग बिना कुनै अन्य दान देखाउनको लागि गरेको खण्डमा त्यो कार्य दान हैन, अहङ्गार र घमण्ड र देखावटी दान हो भन्ने बुझ्नुपर्छ। आफ्नो दैनिक गर्नुपर्ने पञ्चयज्ञपछि निम्न नौ किसीमको स्नातक ब्राह्मणलाई पहिले सहयोग गर्नुपर्छ त्यो सहयोगलाई ज्योतिष्टोम यज्ञ भनिन्छ त्यसैले वेदज्ञानी विद्वान् स्नातकलाई आफू सक्दो सहयोग गर्नुपर्छ।

१) सन्तानको इच्छाले विवाह गर्न चाहने तर क्षमता नभएको स्नातकलाई
२) पञ्चयज्ञको लागिपनि क्षमता नभएको स्नातकलाई
३) बटुवा वेदज्ञाता स्नातकलाई
४) प्रकृति सन्तुलनको लागि यज्ञगर्ने स्नातकलाई
५) गुरुकुलमा तथा ज्ञान अर्जनगर्ने स्नातकलाई
६) गुरुकुल सञ्चालन गरेको स्नातकलाइ
७) मातापिताको सेवागर्ने स्नातकलाई
८) वेद अध्ययनगर्ने स्नातकलाई
९) समस्यामा परेको स्नातकलाई

(समयको कलमः- किनकि गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मणवर्णलाई धारण गरेको तर कुनै पनि यज्ञ गर्नको लागि आफ्नो क्षमता नभएको अवस्था कमजोर भएको स्नातक अर्थात् गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मणवर्णको नै भएको व्यक्तिलाई नै सहयोग गर्नुपर्छ, यदि यी सवैलाई सहयोग नगरी देखावटीको लागि गरिने यज्ञको कुनै महत्व नै हुँदैन।

न वै तान्स्नातकान्विद्याद्ब्राह्मणान्धर्मभिक्षुकान् ।
निःस्वेभ्यो देयं एतेभ्यो दानं विद्याविशेषतः ॥ ११/२ ॥

अर्थात्:- यी नौ प्रकारको गुण, कर्म, स्वभाव र क्षमताअनुसार ब्राह्मणवर्णलाई नै धारण गरेको स्नातकलाई नै ब्रह्मचारी ब्राह्मण भनिन्छ र गुण, कर्म धर्मको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधारमा यी सबैलाई भिक्षा या दान लिनु स्वाभाविक नै हुन्छ किनकि गुण, कर्म, स्वभाव र क्षमता अनुसार नै ब्राह्मण भएको स्नातक ब्राह्मणले आफै गुरुकुल खोलेर ज्ञान दिएपनि शिष्यसँग कुनै पनि शुल्क, ज्ञान दिएको भनेर कसैसँग कुनै पनि शुल्क लिनको लागि अनुमति छैन र गुरुकुलको सम्पूर्ण खर्च आफूले नै उठाउँनुपर्ने हुनाले स्नातक ब्राह्मणले अरूले आफ्नो खुशीले दिएको सहयोग दान मात्र लिनको लागि मात्र अनुमति छ त्यसैलेमाथि भनिएको स्नातक ब्राह्मण गरिब तथा निर्धन भएको अवस्थामा सबैले सहयोग गर्नुपर्छ ।

एतेभ्यो हि द्विजार्ग्येभ्यो देयं अन्नं सदक्षिणम् ।
इतरेभ्यो बहिर्वेदि कृतान्नं देयं उच्यते ॥ ११/३ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता अनुसार नै ब्राह्मण वर्णलाई धारण गरेका यी नौ प्रकारको स्नातक ब्राह्मणलाई सहयोग तथा दान दिनु सर्वश्रेष्ठ यज्ञ हो । जो गुण, कर्म, स्वभाव र क्षमता अनुसारको स्नातक ब्राह्मण हुन् ती सबैलाई अन्नको दक्षिणा सहित आर्थिक दान दिनुपर्छ यसको अतिरिक्त गुरुकुल सञ्चालन नगरेका अन्य जो गुण, कर्म, स्वभाव र क्षमता अनुसारको ब्राह्मणवर्णको ज्ञानी हुन् ती सबै ज्ञानीलाई आफ्नो क्षमता अनुसार नै दान दिनुपर्छ ।

सर्वरत्नानि राजा तु यथार्ह प्रतिपादयेत् ।
ब्राह्मणान्वेदविदुषो यज्ञार्थ चैव दक्षिणाम् ॥ ११/४ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता क्षत्रीयवर्ण भएको राजाले वेद पढ्ने, पढाउने, यज्ञ गर्ने र गराउने गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मण वर्णको भएको ब्राह्मणलाई उसको कार्य अनुसार उत्तम-उत्तम वस्तु जुन वस्तु यज्ञ तथा ज्ञान प्रदान गर्नको लागि आवश्यक पर्छ ती सबै वस्तुलाई राजाले गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मणवर्णलाई धारण गरेको ब्राह्मणलाई नै दक्षिणाको रुपमा सहयोग गर्नुपर्छ ।

कृतदारोऽपरान्दारान्भिक्षित्वा योऽधिगच्छति ।
रतिमात्रं फलं तस्य द्रव्यदातुस्तु संततिः ॥ ११/५ ॥

अर्थात्:- पहिले विवाहित भएको गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मणवर्णलाई धारण गरेको ब्राह्मणलाई भिक्षाद्वारा धनजम्मा गरेर त्यस धनको दुरुपयोग गर्यो, सोखको लागि भोग र रमणको लागि विवाह गरेर गलत कार्य गरेको खण्डमा त्यो व्यक्ति तुरुन्त ब्राह्मणवर्णबाट पतित हुनेछ । क्षुद्र अवस्था अर्थात् कर्मच्यूत अवस्थालाई प्राप्त गर्नेछ ।

धनानि तु यथाशक्ति विप्रेषु प्रतिपादयेत् ।
वेदवित्सु विविक्तेषु प्रेत्य स्वर्ग समश्नुते ॥ ११/६ ॥

अर्थात्:- क्षत्रीय राजाले एकान्तवासी ब्राह्मण, वानप्रस्थ वा सन्यासीहरूको आवश्यक्ता अनुसारको धन तथा वस्तु र आवश्यक्ता अनुसारको साधनहरूलाई दान दिएर सहयोग गर्नुपर्छ ।

(समयको कलमः- वानप्रस्थ वा सन्यासी योग्यतानुसार धन वेदज्ञाता वा एकान्तवासी ब्राह्मणलाई दिनुपर्छ भनिएको हुनाले एकान्तवासी ब्राह्मणको अभिप्राय वानप्रस्थ वा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्यासी भन्ने हुन्छ किनकि गृहस्थको लागि धनशब्दको प्रयोग नै हुँदैन)

यस्य त्रैवार्षिकं भक्तं पर्याप्तं भृत्यवृत्तये ।
अधिकं वापि विद्येत स सोमं पातुं अर्हति ॥ ११/७ ॥

अर्थात्:- यज्ञगर्दा तथा दानदिदा आफ्नो अवस्थालाई पनि ध्यान राख्नुपर्छ । धर्मको नाम लिएर आफू आफ्नो परिवार नै सङ्कटमा आउने कार्य गर्नुहुँदैन त्यसैले जुन मनुष्यको घरमा आफू आफ्नो परिवार तथा आफ्नो सेवकलाई समेत गरेर तीन बर्षको लागि खान पुग्ने अन्न सञ्चित हुन्छ त्यस्तो मनुष्यले सोमयज्ञ नामको यज्ञ गरेर सोमयज्ञमा अन्न दान दिनसक्छ ।

अतः स्वल्पीयसि द्रव्ये यः सोमं पिबति द्विजः ।
स पीतसोमपूर्वोऽपि न तस्याप्नोति तत्फलम् ॥ १८/८ ॥

अर्थात्:- आफ्नो परिवारलाई आवश्यक्ता पर्ने अन्न नै कम छ भने सोमयज्ञ गर्नुहुँदैन यदि परिवार नै भोको राखेर सोमयज्ञ गरेमा त्यसको फल घातक हुन्छ ।

शक्तः परजने दाता स्वजने दुःखजीविनि ।
मध्वापातो विषास्वादः स धर्मप्रतिरुपकः ॥ ११/९ ॥

अर्थात्:- कुनै पनि यज्ञ पहिले परिवाको लागि हुन्छ सोमयज्ञ गरेर यदि परिवारको लागि गुजरा चलाउनको लागि नै अन्न कम भयो भनेर समस्या उत्पन्न हुन्छ । त्यसैले मनुष्यले सोमयज्ञ गर्दा आफू सामर्थ्य देखाउनको लागि हैन परिवारको भोजन र छिमेकीको लागि सहयोगको लागि सोमयज्ञ गरिन्छ यदि आफ्नो परिवार नै दुःखबाट जीवन निर्वाह गरेको भएमा यस्तो अवस्थामा मनुष्यले धर्मको नाममा यज्ञ गरेर अपयशलाई नै प्राप्त गरेको हुन्छ ।

भृत्यानां उपरोधेन यत्करोत्यौर्ध्वदेहिकम् ।
तद्भवत्यसुखोदर्क जीवतश्च मृतस्य च ॥ ११/१० ॥

अर्थात्:- जो मनुष्यले आफ्नो परिवार आफ्नो सेवक, आफ्नो सन्तान, आफ्नो छिमेक आदि तथा अन्य स्वजन लाई दुःख कष्ट दिएर परलोकको लागि भन्दै दान आदिको कर्म गरेको हुन्छ । त्यस दानको कारण त्यस मनुष्यको जीवन पर्यन्त त दुःखदायी हुन्छ नै र मृत्युको उपरान्तपनि दुःखदायी नै हुन्छ त्यसैले मनुष्यले दानदिदा धेरै कुरालाई ध्यान राख्नुपर्छ ।

यज्ञश्चेत्प्रतिरुद्धः स्यादेकेनाङ्गेन यज्वनः ।
ब्राह्मणस्य विशेषेन धार्मिके सति राजनि ॥ ११/११ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता क्षत्रीय तथा धर्मात्मा राजा भएको राज्यमा यज्ञको लागि प्रयोग हुने कुनै पनि वस्तु तथा सामाग्री कमी हुनदिनु हुँदैन, यदि कसैले वस्तु अनावश्यक सञ्चित गरेको छ कसैको समान नै छैन भने राजा विद्यमान भएर ती यज्ञको सामाग्रीलाई नियमसँगत रहेर व्यबस्थित गर्नुपर्छ ।

यो वैश्यः स्याद्बहुपशुर्हीनक्रतुरसोमपः ।
कुटुम्बात्तस्य तद्द्रव्यं आहरेद्यज्ञसिद्धये ॥ ११/१२ ॥

अर्थात्:- जस्ले बाणिज्यको कर्म गरेको हुन्छ त्यस बणिज्यको काममा वैश्यले कयौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आबश्यक्ताको वस्तुसँग यज्ञको वस्तुलाई लुकाएको हुन्छ जसको कारण राज्यमा आबश्यक्ताको वस्तु र यज्ञको वस्तु तथा सामानको सङ्कट उत्पन्न हुन्छ । त्यस्तो सङ्कटको अवस्थामा राजाले त्यो सङ्कटलाई निवारण गर्नको लागि लुकाईएको आबश्यक्ताको वस्तु र यज्ञको वस्तुलाई बलात् तरिकाले या अपहरण तरिकाले भए पनि लिनुपर्छ र राज्यको सङ्कट समाधान हुनुभन्दा पहिले त्यस वणिज्यको आवश्यक्ता र यज्ञ सामानको खर्च राजाले दिनुपर्छ त्यसको लागत्तै राजाले त्यस्तो वैश्यको व्यापारको लागि लिएको प्रमाण पत्रलाई आफ्नो नियन्त्रणमा लिनुपर्छ ।

(समयको कलमः- श्लोक पर्यन्त बलात् यज्ञ सामाग्रीको अपहरण तरिकाले भए पनि लिएर यज्ञको सामाग्री उपलब्ध गराउने आज्ञा छ यस श्लोकको तात्पर्य यो हो कि राज्यमा कुनै पनि आवश्यक्ता पर्ने वस्तुको कृत्रिम अभाव सृजना गरेर सङ्कटकाल बनाउने कोसीस गर्ने व्यापारी अर्थात् वैश्यको सामान राजाले जबरजस्ती लिनुपर्छ भन्ने हो तर त्यस सामानको खर्च भने व्यापारीलाई राजाले दिने र त्यस्तो व्यापारीको अनुमति पत्र रद्द गर्नुपर्छ भनिएको छ यो राजधर्म अन्तर्गत पर्छ यहाँ यज्ञको विषय चलेको हुनाले यज्ञ सामग्रीको लागि नै यो विधान लागु हुन्छ । प्रकृति सन्तुलनको विधान नै यज्ञ हो । यज्ञ नभएमा संसारको जलवायु अशुद्ध हुन्छ जलवायु अशुद्ध भएमा सबै प्राणीलाई हानी हुन्छ र सम्पत्तिशाली व वैभव सम्पन्न भएर पनि जो मनुष्य आफ्नो कर्तव्य कर्मबाट विमुख भएमा त्यसलाई दण्ड दिनु र दण्ड दिएर दण्डविधानअनुसारको दण्डजरीवानाबाट प्राप्त त्यस धनलाई यज्ञको कार्यमा लगाउनु पनि उत्तम कार्य हो यो राजधर्म पनि हो)

आहरेत्त्रीणि वा द्वे वा कामं शुद्रस्य वेश्मनः ।
न हि शुद्रस्य यज्ञेषु कश्चिदस्ति परिग्रहः ॥ ११/१३ ॥

अर्थात्:- प्रकृति सन्तुलनको विधान यज्ञको दुई भाग पुरा भएको अवस्था छ तर यज्ञ पुरा हुन् थोरै या केही भागमात्र बचेको अवस्था भएमा यदि यज्ञ सामाग्री कम भएर रोकिएमा बाणिज्यबाट पनि समान उपलब्ध नभएको खण्डमा त्यो सामाग्री यदि गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्णको घरमा उपलब्ध भएमा शुद्रसँग मागेर लिनुपर्छ यदि शुद्रवर्णको व्यक्ति घरमा नभएको तर समान घरमा भएको खण्डमा घरबाट लिनुपर्छ यदि कृत्रिम अभाव देखाउनको लागि शुद्रको घरमा लुकाईएको भए पनि त्यस यज्ञको समग्रीलाई शुद्रको घरबाट बलात् तरिकाले पनि लिन सकिने छ तर त्यो समान बणिज्यको हैन शुद्रको नै भएमा त्यस यज्ञ समाग्रीको पुरा खर्च सहित क्रय मूल्य शुद्रलाई दिनुपर्छ यदि यो नगरेमा यज्ञ गर्नेलाई चोरी र डाँका गरेको आरोप लाग्छ ।

योऽनाहिताग्निः शतगुरयज्वा च सहस्रगुः ।
तयोरपि कुटुम्बाभ्यां आहरेदविचारयन् ॥ ११/१४ ॥

अर्थात्:- यदि प्रकृति सन्तुलनको यज्ञगर्दा यज्ञको समान अभाव भएमा मनुष्य अग्निहोत्री हैन तर सय गाईलाई पालन गरेर राखेको छ अथवा यज्ञ गर्दैन हजार गाईलाई राखेको छ तर यज्ञको लागि आवश्यक पर्ने गाईको घिउ उपलब्ध गराउदैन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर गाइको घिउ उसँग उपलब्ध रहेको छ यस्तो अवस्थामा यी दुवै व्यक्तिसँग अनुरोध गरेर होस् या जबरजस्ती गरेर यज्ञको लागि आवश्यक पर्ने समान लिन सकिने छ तर ती समानको लगत भने दिनुपर्छ यदि लागत नदिएमा डाँका तथा चोरीको पातक लाग्छ ।

आदाननित्याच्चादातुराहरेदप्रयच्छतः ।
तथा यशोऽस्य प्रथते धर्मश्चैव प्रवर्धते ॥ ११/१५ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताअनुसार ब्राह्मणवर्णको मनुष्य हो सधैँ नित्यदान लिएको हुन्छ तर यज्ञ गर्दैन, दानबाट लिएको पैसाले आफ्नो जीविका पालन गरेर बचेको पैसाले समाज कल्याणको काममा जस्तैः- बाटो, इनार, पठाशाला वैद्यखाना जहाँ निःशुल्क उपचार हुन्छ त्यहाँ सहयोगको रुपमा यज्ञ गर्दैन भने त्यस्तो गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मणवर्णको मनुष्य भए पनि यज्ञको विधानलाई पूरागर्ने समान भएमा अनुरोध गरेर यदि अनुरोध अस्वीकार भएमा बलात् तरिकाले पनि लिन सकिनेछ प्रकृति सन्तुलनको कार्यको लागिकुनै पाप हुँदैन ।

(समयको कलमः- यज्ञको समान अभाव भएर सङ्कट अवस्था आएमा किन यसरी जोसँग उपलब्ध छ त्यो व्यक्तिसँग अनुरोध गरेर या बलात् तरिकाले या जबरजस्ती लिन किन भनिएको हो भने यज्ञ प्रकृतिलाई असन्तुलन राख्नको लागि गरिने विधान हो यदि यज्ञ नगर्ने हो भने प्रकृतिक आफैमा सन्तुलन हुनेगर्छ किनकि प्रकृतिको सन्तुलनलाई सबैभन्दा धरै क्षति तथा असर मनुष्यले गरेको हुन्छ मनुष्यले नै अप्राकृतिक कार्य गरेको हुनाले प्रकृतिमा बिस्तारै बिस्तारै असन्तुलन उत्पन्न हुन्छ यदि प्रकृतिमा केही अंश मात्र असन्तुलन भएमा त्यसको असर शुरुमा मनुष्यमा नै परेको हुन्छ मनुष्यबाहेक अन्य सबै प्राणी प्रकृति प्रेमी हुन् । त्यसैले मनुष्यको कार्यबाट प्रकृतिको सन्तुलनमा कुनै असर परेको भएमा त्यस असरलाई पतन गराउनको लागि र प्रकृतिको सन्तुलनलाई सधैँ समान बनाई राख्नको लागि यज्ञ गरिन्छ यज्ञगर्ने समान निश्चित छन् ती समानपनि लुकाएर सङ्कट उत्पन्न गरेको अवस्थामा जबरजस्ती लिनुपर्छ नै यदि प्रकृति सन्तुलनमा असर पर्यो भने मनुष्य आफै नै पतन हुन्छ । त्यसैले प्रकृति सन्तुलनको गरिने यज्ञको सामान एकले लुकाएको हुन्छ यज्ञ नगरेमा प्रकृतिको असर करोड मनुष्यलाई पर्छ तर यज्ञको लागि समान एक या दुई जनाले जबरजस्ती गरेर लिएमा दुई जनाले अपराध गरेको हुन्छ तर त्यसको फाइदा करोड़ मनुष्यलाई हुन्छ किनकि यसरी बलात् तरिकाले लिएको साधन तथा वस्तुलाई प्रकृति सन्तुलनको कार्यमा लगानी गर्नाले त्यसको फाइदा गाईपालक होस् या गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको शुद्र नै होस् या अग्निहोत्र नगर्ने या दान लिने तर यज्ञ नगर्ने ब्राह्मणलाई होस् या बणिज्यको कार्यगर्ने जस्ले सामान लुकाएर सङ्कटकाल उत्पन्न गर्ने वैश्य नै किन नहोस् ती सबैलाई एक या कमी भएको सामान जबरजस्ती गरेर बलात् गरेर लिएर यज्ञ गरे पनि यज्ञद्वारा धेरैलाई फाइदा हुने भएको हुनाले यज्ञको समान नदिएमा लुकाएमा मात्र बलात् तरिकाले लिनु भनिएको हो । पुरा सम्पत्ति जबरजस्ती गर्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

या लुट्नु भन्ने हैंन केवल यज्ञको सामग्री उपलब्ध नभएमा यज्ञको समानको सङ्कट लागेमा जोसँग छ त्यहीसँग जबरजस्ती गरेर भए पनि लिनुहुन्छ भनिएको हो । किनकि यज्ञबाट प्रकृति सन्तुलन भएमा फाइदा सबै मनुष्यलाई हुन्छ ।

तथाऐव सप्तमे भक्ते भक्तानि षडनश्नता ।
अश्वस्तनविधानेन हर्तव्यं हीनकर्मणः ॥ ११/१६ ॥

अर्थात्:- दिनमा दुई पटक भोजन गर्नुपर्छ यो व्यवहारिक नियम हो र शास्त्र शास्त्रको नियमपनि हो कुनै कारण या अन्नको कमिको कारण या व्रतको या अन्य कुनै पनि विविध कारण होस् यदि कुनै व्यक्तिले ६ पटकको भोजन गरेन अर्थात् तीन दिन उपवास भयो तत् पश्चात् चौथो दिनमा पनि एक पटकमा पनि योग्य भोजन नभएको या नपाएको अवस्थामा कुनै पनि व्यक्तिको घरमा भोजन छ त्यस्तो व्यक्तिको घरमा गएर चाहे त्यो नीच आचरण भएको व्यक्ति नै किन नहोस् त्यसको पनि घरमा गएर भोजन गर्न सक्नेछन् भोकलाई शान्तगर्नको लागि यदि वलात् पूर्वक भोजन लिएपनि पाप हुँदैन तर भोजन भएको घर भने हुनुपर्छ भोजन सङ्कट भएको घरमा यो गरेमा पापव्रत हुन्छ ।

खलात्क्षेत्रादगाराद्वा यतो वाप्युपलभ्यते ।
आख्यातव्यं तु तत्तस्मै पृच्छते यदि पृच्छति ॥ ११/१७ ॥

अर्थात्:- भोको अवस्थामा रहेको व्यक्तिले दाँईगर्ने खलबाट, क्षेत्र अर्थात् खेतबाट या सुकाएको विस्कुनबाट जहाँबाट अन्न प्राप्त हुन्छ त्यहाँबाट निश्चित मात्रमा एक पटकको भोजनको लागि अन्न लिनु पाप हैन तर अन्नको मलिकले देखेर सोधेमा झुटो बोल्नु हुँदैन आफ्नो समस्या भन्नुपर्छ यसो गर्नेले कुनै पाप लाग्दैन ।

ब्राह्मणस्वं न हर्तव्यं क्षत्रीयेण कदा चन ।
दस्युनिष्क्रिययोस्तु स्वं अजीवन्हर्तु अर्हति ॥ ११/१८ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताले नै क्षत्रीयवर्णलाई धारण गरेको क्षत्रीयलाई कुनै सङ्कट आएको भएमा पनि गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्णलाई धारण गरेको ब्राह्मणको अन्न, सम्पत्ति तथा धनलाई कहिल्यै पनि हरण गर्नुहुँदैन यदि गुण, कर्म, स्वभाव र क्षमता क्षत्रीयवर्ण भएको क्षत्रीयलाई भोजनको लागि आपतकाल आएको खण्डमा घृणित कर्मगर्ने, शास्त्रको अनुसारको कर्मलाई परित्याग गरेको तर पहिले गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मण थियो अहिले ब्राह्मण हैन त्यस्तो व्यक्तिको घरमा केही सञ्चित अन्न या धन छ भने लिनसक्छ तर लुटेर हैन आफ्नो एक दिनको भोजनको सङ्कट पुरा हुने अन्न र धन मात्र ।

(समयको कलमः- यहाँ ब्राह्मणको घरको अन्न नलीनु भन्नुको अर्थ ब्राह्मणले गुरुकुलमा आफ्नो शिष्यको लागि केही दिनको लागि पुग्ने भोजनको लागि अन्नको सञ्चय गरेका हुन्छन् यदि त्यो अन्न क्षत्रीयले लिएको खण्डमा गुरुकुलको शिष्यको लागि आवश्यक्ता पर्ने भोजन उपलब्ध नहुनाले समस्या उत्पन्न हुन्छ त्यसको लागि नलीनु भनेको हो र जसको गुरुकुल छैन त्यो व्यक्तिसँग लिनुपर्छ भनिएको छ)

योऽसाधुभ्योऽर्थ आदाय साधुभ्यः संप्रयच्छति ।
स कृत्वा प्लवं आत्मानं संतारयति तावुभौ ॥ ११/१९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- सङ्कटको समयमा जो मनुष्यले जो व्यक्तिसँग अन्न या अन्य धन लिएर अन्य साधुको सहयोग गरेको हुन्छ र साधुसँग पनि अन्न तथा धन लिएर सङ्कटमा रहेको अन्य साधुलाई सहयोग गरेको हुन्छ त्यस्तो मनुष्यले दुवै साधुको लागि सङ्कटको अवस्थामा सबैलाई सहयोग गरेर सङ्कटलाई नै डुङ्गा बनेर पार गराएको हुन्छ ।

यद्धनं यज्ञशीलानां देवस्वं तद्विदुर्बुधाः ।
अयज्वनां तु यद्वित्तं आसुरस्वं तदुच्यते ॥ ११/२० ॥

अर्थात्:- जो मनुष्यले प्रकृतीलाई सन्तुलनको लागि यज्ञ गरेको हुन्छ यज्ञको लागि गरिएको र खर्च भएको धन र यज्ञपछि आफूसँग बचेको धनलाई देवधन भनिन्छ र धन मात्र जम्मा गर्ने तर यज्ञ नगरेर बचेको धनलाई राक्षस धन भनिन्छ । देव धन भन्नाले सहयोग र संरक्षणको धन भन्ने हुन्छ भने राक्षस धन भन्नाले गलत तरिकाले सञ्चित धन भन्नेहुन्छ ।

न तस्मिन्धारयेद्दण्डं धार्मिकः पृथिवीपतिः ।
क्षत्रीयस्य हि वालिश्याद्ब्राह्मणः सीदति क्षुधा ॥ ११/२१ ॥

अर्थात्:- यदि कसैले दान लिन्छ तर प्रकृति सन्तुलनको कार्य गर्दैन, भोको छ, अन्न भएको भएको घरबाट भोजन मागेर, चोरेर या जबरजस्ती अर्थात् बलात् पूर्वक भोजन गरेमा या यज्ञको लागि जरूरत पर्ने समान व्यापार मा प्राप्त नभएको तर कसैले लुकाएको भएमा र यज्ञपूरा गर्नको लागि अपूग वस्तुलाई कसैले जबरजस्ती लिएमा त्यो व्यक्तिलाई चोरी तथा डाँकाको आरोप तथा अपराध लाग्दैन तर लिएको समानको क्रय मूल्य नदिएमा मात्र चोरि तथा डांकाको आरोप लाग्छ । यो कुरा राजाले सधैँ ध्यान राख्नुपर्छ राजाको सानो गल्तीले राज्यमा धेरै विधान, नियम र राज्य संरचनामा असरपर्छ यो राजधर्मको ज्ञान हो ।

तस्य भृत्यजनं ज्ञात्वा स्वकुटुम्वान्महीपतिः ।
श्रुतशीले च विज्ञाय वृत्तिं धर्म्या प्रकल्पयेत् ॥ ११/२२ ॥

अर्थात्:- राजाले यो कुरालाई सधैँ ध्यान राख्नुपर्छ कि राज्यमा कुनै वेदज्ञानी विद्वान् ब्राह्मणमा कुनै प्रकोपमा रहेको त छैन ? उसको गुरुकुलको अवस्था कस्तो छ ? शिष्यको अवस्था कस्तो छ ? परिवारको जीवनयापन कसरी र कस्तो चलेको छ ? यी सबै कुरालाई ध्यान राख्नुपर्छ यदि राज्यमा वेदज्ञानी ब्राह्मण प्रकोपमा भएको अवस्थामा राजाले राज्यको सहयोग गरेर गुरुकुल सञ्चालन गर्नको लागि र उसको परिवारको सहयोगको लागि धर्मानुसार वृत्ति अर्थात् तलव नियत गर्नुपर्छ ।

कल्पयित्वास्य वृत्तिं च रक्षेदेनं समन्ततः ।
राजा हि धर्मषड्भागं तस्मात्प्राप्नोति रक्षितात् ॥ ११/२३ ॥

अर्थात्:- वेदज्ञानी विद्वान् ब्राह्मणको वृत्तिलाई नियत गरेर उद्वारा सञ्चालित गुरुकुलको रक्षा तथा संरक्षणका सबै व्यवस्थालाई राम्रो प्रकारले गर्नुपर्छ । राज्यमा सबै मनुष्य कुनै पनि प्रकोपबाट पीड़ित हुन् नदिनु नै राजाको राजधर्म हो यही नै राजाको लागि अश्वमेध यज्ञ हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न यज्ञार्थ धनं शुद्राद्विप्रो भिक्षेत कर्हि चित् ।
यजमानो हि भिक्षित्वा चण्डालः प्रेत्य जायते ॥ ११/२४ ॥

अर्थात्:- यज्ञको लागि भनेर ब्राह्मणले कसैसँग पनि धनको याचना गर्नुहुँदैन, आफैले सकेमा यज्ञ गर्नुपर्छ, नसके दैनिक पाँच महायज्ञमा जो जो यज्ञलाई पुरागर्न सकिन्छ त्यो यज्ञलाई पूर्णगर्नेकोसिस गर्नुपर्छ तर यज्ञगर्ने भनेर आफ्नो सारथी शुद्रसँग पनि धन लिनुहुँदैन । यदि आफ्नो यज्ञगर्ने क्षमता नभए पनि धन मागेर भए पनि यज्ञगर्ने कार्यलाई चांण्डाल प्रवृत्ति भनिन्छ ।

याज्ञार्थ अर्थ भिक्षित्वा यो न सर्व प्रयच्छति ।
स याति भासतां विप्रः काकतां वा शतं समाः ॥ ११/२५ ॥

अर्थात्:- यदि ब्राह्मणले यज्ञको लागि कसैसँग दान तथा भिक्षा लियो तर यज्ञको लागि भनेर लिएको सम्पूर्ण दान तथा भिक्षाको धन या वस्तुलाई यज्ञमा प्रयोग गरेन भने त्यस्तो व्यक्ति ब्राह्मण हैन र ब्राह्मण भएर पनि त्यस्तो आचरण धारण गरेको हुनाले त्यस व्यक्तिको आचरणलाई हूडार तथा काग प्रवृत्ति भनिन्छ यो कर्म अतिनै घातक र पतित कर्म हो ।

देवस्वं ब्राह्मणस्वं वा लोभेनोपहिनस्ति यः ।
स पापात्मा परे लोके गृध्रोच्छिष्टेन जीवति ॥ ११/२६ ॥

अर्थात्:- जो मनुष्यले लोभ या कुनै द्वेषवश अन्य कसैको धन सम्पत्ति नष्ट गरेको हुन्छ चाहे त्यो कथित ब्राह्मण होस् या कथित विद्वान् ती सबै पापी व्यक्ति हुन् यस्तो कार्यगर्ने मनुष्यको प्रवृत्तिलाई गिद्ध प्रवृत्ति भनिन्छ ।

इष्टिं वैश्वानरीं नित्यं निर्वपेदब्दपर्यये ।
क्ल्प्तानां पशुसोमानां निष्कृत्यर्थ असंभवे ॥ ११/२७ ॥

अर्थात्:- वर्षमा एक पटक वैश्वानर यज्ञ अर्थात् पशुसोम यज्ञ गर्नुपर्छ अर्थात् पशुपालन गरेको वैश्यले प्रत्येक पशुलाई एकबर्ष भित्रमा नै सबै पशुको स्वास्थ्यको परीक्षण गर्नुपर्छ । यदि एक वर्षमा कारणबश यो पशुसोम यज्ञपुरा नभएमा बर्षपूरा भएपछि पनि गर्नुपर्छ ।

आपत्कल्पेन यो धर्म कुरुतेऽनापदि द्विजः ।
स नाप्नोति फलं तस्य परत्रेति विचारितम् ॥ ११/२८ ॥

अर्थात्:- त्यस्तै कुनै आपतकाल नभएको समयमा पनि लालच आएको कारण आपतकालको बाहाना बनाएर आपतकालको धर्मको कार्य गरेको हुन्छ त्यस्तो मनुष्यको प्रवृत्तिलाई स्याल प्रवृत्ति भनिन्छ यस्तो आचारण भएको मनुष्यको मृत्युपनि डरलाग्दो किसिमको हुन्छ ।

विश्वैश्च देवैः साध्यैश्च ब्राह्मणैश्च महर्षिभिः ।
आपत्सु मरणाद्भीतैर्विधेः प्रतिनिधिः कृतः ॥ ११/२९ ॥

अर्थात्:- आपत्तिकालमा आपत्तिको कारण कयौं वैश्वैदेव, साधुगण, वेदज्ञानी विद्वान् ब्राह्मण, महान् ऋषि हरुपनि मृत्युको भयको कारण आफ्नो कर्मको उत्तम धर्मको विरुद्ध आचरण कर्म गर्नपनि सक्छन् तर मनुष्यले जस्तोसुकै आपत्तिकालमा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहिल्यै पनि आफ्नो उत्तम धर्मको विरुद्धको आचरणको कार्य गर्नुहुँदैन किनकि परिस्थिति र आपत्तिकाल सधैँ स्थिर हुँदैन तर मनुष्य आफ्नो गुण कर्म, स्वभाव र क्षमतामा भने सधैँ स्थिर हुनुपर्छ ।

प्रभुः प्रथमकल्पस्य योऽनुकल्पेन वर्तते ।
न सांपरायिकं तस्य दुर्मतेर्विद्यते फलम् ॥ ११/३० ॥

अर्थात्:- आफ्नो गुण, कर्म, स्वभाव र क्षमताको मुख्य धर्मको नियमलाई पालन गर्नको लागि सामर्थ्यवान हुँदाहुँदै पनि अन्य वर्णको धर्मको कर्म गरेको मनुष्यले जति पनि उत्तम कार्य गरे पनि त्यस अन्य वर्णको धर्मको फल आफूलाई प्राप्त हुँदैन किनकि गुण, कर्म, स्वभाव र क्षमताको धर्मको मात्र फल मिल्छ तर प्रतिनिधि धर्मको फल मिल्दैन तर प्रतिनिधि धर्मको विरुद्ध कुनै पनि कर्म गरेमा त्यसको फल भने अवश्य मिलेको हुन्छ किनकि त्यो कर्म प्रतिनिधि धर्मको विरुद्ध भए पनि त्यो अफ्नो धर्म विरुद्धको कर्मपनि हो ।

न ब्राह्मणो वेदयेत किं चिद्राजनि धर्मवित् ।
स्ववीर्येणैव ताञ् शिष्यान्मानवानपकारिणः ॥ ११/३१ ॥

अर्थात्:- राजाको पहिलो शक्ति प्रजाशक्ति सेनाशक्ति र दोस्रो शक्ति वेदज्ञानी धर्मज्ञाता विद्वान् ब्राह्मणमा रहेको वेदज्ञानको ज्ञानशक्ति दुवैको शक्तिमा वेदज्ञाता विद्वान् ब्राह्मणको वेदज्ञानको शक्ति नै उत्तम शक्ति हो त्यसैले राजाले आफ्नो शक्तिको घमण्ड वेदज्ञानी विद्वान्सँग कहिल्यै पनि गर्नुहुँदैन भने वेदज्ञानी विद्वान् ब्राह्मणले आफूमा म वेदज्ञानी विद्वान् ब्राह्मण हुँ भन्ने अज्ञानको घमण्डलाई आफूमा आऊन पनि दिनुहुँदैन ।

स्ववीर्याद्राजवीर्याच्च स्ववीर्य बलवत्तरम् ।
तस्मात्स्वेनैव वीर्येण निगृह्णीयादरीन्द्विजः ॥ ११/३२ ॥

अर्थात्:- राजाको प्रजाशक्ति र सेनाशक्तिको पराक्रमभन्दा मनुष्यले आफूमा धारण गरेको धर्मपूर्वक गरेको पराक्रमको शक्ति श्रेष्ठ र उत्तम हो भने वेदज्ञानलाई धारण गरेर आफूमा कुनै पनि घमण्ड आऊन नदिनु र सबै मनुष्य तथा प्राणीसँग पनि मित्रभाव राख्नु ब्राह्मणको आफ्नो पराक्रम हो यदि कुनै पनि व्यक्तिले अज्ञानको कारण वेदज्ञानी व्यक्तिलाई आफ्नो शत्रु मानेको हुन्छ या बिरोधी मानेको हुन्छ भने त्यस्तो आफ्नो मनको शत्रु अर्थात् विरोधिलाई आफ्नो ज्ञानको पराक्रमबाट उसको सोचलाई परिवर्तन गराउनु पर्छ । यो पनि पराक्रम हो ।

श्रुतीरथर्वाङ्गिरसीः कुर्यादित्यविचारयन् ।
वाक्शस्त्रं वै ब्राह्मणस्य तेन हन्यादरीन्द्विजः ॥ ११/३३ ॥

अर्थात्:- अंगिरा ऋषिले भन्नुभएको छ ज्ञानी व्यक्तिले अन्तिम अवस्थासम्म पनि धातुको शस्त्रलाई धारण गर्नुहुँदैन यदि कसैले पूर्वाग्रह पूर्वक वेदज्ञानी ब्राह्मणलाई शत्रु या उसको विरोधी मानेमा त्यस्तो मनुष्यको कहिल्यै पनि बिरोध नगर्नु त्यस्तो मनुष्यलाई आफूले धारण गरेको शास्त्रको ज्ञानको शस्त्रलाई प्रयोग गर्नुपर्छ वेदज्ञानी ब्राह्मणको ज्ञानको वाणी नै उसको शस्त्र हो त्यही शस्त्रको प्रयोग गरेर शत्रुताको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्त्य गर्नुपर्छ ।

क्षत्रीयो बाहुवीर्येण तरेदापदं आत्मनः ।

धनेन वैश्यशुद्रौ तु जपहोमैर्द्विवजोत्तमः ॥ ११/३४ ॥

अर्थात्:- कुनै पनि सङ्कट व्यक्तिगत होस् या परिवारको होस् या समाजमा आएको होस् या राज्यमा आएको होस् यो अवस्थामा आफ्नो आफ्नो गुण, कर्म, स्वभाव र क्षमताअनुसार कर्म गरेर त्यस प्रकोप र विपत्तिकालको अन्त्य गर्नुपर्छ, गुण, कर्म, स्वभाव र क्षमताको क्षत्रीय वर्णले आफ्नो हातको बाहुबलद्वारा, गुण, कर्म, स्वभाव र क्षमताको वैश्यवर्णले आफ्नो धन सम्पत्तिद्वारा, गुण, कर्म, स्वभाव र क्षमताको शुद्रवर्णले आफ्नो जिम्मेदारीले, गुण, कर्म, स्वभाव र क्षमताको ब्राह्मणवर्णले जप तथा हवन यज्ञद्वारा आपत्तिकाललाई (विपत्तिको अवस्था) अन्त्य गर्नुपर्छ तर सबैले सधैँ संयमित रहेर कार्य गरेर आफूमा, समाजमा र राज्यमा आएको सङ्कटकालको अन्त्य गर्नु पर्छ ।

विधाता शासिता वक्ता मैत्रो ब्राह्मण उच्यते ।

तस्मै नाकुशलं ब्रूयान्न शुष्कां गिरं ईरयेत् ॥ ११/३५ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताअनुसार जो मनुष्यले ब्राह्मणवर्णलाई धारण गरेर शास्त्रोक्त अनुसार कर्मगर्ने गरेको छ त्यस्तो ब्राह्मणले कसैलाई पनि कटुवचन बोल्नु हुँदैन । पुत्र, शिष्य, कसैले पनि आफूलाई अपशब्द बोलेमा गलत आरोप लगाएपनि त्यसको लागिपनि मधुर वचन बोल्नुपर्छ । यदि कसैले शुष्क (कठिक, कटु) र हृदयलाई नै दुःख पुग्ने कुरा गरे पनि आफूले मधुर वचनद्वारा नै सत्यताको ज्ञानदिने गर्नुपर्छ र गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मणवर्णलाई धारण गरेको मनुष्यले कहिल्यै पनि कटुवचनलाई दिमागमा पनि र उत्पन्न हुन् दिनुहुँदैन । ब्रह्मण सबैको अन्य वर्णको मित्र हुनाले मित्रसँग कहिल्यै कटुवचन बोल्नुहुँदैन ।

न वै कन्या न युवतिर्नाल्पविद्यो न बालिशः ।

होता स्यादग्निहोत्रस्य नार्तो नासंस्कृतस्तथा ॥ ११/३६ ॥

अर्थात्:- कन्या, रजस्वला भएकी स्त्री, अल्पविद्या युवती, मूर्ख आचारण भएको मनुष्य, मानसिक र शारीरिक रोगी, यज्ञोपवित नभएको, गरिष्ठ भोजन गर्ने मनुष्यले विहान अर्थात् प्रातः र बेलुकी अर्थता सायं समयमा गरिने अग्निहोत्र गर्नुहुँदैन ।

नरके हि पतन्त्येते जुह्वन्तः स च यस्य तत् ।

तस्माद्वैतानकुशलो होता स्याद्वेदपारगः ॥ ११/३७ ॥

अर्थात्:- कन्या, रजस्वला भएकी स्त्री, अल्पविद्या भएको युवा तथा युवती, मूर्ख आचारण भएको मनुष्य, मानसिक र शारीरिक रोगी, यज्ञोपवित नभएको मनुष्य, गरिष्ठ भोजन गर्ने मनुष्य आदिले विहान बेलुकी अग्निहोत्र गर्नुहुँदैन यी सबैले विहीन बेलुकीको अग्निहोत्र गरेमा अग्निहोत्र विधानलाई पुरागर्नको लागि सक्षम हुँदैन ।

(समयको कलमः- विधान, नियम र ज्ञानलाई नै धारण नगरी अग्निहोत्र गरेको खण्डमा आफ्नो गुण, कर्म, स्वभाव र क्षमताको प्रणाली मै असर पर्छ किनकि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यीमाथि भनिएका माध्यमा सबैमा केवल एकमा यज्ञलाई पूर्ण गर्ने क्षमता, नियम, र विधानको ज्ञान भए पनि यज्ञगर्न सक्दैन त्यो हो रजस्वला भएको स्त्री, रजस्वला भएको स्त्रीले यज्ञको पुरा नियमलाई पुरा गर्नसक्छ तर रजस्वला भएको हुनाले यज्ञगर्न सक्दैन यो बाहेक कोहिपनि व्यक्ति यज्ञको विधानलाई पुरा गर्नको लागि सक्दैनन यज्ञको विधान पुरा नभएमा प्रकृति सन्तुलनको अवस्थापनि पूर्ण हुँदैन उल्टो असर प्रकृतिमा पर्छ यी सबैमा ज्ञाता भएको भए पनि रजस्वला स्त्रीले भने रजश्वलाको कारण यज्ञ गर्नुहुँदैन किनकि यज्ञमा दुई ऊर्जा उत्पन्न हुन्छ धनात्मक र ऋणात्मक, रजस्वला भएको स्त्रीमापनि दुई ऊर्जा नै उत्पन्न हुन्छ यज्ञको ऊर्जा र रजश्वलाबाट उत्पन्न ऊर्जामा असन्तुलन हुनाले नारीको शरीरमाथि नै नकरात्मक असर पर्ने हुनाले रजस्वला स्त्रीलाई यज्ञगर्नको लागि निषेध गरिएको छ भने गरिष्ठ भोजन गर्नेको त झन भोजनको कारण गुण, कर्म, स्वभाव र क्षमताको शक्ति असन्तुलन मात्र हैन शरीरको संरचनाको अवस्था नै अलग बनेको हुन्छ, जब आफ्नो शरीरको संरचना कार्यदिशा र प्रवृत्ति नै अलग बनेको हुन्छ त्यस्तो व्यक्तिले पनि यज्ञलाई सम्पन्न गर्नसक्दैन त्यसैले गरिष्ठ भोजन गरेर यज्ञगर्ने र प्रकृतिको नियम विरुद्धको कर्मगर्ने जो सुकै होस् त्यो यजमान नै किन नहोस् आफैमा नरक भागी हुन्छ। अतएव जो व्यक्ति क्षमतावन वेदपारङ्गत र अग्निहोत्र कर्मको ज्ञाता हो त्यही व्यक्तिले नै अग्निहोत्र गर्नुपर्छ।

प्रजापत्यं अदत्त्वाश्वं अग्न्याधेयस्य दक्षिणाम्।
अनाहिताग्निर्भवति ब्राह्मणो विभवे सति ॥ ११/३८ ॥

अर्थात्:-कोहिपनि मनुष्य शक्तिले सम्पन्न भएर पनि अग्निहोत्र प्रजापति यज्ञ अर्थात् प्रजा तथा प्रकृति संरक्षकको लागि कुनै पनि कार्य गर्दैन भने अग्निहोत्र होस् या प्रजापति यज्ञ होस् ती सबै यज्ञको नाम लिएर गर्यो तर यज्ञको विधानको नियमलाई पूरा नगरी यज्ञको कार्य गरेको खण्डमा त्यस यज्ञको फल न त यज्ञ गर्नेलाई मिल्छ न त प्रकृति सन्तुलनको विधान नै पूरा हुन्छ, वैभव सम्पन्न भएर अग्निहोत्रको विधानको नियमलाई पूरा नगरेको खण्डमा त्यस अग्निहोत्रको फल कसैलाईपनि मिल्दैन।

पुण्यान्यन्यानि कुर्वीत श्रद्दधानो जितेन्द्रियः।
न त्वल्पदक्षिणैर्यज्ञैर्यजेतेह कथं चन ॥ ११/३९ ॥

अर्थात्:- मनुष्यले कुनै पनि कार्यगर्दा नियम, विधान र त्यसको नतीजाको बारेमा जितेन्द्रिय भएर श्रद्धासहित त्यस कार्यलाई पूर्ण गर्नुपर्छ जुन कर्म प्रकृतिलाई कुनै असर नपर्ने तर प्रकृतीलाई सहयोग गर्ने किसीमले गरेको हुनुपर्छ प्रकृतिक विधान विरुद्ध कुनै पनि कार्य गर्नुहुँदैन र कुनै पनि कर्मलाई गर्नुभन्दा पहिले त्यस यज्ञको बारेमा नियम, विधान तरिका र नतिजालाई सिद्धान्तता बुझेर गर्नुपर्छ, अल्पज्ञान र दक्षिणाको लालच लिएर कहिल्यै पनि यज्ञ गर्नुहुँदैन।

इन्द्रियाणि यशः स्वर्ग आयुः कीर्ति प्रजाः पशून्।
हन्त्यल्पदक्षिणो यज्ञस्तस्मान्नाल्पधनो यजेत् ॥ ११/४० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- कुनै पनि कर्म या यज्ञलाई गर्नुभन्दा पहिले त्यस यज्ञको विधानको नियमको बारेमा, विधानको तरिका र त्यसको नतिजालाई सिद्धान्तता बुझेर कार्य गर्नुपर्छ, अल्पज्ञान र दक्षिणाको लालच लिएर, नजानी नियम विरुद्धमा रहेर कहिल्यै पनि यज्ञ गर्नुहुँदैन । दक्षिणाको लालचमा या कुनै पनि लालच लिएर नियमविरुद्ध गरिएको यज्ञले यज्ञको विधानलाई, इन्द्रियको क्रियाशीलतालाई, आफ्नो यशलाई, आफ्नो स्वर्ग अर्थात् सुखलाई, आफ्नो आयुलाई, आफ्नो कीर्तिलाई, आफ्नो सन्तान तथा सन्ततिलाई र प्रकृतिको विधानलाई पनि प्रभाव पार्छस मनुष्यको सानो भुलको कारण प्रकृतिको पुरा प्रणालीलाई नै असर गर्छ त्यसैले अज्ञानी अवस्थामा र थोरै दक्षिणाको लालचमा विधान र नियम विरुद्धको कार्य कहिल्यै पनि गर्नुहुँदैन ।

अग्निहोत्र्यपविध्याग्नीन्ब्राह्मणः कामकारतः ।
चान्द्रायणं चरेन्मासं वीरहत्यासमं हि तत् ॥ ११/४१ ॥

अर्थात्:- अन्नरहित राष्ट्र भएमा, मन्त्ररहित ऋत्विज भएमा, विधानरहित यज्ञ एवं कर्म र कर्मको नतिजा नै प्राप्त नहुने कर्म यी सबै कर्मले मनुष्यको विधान विरुद्ध गरिएको यज्ञले मनुष्यको आफ्नो संरचनालाई नै नष्ट गर्छ त्यसकारण यज्ञ परमशत्रु पनि हो ।

ये शुद्रादधिगम्यार्थं अग्निहोत्रं उपासते ।
ऋत्विजस्ते हि शुद्राणां ब्रह्मवादिषु गर्हिताः ॥ ११/४२ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्णलाई धारण गरेको अग्निहोत्री ब्राह्मणले स्वेच्छापूर्वक सायं अर्थात् बेलुकीमा प्रातः अर्थात् बिहानमा अग्निहोत्र नगरेको खण्डमा पुत्रहत्या बरावरको पाप लाग्छ किनकि अग्निहोत्र मनुष्य जीवनको एक मुख्य भाग हो जुन भाग गुण, कर्म, स्वभाव र क्षमता र ब्राह्मणवर्णले धारण गरेको हुन्छ त्यसको लागि, यदि गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मण वर्णलाई धारण गरेको जानेर या स्वेच्छापूर्वक छोडेको भएमा त्यो आफ्नो ब्राह्मण वर्णबाट च्यूत हुन्छ र अतिशुद्र अर्थात् क्षुद्र अवस्थालाई प्राप्त गरेको हुन्छ ।

तेषां सततं अज्ञानां वृषलाग्न्युपसेविनाम् ।
पदा मस्तकं आक्रम्य दाता दुर्गाणि संतरेत् ॥ ११/४३ ॥

अर्थात्:- मनुष्यले समाजको सेवा मार्फत नै आफूले आफैलाई नै मुक्त हुने अवसरको निर्माण गर्न सक्छन् । जो ज्ञानी छन् त्यसको ज्ञानलाई ग्रहण गरेर त्यही ज्ञानको विधानद्वारा ईश्वरको भक्ति उपासनाद्वारा मुक्त हुने बाटोलाई प्राप्त गर्छन त्यस्तै द्विजले शास्त्रको नियमअनुसार आफ्नो कर्म गरेर जन्म मरणको चक्रबाट मुक्त हुनको लागि कर्म छन् भने समाजसेवी तथा सारथी शुद्रवर्ण ले सबैलाई समान सहृदयताको साथमा सारथी र सहयोगी बनेर सबै मनुष्यलाई सहयोग गरेको कारण आफ्नो कर्मको विधानद्वारा नै जन्म मरणको चक्रलाई आफैले नै पार गरेको हुन्छ ।

अकुर्वन्विहितं कर्म निन्दितं च समाचरन् ।
प्रसक्तश्चेन्द्रियार्थेषु प्रायश्चित्तीयते नरः ॥ ११/४४ ॥

अर्थात्:- नीतिशास्त्रअनुसार, नियमअनुसार, विधानअनुसार कुनै पनि कर्म नगर्नाले,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निन्दित कर्म गर्नेले, इन्द्रियमा आशक्ति भएमा मनुष्य प्रायश्चित गर्नयोग्य र वर्णच्यूत नै हुन्छ त्यो परिस्थिति तथा अवस्थालाई हेरेर ।

(समयको कलमः- शास्त्रमा विहित गरिएको कर्म जस्तैः- यज्ञोपवित संस्कार, वेदाभ्यास, संध्योपासन, यज्ञ आदिलाई नगरेको खण्डमा, शास्त्रमा निन्दित गरिएको कर्म जस्तै अनाबश्यक धनसङ्ग्रह, मद्यपान, जीवहिंसा, परस्त्री गमन आदि निन्दित कार्य गरेमा र इन्द्रिय(विषयमा अत्यन्त आसक्त भएमा काम, क्रोध, लोभ, मोहमा आसक्त भएमा मनुष्य प्रायश्चितको योग्य हुन्छ यदि शास्त्रले निषेध गरेको कार्य सम्पन्न गरेको भएमा त्यो वर्णच्यूत नै हुन्छ)

अकामतः कृते पापे प्रायश्चित्तं विदुर्बुधाः ।
कामकारकृतेऽप्याहुरेके श्रुतिनिदर्शनात् ॥ ११/४५ ॥

अर्थात्:- 'कामकार कृत' तर इच्छा बिना नै भएको शास्त्र विरुद्ध अन्जानमा भएको पाप कर्म, 'अकामतः कृत' तर जानेर गरेको पापकर्ममा 'कामकार कृत' पापको प्रयाश्चित गर्ने विधान छन् तर 'अकामतः कृत' तर जानेर नै गरेको पाप कर्मको फल त भोग्नु नै पर्छ प्रायश्चितको कुनै विधान छैन ।

(समयको कलमः- 'कामकार कृत' तर इच्छा विपरीत भएको पाप कर्मको लागि प्रयाश्चित हुनुपर्छ किनकि त्यो अन्जानमा हुन्छ त्यसको लागि यजुर्वेदको ३९/१२ मा प्रायश्चितको बारेमा भनिएको छ

'निष्कृत्यै स्वाहा प्रायश्चित्यै स्वाहा भेषजाय स्वाहा'

अर्थात्:- 'कामकार कृत' पाप कर्मको निवारणको लागि (स्वाहा) सत्यक्रिया, पापनिवारणको लागि सत्यक्रिया र (भेषजाय) सुखको लागि सत्यक्रियालाई नै सधैं धारण गर्नुपर्छ)

अकामतः कृतं पापं वेदाभ्यासेन शुध्यति ।
कामतस्तु कृतं मोहात्प्रायश्चित्तैः पृथग्विधैः ॥ ११/४६ ॥

अर्थात्:- 'कामकार कृत' तर अनिच्छापूर्वक भएको पाप वेदाभ्यास गर्नाले शरीर शुद्ध हुन्छ निरन्तर वेद अभ्यास गर्नेले आफूबाट भएको पापको संस्कार नष्ट भएर अन्तर्मन पवित्र हुन्छ । 'अकामतः कृत' तर आसक्तिमा रहेर इच्छापूर्वक गरिएको पाप अनेक प्रकारको प्रायश्चित गरेर त्यस 'अकामतः कृत' जानेर गरेको पापको फल भोगे पश्चात् पापबाट अन्तर्मन अर्थात् हृदय शुद्ध हुन्छ ।

(समयको कलमः- कहिलेकाहीँ कामगर्दा इच्छा नहुँदा नहुँदै पनि पापकर्म भएको हुन्छ त्यस्तो बिना इच्छाले भएको पापकर्मको पापलाई मेटाउनको लागि निरन्तर वेद अध्ययनको अभ्यास गर्नुपर्छ निरन्तर वेदको अध्ययन अभ्यास नै त्यस पापकर्मको कर्मफल हो यसरी अनिच्छापूर्वक भएको पाप वेदाभ्यासले छुट्छ परन्तु जो पापकर्म जानेर इच्छाले मोहवश या कामासक्त भएर गरिएको पापकर्मलाई भने अनेक अलग अलग प्रायश्चित गरेर आफूले गरेको पापको कर्मफललाई भोग्नु नै पर्छ) ।

प्रायो नाम तपः प्रोक्तम चित्तं निश्चय उच्यते ।
तपो निश्चयसंयुक्तं प्रयाश्चित्तामिति समृतम । ११/४७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- 'प्रायः'भनेर तपलाई भनिन्छ र 'चित्त' लाई 'निश्चय' भनेर भनिन्छ। 'तप' र 'निश्चय' यी दुवै संयुक्त हुनुलाई नै 'प्रायश्चित' भनिन्छ यदि अकस्मात् या कुनै पहिले गरिएको पापको कारण द्विजलाई प्रायश्चित गर्ने भावना अन्तर्मनमा आएको खण्डमा जबसम्म त्यस पापको प्रायश्चित पूर्ण हुँदैन तबसम्म कुनै पनि सत्पुरुषको साथ संसर्ग गर्नुहुँदैन।

इह दुश्चरितैः के चित्के चित्पूर्वकृतैस्तथा।
प्राप्नुवन्ति दुरात्मानो नरा रुपविपर्ययम् ॥ ११/४८ ॥

अर्थात्:- 'प्रायः' भन्नुको अर्थ 'तप' गर्नु भन्नेहुन्छ भने 'चित्'को अर्थ निश्चय गर्नुभन्ने हुन्छ चित्तलाई नै निश्चयात्मक बनाउने नियमलाई प्रायश्चित भनिन्छकोहि पाप यस जन्मकोकोहि पाप पूर्वजन्मको पापबाट निश्चयात्मक मुक्त हुनको लागि गरिने कर्मलाई प्रयाश्चित भनिन्छ।कोहि मनुष्य पूर्व जन्मको पाप रकोहि मनुष्य यस जन्मको पापबाट नै शरीर तथा आचारणको कुरुपतालाई प्राप्त गरेको हुन्छ त्यस कुरुपता बाट मुक्तहुन गरिने कर्मलाई प्रायश्चित भनिन्छ।

सुवर्णचौरः कौनख्यं सुरापः श्यावदन्तताम्।
ब्रह्महा क्षयरोगित्वं दौश्चर्म्य गुरुतल्पगः ॥ ११/४९ ॥

अर्थात्:- पापकर्मको कर्मफल के के हुन्छ त्यस बारेमा सुन्नुहोस्

१) सुवर्ण चोर
२) मद्यपान
३) ब्रह्महत्यारा
४) गुरुपत्नीगमन गर्ने

यि पापकर्म पूर्ण निषेधित पापकर्म हुन् प्रायश्चित गर्नेले पनि पूर्ण नहुने हुन्छ प्रायश्चितपछि पनि यी पापकर्मले शरीरमा निम्न विकृतीलाई उत्पन्न हुन्छ चाहे त्यो गरिएको कर्मज्ञात होस् या अज्ञात होस्।

१) नङ्गमा विकृति अर्थात् कुनरखो
२) दाँत तथा अनुहारमा विकृति
३) शरीरमा नै विकृति र कुष्ट रोग उत्पन्न हुन्छ
४) छाला विकृत हुन्छ

पिशुनः पौतिनासिक्यं सूचकः पूतिवक्त्रताम्।
धान्यचौरोऽङ्गहीनत्वं आतिरैक्यं तु मिश्रकः ॥ ११/५० ॥

अर्थात्:- पापकर्मको कर्मफल के के हुन्छ।

१) पिशुन अर्थात् कुरा लगाउने
२) सूचक इंगित कर्मज्ञाता अर्थात् झुटो गुणगाण गर्ने
३) अरुको धानलाई चोरी गर्नेले
४) मिश्रक, (मिलावट गर्ने)

यी सबै पाप काम पूर्ण निषेधित पापकर्म हुन् प्रायश्चित गर्नेले पनि पूर्ण नहुने पापकर्म हुन् प्रायश्चित पछि पनि यी पापकर्मले शरीरमा निम्न विकृतीलाई उत्पन्न हुन्छ। चाहे त्यो गरिएको कर्म ज्ञात होस् या अज्ञात होस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१) नासिका (नाक) दुर्गन्धी
२) मुखमा दुर्गन्ध
३) शरीरमा कुनै अङ्गहीन
४) शरीरको कुनै अङ्गमा अन्य कुनैअङ्ग उत्पन्न हुनु

अन्नहर्तामयावित्वं मौक्यं वागपहारकः ।
वस्त्रापहारकः श्वैर्त्यं पङ्गुतां अश्वहारकः ॥ ११/५१ ॥

अर्थात्:- पापकर्मको कर्मफल के के हुन्छ

१) अन्न चोर
२) पापले पुण्यलाई जितेको देखेर पनि चुप रहने
३) वस्त्र चोर
४) अश्वचोर यी सबै क्रम अनुसार
१) आम रोगी, मदाग्नि अर्थात् पेटको बिरामी
२) लाटो रोगी
३) श्वेत कुष्ठी, (सेतोकोर अर्थात् दुबे)
४) लङ्गडो हुन्छ

दीपहर्ता भावेदन्धः काणो निर्वापको भवेत ।
हिंसया व्यधिभूयस्त्वमरोगीत्वमहिंसया ॥)

अर्थात्:- बत्तीलाई चोरीगर्ने अन्धा, यज्ञको दीप निभाउने गर्ने बहिरो, प्राणी हिंसा गर्नेले रोगी एवं अहिंस मन वचन तथा कर्मले त्यस्तो मनुष्य निरोगी हुन्छ

एवं कर्मविशेषेण जायन्ते सद्विगर्हिताः ।
जडमूकान्धबधिरा विकृताकृतयस्तथा ॥ ११/५२ ॥

अर्थात्:- उपरोक्त विधिले कुकर्मद्वारा विगार्हित दशालाई अर्थात् शरीरको विकृत अवस्थालाई प्राप्त गरेको हुन्छ यदि शास्त्रले निषेध गरेको र मनुष्यलाई नै विकृतगर्ने कर्म गरेको खण्डमा प्रत्यक्ष घृणा योग्य दृश्यलाई समेत प्राप्त गरेको हुन्छ जस्तै आचरण मूर्ख, मूक, अन्धो, बहिरो र विकृत (कुरुप) रुप तथा अवस्थालाई प्राप्त गरेको हुन्छ यो मनुष्य समाजमा प्रत्यक्ष दृश्यवान रहेका छन् ।

चरितव्यं अतो नित्यं प्रायश्चित्तं विशुद्धये ।
निन्द्यैर्हि लक्षणैर्युक्ता जायन्तेऽनिष्कृतैनसः ॥ ११/५३ ॥

अर्थात्:-त्यसैले मनुष्यले संस्कारको शुद्धिको लागि सधैं अन्जानमा या ज्ञात अवस्थामा कुनै पनि पापकर्म गरेको ज्ञात तथा अनुभव भएमा त्यसको लागि प्रायश्चित गर्नुपर्छ, किनकि गरिएको पापकर्मको शुद्धि नै नगरी यदि मृत्यु भएमा बिभिन्न निन्दनीय बिरामीलाई लिएर आफ्नो पाप कर्मको कर्मफललाई भोग गर्नको लागि कर्म अनुसारले नयाँ अवस्थालाई प्राप्त हुन्छ त्यसैले शास्त्रले निषेध गरेको कुनै पनि निन्दनीय कार्यलाई गर्नुहुँदैन ।

ब्रह्महत्या सुरापानं स्तेयं गुर्वङ्गनागमः ।
महान्ति पातकान्याहुः संसर्गश्चापि तैः सह ॥ ११/५४/

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- प्रकृति विरुद्धको कार्य अर्थात् ब्रह्महत्या, सुरापान अर्थात् मदहोश हुनु, चोरीगर्नु, माता तथा गुरु पत्नीगमन गर्नु यी चार महापाप हुन् र यी कर्मगरेको महापापीसँग कसैलेपनि संसर्ग गर्छ भने त्यो पाँचौ महापाप हो र सम्सर्ग गर्ने पाँचौ महापापी हो ।

अनृतं च समुत्कर्षे राजगामि च पैशुनम् ।
गुरोश्चालीकनिर्बन्धः समानि ब्रह्महत्यया ॥ ११/५५ ॥

अर्थात्:- अयोग्य भएरपनि झुटो बोलेर योग्य भएको भनेर झुटो बोल्नु, राजासँग झुटो चुक्ली गर्नु, राजाको झुटो गुणगान गर्नु, सत्यको निन्दा गर्नु, असत्यको समर्थन गर्नु यी सबै पाप ब्रह्महत्या समानका महापाप हुन् ।

ब्रह्मोज्झता वेदनिन्दा कौटसाक्ष्यं सुहृद्वधः ।
गर्हितानाद्ययोर्जग्धिः सुरापानसमानि षट् ॥ ११/५६ ॥

अर्थात्:- अध्ययन गरि सकिएको वेदज्ञानलाई फेरि नपढेर ज्ञान भुल्नु र ज्ञानको अर्थात् वेदको निन्दा गर्नु, जानी जानी असत्यको लागि साक्षी हुनु, सुदृढ़ मित्रको हत्या गर्नु, अखाद्य वस्तु खानु यी सबै पापकर्म सुरापान अर्थात् मदहोश समान महापाप हुन् ।

निक्षेपस्यापहरणं नराश्वरजतस्य च ।
भूमिवज्रमणीनां च रुक्मस्तेयसमं स्मृतम् ॥ ११/५७ ॥

अर्थात्:- निक्षेप (धरोहर, थाती) लुकाउनु , बालक चोरी गर्नु, घोड़ा, चाँदी, भूमि, हीरा, मणि यी सबै चोरी तथा पाप कर्मगर्नु सुन चोरी बराबर महापाप हुन् ।

रेतःसेकः स्वयोनीषु कुमारीष्वन्त्यजासु च ।
सख्युः पुत्रस्य च स्त्रीषु गुरुतल्पसमं विदुः ॥ ११/५८ ॥

अर्थात्:- आफ्नो दिदी बहिनी, अविवाहित कुँमारी कन्या, अन्त्यज (चाण्डाल) आचारण तथा प्रकृति भएको स्त्री, मित्रपत्नी, पुत्रको पत्नी अर्थात् बुहारी आदिसँग रतिक्रिया (भोग, रमण) गर्नु, गुरुपत्नी वा मातासँगै रति गरेको महापाप बराबरको पाप हुन् ।

गोवधोऽयाज्यसंयाज्यं पारदार्यात्मविक्रयः ।
गुरुमातृपितृत्यागः स्वाध्यायाग्न्योः सुतस्य च ॥ ११/५९ ॥

अर्थात्:- पशुहत्या तथा गाईको हत्या गर्नु, ज्ञानी भएरपनि अयोग्य यज्ञ गराउनु, परस्त्रीलाई लोभ दिएर रति या बलात्कार गर्नु, आफन्त सन्तानलाई बेच्नु, गुरु, माता, पिता, स्वाध्याय, (वेदपाठ) अग्निहोत्र तथा आफ्नो पुत्रलाई नै त्याग गर्नु यी प्रत्येक पापकर्मलाई उपपातक पापकर्म भनिन्छ ।

परिवित्तितानुजेऽनूढे परिवेदनं एव च ।
तयोर्दानं च कन्यायास्तयोरेव च याजनम् ॥ ११/६० ॥

अर्थात्:- दाइ अविवाह भएको तर भाइको विवाहको लागि कन्या दिनु र विवाहित भाइको अविवाहित दाइको विवाहमा कन्यादानको लागि यज्ञ गराउनु यी प्रत्येक पाप कर्मलाई उपपातक पाप भनिन्छ ।

कन्याया दूषणं चैव वार्धुष्यं व्रतलोपनम् ।
तडागारामदाराणां अपत्यस्य च विक्रयः ॥ ११/६१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- कन्यालाई दूषित गर्ने, असन्तुलन व्याज लिएर त्यही व्याजबाट आफ्नो जीवन निर्वाह गर्ने, ब्रह्मचर्याश्रममा व्यभिचार गर्नु, तलाउ, इनार, कुँवा, बगैचा अर्थात् आराम गर्ने ठाउँ (बाग), आफ्नो पत्नी र पुत्रलाई विक्रि गर्नु यी प्रत्येक पाप कर्मलाई उपपापकर्म भनिन्छ ।

व्रात्यता बान्धवत्यागो भृत्याध्यापनं एव च ।
भृत्या चाध्ययनादानं अपण्यानां च विक्रयः ॥ ११/६२ ॥

अर्थात्:- समयमा नै यज्ञोपवित संस्कार नहुनु, संस्कारच्यूत हुनु, मान्यजन, आदि गुरुको आदर, सत्कार, सेवा, शुश्रुषा नगर्नु, शुल्क लिएर पढ़ाउनु, शुल्क दिएर पढ्नु, तील आदि जो बेचने आयोग्य छ त्यस तेलहनको वस्तुलाई वेच्नु यी प्रत्येक पाप कर्मलाई उपपातक पापकर्म भनिन्छ ।

(समयको कलमः- यस श्लोक अर्थात् ११/६२ मा समयमा नै जनै अर्थात् यज्ञपवित नभएको खण्डमा त्यसलाई पनि पाप मानिएको छ किनकि जबसम्म पिताले आफ्नो सन्तानको यज्ञपवित गर्दैनन तबसम्म वेद पढ्न आरम्भ हुनसक्दैन यज्ञपवित विना वेदपढ्न र पढाउन पनि उचित छैन र जबसम्म मनुष्यले वेद पढ्दैन तबसम्म मनुष्यले सत्यज्ञानलाई प्राप्त गर्दैनन जबसम्म मनुष्यले सत्य ज्ञानलाई प्राप्त गर्दैन तबसम्म सधैँ दुःखी नै रहन्छ जुन विधानमा मनुष्यलाई दुःख प्राप्त हुन्छ त्यो पाप नै हो) ।

सर्वाकारेष्वधीकारो महायन्त्रप्रवर्तनम् ।
हिंसौषधीनां स्त्र्याजीवोऽभिचारो मूलकर्म च ॥ ११/६३ ॥

अर्थात्:- सुन, चाँदी आदि धातुको खानीमा अधिकार जमाउनु र विनाशकारी महायन्त्र तथा औजारको निर्माण गर्न, औषधीको वीज नै नष्ट गर्नु, आफ्नो स्त्रीबाट नै व्यभिचार गराएर धनप्राप्त गरेर निर्वाह गर्नु, अभिचार कर्मगर्नु अर्थात् औषधी आदिको प्रयोग गरेर आकर्षित गर्नु र कसैको हत्या गर्नु या हत्यकोकोसिस गर्नु यी प्रत्येक पाप कर्मलाई उपपातक पापकर्म भनिन्छ ।

इन्धनार्थ अशुष्काणां द्रुमाणां अवपातनम् ।
आत्मार्थ च क्रियारम्भो निन्दितान्नादनं तथा ॥ ११/६४ ॥

अर्थात्:- इन्धनाको लागि भनेर फुलेको, फलेको तथा हरियो वृक्षलाई काट्नु, अतिथि, मातापिताको अतिरिक्त केवल आफ्नो लागि मात्र गोप्य रुपमा भोजन तैयार गरेर भोजन गर्नु, अखाद्य तथा निषेध गरिएको अर्थात् बीर्जत वस्तुको भक्षणको कार्य गर्नु यी प्रत्येक पापकर्मलाई उपपातक पापकर्म भनिन्छ ।

अनाहिताग्निता स्तेयं ऋणानां अनपक्रिया ।
असच्छास्त्राधिगमनं कौशीलव्यस्य च क्रिया ॥ ११/६५ ॥

अर्थात्:- क्षमता, सामर्थ्य र अधिकार भएरपनि बिहान बेलुकीको अग्निहोत्रलाई परित्याग गर्नु, अन्यको सुन चाँदी आदि धातुलाई चोरी गर्नु, वेद अन्य नीतिशास्त्र र धर्मशास्त्र विरुद्धको कर्मगर्नु र काल्पनिक कथा र सत्यको विरुद्धको किताब या शास्त्र छन् ती सबैलाई पढ्नु र पढाउनु, गाउनु, बजाउनु, तीन ऋण अर्थात् देवऋण, पितृऋण, ऋषिऋणको बारेमा ध्यान नै नराख्नु मदहोश हुनु यी प्रत्येक पापकर्मलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपपातक पापकर्म भनिन्छ ।

धान्यकुप्यपशुस्तेयं मद्यपस्त्रीनिषेवणम् ।
स्त्रीशुद्रविट्क्षत्रवधो नास्तिक्यं चोपपातकम् ॥ ११/६६ ॥

अर्थात्:- धातुमा फलाम, तामा आदि, धान्यमा सम्पूर्ण अन्न आदि, पशुको चोरीगर्नु, परस्त्री संभोग गर्नु, रक्षामा आफ्नो पराई हेर्नु, व्यापारमा छलकपट गर्नु, ज्ञान लुकाउने ब्राह्मण, मद्यपान गर्नु, नास्तिकता अर्थात् ईश्वरकृति ज्ञान वेदज्ञानलाई, कर्म र कर्मफललाई झुटो मान्नु र झुटो बोल्नु यी प्रत्येक पापकर्मलाई उपपातक पापकर्म भनिन्छ ।

ब्राह्मणस्य रुजः कृत्वा घ्रातिरघ्रेयमद्ययोः ।
जैह्म्यं च मैथुनं पुंसि जातिभ्रंशकरं स्मृतम् ॥ ११/६७ ॥

अर्थात्:- विनाकरण वेदज्ञानी विद्वान् अर्थात् ब्राह्मणलाई शारीरिक दण्डदिनु विकलाङ्ग बनाउनु, दुर्गन्धित वस्तु जो सुघ्न योग्यपनि छैन जस्तै मदिरा, मल र मुत्र, कुटीलता पूर्वक अर्थात् धोकेवाज तरिकाले मैथुन अर्थात् व्यभिचार कर्म, अप्राकृतिक मैथुन, समलिंगी मैथुन, आदि कार्य गर्नाले मनुष्यलाई संस्कारच्यूत र आचरण भ्रष्ट हुन्छ यी सबै उपपातक पापकर्म हुन् ।

खराश्वोष्ट्रमृगेभानां अजाविकवधस्तथा ।
संकरीकरणं ज्ञेयं मीनाहिमहिषस्य च ॥ ११/६८ ॥

अर्थात्:- खर (गधा), घोड़ा, ऊँट, हात्ति, भेडा, बाखो, आदि पशुको वध गर्नु र यसको अतिरिक्त माछा, सर्प, भैसी आदिलाई विनाकरण वधगर्ने कर्मलाई संकरीकरण भनिन्छ र यो पापकर्मगर्ने पापीलाई पशुहत्याको संकरिकरण पाप लाग्छ ।

निन्दितेभ्यो धनादानं वाणिज्यं शुद्रसेवनम् ।
अपात्रीकरणं ज्ञेयं असत्यस्य च भाषणम् ॥ ११/६९ ॥

अर्थात्:- निन्दित वा घृणित वस्तु र आचरण र संस्कारच्यूत मनुष्यबाट दान लिनु र दिनु, वाणिज्यको कार्यमा छलकपट गर्नु, शुद्रलाई सहयोग गरेर व्याज लिनु, असत्य बोल्नु, यी सबै कर्मलाई अपात्रीकरण पपकर्म भनिन्छ ।

कृमिकीटवयोहत्या मद्यानुगतभोजनम् ।
फलैधःकुसुमस्तेयं अधैर्य च मलावहम् ॥ ११/७० ॥

अर्थात्:- विनाकरण किरा, धमिरा, कामिला,पशु(पंक्षिको हिंसागर्नु, मद्य मिश्रित कृतान्न वस्तुको भोजन गर्नु, फल फूल, काँचो काठ तथा दाउरा आदि वस्तुलाई चोरी गर्नु, आफ्नो कर्ममा अधैर्य हुनु यी सबै पापकर्म हुन् यी सबै पापलाई मालिनीकरण पापकर्म भनिन्छ ।

एतान्येनांसि सर्वाणि यथोक्तानि पृथक्पृथक् ।
यैर्यैर्व्रतैरपोह्यन्ते तानि सम्यङ्निबोधत ॥ ११/७१ ॥

अर्थात्:- यीमाथि भनिएका सबै किसिमका पापकर्मको बारेमा पृथक(पृथक भनियो यी सबै पाप कुन कुन कर्म या व्रत गर्नेले पापको फल पुरा निवृत (दूर) हुन्छ त्यस बारेमा सुन्नुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्महा द्वादश समाः कुटीं कृत्वा वने वसेत् ।
भैक्षाश्यात्मविशुद्धयर्थं कृत्वा शवशिरो ध्वजम् ॥ ११/७२ ॥

अर्थात्:- यो जघन्य पाप हुनाले यो महापापको कर्मफल नभोगेसम्म पापको कर्मफल पुरा हुँदैन किनकि यो जघन्य महापाप हो, चाहे त्यो जङ्गलको कुटीमा बसोस चाहे त्यो आफ्नो खप्पर मै लेखेको होस् या भिक्षा नै मागेर खाओस कुनै पनि व्रतले यो महापापको कर्मको कर्मफल पुरा हुँदैन महापाप कर्मको कर्मफल भोग्नु नै पर्छ ।

लक्ष्यं शस्त्रभृतां वा स्याद्विदुषां इच्छयात्मनः ।
प्रास्येदात्मानं अग्नौ वा समिद्धे त्रिरवाक्शिराः ॥ ११/७३ ॥

अर्थात्:- या हतियार लिएर कुनै शिकारीलाई हतियार दिएर इच्छाले शरीरको कुनै पनि भागमा निसान लगाएर आफ्नो हत्या गराओस या दन्किरहेको अग्नि मै आफै प्रवेश गरेर आफ्नो महापापकर्मको कर्मफलको प्रायश्चित गर्नेकोसिस किन नगरोस महापापकर्मको कर्मफल प्राप्त गरेर पूरा भोग नगरेँसम्म कुनैव्रत कुनै प्रायश्चितद्वारा यो महापापको कर्मफल पुरा हुँदैन ।

यजेत वाश्वमेधेन स्वीर्जता गोसवेन वा ।
अभिजिद्विश्वीजद्भ्यां वा त्रिवृताग्निष्टुतापि वा ॥ ११/७४ ॥

अर्थात्:- अश्वमेघ यज्ञ, स्वार्जित, गौसेवा, अभिजीत, विश्वजीत अथवा तीनओटा अग्निअस्टोम यज्ञलाई पूर्ण पालन सहित गरे पनि महापापकर्मको कर्मफल पूराहुँदैन ।

जपन्वान्यतमं वेदं योजनानां शतं व्रजेत् ।
ब्रह्महत्यापनोदाय मितभुङ्नियतेन्द्रियः ॥ ११/७५ ॥

अर्थात्:- प्रकृति विरुद्धको कार्य अर्थात् ब्रह्महत्याको महापापलाई मेटाउनको लागि अल्पाहारी भएर, जितेन्द्रिय भएर पूरा वेदको ऋचालाई उच्चार गर्दै सय योजन दूरीलाई पार गरेर प्राण त्याग गरेँपनि महापाप कर्मको कर्मफलको प्रयाश्चित पूरा हुँदैन महापापकर्मको कर्मफल भोग गर्नुपर्छ नै महापाप कर्मको कर्मफलको प्रायश्चित हुँदैन केवल कर्मफको कर्मफल भोग गरेर मात्र पूरा हुन्छ ।

सर्वस्वं वेदविदुषे ब्राह्मणायोपपादयेत् ।
धनं हि जीवनायालं गृहं वा सपरिच्छदम् ॥ ११/७६ ॥

अर्थात्:- चार वेदको पूर्णज्ञाता ब्रह्मज्ञानी विद्वान् ब्राह्मणलाई आफ्नो सर्वस्व दान गरेर र आफूले आजीवन वेदज्ञानी विद्वान् ब्राह्मणको सेवा गरेर वेदज्ञानी ब्राह्मणलाई खुशी गराएपनि महापापको कर्मको कर्मफल प्रयाश्चित गर्नाले मात्र पुरा हुँदैन भोगगर्नु नै पर्छ ।

हविष्यभुग्वानुसरेत्प्रतिस्रोतः सरस्वतीम् ।
जपेद्वा नियताहारस्त्रीर्वै वेदस्य संहिताम् ॥ ११/७७ ॥

अर्थात्:- हविष्य भोजन गर्दै ज्ञानको सम्पूर्ण विधानलाई अनुशरण गर्दै सबैको कल्याणको लागि ज्ञानको धारा प्रवाहित गर्दै हिड़ेपनि जसरी नदीले सम्पूर्ण खेतीलाई पानी प्रवाहित गरेर हिँडेको हुन्छ त्यही किसिमले सबैको कल्याणको लागि कामना तथा ज्ञान प्रदानगर्दै सबैको घर घरमा पुगेर प्रायश्चित गरेर हिड़ेपनि महापाप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मको कर्मफलको प्रयाश्चित पुरा हुँदैन ।

कृतवापनो निवसेद्ग्रामान्ते गोव्रजेऽपि वा ।

आश्रमे वृक्षमूले वा गोब्राह्मणहिते रतः ॥ ११/७८ ॥

अर्थात्:- पुरा टाउकाको कपाल काटेर मूसल बनेर गाउँभन्दा बाहिर एकान्तमा गोठ या ओडार या आजीवन रुखको फेदमा बसेर जीवन गुजारा गरे पनि महापाप कर्मको कर्मफलको प्रयाश्चित पुरा हुँदैन ।

(समयको कलमः- टुप्पी नै नराखी पूरा शिरको कपाल काट्ने विधानलाई मुसल भनिन्छ यो कार्य अतिनै घृणित कार्य हो किनकि ब्रह्मरन्ध्र शरीरको अन्तिम बिन्दु हुनाले यसको जुन भाग छ त्यो स्मरण क्षमाताको पनि ढोका भएको हुनाले यो भागको कपाल अर्थात् शिखालाई काटेर शिरलाई कहिल्यै पनि मुसल बनाउनु हुँदैन किनकि ब्रह्मरन्ध्रको कपाल काट्ने गर्नेले र मनुष्यको शरीरमा धनात्मक पतन हुन्छ र ऋणात्मक ऊर्जा प्रवल हुनाले मनुष्यले सत्य असत्यको ज्ञानलाई विश्लेषण गर्न सक्दैन जसले सत्य र असत्यलाई जानेको हुँदैन त्यसलाई पशु भनिन्छ सत्यतालाई नजानेको मनुष्य नै पशुवत् बन्ने गर्छन किनकि ब्रह्मरन्ध्रद्वारा नै ज्ञान र प्रकृतिको विधानको पुलको कार्य गरेको हुन्छ र स्मरण क्षमाताको ढोकाको पनि कार्य गरेको हुनाले यदि टुप्पी अर्थात् शिखालाई काट्ने हो भने शरीरको सम्पर्क केवल प्रकृतिसँग हुन्छ चेतनाको ऊर्जासँग सम्पर्क पतन हुन्छ प्रकृति आफैमा जड़ हो । मनुष्य जड़को अधीन हुनाले ज्ञान के हो आफैलाई थाहा हुँदैन मनुष्यको जन्म आफैमा पतन गराउने कार्य हुन्छ)

ब्राह्मणार्थे गवार्थे वा सद्यः प्राणान्परित्यजेत् ।

मुच्यते ब्रह्महत्याया गोप्ता गोर्ब्राह्मणस्य च ॥ ११/७९ ॥

अर्थात्:- वेदज्ञानी विद्वान् ब्राह्मण तथा प्रकृति सन्तुलनको कर्म, माता, पिताको आदर, वेदज्ञान अनुसार कर्म र गाईको रक्षाको लागि सधैं कर्म गरेर मनुष्यले आफूलाई महापापबाट सुरक्षित राख्नुपर्छ किनकि जसले महापापको कर्म गरेको हुन्छ त्यसको प्रायश्चितको विधान जवित अवस्थामा छैन मृत्यु र मृत्युपछिको अवस्था पनि अतिनै घातक अवस्था नै उत्पन्न हुन्छ ।

त्रिवारं प्रतिरोद्धा वा सर्वस्वं अबीजत्य वा ।

विप्रस्य तन्निमित्ते वा प्राणालाभे विमुच्यते ॥ ११/८० ॥

अर्थात्:- एक पटक ब्रह्महत्याको कर्म गरेको अर्थात् प्रकृति विरुद्धको कर्म गरेको व्यक्तिले यदि आफ्नो सर्वस्व धन सम्पत्ति यहाँसम्म कि आफ्नो प्राण लगाएर तीन पटकसम्म आफूले गरेको ब्रह्महत्याको पापलाई मेटाउनको लागिकोसिस गरेर प्रकृति सन्तुलनको कर्म पूर्णरुपमा नियम सङ्गत रहेरकोसिस गरेमा केही सुधार हुन्छ तरपनि आफ्नो कर्मको कर्मफल त प्राप्त गरेर नै भोग गर्नुपर्छ ।

एवं दृढव्रतो नित्यं ब्रह्मचारी समाहितः ।

समाप्ते द्वादशे वर्षे ब्रह्महत्यां व्यपोहति ॥ ११/८१ ॥

अर्थात्:-माथि भनिएको ब्रह्महत्याको महापाप जानेर गरेको खण्डमा माफ हुँदैहुँदैन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्महत्याको कर्मफल जस्ले गर्यो त्यसैले भोग्नुपर्छ नै तर अन्जानमा भवितव्यमा भएको ब्रह्महत्याको पापकर्म भएको खण्डमा भने शास्त्रको नियमअनुसार रीतिपूर्वक सदैव अग्निहोत्र तथा व्रतगर्ने, निडर र निर्भीकतापूर्वक नियमलाई पालन गरेर ब्रह्मचर्यव्रतको नियमलाई पालन गरेर अश्वमेध यज्ञ गरेर बाह्रवर्षसम्म पूर्ण रुपले नियमलाई पालन गरेर राजाको अघि गएर प्रायश्चित गर्नाले अन्जानमा भएको ब्रह्महत्याको पाप भने केही मात्रामा पतन हुन्छ तर....

शिष्ट्वा वा भूमिदेवानां नरदेवसमागमे ।
स्वं एनोऽवभृथस्नातो हयमेधे विमुच्यते ॥ ११/८२ ॥

अर्थात्:- प्रकृति विरुद्धको कार्य अर्थात् ब्रह्महत्याको कार्य जानेर गरेको खण्डमा ब्रह्महत्याको कर्म गरेको कुनै पनि व्यक्तिले मृत्युपर्यन्त निरन्तर अश्वमेघ यज्ञ गरेर या जीवनपर्यन्त नदीमा नै रहेर स्नान गरेर आफ्नो जीवन त्याग गरे पनि या जातिसुकै ब्रह्मज्ञानी भए पनि ब्रह्महत्याको पाप माफ हुँदैन किनकि ब्रह्महत्या प्रकृति विरुद्धको कार्य हो । ब्रह्महत्या अर्थात् प्रकृति विरुद्धको कुनै पनि कार्यको प्रायश्चित गर्ने कुनै पनि स्वकर्मको मन्त्र नै छैनन केवल ब्रह्महत्या कर्मको कर्मफल भोग गरेपछि मात्र पूरा हुन्छ यो कर्मको कर्मफलको अभिन्न अङ्ग हो ।

धर्मस्य ब्राह्मणो मूलं अग्रं राजन्य उच्यते ।
तस्मात्समागमे तेषां एनो विख्याप्य शुध्यति ॥ ११/८३ ॥

अर्थात्:- किनकि जीवात्माको धर्म ज्ञान हो, ज्ञानको रक्षा विद्या र वेदज्ञानको विद्याको अनुसार नियम पालन गर्नाले हुन्छ र जो ज्ञान जुन वस्तु हो त्यही अनुसार स्थित राख्नुलाई ज्ञान र त्यही ज्ञानलाई धारण गर्नेले त्यो धर्म हुन्छ । अतः जीवात्मालाई आफ्नो धर्मको बिन्दुमा स्थित राख्ने विधान विद्या हो र विद्याको आधार वेद हो, वेदको ज्ञानलाई धारणगर्ने हुनाले नै त्यो ब्राह्मण हो ब्राह्मणले नै सत्य, तथ्य र विधानको ज्ञान दिने हुनाले ब्राह्मण नै धर्मको मूल हो र अपराध हुनबाट रक्षागर्ने क्षत्रीयको धर्म मूलको एक मुख्य अङ्ग हो त्यसकारण राजाकोसम्मुख आफ्नो प्रायश्चित र आफ्नो पापलाई स्पष्ट वर्णन गर्नेले कयौँ पाप कर्मको कर्मफललाई शुद्ध मानिने छ ।

ब्रह्मणः संभवेनैव देवानां अपि दैवतम् ।
प्रमाणं चैव लोकस्य ब्रह्मात्रैव हि कारणम् ॥ ११/८४ ॥

अर्थात्:- जव मनुष्यले गुण, कर्म, स्वभाव र क्षमताअनुसार ब्राह्मणवर्णलाई धारण गर्छ त्यो त्यस मनुष्यको लागि नयाँ उत्पत्ति अर्थात् जन्म हो त्यस मनुष्यले नयाँ जन्मलाई प्राप्त गरेको हुन्छ तव त्यो ब्राह्मण देवताको पनि देवता हुन्छ, किनकि गुण, कर्म, स्वभाव र क्षमताको कारण नै ब्राह्मण बनेको हो र त्यसको उपदेश मान्न योग्य हुन्छ किनकि वेद नै कारण हो र उपदेश तथा ज्ञानको मूल नै वेद हो ।

तेषां वेदविदो ब्रूयुस्त्रयोऽप्येनः सुनिष्कृतिम् ।
सा तेषां पावनाय स्यात्पवित्रा विदुषां हि वाक् ॥ ११/८५ ॥

अर्थात्:- यदि अन्जानमा कुनै पापकर्म गरेमा चार वेदको पूर्णज्ञाता तीन ब्राह्मणलाई सोधेर जुन प्रायश्चितको विधिलाई निर्देशन गर्छन त्यही अनुसार प्रायश्चितको कर्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर पवित्र हुनुपर्छ किनकि वेदको ज्ञाता ब्राह्मणले नै मनुष्यलाई आफ्नो पापकर्मको कर्मफल प्रायश्चितबाट पवित्र हुने ज्ञानलाई वाणीद्वारा प्रदान गर्छन ।

अतोऽन्यतमं आस्थाय विधिं विप्रः समाहितः ।
ब्रह्महत्याकृतं पापं व्यपोहत्यात्मवत्तया ॥ ११/८६ ॥

अर्थात्:- प्रकृति विरुद्धको कार्यको प्रायश्चितको विधानमा एकमात्र विधान छ जुन विधान हो ब्रह्मलाई जान्नु यदि जस्ले ब्राह्मलाई जान्यो त्यो मात्र ब्रह्महत्याबाट सुरक्षित हुन्छ तर मुक्तहुन भने कर्मफल भोग्नु नै पर्छ त्यसैले मनुष्यले कहिल्यै पनि पापकर्म गर्नुहुँदैन । किनकि कर्मफल त सबैले भोग्नुनै पर्छ यो सृष्टिको विधान हो । किनकि कर्मफललाई माफ गर्नाले सृष्टि विधानमा नै असर पर्छ ।

हत्वा गर्भं अविज्ञातं एतदेव व्रतं चरेत् ।
राजन्यवैश्यौ चेजानावात्रेयीं एव च स्त्रीयम् ॥ ११/८७ ॥

अर्थात्:- निम्नकर्म पापकर्म हुन् जुन ब्रह्महत्या जस्तै पाप लाग्छ तर यहाँ अवस्था भने महत्वपूर्ण हुन्छ भ्रुणहत्या, गर्भपातन, क्षत्रीय, वैश्य, ब्राह्मण, रजस्वला स्त्रीको हत्या यी सबै ब्रह्महत्या जस्तै पाप हो ।

उक्त्वा चैवानृतं साक्ष्ये प्रतिरुध्य गुरुं तथा ।
अपहृत्य च निःक्षेपं कृत्वा च स्त्रीसुहृद्वधम् ॥ ११/८८ ॥

अर्थात्:- निम्न कर्म पापकर्म हुन् जुन ब्रह्महत्या जस्तै पाप लाग्छ तर यहाँ अवस्था महत्वपूर्ण हुन्छ गलतको साक्षी बन्नू, झुटो बोल्नु, गुरुमाथि मिथ्या दोषारोपण गर्नु, ब्राह्मण वा क्षत्रीयले राखेको निक्षेप आदि धरोहरलाई अपहरण गर्नु, अग्निहोत्री स्त्रीको बध गर्नु, सुहृद (मित्र)को हत्या गर्नु आदि ब्रह्महत्या जस्तै पाप हो ।

इयं विशुद्धिरुदिता प्रमाप्याकामतो द्विजम् ।
कामतो ब्राह्मणवधे निष्कृतिर्न विधीयते ॥ ११/८९ ॥

अर्थात्:-माथि भनिएको ब्रह्महत्या जस्तै मानिएको पाप कर्म हुनबाट वचनको लागि र अहिलेसम्म यदि पापकर्म भएको भएमा प्रायश्चित गर्नको लागि रीति पूर्वक सदैव अग्नि होत्रगर्ने, व्रतगर्ने, निडर र निर्भीकता पूर्वक नियमलाई पालन गरेर ब्रह्मचर्य व्रतको नियमलाई बाह्र बर्षसम्म पालन गरेर अश्वमेघ यज्ञ गरेर बाह्रवर्षसम्म पूर्ण रुपले शास्त्रले भनेको नियमलाई पालन गरेमा प्रायश्चित हुनेछ तर इच्छाले जानी जानीमाथिको पापकर्म गरेको भएमा त्यस पापकर्मको छुटकारा भने छैन ।

सुरां पीत्वा द्विजो मोहादग्निवर्णां सुरां पिबेत् ।
तया स काये निर्दग्धे मुच्यते किल्बिषात्ततः ॥ ११/९० ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता अनुसार द्विज बनेका अर्थात् ब्राह्मण वर्ण, क्षत्रीयवर्ण र वैश्यवर्णको मनुष्य आदिले मोहवस या जानेर रक्सी अर्थात् सूरा नै हो भन्ने जानेर पनि सुरापान अर्थात् रक्सी पीएको खण्डमा त्यसको पापको प्रायश्चितको लागि जति सुरा पीएको छ त्यति नै सुरालाई अग्निमा उमालेर त्यही तातो सुरालाई पुरा पियेमा मात्र सुरा पानको प्रायश्चित हुन्छ ।

(समयको कलमः- जानेर सुरापान गरेको द्विजले जति पनि सुरापान गर्यो त्यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बरावरको सुरालाई पुरा उमालेर त्यही तातो सूरापान गरेर पुरा शारीरलाई भित्रवाट जलएर मृत्युवरण गरेमा मात्र सूरापान पापको प्रयाश्चित पुरा हुन्छ यसको अर्थ भयो द्विजले सुरापान अर्थात् रक्सी पिउनु नै हुँदैन पिउनु भनेको आफूले आफूलाई नै भित्रवाट जलाउनु र आफ्नो बध गर्नुहो र भित्रवाट जलेर मृत्युलाई वरण गरेपछि मात्र सूरापानको प्रायश्चित पुरा हुन्छ । यसको अर्थ यो हो तातो सुरापान गरेर मृत्युवरण गर्नु तबमात्र द्विजले सुरापान गरेको पापकर्मको कर्मफल पुरा हुन्छ ।

गोमुत्रं अग्निवर्ण वा पिवेदुदकं एव वा ।
पयो घृतं वा मरणाद्गोशकृद्रसं एव वा ॥ ११/९१ ॥

अर्थात्:- द्विजले यदि जानेर परिक्षणको लागि सुरापान गर्यो भने गोमुत्र, गाईको दुग्ध, गाईको घिउ या गाईको गोबरलाई मिलाएर रस बनाएर पाँच माना रसलाई अग्निमा उमालेर त्यही रसलाई पिएर जबसम्म बेहोस् हुँदैन या पिएर जबसम्म प्राणको त्याग हुँदैन तबसम्म सुरापान परिक्षणको पापकर्मको कर्मफलको प्रायश्चित पुराहुँदैन । (समयको कलमः- सुरापान गर्नुनै मृत्युलाई वरणगर्नु हो त्यसभन्दा अरु कुनै प्रायश्चित छैन सुरापानको)

कणान्वा भक्षयेदब्दं पिण्याकं वा सकृन्निशि ।
सुरापानापनुत्त्यर्थ वालवासा जटी ध्वजी ॥ ११/९२ ॥

अर्थात्:- यदि गल्तीले अन्जानमा सुरापान गरेको द्विजले समाजभन्दा अलग रहेर एक्लै रुखबिरुका पातको वस्त्र बनाएर बिना श्रृंगार, खलबाट शिला लिएर त्यो शिलापनि केवल तील र धानको मात्र त्यही अन्नलाई आफ्नो भोजन बनाएर एक वर्षसम्म भोज गर्नेले र अन्तिम रात्रीमा एक गिलास गाईको दुध पिऊनाले अन्जानमा गरेको सुरापानको पापको प्रयाश्चित पुरा हुन्छ ।

सुरा वै मलं अन्नानां पाप्मा च मलं उच्यते ।
तस्माद्ब्राह्मणराजन्यौ वैश्यश्च न सुरां पिवेत् ॥ ११/९३ ॥

अर्थात्:- अन्नबाट विग्रिएर बनेको अन्नको मैलालाई सुर भनिन्छ र निर्मल अन्नबाट बनेको परन्तु दुर्गन्धियुक्त अन्नलाई पनि सुरा भनिन्छ अन्न पुरा सडेपछि मात्र सूरा बनेको हुन्छ बनेको तर सडेगलेको, कुखिएको कुनै पनि वस्तुलाई द्विजले पान गर्नुहुँदैन ।

गौडी पैष्टी च माध्वी च विज्ञेया त्रिविधा सुरा ।
यथैवैका तथा सर्वा न पातव्या द्विजोत्तमैः ॥ ११/९४ ॥

अर्थात्:- आनाज सडेर तीन किसिमको प्रकृतिलाई निर्माण गर्छ त्यही अन्न सडेर बनेको सुरा तीन किसिमको हुन्छन् ती तीन किसिमका सुराको नाम हो गौड़ी, माध्वी, पैष्टी, अर्थात् गुड़, मह व महुवाको प्रकृतिको हुन्छ यस्तो किसिमको कुनै पनि सुरालाई द्विजले पान गर्नुहुँदैन ।

यक्षरक्षःपिशाचान्नं मद्यं मांसं सुरासवम् ।
तद्ब्राह्मणेन नात्तव्यं देवानां अश्नता हविः ॥ ११/९५ ॥

अर्थात्:- पशुप्राणीको मासु भक्षण, सुरापान, तथा आसव आदि यक्ष, राक्षस र पिशाचको भक्ष्य पदार्थ हुन् अर्थात् जुन मनुष्यले यी अभक्ष्य पदार्थलाई भक्षण गर्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो नै राक्षस असुर र पिशाच आदि हो । तर द्विजको भोजन देव् भोजन हो यज्ञगर्ने अन्न तथा सात्विक भोजनलाई देव भोजन भनिन्छ द्विजको भोजन नै देव् भोजन हो जुन द्विजले देव भोजन छोडेर पिशाचको भोजनलाई भक्षण गर्छ त्यही नै असुर हो । द्विजले कहिल्यै पनि असुरी भोजनलाई छुनपनि हुँदैन ।

(समयको कलमः- भृगु ऋषिले 'म समय' लाई भन्नुभयो महर्षि मनुमहाराजले यहाँ मासु र रक्सी अर्थात् सम्पूर्ण प्राणीको मासु र सम्पूर्ण नशालु पदार्थ अर्थात् सुरालाई पिशाच अर्थात् राक्षसको लागि भक्ष्य पदार्थ भएको भन्नु भएको छ जहाँ जहाँ यो श्लोकको विरुद्धमा रहेका जतिपनि श्लोक छन् ती सबै श्लोक गलत श्लोक हुन् भन्ने बुझ्नुपर्छ र जस्ले मासु र रक्सीलाई भक्ष्य पदार्थ भनेको हुन्छ त्यही नै राक्षस तथा पिशाच भन्ने बुझ्नुपर्छ) ।

अमेध्ये वा पतेन्मत्तो वैदिकं वाप्युदाहरेत् ।
अकार्य अन्यत्कुर्याद्वा ब्राह्मणो मदमोहितः ॥ ११/९६ ॥

अर्थात्:- यदि आज्ञानमा कुनै ब्राह्मणले सुरापान गरेमा चालीस दिन निरन्तर व्रत गर्नुपर्छ यदि गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मणवर्णलाई धारण गरेको ब्राह्मणले मोहवश् या लालचमा सुरापान गरेर अपवित्रतामा भएको अवस्थामा वेदको मन्त्रलाई उच्चारण गरेमा उसको शरीरको ऊर्जा अधोगमन हुन्छ ऊर्जा अधोगमन भएमा मनुष्यले सत्य र गलतको ज्ञान नै पतन हुन्छ जब सत्य र असत्यको ज्ञान नै हुँदैन जसलाई सत्य र असत्यको ज्ञान नै हुँदैन त्यो ब्राह्मण हुनसक्दैन त्यो तुरुन्त वर्णपतित हुन्छ त्यसैले द्विजले कहिल्यै पनि सुरापान गर्नुहुँदैन ।

यस्य कायगतं ब्रह्म मद्येनाप्लाव्यते सकृत् ।
तस्य व्यपैति ब्राह्मण्यं शुद्रत्वं च स गच्छति ॥ ११/९७ ॥

अर्थात्:- यदि गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मण वर्णलाई धारण गरेको ब्राह्मणले अन्जानमा सुरापान गरेको भए पनि या जानेर सुरापान गरेर वेदको ऋचालाई उच्चारण मात्रगर्छ भने त्यस ब्राह्मणको तत्क्षण ब्राह्मणवर्ण पतन हुन्छ जब ब्राह्मणवर्ण पतन हुन्छ त्यसको ब्रह्मतेज तथा संस्कारमा दोस्रो जन्म पाएर द्विजको दोस्रो जन्म पतन हुन्छ ब्राह्मण आफ्नो वर्णच्यूत भएर पिशाच हुन्छ भने द्विजले भने सीधा क्षुद्रत्वलाई प्राप्त गर्छ ।

एषा विचित्राभिहिता सुरापानस्य निष्कृतिः ।
अत ऊर्ध्व प्रवक्ष्यामि सुवर्णस्तेयनिष्कृतिम् ॥ ११/९८ ।

अर्थात्:- यहाँसम्म द्विजले सुरापान गरेमा प्रायश्चित गर्ने विधानको बारेमा भयो सुनलाई चोरी गरेमा के गर्ने त्यसको प्रायश्चितको बारेमा अघि सुन्नुहोस् ।

सुवर्णस्तेयकृद्विप्रो राजानं अभिगम्य तु ।
स्वकर्म ख्यापयन्ब्रूयान्मां भवाननुशास्त्विति ॥ ११/९९ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्णलाई धारण गरेको ब्राह्मणलाई कारणवश कसैको सुन प्राप्त भयो मालिकले सोध्यो लालच उसमा आयो त्यो सुन लुकायो या अन्य कुनै ठाउँमा चोरी गर्यो यी दुवै अवस्थालाई चोरि भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन लुकाएको तथा चोरी गरेको लागत्तै ज्ञान भयो मैले चोरी गरे त्यसपछि प्राप्त भएको तर लुकाईएको र चोरी गरेको सुनलाई लागेर गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्णको मनुष्यले त्यो सुन राजालाई दिएर भन्नुपर्छ मैले यो सुन प्राप्त गरेको थिए तर मालिकलाई झुटो बोलेर मसँग राखेको हुँ या मैले यो सुनलाई चोरी गरेको थिए अहिले मलाई लाग्छ म अपराधी हुँ म अपराधीलाई दण्ड दिनुहोस् भनेर राजासँग अग्रह गर्नुपर्छ ।

गृहीत्वा वरणं राजा सकृद्धन्यात्तु तं स्वयम् ।
वधेन शुध्यति स्तेनो ब्राह्मणस्तपसैव तु ॥ ११/१०० ॥

अर्थात्:- राजाले राजधर्मलाई धारण गरेर राजा स्वयमले मूसललाई ग्रहण गरेर प्राप्त गरेको तर लुकाएको भएमा एक पटक उसलाई पिट्नु चोरी नै गरेको भए तीन गुणा धेरै र चोरी गर्दाको अवस्था हेरेर अवस्था अनुसार वध गरेर त्यस चोरलाई आफ्नो कर्मको फललाई राजाले दिन सक्नेछ या चोरीको अवस्था हेरेर वध गर्नाले अथवा दण्डदिनाले चोरको आरोपबाट या चोरीकर्मको पापकर्म बाट शुद्ध हुन्छ किनकि ब्राह्मणलाई आभास भयो म गलत हुँ भन्ने त्यसैले त्यसलाई शारीरिक दण्ड दिँदा पनि छिटो शुद्ध हुन्छ ।

(समयको कलमः- प्रायश्चितले पनि शुद्ध हुन्छ तर प्रायश्चित अर्थात् तपद्वारा शुद्धहुन धेरै समय लाग्छ किनकि ज्ञान र अज्ञानको आभाष भएको ब्राह्मण शरीरको दण्डबाट छिटो शुद्ध हुन्छ । त्यसैले यस्तो गुण, कर्म, स्वाभाव र क्षमतालाई धारण गरेको ब्राह्मणलाई राजाले शारीरीक दण्ड दिएर अपराधलाई शुद्ध गर्नुभन्दा गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मणवर्णलाई धारण गरेको ब्राह्मणलाई प्रयाश्चित अर्थात् तपद्वारा नै पवित्र हुने नियममा लगाउनु अति नै उत्तम हुन्छ) ।

तपसापनुनुत्सुस्तु सुवर्णस्तेयजं मलम् ।
चीरवासा द्विजोऽरण्ये चरेद्ब्रह्महणो व्रतम् ॥ ११/१०१ ॥

अर्थात्:- राजाले गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्ण लाई धारण गरेको मनुष्यलाई यदि शरीरिक दण्ड नदिएर तपद्वारा नै चोरीको अपराधलाई प्रायश्चित तथा भोगाइदण्ड दिएमा उसको शरीरको गुप्ताङ्गको कपड़ा बाहेक अन्य सबै कपड़ा खोलेर अपराध निकुञ्ज बनमा लगेर छोडिदिनु पर्छ ताकि त्यहाँ आफूले प्रयाश्चित गर्दा भोजन आफै प्रकृतिबाट उम्रिएको हुनुपर्छ कसैसँग भेट नहुने एकवर्षसम्म केवल जङ्गलमा रहने, आफै उम्रिएको र स्वपाक्य भोजन हुनुपर्छ यदि यो पुरा नगरेमा उसको प्रायश्चित पुरा हुँदैन तर चोरीगर्नु अपराध हो भन्ने बुझेको व्यक्तिले छलकपट विना यो कार्य गरेमा त्यो पूर्ण पापमुक्त हुन्छ किनकि सुन चोर्नु तथा लुकाउनुको कर्मफल नै यही हो ।

(समयको कलमः- सुनलाई चोरी गर्नु र लुकाउनुलाई यसैले पाप भनिएको हो कि सुन चोरि गरेको र प्राप्त भएको लुकाएको या अन्यको चोरीगर्ने कार्य गर्ने व्यक्तिले चोरीगर्ने प्रयास र चोरी गरेपछि संरक्षणको चिन्ताले प्रायः लोभी व्यक्तिको लोभको कारणले प्राणलिन र प्राणदिन पनि प्रयासरत रहन्छ त्यसैले यो पाप भनिएको हो)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एतैर्व्रतैरपोहेत पापं स्तेयकृतं द्विजः ।
गुरुस्त्रीगमनीयं तु व्रतैरेभिरपानुदेत् ॥ ११/१०२ ॥

अर्थात्:- ज्ञानी व्यक्तिलेमाथि भनिएका नियम, व्रत र प्रयाश्चित गरेर चोरी गरिएको पापलाई तपको माध्यमवाट चोरिको कर्मफललाई पूरागर्न सक्छ तर नियमलाई भने पूर्ण पालन गर्नुपर्छ नै, अब अघि कुनै अज्ञानी या ज्ञानीले माता, गुरुपत्नी र गुरुपत्नीसमान मानिएको अन्य नारीसँग गमन अर्थात् (रमण, रति, भोग) गरेको खण्डमा त्यो महापाप हो त्यस्तो महापापीको लागि के के प्रायश्चित गर्नुपर्छ अब त्यस बारेमा अघि सुन्नुहोस् ।

गुरुतल्प्यभिभाष्यैनस्तप्ते स्वप्यादयोमये ।
सूर्मी ज्वलन्तीं स्वाश्लिष्येन्मृत्युना स विशुध्यति ॥ ११/१०३ ॥

अर्थात्:- माता, गुरुमाता, दिदी, बहिनीलाई भोग अर्थात् गमन गर्ने क्षुद्र पापी मनुष्यले यो महापापको प्रायश्चितको लागि आगोमा जलिरहेको तातो फलामको खाटमा शिश्न तातो फलाममा पर्ने गरी घोप्टो पारेर सुतेर आफ्नो प्राण त्याग गरे मात्र यो महापाप कर्मको कर्मफलको प्रायश्चित यस जन्मको लागि मात्र पुरा हुन्छ तर यही जन्ममा गरेका अन्य कर्मको कर्मफल भोग गर्नको लागि भने बाँकी नै रहन्छ ।

स्वयं वा शिष्णवृषणावुत्कृत्याधाय चाञ्जलौ ।
नैरृतीं दिशं आतिष्ठेदा निपातादजिह्मगः ॥ ११/१०४ ॥

अथवा:- माता, गुरुपत्नी र आदरणीय नारीलाई र परस्त्री गमन गरेमा त्यस्तो व्यक्तिलाई राजाले मुत्रेन्द्रिय (शिश्न) र अण्डाकोष सहित काटेर बध गर्नुपर्छ यदि यो अपराध गरेको व्यक्तिले प्रयाश्चित आफै गर्न चाहेमा आफ्नो मुतेन्द्रीय र अण्डाकोषलाई आफैले काटेर नैऋत्य दिशा (दक्षिण पूर्वकोकोण) तर्फ चल्नूपर्छ जबसम्म मृत्यु नहोस् यही नै उसको प्रायश्चित हो ।

(समयको कलमः- यद्यपि महर्षि मनुमहाराजजीले बनाउनु भएको अपराधदण्ड विधान र प्रायश्चित विधान अत्यन्त कठिन प्रतीत हुन्छ तर यस्तो कठिन र कठोर नियम लागु नगरेमा अपराधीले अरु धेरै पापगर्ने गर्छन त्यसैले पाप निवारणको लागि यति कठोर नियम र प्रयाश्चितको विधान अतिनै उत्तम विधान हो । अपराध रोक्नको लागि यो अति नै उत्तम विधान हो ।

खट्वाङ्गी चीरवासा वा श्मश्रुलो विजने वने ।
प्रजापत्यं चरेत्कृच्छ्रं अब्दं एकं समाहितः ॥ ११/१०५ ॥

अथवा:- अन्जानमा बेहोसीमा परस्त्री गमन गरेमा जे जस्तो अवस्थामा छ त्यही अवस्था त्यही हालतमा सीधा निर्जन जङ्गलमा गएर कुनै श्रृंगार बिना नै नङ्ग कपाल पालेर निर्जन बनमा रहेर वनमा फलको फलफूल खाएर सुख दुःख सबै नियममा चिन्तारहित भएर नै निर्जन वनमा रहनु पर्छ कसैलाई भेट्ने अनुमति छैन यो नियमलाई पुरा गरेपछि एकवर्ष पर्यन्त प्रजापत्य यज्ञ गर्नुपर्छ यो प्रायश्चित परस्त्री गमन गरेको प्रायश्चित गर्ने तरिका हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- यति कठोर प्रायश्चित गर्नु अति नै कठोर विधान हो यति कठोर विधानलाई जानेर मनुष्यले कुनै पापकर्म नगरोस भनेर नै यो विधान निर्माण भएको हो त्यसैले मनुष्यले कुनै पनि पापकर्म गर्नुभन्दा पहिले सावधान हुनुपर्छ अन्यथा पापको भागी हुनुपर्छ भनेर यो विधानको निर्माण भएको । मनुष्यमा समभाव होस् कसैबाट अपराध नहोस् भनेर नै महर्षि मनुमहाराजले यती कठोर विधानको निर्माण गर्नुभएको हो)

चान्द्रायणं वा त्रीन्मासानभ्यस्येन्नियतेन्द्रियः ।
हविष्येण यवाग्वा वा गुरुतल्पापनुत्तये ॥ ११/१०६ ॥

अर्थात्:- एक बर्ष जङ्गलमा गएर कुनै श्रृङ्गार बिना नै गुप्तांग बाहेक शरीरलाई नङ्ग रहेर कपाल पालेर निर्जन बनमा रहेर बनमा उम्रिएको फलफूललाई खाएर सुख दुःख सबै नियममा चिन्तारहित भएर नै निर्जन वनमा बसेर प्रजापत्य यज्ञ गरेर परस्त्री गमनको पापलाई पुरा गरेपछि पनि फेरि जितेन्द्रिय भएर निर्जन बनमा नै बसेर आफैले खेती गरेर उत्पादन गरेको अन्न जौको मात्र परिकार मात्र खाएर तीन महिना पुरा गरेपछि फेरि चन्द्रायण व्रत पूरागरेपछि अन्जानमा गुरुपत्नीलाई भोग गरेको पापको प्रायश्चित हुनेछ ।

(समयको कलमः- कुनै व्यक्तिले अन्जानमा परस्त्री गमन गरेमा र अन्जानमा गुरुपत्नी गमन गरेमा यति कठोर सजाय मनुविधानमा रहेको छ भने यदि जानेर नै गुरुपत्नी गमन गरेमा परस्त्री गमन गरेमा मृत्युदण्ड नै यसको प्रायश्चित हो राजाले यस्तो अपराधीलाई प्राणदण्ड दिनुपर्ने हुन्छ यदि राजाले यो अपराधको दण्डको निर्णय गर्नुपरेमा तर अपराधीले आफै अपराध स्वीकार गरेर प्रायश्चित गर्न चाहेमामाथि भनेको नियमलाई पालन गर्ने व्यवस्था राजाले नै मिलाई दिनुपर्ने हुन्छ ताकि अपराधीले आफ्नो अपराधको प्रायश्चित् सजिलोसँग पूरागर्न सकोस्)

एतैर्व्रतैरपोहेयुर्महापातकिनो मलम् ।
उपपातकिनस्त्वेवं एभिर्नानाविधैर्व्रतैः ॥ ११/१०७ ॥

अर्थात्:- मनुष्यले कहिल्यै वेद विरुद्धको कार्य गर्नुहुँदैन यदि गरेमा त्यो पाप र महापाप, उपपाप भनेर जानिने छ जो पाप हो त्यो पाप नै हो त्यसैले महापापको कर्म गरेको अपराधीले अर्थात् पापीले माथि भनिएको प्रयाश्चितको विधिको नियमलाई पूर्णपालन अपनाएर महापाप नामको पापबाट वचनुपर्छ यदि यो अपराधको निर्णय राजाको हातमा आएमा राजालेमाथि भनेको तरिकाले प्राणदण्ड दिएर अपराधीको कर्मको कर्मफल दिनुपर्छ यदि राजाले पनि अपराधीलाई कुनै दण्ड नदिएमा राजा नै महापापी हुनेछ त्यस्तो राजालाई प्रजाले राजगद्दीबाट हटाएर सड़कमा घिसार्नु पर्छ जबसम्म मृत्युलाई प्राप्त गर्दैन तबमात्र त्यो राजाले आफ्नो कर्मको कर्मफललाई प्राप्त गरेको हुन्छ । अब अघि उपपापको बारेमा सुन्नु होस् ।

उपपातकसंयुक्तो गोघ्नो मासं यवान्पिबेत् ।
कृतवापो वसेद्गोष्ठे चर्मणा तेन संवृतः ॥ ११/१०८ ॥

अर्थात्:- अन्जानमा गाईको हत्या गरेमा त्यो पाप उपपाप हो जसलाई उपपातक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि भनिन्छ । यस्तो उपपातकको कर्मफल एक महिनासम्म हलोले नजोतेर उम्रिएको जौको सातु खानुपर्छ, सृंगार गर्नुहुँदैन पृथ्वीमै सुत्नुपर्छ गोशाला मै रहेर गाईको सेवा गर्नुपर्छ, कुनै पनि समयमा गाईको सेवा गर्नपर्छ गाईलाई कुनै वस्तुको कमी हुनदिनु हुँदैन यो अन्जानमा गरिएको गौहत्याको प्रायश्चित हो ।

चतुर्थकालं अश्नीयादक्षारलवणं मितम् ।
गोमुत्रेणाचरेत्स्नानं द्वौ मासौ नियतेन्द्रियः ॥ ११/१०९ ॥

अर्थात्:- अन्य उपपाप अर्थात् उपपातक प्रायश्चितको लागि एक महिनासम्म पुरा गाईको सेवा गरेर अघिल्लो एक दिन व्रत गरेर दोस्रो दिनमा एक पटक मात्र अल्प भोजन गर्नुपर्छ त्यसपछि निरन्तर दुई महिनासम्म गाईको मुत्र अर्थात् गोमुत्रले दैनिक स्नान गर्नुपर्छ ।

दिवानुगच्छेद्गास्तास्तु तिष्ठन्नूर्ध्व रजः पिवेत् ।
शुश्रूषित्वा नमस्कृत्य रात्रौ वीरासनं वसेत् ॥ ११/११० ॥

अर्थात्:- गाई हत्याको उपपापलाई प्रायश्चित गर्दा गाईलाई सेवागर्दा गाईको पछि हिड्नुपर्छ, गाई हिड्दा यदि धूलो उडायो भनेपनि लिनुपर्छ त्यो पनि प्रायश्चित हो, गाईलाई कुनै कमी नहुने हिसावले गौशालाको सम्पूर्ण गाईको दैनिक सेवा गर्नुपर्छ। भने गाईको सेवा गर्ने र उपपाप कटाउन चाहने व्यक्तिले रातको निद्रापनि वीरासन तरिकाले सुत्नु पर्छ ।

तिष्ठन्तीष्वनुतिष्ठेत्तु व्रजन्तीष्वप्यनुव्रजेत् ।
आसीनासु तथासीनो नियतो वीतमत्सरः ॥ १/१११ ॥

अर्थात्:- गाई हत्याको उपपापको प्रायश्चितको नियमलाई पालन गर्दा यदि गाई उठेको भएमा उभियर गाई बसेको भएमा बसेर मनमा कुनै इर्ष्या नलिएर सधैं समभाव भएर जितेन्द्रिय रहेर उभिनु पर्छ, गाई जुन अवस्थामा रहेको हुन्छ ठीक त्यही आचरण अनुसार कार्य गर्नुपर्छ ।

आतुरां अभिशस्तां वा चौरव्याघ्रादिभिर्भयैः ।
पतितां पङ्कलग्नं वा सर्वोपायैर्विमोचयेत् ॥ ११/११२ ॥

अर्थात्:- गाई बिरामी भएमा, गाईमा कुनै प्रकोप आएमा गाईलाई चोर या व्याघ्रादि (सिंह)देखि भयभीत भएर लडेको भएमा या कुनै पनि ठाउँको दलदलमा फसेको भएमा आफ्नो क्षमताले सबै किसिमको प्रयत्न गरेर यथा सम्भव गरेर सुरक्षा गर्नुपर्छ ।

उष्णे वर्षति शीते वा मारुते वाति वा भृशम् ।
न कुर्वीतात्मनस्त्राणं गोरकृत्वा तु शक्तितः ॥ ११/११३ ॥

अर्थात्:- यदि गौशालाको गाईलाई कुनै समस्या भएमा गर्मी, वर्षा, जाडो, आँधी, हुरी, दिन, रात केही नभनी अहोरात्री खटेर गाईको सेवा गर्नुपर्छ चाहे आफूलाई सङ्कट नै किन नआओस् आफ्नो क्षमता र यथाशक्ति गाईको सेवा सुरक्षा गर्नुपर्छ ।

आत्मनो यदि वान्येषां गृहे क्षेत्रेऽथ वा खले ।
भक्षयन्तीं न कथयेत्पिबन्तं चैव वत्सकम् ॥ ११/११४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- गौहत्याको प्रायश्चित गर्नको लागि गौशालामा रहेको मनुष्यले कुनै पनि गाई चाहे त्यो गौशालाको गाई हो या पालन गरिएको अन्य सुत्केरी गाई यदि कसैको जग्गमा चारीरहेको भएमा र आफ्नो बच्चालाई दुध खुवाउदै गरेको अवस्थामा त्यसलाई त्यहाँबाट भगाऊनू हुँदैन ।

अनेन विधिना यस्तु गोघ्नो गां अनुगच्छति ।
स गोहत्याकृतं पापं त्रिभिर्मासैर्व्यपोहति ॥ ११/११५ ॥

अर्थात्:- गौहत्याको उपपापलाई प्रायश्चितको लागि गौशालामा बसेर एकबर्षसम्म गाईको सेवा गर्नुपर्छ गौहत्या गरेको मनुष्यले गौशालामा रहेको गाईको यसरी सेवा गरेमा गोवध (हत्या) अर्थात् गाईको हत्याको उपपाप कर्मको पापबाट प्रायश्चित हुन्छ यही प्रयाश्चित नै गौहत्याको कर्मको कर्मफल हो ।

वृषभैकादशा गाश्च दद्यात्सुचरितव्रतः ।
अविद्यमाने सर्वस्वं वेदविद्भ्यो निवेदयेत् ॥ ११/११६ ॥

अर्थात्:- उत्तम विधिले गाईको सेवा गर्नु पनि एक व्रत हो व्रतबाट नै पाप पतन हुन्छ नयाँ शक्ति प्राप्त हुन्छ त्यही शक्तिलाई धारण गर्नाले र त्यही शक्तिद्वार नै वेदले निर्देशन गरे अनुसार कर्मगर्ने मनुष्यले आफूलाई फेरि गुण, कर्म, स्वाभाव र क्षमता अनुसार वेदपाठी ब्राह्मण र ज्ञानको धनी अर्थात् ज्ञानी बनाउन सक्छ ।

एतदेव व्रतं कुर्युरुपपातकिनो द्विजाः ।
अवकीर्णिवर्ज्य शुद्ध्यर्थं चान्द्रायणं अथापि वा ॥ ११/११७ ॥

अर्थात्:- कुनै पनि कर्मगर्दा पापकर्म भएमा या भोजन गर्दा स्वास्थ्यमा असर परेमा या आफूले पालन गर्नुपर्ने व्रतभ्रष्ट भएमा अवकीर्ण व्रत वाहेक अन्य उपपापलाई पतन गर्नको लागि चान्द्रायण गर्नुपर्छ ।

अवकीर्णी तु काणेन गर्दभेन चतुष्पथे ।
पाकयज्ञविधानेन यजेत निरृतिं निशि ॥ ११/११८ ॥

अर्थात्:- आफ्नो अन्य उपपापलाई प्रायश्चित गरेर पतन गराउन चाहने मनुष्यले आफ्नो आचारणलाई पनि ठीक गधाको जस्तै बनाएर एक महिनासम्म एक चौराहामा उभिएर आफ्नो पापको बारेमा सबैलाई बताउँदै दिनमा चार जाना मनुष्यसँग मात्र पृथ्वीको नैऋत्यकोणमा आफ्नो अनुहार फर्काएर उभिएर भीख माग्नुपर्छ त्यही चार जनाको भीखले आफ्नो प्राणको रक्षाको लागि भोजन तैयार गर्नुपर्छ ।

हुत्वाग्नौ विधिवद्धोमानन्ततश्च समेत्यृचा ।
वातेन्द्रगुरुवह्नीनां जुहुयात्सर्पिषाहुतीः ॥ ११/११९ ॥

अर्थात्:- भोजन तैयार भएपछि अग्निमा यथा विधिले 'अनन्त सचेति' भन्ने मन्त्रलाई पुकारगर्दै समय, वायु जीवित राख्ने, इन्द्र अर्थात् वर्ष, गुरु अर्थात् ज्ञानीलाई बनाउन सहयोग गर्ने, अग्निलाई थोरै अन्न समर्पण गरेर धन्यवाद भन्दै ईश्वरको नाम लिएर भोजन गर्नुपर्छ ।

कामतो रेतसः सेकं व्रतस्थस्य द्विजन्मनः ।
अतिक्रमं व्रतस्याहुर्धर्मज्ञा ब्रह्मवादिनः ॥ ११/१२० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- कुनै पनि व्रतको आचरणलाई धारण गरेको द्विजले कहीँ पनि स्वेच्छाले वीर्यपतन गरेमा व्रत खण्डित हुन्छ। वीर्यको सञ्चित गर्नु पनि एक व्रत नै हो त्यसैले व्रतमा वीर्यपात गर्नु हुँदैन यो शक्ति तथा धर्मको ज्ञान हो। वीर्यपात गर्नु शक्ति र स्मरण क्षमताको ह्रास हो।

मारुतं पुरुहूतं च गुरुं पावकं एव च।
चतुरो व्रतिनोऽभ्येति ब्राह्मं तेजोऽवकीर्णिनः ॥ ११/१२१ ॥

अर्थात्:- ब्रह्मचर्यको नियम पालन गरेको समयमा अर्थात् अवस्थामा वीर्यपतन गरेको खण्डमा मनुष्यको आफ्नो प्रकाश क्षमता ब्रह्मतेज नष्ट हुन्छ वीर्य एक शक्ति हो शरीरको अग्नि हो शक्तिलाई वायुमा र अग्निलाई यसै नष्ट गर्नुहुँदैन वीर्यको सन्चयद्वारा नै मनुष्यमा ब्रह्मतेज उत्पन्न हुन्छ वीर्यलाई पतन गर्नाले कुनै पनि व्रत सफल हुँदैन।

एतस्मिन्नेनसि प्राप्ते वसित्वा गर्दभाजिनम्।
सप्तागारांश्चरेद्भैक्षं स्वकर्म परिकीर्तयन् ॥ ११/१२२ ॥

अर्थात्:- अवकीर्णी व्रतको नियमलाई भङ्ग गरेमा त्यस पापको प्रायश्चितको लागि गधामाथि चढेर गधाको जस्तो आचरणलाई आफूमा धारण गरेर एक बर्षसम्म सात घरमा मात्र भिक्षा मागेर त्यही भिक्षावाट आफ्नो जीवीकालाई चलाऊँनुपर्छ।
(समयको कलमः- श्लोक १२२ देखि १२४ सम्म प्रायश्चित केवल पाप गरेको हुनाले अरुको अनादरलाई प्राप्त गरेर जीवनको केहिदिन व्यतित गर्नुपर्छ भन्ने हो र त्यो पाप गरेपछिको अवस्थालाई सबैलाई जानकारी होस् पापगर्नु कत्ति घातक हो भन्ने अर्थमा यो श्लोक आएको हो यसको अर्थ हो पाप गरेपछि फल भोग्नु पर्छ नै त्यसैले मनुष्यको मनमा पापगर्ने सोच कहिल्यै मनमा नओस भनेर यस्तो दिन व्यतित गर्ने विधान बनाइएको हो ताकि पहिले गरेको पापको भोगाई देखेर अन्य कुनै नयाँ मनुष्यले पनि पापगर्ने सोच नराखोस भन्ने आसय हो र पापबाट दुःख प्राप्त गर्नुको अर्थ हो जुन पाप दोस्रो व्यक्तिले त्यस्तो र अन्यले पनि पापलाई घृणा गरोस र आचरण सदाचारी बनोस भन्ने हो। शैलीगत आधार(सम्पूर्ण प्रसँग महापाप एवं उपपाप तथा अन्य पापको विभाजन र उनको दण्ड(व्यवस्थामा अतिनै घातक अत्यधिक विश्रृंखलता तथा असंतुलन युक्त शैली लाग्छ तर यी र यस्तो पाप मनुष्यले गरेको हुन्छ त्यही आधारमा पापको विभाजन गरिएको हो एक जानेर गरिने पापकर्म, अर्को अन्जानमा गरिने पापकर्म कर्मको फल भोग्नु नै पर्छ कर्मफल माफ हुन्छ भन्नु निराधार हो। त्यसैले यो श्लोकको भनाई र वर्णनशैली अतिशयोक्तिपूर्ण, निराधार र अयुक्तियुक्त जस्तोदेखिन्छ तर नियमलाई अली कठोर गरिएन भने त्यहाँ पाप बढ्ने हुनाले यस्तो कठोर विधानको निर्माण भएको हो यो विधानमा मनुष्यले सम्पन्न जीवन नै गुमाऊनु पर्छ भन्ने यो नियमलाई जानेर मनुष्यले पाप कर्म नगरोस भनेर नै मनु महाराजले यो शैलीमा नियम बनाउनु भएको हो)

तेभ्यो लब्धेन भैक्षेण वर्तयन्नेककालिकम्।
उपस्पृशंस्त्रीषवणं त्वब्देन स विशुध्यति ॥ ११/१२३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- अवकीर्णीव्रत खण्ड भएमा गधा आचरण गरेर सात घरमा माँगेको भिक्षालाई केवल अहोरात्रीमा एक पटक मात्र भोजन गरेर दिनमा तीन समय प्रातः, दोपहर, सांयकालमा स्नान गरेर पूर्णनियमसँगत रहेर जीवन व्यतित गरेमा केवल एक वर्षमा आफ्नो उपपापकर्मको फलकर्मलाई प्राप्त गरेर आफ्नो कर्मफल पुरा हुन्छ र आचरण पवित्र हुन्छ यदि अन्य कुनै पापकर्म नगर्ने हो भने ।

जातिभ्रंशकरं कर्म कृत्वान्यतमं इच्छया ।
चरेत्सांतपनं कृच्छं प्रजापत्यं अनिच्छया ॥ ११/१२४ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताअनुसार आफ्नो कर्मलाई धारण गरेर आफ्नो वर्णलाई आफै निश्चित गरेको मनुष्यले यदि जानेर नै आफ्नो गुण, कर्म, स्वभाव र क्षमाताको कर्मबाट नै कर्मच्यूत हुने कार्य गरेमा त्यस्तो मनुष्यले त्यस कर्मच्यूत कर्मको कर्मफल कृच्छव्रत नामको व्रत गर्नुपर्छ ।

(समयको कलमः- मनुस्मृतिको कयौँ श्लोकमा जतिपनि दानको वारेमा छ त्यो ब्राह्मणलाई नै दिनुपर्ने किन भनेर कतिपय मनुष्यको मनमा शङ्का हुने गर्छ नै तर त्यहाँ ब्राह्मणलाई दिने दानको मात्र छैन ब्राह्मणसँग ज्ञान लिएर त्यस ज्ञानलाई आफ्नो जीवनमा लागू गरेर त्यो ज्ञान व्यवहारिक रुपमा नै सत्य भएमा त्यो ज्ञानदिने व्यक्तिलाई मात्र ब्राह्मण भनिएको हो त्यस्तो ज्ञानी व्यक्तिलाई दानदिनु भनिएको हो यहाँ कयौँ शब्द वाकलुप्त हुनाले पुरा नवुझी मनमा शङ्का उत्पन्न भएको हो । ब्राह्मण कुनै एक समूह एक समाज छैन यो त ज्ञानको चरम अवस्था हो । त्यही अवस्थाको ज्ञान जो ज्ञानी छ त्यसैले दिन्छ त्यही ज्ञान दिने ज्ञानीलाई नै ब्राह्मण भनिन्छ प्रत्येक अज्ञानको औषधी नै ब्राह्मण हो रसम्मान पनि उसको हुन्छ जो ज्ञानी छ दानको अर्थसम्मान भन्नेपनि हुन्छ)

संकरापात्रकृत्यासु मासं शोधनं ऐन्दवम् ।
मलिनीकरणीयेषु तप्तः स्याद्यावकैस्त्र्यहम् ॥ ११/१२५ ॥

अर्थात्:- संकरीकरण, र अपात्रीकरण यी दुवै कर्ममा कुनै एक कर्मलाई स्वेच्छा पूर्वक गर्नाले करीव करीब साठी अहोरात्री चान्द्रायण व्रत गर्नुपर्छ र मलिनीकरण कर्ममा कुनै एक कर्मलाई स्वेच्छा पूर्वक गरेको भएमा तीन दिन यवागू (एक किसिमको अन्न)को भोजन गरेर आफ्नो कर्मको कर्मफललाई पुरा गर्नुपर्छ ।

तुरीयो ब्रह्महत्यायाः क्षत्रीयस्य वधे स्मृतः ।
वैश्येऽष्टमांशो वृत्तस्थे शुद्रे ज्ञेयस्तु षोडशः ॥ ११/१२६ ॥

अर्थात्:-माथिका प्रायश्चित कर्मफलको विधान कर्मको विवरण अनुसारको नियम हो उपरोक्त प्रायश्चितको नियम अवस्था अनुसार फरक फरक हुन्छ र जो ब्रह्महत्या बरवारको महापाप छन् ती पापको कर्मको कर्मफलको लागि यो कर्मफल अर्थात् प्रायश्चितको लागि बनेको हो यो कर्मफल पुरा भोग गर्नुपर्छ नै यदि अहिले भोग गरेर पुरा नगरे पनि कर्मको कर्मफल प्राप्त हुन्छ नै । यही अवस्थामामाथिको ब्रह्महत्याको पाप ब्राह्मणले गरेमा पुरा गर्नुपर्छ । त्यही कार्य क्षत्रीयले गरेमा चतुर्थाश भाग, वैश्यले गरेमा आठौ भाग र शुद्रले गरेमा सोह्र भाग हुनुपर्छ भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुझ्नु पर्छ ।

(समयको कलमः- यहाँ भनिएको प्रायश्चितको विधानमा सबै वर्णलाई कर्मफल भोगगर्ने विधानको नियम अलग अलग तरिकाको रहेको छ त्यही पापकर्म ब्राह्मण वर्णको मनुष्यले गरेमा प्रायश्चितको सम्पूर्ण नियमलाई पूर्ण पालन गर्नुपर्छ क्षत्रीय वर्णको मनुष्यले त्यही पाप गरेमा चार प्रतिशत नियम पालन कम हुन्छ भने वैश्यलाई त्यही ब्रह्महत्याको नियम पालन गर्नमा आठ प्रतिशत नियम कम हुन्छ भने शुद्र वर्णको लागि सोह्र प्रतिशत नियम कम गरेर ती सबै नियमलाई पूर्ण पालन गरेमा ब्रह्महत्याको पाप कर्मको कर्मफल पतन हुन्छ भनिएको छ त्यसको अर्थ यस्तो हो यदि गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मणवर्णलाई धारण गरेर ब्राह्मणवर्णको मनुष्यले ब्रह्महत्या पापकर्म गरेको खण्डमा त्यस ब्राह्मणलाई ब्रह्महत्यापापको प्रायश्चितको लागि कुनै पनि नियम प्रायश्चित लागि हुँदैन सम्पूर्ण नियमलाई पूर्णरुपले शत प्रतिशत तरिकाले ती सबै नियम पालन गर्नुपर्छ अर्थात् ब्राह्मणले १०० नियममा १०० नियमलाई नै पूर्ण पालन गरेर १०० प्रतिशत नै भोग गर्नुपर्छ तवमात्र ब्राह्मणवर्णको मनुष्यले गरेको ब्रह्महत्या पापकर्मको कर्मफल पुरा भोग गरेपछि मात्र ब्राह्मण वर्णको मनुष्यलाई लागेको ब्रह्महत्याको पापकर्म पतन हुन्छ, तर ब्राह्मण वर्णले पुरा नियमलाई पालन नगरेको खण्डमा ब्रह्महत्या पापकर्मको कर्मफल पतन भएको हुँदैन यदि नियम पालन गरेन भने बाँकी बाचेको ब्रह्महत्याको बाँकी कर्मफल त्यस ब्राह्मण वर्णले भोग गर्नुपर्छ नै माफ प्रयाश्चितको कुनै विधान छैन नै ब्राह्मण वर्णको मनुष्यको लागि ।

त्यस्तै गुण, कर्म, स्वभाव र क्षमता अनुसार क्षत्रीयवर्ण लाई धारण गरेको मनुष्यले त्यही ब्रह्महत्याको पाप गरेमामाथि भनिएको भोग गर्नुपर्ने सबै नियमलाई पालन गर्दा ती सबै नियममा केवल चार प्रतिशत नियमलाई कम पालन गरेमा मात्र ब्रह्महत्याको कर्मफलको पापकर्म पतन हुन्छ अर्थात् १०० भाग नियममा ७५ प्रतिशत सबै नियमलाई बरावर भोग गरेर पुरा गरेमा पनि ब्रह्महत्याको पापकर्म पतन हुन्छ क्षत्रीयले गरेको ब्रह्महत्या पापकर्म पुरा पतन गराउन सबै नियममा ७५५ नियमलाई पूर्ण पालन गर्नुपर्छ नै त्यसभन्दा कम नियमलाई पालन गरेमा ब्रह्महत्याको महापाप पतन हुँदैन ।

गुण, कर्म, स्वभाव र क्षमता अनुसार वैश्यवर्णलाई धारण गरेर वैश्यवर्णको कर्मलाई धारण गरेको मनुष्यले ब्रह्महत्याको पाप गरेमा त्यस पापको प्रायश्चितको लागिमाथि भनिएको सबै नियममा आठ प्रतिशत नियमलाई कम गरेर ब्रह्महत्याको कर्मफल भोग गरेमा ब्रह्महत्याको पापकर्म पतन हुन्छ अर्थात् शत प्रतिशत नियममा सबै नियममा पचास पचास प्रतिशत नियमलाई भोग गरेर आफ्नो ब्रह्महत्याको पापलाई पतन गराउन सक्छ ।

गुण, कर्म, स्वभाव र क्षमता अनुसार शुद्रवर्णलाई धारण गरेर शुद्रवर्णलाई धारण गरेको मनुष्यले ब्रह्महत्याको पाप गरेमा त्यस पापको प्रायश्चितको लागिमाथि भनिएको सबै नियममा सोह्र प्रतिशत नियमलाई कम गरेर ब्रह्महत्याको कर्मफल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोग गरेमा ब्रह्महत्याको पापकर्म पतन हुन्छ अर्थात् शत प्रतिशत नियममा सबै नियममा पच्चीस पच्चीस प्रतिशत नियमलाई पूर्णरुपले पालन गरेर ब्रह्महत्याको पापकर्मको कर्मफललाई आफैले भोग गरेमा आफ्नो ब्रह्महत्याको पापलाई पतन गराउन सक्छ ।

जति पनि कर्मफलको विधानको विधान छ त्यस कर्मफल अवस्था र ज्ञान अनुसार पूर्णलागु र कमलागु हुनेहुन्छ ।

ब्रह्महत्याको पापकर्म पतन गराउन गुण, कर्म, स्वभाव र क्षमताअनुसार ब्राह्मणवर्णलाई गरेको ब्राह्मण वर्णको मनुष्यले १००५ सबै नियमलाई पूर्ण पालन गर्नुपर्छ, गुण, कर्म, स्वभाव र क्षमता क्षत्रीयवर्णको मनुष्यलाई ७५५ सबै नियमलाई पूर्ण पालन गर्नुपर्छ, गुण, कर्म, स्वभाव र क्षमता वैश्यवर्णको कर्मगर्ने मनुष्यले ५०५ सबै नियमलाई पूर्ण पालन गर्नुपर्छ र गुण, कर्म, स्वभाव र क्षमता शुद्रवर्ण भएको मनुष्यले २५५ सबै नियमलाई पूर्ण रुपले पालन गरेमा मात्र शुद्रवर्णको मनुष्यले ब्रह्महत्याको पापलाई पतन गराउन सक्छ सबैलाई गुण, कर्म, स्वभाव र क्षमता अनुसार अन्य सबैवर्णको लागि ब्रह्महत्याको पापकर्मको नियम कम हुँदै गएको छ तर ब्राह्मण वर्णको मनुष्यलाई कुनै पनि नियमलाई थपघट गर्नहुँदैन किनकि ज्ञानीले गल्ती गरेमा अरूले पनि त्यस ज्ञानीको कार्यको नक्कल गर्छन त्यसैले यो कर्मको कर्मफल उसको गुण, कर्म, स्वभाव र क्षमाताको आधारमा निर्माण गरिएको हो यो कर्मफल जीवित छदै भोग गरेमा केही कम नियम पालन गरेमा ब्रह्महत्याको पापकर्म पुरा पतन हुन्छ तर ब्रह्महत्या कर्मको कर्मफल अतिनै घातक हुन्छ त्यसैले कुनै पनि मनुष्यले कुनै पनि कर्मगर्नुभन्दा पहिले पाप नहुने विधानलाई विशेष ध्यान दिनुपर्छ ।

अकामतस्तु राजन्यं विनिपात्य द्विजोत्तमः ।
वृषभैकसहस्रा गा दद्यात्सुचरितव्रतः ॥ ११/१२७ ॥

अर्थात्:- यदि गुण, कर्म, स्वभाव र क्षमताअनुसार ब्राह्मण वर्णलाई धारण गरेको ब्राह्मण वर्णको मनुष्यले अन्जानमा या अज्ञानतामा या भवितव्यतामा कुनै पनि गुण, कर्म, स्वभाव र क्षमता अनुसार क्षत्रीयवर्णलाई धारण गरेको व्यक्तिको हत्यागर्नेकोसिस गरेमा या हत्या नै गरेमा त्यसको प्रायश्चितको लागि गौशालामा गएर न्यूनतम एक हजार गाईको सेवा गर्नुपर्छ ब्रह्महत्याको नियमलाई पूर्ण पालन गर्दै एकबर्षसम्मको लागि गौशालामा मैं रहनु पर्छ तर यो नियममा कुनै फेरवदल हुँदैन ।

त्र्यब्दं चरेद्वा नियतो जटी ब्रह्महणो व्रतम् ।
वसन्दूरतरे ग्रामाद्वृक्षमूलनिकेतनः ॥ ११/१२८ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मणवर्णको मनुष्यले अन्जानमा तथा भवितव्यमा गुण, कर्म, स्वभाव र क्षमता अनुसार अन्य कुनै अन्जान वर्णको मनुष्यको हत्या गरेमा प्रायश्चितको लागि गाउँबाट निस्किएर जङ्गलमा गएर तीन वर्षसम्म कन्दमूल खाएर बिन सृंगार जङ्गल मै रहनुपर्छ कुनै पनि आफन्तसँग सम्पर्क हुनुहुँदैन यदि एक नियमलाई पनि त्याग गरेमा या आफन्तसँग भेट भएमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो प्रयाश्चित दुईगुणा धेरै भोग गर्नुपर्छ ।

एतदेव चरेदब्दं प्रायश्चित्तं द्विजोत्तमः ।
प्रमाप्य वैश्यं वृत्तस्थं दद्याच्चैकशतं गवाम् ॥ ११/१२९ ॥

अर्थात्:(गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मणवर्णको मनुष्यले अन्जानमा तथा भवितव्यमा गुण, कर्म, स्वभाव र क्षमता अनुसार वैश्यको मनुष्यको हत्या भएमा एक वर्षसम्म ब्रह्महत्याको पुरा नियमलाई पालन गरेर प्रायश्चित गर्नुपर्छ त्यसपछि छ महिनासम्म गौशालामा रहेर न्यूनतम सय गाईको सेवा गर्नुपर्छ त्यसपछि मात्र अन्जानमा भएको मनुष्यको हत्याको प्रायश्चित पुरा हुन्छ ।

एतदेव व्रतं कृत्स्नं षण्मासान् शुद्रहा चरेत् ।
वृषभैकादशा वापि दद्याद्विप्राय गाः सिताः ॥ ११/१३० ॥

अर्थात्:-गुण, कर्म, स्वभाव र क्षमता ब्राह्मणवर्णको मनुष्यले अन्जानमा तथा भवितव्यमा गुण, कर्म, स्वभाव र क्षमता अनुसार शुद्रवर्णको मनुष्यको बध गरेमा छ महिनासम्म ब्रह्महत्याको नियमलाई पालन गर्दै प्रायश्चित गर्नुपर्छ त्यसपछि गौशालामा गएर ब्रह्महत्याको नियमलाई पूर्ण पालन गर्दै आफ्नो शिरको पुरा कपाललाई दैनिक मूसल बनाएर गौशाला रहेर न्यूनतम दस गाईको तीन महिनासम्म सेवा गर्नुपर्छ ।

मार्जारनकुलौ हत्वा चाषं मण्डूकं एव च ।
श्वगोधोलूककाकांश्च शुद्रहत्याव्रतं चरेत् ॥ ११/१३१ ॥

अर्थात्:-गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको कुनै पनि वर्ण चाहे त्यो शुद्र नै किन नहोस् यी सबै मनुष्यले अन्जानमा तथा भवितव्यमा अन्य कुनै पनि अन्य प्राणीको बिनाकारण हत्या गरेमा जस्तैः-बिरालो, नयाँऊरी मूसा, कुकुर, गोही लगायतका अन्य प्राणीहरू, उल्लू, काग मैना लगायत लगायतका पंक्षीहरूको हत्या गरेमा एक महिनासम्म ब्रह्महत्याको नियमलाई पालन गर्दै प्रायश्चित गर्नुपर्छ । त्यसपछि गौशालामा गएर ब्रह्महत्याको नियमलाई पालन गर्दै आफ्नो शिरको पुरा कपाललाई दैनिक मुसल बनाएर गौशाला रहेर न्यूनतम पाँच गाईको एक महिनासम्म सेवा गर्नुपर्छ ।

पयः पिबेत्त्रिरात्रं वा योजनं वाध्वनो व्रजेत् ।
उपस्पृशेत्स्रवन्त्यां वा सूक्तं वाब्दैवतं जपेत् ॥ ११/१३२ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको कुनै पनि वर्णको मनुष्यले आफ्नो प्राणसङ्कट आएको अवस्थामा कुनै पनि प्राणी तथा पंक्षीको हत्या गरेमा त्यो आफ्नो प्राणरक्षाको लागि प्राणीहत्या गरिएको हुनाले तीन दिनसम्म मध्यरात्रीमा उठेर नदीमा गएर नुहाएर दुध पीउनु पर्छ, नदीमा गएर तीन रात्रीसम्म निरन्तर नुहाएर आपोहिष्ठा नामको मन्त्रलाई जप गर्नुपर्छ तब रक्षाको लागि भएको हत्याको प्रायश्चित पुरा हुन्छ । हत्या हत्या नै हो तर आफ्नो प्राणको रक्षाको विषय हुनाले कुनै कठिन प्रायश्चितको नियम लागु हुँदैन ।

अभ्रिं कार्ष्णायसीं दद्यात्सर्प हत्वा द्विजोत्तमः ।
पलालभारकं षण्ढे सैसकं चैकमाषकम् ॥ ११/१३३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको कुनै पनि वर्णको मनुष्यले अन्जानमा तथा भवितव्यमा अन्य कुनै पनि शरीसृप प्राणी जस्तै सर्प, छेपरो, माऊसुलि आदि प्राणीलाई बिनाकारण हत्या गरेमा एक कुनै वेदज्ञानी ब्राह्मणलाई बोलाएर प्राकृतिक सन्तुलनको यज्ञलाई सम्पन्न गराउनु पर्छ किनकि यी सबै प्राणीले सधैँ प्रकृति सन्तुलनको लागि कार्य गरेका हुन्छ एक प्राणी कम भएमा त्यसको असर प्रकृतिमा पर्छ ।

घृतकुम्भं वराहे तु तीलद्रोणं तु तित्तिरौ ।
शुके द्विहायनं वत्सं क्रौञ्चं हत्वा त्रिहायनम् ॥ ११/१३४ ॥

अर्थात्:- कुनै पनि वर्णको गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको कुनै पनि मनुष्यले अन्जान तथा भवितव्यमा अन्य कुनै पनि जङ्गली प्राणी जस्तैः(सुँगुर, बँदेल र स्याल आदि प्राणीलाई बिनाकारण हत्या गरेमा कुनै वेदज्ञानी ब्राह्मणलाई बोलाएर प्राकृतिक सन्तुलनको लागि यज्ञ गराउनु पर्छ किनकि यी सबै प्राणीले सधैँ प्रकृति सन्तुलनको लागि कार्य गरेका हुन्छ एक प्राणी जीवचक्रमा कम भएमा त्यसको असर प्रकृतिक सन्तुलनमा पर्छ ।

हत्वा हंसं बलाकां च बकं बर्हिणं एव च ।
वानरं श्येनभासौ च स्पर्शयेद्ब्राह्मणाय गाम् ॥ ११/१३५ ॥

अर्थात्:- कुनै पनि वर्णको गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको कुनै पनि मनुष्यले अन्जान तथा भवितव्यमा अन्य कुनै पनि प्राणी जस्तैः- हाँस, सारस, मैन, सुगा, बकुल्ला, मयुर, बाँदर, बाज, भास पंक्षिको हत्या गरेमा एक कुनै वेदज्ञानी ब्राह्मणलाई बोलाएर प्रकृति सन्तुलनको लागि यज्ञको कार्य सम्पन्न गर्नुपर्छ किनकि यी सबै प्राणीले सधैँ प्रकृति सन्तुलनको लागि कार्य गरेका हुन्छ एक प्राणी जीव चक्रमा कम भएमा त्यसको असर प्रकृति सन्तुलनमा पर्छ ।

वासो दद्याद्धयं हत्वा पञ्च नीलान्वृषान्नाजम् ।
अजमेषावनड्वाहं खरं हत्वैकहायनम् ॥ ११/१३६ ॥

अर्थात्:- कुनै पनि वर्णको गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको कुनै पनि मनुष्यले अन्जान तथा भवितव्यमा यी कुनै पनि प्राणी होस् जस्तैः- ऊँट, घोड़ा, गधा, खच्चड, बाखो, भेड़ा, खरायो आदिको हत्या गरेमा कुनै वेदज्ञानी विद्वान् अर्थात् ब्राह्मणलाई बोलाएर प्रकृति सन्तुलनको कार्य यज्ञलाई सम्पन्न गर्नुपर्छ किनकि यी सबै प्राणीले सधैँ जीवचक्रको सन्तुलनको लागि कार्य गरेका हुन्छ एक प्राणी कम भएमा त्यसको असर प्रकृति सन्तुलनमा पर्छ ।

क्रव्यादांस्तु मृगान्हत्वा धेनुं दद्यात्पयस्विनीम् ।
अक्रव्यादान्वत्सतरीं उष्ट्रं हत्वा तु कृष्णलम् ॥ ११/१३७ ॥

अर्थात्:- कुनै पनि वर्णको गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको कुनै पनि मनुष्यले अन्जान तथा भवितव्यमा अन्य कुनै पनि प्राणी होस् जस्तैः- स्याल, हूडार, फ्याऊरो आदि र काँचो मासुमात्र खाएर जीवित रहने प्राणीको हत्या गरेमा कुनै वेदज्ञानी विद्वान् अर्थात् ब्राह्मणलाई बोलाएर प्रकृति सन्तुलनको कार्य यज्ञलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पन्न गर्नुपर्छ किनकि यी सबै प्राणीले सधैँ जीवचक्रको सन्तुलनको लागि कार्य गरेका हुन्छ एक प्राणी कम भएमा त्यसको असर प्रकृति सन्तुलन मा पर्छ ।

जीनकार्मुकबस्तावीन्पृथग्दद्याद्विशुद्धये ।
चतुर्णा अपि वर्णानां नारीर्हत्वानवस्थिताः ॥ ११/१३८ ॥

अर्थात्:- कुनै पनि वर्णको गुण, कर्म स्वभाव र क्षमतालाई धारण तथा वरण गरेको व्यक्तिले कुनै पनि कार्य गर्दा अन्जान तथा भवितव्यमा गोप्य ठाउँमा व्याभिचार गर्दै गर्दा कुनै नारी या पुरुष या दुवैको अन्जानमा हत्या भयो भने त्यो अज्ञान तथा अन्जानको हत्या भएको पाप प्रयाश्चितको लागि राजालाई सत्य सत्य भन्नुपर्छ आफ्नो प्रायश्चितको गौशाला या अन्य पशु संरक्षण शालाको निर्माण गर्नुपर्छ ।

दानेन वधनिर्णेकं सर्पादीनां अशक्नुवन् ।
एकैकशश्चरेत्कृच्छं द्विजः पापापनुत्तये ॥ ११/१३९ ॥

अर्थात्:- कुनै पनि वर्णको गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको कुनै पनि मनुष्यले अन्जान तथा भवितव्यमा अन्य कुनै पनि अज्ञात प्राणीको हत्या गरेमा कुनै वेदज्ञानी विद्वान् अर्थात् ब्राह्मणलाई बोलाएर प्रकृति सन्तुलनको कार्य यज्ञलाई सम्पन्न गर्नुपर्छ किनकि यी सबै प्राणीले जीवचक्रको सन्तुलन र सधैँ प्रकृति सन्तुलनको लागि कार्य गरेका हुन्छ एक प्राणी कम भएमा त्यसको असर प्रकृति सन्तुलनमा पर्छ तर अन्जानमा हत्या भयो तर यज्ञ गराउने क्षमता नभएमा हत्याको पापको प्रायश्चितको लागि प्रत्येक हत्याको लागि एक-एक कृच्छव्रत गर्नुपर्छ ।

अस्थिमतां तु सत्त्वानां सहस्रस्य प्रमापणे ।
पूर्णे चानस्यनस्थ्नां तु शुद्रहत्याव्रतं चरेत् ॥ ११/१४० ॥

अर्थात्:- कुनै पनि वर्णको गुण, कर्म, स्वभाव र क्षमतालाई धारर्ण गरेको कुनै पनि मनुष्यले अन्जान तथा भवितव्यमा कुनै पनि प्राणी जस्तैः- शरीरमा हाड़ भएको प्राणी होस् या हाड़ नभएको प्राणी होस् ती सबैमा कुनै पनि प्राणीको हत्या भएमा अर्थात् कुनै पनि शरीरधारी जीवको हत्या कुनै पनि अवस्थामा भएको होस् त्यो प्रायश्चित हुन्छन् नै, हत्याको माफ छैन चाहे त्यो हिंसा शुद्रले आफ्नो कर्मको नियमलाई पालन गर्दा नै हत्या नै किन नगरिएको होस् त्यो पापको प्रायश्चित स्वरुप कुनै वेदज्ञानी विद्वान् अर्थात् ब्राह्मणलाई बोलाएर प्रकृति सन्तुलनको कार्य यज्ञलाई सम्पन्न गर्नुपर्छ, किनकि यी सबै प्राणीले सधैँ प्रकृति सन्तुलनको लागि कार्य गरेका हुन्छ एक प्राणी कम भएमा त्यसको असर प्रकृति सन्तुलनमा पर्छ ।

किं चिदेव तु विप्राय दद्यादस्थिमतां वधे ।
अनस्थ्नां चैव हिंसायां प्राणायामेन शुध्यति ॥ ११/१४१ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको कुनै पनि वर्ण भएको मनुष्यले अन्जानमा तथा भवितव्यमा अन्य कुनै पनि प्राणी यदि शरीरमा हाड़ भएको प्राणीको हत्याहिंसा भएमा वेदज्ञानी विद्वान् ब्राह्मणलाई बोलाएर यज्ञ गराउनु पर्छ यदि यज्ञ गराउने अवस्था तथा क्षमता नभएमा प्राणायाम गर्नुपर्छ किनकि यी सबै प्राणीले सधैँ प्रकृति सन्तुलनको लागि कार्य गरेका हुन्छ एक प्राणी कम भएमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसको असर प्रकृतिमा पर्छ ।

फलदानां तु वृक्षाणां छेदने जप्यं ऋक्शतम् ।
गुल्मवल्लीलतानां च पुष्पितानां च वीरुधाम् ॥ ११/१४२ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको कुनै पनि वर्ण भएको मनुष्यले अन्जानमा तथा भवितव्यमा अन्य कुनै पनि फल लागेको फल्ने वृक्ष जस्तै आँप, सुन्तला, अम्बा आदि र गुल्म अर्थात् फूल फुल्ने फूलहरू अर्थात् पुष्पलाई बिनाकारण तोडेमा बिनाकारण फलफूल तथा बृक्षलाई नोक्सान गरेमा या एक फलफूलमात्र तोडेमा एक फलमात्र तोडेमा प्रतिकूल सय पटक गायत्री ऋचाको जप गरेर प्रायश्चित गर्नुपर्छ ।

अन्नाद्यजानां सत्त्वानां रसजानां च सर्वशः ।
फलपुष्पोद्भवानां च घृतप्राशो विशोधनम् ॥ ११/१४३ ॥

अर्थात्:- अनेक अन्नमा हुने र लाग्ने जीव, रस आउने तथा फुलेर फललाग्ने तथा फूलविना नै फललाग्ने या फलफूलमा लागेको कुनै पनि जीवको फल फूलसँग खाएर ती प्राणी पेटमा गएर कुनै प्रकोप उत्पन्न गरेमा तातो पानी पिउनु पर्छ र घृत नामी व्रतगर्नु पर्छ तवमात्र त्यस प्रकोपको प्रायश्चित पुरा हुन्छ ।

(समयको कलमः- अन्न, फलफूल, फलफूलको रस धेरै पिएर अपच भएमा या यी फलफूल तथा रस पिउँदा कुनै जीव पेटमा गएर स्वास्थ्यमा असर गरेमा या त्यस अपच भएमा या पेटमा असहजता महसूस भएमा हल्का तातो गराएर पाँच चिया चमचा गाईको घिउ पिउनाले स्वस्थ्यमा क्रमिक सुधार हुन्छ त्यस विधिलाई घृतनामी व्रत भनिन्छ)

कृष्टजानां ओषधीनां जातानां च स्वयं वने ।
वृथालम्भेऽनुगच्छेद्गां दिनं एकं पयोव्रतः ॥ ११/१४४ ॥

अर्थात्:- गहुँ, मकै, फापर आदि अन्न जसलाई जोतेर लगाउनाले उत्पन्न हुन्छ र औषधीहरू जो वनमा स्वयमेव उत्पन्न हुन्छकोही यी दुवै अमृत हुन् यी दुवै अमृतलाई निष्प्रयोजन तरिकाले प्रयोग गर्नाले कहिल्यैकाहि शरीरमा प्रकोप तथा पाप उत्पन्न हुन्छ जुन प्रकोपको कारण टाउको दुख्ने उल्टी हुने चक्कर आउनेदेखि बेहोस्सम्महुने हुन्छ यस्तो अवस्थामा यी अमृत खाद्यान्नबाट उत्पन्न भएको विकारलाई मेटाउन उभिएर हल्का तातो गाईको दुध पिउनु पर्छ र निरन्तर दुईहजार पाउ चल्नुपर्छ त्यसपछि प्रकोप शान्त हुनेछ यदि गाईको दुध नभएमा तातोपानी र एक चिया चम्चा वेसार मिलाएर पिउनु पर्छ शरीरमा कुनै पनि प्रकोप भएको समयमा सुतेमा उल्टी हुनसक्छ ।

(समयको कलमः- गहुँ, मकै, फापर आदि अन्न जुन अन्न उत्पन्न हुनलाई जोतेर लगाउनु पर्छ र औषधीहरू जो वनमा स्वयमेव उत्पन्न हुन्छ यी दुवै अमृत हुन् यी दुवै अमृतलाई निष्प्रयोजन प्रयोग गरेमा या धेरै प्रयोग गरेमा या धेरै मिलाएर प्रयोग गर्नाले मनुष्यको शरीरमा विभिन्न विकार उत्पन्न हुन्छ त्यस विकारलाई निष्क्रिय गर्नको लागि उभिएर गाईको दुध पिएर हजार पाउ चल्नुपर्छ यसो गर्नाले यो अमृत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तुबाट उत्पन्न भएको प्रकोपको प्रभाव शान्त हुन्छ र शरीरमा उत्पन्न भएको विकार आफैमा पतन हुन्छ)

एतैर्व्रतैरपोह्यं स्यादेनो हिंसासमुद्भवम् ।
ज्ञानाज्ञानकृतं कृत्स्नं शृणुतानाद्यभक्षणे ॥ ११/१४५ ।

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको कुनै पनि वर्ण भएको मनुष्यले ज्ञानमा, अन्जानमा तथा भवितव्यमा प्राणीको हिंसा गरेमा त्यो पापकर्मबाट मुक्तको लागि प्रायश्चित विधि र अनेक व्रत गरेर व्रतद्वारा नै निवृत्त हुनुपर्छ त्यस बारेमा भयो अब अघि अभक्ष्य पदार्थलाई भक्ष गरेमा के के प्रायश्चित गर्ने त्यस बारेमा सुन्नुहोस् ।

अज्ञानाद्वारुणीं पीत्वा संस्कारेणैव शुध्यति ।
मतिपूर्व अनिर्देश्यं प्राणान्तिकं इति स्थितिः ॥ ११/१४६ ॥

अर्थात्:- अन्जानमा तथा अज्ञानता गौडी तथा महुवाबाट बनेको गौड़ी तथा महुवा नामको सुरापान गरेमा फेरि संस्कार गरेमा मात्र पवित्र र जानेर खुशीले यदि सुरापान गरेको खण्डमा प्राणान्त पछि मात्र पवित्र हुन्छ अर्थात् जानेर सुरापान गर्ने मनुष्यको लागि पापको कुनै प्रायश्चित नियम छैन ।

अपः सुराभाजनस्था मद्यभाण्डस्थितास्तथा ।
पञ्चरात्रं पिबेत्पीत्वा शङ्खपुष्पीशृतं पयः ॥ ११/१४७ ॥

अर्थात्:- अन्जानमा तथा अज्ञानता सूरा अर्थात् मदिरा राखेको कुनै पनि भाँडामा कसैलेपनि पानी पीएको खण्डमा शङ्खपुष्पी नामको औषधीलाई उष्ण दुधको साथमा तीन रात्रीसम्म पिऊनाले पानीसँग पेटमा गएको सुरा रगतसँग सफाइ हुन्छ ।

स्पृष्ट्व दत्त्वा च मदिरां विधिवत्प्रतिगृह्य च ।
शुद्रोच्छिष्टाश्च पीत्वापः कुशवारि पिबेत्त्र्यहम् ॥ ११/१४८ ॥

अर्थात्:- अन्जानमा तथा अज्ञानतामा सुरालाई छोएमा, कसैलाई दिएमा कसैसँग लिएमा र अन्जान तथा परिवार बाहेक कसैको पनि जुठो खाएमा कुश राखेर उमालिएको पानी तीनदिनसम्म निरन्तर पीएमा पेट साफा हुन्छ चाहे त्यो कार्य शुद्रले अन्जानमा नै गरेको किन नहोस् । कसैको जुठो र सुरापान कहिल्यै पनि गर्नुहुँदैन ।

ब्राह्मणस्तु सुरापस्य गन्धं आघ्राय सोमपः ।
प्राणानप्सु त्रिरायम्य घृतं प्राश्य विशुध्यति ॥ ११/१४९ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको ब्राह्मणवर्णको मनुष्यले सोमनामको यज्ञ गरिरहेको अवस्थामा गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको ब्राह्मणवर्णको मनुष्यले यदि सुरापानको गन्ध कस्तो छ भनेर सुँघेको खण्डमा नदीमा गएर नुहाएर तीन प्राणायाम गरेर पाँच चिया चमचा तातो घिउको सेवन गर्नाले शुद्ध हुन्छ ।

अज्ञानात्प्राश्य विण्मुत्रं सुरासंस्पृष्टं एव च ।
पुनः संस्कारं अर्हन्ति त्रयो वर्णा द्विजातयः ॥ ११/१५० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- अज्ञानमा अन्जानमा द्विजले भोजन गरेको वस्तु जुन वस्तु मुत्र, विष्ठा, मांस र सुरासँग लसपस भएको छ या छुईएको छ यस्तो वस्तुलाई भोजन गरेपछि थाह भएमा या भोजन गर्दागर्दै थाह भएमा द्विजले पुनः आफ्नो संस्कार गर्नुपर्छ भोजनको लागि बसेको छ भोजन अघि छ तर अझै भोजनलाई छोएको छैन त्यो अवस्थामा थाह भयो मांस तथा सुरासँग लसपस छ भन्ने तत्काल गएर नुहाउनाले शुद्ध हुन्छ यदि जानेर पनि पुरा भोजन गरेमा संस्कार च्युत, वर्णच्यूत भएर अस्पृय, नीच, पतित र अनार्य हुन्छ, अज्ञानताले भोजन गरेमा द्विजले पुनः संस्कार गर्नुपर्छ। (समयको कलमः- अध्याय ११/१५० औ श्लोकमा सुरा र मांसले छोएको वस्तुलाई भक्षण गर्नाले द्विजले दोस्रो संस्कार गर्नुपर्छ भनिएको छ जुन मनुष्यले प्राणीहत्या गरेर प्राप्त भएको मासु र अन्नको मल मदिरालाई शुद्ध हो भन्ने जति पनि श्लोक छन् ती सबै मिलावट भएको श्लोक हुन् भन्नेबुझ्नु पर्छ कुनै पनि शास्त्रमा मदिरा माँस भक्षण लाई गर्नहुने भनिएको छ त्यो सबै शास्त्र क्षेपक अर्थात् मिलावट भएको बुझ्नुपर्छ।

वपनं मेखला दण्डो भैक्षचर्या व्रतानि च।
निवर्तन्ते द्विजातीनां पुनःसंस्कारकर्मणि ॥ ११/१५१ ॥

अर्थात्:- सुरा र मांसले छोएको वस्तुलाई भक्षण गर्नाले द्विजले दोस्रो संस्कार गर्नुपर्छ तर द्विजले दोस्रो संस्कार गर्दा मुण्डन, मेखला धारण, दण्डधारण तथा भिक्षा आदि ग्रहण भने गर्नुहुँदैन।

अभोज्यानां तु भुक्त्वान्नं स्त्रीशुद्रोच्छिष्टं एव च।
जग्ध्वा मांसं अभक्ष्यं च सप्तरात्रं यवान्पिबेत् ॥ ११/१५२ ॥

अर्थात्:- वेदले निषेध गरिएको कर्मगर्ने मनुष्य, वेदले निषेध गरेको प्राणी हत्या र प्राणीहत्या गरेर मांसभक्षण गर्ने मनुष्य, वेदले निषेध गरेको कार्य गरेर पैसा अर्जनगर्ने मनुष्य, जो सुकै होस् त्यस्तो निन्दित कार्यगर्ने व्यक्तिको घरको र त्यस्तो मनुष्यले बनाएको अन्न, त्यस्तो मनुष्यको हातले बनाएको भोजन गर्नुहुँदैन, त्यस्तै व्याभिचार गरेर पैसा लिने र दिने स्त्रीको हातको बनेको अन्न खानु हुँदैन चाहे त्यो आफ्नो सहयोगी, सारथी र समाजसेवी अर्थात् शुद्रले नै गरेको किन नहोस् र व्याभिचार पुरूष तथा स्त्री, परपुरुष गमनगर्ने व्याभिचार गरेर जीविका चलाउने स्त्रीको जुठो (उच्छिष्ट) अन्न तथा मांसभक्षण गर्ने जो सर्वथा अभक्ष्य वस्तु हो त्यस्तो मांसभक्षणगर्ने कुनै पनि व्यक्तिको हातको, उसको घरमा बनेको अन्य सात्विक भोजन पनि गर्नुहुँदैन। यदि कुनै द्विजले अन्जानमा यस्तो पतित मनुष्यको घरमा भोजन गरेमा प्रायश्चितको लागि एक हप्तासम्म भोजनको रुपमा पानी या गाईको दुधसँग जौको सात्तू खानुपर्छ। तब मात्र यस्तो मनुष्यको हातको खाना खाएको पापको प्रायश्चित हुन्छ।

शुक्तानि च कषायांश्च पीत्वा मेध्यान्यपि द्विजः।
तावद्भवत्यप्रयतो यावत्तन्न व्रजत्यधः ॥ ११/१५३ ॥

अर्थात्:- शुक्त र कपाप वस्तु पवित्र मानिन्छ जबसम्म त्यो वस्तु शुक्त नै रहन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जब कपाप हुन्छ त्यो अशुद्ध हुन्छ जब कपाप हुन्छ त्यो वस्तु मनुष्यले भोजन गरेमा पेटमा प्रकोप उत्पन्न गराउँछ त्यसैले कपाप वस्तुपनि अशुद्ध मानिन्छ । त्यसैले कपापको पनि भोजन गर्नुहुँदैन ।

(समयको कलमः(शक्त त्यसलाई भनिन्छ जी स्वयमेव मीठो तथा गुलियो हुन्छ तर त्यही वस्तु धेरै दिनसम्म यसै तेलमा या पानीमा सञ्चित गरेमा त्यस वस्तुले आफ्नो प्रकृतीलाई परिवर्तन गरेर अमिलो हुन्छ त्यस्तो धेरै दिन सञ्चित गरेपछि बनेको अमिलो वस्तुलाई पनि अखाद्य भोजन भनिन्छ त्यसैले त्यस्तो अखाद्य वस्तुलाई भोजनमा समावेश गर्नुहुँदैन)

विड्वराहखरोष्ट्राणां गोमायोः कपिकाकयोः ।
प्राश्य मुत्रपुरीषाणि द्विजश्चान्द्रायणं चरेत् ॥ ११/१५४ ॥

अर्थात्:- कुनै मनुष्यले गाँउको सुँगुर, गधा, ऊँट, काग, स्याल यी जानवरको मुत्र या विष्टा कारणवश भोजन परेमा या गल्तीले भोजन भएमा रगत तथा पेट शुद्धिको लागि भोजन 'चान्द्रावण व्रत' गर्नुपर्छ तबमात्र पेट र रगतको शुद्धि हुनेछ ।

शुष्काणि भुक्त्वा मांसानि भौमानि कवकानि च ।
अज्ञातं चैव सूनास्थं एतदेव व्रतं चरेत् ॥ ११/१५५ ॥

अर्थात्:- कुनै पनि किरा या अन्य प्राणीको सूक्का मांस र भूमिमा उम्रिएको च्याउ खाएमा तर ज्ञान थिएन त्यो के वस्तु हो भन्ने तर खाएपछि थाह भयो मैले अभक्ष्य वस्तुलाई भोजन गरे भन्ने थाह भएको लगत्तै तत्क्षणबाट नै चान्द्रावण व्रत शुरू गर्नुपर्छ यही नै प्रायश्चित हो ।

क्रव्यादसूकरोष्ट्राणां कुक्कुटानां च भक्षणे ।
नरकाकखराणां च तप्तकृच्छ्रं विशोधनम् ॥ ११/१५६ ॥

अर्थात्:- निम्न प्राणीको मांस हैन जुठो परेको कुनै वस्तुलाई मनुष्यले प्रयोग गर्नुहुँदैन, सिंह, बाघ, चितुवा, सूगुर, ऊँट, कुखुरो, काग, गधा आदि प्राणीको जुठो मात्र खाएमा मनुष्यले आफ्नो स्वास्थ्यको सुधारको लागि कृच्छ्रवत व्रत गर्नुपर्छ जानेर यी कुनै पनि प्राणीको मांस खाएमा त्यस्तो मनुष्य संस्कार च्युत र कर्मच्यूत हुनेछ यदि अन्जानमा कुनै कारण यी प्राणीको माँसभक्षण भएर पतित कृच्छ्रवत व्रत गर्नुपर्छ ।

मासिकान्नं तु योऽश्नीयादसमावर्तको द्विजः ।
स त्रीण्यहान्युपवसेदेकाहं चोदके वसेत् ॥ ११/१५७ ॥

अर्थात्:- कुनै विकलाङ्ग, वृद्ध तथा असाहायको लागि सञ्चित गरेर श्रद्धा पूर्वक राखिएको अन्न यदि कुनै द्विजले जानी जानी भक्षण गरेमा त्यसको लागि तीन दिनसम्म जल पिएर एक दिन निराहार व्रत गर्नुपर्छ ।

ब्रह्मचारी तु योऽश्नीयान्मधु मांसं कथं चन ।
स कृत्वा प्राकृतं कृच्छ्रं व्रतशेषं समापयेत् ॥ ११/१५८ ॥

अर्थात्:- ब्रह्मचारीले यदि अज्ञानताले सुरापान तथा मांसभक्षण गरेको खण्डमा प्रजापत्य कृच्छ्रव्रतको पुरा नियमलाई पालन गर्नुपर्छ र अन्य शेष व्रतको प्रायश्चितको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बारेमा अघि भनिने छ ।

(समयको कलमः- वैदिक धर्म अनुसार चल्ने मनुष्यको लागि महर्षि मनु महाराजले प्रत्येक कथनसँग माँस, मदिरा, चोरी, झूठ आदिलाई पाप र अवस्था अनुसार महापाप हो भन्नु भएको छ र यहाँपनि ब्रह्मचारी अर्थात् वेदनानुसार कर्मगर्ने मनुष्यले यदि गल्तीले कारणवश माँस भक्षण र मदिरापान गरेको खण्डमा कठोर प्रायश्चितको विधि बताउनु भएको छ यो नियमलाई ध्यान दिनेहो भने वैदिक धर्ममा मदिरापान अर्थात् सुरापान र मांसभक्षणलाई पूर्ण निषेध छ । यहाँ भनिएको प्रयाश्चितको नियम गल्तिले कारणवश यस्तो भएमा यो प्रायश्चित गर्नु मात्र भनिएको हो त्यो अन्जानको गल्तीको लागि भनिएको हो । जानेर गरेको मनुष्यको लागि भनिएको हैन ।

बिडालकाकाखूच्छिष्टं जग्ध्वा श्वनकुलस्य च ।
केशकीटावपन्नं च पिवेद्ब्रह्मसुवर्चलाम् ॥ ११/१५९ ॥

अर्थात्:- बिरालो, काग, मुसा, कुकुर, नयाँऊरी यी सबै प्राणीमा कुनै पनि प्राणीको जुठो भोजन खाएमा पेटमा र श्वासप्रश्वासमा प्रकोप उत्पन्न हुन्छ त्यसैले कुनै कारणवस यी प्राणीको जुठो खाएमा त्यस प्रकोपबाट वचनको लागि ब्रह्मसुवर्चला नामको औषधी तैयार गरेर मनतातो अर्थात् उष्ण गरिएको जललाई पिऊनु पर्छ ।

अभोज्यं अन्नं नात्तव्यं आत्मनः शुद्धिं इच्छता ।
अज्ञानभुक्तं तूत्तार्य शोध्यं वाप्याशु शोधनैः ॥ ११/१६० ॥

अर्थात्:(यदि आफ्नो पाचन प्रक्रियालाई शुद्ध राख्नको लागि र आफूमा नै निरोगी हुन् चाहने मनुष्यले अभक्ष्य वस्तुको सेवन गर्नुहुँदैन मांसभक्षण, कसैको जुठो, अभक्ष्य भोजनलाई भक्षण कहिल्यै पनि भक्षण गर्नुहुँदैन यदि अन्जानमा यस्तो जुठो र अभक्षण वस्तु भक्षण गरेमा वमन (उल्टी) गरेर आफ्नो पेटको सफाइ गर्नुपर्छ । (समयको कलमः- यदि उल्टी गरेर भए पनि अभक्ष्य वस्तुलाई बाहिर निष्कासित गरेमा पेटमा पुगेको अभक्ष्य वस्तुले रगतलाई विकार र अशुद्ध गर्नुभन्दा पहिले नै बाहिर निष्कासित गर्नाले रगतको शुद्धि हुन्छ यदि पेट र रगत शुद्धि भएमा मनुष्यको शरीरमा कुनै प्रकोप उत्पन्न हुँदैन । त्यसैले अभक्ष्य वस्तुलाई अन्जानमा भक्षण गरेको २५ मिनट भित्रमा थाहा भयो मैले अभक्ष्य वस्तुलाई उल्टी गरेर निष्काशन गर्न सकिन्छ तर २५ मिनेटपछि भने वमन गर्नुहुँदैन । त्यसपछि कुनै अभक्षण भोजन सेवन नगरी आफूले नै बनाएको भोजन नै खानुपर्छ र तातोपानी निरन्तर पिउनुपर्छ र तुलसीको तीन पातलाई प्रातः संय समयको भोजनसँग निरन्तर ४० दिनसम्म निरन्तर प्रयोग गर्नाले रगत र पेटको शुद्धि हुन्छ)

एषोऽनाद्यादनस्योक्तो व्रतानां विविधो विधिः ।
स्तेयदोषापहर्तककणां व्रतानां शरूयतां विधिः ॥ ११/१६१ ॥

अर्थात्:- यहाँसम्म मनुष्यले अभक्ष्य पदार्थको भोजन गरेमा के के प्रायश्चित गर्ने भन्ने बारेमा भयो अब चोरी गरेको पापको प्रायश्चितको बारेमा सुन्नुहोस् :

धान्यान्नधनचौर्याणि कृत्वा कामाद्द्विजोत्तमः ।
स्वजातीयगृहादेव कृच्छ्राब्देन विशुध्यति ॥ ११/१६२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको ब्राह्मणवर्णको मनुष्यले गुण, कर्म, स्वभाव र क्षमतालाई धारण गरेको ब्राह्मण वर्णको घरमा कुनै कारणको अवस्था तैयार भएको हुनाले अनिच्छाले अन्न चोरेको भएमा यस्तो कार्य गरेको कर्मको कर्मफललाई भोग गर्नको लागि एक वर्षसम्म पूर्णनियम सङ्गत रहेर प्रजापत्य व्रतको पालन गरेर प्रायश्चित गर्नुपर्छ, परन्तु देश, धन र वस्तुको परिणाम, देश, दशा, स्वामीको दशा आदिलाई देखेर कर्मफल अर्थात् प्रायश्चित धेरै थोरै हुनसक्छ।

मनुष्याणां तु हरणे स्त्रीणां क्षेत्रगृहस्य च ।
कूपवापीजलानां च शुद्धिश्चान्द्रायणं स्मृतम् ॥ ११/१६३ ॥

अर्थात्:- मनुष्यले अज्ञान तथा अन्जानमा, बालक, स्त्रीको अपहरण गरेको भएमा, घर, खेत, इनार, धारो, पधेरो आदिलाई बलात् चोरी गरेको भएमा चोरिएको वस्तुलाई तथा स्त्री तथा बालकलाई उसको अभिभावलाई हस्तान्तरण गरेर फर्काएपछि एक वर्षसम्म चन्द्रायण व्रत गर्नुपर्छ।

(समयको कलमः- कुवा, खेत, घर, पधेरो, धारो आदिलाई चोरी गरेको भन्नुको तात्पर्य ती सबै वस्तुलाई बलात् अर्थात् जबरजस्ती कब्जा गरेको भन्ने बुझ्नुपर्छ र बालक र स्त्रीलाई कसैले सहयोगको लागि ल्याऊनको लागि भानिएको थियो आफूले लागेको तर उसको नियत खराब भएमा त्यसको अवस्थालाई अन्जानमा अपहरण गरेको भन्ने बुझ्नुपर्छ)

द्रव्याणां अल्पसाराणां स्तेयं कृत्वान्यवेश्मतः ।
चरेत्सांतपनं कृच्छं तन्निर्यात्यात्मशुद्धये ॥ ११/१६४ ॥

अर्थात्:- अन्जानमा अज्ञानमा अन्यको घरबाट कुनै अल्प मूल्य थोरै समान तर कम मूल्यको वस्तुलाई चोरी गरेको खण्डमा समानलाई फिर्ता गरेर या त्यस समान प्रयोग गरेको भएमा त्यही समान बरबारको अर्थ क्षतिपूर्ति दिएर सान्तपन नामको व्रतको पूर्णनियमसँगत रहेर प्रायश्चित गर्नुपर्छ।

भक्ष्यभोज्यापहरणे यानशय्यासनस्य च ।
पुष्पमूलफलानां च पञ्चगव्यं विशोधनम् ॥ ११/१६५ ॥

अर्थात्:- चमेना आदि भात लगायतको खाना, सवारी, शैया, आसन, फलफूल, बीज, आदि कुनै पनि वस्तुलाई अज्ञानमा चोरी गरेमा सबै समान फिर्ता गरेर या त्यस समान बराबरको क्षतिपूर्ति त्यस व्यक्तिलाई दिएर एक महिनासम्म प्रातः संयकालमा पञ्चगव्यलाई पिऊनु पर्छ अर्थात् गाईको दुध, घिउ, गोबर, मुत्र र दही मिलाएर पिएर चोरी गरेको चोरी कर्मको प्रायश्चित गर्नुपर्छ।

तृणकाष्ठद्रुमाणां च शुष्कान्नस्य गुडस्य च ।
चेलचर्मामिषाणां च त्रिरात्रं स्यादभोजनम् ॥ ११/१६६ ॥

अर्थात्:- घाँस, सुकेको काठ, रुख सुकेको अन्न, सूकेको वृक्ष, गुड़, वस्त्र, छालाबाट बनेको वस्तु, दलहन वस्तु यी कुनै पनि वस्तु चोरी गरेको भएमा तीनदिनसम्म निराहार व्रत (उपवास) गर्नुपर्छ।

मणिमुक्ताप्रबलानां ताम्रस्य रजतस्य च ।
अयःकांस्योपलानां च द्वादशाहं कणान्नता ॥ ११/१६७ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- मणि, मोती, मूँगा, तामा, फलाम, चाँदी, काँस, पत्थर आदि यी वस्तुमा कुनै पनि एक वस्तुलाई चोरी गरेको भएमा पुरा बाह्र दिनसम्म एक छाक मात्र शिलाको कणको भोजन तैयार गरेर निर्वाह गर्दै प्रायश्चित गर्नुपर्छ।

कार्पासकीटजोर्णानां द्विशफैकशफस्य च ।
पक्षिगन्धौषधीनां च रज्ज्वाश्चैव त्र्यहं पयः ॥ ११/१६८ ॥

अर्थात्:- कपास, रेशम, तथा ऊनले बनेको वस्त्र, घोड़ा गधा पशु, पंक्षी सुगन्धित वस्तु, औषधी यी सबै वस्तुमा कुनै पनि वस्तुलाई अन्जानमा पनि चोरेको भएमा तीन दिनसम्म एक गिलास गाईको दुधमात्र पिएर प्रायश्चित गर्नुपर्छ।

एतैर्व्रतैरपोहेत पापं स्तेयकृतं द्विजः ।
अगम्यागमनीयं तु व्रतैरेभिरपानुदेत् ॥ ११/१६९ ॥

अर्थात्:- यीमाथि भनिएको सबै व्रतद्वारा अन्जानमा अज्ञानमा गरिएको चोरी, छल र अन्य विविध किसिमका जुन गृहस्थी मनुष्यको कार्यमा हुन्छ त्यसैले यी अन्जान तथा अज्ञानमा भएको पापकर्मको कर्मफललाई प्रायश्चित गरेर पापकर्मको कर्मफल त पुरा भोग हुन्छ तर परपुरुष गमन, परस्त्रीगमन तथा बलात्कारको महापापको लागि भने अन्जानमा र अज्ञानमा भन्ने नियम नै लागु हुँदैन किनकि यी पाप कर्म हैन महापाप हो महापाप प्रायश्चित गरेर मात्र कर्मको कर्मफल पुरा हुँदैन महापापमा कुनै पनि प्रयाश्चितको नियम लागु हुँदैन महापापमा सीधा भोगको नियम लागु हुन्छ त्यो भोगको नियम बध नै हो।

गुरुतल्पव्रतं कुर्याद्रेतः सिक्त्वा स्वयोनीषु ।
सख्युः पुत्रस्य च स्त्रीषु कुमारीष्वन्त्यजासु च ॥ ११/१७० ॥

अर्थात्:- प्रत्येक नाता तथा सम्बन्धी अर्थात् हाड़नाता, मित्रकी पत्नी र पुत्रकी स्त्री अर्थात् बुहारी, कुमारी र आचरण पतित स्त्री कुनै पनि जो सुकैहोस् जो आफ्नो विवाह बन्दनमा बाँधिएको छैन ती सबै स्त्रीलाई माता बहिनी जस्तै मान्नुपर्छ यी सबै स्त्री मध्यमामा एक स्त्रीलाई कसैलाई पनि बेहोसी अज्ञानतामा भोग या रति गरेमा यो पाप तथा पतित कर्मको कर्मफलको प्रायश्चित जुन गुरुपत्नीको गमनमा रहेको हुन्छ त्यही नियम लागु हुन्छ ।

यो येन पतितेनैषां संसर्ग याति मानवः ।
स तस्यैव व्रतं कुर्यात्तत्संसर्गविशुद्धये ॥ ११/१८१ ॥

अर्थात्:- मनुष्यले जोसँग धेरै सम्पर्क गर्छ त्यसको आचरणपनि त्यस्तै नै हुन्छ ज्ञानी व्यक्तिसँग सम्पर्क गरेमा ज्ञानलाई ग्रहण गर्छ पापीसँग सम्पर्क गरेमा पापी आचरणलाई नै ग्रहण हुनसक्छ त्यसैले पतित व्यक्तिसँग सम्पर्क गर्ने व्यक्तिसँग सम्पर्क गर्नुहुँदैन यदि कसैले गरेमा त्यो पनि पतित हुन्छ।

(समयको कलमः- यदि कुनै पनि मनुष्य पतित भएमा सबै व्यक्तिले त्यस व्यक्तिसँग सम्पर्क सम्वन्ध राख्नाले त्यसले आफूले गरेको पाप आचरणको ज्ञाननै हुँदैन यदि सबै व्यक्तिले त्यस्तो पतितलाई अत्यावश्यक सहयोग बाहेक अन्य कुनै पनि सम्पर्क नगर्नाले उसको पतितकर्मको कारण हो भन्ने ज्ञान हुन्छ र अन्यले त्यो देखेर आफूलाई पतित हुनबाट वचने छन्)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पतितस्योदकं कार्यं सपिण्डैर्बान्धवैर्बहिः ।
निन्दितेऽहनि सायाह्ने ज्ञातितर्विवग्गुरुसंनिधौ ॥ ११/१८२ ॥

अर्थात्:- गुण, स्वभाव र क्षमाताको आफ्नो वर्ण, संस्कार र कर्मबाट पतित भएको मनुष्य त्यो मनुष्य आफ्नो कुलको होस् या आफन्त होस् या आफ्नो सम्बन्धी होस् या गुरु र यज्ञ गराउने जो सुकै होस् यदि यदि मनुष्य वर्णच्यूत, संस्कारच्यूत र कर्मच्यूत भएर पतित भएमा द्विजले त्यस मनुष्यको हातको पानीपनि पिउनु हुँदैन । (समयको कलमः- पतितको अभिप्राय यो हो कि जो मनुष्यले वर्णाश्रमको धर्मबाट पृथक भएर आफ्नो समाज र मानव विधानको विरुद्धको कार्य गरेको भन्ने बुझिन्छ वैदिक संस्कार, वैदिक ज्ञान, वैदिक विधि र वैदिक विधान बाट पृथक भएर गलत कार्य गरेको भन्ने बुझिन्छ जसलाई म्लेच्छ पनि भनिन्छ)

दासी घटं अपां पूर्णं पर्यस्येत्प्रेतवत्पदा ।
अहोरात्रं उपासीरन्नशौचं बान्धवैः सह ॥ ११/१८३ ॥

अर्थात्:- हात या माटोको घड़ा या दुवै चिप्लो भएमा घड़ा हातबाट जसरी चिप्लियेर जमिनमा जान्छ र हात खाली हुन्छ घड़ा फुटेर माटोमा मिल्छ त्यसरी नै कर्मच्यूत, वर्णच्यूत र संस्कारच्यूत आफै पतन भएर म्लेच्छ बन्छ यस्तो म्लेच्छसँग कुनै सम्बन्ध नै राख्नु हुँदैन । यदि कुनै बाध्यताले सम्पर्क गर्नुपरेमा एक दिनमा निराहार उपवास गर्नुपर्छ ।

निवर्तेरंश्च तस्मात्तु संभाषणसहासने ।
दायाद्यस्य प्रदानं च यात्रा चैव हि लौकिकी ॥ ११/१८४ ॥

अर्थात्:- जुन मनुष्य कर्मच्यूत, संस्कारच्यूत र वर्णच्यूत भएर पतित मनुष्य बनेको हुन्छ, त्यस मनुष्यसँग सम्भाषण गर्न तथा एक आसनमा बस्न वा त्यस पतित व्यक्तिलाई पैतृक धनको भाग दिनु या त्यस्तो व्यक्तिसँग सांसारिक व्यवहार गर्नु अनुचित हुन्छ ।

ज्येष्ठता च निवर्तेत ज्येष्ठावाप्यं च यद्धनम् ।
ज्येष्ठांशं प्राप्नुयाच्चास्य यवीयान्गुणतोऽधिकः ॥ ११/१८५ ॥

अर्थात्:- जुन मनुष्य कर्मच्यूत, संस्कारच्यूत र वर्णच्यूत भएको हुन्छ त्यस मनुष्यको पैतृक सम्पत्तिमा उसको कुनै अधिकार उसलाई हुँदैन यदि उसको भाइ या दाइ गुण, कर्म, स्वभाव र क्षमता अनुसार कुनै पनि वर्णलाई धारण गरेको भएमा त्यसको पैतृक सम्पत्ति उसको भाइ या दाइलाई त्यसको सम्पत्ति दिनुपर्छ यदि दाइ(भाइ नभएमा उसको माता, पिताले त्यसको सम्पत्तिलाई संरक्षण गर्नुपर्छ ।

प्रायश्चित्ते तु चरिते पूर्णकुम्भं अपां नवम् ।
तेनैव सार्धं प्रास्येयुः स्नात्वा पुण्ये जलाशये ॥ ११/१८६ ॥

अर्थात्:- जुन मनुष्य कर्मच्यूत, संस्कारच्यूत र वर्णच्यूत भएर पतित भएको हुन्छ त्यस पतितले यदि नियम पूर्वक प्रायश्चित गरेर पुरा नियमलाई पालन गरेमा त्यसलाई यज्ञोपवीत गरेर संस्कार शुद्धिकरण सम्पन्न गरेर घरमा लिएर शुद्ध जलले स्नान गराएर गृह प्रवेश गराउनु पर्छन र उसको वर्णलाई धारणगर्ने अवस्था प्रदान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्छ। पतित हुनुभन्दा पहिले जस्तो अवस्था तथा सम्पर्क थियो अहिले शुद्धकरण भएपछि पनि त्यही अनुसार नै व्याबहार गर्नुपर्छ।

स त्वप्सु तं घटं प्रास्य प्रविश्य भवनं स्वकम्।
सर्वाणि ज्ञातिकार्याणि यथापूर्व समाचरेत्॥ ११/१८७॥

अर्थात्:- शुद्धकरण पछि त्यो मनुष्य पहिले जस्तै हुन्छ र आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसार आफ्नो वर्ण लाई धारण गरेर कर्मको विधानलाई यथाविधिले गर्नुपर्छ।

एतदेव विधिं कुर्याद्योषित्सु पतितास्वपि।
वस्त्रान्नपानं देयं तु वसेयुश्च गृहान्तिके॥ ११/१८८॥

अर्थात्:-माथि भनिएको नियम कर्मच्यूत, संस्कारच्यूत र वर्णच्यूत पुरूष मनुष्यको लागि मात्र भनिएको हैन यो नियम कर्मच्यूत र संस्कारच्यूत नारीमा पनि लागु हुन्छ यदि नारी कर्मच्यूत र संस्कारच्यूत भएर पतित भएमा त्यस नारीलाई आफन्तले सुरक्षाको लागि घर, निवास स्थान, अन्न, जल र वस्त्र भने दिनुपर्छ तर उसको घरमाकोही आउने जाने कार्य भने गर्नुहुँदैन।

एनस्विभिरनिर्णिक्तैर्नार्थ किं चित्सहाचरेत्।
कृतनिर्णेजनांश्चैव न जुगुप्सेत कर्हि चित्॥ ११/१८९॥

अर्थात्:- मनुष्य कर्मच्यूत, संस्कारच्यूत र वर्णच्यूत भएर पतित भएको मनुष्यले जबसम्म पापकर्मको प्रायश्चित गर्दैन तबसम्म कसैलेपनि कुनै पनि प्रकारको, कुनै किसिमको, आदान प्रदान तथा सम्पर्क गर्नुहुँदैन, जब पतितले पूर्ण नियमलाई पालन गरेर प्रायश्चित गर्छ र अब यस्तो पतित हुने कार्य नगर्ने प्रतिज्ञा गरेर यज्ञोपवित संस्कार गरेर शुद्धिकरण हुन्छ र अहिले नियमसँगत कर्म गरेको भएमा त्यसको कसैलेपनि निन्दा तथा घृणागर्नु भने हुँदैन यदि यस्तो कार्य कसैले गरेमा वर्णद्रोह गरेको आरोप लाग्ने छ।

बालघ्नांश्च कृतघ्नांश्च विशुद्धानपि धर्मतः।
शरणागतहन्तककंश्च स्त्रीहन्तककंश्च न संवसेत्॥ ११/१९०॥

अर्थात्:- जन्मदिने माता र गुरुमातासँग रमण गर्ने, भ्रुण तथा बालक हत्या गर्ने, कृतघ्न, शरणागतलाई हत्या गर्ने तथा स्त्रीको हत्या गर्ने र महापाप कार्य गरेको कुनै पनि व्यक्तिले आफ्नो पतित तथा महापापको प्रायश्चित गरे पनि त्यस व्यक्तिसँग कसैलेपनि कुनै पनि व्यवहार गर्नुहुँदैन। किनकि यी सबै महापाप प्रायश्चित गरेर पूरा पतन हुँदैन यस्तो महापापी बधयोग्य महापाप हो।

येषां द्विजानां सावित्री नानूच्येत यथाविधि।
तांश्चारयित्वा त्रीन्कृच्छ्रान्यथाविध्युपनाययेत्॥ ११/१९१॥

अर्थात्:- ब्राह्मण वर्ण, क्षत्रीयवर्ण, वैश्यवर्णको कुलमा जन्मेको तर वेद आरम्भ संस्कार अनियमित अर्थात् संस्कारको विधिअनुसार नभएको खण्डमा त्यस पाप कर्मको प्रायश्चितको लागि तीन कृच्छ्रव्रत गरेर यथाविधि पूर्वक यज्ञोपवीत संस्कार गराएर फेरि जनै लगाई दिनुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- ब्राह्मण वर्ण, क्षत्रीयवर्ण, वैश्यवर्णको कुलमा जन्मेको तर वेदआरम्भ संस्कार अनियमित भएको अर्थात् यज्ञोपवीत संस्कार (यथाविधि) उचित तरिकाले उचित समयमै (यस संस्करणको २/११(१३) नभएको खण्डमा त्यस व्यक्तिलाई तीन कृच्छ्रव्रत गराएर विधिपूर्वक उसको उपनयन संस्कार गराउनुपर्छ)

प्रायश्चित्तं चिकीर्षन्ति विकर्मस्थास्तु ये द्विजाः ।
ब्रह्मणा च परित्यक्तास्तेषां अप्येतदादिशेत् ॥ ११/१९२ ॥

अर्थात्:- आफू प्रतिकूलकर्मलाई गरेको अवस्थामा यदि द्विजले प्रयाश्चित गर्नुपर्ने अवस्था आएमा ती सबैले तीन कृच्छ्रव्रत गर्नुपर्छ चाहे त्यो ब्राह्मण, क्षत्रीय, वैश्य होस् या शुद्र नै, सबैमा यो नियम लागु हुन्छ ।

(समयको कलमः- वेदले निर्देशित गरेको कर्म गरेको तर आफ्नो गुण, कर्म, स्वभाव र क्षमता विरुद्धको कर्मलाई गरेमा पनि त्यस कर्मलाई प्रतिकूल कर्म भनिन्छ यदि कुनै पनि मनुष्यले आफ्नो गुण, कर्म, स्वभाव र क्षमता भन्दा अलग कर्म गरेमा पनि त्यसको लागि प्रायश्चित गर्नुपर्छ । किनकि त्यो कर्म उसको गुण, कर्म, स्वभाव र क्षमता भन्दा अलग हुनाले कसैलाई कुनै क्षति तथा हानी हुनसक्ने हुन्थ्यो तर भएन तैपनि त्यस कर्मलाई प्रतिकूल कर्म भनिन्छ त्यस्तो प्रतिकूल कर्मगर्ने मनुष्य जुन सुकै वर्णको होस् ब्राह्मण, क्षत्रीय, वैश्य र शुद्र सबैमा यो प्रायश्चितको नियम लागु हुन्छ यी प्रतिकूल कर्म गरेको भएमा प्रायश्चितको लागि एक कृच्छ्रव्रतको नियमलाई पालन गरेर प्रायश्चित गरेमा मात्र शुद्ध हुन्छ)

यद्गर्हितेनार्जयन्ति कर्मणा ब्राह्मणा धनम् ।
तस्योत्सर्गेण शुध्यन्ति जप्येन तपसैव च ॥ ११/१९३ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताअनूसार ब्राह्मणवर्ण लाई धारण गरेको मनुष्यले घृणितकर्म गरेर वेदज्ञानले निषेध गरेको तरिकाद्वारा जो मनुष्यले अनावश्यक धनलाई सञ्चयको कार्य शुरू गरेको हुन्छ तब त्यस मनुष्यको वर्णच्यूत हुन्छ पतित हुन्छ त्यसपछि आफ्नो पुरा धनलाई परित्याग गरेर या गुरुकुलको लागि दान दिएर सात कृच्छ्रव्रत गरेर एक वर्षसम्म निरन्तर गायत्री मन्त्रलाई जप गरेर आफूले अघि यस्तो कार्य नगर्ने प्रण गरेपछि यही तपद्वारा शुद्ध हुन्छ र आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसार आफ्नो वर्णलाई धारण गर्नसक्नेछ ।

जपित्वा त्रीणि सावित्र्याः सहस्राणि समाहितः ।
मासं गोष्ठे पयः पीत्वा मुच्यतेऽसत्प्रतिग्रहात् ॥ ११/१९४ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मणवर्ण लाई धारण गरेको मनुष्यले निन्दित तरिकाले धन कमाउने कार्यगर्ने कुनै पनि व्यक्तिले दिएको दान लिएमा या त्यो दानलाई स्वीकार गरेमा त्यो पनि पतित कार्य हो यस्तो दान लिएको खण्डमा प्रायश्चितको लागि त्यस दानको धनलाई पुरा त्याग गरेर निश्चिन्त भएर एक महिनासम्म गौशालामा बसेर सहस्र अर्थात् हजार गाईको सेवा गर्दै दैनिक प्रातः तथा संयकालमा गायत्री मन्त्रको जप गर्दै गौशालामा मै निवास गरेर गाईको दुधमात्र एक महिनासम्म पिएर रहनाले निकृष्ट कार्यद्वारा धन तथा दान ग्रहण गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पापको प्रायश्चित हुन्छ ।

उपवासकृशं तं तु गोव्रजात्पुनरागतम् ।
प्रणतं प्रति पृच्छेयुः साम्यं सौम्येच्छसीति किम् ॥ ११/१९५ ॥

अर्थात्:- एक महिनासम्म गौशालामा बसेर सहस्र अर्थात् हजार गाईको सेवागर्दै दैनिक प्रातः तथा संयकालमा गायत्री मन्त्रको जपगर्दै गौशालामा मै निवास गरेर गाईको दुधमात्र एक महिनासम्म पिएर बसेर दुब्लाएको र आफ्नो गलत कार्यको प्रायश्चितको लागि व्रतलाई धारण गरेको व्रतधारी जो गौशालामा रहेर दुब्लो र कृशांग भएको त्यस व्रतधारीको प्रायश्चित पुरा भएर घरमा समाजमा आएको त्यस मनुष्यलाई संस्कार गराएर द्विज बनेपछि त्यस समाजको मनुष्यसँग त्यस व्रतधारिले सोधनु पर्छ हे ! सज्जन महानुभावहरू होस् के म हजुरको समाजमा हजुरको समान भएर रहन सक्छु ? मैले अब वेदविरुद्धको कुनै कार्यगर्ने छैन प्रण गर्दछु भनेर आग्रह गरेपछि समाजले पनि स्वीकार गर्नुपर्छ ।

सत्यं उक्त्वा तु विप्रेषु विकिरेद्यवसं गवाम् ।
गोभिः प्रवर्तिते तीर्थे कुर्युस्तस्य परिग्रहम् ॥ ११/१९६ ॥

अर्थात्:- तब त्यस व्रतधारीलाई देखेर समाजमा रहेका गुण, कर्म, स्वभाव र क्षमताअनुसार आ-आफ्नो वर्णलाई धारण गरेको सबै सज्जनले ती व्रतधारीलाई स्वीकार गर्नुपर्छ ती व्रतधारिको यस्तो अवस्था देखेपछि समाजको अन्य कुनै पनि गुण, कर्म, स्वभाव र क्षमता अनुसार वर्ण धारण गरेको सज्जनले अघि वेदनिन्दित कर्मगर्ने व्यक्तिको घरबाट आग्राह्म धन तथा दानलाई ग्रहण गर्नेछैनन । समाजले स्वीकार गरेपछि गाईलाई घाँस दिएर गायत्री मन्त्रलाई जप गरेर अब सात्विक भोजन गर्नसक्नेछ अब आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसार नै फेरि नयाँ वर्णलाई धारण गरेर फेरि कर्म अनुसार कुनै पनि वर्णको मनुष्य बन्न सक्नेछ ।

व्रात्यानां याजनं कृत्वा परेषां अन्त्यकर्म च ।
अभिचारं अहीनं च त्रिभिः कृच्छ्रैर्व्यपोहति ॥ ११/१९७ ॥

अर्थात्:- यदि गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मण वर्णलाई धारण गरेको ब्राह्मणले पैसाको लालचमा व्रात्य अर्थात् संस्कारच्यूतको घरमा कुनै पनि यज्ञ गराएमा, माता, पिता, गुरु र आफन्तलाई छोडेर पैसाको लालचमा अन्य अपरिचित व्यक्तिको लासको दाहासंस्कार अर्थात् अन्त्येष्टि संस्कार गरेमा या अभिचार अर्थात् मन्त्रविद्याद्वारा कसैलाई पनि मार्ने अथवा पागल गराउने धम्की दिएर पैसा लिने यस्तो पतित कार्यगर्ने मनुष्य केही समय पहिले गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मणवर्णको भए पनि अहिले त्यो व्यक्ति पतित मनुष्य हो यस्तो पतित मनुष्यले तीन कृच्छ्रव्रतको नियमलाई पूर्ण पालन पालन गरेर प्रायश्चित गरेको हुँदैन तबसम्म यो पतित पापबाट शुद्ध हुँदैन ।

(समयको कलमः- व्रात्य त्यसलाई भनिन्छ जसको संस्कार समयमा नै भएको हुँदैन र अधिकार उत्पन्न संस्कार र वेदारम्भ संस्कार असमयमा भएको भएमा त्यस्तो व्यक्ति पतित सावित्री वा व्रात्य हुन्छ त्यसैले माता, पिताले आफ्नो वर्ण अनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो पुत्रको संस्कार समयमा नै गराउनु पर्छ)

शरणागतं परित्यज्य वेदं विप्लाव्य च द्विजः ।
संवत्सरं यवाहारस्तत्पापं अपसेधति ॥ ११/१९८ ॥

अर्थात्:- जो मनुष्यले शरणागत मनुष्यको रक्षा तथा सहायता गर्दैन, वेद ज्ञानलाई बुझ्ने विधानलाई नजानी नै विनासन्दर्भ, विनानियम, वेदज्ञानलाई पढाउनेकोशिश गरेको हुन्छन् त्यस व्यक्तिलाई दुराचारी भनिन्छ वेद पढाउनको लागि व्याकरणको नियम आदि ज्ञान हुनुपर्छ। ज्ञानलाई बुझ्न ज्ञानको नै ज्ञानलाई नै नजानी वेदज्ञानलाई पढाउनकोशिश गरेको हुन्छ त्यस्तो मनुष्यलाई दुराचारी मनुष्य भनिन्छ । यस्तो दुराचार मनुष्यले पापको प्रायश्चितको लागि एक वर्षसम्म गाईको दुधमा जौको सातु खानुपर्छ अन्य कुनै पनि भोजनगर्न निषेध गरिएको छ ।

(समयको कलमः- वेदपाठ गर्नलाई पहिले व्याकरण आदि शास्त्रको ज्ञान हुनु आवश्यक हुन्छ यदि व्याकरण तथा शास्त्रको ज्ञान नभएमा कुनै वेदज्ञानी विद्वान् अर्थात् ब्राह्मणको समीपमा रहेर वेदज्ञानलाई सुन्नुपर्छ बुझ्नुपर्छ भने जो मनुष्य दुराचारी हो त्यस मनुष्यलाई आफैले वेद पढाउन र पढ्न पनि अनुमति छैन)

श्वशृगालखरैर्दष्टो ग्राम्यैः क्रव्यादिभरेव च ।
नराश्वोष्ट्रवराहैश्च प्राणायामेन शुध्यति ॥ ११/१९९ ॥

अर्थात्:- अन्यको घरमा पालिएको हो या अज्ञातमा रहने कस्को हो थाह नभएको जनावर जस्तैः- कुकुर, गधा, स्याल, माँस भक्षण गरेको मनुष्य, घोड़ा, सुगुर, गाँउ घरमा रहने विरालो आदि मध्ये कुनै पनि प्राणीले यदि द्विज मनुष्यलाई छोएको भएमा भएमा स्नान गरेर प्राणायाम गर्नाले शुद्ध हुन्छ ।

षष्ठान्नकालता मासं संहिताजप एव वा ।
होमाश्च सकला नित्यं अपाङ्त्यानां विशोधनम् ॥ ११/२०० ॥

अर्थात्:- जो मनुष्य गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मण वर्णलाई धारण गरेको ब्राह्मण हो तर मांसभक्षी हो तथा गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मण वर्णको ब्राह्मण नै हो तर यो आचरणच्युत छ भने यी दुवै मनुष्यलाई अब ब्राह्मण भनिँदैन अपाङ्त्तेय पापी भनिन्छ यस्तो अपाङ्त्तेय पापी व्यक्ति समाजको लागि अतिनै घातक हुन् समाजको र ज्ञानी मनुष्यको सङ्गतमा रहन योग्य छैन यी दुवै पापी मनुष्य अन्तर्गत पर्छन यस्तो पापीले आफ्नो पापको प्रायश्चित गर्न चाहेमा दैनिक दुईपटक स्नान गरेर तीन दिनमा एक पटक अर्थात् छैटो छाकमा बेलूकीको एक पटकको मात्र भोजन गरेर एक महिना पर्यन्त दुईदिन उपवास गरेर तेस्रो दिनको सन्ध्याको भोजन गरेर यही नियमलाई पालन गर्दै पुरा वेदपाठ गरेर जबसम्म पुरा सकिँदैन तबसम्म यो कार्य गरीरहनु पर्छ। यो नियमलाई पूर्णपालन गर्दै दैनिक वेदपाठ गरेमा रमाथि भनिएको नियमलाई पूर्णपालन गरेमा अपाङ्त्तेय पापबाट शुद्धि हुन्छ ।

उष्ट्रयानं समारुह्य खरयानं तु कामतः ।
स्नात्वा तु विप्रो दिग्वासाः प्राणायामेन शुध्यति ॥ ११/२०१ ॥

अर्थात्:- अनावश्यक र आफूखुशी मालिकको अनुमति बिना ऊँटगाड़ी व गधागाड़ीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चढेको भएमा तथा स्नान घरमा पुरा शरीर नग्न भएर स्नानगर्ने व्यक्तिले जबसम्म प्राणायाम गर्दैन तबसम्म शुद्ध हुँदैन ।

(समयको कलमः- पुरा शरीर नग्न भन्नाले यज्ञोपवीत लाई निकाल्नु हुँदैन भन्ने हो तर यज्ञोपवीत यदि चूडिएको भएमा अमुक भएर परिवर्तन गर्नुपर्छ त्यस्तै स्नानगर्दा यदि यज्ञोपवीत निकालेको भएमा त्यो पाप हो तरपनि अन्जानमा यज्ञोपवीत चूडिएको भएमा स्नानगर्दा निकालेर राख्न सकिनेछ तर जबसम्म नयाँ यज्ञोपवीत धारण हुँदैन तबसम्म कुनै र कसैसँग बोल्नपनि अनुमति छैन)

विनाद्भिरप्सु वाप्यार्तः शारीरं संनिषेव्य च ।
सचैलो बहिराप्लुत्य गां आलभ्य विशुध्यति ॥ ११/२०२ ॥

अर्थात्:- नदीमा, कुवामा या अन्य ठाउँमा स्नान गर्दाको समयमा कुनै पनि नारी या पुरुषले पानीमा विष्टा र मुत्रलाई त्याग गरेमा त्यो पाप हो त्यस पापको प्रायश्चितको लागि एक अहोरात्री गाँउभन्दा वाहिर सुनसान ठाउँमा वासवस्नु पर्छ र अर्को दिन बिहान नदीमा गएर वस्त्रसहित स्नान गरेर घरमा आएर गाईको सेवा गरेमा त्यस पापको प्रयाश्चित पुरा भएर शुद्ध हुन्छ ।

वेदोदितानां नित्यानां कर्मणां समतिक्रमे ।
स्नातकव्रतलोपे च प्रायश्चित्तं अभोजनम् ॥ ११/२०३ ॥

अर्थात्:- वेदोक्त नैत्यिक (अग्निहोत्र संध्योपासन आदि) कर्मलाई दैनिक नगरेको खण्डमा र ब्रह्मचर्यावस्थामा व्रत (भिक्षाचरण आदि) नगरेको खण्डमा अभोजनं प्रायश्चितम् अर्थात् एक दिनको उपवास राख्नु पर्छ यही नै प्रायश्चित हो ।

हुङ्कारं ब्राह्मणस्योक्त्वा त्वम्कारं च गरीयसः ।
स्नात्वानश्नन्नहः शेषं अभिवाद्य प्रसादयेत् ॥ ११/२०४ ॥

अर्थात्:- वेदज्ञानी विद्वान् ब्राह्मण माता, पिताले बोलाएको खण्डमा कठोर र ठाडो शब्द हँ भनेर बोलेमा र कुनै पनि वृद्धलाईसम्मान नै नगरी अपमान जस्तो गरेर ' तिमी' भनेर पुकार गरेमा ती सबैसँग माफी माग्दै स्नान गर्नुपर्छ र ती सबैलाई यथासक्या भोजन गराएर प्रसन्न बनाएर प्राणायाम गरेर केवल एकदिनको उपवास पुरा गरेमा अभिभावक तथा वृद्धको अपहेलानाको प्रायश्चित पुरा हुन्छ ।

ताडयित्वा तृणेनापि कण्ठे वाबध्य वासस ।
विवादे वा विनिर्जित्य प्रणिपत्य प्रसादयेत् ॥ ११/२०५ ॥

अर्थात्:- गुण कर्म, स्वभाव र क्षमतालाई धारण गरेको आफ्नो धर्ममार्गमा सधैं चलेको वेदज्ञानी विद्वान् ब्राह्मणलाई कसैले पनि अनावश्यक डर धम्की दिन्छ भने र बिनकारण विवादगर्नेकोसिसगर्नेकोसिस गरेमा त्यस वेदज्ञानी विद्वान् ब्राह्मणसँग माफी माग्नुपर्छ र उसलाई प्रणाम गरेर प्रसन्न गराउनु पर्छ । एक कृच्छव्रतलाई पुरा नियमसँग पालन गर्दैपूरा गर्नुपर्छ ।

अवगूर्य त्वब्दशतं सहस्रं अभिहत्य च ।
जिघांसया ब्राह्मणस्य नरकं प्रतिपद्यते ॥ ११/२०६ ॥

अर्थात्:- वेदज्ञानी विद्वान् अर्थात् ब्राह्मणलाई बिनकारण कसैलेपनि शस्त्र उठाउँको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर प्रहार नागरेको भएमा त्यसको लागि त्यही वेदज्ञानी ब्राह्मणसँग माफी मागेर एक महिनासम्म त्यसको सनिध्यमा बसेर उसको सेवा गर्दै वेदज्ञानलाई ग्रहण गर्नुपर्छ जब ती वेदज्ञानी ब्राह्मण खुशी हुन्छ तब त्यस पापको केही प्रायश्चित शुद्धि हुन्छ बाँकी पापको लागि एक कृच्छ्रव्रतलाई पुरा नियमसँग पालनगर्दै पुरा गर्नुपर्छ ।

शोणितं यावतः पांसून्संगृह्णाति महतिले ।
तावन्त्यब्दसहस्राणि तत्कर्ता नरके वसेत् ॥ ११/१०७ ॥

अर्थात्:- गुण कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मण वर्णलाई धारण गरेको ब्राह्मण जसलाई वेदको पूर्णज्ञान रहेको हुन्छ त्यस्तो वेदज्ञानी विद्वान् ब्राह्मणको वध गर्नको लागि शस्त्र उठाउँमा मात्र कृच्छ्रव्रतको नियमलाई पूर्ण पालन गर्दै कृच्छ्रव्रत गर्नुपर्छ तर गुण कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मण वर्णलाई धारण गरेको ब्राह्मण जसलाई वेदको पूर्ण ज्ञान रहेको हुन्छ त्यस्तो वेदज्ञानी विद्वान् ब्राह्मणको रक्तपात तथा वध भएमा कृच्छ्र र अनिकृच्छ्र यी दुवै व्रतलाई पुरा नियमपूर्वक पालन गर्नुपर्छ हैनभने मृत्युपछिको यसको भोगाई यति घातक हुनेछ कि बयानको लागि कुनै शब्द नै छैन ।

अवगूर्य चरेत्कृच्छ्रं अतिकृच्छ्रं निपातने ।
कृच्छ्रातिकृच्छ्रौ कुर्वीत विप्रस्योत्पाद्य शोणितम् ॥ ११/२०८ ॥

अर्थात्:- अज्ञानको कारण गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मणवर्णलाई धारण गरेको ब्राह्मणलाई वध गर्नको लागि शस्त्र उठाउँको भएमा कृच्छ्रव्रत गर्नुपर्छ र वध नै गरेको भएमा अतिकृच्छ्र व्रत गर्नुपर्छ तथा अज्ञानमा रहेर वेदज्ञानी विद्वान् ब्राह्मणको रक्तपात गरेमा कृच्छ्र र अनिकृच्छ्र यी दुवै व्रत प्रायश्चितको लागि पूर्ण नियम सहित पालन गर्नुपर्छ ।

अनुक्तनिष्कृतीनां तु पापानां अपनुत्तये ।
शक्तिं चावेक्ष्य पापं च प्रायश्चित्तं प्रकल्पयेत् ॥ ११/२०९ ॥

अर्थात्:- जान अन्जानमा मनुष्यको जीवनमा धेरै पाप हुनगर्छ जुन अपराध तथा पापलाई प्रायश्चित गर्नको लागि भनिएको र विधि बताइएको छैन ती अपराधको दोषलाई दूर गर्नको लागि प्रायश्चित कर्ताको शक्ति र अपराधलाई देखेर विद्वान्ले शास्त्र र नीतिसम्मत प्रायश्चित विधिको निर्णयको व्यवस्था गर्नुपर्छ यो राजाको कर्तव्य हो ।

यैरभ्युपायैरेनांसि मानवो व्यपकर्षति ।
तान्वोऽभ्युपायान्वक्ष्यामि देवर्षिपितृसेवितान् ॥ ११/२१० ॥

अर्थात्:- अब जुन उपायको विधानले आफ्नो पापको प्रायश्चित गर्दा विद्वान् ऋषि र पितृले जुन जुन प्रायश्चित गरेर र गराएर मनुष्यलाई आफ्नो पापकर्मको पापबाट प्रायश्चित गराएर पापबाट छुटकारा पाउने विधानलाई भन्नुभएको छ तथा जुन विधानद्वारा मनुष्यले आफ्नो पापको कर्मफल भोगेर आफूले गरेको पापबाट छुटकरा पाएको हुन्छ अब त्यस बारेको वर्णनलाई सुन्नुहोस् ।

(समयको कलमः- प्रायश्चित विधिमा नै रहेर सबै ज्ञानी तथा विद्वान्ले कार्य गरेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन् अतः आफ्नो कर्ममा अधिक धेरै यस्तो कार्यछन् जुन कार्य पापकर्म र अधर्म हुन् । परन्तु जसको वर्णन हामीले अहिलेसम्म गरेका छैनौँ ती अज्ञात पापकर्मको प्रायश्चित गर्नको लागि वेदज्ञानी विद्वान् तथा राजाले अवस्था र परिस्थितीलाई हेरेर प्रायश्चितको व्यवस्था गर्न सक्नेछ। जबसम्म मनुष्यले यस प्रकारको कठोर व्रतको नियमलाई पालन गर्ने गर्थेकोही व्यक्तिले पनि पापकर्म गर्न त सोचनपनि सक्दैन थिए र प्रकोप तथा आपत्तिको समयमा मनुष्यमा सहनशीलताको अति नै सामर्थ्य हुन्थ्यो । कतिपय मनुष्यले यही दुःख प्रकोपलाई आपत्ति बुझ्ने गरेका हुन्छन् परन्तु पापकर्मका फल दुःख तथा पीड़ा नै हुन्छ कर्म जस्तो छ फलपनि त्यही अनुसार नै प्राप्त हुन्छ । अब जुन कर्म पापकर्मको गरेको अवस्थामा जुन उपायले मनुष्यले आफूले गरेको पाप तथा अपराधलाई दूर गरेको हुन्छ अब मैले विद्वान् र पिता आदि वयोवृद्ध व्यक्तिद्वारा पालन गरेको ती उपायको बारेमा तिमीलाई भन्ने छु)

त्र्यहं प्रातस्त्र्यहं सायं त्र्यहं अद्यादयाचितम् ।
त्र्यहं परं च नाश्नीयात्प्रजापत्यं चरन्द्विजः ॥ ११/२११ ॥

अर्थात्:- 'प्रजापत्य' नामकको व्रतलाई पालनगर्ने द्विजले पहिले तीनदिन प्रातःकाल, फेरि तीनदिन केवल सांयकाल, त्यस पश्चात् तीनदिन नमागी अर्थात् कसैसँग पनि माग्नु बोल्नु तथा बताउनु हुँदैन अमुक बनेर नमागी जुन भक्ष पदार्थ प्राकृतिक रुपमा मिलेको हुन्छ, पकेको होस् या काँचो सात्विक हुनुपर्छ त्यही भक्ष पदार्थलाई भोजन गर्नुपर्छ (पर त्रिंअहं न अश्नीयात्) त्यसपछि फेरि तीनदिन निराहार रहेर उपवास राख्नुपर्छ यो विधानलाई प्रजापत्य व्रत भनिन्छ । यो प्रजापत्य व्रत एकपटक पुरा गर्दा १२ दिन बितेको हुन्छ ।

(समयको कलमः- 'प्रजापत्यकृच्छ' प्रायश्चित्तको विधि हो यो व्रत अर्थात् पापको प्रायश्चित विधिलाई धारण गर्दा पहिले तीन दिनमा केवल प्रातःकालमा, त्यसपछिको तीन दिन केवल सायंकाल भोजन गर्नुपर्छ र तीनदिन अयाचित अन्न (माँगेको अन्न हैन, पकाएको हैन, कसैले गुप्त राखेको अन्न हैन कसैले दिएको हैन) आफै तर अहिले प्रकृतिसँग जोडिएको र आफै नै उम्रिएको कसैले लगाएको अन्न हैन त्यस्तो अन्नलाई खानुपर्छ त्यसपछि फेरि त्यही तरिकाले तीनदिन उपवास गर्नुपर्छ । एक प्रजापत्य व्रत पूरागर्दा जम्मा बाह्रदिनको चक्र पूराहुन्छ)

गोमुत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् ।
एकरात्रोपवासश्च कृच्छं सांतपनं स्मृतम् ॥ ११/२१२ ॥

अर्थात्:- गोमुत्र, गोबर, घिउ, दुध, दही, जल र कुश सहित यी सबैलाई एकत्र गरेर उमाल्नु पर्छ त त्यसबाट निस्किएको आर्क तीन चिया गिलास एकदिन पीऊनु पर्छ र दोस्रो दिन निराहार उपवास गर्नुपर्छ यो व्रतलाई सान्तपन कृच्छव्रत भनिन्छ र उपरोक्त सबै वस्तुलाई प्रेत्यक दिन एक-एक दिनमा एक वस्तु उमालेर त्यसबाट निस्किएको आर्कलाई भोजनको ठाउँमा प्रयोग गर्नुपर्छ र एक एक गरेर सातौँ-सातौँ दिन गरेर सामान्य उपवास गर्नुपर्छ यस व्रतलाई महासान्तपन कृच्छ व्रत भनिन्छ । यो व्रत ४९ दिन चलछ र पचासौ दिनमा फल मात्र भोजनको रुपमा प्रयोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्छ ।
(समयको कलमः- एक-एक दिन मानाको हिसाबले गाईको मुत्र, गाईको गोबरको रस, गाईको दुध, गाईको दुधको दही, गाईको घिउ र कुशलाई मिलाएर दर्भद्वारा उमालेर यी वस्तुको दर्भद्वारा निस्किएको पसीनाको जललाई दैनिक भोजनको रुपमा प्रयोग गर्नुपर्छ यो व्रत धारण गरेको अवस्थामा अन्य कुनै पनि वस्तुलाई प्रयोग गर्नुहुँदैन फेरि एक दिन-रातको पूर्ण उपवास राख्नुपर्छ, यसलाई कृच्छ सान्तपन नामक व्रत भनिन्छ । फेरि सबैलाई अलग अलग गरेर एक एक वस्तुलाई दर्भद्वारा पसीना निकालेर आर्क निर्माण गरेर प्रत्येक वस्तुको आर्कलाई एक एक दिन पिऊनु र एकसँग अर्को मिलाएर २५ दिनसम्म आर्क वनाएर एक आर्क दुई दिन पिएर गरिने व्रतलाई महासन्तापन कृच्छ व्रत भनिन्छ)

एकैकं ग्रासं अश्नीयात्त्र्यहाणि त्रीणि पूर्ववत् ।
त्र्यहं चोपवसेदन्त्यं अतिकृच्छ्रं चरन्द्विजः ॥ ११/२१३ ॥

अर्थात्:- 'अतिकृच्छ्र' नामको व्रतलाई धारण गर्दा तीनदिन प्रातःकाल, फेरि तीनदिन केवल सांयकाल, त्यस पश्चात् तीनदिन नमागी अर्थात् कसैसँग पनि माग्नु बोल्नु तथा वताउनु हुँदैन अमुक बनेर नमागी जुन भक्ष पदार्थ प्राकृतिक रुपमा मिलेको हुन्छ, पकेको होस् या काँचो सात्विक हुनुपर्छ त्यही भक्ष पदार्थलाई एक गास मात्र भोजन गरेर गरिने व्रत अतिकृच्छ व्रत हो ।
(समयको कलमः- अतिकृच्छ्रव्रत गर्दा द्विज पूर्वविधि (११/२११)को अनुसार तीनदिन केवल प्रातःकाल, तीन दिन केवल सांयकाल, तीनदिन कसैसँग पनि नमागी जो प्राकृतिक रुपमा प्राप्त भयो त्यो पदार्थलाई केवल एक-एक ग्रास (गास) भोजन गर्नुपर्छ र अन्तिम दिन उपवास राख्नुपर्छ यो व्रतलाई अतिकृच्छ व्रत भनिन्छ । ' अतिकृच्छ्र' व्रत गर्दा यो नियम हो कि तीन-तीन दिन एक-एक ग्रास खानुपर्छ अर्थात् पहिलो तीनदिन केवल प्रातःकालमा एक ग्रास, फेरि तीनदिन केवल सांयकालमा एक ग्रास, फेरि तीनदिन अयाचित भोजन एक ग्रास र अघि आउने तीनदिन फेरि उपवास गरेर प्रायश्चित गर्ने व्रत लाई अतिकृच्छ व्रत भनिन्छ)

तप्तकृच्छ्रं चरन्विप्रो जलक्षीरघृतानिलान् ।
प्रतिर्त्यहं पिबेदुष्णान्सकृत्स्नायी समाहितः ॥ ११/२१४ ॥

अर्थात्:- आफ्नो कर्म अनुसार प्रायश्चित गर्न चाहने मनुष्यको लागि अलग अलग व्रतको विधान 'तप्तकृच्छ्र' व्रतपनि हो तप्तकृच्छ्रलाई धारण गरेर प्रायश्चित गर्दा द्विजले तीनदिन तातो पानी, तीनदिन तातो दुध, तीनदिन तातोघिउ र तीनदिन तातो वायुलाई मात्र सेवनगर्ने र अन्तिमा स्नान गरेर अब उपरान्त कुनै वेद विरुद्धको कार्य नगर्ने भनेर गरिने व्रतलाई तप्तकृच्छ व्रत भनिन्छ । यो व्रत जम्मा बाह्र दिनको हुन्छ ।

यतात्मनोऽप्रमत्तस्य द्वादशाहं अभोजनम् ।
पराको नाम कृच्छ्रोऽयं सर्वपापापनोदनः ॥ ११/१२५ ॥

अर्थात्:- मन, इन्द्रिय र चित्तलाई आफ्नो वशमा स्थिर राखेर संयम भएर, कुनै पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाद(रहित भएर बाह्र दिनसम्म कुनै पनि भोजन नगर्ने प्रायश्चितको विधानलाई 'पराककृच्छ' व्रत भनिन्छ । यो व्रतद्वारा भक्ष पदार्थमा अभक्ष्य पदार्थ मिलाएर गरिएको सबै प्रकारको पाप दूर हुन्छ ।

एकैकं ह्रासयेत्पिण्डं कृष्णे शुक्ले च वर्धयेत् ।
उपस्पृशंस्त्रीषवणं एतच्चाण्द्रायणं स्मृतम् ॥ ११/२१६ ॥

अर्थात्:- आफ्नो पाप कर्मको अर्को प्रायश्चित विधि चान्द्रायण व्रत हो यो चान्द्रायण व्रत त्यसलाई भनिन्छ कि चन्द्रमाको चम्किलो भागको बिस्तार र संकुचन हुन्छ र विस्तार हुन्छ त्यही नियमअनुसार आफ्नो भोजनलाई प्रेत्यक दिन एक एक गास अर्थात् ग्रास बढाउदै र घटाउदै लैजानुपर्छ जसरी कृष्णपक्षको दिन केवल चौध गास भोजन गर्नुपर्छ भने कृष्णपक्षको पन्ध्रौं दिनमा एक ग्रास पनि भोजन गर्नुहुँदैन अर्थात् यस दिन उपवास गर्नुपर्छ र शुक्लपक्षको पहिले दिन एक गास दोस्रो दिन दुई गास गरेर बढाउदै लैजानु पर्छ पूर्णिमाको पन्द्रौ दिनमा पन्द्रौ ग्रास भोजन गर्नुपर्छ अहोरात्रमा केवल एक पटकमात्र र अहोरात्रमा तीन पटक स्नान गर्नुपर्छ ।

(समयको कलमः- पूर्णिमाको दिन पुरा अहोरात्रमा १५ ग्रास भोजन गर्नुपर्छ भने कृष्णपक्षमा एक(एक ग्रास भोजन प्रतिदिन कम गर्दै जानुपर्छ, यस प्रकारले व्रत गर्दै गर्दा अमावस्याको पूर्ण उपवास हुनेछ, फेरि शुक्लपक्ष(प्रतिपदाको पुरा अहोरात्रमा एक ग्रास भोजन गरेर शुक्लपक्षमा एक(एक ग्रास भोजन पुरा अहोरात्रमा बढ्दै जानेछ, यस प्रकारले व्रतलाई धारण गर्दै अहोरात्रमा तीन समय स्नान गर्नुपर्छ, यो विधिद्वारा आफूले गरेको पापको प्रायश्चित गर्ने विधिलाई नै 'चान्द्रायण' व्रत भनिन्छ । 'चान्द्रायण व्रत' गर्दा कृष्णपक्षमा एक(एक ग्रास भोजन घटाउदै जानु र शुक्लवाट एक(एक ग्रास भोजन बढ़ाउदै लैजानु र प्रत्येक अहोरात्रमा तीन पटक स्नान गर्नु)

एतं एव विधिं कृत्स्नं आचरेद्यवमध्यमे ।
शुक्लपक्षादिनियतश्चरंश्चान्द्रायणं व्रतम् ॥ ११/२१७ ॥

अर्थात्:- यवमध्यमचान्द्रायण व्रतलाई धारण गरेर आफ्नो पापलाई प्रायश्चित्त गर्न चाहने व्यक्तिले यही चान्द्रायणको सम्पूर्ण विधिको शुक्लपक्षको आदि दिनबाट प्रारम्भ गरेर निश्चित क्रमले गर्नुपर्छ अर्थात् शुक्ल पक्षको प्रथम अहोरात्रमा एक(एक ग्रास भोजनलाई कम गर्दै जानुपर्छ भने फेरि कृष्णपक्षमा एक(एक ग्रास भोजन बढाउनु पर्छ अर्थात् शुक्लपक्षको पहिलो दिनदेखि यो व्रत आरम्भ गरेर जानुपर्छ अर्थात् एक ग्रासवाट आरम्भ गरेर पूर्णिमाको पन्द्रग्रास पुरा गरेर कृष्ण पक्षमा घटाउदै जानुपर्छ यो विधिलाई यवचन्द्रायण व्रत भनिन्छ यो पनि प्रायश्चितको विधि हो ।

अष्टावष्टौ समश्नीयात्पिण्डान्मध्यंदिने स्थिते ।
नियतात्मा हविष्याशी यतिचान्द्रायणं चरन् ॥ ११/२१८ ॥

अर्थात्:- शुक्लपक्ष या कृष्णपक्षवाट थालनीको गरेर एक महिनासम्म मन, चित्त र इन्द्रियलाई आफ्नो नियन्त्रणमा राखेर अर्थात् जितेन्द्रिय भएर हवन योग्य द्रव्य पदार्थलाई आठ ग्रासमात्र दुई प्रहारको समयमा दिनको एक पटक मात्र र एक महिनासम्म नियमलाई पालन गरेर गरिने प्रायश्चित विधिलाई यतिचान्द्रायण व्रत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ ।

चतुरः प्रातरश्नीयात्पिण्डान्विप्रः समाहितः ।
चतुरोऽस्तं इते सूर्ये शिशुचान्द्रायणं स्मृतम् ॥ ११/२१९ ॥

अर्थात्:- चार ग्रास प्रातःकाल सूर्योदयको समय खाने र चारग्रास सायकालको सूर्यास्तको समयमा भोजन गरेर गरिने बाँकी समयमा निराहार रहने गरी गरिने प्रायश्चितलाई शिशु चान्द्रायण व्रत भनिन्छ ।

यथा कथं चित्पिण्डानां तिस्रोऽशीतीः समाहितः ।
मासेनाश्नन्हविष्यस्य चन्द्रस्यैति सलोकताम् ॥ ११/२२० ॥

अर्थात्:- जितेन्द्रिय भएर हवन योग्य द्रव्य पदार्थलाई मात्र एक महिनामा जम्मा २४० ग्रास अर्थात् अहोरात्रमा केवल आठग्रास मात्र भोजन गरेर प्रायश्चित गर्ने नियमलाई चन्द्रस्यतिव्रत भनिन्छ ।

त्र्यहं प्रातस्त्र्यहं सायं त्र्यहं अद्यादयाचितम् ।
त्र्यहं परं च नाश्नीयात्प्रजापत्यं चरन्द्विजः ॥ ११/२११ ॥

अर्थात्:- 'प्रजापत्य' नामकको व्रतलाई पालनगर्ने द्विजले पहिले तीनदिन प्रातःकाल, फेरि तीनदिन केवल सांयकाल, त्यस पश्चात् तीनदिन नमागी अर्थात् कसैसँग पनि मागनु बोल्नु तथा बताउनु हुँदैन अमुक बनेर नमागी जुन भक्ष पदार्थ प्राकृतिक रुपमा मिलेको हुन्छ, पकेको होस् या काँचो सात्विक हुनुपर्छ त्यही भक्ष पदार्थलाई भोजन गर्नुपर्छ (पर त्रिंअहं न अश्नीयात्) त्यसपछि फेरि तीनदिन निराहार रहेर उपवास राख्नुपर्छ यो विधानलाई प्रजापत्य व्रत भनिन्छ । यो प्रजापत्य व्रत एकपटक पुरा गर्दा १२ दिन बितेको हुन्छ ।

(समयको कलमः- 'प्रजापत्यकृच्छ' प्रायश्चित्तको विधि हो यो व्रत अर्थात् पापको प्रायश्चित विधिलाई धारण गर्दा पहिले तीन दिनमा केवल प्रातःकालमा, त्यसपछिको तीन दिन केवल सायंकाल भोजन गर्नुपर्छ र तीनदिन अयाचित अन्न (माँगेको अन्न हैन, पकाएको हैन, कसैले गुप्त राखेको अन्न हैन कसैले दिएको हैन) आफै तर अहिले प्रकृतिसँग जोडिएको र आफै नै उम्रिएको कसैले लगाएको अन्न हैन त्यस्तो अन्नलाई खानुपर्छ त्यसपछि फेरि त्यही तरिकाले तीनदिन उपवास गर्नुपर्छ । एक प्रजापत्य व्रत पूरागर्दा जम्मा बाह्रदिनको चक्र पूराहुन्छ)

गोमुत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् ।
एकरात्रोपवासश्च कृच्छ्रं सांतपनं स्मृतम् ॥ ११/२१२ ॥

अर्थात्:- गोमुत्र, गोबर, घिउ, दुध, दही, जल र कुश सहित यी सबैलाई एकत्र गरेर उमाल्नु पर्छ त त्यसबाट निस्किएको आर्क तीन चिया गिलास एकदिन पीउनु पर्छ र दोस्रो दिन निराहार उपवास गर्नुपर्छ यो व्रतलाई सान्तपन कृच्छ्रव्रत भनिन्छ र उपरोक्त सबै वस्तुलाई प्रेत्यक दिन एक(एक दिनमा एक वस्तु उमालेर त्यसबाट निस्किएको अर्कलाई भोजनको ठाउँमा प्रयोग गर्नुपर्छ र एक एक गरेर सातौँ(सातौँ दिन गरेर सामान्य उपवास गर्नुपर्छ यस व्रतलाई महासान्तपन कृच्छ व्रत भनिन्छ । यो व्रत ४९ दिन चलछ र पचासौ दिनमा फल मात्र भोजनको रुपमा प्रयोग गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- एक-एक दिन मानाको हिसाबले गाईको मुत्र, गाईको गोवरको रस, गाईको दुध, गाईको दुधको दही, गाईको घिउ र कुशलाई मिलाएर दर्भद्वारा उमालेर यी वस्तुको दर्भद्वारा निस्किएको पसीनाको जललाई दैनिक भोजनको रुपमा प्रयोग गर्नुपर्छ यो व्रत धारण गरेको अवस्थामा अन्य कुनै पनि वस्तुलाई प्रयोग गर्नुहुँदैन फेरि एक दिन(रातको पूर्ण उपवास राख्नुपर्छ, यसलाई कृच्छ सान्तपन नामक व्रत भनिन्छ । फेरि सबैलाई अलग अलग गरेर एक एक वस्तुलाई दर्भद्वारा पसीना निकालेर आर्क निर्माण गरेर प्रत्येक वस्तुको आर्कलाई एक एक दिन पिऊनु र एकसँग अर्को मिलाएर २५ दिनसम्म आर्क बनाएर एक आर्क दुई दिन पिएर गरिने व्रतलाई महासन्तापन कृच्छ व्रत भनिन्छ)

एकैकं ग्रासं अश्नीयात्त्र्यहाणि त्रीणि पूर्ववत् ।
त्र्यहं चोपवसेदन्त्यं अतिकृच्छ्रं चरन्द्विजः ॥ ११/२१३ ॥

अर्थात्:- 'अतिकृच्छ्र' नामको व्रतलाई धारण गर्दा तीनदिन प्रातःकाल, फेरि तीनदिन केवल सांयकाल, त्यस पश्चात् तीनदिन नमागी अर्थात् कसैसँग पनि माग्नु वोल्नु तथा बताउनु हुँदैन अमुक बनेर नमागी जुन भक्ष पदार्थ प्राकृतिक रुपमा मिलेको हुन्छ, पकेको होस् या काँचो सात्विक हुनुपर्छ त्यही भक्ष पदार्थलाई एक गाँस मात्र भोजन गरेर गरिने व्रत अतिकृच्छ व्रत हो ।

(समयको कलमः- अतिकृच्छ्रव्रत गर्दा द्विज पूर्वविधि (११/२११)को अनुसार तीनदिन केवल प्रातःकाल, तीन दिन केवल सांयकाल, तीनदिन कसैसँग पनि नमागी जो प्राकृतिक रुपमा प्राप्त भयो त्यो पदार्थलाई केवल एक-एक ग्रास (गास) भोजन गर्नुपर्छ र अन्तिम दिन उपवास राख्नुपर्छ यो व्रतलाई अतिकृच्छ व्रत भनिन्छ । ' अतिकृच्छ्र' व्रत गर्दा यो नियम हो कि तीन-तीन दिन एक-एक ग्रास खानुपर्छ अर्थात् पहिलो तीनदिन केवल प्रातःकालमा एक ग्रास, फेरि तीनदिन केवल सांयकालमा एक ग्रास, फेरि तीनदिन अयाचित भोजन एक ग्रास र अघि आउने तीनदिन फेरि उपवास गरेर प्रायश्चित गर्ने व्रत लाई अतिकृच्छ व्रत भनिन्छ)

तप्तकृच्छ्रं चरन्विप्रो जलक्षीरघृतानिलान् ।
प्रतिर्त्यहं पिबेदुष्णान्सकृत्स्नायी समाहितः ॥ ११/२१४ ॥

अर्थात्:- आफ्नो कर्मअनुसार प्रायश्चित गर्न चाहने मनुष्यको लागि अलग अलग व्रतको विधान 'तप्तकृच्छ्र' व्रतपनि हो तप्तकृच्छ्रलाई धारण गरेर प्रायश्चित गर्दा द्विजले तीनदिन तातो पानी, तीनदिन तातो दुध, तीनदिन तातोघिउ र तीनदिन तातो वायुलाई मात्र सेवनगर्ने र अन्तिममा स्नान गरेर अब उपरान्त कुनै वेद विरुद्धको कार्य नगर्ने भनेर गरिने व्रतलाई तप्तकृच्छ्र व्रत भनिन्छ । यो व्रत जम्मा बाह्र दिनको हुन्छ ।

यतात्मनोऽप्रमत्तस्य द्वादशाहं अभोजनम् ।
पराको नाम कृच्छ्रोऽयं सर्वपापापनोदनः ॥ ११/१२५ ॥

अर्थात्:- मन, इन्द्रिय र चित्तलाई आफ्नो वशमा स्थिर राखेर संयम भएर, कुनै पनि प्रमाद-रहित भएर बाह्र दिनसम्म कुनै पनि भोजन नगर्ने प्रायश्चितको विधानलाई 'पराककृच्छ्र' व्रत भनिन्छ । यो व्रतद्वारा भक्ष पदार्थमा अभक्ष्य पदार्थ मिलाएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको सबै प्रकारको पाप दूर हुन्छ ।

एकैकं ह्रासयेत्पिण्डं कृष्णे शुक्ले च वर्धयेत् ।
उपस्पृशंस्त्रीषवणं एतच्चाण्द्रायणं स्मृतम् ॥ ११/२१६ ॥

अर्थात्:- आफ्नो पापकर्मको अर्को प्रायश्चित विधि चान्द्रायण व्रत हो यो चान्द्रायण व्रत त्यसलाई भनिन्छ कि चन्द्रमाको चम्किलो भागको विस्तार र संकुचन हुन्छ र विस्तार हुन्छ त्यही नियमअनुसार आफ्नो भोजनलाई प्रेत्यक दिन एक एक गास अर्थात् ग्रास बढाउदै र घटाउँदै लैजानुपर्छ जसरी कृष्णपक्षको दिन केवल चौध गास भोजन गर्नुपर्छ भने कृष्णपक्षको पन्द्रौ दिनमा एक ग्रास पनि भोजन गर्नुहुँदैन अर्थात् यस दिन उपवास गर्नुपर्छ र शुक्लपक्षको पहिले दिन एक गाँस दोस्रो दिन दुई गास गरेर बढाउदै लैजानु पर्छ पूर्णिमाको पन्द्रौ दिनमा पन्द्रौ ग्रास भोजन गर्नुपर्छ अहोरात्रमा केवल एक पटकमात्र र अहोरात्रमा तीन पटक स्नान गर्नुपर्छ ।

(समयको कलमः- पूर्णिमाको दिन पुरा अहोरात्रमा १५ ग्रास भोजन गर्नुपर्छ भने कृष्णपक्षमा एक(एक ग्रास भोजन प्रतिदिन कम गर्दै जानुपर्छ, यस प्रकारले व्रत गर्दै गर्दा अमावस्याको पूर्ण उपवास हुनेछ, फेरि शुक्लपक्ष-प्रतिपदाको पुरा अहोरात्रमा एक ग्रास भोजन गरेर शुक्लपक्षमा एक-एक ग्रास भोजन पुरा अहोरात्रमा बढ्दै जानेछ, यस प्रकारले व्रतलाई धारण गर्दै अहोरात्रमा तीन समय स्नान गर्नुपर्छ, यो विधिद्वारा आफूले गरेको पापको प्रायश्चित गर्ने विधिलाई नै 'चान्द्रायण' व्रत भनिन्छ । 'चान्द्रायण व्रत' गर्दा कृष्णपक्षमा एक-एक ग्रास भोजन घटाउदै जानु र शुक्लबाट एक-एक ग्रास भोजन बढ़ाउदै लैजानु र प्रत्येक अहोरात्रमा तीन पटक स्नान गर्नु)

एतं एव विधिं कृत्स्नं आचरेद्यवमध्यमे ।
शुक्लपक्षादिनियतश्चरंश्चान्द्रायणं व्रतम् ॥ ११/२१७ ॥

अर्थात्:- यवमध्यमचान्द्रायण व्रतलाई धारण गरेर आफ्नो पापलाई प्रायश्चित्त गर्न चाहने व्यक्तिले यही चान्द्रायणको सम्पूर्ण विधिको शुक्लपक्षको आदि दिनबाट प्रारम्भ गरेर निश्चित क्रमले गर्नुपर्छ अर्थात् शुक्ल पक्षको प्रथम अहोरात्रमा एक(एक ग्रास भोजनलाई कम गर्दै जानुपर्छ भने फेरि कृष्णपक्षमा एक(एक ग्रास भोजन बढाउनु पर्छ अर्थात् शुक्लपक्षको पहिलो दिनदेखि यो व्रत आरम्भ गरेर जानुपर्छ अर्थात् एक ग्रासबाट आरम्भ गरेर पूर्णिमाको पन्द्रग्रास पुरा गरेर कृष्ण पक्षमा घटाउदै जानुपर्छ यो विधिलाई यवचन्द्रायण व्रत भनिन्छ यो पनि प्रायश्चितको विधि हो ।

अष्टावष्टौ समश्नीयात्पिण्डान्मध्यंदिने स्थिते ।
नियतात्मा हविष्याशी यतिचान्द्रायणं चरन् ॥ ११/२१८ ॥

अर्थात्:- शुक्लपक्ष या कृष्णपक्षबाट थालनीको गरेर एक महिनासम्म मन, चित्त र इन्द्रियलाई आफ्नो नियन्त्रणमा राखेर अर्थात् जितेन्द्रिय भएर हवन योग्य द्रव्य पदार्थलाई आठ ग्रासमात्र दुई प्रहारको समयमा दिनको एक पटक मात्र र एक महिनासम्म नियमलाई पालन गरेर गरिने प्रायश्चित विधिलाईलाई यतिचान्द्रायण व्रत भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुरः प्रातरश्नीयात्पिण्डान्विप्रः समाहितः ।
चतुरोऽस्तं इते सूर्ये शिशुचान्द्रायणं स्मृतम् ॥ ११/२१९ ॥

अर्थात्:- चार ग्रास प्रातःकाल सूर्योदयको समय खाने र चारग्रास सायंकालको सूर्यास्तको समयमा भोजन गरेर गरिने बाँकी समयमा निराहार रहने गरी गरिने प्रायश्चितलाई शिशु चान्द्रायण व्रत भनिन्छ ।

यथा कथं चित्पिण्डानां तिस्रोऽशीतीः समाहितः ।
मासेनाश्नन्हविष्यस्य चन्द्रस्यैति सलोकताम् ॥ ११/२२० ॥

अर्थात्:- जितेन्द्रिय भएर हवन योग्य द्रव्य पदार्थलाई मात्र एक महिनामा जम्मा २४० ग्रास अर्थात् अहोरात्रमा केवल आठग्रास मात्र भोजन गरेर प्रायश्चित गर्ने नियमलाई चन्द्रस्यतिव्रत भनिन्छ ।

एतद्व्रास्तथादित्या वसवश्चाचरन्व्रतम् ।
सर्वाकुशलमोक्षाय मरुतश्च महर्षिभिः ॥ ११/२२१ ॥

अर्थात्:- जितेन्द्रिय भएर हवनयोग्य द्रव्य पदार्थलाई मात्र एक महिनासम्म एक दिनमा जम्मा आठ ग्रास भोजन गर्नाले शरीरको ११ रुद्र र प्रकृतिको १२ आदित्यको प्रभावलाई सन्तुलित राख्ने र भक्ष अभक्ष्य पदार्थलाई प्रयोग गरेको पापको प्रायश्चितको लागि यो अति नै उत्तम व्रत हो चन्द्रस्यति व्रतले ब्रह्मपुरको पाचन प्रक्रियाको दुःखबाट निवृत्त गराउँछ त्यसैले यो व्रत सबैको लागि उत्तम व्रतपनि हो ।

महाव्याहृतिभिर्होमः कर्तव्यः स्वयं अन्वहम् ।
अहिंसा सत्यं अक्रोधं आर्जवं च समाचरेत् ॥ ११/२२२ ॥

अर्थात्:- आफ्नो कर्मको कर्मफलको प्रायश्चितकालमा प्रतिदिन प्रायश्चितकर्त्ताले स्वयमले महाव्याहृतिको विधानअनुसार (ॐ भूः भुवः स्वः आदि मन्त्र) वेद मन्त्रद्वारा हवन गर्नुपर्छ सधैँ सफा (मन वचन र कर्मद्वारा), सधैँ अहिंसा गर्नु (मन वचन र कर्मद्वारा), सत्यबोल्नु, क्रोधरहित, कुटील नहुनु, यी सबै नियमलाई पूर्ण पालन गर्नुपर्छ ।

त्रिरह्नस्त्रीर्निशायां च सवासा जलं आविशेत् ।
स्त्रीशुद्रपतितांश्चैव नाभीभाषेत कर्हि चित् ॥ ११/२२३ ॥

अर्थात्:- आफ्नो कर्मको प्रायश्चित गर्नको लागि व्रत धारण गरेको मनुष्यले अवस्था हेरेर न्यूनतम तीन पटक दिनमा र तीन पटक रात्रीमा वस्त्रसहित स्नान गर्नुपर्छ व्रतधारीले कुनै स्त्री वा कुनै शुद्र अर्थात् सारथीको सहयोग लीन र सहयोगको लागि साथमा राख्न पाउने छैन र प्रायश्चितको लागि व्रत गरेको जुनसुकै वर्णको मनुष्य भए पनि पतित (कर्मच्यूत, वर्णच्यूत र संस्कारच्यूत) व्यक्तिसँग कुनै पनि कुरा गर्नुहुँदैन अर्थात् पतित व्यक्तिसँग व्रतधारीले सम्भाषण गर्नुहुँदैन ।

स्थानासनाभ्यां विहरेदशक्तोऽधः शयीत वा ।
ब्रह्मचारी व्रती च स्याद्गुरुदेवद्विजार्चकः ॥ ११/२२४ ॥

अर्थात्:- आफ्नो कर्मको कर्मफलको लागि प्रायश्चित गर्ने व्रतधारी रात्री र दिन उभिनु हुन्छ वस्नु हुन्छ तर दिन तथा रात्रीमा शयन गर्नुहुँदैन, सामर्थ्य नभएको अवस्थामा केवल भूमिमा मात्र शयन गर्नुपर्छ, ब्रह्मचारी हुनुपर्छ अर्थात् स्त्री रमण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लगायतको कुनै पनि गृहस्थीको कार्य गर्नुहुँदैन मूँजको मेखला र आफ्नो सुरक्षाको लागि भने दण्ड धारण गर्नुपर्छ ।

सावित्रीं च जपेन्नित्यं पवित्राणि च शक्तितः ।
सर्वेष्वेव व्रतेष्वेवं प्रायश्चित्तार्थ आदृतः ॥ ११/२२५ ॥

अर्थात्:- प्रायश्चितकर्त्ता प्रायश्चितकालमा प्रतिदिन शक्ति अनुसार अधिकतम भन्दा अधिकतम सावित्री अर्थात् गायत्री मन्त्र र अन्य वेदको मन्त्र जसले मनलाई 'पवित्र गर्ने प्रार्थना' मन्त्रको जप गर्नुपर्छ, यो कार्य व्रतिको लागि व्रतमा प्रायश्चितको लागि उत्तम विधान हो ।

(समयको कलमः- यो विधानमा मन र अंतःस्करण शुद्धगर्ने मन्त्र भन्नाले अर्थात् अभिप्रायले त्यस मन्त्रलाई भनिएको हो जुन मन्त्रले मन र बुद्धिको शुद्धि र पाप कर्मगर्नबाट बचाएर शुभकर्म गर्नको लागि उपदेश दिइएको छ ।

एतैर्द्विजातयः शोध्या व्रतैराविष्कृतैनसः ।
अनाविष्कृतपापांस्तु मन्त्रैर्होमैश्च शोधयेत् ॥ ११/२२६ ॥

अर्थात्:- यी व्रत नै हो जो आफूले गरेको ज्ञात तथा अज्ञात पापको प्रायश्चित गरेर आफूलाई शुद्ध बनाउने विधान हो यी व्रतद्वारा नै द्विजले आफ्नो ती पापकर्मलाई प्रायश्चित्त गर्दा गोप्य राखेर या प्रकट गरेर बताउन पनि सक्नेछ र जो पापगुप्त राख्न चाहन्छ त्यो पनि यी प्रायश्चित गरेर कसैलाई नभनी आफ्नो पाप कर्मको कर्मफल आफैले पूरा भोग गर्नसक्छ र अन्तर्मनले गरेका कयौँ पापहरू जो शरीरको पाप हैन भावनात्मा भावनाको पाप हुन् त्यस पापलाई मन्त्र जपद्वारा तथा होमद्वारा निवारण गर्नुपर्छ ।

(समयको कलमः- जुन पाप क्रियारुपमा प्रकट भएको हुन्छ ती सबै पापलाई द्विजले यी व्रतलाई धारण गरेर प्रायश्चित गरेर यी पूर्वोक्त (११/२११(२२५)को व्रतद्वारा प्रायश्चित गरेर शुद्ध हुनुपर्छ र जुन पाप क्रियारुपमा प्रकट भएको हुँदैन अर्थात् अन्तःकरणमा नै भावनाको रुपमा उत्पन्न भएको हुन्छ, त्यसको लागि मन्त्र(जप (११/२२५) र यज्ञद्वारा शुद्ध हुनुपर्छ अर्थात् मानसिक पापको शुद्धि जप एव यज्ञ संध्योपासन अग्निहोत्र आदि कार्य गर्नाले शुद्ध हुन्छ)

ख्यापनेनानुतापेन तपसाध्ययनेन च ।
पापकृन्मुच्यते पापात्तथा दानेन चापदि ॥ ११/२२७ ॥

अर्थात्:- पाप गरेको व्यक्ति पापको प्रायश्चितको प्रकाश लाई पालन गर्नाले, अनुतापगर्ने व्यक्ति तप गर्नाले, शास्त्रको अध्ययन गर्ने व्यक्ति आपत्कालमा, दानगर्ने व्यक्ति आफ्नो अन्तर्मनको पापबाट छुटछ यी सबै कर्मको कर्मफल मिल्छ नै त्यो प्रायश्चितको समयमा ।

(समयको कलमः- आफ्नो त्रुटि र उस अघि दुःखको अनुभव गर्दैगर्दा सर्वसाधारणको सामने गरेको पापकर्मको कर्मफलसँग नै भन्नाले (११/२२८) पश्चात्ताप गर्नाले (११/२२९/२३२) व्रतद्वारा (११/२२०, २२२, २३३) र साधनाद्वारा, वेदाभ्यासबाट (११/२४५, २४६) मनमा पाप गर्ने पाप(भावनाबाट रहित हुन्छ र आपद्ग्रस्त रोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याधि, जरा पीड़ा आदिबाट पीड़ति अवस्थामा अपराध भएको खण्डमा परोपकारको कार्य गरेर दान दिनाले पनि मनुष्य पाप भावनाबाट मुक्त भएर पाप समाप्त भएर निष्पापता लाई प्राप्त हुन्छ ।

यथा यथा नरोऽधर्म स्वयं कृत्वानुभाषते ।
तथा तथा त्वचेवाहिस्तेनाधर्मेण मुच्यते ॥ ११/२२८ ॥

अर्थात्:- जब जब मनुष्यले आफूले गरेको पापकर्म अर्थात् अधर्म आचरणलाई अन्य मनुष्यको अघि प्रयाश्चित रुपमा प्रकट गरेको हुन्छ त्यसै हिसावले त्यो मनुष्य त्यो पाप तथा त्यो अधर्मबाट बिस्तारै बिस्तारै मुक्त हुन्छ आफ्नो पाप अरुलाई सुनाउनु पनि प्रायश्चित गर्नु नै हो त्यही प्रायश्चितद्वारा नै त्यस मनुष्यमा रहेको पापकर्मको कर्मफल आफै पतन हुन्छ किनकि पाप गर्नाले संसारमा अपयश प्राप्त हुन्छ र चित्त अर्थात् अन्तर्मन क्लेशित हुन्छ यो आफूले गरेको पाप सबैको सामु व्यक्त गर्दा कष्ट हुन्छ नै त्यही कष्ट नै त्यस पापको फल हुन्छ र त्यस पापलाई व्यक्त गर्नाले त्यो पापको कर्मफल जुन कष्ट थियो त्यसलाई प्रायश्चित्त अनुसार सबैलाई भनेर आफै भोगेर त्यो पापको फलफल पतन हुन्छ ।

यथा यथा मनस्तस्य दुष्कृतं कर्म गर्हति ।
तथा तथा शरीरं तत्तेनाधर्मेण मुच्यते ॥ ११/२२९ ॥

अर्थात्:- मनुष्यले आफूले गरेको आफ्नो कुनै पनि पाप कर्मको प्रायश्चित गर्दै जान्छ मनुष्य आफैमा सुधार हुँदै जान्छ र प्रायश्चित गर्ने मनुष्यको अन्तर्मनले आफूले गरेको पाप कर्मको कर्मलाई धिक्कार गरेको हुन्छ र भन्छ मैले यस्तो पाप कर्म किन गरे ? तब तब त्यस मनष्यको शरीरमा रहेको पाप कर्मको आवरण बिस्तारै बिस्तारै पतन हुँदै जान्छ र उसको शरीरमा रहेको अधर्म(अपराध(पापको आवरण पतन हुन्छ र आफूले गरेको पाप कर्म भोगेर नै त्यो मनुष्य पापकर्मबाट मुक्त अर्थात् निवृत्त हुन्छ अर्थात् कर्मफलको भोगाईको कारण मनमा प्रायश्चित उत्पन्न हुन्छ र आफूले गरेको पापकर्मलाई नराम्रो मानेर आफ्नो पाप कर्मप्रति ग्लानि भएको खण्डमा शरीर र अन्तर्मन सधैँ पाप कर्मलाई गर्नबाट निवृत्त भएको हुन्छ ।

(समयको कलमः- जसको मनले आफूले गरेको पाप कर्मलाई जब धिक्कार्न शुरूगर्छ मैले यस्तो अपराध गरेको हुँ तर कसरी ? मैले अब यस्तो पाप कर्म कहिल्यै पनि गर्दैन यो पाप कर्म हो यो पुण्य कर्म हो भन्ने ज्ञान जब जब मनुष्यले बुझ्न शुरूगर्छ तब तब त्यस मनुष्यको शरीर पहिले भएको पाप कर्मको कर्मफलबाट मुक्त हुन्छ किनकि यहाँ उसलाई प्रायश्चितको फल मिल्यो मैले किन पाप गरे भन्ने ?)

कृत्वा पापं हि संतप्य तस्मात्पापात्प्रमुच्यते ।
नैवं कुर्या पुनरिति निवृत्त्या पूयते तु सः ॥ ११/२३० ॥

अर्थात्:- पापकर्मको कर्मफललाई भोगगर्नको लागि नियमहरू पालन गर्दै जब प्रायश्चित गर्न शुरू गरेको हुन्छ त्यस मनुष्यलाई अन्तर्मनमा सन्ताप उत्पन्न हुन्छ सन्तापद्वारा नै अब अघि कहिल्यै पनि पापकर्म नगर्ने प्रण गरेको खण्डमा त्यस मनुष्यले गरेको पापकर्म पतन हुँदै जान्छ र आफ्नो कर्मफल पुरा भोग गरेपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण पाप कर्मको आवरण आफै पतन हुन्छ र अघि कुनै पापकर्मको आवरण नहुनाले र मनमा कुनै पापको भावना नहुनाले त्यो मनुष्य पवित्र हुन्छ ।
(समयको कलमः- 'अब कसैको मनमा यो शङ्का हुनसक्छ कि गरेको कर्मको कर्मफल नभोगी कुनै पनि मनुष्यको कर्मफल माफ हुन्छ या हुँदैन ? यसको उत्तर हो पूर्वकृत पापकर्मको कर्मफल अर्थात् दण्ड त जीवले प्राप्त गर्छ नै कर्मफल माफ हुन्छ भन्ने भनाई यो नियम विरुद्धको भनाई हो कुनै पनि कर्मको कर्मफल फल भोगे बिनानै छुटकारा मिल्छ भन्नु गलत हो यो भनाई कर्म र कर्मफलको नियम र न्यायको विधानको विरुद्धको भनाई हो ।

यदि कर्मको कर्मफल मिल्छ नै भने कुनै पश्चात्तापको विधान केको लागि ? यसका उत्तर यो हो पश्चातापबाट कर्मको कर्मफल अर्थात् पाप कर्मको कर्मफल क्षय हुँदैन तर प्रायश्चितको समयमा जो जो फलहरू भोग गर्नुपर्छ त्यो पाप कर्मको कर्मफल नै हो । भोको हुनु गाईको गौमुत्र, गोबर लगायतको वस्तुलाई भोजनको रुपमा हुनु के त्यो कर्मफको कर्मफल हुँदैन ? प्रायश्चितले कुनै पापकर्म माफ हुँदैन प्रायश्चितमा गर्नुपर्ने र धारण गर्नुपर्ने नियमले पाप कर्मलाई पुरा भगेको हुन्छ र प्रायश्चितले अघि कुनै पापकर्म गर्नबाट भने रोक्छ र पाप हुन् वन्द हुन्छ किनकि कर्म दुई किसीमका छन् एक वेद निर्देशित कर्म अर्को वेद विरुद्धको कर्म जुन कर्मलाई पापकर्म र पुण्य कर्मपनि भनिन्छ) ।

एवं संचिन्त्य मनसा प्रेत्य कर्मफलोदयम् ।
मनोवाङ्मूर्तिभिर्नित्यं शुभं कर्म समाचरेत् ॥ ११/२३१ ॥

अर्थात्:- 'मृत्युपछि पनि आफ्नो कर्मको कर्मफल अवश्य प्राप्त हुनेछ' मनमा यो विचारलाई राखेर मनुष्यले मन, वाणी र शरीरले सधैं वेद निर्देशित शुभ कार्य गर्नुपर्छ ।
(समयको कलमः- प्रत्येक कर्मगर्दा त्यो नियम मै रहेर कर्म गर्नुपर्छ किनकि आफ्नो कर्मको कर्मफल आफैलाई प्राप्त हुन्छ नै कर्मफल माफ हुँदैन कर्मफल या जीवित अवस्था मै मिल्छ या मृत्युपछि पनि मिल्छ नै त्यो कर्म पुण्यकर्म होस् या पापकर्म किन नहोस् सबै कर्मको कर्मफल मिल्छ नै त्यो फल मेरो हो मैले नै प्राप्तगर्ने हो यही प्रकारको मनमा भावना लिएर चिन्तन गर्दै सधैं वेद निर्देशित कर्म गर्नमा क्रियाशील हुनुपर्छ किनकि आफूले गरेको कर्मफल आफैलाई नै प्राप्त हुन्छ त्यसैले मनुष्यले मन, वाणी र शरीरले सधैं नित्य शुभ(कर्म गर्नुपर्छ) ।

अज्ञानाद्यदि वा ज्ञानात्कृत्वा कर्म विगर्हितम् ।
तस्माद्विमुक्तिं अन्विच्छन्द्वितीयं न समाचरेत् ॥ ११/२३२ ॥

अर्थात्:-अज्ञान अथवा ज्ञान मै अर्थात् पाप र पुण्य भन्ने बुझेर पनि निन्दित कर्म गरेको भएमा फेरि त्यही पापकर्म बाट वचनको लागि मनुष्य फेरि अर्को पाप प्रवृत्तिको कर्म गर्नुहुँदैन यसो गर्नाले कुनै पनि पापकर्मबाट छुटकारा प्राप्त हुँदैन पहिलो पटक गल्ती गरे पनि दोस्रो पटक त्यही गल्ती कहिल्यै पनि गर्नुहुँदैन तवमात्र मनुष्य पाप(प्रवृत्तिको कर्मबाट छुटकारा प्राप्त गर्छ अन्यथा हुँदैन जबसम्म एक पापको बारेमा जानेको हुँदैन फेरि अर्को पापकर्मको दलदल फसीनै रहनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्मिन्कर्मण्यस्य कृते मनसः स्यादलाघवम् ।
तस्मिंस्तावत्तपः कुर्याद्यावत्तुष्टिकरं भवेत् ॥ ११/२३३ ॥

अर्थात्:- जुन कर्म गरेर मनुष्यलाई आफ्नो मनमा भारीपन अर्थात् असन्तोष एवं अप्रसन्नता प्रकट हुन्छ त्यसो भएमा जबसम्म तपद्वारा त्यो प्रायश्चित गर्दैन तबसम्म अन्य कर्म नगरी तपकर्म गर्नु नै उत्तम हुन्छ तपपछि जब मनुष्यको आफ्नो मनमा जति सुप्रसन्नता एवं सन्तुष्टि हुन्छ त्यसपछि गरिने कर्मलाई तपकर्मको तरिकाले गर्नुपर्छ अर्थात् कुनै पापकर्मलाई गरेको मनुष्यको मन जबसम्म ग्लानिरहित पुर्ण सन्तुष्ट एवं प्रसन्नता भएको हुँदैन तबसम्म स्वेच्छा पूर्वक तप गर्नुपर्छ जबसम्म मन सन्तुष्ट हुँदैन र आफूलाई हल्का भएको अनुभूति हुँदैन ।

तपोमूलं इदं सर्वं दैवमानुषकं सुखम् ।
तपोमध्यं बुधैः प्रोक्तं तपोऽन्तं वेददर्शिभिः ॥ ११/२३४ ॥

अर्थात्:- ज्ञानीको लागि तप नै सुखको मूल हो, तप नै सुखको मूल मध्य र अन्त्य हो, देवता र मनुष्य यी दुवैको बीचको सुखको मूल, सुखको मध्य र सुखको अन्त तप नै हो ।

ब्राह्मणस्य तपो ज्ञानं तपः क्षत्रस्य रक्षणम् ।
वैश्यस्य तु तपो वार्ता तपः शुद्रस्य सेवनम् ॥ ११/२३५ ॥

अर्थात्:- तप नै ब्राह्मण हो, तप नै ब्रह्मज्ञान हो, तप नै क्षत्रीय हो, तप नै वैश्य हो, तप नै शुद्र हो, तपद्वारा नै ब्राह्मणले ब्रह्मज्ञानलाई प्राप्त गरेको हुन्छ, क्षेत्रीयले आफ्नो तपद्वारा नै संसारको रक्षा र संरक्षण गरेको हुन्छ , वैश्यले आफ्नो तपद्वारा नै कृषि र व्यापार गरेर संसारलाई भोजन उपलब्ध गराएर संसारको पालन गरेको हुन्छ र शुद्रले आफ्नो तपद्वारा नै सबैको सहयोगको लागि सारथीको कर्मगर्न सक्छ तपद्वारा नै शुद्र मधुरभाषी मितव्ययी र सेवाक हुनसक्छ तपद्वारा नै शुद्र आफैमा शुद्रवर्ण बनेको हुन्छ ।

ऋषयः संयतात्मानः फलमूलानिलाशनाः ।
तपसैव प्रपश्यन्ति त्रैलोक्यं सचराचरम् ॥ ११/२३६ ॥

अर्थात्:- तपद्वारा नै ऋषिगण आफूमा जितेन्द्रिय भएर फल, फूल वायु यी कुनै पनि एक पदार्थलाई भोजन गरेर चराचर त्रैलोक्य, चल अचल तीन अवस्था, तीन लोक, तीन काललाई तपद्वारा नै देखेका हुन्छन् र तपद्वारा नै सृष्टि सञ्चालकको अनुभूति आफूमा नै गरेका हुन्छन् ।

औषधान्यगदो विद्या दैवी च विविधा स्थितिः ।
तपसैव प्रसिध्यन्ति तपस्तेषां हि साधनम् ॥ ११/२३७ ॥

अर्थात्:- औषधी, अन्य ज्ञान तथा आरोग्यताको विद्या, ब्राह्मणको कर्मरुप, देवविद्या, वेदाज्ञान, वेदपाठ र विविध प्रकारका अनेक ज्ञान, विद्या, कर्म र त्यस कर्मको कर्मफलको पूर्ण ज्ञानको जानकारी तपबाट नै सिद्ध हुन्छ ।

यद्दुस्तरं यद्दुरापं यद्दुर्ग यच्च दुष्करम् ।
सर्वं तु तपसा साध्यं तपो हि दुरतिक्रमम् ॥ ११/२३८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- जुन कर्म कठिन छ सफलता प्राप्त गर्नको लागिस दुष्कर अर्थात् कठिन छ, जसलाई अनुभूति तथा प्राप्तगर्नको लागि अति दुष्कर छ, जसको ज्ञानको लाभ लिन अति दुष्कर छ, जुन ज्ञान अति सूक्ष्म भएको कारण ग्रहणगर्न अति नै दुष्कर छ ती सबै दुष्कर अवस्थालाई तपद्वारा सरल तरिकाले नै प्राप्त गर्न सकिन्छ। दुष्कर अर्थात् कठिन कर्म तथा अवस्थालाई पूर्णगर्ने मुख्य कारण नै तप हो।

महापातकिनश्चैव शेषाश्चाकार्यकारिणः।
तपसैव सुतप्तेन मुच्यन्ते किल्विषात्ततः ॥ ११/२३९ ॥

अर्थात्:- तपद्वारा नै ठूलो ठूलो महापाप गर्ने र दुष्कर्ममा लीन पापी मनुष्यपनि तपद्वारा नै ज्ञानलाई प्राप्त गरेर ज्ञानी बनेर त्यही तपद्वारा आफ्नो महापापको कर्मफललाई नियमसँग भोग गरेर महापापी तपद्वारा शुद्ध हुन् र ज्ञानी हुन् सक्छन्।

कीताश्चाहिपतंगाश्च पशवश्च वयांसि च।
स्थावराणि च भूतानि दिवं यान्ति तपोवलात् ॥ ११/२४० ॥

अर्थात्:- कयौँ प्राणी आफ्नो तपको कारणले नै आफूलाई प्राप्त हुने सुख दुःखको आभास पहिले नै गरेको हुन्छ कयौँ जीव आफ्नो तपको कारणले नै लामो समयसम्म भोकै र लामो समयसम्म शीतनिद्रा मै रहन सक्छन्। प्रकृति विरुद्धको कार्य नगर्ने हुनाले सर्प, किराहरू, पशु, पक्षी, चर, प्राणी यी सबैले आफ्नो तपो बलको कारण नै सुख अर्थात् स्वर्गलाई प्राप्त गरेको हुन्छ।

(समयको कलमः- २४० औँ श्लोकमा भनिएको छ कि भोगयोनीको नीच योनीमा जाने जीवपनि आफ्नो तपको बलको दशाद्वारा नै स्वर्गलाई प्राप्त गरेको हुन्छ यो पनि हुनसक्छ,आफ्नो तपोवलद्वारा ज्ञानलाई प्राप्तगर्ने ब्राह्मण, आफ्नो तपोवलद्वारा रक्षागर्ने क्षत्रीय, आफ्नो तपोवलद्वारा पालन पोषणगर्ने वैश्य, र आफ्नो तपोवलद्वारा सारथी अर्थात् समाज सेवागर्ने शुद्रपनि यो भनाई अनुसार अहिले आफैमा देवता हुनसक्छ।

यत्किं चिदेनः कुर्वन्ति मनोवाङ्मूर्तिभिर्जनाः।
तत्सर्वं निर्दहन्त्याशु तपसैव तपोधनाः ॥ ११/२४१ ॥

अर्थात्:- मन, वाणी, शरीरबाट जुनसुकै पापकर्म हुन्छ त्यो पापकर्मको कर्मफल भोगपनि तपबाट नै हुन्छ र त्यो पापकर्म गर्ने पनि र पापकर्मफलको कर्मफल भोग गर्ने पनि तपद्वारा नै हुन्छ र पापकर्मको कर्मफल भोगेर पतन गराउने पनि तपद्वारा नै हुन्छ।

तपसैव विशुद्धस्य ब्राह्मणस्य दिवौकसः।
इज्याश्च प्रतिगृह्णन्ति कामान्संवर्धयन्ति च ॥ ११/२४२ ॥

अर्थात्:- यज्ञ तपद्वारा सम्पन्न हुन्छ, यज्ञ पवित्र (शुद्ध) तपद्वारा नै हुन्छ, मन तथा शरीरको शुद्धि तपद्वारा हुन्छ, ब्राह्मण आफ्नो ज्ञानको तपद्वारा शुद्ध आचरण गरेको हुन्छ वेदज्ञानी ब्राह्मणले यज्ञमा राखेको हविष्यले प्रकृतीलाई सन्तुलन गरेको हुन्छ प्रकृतीले नै मनुष्यको इच्छित पदार्थको बृद्धिको लागि सहयोग गरेको हुन्छ। यो सबै तपद्वारा नै हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजापतिरिदं शास्त्रं तपसैवासृजत्प्रभुः ।
तथैव वेदानृषयस्तपसा प्रतिपेदिरे ॥ ११/२४३ ॥

अर्थात्:- तपद्वारा नै आफ्नो शक्तिलाई विग्रह गरेर प्रजापति अर्थात् ईश्वरले आफ्नो हिरण्यगर्भ ज्ञान वेदज्ञानलाई ऋषिको हृदयमा प्रकाशित गर्नुभयो । ऋषिले आफ्नो हृदयमा प्रकाशित भएको वेदज्ञानलाई तपको माध्यमद्वारा आफूमा उत्पन्न गर्नुभयो र तपद्वारा आफूमा उत्पन्न भएको वेदज्ञानलाई तपद्वारा अन्य ऋषिलाई प्रदान गर्नुभयो अन्य ऋषिले आफ्नो तपद्वारा सुनेर नै वेदज्ञानलाई प्राप्त गरेर तपद्वारा ज्ञानलाई आफूमा नै ग्रहण गर्नुभयो ।

(समयको कलमः- प्रजापति अर्थात् ईश्वरले आफ्नो हिरण्यगर्भ ज्ञान अर्थात् वेदज्ञानलाई आफ्नो शाक्तिलाई विग्रह गरेर त्यस सृष्टिविधानको ज्ञान वेदज्ञानलाई ऋषिहरूको हृदयमा प्रकशित गर्नुभयो ऋषिहरूले आफ्नो तपको माध्यमबाट वेदज्ञानलाई स्मरण क्षमातामा तपद्वारा नै स्थापित गर्नुभयोस त्यसपछि ऋषिहरूले आफ्नो तपद्वार नै स्मरणमा रहेको वेदज्ञानलाई आफ्नो तपद्वारा रुद्रघण्टी मार्फत् जिब्रो प्रवाहित गरेर जिब्रोलाई आफ्नो तपद्वारा नै क्रियाशील गरेर जिब्रोमा तरङ्गलाई उत्पन्न गरेपछि र तपद्वारा नै ओष्ठलाई कम्पन गराएर आफ्नो तपद्वारा जिब्रोमा उत्पन्न तरङ्गलाई ओष्ठको माध्यमबाट प्रकृतिमा मिलाउनु भयो प्रकृतिमा मिसिएको तरङ्गलाई अन्य ऋषि गणहरूले आफ्नो तपद्वारा कान मार्फत श्रवण गर्नुभयो कानले श्रवण गरेको तरङ्गलाई ऋषिगणहरूले आफ्नो तपद्वारा स्मरणमा स्थपित गर्नुभयो र तरङ्गलाई शब्दमा ग्रहण गर्नुभयो त्यो शब्दलाई आफ्नो तपद्वारा ग्रहण गर्नुभयो त्यस ज्ञानलाई वेदज्ञान र ती शब्दलाई अहिले वेदऋचा भनिन्छ । त्यही वेदऋचालाई अन्य ऋषिले आफ्नो तपद्वारा श्रवण गरेर ग्रहण गर्नुभयो त्यही हुनाले वेदज्ञान अनादि श्रुतिज्ञान हो । त्यही श्रुतिज्ञान वेद अहिले स्मृतिमा छ, वेद श्रुतिबाट स्मृतिपनि तप द्वारनै भएको हो)

इत्येतत्तपसो देवा महाभाग्यं प्रचक्षते ।
सर्वस्यास्य प्रपश्यन्तस्तपसः पुण्यं उत्तमम् ॥ ११/२४४ ॥

अर्थात्:- संसारमा जति पनि प्राणीको जन्म भएको छ ती सबै प्राणी तपद्वारा नै हो संसारको जति पनि प्राणी विद्यमान छन् ती सबै तपद्वारा नै विद्यमान भएका हुन, मनुष्यको दुर्लभ जन्मपनि तपको कारण नै हुन्छ, तपको कारण नै देवता हो, तप नै सबै अवस्थाको मूल हो, तपद्वारा नै वेदज्ञान ग्रहण हुन्छ, सबै नीति शास्त्रको ज्ञानको ग्रहण तप द्वार नै हुन्छ त्यसैले तप नै सबै विधानको जननी हो ।

वेदाभ्यासोऽन्वहं शक्त्या महायज्ञक्रिया क्षमा ।
नाशयन्त्याशु पापानी महापातकजान्यपि ॥ ११/२४५ ॥

अर्थात्:- मनुष्यले तपद्वारा नै प्रतिदिन वेदज्ञानलाई धेरै भन्दा अध्ययन, वेदज्ञान अनुसार उत्तम कर्म, पञ्चमहायज्ञको अनुष्ठान, (क्षमा) तप(सहिष्णुता यी सबै क्रिया ठुलो ठुलो धर्म र परोपकारको कर्म गर्ने भावना तपद्वारा नै उत्पन्न हुन्छ र कु(संस्कार र कुविचारलाई मनमा उत्पन्न हुन् दिँदैन त्यो पनि तपको कारण हो, तपले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै सबै पापकर्म लाई गर्न बाट रोकेर मनुष्यलाई नष्ट हुनबाट बचाउँछ ।
(समयको कलमः- प्रतिदिन वेदाभ्यास गर्ने, यथाशक्ति पञ्च महायज्ञ गर्ने क्षमाता, महापापबाट उत्पन्न भएको दोषलाई पनि तपद्वारा नै पतन गराउन सकिन्छ)

यथैधस्तेजसा वह्निः प्राप्तं निर्दहति क्षणात् ।
तथा ज्ञानाग्निना पापं सर्व दहति वेदवित् ॥ ११/२४६ ॥

अर्थात्:- जसरी प्रज्वलित अग्निको आफ्नो तेजको कारण समीपमा रहेको काष्ठ आदि ईन्धनलाई तत्काल जलाएर भष्म गरिदिन्छ त्यसरी नै वेदज्ञान रुपी ज्ञानको तपको ज्ञानरुप अग्निले मनुष्यमा आउने तथा उत्पन्न हुने सबै प्रकारको पाप भावनालाई जलाएर भष्म बनाई दिन्छ । पाप आचरण र पाप संस्कार तपद्वारा नै भष्म हुन्छ ।

इत्येतदेनसां उक्तं प्रायश्चित्तं यथाविधि ।
अत ऊर्ध्व रहस्यानां प्रायश्चित्तं निबोधत ॥ ११/२४७ ॥

अर्थात्:- साधारण मनुष्यको बीचमा प्रकट भएको पापको बारेमा प्रायश्चितको बारेमामाथि भानियो जुन पाप कर्मको ज्ञान आफूलाई थियो ती पापकर्मको प्रायश्चितको विधान भयो अब त्यस पापकर्मको बारेमा प्रायश्चितको विधानको बारेमा सुन्नुहोस् । पापकर्म भयो तर गुप्त अज्ञान अज्ञातको अवस्थामा भएको पापको अर्थात् अज्ञात पापको प्रायश्चित बारेमा सुन्नुहोस् ।

सव्याहृतिप्रणवकाः प्राणायामास्तु षोडश ।
अपि भ्रूणहनं मासात्पुनन्त्यहरहः कृताः ॥ ११/२४८ ॥

अर्थात्:- दैनिक प्रातः संयकालमा प्रणव (ॐ), र व्याहृतिको साथमा गायत्री मन्त्रको जपको साथमा दिनमा सोह्र पटक नित्यप्राणायाम गर्नाले अज्ञात अवस्थामा भएको भ्रुण हत्याको पापकर्मको प्रायश्चित हुन्छ ।

कौत्सं जप्त्वाप इत्येतद्वसिष्ठं च प्रतीत्यृचम् ।
माहित्रं शुद्धवत्यश्च सुरापोऽपि विशुध्यति ॥ ११/२४९ ॥

अर्थात्:- कुनै पनि मनुष्यले अन्जान तथा अज्ञात अवस्थामा सुरापान गरेको भएमा त्यस्तो मनुष्यले प्रायश्चितको लागि अन्तर्मन शुद्धिको लागि शोषचुधम भन्ने वेद ऋचा, कौत्स एवं प्रतिस्तो मेभीरुषस माहित्रीणाम एतेन्विदं स्तवाम भन्ने वेद ऋचालाई निरन्तर जप गर्नुपर्छ जवसम्म मन शान्त र सम हुँदैन ।

सकृज्जप्त्वास्यवामीयं शिवसंकल्पं एव च ।
अपहृत्य सुवर्ण तु क्षणाद्भवति निर्मलः ॥ ११/२५० ॥

अर्थात्:- अन्जानमा या अज्ञात अवस्थामा कुनै पनि मनुष्य ले सुन चोरी गरेको भएमा त्यस अन्जानमा भएको पापको प्रायश्चितको लागि अस्या वामस्य पालितस्य शिव शंकल्प र यज्जाग्रतोदुरम् भन्ने वेद ऋचाको निरन्तर जप गर्नुपर्छ जबसम्म मन शान्त र सम हुँदैन ।

यत्किं चिदेनः कुर्वन्ति मनोवाङ्मूर्तिभिर्जनाः ।
तत्सर्व निर्दहन्त्याशु तपसैव तपोधनाः ॥ ११/२४१ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- मन, वाणी, शरीरबाट जुनसुकै पापकर्म हुन्छ त्यो पापकर्मको कर्मफल भोगपनि तपबाट नै हुन्छ र त्यो पापकर्म गर्ने पनि र पापकर्मफलको कर्मफल भोग गर्ने पनि तपद्वारा नै हुन्छ र पापकर्मको कर्मफल भोगेर पतन गराउने पनि तपद्वारा नै हुन्छ ।

तपसैव विशुद्धस्य ब्राह्मणस्य दिवौकसः ।
इज्याश्च प्रतिगृह्णन्ति कामान्संवर्धयन्ति च ॥ ११/२४२ ॥

अर्थात्:- यज्ञ तपद्वारा सम्पन्न हुन्छ, यज्ञ पवित्र (शुद्ध) तपद्वारा नै हुन्छ, मन तथा शरीरको शुद्धि तपद्वारा हुन्छ, ब्राह्मण आफ्नो ज्ञानको तपद्वारा शुद्ध आचरण गरेको हुन्छ वेदज्ञानी ब्राह्मणले यज्ञमा राखेको हविष्यले प्रकृतीलाई सन्तुलन गरेको हुन्छ प्रकृतीले नै मनुष्यको इच्छित पदार्थको वृद्धिको लागि सहयोग गरेको हुन्छ । यो सबै तपद्वारा नै हुन्छ ।

प्रजापतिरिदं शास्त्रं तपसैवासृजत्प्रभुः ।
तथैव वेदानृषयस्तपसा प्रतिपेदिरे ॥ ११/२४३ ॥

अर्थात्:- तपद्वारा नै आफ्नो शक्तिलाई विग्रह गरेर प्रजापति अर्थात् ईश्वरले आफ्नो हिरण्यगर्भ ज्ञान वेदज्ञानलाई ऋषिको हृदयमा प्रकाशित गर्नुभयो । ऋषिले आफ्नो हृदयमा प्रकाशित भएको वेदज्ञानलाई तपको माध्यमद्वारा आफूमा उत्पन्न गर्नुभयो र तपद्वारा आफूमा उत्पन्न भएको वेदज्ञानलाई तपद्वारा अन्य ऋषिलाई प्रदान गर्नुभयो अन्य ऋषिले आफ्नो तपद्वारा सुनेर नै वेदज्ञानलाई प्राप्त गरेर तपद्वारा ज्ञानलाई आफूमा नै ग्रहण गर्नुभयो ।

(समयको कलमः- प्रजापति अर्थात् ईश्वरले आफ्नो हिरण्यगर्भ ज्ञान अर्थात् वेदज्ञानलाई आफ्नो शाक्तिलाई विग्रह गरेर त्यस सृष्टिविधानको ज्ञान वेदज्ञानलाई ऋषिहरूको हृदयमा प्रकशित गर्नुभयो ऋषिहरूले आफ्नो तपको माध्यमबाट वेदज्ञानलाई स्मरण क्षमातामा तपद्वारा नै स्थापित गर्नुभयोस त्यसपछि ऋषिहरूले आफ्नो तपद्वार नै स्मरणमा रहेको वेदज्ञानलाई आफ्नो तपद्वारा रुद्रघण्टी मार्फत जिब्रो प्रवाहित गरेर जिब्रोलाई आफ्नो तपद्वारा नै क्रियाशील गरेर जिब्रोमा तरङ्गलाई उत्पन्न गरेपछि र तपद्वारा नै ओष्ठलाई कम्पन गराएर आफ्नो तपद्वारा जिब्रोमा उत्पन्न तरङ्गलाई ओष्ठको माध्यमबाट प्रकृतिमा मिलाउनु भयो प्रकृतिमा मिसिएको तरङ्गलाई अन्य ऋषि गणहरूले आफ्नो तपद्वारा कान मार्फत श्रवण गर्नुभयो कानले श्रवण गरेको तरङ्गलाई ऋषिगणहरूले आफ्नो तपद्वारा स्मरणमा स्थपित गर्नुभयो र तरङ्गलाई शब्दमा ग्रहण गर्नुभयो त्यो शब्दलाई आफ्नो तपद्वारा ग्रहण गर्नुभयो त्यस ज्ञानलाई वेदज्ञान र ती शब्दलाई अहिले वेदऋचा भनिन्छ । त्यही वेदऋचालाई अन्य ऋषिले आफ्नो तपद्वारा श्रवण गरेर ग्रहण गर्नुभयो त्यही हुनाले वेदज्ञान अनादि श्रुतिज्ञान हो । त्यही श्रुतिज्ञान वेद अहिले स्मृतिमा छ, वेद श्रुतिबाट स्मृतिपनि तप द्वारनै भएको हो) ।

इत्येतत्तपसो देवा महाभाग्यं प्रचक्षते ।
सर्वस्यास्य प्रपश्यन्तस्तपसः पुण्यं उत्तमम् ॥ ११/२४४ ॥

अर्थात्:- संसारमा जति पनि प्राणीको जन्म भएको छ ती सबै प्राणी तपद्वारा नै हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संसारको जति पनि प्राणी विद्यमान छन् ती सबै तपद्वारा नै विद्यमान भएका हुन, मनुष्यको दुर्लभ जन्मपनि तपको कारण नै हुन्छ, तपको कारण नै देवता हो, तप नै सबै अवस्थाको मूल हो, तपद्वारा नै वेदज्ञान ग्रहण हुन्छ, सबै नीति शास्त्रको ज्ञानको ग्रहण तप द्वार नै हुन्छ त्यसैले तप नै सबै विधानको जननी हो ।

वेदाभ्यासोऽन्वहं शक्त्या महायज्ञक्रिया क्षमा ।
नाशयन्त्याशु पापानी महापातकजान्यपि ॥ ११/२४५ ॥

अर्थात्:- मनुष्यले तपद्वारा नै प्रतिदिन वेदज्ञानलाई धेरै भन्दा अध्ययन, वेदज्ञान अनुसार उत्तम कर्म, पञ्चमहायज्ञको अनुष्ठान, (क्षमा) तप(सहिष्णुता यी सबै क्रिया ठुलो ठुलो धर्म र परोपकारको कर्म गर्ने भावना तपद्वारा नै उत्पन्न हुन्छ र कु(संस्कार र कुविचारलाई मनमा उत्पन्न हुन् दिदैन त्यो पनि तपको कारण हो, तप ले नै सबै पापकर्म लाई गर्न बाट रोकेर मनुष्यलाई नष्ट हुनबाट बचाउँछ । (समयको कलमः- प्रतिदिन वेदाभ्यास गर्ने, यथाशक्ति पञ्च महायज्ञ गर्ने क्षमाता, महापापबाट उत्पन्न भएको दोषलाई पनि तपद्वारा नै पतन गराउन सकिन्छ) ।

यथैधस्तेजसा वह्निः प्राप्तं निर्दहति क्षणात् ।
तथा ज्ञानाग्निना पापं सर्व दहति वेदवित् ॥ ११/२४६ ॥

अर्थात्:- जसरी प्रज्ज्वलित अग्निको आफ्नो तेजको कारण समीपमा रहेको काष्ठ आदि ईन्धनलाई तत्काल जलाएर भष्म गरीदिन्छ त्यसरी नै वेदज्ञान रुपी ज्ञानको तपको ज्ञानरुप अग्निले मनुष्यमा आउने तथा उत्पन्न हुने सबै प्रकारको पाप भावनालाई जलाएर भष्म बनाई दिन्छ । पाप आचरण र पाप संस्कार तपद्वारा नै भष्म हुन्छ ।

इत्येतदेनसां उक्तं प्रायश्चित्तं यथाविधि ।
अत ऊर्ध्व रहस्यानां प्रायश्चित्तं निबोधत ॥ ११/२४७ ॥

अर्थात्:- साधारण मनुष्यको बीचमा प्रकट भएको पापको बारेमा प्रायश्चितको बारेमामाथि भानियो जुन पाप कर्मको ज्ञान आफूलाई थियो ती पापकर्मको प्रायश्चितको विधान भयो अब त्यस पापकर्मको बारेमा प्रायश्चितको विधानको बारेमा सुन्नुहोस् । पापकर्म भयो तर गुप्त अज्ञान अज्ञातको अवस्थामा भएको पापको अर्थात् अज्ञात पापको प्रायश्चित बारेमा सुन्नुहोस् ।

सव्याहृतिप्रणवकाः प्राणायामास्तु षोडश ।
अपि भ्रूणहनं मासात्पुनन्त्यहरहः कृताः ॥ ११/२४८ ॥

अर्थात्:- दैनिक प्रताः संयकालमा प्रणव (ॐ), र व्याहृतिको साथमा गायत्री मन्त्रको जपको साथमा दिनमा सोह्र पटक नित्यप्राणायाम गर्नाले अज्ञात अवस्थामा भएको भ्रुणहत्याको पापकर्मको प्रायश्चित हुन्छ ।

कौत्सं जप्त्वाप इत्येतद्वसिष्ठं च प्रतीत्यृचम् ।
माहित्रं शुद्धवत्यश्च सुरापोऽपि विशुध्यति ॥ ११/२४९ ॥

अर्थात्:- कुनै पनि मनुष्यले अन्जान तथा अज्ञात अवस्थामा सुरापान गरेको भएमा त्यस्तो मनुष्यले प्रायश्चितको लागि अन्तर्मन शुद्धिको लागि शोषचुधम भन्ने वेद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋचा, कौत्स एवं प्रतिस्तो मेभीरुषस माहित्रीणाम एतेन्विदं स्तवाम भन्ने वेद ऋचालाई निरन्तर जप गर्नुपर्छ जवसम्म मन शान्त र सम हुँदैन ।

सकृज्जप्त्वास्यवामीयं शिवसंकल्पं एव च ।
अपहृत्य सुवर्ण तु क्षणाद्भवति निर्मलः ॥ ११/२५० ॥

अर्थात्:- अन्जानमा या अज्ञात अवस्थामा कुनै पनि मनुष्यले सुन चोरी गरेको भएमा त्यस अन्जानमा भएको पापको प्रायश्चितको लागि अस्या वामस्य पालितस्य शिव शंकल्प र यज्जाग्रतोदुरम् भन्ने वेद ऋचाको निरन्तर जप गर्नुपर्छ जवसम्म मन शान्त र सम हुँदैन ।

हविष्पान्तीयं अभ्यस्य न तमं ह इतीति च ।
जपित्वा पौरुषं सूक्तं मुच्यते गुरुतल्पगः ॥ ११/२५१ ॥

अर्थात्:- कुनै पनि व्यक्तिले अन्जानमा मनमनै मनमा नै अज्ञानले जन्मदिने माता र ज्ञान दिने गुरुआमासँग रमण गरेको सोचेको भएमा पनि त्यो महापाप अन्तर्गतको पाप हो, यस्तो माहापाप सोचेको भएमा मात्र पनि प्रायश्चितको लागि हाविष्यन्त मजरंस्वविदि अथवा नतमन्हो न दुरितां अथवा इति वा इति में मन तथा सहस्राशीर्ष पुरूषसूक्त भन्ने वेद ऋचालाई निरन्तर जप गर्नुपर्छ जवसम्म आफ्नो मन स्थिर हुँदैन ।

एनसां स्थूलसूक्ष्माणां चिकीर्षन्नपनोदनम् ।
अवेत्यृचं जपेदब्दं यत्किं चेदं इतीति वा ॥ ११/२५२ ॥

अर्थात्:- मन मनै हुने, कर्म गर्दा अज्ञानमा हुने र भए गरेका तर आफूलाई ज्ञात नभएका स्थूल तथा सूक्ष्म किसिमको पापको प्रायश्चित गर्नको लागि तेहेलो वरुणा नमोभी अथवा यत्किंचेद वरुणो दैव्य जन अथवा इतिमें मन भन्ने वेद ऋचालाई निरन्तर दैनिक जप गर्नुपर्छ जवसम्म मन स्थिर र सम हुँदैन ।

प्रतिगृह्याप्रतिग्राह्यं भुक्त्वा चान्नं विगर्हितम् ।
जपंस्तरत्समन्दीयं पूयते मानवस्त्र्यहात् ॥ ११/२५३ ॥

अर्थात्:- अन्जानमा लीन अयोग्य वस्तु दान लिएको भएमा निःशुद्धि वस्तु खाएको भएमा आफ्नो अन्तर्मनमा यस्तो आभास भएमा त्यस्तो पापको प्रायश्चितको लागि तसत्समन्दि धावति नामको वेद ऋचालाई निरन्तर जप गर्नुपर्छ जवसम्म मन शान्त र सम हुँदैन ।

सोमारौद्रं तु वह्वेनाः मासं अभ्यस्य शुध्यति ।
स्रवन्त्यां आचरन्स्नानं अर्यम्णां इति च तृचम् ॥ ११/२५४ ॥

अर्थात्:- सौमारोद्र आदि चार चार ऋचा र जन्मआदि तीन ऋचा यी ऋचामा एक(एक ऋचालाई एक एक पटक जप गरेर, एक महिनासम्म निरन्तर नदीमा नै गएर स्नान गर्नाले अन्जानमा, अज्ञानमा, अज्ञातमा भएको कुनै पनि जलचर प्राणीको हत्या तथा क्षति भएको भएमा त्यो पापको प्रायश्चित विधि हो त्यस पापकर्मको प्रायश्चितको लागि यो जप निरन्तर गर्नुपर्छ जवसम्म मन शान्त र सम हुँदैन ।

अब्दार्ध इन्द्रं इत्येतदेनस्वी सप्तकं जपेत् ।
अप्रशस्तं तु कृत्वाप्सु मासं आसीत भैक्षभुक् ॥ ११/२५५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- नदीको पानीमा इनरको पानीमा कुवाको पानीमा मुत्र वा विष्ठा गरेको भएमा एक महिनासम्म एक दिनमा पाँच घरमा भिक्षायाचन गरेर भोजन गरेर साथ साथमा इन्द्र आदि सात ऋचालाई छ महिनासम्म निरन्तर जाप गरेमा पानीमा गरिएको अज्ञात मुत्र विष्ठा त्यस गरेको कर्मको कर्मफल यो प्रायश्चितद्वारा पुरा हुन्छ ।

मन्त्रैः शाकलहोमीयैरब्दं हुत्वा घृतं द्विजः ।
सुगुर्वप्यपहन्त्येनो जप्त्वा वा नम इत्यृचम् ॥ ११/२५६ ॥

अर्थात्:- कार्य आफूले गरेको हो गरेपछि थाहा भयो यो कार्य वेद विरुद्धको हो त्यो कार्य गल्ति हो भन्ने ज्ञान भएको समयदेखि नै मनलाई स्थिर राखेर निरन्तर त्राम्बकयं ऋचालाई निरन्तर जप गर्नाले र एक वर्षसम्म निरन्तर भिक्षा मागेर खाने गर्नाले यो गलत कार्यको प्रायश्चित पुरा हुन्छ ।

महापातकसंयुक्तोऽनुगच्छेद्गाः समाहितः ।
अभ्यस्याब्दं पावमानीर्भैक्षाहारो विशुध्यति ॥ ११/२५७ ॥

अर्थात्:- ब्रह्महत्या महापाप त भयो तर यो पापसँग अन्य कुनै एक पाप संयुक्त रुपमा भएको खण्डमा त्यसलाई प्रायश्चित भने हुनसक्छ त्यसको लागि चिन्ता रहित भएर निरन्तर गौशालामा गएर गाईको सेवक तथा अनुगामी बन्नूपर्छ भिक्षा मागेर भोजन गर्नुपर्छ र जितेन्द्रिय भएर एक वर्षसम्म नित्य पावमानी ऋचाको जपगर्दै गाईको सेवा गरेमा महापापसँग भएको अन्जानमा अज्ञात रहेको पापको प्रायश्चित पुरा हुन्छ तर महापापको कुनै प्रायश्चित छैन वध नै प्रायश्चित हो ।

अरण्ये वा त्रिरभ्यस्य प्रयतो वेदसंहिताम् ।
मुच्यते पातकैः सर्वैः पराकैः शोधितस्त्रीभिः ॥ ११/२५८ ॥

अर्थात्:- तीन पटकसम्म चन्द्रस्यतिव्रतले शुद्ध भएको मनुष्यले आफ्नो मनलाई संयमवान र चिन्तारहित बनाएर वेद संहितालाई तीन पटक अभ्यास सहित अध्ययन गर्नु र तीन पटक पराकव्रत गरेमा भावनामा भएका सबै किसिमको अज्ञानमा भएको माहापापको प्रायश्चित पुरा हुन्छ ।

त्र्यहं तूपवसेद्युक्तस्त्रीरह्नोऽभ्युपयन्नपः ।
मुच्यते पातकैः सर्वैस्त्रीर्जपित्वाघमर्षणम् ॥ ११/२५९ ॥

अर्थात्:- जितेन्द्रिय भएर नित्य प्रातः दोपहर सांयकालमा दिनमा तीन पटक स्नानगर्ने समयमा तीन पटक 'ऋतंच सत्यम् च' भन्ने यस मन्त्रलाई जप गर्नाले नुहाउने समयमा भएको अज्ञात रहेका सबै किसिमको पापको प्रायश्चित हुन्छ ।

यथाश्वमेधः क्रतुराट्सर्वपापापनोदनः ।
तथाघमर्षणं सूक्तं सर्वपापापनोदनम् ॥ ११/२६० ॥

अर्थात्:- जसरी राजाले आफ्नो प्रजाकोलाई शान्ति, सुरक्षा र देशको बिकाश तीब्र गतिमा कार्य गरेर प्रजालाई निर्भयता प्रदान गरेर आफ्नो अश्वमेध यज्ञलाई पुरा गरेको हुन्छ र प्रजाको नजिक आफूलाई उपस्थित गराएको हुन्छ त्यसरी नै अघमर्षण सूक्तको जपले मनुष्यलाई पापकर्म गर्नबाट दूर गराउँछ ।

हत्वा लोकानपीमांस्त्रीनश्नन्नपि यतस्ततः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋग्वेदं धारयन्विप्रो नैनः प्राप्नोति किं चन ॥ ११/२६१ ॥

अर्थात्:- ऋग्वेदको ज्ञानलाई ग्रहण र धारणगर्ने कुनै पनि मनुष्यलाई विप्र भनिन्छ विप्रले तीन लोकको विधानको ज्ञानलाई नै धारण गरेको हुन्छ त्यही ज्ञानको कारण अन्जान अज्ञात रुपमा खानसँग सम्बन्धित जतिपनि पाप भएको हुन्छन् त्यो पाप आफै पतन हुन्छन् ।

ऋक्संहितां त्रिरभ्यस्य यजुषां वा समाहितः ।
साम्नां वा सरहस्यानां सर्वपापैः प्रमुच्यते ॥ ११/२६२ ॥

अर्थात्:- चिन्तारहित भएर ऋग्वेद, यजुर्वेद, सामवेदको ज्ञानलाई संहिता सहित अध्ययन गर्नाले सृष्टिको कर्मविधानको ज्ञानलाई जानेको हुनाले ज्ञानको विषयमा गरेको कुनै पनि अज्ञात पाप भएमा आफै पतन हुन्छ ।

यथा महाह्रदं प्राप्य क्षिप्तं लोष्टं विनश्यति ।
तथा दुश्चरितं सर्व वेदे त्रिवृति मज्जति ॥ ११/२६३ ॥

अर्थात्:- जसरी ठूलो नदीमा डुबाईएको माटोको थुप्रोको अस्तित्व नदीमा समाहित भएर माटोको थुप्रो आफै पतन भएर पानीमा बिलीन हुन्छ ठीक त्यही प्रकार तीन विद्या भएको ज्ञान वेदज्ञानलाई ग्रहण गरेको मनुष्यलाई कुनै पनि खराव आचारण भएको महापापी मनुष्यकोसँगतले कुनै किसिमको प्रभावित गर्न सक्दैन ।

ऋचो यजूंषि चान्यानि सामानि विविधानि च ।
एष ज्ञेयस्त्रीवृद्वेदो यो वेदैनं स वेदवित् ॥ ११/२६४ ॥

अर्थात्:- ऋग्वेद, यजुर्वेद र सामवेद यी तीन वेदको अनेक मन्त्र अलग अलग अध्ययन गर्नुलाई 'त्रिवृत्वेद' भनिन्छ, जो यस त्रिवृत्वेद सहित सबै चार वेदको ज्ञानलाई नै जानेको हुन्छ त्यही मनुष्यलाई वस्तुतः 'वेदवेत्ता' भनिन्छ । ऋक्, यजुः, साम यो विदालाई त्रयीविद्या भनिन्छ । यही तीन ज्ञानको पुरा ज्ञानलाई बुझेर पुरा चार वेदज्ञानलाई बुझेर त्यही वेदको ज्ञानलाई आफूमा जसले धारण गरेको हुन्छ त्यही ज्ञानीलाई नै वेदवित् भनिन्छ ।

आद्यं यत्त्र्यक्षरं ब्रह्म त्रयी यस्मिन्प्रतिष्ठिता ।
स गुह्योऽन्यस्त्रीवृद्वेदो यस्तं वेद स वेदवित् ॥ ११/२६५ ॥

अर्थात्:- तीन अक्षरले सम्पन्न भएको ईश्वरको प्रमुख नाम 'ॐ' हो 'ॐ'द्वारा उच्चरित हुने कार्य अनूसार ग्रहण हुने नामको मुख्य नाम 'ॐ' नै साश्वत आदिमूल ईश्वरको निज नाम हो, जुन नाम तीन वेदविद्यामा प्रतिष्ठित रहेको हुन्छ, त्यो पनि एक गुप्त अर्थात् अदृश्य-सूक्ष्म 'त्रिवृत्वेद' नै हो जसले यो ज्ञानलाई जानेको हुन्छस जसले ईश्वरको कार्य र नामलाई विस्तृत जानेको हुन्छ त्यस ज्ञानी मनुष्यलाई नै 'वेदवेत्ता' भनिन्छ ।

एष वोकभिहितः क्रित्सनः प्रायश्चितस्य निर्णयः ।
निःश्रेयसम धर्म विधिं विप्रस्येम निवोधत ॥ ११/२६६ ॥

अर्थात्:- यहसम्म (११/४४(२६५) पापकर्मको प्रायश्चितको सम्पूर्ण अपराध अर्थात् पाप, त्यस पापको प्रायश्चित तरिका एवं प्रायश्चित गर्दा गर्नुपर्ने सबै विधि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधान नियम तथा निर्णयको बारेमा भयो । अब अघि (१२/१२५सम्म) गुण, कर्म, स्वभाव र क्षमता अनुसार चारवर्णले धारण गरेको मनुष्यको मोक्षको धर्मविधान र कर्मविधानको बारेमा सुन्नुहोस् । अर्थात् यहाँसम्म पूरा-पूरा कर्मको प्रायश्चित तथा फलको निर्णय बारेमा भयो अब ब्राह्मणको लागि मोक्ष(धर्मको विधिको बारेमा सुन्नुहोस् ।

ॐ तत्सदिति महर्षि मनुमहाराजस्य कृत मनुस्मृति विधानां विद्यायां नियमशास्त्रे भृगु-समय संवादे मनुस्मृति अन्तर्गते मनुष्य कर्म कर्मफलानां विषयं मनुष्यः व्यवहारं एवं प्रयाश्चित विधि एवं विविध ज्ञानं नामक एकादशोऽध्यायः

अर्थात्:- महर्षि मनुमहाराजद्वारा निर्देशित मनुस्मृतिको नियम र विधान अन्तर्गतको भृगु र समय बीचमा भएको र संवादमा रुपमा रहेको मनुस्मृतिको मनुविधानअनुसार मनुष्यको कर्म अन्तर्गतको कर्म कर्मफल र कर्मफलको प्रयाश्चित ब्को निर्माणको बारेमा भनिएको र विभिन्न विधानको ज्ञानमा रहेको एघारौ अध्याय समाप्त भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

।। अथ द्वादशोऽध्यायः ।।

मनुस्मृति अध्यायः-१२

कर्मफलको विधान एवम् निःश्रेयस कर्म

चातुर्वर्ण्यस्य कृत्स्नोऽयं उक्तो धर्मस्त्वयानघः ।
कर्मणां फलनिर्वृत्तिं शंस नस्तत्वतः पराम् ॥ १२/१ ॥

अर्थात्:- महर्षि मनुमहाराजसँग मैले फेरि भने अघिल्लो अंशमा भनिएको गुण, कर्म, स्वभाव र क्षमताअनुसार चारवर्णलाई धारण गरेको मनुष्यले गरेको प्रायश्चितको वर्णन भयो, कर्मको कर्मफल र त्यसको प्रायश्चितको विधान हजुरले यथाविधि तरिकाले वर्णन गर्नुभयो । अब चारवर्णको आफ्नो आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसार पुण्य र पाप कर्मको कर्मफलको बारेमा र जीवात्माले आफ्नो कर्म अनुसारको शरीरलाई धारण र ती शरीरधारण गरेको सबै जीवात्माको स्वभाविक र प्राकृतिक गुणको बारेमा बिस्तृत वर्णन गर्नुहोस् ।

स तानुवाच धर्मात्मा महर्षीन्मानवो भृगुः ।
अस्य सर्वस्य शृणुत कर्मयोगस्य निर्णयम् ॥ १२/२ ॥

अर्थात्:- मैले यो अनुरोधलाई पुकार गरेपछि महर्षि मनुमहाराजले मिठो मुस्कानसँग भन्नुभयो हे धर्मात्मा र ज्ञानी ऋषि भृगु ! लगायत अन्य ऋषिमुनिहरू हो ! सबै कर्मको योग अर्थात् कर्मको सम्बन्धको बारेमा जन्म, गुण, कर्म, स्वभाव र क्षमताको बारेमा वर्णन गर्छु सुन्नुहोस् अर्थात् समस्त कर्मयोगको कर्मको कर्मफलको बारेमा श्रवण हेर्नुहोस् ।

शुभाशुभफलं कर्म मनोवाग्देहसंभवम् ।
कर्मजा गतयो नकक्णां उत्तमाधममध्यमः ॥ १२/३ ॥

अर्थात्:- मन, वचन र शरीरले गरिने कर्मले नै सबै किसिमको शुभ(अशुभ कर्मको कर्मफल प्राप्त हुन्छ र ती कर्मको कर्मफल अनुसार जीवात्माले उत्तम, मध्यम र अधम गरी तीन गतीलाई अर्थात् जन्म आवस्था प्राप्त गरेको हुन्छ ।

(समयको कलमः- मन, वचन र कर्मबाट सम्पन्न गरिने कर्मबाट नै शुभ र अशुभ फलको निर्धारण हुन्छ, शुभ असुभ फल कसैको उपहार हैन आफ्नो कर्मको कर्मफल हो । ती कर्मद्वारा नै मनुष्यको मृत्यु र मनुष्यको जन्मको गतिपनि अर्थात् अवस्थापनि निर्धारण हुन्छ र मनुष्यको गतिपनि तीन किसिमको नै हुन्छ । तीनगतिमा पहिलो गति उत्तमगति, दोस्रो मध्यमगति र तेस्रो अधमगति हो यही तीन गतिको अवस्था अनुसार नै जीवात्माले आफ्नो मन, वचन र कर्मले गरेको कर्मको कर्मफललाई प्राप्त गरेको हुन्छ)

तस्येह त्रिविधस्यापि त्र्यधिष्ठानस्य देहिनः ।
दशलक्षणयुक्तस्य मनो विद्यात्प्रवर्तकम् ॥ १२/४ ॥

अर्थात्:- मनुष्यको मनको त्यस तीन अवस्था उत्तम अवस्था, मध्यम अवस्था, अधम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्था तीन प्रकार र मन, वाणी र शरीर तीन अधिष्ठान भएको तथा धर्मको दश लक्षणलाई नै कर्मको प्रवर्तक हो भनेर बुझ्नुपर्छ अर्थात् साधारणतया कर्मको तीन अधिष्ठान छन् ती हुन् मन, वाणी र कर्म, परन्तु मूलतः यी सबैको अधिष्ठान भने मन नै हो । किनकि शरीर र वाणीबाट हुने सम्पूर्ण कर्मको मूलतः मनबाट नै उत्पन्न हुन्छ ।

(समयको कलमः- मनुष्यले तीन किसिमले कर्म गरेको हुन्छ मन, वचन र शरीरले त्यही अनुसार नै मनुष्यले तीन अवस्था उत्तम अवस्था, मध्यम अवस्था, अधम अवस्थाको अलग अलग तरिकाले कर्म हुन्छ यही तीन भेदबाट तीन प्रकारको मन, वचन, क्रिया भेदले तीन आश्रया र दश लक्षणबाट युक्त कर्मका प्रवृत्त हुन्छ तर शरीर व्यवहार र संसारमा जति पनि कर्म हुन्छ त्यो सबै कर्मको मूल मन नै हो भन्ने बुझ्नुपर्छ)

परद्रव्येष्वभिध्यानं मनसानिष्टचिन्तनम् ।
वितथाभिनिवेशश्च त्रिविधं कर्म मानसम् ॥ १२/५ ॥

अर्थात्:- मनसँग सधैं सम्वन्धित रहने तीन दुष्टकर्म अर्थात् अधर्म रहेको हुन्छ ।

१) अन्यको द्रव्यप्रति ध्यान
२) मनबाट नै नकारात्मक चिन्तन
३) परलोकको बारेको व्यर्थता अर्थात् मनले यो सोच्नुको जन्ममृत्यु एक हुन्छ परलोक भन्नेकोही वस्तु ठाउँ या अवस्था नै छैन भनेर सोच्नु ।

(समयको कलमः- मानसिक कर्ममा तीन मुख्य अधर्म हुने गर्छन परद्रव्यहरण अथवा कुनै राम्रो उत्तम वस्तु तर अरुको भएमा त्यस वस्तुलाई जसरी पनि प्राप्तगर्ने चाहना हुनु तर नियम विपरीत अर्थात् चोरीगर्नेसम्म विचार मनमा राख्नु, अन्यको बारेमा कुभलो सोच्नु र मनमा अन्यप्रति द्वेष तथा ईर्ष्या गर्नु, जोदेखिएको, जानिएको व्यवहारिक, नैतिक सामाजिक वैज्ञानिक र आध्यात्मिक छैन त्योपनि सत्य हो भनेर मिथ्या सोच बनाएर आफैमा निश्चय गर्नु)

पारुष्यं अनृतं चैव पैशुन्यं चापि सर्वशः ।
असंबद्धप्रलापश्च वाङ्मयं स्याच्चतुर्विधम् ॥ १२/६ ॥

अर्थात्:- वचनको चार दुष्टवाचिक आचारण अर्थात् अधर्म हुनेहुन्छ ।

१) कठोर वचन
२) झुटो बोल्नु
३) अरुको चुक्लि गर्नु अर्थात् अर्काको बारेमा गलत बोल्नु
४) निरर्थक बकवास अर्थात् बुझेर नै अनाबश्यक आरोप लगाउनु यी सबै वचनको चार अधर्म हुन् ।

(समयको कलमः- मनुष्य सधैं सत्य बोल्नुपर्छ तर कहिल्यै काहि सत्य वचनपनि कठोर वचन भएमा कठोरताको कारण हुनाले अधर्म हुन्छ, मधुर वचन बोल्नु मनुष्यको लागि उचित हो तर कुनै अवस्थामा सत्य बोल्दापनि ध्यान दिनुपर्छ अन्यथा सत्यपनि दुष्टवचन हुनपुग्छ जस्तैः(व्यक्ति अन्धो हो, अन्धो व्यक्तिलाई अन्धा हजूर भनेको भए पनि भनाई पूर्णसत्य हो निस्सन्देह वचन सत्य हो परन्तु त्यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्कस वचन कठोर वचन भएको कारणले त्यो अधर्म जो बुझ्नुपर्छ अनृत भाषण अर्थात् झूटो बोल्नु, पैशुन्य अर्थात् अनावश्यक चुक्लि गर्नु, असम्बद्धप्रलाप अर्थात् जानेर बुझेर अरुलाई आरोप लगाउनु यी सबै वचनको अधर्म हो यसलाई अशुभ फललाई प्रदानगर्ने चार प्रकार वाचिक अधर्म हुन)

अदत्तानां उपादानं हिंसा चैवाविधानतः ।
परदारोपसेवा च शारीरं त्रिविधं स्मृतम् ॥ १२/७ ॥

अर्थात्:- शरीरसँग सम्वन्धी तीन दुष्टकर्म अर्थात् अधर्म छन् ।

१) अन्यायसँग अरुको सम्पत्ति लिनु अर्थात् चोरी गर्नु
२) शास्त्रको विरुद्धको कार्य गरेर कसैलाई दुःख पीड़ा दिनु
३) परस्त्री सम्पर्क अर्थात् परस्त्रीगमन

(समयको कलमः- शास्त्रको विरुद्ध कार्य गरेर अरुलाई पीड़ा दिनुको तात्पर्य यो हो कि केही प्रकारको पीड़ा जो प्राणीको हितमा दिइने गरिन्छ ती सबै किसिमको दण्डहरू 'हिंसा'को नियममा आउदैन। जस्तैः-गुरुले शिष्यलाई कुनै गल्ती गरेमा दण्ड दिनु, राजाले कुनै अपराधीलाई अपराध गरेको खण्डमा दण्ड दिनु, वैद्यले कुनै रोगीको शरीरलाई शैल्यक्रिया गर्दा चीर-फार गर्नु यी हिंसाको नियम अन्तर्गत पर्दैन, कुनै उत्तम व्यवस्थाको लागि गरिने अभिभावकको जिम्मेदारको कार्य कहिल्यै पनि हिंसामा पर्दैन यस वाहेक भएका कुनै पनि प्राणीलाई दुःख पीड़ादिनु शरीर सम्वन्धी दुष्कर्म अर्थात् पाप भनिन्छ । चोरी गर्नु, निरपराध पशुको हिंसागर्नु, परस्त्री(गमन परपुरुष गमन यी अशुभ फललाई प्रदानगर्ने तीन प्रकारको कायिक कर्म हुन)

मानसं मनसैवायं उपभुङ्क्ते शुभाशुभम् ।
वाचा वाचा कृतं कर्म कायेनैव च कायिकम् ॥ १२/८ ॥

अर्थात्:- मनुष्यले आफूमा नै गुप्त रुपले आफ्नो मनमा नै गरेको सोचेको शुभ(अशुभ कर्मलाई मनले नै, वाणीद्वारा गरेको शुभ-अशुभ कर्मलाई वाणीले नै र शरीरद्वारा गरेको शुभ-अशुभ कर्म जे भए पनि शरीरद्वारा नै भोग्ने गरेको हुन्छ जो जेसँग सम्वन्धित छ त्यसले त्यसलाई नै प्राप्त तथा भोग गरेको हुन्छ किनकि कर्म र कर्मकोफल विधिको विधानद्वारा नै निर्देशित रहेको हुन्छ यसमा कसैले पनि हस्तक्षेप गरर्दै किनकि मनुष्य कर्म गर्नको लागि स्वतन्त्र र कर्मको कर्मफल प्राप्त गर्नभने परतन्त्र छ ।

शरीरजैः कर्मदोषैर्याति स्थावरतां नरः ।
वाचिकैः पक्षिमृगतां मानसैरन्त्यजातिताम् ॥ १२/९ ॥

अर्थात्:- आफ्नो कर्ममार्गमा जो मनुष्यले पतित कर्मगर्ने गरेको हुन्छ त्यस अनुसार नै त्यस कर्मको कर्मफललाई उसले नै भोग गरेको हुन्छ, शरीरद्वारा गरिने कर्म चोरी, परस्त्रीगमन, श्रेष्ठको हत्या आदि दुष्टकर्म हुन्छन्, यस्तो पतित कर्मगर्ने नीच आचरण भएको जीवात्मा अर्थात् मनुष्यले स्थावर योनीलाई प्राप्त गरेको हुन्छ । वाणीद्वारा गरिएको कुनै पनि पापकर्मको कर्मफललाई प्राप्त गर्नको लागि पशुपंक्षि योनीलाई प्राप्त गरेको हुन्छ तथा मनद्वारा गरिएको दुष्टकर्मको कर्मफललाई प्राप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नको लागि चाण्डाल आचरण गुणच्युत भएको चाण्डाल आदि प्रकृति र आचरण भएको पतित वर्णशङ्कर आदिको शरीरलाई मिल्ने गरेको हुन्छ ।

(समयको कलमः- मनुष्यले जे कर्मगर्छ त्यस कर्मको कर्मफल आफूले नै प्राप्त गरेको हुन्छ जो जे कर्मसँग सम्बन्धित छ त्यसलाई त्यही कर्मको अवस्था अनुसार नै कर्मफको काफललाई नै धारण गरेको हुन्छ त्यही कर्मको आधारमा जन्म, भोग, मृत्यु र जन्म हुन्छ सानो पाप कर्म सानो भोगाइ ठुलो पापकर्म लामो भोगाई हुन्छ, जन्म मरणको अवस्था मनुष्यको आफ्नो कर्म हो, सुख दुःख मनुष्यको आफ्नो कर्मको कर्मफल हो, रोगी हुनु, सुखी दुःखलाई प्राप्त गर्नु यी सबै कर्मको कर्मफल हुन, मनुष्यको जीवनमा जतिपनि घटना दुर्घटना प्रत्येक्ष या अप्रत्येक्ष जुन जुन घटना मनुष्यको जीवनमा घट्ने गरेको हुन्छ ती सबै मनुष्यको आफ्नो कर्मको कर्मफल नै हो मनुष्यले आफ्नो कर्मलाई आफै छनौट गरेर कर्मफललाई विधानअनुसार स्वीकार गरेको हुनाले नै फललाई प्राप्त गरेको हुन्छ यदि मनुष्यले वेदविरुद्धको कर्म गरेमा जस्तै मनुष्यले चोरी गर्यो, श्रेष्ठ मनुष्यको हिंसा गर्यो र परस्त्री या परपुरुष गमन गर्यो यो वेद विरुद्धको कार्य हो, यी सबै शरीरद्वारा अर्थात् कायिक दुष्टकर्म भएको हुनाले यसको कर्मको कर्मफल स्थावर हुनेछ जसमा वृक्ष आदि सधैं एक ठाउँमा स्थावर अर्थात् स्थिर हुने शरीरलाई धारण गरेर जन्म प्राप्त हुन्छ । त्यस्तै प्रकारले वाचिक दुष्टकर्म गर्नाले वचनगर्ने अवस्थामा वचनद्वारा अधर्म गरेको भएमा अमुक पशुपंक्षि भएर पशु तथा पंक्षिको योनीलाई प्राप्त गर्नेछ किनकि केवल शरीर धारण हुनेछ उसको वचनको सङ्केत कसैले बुझ्नसक्दैन जब वचन थियो गलत गर्यो वचन छैन गलत छैन । हरपल दिमागमा गलत दुष्ट अधर्मको बारेमा सोच्ने तर पुरा कर्म नगरेको यस्तोलाई मानसिक दुष्टकर्म भनिन्छ यस्तो मानसिक दुष्टकर्मगर्ने मनुष्यले चाण्डाल आदिको योनीलाई प्राप्त गरेको हुन्छ ।

वाग्दण्डोऽथ मनोदण्डः कायदण्डस्तथैव च ।
यस्यैते निहिता बुद्धौ त्रिदण्डीति स उच्यते ॥ १२/१० ॥

अर्थात्:- मनुष्यको शरीरमा तीन अवस्थामा र तीन अङ्गले नै कर्मलाई सम्पन्न गरेको हुन्छ त्यही कर्मद्वारा नै मनुष्य सुखी हुन्छ दुःखी हुन्छ ती तीन अङ्ग मन, वाणी र देह अर्थात् मन, वचन र कर्म क्रमः अनुसार स्वेच्छाचारी वाणी अर्थात् मनपरि बोल्नु, सत्यतलाई स्वीकारगर्न नसक्नु अर्थात् नास्तिकता र वेदले निषेध गरेको कुनै पनि कार्य नगर्ने र व्यावहारमा पूर्ण बीर्जत गरिएको व्यवहारलाई सधैं परित्याग गर्ने मनुष्यलाई त्रिदण्डी भनिन्छ ।

त्रिदण्डं एतन्निक्षिप्य सर्वभूतेषु मानवः ।
कामक्रोधौ तु संयम्य ततः सिद्धिं नियच्छति ॥ १२/११ ॥

अर्थात्:- मनुष्यले यही तीन कर्मका अङ्ग मन, वचन र कर्म लाई वेदको नियमअनुसार र वेदले निर्देशन गरेको कर्मफल अर्थात् दण्डविधानमा सधैं राखेर आफ्नो कर्मगर्ने मनुष्यले कुनै पनि नीच अर्थात् भोगयोनीलाई प्राप्त गर्दैन यदि मनुष्यले आफ्नो कर्मविधानलाई तीनदण्डको विधान अर्थात् मन, वाणी, देहलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निश्चित गरिएको नियमभन्दा बाहिरको अवस्थामा र नियम विपरीत कार्य गरेमा त्यस कर्मको कर्मफलको नतीजा भोग्न पनि तैयार हुनुपर्छ यदि मनुष्यले वेदले निर्देशन गरे अनुसार नै सबै कर्म मन, वचन र शरीरले नै तीन अवस्थामा कर्मलाई नै धारण गरेर कार्य गरेको खण्डमा पतित गराउने विधान कामक्रोधलाई जितेर परम सिद्धिलाई प्राप्त गरेको हुन्छ ।

योऽस्यात्मनः कारयिता तं क्षेत्रज्ञं प्रचक्षते ।
यः करोति तु कर्माणि स भूतात्मोच्यते बुधैः ॥ १२/१२ ॥

अर्थात्:- मन, वचन, र शरीरलाई कर्ममा प्रवृत्त गर्नेलाई अवस्थालाई स्थितगर्ने विषयलाई क्षेत्रज भनिन्छ र जो क्षेत्रजमा कर्म गरेको हुन्छ त्यसलाई भूत, भूतात्मा भन्ने गर्छन यहाँ भूत भूतात्मा भनेको देह अर्थात् शरीर हो यो ज्ञान पण्डितलाई जानकारी हुन्छ ।

जीवसंज्ञोऽन्तरात्मान्यः सहजः सर्वदेहिनाम् ।
येन वेदयते सर्व सुखं दुःखं च जन्मसु ॥ १२/१३ ॥

अर्थात्:- मनुष्यको शरीरमा इन्द्रिय सञ्चालनको लागि एक देवता रहेको हुन्छ जुन देवतालाई मन अर्थात् अन्तर्मन पनि भनिन्छ यो मन सम्पूर्ण इन्द्रियको संयोजक हो तर यदि मनलाई ज्ञानद्वारा नियन्त्रण गरिएन भने मनले इन्द्रियलाई सधैं विषयवासना लालायित बनाएर अन्तर्मनलाई सञ्चालन गरेको हुन्छ मन इन्द्रियभन्दा अलग छ त्यही हुनाले मनलाई महन्त अर्थात् सबैभन्दा अलग भनिन्छ तर दुवैको गुण अलग अलग भए पनि भूत अर्थात् शरीरको अवयव एक भएको र सञ्चालनको रेखा एक भएको कारण अन्तर्मन र इन्द्रिय एक अर्कोमा जोडिएको हुन्छ मनुष्यको शरीरमा रहने त्यही अन्तर्मन सर्वथा पृथक रहेको हुन्छ किनकि मनले नै मनुष्यलाई सुख दुःखको अवस्थाको भ्रमलाई उत्पन्न गराउने गर्छ र आफूले नै भोगेको बहाना बनाउने गर्छ यदि सत्यतलाई मनुष्यले आफ्नो ज्ञानले विश्लेषण नगर्ने हो भने मनले भने जस्तै जीवात्माले आफ्नो व्यवहार र कर्मलाई सम्पन्न गर्छ जब जीवात्माको आफ्नो कर्मलाई सम्पन्न गरेको हुन्छ तब त्यही मानले नै मनुष्यलाई सुख दुःख भनेर नै नाटक गराउने गर्छ जब मनुष्यके ज्ञानद्वारा सुख दुःखको परिभाषा बुझ्छ तब सुख दुःखको आभास नै हुँदैन सुख दुःख भ्रम स्वरुप हो भन्ने बुझ्छ तब मनुष्य दुःखी सुखी हुँदैन हैन भने अज्ञानको कारण इन्द्रिय र शरीरले अन्तर्मनको कारण नभएको सुख दुःखलाई आफूमा धारण गरेर भोगेको हुन्छ ।

तावुभौ भूतसंपृक्तौ महान्क्षेत्रज्ञ एव च ।
उच्चावचेषु भूतेषु स्थितं तं व्याप्य तिष्ठतः ॥ १२/१४ ॥

अर्थात्:- महान्तत्व अर्थात् क्षेत्रज्ञ यी सृष्टिको तीनकाल चार अवस्थामा नै पृथ्वी आदि पञ्चमहाभूतलाई सङ्ग्रहीभुत गरेर कर्मको कर्मफल अर्थात् कर्मको आवरणले अर्थात् जीवात्माले विधिको विधानअनुसार भोगयोनी र कर्मयोनीको दुई अवस्थालाई निर्माण गरेर कर्मको कर्मफललाई दुई योनीको माध्यमबाट प्राप्त हुन्छ । कर्मयोनी र भोगयोनी दुई प्रकारको योनीमा जीवात्माको जन्म भने चार अवस्था बाट हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- तीनकाल भुतकाल, वर्तमानकाल र भविष्यतकाल यी तीन कालमा नै जीवात्माले कर्मको फललाई भोगगर्ने गरेको हुन्छ त्यस कर्मफललाई भोगगर्ने दुईयोनी छन् एक कर्मयोनी जुन योनीलाई मनुष्ययोनी पनि भनिन्छ भने अर्को योनी भोगयोनी हो जुन अन्य सम्पूर्ण पशु, पंक्षी, प्राणी लगायत स्थावर अर्थात् रुख विरुवा सबै पर्छन जसमा जन्महुने तरिका चार किसीमका छन् उद्भिज, स्वदेज, अण्डज र जरायुज हो, जरायुजबाट धेरै किसिमका पशुप्राणीको जन्म हुन्छ तर मनुष्य भने जरायुजबाट जन्मेको कर्मयोनी हो भने जरायुजमा अन्य सम्पूर्ण पशुप्राणी पर्छन तर ती सबै भोगयोनी हुन, मनुष्य बाहेक अन्य सबै प्राणी भोगयोनी हुन् । त्यही भोगयोनीहरूमा उद्भिजमा रुख विरुवा पर्छ यी सबै भोगयोनी हुन् स्वदेजमा जुम्रा, उपियाँ, उड्स, कृना पर्छन यी सबै भोगयोनी हो भने अण्डजमा जतिपनि अण्डामा शरीरलाई धारण गरेर अण्डाबाट निस्किएर आफ्नो कर्मफललाई भोग गरेका हुन्छन् ती सबै भोगयोनी हुन् । सृष्टिमा मनुष्य बाहेको अन्य सम्पूर्ण प्राणीहरू भोगयोनी हुन् मनुष्य कर्मयोनी हो किनकि मनुष्यमा ज्ञान प्राप्तगर्ने विवेक रहेको हुन्छ अन्य कुनै पनि योनीमा विवेक धारणगर्ने क्षमता हुँदैन केवल प्रकृति प्रदत्त गुण भने विद्यमान रहेको हुन्छ त्यही प्रकृति गुण अनुसार नै कार्यलाई ग्रहण गरेको हुन्छ ।

असङ्ख्या मूर्तयस्तस्य निष्पतिन्त शरीरतः ।
उच्चावचानि भूतानि सततं चेष्टयन्ति याः ॥ १२/१५ ॥

अर्थात्:- चेतनसत्ता अर्थात् परमात्माको आफ्नो स्थिरशक्ति अर्थात् प्रकृतिमा आफ्नो आफ्नो कर्मको कर्मफल र असंख्य मूर्तकर्मको कर्मफलको कारण कयौं योनीलाई प्राप्त गरेर जन्म मृत्यु जन्म आदिलाई धारण गरेको हुन्छ त्यो पनि कर्मको कर्मफल नै हो ।

(समयको कलमः- श्लोक १२/१५ अनुसार प्रकृति नै ईश्वरको स्थिरशक्ति भएको भनिएको हुनाले प्रकृति अनादिसत्ता हो त्यही अनादि सत्ता अर्थात् अखिल ब्रह्माण्डको संरचना र आत्मा यी अनादि सत्तामा जीवात्मा आफ्नो अवस्थालाई धारण गरेर आफ्नो कर्मको कर्मफलको चक्रमा घुमेको हुन्छ भन्ने उदाहरण दिइएको हो र यो अखिल ब्रह्माण्डलाई एक शरीर मानिएको छ त्यही शरीरमा मै चेतनसत्ता विद्यमान रहेको प्रकृति रहेको र कर्मको कर्मफल प्राप्त गर्ने अवसर रहेको भानिएको छ।

पञ्चभ्य एव मात्राभ्यः प्रेत्य दुष्कृतिनां नृणाम् ।
शरीरं यातनार्थीयं अन्यदुत्पद्यते ध्रुवम् ॥ १२/१६ ॥

अर्थात्:- कर्मयोनी होस् या भोगयोनी होस् सबै योनीमा आफ्नो कर्मअनुसार नै र कर्मको कर्मफल नै शरीरलाई प्राप्त गरेको हुन्छ । जुन कर्मफल भोगनको लागि शरीर प्राप्त गरेको हुन्छ त्यही अनुसार नै शरीरलाई धारण गरेको हुन्छ एक शरीर धारण गर्दा कति कर्मफल त्यस शरीरले भोग गर्नसक्छ त्यही अनुसार कर्मफललाई प्राप्त गरेको हुन्छ यदि एक शरीरले गरेको कर्मफल जन्मलिनु शरीर प्राप्तगर्नु सुख दुःख यी सबै मनुष्यको आफ्नो कर्मअनुसार प्राप्तगर्ने फल हो । यही मनुष्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शरीर धारण भएको अवस्थामा गरिएको कर्मको कर्मफललाई प्राप्त गर्नको लागि भोगयोनीको अवस्था बनेको हो आफ्नो कर्मको कर्मफल अनुसार नै अन्य जन्म हुन्छ जसमा कर्मको कर्मफल अनुसार नै जन्म भोग र मरण हुन्छ त्यही उत्तम कर्मको गरेको मनुष्यको लागि उच्चयोनी र पाप कर्म गरेको मनुष्यको लागि निचयोनी अर्थात् भोगयोनीलाई प्राप्त गरेको हुन्छ। आफूले गरेको कर्मको कर्मफललाई प्राप्त गर्नको लागि भोगयोनी मार्फत कर्मफललाई भोग गर्नको लागि मृत्यु लोकमा पञ्चतत्वको शरीर लिएर जन्म मरण हुन्छ र कर्मको कर्मफल अनुसार नै शरीरको प्रतीक अर्थात् लिङ्ग अलग अलग हुन्छ तर पञ्चतत्व सबै शरीरमा विद्यमान रहेको हुन्छ केवल शरीरको बनावट शरीरको अवस्था र शरीरको क्षमता अलग अलग रहेको हुन्छ त्यही शरीर अनुसार आफ्नो आफ्नो प्रतीक अर्थात् परिचायमा पुरुष र नारी अर्थात् स्त्रीलिङ्ग र पुलिङ्गको निर्माण हुन्छ यो हुनुमा आफ्नो कर्मको कर्मफल हो।

तेनानुभूय ता यामीः शरीरेणेह यातनाः।
तास्वेव भूतमात्रासु प्रलीयन्ते विभागशः॥ १२/१७॥

अर्थात्:- जब कर्मको कर्मफलको रुपमा एक शरीरले अर्को शरीरलाई धारण गरेको हुन्छ यो सबै शरीरमा यम अर्थात् समयको प्रभाव अर्थात् जाडोयाम गर्मीयाम अनुसार नै आफ्नो शरीरले सुख दुःखलाई भोग गरेको हुन्छ जब एक शरीरमा आफ्नो कर्मको कर्मफललाई पुरा गरेको हुन्छ तब त्यस शरीरको आफ्नो कर्मको कर्मफलको आवरण आफै पतन भएर आफै पञ्चतत्व मै विलीन हुन्छ अर्थात् जब कर्मको कर्मफल भोगगर्नको लागि पञ्चतत्वको सङ्ग्रहीभूत अवस्थाको शरीरलाई कर्मको कर्मफलले धारण गरेको हुन्छ जसलाई जीवात्मा भनिन्छ जब एक शरीर धारण गरेको अवस्थामा भोग गर्नसक्ने सम्पूर्ण कर्मको कर्मफल पुरा भएपछि पञ्चतत्वद्वारा निर्मित कर्मको कर्मफलको आवरण अर्थात् जीवात्माको शरीरले आफ्नो अवस्थालाई बिस्तारै बिस्तारै त्याग गर्छ र जीवात्माले त्यग गरेको पञ्चतत्वको शरीरले बिस्तारै बिस्तारै त्यस शरीरबाट अलग अलग भएर आफ्नो पुरानो अवस्थालाई नै प्राप्त गरेको हुन्छ त्यसलाई नै काल, समय, यम वा मृत्युपनि भनिन्छ।

सोऽनुभूयासुखोदर्कान्दोषान्विषयसँगजान्।
व्यपेतकल्मषोऽभ्येति तावेवोभौ महौजसौ॥ १२/१८॥

अर्थात्:- कर्मयोनी अर्थात् मनुष्य जन्म पाएको महत्त शरीरलाई धारण गरेको जीवात्माले निराशक्त भएर कर्म गरेको खण्डमा र शरीर व्यवहार संसारमा रहेरपनि शरीर व्यावहार र संसारको परिचयको प्रतीक अर्थात् लिङ्गलाई धारण गरे पनि उसको आफ्नो निराशक्त कर्मको कारण कर्मको कर्मफलको आवरण पतन हुन्छ र बाहिरी आवरण बाट मुक्त हुनाले त्यस शरीर, व्यावहार र संसारको अवस्था बाट पृथक भएर आफ्नो अवस्थाको पूर्ण अवस्था अर्थात् चेतनाको चेतन अवस्थालाई प्राप्त गरेको हुन्छ त्यस अवस्थालाई चेतनाको शरणागत हुनुपनि भनिन्छ।

तौ धर्म पश्यतस्तस्य पापं चातन्द्रितौ सह।
याभ्यां प्राप्नोति संपृक्तः प्रेत्येह च सुखासुखम्॥ १२/१९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- पञ्चतत्वको सङ्ग्रहीभूत अवस्थामा कर्मयोनी धारण गरेको जीवात्माको शरीरमा ज्ञान विवेक र चेतनतल भएको हुनाले त्यही अनुसार कर्मको आवरण निर्माण हुन्छ भने पञ्चतत्वको सङ्ग्रहीभूत अवस्थामा कर्मको कर्मफल अनुसार नै भोगयोनी धारण गरेको जीवात्माको शरीरमा ज्ञान विवेक र चेतनतल नभएको अवस्थामा केवल जीवात्माले आफ्नो कर्मको कर्मफललाई भोग गरेको हुन्छ आफ्नो कर्म अनुसार आफ्नो कर्मफललाई भोग गरेको हुन्छ त्यही अनुसार ज्ञान विवेक र चेतनतल भएको जीवात्माले मन, वचन र शरीरले आफ्नो शरीरलाई धारण गरेर कर्मफललाई भोग गरेको हुन्छ यही ज्ञान, विवेक र चेतनतलको कारण नै जीवात्माले आफ्नो कर्म अनुसार नै कर्मफलाई भोग गर्ने गरेको हुन्छ तर जुन जीवात्माको शरीरमा ज्ञान विवेक र चेतनतलको अवस्था हुँदैन तर प्राकृतिक गुणको कारण ज्ञानलाई धारण गरेको हुन्छ त्यस जीवात्माले केवल ज्ञान, विवेक र चेतनतल भएको जीवात्माले गरेको कर्मको कर्मफकलाई भोग गरेको हुन्छ, अर्थात् ज्ञान, विवेक र चेतनतल भएको अवस्थामा गरेको कर्मको कर्मफललाई पूरागर्न यदि त्यस ज्ञान विवेक र चेतनतल भएको जीवात्माले पुरा गर्न नसकेको खण्डमा अन्य कर्मको आवरण अर्थात् जीवात्माले अन्य भोगयोनी लाई प्राप्त गरेर आफ्नो कर्मको कर्मफललाई ज्ञान, विवेक र चेतनतल नभएको जीवात्माले जीवको शरीरलाई धारण गरेर प्रकृति गुण र प्राकृतिक धर्म आचरण अनुसार नै कर्मफको कर्मफललाई प्राप्त गर्नको लागि भोगयोनीलाई प्राप्त गरेको हुन्छ र जो सञ्चित कर्म छ संचित कर्मको कर्मफललाई पूरागर्दै आफ्नो कर्मको कर्मफललाई भोग गरेका हुन्छन् तर ज्ञान विवेक र चेतनतल न्यून हुनाले कर्मको अवरणको निर्माण हुँदैन ।

यद्याचरति धर्मं स प्रायशोऽधर्म अल्पशः ।
तैरेव चावृतो भूतैः स्वर्गे सुखं उपाश्नुते ॥ १२/१२० ॥

अर्थात्:- कर्मयोनी अन्तर्गतको जीवात्माले ज्ञान, विवेक र चेतनतल अनुसार आफ्नो गुणलाई धारण गरेर वेदनिर्देशित र प्रकृतिप्रदत्त कर्म गरेको हुन्छ तब जीवात्माले आफूलाई बन्दनमा राख्ने कर्मको आवरणलाई निर्माण गरेको हुँदैन वेद निर्देशित र प्राकृतिक प्रदत्त कर्म गरेमा कुनै पनि कर्मको आवरणको निर्माण हुँदैन तब जीवले महान् र उत्तम धर्मको कार्य गरेको हुन्छ र त्यही जीवात्माले जब वेद विरुद्ध र प्राकृतिक विरुद्धको कार्य गरेको हुन्छ तब भोगयोनीलाई प्राप्त गरेको हुन्छ र अल्प ज्ञानले वेदज्ञान र प्रकृति विरुद्धको कार्य गरेको हुन्छ त्यस कर्मको कर्मफललाई भोगगर्नको लागि अन्य भोगयोनी लाई प्राप्त गरेको हुन्छ अर्थात् जब कर्मयोनीमा रहेको जीवात्माले प्रकृति र वेदज्ञान विरुद्धको कार्य गर्छ त्यस जीवात्माले त्यस कर्मको कर्मफललाई भोग गर्नको लागि भोगयोनीलाई प्राप्त गरेको हुन्छ वेद र प्रकृति विरुद्धको कुनै कार्य नगरेमा चेतनाको सानिध्य अवस्थालाई प्राप्त गर्छ वेदज्ञान र प्रकृति विरुद्धको कार्य गरे भोगयोनी र नियमअनुसार रहेर अवस्था अनुसार कर्म गरेको कर्मयोनीले आफ्नो कर्मको कर्मफल भने उत्तम अवथामा नै कर्मयोनीलाई नै प्राप्त गरेर आफ्नो कर्मको कर्मफललाई प्राप्त गर्नको लागि ज्ञान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवेक र चेतनतल भएको उत्तम शरीरलाई प्राप्त गरेको हुन्छ ।

यदि तु प्रायशोऽधर्म सेवते धर्म अल्पशः ।
तैर्भूतैः स परित्यक्तो यामीः प्राप्नोति यातनाः ॥ १२/२१ ॥

अर्थात्:- जीवात्माले कर्मयोनीमा वेद विरुद्धको कार्य प्रकृति विरुद्धको कार्य गरेको हुन्छ र कर्मयोनीको धर्मलाई जब त्याग गरेर वेदविरुद्ध आफ्नो योनीको धर्मको विरुद्धको कार्य गरेर योनीको गुणको अल्पधर्मलाई धारण गरेको हुन्छ त्यसले आफ्नो कर्मको कर्मफल अनुसार नै अन्य योनीमा सुख दुःख आदिलाई प्राप्त गरेको हुन्छ ।

यामीस्ता यातनाः प्राप्य स जीवो वीतकल्मषः ।
तान्येव पञ्च भूतानि पुनरप्येति भागशः ॥ १२/२२ ॥

अर्थात्:- आफ्नो कर्मको कर्मफललाई जीवात्माले समयको चक्रको नियम रहेर भोग गरेर आफ्नो कयौँ कर्मको कर्मफललाई प्राप्त गरेको जीवात्माले भोग गरेर आफ्नो कर्मको कर्मफल पुरा पूरा भोग गरेपछि कर्मफल पुरा भएमा फेरि कर्मयोनी र कर्मको कर्मफलको अवरण पतन नभएको भएमा त्यस कर्मको अवरणलाई त्याग गरेर फेरि आफ्नो कर्मको कर्मफललाई प्राप्त गर्नको लागि पृथक कर्मको कर्मफलको अवरणलाई धारण गरेर नयाँ शरीर नयाँ लिङ्ग अर्थात् शरीरको सङ्केत लिएर फेरि कर्मको कर्मफलको आवरण अर्थात् जीवात्माले फेरि आफ्नो कर्मको कर्मफललाई प्राप्त गर्नको लागि नयाँ योनीलाई प्राप्त गरेको हुन्छ त्यो योनीमा प्राप्त हुनसक्ने सम्पूर्ण कर्मको कर्मफललाई पुरा प्राप्त गरेँछ यदि यो योनीमा भोग गर्न नमिल्ने कर्मको कर्मफलको लागि अर्को योनी तैयार रहेको हुन्छ ।

एता दृष्ट्वास्य जीवस्य गतीः स्वेनैव चेतसा ।
धर्मतोऽधर्मतश्चैव धर्मे दध्यात्सदा मनः ॥ १२/२३ ॥

अर्थात्:- कर्मयोनिको जीवात्माले अर्थात् मनुष्यले आफ्नो ज्ञान, बुद्धि, विवेक र चेतनतलले सूक्ष्म तरिकाले भोगयोनी प्राणीको अवस्थालाई मनमा यस्तो किन भन्ने जिज्ञाषा राखेर किन भन्ने सोच राखेर देखेर भोगयोनीको जीवको अवस्था तथा दशा देखेर ध्यानपूर्वक उसको भोगको भगाईको फललाई विचार गरेर नित्य विश्लेषण गरेर हेर्नेहो भने सम्पूर्ण कर्मको कर्मफलको चक्रको ज्ञान ग्रहण हुन्छ त्यसैले कर्मयोनीको जीवात्मा अर्थात् मनुष्यमा ज्ञान विवेक र चेतनतल भएको हुनाले यो विधानलाई बुझेर विश्लेषण गरेर आफूले त्यो अवस्थालाई प्राप्त नहोस् भनेर नै आफ्नो इन्द्रिय र मनलाई सम राखेर स्थिर अवस्थामा रहेर मन, वचन र शरीरबाट हुने प्रकृति र वेदज्ञान विरुद्धको कर्म गर्नबाट वचनुपर्छ र आफ्नो ज्ञान विविक र चेतनतल अनुसार धर्मलाई धारण गरेर समभाव भएर कर्मलाई निरन्तर गर्नुपर्छ ।

सत्त्वं रजस्तमश्चैव त्रीन्विद्यादात्मनो गुणान् ।
यैर्व्याप्येमान्स्थितो भावान्महान्सर्वानशेषतः ॥ १२/२४ ॥

अर्थात्:- सतोगुण, रजोगुण र तमोगुण यी तीन गुण नै जीवात्माको कर्मलाई प्रभावित गर्ने प्रकृतिक गुण हो महततत्व अर्थात् अव्यक्त प्रकृति (१/१५) यी तीन सत्वगुण, रजोगुण र तमोगुणद्वारा नै सृष्टिका सम्पूर्ण पदार्थमा व्याप्त रहेर स्थित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको हुन्छ यो प्रकृतिको गुण हो यही गुणमा जुन गुण प्रधान रहेको हुन्छ त्यही गुण अनुसार नै जीवात्माले आफ्नो कर्म गरेको हुन्छ ।

(समयको कलमः- योनी धारण गरेको कुनै पनि जीवात्माको शरीर पञ्चतत्वको सङ्ग्रहीभूत अवस्था हो पञ्चतत्वको सङ्ग्रहीभूत अवस्थाको शरीरमा प्रकृतिका तीन गुण सधैँ समान रुपले विद्यमान रहेको हुन्छ भोगयोनीले सधैँ प्रकृति अनुसार आफ्नो गुणलाई धारण गर्ने हुनाले तीन गुणमा कुनै पनि गुण प्रबल र न्यून हुँदैन तर कर्मयोनीको जीवात्मामा ज्ञान विवेक र चेतनतल हुनाले तीन गुण अलग अलग अवस्थामा विद्यमान हुन्छ यी तीन गुण हुन् सत्त्वगुण, रजोगुण र तमोगुण यही तीन गुणले सम्पन्न भएर रहेको अवस्थामा रहेको कर्मयोनीको अर्थात् जीवात्माको शरीर तर एक गुणले अर्को गुणको कुनै विरोध भने गरेको हुँदैन तीन गुणले नै आफ्नो अवस्थालाई निर्माणद्वारा एकचक्र एकधुरी बनाएर सृष्टि पनि यही सबै गुणलाई समभावमा धारण गरेर पूर्णतया आफ्नो धुरीमा आफ्नो क्षेत्रमा आफ्नो रेखामा व्याप्त रहेर अखिल ब्रह्माण्ड नै स्थित रहेको छ) ।

यो यदैषां गुणो देहे साकल्येनातिरिच्यते ।
स तदा तद्गुणप्रायं तं करोति शरीरिणम् ॥ १२/२५ ॥

अर्थात्:- सत्वगुण, रजोगुण र तमोगुण तीन गुणमा मनुष्यको शरीरमा जुन गुणको प्रधानता विद्यमान रहेको हुन्छ त्यही गुण शरीरस्थ जीवात्मालाई त्यही गुणलाई धारण गरेको बनाउँछ अर्थात् सत्वगुणको प्रधानता भएमा जीव सत्वगुणी सम्पन्न हुन्छ, रजोगुणको प्रधानता भएमा रजोगुणणी सम्पन्न हुन्छ र तमोगुणको प्रधानता भएमा तमोगुणी नै हुन्छ ।

(समयको कलमः- सत्वगुण, रजोगुण र तमोगुण यी तीन प्रकृतिक गुण हुनाले जीवात्मामा यी तीन गुणमा जुन गुणको जुन अवस्थामा शरीरमा धेरै प्रभाव रहेको हुन्छ त्यसलाई त्यही गुण अनुसार नै कर्म, ज्ञान, विवेक र चेतनतलको अवस्था निर्माण हुन्छ । यद्यपि एक शरीरमा तीन गुण समान भए पनि सोच र भोजनको कारण तीन गुण जीवात्माको शरीरमा सधैँ समान हुँदैन फरक फरक गुणको अवस्था बनेको हुन्छ तर एक कुनै पनि गुण प्रबल भएमा अन्य दुई गुणले उसको उपस्थितीलाई कहिल्यै बिरोध तथा अवरोध गरेको हुँदैन जीवात्माको शरीरमा कहिल्यै तमोगुण प्रवल हुन्छ कहिल्यै रजोगुण प्रवल हुन्छ कहिल्यै सत्वगुण प्रवल हुन्छ तर सबै वर्तमान अवस्थामा भने समान रहेको हुन्छ आचरण र भोजनको कारण गुणको अवस्था अनुसार नै कर्म सम्पन्न हुन्छ र कर्म अनुसार नै कर्मको आवरणको निर्माण हुन्छ ।

सत्त्वं ज्ञानं तमोऽज्ञानं रागद्वेषौ रजः स्मृतम् ।
एतद्व्याप्तिमदेतेषां सर्वभूताश्रितं वपुः ॥ १२/२६ ॥

अर्थात्:- यी तीन गुणको आफ्नो आफ्नो लक्षण रहेको हुन्छ सत्वगुणमा ज्ञान, तमगुण अज्ञान राग हो, रजोगुण राग र द्वैष हो राग अर्थात् इच्छित वस्तुको अभिलाषा र द्वैष अर्थात् अनिच्छित वस्तुको घृणा यी दुवै लक्षण रजोगुणको हो । जीवात्मा र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनादिसत्ता प्रकृति यही तीनगुणद्वारा पूर्ण रुपले घेरिएको छ ।
(समयको कलमः- जहाँ सत्वगुण प्रवल हुन्छ त्यहाँ ज्ञान हुन्छ, जहाँ तमोगुण प्रवल हुन्छ त्यहाँ अज्ञान हुन्छ, जहा रजोगुण प्रवल हुन्छ त्यहाँ राग तथा द्वेष हुन्छ । यी सवै विधान मनुष्यको शरीर र अन्य सम्पूर्ण प्राणी अर्थात् पञ्चभूतको आश्रित शरीरमा रहेको हुन्छ । जीवात्मा ज्ञानमा रहेको हुन्छ तब सत्वगुण, जब जीवात्मा अज्ञानमा रहन्छ तब तमोगुण र जब जीवात्मा राग(द्वेषमा रहेको हुन्छ तब रजोगुण सम्पन्न भएको बुझ्नुपर्छ र सृष्टि अवयव अर्थात् अखिल ब्रह्माण्ड र सम्पूर्ण प्राणीहरूको शरीरको अवयव यही तीन तत्वको गुणलाई लिएर नै व्याप्त रहेको छ ।

तत्र यत्प्रीतिसंयुक्तं किं चिदात्मनि लक्षयेत् ।
प्रशान्तं इव शुद्धाभं सत्त्वं तदुपधारयेत् ॥ १२/२७ ॥

अर्थात्:- जब जीवात्मामाकोही प्रीतियुक्त अर्थात् प्रसन्नयुक्त, प्रशान्तावाट शुद्ध प्रकाशको झलक दृष्टिगोचर भएको हुन्छ तव यो बुझ्नु पर्छ कि त्यस जीवात्मामा सत्वगुण प्रधान र प्रवल रहेको हुन्छ तर तमोगुण तथा रजोगुण अहिले अप्रधान अदृष्य भएर रहेको हुन्छ यस्तो आचरण भएको जीवात्मामा सत्वगुण प्रवल भएको बुझ्नु पर्छ ।

यत्तु दुःखसमायुक्तं अप्रीतिकरं आत्मनः ।
तद्रजो प्रतीपं विद्यात्सततं हारि देहिनाम् ॥ १२/२८ ॥

अर्थात्:- जब जीवात्माले मनको कल्पनाको सुख दुःखसँग संयुक्त भएर प्रसन्नता रहित विषयमा मनलाई यता उता गमन तथा आगमनमा लगाई रहेको हुन्छ र जीवात्मा आफैमा जब शङ्कास्पद रुपमा रहेको हुन्छ जीवात्मामा रजोगुण प्रवल र प्रधान रहेको छ, सत्वगुण र तमोगुण अहिले अदृश्य र अप्रधान रहेको छ ।
(समयको कलमः- जब मनुष्य विनकारण दुःखी चिन्तित र प्रसन्नता रहित भएको हुन्छ निरन्तर यता उता विषयमा गमनागमन गरेको हुन्छ तब यो बुझ्नु पर्छ त्यस मनुष्यमा रजोगुण प्रधान तथा प्रवल छ अहिले सत्वगुण तथा तमोगुण अप्रधान अदृश्य रहेको छ अर्थात् यस्तो आचरण भएको मनुष्यमा अहिले रजोगुण प्रवल छ भन्ने बुझ्नुपर्छ)

यत्तु स्यान्मोहसंयुक्तं अव्यक्तं विषयात्मकम् ।
अप्रतर्क्य अविज्ञेयं तमस्तदुपधारयेत् ॥ १२/२९ ॥

अर्थात्:- जीवात्मा मोह अर्थात् सांसारिक पदार्थ अर्थात् विषयवासनामा लीन रहेको हुन्छ उसलाई कुनै ज्ञान विवेक हुँदैन विषयवासना मै लीन तथा लिप्त हो विषयमा नै आसक्त हो तर्क(वितर्कबाट शून्य हो, तथा कुनै पनि सत्य तथा असत्यतालाई जान्ने बुझ्ने ज्ञान ग्रहणगर्ने क्षमता शून्य होस् र सत्यलाई बुझ्न अयोग्य हो, तव यो बुझ्नुपर्छ कि त्यो जीवात्मामा तमोगुण प्रधान रहेको छ र अहिले सत्वगुण तथा रजोगुण अप्रधान र अदृश्य रहेको छ ।
(समयको कलमः- कुनै पनि कुरालाई विवेक ज्ञान र विज्ञानद्वारा विश्लेषण गर्न नसक्नु विषयवासनामा लीन हुन् सांसारिक वस्तुको पनि ज्ञान नहुने जुन गुण छ त्यही नै तमोगुण अर्थात् अज्ञानको लक्षण हो तमोगुणको लक्षण यी हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१) मोहसंयुक्तः- अज्ञान
२) अव्यक्त- अनिश्चितत
३) विषयात्मकत्व(विषयमा लीनहुने प्रवृत्ति
४) अप्रतर्क्य- तर्कशील हुन् नसक्नु
५) अविज्ञेयम् - कुनै पनि कुरा बुझ्न नै नसक्नु यदि यी गुण कुनै पनि मनुष्यमा छन् भने त्यो तमोगुण प्रधान व्यक्ति हो भन्ने बुझ्नु पर्छ)

त्रयाणां अपि चैतेषां गुणानां यः फलोदयः ।
अग्र्यो मध्यो जघन्यश्च तं प्रवक्ष्याम्यशेषतः ॥ १२/३० ॥

अर्थात्:- अब यी तीन गुणको आचारणलाई धारण गरेको जीवात्माले आफ्नो गुण अनुसार कर्म गरेर कर्मको कर्मफललाई तीन अवस्थामा नै कर्म अनुसार नै नियम सङ्गत रहेर कर्मको तीन किसिमको फल उत्तम फल, मध्यम फल र निकृष्टफललाई प्राप्त गरेको हुन्छ यी तीन किसिमको फलको विवरण र पूर्णभाव बारेमा अब अघि सुन्नूहोस् ।

वेदाभ्यासस्तपो ज्ञानं शौचं इन्द्रियनिग्रहः ।
धर्मक्रियात्मचिन्ता च सात्त्विकं गुणलक्षणम् ॥ १२/३१ ॥

अर्थात्:- जीवात्माको शरीरमा सत्वगुण प्रवल भएको खण्डमा निम्न लक्षण उत्पन्न हुन्छन् ती लक्षण यी हुनः-

१) वेद अभ्यास २) तप ३) ज्ञान ४) शौच
५) इन्द्रिय(निग्रह ६) धर्मक्रिया ७) आत्मचिन्तन

(समयको कलमः- वेदले निर्देशन गरेको कर्मको अभ्यास वेदज्ञान अनुसार नै धर्मको अनुष्ठान, वेदज्ञान अनुसार नै ज्ञानको वृद्धि, मन, वचन र शरीरको पवित्रताको इच्छा तथा इन्द्रियको निग्रह अर्थात् धर्म क्रियाको बारेमा समभाव अवस्थामा चिन्तन, मनन र मन धर्मक्रियाको चिन्तन, ईश्वर, आत्मा र प्रकृतिको सत्यताको चिन्तन जब प्रवल हुन्छ यही नै सत्वगुणकक लक्षण हो ।

आरम्भरुचिताधैर्य असत्कार्यपरिग्रहः ।
विषयोपसेवा चाजस्रं राजसं गुणलक्षणम् ॥ १२/३२ ॥

अर्थात्:- जीवात्माको शरीरमा रजोगुण प्रवल भएको खण्डमा निम्न लक्षण उत्पन्न हुन्छन् ती लक्षणहरू निम्न हुन् ।

१) धैर्यत्याग २) असत कर्मको ग्रहण ३) निरन्तर विषयमा लीन
४) बाहिरि आवरण प्रति अति प्रीति

(समयको कलमः- जब मनुष्यको शरीरमा रजोगुणको उदय हुन्छ तब सत्वगुण र तमोगुणको आफ्नो उपस्थिति अन्तर्भाव तथा अदृश्य भएर रहेको हुन्छ जब मनुष्यको शरीरमा रजोगुण प्रवल हुन्छ मनुष्यले धैर्यलाई त्याग गरेको हुन्छ, असत् कर्मलाई पनि सत्य नै हो भनेर ग्रहण गरेको हुन्छ, निरन्तर विषयबास्नामा लीन रहनेकोसिस गरेको हुन्छ आफ्नो मनको इच्छाको सेवामा नै उसको प्रीति तथा लगाव रहेको हुन्छ तब यो बुझ्नु पर्छकि आफ्नो शरीरमा रजोगुण प्रधानता भएको छ यस्तो आचरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यको शरीरमा उत्पन्न रजोगुणको कारणले हुन्छ)

लोभः स्वप्नोऽधृतिः क्रौर्य नास्तिक्यं भिन्नवृत्तिता ।
याचिष्णुता प्रमादश्च तामसं गुणलक्षणम् ॥ १२/३३ ॥

अर्थात्:- जीवात्माको शरीरमा तमोगुण प्रवल भएको खण्डमा निम्न लक्षण उत्पन्न हुन्छन् ती लक्षणहरू निम्न हुन् ।

१) अत्यान्तै लोभ अर्थात् अर्थात् पापकर्म गर्नमा लीन
२) अत्यान्तै आलस्य र निद्रा
३) धैर्यताको नाश, क्रूरता उत्पन्न हुनु
४) ज्ञानमार्गमा अकर्मण्यता हुनु
५) नास्तिक अर्थात् सत्यज्ञानको बिरोध गर्नु
६) भिन्न-भिन्न अन्तःकरण अर्थात् मनको वृत्ति हुनु
७) एकाग्रताको अभाव
८) व्यसनमा लीन हुनु

(समयको कलमः- जब मनुष्यको शरीरमा तमोगुणको उदय अर्थात् प्रवल हुन्छ सत्वगुण र रजोगुण यी दुवै गुणको अन्तर्भाव अर्थात् अदृष्य हुन्छ जब सत्य र असत्यको ज्ञानदिने गुण नै अन्तर्भाव हुन्छ तब मनुष्यमा अत्यान्तै लोभ अर्थात् सवै पापको मूल नै बढेको हुन्छ, शरीरमा अत्यान्तै आलस्य र निद्रा, धैर्यको नाश हुन्छ, सानो कुरामा पनि क्रूरता उत्पन्न हुन्छ, नास्तिकता उत्पन्न हुन्छ ज्ञान अज्ञान के हो त्यसको ज्ञान नै हुँदैन सत्य ज्ञानमा कुनै विश्वास हुँदैन काल्पनिक कथाको रचना गर्न शुरू हुन्छ सृष्टिको नियममा नै श्रद्धा हुँदैन, मनमा भिन्न(भिन्न प्रवृत्ति उत्पन्न हुन्छ अन्तःकरणको वृत्ति र मनको एकाग्रताको अभाव हुन्छ र शान्तिको खोजिमा मनुष्य दुर्व्यसनमा लीन हुनपुग्छ यदि मनुष्यको यो अवस्था उत्पन्न तमोगुणको कारणले भएको भन्ने बुझ्नुपर्छ यी सवै गुण नै मुख्य तमोगुणको उदय भएको लक्षण हो अर्थात् तमोगुणको मुख्य लक्षण लोभ, स्वप्ना, अधैर्य, क्रूरता, नास्तिकता, वृत्तिको भिन्नता अर्थात् एकाग्र(मन नहुनु, भिखारीपन, प्रमाद आदि नै तमोगुणको लक्षण हुन)

त्रयाणां अपि चैतेषां गुणानां त्रिषु तिष्ठताम् ।
इदं सामासिकं ज्ञेयं क्रमशो गुणलक्षणम् ॥ १२/३४ ॥

अर्थात्:-जीवात्माको मन, वाणी तथा शरीर रहने यी तीन गुणको क्रमशः संक्षिप्त तरिकाले नै मनुष्यको आचरण व्यावहारको गुण बनेको हुन्छ यही तीन गुण अनुसार नै मनुष्यको आचारणको लक्षणलाई धारण गरेको हुन्छ । कर्मगर्दा जीवात्मामा कुन गुणको के प्रभाव पर्छ अब त्यस बारेमा सुन्नुहोस् ।

(समयको कलमः- सत्वगुण रजोगुण र तमोगुण यी तीन गुण मनुष्यको शरीर सधैं सम भएर विद्यमान रहेको हुन्छ जबसम्म मनुष्यले आफ्नो आचारणलाई प्रकृति प्रदत्त राखेको हुन्छ । मनुष्यको आफ्नो भोजन, आफ्नो आचरण र अन्तर्मनको क्रियाको कारण सम भएर विद्यमान रहने तीन गुणले मनुष्यको कर्म, आचारण, भोजन र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्मनको कारण तीन गुणमा एक आपसमा असन्तुलन पनि उत्पन्न हुनेगर्छ । मनुष्यको क्रियालाई सधैँ सक्रियगर्ने यी तीन गुणअनुसार नै कर्मको कर्मफलको विधान नै निश्चित हुने गरेको हुन्छ र यही तीनको गुणलाई धारण गरेर गरेको कर्म तथा आचरणको आधारमा गरिएको कर्मको विधानअनुसार र गुण र कर्मको भावको आचरण अनुसार नै भूतकालमा भएको कर्मको कर्मफल वर्तमानकालमा गुण र कर्मको आधारमा अहिलेको वर्तमानकालमा हुने कर्मको अवस्थालाई निश्चित गरेको हुन्छ अहिलेको वर्तमानकालमा भएको कर्मको गुण र कर्मको भाव अनुसार नै भविष्यकालको कर्मको अवस्थालाई निर्धारण तथा निश्चित गरेको हुन्छ यी तीन गुणको चक्र र कर्मको कर्मफलको विधानको र कर्मफल अनुसार नै शरीरलाई धारण गर्ने विधानको बारेमा र त्यस शरीरको आचरण तथा प्रकृतिको अवस्थालाई मनुष्यले जान्नुपर्छ अर्थात् कुन गुणलाई धारण गरेर गरिएको कर्मको कर्मफल के हो र त्यही कर्मको कर्मफल यो समयमा पुरा प्राप्त हुन् सकेन भने भविष्यमा त्यस कर्मको कर्मफलको परिणाम के हुन्छ र पूर्वामा कुन प्रकारले भएको हो र वर्तमानकालमा यी गुणलाई धारण गरेर गरिएको कर्मको कर्मफलको अवस्था के हुन्छ त्यो सम्पूर्ण मनुष्यले बुझ्नुपर्छ)

यत्कर्म कृत्वा कुर्वश्च करिष्यंश्चैव लज्जति ।
तज्ज्ञेयं विदुषा सर्व तामसं गुणलक्षणम् ॥ १२/३५ ॥

अर्थात्:- जीवात्माले जब आफ्नो कर्मलाई गर्नु अघि गरेपछि, कर्मलाई गर्दैगर्दा र जुन कर्मलाई गर्ने योजना बनाउदै गर्दापनि या गर्ने इच्छामा पनि लज्जा, शंका र भयलाई प्राप्त भएको अवस्थामा यो बुझ्नु पर्छ कि जीवात्मा तमोगुण प्रवृद्ध र प्रवल भएर रहेको छ ।

येनास्मिन्कर्मना लोके ख्यातिं इच्छति पुष्कलाम् ।
न च शोचत्यसंपत्तौ तद्विज्ञेयं तु राजसम् ॥ १२/३६ ॥

अर्थात्:- जीवात्माले जुन कर्म गरेको हुन्छ उसको उद्देश्य लोक कल्याणको लागि हैन यस लोकमा आफ्नो धेरै ख्याति प्राप्त होस् सबैले मलाई चिनोस सबैले मलाई आदरसम्मान सत्कार गरोस भन्ने हुन्छ र कर्मको लागत र आफ्नो सम्पत्तिको सञ्चयको कुनै रेखा निस्चित हुँदैन सम्पत्ति नष्ट होस् तर सबैले मलाई चिन्नू पर्छ मेरो नाम हुनुपर्छ भन्ने सोच जब जीवात्माको मन मा उत्पन्न हुन् शुरू हुन्छ त्यो अवस्था रजोगुण प्रवुद्ध र प्रवल भएको बुझ्नुपर्छ ।

यत्सर्वेणेच्छति ज्ञातुं यन्न लज्जति चाचरन् ।
येन तुष्यति चात्मास्य तत्सत्त्वगुणलक्षणम् ॥ १२/३७ ॥

अर्थात्:- जीवात्मा अर्थात् मनुष्यले आफ्नो सत्यताको बारेमा जान्ने इच्छा उत्पन्न भएमा आत्माको सत्यता जान्ने इच्छा भएमा, जान्ने खोज्ने र प्राप्त भएको ज्ञानलाई ग्रहण गर्नमा कुनै पनि संकोच नगरी ससत्यालाई धारण गर्ने गुणलाई ग्रहण गर्दै जानु, वेद निर्देशित कर्मलाई गर्नको लागि अरुको आदर सत्कार गर्नको लागि कुनै लज्जा नगर्नु र जुन कर्म गरेर अन्तर्मन प्रसन्न हुन्छ मनमा सन्तुष्टि रहन्छ अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म आचरण, समाज कल्याण, सबै प्राणीमा समभाव, ज्ञान खोजी र धरणमा रुचिहुने अवस्था उत्पन्न भएको भएमा त्यो जीवात्मामा सत्वगुण प्रबल र प्रबुद्ध भएर रहेको बुझ्नुपर्छ ।

(समयको कलमः- सत्यकर्म मेरो कर्म हो मेरो कर्म सबै प्राणीको कल्याणको लागि हुनुपर्छ भन्ने भाव जब जीवात्मा सबको मनमा उत्पन्न हुन्छ र यो ज्ञात हुन्छ कि मैले सत्यको लागि कर्म गर्नुपर्छ र सत्य कर्म गर्दैगर्दा कहिल्यै पनि मनमा डर शङ्का(लज्जा(भय आदि विकृति उत्पन्न तथा प्राप्त हुँदैन र जुन कर्मलाई गरेर मन तथा अन्तर्मन प्रसन्न तथा मन सन्तुष्ट हुन्छ तब यो बुझ्नु पर्छ कि त्यस जीवात्मामा सत्वगुण प्रबुद्ध र प्रबल भएको छ) ।

तमसो लक्षणं कामो रजसस्त्वर्थ उच्यते ।
सत्त्वस्य लक्षणं धर्मः श्रैष्ठ्यं एषां यथोत्तरम् ॥ १२/३८ ॥

अर्थात्:- यी तीन गुणमा नै जीवात्मा अर्थात् मनुष्यलाई बास्नामा लीन गराउने गुण विद्यमान रहेको हुन्छ अर्थात् तमोगुणको आफ्नो चिह्न हो काम-वासनामा प्रवृत्त हुनु, रजोगुणको आफ्नो चिन्ह हो धन वासना प्रवृत्त हुनु, सतोगुणको आफ्नो चिन्ह हो धर्ममार्ग प्रवृत्ति हुनु यी तीन गुणमा चिन्हको आधारमा तमोगुण भन्दा रजोगुण उत्तम हो भने रजोगुण भन्दा सत्वगुण उत्तम हो अर्थात् तमगुण भन्दा राम्रो रजोगुण र रजोगुण भन्दा राम्रो सत्वगुण हो ।

(समयको कलमः- गुणको आफ्नो आफ्नो सङ्केत रहेको हुन्छ र त्यही गुणको सङ्केत अनुसार आफ्नो लक्षणलाई मनुष्यको कार्यमा देखाएको हुन्छ र मनुष्यले पनि त्यही गुणलाई धारण गरेको हुन्छ तमोगुणको लक्षण हो कामवासना अर्थात् सांसारिक वस्तुको इच्छा र भोग, रजोगुणको लक्षण हो अर्थको वास्ना अर्थात् आफ्नो मान प्रतिष्ठा होस् बाँकी सबै जहाँ जाओस लिनुदिनु छैन, सतोगुणको लक्षण हो धर्मको इच्छा अर्थात् सम्पूर्ण सृष्टिको प्राणीको कल्याणको बारेमा कार्यमा व्यस्त हुनु यी तीन गुणमा सतोगुण श्रेष्ठ गुण हो)

येन यस्तु गुणेनैषां संसरान्प्रतिपद्यते ।
तान्समासेन वक्ष्यामि सर्वस्यास्य यथाक्रमम् ॥ १२/३९ ॥

अर्थात्:- जीवात्माले धारण गर्ने तीन गुण सत्वगुण, रजोगुण र तमोगुण धारण गरेको जीवात्माले यी आफूले धारण गरेको गुण अनुसार कुन कुन गतीलाई प्राप्त गरेको हुन्छ, अब ती सबै गुणको कारणले प्राप्त हुने गतीलाई क्रमशः संक्षेपमा भन्ने छु सुन्नुहोस् ।

देवत्वं सात्त्विका यान्ति मनुष्यत्वं च राजसाः ।
तिर्यक्त्वं तामसा नित्यं इत्येषा त्रिविधा गतिः ॥ १२/४० ॥

अर्थात्:- सत्वगुण भएको जीवात्माको अन्तिमा गतिपनि सात्विक भएको खण्डमा विद्वान् अर्थात् देवताको गतीलाई प्राप्त गरेको हुन्छ, रजोगुणी भएको जीवात्माको अन्तिमा गतिपनि रजोगुण नै भएको खण्डमा साधारण मनुष्यको गतीलाई प्राप्त गरेको हुन्छ र तमोगुण भएको जीवात्माको अन्तिमा गति पनि तमोगुणी नै भएमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशु(पक्षीको नीच गतीलाई प्राप्त गरेको हुन्छ ।
(समयको कलमः- मनुष्यले आफूले धारण गरेको जुन गुणको अवस्था रहेको हुन्छ त्यही गुणलाई धारण गरेको अवस्थामा मृत्यु भएमा धारण गरेको गुणको आधारमा नै त्यस जीवात्माले अर्को योनी तथा अर्को शरीरलाई प्राप्त गरेको हुन्छ मृत्युपछि प्राप्तगर्ने अवस्था कर्म र कर्मगर्दा धारण गरेको गुणको आधार नै मुख्य विधान हो । जन्म मरण र जन्मको अवस्था गुण, कर्मको आधारमा तीन प्रकारको गति अर्थात् अवस्थालाई प्राप्त गरेको हुन्छ । जो मनुष्य सात्विक आचरणको रहेको छ मृत्युपनि यही गुणलाई धारण गरेको अवस्थामा भएको खण्डमा त्यसको गति देव अर्थात् विद्वान् अवस्थालाई प्राप्त गरेको हुन्छ जो मनुष्य रजोगुण आचारणको छ कर्मपनि त्यही गुण अनुसार गर्यो र मृत्युको अवस्थामा पनि रजोगुणलाई नै धारण गरेर मृत्युलाई प्राप्त गरेको खण्डमा त्यस मनुष्यको गति मध्यम मनुष्यको गतीलाई प्राप्त गरेको हुन्छ र जो तमोगुणयुक्त रहेको हुन्छ कर्मपनि तमोगुण युक्त नै गरेको हुन्छ र अन्त्यमा पनि तमोगुणलाई नै धारण गरेर जीवनको अन्तिमा सत्य मृत्युलाई प्राप्त गरेमा त्यस जीवात्माको गति आफ्नो गुण र कर्म अनुसार निचयोनीलाई प्राप्त गरेको हुन्छ यसरी गुण र कर्मको आधारमा नै जीवात्माले गतीलाई अर्थात् योनीलाई प्राप्त गरेको हुन्छ यही चक्रलाई यही विधिलाई गुण, कर्म र स्वभावको त्रिविधको गति अर्थात् योनी भनिन्छ ।

त्रिविधा त्रिविधैषा तु विज्ञेया गौणिकी गतिः ।
अधमा मध्यमार्ग्या च कर्मविद्याविशेषतः ॥ १२/४१ ॥

अर्थात्:- तीन गुण सत्वगुण, रजोगुण र तमोगुण यी गुण(भेद बाट तीन प्रकारको गति, फेरि त्यही गतिमा कर्म र ज्ञानको ग्रहण अनुसार विभिन्न किसिमका भेद अर्थात् अवस्थालाई पनि प्राप्त गरेको हुन्छ जुन भेद तथा अवस्था अनुसार निच, मध्यम र उत्तम भेद गरेर प्रत्येक गुण र कर्मको आधारमा तीन-तीन प्रकारको अवस्था अर्थात् भेद हुन्छ ।
(समयको कलमः- सत्वगुण, रजोगुण र तमोगुणबाट प्राप्त हुने जुन तीन प्रकारको अवस्था तथा दशाको वर्णन गरिएको छ ती तीन गुणको न्यूनतम गुणको क्षमता या अधिकतम गुणको प्रबलताको आधारमा अरु तीन भेद बनेको हुन्छ, उत्तम, मध्यम, निच तीन प्रकारको अवस्था, भेद र दशा बनेको हुन्छ र यो दशा निर्माण हुन् अवस्था व्यवस्था देशकालको अन्तर पनि एक कारण हुन्छ)

स्थावराः कृमिकीटाश्च मत्स्याः सर्पाः सकच्छपाः ।
पशवश्च मृगाश्चैव जघन्या तामसी गतिः ॥ १२/४२ ॥

अर्थात्:- जो जीवात्मा अत्यान्तै तमोगुणी अर्थात् नीच तमोगुण प्रवल भएको अवस्थामा गतीलाई प्राप्त गरेको हुन्छ त्यस्तो तमोगुणी जीवात्मा आफ्नो तमोगुणको प्रभावको कारण स्थावर, पशु, पंक्षि योनीलाई प्राप्त गरेको हुन्छ जुन योनीमा रुख वृक्ष लगायतका, किरा, माछा, सर्प फट्याङ्ग्रा, कछुवा, पशु लगायत मृग जरायो आदिको योनीलाई प्राप्त गरेको हुन्छ । यो अवस्थालाई प्राप्त गरेको दशालाई तमोगुणको नीच दशा हो भन्ने जान्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हस्तिनश्च तुरङ्गाश्च शुद्रा म्लेच्छाश्च गर्हिताः ।
सिंहा व्याघ्रा वराहाश्च मध्यमा तामसी गतिः ॥ १२/४३ ॥

अर्थात्:- जो जीवात्मा मध्यम तमोगुण आफूमा प्रवल भएको अवस्थामा गतीलाई प्राप्त गरेको हुन्छ त्यसले केवल भोगयोनीलाई प्राप्त गर्छ र भोगयोनी अन्तर्गतको पशुयोनी हात्ति, घोड़ा, सिंह, व्याघ्र, वराह अर्थात् सुगुरको जन्मलाई प्राप्त गरेको हुन्छ यस्तो तमोगुणलाई धारण गरेको गतीलाई प्राप्त गरेको तर कर्मयोनी प्राप्त गरेको मनुष्य शुद्र वर्णको शुद्रवर्णबाट कर्मच्यूत भएर म्लेच्छ बन्छ अर्थात् पतित बन्छ अर्थात् भोगयोनीको हात्ती, घोड़ा, सिंह बाघ, यी सबै भोगयोनीको प्राणी हुन् माध्यम गतिको तमोगुणबाट मनुष्ययोनी अर्थात् कर्मयोनी प्राप्त गरेमा शुद्र वर्ण अर्थात् वर्णको बीजबाट नै वर्णच्यूत, संस्कारच्यूत र कर्मच्यूत बनेर पतित, म्लेच्छ र अनार्य बन्छ यो अवस्थाको दशालाई प्राप्त गरेको अवस्थालाई तमोगुणको मध्यम गति हो भन्ने जान्नुपर्छ ।

(समयको कलमः- म्लेच्छ त्यसलाई भनिन्छ प्रकृति विधान विरुद्धको कार्यगर्ने व्यक्तिलाई जो व्यक्ति कार्य आचरण सोच सबै नै नीच किसिमको हुन्छ र भोजन निकृष्ट पदार्थको गर्ने गर्छ मांस, मदिरा, व्यभिचार र बातावरण र प्रकृति र धर्म दूषकलाई अनार्य म्लेच्छ भनिन्छ)

चारणाश्च सुपर्णाश्च पुरुषाश्चैव दाम्भिकाः ।
रक्षांसि च पिशाचाश्च तामसीषूत्तमा गतिः ॥ १२/४४ ॥

अर्थात्:- जुन जीवात्माले उत्तम तमोगुण आफूमा प्रवल भएको अवस्थामा गतिलाई प्राप्त गरेको हुन्छ त्यस जीवात्माले कर्मयोनीलाई प्राप्त गरेको त हुन्छ तर अरुको गुणगान कविता या दोहा सुनाउने आचरण भएको, चुक्लि गर्ने गुणले सम्पन्न भएको हुन्छ, सुन्दर पक्षी, दाम्भिक पुरुष अर्थात् आफ्नो सुखको लागि आफ्नो प्रशंसा अरुलाई सहयोग गरेर या खरिद गरेर गराउने गर्छ, राक्षस आचरण भएको हिंस्रक, पिशाच, अनाचारी अर्थात् मद्य मांस आदिको आहारकर्ता र मलिन अर्थात् कुनै पनि धोका दिन सक्छ कुनै पनि भनाईमा कुनै सत्यता नभएको यस्तो गुण भएको दशा उत्तम तमोगुणको कर्मको फल हो ।

(समयको कलमः-उत्तम तमोगुणी धारण भएको समयमा यदि मनुष्यको मृत्यु हुन्छ भने त्यस्तो मनुष्यको जन्म आफ्नो कर्मको कर्मफल अनुसार नीच आचरण भएको आफ्नो प्रशंसा सुन्न अरुलाई किन्ने अर्थात् दम्भी पुरुष, राक्षस आचरण अर्थात् हिंस्रक मनुष्य, र पिशाच अर्थात् मद्य मांस र मदिरा आदि आहार गर्ने मलिन अर्थात् अनाचारी मनुष्य भएर कर्मयोनीको जन्मलाई प्राप्त गरेको हुन्छ) ।

झल्ला मल्ला नटाश्चैव पुरुषाः शस्त्रवृत्तयः ।
द्यूतपानप्रसक्ताश्च जघन्या राजसी गतिः ॥ १२/४५ ॥

अर्थात्:- जो जीवात्मा अधम रजोगुण आफूमा प्रवल भएको अवस्थामा गतीलाई प्राप्त गरेको हुन्छ त्यस दशामा गति गरेको जीवात्माले आफ्नो अधम गुणको कारण भल्ला अर्थात् तलवार आदिले अन्यको प्राणी हत्या गरेर जीविका चलाउने, खनती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदिले जमिन मुनिको वस्तुलाई खनेर निस्किएको वस्तुलाई खाएर जीविकोपार्जन गर्ने, मल्ला अर्थात् नौका आदिलाई चलाउने, नट अर्थात् वांस या कुनै डोरी आदिमा चढेर कलाबाजी देखाउने डोरीमा चढ्नु झर्नु आदि कार्य गरेर जीविका चलाउने, हिंसाको लागि शस्त्रधारी भृत्य र मांस मद्यपान गर्ने, जुवा खेल्ने आचरणच्युत र कामवास्नामा सधैं आसक्त हुन्छ, यस्तो आचरण भएको जन्म अधम अर्थात् निच रजोगुणको कर्मको कर्मफल हो ।

राजानः क्षत्रीयाश्चैव राज्ञां चैव पुरोहिताः ।
वादयुद्धप्रधानाश्च मध्यमा राजसी गतिः ॥ १२/४६ ॥

अर्थात्:- जो जीवात्मा मध्यम रजोगुण आफूमा प्रवल भएको अवस्थामा गतीलाई प्राप्त गरेको हुन्छ त्यस दशामा गति गरेको जीवात्माले कर्मयोनीलाई प्राप्त गरेको हुन्छ जुन योनीमा क्षत्रीय गुणलाई धारण गर्ने राजा, क्षत्रीय राजाको पुरोहित, वाद-विवादगर्ने दूत, न्यायाधीश, युद्ध विभागको अध्यक्ष अवस्थाको गुणलाई प्राप्त गरेको हुन्छ यो अवस्था माध्यम रजोगुणलाई धारण गरेको अवस्थामा जीवात्माले गति गरेको अवस्थामा यस्तो कर्मयोनीलाई प्राप्त गरेको हुन्छ ।

गन्धर्वा गुह्यका यक्षा विवुधानुचराश्च ये ।
तथैवाप्सरसः सर्वा राजसीषूत्तमा गतिः ॥ १२/४७ ॥

अर्थात्:- जो जीवात्मा उत्तम रजोगुण आफूमा प्रवल भएको अवस्थामा गतीलाई प्राप्त गरेको हुन्छ त्यस दशामा गति गरेको जीवात्माले कर्मयोनीलाई प्राप्त गरेको हुन्छ जुन योनीमा विद्वान्को सेवक, गन्धर्व अर्थात् गीत गाउने गलाको कला भएको र हातले संगीतको सामान वनाउने र वजाउने शिप भएको, यक्ष अर्थात् धनाढ्य, गुह्याक वादित्र वजाउने, अप्सरा अर्थात् सुन्दर नारी जसले गाउने तथा नाचने कलाले सम्पन्न भएको हुन्छ, विद्याधर अर्थात् शिल्पकार सम्पूर्ण साधनको निर्माता यी सवै गुण भएको दशा उत्तम रजोगुणलाई धारण गरेको अवस्थामा जीवात्माले गति गरेको भएमा यो अवस्थाको कर्मयोनी लाई प्राप्त गरेको हुन्छ ।

तापसा यतयो विप्रा ये च वैमानिका गणाः ।
नक्षत्राणि च दैत्याश्च प्रथमा सात्त्विकी गतिः ॥ १२/४८ ॥

अर्थात्:- जो जीवात्मा अधम सत्वगुण आफूमा प्रवल भएको अवस्थामा गतीलाई प्राप्त गरेको हुन्छ त्यस दशामा गति गरेको जीवात्माले कर्मयोनीलाई प्राप्त गरेको हुन्छ जुन योनीमा तपस, यति संन्यासी, व्रात्य ब्राह्मण, विमान सञ्चालक, ज्योतिषी, दैत्य अर्थात् आचरणहिन विद्वान् यी सवै गुण भएको दशा नीच अर्थात् अधम सत्वगुणलाई धारण गरेको अवस्थामा जीवात्माले गति गरेको भएमा यो अवस्थाको कर्म योनीलाई प्राप्त गरेको हुन्छ ।

(समयको कलमः- तापस अर्थात् तप गर्ने, संयमी, व्रती ब्राह्मण र विमान चढेर घुम्ने, ज्योतिषको कार्य गर्ने तर लोभी, दैत्य अर्थात् आचरणहीन विद्वान् यी सवै गति सतोगुणको नीच गतिमयको अवस्था हो र राक्षस त्यसलाई भनिन्छ जो हिंसा र विग्रहको प्रेमी हो र पिशाच त्यसलाई भनिन्छ जो निर्दयता र क्रोधको कारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभाशुभको पनि ज्ञान नभएको सत्यको ज्ञान नै नभएको मनुष्यलाई नै पिशाच भनिन्छ)

यज्वान ऋषयो देवा वेदा ज्योतींषि वत्सराः ।
पितरश्चैव साध्याश्च द्वितीया सात्त्विकी गतिः ॥ १२/४९ ॥

अर्थात्:- जो जीवात्मा मध्यम सत्वगुण आफूमा प्रवल भएको अवस्थामा गतीलाई प्राप्त गरेको हुन्छ त्यस दशामा गति गरेको जीवात्माले कर्मयोनीलाई प्राप्त गरेको हुन्छ जुन योनीमाको दशालाई प्राप्त गरेको जीवात्मा यज्ञकर्ता, वेदार्थवित, विद्वान्, वेदको ज्ञानलाई धारण गर्ने, विद्युत कला ज्ञानको ज्ञाता र ज्ञानलाई तीव्र गतिमा ग्रहणगर्ने र कालविद्याको ज्ञाता, ज्ञानको रक्षक, ज्ञानी, साधन र साध्यको कार्यसिद्धिको लागि योग साधनद्वारा ज्ञानको अभ्यास र ज्ञानको योग्य अध्यापकको अवस्थाको गुणको दशालाई माध्यम सत्वगुणलाई धारण गरेको जीवात्माले गति गरेको भएमा यो अवस्थाको कर्मयोनीलाई प्राप्त गरेको हुन्छ ।

ब्रह्मा विश्वसृजो धर्मो महान्व्यक्तं एव च ।
उत्तमां सात्त्विकीं एतां गतिं आहुर्मनीषिणः ॥ १२/५० ॥

अर्थात्:- जो जीवात्मा उत्तम सत्वगुण आफूमा प्रवल भएको अवस्थामा गतीलाई प्राप्त गरेको हुन्छ त्यस दशामा गति गरेको जीवात्माले कर्मयोनीलाई प्राप्त गरेको हुन्छ जुन योनीमा उत्तम सत्वगुणयुक्त भएर उत्तम कर्म गरेका हुन्छन् ब्रह्मा अर्थात् सबै वेदको ज्ञाता अर्थात् ज्ञान, कर्म, भक्ति तथा उपासना र विज्ञानको ज्ञाता, विश्वसृज सृष्टिको सृष्टिक्रमको विद्याको ज्ञाता विविध ज्ञान विविध शास्त्र शास्त्र विविध विमान आदि यानको वारेमा ज्ञाता र निर्माता, धार्मिक, सर्वोत्तम वुद्धियुक्त र अव्यक्त रहने प्रकृतिको सम्पूर्ण विधानलाई बुझ्ने र जन्म र प्रकृतिको सांकेतिक गुणलाई जानेर सिद्धिलाई प्राप्त हुने अवस्थाको योनी उत्तम सत्वगुणलाई धारण गरेको दशामा जीवात्माले आफ्नो गति गरेको भएमा यो अवस्थाको कर्मयोनीलाई प्राप्त गरेको हुन्छ ।

एष सर्वः समुद्दिष्टस्त्रीप्रकारस्य कर्मणः ।
त्रिविधस्त्रीविधः कृत्स्नः संसारः सार्वभौतिकः ॥ १२/५१ ॥

अर्थात्:- यहाँसम्म मन, वचन, शरीरको भेदले तीन प्रकारको कर्मको सतोगुण, रजोगुण र तमोगुण नामका तीन प्रकारका गुणको फल, तथा फेरि त्यस फलको दशाबाट उत्तम, मध्यम, अधम यी तीन भेदबाट तीन-तीन गति भएको सर्वभूतयुक्त सम्पूर्ण संसारको उत्पत्तिको बारेमा पूर्ण वर्णन भयो ।

(समयको कलमः- मन, वाणी र शरीर तीन कर्मको साधनमा अर्थात् यी तीनद्वारा नै सबै कर्म हुन्छ । यी तीन मन, वाणी र शरीरको दशाद्वारा नै तीन प्रकारको कर्म सत्वीक, राजसी र तामसिक कर्म भयो फेरि यही सात्विक राजसी र तामसिक कर्ममा पनि तीन कर्मको विधान उत्तम, मध्यम, नीच अर्थात् अधमको विभागले प्रत्येकको तीन तीन गति भयो जुन गतिको योग जम्मा नौ हुन्छ । सम्पूर्ण संसारको पञ्चमहाभूत यही तीन गुणमा नै निहित रहेको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रियाणां प्रसँगेन धर्मस्यासेवनेन च ।
पापान्संयान्ति संसारानविद्वांसो नराधमाः ॥ १२/५२ ॥

अर्थात्:- जुन जीवात्मा आफ्नो इन्द्रियको अधीनमा रहेर मनुष्य योनीको महत्त्वलाई नबुझेर इन्द्रियको अधिभूत भएर इन्द्रियको वश अर्थात् अधीनमा परेर शरीर, व्यावहार र संसारको विषयवासनामा लीन भएर धर्मको आचारणलाई छोडेर अधर्मगर्ने मूर्ख तथा अविद्वान् मनुष्यले कुन कुन नीच योनीलाई प्राप्त गरेर कुन कुन योनीलाई प्राप्त गरेको हुन्छ त्यस बारेमा सुन्नुहोस् ।

यां यां योनीं तु जीवोऽयं येन येनेह कर्मणा ।
क्रमशो याति लोकेऽस्मिंस्तत्तत्सर्व निबोधत ॥ १२/५३ ॥

अर्थात्:- मृत्यु लोकमा आफ्नो जन्म लिएको मनुष्यले यदि धर्मलाई त्याग गरेमा आफ्नो कर्मलाई गरेमा कुनकुन गतिमा जान्छ कुन कुन गतीलाई प्राप्त गरेको हुन्छ त्यस बारेमा संक्षेपमा वर्णन सुन्नुहोस् ।

वहून्वर्षगणान्घोरान्नरकान्प्राप्य तत्क्षयात् ।
संसारान्प्रतिपद्यन्ते महापातकिनस्त्विमान् ॥ १२/५४ ॥

अर्थात्:- एक पटक प्राप्त भएको कर्मयोनीमा रहेर गरेको कर्मको कर्मफललाई जबसम्म पूर्ण रुपले प्राप्त नगरेसम्म कुनै पनि अवस्थामा फेरि कर्मयोनीलाई आफ्नो खुशीले प्राप्त हुँदैन चाहे त्यो करोड़ वर्ष नै किन नलागोस् कर्मयोनीमा रहँदा गरिएको कर्मको कर्मफललाई पुरा प्राप्त गरेपछि मात्र फेरि कर्मयोनीलाई प्राप्त गरेको हुन्छ यो कर्मयोनीको शरीरको अवस्थालाई फेरि प्राप्त गर्नको लागि कयौँ वर्ष लाग्ने गर्छ ।

श्वसूकरखरोष्ट्राणां गोऽजाविमृगपक्षिणाम् ।
चण्डालपुक्कसानां च ब्रह्महा योनीं ऋच्छति ॥ १२/५५ ॥

अर्थात्:- प्रकृति विरुद्धको कार्य अर्थात् ब्रह्महत्याको कुनै पनि कार्यगर्ने कर्मयोनीको जीवात्माले प्रकृति विरुद्धको कर्म गरेको हुनाले त्यस कर्मको कर्मफल निम्न अवस्थामा भोग गरेको हुन्छ यो अवस्थापनि कर्मको कर्मफल नै हो कुकुर, सुँगुर, गधा, उँट, गाई, बाखो, भेडा, हरिण, पक्षी आदि पशु पंक्षिहरू र चण्डाल तथा पुक्क आचरण तथा प्रकृति भएको मनुष्यको कर्मयोनी पनि ब्रह्महत्या अर्थात् प्रकृति विरुद्धको कर्म गरेपछिको कर्मको कर्मफल हो त्यसले यी सबैले प्राकृतिक गुणलाई धारण गरेर प्रकृति विरुद्धको कुनै पनि कार्य गर्दैनन् र चण्डाल र पुक्कलाई त प्रकृति गुण के हो त्यो नै थाहा हुँदैन ।

कृमिकीटपतङ्गानां विड्भुजां चैव पक्षिणाम् ।
हिंस्राणां चैव सत्त्वानां सुरापो ब्राह्मणो व्रजेत् ॥ १२/५६ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता अनुसार ब्राह्मणवर्ण लाई धारण गरेको मनुष्यले यदि जानेर सुरापान अर्थात् मदिरा पान गरेमा यो अति नै नीचकर्म हो त्यस कर्मको कर्मफल पनि अतिनै घातक हुन्छ सुरापानको कर्मफल सूक्ष्म किरा, फट्याङ्गा, पुतली, विष्टालाई भक्षण गर्ने पंक्षि तथा किरा सिंह आदि हिंस्रक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणीको योनी प्राप्त गरेर कर्मको कर्मफललाई भोग गर्नुपर्छ । गुण, कर्म, स्वभाव र क्षमताअनुसार ब्राह्मण वर्णलाई धारण गरेको ब्राह्मण वर्णको मनुष्यको गुण सात्विक हुनुपर्छ यदि आफ्नो आफ्नो गुण, कर्म, स्वभाव र क्षमता च्युत भएको व्यक्तिले भोग गर्ने योनीलाई पशु तथा पंक्षि योनी भनिन्छ ।

लूताहिसरटानां च तिरश्चां चाम्बुचारिणाम् ।
हिंस्राणां च पिशाचानां स्तेनो विप्रः सहस्रशः ॥ १२/५७ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताअनुसार ब्राह्मणवर्णलाई धारण गरेको मनुष्यले यदि सुन चोरेको खण्डमा र आफ्नो माता तथा गुरुमातासँग रमण गरेको भएमा त्यस पतित कर्मको कर्मफलअनुसार माकुरो, सर्प, लामखुट्टे, लोखर्के, सीधा हिँड्न नसक्ने प्राणी, छेपारो, गुल्म, लता, घाँस, गिद्ध, सिंह बाघ आदिको हिंस्राक योनीलाई प्राप्त गरेर आफ्नो पतित कर्मको कर्मफललाई प्राप्त गरेर भोग गर्छन् कयौँ सहस्र सहस्र वर्षसम्म ।

(समयस्को कलमः- कर्मको कर्मफलअनुसार सृष्टिको चक्रमा जतिपनि योनी छन् ती सबै योनी कर्मको कर्मफलको आधारमा निश्चित गरिएको हो आज मांसाहारी प्राणी भोलि शाकाहारी प्राणी हुन्छ आज शाकाहारी प्राणी मंशाहारी हुन्छ यी सबै प्राणीले आफ्नो प्राकृतिक गुणकोअनुसार नै कर्मको कर्मफललाई भोग गरेका हुन्छन् तर हामीलाई यस्तो किन हो यो ज्ञान ती सबै प्राणीलाई हुँदैन र सिंहले हरिण मारेर खाएमा त्यसलाई पाप लाग्दैन किनकि त्यो उसको प्राकृतिक गुणको आधारमा उसको भोजन हो मनुष्य बाहेक अन्य कुनै पनि प्राणीले कहिल्यै पनि प्राणीले प्रकृति विरुद्धको कार्य गर्दैनन् किनकि यी सबै प्राणी प्रकृतिप्रेमी हुन् तर यी सबै प्राणी भोगयोनी हुनाले सत्य के हो गलत के हो यो ज्ञान हुँदैन प्रकृति प्रदत्त गुणअनुसार नै आचरण गरेको हुन्छ । ज्ञान केवल मनुष्यलाई हुने हुनाले मनुष्यले आफ्नो कर्मयोनीमा गरेको सम्पूर्ण कर्मको कर्मफललाई पूर्ण रुपले प्राप्त गरेर त्यस कर्मको कर्मफललाई भोग गरेर मात्र त्यसलाई माफ हुन्छ कर्मको कर्मफल भोग नगरी कुनै पनि कर्मको कर्मफल पुरा हुँदैन) ।

तृणगुल्मलतानां च क्रव्यादां दंष्ट्रिणां अपि ।
क्रूरकर्मकृतां चैव शतशो गुरुतल्पगः ॥ १२/५८ ॥

अर्थात्:- तृण, गुल्म, लतामा रहने प्राणी, कुहेको, काँचो माँस, सडेगलेको मांस भक्षी प्राणी र मरेको सिनो खाने गिद्ध आदि जनावर तथा पंक्षी, क्रुर कर्म गर्ने हिंस्रक आचरण तथा स्वभाव भएको जनावर जसले भोक लागेमा आफ्नो सन्तानलाई पनि भक्षण गर्छन् जस्तै सिंह, वाघ, बिरालो, कुहेको सडेगलेको मांसभक्षण गर्ने कुकुर, गिद्ध, हूडार, बंदेल लगायतका यस्तै जनावरको योनिलाई प्राप्त गर्छ जसले गुरुपत्नी गमन गर्ने सोच राखेको हुन्छ ।

हिंस्रा भवन्ति क्रव्यादाः कृमयोऽमेध्यभक्षिणः ।
परस्परादिनः स्तेनाः प्रेत्यान्त्यस्त्रीनिषेविणः ॥ १२/५९ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- जानेर नै विनाकारण जीव हिंसा गर्ने, मनमा हिंसाको आचरण भएको, मांसभक्षण गर्ने यस्तो आचरण भएको जीवात्माले विरालोको योनीलाई प्राप्त गरेर आफ्नो कर्मको कर्मफललाई प्राप्त गरेको हुन्छ । खाद्य पदार्थमा अखाद्य पदार्थको मिलावट गर्ने र अखाद्य पदार्थलाई भक्षण गर्ने जीवात्माको कर्मको कर्मफल सूक्ष्म किराको योनीलाई प्राप्त गरेको हुन्छ । महापापको अतिरिक्त जो चोर हो, जसले परस्पर मांसभक्षणलाई आफ्नो खाद्य पदार्थ सोचेको हुन्छ आफूले पनि मांसको भक्षण गर्छ र अरुलाई पनि मांसको भक्षण गर्न सिकाउँछ । त्यस्तो जीवात्माले आफ्नो कर्मको कर्मफलअनुसार जुका, कर्ना, कुकुर, गिद्ध, स्याल जस्तै अनेक योनीलाई प्राप्त गरेर आफ्नो कर्मफललाई भोग गर्छन । त्यस्तै परस्त्री गमन र परपुरुष गमन गर्ने र गराउने गर्ने चण्डाल भनिन्छ यस्तो जीवात्माले प्रेत योनीलाई प्राप्त गरेर आफ्नो कर्मफललाई प्राप्त गरेको हुन्छ ।

संयोगं पतितैर्गत्वा परस्यैव च योषितम् ।
अपहृत्य च विप्रस्वं भवति ब्रह्मराक्षसः ॥ १२/६० ॥

अर्थात्:- आचरण च्यूत, कर्मच्यूत र वर्णच्यूतलाई पतित भनिन्छ यस्तो पतितसँग मैत्री आदि संसर्ग गर्नु, परपुरुष तथा परस्त्री गमन गर्नु र गराउनु, सुनको चोरी गर्नु यस्तै पतित कर्म गर्ने जीवात्मालाई ब्रह्मराक्षस भनिन्छ ।

मणिमुक्ताप्रवलानि हृत्वा लोभेन मानवः ।
विविधाणि च रत्नानि जायते हेमकर्तृषु ॥ १२/६१ ॥

अर्थात्:- लोभले अन्यको मणि, मोती, मूँगा इत्यादिलाई विविध प्रकारका जो जो रत्न रहेका हुन्छ त्यस्तो रत्नलाई चोरी गर्ने अवैध कारोवार गर्ने जीवात्मा पिसाब पिएर जीवित रहने किराको योनीलाई प्राप्त गरेका हुन्छन् ।

धान्यं हृत्वा भवत्याखुः कांस्यं हंसो जलं प्लवः ।
मधु दंशः पयः काको रसं श्वा नकुलो घृतम् ॥ १२/६२ ॥

अर्थात्:- अन्यको धनलाई चोरी गर्ने जीवात्माले मुसाको योनीलाई प्राप्त गरेको हुन्छ, काँसलाई चोरी गर्ने जीवात्माले हाँसको योनीलाई प्राप्त गर्छ, इनारको जललाई पुर्ने तथा बाँधको पानीलाई एक्लैले प्रयोग गर्ने जीवात्मा प्लव नामको पंक्षिको योनीलाई प्राप्त गरेको हुन्छ, महलाई चोरी गर्ने जीवात्माले झिंगाको योनीलाई प्राप्त गरेको हुन्छ । दुधलाई चोरी गर्ने जीवात्माले कागको योनीलाई प्राप्त गरेको हुन्छ, रसलाई चोरी गर्ने जीवात्मालाई उसको कर्मको कर्मफल अनुसार कुकुरको योनी, घिउलाई चोरी गर्ने नयौँली चरीको योनीलाई प्राप्त गरेको हुन्छ ।

(समयको कलमः- कर्मको कर्मफल जसरी पनि प्राप्त हुन्छ नै यस विषयमा तीन समयको अवस्थालाई पनि ध्यान राख्नु पर्छ जन्म मरण जन्मको विषय स्पष्ट रीतीले कर्मको कर्मफलको सम्बन्ध आगामी जन्ममा पनि पूर्ण सम्बन्ध हुन्छ र त्यही कर्मको कर्मफलअनुसार नै शरीरलाई धारण गरेको हुन्छ त्यसैले माथि भनिएको विधान कसैलाई डर देखाउनको लागि हैन कर्मको कर्मफलको विधानलाई बुझाउनको लागि भनिएको हो । अतएव यह श्लोक पनि कयौँ ज्ञानलाई ग्रहण गर्नको लागि पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाण हुन सक्छ किनकि कर्मको कर्मफलअनुसार नै जीवात्माले नयाँ शरीरलाई धारण गर्छ भनिएको छ)

मांसं गृध्रो वपां मद्गुस्तैलं तैलपकः खगः ।
चीरीवाकस्तु लवणं वलाका शकुनिर्दधि ॥ १२/६३ ॥

अर्थात्:- निम्न आचरण तथा कार्य गर्ने जीवात्माले निम्न योनीलाई प्राप्त गरेर आफ्नो कर्मको कर्मफललाई पुरा प्राप्त गरेर भोग गरेका हुन्छन् ।

१) मांसभक्षण गर्ने २) बोसोलाई छलकपट गरेर घिउ भनेर वेच्ने
३) तेललाई चोरी गर्ने ४) नुनलाई चोरी गर्ने
५) दही चोरी गर्ने

यी सबै कर्म गर्ने जीवात्माले क्रमशः निम्न योनीलाई प्राप्त गरेको हुन्छ ।

१) गृद्धको योनी २) मुद्ग पंक्षिको योनी
३) तेलपक पंक्षिको योनी ४) चिरवाक पंक्षिको योनी
५) बलाका पंक्षिको योनीलाई प्राप्त गरेको हुन्छ

(समयको कलमः- यो अध्यायको १२/५३ देखिको सबै श्लोकले गोप्य रुपमा गरेको कर्मको कर्मफललाई भोग गर्नको लागि निम्न योनी प्राप्त हुनेछ भनिएको हुनाले यो श्लोक विधान हैन यस्तो हुन्छ भने ज्ञान मात्र हो यही ज्ञानलाई धारण गरेर कुनै पनि मनुष्यले गोप्य रुपमा भए पनि कुनै गलत काम नगरोस् भनेर नै यो श्लोक हामीलाई भन्नुभएको हो किनकि देखिने भोग योनीको जीवात्माको शरीर र आफ्नो कर्मयोनीको शरीरलाई देखेर मनुष्यले यो ज्ञान ग्रहण गरोस् कि अपराध अर्थात् पाप गुप्त रुपमा गरिएको होस् या सार्वजनिक रुपमा गरिएको त्यो पाप नै हो त्यसको कर्मफल भोग गर्नुपर्छ भनेर नै यी श्लोक आएका हुन् । त्यसैले यी श्लोकलाई विधान हो भन्ने नबुझेर कर्मको कर्मफल कति घातक हो कर्मयोनी मा रहेको मनुष्यले कर्म गर्दा कति ध्यान दिनुपर्छ भन्ने ज्ञानलाई ग्रहण गर्नको लागि यी श्लोक आएको हो)

कौशेयं तित्तिरिर्हृत्वा क्षौमं हृत्वा तु दर्दुरः ।
कार्पासतान्तवं क्रौञ्चो गोधा गां वाग्गुदो गुडम् ॥ १२/६४ ॥

अर्थात्:- निम्न आचरण तथा कर्म गर्ने जीवात्माले निम्न योनीलाई प्राप्त गरेर आफ्नो कर्मको कर्मफललाई पुरा प्राप्त गरेर भोग गरेका हुन्छन् ।

१) रेशम आदिको वस्त्र चोरी गर्नेले तित्रोपक्षीको योनीलाई प्राप्त गर्छ
२) अरुको वस्त्र चोरी गर्ने भ्यागुतोको योनीलाई प्राप्त गर्छ
३) ऊनीको वस्त्र चोरी गर्ने कोईली तथा कागको योनीलाई प्राप्त गर्छ
४) गाईलाई चोरी गर्ने गोहीको योनीलाई प्राप्त गर्छ
५) गुड़लाई चोरी गर्नेले गोवरा पंक्षीको योनीलाई प्राप्त गर्छ

वेद विरुद्धको पाप कर्म गर्ने जीवात्माको लागि भोग योनीको निर्माण भएको हो कर्मयोनीमा गरेको कर्मको कर्मफललाई भोग गर्नको लागि नै यी प्राणीको योनीलाई निर्माण गरिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छुच्छुन्दरिः शुभान्गन्धान्पत्रशाकं तु बर्हिणः ।
श्वावित्कृतान्नं विविधं अकृतान्नं तु शल्यकः ॥ १२/६५ ॥

अर्थात्:- निम्न आचरण तथा कार्य गर्नाले जीवात्माले निम्न योनीलाई प्राप्त गरेर आफ्नो कर्मको कर्मफललाई पुरा प्राप्त गरेर भोग गरेका हुन्छन् ।

१) सुगन्धित पदार्थलाई चोरी गर्नाले, छुचुन्द्रोको योनीलाई प्राप्त गर्छ
२) हरियो सागपात तथा अन्य हरियो तरकारीलाई चोरी गर्नाले मयुरको योनीलाई प्राप्त गर्छ
३) पकाएको अन्नलाई चोरी गर्नाले कुकुरको योनीलाई प्राप्त गर्छ
४) सातु आदि जौ गहूँबाट बनेको परिकारलाई चोरी गर्नाले शल्यकको योनीलाई प्राप्त गर्छ

बको भवति हृत्वाग्निं गृहकारी ह्युपस्करम् ।
रक्तानि हृत्वा वासांसि जायते जीवजीवकः ॥ १२/६६ ॥

१) अग्निलाई चोरी गर्नाले बकुल्लाको योनीलाई प्राप्त गर्छ
२) नंगलो, चाल्नी, मूसल आदि गृहको आवश्यकीय वस्तुलाई चोरी गर्नाले, बिरालोको योनीलाई प्राप्त गर्छ
३) रङ्गाईएको रातो वस्त्रलाई चोरी गर्नाले चखेवाको योनीलाई प्राप्त गर्छ ।

वृको मृगेभं व्याघ्रोऽश्वं फलमूलं तु मर्कटः ।
स्त्रीं ऋक्षः स्तोकको वारि यानान्युष्ट्रः पशूनजः ॥ १२/६७ ॥

अर्थात्:- मृग, हात्ती यी दुईमा कुनै पनि एकलाई चोरी गरेमा व्यासोको योनीलाई प्राप्त गर्छ, घोड़ालाई चोरी गरेमा बाघको योनीलाई प्राप्त गर्छ, फलफूल यी कुनै पनि एकलाई पदार्थलाई चोरी गरेमा बाँदरको योनीलाई प्राप्त गर्छ, यात्रीलाई लुट्ने कर्म गर्नाले उँटको योनीलाई प्राप्त गर्छ, पशुलाई चोरी गर्ने बाखोको योनीलाई प्राप्त गरेको हुन्छ ।

यद्वा तद्वा परद्रव्यं अपहृत्य बलान्नरः ।
अवश्यं याति तिर्यक्त्वं जग्ध्वा चैवाहुतं हविः ॥ १२/६८ ॥

अर्थात्:- अन्य मनुष्यको मिहिनेतको धन सम्पत्तिलाई चोरी गर्नाले या बालक अपहरण गर्नाले जमिनमा पेटको बलले घिस्रेर हिँड्ने प्राणीको योनीलाई प्राप्त गर्नेछ, प्रकृति सन्तुलनको कुनै पनि हवनलाई सामग्री भुलेर पनि खाएको खण्डमा सरीसृप प्राणीको योनीलाई प्राप्त गर्छ ।

स्त्रीयोऽप्येतेन कल्पेन हृत्वा दोषं अवाप्नुयुः ।
एतेषां एव जन्तूनां भार्यात्वं उपयान्ति ताः ॥ १२/६९ ॥

अर्थात्:- कर्मको कर्मफललाई प्राप्त गर्ने विधानमा स्त्रीले पनि यी उपरोक्त पाप कर्मलाई गरेको खण्डमा यी सबै भोग योनीको स्त्री भएर जन्म लिएको हुन्छ ।

स्वेभ्यः स्वेभ्यस्तु कर्मभ्यश्च्युता वर्णा ह्यनापदि ।
पापान्संसृत्य संसारान्प्रेष्यतां यान्ति शत्रुषु ॥ १२/७० ॥

अर्थात्:- विपत्तिको समयको अतिरिक्त अन्य साधारण समयमा आफ्नो गुण, कर्म, स्वभाव र क्षमताको आफ्नो कर्मलाई त्याग गर्नाले चार निकृष्ट शरीरको योनीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त गरेर जन्म लिन्छ र अन्यको दासको रुपमा कर्म गर्दै शत्रुको पनि सेवक बनेर कर्म गर्नुपर्छ ।

वान्ताशयुल्कामुखः प्रेतो विप्रो धर्मात्स्वकाच्च्युतः ।
अमेध्यकुणपाशी च क्षत्रीयः कटपूतनः ॥ १२/७१ ॥

अर्थात्:- आफ्नो गुण, कर्म, स्वभाव र क्षमताअनुसार आफ्नो वर्णलाई धारण गरेको ब्राह्मण वर्णको मनुष्यले आफ्नो गुण, कर्म, स्वभाव र क्षमताको कर्मलाई त्याग गरेर अन्य वर्णको तर आफूमा त्यस कर्मको कुनै गुण, स्वभाव र क्षमता नै नभई लालचको कारण आफ्नो गुण, कर्म, स्वभाव र क्षमताको वर्णलाई त्याग गरेर वर्णच्यूत भएर अन्य वर्णको पृथक कर्मको धर्मलाई स्वीकार गरेको खण्डमा उल्टो झुन्डिएर रहने दिशा गर्ने र खाना खाने एक मात्र अङ्ग भएको उल्कामुख नाम भएको प्राणीको योनीलाई प्राप्त गरेको हुन्छ त्यस्तै विनाकुनै सङ्कट लालचमा आएर आफ्नो सहयात्रिको वर्णको धर्म तर त्यस वर्णको धर्मअनुसार आफ्नो गुण, कर्म, स्वभाव र क्षमता नभएको पृथक कर्मको धर्मलाई स्वीकार गरेको तर गुण, कर्म, स्वभाव र क्षमताले क्षत्रीय वर्णलाई धारण गरेको मनुष्य यदि लालचमा अरुको कर्मको धर्मलाई लालचमा अनुशरण गरेको खण्डमा मलमुत्र खाने कठपूतननामको प्राणीको योनीलाई प्राप्त गर्छ । यस्तो किसिमको योनीलाई प्रेतयोनी पनि भनिन्छ ।

मैत्राक्षज्योतिकः प्रेतो वैश्यो भवति पूयभुक् ।
चैलाशकश्च भवति शुद्रो धर्मात्स्वकाच्च्युतः ॥ १२/७२ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमता अनुसार आफ्नो वैश्य वर्णलाई धारण गरेको वैश्यवर्णको मनुष्यले लालचको कारण आफ्नो गुण, कर्म, स्वभाव र क्षमताको कर्मलाई त्याग गरेर वर्णच्यूत भएर अन्य वर्णको तर आफूमा त्यस कर्मको कुनै गुण, कर्म, स्वभाव र क्षमता नै नभई लालचको कारण अन्य वर्णको पृथक कर्मको धर्मलाई स्वीकार गरेको खण्डमा पीप तथा गर्हत र खकार खाने मैपाक्षज्योति नाम प्राणीको योनीलाई प्राप्त गरेको हुन्छ । त्यस्तै आफ्नो गुण, कर्म, स्वभाव र क्षमता अनुसार शुद्र वर्णलाई धारण गरेको शुद्रवर्णको मनुष्यले आफ्नो गुण, कर्म, स्वभाव र क्षमताको कर्मलाई त्याग गरेर अन्य वर्णको तर आफूमा त्यस कर्मको कुनै गुण, कर्म, स्वभाव र क्षमता नै नभई लालचको कारण आफ्नो गुण, कर्म, स्वभाव र क्षमताको वर्णबाट वर्णच्यूत भएर अन्य वर्णको पृथक धर्मलाई स्वीकार गरेको खण्डमा चौलाश कनाम नामको किराको योनीलाई प्राप्त गरेको हुन्छ ।

यथा यथा निषेवन्ते विषयान्विषयात्मकाः ।
तथा तथा कुशलता तेषां तेषूपजायते ॥ १२/७३ ॥

अर्थात्:- मनुष्यले शरीर व्यवहार र संसारको विषयको वास्नाको स्वभावलाई मनुष्य जसरी जसरी सोचेको हुन्छ जसरी जसरी विषयको गुणलाई धारण गरेको हुन्छ ठीक त्यस्तै त्यस्तै ती सम्पूर्ण विषयको आशक्ति अति नै धरै बढेको हुन्छ । त्यसैले मनुष्यले विषयको वास्नालाई परिस्थितिअनुसार ग्रहण र त्याग गर्न सक्नुपर्छ ।

(समयको कलमः- यस श्लोकमा जो विषयमा कुशल हुनुपर्छ भन्ने जो विधानलाई भानिएको छ त्यसको अर्थ विषयमा आसक्त हुने पनि हो र विषयको आशक्तिबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्त हुनुपर्छ भन्नेपनि हो विषयको साधनको सामानमा अधिकार प्राप्त गर्नुपर्छ परन्तु विषयमा लीन हुनुहुँदैन भन्ने पनि हो विषयको इच्छा यद्यपि विषय साधन जुटाउनमा चतुर हो परन्तु वास्तवमा त्यो अवस्थामा मनुष्य बुद्धिहीन पनि हुनपुग्छ किनकि बुद्धिले आफूलाई स्वतन्त्र बनाउन चाहन्छ तर विषय ईच्छाले भने परतन्त्र बनाएको हुन्छ)

तेऽभ्यासात्कर्मणां तेषां पापानां अल्पबुद्धयः ।
संप्राप्नुवन्ति दुःखानि तासु तास्विह योनीषु ॥ १२/७४ ॥

अर्थात्:- कामवास्ना, लालच या अन्य विकृतिको कारण मनुष्यको ज्ञान, विवेक र वुद्धि भ्रष्ट भएको कारण मनुष्यले विषयवाट उत्पन्न हुने पापकर्मलाई पटक पटक गरेका हुन्छन् र त्यही कामवासनाको कारण गरिएको पापकर्मबाट प्राप्त हुने कर्मफललाई प्राप्त गर्न र त्यस कर्मफललाई भोगगर्नको लागि कर्मफलको लागि उपर्युक्त योनीलाई प्राप्त गरेर आफ्नो कर्मको कर्मफललाई प्राप्त गरेर पुरा भोग गरेको हुन्छ अर्थात् जुन पापकर्मको कर्मफल जुन योनीमा प्राप्त हुन्छ (१२/३९(५१) उसलाई प्राप्त गरेर शरीर व्यावहार र संसारमा रहेको सुख दुःखलाई भोग गरेको हुन्छ । निर्वुद्धि भएको मनुष्यले पापकर्मको अभ्यासको कारण भोगयोनीलाई प्राप्त गरेर दुःखलाई प्राप्त गरेका हुन्छन् ।

तामिस्रादिषु चोग्रेषु नरकेषु विवर्तनम् ।
असिपत्रवनादीनि बन्धनछेदनानि च ॥ १२/७५ ॥

अर्थात्:- पापकर्ममा लिन पापी जीवात्माहरूलाई आफ्नो कर्मको कर्मफल अनुसार अनेक भोग योनीलाई प्राप्त गरेर कयौं दुःखप्रद भोगयोनी प्राप्त गरेका हुन्छन् जुन योनीलाई तामिस्र, अन्धतामा वैतरणी नदी आदि नामले पुकार हुने यी सबै पाप कर्मको कर्मफलको भोगयोनीको नाम हुन् ।

(समयको कलमः- कर्मको कर्मफलअनुसार प्राप्त हुने अति दुःखलाई प्राप्त हुने कयौं भोगयोनीको बारेमा पूर्ण वर्णन अध्याय ४ को ८९/९०को श्लोकपछि विस्तृत व्याख्या गरिएको छ कसरी पापकर्म गर्ने जीवात्माले आफ्नो कर्म अनुसार कुन कुन योनीलाई प्राप्त गरेको हुन्छ त्यही कर्मको कर्मफलको भोग योनीलाई नरक पनि भन्ने गरिन्छ ।

विविधाश्चैव संपीडाः काकोलूकैश्च भक्षणम् ।
करम्भवालुकातापान्कुम्भीपाकांश्च दारुणान् ॥ १२/७६ ॥

अर्थात्:- कर्मको कर्मफलअनुसार नै जीवात्माले विविध प्रकारको शोक तथा दुःखलाई प्राप्त गरेको हुन्छ कर्मफल भोग गर्दा जीवात्माले अनेक योनीलाई प्राप्त गरेको हुन्छ र कर्मफललाई भोग गर्दा गर्दै जीवात्मा अनेक प्राणीको सिकार पनि हुने गर्छ कहिले, उष्ण कहिले शीतल अवस्थालाई प्राप्त गरेर आफ्नो कर्मको कर्मफललाई भोग गरेको हुन्छ ।

संभवांश्च वियोनीषु दुःखप्रायासु नित्यशः ।
शीतातपाभिघातांश्च विविधानि भयानि च ॥ १२/७७ ॥

अर्थात्:- कर्मको कर्मफलअनुसार नै सदैव दुःख गर्हित अवस्था नालिमा उत्पत्ति,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शीत, तप अर्थात् गर्मीको दुःख र विविध प्रकारको भयलाई प्राप्त गर्नु पनि कर्मको कर्मफल नै हो ।

असकृद्गर्भवासेषु वासं जन्म च दारुणम् ।
बन्धनानि च काष्ठानि परप्रेष्यत्वं एव च ॥ १२/७८ ॥

अर्थात्:- पटक पटक माताको गर्भमा उत्पन्न हुने ताप अँध्यारो पीड़ा उल्टो सुल्टो हुनु अनेक क्लेशलाई भोग गर्नु, अँध्यारोको बन्धनमा पर्नु यी सबै पीड़ा तथा दुःख कर्मको कर्मफल नै हो ।

बन्धुप्रियवियोगांश्च संवासं चैव दुर्जनैः ।
द्रव्यार्जनं च नाशं च मित्रामित्रस्य चार्जनम् ॥ १२/७९ ॥

अर्थात्:- कर्मको कर्मफलअनुसार जन्म हुन्छ नाता प्राप्त हुन्छ बन्धु बान्धव प्रिय मिलेको हुन्छ यी सबैसँग बिछोड हुन्छ, दुर्जनसँग संसर्ग हुनु साथमा रहनु तथा धनको सञ्चित हुनु धनको नष्ट हुनु, शत्रु मित्र हुनु, मित्र शत्रु हुनु, मिलन हुनु बिछोड हुनु यी सबै अवस्था कर्मको कर्मफल नै हो ।

(समयको कलमः- शरीर-व्यवहार-संसारमा धन सञ्चय हुनु खुशी हो भने सञ्चय भएको धन नाश हुनु ठुलो क्लेश अर्थात् दुःख पीड़ा हो र धन अरुद्वारा क्रियाशील हुने वस्तु हो हिज कसैको थियो आज कसैको छ भोलि कसैको हुनेछ । यो धनको चक्रको नियम हो धन सम्पत्ति केवल तीन पीढ़ी (पुस्ता) भन्दा धेरै समयसम्म कसैकोमा पनि स्थिर हुँदैन हिजो धनी भनिएका आज गरीब हुन्छन् आज गरीब भनिएका भोलि धनी हुन्छन् त्यसैले धन केवल शरीर व्यवहार र संसारको लागि हो त्यसैले धनमा भौतिक सुख हुन्छ तर अन्तर्मनको सुखलाई धनले प्राप्त गर्न सक्दैन तथा आत्मालाई धनबाट प्राप्त सुख दुःखको कुनै सम्बन्ध नै हुँदैन अतः लक्ष्मीको अभिलाषा गर्ने मनुष्य सधैँ धर्मको कार्यमा लाग्नुपर्छ)

जरां चैवाप्रतीकारां व्याधिभिश्चोपपीडनम् ।
क्लेशांश्च विविधांस्तांस्तान्मृत्युं एव च दुर्जयम् ॥ १२/८० ॥

अर्थात्:- जन्मपनि कर्मको कर्मफल हो मृत्युपनि कर्मको कर्मफल नै हो जन्मपनि अप्रतिकर व्याधि हो जरा अर्थात् वृद्धपनि अप्रीतिकर ब्याधि सुखपनि दुःखपनि आफै आउने जाने कर्मको कर्मफल हो विविध प्रकार कष्ट यी सबै कर्मको कर्मफल नै हो एक योनीको कर्मफल जब समाप्त हुन्छ त्यस जीवात्माले मृत्युलाई प्राप्त गरेको हुन्छ त्यो पनि कर्मको कर्मफल नै हो ।

यादृशेन तु भावेन यद्यत्कर्म निषेवते ।
तादृशेन शरीरेण तत्तत्फलं उपाश्नुते ॥ १२/८१ ॥

अर्थात्:- जीवात्माले जुन जुन भाव लिएर जुन जुन कर्म गरेको हुन्छ त्यही भाव अनुसार नै कर्मको कर्मफललाई प्राप्त गरेको हुन्छ र भाव अनुसार नै कर्मफको कर्मफल लाई भोग गरेको हुन्छ ।

(समयको कलमः- मनुष्यले आफ्नो जुन भाव लिएर जुन कर्म गरेको हुन्छ त्यही भाव अनुसार कर्मफललाई प्राप्त गरेको हुन्छ त्यो कर्मको कर्मफलाई पनि भाव अनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै प्राप्त गरेर कर्मको कर्मफललाई भोग गरेको हुन्छ। मनुष्यले जुन विचारले कुनै कामलाई गरेको हुन्छ त्यही कर्मको आधारमा नै कर्मको कर्मफललाई प्राप्त गरेको हुन्छ अनेक प्रकारको शरीर धारणपनि त्यही कर्मको कर्मफल अनुसार नै हुन्छ। जो धर्मको विचारद्वारा अन्यको उपकार या भलाईको कर्म गरेका हुन्छन् त्यस्तो मनुष्यले धर्मको कर्मफललाई प्राप्त गरेर फललाई भोग गरेका हुन्छन् तथा जो मनुष्यले यश प्राप्तगर्ने विचारले भलाईको कर्मलाई गरेका हुन्छन् त्यसले यशलाई नै प्राप्त गरेको हुन्छ यो भनाईलाई यसरी बुझ्न सकिन्छ सतोगुणी कर्मको कारण सतोगुणी शरीरलाई प्राप्त हुन्छ। रजोगुणी कर्मको कारण रजोगुणी शरीरलाई प्राप्त हुन्छ तथा तमोगुणी कर्मको कारण तमोगुणी शरीरलाई प्राप्त गरेको हुन्छ)

एष सर्वः समुद्दिष्टः कर्मणां वः फलोदयः।
नैःश्रेयसकरं कर्म विप्रस्येदं निबोधत ॥ १२/८२ ॥

अर्थात्:- यहाँसम्म (१२/३(८१) हजूरहरूलाई कर्म, कर्मको विधान र कर्मको कर्मफललाई प्राप्त हुने सम्पूर्ण अवस्था र कर्मको फलोदयको बारेमा विविध ज्ञान भयो अब ब्राह्मणको त्यो कर्मको विधानको बारेमा सुन्नुहोस् जुन कर्मको कर्मफलको कारण निश्रेयस अर्थात् मोक्षको प्राप्ति हुन्छ। अब विद्वान् अर्थात् वेदज्ञानी ब्राह्मण आदि द्विजको मोक्षदायक कर्मको कर्मफलको बारेमा सुन्नुहोस्।

वेदाभ्यासस्तपो ज्ञानं इन्द्रियाणां च संयमः।
अहिंसा गुरुसेवा च निःश्रेयसकरं परम् ॥ १२/८३ ॥

अर्थात्:- वेदको अध्ययन गर्नु अर्थात् वेदपाठ, जप, तप ध्यान, उपसनको ज्ञान, इन्द्रियनिग्रह, अहिंसा (मन, वचन र कर्मद्वारा कुनै पनि हिंसाको बारेमा नसोच्नु) माता, पिता तथा वेदज्ञानी गुरुको सेवा शुश्रुषा गर्नु यी सबै कर्म महान् कल्याणकारी कर्म हुन्।

(समयको कलमः- वेदको अभ्यास (१२/९४(१०२)सम्म, तप. व्रतसाधना (१२/१०४), ज्ञान.सत्यविद्याको प्राप्ति (१२/१०४), इन्द्रियसंयम (१२/९२), धर्मक्रिया. धर्मपालन एवं यज्ञ आदि धार्मिक क्रियाको अनुष्ठान र आत्मचिन्तन अर्थात् परमात्माको बारेको ज्ञान एवं ध्यान, यी छ किसिमको कर्मको कर्मफलले नै मनुष्यलाई मोक्ष प्राप्त गर्ने सर्वोत्तम कर्म र सरल बाटो पनि हो।

१) वेदाभ्यास २) तप ३) ज्ञान
४) इन्द्रियको संयम ५) अहिंसा ६) माता, पिता तथा गुरु सेवा

यी कर्मले नै निश्रेयस अर्थात् मोक्षलाई प्रदान गर्ने कर्म हुन्।

सर्वेषां अपि चैतेषां शुभानां इह कर्मणाम्।
किं चिच्छ्रेयस्करतरं कर्मोक्तं पुरुषं प्रति ॥ १२/८४ ॥

अर्थात्:- यी ६ किसिमको कर्म निराशक्त भएर गर्नाले यी कर्मको कर्मफल अति नै शुभ कर्मफल प्रत्येक कर्मको कर्मफलले मनुष्यलाई मोक्ष प्राप्त गर्नको लागि अत्यन्त सरल र कल्याण कारक कर्म हुन्।

सर्वेषां अपि चैतेषां आत्मज्ञानं परं स्मृतम्।
तद्ध्यग्र्यं सर्वविद्यानां प्राप्यते ह्यमृतं ततः ॥ १२/८५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- यी छ किसिमको कर्मभन्दा एक अलग कर्म छ त्यो हो आत्मज्ञानको कर्म आत्मज्ञानको यी छ किसिमको कर्मभन्दा पनि अति नै उत्तम र उत्कृष्ट विधान हो। यही ज्ञानलाई पुरा जानेको खण्डमा यो ज्ञानभन्दा अन्य कुनै विधान छैन मोक्षलाई प्राप्त गर्ने, यही आत्मज्ञानको विधानले नै मनुष्यले परमपद अमृतपद अर्थात् मोक्षलाई प्राप्त गरेको हुन्छ।

षण्णां एषां तु सर्वेषां कर्मणां प्रेत्य चेह च।
श्रेयस्करतरं ज्ञेयं सर्वदा कर्म वैदिकम्॥ १२/८६॥

अर्थात्:- वेदाभ्यास आदि यी पुर्वोक्त कल्याणकारी छः कर्ममा सधैँ वैदिक कर्म नै यस लोकमा र परलोकको लागि सर्वोत्तम कल्याणकारी मार्ग हो भन्ने बुझ्नुपर्छ र वैदिक कर्मयोगमा, वेदाभ्यास आदि यी सबै कर्मको क्रमशः त्यस कर्मविधिसँग अन्तर्भाव हुनपुग्छ।

वैदिके कर्मयोगे तु सर्वाण्येतान्यशेषतः।
अन्तर्भवन्ति क्रमशस्तस्मिंस्तस्मिन्क्रियाविधौ॥ १२/८७॥

अर्थात्:- वैदिक कर्मयोग अर्थात् वेदाभ्यासको अन्तर्गतमा त्यस क्रियाविधिको सम्बन्धमा सबै किसिमको निराशक्त किसिमका कर्महरू पर्छन।

सुखाभ्युदयिकं चैव नैःश्रेयसिकं एव च।
प्रवृत्तं च निवृत्तं च द्विविधं कर्म वैदिकम्॥ १२/८८॥

अर्थात्:- सुखको अभ्युदय गर्ने र मोक्ष पदलाई प्राप्त गर्ने वैदिक कर्म दुई किसिमका छन् ती हुन्।

१) प्रवृत्त २) निवृत्त

(समयको कलमः- मोक्ष प्राप्त गर्नको लागि वैदिक कर्म दुई प्रकारका छन् एक निवृत्त दोस्रो प्रवृत्ति अर्थात् दुष्कर्मबाट आफूलाई सधैँ पृथक राख्नु निवृत्त हो र सधैँ शुभ कर्मलाई गर्नुलाई नै प्रवृत्ति भनिन्छ। जुन कर्मको कर्मफल यस संसारमा नै प्राप्त हुन्छ जो कर्मको शरीर कारण हो त्यस्तो कर्मलाई कर्म प्रवृत्ति भनिन्छ र जो कर्मलाई ब्रह्मज्ञान प्राप्त गर्नको लागि र कर्ममुक्तिको लाभलाई प्राप्त गर्नको लागि गरिन्छ जुन कर्ममा पञ्चमहाभूत आकाश आदिद्वारा ढाकिएको संसारको सबै कर्मबाट निवृत्ति अर्थात् पृथक रहेको हुन्छ त्यस्तो कर्मलाई निवृत्त कर्म भनिन्छ र यस निवृत्त कर्मको कर्मफल इन्द्रियको भोगभन्दा पृथक राख्ने मोक्ष अर्थात् मुक्तिको अवस्थालाई प्राप्त हुन्छ)

इह चामुत्र वा काम्यं प्रवृत्तं कर्म कीर्त्यते।
निष्कामं ज्ञातपूर्व तु निवृत्तं उपदिश्यते॥ १२/८९॥

अर्थात्:- कर्मयोनीमा रहेको र मृत्युलोकमा रहेर परलोकको उत्तम अवस्थालाई प्राप्त गर्नको लागि गरिने जतिपनि सकाम कर्महरू गरिन्छ, ती सबै कर्मलाई 'प्रवृत्त' भनिन्छ र जो कर्म ज्ञानपूर्वक तथा निष्काम भावले गरिएको सम्पूर्ण कर्मलाई 'निवृत्तकर्म भनिन्छ।

प्रवृत्तं कर्म संसेव्यं देवानां एति साम्यताम्।
निवृत्तं सेवमानस्तु भूतान्यत्येति पञ्च वै॥ १२/९०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- प्रवृत्त कर्म गर्नाले देव हुन्छ र निवृत्त कर्म गर्नाले पञ्चभौतिकको शरीरलाई पार गरेर मोक्षलाई प्राप्त गरेको हुन्छ ।

(समयको कलमः- जो कर्म प्रवृत्तिअनुसार गरिएको हुन्छ त्यस प्रवृत्ति कर्मलाई गर्नाले उत्तम अवस्थालाई अर्थात् देवताको समान आदरणीय हुन्छ र निवृत्तकर्म गर्नाले पृथ्वी आदि पञ्चमहाभूतको शरीरमाथि विजय प्राप्त गरेको हुन्छ अर्थात् पञ्चमहाभूतवाट बनेको शरीरमाथि विजय प्राप्त गरेको त हुन्छ तर फेरि जन्म हुन्छ तर पञ्चमहाभूतको अवस्थामाथि नै विजय प्राप्त गरेको अवस्थामा फेरि जन्म हुँदैन त्यसको मोक्ष हुन्छ ।

सर्वभूतेषु चात्मानं सर्वभूतानि चात्मनि ।
समं पश्यन्नात्मयाजी स्वाराज्यं अधिगच्छति ॥ १२/९१ ॥

अर्थात्:- सबै चराचर पदार्थ एवं प्राणीहरूमा परमात्माको व्यापकताको र परमात्मामा नै सबै चराचर पदार्थ एवं प्राणीको आश्रयको समानभावले देख्ने भएमा अर्थात् सर्वत्र परमात्माको स्थितिको अनुभव गर्दै सदा सर्वदा परमात्माको ध्यान गर्दै परमात्माको उपासक मनुष्यले नै परमात्मसुख अर्थात् मोक्षलाई प्राप्त गरेको हुन्छ ।

(समयको कलमः- सबै अवस्थामा सबै प्राणीमा परमात्मा चेतनासत्ताको अवस्थामा र परमात्मामा सबै प्राणीलाई विद्यमान भएको जानेर सबै प्राणीलाई समान भावले देखेर जानेर जुन मनुष्यले आफूमा भएको ईश्वरको अंश आत्माको ज्ञान तथा आत्माको वारेमा पूर्ण जानेर सबैमा आफू र आफूमा सबै भएको समभावलाई देख्दै आत्म यज्ञलाई सम्पन्न गर्ने मनुष्यले नै आफ्नो सत्य अवस्था स्वराज्यलाई अर्थात् मुक्तिलाई प्राप्त गरेको हुन्छ)

यथोक्तान्यपि कर्माणि परिहाय द्विजोत्तमः ।
आत्मज्ञाने शमे च स्याद्वेदाभ्यासे च यत्नवान् ॥ १२/९२ ॥

अर्थात्:- द्विज तथा सन्यासीले जुनसुकै अवस्थामा पनि चाहे शरीर व्यवहार संसारमा लीन होस् चाहे सन्यास नै लिएको किन नहोस् सबै किसिमको मनुष्यले वेदले निर्देशन गरेको कर्म र वेदको नियमअनुसार नै आफ्नो कर्म गर्नुपर्छ, वेदले निर्देशन गरेको कुनै पनि कर्मको परित्याग हुँदैन अर्थात् सन्यास लिनुको अर्थ कर्मलाई नै त्याग गर्नुपर्छ भन्ने हैन वेदले गर्न भनेको सम्पूर्ण कर्मलाई निरन्तर वेदको नियमअनुसार गर्न भानिएको कर्मलाई निरन्तर गर्नुलाई नै सन्यास भनिन्छ । त्यही वेद अनुसार नै कर्मगर्दै आत्मज्ञान र सबैमा समभाव राख्दै वेद अनुसार कर्म तथा वेद अभ्यासद्वारा आत्माको सत्यतालाई जानेर आत्माको मुख्य अवस्थालाई जान्ने प्रयत्न गर्नुपर्छ । अर्थात् आत्मज्ञान र वेदाभ्यासको कर्मलाई सन्यासीले पनि कहिल्यै त्याग गर्नुहुँदैन ।

(समयको कलमः- सन्यास लिएको श्रेष्ठ द्विजको लागि निर्देशित गरिएको शास्त्रले निर्देशन गरेको कर्म यज्ञआदि कर्मलाई सन्यास अवस्थामा पनि छोड्नु हुँदैन (६ र३४, ४३) परमात्मा तथा आत्मको ज्ञान, इन्द्रिय संयम (२र६८(७६) र वेदाभ्यासमा सधैं प्रयत्नशील भएर अवश्य रहनुपर्छ अर्थात् वेदले निर्देशन गरेको कुनै पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मलाई कुनै पनि अवस्थामा त्याग गर्नुहुँदैन)

एतद्धि जन्मसाफल्यं ब्राह्मणस्य विशेषतः ।
प्राप्यैतत्कृतकृत्यो हि द्विजो भवति नान्यथा ॥ १२/९३ ॥

अर्थात्:- मनुष्यको जन्म गुण, कर्म, स्वभाव र क्षमताअनुसार नै ब्राह्मण बन्नको लागि हो । आफ्नो कर्मको ज्ञानद्वारा गुण, कर्म, स्वभाव र क्षमताले ब्राह्मण बनेर ब्रह्मज्ञानलाई जानेर त्यही अनुसार आफ्नो कर्म गर्दै मोक्षलाई प्राप्त गर्नको लागि ब्राह्मण बन्नु नै मनुष्यको जन्मको उद्देश्य हो । मनुष्यको जन्मको मुख्य सफलता नै आफैँले ब्रह्मलाई जानेर नै आत्मा र परमात्माको सत्यतालाई जानेर ईश्वर अनुभूति गर्नुलाई र मनमा अब अन्य प्राप्त गर्नुपर्ने कुनै पनि इच्छा, आकांक्षा र लालच नहुनु नै मोक्ष हो । मोक्षलाई प्राप्त गर्नु नै मनुष्यको जन्मको मुख्य उद्देश्य हो मनुष्यले आफूलाई गुण, कर्म, स्वभाव र क्षमता अनुसार नै आफूलाई ब्रह्मज्ञानी ब्राह्मण बनाएर मोक्ष प्राप्त गरेर कृतकृत्य हुनु नै मनुष्य जन्मको मुख्य उद्देश्य हो । (समयको कलमः- मनुष्यको जन्मको मुख्य उद्देश्य वेदज्ञानलाई धारण गरेर त्यही वेदज्ञानअनुसार कर्म गरेर गुण, कर्म, स्वभाव र क्षमता अनुसार आफूले नै कर्म गरेर द्विज बनेर, गुण, कर्म, स्वभाव र क्षमताअनुसार ब्राह्मण वर्णलाई धारण गरेर ब्रह्मलाई जान्नु नै मनुष्य जन्मको उद्देश्य हो । विशेष रुपले मनुष्यले आफूलाई गुण, कर्म, स्वभाव र क्षमाता अनुसार ब्राह्मण वर्णलाई धारण गर्ने कोसिस गर्नुपर्छ त्यही ब्राह्मण वर्णको गुण, कर्म, स्वभाव र क्षमता अनुसार कर्म गरेर ब्रह्मलाई अनुभूति अर्थात् ब्रह्मलाई जान्नु नै मनुष्य जन्मको उद्देश्य हो त्यसैले मनुष्य रुपमा जन्मेको मनुष्य द्विज बनेर द्विजबाट ज्ञान कर्म भक्ति तथा उवासन गरेर गुण, कर्म, स्वभाव र क्षमताअनुसार ब्राह्मण बनेर ब्रह्मज्ञानलाई प्राप्त गर्नु नै मनुष्यको जन्मको उद्देश्य हो यदि मनुष्यले यो कार्य गर्न सकेन भने आफ्नो इच्छा मात्र पूरा गर्नको लागि तत्पर भएमा मनुष्यको जन्मको उद्देश्य पुरा हुँदैन)

पितृदेवमनुष्याणां वेदश्चक्षुः सनातनम् ।
अशक्यं चाप्रमेयं च वेदशास्त्रं इति स्थितिः ॥ १२/९४ ॥

अर्थात्:- पितर, देव र मनुष्यको लागि सनातन नेत्र वेदज्ञान नै हो, वेदज्ञान अपौरुषेय र ज्ञानको अथाह भण्डार हो, यही नै निश्चित सिद्धान्त हो ।

(समयको कलमः- पितर अर्थात् पिता तथा पालक राजा आदि (द्रष्टव्य १२/१००) विद्वान् र अन्य मनुष्यको लागि वेदज्ञान नै सनातन नेत्र, मार्ग, मनुष्य जीवनको सत्यताको पथप्रदर्शक हो वेदज्ञान अशक्य अर्थात् जुन ज्ञानलाई कुनै मनुष्यले बनाएको हैन र बनाउन पनि सक्दैन त्यस्तै प्रकारले वेदज्ञान अपौरुषेय हो तथा अनन्त सत्यविद्याले रहेको र ज्ञानले युक्त छ, यो नै वेदको निश्चित सत्यता हो त्यसैले पितृ, देव र मनुष्यको लागि सधैँ सनातन ज्ञानको चक्षु नै वेद हो । वेदज्ञान अशक्य अर्थात् अपौरुषेय र अप्रमेय अर्थात् मनुष्यको ज्ञानको तर्कशक्ति भन्दापनि उच्च रहेको ज्ञानको भण्डार हो, जहा मनुष्यको आफ्नो गुणको सोचको अवस्था सकिन्छ, त्यहाँ वेदज्ञानको ज्ञानको भण्डार खुलेको हुन्छ वेदज्ञानको शुरू त्यहाँबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जहाबाट मनुष्यको सोचको ज्ञानको शुरू हुन्छ यही सिद्धान्त नै वेदको ज्ञान हो) ।

या वेदबाह्याः स्मृतयो याश्च काश्च कुदृष्टयः ।
सर्वास्ता निष्फलाः प्रेत्य तमोनिष्ठा हि ताः स्मृताः ॥ १२/९५ ॥

अर्थात्:- जतिपनि स्मृतिहरूको ज्ञान वेदविरुद्ध रहेको छ जुन स्मृतिमा प्रकृति विरुद्धको कुरा भनिएको भनाई छ ती सबै स्मृतिको भनाई ज्ञान हैन अज्ञान हो झुटो हो यस्तो भनाई अज्ञानको कारण कसैले कल्पनामा भनिएको खराब दृष्टिकोण भनाई हो यी सबै भनाई अज्ञान हुनाले निष्फल हुन्छ वेदज्ञान र प्रकृति विरुद्धको कार्य गर्ने व्यक्तिको मनुष्य जन्म सफल हुँदैन मृत्यु पश्चात्पनि जुन स्मृतिको अनुसार र जुन भाव अनुसार कर्म गरेको हुन्छ त्यही अधिकारयुक्त योनीलाई प्राप्त गरेको हुन्छ ।

(समयको कलमः- मनुष्यले आफ्नो जीवनमा सुनेका या कुनै पनि किंवदन्तिको कथा सुन्नमा ठीक होला तर सुनिएको कुनै पनि कुरा र कल्पनामा बनाइएको कुनै पनि नियमको विधान जो प्रकृतिको विरुद्ध रहेको हुन्छ, कार्यमा व्यवहारिकता छैन, समाजमा लागू हुन नै नसक्ने कथामा भनिएका विधान जो विधानको नियम वेदविरोधी रहेको हुन्छ ती सबै कथा र किंवदन्तिको विधानमा नै निर्मित होस् या अन्य कुनै स्मृति ग्रन्थ नै किन लेखिएको नहोस् जो भनाई वेदज्ञान विरुद्धको छ त्यो भनाई कुनै कुत्सित स्मृति होस् या अन्य कुनै कुत्सित मनुष्यले आफ्नो स्वर्थको लागि बनाएका ग्रन्थ होस् ती सबै झुटो हो ती सबै झुटोग्रन्थ हुन, ती सबै निष्फल ज्ञान हो मनुष्य जन्मलाई नै पतन गराउने ज्ञान हो । किनकि यस्तो काल्पनिक कथाको ज्ञानले मनुष्यलाई जीवित अवस्थामा नै अज्ञानको दलदल र अज्ञानको अँध्यारोमा धकेली दिएको हुन्छ, मृत्युपछि पनि त्यस्तो कुत्सित कुरालाई ज्ञान भन्नेलाई भयावह अवस्थामा सृजना गरेको हुन्छ र मृत्यु पछि पनि परलोक असत्य अन्धकार स्वरुप हुन्छ, कुत्सित ज्ञानको कारण मनुष्यको जन्म पुरा निरर्थक हुन्छ)

उत्पद्यन्ते च्यवन्ते च यान्यतोऽन्यानि कानि चित् ।
तान्यर्वाक्कालिकतया निष्फलान्यनृतानि च ॥ १२/९६ ॥

अर्थात्:- वेद विपरीत जाति पनि स्मृति हुनेछन् ती सबै अलग अलग अवस्थाको वर्णन हुनेछ ती सबै अवस्था नाशवान रहेको हुन्छ र अवस्था नाश भए लगत्तै ती सबै स्मृतिको भनाई पनि नाशवान हुनेछ, परिस्थिति, समयअनुसार परिवर्तन हुन्छ जसरी मनुष्यको जन्म जवान बुढेसकाल र मृत्यु ठीक त्यस्तै काल्पनिक कथामा लेखिएका सम्पूर्ण स्मृति आफै पतन हुन्छ या परिमार्जित हुनेछन् किनकि अवस्था परिवर्तनशील छ किनकि स्मृति सबै मूर्खताको भनाईले भरिएको हुनेछन् तर केवल वेद नै सधैँ साश्वत रहने अनादि र नित्य ज्ञान हो त्यसैले वेदज्ञान अनुकूल जतिपनि ज्ञान छन् ती सबै ज्ञान नै सत्य ज्ञान हो किनकि सत्य ज्ञानको मूल नै वेद हो र वेद ईश्वरको बाणी हो वेदज्ञान विरुद्धको सबै स्मृतिको ज्ञान कुत्सित ज्ञान हो नित्य ज्ञान केवल वेद हो । नित्य हुने हुनाले वेदमा सधैँ सबै किसिमको आधुनिक ज्ञान रहेको छ ।

(समयको कलमः- यहाँ वेदविरुद्ध स्मृति ग्रन्थको भनाई भन्नाले यस्तो अघि हुनेछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर पहिले नै महर्षि मनुमहाराजले भन्नु भएको हो र वेद सधैँ आधुनिक छ भन्नुको अभिप्राय यो हो कि वेद ज्ञानको मान्यता प्राचीनतम एवं सनातन हो, किन्तु वेद विरुद्धको जति पनि ग्रन्थको मान्यता सबै परवर्ती हुन् र ती सबै परावर्तित भनाई असत्यमा बनेको हुनाले नष्ट हुन्छ, फेरि नयाँ अज्ञानको स्मृति बन्छ थपघट फेरि त्यो स्मृति अवस्था अनुसार नष्ट हुन्छ फेरि नयाँ बन्छ, नष्ट यो चक्र चलिरहेको हुन्छ र जो झुटोमा जुन स्मृति लेखियो त्यसले आफ्नो ज्ञान अन्तिमा सत्य भएको झुटो दावी पनि गरेको हुन्छ तर अवस्था अनुसार त्यो स्मृति पनि पतन भएर जान्छ किनकि जति पनि कल्पनाको स्मृति छन् ती सबै वेद ज्ञान जस्तै सनातन ज्ञान हैन र कुत्सित मनुष्यले लेखेको आफ्नो स्वर्थको लागि बनाएको कुनै पनि स्मृतिज्ञान सनातन हैन ।

चातुर्वर्ण्य त्रयो लोकाश्चत्वारश्चाश्रमाः पृथक् ।
भूतं भव्यं भविष्यं च सर्व वेदात्प्रसिध्यति ॥ १२/९७ ॥

अर्थात्:- गुण, कर्म, स्वभाव र क्षमताको चार वर्ण, ब्रह्मचर्य आश्रम, गृहस्थ आश्रम, वानप्रस्थ आश्रम, र सन्यास आश्रम यी चार आश्रम, भूतकाल, वर्तमानकाल र भविष्यतकाल साश्वत, अनादि र नाशवान सृष्टिचक्र आदि सबैको विषयको विद्या वेदज्ञानबाट नै प्राप्त हुन्छ ।

शब्दः स्पर्शश्च रुपं च रसो गन्धश्च पञ्चमः ।
वेदादेव प्रसूयन्ते प्रसूतिर्गुणकर्मतः ॥ १२/९८ ॥

अर्थात्:- शब्द, स्पर्श, रुप, रस र पञ्चम गन्ध अरु उत्पत्ति, गुण र कार्य ज्ञान रुपको सम्पूर्ण ज्ञान वेदज्ञानबाट प्राप्त भएको हुन्छ, सम्पूर्ण ज्ञानको प्रसिद्ध, विज्ञानको विधान वेदज्ञानबाट नै प्राप्त हुन्छ अर्थात् तत्वशक्तिको उत्पत्ति विज्ञान र तत्वशक्तिको सम्पूर्ण गुणको ज्ञान, यी सबै तत्वको उपयोगिता र तत्वको सङ्ग्रहीभूत अवस्था वस्तुको बारेको सम्पूर्ण ज्ञान वेदज्ञानबाट नै प्राप्त हुन्छ ।

बिभर्ति सर्वभूतानि वेदशास्त्रं सनातनम् ।
तस्मादेतत्परं मन्ये यज्जन्तोरस्य साधनम् ॥ १२/९९ ॥

अर्थात्:- वेदज्ञान सनातन ज्ञान हो सनातन ज्ञान हुनाले नित्य ज्ञान हो वेदज्ञान सम्पूर्ण विद्याको मूल हो वेदज्ञान लाई ग्रहण गर्नाले र वेदज्ञानअनुसार कर्म गर्नाले मनुष्यले नित्य सुखलाई प्राप्त गरेको हुन्छ यदि मनुष्यले नित्य सुखलाई प्राप्त गर्ने हो भने सृष्टिका सम्पूर्ण प्राणीलाई सुख प्राप्त हुन्छ, यस कारणले हामी सबैले (मनुआदि) वेदज्ञानलाई सर्वथा उत्तम मानेर स्वीकार गर्ने हो वेदज्ञान सम्पूर्ण प्राणीको अखिल ब्रह्माण्डको कल्याणको कुरा गरेको हुन्छ, सम्पूर्ण सुखको मूल नै वेद हो किनकि वेदज्ञानअनुसार कर्मलाई गर्ने मनुष्यले कहिल्यै पनि अन्य प्राणीलाई हानी पुऱ्याउँदैन यदि मनुष्यले प्राणीलाई हानी नगर्ने हो भने सृष्टिको सम्पूर्ण जीवले सबै सुखलाई प्राप्त गरेको हुन्छ । वेदज्ञानको साधना नै सम्पूर्ण प्राणीको कल्याणको कामना हो । (समयको कलमः- सनातन ज्ञान वेदज्ञान नै सम्पूर्ण सत्यविद्याको मूल हो यही ज्ञानलाई नै प्रकृतिले धारण गरेको छ वेदज्ञान अनुसार नै सृष्टि चलेको हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदज्ञानलाई धारण गर्नाले सम्पूर्ण मनुष्यलाई सुख प्राप्त हुन्छ मनुष्य सुखी भएको अवस्थामा सम्पूर्ण प्राणी सुखी हुन्छ त्यसैले वेदले सम्पूर्ण प्राणीको कल्याण र सुख कमान गर्नको लागि आदेश दिएको छ अतः सम्पूर्ण विधानमा वेदज्ञान नै सर्वश्रेष्ठ ज्ञान हो मैले (मनु) मानेको छु र सत्यपनि यही हो वेदज्ञान साङ्ख्यं वाचक हैन प्राणीको कल्याण वाचक ज्ञान नै वेद हो)

सेनापत्यं च राज्यं च दण्डनेतृत्वं एव च ।
सर्वलोकाधिपत्यं च वेदशास्त्रविदर्हति ॥ १२/१०० ॥

अर्थात्:- सब सेना र सेनापतिको माथि राज्याधिकार, दण्ड दिने व्यवस्थाको सबै कार्यको आधिपत्य र सबैभन्दामाथि वर्तमान सर्वाधीश राज्याधिकार, यी चार अधिकारमा सम्पूर्ण वेदज्ञानको ज्ञाता, वेदको नियमको पालन गर्ने प्रवीण, वेदको पूर्णविद्यालाई हाँसिल गरेको, धर्मात्मा, जितेन्द्रिय, सुशील र विद्वान्लाई यी सबै पदमा स्थापित गर्नुपर्छ अर्थात् मुख्य सेनापति, मुख्य राज्याधिकारी, मुख्य न्यायाधीश, र प्रधान राजा यी सबै चार स्थानमा वेदको सम्पूर्ण ज्ञानलाई बुझेको ज्ञानी विद्वान्लाई यी पदमा नियुक्त गर्नुपर्छ ।

(समयको कलमः- जसले वेदज्ञानको शरण, वेदज्ञान लाई ग्रहण वेदज्ञानलाई धारण र वेदज्ञानलाई वरण गरेको छ जो ज्ञानको विद्वान् छ, धर्मात्मा, जितिन्द्रय, न्यायकारी र आफ्नो ज्ञान, क्षमता वलले युक्त मनुष्यलाई नै राज्यको सेना प्रमुख, राज्य प्रमुख, दण्डनीति प्रमुख र अन्य प्रधानपदको अधिकार दिनुपर्छ, राज्यको उच्चपददेखि कुनै पनि निर्माण पदमा वेदज्ञान नभएको क्षुद्राशय व्यक्तिलाई राज्यको कुनै पनि बागडोर दिनुहुँदैन अर्थात् वेदज्ञान भएको व्यक्ति कुनै पनि राज्यको मुख्य पदको अधिकारी हुन्छ अन्य पतित हैन ।

यथा जातवलो वह्निर्दहत्यार्द्रानपि द्रुमान् ।
तथा दहति वेदज्ञः कर्मजं दोषं आत्मनः ॥ १२/१०१ ॥

अर्थात्:- तेज र तीव्र गतिमा प्रज्वलित भएको अग्नीमा परेको परेको हरियो काँचो सबै प्रकारको वृक्षलाई भष्म गराएको हुन्छ ठीक त्यस्तै प्रकारले वेदज्ञाता विद्वान्ले राज्यको उच्च पदमा आसीन भएमा आफ्नो कर्मद्वारा राज्यमा उत्पन्न हुने सम्पूर्ण धर्मदोष, प्रकृतिदोष, वर्णदोष, संस्कार(दोष आदि विकृतीलाई आफ्नो ज्ञान कर्मद्वारा भष्म गराउँछन् अर्थात् वेदज्ञान रुपी अग्निमा दुष्ट संस्कारको सम्पूर्ण विकृतीलाई आफ्नो कर्मद्वारा पतन गराएर राज्यलाई प्रजालाई उत्तम र कार्यलाई सन्तुलन गरेर आफ्नो राज्यलाई पवित्र गरेको हुन्छन् ।

न वेदबलमाश्रित्य पापकर्म रुचिर्भवेत् ।
अज्ञानाच्च प्रमादाच्च दहते कर्म नेतरत् ॥

अर्थात्:- वेदज्ञान जानेको वेदज्ञानी विद्वान् मनुष्यले ज्ञानको धम्की या अन्य क्रिया गरेर वेदको आश्रय लिएर कहिल्यै पनि कुनै पनि प्रकृति विरुद्धको कर्म अर्थात् पापकर्म गर्नुहुँदैन । वेदज्ञानलाई ग्रहण गरेको व्यक्तिले अज्ञानको कारणले प्रकृति विरुद्धको कार्य गर्यो भन्ने हुनै सक्दैन अज्ञान तथा भूलपूर्वक भएको जतिपनि कर्म छन् ती सबै कर्मलाई सुधार गर्नको लागि समय लाग्दैन तर वेदज्ञानलाई जानेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानीले ज्ञानको गलत प्रयोग गरेमा त्यस गल्तिको परिणाम अतिनै घातक हुन्छ वेदज्ञानी विद्वानले गल्ती गरेमा पुरा राज्य पुरा प्राणीको जीवन, सम्पूर्ण मनुष्यको जीवनलाई नै खतरा तथा घातक अवस्था उत्पन्न हुन्छ किनकि वेदज्ञानी विद्वान्ले कुनै पनि कर्ममा सावधानी नअपनाएर गल्ती गरेमा त्यस कार्यको नतिजाको समाधान अन्य कुनै व्यक्तिसँग हुँदैन जसको कारण समस्या अति नै प्रवल भएर मनुष्यको अस्तित्व नै सङ्कटमा आएको हुन्छ त्यसैले कुनै पनि वेदज्ञानी विद्वान् ब्राह्मणले कुनै पनि सानो गल्ती गरे पनि त्यसको लागि वेदज्ञानी ब्राह्मणलाई माफी नै हुँदैन वेदज्ञानी ब्राह्मणले गरेको सानो गल्ति राज्यको पुरा विधान पुरा मनुष्यको मानवताको धर्म, मनुष्यको आचरण, समाजको वर्ण व्यवस्थाको संरचना लगायत राज्यको कार्य प्रकृतिको नियम सबैमा तीव्र असर परेको हुन्छ त्यसैले राज्यमा कुनै पनि वेदज्ञानी विद्वान्लाई जतिपनि सम्मान हुन्छ त्यसको ज्ञानको लागि हो यदि त्यही ज्ञानीले नै गलत गरेमा अन्य तीनजना वेदज्ञानी विद्वान्लाई गलत हो भन्ने लागेमा त्यस्तो वेदज्ञानीलाई तुरुन्त नै हिरासतमा लिनुपर्छ र कार्य अनुसार जेल देश निकाला गर्नुपर्छ । किनकि वेदज्ञानीले गरेको गल्ती जानेर नै गरेको हुन्छ र आफूले गरेको कर्मको नतिजा के हुन्छ त्यसलाई त्यो पनि ज्ञात हुन्छ यस्तो जानेर गरेको गल्तिको कर्मको कारण राज्यमा भयावह सङ्कट नै उत्पन्न हुन्छ । जसको कारण वेदज्ञानलाई जानेको व्यक्तिले गल्ती गरेमा कुनै माफ हुँदैन र अर्को जसले वेदज्ञान जानेको हुन्छ त्यसले कुनै पनि गल्ती गर्दैनन् यदि गरेमा कुनै माफी विना नै दण्डविधानअनुसार राजाले दण्ड दिनुपर्छ । वेदज्ञान नभएको मनुष्यमा यदि दुष्ट आचरण व्यभिचार चोरी आदि पाप कर्म गरेमा गल्ती भए भनेर माफी हुनसक्छ र हुन्छ नै अवस्थाअनुसार किनकि ती सबैमा त्रिगुणाको प्रभावको कारण अज्ञानले यस्तो भूल या पाप कर्म भएको भनेर भन्न सकिन्छ तर वेदज्ञान लाई धारण गरेको ज्ञानी विद्वान् ब्राह्मणलाई आफ्नो पाप कर्मवाट वचनको लागि कुनै पनि आपातकालीन पापवाट निस्किन विधान नै दिइएको छैन किनकि वेदज्ञानमा नभएको कुनै पनि ज्ञान छैन जो वेदमा छैन त्यो भनाई ज्ञान, विधान, नियम, कानुन, भक्ति, कुनै कर्मसत्य हैन त्यसैले अज्ञानी पापकर्म गरेमा वचन सक्छन् तर वेदज्ञानी विद्वान् पापकर्म गरेमा कहिल्यै पनि त्यस कर्मवाट वचन सक्दैनन वेदज्ञानी विद्वान् ब्राह्मण दुष्ट(कर्म गरेर दुष्टकर्मको कर्मफलवाट कहिल्यै पनि वचन सक्दैन ।

वेदशास्त्रार्थतत्वज्ञो यत्र तत्राश्रमे वसन् ।
इहैव लोके तिष्ठन्स ब्रह्मभूयाय कल्पते ॥ १२/१०२ ॥

अर्थात्:- वेदज्ञाता विद्वान् एवं, वेदहमज्ञानको तत्वज्ञ विद्वान्ले जुनसुकै आश्रमलाई धारण गरँपनि जुन सुकै आश्रममा रहेपनि त्यस्तो वेदज्ञानी विद्वान् सधैं कर्मको बन्दनवाट मुक्त रहेको हुन्छ किनकि उसलाई थाह हुन्छ यो कर्मको कर्मफल मलाई कस्तो प्राप्त हुन्छ भन्ने त्यसैले वेदज्ञानी विद्वान् जुनसुकै आश्रममा निवास गरँपनि नीराशक्त कर्म गरेर जुन आश्रम धारण गरँपनि पञ्चतत्व शरीरमा विद्यमान भए पनि मृत्युलोकमा स्थित भएको अवस्थामा नै जीवन्मुक्त रहेको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अज्ञेभ्यो ग्रन्थिनः श्रेष्ठा ग्रन्थिभ्यो धारिणो वराः ।
धारिभ्यो ज्ञानीनः श्रेष्ठा ज्ञानीभ्यो व्यवसायिनः ॥ १२/१०३ ॥

अर्थात्:- अज्ञानमा नै रहनु अपेक्षा पढ्नु र घोक्नुपनि उत्तम हो, पढ्नु र घोक्नुभन्दा पढेर घोकेको ज्ञानलाई यादगर्नु उत्तम हो, यादमात्र राखेको ज्ञानभन्दा त्यस ज्ञानको आसय र सत्यतालाई जान्नु र बुझ्नु उत्तम हो, ज्ञानको सत्यतालाई बुझेको भन्दापनि त्यस ज्ञानको सत्यतालाई आफ्नो व्यबहार मै र ज्ञानको अनुकूल आचरणगर्ने मनुष्य नै ज्ञानी विद्वान् हो ।

तपो विद्या च विप्रस्य निःश्रेयसकरं परम् ।
तपसा किल्विषं हन्ति विद्ययामृतं अश्नुते ॥ १२/१०४ ॥

अर्थात्:- बुद्धिमान् मनुष्यको लागि तप, ज्ञान तथा विद्यानै परमकल्याण कारक हुन, तपबाट शरीरको अज्ञानको मल दूर हुन्छ र ज्ञान तथा विदाबाट अमृत या मोक्षलाई नै प्राप्त हुन्छ ।

(समयको कलमः- तपश्चरण अर्थात् धर्माचरण र विद्या यी दुवै विधान गुण, कर्म, स्वभाव र क्षमताअनुसार ब्राह्मण वर्णलाई धारण गरेको मनुष्यको लागि जसलाई योगी पनि भनिन्छ यस्तो योगीको लागि मनुष्य जन्मको मुख्य उद्देश्यको उत्तम अवस्थालाई प्राप्त गर्ने विधान नै हो धर्माचरण र वेदज्ञानको विदा यी दुवै अवस्थाको ज्ञान नै योगीको लागि मोक्ष दायक सर्वोत्तम साधन हो । योगीले तपश्चरणको तपबाट आफूमा भएको अज्ञानको मललाई नष्ट गरेको हुन्छ र विद्याबाट मोक्षलाई प्राप्त गरेको हुन्छ ।

प्रत्यक्षं चानुमानं च शास्त्रं च विविधागमम् ।
त्रयं सुविदितं कार्य धर्मशुद्धिं अभीप्सता ॥ १२/१०५ ॥

अर्थात्:- आफूलाई धर्मको शुद्धरुपमा स्थापित गरेर धर्मलाई धारण गर्ने र मनुष्य जन्मको सत्यतालाई प्राप्त गर्ने इच्छा भएको ज्ञानी मनुष्यले प्रत्यक्ष, अनुमान र विविध विद्याको ज्ञानको मूल वेदज्ञानको विधानलाई बुझेर त्यही ज्ञान अनुसार कर्मलाई सम्पन्न गर्नुपर्छ ।

आर्ष धर्मोपदेशं च वेदशास्त्राविरोधिना ।
यस्तर्केणानुसंधत्ते स धर्म वेद नेतरः ॥ १२/१०६ ॥

अर्थात्:- ज्ञानी, ऋषिमुनि उपदिष्ट धर्मको उपदेशक वेद ज्ञानको ज्ञानीले तर्कद्वारा नै अनुसन्धान गरेर प्राप्त गरेको ज्ञानलाई व्यवहारमा नैतिक रुपमा समाजमा लागु गरेर वैज्ञानिक रुपमा प्रमाणित गरेर अध्यात्मको चरम अवस्था ब्राह्मण वर्णलाई जसले धारण गर्नको लागि सक्छन् त्यसैले नै धर्मको सत्यतालाई बुझेको हुन्छ ।

(समयको कलमः- सबै ज्ञान तथा अन्य शास्त्रको सार यही हो कि प्रकृतिको विषयबाट नै दुःख उत्पन्न हुन्छ र परमात्मासँग योग हुनाले सुख उत्पन्न हुन्छ जतिपनि प्रकृति विषयको धेरै भोग हुनेछ त्यति नै धेरै बन्धन बढ्ने छ र त्यस बन्धनको कारण मनुष्यको दुःखपनि बढ्दै जानेछ र जति विषयबाट पृथक रहेर ईश्वरको भक्ति तथा उपासनामा लागेको हुनेछ मनुष्यलाई त्यति नै अन्तर्मनबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुःख पतन हुनेछ दुःख पतन हुँदै गएमा स्वतः अन्तर्मनमा शान्तिको लाभ प्राप्त हुनेछ)

नैःश्रेयसं इदं कर्म यथोदितं अशेषतः ।
मानवस्यास्य शास्त्रस्य रहस्यं उपदिश्यते ॥ १२/१०७ ॥

अर्थात्:- अहिलेसम्म ज्ञान, कर्म, भक्ति, उपासना, विज्ञान, गुण, कर्म, स्वभाव, र क्षमताको बारेमा र मनुष्यको जन्मको उद्देश्यको ज्ञानको विधान हुँदै आश्रम, राजधर्म, वर्णको विधान, लगायतका विविध ज्ञानसँग मुक्तिहुने र मोक्षप्राप्त गर्नको लागि वर्णाश्रमको प्रत्येक धर्मको विधानको बारेमा भनियो यी सबै कर्मको विधान हुन् अब यसको उपरान्त यी सम्पूर्ण विधानको भित्रको ज्ञानको रहस्यको बारेमा सुन्नुहोस् ।

अनाम्नातेषु धर्मेषु कथं स्यादिति चेद्भवेत् ।
यं शिष्टा ब्राह्मणा ब्रूयुः स धर्मः स्यादशङ्कितः ॥ १२/१०८ ॥

अर्थात्:- जो धर्मयुक्त व्यवहार मनुविधानको स्मृति ग्रन्थमा स्पष्ट तरिकाले भनिएको छैन त्यस्तो सङ्कटको अवस्था सृजना भयो जुन सङ्कटको बारेमा मनुविधानको स्मृति ग्रन्थमा भनिएको छैन भने त्यो अवस्थामा के गर्ने ? यदि यस्तो अवस्था आएमा मनुविधानमा भनिएको विधानमा शङ्का उत्पन्न भएमा यस्तो अवस्थामा वस्तु स्थितिभन्दा स्थूल अवस्था फरक भएर सङ्कट उत्पन्न भएमा वेदको ज्ञाता गुणमा ब्राह्मण, कर्ममा ब्राह्मण स्वभावमा ब्राह्मण र क्षमतामा ब्राह्मणवर्णको व्यवहार धर्ममा ज्ञानी उच्च, शिष्ट, आप्त विद्वान् वेदज्ञानी ब्राह्मणसँग सुझाव सल्लाह लिएर त्यहाँ उत्पन्न भएको शङ्कालाई पूर्ण रुपले समाधान गर्नु पर्छ यही नै आफ्नो कर्तव्य आफ्नो धर्म हो भनेर बुझ्नुपर्छ ।

(समयको कलमः- यदि कुनै अवस्थामा धर्मको व्यवस्थाको नियममा सही निर्णय दिनको लागि धर्मसङ्कट उत्पन्न भएको खण्डमा वेदज्ञानी विद्वान् ब्राह्मणको सहयोग र सल्लाह लिनुपर्छ भनेर महर्षि मनुमहाराजले भन्नु भएको छ । कुनै पनि कर्मसङ्कट होस्, धर्मसङ्कट होस् या वर्णसङ्कट होस् या प्रकृतिसङ्कट होस् जुनसुकै समस्या र सङ्कट भए पनि सङ्कट समाधानको लागि वेदज्ञानीलाई नै सोध्नुपर्ने भनाई महर्षि मनुमहाराजको हो तर यहाँ भनिएको ब्राह्मण जन्मको ब्राह्मण हैन कर्मको ब्राह्मण हो । त्यस्तो गुण, कर्म, स्वभाव र क्षमताको ब्राह्मण वर्णको विद्वान् ब्राह्मणसँग ज्ञानलाई ग्रहण गरेर निर्णय गर्नुपर्छ भन्नु भएको हो कुनै पनि सङ्कट उत्पन्न भएमा गुण, कर्म, स्वभाव र क्षमाताको ब्राह्मणसँग नै कुनै पनि सङ्कट समाधान गर्ने ज्ञान भएको हुन्छ भनेर नै महर्षि मनुमहाराजले भन्नुभएको छ, ब्राह्मण नामको हैन गुण, कर्म, स्वभाव र क्षमताको उत्पत्ति अर्थात् जन्मको हैन कर्मको ब्राह्मण हो यही महर्षि मनु महाराजको भनाई हो)

धर्मेणाधिगतो यैस्तु वेदः सपरिबृंहणः ।
ते शिष्टा ब्राह्मणा ज्ञेयाः श्रुतिप्रत्यक्षहेतवः ॥ १२/१०९ ॥

अर्थात्:- तर यो ज्ञानलाई ध्यान राख्नुपर्छ कि शिष्टब्राह्मण पुरुष अर्थात् ब्राह्मण त्यो हो जसले पूर्णतया ब्रह्मचर्य धर्मलाई पालन गरेर वेदज्ञानलाई साङ्गोपाङ्गसँग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययन गरेको होस् र जो अतिप्रमाण तथा प्रत्यक्षादि प्रमाणद्वारा विधि निषेध गर्ने अवस्थामा कारणको ज्ञान दिन समर्थ होस् । यस्तो ज्ञानी बाहेक अन्य कुनै पनि मनुष्य शिष्टब्राह्मण वा आप्त ज्ञानी हैन ।

(समयको कलमः- शिष्ट ब्राह्मण त्यो हो जसले धर्मको आचरणलाई पूर्ण पालनगर्दै नियमअनुसार वेदको ज्ञानलाई ग्रहण र धारण गरेको हुनुपर्छ त्यस्तो महान् ज्ञानी विद्वान् ब्राह्मणलाई नै शिष्ट ब्राह्मण भनिन्छ यस्तो शिष्ट ब्राह्मणसँग श्रुतिको प्रत्यक्ष प्रमाण र कारणको ज्ञान रहेको हुन्छ)

दशावरा वा परिषद्यं धर्म परिकल्पयेत् ।
त्र्यवरा वापि वृत्तस्था तं धर्म न विचालयेत् ॥ १२/११० ॥

अर्थात्:- राज्यको कुनै अवस्थामा कुनै पनि सभमा धर्म सङ्कट, कर्मसङ्कट र वर्ण सङ्कट उत्पन्न नहोस् भनेर राज्यको सम्पूर्ण अङ्गमा दश किसिमको ज्ञानलाई धारण गरेको न्यूनतम १० शिष्टविद्वान् ब्राह्मणलाई सहयोग र सल्लाहको लागि राज्यको प्रत्येक सभामा नियुक्त गर्नुपर्छ, अथवा १० शिष्टविद्वान् ब्राह्मण उपलब्ध नभएको खण्डमा न्यूनतम तीन सदाचार सम्पन्न शिष्ट विद्वान् ब्राह्मणको नियुक्त गरेर राज्यको सभाको निर्माण गर्नुपर्छ जुन शिष्टविद्वान् ब्राह्मणले व्यवहार धर्मको व्यवस्था ज्ञान सधैँ राज्यलाई प्राप्त होस्, यदि कुनै पनि राज्यको सभामा १० शिष्टविद्वान् ब्राह्मण भएको खण्डमा त्यस राज्यले राजधर्म, ज्ञान र विज्ञानको उत्कृष्ट अवस्थालाई प्राप्त गरेको हुन्छ र त्यस्तो राज्यको प्रजा आफ्नो धर्ममार्गबाट कहिल्यै पनि विचलित हुँदैन ।

(समयको कलमः- गृहस्थ, राजकार्यको सफलता सिद्धको लागि दश किसिमको ज्ञाता अर्थात् विद्वान् अर्थात् ऋग्वेद, यजुर्वेद, सामवेदको ज्ञाता, हैतुक अर्थात् नैयायिक, तर्ककर्ता, नैरुक्त अर्थात् निरुक्तशास्त्रज्ञ, धर्माध्यापक, ब्रह्मचारी, स्नातक र वानप्रस्थ विद्वान् यी ज्ञान धारण धारण गरेको दश शिष्ट विद्वान् ब्राह्मणलाई अतिन्यूनता अवस्थामा नियुक्त गर्नुपर्छ । तीन वेदवित् (ऋग्वेद, यजुर्वेद र सामवेदज्ञ) विद्वान्को सभामा कर्त्तव्यकर्म, धर्म र अधर्म बारेमा जुन निर्णय निश्चय गरिएको हुन्छ, त्यही आचरण नै सबैले धारण गर्नुपर्छ ।

त्रैविद्यो हेतुकस्तर्की नैरुक्तो धर्मपाठकः ।
त्रयश्चाश्रमिणः पूर्वे परिषत्स्याद्दशावरा ॥ १२/१११ ॥

अर्थात्:- राज्यको 'धर्मसङ्कटको धर्मसभामा तीन वेदको ज्ञाता, न्यायशास्त्रको ज्ञाता, निरुक्त धर्मशास्त्र आदिको वेत्ता विद्वान् सभासद् हुनुपर्छ, परन्तु ब्रह्मचारी, गृहस्थ र वानप्रस्थ वर्णलाई धारण गरेको हुनुपर्छ धर्मसङ्कट सभामा न्यूनतम दश विद्वान् हुनुपर्छ ।

(समयको कलमः- धर्मसङ्कट, कर्मसङ्कट र वर्णसङ्कट सभाको संरचना निर्माण गर्दा विषयवस्तुमा उत्पन्न हुने धर्मसङ्कट, कर्मसङ्कट र वर्णसङ्कटमा उत्पन्न हुने समस्यालाई समाधान गर्नको लागि दश ज्ञानलाई नै आफूमा धारण गरेको दश विद्वान् उपलब्ध नभएमा ती दश प्रकारको ज्ञानलाई आफूमा अलग अलग तरिकाले धारण गरेको विद्वान्लाई यसरी पनि नियुक्त गर्न सकिने छः तीन वेद (ऋग्वेद,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामवेद र यजुर्वेद)को विद्वान् शिष्ट ब्राह्मण, चौथोः हेतुक अर्थात् कारण अकारणको ज्ञाता, पाँचौः तार्किक अर्थात् न्यायशास्त्रको ज्ञाता, छैटोः निरुक्तलाई जानेको, सातौँः धर्मशास्त्रको ज्ञाता, आठौः ब्रह्मचारी, नवौः गृहस्थ र दशौः(वानप्रस्थ यी महात्मालाई राज्यको सञ्चालक सभामा नियुक्त गर्नुपर्छ ।

ऋग्वेदविद्यजुर्विच्च सामवेदविदेव च ।
त्र्यवरा परिषज्ज्ञेया धर्मसंशयनिर्णये ॥ १२/११२ ॥

अर्थात्:- जुन सङ्कटसभामा ऋग्वेद, यजुर्वेद र सामवेदको ज्ञाता गुण, कर्म, स्वभाव र क्षमताअनुसार नै ब्राह्मण वर्णलाई धारण गरेको शिष्टब्राह्मण तीन सभासद् रहने गरेर नै सङ्कट समाधानको लागि व्यवस्था गर्नुपर्छ, त्यस सङ्कट सभामा गरिएको व्यवस्थालाई कसले पनि उल्लंघन गर्नुहुँदैन ।

(समयको कलमः- धर्मसङ्कट, कर्मसङ्कट र वर्णसङ्कट सभाको संरचना निर्माण गर्दा विषयवस्तुगत निर्णय गर्दा ऋग्वेदज्ञ, यजुर्वेदज्ञ, र सामवेदज्ञको ज्ञाता शिष्टब्राह्मणले गरेको सङ्कट समाधानलाई सम्पूर्ण विद्वान्ले आफ्नो व्यावहार, तर्कज्ञान र विज्ञानअनुसार सत्य छ या छैन भनेर बुझ्नुपर्छ किनकि वेदज्ञाताले नै सबै सङ्कटको समाधान सरल तरिकाले बताउन सक्छन्, वेदज्ञानी शिष्टब्राह्मणद्वारा भनिएको सङ्कट समाधान व्यवहार-धर्ममा उत्तम छ छैन अन्यले विश्लेषण गरेर कुनै संशय उत्पन्न भएमा तार्किकद्वारा अवस्थालाई बुझाउने कोसिस गर्नुपर्छ र निर्णय सही भएमा सङ्कट समाधानको लागि सहमति दिनुपर्छ)

एकोऽपि वेदविद्धर्म यं व्यवस्येद्द्विजोत्तमः ।
स विज्ञेयः परो धर्मो नाज्ञानां उदितोऽयुतैः ॥ १२/११३ ॥

अर्थात्:- यदि सङ्कट सभाको लागि यस्तो तीन शिष्ट ब्राह्मण समुगमतया उपलब्ध नभएको खण्डमा, द्विजमा उत्तम चतुर्थाश्रमसेवी वेदवित् संन्यासी एक्लैले पनि जुन व्यवहार धर्मको निर्णय गरेको हुन्छ त्यस निर्णयलाई परम धर्म बुझेर कार्य गर्नुपर्छ । तर यदि दोस्रो अवस्थामा सहस्र अशिष्ट मूर्ख कुनै सङ्कटको समाधानको विषयमा भनेको खण्डमा यो निर्णय गर्नु यदि सभामा मतभेद भएमा वहुपक्षको निर्णयअनुसार समाधान खोज्नु र यदि समपक्षमा भएमा उत्तम ज्ञानलाई बुझेर स्वीकार गर्नु, दुवै पक्षमा बराबर र उत्तम ज्ञानी भएमा त्यहाँ संन्यासिको सम्मति लिनुपर्छ । जहा पक्षपातरहित, सर्वहितैषी सन्यासिको सम्मति त्यसलाई नै उत्तम सङ्कटको समाधान हो भनेर बुझ्नुपर्छ ।

(समयको कलमः- वेदज्ञानी विद्वान् एक ब्राह्मण मात्र भए पनि उसले वेदको ज्ञानअनुसार जुन तरिका बताउँछ त्यसलाई परमधर्म हो भनेर बुझ्नुपर्छ मूर्ख दसहजार नै किन नहोस् एक वेदज्ञानी विद्वान्को भनाई नै सत्य हो भनेर जान्नुपर्छ)

अव्रतानां अमन्त्राणां जातिमात्रोपजीविनाम् ।
सहस्रशः समेतानां परिषत्त्वं न विद्यते ॥ १२/११४ ॥

अर्थात्:- अव्रत अर्थात् उत्तरदायित्व रहित, अमन्त्र अर्थात् अविद्वान् र वर्णमा पनि अभिमान गर्ने व्यक्तिले सम्पन्न भएको बैठकलाई सभा भनिदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(समयको कलमः- ब्रह्मचर्य, असत्य वचन बोल्ने, व्रत वेदविद्या वा विचार रहित कर्मच्यूत, संस्कारच्यूत र वर्णच्यूत भएको हजारौ मनुष्यले भएको समूह भए पनि त्यस समूहले सभा भनिँदैन त्यस्तो समुहलाई झुण्ड, पन्थ भनिन्छ सभा भनिँदैन)

यं वदन्ति तमोभूता मूर्खा धर्म अतद्विदः ।
तत्पापं शतधा भूत्वा तद्वक्तकककननुगच्छति ॥ १२/११५ ॥

अर्थात्:- वेदज्ञानलाई नजानेको, अविद्यायुक्त मूर्ख व्यक्तिले भनेको काल्पनिक तरिकाले धर्मको व्याख्या गरेमा त्यसको भनाईलाई कहिल्यै पनि स्वीकार गर्नुहुँदैन किनकि यस्तो अज्ञानीले मनोमानी धर्मको व्याख्या गरेर मनुष्यलाई मूर्ख बनाउँछ र मनुष्य मूर्ख बनेर आफ्नो धर्मको विधान नै भुलेका हुन्छन्, किनकि यस्तो मूर्ख मनुष्य आफ्नो पाप लाई लुकाउनको लागि धर्मको व्याख्या गर्दै हिँड्ने गरेका हुन्छन् ।

एतद्वोऽभिहितं सर्व निःश्रेयसकरं परम् ।
अस्मादप्रच्युतो विप्रः प्राप्नोति परमां गतिम् ॥ १२/११६ ॥

अर्थात्:- यहाँसम्म मोक्ष दिने सर्वोत्तम कर्मको विधानको बारेमा हजुरहरूलाई पूर्ण सुनाए विद्वान् द्विजहरूले यो विधानलाई नछोडी यही नियमलाई पूर्णपालन गरेको खण्डमा उत्तम गतीलाई अर्थात् मुक्तिलाई प्राप्त गरेको हुन्छ ।

(समयको कलमः- यहाँसम्म (१२/८३(११५) हजुरहरूलाई मुक्तिको सर्वोत्तम ज्ञानको विधान सहित साधनको बारेमा भयो । आफ्नो गुण, कर्म, स्वभाव र क्षमताअनुसार आफ्नो वर्णलाई धारण गरेको र आफ्नो वर्णको कर्मको वर्णच्यूत र कर्मच्यूत नभएर आफ्नो धर्मलाई धारण गरेको कर्मसन्यासीले परमगति मोक्षलाई प्राप्त गरेको हुन्छ)

एवं स भगवान्देवो लोकानां हितकाम्यया ।
धर्मस्य परमं गुह्यं ममेदं सर्व उक्तवान् ॥ १२/११७ ॥

अर्थात्:- यस प्रकारले महर्षि विद्वान् राजा मनु महाराजले संसारको उपकारको लागि ज्ञान, कर्म, भक्ति तथा उपासना र मोक्षको सबै वर्णको धर्मको गुप्त रहस्यलाई म (भृगु) सँग कयौँ ऋषिलाई वर्णन सहित सुनाउनु भएको थियो जो मैले महर्षि मनु महाराजसँग सुनको थिए मैले तिमी (म समय) लाई हुवहु वर्णन गरेको छु ।

सर्व आत्मनि संपश्येत्सच्चासच्च समाहितः ।
सर्व ह्यात्मनि संपश्यन्नाधर्मे कुरुते मनः ॥ १२/११८ ॥

अर्थात्:- मुक्त तथा प्रबुद्ध मनुष्य अर्थात् मुमुक्षु मनुष्यले सधैँ समाहित चित्त भएर (असत्) कारण र (सत्) कार्यरुप सबै जगत्मा परमात्मालाई आधारमा नै देखेको हुन्छ । किनकि समस्त भूत (सृष्टिको अवयव)को व्यवस्था आधारमा नै परमात्मालाई देखेको योगीले सर्वज्ञ, सर्वव्यापक र सर्वत्र नै विद्यमान भएको परमात्मालाई जानेर मनमा कुनै पनि अधर्मलाई उत्पन्न हुन नै दिदैन ।

(समयको कलमः- जो मुक्त मनुष्य हुन्छ त्यस्तो मनुष्य असत्कारण र सत्कार्यरुप जगत्को आत्मा अर्थात् सर्वव्यापक परमात्मालाई देखेको हुन्छ, यस्तो ज्ञानलाई जानेको ज्ञानी मनुष्यले आफ्नो मनलाई अधर्मयुक्त कार्य आचरणको मार्गमा प्रवेश गर्न नै दिदैन, किनकि ज्ञानी योगीले परमेश्वरलाई सर्वज्ञ र सर्वव्यापक भनेर जानेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ ।

आत्मैव देवताः सर्वाः सर्व आत्मन्यवस्थितम् ।
आत्मा हि जनयत्येषां कर्मयोगं शरीरिणाम् ॥ १२/११९ ॥

अर्थात्:- परमात्मा नै सबै देवको आधार हो सबै चीज परमात्मामा नै स्थित छ, परमात्माले नै सबै प्राणीको कर्मको कर्मफलको विधानलाई निर्माण गरेर कर्मको कर्मफल त्यही विधानअनुसार प्रदान गर्नुहुन्छ ।

(समयको कलमः- सृष्टि संरचना, सृष्टि सञ्चालन, संसार, शरीर र व्यवहारको सम्पूर्ण वस्तुको संरचना, वस्तुको उत्पादक, वस्तुको निर्माता, वस्तुको व्यवस्थापन सबै कार्य परमात्माले नै गर्नुभएको हो परमात्माले नै ताप अर्थात् अग्नि र सृष्टिको सम्पूर्ण अवयव आदि देवताको निर्माता पनि परमात्मा नै हो त्यही निर्माता, संरक्षक र सञ्चालक परमात्मामा आफ्नो चेतनासत्तामा सम्पूर्ण जगत्मा सृष्टिको अवयवमा अवस्थित हुनुहुन्छ । एवं, त्यही चेतन परमात्मानै सम्पूर्ण देहधारी जीवात्माको कर्मफलको विधानको निर्माता र सम्पूर्ण कर्मफलको ज्ञाता पनि हुनुहुन्छ ।

खं संनिवेशयेत्खेषु चेष्टनस्पर्शनेऽनिलम् ।
पक्तिदृष्ट्योः परं तेजः स्नेहेऽपो गां च मूर्तिषु ॥ १२/१२० ॥

अर्थात्:- मनको अभ्यन्तर आकाशलाई महाआकाशमा, आफ्नो बृत्तिलाई स्पर्शमा, पेट र आँखाको अग्निलाई ध्यानको तेजमा, जलको अवस्थालाई स्थिर र शरीरलाई भूमिमा स्थिर गर्नुपर्छ ।

(समयको कलमः- आभ्यन्तर सृष्टिको सम्पूर्ण पञ्चतत्वको विधानको सम्पूर्ण नियम मनुष्यको शरीरमा नै विद्यमान रहेको हुन्छ अभ्यान्तर आकाशको जो तत्व रहेको हुन्छ त्यो तत्व मनुष्य भित्रपनि स्थित रहेको हुन्छ र बाहिर पनि स्थित रहेको हुन्छ बाह्म आकाशको र छालाको स्पर्शको शक्तिमा प्राणवायुको अवस्थामा, अभ्यन्तर तेज वा प्रकाशमा बाह्मतेज प्रकाशको शक्ति शरीरको तापमा, अभ्यन्तर जलमा बाह्म जलको शक्ति शरीरको रगत आदिमा, शरीरमा पृथ्वी सम्बन्धी भागको मांस हाड़ आदि रहेको हुन्छ त्यसैले मनुष्य शरीरलाई ब्रह्मपुर भनिन्छ यही ब्रह्मपुरलाई बाह्मप्रतिको लीन गरेर अर्थात् समाधि गरेर आफूमा विद्यमान रहेको सृष्टि संरचनाको सम्पूर्ण विधानको संसारलाई आफू भित्र नै आफैले नै विद्यमान भएको देखिनेछ ।

मनसीन्दुं दिशः श्रोत्रे क्रान्ते विष्णुं बले हरम् ।
वाच्यग्निं मित्रं उत्सर्गे प्रजने च प्रजापतिम् ॥ १२/१२१ ॥

अर्थात्:- चन्द्रमाको शीतलतालाई मनमा राखेर, दश दिशाको शक्तिलाई कानमा राखेर, विष्णुको शक्ति अर्थात् मनको गति भृकुटीमा राखेर, शरीरको बललाई तटस्थ राखेर, बाणीलाई शरीरको अग्निमा राखेर, मित्र शक्तिलाई मूलाधारमा राखेर, ब्रह्मचर्यको प्रजापति शक्तिलाई शिश्नमा केन्द्रीय गरेर आफ्नो ब्रह्मपुरमा आफूलाई विद्यमान भएको अनुभूति प्राप्त गर्न सकिनेछ ।

प्रशासितारं सर्वेषां अणीयांसं अणोरपि ।
रुक्माभं स्वप्नधीगम्यं विद्यात्तं पुरुषं परम् ॥ १२/१२२ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:- सबै ज्ञानको ज्ञाता सबै ज्ञानको प्रदायक, सूक्ष्म भन्दापनि सूक्ष्म सूक्ष्मतीत, स्वप्रकाश स्वरुप, समाधिस्थ बुद्धिले मात्र बुझ्न र अनुभूति गर्नमात्र योग्य रहेको शक्तिको केन्द्रलाई जो सबैभन्दा उत्तम र अद्वैत भएको परमपुरुष हो भन्ने जान्न सकिन्छ ।

(समयको कलमः- सबै ज्ञान र सबै ज्ञानीको गुरुको पनि गुरु, शिक्षकको पनि शिक्षक वस्तु, तत्व, अणु, परमाणु, सूक्ष्म, लिङ्ग, सूक्ष्मतित, अकथनीय, शब्दातीत र अक्षरातित चेतनाको मालिक चेतन अवस्था प्रकाश स्वरुप जो केवल अनुभूतिद्वारा नै जान्न योग्य हो त्यही ज्ञानको मालिकलाई नै परम्पुरुष भनेर बुझ्नु पर्छ । त्यही परम्पुरुष परमात्मालाई कोही 'अग्नि', कोही उसलाई 'प्रजापति' कोही त्यही परमात्मालाई 'मनु' कोही परमात्मालाई 'इन्द्र', कोही परमात्मालाई 'प्राण', अन्य कयौँले परमात्मालाई 'शाश्वत' र त्यही परमात्मालाई 'ब्रह्म' भनेर पुकार गरेका हुन्छन्)

एतं एके वदन्त्यग्निं मनुं अन्ये प्रजापतिम् ।
इन्द्रं एके परे प्राणं अपरे ब्रह्म शाश्वतम् ॥ १२/१२३ ॥

अर्थात्:- त्यही परम्पुरुष परमात्मालाई ज्ञानी तथा विद्वान् पण्डितजनले अनेक नामले पुकार गरेका हुन्छन् यी सबै नाम केवल कार्यको गुणवाचक नाम हुन् कसैले मनु, कसैले अग्नि, कसैले प्रजापति, कसैले विष्णु, कसैले शङ्कर, कसैले इन्द्र, कसैले प्राण, कसैले अविनाशी ब्रह्म भनेर नै पुकार गरेका हुन्छन् अर्थात् अद्वैत ईश्वरलाई ज्ञानीजनले अनेक नामले पुकार गरेका हुन्छन् ।

(समयको कलमः- ईश्वरको आफ्नो तेज प्रकाश अर्थात् 'स्वप्रकाश हुनाले अग्नि', विज्ञानस्वरुप हुनाले 'मनु', सबै प्राणीको पालन पोषण गर्ने हुनाले विष्णु र परमैश्वर्यवान हुनाले इन्द्र, सबै जीवात्माको जीवनभूत अर्थात् सृष्टिको अवयव हुनाले प्राण र निरन्तर सर्वव्यापक हुनाले परमेश्वरको नाम ब्रह्म हो)

एष सर्वाणि भूतानि पञ्चभिर्व्याप्य मूर्तिभिः ।
जन्मवृद्धिक्षयैर्नित्यं संसारयति चक्रवत् ॥ १२/१२४ ॥

अर्थात्:- सृष्टिको संरचना, सृष्टिको सञ्चालन, सृष्टिलाई लय र सृष्टिलाई निर्माण गरेर पञ्चमहाभूतद्वारा नै सम्पूर्ण प्राणीलाई ब्रह्मविधान गरेर चेतनासत्ता युक्त गरेर अर्थात् जीवात्माको संरचना, उत्पत्ति, वृद्धि र विनाश र निर्माण गरेर सबैलाई आफ्नो चक्र आफ्नो धुरीमा गतिमान गरेर सृष्टिको चक्रलाई सधैँ क्रियाशील गरेर नै परमपिताले अखिल ब्रह्माण्डको सञ्चालन गर्नुहुन्छ ।

एवं यः सर्वभूतेषु पश्यत्यात्मानं आत्मना ।
स सर्वसमतां एत्य ब्रह्माभ्येति परं पदम् ॥ १२/१२५ ॥

अर्थात्:- जुन मनुष्य ब्रह्मज्ञानी ब्राह्मण हो त्यो नै महात्मा हो त्यही नै योगी हो योगीले समस्त प्राणीमा परमात्मालाई देखेको हुन्छ, त्यस्तो योगीले आफ्नो आत्माको साथमा सबै प्राणीको क्षमतालाई देखेको हुन्छ, अर्थात् ब्रह्मज्ञानी ब्राह्मणले सम्पूर्ण प्राणीमा परमात्मालाई देखेको हुन्छ परमात्मामा आफूलाई देखेको हुन्छ आफूमा पनि परमात्मालाई देखेको हुन्छ र सबै प्राणीमा नै आफूमा समान जीवात्मा भित्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वरको अंश आत्मा रहेको देखेको हुन्छ यस्तो सृष्टिको चक्रको विधानलाई बुझेर कर्म गर्ने मनुष्यलाई योगी ब्रह्मज्ञानी ब्राह्मण भनिन्छ यस्तो ज्ञानीले नै परमपदलाई प्राप्त गरेको हुन्छ)

(समयको कलमः- जो मनुष्यले यस प्रकारले सबै प्राणीमा आत्माको व्यापकतालाई देखेर सबैको आत्मालाई आफ्नो आत्मा जस्तै बुझेको हुन्छ त्यस्तो योगीले समदर्शी भएर ब्रह्मानन्दको अवस्थालाई प्राप्त गरेको हुन्छ)

इत्येतन्मानवं शास्त्रं भृगुप्रोक्तं पठन्द्विजः ।
भवत्याचारवान्नित्यं यथेष्टां प्राप्नुयाद्गतिम् ॥ १२/१२६ ॥

अर्थात्:- सृष्टिको ज्ञान जुन ज्ञान हो वेदज्ञानले निर्देशन गरेको छ त्यही ज्ञानको विधानअनुसार नै कर्म गर्ने कुनै पनि वर्णको मनुष्यले आफूले गरेको कर्मको अनुसार अभिलाषा गरेको सम्पूर्ण कर्मको कर्मफललाई प्राप्त गरेको हुन्छ ।

(समयको कलमः- सृष्टिको विधान सहित मनुष्यको आफ्नो गुण, कर्म, स्वभाव र क्षमताअनुसारको वर्णको ज्ञान, आफ्नो वर्णको कर्मको ज्ञान र मनुष्यको धर्मको ज्ञान अनुसारको ज्ञान, कर्म, भक्ति तथा उपासनाको ज्ञान र मोक्षको बारेको ज्ञान महर्षि मनुमहाराजले ऋषि भृगुलाई दिनु भएको हो ऋषि भृगुले जस्तो महर्षि मनुमहाराजको मुखबाट सुन्नुभयो मलाई अर्थात् 'समय'लाई हुवहु भन्नुभयो मैले त्यही ज्ञानलाई हजुरको अघि लिएर आएको हुँ किनकि म समय हुँ । मेरो अर्थात् मभन्दा पूर्व अवस्थाको बारेको ज्ञान कसैलाई पनि छैन म पछि भने वेदज्ञान प्रकाशित भयो वेदपछि पहिलो मानव निर्मित मनुष्यको विधान जो पूर्ण धर्मको नियममा रहेर गुण, कर्म, स्वभाव र क्षमता अनुसार कर्म गर्ने वर्णलाई धारण गर्ने नियमलाई महर्षि मनुमहाराजले निर्माण गर्नु भएको हो त्यही विधानको नियमको ज्ञानलाई महर्षि मनुमहाराजले भृगुऋषि लगायत अन्य ऋषिलाई प्रत्यक्ष सुनाउनु भयो ।

ॐ तत्सदिति महर्षि मनुमहाराजस्य कृत मनुस्मृति विधानां विद्यायां नियमशास्त्रे भृगु-समय संवादे मनुस्मृति अन्तर्गते मनुष्य कर्म कर्मफलानां विषयं विधानेन एवं निःश्रेयस कर्मस्य फलं विधि एवं विविध ज्ञानं द्वादशोऽध्यायः

अर्थात्:- महर्षि मनुमहाराजद्वारा निर्देशित मनुस्मृतिको नियम र विधान अन्तर्गतको भृगु र समय बीचमा भएको र संवादमा रुपमा रहेको मनुस्मृतिको मनुविधानअनुसार मनुष्यको कर्म अन्तर्गतको कर्म कर्मफल र निःश्रेयस कर्मको बारेमा भनिएको र विभिन्न विधानको ज्ञानमा रहेको बाह्रौं अध्याय समाप्त भयो ।

-समाप्त-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मना जायते शूद्रः कर्मणा द्विज उच्यते।
वेदपाठात् भवेत् विप्रो ब्रह्मज्ञानाच्च ब्राह्मणः ॥

अर्थात्: जन्मँदा सबै मानिसहरु शूद्रको रुपमा जन्मन्छन्, असल कर्म गरे द्विज बन्दछन्। वेदपाठ गर्ने र वेदका वचनअनुसार कार्य गरे विप्र हुन्छ। ब्रह्म चिन्तन गऱ्यो भने मात्र ब्राह्मण बन्दछ। (तामसी खानाको चिन्तन गर्ने अनि नामको पछाडी ब्राह्मण थरको उपाधि जोड्दैमा ब्राह्मण बन्ने भए त पशुको नामको पछाडि पनि ब्राह्मण थर जोड्न कुनै आपत्ति छैन। त्यसैले यो वर्ण पनि पुतलीको जीवनचक्र जस्तै हो। जति जति ज्ञान, विद्या र संस्कारले परिपाक बन्दै जान्छ त्यति नै उसको वर्ण उपल्लो स्तरको हुन्छ।)

जातो व्यासस्तु कैवर्त्यां श्वपाक्यां तु पराशरः
वेश्याया गर्भसंभूतो वशिष्ठस्तु महामुनिः ॥

अर्थात्: माझीकी छोरीबाट जन्म लिनुभएका वेदव्यास सबैका पुज्य हुनुभयो, चण्डालपुत्रका रुपमा जन्म लिनुभएका पराशर, ऋषिहरुमा पूज्य हुनुभयो, वेश्याको कोखबाट जन्म लिनुभएका वशिष्ठ, ब्रह्मऋषि बन्नुभयो। त्यसैले जन्म र जन्मको वर्णले कसैलाई पनि असर पर्दैन।

नाभागारिष्टपुत्रौ द्वौ वैश्यौ ब्राह्मणतां गतौः ॥
अर्थात्: नाभागारिष्टका दुई पुत्र वैश्य वर्णबाट ब्राह्मण हुनुभयो।

मूल्य रु. १०००।

मनुस्मृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal